# प्रथम पञ्चवर्षीय योजना

## (आर्थिक वर्ष २०७६/७७–२०८०/८१)





प्रदेश सरकार

**प्रदेश नीति तथा योजना आयोग**

गण्डकी प्रदेश, पोखरा, नेपाल

वैशाख, २०७७

# प्रथम पञ्चवर्षीय योजना

## (आर्थिक वर्ष २०७६/७७–२०८०/८१)




प्रदेश सरकार

## प्रदेश नीति तथा योजना आयोग

गण्डकी प्रदेश, पोखरा, नेपाल

वैशाख, २०७७

**प्रकाशक**

प्रदेश सरकार

**प्रदेश नीति तथा योजना आयोग**

गण्डकी प्रदेश, पोखरा, नेपाल

**फोन:** ०६१-५६४८४१

**ईमेल** : pppcgandaki@gmail.com, info@ppc.gandaki.gov.np

**वेबसाईट** : ppc.gandaki.gov.np

**© प्रतिलिपि अधिकार**

**प्रदेश नीति तथा योजना आयोग**

गण्डकी प्रदेश, पोखरा, नेपाल

**प्रकाशन प्रति:** ६००

**प्रकाशन वर्ष:** वि.सं. २०७७, वैशाख

**लेआउट:** सोनाम थापा

**मुद्रण:** **पश्चिमाञ्चल अफसेट प्रेस**
**न्यूरोड, पोखरा, फोन: ०६१–५२०१०७**

# प्रदेश नीति तथा योजना आयोग

| | |
|---|---|
| माननीय मुख्यमन्त्री पृथ्वी सुब्बा गुरुङ | अध्यक्ष |
| माननीय डा. गिरिधारी शर्मा पौडेल | उपाध्यक्ष |
| श्री हरि प्रसाद बस्याल | प्रदेश सरकार प्रमुख सचिव एवम् पदेन सदस्य |
| माननीय डा.ई. बिष्णुराज बराल | सदस्य |
| माननीय डा. भीमा ढुंगाना | सदस्य |
| श्री रामेश्वर दङ्गाल | आर्थिक मामिला तथा योजना मन्त्रालय सचिव एवम् पदेन सदस्य |
| श्री मोहन बहादुर थापा | प्रदेश नीति तथा योजना आयोग उप-सचिव |

फोनः ०६१–४६७६४८, ४६७६६४
४६७६८३, ४६७८५१

प्रदेश सरकार
# मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय
गण्डकी प्रदेश
पोखरा, नेपाल

## मन्तव्य



गण्डकी प्रदेश सरकारले प्रथम पञ्चवर्षीय योजना (२०७६/७७–२०८०/८१) संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधानको मर्म र भावना, नेपाल सरकारले तय गरेका दीर्घकालीन लक्ष्य "**समृद्ध नेपाल, सुखी नेपाली**" विक्रम सम्वत् २१०० का सूचकसहितको पन्ध्रौं पञ्चवर्षीय योजना, अन्तर्राष्ट्रिय स्तरमा नेपालले जनाएका प्रतिबद्धता, दिगो विकास लक्ष्य, नेपाल पक्ष भएका अन्य अन्तर्राष्ट्रिय सन्धि सम्झौता, नागरिकका विकास चाहना, निर्वाचित जनप्रतिनिधि, विज्ञ तथा विभिन्न सरोकारवालाले दिएका सुझाव र प्रदेश सरकारले सुरुआती वर्षमा घोषणा गरेका रुपान्तरणकारी नीति तथा कार्यक्रमलाई आधार मानेर तयार गरेको छ। यस योजनामा गण्डकी प्रदेशको समग्र विकासको लागि अल्पकालीन, मध्यमकालीन र दीर्घकालीन लक्ष्यसहित समृद्धि र सुखका मुख्य सूचकहरू निर्धारण गरिएका छन्। प्रदेशमा उत्पादन र उत्पादकत्व बृद्धि गरी वार्षिक औसत १० प्रतिशतको आर्थिक बृद्धि हाँसिल गर्ने र विक्रम सम्वत् २१०० सम्ममा विकसित राष्ट्र सरहको उच्च आय भएको **समृद्ध प्रदेश** निर्माण गर्ने लक्ष्यसहित यो योजना तयार गरेका छौं। यस योजनाले आगामी २५ वर्षसम्म प्रदेशको विकास निर्माणमा दिशानिर्देश गर्ने अपेक्षा गरेको छ।

यस योजना अवधिमा समावेशी आर्थिक वृद्धि, गरिबी निवारण, स्थानीय उत्पादनसँग सघन सम्बन्ध भएको पर्यटन क्षेत्रको विस्तार, उर्जाको उत्पादन, प्रयोग र निकासी, कृषिको आधुनिकीकरण, औद्योगिकीकरण, गुणस्तरीय भौतिक पूर्वाधारको निर्माण, प्राविधिक र व्यावसायिक शिक्षाको विस्तार, गुणस्तरीय स्वास्थ्य सेवाको सुदृढीकरण, जलवायु अनुकूलन आर्थिक क्रियाकलाप सञ्चालन र सुशासनको माध्यमबाट सामाजिक न्यायसहितको "**समृद्ध प्रदेश र सुखी प्रदेशबासी**" को लक्ष्य प्राप्त गर्न उपलब्ध स्रोत र साधनको अधिकतम र दक्षतापूर्वक प्रयोग गरिनेछ। दिगो विकास लक्ष्य र दीर्घकालीन सोचसहितको प्रथम पञ्चवर्षीय योजना कार्यान्वयन गर्न प्रदेशलाई नेपाल सरकार, स्थानीय तह, निजी र सहकारी क्षेत्र, नागरिक समाज, विकास साझेदार संस्था र गैरसरकारी संस्थावाट महत्वपूर्ण सहयोग प्राप्त हुने अपेक्षा राख्दछु। अन्तमा, यस प्रथम पञ्चवर्षीय योजना लेखन गर्न नेतृत्वदायी भूमिका निर्वाह गर्ने प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष डा. गिरिधारी शर्मा पौडेल, सदस्यद्वय डा.ई. विष्णुराज वराल र डा. भीमा ढुंगाना, आयोगका कर्मचारीहरू, विशेष सहयोग गर्ने प्राविधिक समितिका सदस्य, मन्त्रालयका सचिव, सम्पूर्ण कर्मचारी र मस्यौदामा पृष्ठपोषण प्रदान गर्ने प्रदेश सरकार मन्त्रिपरिषद्का माननीय सदस्य, प्रतिनिधि सभा र राष्ट्रिय सभाका माननीय सदस्य, प्रदेश सभाका माननीय सदस्य, प्रदेश विकास परिषद्का सदस्य, प्रदेश समन्वय परिषद्का सदस्य, स्थानीय तहका जनप्रतिनिधि, राजनीतिक दलका प्रतिनिधि, विषयविज्ञ, नागरिक समाज, पत्रकार र अन्य सरोकारवाला सबैलाई धन्यवाद दिन चाहन्छु। यस योजनाले प्रक्षेपण गरेका नतिजा प्राप्त गर्न उपयुक्त कार्यक्रमको छनौट र सफल कार्यान्वयनको लागि सबैको सहयोग र सद्भावको अपेक्षा समेत गर्दछु।

..............................................

पृथ्वी सुब्बा गुरुङ
मुख्यमन्त्री, गण्डकी प्रदेश तथा अध्यक्ष,
प्रदेश नीति तथा योजना आयोग
वैशाख, २०७७

E-mail: ocmcm@gandaki.gov.np, ocmcm.gandaki@gmail.com | Websie: ocmcm.gandaki.gov.np

फोन नं.: ०६१-४६४८४१

प्रदेश सरकार
# प्रदेश नीति तथा योजना आयोग
गण्डकी प्रदेश
पोखरा, नेपाल

**प.स.** : ०७६/०७७
**च.न.** :



## प्राक्कथन

समावेशी, सन्तुलित तथा दिगो सामाजिक, आर्थिक र भौतिक विकास गरी सामाजिक न्यायसहितको समृद्धि र सुख हाँसिल गर्न योजनाबद्ध विकास गर्नु आवश्यक हुन्छ । यसका लागि तथ्यगत अध्ययन, अनुसन्धान र विश्लेषण गर्दै विषयगत समस्या, चुनौती र अवसरहरूको पहिचान गर्ने र त्यसका आधारमा विषय केन्द्रित रणनीति, व्यावहारिक कार्यनीति र नतिजामुखी कार्यक्रमसहितको योजना तर्जुमा र कार्यान्वयन आवश्यक पर्दछ । नेपालको शासकीय स्वरुपमा नेपाल सरकार र स्थानीय तह बीच पूर्वाधार निर्माण र आर्थिक विकासमा क्रियाशील गण्डकी प्रदेश सरकारले आफ्नो "समृद्धि र सुखका" लक्ष्य प्राप्त गर्न यो प्रथम पञ्चवर्षीय योजना (आ.व. २०७६/७७-२०८०/८१) तयार गरेको छ । यस योजना तयार गर्दा नेपालको संविधान र कार्य विस्तृतीकरण प्रतिवेदनमा उल्लेख भएका कार्य जिम्मेवारी लगायतका विषय, गण्डकी प्रदेशको प्रारम्भिक दस्तावेज र स्थितिपत्रले देखाएका विषय, प्रदेशको आर्थिक वर्ष २०७५/७६ का नीति तथा कार्यक्रममा उल्लेख भएका विषय, नेपाल सरकार र प्रदेश सरकारका घोषणा, नीति तथा कानून, दिगो विकास लक्ष्य (२०७२-२०८७), नेपाल सरकारले अन्तर्राष्ट्रिय स्तरमा जनाएका प्रतिबद्धता, सन्धि, सम्झौता र नेपाल सरकारको "**समृद्ध नेपाल, सुखी नेपाली**" को दूरदृष्टि विक्रम सम्बत् २१०० का लक्ष्यहरूलाई आधार लिएर तयार गरिएको छ ।

यस योजना जनसहभागितामूलक योजना तर्जुमा पद्धति अपनाई तयार गरिएको छ । यस योजनाको निर्माणमा सहयोग र पृष्ठपोषण गर्ने प्रदेशबाट प्रतिनिधि सभा र राष्ट्रिय सभामा प्रतिनिधित्व गर्ने माननीय सांसद, प्रदेशका माननीय मन्त्री, प्रदेश सभाका माननीय सदस्य, जिल्ला समन्वय समितिका पदाधिकारी, प्रदेश विकास परिषद्का सदस्य, प्रदेश समन्वय परिषद्का सदस्य, नगरपालिकाका प्रमुख र उपप्रमुख, मन्त्रालयका सचिव, गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष, राजनीतिक दलका प्रतिनिधि, विकास साझेदार संस्था, संयुक्त राष्ट्र संघीय विकास कार्यक्रम, विभिन्न क्षेत्रका विज्ञ र सरोकारवाला, शिक्षाविद्, गैरसरकारी संस्था र नागरिक समाजका प्रतिनिधि, ब्यापारी, उद्योगी, पर्यटन व्यवसायी, पत्रकार र जिल्लास्थित सरकारी कार्यालयका प्रमुखलाई आभार व्यक्त गर्दछु । यस योजना लेखन गर्न मसँगै सहकार्य गर्ने प्रदेश नीति तथा योजना आयोगका सदस्यद्वय डा.ई. विष्णुराज बराल र डा. भीमा ढुंगाना र सहयोग गर्ने आयोगका सम्पूर्ण कर्मचारीहरूलाई विशेष धन्यवाद दिन चाहन्छु । त्यसै गरी मन्त्रालयका सचिव र सहयोग गर्ने कर्मचारी सबैलाई धन्यवाद दिन चाहन्छु । यस योजना कार्यान्वयन गर्न नेपाल सरकार, स्थानीय तह, विकास साझेदार संस्था, नागरिक समाज, कर्मचारी, राजनीतिक पार्टी, गैरसरकारी संस्था, पेशागत संघसंस्था आदिबाट पूर्ण सहयोग हुने अपेक्षा गर्दछु ।

..........................................
डा. गिरिधारी शर्मा पौडेल
उपाध्यक्ष, प्रदेश नीति तथा योजना आयोग
बैशाख, २०७७

फोन नं.: ०६१-४६४८४१, इमेल: pppcgandaki@gmail.com, Website: ppc.gandaki.gov.np

**विस्तृत कार्यक्रम र नतिजा खण्डका जिम्मेवारीमा लेखिएका संक्षिप्त शब्दावलीको विस्तृतीकरण**

**संक्षेपिकरणको सूचि**

| संक्षिप्त शब्द | शब्दहरूको विस्तृतिकरण |
|---|---|
| आमायोम | आर्थिक मामिला तथा योजना मन्त्रालय, गण्डकी प्रदेश |
| आमाकाम | आन्तरिक मामिला तथा कानून मन्त्रालय, गण्डकी प्रदेश |
| उपववाम | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, गण्डकी प्रदेश |
| केतवि | केन्द्रीय तथ्याङ्क विभाग |
| कृविरसं | कृषि विकास रणनीति संकेत |
| दिविलसं | दिगो विकास लक्ष्यका संकेत |
| दीरालसं | दीर्घकालीन राष्ट्रिय लक्ष्यका संकेत |
| तासंविप्रा | ताल संरक्षण तथा विकास प्राधिकरण |
| नाउप्रा | नागरिक उड्डयन प्राधिकरण |
| नेविप्रा | नेपाल विद्युत् प्राधिकरण |
| नेस्वाजस | नेपाल स्वास्थ तथा जनसंख्या सर्भेक्षण |
| नेदूप्रा | नेपाल दूरसञ्चार प्राधिकरण |
| प्रनियोआ | प्रदेश नीति तथा योजना आयोग, गण्डकी प्रदेश |
| प्रससंसं | गण्डकी प्रदेश समृद्धिका मुख्य संवाहकको संकेत |
| प्रसस | प्रदेश सभा सचिवालय, गण्डकी प्रदेश |
| प्रप्रप्रके | प्रदेश प्रशासनिक प्रशिक्षण केन्द्र, गण्डकी प्रदेश |
| प्रलेनिका | प्रदेश लेखा नियन्त्रक कार्यालय |
| भूकृसम | भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय |
| भौपूविम | भौतिक पूर्वाधार विकास मन्त्रालय, गण्डकी प्रदेश |
| मुमका | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गण्डकी प्रदेश |
| मुन्याका | मुख्यन्यायाधिवक्ताको कार्यालय, गण्डकी प्रदेश |
| मनपा | महानगरपालिका |
| युखेम | युवा तथा खेलकुद मन्त्रालय |
| राखेप | राष्ट्रिय खेलकुद परिषद् |
| साविम | सामाजिक विकास मन्त्रालय, गण्डकी प्रदेश |
| संकृम | संघीय कृषि तथा पशुपंक्षी विकास मन्त्रालय |
| संभूव्यास | संघीय भूमि व्यवस्था तथा सहकारी मन्त्रालय |
| स्था तह | स्थानीय तह |

# विषय–सूची

**तालिकाहरूको सूची**

**सारांश**

**परिच्छेद १: परिचय** ........ १

१.१ पृष्ठभूमि ........ १

१.२ प्रदेशको परिचय ........ १

१.३ प्रदेशको अर्थतन्त्र ........ २

१.४ सामाजिक, आर्थिक र पूर्वाधार विकासको समीक्षा ........ २

१.५ प्रथम पञ्चवर्षीय योजना निर्माणका आधार ........ ६

१.६ प्रथम पञ्चवर्षीय योजनाका निर्देशक सिद्धान्त ........ ६

१.७ दिगो विकास लक्ष्यसँगको सम्बन्ध ........ ७

१.८ पन्ध्रौं योजनासँगको सम्बन्ध ........ ७

१.९ नेपालको दीर्घकालीन सोचसँगको सम्बन्ध ........ ७

१.१० प्रथम पञ्चवर्षीय योजनाको निर्माणका चरण, प्रक्रिया र विधि ........ ८

१.११ जोखिम पक्ष ........ ९

**परिच्छेद २: समष्टिगत दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य र रणनीति** ........ १०

२.१ पृष्ठभूमि ........ १०

२.२ समस्या र चुनौती ........ १०

२.३ अवसर ........ १२

२.४ प्रदेश समृद्धिका मुख्य सम्बाहकहरू ........ १२

२.५ प्रदेश समृद्धिका पाँच मुख्य सहयोगी क्षेत्रहरू ........ १२

२.६ क्षेत्रीय सन्तुलन र समन्वायिक विकास ........ १३

२.७ दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य र परिमाणात्मक लक्ष्य ........ १५

२.८ परिमाणात्मक लक्ष्य ........ १५

२.९ रणनीति ........ १८

२.१० अपेक्षित उपलब्धि ........ १९

२.११ आर्थिक बृद्धि दर प्रक्षेपण ........ १९

२.१२ सीमान्त पुँजी उत्पादन, अनुपात र लगानी ........ २२

२.१३ स्रोत विनियोजनको प्रक्षेपण ........ २५

२.१४ मध्यकालीन र दीर्घकालीन आर्थिक वृद्धिदर प्रक्षेपण ........ २६

२.१५ प्रतिब्यक्ति आयको प्रक्षेपण ........ २७

**परिच्छेद ३: प्रदेशको आर्थिक नीति** ........ २८

३.१ सार्वजनिक वित्त ........ २८

३.२ राजस्व परिचालन ........ ३५

३.३ अन्तरसरकारी वित्त हस्तान्तरण ........ ३९

३.४ सार्वजनिक, निजी र सहकारी साझेदारी ........ ४४

३.५ वैदेशिक लगानी ........ ४९
३.६ सार्वजनिक ऋण ........ ५४
३.७ बचत तथा लगानी ........ ५८

**परिच्छेद ४: आर्थिक क्षेत्र** ........ ६३
४.१ कृषि ........ ६३
४.२ पशुपंक्षी तथा मत्स्य विकास ........ ८२
४.३ खाद्य सुरक्षा ........ ९६
४.४ भूमि व्यवस्था ........ १०४
४.५ सहकारी क्षेत्र ........ १०९
४.६ वन, भूसंरक्षण र जैविक विविधता ........ ११६
४.७ जडीबुटी विकास ........ १२६
४.८ खनिज सम्पदाको विकास ........ १३१
४.९ पर्यटन ........ १३६
४.१० उद्योग ........ १५०
४.११ वाणिज्य ........ १५८
४.१२ आपूर्ति ........ १६७

**परिच्छेद ५: सामाजिक क्षेत्र** ........ १७०
५.१ शिक्षा ........ १७०
५.२ विज्ञान तथा प्रविधि ........ १८९
५.३ स्वास्थ्य तथा पोषण ........ १९५
५.४ जनसंख्या तथा बसाइँसराइँ ........ २१०
५.५ भाषा, साहित्य, संस्कृति र सम्पदा ........ २१८
५.६ युवा ........ २२४
५.७ खेलकुद ........ २२९
५.८ बालबालिका तथा किशोरकिशोरी ........ २३४
५.९ ज्येष्ठ नागरिक ........ २४४
५.१० अपाङ्गता भएका व्यक्ति ........ २४८
५.११ मानव बेचबिखन तथा ओसारपसार र हिंसा नियन्त्रण ........ २५४
५.१२ लैङ्गिक समानता तथा महिला सशक्तीकरण ........ २६१
५.१३ सामाजिक सुरक्षा तथा संरक्षण ........ २७०
५.१४ सामाजिक संघसंस्था ........ २७६
५.१५ श्रम तथा रोजगार ........ २८३

**परिच्छेद ६: भौतिक पूर्वाधार**........ २९१
६.१ जलविद्युत् उर्जा ........ २९१
६.२ नवीकरणीय ऊर्जा ........ २९९
६.३ सडक, रेल, हवाई र जल यातायात ........ ३०७

६.४ सिंचाइ ........ ३१८
६.५ खानेपानी तथा सरसफाई ........ ३२५
६.६ शहरी विकास ........ ३३४
६.७ ग्रामीण विकास र पूर्वाधार निर्माण ........ ३४४
६.८ आवास, बस्ती विकास र पुनर्निर्माण ........ ३५०
६.९ भवन निर्माण ........ ३५५
६.१० यातायात व्यवस्थापन ........ ३६१
६.११ सूचना तथा सञ्चार प्रविधि पूर्वाधार ........ ३६७

**परिच्छेद ७: सुशासन र लोकतन्त्र ........ ३७७**
७.१ शान्ति सुरक्षा ........ ३७७
७.२ प्रादेशिक एकता ........ ३८४
७.३ मानव अधिकार र सामाजिक न्याय ........ ३८९
७.४ न्याय प्रणालीको सुदृढीकरण ........ ३९४
७.५ संघीय शासन प्रणालीको सुदृढीकरण ........ ३९९
७.६ प्रदेशभित्रको सन्तुलित विकास ........ ४०५
७.७ शासकीय सुधार ........ ४१०
७.८ प्रशासनिक सुशासन ........ ४१६
७.९ वित्तीय सुशासन ........ ४२२
७.१० भ्रष्टाचार निवारण ........ ४२६
७.११ प्रदेश व्यवस्थापिकाको सुदृढीकरण ........ ४३२

**परिच्छेद ८: अन्तरसम्बन्धित विषय ........ ४३७**
८.१ गरिबी निवारण ........ ४३७
८.२ उद्यमशीलताको विकास ........ ४४३
८.३ समानता तथा समावेशिता ........ ४४८
८.४ वातावरण संरक्षण ........ ४५३
८.५ जलवायु परिवर्तन ........ ४६१
८.६ विपद् व्यवस्थापन र जोखिम न्यूनीकरण ........ ४६८
८.७ मानव संसाधनको विकास ........ ४७५

**परिच्छेद ९: तथ्याङ्क प्रणाली, योजना तर्जुमा र कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन ........ ४८१**
९.१ तथ्याङ्क प्रणाली ........ ४८१
९.२ योजना तर्जुमा र कार्यान्वयन ........ ४८७
९.३ योजना कार्यान्वयन गर्न अन्तरसरकार समन्वय ........ ४९३
९.४ अनुगमन तथा मूल्याङ्कन ........ ४९८
९.५ अनुसन्धान तथा विकास ........ ५०३
९.६ आयोजना बैंक ........ ५०८

**परिच्छेद १०: रुपान्तरणकारी आयोजना** ५१३
१०.१ फेवातालको संरक्षण र सौन्दर्यकरण ५१३
१०.२ भिमाद, डेडगाउँ, दुम्किबास, त्रिवेणी सडक ५१५
१०.३ उत्तरगंगा जलशाययुक्त आयोजना ५१७
१०.४ पोखरा महानगरपालिका वडा नं. ३३ पुडिटारमा प्रदेशस्तरको औद्योगिक क्षेत्र स्थापना र सञ्चालन ५१९
१०.५ मुटु, मृगौला तथा क्यान्सरको विशिष्टीकृत अस्पतालको स्थापाना तथा सञ्चाल ५२०

**परिच्छेद ११: गण्डकी प्रदेशमा कोरोना भाईरस रोगको (COVID-19) असर ब्यवस्थापन योजना** ५२२
११.१ परिचय ५२२
११.२ कोरोना भाईरस रोगले प्रभावित गण्डकी प्रदेश समृद्धिका मुख्य संवाहक ५२३
११.३ प्राथमिकता ५२४
११.४ योजनाका लक्ष्य, उद्देश्य र सूचकको पुनरावलोकन ५२६

**अनुसूचीहरू** ५२७
अनुसूची १: आधार-पत्र तर्जुमा गर्ने प्राविधिक समिति ५२७
अनुसूची २: प्रदेश गौरवका आयोजना ५२८
अनुसूची ३: गण्डकी प्रदेशको आर्थिक तथा मानव विकास सूचकहरू ५३०
अनुसूची ४: गण्डकी प्रदेशका विकास विन्दु र केन्द्रहरू ५३१
अनुसूची ५: दुर्गम र सुगमका आधारमा गण्डकी प्रदेशका स्थानीय तहको वर्गीकरण ५३२
अनुसूची ६: गण्डकी प्रदेशका विकास अक्षहरू ५३३
अनुसूची ७: गण्डकी प्रदेशका संरक्षित क्षेत्रहरू ५३४
अनुसूची ८: गण्डकी प्रदेशका औद्योगिक ग्रामहरू ५३५
अनुसूची ९: गण्डकी प्रदेशका नमुना कृषि फर्महरू ५३६
अनुसूची १०: गण्डकी प्रदेशका मुख्यमन्त्री वातावरण मैत्री नमुना कृषि गाउँहरू ५३७
अनुसूची ११: गण्डकी प्रदेशमा रहेका होमस्टेहरूको पालिकागत विवरण ५३८
अनुसूची १२: गण्डकी प्रदेशले पहिचान गरेको मुख्य पर्यटकीय गन्तव्यहरूको विवरण ५३९
अनुसूची १३: गण्डकी प्रदेशका सडक सञ्जाल ५४०
अनुसूची १४: गगण्डकी प्रदेशमा केन्द्रिय प्रसारण लाइन मार्फत् गरिएको विद्युतीकरणको स्थिति ५४१
अनुसूची १५: गण्डकी प्रदेशमा रहेका सबस्टेशन र विद्युत् प्रसारण लाइनको सञ्जाल ५४२
अनुसूची १६: गण्डकी प्रदेशको सिंचित जग्गाको जिल्लागत विवरण हेक्टरमा ५४३
अनुसूची १७: गण्डकी प्रदेशको बाँझो जग्गाको जिल्लागत विवरण हेक्टरमा ५४४
अनुसूची १८: गण्डकी प्रदेशमा निर्माण गरिएका जलविद्युत् आयोजनाहरूको पालिकागत विवरण ५४५
अनुसूची १९: गण्डकी प्रदेशका १-८ कक्षासमका विद्यालयहरूको विवरण ५४६
अनुसूची २०: गण्डकी प्रदेशका १९-१२ कक्षासम्मका विद्यालयहरूको विवरण ५४७
अनुसूची २१: गण्डकी प्रदेशका सरकारी अस्पतालहरू ५४८

# तालिकाहरूको सूची

तालिका १: अल्पकालीन अवधि (२०७६/७७ देखि २०८०/८१), मध्यकालीन अवधि (२०७६/७७ देखि २०८७/८८) र दीर्घकालीन अवधि (२०७६/७७ देखि २१००) सम्मका लागि समृद्धि र सुखका परिमाणात्मक लक्ष्यहरू ........ १६
तालिका २: प्रदेशको क्षेत्रगत मूल्य अभिवृद्धि र कुल ग्राहस्थ्य उत्पादन (प्रचलित मूल्यमा) ........ २०
तालिका ३: क्षेत्रगत मूल्य अभिवृद्धि र कुल ग्राहस्थ्य उत्पादन (आ.व. २०७५/७६ को स्थिर मूल्यमा) ........ २१
तालिका ४: सीमान्त पुँजी उत्पादन अनुपात र कुल लगानी (आ.व. २०७५/७६ को स्थिर मूल्यमा) ........ २२
तालिका ५: सार्वजनिक, निजी, सहकारी र सामुदायिक क्षेत्रबाट हुने लगानी (आ.व. २०७५/७६ को स्थिर मूल्यमा) ........ २४
तालिका ६: क्षेत्रगत लगानीको अनुपात ........ २४
तालिका ७: क्षेत्रगत स्रोत विनियोजनको प्रक्षेपण ........ २५
तालिका ८: क्षेत्रगत मूल्य अभिवृद्धि र कुल ग्राहस्थ्य उत्पादन (आ.व. २०७५/७६ को स्थिर मूल्यमा) ........ २६

**विस्तृत कार्यक्रम खण्डमा कार्यान्वयन ढाँचाको संकेत**

| क्र.सं. | संकेत | कार्यान्वयन गर्ने संयन्त्र |
|---|---|---|
| १. | क | गण्डकी प्रदेश सरकारले आंफै कार्यान्वयन गर्ने |
| २. | ख | स्थानीय तहसँगको समन्वयमा कार्यान्वयन गर्ने |
| ३. | ग | नेपाल सरकारसँगको समन्वयमा कार्यान्वयन गर्ने |

**नतिजा खण्डमा गण्डकी प्रदेश समृद्धिका संवाहक संकेत (प्रससंसं)**

| क्रम संख्या | समृद्धिका संकेत (प्रससंसं) नं. | समृद्धिका संवाहक |
|---|---|---|
| १. | १ | पर्यटन |
| २. | २ | उर्जा |
| ३. | ३ | कृषि |
| ४. | ४ | उद्योग |
| ५. | ५ | पूर्वाधार |
| ६. | ६ | मानव संशाधन |
| ७. | ७ | सुशासन |
| ८. | ८ | अन्तर सम्वन्धित |

**नतिजा खण्डमा समृद्धि र सुखका दीर्घकालीन राष्ट्रिय लक्ष्यका संकेत (दीरालसं)**

| क्र.सं. | दीर्घकालीन राष्ट्रिय लक्ष्यका संकेत दीरालसं | लक्ष्य |
|---|---|---|
| **समृद्धिका दीर्घकालीन राष्ट्रिय लक्ष्य** | | |
| १. | संकेत नं १ | उच्च र समतामूलक राष्ट्रिय आय |
| २. | संकेत नं २ | मानव पुँजी निर्माण तथा सम्भावनाको पूर्ण उपयोग |
| ३. | संकेत नं ३ | सर्वसुलभ आधुनिक पूर्वाधार एवम् सघन अन्तर आवद्धता |
| ४. | संकेत नं ४ | उच्च र दिगो उत्पादन तथा उत्पादकत्व |
| **सुखका दीर्घकालीन राष्ट्रिय लक्ष्य** | | |
| ५. | संकेत नं ५ | परिष्कृत तथा मर्यादित जीवन |
| ६. | संकेत नं ६ | सुरक्षित, सभ्य र न्यायपूर्ण समाज |
| ७. | संकेत नं ७ | स्वास्थ्य र सन्तुलित पर्यावरण |
| ८. | संकेत नं ८ | सुशासन |
| ९. | संकेत नं ९ | सवल अर्थतन्त्र |
| १०. | संकेत नं १० | राष्ट्रिय एकता, सुरक्षा र सम्मान |

**नतिजा खण्डमा दिगो विकास लक्ष्यका संकेत (दिविलसं)**

| लक्ष्य नं. | संकेत नं. | लक्ष्य |
|---|---|---|
| १ | १ | हरेक क्षेत्रमा रहेको सबै स्वरुपका विसम गरिबीको अन्त्य गर्ने । |
| २ | २ | भोकमरीको अन्त्य गर्ने, खाद्य सुरक्षा तथा उन्नत पोषण प्राप्ति र दिगो कृषिको प्रवर्द्धन गर्ने । |
| ३ | ३ | सबै उमेर समूहका व्यक्तिका लागि स्वस्थ जीवनको सुनिश्चितता गर्दै समृद्ध जीवन स्तर प्रवर्द्धन गर्ने । |
| ४ | ४ | सबैका लागि समावेशी तथा समतामूलक गुणस्तरीय शिक्षा सुनिश्चित गर्दै जीवनपर्यन्त सिकाइका अवसरहरू प्रवर्द्धन गर्ने । |
| ५ | ५ | लैङ्गिक समानता हाँसिल गर्ने सबै महिला, किशोरी र बालबालिकाहरूको सशक्तीकरण गर्ने । |
| ६ | ६ | सबैका लागि खानेपानी र सरसफाइको उपलब्धता तथा यसको दिगो व्यवस्थापन सुनिश्चित गर्ने । |
| ७ | ७ | खर्चले धान्न सकिने, भरपर्दो, दिगो र आधुनिक उर्जामा सबैको पहुँच सुनिश्चित गर्ने । |
| ८ | ८ | स्थिर, समावेशी र दिगो आर्थिक वृद्धि र सबैका लागि पूर्ण तथा उत्पादनशील रोजगारी र मर्यादित श्रम प्रवर्द्धन गर्ने । |
| ९ | ९ | उत्थानशील पूर्वाधारको निर्माण, समावेशी र दिगो औद्योगीकरणको प्रवर्द्धन र नव प्रवर्तनलाई प्रोत्साहन गर्ने । |
| १० | १० | मुलुकभित्र र अन्य मुलुकहरूबीचको असमानता न्यून गर्ने । |
| ११ | ११ | शहर तथा मानव वस्तीहरूलाई समावेशी, सुरक्षित, उत्थानशील र दिगो बनाउने । |
| १२ | १२ | दिगो उपभोग र उत्पादनका ढाँचा सुनिश्चित गर्ने । |
| १३ | १३ | जलवायु परिवर्तन र त्यसका प्रभावहरूसँग जुध्न तत्काल कार्य अगाडि बढाउने । |
| १४ | १४ | गण्डकी प्रदेशको लागि सान्दर्भिक नभएको । |
| १५ | १५ | पृथ्वीको भूपरिधि स्तरीय पारिस्थितिकीय प्रणालीहरूको दिगो उपयोग, रक्षा र पुनर्स्थापन गर्न, वनको दिगो रुपमा व्यवस्थापन गर्ने, मरुभूमिकरणविरुद्ध लड्न र भूक्षय रोक्नुका साथै यसलाई उल्टाउने र जैविक विविधताको ह्रासलाई रोक्ने । |
| १६ | १६ | दिगो विकासका लागि शान्तिपूर्ण र समावेशी समाजहरूको प्रवर्द्धन गर्ने, सबैका लागि न्यायमा पहुँच सुनिश्चित गर्ने र प्रभावकारी, जवाफदेही तथा समावेशी संस्थाहरूको निर्माण गर्ने । |
| १७ | १७ | दिगो विकासका लागि कार्यान्वयनको माध्यम सुदृढ गर्ने र विश्वव्यापी साझेदारीलाई पुनःजीवन्त तुल्याउने । |

**नतिजा खण्डमा कृषि, पशुपंक्षी तथा मत्स्य विकास, खाद्य सुरक्षा र भूमि व्यवस्था क्षेत्रमा कृषि विकास रणनीतिका संकेतहरू (कृविरसं)**

| संकेत | रणनीति |
|---|---|
| संकेत नं. १ | सुधारिएको शासन |
| संकेत नं. २ | उच्च उत्पादकत्व |
| संकेत नं. ३ | मुनाफाजन्य व्यावसायीकरण |
| संकेत नं. ४ | प्रतिस्पर्धात्मकतामा वृद्धि |

# सारांश

**परिचयः** समावेशी र सन्तुलित तथा दिगो सामाजिक-आर्थिक विकासको गतिलाई तीव्रता दिई समृद्धि हाँसिल गर्न योजनाबद्ध विकास गर्नु आवश्यक हुन्छ । यसका लागि तथ्यगत अध्ययन, अनुसन्धान र विश्लेषण गर्दै विषयगत समस्या, चुनौती र अवसरहरूको पहिचान गर्ने र त्यसका आधारमा विषय केन्द्रित रणनीति र व्यावहारिक कार्यनीति सहितको योजना आवश्यक पर्दछ । नेपालमा योजना तर्जुमा गर्ने कार्य विक्रम सम्बत् २०१३ देखि प्रारम्भ भएको हो । राष्ट्रिय योजना आयोगले नेपाल सरकारको १५ औं पञ्चवर्षीय योजना २०७६, निर्माण गरेको छ । यसै सिलसिलामा १५ औं राष्ट्रिय योजनाका लक्ष्य तथा उद्देश्य प्राप्त गर्न सहयोग पुऱ्याउने र प्रदेश समृद्धिको आधारशीला तयार पार्ने उद्देश्यले प्रदेश नीति तथा योजना आयोगले गण्डकी प्रदेश सरकारको प्रथम पञ्चवर्षीय योजना २०७६, तयार पारेको छ ।

यस योजना तयार गर्नुपूर्व गण्डकी प्रदेशका सामाजिक, आर्थिक र भौतिक पूर्वाधारका सूचकहरूको सूक्ष्म विश्लेषण सहितको स्थितिपत्र, पञ्चवर्षीय योजना तर्जुमाको लागि प्रारम्भिक छलफलपत्र र दिगो विकास लक्ष्यको आधार तथ्याङ्क प्रतिवेदन अंग्रेजी र नेपाली भाषामा तयार गरी प्रकाशन गरिएका छन् । यी सबै दस्ताबेजले गण्डकी प्रदेशको समृद्धिको लागि केही महत्वपूर्ण प्रस्थान बिन्दु खोज्न सुझाएका छन् । **पहिलो,** प्रदेशको शहरी अर्थतन्त्र आयातित सामान बेच्ने नाफामुखी र ग्रामीण अर्थतन्त्र निर्बाहमुखी भएकोले समाजवाद उन्मुख, उत्पादनमुखी र आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्ने प्रस्थानमार्ग खोज्न सुझाएका छन् । **दोस्रो,** हाल पर्यटन व्यवसायी र स्थानीय उत्पादक बीच कमजोर सम्बन्ध रहेकोले स्थानीय उत्पादकसँग सघन सहकार्य गर्ने पर्यटन व्यवसायको विकास गर्ने प्रस्थान मार्ग खोज्न सुझाएका छन् । **तेस्रो,** हालको कृषि प्रणाली मनसुनमा आधारित, अस्थिर र निर्बाहमुखी भएकोले सिंचाइको विस्तार, यान्त्रीकीकरण र व्यावसायीकरण गरी भरपर्दो र उच्च उत्पादकत्व दिने कृषि प्रणालीमा रुपान्तरण गर्न सुझाएका छन् । **चौथो,** हालको उर्जा उत्पादन बगिरहेका नदी तथा खोलामा निर्मित साना र मझौला जलविद्युत् आयोजनामा निर्भर रहेकोले अब उप्रान्त जलाशययुक्त ठूला जलविद्युत् तथा सौर्य आयोजना निर्माण गरी दिगो उर्जा सुरक्षाको ब्यवस्था गर्न अग्रसर हुन सुझाएका छन् । **पाँचौं,** उद्योग क्षेत्रको स्थिति हेर्दा गण्डकी प्रदेशमा साना लघुउद्यमको बाहुल्य रहेकोले कृषि प्रशोधन तथा खनिजजन्य पदार्थको उत्खनन र प्रशोधन गर्ने मझौला तथा ठूला उद्योग स्थापना गर्न आवश्यक व्यवस्था मिलाउन सुझाएका छन् । **छैठौं,** भौतिक पूर्वाधारको निर्माण निर्धारित समय र लागतमा सम्पन्न नहुने र गुणस्तरीय सडकको अभाव रहेकाले अब उप्रान्त निर्धारित समय र लागतमा गुणस्तरीय भौतिक पूर्वाधारको निर्माण सम्पन्न गर्नतर्फ केन्द्रित हुन सुझाएका छन् । **सातौं,** बजारको मागसँग सिधा सम्बन्ध नभएको र साधारण शिक्षाको वर्चस्व रहेको वर्तमान शिक्षा प्रणालीलाई बजारको मागसँग सिधा सम्बन्ध भएको प्राविधिक तथा ब्यावसायिक शिक्षामा रुपान्तरण गर्न सुझाएका छन् । **आठौं,** आधारभूत स्वास्थ्य सेवा दिन स्थापना भएका स्वास्थ्य संस्थाहरूको क्षमता रोगको संरचनामा परिवर्तन भए अनुसार रुपान्तरण गर्न सुझाएका छन् । **नवौं,** विकास आयोजना सञ्चालन गर्दा वातावरण संरक्षणमा उचित ध्यान दिन सुझाएका छन् । **दसौं,** प्रदेशको तथ्याङ्क प्रणाली र राजस्व परिचालन कमजोर रहेकोले सुदृढ गर्न सुझाएका छन् । अन्तमा, अध्ययन र अनुसन्धानले मार्गनिर्देश गरे अनुसारको विकास निर्माणका कार्यहरू अगाडि बढाउन सुझाएका छन् । यी विषयहरू सम्वोधन हुनेगरी यो प्रथम पञ्चवर्षीय योजना तयार गरिएको छ ।

**योजना तर्जुमा प्रकृया र चरणः** यो प्रथम पञ्चवर्षीय योजना सहभागितामूलक विभिन्न प्रकृया र चरण पार गर्दै तयार गरिएको छ । **प्रथम** चरणमा प्रदेशका सामाजिक, आर्थिक र भौतिक पूर्वाधारको क्षेत्रगत तथ्याङ्क, अवस्था, समस्या, चुनौती र अवसरहरू समेटी प्रदेशको स्थितिपत्र प्रकाशन गरियो । **दोस्रो** चरणमा प्रदेशको स्थितिपत्रले औंल्याएका समस्या तथा चुनौतीहरूको विश्लेषण गर्दै प्रथम पञ्चवर्षीय योजनाले सम्वोधन गर्नुपर्ने महत्वपूर्ण सवालहरू समेटी प्रारम्भिक प्रतिवेदन प्रकाशन गरियो । **तेस्रो** चरणमा विभिन्न सरोकारवालाहरू सम्मिलित आधारपत्र तयार गर्ने प्राविधिक समिति गठन

गरियो । **चौथो** चरणमा प्रदेश सभाका सांसद, प्रदेश सरकारका मन्त्री, सचिव, विज्ञ, नगारिक समाजका प्रतिनिधि र अन्य सरोकारवालाहरू गरी १५० जनाको सहभागितामा प्रदेश स्तरीय कार्यशाला गरी योजना तर्जुमा गर्न फराकिलो दृष्टिकोण तय गरियो । **पाँचौं** चरणमा प्रदेशका ११ वटै जिल्ला सदरमुकाममा प्रतिनिधि सभा र प्रदेश सभाका सांसद, नगरपालिका र जिल्ला समन्वय समितिका प्रमुख र उपप्रमुख, गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष, नागरिक समाजका प्रतिनिधि, गैरसरकारी संस्थाका प्रतिनिधि, जिल्लास्थित सरकारी कार्यालयका प्रमुख तथा प्रतिनिधि र पत्रकारहरूलाई आमन्त्रित गरी योजनामा समावेश गर्ने विषयमा सुझाव संकलन गरियो । **छैठौं** चरणमा प्रदेश स्तरीय कार्यशाला र जिल्लाबाट प्राप्त सुझावहरूको विश्लेषण प्रतिवेदन र योजना तर्जुमा निर्देशिका तयार गरी प्रदेश नीति तथा योजना आयोगले विषयगत मन्त्रालयलाई प्रथम पञ्चवर्षीय योजनाको आधारपत्र तयार गरी पठाउन अनुरोध गऱ्यो । **सातौं** चरणमा विषयगत मन्त्रालयले प्रथम पञ्चवर्षीय योजनाको विषयगत आधार-पत्र तयार गरी सरोकारवालासँग छलफल र परामर्श गरे । प्राप्त सुझावलाई समावेश गरी संशोधित आधार-पत्र प्रदेश नीति तथा योजना आयोगमा पठायो । राष्ट्रिय योजना आयोगले १५ औं योजनाको र प्रदेशले प्रथम योजनाको आधार-पत्र संयुक्त रुपमा प्रदेश समन्वय परिषद् र राजनीतिक दलका प्रतिनिधिसँग छुट्टाछुट्टै परामर्श गरियो । परामर्शमा प्राप्त सुझावलाई समावेश गरी तयार गरेको आधारपत्र प्रदेश सरकारले स्वीकृत गऱ्यो । स्वीकृत आधार-पत्रको आधारमा विषयगत मन्त्रालयले योजनाको मस्यौदा तयार गरी सरोकारवालासँग छलफल गरी परिमार्जन गरेर नीति तथा योजना आयोगमा पठायो । **आठौं** चरणमा मन्त्रालयबाट प्राप्त विषयगत योजनालाई समावेश गरी प्रदेश नीति तथा योजना आयोगले नतिजासहितको योजनाको अन्तिम मस्यौदा तयार गऱ्यो । **नवौं** चरणमा अन्तिम मस्यौदा उपर प्रदेश नीति तथा योजना आयोगको पूर्ण बैठकमा छलफल गरी प्रदेश विकास परिषदमा छलफलका लागि प्रस्तुत गरियो । **दसौं** चरणमा प्रदेश विकास परिषद्ले दिएका सुझाब समावेश गरी प्रदेश नीति तथा योजना आयोगले स्वीकृतिको लागि प्रदेश सरकारमा पेश गऱ्यो । प्रदेश सरकारको स्वीकृति पश्चात् योजना निर्माणको प्रकृया पुरा भयो ।

**समृद्धिका सात सम्बाहकहरूः** नीतिगत रुपमा प्रदेश समृद्धिका लागि सात मुख्य संवाहकहरू (Seven Key Drivers of Prosperity) क्रमशः पर्यटन, उर्जा, कृषि, उद्योग, भौतिक पूर्वाधार, मानव संसाधन र सुशासन पहिचान गरिएको छ । स्थानीय उत्पादनसँग अग्र र पृष्ठ सम्बन्ध भएको पर्यटन क्षेत्रले ग्रामीण र शहरी दुवै क्षेत्रमा रोजगारी सिर्जना गर्न सघाउ पुऱ्याउने, आयात प्रतिस्थापन र गरिबी निवारणमा उल्लेखनीय योगदान दिने तथा सबल प्रदेश अर्थतन्त्र निर्माणमा सघाउ पुऱ्याउँछ । गण्डकी प्रदेशमा ऊर्जा उत्पादनको उच्च संभाबना भएको हुँदा बढ्दो ऊर्जा उत्पादनले राजस्व वृद्धि, औद्योगीकरणको विस्तार, विद्युतीय सवारी साधनको उपयोगमा वृद्धि र पेट्रोलियम पदार्थको आयात कम गरी स्वाधीन र हरित अर्थतन्त्रको जग बसाल्न सघाउँछ । कृषिको यान्त्रीकीकरण र व्यावसायीकरणले उच्च उत्पादन र उत्पादकत्व वृद्धि गरी आर्थिक लाभ लिन र समृद्धि प्राप्त गर्न सघाउ पुऱ्याउँछ । प्रदेशभित्र कृषि प्रशोधन र खनिजजन्य लगायतका उद्योगलाई चाहिने कच्चा पदार्थको आपूर्ति हुने सम्भावना भएकोले प्रदेश अर्थतन्त्रमा उत्पादन लागत कम, रोजगारीको विस्तार, आयात प्रतिस्थापन र प्रदेशको दिगो आर्थिक वृद्धि हाँसिल गर्न मद्दत गर्दछ । गुणस्तरीय भौतिक पूर्वाधारको विकासले प्रदेश अर्थतन्त्रमा उत्पादन क्षेत्रको लागत घटाउन, प्रतिस्पर्धी क्षमता बढाउन तथा गतिशील बजार अर्थतन्त्र निर्माण गर्न मद्दत गर्दछ । प्राविधिक तथा व्यावसायिक ज्ञान र सीप सहितको दक्ष मानव संसाधन विकासले नयाँ प्रविधिको अन्वेषण गरी उत्पादन प्रकृयालाई सरलीकरण गर्न र उच्च उत्पादन र उत्पादकत्व वृद्धि गर्न सघाउँछ । त्यसैगरी, सार्वजनिक सेवालाई सरल, पारदर्शी, जवाफदेही, गुणस्तरीय, परिणाममुखी र नागरिकमैत्री बनाउन सुशासनको पनि महत्वपूर्ण भूमिका रहेको हुन्छ ।

**समृद्धिका पाँच सहयोगी क्षेत्रः** यसैगरी, यो योजनाले समृद्धिका पाँच सहयोगी क्षेत्रहरू (Five Key Enablers of Prosperity) जस्तैः प्राकृतिक सौन्दर्यता, जैविक विविधता, सामाजिक विविधता बीच एकता, साँस्कृतिक सम्पन्नता र पहिचान र

जनसांख्यिक लाभ आदि पनि पहिचान गरेको छ । गण्डकी प्रदेशको तराइदेखि हिमालसम्मका मनोरम भू-धरातल, ताल-तलैया, पदमार्ग, नदीनिर्मित गहिरागल्छी आदि जस्ता प्राकृतिक सौन्दर्य पर्यटक आकर्षणको स्रोत तथा प्रदेश समृद्धिको एक महत्वपूर्ण सहयोगी क्षेत्र हो । प्राकृतिक सौन्दर्यको संरक्षण र बजारीकरण प्रदेश समृद्धिको सहयोगी हुने अपेक्षा गरिएको छ । प्रदेशको करिब ४६ प्रतिशत भू-भाग चितवन राष्ट्रिय निकुञ्ज, अन्नपूर्ण र मनास्लु संरक्षण क्षेत्र, पञ्चासे संरक्षित वन, फेवातालको पश्चिममा रहेको विश्व जैविक विविधता बगैंचा (पार्क) र ढोरपाटन शिकार आरक्षण क्षेत्रभित्र पर्दछ । यी निकुन्ज तथा संरक्षण क्षेत्रभित्र विशाल जैविक विविधताको संरक्षण र प्रवर्द्धन हुँदै आएको छ । जैविक विविधताले प्रदेशमा पर्यावरणीय सन्तुलन कायम राख्न र विदेशी पर्यटकहरू आकर्षण गर्दै सामाजिक आर्थिक विकासमा सघाउन सक्ने हुँदा समृद्धिको एक महत्वपूर्ण सहयोगी क्षेत्र मानिएको छ । गण्डकी प्रदेशमा ब्राह्मण, क्षेत्री, मगर, गुरुङ्ग, थारु, तामाङ्ग, नेवार, दलित, ढोली, मुसलवान, यादव, राई, ठकुरी, लिम्बु, थकाली, लेप्चा र अन्य गरी २२ भन्दा बढी जातजातिका मानिसहरू बसोबास गर्दछन् । यी विभिन्न सामाजिक समूह बीच रहनसहनमा विविधता भए तापनि आर्थिक विकास र पूर्वाधार निर्माणमा विविधता बीच अनुपम एकता छ, जुन प्रदेश समृद्धिको महत्वपूर्ण सहयोगी क्षेत्र हो । गण्डकी प्रदेश कला र संस्कृति, खासगरी लोकभाका तथा दोहोरी गीतको उद्गम स्थल र साँस्कृतिक सम्पन्नताले भरिपूर्ण छ । त्यस्तैगरी यस प्रदेशमा विकास भएको गुरुङ, मगर, थकाली र थारु संस्कृति सामाजिक पहिचानको आदर्श नमुना हो । यी सामाजिक एवम् साँस्कृतिक सम्पन्नता र पहिचान पर्यटक आकर्षणका स्रोत र प्रदेश समृद्धिका महत्वपूर्ण सहयोगी क्षेत्र हुन् । गण्डकी प्रदेशमा आर्थिक रूपले सक्रिय जनसंख्या (१५ देखि ५९ वर्ष उमेर समूहको जनसंख्या) कुल जनसंख्याको झण्डै ५७ प्रतिशत छ । यो उमेर समूहलाई विशेष योजनाका साथ विदेश जान वा पलायन हुनबाट रोक्दै उत्पादनमूलक क्षेत्रमा परिचालन गर्न सके सामाजिक-आर्थिक विकासमा फड्को मार्न सक्ने सुवर्ण अवसर रहेको हुँदा प्रदेश समृद्धिको एक महत्वपूर्ण सहयोगी क्षेत्रको रुपमा लिइएको छ ।

**विकास विन्दु र विकास केन्द्रः** प्रदेशले पहिचान गरेका समृद्धिका सात मुख्य सम्बाहक र पाँच सहयोगीको पूर्ण विकास गर्दै प्रदेशको सन्तुलित र समावेशी विकास गर्ने र समृद्धि प्राप्त गर्ने यस योजनाका मुख्य विशेषता हुन् । सन्तुलित र समावेशी विकासको लागि हाल कायम भएका ७५९ पालिकाका वडाहरूलाई आर्थिक तथा सामाजिक विकास बिन्दु (Growth Point) को रुपमा विकास गर्ने, ८५ वटा पालिकाका सदरमुकामलाई पालिका तहका विकास केन्द्र (Growth Center) को रुपमा विकास गर्ने, जिल्ला सदरमुकामलाई जिल्ला तहको विकास केन्द्रको रुपमा विकास गर्ने र पोखरा महानगरपालिकालाई प्रादेशिक शहरको रुपमा विकास गर्दै शहरीकरणमा सन्तुलन कायम गर्ने योजना बनाइएको छ ।

**विकास अक्षः** प्रदेशको सन्तुलित र समावेशी विकासको लागि निर्माणधीन लोकमार्ग पछ्याउँदै उत्तर-दक्षिण र पूर्व-पश्चिम गरी आठवटा विकास अक्ष (Growth Axis) को विकास गर्ने योजना तय गरिएको छ । जस्तै, मुग्लिङ्ग - दमौली - पोखरा - कुश्मा - बाग्लुङ्ग - बुर्तिबाङ विकास अक्ष, पोखरा - पुतलीबजार - वालिङ्ग - गल्याङ - चापाकोट विकास अक्ष, कोरला - जोमसोम - बेनी - कुश्मा - पोखरा - भीमाद - दुम्कीबास - त्रिवेणी विकास अक्ष, अर्मादी - सेतीबेनी - रुद्रबेनी - मिर्मी - गल्याङ - चापाकोट - देउघाट - गैंडाकोट - कावासोती साँस्कृतिक विकास अक्ष, डुम्रे - बेसीशहर - धारापानी - रुइलाभन्जाङ्ग विकास अक्ष, बेनीघाट - आरुघाट - श्रीर्दिवास - सामागाउँ - रुइलाभन्जाङ्ग विकास अक्ष, पोखरा रिङ्गरोड विकास अक्ष, पोखरा महानगर वरिपरिका पुतलीबजार, कुश्मा, मादी, मध्यनेपाल र शुक्लागण्डकी जस्ता साना शहरहरू सेटलाइट शहरको रुपमा विकास हुने दोस्रो रिङ्गरोड विकास अक्ष । यसको अतिरिक्त, काठमाण्डौ-पोखरा जोड्ने पृथ्वी लोकमार्ग र पोखरालाई बुटवलसँग जोड्ने सिद्धार्थ लोकमार्ग नेपाल सरकारसँगको सहकार्यमा स्तरोन्नति गरिनेछ । पूर्व-पश्चिम लोकमार्ग चार लेनमा स्तरोन्नति भइरहेको छ । यसप्रकारले मुख्य सडकहरूको स्तरोन्नति सम्पन्न हुनासाथ काठमाडौं, पोखरा, भैरहवा र निजगढ गरी चारवटा अन्तर्राष्ट्रिय बीमानस्थलहरू एक आपसमा जोडिनेछन् र यिनीहरू बीचको भू-

भागमा व्यावसायिक तथा व्यापारिक गतिविधि बढ्न गई बृहत्तर आर्थिक क्षेत्र निर्माण गरिनेछ । यसका साथसाथै गण्डकी प्रदेशको मुग्लिङ्गदेखि डुम्रे, दमौली, खैरेनीटार, पोखरा, पुतलीबजार, वालिङ, मिर्मी र राम्दीसम्मको क्षेत्र वृहत् औद्योगिक करिडोर बन्नेछ ।

**योजनाका उद्देश्यः** यस प्रथम पञ्चवर्षीय योजनाको दीर्घकालीन सोच "**समृद्ध प्रदेश र सुखी नागरिक**" र लक्ष्य "**उच्च उत्पादन, मर्यादित जीवन, समावेशी, सभ्य, न्यायपूर्ण र सुशासनयुक्त आधुनिक समाज भएको समृद्ध प्रदेश**" बनाउनु रहेको छ । योजनाको लक्ष्य प्राप्ति गर्न समष्टिगत रुपमा तीनवटा उद्देश्य राखिएका छन् । पहिलो उद्देश्यले उत्पादन र उत्पादकत्व वृद्धि गर्दै समाजवाद उन्मुख आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्न जोड दिएको छ । दोस्रो उद्देश्यले पर्यटन, उर्जा, कृषि, उद्योग, पूर्वाधार र मानव संसाधनका पूर्ण विकास तथा दिगो, समतामूलक र फराकिलो उच्च आर्थिक बृद्धि हाँसिल गरी प्रदेश समृद्धिको आधारशीला निर्माण गर्न जोड दिएको छ । त्यसैगरी, तेस्रो उद्देश्यले गुणस्तरीय स्वास्थ्य, शिक्षा, खानेपानी, सरसफाई, वातावरण, सामाजिक समता र सुरक्षामा पहुँच र सुशासनको अनुभूति सबै नागरिकलाई गराउनमा जोड दिएको छ ।

**योजनाको संरचनाः** यस योजनामा ११ परिच्छेद छन् । परिच्छेद १ मा गण्डकी प्रदेशको परिचय, विगतका विकास प्रयासको सामाजिक-आर्थिक र भौतिक विकास पूर्वाधार सूचकहरूको समीक्षा, प्रथम पञ्चवर्षीय योजना तर्जुमाका आधार र निर्देशक सिद्धान्त, दिगो विकास लक्ष्य प्राप्त गर्न समपूरक र परिपूरकको भूमिका, १५ औ योजनासँगको सम्बन्ध र नेपालको दीर्घकालीन सोचबारे उल्लेख गरिएको छ । परिच्छेद २ मा सन्तुलित र समन्वायिक विकास, विकास अक्ष, समष्टिगत दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति र अल्पकालीन, मध्यकालीन र दीर्घकालीन परिमाणात्मक लक्ष्य र आवश्यक लगानीको प्रक्षेपण गरिएको छ । परिच्छेद ३ मा समष्टिगत आर्थिक नीति उल्लेख गरिएको छ । परिच्छेद ४ मा आर्थिक क्षेत्र जस्तैः कृषि, पशुपंक्षी, खाद्यसुरक्षा र पोषण, वन तथा वातावरण, भूमि ब्यवस्था, प्राकृतिक स्रोत ब्यवस्थापन र सहकारीका दीर्घकालीन सोच, लक्ष्य, रणनीति, कार्यनीति, विस्तृत कार्यक्रम र नतिजा खाकाबारे उल्लेख गरिएको छ । परिच्छेद ५ मा सामाजिक क्षेत्र जस्तैः शिक्षा, विज्ञान तथा प्रविधि, स्वास्थ्य तथा पोषण, युवा महिला तथा बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका ब्यक्ति, सामाजिक सुरक्षा, भाषा, साहित्य, संस्कृति, खेलकुद आदिका दीर्घकालीन सोच, लक्ष्य, रणनीति, कार्यनीति, विस्तृत कार्यक्रम र नतिजा खाकाबारे उल्लेख गरिएको छ । परिच्छेद ६ मा भौतिक पूर्वाधार क्षेत्र जस्तैः जलविद्युत्, वैकल्पिक उर्जा, यातायात, शहरी विकास, ग्रामीण विकास, आवास तथा बस्ती विकास र भूकम्प पछिको पुनर्निर्माण, भवन निर्माण, सूचना तथा सञ्चार प्रविधि आदिका दीर्घकालीन सोच, लक्ष्य, रणनीति, कार्यनीति, विस्तृत कार्यक्रम र नतिजा खाका समावेश गरिएका छन् । परिच्छेद ७ मा सुशासन र लोकतन्त्र सम्बन्धी विषयका दीर्घकालीन सोच, लक्ष्य, रणनीति, कार्यनीति र प्रमुख कार्यक्रम बारे उल्लेख गरिएको छ । परिच्छेद ८ मा अन्तरसम्बन्धित विषय र परिच्छेद ९ मा तथ्याङ्क, योजना तर्जुमा, अनुगमन तथा मूल्याङ्कन जस्ता विषयका दीर्घकालीन सोच, लक्ष्य, रणनीति, कार्यनीति, विस्तृत कार्यक्रम र नतिजा खाका समावेश गरिएका छन् । परिच्छेद १० मा प्रदेशले स्रोतको लागि नेपाल सरकारले अनुरोध गरेका ५ रुपान्तरणकारी आयोजनाको संक्षिप्त विवरण प्रस्तुत गरिएका छन् । परिच्छेद ११ मा कोरोना भाइरस रोगको असर व्यवस्थापन गर्ने योजना सम्बन्धमा व्याख्या गरिएको छ ।

**लगानी प्रक्षेपणः** योजना अवधि (२०७६/७७-२०८०/८१) को लागि कुल पुँजी निर्माणको क्षेत्रगत सीमान्त पुँजी उत्पादन अनुपात कृषिको ३.३, उद्योगको ६.१, विद्युत्को १७, शिक्षाको ४.१ र स्वास्थ्यको ८.८ गरी समग्र सीमान्त पुँजी उत्पादन अनुपात ४.९ रहने अनुमान गरिएको छ । योजना अवधिमा औसत १०.२ प्रतिशतको आर्थिक वृद्धि दर प्राप्त गर्न कुल स्थिर पुँजी लगानी रु. १० खर्ब १२ अर्ब २४ करोड आवश्यक पर्ने अनुमान गरिएको छ । कुल लगानीमध्ये सार्वजनिक क्षेत्रबाट रु. ३ खर्ब ६० अर्ब ८३ करोड (३५.६ प्रतिशत), निजी क्षेत्रबाट रु. ५ खर्ब ८७ अर्ब ९२ करोड (५८.१ प्रतिशत), सहकारी क्षेत्रबाट रु. ४४ अर्ब ८ करोड (४.४ प्रतिशत) र सामुदायिक क्षेत्रबाट रु. १९ अर्ब ४१ करोड (१.९ प्रतिशत) लगानी हुने

अनुमान छ । प्रदेशको कुल राष्ट्रिय प्रतिब्यक्ति आय (GNI Per Capita) आधार वर्ष २०७५/७६ मा रु. १,१६,८४४ अर्थात् अमेरिकी डलर १,०४३ रहेको अनुमान छ । योजना अवधिमा यो बढेर रु.२,४७,८२८ अर्थात् अमेरिकी डलर १,९५६ पुग्ने अनुमान रहेको छ । योजना अवधिमा कुल रु १० खर्ब १२ अर्ब २४ करोडको प्रक्षेक्षित लगानीमध्ये उर्जा (विद्युत्, ग्याँस र पानी) क्षेत्रमा ३१.१३ प्रतिशत, भौतिक पूर्वाधारमा (निर्माण, यातायात र सञ्चार) २०.४१ प्रतिशत, मानव संसाधन (शिक्षा र स्वास्थ्य) क्षेत्रमा १०.३० प्रतिशत, कृषिमा ८.५४ प्रतिशत, पर्यटन (होटेल र रेस्टुरेन्ट आदिमा) क्षेत्रमा ७.९० प्रतिशत, उद्योगमा ४.०५ प्रतिशत, सुशासनमा २.३१ प्रतिशत र अन्य (खानी तथा भूगर्भ, वित्तीय मध्यस्थता, घरजग्गा बहाल तथा ब्यापारिक, सामुदायिक र सामाजिक कृयाकलाप) क्षेत्रमा १५.३६ प्रतिशत लगानी गर्ने प्रक्षेपण गरिएको छ । योजना अवधिमा औद्योगिकीकरणको लागि चाहिने उर्जा र भौतिक पूर्वाधारको विकास हुने र दोस्रो पञ्चवर्षीय योजना अवधिमा औद्योगिकीकरण र पर्यटनले गति लिने अनुमान गरिएको छ ।

**क्षेत्रगत प्राथमिकता:** पञ्चवर्षीय योजनामा प्रदेश समृद्धिका मुख्य संवाहक र ती क्षेत्रभित्रका उपक्षेत्रहरूमा एक देखि तीनसम्म प्राथमिकताका क्षेत्रहरू निम्न अनुसार तोकिएका छन् ।

**समृद्धिका क्षेत्र, उपक्षेत्र र प्राथमिकताका कार्यक्रमहरू**

| समृद्धिका क्षेत्र | उपक्षेत्र | पञ्चवर्षीय योजनाका क्षेत्रगत प्राथमिकताहरू |
|---|---|---|
| १. **पर्यटन** | **पर्यटन** | • पर्यटनको स्थानीय उत्पादनसँग अग्र र पृष्ठ (Forward and Backward) सम्बन्ध विकास गर्ने ।<br>• पर्यटन पूर्वाधारको विस्तार गर्ने (होटेल, रेष्टुराँ, घरबास (Home Stay), जनशक्ति, टुर्स एण्ड ट्राभल्स, पदमार्ग, पर्यटन सडक आदि) ।<br>• आगामी ५ वर्षमा गण्डकी प्रदेशमा आउने पर्यटकको संख्या दोब्बर बनाउने । |
| २. **उर्जा** | **जलविद्युत् उर्जा** | • उर्जा सम्वन्धी नीति एव संगठन संरचना स्थापना र सञ्चालन गर्ने ।<br>• निजी क्षेत्रको लगानी आकर्षण गरी जलविद्युत्को उत्पादन वृद्धि गर्ने ।<br>• उज्यालो गण्डकी प्रदेश कार्यक्रमको पहुँच सबै घर परिवारमा पुऱ्याउने । |
| | **नवीकरणनीय उर्जा** | • सौर्य उर्जाको उत्पादन वृद्धि गरी लघु उद्यम, लिफ्ट, सिंचाई र खानेपानीमा प्रयोग गर्ने ।<br>• वायोग्याँसको उत्पादन वृद्धि गर्ने ।<br>• एल.पि ग्याँसलाई विद्युत् र वायो ग्याँसले प्रतिस्थापन गर्ने । |
| ३. **कृषि** | **कृषि** | • अनुसन्धान र नयाँ प्रविधिको विकास र प्रयोग गरी कृषि क्षेत्रको उत्पादकत्व र उत्पादन वृद्धि गर्ने ।<br>• मुख्यमन्त्री वातावरण मैत्री नमुना कृषि गाँउ कार्यक्रमको विस्तार तथा सुदृढीकरण गरी कृषिलाई पर्यटन, गरिबी निवारणसँग जोड्ने ।<br>• आलु, कफी, स्याउ, सुन्ताला, किवी, एभोकाडो र तरकारी खेतीको आधुनिकीकरण गरी आत्मनिर्भर हुने र खाद्यान्न वालीको उत्पादन बढाउने । |
| | **पशुपंक्षी र मत्स्य विकास** | • दूध, अण्डा र मासुमा आत्मनिर्भर हुने ।<br>• व्यावसायिक पशुपालन फार्मको विस्तार गर्ने । |
| | **खाद्य सुरक्षा** | • खाद्य असुरक्षित घर परिवारको पहिचान गर्ने ।<br>• खाद्य असुरक्षित घर परिवारको रोजगारी र उत्पादन वृद्धि कार्यक्रम सञ्चालन गर्ने ।<br>• खाद्य भण्डारण वढाउने । |
| | **भूमि व्यवस्था** | • भू-उपयोग नीतिको निर्माण ।<br>• चक्लावन्दी र करार खेतीको कार्यक्रमको प्रवर्द्धन ।<br>• एकीकृत् भू-सूचना प्रणालीको विकास । |

| | | |
|---|---|---|
| | **सहकारी क्षेत्र** | ● एक सहकारी एक उत्पादन कार्यक्रमको प्रवर्द्धन ।<br>● सहकारी क्षेत्रको कुल लगानी मध्ये ३० प्रतिशत उत्पादनमूलक क्षेत्रमा लगानी गर्ने । |
| | **भू-संरक्षण र जैविक विविधता** | ● वनको वैज्ञानिक व्यवस्थापन गर्ने ।<br>● वनको उपयोग, वातावरण संरक्षण र जनताको आय आर्जनसँग आवद्ध गर्ने ।<br>● राष्ट्रिय निकुञ्ज, शिकार आरक्ष र संरक्षित क्षेत्रको दिगो व्यवस्थापन गर्ने । |
| | **जडीबुटी विकास** | ● उच्च लाभ भएका जडीबुटीको खेती विस्तार, घरेलुकरण र व्यावसायीकरण गर्ने ।<br>● निजी क्षेत्रको सहकार्यमा जडीबुटी प्रशोधन केन्द्रको स्थापना र सञ्चालन गर्ने । |
| | **वातावरण संरक्षण** | ● वातावरण प्रभाव मूल्याङ्कन सम्बन्धी प्रदेश निर्देशिका बनाई लागू गर्ने ।<br>● संवेदनशील जलाधार, सिमसार र जैविक विविधताको संरक्षण गर्ने । |
| | **जलवायु परिवर्तन** | ● जलवायु अनुकूलन कार्ययोजना निर्माण एवम् कार्यन्वयन गर्ने ।<br>● जलवायु अनुकूलन क्षमता विकास गर्ने ।<br>● जलवायु अनुकूलन प्रविधि विकास गर्ने । |
| **४. उद्योग** | **उद्योग** | ● ५१ वटा स्थानीय तहमा औद्योगिक ग्राम स्थापना गर्न सहयोग गर्ने ।<br>● कास्की र तनहुंको पुडीटार र नवलपुरको लोकाहाखोलामा प्रदेशस्तरीय औद्योगिक क्षेत्रको स्थापना गर्ने ।<br>● कृषि प्रशोधन, वन पैदावर र खनिजजन्य उद्योगको स्थापना गर्न सहयोग गर्ने । |
| | **उद्यमशीलताको विकास** | ● महाविद्यालय र विश्वविद्यालयमा नवप्रवर्तन केन्द्र (Incubation Centre) स्थापना र सञ्चालन गर्ने ।<br>● युवाहरूलाई शैक्षिक र गैरशैक्षिक उद्यमशील शिक्षाको व्यवस्था गर्ने ।<br>● युवालक्षित उद्यम स्थापना र सञ्चालन कार्यक्रम कार्यन्वयन गर्ने । |
| | **खनिज सम्पदाको विकास** | ● नेपाल सरकारसँगको समन्वयमा नवलपुरको धोवादीमा फलाम खानी सञ्चालन गर्ने ।<br>● ढुङ्गा, गिटी र वालुवा उत्खननलाई दिगो व्यवस्थापन गर्ने । |
| | **वाणिज्य** | ● सार्वजनिक कार्यालयमा स्थानीय उत्पादनको उपयोग प्रवर्द्धन गर्ने ।<br>● आयत प्रतिस्थापन गर्ने उत्पादनहरूलाई प्रोत्साहन गर्ने ।<br>● निकासीयोग्य सामान उत्पादन गर्ने उद्योगहरूलाई प्रोत्साहन गर्ने । |
| | **आपूर्ति** | ● बजार अनुगमन र नियमन गर्ने संयन्त्र प्रभावकारी बनाउने ।<br>● खाद्य गुणस्तर मापन प्रयोगशाला सुदृढ गर्ने । |
| **५. भौतिक पूर्वाधार** | **सडक** | ● प्रदेश राजधानी पोखराबाट स्थानीय तहका केन्द्र जोड्ने सडकको ट्रयाक खोल्ने, स्तरोन्नति गर्ने र कालोपत्रे गर्ने ।<br>● भिमाद, डेडगाउँ, दुम्कीवास, त्रिवेणी सडकको निर्माण गर्ने ।<br>● ३६ निर्वाचन क्षेत्र पूर्वाधार सडक निर्माण गर्ने ।<br>● पोखरा चक्रपथ निर्माण गर्ने । |
| | **रेल** | ● नेपाल सरकारको समन्वयमा काठमाडौ पोखरा रेलमार्गको सम्भाव्यता अध्ययन गर्ने ।<br>● नेपाल सरकारको समन्वयमा पूर्व पश्चिम विद्युतीय रेलमार्गको नारायणगढ बुटवल खण्डको नवलपुर जिल्लामा पर्ने रेलमार्गको निर्माण गर्ने । |
| | **हवाइमार्ग** | ● नेपाल सरकारको सहयोगमा मुस्ताङ्गको चराङमा आन्तरिक बीमानस्थल निर्माण गर्ने ।<br>● पोखरा अन्तर्राष्ट्रिय बीमानस्थलको निर्माण सम्पन्न गर्ने । |
| | **सिंचाइ** | ● प्रधानमन्त्री कृषि आधुनिकीकरण आयोजना र मुख्यमन्त्री वातावरण मैत्री नमुना कृषि गाउँ कार्यक्रमका गाउँ, पकेट क्षेत्र, ब्लक, जोन र सुपरजोनमा सिंचाई पुर्‍याउने ।<br>● प्रदेशका ठूला टारहरूमा सिंचाई विस्तार गर्ने ।<br>● अधुरा सिंचाई आयोजनाको निर्माण सम्पन्न गर्ने र सम्पन्न आयोजनाको दिगो व्यवस्थापन गर्ने । |

| | | |
|---|---|---|
| | **खानेपानी तथा सरसफाई** | ● आधारभूत खानेपानीको पहुँच प्रदेशका सबै घरपरिवारमा पुऱ्याउने ।<br>● अधुरा खानेपानी आयोजनाको निर्माण सम्पन्न गर्ने र सम्पन्न भएका आयोजनाको दिगो व्यवस्थापन गर्ने ।<br>● मुख्य सहरी क्षेत्रमा फोहोर तथा ढल निकासको दिगो व्यवस्थापन गर्ने । |
| | **शहरी विकास** | ● ७५९ वटा वडाकेन्द्रलाई गाउँस्तरका विकास विन्दु, ८४ वटा स्थानीय तहका केन्द्रलाई पालिका स्तरका विकास केन्द्र र पोखरा महानगरपालिकालाई प्रदेश स्तरको विकास केन्द्रको रुपमा विकास गर्ने ।<br>● प्रदेशका मुख्य लोकमार्ग पछ्याउने आठ वटा विकास अक्षका (Growth Axis) को विकास गर्ने ।<br>● पोखरा महानगर वरिपरिका स्याङ्जाको पुतलीवजार, पर्वतको कुश्मा, तनहुँको शुक्लागण्डकी र लमजुङको मध्यनेपाल नगरपालिकाहरू स्याटलाइट सिटीको रुपमा विकास गर्ने । |
| | **ग्रामीण विकास र पूर्वाधार निर्माण** | ● घरवास कार्यक्रमको विस्तार र सुदृढीकरण गर्ने ।<br>● घरवास कार्यक्रम सञ्चालित क्षेत्रमा प्राङ्गारिक तरकारी खेती प्रवर्द्धन गर्ने । |
| | **आवास, वस्ती विकास र पुनर्निर्माण** | ● २०७२ को भू-कम्पले क्षति भएका निजी आवास र सार्वजनिक भवनहरूको पुनर्निर्माण सम्पन्न गर्ने ।<br>● जनता आवास कार्यक्रम निरन्तर रुपमा कार्यन्वयन गर्ने ।<br>● एक नमुना एकीकृत् बस्तीको विकास गर्ने । |
| | **भवन निर्माण** | ● पहिचानयुक्त प्रदेश प्रशासनिक केन्द्रको निर्माण गर्ने ।<br>● निजी क्षेत्रहरूलाई सुरक्षित र किफायती आवास निर्माण कम्पनीहरूको सञ्चालन गर्न प्रोत्साहन गर्ने । |
| | **यातायात व्यवस्थापन** | ● सार्वजनिक निजी साझेदारी मार्फत् लोकमार्ग र मुख्य सहरी क्षेत्रमा विद्युतीय सवारीसाधन सञ्चालन गर्ने ।<br>● यातायात व्यवस्थापन प्रणालीको सुदृढीकरण गर्ने । |
| | **सूचना तथा सञ्चार र प्रविधि पूर्वाधार** | ● सूचना तथा प्रविधि केन्द्रको स्थापना र सञ्चालन गर्ने ।<br>● विद्युतीय साक्षरता बढाउने र अभ्यास गर्ने ।<br>● प्रदेशका दुर्गम क्षेत्रमा सूचना प्रविधिको पहुँच विस्तार गर्ने । |
| **६. मानव संसाधन** | **शिक्षा** | ● गण्डकी विश्वविद्यालयको स्थापना र सञ्चालन गर्ने ।<br>● गण्डकी प्राविधिक प्रतिष्ठानको स्थापना र सञ्चालन गर्ने ।<br>● साधारण धारका माध्यमिक विद्यालय र महाविद्यालयलाई प्राविधिक धारमा रुपान्तरण गर्न र माध्यमिक विद्यालयमा विज्ञान शिक्षा विस्तार गर्न सहयोग गर्ने । |
| | **विज्ञान तथा प्रविधि** | ● विज्ञान तथा प्रविधि प्रतिष्ठान स्थापना र सञ्चालन गर्ने ।<br>● महाविद्यालयमा नवप्रवर्तन केन्द्रको (प्रविधि कोरल्ने केन्द्र) स्थापना र सञ्चालन गर्ने । |
| | **स्वास्थ तथा पोषण** | ● जिल्ला अस्पतालहरूको सुदृढीकरण गर्ने ।<br>● विशिष्टीकृत् अस्पतालहरू (सरुवा रोग, महिला तथा वाल, मुटु, मृगौला र क्यान्सर) को स्थापना र सञ्चालन गर्ने ।<br>● नेपाल सरकार र स्थानीय तहको सहकार्यमा आधारभूत स्वास्थ्य सेवाको पहुँच सबै नागरिकलाई पुऱ्याउने ।<br>● कुपोषण न्यूनीकरण गर्ने । |
| | **जनसंख्या तथा बसाइँसराइँ** | ● विकास आयोजनामा जनसंख्या कार्यक्रमलाई एकीकृत् गर्ने ।<br>● आन्तरिक बसाइँसराइँलाई व्यवस्थित गर्ने ।<br>● जनसांख्यिक लाभांश लिने । |

| | | |
|---|---|---|
| | **युवा** | ● युवाहरूको लागि उत्पादनमूलक व्यावसायिक तथा प्राविधिक तालिम दिने ।<br>● युवाहरूलाई उत्पादनमूलक क्षेत्रमा प्रोत्साहन गर्ने । |
| | **खेलकुद** | ● प्रदेश खेलकुद प्रतिष्ठानको स्थापना र सञ्चालन गर्ने ।<br>● अन्तर्राष्ट्रिय स्तरको क्रिकेट र गल्फकोर्स मैदानको निर्माण गर्ने ।<br>● उच्च उँचाइ खेल तालिम केन्द्र र खेल मैदान, नदी किनारमा विच पार्क तथा अन्य साहसिक एवम् मनोरञ्जनात्मक खेलस्थल निमार्ण गर्ने । |
| | **सामाजिक सुरक्षा तथा संरक्षण** | ● सामाजिक सुरक्षा कार्यक्रमलाई सुदृढ गरी सञ्चालन गर्ने । |
| | **श्रम तथा रोजगार** | ● श्रमिक र रोजगारदातावीच समन्वय गर्ने ।<br>● श्रमिकहरूको व्यावसायिक दक्षता अभिवृद्धि गर्ने ।<br>● युवाहरूलाई उद्यम सञ्चालन गर्न प्रोत्साहन गर्ने । |
| | **गरिबी निवारण** | ● स्थानीय तहमा गरिब घरपरिवार पहिचान गर्ने ।<br>● सार्वजनिक क्षेत्रको सहयोग कार्यक्रममा गरिबहरूलाई प्राथमिकता दिने । |
| | **मानव संसाधनको विकास** | ● प्रदेशलाई आगामी २५ वर्षसम्मलाई आवश्यक पर्ने आधारभूत, मध्यम र उच्चस्तरको जनशक्ति प्रक्षेपण गर्ने ।<br>● प्रक्षेपण अनुसार आधारभूत, मध्यम र उच्च स्तरको जनशक्ति उत्पादन गर्न विद्यालय, महाविद्यालय, प्राविधिक प्रतिष्ठान, तालिम केन्द्र र निजी क्षेत्रलाई प्रोत्साहन गर्ने ।<br>● बजारमा जनशक्तिको माग र आपूर्ति विच सन्तुलन गर्ने । |
| | **लैङ्गिक समानता तथा महिला सशक्तीकरण** | ● लैङ्गिक हिंसा विरुद्ध शून्य सहनशीलताको नीति कार्यन्वयन गर्ने ।<br>● हिंसा पीडित, यौनिक अल्पसंख्यक र एकल महिलाहरूको लागि क्षमता वृद्धि कार्यक्रम सञ्चालन गर्ने । |
| | **बालबालिका तथा किशोरकिशोरी** | ● बालबालिका तथा किशोरकिशोरीहरूको सशक्तीकरण कार्यक्रम सञ्चालन गर्ने ।<br>● विशेष संरक्षण आवश्यक भएका बालबालिकाहरूको संरक्षण र पुनःस्थापन गर्ने ।<br>● पूर्ण खोप सुनिश्चित प्रदेश कार्यक्रमलाई दिगो बनाउने । |
| | **ज्येष्ठ नागरिक** | ● ज्येष्ठ नागरिकहरूको सामाजिक सुरक्षा कार्यक्रम सुदृढ गर्ने । |
| | **अपाङ्गता भएका व्यक्ति** | ● अपाङ्गता भएका व्यक्तिहरूका लागि सामाजिक विकास मन्त्रालयमा सहयता कक्ष स्थापना गर्ने ।<br>● अपाङ्गता भएका व्यक्तिहरूको लागि उद्यमशीलता विकास सम्बन्धी तालिम सञ्चालन गर्ने ।<br>● नयाँ निर्माण हुने सार्वजनिक कार्यालयहरू अपाङ्गमैत्री बनाउने । |
| | **मानव बेचबिखन तथा ओसार–पसार र हिंसा नियन्त्रण** | ● मानव वेचविखन तथा ओसारपसार कार्यको न्यूनीकरण गर्ने ।<br>● मानव वेचविखन तथा ओसारपसारबाट प्रभावितहरूको लागि उद्धार, संरक्षण र पुनर्स्थापना गर्ने । |
| ७. सुशासन | **शासकीय सुधार** | ● शासकीय प्रकृया चुस्त बनाउन हेलो मुख्यमन्त्री कार्यक्रम, मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा स्थापना भएको विशेष कक्ष र जनतासँग मुख्यमन्त्री टेलिभिजन कार्यक्रमलाई सुदृढ गर्ने । |
| | **प्रशासनिक सुशासन** | ● गण्डकी प्रशासनिक प्रशिक्षण केन्द्रको स्थापना र सञ्चालन ।<br>● विद्युतीय शासन प्रणालीको सुदृढीकरण गर्ने । |
| | **वित्तीय सुशासन** | ● सार्वजनिक खर्च कार्यविधि परिमार्जन गरी कार्यान्वयन गर्ने ।<br>● विद्युतीय आर्थिक कार्य प्रणालीको सुदृढीकरण गर्ने । |

| | | |
|---|---|---|
| | **भ्रष्टाचार निवारण** | • कार्यप्रणालीमा पारदर्शिता सुदृढ गर्ने ।<br>• भ्रष्टाचार विरुद्ध शून्य सहनशीलता नीति अख्तियार गर्ने । |
| | **समानता तथा समावेशिता** | • प्रदेशका सीमान्तकृत् र लोपोन्मुख समुदायको पहिचान गर्ने ।<br>• प्रदेशका सीमान्तकृत् र लोपोन्मुख समुदायको क्षमता विकास गरी विकासको मूलधारमा ल्याउने । |
| | **शान्ति सुरक्षा** | • प्रदेश प्रहरी र प्रदेश अनुसन्धान व्युरोको स्थापना गर्ने ।<br>• प्रदेश प्रहरी तालिम प्रतिष्ठान र स्थानीय तह केन्द्रमा कम्तिमा एक प्रहरी चौकीको निर्माण गर्ने ।<br>• प्रत्येक नागरिकले अनुभूति हुने गरी शान्ति सुरक्षाको प्रत्याभूति गर्ने । |
| | **प्रादेशिक एकता** | • प्रदेशका सबै जनताविच भावनात्मक एकताको विकास गर्ने पाठ्यसामाग्रीको निर्माण र वितरण गर्ने ।<br>• प्रदेश समन्वय परिषद्लाई प्रदेशका सबै स्थानीय तहवीच एकता सुदृढ गर्ने सशक्त माध्यम बनाउने । |
| | **मानव अधिकार र सामाजिक न्याय** | • प्रदेशका सबै क्रियाकलापहरू मानव अधिकार मैत्री बनाउने ।<br>• प्रदेश भित्र मानव अधिकारको प्रवर्द्धन, अनुगमन र मूल्याङ्कन गर्ने । |
| | **न्याय प्रणालीको सुदृढीकरण** | • प्रदेशले निर्माण गर्ने कानून संघीय कानून अनुकूल बनाउने ।<br>• स्थानीय तहको कानून निर्माण क्षमता बृद्धि गर्ने । |
| | **संघीय शासन प्रणालीको सुदृढीकरण** | • प्रदेश विकास समस्या समाधान समिति र राष्ट्रिय विकास समस्या समाधान समितिवीचको सम्बन्ध सुदृढ गरी संघीयता कार्यन्वयनका क्रममा देखिएका समस्याहरू समाधान गर्ने ।<br>• अन्तर प्रदेश समन्वय परिषद्मा प्रदेशको भूमिका सशक्त बनाउने । |
| | **प्रदेशभित्रको सन्तुलित विकास** | • सार्वजनिक निजी साझेदारी मार्फत् पिछडिएका क्षेत्र लाभान्वित हुने गरी कार्यक्रम सञ्चालन गर्ने ।<br>• आयोजनाहरू छनौट गर्दा पिछडिएको क्षेत्रलाई प्राथमिकता दिने । |
| | **प्रदेश व्यवस्थापिकाको सुदृढीकरण** | • प्रदेश सभा भवनको निर्माण गर्ने ।<br>• प्रदेश सभा सदस्यको कानून निर्माण क्षमता वृद्धि गर्ने । |
| | **सामाजिक संघसंस्था** | • सामाजिक संघसंस्थाको दर्ता र नवीकरण व्यवस्थित गर्ने ।<br>• सामाजिक संघसंस्थाको अनुगमन, मूल्याङ्कन र नियमन गर्ने । |
| | **अनुगमन तथा मूल्याङ्कन** | • प्रदेश अनुगमन तथा मूल्याङ्कन प्रणालीको विकास गर्ने ।<br>• प्रदेशका प्राथमिकता प्राप्त आयोजनाको नियमित अनुगमन तथा मूल्याङ्कन गर्ने ।<br>• प्रदेश र स्थानीय तहको अनुगमन तथा मूल्याङ्कन क्षमता वृद्धि गर्ने । |
| **८. अन्तर सम्बन्धित विषय** | **सार्वजनिक वित्त** | • सार्वजनिक वित्त व्यवस्थापन गर्ने ।<br>• आन्तरिक तथा वाह्य ऋण परिचालन गर्ने ।<br>• प्रदेश सरकारको ऋण लगानी उत्पादनमूलक क्षेत्रमा गर्ने । |
| | **राजस्व परिचालन** | • आन्तरिक राजस्व वृद्धि गर्ने ।<br>• कर प्रणालीको आधुनिकीकरण गर्ने । |
| | **अन्तर सरकारीवित्त हस्तान्तरण** | • स्थानीय तहलाई समपूरक र विशेष अनुदान दिने प्रणालीको विकास गर्ने ।<br>• प्रदेशले स्थानीय तहलाई दिएको समपूरक र विशेष अनुदान कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्ने प्रणालीको विकास गर्ने । |

| | | |
|---|---|---|
| | **सार्वजनिक, निजी र सहकारी साझेदारी** | ● सार्वजनिक तथा निजी लगानी प्रवर्द्धन गर्ने एकद्वार प्रणाली विकास गर्ने ।<br>● सार्वजनिक निजी क्षेत्रको लगानी उत्पादमूलक क्षेत्रमा विस्तार गर्ने ।<br>● निजी क्षेत्रको लगानी आकर्षित गर्न सहयोगी पूर्वाधार निर्माण गर्ने । |
| | **वैदेशिक लगानी** | ● वैदेशिक लगानीलाई एकद्वार प्रणालीबाट सहजीकरण गर्ने ।<br>● वैदेशिक लगानी आकर्षित गर्ने आयोजनाहरूको विवरण तयार गर्ने ।<br>● लगानी सम्मेलन गर्ने । |
| | **सार्वजनिक ऋण** | ● लाभ लागत विश्लेषणका हिसाबले आकर्षक योजनामा सार्वजनिक ऋण परिचालन गर्ने । |
| | **बचत तथा लगानी** | ● घरपरिवारमा बचतको दायरा बढाउने ।<br>● विप्रेषणलाई उत्पादनमूलक क्षेत्रमा लगानी गर्ने । |
| | **विपद् व्यवस्थापन र जोखिम न्यूनीकरण** | ● विपद्को पूर्व चेतावनी पद्धति (Early Warning System) सुदृढ गर्ने ।<br>● विपद व्यवस्थापन क्षमता सुदृढ गर्ने । |
| | **तथ्याङ्क प्रणाली** | ● तथ्याङ्क व्यवस्थापन गर्न प्रदेश नीति तथा योजना आयोग मातहत तथ्याङ्क विभागको स्थापना र सञ्चालन गर्ने ।<br>● तथ्याङ्क व्यवस्थापन प्रणालीको विकास र डिजिटलाइजेसन गर्ने ।<br>● तथ्याङ्क संकलन र व्यवस्थापनमा स्थानीय तह र नेपाल सरकारसँग समन्वय गर्ने । |
| | **योजना तर्जुमा र कार्यान्वयन** | ● प्रमाणमा आधारित योजना तर्जुमा प्रकृया सुदृढ गर्ने ।<br>● योजना तर्जुमा गर्न स्थानीय तह र नेपाल सरकारसँग सहकार्य र समन्वय गर्ने । |
| | **योजना कार्यान्वयन गर्न अन्तरसरकार समन्वय** | ● योजना कार्यान्वयन गर्न अन्तरमन्त्रालय र अन्तर निकाय समन्वय सुदृढ गर्ने ।<br>● विकास समस्या समाधान गर्ने संयन्त्रहरू सुदृढ गर्ने ।<br>● निर्वाचित पदाधिकारी र कर्मचारीको क्षमता विकास गर्ने । |
| | **अनुसन्धान तथा विकास** | ● अध्ययन अनुसन्धानको लागि वार्षिक वजेट बिनियोजन गर्ने ।<br>● उच्च उत्पादन र उत्पादकत्व हाँसिल गर्न सघाउने अध्ययन अनुसन्धानलाई प्राथमिकता दिने । |
| | **आयोजना बैंक** | ● प्रदेश नीति तथा योजना आयोगमा आयोजना वैंकको विकास गर्ने ।<br>● प्रदेशका प्राथमिकता प्राप्त आयोजनाहरूलाई स्रोत विनियोजन गर्ने प्रणाली विकास गर्ने ।<br>● स्थानीय तहको समपुरक र विशेष अनुदानका आयोजना विकास गर्न क्षमता वृद्धि गर्ने । |
| | **भाषा, साहित्य, संस्कृति र सम्पदा** | ● प्रदेशको भाषा, कला, साँस्कृतिको संरक्षण र प्रवर्द्धन गर्ने ।<br>● प्रदेश प्रज्ञा प्रतिष्ठानको स्थापना र सञ्चालन गर्ने ।<br>● बहु-साँस्कृतिक ग्रामको स्थापना र सञ्चालन गर्ने । |

**पञ्चवर्षीय योजनामा प्रदेशः**

समृद्धि र सुखका लक्ष्यहरू राष्ट्रिय लक्ष्यसँग तुलना गर्न मिल्नेगरी तयार गरिएका छन् । समृद्धितर्फ समष्टिगत आर्थिक क्षेत्र, अर्थतन्त्रमा कृषि र गैरकृषि क्षेत्रको योगदान, अर्थतन्त्रमा क्षेत्रगत योगदान, सरकारी वित्त, वित्तीय क्षेत्र, उद्योग वाणिज्य र आपूर्ति, व्यवसायी प्रतिष्ठान, कृषि तथा वन, श्रम तथा रोजगारी, गरिबी र असमानता, स्वास्थ्य तथा जनसंख्या, शिक्षा र भौतिक पूर्वाधार जस्ता क्षेत्रका ९८ वटा सूचकहरू विकास गरिएका छन् । सुखतर्फ मानव विकास र लैङ्गिक समता, आवास र सहरीकरण, सामाजिक सुरक्षा, वातावरण र विपद् व्यवस्थापन, मानव सुरक्षा र राष्ट्रिय एकता तथा समानता, मानव अधिकार र सुशासन तर्फका गरी ४३ वटा सूचकहरू विकास गरिएका छन् । तुलनायोग्य सूचकहरू निम्नअनुसार छन्:

**पञ्चवर्षीय योजनामा समृद्धि र सुखका राष्ट्रिय तथा गण्डकी प्रदेशका लक्ष्यहरू**

| क्र. सं. | लक्ष्य, गन्तव्य र सूचक | एकाई | आ.व. २०७५/७६ को यथार्थ | | आ.व. २०८०/८१ को लक्ष्य | | पुस्टयाइँको स्रोत |
|---|---|---|---|---|---|---|---|
| | | | नेपाल | गण्डकी प्रदेश | नेपाल | गण्डकी प्रदेश | |
| **क** | **समष्टिगत आर्थिक सूचक (Macroeconomic Indicators)** | | | | | | |
| १ | वार्षिक आर्थिक वृद्धिदर | प्रतिशत | ६.८ | ७.१ | ९.६ | १०.२ | राष्ट्रिय लेखा, केन्द्रीय तथ्याङ्क विभाग |
| २ | कुल ग्राहस्थ्य उत्पादन (प्रचलित मूल्यमा) | रु. लाखमा | ३४६४३१९ | २८८२०६.६ | ५६१५१९ | ४६८७९५ | राष्ट्रिय लेखा, केन्द्रीय तथ्याङ्क विभाग |
| ३ | प्रतिव्यक्ति आय | अमेरिकी डलर | १०४७ | १०४३ | १५९५ | १९५६ | राष्ट्रिय लेखा, केन्द्रीय तथ्याङ्क विभाग |
| ४ | देशको कुल ग्राहस्थ्य उत्पादनमा प्रदेशको योगदान | प्रतिशत | | ८.३ | | ८.३१ | राष्ट्रिय लेखा, केन्द्रीय तथ्याङ्क विभाग |
| **ख** | **अर्थतन्त्रमा कृषि तथा गैर कृषि क्षेत्रको योगदान (Contribution of Agriculture and Non-Agriculture Sector)** | | | | | | |
| ५ | क. कृषि | प्रतिशत | २६.९८ | २८.२० | २२.३० | २३.७ | राष्ट्रिय लेखा, केन्द्रीय तथ्याङ्क विभाग |
| ६ | ख. गैरकृषि | प्रतिशत | ७३.०० | ७१.८० | ७७.७० | ७६.३ | राष्ट्रिय लेखा, केन्द्रीय तथ्याङ्क विभाग |
| **ग** | **अर्थतन्त्रमा क्षेत्रगत योगदान (Sectoral Contribution to Economy)** | | | | | | |
| ७ | प्राथमिक क्षेत्र (कृषि, वन र खानी तथा उत्खनन्) | प्रतिशत | २७.६ | ३०.७ | २३ | २३.७ | राष्ट्रिय लेखा, केन्द्रीय तथ्याङ्क विभाग |
| ८ | द्वितीय क्षेत्र (उद्योग, विद्युत्, ग्याँस, पानी र निर्माण) | प्रतिशत | १४.६ | १७.४ | १८.१ | २२.४ | राष्ट्रिय लेखा, केन्द्रीय तथ्याङ्क विभाग |
| ९ | तृतीय क्षेत्र (सेवा) | प्रतिशत | ५७.८ | ५१.९ | ५८.९ | ५३.९ | राष्ट्रिय लेखा, केन्द्रीय तथ्याङ्क विभाग |
| **घ** | **सरकारी वित्त (Public Finance)** | | | | | | |
| १० | कुल ग्राहस्थ्य उत्पादनको अनुपातमा वार्षिक बजेट | प्रतिशत | ४३.४ | ११.१ | ६४.० | १४.२ | आर्थिक मामिला तथा योजना मन्त्रालय |
| ११ | बजेटमा पुँजीगत र चालु विनियोजनको अनुपात | अनुपात | १:३ | १.९६:१ | १:१.५ | १.५:१ | आर्थिक मामिला तथा योजना मन्त्रालय |
| १२ | वार्षिक विनियोजनमध्ये कुल खर्च | प्रतिशत | ८९.४ | ५८ | ९९ | ९९ | महालेखा परीक्षकको वार्षिक प्रतिवेदन |
| १३ | वार्षिक विनियोजनमध्ये पुँजीगत खर्च | प्रतिशत | ८७.४ | ८१.७ | ९९ | ९९ | महालेखा परीक्षकको वार्षिक प्रतिवेदन |
| १४ | वार्षिक विनियोजनमध्ये चालु खर्च | प्रतिशत | ९१.३ | ५८.० | ९९ | ९९ | महालेखा परीक्षकको वार्षिक प्रतिवेदन |

| क्र.सं. | लक्ष्य, गन्तव्य र सूचक | एकाई | आ.व. २०७५/७६ को यथार्थ | | आ.व. २०८०/८१ को लक्ष्य | | पुस्टयाइँको स्रोत |
|---|---|---|---|---|---|---|---|
| | | | नेपाल | गण्डकी प्रदेश | नेपाल | गण्डकी प्रदेश | |
| १५ | संघीय बजेटवाट हस्तान्तरित अनुदान (प्रदेशको कुल ग्राहस्थ उत्पादनको अनुपातमा) | प्रतिशत | | ५.५ | | ६.० | महालेखा परीक्षकको वार्षिक प्रतिवेदन |
| १६ | संघीय बजेटवाट हस्तान्तरित अनुदान (प्रदेशको हिस्सा) | प्रतिशत | | १२.७ | | १३.० | महालेखा परीक्षकको वार्षिक प्रतिवेदन |
| १७ | राजस्व बाँडफाँटको अंश | प्रतिशत | | १२.९ | | १२.९ | आर्थिक मामिला तथा योजना मन्त्रालय |
| १८ | प्रदेशको बजेटमा राजस्वको अंश (खर्च व्यहोर्ने स्रोत) | प्रतिशत | | ३६ | | ५०.० | आर्थिक मामिला तथा योजना मन्त्रालय |
| १९ | प्रदेशको बजेटबाट स्थानीय तहमा जाने अनुदानका लागि विनियोजन | प्रतिशत | | ४.३७ | | १०.० | आर्थिक मामिला तथा योजना मन्त्रालय |
| २० | स्थानीय तहहरूको आयमा अनुदानको अंश | प्रतिशत | ८७.२ | ८९.५ | ८२.२ | ८४.५ | महालेखा परीक्षकको वार्षिक प्रतिवेदन |
| २१ | स्थानीय तहहरूको कुल खर्चमा पुँजीगत खर्चको अंश | प्रतिशत | ४१.३ | ४३.१ | ४६.३ | ४८.१ | महालेखा परीक्षकको वार्षिक प्रतिवेदन |
| **ङ** | **वित्तीय क्षेत्र** (**Financial Sector**) | | | | | | |
| २२ | जनसङ्ख्याप्रति बैंक तथा वित्तीय संस्थाको शाखा | जना | ३३६३ | २२५७ | ३३६३ | २२५७ | नेपाल राष्ट्र बैंक |
| २३ | प्रति स्थानीय तह बैंक र वित्तीय संस्थाको शाखा | संख्या | ११.७ | १४.० | १३ | १५.० | नेपाल राष्ट्र बैंक |
| २४ | बाणिज्य बैंकको उपस्थिति रहेका स्थानीय तह | संख्या | ७३९ | ८४ | ७५३ | ८५.० | नेपाल राष्ट्र बैंक |
| २५ | वचत तथा ऋण सहकारी संस्था | संख्या | १३७६९ | १४७० | | १८३७ | नेपाल राष्ट्र बैंक |
| २६ | लघु वित्त संस्थाको शाखा | संख्या | १४२५ | १७९ | | २१५ | नेपाल राष्ट्र बैंक |
| **च** | **उद्योग, वाणिज्य तथा आपूर्ति** (**Industry, Commerce and Supply**) | | | | | | |
| २७ | कुल ग्राहस्थ्य उत्पादनमा उद्योग क्षेत्रको हिस्सा | प्रतिशत | ५.५९ | ३.१७ | ६.५० | ३.६३ | राष्ट्रिय लेखा, केन्द्रीय तथ्याङ्क विभाग |
| २८ | कुल आर्थिक प्रतिष्ठान मध्ये औद्योगिक प्रतिष्ठानको अनुपात | प्रतिशत | ११.३ | १०.९ | १२.३ | ११.९ | राष्ट्रिय आर्थिक गणना, केन्द्रीय तथ्याङ्क विभाग |
| २९ | प्रतिष्ठानमा संलग्न कुल जनशक्तिमध्ये औद्योगिक प्रतिष्ठानमा संलग्नको हिस्सा | प्रतिशत | १५.८ | ११.४ | १६.३ | १३.४ | राष्ट्रिय आर्थिक गणना, केन्द्रीय तथ्याङ्क विभाग |

| क्र. सं. | लक्ष्य, गन्तव्य र सूचक | एकाइ | आ.व. २०७५/७६ को यथार्थ | | आ.व. २०८०/८१ को लक्ष्य | | पुस्टयाइँको स्रोत |
|---|---|---|---|---|---|---|---|
| | | | नेपाल | गण्डकी प्रदेश | नेपाल | गण्डकी प्रदेश | |
| ३० | कुल औद्योगिक प्रतिष्ठान मध्ये दर्ता भएका प्रतिष्ठान | प्रतिशत | ४८.६ | ५३.० | १००.० | १००.० | राष्ट्रिय आर्थिक गणना, केन्द्रीय तथ्याङ्क विभाग |
| ३१ | कुल ग्राहस्थ्य उत्पादनमा वाणिज्य क्षेत्र (थोक तथा खुद्रा व्यापार) को हिस्सा | प्रतिशत | १४.३७ | ७.९९ | १५.३७ | ८.९९ | राष्ट्रिय लेखा, केन्द्रीय तथ्याङ्क विभाग |
| ३२ | कुल आर्थिक प्रतिष्ठान मध्ये व्यापारिक प्रतिष्ठानको अनुपात | प्रतिशत | ५३.९ | ५०.२ | ५३.९ | ५०.२ | राष्ट्रिय आर्थिक गणना, केन्द्रीय तथ्याङ्क विभाग |
| ३३ | प्रतिष्ठानहरूमा संलग्न कुल जनशक्ति मध्ये व्यापारिक प्रतिष्ठानमा संलग्नको हिस्सा | प्रतिशत | ३०.६ | २९.९ | ३०.६ | २९.९ | राष्ट्रिय आर्थिक गणना, केन्द्रीय तथ्याङ्क विभाग |
| ३४ | कुल व्यापारिक प्रतिष्ठान मध्ये दर्ता भएका प्रतिष्ठान | प्रतिशत | ४४.० | ४८.० | १००.० | १००.० | राष्ट्रिय आर्थिक गणना, केन्द्रीय तथ्याङ्क विभाग |
| **छ** | **व्यावसायिक प्रतिष्ठान (Business Enterprises)** | | | | | | |
| ३५ | देशका कुल आर्थिक प्रतिष्ठानमा प्रदेशको हिस्सा | प्रतिशत | | १०.९ | | ११.९ | राष्ट्रिय आर्थिक गणना, केन्द्रीय तथ्याङ्क विभाग |
| ३६ | प्रति प्रतिष्ठानमा संलग्न जनशक्ति (Average size of persons engaged) | जना | ३.५ | ३.३ | ३.८ | ४.० | राष्ट्रिय आर्थिक गणना, केन्द्रीय तथ्याङ्क विभाग |
| ३७ | प्रदेशका कुल प्रतिष्ठानमा दर्ता भएका प्रतिष्ठानको अनुपात | प्रतिशत | ५०.१ | ५५.५ | १०० | १०० | राष्ट्रिय आर्थिक गणना, केन्द्रीय तथ्याङ्क विभाग |
| ३८ | प्रतिष्ठानमा संलग्न जनशक्तिको लैङ्गिक अनुपात | पुरुष प्रति सय महिला | १५०.० | ११९.५ | १२०.० | १०५.० | राष्ट्रिय आर्थिक गणना, केन्द्रीय तथ्याङ्क विभाग |
| **ज** | **कृषि तथा वन (Agriculture and Forestry)** | | | | | | |
| ३९ | कुल ग्राहस्थ्य उत्पादनमा कृषि तथा वन र मत्स्यपालनको हिस्सा | प्रतिशत | २७.० | २८.२ | २२.३ | २३.७ | राष्ट्रिय लेखा, केन्द्रीय तथ्याङ्क विभाग |
| ४० | प्रमुख खाद्यान्न बालीको उत्पादकत्व (धान, मकै, कोदो, फापर, जौ र गहुँ) मे. टन प्रति हेक्टर | टन | २.९ | २.७ | ४.० | ३.८ | वार्षिक प्रतिवेदन, कृषि तथा पशुपंक्षी विकास मन्त्रालय |
| ४१ | तेलहन बालीको उत्पादकत्व (मे. टन प्रति हेक्टर) | टन | १.१ | ०.९८ | १.५ | १.३ | वार्षिक प्रतिवेदन, कृषि तथा पशुपंक्षी विकास मन्त्रालय |

| क्र.सं. | लक्ष्य, गन्तव्य र सूचक | एकाई | आ.व. २०७५/७६ को यथार्थ | | आ.व. २०८०/८१ को लक्ष्य | | पुस्टयाइँको स्रोत |
|---|---|---|---|---|---|---|---|
| | | | नेपाल | गण्डकी प्रदेश | नेपाल | गण्डकी प्रदेश | |
| ४२ | आलु बालीको उत्पादकत्व (मे. टन प्रति हेक्टर) | टन | १६.४ | १२.९ | २२. | १९.९ | वार्षिक प्रतिवेदन, कृषि तथा पशुपंक्षी विकास मन्त्रालय |
| ४३ | कृषि तथा वन र मत्स्यपालन सम्बन्धी व्यावसायिक प्रतिष्ठान (कुल प्रतिष्ठानको हिस्सा) | प्रतिशत | २.६ | ४.० | ५.० | ६.० | राष्ट्रिय आर्थिक गणना, केन्द्रीय तथ्याङ्क विभाग |
| ४४ | प्रतिष्ठानहरूमा संलग्न कुल जनशक्तिमध्ये कृषि तथा वन र मत्स्यपालन सम्बन्धी प्रतिष्ठानमा संलग्नको हिस्सा | प्रतिशत | ३.३ | ३.९ | ४.३ | ४.८ | राष्ट्रिय आर्थिक गणना, केन्द्रीय तथ्याङ्क विभाग |
| ४५ | कृषक परिवारले चलन गरेको प्रति कित्ता जमिनको आकार | हेक्टर | ०.२ | ०.२ | ०.३ | ०.३ | राष्ट्रिय कृषि गणना, केन्द्रीय तथ्याङ्क विभाग |
| ४६ | ३० मिनेटसम्मको दूरीमा कृषि उपज बिक्रीका लागि बजार उपलब्ध भएका कृषक परिवार | प्रतिशत | २९.७ | २४.९ | ५१.७ | ४६.९ | नेपाल जीवन स्तर सर्वेक्षण, केन्द्रीय तथ्याङ्क विभाग |
| ४७ | खेतीयोग्य जमिनमध्ये सिंचित जमिन | प्रतिशत | ४५.० | २७.४ | ४५.० | ३०.१ | वार्षिक प्रतिवेदन, कृषि तथा पशुपंक्षी विकास मन्त्रालय |
| ४८ | वर्षभरी सिंचाई हुने खेतीयोग्य जमिन | प्रतिशत | ३३.० | १२.७ | ५०.० | १५.३ | वार्षिक प्रतिवेदन, कृषि तथा पशुपंक्षी विकास मन्त्रालय |
| **झ** | **श्रम तथा रोजगारी (Labour and Employment)** | | | | | | |
| ४९ | श्रमशक्ति सहभागिता दर (१५ वर्ष माथि) | प्रतिशत | ३८.५ | ३५.७ | ४८.५ | ५०.० | नेपाल श्रमशक्ति सर्वेक्षण, केन्द्रीय तथ्याङ्क विभाग |
| ५० | बेरोजगारी दर | प्रतिशत | ११.४ | ९.० | ६.० | ४.० | नेपाल श्रमशक्ति सर्वेक्षण, केन्द्रीय तथ्याङ्क विभाग |
| ५१ | रोजगारीमा औपचारिक क्षेत्रको हिस्सा | प्रतिशत | ३६.५ | ३९.९ | ५०.० | ५५.० | नेपाल श्रमशक्ति सर्वेक्षण, केन्द्रीय तथ्याङ्क विभाग |
| ५२ | रोजगारी र जनसंख्याको अनुपात | प्रतिशत | ३२.२ | ३२.५ | ४२.२ | ४२.५ | नेपाल श्रमशक्ति सर्वेक्षण, केन्द्रीय तथ्याङ्क विभाग |

| क्र. सं. | लक्ष्य, गन्तव्य र सूचक | एकाई | आ.व. २०७५/७६ को यथार्थ | | आ.व. २०८०/८१ को लक्ष्य | | पुस्टयाइँको स्रोत |
|---|---|---|---|---|---|---|---|
| | | | नेपाल | गण्डकी प्रदेश | नेपाल | गण्डकी प्रदेश | |
| ५३ | तल्लो ५ प्रतिशत र माथिल्लो ५ प्रतिशत आम्दानी भएका श्रमिकको मासिक आम्दानीको अनुपात | अनुपात | ५.८३ | ५.८३ | २.० | २.३ | नेपाल श्रमशक्ति सर्वेक्षण, केन्द्रीय तथ्याङ्क विभाग |
| ५४ | श्रम उत्पादकत्व | रू. हजारमा | १८४.६ | १८८.४ | २७६ | २८१.७ | राष्ट्रिय योजना आयोग |
| **ञ** | **गरिबी र असमानता (Poverty and Unemployment)** | | | | | | |
| ५५ | बहुआयामिक गरिबीमा रहेको जनसंख्या | प्रतिशत | २८.६ | १४.२ | १३ | ७.३ | राष्ट्रिय योजना आयोग |
| ५६ | प्रति दिन १.९ डलर (PPP) आम्दानीका आधारमा गरिबी | प्रतिशत | १४.९९ | ११.१ | १४.९९ | १०.०० | दिगो विकास लक्ष्यका प्रादेशिक सूचकहरू राष्ट्रिय योजना आयोग |
| ५७ | आम्दानीमा माथिल्लो १० र तल्लो ४० प्रतिशत जनसंख्याको अनुपात (Palma Ratio) | अनुपात | १.३० | १.४१ | १.२५ | १.१० | दिगो विकास लक्ष्यका प्रादेशिक सूचकहरू राष्ट्रिय योजना आयोग |
| ५८ | सम्पत्तिमा आधारित जिनी गुणक (Gini Coefficient) | गुणक | ०.३१ | ०.३७ | ०.२९ | ०.२६ | नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण |
| ५९ | कुल उपभोगमा तल्लो ४० प्रतिशत जनसंख्याको हिस्सा | प्रतिशत | १८.५ | १८.९ | १८.५१ | २५.०० | दिगो विकास लक्ष्यका प्रादेशिक सूचकहरू राष्ट्रिय योजना आयोग |
| ६० | कुल आम्दानीमा तल्लो ४० प्रतिशत जनसंख्याको हिस्सा | प्रतिशत | ५.३ | ७.८ | ५.३४ | १३.०० | दिगो विकास लक्ष्यका प्रादेशिक सूचकहरू राष्ट्रिय योजना आयोग |
| **ट** | **स्वास्थ्य तथा जनसङ्ख्या (Health and Population)** | | | | | | |
| ६१ | अपेक्षित आयु जन्म (हुँदाको) | वर्ष | ६९.७ | ७१.४ | ७२ | ७७.० | राष्ट्रिय योजना आयोग |
| ६२ | जनघनत्व (जना प्रति वर्ग.कि.मि.) | जना | १८० | १०९ | २०० | १३० | राष्ट्रिय जनगणना, केन्द्रीय तथ्याङ्क विभाग |
| ६३ | प्रति परिवार औसत सदस्य संख्या | जना | ४.८ | ४.२ | ४.४ | ४.० | राष्ट्रिय जनगणना, केन्द्रीय तथ्याङ्क विभाग |
| ६४ | ५ वर्ष मुनिको बाल मृत्युदर (प्रतिहजार जीवित जन्ममा) | दर | ३९ | २७ | २४ | २२ | नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण |
| ६५ | शिशु मृत्युदर (प्रतिहजार जीवित जन्ममा) | दर | ३२.० | २३.० | १७ | १७ | नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण |
| ६६ | नवजात शिशु मृत्युदर (प्रतिहजार जीवित जन्ममा) | दर | २१ | १५ | १० | १० | नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण |

| क्र. सं. | लक्ष्य, गन्तव्य र सूचक | एकाई | आ.व. २०७५/७६ को यथार्थ | | आ.व. २०८०/८१ को लक्ष्य | | पुस्टयाइँको स्रोत |
|---|---|---|---|---|---|---|---|
| | | | नेपाल | गण्डकी प्रदेश | नेपाल | गण्डकी प्रदेश | |
| ६७ | पहिलो बच्चा जन्माउने औसत उमेर (प्रजननयोग्य उमेरका महिला) | प्रतिशत | २०.४ | २०.६ | २२.४ | २२.६ | नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण |
| ६८ | कुल प्रजनन दर (प्रति महिला शिशु जन्म) | दर | २.३ | २.० | २.१ | २.१ | नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण |
| ६९ | किशोरी अवस्थाको प्रजनन (प्रजननयोग्य उमेरका महिलाको अनुपात) | प्रतिशत | १७.० | १४.० | ५.० | ५.० | नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण |
| ७० | परिवार नियोजनका आधुनिक साधनको प्रयोग गर्ने प्रजननयोग्य उमेरका महिला | प्रतिशत | ४३ | ३७.३ | ५३ | ५३ | नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण |
| ७१ | प्रजननयोग्य उमेरका महिलामा परिवार नियोजनका आधुनिक साधनको न्यूनता | प्रतिशत | २४ | ३० | १० | १६ | नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण |
| ७२ | संस्थागत सुत्केरी सेवाको उपयोग | प्रतिशत | ५७.४ | ६८.३ | ७६ | ८८ | नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण |
| ७३ | दक्ष स्वास्थ्यकर्मीबाट प्रसूति सेवा लिएका महिला | प्रतिशत | ५८.० | ६९.९ | ७९ | ८० | नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण |
| ७४ | ३० मिनेटसम्मको दूरीमा स्वास्थ्य सेवामा पहुँच रहेका परिवार | प्रतिशत | ४९.३ | ५३.७ | ८०.० | ७७.४ | नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण |
| ७५ | एच. आई. भि. एड्स रोकथामबारे जानकारी प्राप्त प्रजननयोग्य उमेरका महिला | प्रतिशत | ८१ | ८३ | ९५ | ९८ | नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण |
| ७६ | ऋणात्मक जनसंख्या वृद्धिदर (बसाइँ सरेर जाने उच्चदर) भएका जिल्ला | संख्या | २७ | ८ | १० | ३ | राष्ट्रिय जनगणना, केन्द्रीय तथ्याङ्क विभाग |
| ठ | **शिक्षा (Education)** | | | | | | |
| ७७ | साक्षरता दर (५ वर्ष माथि) | प्रतिशत | ६६.० | ७४.८ | ९६ | ९५ | राष्ट्रिय जनगणना, केन्द्रीय तथ्याङ्क विभाग |
| ७८ | साक्षरता दर (१५ वर्ष माथि) | प्रतिशत | ५८ | ६७ | ९० | ९५ | राष्ट्रिय जनगणना, केन्द्रीय तथ्याङ्क विभाग |
| ७९ | युवा साक्षरता दर (१५ देखि २४ वर्ष) | प्रतिशत | ८५ | ९५ | ९९ | ९९ | राष्ट्रिय जनगणना, केन्द्रीय तथ्याङ्क विभाग |

| क्र. सं. | लक्ष्य, गन्तव्य र सूचक | एकाई | आ.व. २०७५/७६ को यथार्थ | | आ.व. २०८०/८१ को लक्ष्य | | पुस्टयाइँको स्रोत |
|---|---|---|---|---|---|---|---|
| | | | नेपाल | गण्डकी प्रदेश | नेपाल | गण्डकी प्रदेश | |
| ८० | माध्यमिक तह (९ देखि १२) मा कुल भर्ना दर | प्रतिशत | ६०.६ | ७३.७ | ९० | ९२ | वार्षिक प्रतिवेदन, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय |
| ८१ | आधारभूत तह (१-८) मा खुद भर्ना दर | प्रतिशत | ९२.३ | ९४.८ | ९९.५ | ९९.० | वार्षिक प्रतिवेदन, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय |
| ८२ | माध्यमिक तह (९-१२) मा खुद भर्ना दर | प्रतिशत | ४३.९ | ४४.७ | ६५ | ६० | वार्षिक प्रतिवेदन, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय |
| ८३ | विद्यालय शिक्षा (१-१२) को भर्नामा लैङ्गिक समता | महिला प्रति सय पुरुष | १०४.१ | १०४.६ | १०५ | १०५.६ | वार्षिक प्रतिवेदन, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय |
| ८४ | उच्च शिक्षामा कुल भर्ना दर | प्रतिशत | १०.५ | ८.३ | २२ | २१ | वार्षिक प्रतिवेदन, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय |
| ८५ | आधारभूत तहमा विद्यालय जाने उमेरका विद्यालय बाहिर रहेका विद्यार्थी | प्रतिशत | २२.९ | ९.६ | ५ | १ | वार्षिक प्रतिवेदन, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय |
| ८६ | उच्च शिक्षाको भर्नामा लैङ्गिक समता | महिला प्रति सय पुरुष | १०९.० | १६१.२ | ११० | १६१.२ | वार्षिक प्रतिवेदन, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय |
| ८७ | बाल कक्षा र पूर्व प्राथमिक तहको अनुभवसहित कक्षा १ मा भर्ना दर | प्रतिशत | ६६.३ | ५९.८ | ९० | ९०.० | वार्षिक प्रतिवेदन, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय |
| ८८ | विद्यालय शिक्षा (१-१२) शिक्षक-विद्यार्थि अनुपात | अनुपात | २४.१ | २२.४ | २० | २०.० | वार्षिक प्रतिवेदन, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय |
| **ङ** | **भौतिक पूर्वाधार (Physical Infrastructure)** | | | | | | |
| ८९ | प्रादेशिक लोकमार्ग | कि.मि. | ६,९७९ | ९३७ | १५,००० | ३४५० | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय |
| ९० | स्थानीय सडक | कि.मि. | ६०१६२ | ९९८४ | | ९९५३ | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय |
| ९१ | विद्युत्मा पहुँच प्राप्त परिवार | प्रतिशत | ९०.७ | ८२.५ | ९९ | १०० | नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण |
| ९२ | आधारभूत खानेपानी सुविधा पुगेको परिवार | प्रतिशत | ८९. | ९१.१ | ९९ | १०० | नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण |
| ९३ | उच्च मध्यम स्तरको खानेपानी सुविधा पुगेको परिवार | प्रतिशत | २१ | २०. | ४० | ५० | खानेपानी मन्त्रालय |

| क्र. सं. | लक्ष्य, गन्तव्य र सूचक | एकाई | आ.व. २०७५/७६ को यथार्थ | | आ.व. २०८०/८१ को लक्ष्य | | पुस्टयाइँको स्रोत |
|---|---|---|---|---|---|---|---|
| | | | नेपाल | गण्डकी प्रदेश | नेपाल | गण्डकी प्रदेश | |
| ९४ | इन्टरनेट प्रयोगकर्ता (कुल जनसंख्यामा) | प्रतिशत | ५५.४ | ४८.० | ८० | ८० | नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण २०१६ |
| ९५ | जलविद्युत् उत्पादन (जडित क्षमता) | मेगावाट | १०७४.१ | ४४८.५ | ५००० | १५०० | उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय |
| ९६ | प्रतिव्यक्ति प्रतिवर्ष विद्युत् उपभोग | किलोवाट घण्टा | २४५ | १९० | ७०० | ७५० | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय |
| | **राष्ट्रिय तथा प्रादेशिक सुखका लक्ष्य, गन्तव्य र सूचक** | | | | | | |
| **क** | **मानव विकास र लैङ्गिक समता (Human Development and Gender Equality)** | | | | | | |
| १ | मानव विकास सूचकाङ्क | सूचकाङ्क | ०.५७९ | ०.५९ | ०.६२४ | ०.६५ | राष्ट्रिय योजना आयोग |
| २ | जनसंख्यामा सक्रिय उमेरको हिस्सा (जनसांख्यिक लाभांश) | प्रतिशत | ५६.९ | ५७.० | ६०.० | ६६.० | राष्ट्रिय जनगणना, केन्द्रीय तथ्याङ्क विभाग |
| ३ | जनसंख्यामा आश्रित अनुपात | अनुपात | ७५.६ | ७५.८ | ७०.० | ७०.० | राष्ट्रिय जनगणना, केन्द्रीय तथ्याङ्क विभाग |
| ४ | जनसंख्यामा लैङ्गिक अनुपात | अनुपात | ९४.२ | ८३.१ | १००. | ९६.० | राष्ट्रिय जनगणना, केन्द्रीय तथ्याङ्क विभाग |
| ५ | रोजगार महिला र पुरुषको मासिक आम्दानीको अनुपात (मुख्य कामबाट) | अनुपात | १.१७ | १.१६ | १.१ | १.१ | नेपाल श्रमशक्ति सर्वेक्षण, केन्द्रीय तथ्याङ्क विभाग |
| ६ | घर जग्गामा एकल स्वामित्व भएका महिला (१५ देखि ४९ वर्ष) | प्रतिशत | १६.७ | १९.९ | २५.० | २८.० | नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण |
| ७ | जीवनकालमा शारीरिक वा मानसिक वा यौनहिंसा पीडित महिला | प्रतिशत | २६.३ | १६.९ | १३.० | १०.० | नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण |
| ८ | विगत १२ महिनामा शारीरिक वा मानसिक वा यौनहिंसा पीडित महिला | प्रतिशत | १३.५ | ४.९ | ६.० | ३.० | नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण |
| ९ | प्रदेश व्यवस्थापिकामा महिलाको प्रतिनिधित्व | प्रतिशत | | ३३.३ | | ३५.० | निर्वाचन आयोग |
| १० | स्थानीय तहका प्रमुखमा निर्वाचित महिला | प्रतिशत | | ७.१ | | १५.० | निर्वाचन आयोग |
| ११ | प्रत्यक्ष लैङ्गिक उत्तरदायी बजेट विनियोजन अनुपात | प्रतिशत | ३९ | ६६.० | | ७०.० | आर्थिक मामिला तथा योजना मन्त्रालय |
| **ख** | **आवास र शहरीकरण (Housing and Urbanization)** | | | | | | |
| १२ | सुरक्षित भवन आचार संहिताको मापदण्ड अनुसार निर्मित) आवासमा बसोबास गर्ने जनसंख्या | प्रतिशत | ३७.८ | २६.२ | ६०.० | ३७.० | भौतिक पूर्वाधार विकास मन्त्रालय |

| क्र. सं. | लक्ष्य, गन्तव्य र सूचक | एकाइ | आ.व. २०७५/७६ को यथार्थ | | आ.व. २०८०/८१ को लक्ष्य | | पुस्टयाइँको स्रोत |
|---|---|---|---|---|---|---|---|
| | | | नेपाल | गण्डकी प्रदेश | नेपाल | गण्डकी प्रदेश | |
| १३ | आफ्नै स्वामित्वको आवासमा बसोबास गर्ने परिवार | प्रतिशत | ८५.३ | ८१.७ | ८९.० | ८३.० | राष्ट्रिय जनगणना, केन्द्रीय तथ्याङ्क विभाग |
| १४ | ३० मिनेटको पैदल दूरीमा बजार केन्द्रको पहुँच पुगेको परिवार | प्रतिशत | ४४.७ | ४७.५ | ७५ | ६०.० | दिगो विकास लक्ष्यका प्रादेशिक सूचकहरू राष्ट्रिय योजना आयोग |
| १५ | सुधारिएको सरसफाई सुविधा प्राप्त गर्ने परिवार | प्रतिशत | ६४.६ | ७३.६ | ९०.० | ८५.० | दिगो विकास लक्ष्यका प्रादेशिक सूचकहरू राष्ट्रिय योजना आयोग |
| १६ | खाना पकाउन ठोस इन्धन (दाउरा, गुइँठा आदि) प्रयोग गर्ने परिवार | प्रतिशत | ६५.७ | ६९.३ | ५०.० | ५९.० | दिगो विकास लक्ष्यका प्रादेशिक सूचकहरू राष्ट्रिय योजना आयोग |
| १७ | ग्रामीण र शहरी जनघनत्वको अनुपात | अनुपात | ३.६ | ६.५ | २.० | ३.० | राष्ट्रिय जनगणना, केन्द्रीय तथ्याङ्क विभाग |
| **ग** | **सामाजिक सुरक्षा (Social Security)** | | | | | | |
| १८ | आधारभूत सामाजिक सुरक्षामा आबद्ध जनसंख्या | प्रतिशत | १७ | २३ | ६० | ६६ | नेपाल श्रमशक्ति सर्वेक्षण |
| १९ | स्वास्थ्य बीमामा आवद्ध जनसंख्या | प्रतिशत | ३.५ | ७.० | ६०.० | ६४.० | स्वास्थ्य बीमा बोर्ड |
| २० | कृषि तथा पशु बीमामा आवद्ध परिवार | प्रतिशत | | ५.० | | २५.० | कृषि तथा पशुपंक्षी विकास मन्त्रालय |
| **घ** | **वातावरण र विपद् व्यवस्थापन (Environment and Disaster Management)** | | | | | | |
| २१ | वायु प्रदूषणको औसत मात्रा (पि पि एम २.५) | माइक्रोग्राम प्रति घन मिटर | ५३ | ५३ | ४० | ४० | वन तथा वातावरण मन्त्रालय |
| २२ | अनुकूलन योजना तयार भई कार्यान्वियन भएका स्थानीय तह | संख्या | २१७ | २ | ५५० | २० | वन तथा वातावरण मन्त्रालय |
| **ङ** | **मानव सुरक्षा र राष्ट्रिय एकता तथा सम्मान (Human Security, National Unity and Respect)** | | | | | | |
| २३ | राष्ट्रिय परिचयपत्र प्राप्त गरेका नेपाली नागरिक | प्रतिशत | | | १०० | १०० | गृह मन्त्रालय |
| २४ | पाँच वर्षमुनिका बालबालीकको जन्म दर्ता | प्रतिशत | ५६.० | ६०.८ | १००.० | ९०.० | नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण |
| २५ | कुपोषण प्रभावित जनसंख्या | प्रतिशत | ३८.० | ४१.७ | २०.० | २०.० | राष्ट्रिय योजना आयोग |
| २६ | आधारभूत खाद्य सुरक्षाको स्थितिमा रहेका परिवार | प्रतिशत | ४८.२ | ५६.० | ७०.० | ८३.० | नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण |
| २७ | उच्च खाद्य असुरक्षाको स्थितिमा रहेका परिवार | प्रतिशत | ९.९ | ६.० | ७.० | २.० | नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण |

| क्र. सं. | लक्ष्य, गन्तव्य र सूचक | एकाई | आ.व. २०७५/७६ को यथार्थ | | आ.व. २०८०/८१ को लक्ष्य | | पुस्टयाइँको स्रोत |
|---|---|---|---|---|---|---|---|
| | | | नेपाल | गण्डकी प्रदेश | नेपाल | गण्डकी प्रदेश | |
| २८ | उपभोगको २ तिहाई खानामा खर्च गर्ने जनसंख्या | प्रतिशत | ४४.१ | ४४.२ | ३० | १७ | नेपाल जीवन स्तर सर्वेक्षण, केन्द्रीय तथ्याङ्क विभाग |
| २९ | प्रतिव्यक्ति खाद्य उत्पादन | किलोग्राम | १९७.५ | २३४.० | २५०.० | ४००.० | कृषि तथा पशुपंक्षी विकास मन्त्रालय |
| ३० | पाँच वर्ष मुनिका कम तौल भएका बालबालिका | प्रतिशत | २७.० | १४.९ | १५.० | ८ | नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण २०१६ |
| ३१ | पाँच वर्ष मुनिका बालबालिकामा दुब्लोपन | प्रतिशत | ९.७ | ५.८ | ५.० | १ | नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण |
| ३२ | पाँच वर्ष मुनिका बालबालिकामा पुड्कोपन | प्रतिशत | ३५.८ | २८.९ | १८.० | १७.३ | नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण |
| ३३ | प्रजननयोग्य उमेरका महिलामा रक्तअल्पता | प्रतिशत | ४०.८ | २८.२ | २०.० | १६ | नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण |
| ३४ | पाँच वर्ष मुनिका बालबालिकामा रक्तअल्पता | प्रतिशत | ५२.७ | ४६.२ | २५.० | १० | नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण |
| ३५ | प्रहरी र जनसंख्याको अनुपात | जनता र प्रहरी | ३९५ | २९१.३ | | ३०० | गृह मन्त्रालय |
| **च** | **मानव अधिकार (Human Rights)** | | | | | | |
| ३६ | दर्ता भएका लैङ्गिक हिंसा लगायतका अपराधका घटना र अनुसन्धानको अनुपात | अनुपात | ८८.९ | ८२.७ | १०० | १०० | गृह मन्त्रालय |
| ३७ | शान्ति सुरक्षाका लागि विनियोजित प्रतिव्यक्ति बजेट | रूपैया | | | | | गृह मन्त्रालय |
| ३८ | हराएका बालबालिकामा फेला पार्न नसिकएकाको अनुपात (Untraced Rate) | प्रतिशत | ५६.४ | ५३.१ | २८.० | २६.० | गृह मन्त्रालय |
| **छ** | **सुशासन (Governance)** | | | | | | |
| ३९ | आवधिक योजना तर्जुमा गरेका स्थानीय तह | संख्या | | १९ | | ८५ | प्रदेश नीति तथा योजना आयोग |
| ४० | मध्यमकालीन खर्च संरचना तयार गरेका स्थानीय तह | संख्या | | २ | | ८५ | प्रदेश योजना निकाय |
| ४१ | अनलाइन प्रतिवेदन प्रणाली स्थापना भएका स्थानीय तह | संख्या | | २९ | | ८५ | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय |

| क्र. सं. | लक्ष्य, गन्तव्य र सूचक | एकाई | आ.व. २०७५/७६ को यथार्थ | | आ.व. २०८०/८१ को लक्ष्य | | पुस्टयाइँको स्रोत |
|---|---|---|---|---|---|---|---|
| | | | नेपाल | गण्डकी प्रदेश | नेपाल | गण्डकी प्रदेश | |
| ४२ | प्रदेशको कुल खर्चमा बेरुजुको अनुपात | प्रतिशत | ७.४० | ०.१८ | १.० | ०.० | महालेखा परीक्षकको कार्यालय |
| ४३ | स्थानीय तहको कुल खर्चमा बेरुजुको अनुपात | प्रतिशत | ४.२२ | २.७० | १.० | १.० | महालेखा परीक्षकको विभाग |

**प्रदेश गौरवका आयोजनाः**

प्रदेश सरकारको आफ्नै बजेट र अन्य क्षेत्रबाट स्रोत जुटाई कार्यान्वयन गर्नको लागि १३ प्रदेश गौरवका आयोजनाहरू छनौट गरिएका छन् जस्तैः प्रदेश सदरमुकाम पोखरादेखि स्थानीय तहका केन्द्र जोड्ने सडक निर्माण आयोजना, एकीकृत प्रदेश प्रशासनिक केन्द्रको निर्माण आयोजना, मुख्यमन्त्री वातावरणमैत्री नमुना कृषि गाउँ आयोजना, गण्डकी गाई फार्म तथा दुग्ध विकास आयोजना, स्याउमा आत्मनिर्भर हुने आयोजना, घरवास (होमस्टे) विस्तार र सुदृढीकरण आयोजना, नवलपुरको लोकाहाखोलामा प्रदेश स्तरीय औद्योगिक क्षेत्र निर्माण आयोजना, गण्डकी विश्वविद्यालय स्थापना र सञ्चालन आयोजना, गण्डकी प्राविधिक प्रतिष्ठान स्थापना र सञ्चालन आयोजना, प्रदेश क्रिकेट मैदान निर्माण आयोजना, सूचना प्रविधि पार्क निर्माण आयोजना, प्रदेश प्रहरी तालिम केन्द्रको निर्माण आयोजना र ईगभरनेन्स आयोजना। नेपाल सरकारसँग स्रोत माग गरेका ५ प्रदेश गौरवका आयोजनाहरू छनौट गरिएका छन् जस्तैः पोखरा, डेडगाउं, दुम्कीबास, त्रिवेणी सडक निर्माण आयोजना, उत्तरगंगा जलासयुक्त विद्युत् आयोजना, फेवातालको संरक्षण र सौन्दर्यकरण आयोजना, कास्की र तनहुंको बिचमा पर्ने तल्लो पुडिटार क्षेत्रमा प्रदेश स्तरीय औद्योगिक क्षेत्र निर्माण आयोजना र मुटु, मृगौला र क्यान्सरको एकीकृत् प्रदेश अस्पताल निर्माण आयोजना। नेपाल सरकारबाट १५ औ पञ्च वर्षीय योजना अवधिमा निर्माण गर्न २ प्रदेश गौरवका आयोजनाहरू छनौट गरिएका छन् जस्तैः पृथ्वी लोकमार्ग र सिद्धार्थ लोकमार्गको स्तरवृद्धि आयोजना। त्यस्तैगरी गण्डकी प्रदेशमा निजी क्षेत्रले निर्माण गर्ने ३ प्रदेश गौरवका आयोजनाहरू छनौट गरिएका छन् जस्तैः बिरेठाँटी मुक्तिनाथ केबलकार निर्माण आयोजना, बुद्ध मण्डला निर्माण आयोजना र फुलबारी काहुँडाँडा केबलकार निर्माण आयोजना।

# परिच्छेद १
# परिचय

## १.१ पृष्ठभूमि

गण्डकी प्रदेश सरकार स्थापना भएपछि निर्माण गरिएको यो पहिलो पञ्चवर्षीय योजना हो । यस योजनाको अवधि आर्थिक वर्ष २०७६/७७ देखि २०८०/८१ सम्मको रहनेछ । सामान्यतय अघिल्लो योजनाको प्रगति समीक्षा समावेश गरी चालु योजना तयार गर्ने प्रचलन रहेको छ । प्रस्तुत योजनामा अघिल्लो योजनाको प्रगति समीक्षा समावेश गर्ने अवस्था नरहेकोले यस खण्डमा प्रदेश सरकारले विगत एक वर्षमा हाँसिल गरेका उपलब्धिसहित प्रदेशको समग्र आर्थिक र सामाजिक अवस्थाको संक्षिप्त चित्रण गरिएको छ ।

## १.२ प्रदेशको परिचय

गण्डकी प्रदेशमा साविक धवलागिरी अञ्चलका ४ जिल्ला, गण्डकी अञ्चलका ६ जिल्ला र लुम्बिनी अञ्चलको नवलपरासी जिल्लाको बर्दघाट सुस्ता पूर्वको भू-भाग समेटी कुल ११ जिल्ला रहेका छन् । नेपालको मध्य भागमा अवस्थित, हिमालदेखि तराईसम्म फैलिएको यस प्रदेश २७° २६' १५" उत्तरी अक्षांश देखि २९° १९' ५०" उत्तरी अक्षांशसम्म र ८२° ५२' ४५" पूर्वी देशान्तर देखि ८५° १२' ०५" पूर्वी देशान्तरसम्म फैलिएको छ । प्रदेशले नेपालको कुल भू-भागको १४.६७ प्रतिशत क्षेत्रफल अर्थात् २१,९७४ वर्ग कि.मि. ओगटेको छ । तराईको समथर भू-भाग देखि ८,१६७ मिटरको उँचाईमा रहेको धवलागिरी हिमाल सम्म फैलिएको हुँदा नेपालमा पाइने सबै प्रकारको हावापानी गण्डकी प्रदेशमा पाइन्छ । प्रदेशको हावापानी अनुसार उच्च हिमाली क्षेत्रमा पशुपालन, मध्यपहाडी क्षेत्रमा फलफूल खेती र नवलपुरको तराई र मध्यभागका टारहरू कृषि र औद्यौगिक कार्यको लागि उपयुक्त क्षेत्र हुन् ।

प्रशासनिक हिसाबले गण्डकी प्रदेशलाई ११ जिल्ला, १ महानगरपालिका, २६ नगरपालिका र ५८ गाउँपालिका गरी ८५ स्थानीय तह र ७५९ वडामा विभाजन गरिएको छ । त्यस्तै यस प्रदेशबाट प्रतिनिधि सभा सदस्य निर्वाचनका लागि १८ निर्वाचन क्षेत्र र प्रदेश सभा सदस्य निर्वाचनका लागि ३६ निर्वाचन क्षेत्र कायम गरिएको छ । प्रदेश सभामा समानुपातिक सहित कुल ६० सदस्य रहने संवैधानिक प्रावधान छ । विक्रम सम्वत् २०६८ सालको जनगणना अनुसार गण्डकी प्रदेशमा कुल परिवार संख्या ५,७७,६८२ र कुल जनसंख्या २४,०३,७५७ रहेको छ । यहाँको प्रतिपरिवारमा औसत ४.१६ जना सदस्य रहेका छन् । प्रदेशमा पुरुषको संख्या १०,९०,८०८ र महिलाको संख्या १३,१२,९४९ रहेको छ । प्रदेशमा आर्थिक रूपले सक्रिय जनसंख्या (१५ देखि ५९ वर्ष उमेर समूहको जनसंख्या) कुल जनसंख्याको झण्डै ५७ प्रतिशत छ । यो उमेर समूहलाई विशेष योजनाका साथ विदेश जान वा पलायन हुनबाट रोक्दै उत्पादनमूलक क्षेत्रमा योजनाबद्ध रुपमा परिचालन गर्न सके आर्थिक सामाजिक विकासमा चाँडै फड्को मार्न सक्ने सुवर्ण अवसर रहेको छ ।

प्रदेशमा बसोबास गर्ने समुदायहरूको आफ्नै मौलिक संस्कृति र परम्परा तथा रीतिरिवाज रहेका छन् । हिमाली क्षेत्रमा बसोबास गर्ने समुदायले बौद्ध तथा बोन्पो धर्म मान्ने गर्दछन् । यी समुदायको प्रमुख चाडपर्वमा ल्होसार, बुद्ध पूर्णिमा आदि पर्दछन् । पहाडी क्षेत्रमा बसोबास गर्ने मानिसहरूको प्रमुख चाडमा दशैं, तिहार, तीज, जनैपूर्णिमा, माघेसंक्रान्ति, चैते दशैं, आदि पर्दछन् भने तराई क्षेत्रमा मनाइने चाडपर्वमा मुख्यतया छठ, रामनवमी आदि रहेका छन् । हिन्दू धर्मको बाहुल्य

भएका कारण यस प्रदेशमा मठमन्दिरको संख्या अरुको तुलनामा अधिक पाइन्छ भने धार्मिक स्थलहरू पनि यसै धर्मसँग सम्बन्धित रहेका छन् । यसका अलावा हिमाली क्षेत्रमा बौद्ध धर्मसँग सम्बन्धित बौद्ध गुम्बाहरू रहेका छन् भने शहरी क्षेत्रमा सबै प्रकारका धर्म मान्ने मानिसको बसोबास भएका कारण मठ मन्दिर, गुम्बा, मस्जिद तथा चर्चहरू मिसिएर रहेका छन् ।

## १.३ प्रदेशको अर्थतन्त्र

आर्थिक वर्ष २०७५/७६ मा गण्डकी प्रदेशको कुल ग्राहस्थ्य उत्पादन रु. दुई खर्ब ८८ अर्ब २० करोड रहेको छ, जुन नेपालको कुल ग्राहस्थ्य उत्पादन रु. ३४ खर्ब ६४ अर्बको ८.३२ प्रतिशत हो । प्रदेशको प्रतिव्यक्ति सरदर आय रु. १,१६,८४४ अर्थात् १,०४३ अमेरिकी डलर रहेको छ । गण्डकी प्रदेशले नेपालको कुल ग्राहस्थ्य उत्पादन मध्ये कृषि क्षेत्रमा ११.८ प्रतिशत, उद्योग क्षेत्रमा १०.६ प्रतिशत र सेवा क्षेत्रमा ९.४ प्रतिशत योगदान गरेको छ । प्रदेशको अर्थतन्त्रमा विप्रेषणको ठूलो प्रभाव रहेको छ । आर्थिक वर्ष २०७४/७५ मा प्रदेशले एक खर्ब सात अर्ब विप्रेषण प्राप्त गरेको थियो जुन प्रदेशको कुल ग्राहस्थ्य उत्पादनको करिब ३७ प्रतिशत हो । विप्रेषणको ठूलो अंश उपभोग्य वस्तु र निर्माण सामाग्रीको आयातमा खर्च भैरहेको र उत्पादनशील क्षेत्रमा लगानी हुन नसकेको अवस्था छ । प्रदेशमा बैंक तथा वित्तीय संस्थाहरूका ६०० भन्दा बढी शाखाहरू सञ्चालनमा रहेका छन् । समग्रमा वित्तीय संस्थाको शाखा संख्याको हिसावले गण्डकी प्रदेश दोस्रो स्थानमा रहेको छ । जिल्लागत आधारमा कास्कीमा सबैभन्दा बढी र मनाङ्गमा सबैभन्दा कम बैंक तथा वित्तीय संस्थाहरू रहेका छन् । वित्तीय क्षेत्रले प्रदेशको समृद्धिमा टेवा पुऱ्याउने अपेक्षा गरिएको हुँदा वित्तीय क्षेत्रका संस्थाहरूको उत्पादन क्षेत्रमा लगानी क्षमता बढाउनु आवश्यक देखिन्छ ।

## १.४ सामाजिक, आर्थिक र पूर्वाधार विकासको समीक्षा

विगतमा भएका सामाजिक, आर्थिक र भौतिक पूर्वाधार विकासका मुख्य उपलब्धि देहाय अनुसार संक्षेपमा उल्लेख गरिएको छ ।

**गरिबी निवारण**: गण्डकी प्रदेशमा १४.९१ प्रतिशत जनता आर्थिक गरिबीको रेखामुनि रहेका छन् भने २६.१ प्रतिशत जनता मानवीय गरिबीको रेखामुनि छन् । त्यस्तैगरी, १४.२ प्रतिशत जनता बहुआयमिक गरिबीमा रहेका छन् । प्रदेशमा उपलब्ध स्रोतहरूको वितरण समन्यायिक हुन सकेको छैन । गरिबीको दर विगत वर्षहरूमा क्रमशः घट्दै गएको छ, तथापि गरिब र धनी बीचको असमानता भने विद्यमान छ । जस्तैः प्रदेशको जिनी कोफिसियन्ट ०.३७ रहेको छ जसले उपभोग र खपतमा उच्च असमानता रहेको जनाउंछ । यसर्थ, गरिबी निबारणका लागि एकीकृत् योजना, गरिब केन्द्रित कार्यक्रम र लक्षित प्रतिफलको सघन अनुगमन र मूल्याङ्कन गर्ने प्रणालीको विकास गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्नुपर्ने देखिन्छ ।

**उद्योगः** प्रदेशमा औद्योगिकीकरणको प्रवृति हेर्दा साना र अनौपचारिक क्षेत्रका उद्योगहरूको बाहुल्यता रहेको छ । मझौला खालका ४६० उद्योगहरूमा १८,२८६ व्यक्तिले रोजगारी पाएका छन् भने १२,७२४ लघु उद्यममा ३६,८९९ व्यक्तिले रोजगारी पाएका छन् । प्रदेशको दिगो अर्थतन्त्र निर्माण र समृद्धिको लागि औद्योगिकीकरण अपरिहार्य भएकाले समुदायले दैनिक रुपमा खपत गर्ने र पर्यटन क्षेत्रमा खपत हुने मुख्य वस्तुहरू उत्पादन गर्ने कृषि प्रशोधन उद्योग र निर्माण सामग्रीको उत्पादन गर्ने खनिजजन्य उद्योगहरूको स्थापना र सञ्चालन गरी प्रदेशलाई औद्योगिकीकरणतर्फ डोऱ्याउन अपरिहार्य रहेको छ ।

**पर्यटनः** गण्डकी प्रदेशको आर्थिक विकासमा पर्यटन क्षेत्रले महत्वपूर्ण योगदान गरेको छ । प्रदेशमा तारे र मझौला गरी ६५६ पर्यटक स्तरीय होटेल छन् । यी होटेलहरूमा दैनिक ६,९१४ कोठा र १४,९५० शैया अर्थात् वार्षिक ५४,५६,७५०

शैया उपलब्ध छन् । प्रदेशमा ६,८८५ साना होटेल र रेस्टुरेन्टहरू छन् । प्रदेशमा सञ्चालनमा रहेका करिब १०० वटा होमस्टेहरूमा दैनिक ६६७ कोठा र १,३४० शैया उपलब्ध छन् । प्रदेशमा बाह्य ४ लाख र आन्तरिक ६ लाख गरी वार्षिक १० लाख पर्यटकले भ्रमण गर्दछन् । पर्यटन क्षेत्रले अप्रत्यक्ष रुपमा प्रदेशको ग्राहस्थ्य उत्पादनमा १० प्रतिशत र रोजगारीमा १५ प्रतिशत योगदान गर्दछ । प्रदेशको पर्यटन व्यवसाय आयात गरिएका उपभोग्य खाद्यवस्तुको खपत गर्ने प्रकृतिको छ । पर्यटन व्यवसायले स्थानीय उत्पादकसँग सघन सहकार्य गर्न नसक्दा प्रदेशको उत्पादन र अर्थतन्त्रमा उल्लेख्य मात्रामा अग्र र पृष्ठ सम्बन्ध (Forward and Backward Linkage) स्थापना गर्न सकेको छैन । प्रदेशको समृद्धिमा यस क्षेत्रको उल्लेख्य योगदान अपेक्षा गरिएको हुँदा स्थानीय उत्पादकसँग सघन सहकार्य गर्ने पर्यटन व्यवसायको विकास र प्रवर्द्धनमा जुट्नुपर्ने आवश्यकता रहेको छ ।

**कृषि**ः गण्डकी प्रदेशको कुल भूमिमध्ये २२.२ प्रतिशत भू-भाग खेतीयोग्य छ । प्रदेशमा ४,८७,८२३ हेक्टर जग्गा खेतीयोग्य छ, जसमध्ये ७६.० प्रतिशत जग्गामा मात्र खेती गरिएको छ, भने २४ प्रतिशत खेती योग्य जग्गा बाँझो रहेको छ । खेती गरिएको कुल जमिनमध्ये ३६.१ प्रतिशत जमिनमा मात्र सिंचाई सुविधा पुगेको छ । त्यस्तैगरी, सिंचित कृषियोग्य जमिनमध्ये ४६.१ प्रतिशत जमिनमा मात्र वर्षको बाह्रै महिना सिंचाई सुविधा उपलब्ध छ । समग्रमा प्रदेश समृद्धिको लागि निर्वाहमुखी कृषि प्रणालीलाई यान्त्रीकीकरण र व्यावसायीकरण मार्फत् उत्पादकत्व वृद्धि गरी दिगो कृषि अर्थतन्त्र निर्माणमा उल्लेखनीय योगदान गर्नुपर्ने देखिन्छ ।

**सहकारी**ः गण्डकी प्रदेशमा कुल ३,५२९ सहकारी संस्थाहरू सञ्चालनमा रहेका छन् । प्रदेशगत हिसाबले यो प्रदेश दोस्रो धेरै सहकारी संस्थाहरू सञ्चालनमा रहेको प्रदेशमा पर्दछ । जिल्लागत आधारमा कास्कीमा सबैभन्दा बढी सहकारीहरू सञ्चालनमा रहेका छन् भने सबैभन्दा कम मनाङ्गमा रहेका छन् । प्रदेशका सबै सहकारी संस्थाहरूमा गरी ७ लाख ४९ हजार ७२२ शेयर सदस्यहरू रहेका छन् । सहकारी संस्थाहरूबाट रु. ६ अर्ब ४ करोड शेयर पुँजी जम्मा भएको छ भने रु. ३४ अर्ब ४९ करोड बचत तथा निक्षेप संकलन गरी रु. ३९ अर्ब ८४ करोड ऋण लगानी भएको अवस्था छ । सहकारी क्षेत्रको अधिकांश लगानी व्यापार व्यवसाय, घरजग्गा र अन्य अनुत्पादक क्षेत्रमा भएको देखिन्छ । सहकारी क्षेत्र प्रदेश अर्थतन्त्रको महत्वपूर्ण पक्ष भएकोले अनुत्पादक क्षेत्रमा केन्द्रित लगानीलाई उत्पादन क्षेत्रतर्फ रुपान्तरण गर्न आवश्यक छ ।

**वन तथा वातावरण**ः गण्डकी प्रदेशमा ३७.८ प्रतिशत भू-भाग वनजङ्गलले ढाकेको छ भने ९.६ प्रतिशत भू-भाग बुटट्यानले ढाकेको छ । प्रदेशको कुल वनक्षेत्र मध्ये २९ प्रतिशत वन ३,८४४ सामुदायिक वन उपभोक्ता समूहले व्यवस्थापन गरेका छन् । गण्डकी प्रदेश नेपालको सबैभन्दा बढी संरक्षित क्षेत्र भएको प्रदेश हो । यस प्रदेश भित्र चितवन राष्ट्रिय निकुन्जको मध्यवर्ती क्षेत्र, अन्नपूर्ण र मनास्लु संरक्षण क्षेत्र, पञ्चासे संरक्षित वन, रानीवन विश्व बगैंचा र ढोरपाटन सिकार आरक्ष गरी छ वटा संरक्षित पार्क, वन र संरक्षण क्षेत्र पर्दछन् । समष्टिगत रुपमा हेर्दा प्रदेशको वन व्यवस्थापन प्रणाली संरक्षणमुखी छ र यसले स्थानीय जनताको अर्थोपार्जनमा अपेक्षित योगदान दिन सकेको छैन । तसर्थ आगामी वर्षहरूमा प्रदेशको वन व्यवस्थापनले संरक्षण र अर्थोपार्जन दुबैलाई समन्वायिक हिसाबले अगाडि बढाई प्रदेशको समृद्धिमा सघाउन आवश्यक देखिन्छ । वातावरण संरक्षणको लागि स्थानीय अनुकूलन योजना तर्जुमा गर्ने र प्राथमिकताका साथ कार्यान्वयन गर्ने पद्धतिको विकास गर्न आवश्यक छ ।

**ऊर्जा**ः गण्डकी प्रदेशमा आधुनिक उर्जाको पहुँच ८२.५ प्रतिशत जनतामा पुगेको छ । अझै पनि यस प्रदेशका ६९.३ प्रतिशत घर परिवारले खाना पकाउन प्रयोग गर्ने इन्धन दाउरा, काठ, गुइँठा आदिबाट प्राप्त हुन्छ । करिब एक चौथाइ जनताले

खाना पकाउन र कोठा तातो राख्नको लागि एल.पी. ग्याँसको प्रयोग गर्दछन्। राष्ट्रिय प्रसारणबाट विद्युत् नपुगेको क्षेत्रमा उज्यालोको लागि सौर्य उर्जाको प्रयोग गरिएको छ। यस प्रदेशको विद्युत् उत्पादन गर्ने सम्भावित क्षमता २०,६५० मेगावाट रहेकोमा आर्थिकरुपले १२,९३० मेगावाट जलविद्युत् उत्पादन गर्न सकिने देखिन्छ। यति ठूलो सम्भावना हुँदाहुँदै पनि प्रविधि र पुँजीको अभावमा हाल ४४८.५ मेगावाट मात्र जलविद्युत् उत्पादन गरिएको छ। अन्य २९ वटा स-साना ६५४ मेगावाट क्षमताका आयोजना निर्माणको चरणमा रहेका छन्। गण्डकी प्रदेशमा जलविद्युत्को अतिरिक्त सौर्य र वायु उर्जा उत्पादनको पनि उतिकै संभावना छ तर पनि उत्पादन भने हुन सकेको छैन। राष्ट्रिय उर्जा सुरक्षाको आधारशिला तयार गर्न र समग्रमा उर्जालाई प्रदेश समृद्धिको सम्बाहक बनाउन निजी क्षेत्रसँगको सहकार्यमा ठूला जलाशययुक्त जलविद्युत्, सौर्य र वायु उर्जा आयोजना विकास गरी विद्युत् उत्पादन उल्लेख्य मात्रामा बढाउनुपर्ने आवश्यकता रहेको छ।

**भौतिक पूर्वाधारः** गण्डकी प्रदेशमा ८,५२६ कि.मि. धुले कच्ची सडक, १,३५८ कि.मि. ग्राभेल सडक र ९३७ कि.मि. कालोपत्रे सडक गरी जम्मा १०,८२१ किलोमिटर सडक निर्माण भएका छन्। समग्रमा, प्रदेशमा सडक घनत्व ०.४९ प्रतिवर्ग किलोमिटर छ। कालोपत्रे सडकको घनत्व, झनै कम, ०.०४२ प्रतिवर्ग किलोमिटर छ। प्रदेशमा ८६० झोलुङ्गेपुल, २८८ मोटरेबल पुल रहेका छन्। भौतिक पूर्वाधार विकास प्रदेश समृद्धिको सम्बाहक भएको हुँदा निर्धारित लागत र समयमा गुणस्तरीय भौतिक पूर्वाधार निर्माण गर्ने पद्धतिको विकास गर्नुपर्ने आवश्यकता रहेको छ।

**शहरीकरण र आवासः** गण्डकी प्रदेशको ग्रामीण क्षेत्र (५८ गाउँपालिका) मा ३९ प्रतिशत, शहरी क्षेत्र (२७ नगरपालिका) मा ६१ प्रतिशत जनता बसोबास गर्दछन्। ग्रामीण क्षेत्रबाट शहरी क्षेत्रतर्फ जनसंख्या बसाइँसराइँको क्रम यथावत रहेकोले अधिकांश ग्रामीण क्षेत्रमा जनसंख्या घट्दै गएको छ। आगामी वर्षहरूमा पालिकाका सदरमुकाम प्रशासनिक केन्द्रको रुपमा विकास हुँदै जाने र तिनीहरूको प्रभाव क्षेत्र पनि विस्तार हुँदै जाने हुनाले यी क्षेत्रतर्फ बसाइँसराइँ हुनसक्ने देखिन्छ।

**स्वास्थ्यः** गण्डकी प्रदेशमा स्वास्थ्य क्षेत्रको विकास अन्य प्रदेश र समग्र नेपालको भन्दा केही राम्रो छ। नेपालमा पाँच वर्षमुनिका बाल बालीकाको मृत्युदर प्रति हजार जीवित जन्ममा ३९ रहेकोमा गण्डकी प्रदेशमा २७ रहेको छ भने शिशु मृत्युदर प्रतिहजार जीवित जन्ममा २१ रहेकोमा गण्डकी प्रदेशमा १५ रहेको छ। प्रदेशका ६९.९ प्रतिशत गर्भवती महिलाहरूले दक्ष प्रसूतिकर्मीको सहयोगमा स्वास्थ्य संस्थामा गएर बच्चा जन्माउने गर्दछन् र ३७ प्रतिशत प्रजनन उमेरका महिलाले आधुनिक परिवार नियोजनका साधन प्रयोग गर्दछन्। महिलाहरूको कुल प्रजनन दर दुई बच्चा मात्र रहेको छ। प्रदेशका ४६.५ प्रतिशत जनता ३० मिनेटको यात्रा गरेपछि स्वास्थ्य संस्थामा पुग्दछन्। त्यस्तै, गण्डकी प्रदेश २०७५ भाद्र १३ गते पूर्णखोप प्राप्त प्रदेश घोषणा भइसकेको छ।

**खाद्य सुरक्षा र पोषणः** खाद्य सुरक्षा र पोषणको दृष्टिकोणले गण्डकी प्रदेश अन्य प्रदेश जस्तै छ। यस प्रदेशका करिब ४४ प्रतिशत घरपरिवारमा आफ्नो उत्पादनले छ महिना मात्र खान पुग्छ। त्यसै गरी १८ प्रतिशत घरपरिवार मौसमी खाद्य संकटमा छन् भने ६ प्रतिशत घरपरिवार उच्च खाद्य संकटमा छन्। पाँचवर्ष मुनिका २९ प्रतिशत बालबालिकामा पुड्कोपना र ५.८ प्रतिशत बालबालिकामा ख्याउटेपना रहेको छ, १५ प्रतिशत बच्चा कम तौलका छन् र ४६ प्रतिशत बालबालिकामा रक्तअल्पता छ। यसर्थ, प्राथमिकताका साथ महिला र बालबालिकाको पोषणको स्तरमा सुधार गर्नुपर्ने आवश्यकता रहेको छ।

**शिक्षाः** गण्डकी प्रदेशको आधारभूत र माध्यमिक शिक्षा मध्यम स्तरको छ। खुद भर्ना दर प्राथमिक तह (१ देखि ५ कक्षा) मा

९६.७ प्रतिशत, आधारभूत तहमा (१ देखि ८ कक्षामा) ९४.८ प्रतिशत र माध्यमिक तहमा (९ देखि १२ कक्षा) मा ४४.७ प्रतिशत रहेको छ। साक्षरता दर पाँच वर्ष माथिका व्यक्तिको ७४.८ प्रतिशत र १५ वर्ष माथिका व्यक्तिको ५५.६ प्रतिशत छ। प्रदेशमा विद्यालय भर्नादर र साक्षरता क्रमशः बढ्दै गएको छ। प्रदेशमा उच्च शिक्षा दिने १२४ महाविद्यालय छन्। मानव संसाधन विकासलाई प्रदेश समृद्धिको आधार बनाउन साधारण शिक्षाको बाहुल्यता रहेको वर्तमान शिक्षा प्रणालीलाई बजारको मागसँग प्रत्यक्ष जोडिएको र उत्पादनलाई सघाउने व्यावसायिक शिक्षामा रुपान्तरण गर्नुपर्ने आवश्यकता रहेको छ।

**खानेपानी तथा सरसफाई**: आधारभूत खानेपानीको आपूर्ति र सरसफाइको दृष्टिकोणले गण्डकी प्रदेशको अवस्था सन्तोषजनक छ। यस प्रदेशका ९१.७ प्रतिशत जनतामा आधारभूत खानेपानीको पहुँच पुगेको छ। करीव आधाजसो जनताले पाइपबाट वितरण गरेको पानी प्रयोग गर्दछन्। प्रदेशका ८१.४ प्रतिशत जनताले शौचालयको प्रयोग गर्दछन्। प्रदेश सरकारले दुई वर्षभित्रमा प्रदेशका सबै घर परिवारलाई आधारभूत खानेपानी उपलब्ध गराउने लक्ष्यसहित काम गरिरहेको छ। दिगो पानीको स्रोत नभएका ठाउँमा आधारभूत खानेपानीको व्यवस्था गर्नु चुनौतीपूर्ण छ।

**लैङ्गिक समता**: गण्डकी प्रदेशमा लैङ्गिक समता र महिला सशक्तीकरणको स्थिति मध्यम स्तरको छ। प्रदेशमा आफ्नो नाममा घर जग्गा दुबै हुने महिलाहरू १२.३ प्रतिशत र जग्गा मात्र हुने महिलाहरू ८.९ प्रतिशत छन्। समग्रमा, घर जग्गा जस्ता सम्पत्ति आफ्नो नाममा हुने महिलाको अनुपात २१.९ प्रतिशत रहेको छ। आफ्नो नाममा सम्पत्ति हुने महिलाको संख्या हालका वर्षहरूमा बढ्दै गएको छ। प्रदेशको शासकीय व्यवस्थापनमा महिलाको सहभागिता उत्साहजनक छ। गण्डकी प्रदेशका ८५ स्थानीय तहमा निर्वाचित कुल ३,९३४ सदस्य तथा पदाधिकारीमध्ये ४१ प्रतिशत महिलाहरू निर्वाचित भएका थिए। त्यसैगरी ६० सदस्यीय प्रदेश सभामा निर्वाचित र समानुपातिक गरी ३३.३३ प्रतिशत महिलाको प्रतिनिधित्व रहेको छ। छात्रा छात्र विद्यार्थीको अनुपात प्राथमिक तहमा (१-५ कक्षामा) १.०३ र आधारभूत तहमा (१-८ कक्षामा) १.०४ पुगेको छ। विश्वविद्यालय तहको शिक्षामा पनि महिलाको सहभागिता बढ्दै गएको छ। तथापि, प्राविधिक शिक्षामा अझै पनि छात्राको संख्या न्यून छ। लैङ्गिक समताको दृष्टिकोणले विश्वविद्यालय शिक्षामा छात्राहरूको सहभागिता साधारण शिक्षाबाट प्राविधिक शिक्षातर्फ बढाउन आवश्यक देखिन्छ।

**प्रदेशको समग्र सामाजिक–आर्थिक विकासको चरित्रः पहिलो**: प्रदेशको शहरी अर्थतन्त्र आयातित सामान बेच्ने नाफामुखी र ग्रामीण अर्थतन्त्र निर्बाहमुखी भएकोले समाजवाद उन्मुख, उत्पादनमुखी र आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्ने प्रस्थानमार्ग पहिल्याउन आवश्यक छ। **दोस्रो**: हाल पर्यटन व्यवसायी र स्थानीय उत्पादक बीच कमजोर सम्बन्ध रहेकोले स्थानीय उत्पादकसँग सघन सहकार्य गर्ने पर्यटन व्यवसायको विकास गर्न आवश्यक देखिन्छ। **तेस्रो**: हालको कृषि प्रणाली मनसुनमा आधारित, अस्थिर र निर्बाहमुखी भएकोले सिंचाइको विस्तार, यान्त्रीकीकरण र व्यावसायीकरण गरी भरपर्दो र उच्च उत्पादकत्व दिने कृषि प्रणालीमा रुपान्तरण गर्न आवश्यक छ। **चौथो**: हालको उर्जा उत्पादन बगिरहेका नदी तथा खोलामा निर्मित साना र मझौला जलविद्युत् आयोजनामा निर्भर रहेकोले अब उप्रान्त जलाशययुक्त ठूला जलविद्युत् आयोजना निर्माण गरी दिगो उर्जा सुरक्षाको व्यवस्था गर्न आवश्यक देखिन्छ। **पाँचौं**: उद्योग क्षेत्रको स्थिति हेर्दा गण्डकी प्रदेशमा साना लघु उद्यमको बाहुल्य रहेकोले कृषि प्रशोधन तथा खनिजजन्य पदार्थको उत्खनन र प्रशोधन गर्ने मझौला तथा ठूला उद्योग स्थापना गर्न आवश्यक छ। **छैठौं**: भौतिक पूर्वाधारको निर्माण निर्धारित समय र लागतमा सम्पन्न नहुने र गुणस्तरीय सडकको अभाव रहेकाले अब उप्रान्त निर्धारित समय र लागतमा गुणस्तरीय भौतिक पूर्वाधारको निर्माण सम्पन्न गर्न तर्फ केन्द्रित हुन आवश्यक देखिन्छ। **सातौं**: बजारको मागसँग सिधा सम्वन्ध नभएको र साधारण शिक्षाको वर्चश्व

रहेको वर्तमान शिक्षा प्रणालीलाई बजारको मागसँग सिधा सम्बन्ध भएको प्राविधिक तथा व्यावसायिक शिक्षामा रुपान्तरण गर्न जरुरी देखिन्छ । **आठौं**: आधारभूत स्वास्थ्य सेवा दिन स्थापना भएका स्वास्थ्य संस्थाहरूको क्षमता रोगको संरचनामा परिवर्तन भए अनुसार रुपान्तरण गर्न आवश्यक छ । **नवौं**: विकास आयोजना सञ्चालन गर्दा वातावरण संरक्षणमा उचित ध्यान दिनु उत्तिकै आवश्यक छ । **दशौं**: प्रदेशको तथ्याङ्क प्रणाली र राजस्व परिचालन कमजोर रहेकोले सुदृढ गर्न आवश्यक छ । अन्त्यमा, अध्ययन र अनुसन्धानले मार्गनिर्देश गरे अनुसारको विकास निर्माणका कार्यहरू अगाडि बढाउनु सान्दर्भिक देखिन्छ । यी सम्पूर्ण विषयहरू सम्वोधन हुने गरी यो योजना तयार तयार गरिएको छ ।

## १.५ प्रथम पञ्चवर्षीय योजना निर्माणका आधार

प्रथम पञ्चवर्षीय योजना तर्जुमा गर्दा देहायका छ वटा आधारहरू लिइएको छ:

(क) नेपालको संविधान (प्रस्तावना, मौलिक हक, राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व, राज्यशक्तिको बाँडफाँड, अन्तरसम्बन्ध तथा अनुसूची ६,७ र ९) मा रहेका कार्य जिम्मेवारी लगायतका विषय,

(ख) गण्डकी प्रदेशको प्रारम्भिक दस्ताबेज र स्थितिपत्र,

(ग) प्रदेशको आर्थिक वर्ष २०७५/०७६ का नीति तथा कार्यक्रममा उल्लेख भएका विषय,

(घ) नेपाल सरकार र प्रदेश सरकारका घोषणा, नीति तथा कानून,

(ङ) दिगो विकास लक्ष्य (२०७२-२०८७) र नेपाल सरकारले अन्तर्राष्ट्रियस्तरमा जनाएका प्रतिबद्धता र सन्धि, सम्झौता,

(च) नेपाल सरकारको "**समृद्ध नेपाल, सुखी नेपाली**" को दूरदृष्टि विक्रम सम्बत् २१०० का लक्ष्यहरू ।

## १.६ प्रथम पञ्चवर्षीय योजनाका निर्देशक सिद्धान्त

प्रदेशको प्रथम पञ्चवर्षीय योजना तर्जुमा गर्दा देहायका मार्गनिर्देशक सिद्धान्त तय गरिएका छन्:

१. नेपालको संविधानको भाग १ धारा १४ मा "**नेपालको अर्थतन्त्र समाजवाद उन्मुख हुनेछ**" भन्ने उल्लेख भएकोले गण्डकी प्रदेशको आर्थिक विकासको नमुना (मोडल) पनि समाजवाद उन्मुख अर्थतन्त्रको निर्माण गर्नु हुनेछ ।

२. उत्पादनमुखी, आत्मनिर्भर र समाजवाद उन्मुख अर्थतन्त्रको निर्माण गरिनेछ ।

३. नेपालको संविधानको भाग ४ राज्यका निर्देशक सिद्धान्त सम्बन्धी धारा ५१ (घ) (१) अनुसार तीन खम्बे अर्थनीति अनुसरण गरी (सार्वजनिक, निजी, सहकारी र सामुदायिक क्षेत्रको सहभागितामा) प्रदेशको अर्थतन्त्र सुदृढ गरिनेछ ।

४. संविधानको भाग ४ धारा ५१ (घ) (२) अनुसार अर्थतन्त्रमा निजी क्षेत्रको भूमिकालाई महत्व दिंदै उपलब्ध साधन र स्रोतको अधिकतम परिचालन गर्दै प्रदेशको समृद्धि हाँसिल गरिनेछ ।

५. संविधानको भाग ४ धारा ५१ (घ) (३) अनुसार सहकारी क्षेत्रको प्रवर्द्धन गर्दै यसलाई प्रदेशको आर्थिक विकासमा परिचालन गरिनेछ ।

६. नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तह बीचको सहकार्यमा प्रदेशका विकास निर्माण कार्यलाई अगाडि बढाइनेछ ।

८. स्वास्थ्य, शिक्षा, खानेपानी, सरसफाई, विद्युत्, सञ्चार र यातायात जस्ता सेवाहरूमा सबै व्यक्तिको सहज पहुँच पुऱ्याउन नेपाल सरकार, स्थानीय तह र समुदायसँग सहकार्य गरिनेछ ।

९. आर्थिक-सामाजिक रुपले पछाडि परेका दलित, जनजाति, मधेसी, गरिब, एकल महिला, अपाङ्ग र पिछडा वर्गको सेवामा पहुँच बृद्धि गर्न अवरोध पुऱ्याउने कारक तत्वहरू पत्ता लगाई सोको सम्वोधन गर्ने गरी कार्यक्रमको तर्जुमा र कार्यान्वयन गरिनेछ ।

१०. अन्तर्राष्ट्रिय प्रतिबद्धता अनुसार दिगो विकास लक्ष्य (विक्रम सम्बत् २०७३-२०८७) प्राप्त गर्नेतर्फ नीति तथा कार्यक्रमहरू लक्षित गरिनेछ ।

११. समृद्ध नेपाल, सुखी नेपालीको लक्ष्यलाई यर्थाथमा बदल्ने कार्यक्रमलाई प्राथमिकता दिइनेछ ।

## १.७ दिगो विकास लक्ष्यसँगको सम्बन्ध

सन् २०१५ को सेप्टेम्बर महिनामा संयुक्त राष्ट्रसंघको महासभाले सन् २०१६ देखि २०३० (बि.सं. २०७२ देखि २०८७) सम्म विश्व रूपान्तरणको लागि महत्वाकांक्षी १७ वटा लक्ष्य (Goal), १६९ वटा परिमाणात्मक लक्ष्य (Target) र २३४ वटा सूचक (Indicator) हरूको घोषणा गऱ्यो । नेपाल दिगो विकास लक्ष्यलाई आत्मसाथ गर्ने एक अग्रणी राष्ट्र हो । नेपाल सरकारले सन् २०१५ को सुरुवातमै दिगो विकास लक्ष्यको प्रारम्भिक प्रतिवेदन बनाई संयुक्त राष्ट्र संघमा पेस गऱ्यो र "दिगो विकास लक्ष्यहरू वर्तमान अवस्था र भावी मार्गचित्रः सन् २०१६-२०३०" नामक अर्को दस्तावेज तयार गरी चौधौं योजनादेखि क्रमशः दिगो विकास लक्ष्य कार्यान्वयन गर्दै आएको छ र १५ औं योजनामा पनि यसलाई निरन्तरता दिइएको छ । नेपालले दिगो विकास लक्ष्य कार्यान्वयनको लागि १६ वटा लक्ष्य, १५९ परिमाणात्मक लक्ष्य र ४७९ सूचक निर्धारण गरेको छ । दिगो विकासका लक्ष्यहरूले सहश्राब्दी विकास लक्ष्यका उपलब्धिमा टेकेर त्यसबाट हाँसिल हुन नसकेका कुराहरूलाई पुरा गर्न खोजेका छन् । यिनले विकासका हरेक आयामहरूमा कसैलाई पनि पछाडि नछोडी सँगसँगै अगाडि लैजाने प्रतिबद्धता जनाएका छन् । यी लक्ष्यहरूले विश्वका सबै राष्ट्रहरूमा सहभागितामूलक, अधिकारमुखी र समतामूलक विकास गरी सबै स्वरुप र किसिमका गरिबीको अन्त्य गर्ने, सबैका लागि शिक्षा, स्वास्थ्य, आवास, स्वच्छ इन्धन र वातावरण, भयमुक्त कार्यस्थल र वासस्थानको निर्माण गर्ने, विकासमा सबै तह र तप्काको समान साझेदारिता र हिस्सा, मानव अधिकारको प्राप्ति, सबै महिला तथा बालबालिकाको लागि लैङ्गिक समानता तथा सशक्तीकरण हाँसिल गर्ने उद्देश्य राखेका छन् । दिगो विकास लक्ष्यका महान् उद्देश्यहरू नेपाल सरकारको एकल पहलमा प्राप्त गर्न सम्भव हुँदैन तसर्थ प्रदेश सरकार तथा स्थानीय तहहरूले राष्ट्रिय लक्ष्य प्राप्त गर्न समपूरक र परिपूरकको भूमिका निर्वाह गर्नुपर्दछ । गण्डकी प्रदेश सरकारले आफ्नो यस प्रथम पञ्चवर्षीय योजनामा दिगो विकास लक्ष्य प्राप्त गर्न आफ्नो तर्फबाट गर्नुपर्ने समपूरक र परिपूरकको भूमिकालाई मध्यनजर गर्दै सामाजिक-आर्थिक पक्षका सबै क्षेत्रमा दिगो विकास लक्ष्यको कार्यान्वयनलाई प्रादेशीकरण गरिएको छ ।

## १.८ पन्ध्रौं योजनासँगको सम्बन्ध

पन्ध्रौं राष्ट्रिय योजनाका मुख्यतया तीनवटा उद्देश्यहरू: १) सर्वसुलभ, गुण स्तरीय र आधुनिक पूर्वाधार निर्माण, उत्पादनशील र मर्यादित रोजगारी अभिबृद्धि, उच्च, दिगो र समावेशी आर्थिक बृद्धि तथा गरिबी निवारण गर्दै समृद्धिको आधार निर्माण गर्नु, २) गुणस्तरीय स्वास्थ्य तथा सन्तुलित वातावरण, सामाजिक न्याय र गुणस्तरीय एवम् जबाफदेही सार्वजनिक सेवा कायम गरी संघीय शासन व्यवस्थाको सुदृढीकरण गर्दै नागरिकलाई मर्यादित र परिष्कृत जीवनयापनको अनुभूति गराउनु, र ३) सामाजिक आर्थिक रुपान्तरण तथा स्वाधीन राष्ट्रिय अर्थतन्त्र निर्माण गरी देशको स्वाभिमान, स्वतन्त्रता र राष्ट्रिय हितको संरक्षण गर्ने रहेका छन् । यी राष्ट्रिय उद्देश्यहरू समग्र देशको लागि तयार गरिएका हुनाले गण्डकी प्रदेशको यस प्रथम पञ्चवर्षीय योजनाले उक्त उद्देश्यहरू प्राप्त गर्न सघाउने र प्रदेशका आवश्यकतालाई पनि सम्बोधन गर्दै समृद्धिको मार्ग तय गर्ने गरी आंफ्ना दीर्घकालीन सोच, उद्देश्य, लक्ष्य, रणनीति, कार्यनीति र कार्यक्रमहरू तय गरिएको छ ।

## १.९ नेपालको दीर्घकालीन सोचसँगको सम्बन्ध

नेपालको दीर्घकालीन सोच विक्रम सम्बत् २१०० "**समृद्ध नेपाल, सुखी नेपाली**" रहेको छ । यो दीर्घकालीन सोचमध्ये समृद्धिको लागि चार मुख्य सूचकः उच्च र समतामूलक राष्ट्रिय आय, मानव पुंजी निर्माण तथा सम्भावनाको पूर्ण उपयोग, सर्वसुलभ तथा आधुनिक पूर्वाधार एवम् आबद्धता, र उच्च उत्पादन र उत्पादकत्व विकास गरिएका छन् । त्यसै गरी सुखी नेपालीको लागि छ वटा प्रमुख सूचकहरू: परिष्कृत तथा मर्यादित जीवन, सुखी, सभ्य र न्यायपूर्ण समाज, स्वास्थ्य र सन्तुलित पर्यावरण, सुशाशन, सबल लोकतन्त्र, राष्ट्रिय एकता र सम्मान चयन गरिएका छन् । यी राष्ट्रिय सूचकहरू प्राप्तिलाई उच्च प्राथमिकता दिँदै प्रदेशको प्रथम पञ्चवर्षीय योजनाका दीर्घकालीन सोच, उद्देश्य, लक्ष्य, रणनीति, कार्यनीति र कार्यक्रमहरू

तयार गरिएको छ । यसर्थ, प्रदेशले "**समृद्ध नेपाल, सुखी नेपाली**" को नारालाई यथार्थमा बदल्न समपूरक र परिपूरकको भूमिका निर्बाह गर्नेछ ।

## १.१० प्रथम पञ्चवर्षीय योजना निर्माणका चरण, प्रक्रिया र विधि

प्रथम पञ्चवर्षीय योजना विभिन्न प्रकृया र चरण पार गर्दै तयार गरिएको छ। योजना तयार गर्दाका चरणहरू निम्नअनुसार छन्:

**चरण १.** **प्रदेशको स्थितिपत्र प्रकाशनः** प्रदेशका सामाजिक, आर्थिक र भौतिक पूर्वाधारको क्षेत्रगत तथ्याङ्क, अवस्था, समस्या, चुनौती र अवसरहरू समेटी "**गण्डकी प्रदेशको स्थितिपत्र, २०७५**" प्रकाशन गरियो ।

**चरण २.** **प्रारम्भिक प्रतिवेदनको प्रकाशनः** प्रदेशको स्थितिपत्रले औंल्याएका समस्या तथा चुनौतीहरूको विश्लेषण गर्दै प्रथम पञ्चवर्षीय योजनाले सम्बोधन गर्नुपर्ने महत्वपूर्ण सवालहरू समेटी "**योजना तर्जुमाको लागि प्रारम्भिक प्रतिवेदन**" प्रकाशन गरियो ।

**चरण ३.** **योजना तर्जुमा प्राविधिक समितिको गठनः** प्रदेश नीति तथा योजना आयोगको उपाध्यक्षको संयोजकत्वमा नीति तथा योजना आयोगका सदस्यहरू, विभिन्न सरोकारवालाहरू जस्तैः नागरिक समाज, उद्योग व्यावसायी, गैह्र सरकारी संस्थाका प्रतिनिधि, प्रदेश सरकारका सचिवहरू लगायत महत्वपूर्ण सरोकारवालाहरू सम्मिलित प्राविधिक समिति गठन गरियो ।

**चरण ४.** **प्रदेश स्तरीय सुझाव संकलन कार्यशालाः** प्रदेश सभाका सांसद, प्रदेश सरकारका मन्त्री, सचिव, विज्ञ, नगारिक समाजका प्रतिनिधि र अन्य सरोकारवालाहरू गरी १५० जनाको सहभागितामा सुझाव संकलन गरियो ।

**चरण ५.** **जिल्लागत सुझाव संकलनः** प्रदेशका ११ वटै जिल्ला सदरमुकाममा प्रतिनिधि सभा र प्रदेश सभाका सांसद, नगरपालिका र जिल्ला समन्वय समितिका प्रमुख र उपप्रमुख, गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष, नागरिक समाजका प्रतिनिधि, गैरसरकारी संस्थाका प्रतिनिधि, जिल्लास्थित सरकारी कार्यालयका प्रमुख तथा प्रतिनिधि र पत्रकारहरूलाई आमन्त्रित गरी लिखित सुझाव संकलन गरियो ।

**चरण ६.** **विषयगत मन्त्रालयवाट आधार–पत्र तयारः** प्रदेश स्तरीय कार्यशाला र जिल्लाबाट प्राप्त सुझावहरूको विश्लेषण प्रतिवेदन र योजना तर्जुमा निर्देशिका तयार गरी प्रदेश नीति तथा योजना आयोगले विषयगत मन्त्रालयलाई प्रथम पञ्चवर्षीय योजनाको आधार-पत्र तयार गरी पठाउन अनुरोध गऱ्यो ।

**चरण ७.** **विषयगत योजना माथि छलफलः** विषयगत मन्त्रालयले प्रथम पञ्चवर्षीय योजनाको विषयगत आधार-पत्र तयार गरी मन्त्रालयका मन्त्री, प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष तथा सदस्यहरू, मन्त्रालयका सचिव, मन्त्रालय तथा विभागका कर्मचारीहरू, सरोकारवाला, प्राज्ञ, गैरसरकारी संस्थाका प्रतिनिधिसँग मस्यौदा योजना माथि छलफल र परामर्श गर्ने र प्राप्त सुझावलाई समावेश गरी संशोधित योजना प्रदेश नीति तथा योजना आयोगमा पठाउने काम भयो ।

**चरण ८.** **प्रथम पञ्चवर्षीय योजना तयारः** मन्त्रालयबाट प्राप्त विषयगत योजनालाई समावेश गरी प्रदेश नीति तथा योजना आयोगले योजनाको अन्तिम मस्यौदा तयार गऱ्यो ।

**चरण ९.** अन्तिम मस्यौदा उपर प्रदेश नीति तथा योजना आयोगको पूर्ण बैठकमा छलफल गरी प्रदेश विकास परिषद्मा छलफलका लागि प्रस्तुत गरियो ।

**चरण १०.** प्रदेश विकास परिषद्ले दिएका सुझाव समावेश गरी मस्यौदालाई परिमार्जन गरी प्रदेश सरकारको स्वीकृति पश्चात् प्रकाशन गरियो ।

## १.११ जोखिम पक्ष

संघीयताको कार्यान्वयन संक्रमणकालीन अवस्थामा रहेको छ। यस्तो अवस्थामा तयार गरेको यस प्रथम पञ्चवर्षीय योजना कार्यान्वयनमा देहाय बमोजिमका जोखिम पक्षहरू रहेका छन्:

(क) संघ, प्रदेश र स्थानीय तह बीच नीति योजना तथा बजेट कार्यक्रम तर्जुमा तथा कार्यान्वयनमा समन्वय र सहकार्य गर्दै जानुपर्ने अवस्था छ। विद्यमान अवस्थामा तीनै तहका सरकारबीच यस्तो समन्वय र सहकार्य सहज नहुने जोखिम कायमै रहेको छ।

(ख) तीन तह बीच आयोजनाहरूको प्रष्ट वर्गीकरण भइ नसकेको सन्दर्भमा आयोजनाको लागि स्रोत व्यवस्थापन गर्नु र तीनको कार्यान्वयन गर्नु अर्को जोखिम रहेको छ।

(ग) नीति, योजना, बजेट तथा कार्यक्रमको कार्यान्वयनमा कर्मचारीतन्त्रको मुख्य भूमिका रहन्छ। प्रदेशमा संघबाट सीमित कर्मचारीहरू समायोजन भएका छन् र तिनीहरूमा नयाँ संरचनाको लागि चाहिने पर्याप्त सीप र ज्ञान अभाव रहेको छ। सीमित ज्ञान, सीप र क्षमता भएका कर्मचारीहरूलाई उत्प्रेरित गर्दै योजना कार्यान्वयन गर्नु जोखिमपूर्ण रहेको छ।

(घ) प्रदेश सरकारको दीर्घकालीन सोच तथा बढ्दो जनअपेक्षा अनुरुप सार्वजनिक सेवा प्रवाह र विकास निर्माणका कार्य सञ्चालन गर्न स्रोत जुटाउने कार्य जोखिमपूर्ण रहेको छ।

(ङ) राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सीफारिसमा प्रदेश सरकारको आवश्यकता र राजस्व परिचालन क्षमता अनुसारको स्रोत प्राप्त गर्ने कार्य जोखिमपूर्ण रहेको छ।

(च) पूर्वाधार निर्माण तथा आर्थिक विकासका लागि आवश्यक पर्ने प्रविधि तथा दक्ष जनशक्ति प्राप्त गरी समग्र प्रादेशिक विकास गर्ने कार्य जोखिमपूर्ण रहेको छ।

(छ) प्रदेशको विकासमा निजी क्षेत्र, सहकारी, नागरिक समाज र गैरसरकारी क्षेत्रको सहयोग आवश्यक मात्रामा प्राप्त गर्ने कार्य जोखिमपूर्ण रहेको छ।

यस प्रथम पञ्चवर्षीय योजनामा व्यक्त भएका दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति जिल्ला तथा प्रदेश स्तरमा भएका कार्यशाला तथा छलफलमा प्रदेश सभाका सदस्यहरू, प्रदेश सरकारका मन्त्रीहरू, प्रदेश सरकारका सचिवहरू, प्रदेश विकास परिषद्का सदस्यहरू, विभिन्न विभागका निर्देशकहरू र विभिन्न तहका कर्मचारीहरू, निजी क्षेत्र, विश्वविद्यालयका प्राध्यापकहरू, गैरसरकारी र सहकारी क्षेत्रका प्रतिनिधिहरू, विषय विज्ञहरू, नागरिक समाज, पत्रकार र समस्त नागरिकहरूबाट व्यक्त विचार, सुझाव र सल्लाहलाई संश्लेषण गरी प्रस्तुत गरिएका हुन्। यद्यपि, यसमा केही व्यक्ति अथवा संस्थाहरूको विचार फरक पनि हुन सक्छ, जसलाई उच्च सम्मान गर्दै आगामी दिनमा छलफलको विषय बनाउँदै लगिनेछ। यो योजनाले मूलतः गण्डकी प्रदेशको आगामी पाँचवर्षका योजना र कार्यक्रमहरूलाई दिशानिर्देश गर्ने र दीर्घकालीन रुपमा पनि प्रादेशिक नीति तथा योजना निर्माणको बलियो आधारशीला तयार गर्ने अपेक्षा गरिएको छ। योजनामा प्रस्तुत दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति र कार्यक्रमका प्राथमिकताहरू विक्रम सम्बत् २०८७ मा दिगो विकास लक्ष्य प्राप्त गरी नेपाललाई मध्यम स्तरको आय भएको विकासशील मुलुकमा स्तरोन्नति गर्ने र विक्रम सम्बत् २१०० मा विकसित देशमा स्तरोन्नति गरी "**समृद्ध नेपाल, सुखी नेपाली**" को महान् राष्ट्रिय लक्ष्य प्राप्त गर्ने दीर्घकालीन सोचतर्फ निर्देशित छन्।

# परिच्छेद २

# समष्टिगत दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य र रणनीति

## २.१ पृष्ठभूमि

संघीय शासन प्रणाली अनुरुप प्रदेश सरकारले नेपाल सरकारले अवलम्बन गरेको समष्टिगत आर्थिक नीति र दीर्घकालीन सोचसँग तादात्म्यता हुने गरी योजना तर्जुमा गरेको छ। साथै प्रदेश सरकारले नेपाल सरकार र स्थानीय तहबीच समन्वय र सहकार्यका लागि पुलको कार्य गर्नु पर्ने अवस्था छ। कतिपय आर्थिक नीति कार्यान्वयन गर्न तीनै तहकाबीच एकीकृत्रुपमा जानुपर्ने अपरिहार्य रहेको छ। राष्ट्रिय तथा प्रादेशिक संकल्प, समृद्धि र समुन्नतिका लागि सार्वजनिक क्षेत्रका अतिरिक्त सहकारी क्षेत्र र निजी क्षेत्रसँग समेत सहकार्य र साझेदारीका कार्यहरूहरूलाई सँगसँगै लिएर जानुपर्ने अवस्था रहेको छ।

## २.२ समस्या र चुनौती

गण्डकी प्रदेशका सामाजिक, आर्थिक र भौतिक पूर्वाधारका सूचकहरूको स्थिति विश्लेषण गर्दा निम्न अनुसारका समस्या र नयाँ गन्तव्य खोज्नुपर्ने चुनौती देखापरेका छन्:

| क्षेत्र | समस्या | चुनौती |
|---|---|---|
| **प्रदेशको अर्थतन्त्र** | शहरी क्षेत्रमा आयातमा निर्भर नाफामुखी र ग्रामीण क्षेत्र निर्बाहमुखी अर्थतन्त्र। | उत्पादनमुखी, आत्मनिर्भर र समाजवाद उन्मुख अर्थतन्त्रको निर्माण गर्ने। |
| **वित्तीय क्षेत्र** | प्रदेशस्थित बैङ्क तथा वित्तीय संस्थाको कमजोर लगानी क्षमता र उत्पादन क्षेत्रमा न्यून लगानी। | नेपाल सरकारको नीति अनुसार वित्तीय संस्थाहरूको लगानी क्षमता बढाउन एक आपसमा गाभिने, बचत संकलन बढाउने र विदेशी बैंकवाट ऋण लिई लगानी क्षमता बढाउने। |
| **वाणिज्य** | आयात गरिएका उपभोग्य वस्तु तथा निर्माण सामाग्रीको वाहुल्यता र बढ्दो ब्यापार घाटा। | प्रदेशमा तुलनात्मक लाभ भएका उपभोग्य वस्तु तथा निर्माण सामाग्रीको उत्पादन, बिक्री वितरण र प्रयोग गर्ने। |
| **विप्रेषण** | प्रदेशको कुल ग्राहस्थ्य उत्पादनको एक तिहाइ बराबर विप्रेषण, तर यसको प्रयोग उपभोग्य वस्तु र सेवा खरिदमा खर्च। | प्रदेश अर्थतन्त्रमा विप्रेषणको अंश घटाउँदै लाने र प्राप्त विप्रेषणको बचत परिचालन गरी उत्पादन क्षेत्रमा लगानी गर्ने। |
| **पर्यटन** | स्थानीय उत्पादनसँग कमजोर सम्बन्ध। | स्थानीय उत्पादनसँग सघन सहकार्य गर्दै गुणस्तरीय पर्यटक आकर्षणका लागि पर्यटन पूर्वाधारमा लगानी विस्तार गर्ने। |
| **उद्योग** | लघु उद्योग,तथा अनौपचारिक क्षेत्रका साना उद्योगहरूको बाहुल्यता। | मझौला तथा ठूला, कृषि तथा वनजन्य प्रशोधन र खनिजजन्य उद्योगहरूको स्थापना र सञ्चालन गर्न प्रोत्साहन गर्ने। |
| **कृषि** | मनसुनमा आधारित, निर्वाहमुखी र परम्परागत खेती प्रणाली, न्यून उत्पादन र उत्पादकत्व। | कृषिको यान्त्रीकीकरण र व्यावसायीकरण गरी उच्च उत्पादकत्व र उत्पादन हाँसिल गर्ने। |
| **सहकारी** | सहकारी क्षेत्रको अधिकांश लगानी अनुत्पादक क्षेत्रमा जस्तै घर, जग्गा र ब्यापारमा लगानी। | सहकारी क्षेत्रको कुल लगानीमध्ये उत्पादन क्षेत्रमा कम्तीमा एक तिहाइभन्दा बढी लगानी गर्ने। |

| | | |
|---|---|---|
| **वन** | आर्थिक उपार्जनसँग कमजोर सम्बन्ध रहेको संरक्षणमुखी वन व्यवस्थापन प्रणाली । | संरक्षण र जनताको लागि आर्थिक उपार्जन सँगसँगै हुने वन व्यवस्थापन प्रणालीको विकाश गर्ने । |
| **उर्जा** | उर्जाको लागि बगिरहेका खोलामा निर्मित साना जलविद्युत् आयोजनामा निर्भर । | निजी क्षेत्रको सहकार्यमा ठूला जलाशययुक्त जलविद्युत्, सौर्य र वायु उर्जाको उत्पादन गर्ने । |
| **पूर्वाधार निर्माण** | निर्धारित समय र लागतमा गुणस्तरीय भौतिक पूर्वाधारको निर्माण सम्पन्न नहुने निर्माण पद्धति । | निर्धारित समय र लागतमा गुणस्तरीय भौतिक पूर्वाधारको निर्माण सम्पन्न नहुने निर्माण पद्धतिको विकास गर्ने । |
| **अपाङ्ग मैत्री पूर्वाधार** | विगतमा निर्माण भएका भौतिक पूर्वाधारहरू अपाङ्गमैत्री नभएका । | नयाँ निर्माण गर्ने भौतिक पूर्वाधारहरू अपाङ्गमैत्री बनाउने । |
| **वातावरणमैत्री पूर्वाधार** | पहाडी धरातलमा पूर्वाधार निर्माण गर्दा डोजरको प्रयोगले वातावरणमा प्रतिकुल असर परेको । | पहाडी धरातलमा पूर्वाधार निर्माण गर्दा वातावरण संरक्षणमा पर्याप्त ध्यान दिने । |
| **मानव संसाधन विकास** | बजारको मागसँग प्रत्यक्ष नजोडिएको र साधारण विषयको वर्चश्व रहेको वर्तमान शिक्षा प्रणाली । | बजारको माग, उत्पादन र उद्यमसँग जोडिएको प्राविधिक शिक्षामा रुपान्तरण गर्ने । |
| **सिंचाई** | वर्तमान सिंचाई प्रणाली सतह कुलो र नहरमा आधारित भएको र टार तथा भिरालो पहाडी भू-भागमा सिंचाइ सुविधा पुग्न नसकेको । | सतह कुलो र नहरको साथै भूमिगत पानी पम्पिङ्ग गर्ने, भिरालो धरातलमा पाइप सिंचाई गर्ने र पानी अभाव भएको पहाडी ठाउँमा पोखरी निर्माण गरी रिचार्ज बढाउने र टारको लागि नदीबाट पानी लिफ्टिङ्ग गर्ने प्रविधि प्रवर्द्धन गर्ने । |
| **खानेपानी** | खानेपानीको दिगो स्रोत नभएका बस्तीहरूमा नियमित खानेपानीको आपूर्ति गर्ने समस्या । | दिगो स्रोत नभई खानेपानीको अभाव रहेका पहाडी बस्तीमा लिफ्टको माध्यमले आपूर्ति गर्ने व्यवस्था गर्ने । |
| **स्वास्थ्य** | रोगहरूको संरचनागत परिवर्तन अनुसार जनताका स्वास्थ्य समस्या समाधान गर्न कमजोर स्वास्थ्य सेवा प्रणाली । | बदलिंदो रोगको प्रकृति अनुसार आधारभूत र विशिष्टीकृत सेवा प्रभावकारी रुपमा प्रदान गर्ने प्रणालीमा रुपान्तरण गर्ने । |
| **लैङ्गिक समानता** | कानूनी रुपमा लैङ्गिक समानता प्राप्त भएको तर व्यावहारिक अभ्यास नभएको । | लैङ्गिक समानताका कानूनी प्राबधान र व्यावहारिक अभ्यासमा सामञ्जस्यता विकास गर्ने । |
| **श्रम र रोजगार** | श्रम बजारको माग अनुसार श्रमशक्ति उत्पादन नभएकोले सीप भएको मानव संसाधनको अभाव र साधारण शिक्षा आर्जन गरेको मानव संसाधन बेरोजगार । | श्रमशक्तिको उत्पादन बजारको माग अनुसार गर्ने र हरेक तहमा रोजगार सिर्जना गर्ने । |
| **सूचना र सञ्चार** | दुर्गम गाउँपालिकाहरूमा इन्टरनेट, रेडियो र टिभिको कमजोर पहुँच । | प्रदेशका सबै पालिका र गाउँहरूमा इन्टरनेट, रेडियो र टिभिको क्षमता बृद्धि गरी पहुँच विस्तार गर्ने । |
| **योजना तर्जुमा** | प्रदेशको कमजोर तथ्याङ्क प्रणाली । | प्रदेश तथ्याङ्क कार्यालयको स्थापना गर्ने र प्रमाणमा आधारित योजना तर्जुमा पद्धतिको विकास गर्ने । |
| **राजस्व संकलन** | प्रदेशको कमजोर राजस्वका स्रोत र संकलन संरचना । | राजस्वका स्रोतहरूको पहिचान, विस्तार र संगठन संरचना सुदृढ गर्ने । |
| **जलवायु परिवर्तन** | जलवायु परिवर्तनले स्थानीय उत्पादनमा प्रतिकुल प्रभाव । | जलवायु परिवर्तनको प्रभाव बहन गर्न सक्ने जलवायु अनुकूलन उत्पादन प्रणाली विकास गर्ने । |
| **सुशासन** | विद्युतीय शासनको पूर्ण अभ्यास नहुँदा सार्वजनिक काममा अपेक्षित प्रभावकारिता प्राप्त गर्न नसकेको । | विद्युतीय शासन प्रणाली लागू गरी सार्वजनिक सेवा प्रवाह प्रभावकारी बनाउने । |

## २.३ अवसर

राजनीतिक स्थायित्व कायम हुनु, प्रदेशमा रहेका सबै राजनीतिक दल प्रदेश समृद्धिको लागि एकताबद्ध हुनु, नेपाल सरकार र स्थानीय सरकारसँगको सम्बन्ध अत्यन्तै सौहार्द्रपूर्ण रहनु, प्रदेशभित्र लगानीमैत्री वातावरण निर्माण गर्न प्रदेश सरकार प्रतिबद्ध रहनु, प्रदेश अन्तर्गतका पूर्वाधार निर्माणमा गैरआवासीय नेपाली तथा अन्तर्राष्ट्रिय संघसंस्थाहरूको लगानी वृद्धि हुँदै जानु, विदेशवाट आउने विप्रेषणको बचत गरी उत्पादनमूलक क्षेत्रको विस्तारमा केन्द्रित हुने नीतिगत व्यवस्था हुनु, गण्डकी प्रदेश प्राकृतिक सौन्दर्यता, जैविक विविधता, अनेकता बीच सामाजिक एकता, साँस्कृतिक सम्पन्नता र पहिचान भएको प्रदेश हुनु, विश्वमा उत्कृष्ट पर्यटकका आकर्षकका केन्द्र अन्नपूर्ण, धौलागिरी र मनास्लु क्षेत्रका पदमार्ग यसै प्रदेश अन्तर्गत हुनु, जलस्रोतमा धनी प्रदेश भएकाले उर्जा, सिंचाई र खानेपानी विकासको लागि प्राकृतिक स्रोतको अभाव नरहनु, र प्रदेश राजधानी पोखरा काठमाडौं पछाडिको शिक्षा र स्वास्थ्यको केन्द्र भएकोले भविष्यमा पनि यी क्षेत्रको विकास गरी उच्च सीप भएको जनशक्ति उत्पादन गर्ने र सेवा क्षेत्र विस्तार गरी आर्थिक लाभ लिने सम्भावनाहरू रहनु आदि यस प्रदेशका अवसरहरू हुन् ।

## २.४ प्रदेश समृद्धिका मुख्य सम्बाहकहरू (Key Drivers of Prosperity)

गण्डकी प्रदेशको समृद्धिको लागि नीतिगत रुपमा मुख्य सात वटा सम्बाहकहरू पहिचान गरिएका छन्:

१. **पर्यटनः** साहसिक पर्यटन, धार्मिक एवम् साँस्कृतिक पर्यटन प्रवर्द्धन गर्दै स्थानीय उत्पादनसँग अग्र र पृष्ठ (Forward and Backward Linkage) सम्बन्ध भएको गुणस्तरीय पर्यटन सेवाको सुदृढीकरण र विस्तार गरी रोजगारी सिर्जना, गरिबी निवारण, र प्रदेश अर्थतन्त्रको आधारशीला तयार गरिनेछ ।

२. **उर्जाः** जलविद्युत् तथा नवीकरणीय उर्जाको (सौर्य, वायु र जैविक) उच्च उत्पादन, उपभोग र निकासी गरी औद्योगिकीकरणको विस्तार, र पेट्रोलियम पदार्थको आयातमा कमी ल्याउँदै आत्मनिर्भर र हरित अर्थतन्त्र निर्माण गरिनेछ ।

३. **कृषिः** उच्च उत्पादन दिने जैविक (अर्गानिक) कृषि प्रणालीको प्रवर्द्धन, यान्त्रीकीकरण, व्यावसायीकरण र बजारीकरणमार्फत् उच्च उत्पादन र उत्पादकत्व वृद्धि प्राप्त गरी आयतनको आर्थिक लाभ (इकोनोमि अफ स्केल) लिइनेछ ।

४. **उद्योगः** उद्यमशीलताको विकास, मझौला र ठूला उद्योगहरूको स्थापना र औपचारिक क्षेत्रको विस्तार मार्फत् उपभोग्य वस्तु, निर्माण सामग्री, कृषि प्रशोधन र खनिजजन्य उद्योगहरूलाई चाहिने कच्चा पदार्थको आपूर्ति प्रदेश भित्रबाट व्यवस्था गरी प्रदेश अर्थतन्त्रमा अग्र र पृष्ठ सम्बन्ध (Forward and Backward Linkage) विकास गरी रोजगारीको विस्तार, आयात प्रतिस्थापन, राजस्वको बृद्धि र समग्रमा प्रदेश अर्थतन्त्रको आकार र आयतन बढाइनेछ ।

५. **पूर्वाधारः** उत्पादनमुखी अन्तरनिर्भर अर्थतन्त्र निर्माणमा सघाउने गुणस्तरीय भौतिक पूर्वाधारको विस्तार र सञ्जालीकरण गरी प्रदेश अर्थतन्त्रमा उत्पादन क्षेत्रको लागत घटाउने र प्रतिस्पर्धी क्षमता बढाई बजार अर्थतन्त्रको विस्तार गरिनेछ ।

६. **मानव संसाधन विकास (शिक्षा र स्वास्थ्य)ः** उच्च उत्पादन र उत्पादकत्व प्राप्त गर्न चाहिने प्राविधिक सीप र ज्ञान भएको मानव संसाधन विकास मार्फत् नयाँ प्रविधिको अन्वेषण गरी उत्पादन प्रकृयालाई सरलीकरण गर्दै प्रभावकारी रुपमा उच्च उत्पादन प्राप्त गर्न सघाईनेछ ।

७. **सुशासनः** राज्य संयन्त्रका सबै अङ्गमा विद्युतीय सुशासनको अभ्यासले कार्य क्षमता बृद्धि र भ्रष्टाचार निवारणमा सहयोग पुऱ्याई उच्च प्रतिफल प्राप्त गर्न सघाइनेछ ।

## २.५ प्रदेश समृद्धिका पाँच मुख्य सहयोगी क्षेत्रहरू (Five Key Enablers of Prosperity)

गण्डकी प्रदेशले समृद्धिको लागि पाँचवटा मुख्य सहयोगी क्षेत्रहरू पहिचान गरेको छः

१. **प्राकृतिक सौन्दर्यः** गण्डकी प्रदेशको तराइदेखि हिमालसम्मको मनोरम भू–धरातल, ताल तलैया, पदमार्ग, नदी निर्मित गहिरा गल्छी आदि जस्ता प्राकृतिक सौन्दर्यताले पर्यटक आकर्षण बढ्ने र पर्यटन क्षेत्रबाट प्राप्त हुने आय बृद्धि भई प्रदेश

समृद्धिमा सहयोग पुग्नेछ ।

२. **जैविक विविधताः** गण्डकी प्रदेशको करिब ४६ प्रतिशत भू-भाग चितवन राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्र, अन्नपूर्ण र मनास्लु संरक्षण क्षेत्र, पञ्चासे संरक्षित वन, फेवातालको पश्चिममा रहेको विश्व जैविक विविधता बगैचा (पार्क) र ढोरपाटन शिकार आरक्षभित्र पर्दछ । प्रदेशका यी निकुञ्ज तथा संरक्षण क्षेत्रभित्र विशाल जैविक विविधताको संरक्षण र प्रवर्द्धन हुँदै आएको छ । जैविक विविधताले प्रदेशमा पर्यावरणीय सन्तुलन र विदेशी पर्यटकहरू आकर्षण गरी प्रदेश समृद्धि हाँसिल गर्न सहयोग पुऱ्याउनेछ ।

३. **सामाजिक विविधता बीच एकताः** गण्डकी प्रदेशमा ब्राम्हण, क्षेत्री, मगर, गुरुङ्ग, थारु, तामाङ्ग, नेवार, कामी, सार्की, दमाई/ढोली, मुसलवान, यादव, राई, ठकुरी, लिम्बु, थकाली, लेप्चा र अन्य गरी २२ भन्दा बढी जातजातिका मानिसहरू बसोबास गर्दछन् । यी विभिन्न सामाजिक समूह बीच रहन सहनमा विविधता भए तापनि आर्थिक विकास र पूर्वाधार निर्माणमा विविधता बीच अनुपम एकता छ जुन प्रदेश समृद्धिको महत्वपूर्ण सहयोगी क्षेत्र हुनेछ ।

४. **साँस्कृतिक सम्पन्नता, सहअस्तित्व र पहिचानः** कला र संस्कृति खासगरि लोकभाकामा दोहोरी गीतको उदगम् स्थल रहेको, गुरुङ्ग, मगर, थकाली र थारु संस्कृति सामाजिक पहिचानको आदर्श नमुनाको रुपमा रहेकाले सामाजिक एवम् साँस्कृतिक सम्पन्नता, सहअस्तित्व र पहिचान समेत पर्यटक आकर्षणका स्रोत र प्रदेश समृद्धिका महत्वपूर्ण सहयोगी क्षेत्र हुनेछन् ।

५. **जनसांख्यिक लाभः** गण्डकी प्रदेशमा आर्थिक रूपले सक्रिय जनसंख्या (१५ देखि ५९ वर्ष उमेर समूहको जनसंख्या) कुल जनसंख्याको झण्डै ५७ प्रतिशत छ । यो उमेर समूहलाई विशेष योजनाका साथ विदेश जान वा पलायन हुनबाट रोक्दै उत्पादनमूलक क्षेत्रमा योजनाबद्ध रुपमा परिचालन गर्न सके आर्थिक सामाजिक विकासमा चाँडै फड्को मार्ने सक्ने सुवर्ण अवसर रहेको हुँदा प्रदेश समृद्धिको एक महत्वपूर्ण सहयोगी क्षेत्र हुनेछ ।

## २.६ क्षेत्रीय सन्तुलन र समन्यायिक विकास

**क. विकास केन्द्र (Growth Center):** प्रदेशभित्र सन्तुलित एवम् समन्यायिक विकासको लागि चार तहका प्रशासनिक एवम् आर्थिक केन्द्रको विकास गरिनेछ ।

१. **वडा केन्द्रलाई स्थानीय तहको विकास बिन्दुको (Village Level Growth Point) रुपमा विकास गर्नेः** गाउँ तथा बस्ती स्तरमा पालिकाका ७५९ वडा केन्द्रलाई तल्लो तहका प्रशासनिक एवम् आर्थिक बिन्दुको रुपमा विकास गरिनेछ । यी विकास बिन्दुहरूले गाउँबस्ती स्तरमा प्रशासनिक तथा आर्थिक सेवा केन्द्रका रुपमा आधारभूत स्वास्थ्य सेवा, माध्यमिक तहसम्मको शिक्षा, इमेल, इन्टरनेट, टेलिफोन, सामान किनबेच गर्ने ब्यापारिक पसल, परामर्श सेवा, निजी स्वास्थ्य क्लिनिक, एम्बुलेन्स जस्ता सेवा उपलब्ध गराउनेछन् ।

२. **पालिका सदरमुकामलाई पालिका तहको विकास केन्द्रको (Municipal Level Growth Centre) रुपमा विकास गर्नेः** गाउँपालिका तथा नगरपालिकाका ८५ वटा केन्द्र क्रमशः प्रशासनिक एवम् आर्थिक विकासका केन्द्रको रुपमा विकास हुंदै जानेछन् । यिनीहरूले आफ्नो प्रभावक्षेत्र भित्रका गाउँ तथा बस्तीहरूलाई प्रशासनिक तथा आर्थिक सेवा केन्द्रको रुपमा आधारभूत स्वास्थ्य तथा अन्य मध्यम स्तरका विशेषज्ञ स्वास्थ्य सेवा, माध्यमिक तह सम्मको शिक्षा, वित्तीय कारोबार गर्ने संस्था, कालेपत्रे सडकमार्ग मार्फत् जिल्ला तथा प्रदेश सदरमुकामसँग आबद्धता, मझौला तथा साना उद्योगहरूको स्थापना र सञ्चालन जस्ता प्रशासनिक तथा आर्थिक सेवाहरू उपलब्ध गराउने छन् । यी केन्द्रहरूले प्रदेशका मुख्य शहरहरूमा हुने बसाइँसराइँलाई समेत कम गराउनेछन् ।

३. **जिल्ला सदरमुकाम जिल्ला तहका विकास केन्द्रको (District Level Growth Centre) रुपमा विकास गर्नेः** प्रदेशमा रहेका ११ वटा जिल्ला सदरमुकाममा पालिका केन्द्रमा उपलब्ध सेवाहरूको अतिरिक्त नागरिकता र पासपोर्ट सेवा प्राप्त गर्ने थप प्रशासनिक सुविधा हुनेछन् र यिनीहरू जिल्ला तहका विकास केन्द्र हुनेछन् ।

४. **प्रदेश राजधानी प्रादेशिक विकास केन्द्र (Province Level Growth Centre) हुनेः** पोखरा प्रदेशको राजधानी समेत् भएकोले

यसको प्रशासनिक, आर्थिक र राजनीतिक प्रभाव समग्र प्रदेशमा पर्न जाने र प्रादेशिक विकास केन्द्रको रुपमा विकास भई प्रदेशबाहिर पनि यसको प्रभाव क्षेत्र विस्तार हुनेछ । यसरी चार तहका प्रशासनिक तथा आर्थिक विकास केन्द्रहरूको विकासले प्रदेशमा सन्तुलित तथा समन्यायिक विकास अगाडि बढाउन मद्दत पुग्नेछ ।

### (ख) विकास अक्ष (Growth Axis)

गण्डकी प्रदेशमा सन्तुलित विकासको लागि सडक यातायातसँग आबद्धता गर्दै आठ वटा विकास अक्ष (मेरुदण्ड) विकास हुनेछन् ।

१. **मुग्लिङ – दमौली – पोखरा – कुश्मा – बाग्लुङ – बुर्तिबाङ विकास अक्षः** यो विकास अक्ष प्रदेशको मध्यभागमा पूर्व पश्चिम फैलिएको छ । यस विकास अक्षले मुग्लिङ्ग, आँबुखैरेनी, डुम्रे, दमौली हुँदै पोखरासम्म पृथ्वी लोकमार्गलाई पछ्याउँछ भने पोखराबाट बाग्लुङ्गसम्म भूपी शेरचन लोकमार्ग र त्यसपछि मध्यपहाडी लोकमार्गमा समाहित भएर बुर्तिबाङ, ढोरपाटन हुँदै कर्णाली प्रदेशको रुकुमतर्फ लाग्दछ । यस विकास अक्षलाई विशेषगरी तनहुँ, कास्की, पर्वत र बाग्लुङ्ग गरी चार जिल्लाको विकासमा महत्वपूर्ण भूमिका खेल्नेगरी विकास गरिनेछ ।

२. **पोखरा – पुतलीबजार – वालिङ – गल्याङ – चापाकोट विकास अक्षः** यो विकास अक्ष सिद्धार्थ लोकमार्ग पछ्याउँदै पुतलीबजार, वालिङ्ग, गल्याङ्ग र चापाकोट नगरपालिकालाई पोखरा महानगरपालिकासँग जोड्छ । यस क्षेत्रमा पूर्व पश्चिम सिद्धार्थ लोकमार्गको समानान्तर विकास अक्षको विकास गरिनेछ ।

३. **कोरला – जोमसोम – बेनी – कुश्मा – पोखरा – भीमाद – दुम्कीबास – त्रिवेणी विकास अक्षः** यस विकास अक्ष प्रदेशको उत्तर दक्षिण फैलिएको निर्माणाधीन विकास अक्ष हो । यो मित्रराष्ट्र चीनको सीमाना कोरला नाकाबाट सुरु भएर मुस्ताङ्ग जिल्लाको लोमन्थाङ्ग, जोमसोम हुँदै बेनी, कुश्मा, पोखरा, तनहुँको भिमाद हुँदै, नवलपुर जिल्लाको दुम्कीबास हुँदै दक्षिणमा मित्रराष्ट्र भारतसँग सीमाना जोडिएको ठाउँ त्रिवेणीसम्म पुग्दछ । यसरी यो विकास अक्षले मित्रराष्ट्र चीन र भारतसँग जोडिने गरी ६ जिल्लाका मुख्य शहरहरूसम्म यातायातको पहुँच स्थापित गराई सामाजिक आर्थिक क्रियाकलापलाई गतिशील बनाउन महत्वपूर्ण भूमिका खेल्ने हुँदा प्रदेशको दोस्रो महत्वपूर्ण जीवनरेखाको रुपमा विकास गरिनेछ । यस विकास अक्षको सहायक खण्ड पूर्वमा म्याग्दीको बेनी हुँदै पश्चिममा दरबाङ्गसम्म विस्तार हुनेछ ।
उत्तरको कोरला र दक्षिणको त्रिवेणीमा नेपाल सरकारलाई अन्तर्राष्ट्रिय भन्सार केन्द्र स्थापना र सञ्चालन गर्न अनुरोध गरी यो मार्गलाई व्यापारिक मार्गको रुपमा पनि प्रयोग गरिनेछ ।

४. **अर्मादी – सेतीबेनी – मिर्मी – रुद्रवेणी – रानीघाट – गल्याङ – चापाकोट – देवघाट – गैंडाकोट – कावासोती साँस्कृतिक विकास अक्षः** यो विकास अक्ष कालीगण्डकी करिडोरको समानान्तर रुपमा पर्वतको अर्मादीबाट सुरु भई सेतीवेणी, मिर्मी हुँदै रुद्रवेणी, रानीघाट, गल्याङ्ग, चापाकोट, देवघाटबाट गैंडाकोट हुँदै कावासोतीसम्म रहेको छ । यसले कालीगण्डकी किनाराका तल्लो तटमा रहेका धार्मिक स्थल तथा टारहरूलाई जोड्दै जान्छ । यस सडकले सेतीवेणी, रिडी, रानीघाट, गजेन्द्र मोक्षधाम, देवघाट, केलादीघाट, शालिग्राम आदि धार्मिकस्थललाई जोड्नेछ । यसले कालीगण्डकी नदीको पूर्वी किनारामा रहेका टार तथा नदीनिर्मित फाँटहरूको विकासमा सहयोग पुऱ्याउँछ । देवघाट, दक्षिण गैंडाकोटदेखि तल कालीगण्डकी नदीको पश्चिमपट्टि यस विकास अक्षले आर्थिक विकासमा टेवा दिनेछ । समग्रमा, यस विकास अक्ष पर्वत जिल्लाको दक्षिणी क्षेत्र, स्याङ्जाको पश्चिम क्षेत्र र तनहुँ जिल्लाका पश्चिम क्षेत्र र नवलपुर जिल्लाको उत्तरपूर्वी क्षेत्रको विकासमा सहयोग गर्ने गरी विकास गरिनेछ ।

५. **डुम्रे – बेसीशहर – धारापानी – थोंचे – रुइलाभन्ज्याङ विकास अक्षः** यस सडक मार्ग तथा विकास अक्षको डुम्रे - बेसीशहर खण्डको निर्माण सम्पन्न भएको छ भने बेसीशहर - धारापानी - थोचे - रुइलाभन्ज्याङ्ग खण्ड निर्माणधीन छ । यस सडक खण्डको निर्माणले डुम्रे - बेसीशहर - धारापानी - थोचे - रुइलाभन्ज्याङ्गबीचका चार जिल्ला तनहुँ, लमजुङ्ग, मनाङ्ग र गोरखाका उत्तर पूर्वी क्षेत्रको विकासमा सहयोग गर्नेछ ।

६. **बेनीघाट – आरुघाट – श्रीर्दिवास – सामागाउँ – रुइलाभन्ज्याङ विकास अक्षः** यो गोरखा जिल्लाको पूर्वी भागमा निर्माणाधीन उत्तर दक्षिण सडक मार्ग तथा विकास अक्ष हो । यो उत्तरमा चीनको सीमासम्म र दक्षिणमा पृथ्वी लोकमार्गसम्म फैलिने छ र गोरखा जिल्लाको विकासको मेरुदण्ड हुनेछ । यो मार्ग मित्रराष्ट्र चीनलाई जोड्ने सबैभन्दा छोटो मार्ग हुनेछ ।

७. **पोखरा रिङ्गरोड विकास अक्षः** पोखरा महानगरपालिका वरिपरिको बृहत्तर क्षेत्रमा करिब ११० किलोमिटर लामो पहिलो रिङ्गरोड निर्माण हुनेछ र उक्त रिङ्गरोडको वरिपरि आर्थिक क्रियाकलाप बढ्न गई पोखरा भित्रको भिडभाड बाह्य क्षेत्रतर्फ स्थानान्तरण भई सन्तुलित विकास हुनेछ । यस विकास अक्ष शहर केन्द्रित जनसंख्यालाई पोखराको बाह्यक्षेत्रमा व्यवस्थापन गर्नेगरि विकास गरिनेछ ।

८. **पोखरा महानगर वरिपरि स्याटलाइट शहरको विकास अक्षः** पोखरा महानगर वरिपरिका साना शहरहरू जस्तै, लमजुङ्गको मध्यनेपाल, तनहुँको शुक्लागण्डकी, स्याङ्गजाको पुतलीबजार र पर्वतको कुश्मा क्षेत्रलाई पोखरा महानगरका स्याटलाइट शहरको रुपमा विकास गरिनेछ । यी स्याटलाइट शहरहरूलाई बाहिरी रिङ्गरोडले एक आपसमा जोडिनेछ र रिङ्गरोडको वरिपरि आर्थिक क्रियाकलाप सञ्चालन गरी पोखरा महानगपालिकामा बढ्दै गएको जनसंख्याको चापलाई कम गरिनेछ ।

माथि उल्लेखित विकास अक्षमा समानान्तर हुने गरी विद्युत्का ट्रान्समिसन लाइन, टेलिफोन लाइन, इन्टरनेट लाइन विस्तार हुनेछन् । सडकको दायाँ बायाँमा होटेल, रेस्टुराँ, विद्यालय, महाविद्यालय, व्यापारिक भवन, मझौला खाले उद्योग आदिको विकास हुनेछ । यी सडक मार्गको दुबैतर्फ बस्तीहरूको विकास भई व्यवस्थित शहरीकरणलाई सघाउनेछ ।

९. **बृहत्तर आर्थिक क्षेत्र निर्माणः** पूर्वपश्चिम लोकमार्गको नारायणगढ - बुटवल खण्ड चार लेनमा स्तरोन्नति भइरहेको छ । यसै प्रकारले अन्य सडकहरू पनि स्तरोन्नति हुने क्रममा छन् । गुणस्तरीय सडक सञ्जाल विकास भैसकेपछि चार वटा अन्तर्राष्ट्रिय बीमानस्थलहरूः काठमाडौं, पोखरा, भैरहवा र निजगढ एक आपसमा जोडिने छन् र यिनीहरू बीचको भू-भागमा बृहत्तर आर्थिक क्षेत्र निर्माण हुनेछ । गण्डकी प्रदेशको नवलपुरदेखि मुग्लिङ्ग, डुम्रे, दमौली, खैरेनीटार, कोत्रे, पोखरा, पुतलीबजार, वालिङ्ग, मिर्मी र राम्दीसम्मको क्षेत्रमा व्यापारिक र व्यावसायिक गतिविधि बढ्न गई बृहतर आर्थिक क्षेत्र विकास हुनेछ ।

## २.७ दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य र परिमाणात्मक लक्ष्य

**सोच**

**"समृद्ध प्रदेश र सुखी नागरिक"**

**लक्ष्य**

उच्च उत्पादन, मर्यादित जीवन, समावेशी, सभ्य, न्यायपूर्ण र सुशासनयुक्त आधुनिक समाज भएको समृद्ध प्रदेश ।

**उद्देश्य**

१. उत्पादन र उत्पादकत्व वृद्धि गर्दै समाजवाद उन्मुख आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्नु ।
२. पर्यटन, कृषि, ऊर्जा, उद्योग, पूर्वाधार र मानव संशाधन विकासको माध्यमबाट समतामूलक तथा फराकिलो उच्च आर्थिक वृद्धि हाँसिल गरी समृद्ध प्रदेशको आधारशीला निर्माण गर्नु ।
३. गुणस्तरीय शिक्षा, स्वास्थ्य, खानेपानी, सरसफाइ तथा स्वच्छ वातावरणमा पहुँच पुर्‍याई सबै नागरिकलाई सामाजिक सुरक्षा र सुशासनको अनुभूति गराउनु ।

## २.८ परिमाणात्मक लक्ष्य

योजनाको अवधि आ.व. २०७६/७७ देखि २०८०/८१ लाई अल्पकालीन, आ.व. २०७६/७७ देखि २०८७/२०८८ (दिगो विकास लक्ष्यको अवधि) लाई मध्यकालीन र २०७६/७७ देखि २१०० लाई दीर्घकालीन परिभाषित गरी समृद्धि र सुखका परिमाणात्मक लक्ष्यहरू निम्न अनुसार निर्धारण गरिएका छन् (तालिका १) ।

**तालिका १: अल्पकालीन अवधि (२०७६/७७ देखि २०८०/८१), मध्यकालीन अवधि (२०७६/७७ देखि २०८७/८८) र दीर्घकालीन अवधि (२०७६/७७ देखि २१००) सम्मका लागि समृद्धि र सुखका परिमाणात्मक लक्ष्यहरू**

| क्र.सं. | समृद्धिका र सुखका सूचक | ईकाई | राष्ट्रिय लक्ष्य* | | | गण्डकी प्रदेशका लक्ष्य | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | आधार वर्ष २०७५/७६ | वि.सं २०८०/८१ | वि.सं २१०० | आधार वर्ष २०७५/७६ | वि.सं २०८०/८१ | वि.सं २०८७ | वि.सं २१०० |
| | **समृद्धिका अल्पकालीन, मध्यकालीन र दीर्घकालीन लक्ष्य** | | | | | | | | |
| १ | आर्थिक वृद्धिदर (औसत) | प्रतिशत | ६.८ | ९.६ | १०.५ | ७.१ | १०.२ | १०.५ | ११.० |
| २ | प्रतिव्यक्ति कुल आय | अ.डलर | १,०४७ | १,५९५ | १२,१०० | १,०४३ | १,९५६ | ३,७२१ | १५,७२९ |
| ३ | कुल ग्राहस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान | प्रतिशत | २७.० | १९.४ | ९.० | २८.२ | २३.७ | १७.० | ८.५ |
| ४ | कुल ग्राहस्थ्य उत्पादनमा उद्योग क्षेत्रको योगदान | प्रतिशत | १५.२ | १६.७ | ३०.० | १४.२ | २२.४ | ३०.० | ५२.९ |
| ५ | कुल ग्राहस्थ्य उत्पादनमा सेवा क्षेत्रको योगदान | प्रतिशत | ५७.८ | ६४.२ | ६१.० | ५७.६ | ५३.९ | ५३.० | ३८.६ |
| ६ | आम्दानीमा माथिल्लो १० र तल्लो ४० प्रतिशत जनसंख्याको अनुपात (Palma Ratio) | अनुपात | १ .३ | १ | १ | १.४ | १ | १ | १ |
| ७ | सम्पत्तिमा आधारित जिनी गुणक (Gini Coefficient) | गुणक | ०.३१ | ०.२९ | ०.२५ | ०.३७ | ०.२६ | ०.२३ | ०.२० |
| ८ | अपेक्षित आयु (जन्म हुँदाको) | वर्ष | ६९.७ | ७२ | ८० | ७१.७ | ७७ | ८० | ८२ |
| ९ | मातृ मृत्युदर (प्रतिलाख जीवित जन्ममा) | संख्या | २३९ | ९९ | २० | २३९ | ९९ | ७० | १५ |
| १० | पाँचवर्ष मुनिका वाल मृत्युदर (प्रतिहजार जीवित जन्ममा) | संख्या | ३९ | २४ | ८ | २७ | २२ | १५ | ६ |
| ११ | साक्षरता दर (१५ वर्ष माथि) | प्रतिशत | ५८ | ९० | ९८ | ५५.६ | ९५ | ९८ | ९९.५ |
| १२ | युवा साक्षरता दर (१५ देखि २४ वर्ष) | प्रतिशत | ८५ | ९९ | १०० | ८६ | ९९ | ९९.० | १०० |
| १३ | आधारभूत तहमा (१ देखि ८ कक्षामा) खुद भर्ना दर | प्रतिशत | ९२.३ | ९९.५ | १०० | ९४.८ | ९९.५ | ९९.८ | १०० |
| १४ | श्रमशक्ति सहभागिता दर | प्रतिशत | ३८.५ | ४८.५ | ७२ | ३५.७ | ५० | ६० | ७५ |
| १५ | बेरोजगारी दर | प्रतिशत | ११.४ | ६ | ३ | ९ | ४ | २ | १ |
| १६ | रोजगारीमा औपचारिक क्षेत्रको अंश | प्रतिशत | ३६.५ | ५० | ७० | ३९.९ | ५५ | ६५ | ७५ |
| १७ | राष्ट्रिय र प्रादेशिक लोकमार्ग (कालोपत्रे) | किमि | ६९७९ | १५००० | ३३००० | ९३७ | ३४५० | ६९५० | १२९३७ |
| १८ | द्रुत लोकमार्ग (पोखरा दुम्कीवास) | किमि | ७६ | ७६ | २००० | ० | ० | ७० | १०० |
| १९ | रेलमार्ग | किमि | ४२ | २०० | २२०० | ० | ८० | १८० | २०० |
| २० | ३० मिनेटको दूरीमा यातायातको पहुँच भएका घर परिवार | प्रतिशत | ७८.९ | ९५ | ९९ | ८० | ९६ | ९८ | ९९ |

| क्र.सं. | समृद्धिका र सुखका सूचक | ईकाई | राष्ट्रिय लक्ष्य* | | | गण्डकी प्रदेशका लक्ष्य | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | आधार वर्ष २०७५/७६ | वि.सं २०८०/८१ | वि.सं २१०० | आधार वर्ष २०७५/७६ | वि.सं २०८०/८१ | वि.सं २०८७ | वि.सं २१०० |
| २१ | विद्युत्मा पहुँच पुगेका घरपरिवार | प्रतिशत | ९०.७ | ९९ | १०० | ८२.५ | १०० | १०० | १०० |
| २२ | आधारभुत खानेपानीको पहुँच पुगेका घरपरिवार | प्रतिशत | ९४.९ | ९९ | १०० | ९१.१ | १०० | १०० | १०० |
| २३ | ईन्टरनेट प्रयोगकर्ता | प्रतिशत | ५५.४ | ७५ | १०० | ४८ | ८० | ९० | १०० |
| २४ | जलविद्युत् उत्पादन जडित क्षमता | मेगावाट | १०७४.१ | ५००० | ४०००० | ४४८.५ | १५०० | ६००० | ९००० |
| २५ | प्रतिव्यक्ति प्रति वर्ष विद्युत् उपभोग (किलो वाट घण्टा) | किलोवाट | १९८ | ७०० | ३५०० | १९० | ७५० | १७०० | ३८०० |
| २६ | कृषि उत्पादकत्व (प्रमुख बालीः धान, मकै र गहुँ) | टन हेक्टर | २.९७ | ४ | ६ | २.८ | ४ | ५ | ६ |
| **सुखका अल्पकालीन, मध्यकालीन र दीर्घकालिन लक्ष्य** | | | | | | | | | |
| १ | गरिबीको रेखामुनि रहेको जनसंख्या (निरपेक्ष गरिबी) | प्रतिशत | १८.७ | ११ | १ | १४.९१ | ७.४ | २ | ० |
| २ | बहुआयमिक गरिबीमा रहेको जनसंख्या | प्रतिशत | २८.६ | १३ | ३ | १४.२ | ७.२ | २ | ० |
| ३ | ५ वर्ष मुनिका कम तौल भएका बालबालिका | प्रतिशत | २७ | १५ | २ | २९ | १७.३ | १ | १ |
| ४ | मानव विकास सूचकाङ्क | सूचकाङ्क | ०.५७९ | ०.६२ | ०.७६ | ०.५९ | ०.६५ | ०.७० | ०.७८ |
| ५ | आफ्नै स्वामित्वको आवासमा बसोबास गर्ने परिवार | प्रतिशत | ८५.३ | ८९ | | ८१.७ | ८३.०० | ९५ | ९५ |
| ६ | जीवनकालमा शारीरिक वा मानसिक वा यौन हिंसा पीडित महिला | प्रतिशत | २६.३ | १३ | | १६.९ | १० | १ | १ |
| ७ | दर्ता भएका लैङ्गिक हिंसा लगायतका अपराधका घटना र अनुसन्धानको अनुपात | प्रतिशत | ९६.५ | १०० | १०० | ८२.७ | १०० | १०० | १०० |
| ८ | आधारभूत सामाजिक सुरक्षामा आबद्ध जनसंख्या | प्रतिशत | १७ | ६० | १०० | १७ | ६० | ८० | १०० |
| ९ | हेलो सरकारमार हेलो मुख्यमन्त्रीमा प्राप्त उजुरीको फछ्र्यौट | प्रतिशत | ४८.१३ | ९८ | ९९ | ५३ | ९९ | ९९ | ९९ |
| १० | राष्ट्रिय परिचयपत्र प्राप्त गरेका नेपाली नागरिक | प्रतिशत | ० | १०० | १०० | ० | १०० | १०० | १०० |
| ११ | पाँच वर्षमुनिका बालबालीकको जन्म दर्ता | प्रतिशत | ५६ | १०० | १०० | ६०.१ | १०० | १०० | १०० |
| १२ | आधारभूत खाद्य सुरक्षाको स्थितिमा रहेका घरपरिवार | प्रतिशत | ४८.२ | ७० | १०० | ५६ | ८० | ९० | १०० |

नोटः *स्रोत- राष्ट्रिय योजना आयोगले प्रकाशन गरेको १५ औं योजनाको आधारपत्रबाट साभार गरिएको ।

## २.९ रणनीति

**उद्देश्य १: उत्पादन र उत्पादकत्व वृद्धि गर्दै समाजवाद उन्मुख आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्नु ।**

**रणनीतिहरू**

१.१ अनुसन्धान र विकासलाई सँगसँगै अगाडि बढाई आवश्यक ज्ञान र प्रविधि प्राप्त गरी उच्च उत्पादन र उत्पादकत्व हाँसिल गर्ने ।

१.२ सार्वजनिक, निजी, सहकारी र सामुदायिक क्षेत्रको सहकार्यमा उत्पादन बढाई रोजगार सिर्जना गर्ने, लगानी बढाई दिगो, फराकिलो र समतामूलक उच्च आर्थिक बृद्धि दर हाँसिल गरी सबै प्रकारका गरिबीको अन्त्य गर्ने ।

१.३ पिछडिएका क्षेत्र, सामाजिक बहिष्करणमा पारिएका र आर्थिक रुपले सीमान्तकृत् वर्गलाई प्रदेशका विकास निर्माणमा सहभागी गराई सन्तुलित र समतामूलक आर्थिक बृद्धि गर्ने ।

१.४ वन तथा वातावरणको वैज्ञानिक व्यवस्थापन मार्फत् संरक्षण, संवर्द्धन र बजारीकरण गरी जनताको आर्थिक उपार्जन गर्ने ।

१.५ प्रदेशको उत्पादन प्रणाली जलवायु परिवर्तको जोखिम वहन गर्न सक्ने बनाउन प्रयत्न गर्ने ।

**उद्देश्य २: पर्यटन, ऊर्जा, कृषि, उद्योग, पूर्वाधार र मानव संसाधन विकासको माध्यमबाट समतामूलक तथा फराकिलो उच्च आर्थिक वृद्धि हाँसिल गरी समृद्ध प्रदेशको आधारशीला निर्माण गर्नु ।**

**रणनीतिहरू**

२.१ पर्यटन व्यवसाय र स्थानीय उत्पादक बीच सहकार्यको साथै पर्यटन व्यवसायीको क्षमता बृद्धि र पर्यटन पूर्वाधारको विकास गरी गुणस्तरीय पर्यटनको विकास गर्ने ।

२.२ हालको निर्वाहमुखी कृषि प्रणालीलाई यान्त्रीकीकरण र व्यावसायीकरण, सिंचाइ सुबिधाको विस्तार, उच्च उत्पादन दिने उन्नत बिउ र प्राविधिक सहयोगको विस्तार गरी कृषि र पशुपालन क्षेत्रमा उच्च उत्पादन र उत्पादकत्व हाँसिल गर्ने ।

२.३ संघ, प्रदेश र स्थानीय तहको सहकार्य तथा निजी क्षेत्रको सहभागितामा ठूला र जलाशययुक्त जलविद्युत् आयोजना र सौर्य उर्जाको सँगसँगै उत्पादन र विकास गर्ने ।

२.४ संगठित क्षेत्रमा मझौला तथा ठूला कृषि प्रशोधन र खनिजजन्य नयाँ उद्योगहरूको स्थापना र विस्तार गर्न निजी स्वदेशी तथा विदेशी लगानीकर्तालाई प्रोत्साहन गरी प्रदेशको औद्योगिकीकरण गर्ने ।

२.५ पर्यटन, उर्जा, कृषि र उद्योग जस्ता उत्पादनसँग सिधा सम्बन्ध भएका क्षेत्रका लागि चाहिने भौतिक पूर्वाधारहरूको निर्माण निर्धारित समय र लागतमा उच्च गुणस्तरसहित सम्पन्न गरी दिगो र समावेशी आर्थिक बृद्धि गर्ने ।

२.६ विद्यालय र महाविद्यालयमा क्रमशः साधारण शिक्षाबाट प्राविधिक शिक्षातर्फ रुपान्तरण गर्न प्रोत्साहन गरी स्थानीय उत्पादनलाई चाहिने प्राविधिक मानव संसाधन प्रदेश भित्रै उत्पादन गर्ने ।

**उद्देश्य ३: गुणस्तरीय शिक्षा, स्वास्थ्य, खानेपानी, सरसफाइ तथा स्वच्छ वातावरणमा पहुँच पुऱ्याई सबै नागरिकलाई सामाजिक सुरक्षा र सुशासनको अनुभूति गराउनु ।**

**रणनीतिहरू**

३.१ स्थानीय तहसँगको सहकार्यमा एकल महिला, अपाङ्ग, ज्येष्ठ नागरिक, जोखिममा रहेका बालबालिका र महिला, हिंसा पीडित व्यक्ति, सीमान्तकृत् सामाजिक समूह, लोपोन्मुख जाति आदिको सामाजिक सुरक्षा सुदृढ गर्ने ।

३.२ स्थानीय तह, नेपाल सरकार र विकास साझेदार संस्थाको सहकार्यमा आधारभूत शिक्षा, स्वास्थ्य, खानेपानी र सरसफाइमा प्रदेशका सबै नागरिकको समान पहुँच बृद्धि गर्ने ।

३.३ स्थानीय तह र निजी क्षेत्रसँग सहकार्य गरी प्रदेशको शहरीकरणलाई व्यवस्थित अनुमान योग्य, सुरक्षित अवास भएको विकसित क्षेत्रको रुपमा विकास गर्ने ।

३.४ निजी क्षेत्रसँग सहकार्य गरी रोजगारीका नयाँ क्षेत्र पहिचान गर्ने र प्रदेश स्तरमा रोजगार सिर्जना गरी पूर्ण रोजगार र मर्यादित जीवनको विकास गर्ने ।

३.५ प्रदेशको शासन प्रणालीमा क्रमिक र समसामयिक सुधार गरी पारदर्शी, उत्तरदायी र जनताका समस्याप्रति सम्वेदनशील शासन प्रणालीको विकास गर्ने ।

३.६ प्रदेश तथ्याङ्क प्रणालीको स्थापना र विकास गर्ने ।

३.७ प्रदेशको राजस्व परिचालन र आर्थिक प्रणाली सुदृढीकरण गर्ने ।

## २.१० योजनाका अपेक्षित उपलब्धि

१) उत्पादनमुखी, आत्मनिर्भर र समाजवाद उन्मुख अर्थतन्त्रको जग निर्माण हुनेछ।

२) स्थानीय उत्पादक र पर्यटन व्यवसायी बीच सघन सहकार्य भई नयाँ रोजगार सिर्जना, गरिबी निवारण र अर्थतन्त्रको विस्तार हुनेछ।

३) ठूला र जलाशययुक्त विद्युत् आयोजनाको निर्माण सम्पन्न भई औद्योगिक विस्तार, विद्युतीय सवारी साधनको प्रयोग, खाना पकाउने एल.पि ग्याँसको प्रतिस्थापन र घरायसी कार्यको यान्त्रीकीकरण हुनेछ।

४) कृषि क्षेत्रमा उन्नत बिउ बिजनको प्रयोग, यान्त्रीकीकरण, व्यावसायीकरण, जलवायु अनुकूलन कृषि प्रणालीको विकास र अनुसन्धान गरी उच्च उत्पादन र उत्पादकत्व हाँसिल हुनेछ।

५) संगठित क्षेत्रमा मझौला तथा ठूला कृषि प्रशोधन र खनिजजन्य उद्योगहरूको स्थापना र विस्तार भई आयात प्रतिस्थापन र प्रदेशको ग्राहस्थ्य उत्पादनमा उद्योग क्षेत्रको अंश उल्लेख्य रुपमा बृद्धि हुनेछ।

६) नयाँ भौतिक संरचनाको निर्माण र पुराना संरचनाको मर्मत संभार निर्धारित समय र लागतमा सम्पन्न भई वस्तुहरूको उत्पादन र ढुवानी लागत घट्ने र आर्थिक क्षेत्रमा प्रदेशको प्रतिस्पर्धी क्षमता बृद्धि हुनेछ।

७) बजारमा उच्च माग भएका प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको विस्तार भई शिक्षा र उत्पादन बीचको सम्बन्ध विस्तार भएको हुने र शिक्षा क्षेत्रको सुधारले ग्रामीण क्षेत्रवाट गुणस्तरीय शिक्षाको खोजीमा शहरतर्फ हुने बसाइँसराइँमा कमी आएको हुनेछ।

८) स्वास्थ्य संस्थाको व्यवस्थापन प्रणाली सुदृढ भई आधारभूत र विशिष्टिकृत सेवाहरू प्रभावकारी रुपमा तोकिएका स्वास्थ्य संस्थामा उपलब्ध भएका हुनेछन्।

९) शासन प्रणाली सुधारले प्रदेश सरकार मातहतका सबै कार्य इकाइहरू आफ्नो काममा पारदर्शी र सेवाग्राहीका आवश्यकताप्रति संवेदनशील र उत्तरदायी भएका हुनेछन् र प्रदेश सरकारले दिने सबै सेवाहरू प्रभावकारी रुपमा जनतालाई उपलब्ध हुनेछन्।

१०) वन तथा वातावरणको संरक्षण हुनेछ र यिनको प्रयोग जनताको अर्थोपार्जनसँग जोडिएको हुनेछ।

११) प्रदेशको उत्पादन प्रणाली जलवायु परिवर्तनको जोखिम बहन गर्न सक्ने क्षमताको विकास भएको हुनेछ।

१२) सार्वजनिक संस्थाहरूको व्यवस्थापन सुधारले एकल महिला, दलित, अपाङ्ग, ज्येष्ठ नागरिक, बालबालिका आदिको सामाजिक सुरक्षा व्यवस्था मजबुत भएको हुनेछ।

१३) सूचना सञ्चार प्रणालीमा समसामयिक सुधार गरी टेलिफोन, इमेल, इन्टरनेट र विद्युतीय पत्रिकाको पहुँच सबै जनतामा पुगेको हुनेछ।

१४) प्रदेश तथ्याङ्क कार्यालयको स्थापना भई प्रमाणमा आधारित योजना तर्जुमा पद्धतिको विकास भएको हुनेछ।

१५) प्रदेशको राजस्व प्रणाली सुदृढ भएको हुनेछ।

१६) प्रदेशका नागरिकले सुशासनको अनुभूति गरेका हुनेछन्।

## २.११ आर्थिक बृद्धि दर प्रक्षेपण

**"समृद्ध नेपाल, सुखी नेपाली"** को राष्ट्रिय दीर्घकालीन सोच पूरा गर्न गण्डकी प्रदेशको आर्थिक बृद्धि दरको सहयोगी भूमिका रहन्छ। विगतमा नेपालमा प्रादेशिक कुल ग्राहस्थ्य उत्पादनको तथ्याङ्क निकाल्ने नगरिएकाले आर्थिक बृद्धि दरको लक्ष्यको प्रक्षेपण गर्नु कठिनाई एवम् चुनौतीपूर्ण देखिएको छ। केन्द्रीय तथ्याङ्क विभागले आ.व ०७५/७६ को प्रादेशिक कुल ग्राहस्थ्य उत्पादनको तथ्याङ्क प्रकाशन गरिसकेकोले सोही आधारमा यस प्रदेशको कुल ग्राहस्थ्य उत्पादनको बृद्धि दरको प्रक्षेपण गरिएको छ। आर्थिक बृद्धि दर हाँसिल गर्न आवश्यक पर्ने लगानीको आँकलन सीमान्त पुँजी उत्पादन अनुपातको आधारमा गर्ने प्रचलन छ। तर सीमान्त पुँजी उत्पादन अनुपातको गणना गर्न क्षेत्रगत लगानी र त्यसका प्रतिफलका तथ्याङ्क उपलब्ध

छैन । तसर्थ हाललाई नेपाल मानव विकास प्रतिवेदन २०१४ को ढाँचामा पन्ध्रौं योजनाको सीमान्त पुँजी उत्पादन अनुपातलाई आधार मानेर आर्थिक बृद्धि दर र लगानीको आवश्यकताको अनुमान गरिएको छ । आर्थिक बृद्धि दर प्रक्षेपण गर्दा निम्न लिखित मान्यताहरू राखिएका छन् ।

१) यस योजनाको लागि मूल्य अभिवृद्धि दर अनुमान गर्दा केन्द्रीय तथ्याङ्क विभागले प्रकाशित गरेको प्रादेशिक कुल ग्राहस्थ्य उत्पादनको तथ्याङ्क र नेपाल मानव विकास प्रतिवेदन २०१४ मा दिइएको सन् २०१०/११ को कुल ग्राहस्थ्य उत्पादनमा जिल्लागत योगदानलाई आधार मानिएको छ ।

२) नेपालको अर्थतन्त्रमा सन् २०१०/११ को संरचनाभन्दा मूलभूत परिवर्तन भएको छैन र राष्ट्रिय सीमान्त पुँजी उत्पादन अनुपात र प्रादेशिक अनुपातमा भिन्नता छैन भन्ने अनुमान गरिएको छ ।

३) विगतमा प्रादेशिक तथ्याङ्क संकलन नगरिएको र कतिपय सर्वेक्षणहरूको विश्लेषण दायरा राष्ट्रिय रूपमा भएकोले सन् २०१०/११ कै संरचना प्रयोग गरिएको छ । प्रादेशिक मूल्य सूचकाङ्क र औद्योगिक वर्गीकरण अनुसारको पुँजी निर्माणसम्बन्धी तथ्याङ्क अभाव रहेकोले राष्ट्रिय मूल्य सूचकाङ्कलाई आधार मानिएको छ ।

४) वार्षिक औसत मूल्य वृद्धि ६ प्रतिशत रहने अनुमान गरिएको छ ।

उपर्युक्त मान्यताहरू र यथार्थतालाई स्वीकार्दै यस प्रदेशको आर्थिक वृद्धि दर र लगानी आवश्यकताको प्रक्षेपण गरिएको छ । नेपाल सरकार र गण्डकी प्रदेश सरकारले अपेक्षा गरेको उच्च आर्थिक बृद्धि हाँसिल गर्न क्षेत्रगत आधारमा मूल्य अभिबृद्धिको (उत्पादन) अनुमान तथा प्रक्षेपण गरिएको छ । नेपाल सरकारको योजनाको लक्ष्य हाँसिल गर्न सहयोगका लागि पनि गण्डकी प्रदेशले उच्च आर्थिक वृद्धि हाँसिल गर्नु आवश्यक छ । यसका लागि क्षेत्रगत आधारमा केही उच्च मूल्य अभिवृद्धिको (उत्पादन) अनुमान गरिएको छ । विगत ५ वर्षका (आर्थिक वर्ष २०७०/७१ देखि २०७५/७६ सम्मको) प्रचलित मूल्यमा क्षेत्रगत औसत वृद्धि दर हेर्दा कृषि क्षेत्रको सबैभन्दा कम ७.० प्रतिशत, उद्योग क्षेत्रको १७.५ प्रतिशत र सेवा क्षेत्रको १५.३ प्रतिशत रही समग्र अर्थतन्त्रको प्रचलित मूल्यमा मूल्य अभिवृद्धि दर १२.७ प्रतिशत रहेको छ (तालिका २) ।

**तालिका २: प्रदेशको क्षेत्रगत मूल्य अभिवृद्धि र कुल ग्राहस्थ्य उत्पादन (प्रचलित मूल्यमा)** **(रु. दश लाखमा)**

| क्र.सं. | क्षेत्रहरू | आ.व. २०७०/७१ | योजना | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | आ.व. २०७१/७२ | आ.व. २०७२/७३ | आ.व. २०७३/७४ | आ.व. २०७४/७५ | आ.व. २०७५/७६ | औसत वृद्धि दर |
| १. | कृषि | ६०८५८ | ६४९९५ | ६९६०८ | ७३२२८ | ७९४५० | ८५२८० | ७.० |
| १.१ | कृषि तथा वन | ६०७८९ | ६४९२३ | ६९५३२ | ७३१४८ | ७९३६६ | ८५१९१ | ७.० |
| १.२ | मत्स्यपालन | ६९ | ७२ | ७६ | ८० | ८४ | ८९ | ५.२ |
| २. | गैरकृषि | ९५७९५ | १०८७९९ | १२१२४६ | १४०१५१ | १७५५४१ | १९९५९० | १५.८ |
| २.१ | उद्योग | २३१८१ | २६७५८ | ३०८८४ | ३६३९८ | ४३२५६ | ५१८७३ | १७.५ |
| २.१.१ | खानी तथा भूगर्भ | ९१६ | १०८८ | १३२८ | १६०८ | १९०६ | २२६९ | १९.९ |
| २.१.२ | उद्योग | ६९५६ | ७४०८ | ७६४८ | ८०३८ | ८५३६ | ९१४२ | ५.६ |
| २.१.३ | विद्युत्, ग्याँस तथा पानी | २६१० | ३३४१ | ४२२७ | ५३९३ | ६६५० | ७९६९ | २५.० |
| २.१.४ | निर्माण | १२६९९ | १४९२१ | १७६८१ | २१३५९ | २६१६५ | ३२४९४ | २०.७ |
| २.२ | सेवा | ७२६१५ | ८२०४१ | ९०३६३ | १०३७५३ | १३२२८४ | १४७७१७ | १५.३ |
| २.२.१ | थोक तथा खुद्रा व्यापार | १६२१० | १७१८३ | १७९०४ | १९२४५ | २०९०० | २२७६० | ७.० |
| २.२.२ | होटेल तथा रेष्टुरेण्ट | ३६६७ | ४५२९ | ५४८५ | ६८१७ | ८६३९ | ११०१५ | २४.६ |

| क्र.सं. | क्षेत्रहरू | आ.व. २०७०/७१ | योजना | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | आ.व. २०७१/७२ | आ.व. २०७२/७३ | आ.व. २०७३/७४ | आ.व. २०७४/७५ | आ.व. २०७५/७६ | औसत वृद्धि दर |
| २.२.३ | यातायात, भण्डारण र सञ्चार | ११८४६ | १२५३४ | १३०७२ | १३८८३ | १४९६६ | १६३९४ | ६.७ |
| २.२.४ | वित्तीय मध्यस्थता | ६४६८ | ७२९६ | ८०८४ | ९११९ | ११६२६ | १४८९५ | १८.२ |
| २.२.५ | घरजग्गा, बहाल, तथा व्यापारिक क्रियाकलाप | १२४३३ | १४०२५ | १४७५४ | १६१८५ | १८०४१ | २०६७६ | १०.७ |
| २.२.६ | सामान्य प्रशासन तथा रक्षा | ३८२६ | ४६४१ | ५३९८ | ६५८० | ८०७६ | १००२२ | २१.२ |
| २.२.७ | शिक्षा | ११०९८ | १२५९७ | १४१७१ | १६११३ | १८२२४ | २०७०७ | १३.३ |
| २.२.८ | स्वास्थ्य तथा सामाजिककार्य | ३३०६ | ४०५० | ४६२१ | ५६६५ | ७२२३ | ९२०९ | २२.७ |
| २.२.९ | अन्य सामुदायिक सामाजिक तथा व्यक्तिगत सेवाका क्रियाकलाप | ३७५९ | ५१८८ | ६८७४ | १०१४५ | १४९१४ | २२०३९ | ४२.४ |
| **कुल मूल्य अभिवृद्धि (FISIM समेत)** | | १५६६५४ | १७३७९४ | १९०८५४ | २१३३७८ | २७२०५७ | २८४८७१ | १२.७ |

गण्डकी प्रदेशको पञ्चवर्षीय योजनाको आधार वर्ष २०७५/७६ लाई मानेर आर्थिक वर्ष २०८०/८१ सम्मको मूल्य अभिवृद्धिको प्रक्षेपण गरिएको छ। जस अनुसार यस योजना अवधिमा समग्र आर्थिक वृद्धि दर वार्षिक औसत १०.२ प्रतिशतले हुने प्रक्षेपण छ (तालिका ३)। प्रक्षेपित अनुमान अनुसार कृषि क्षेत्रको औसत वार्षिक वृद्धि दर ५.५ प्रतिशत अनुमान गरिएको छ भने उद्योग तथा सेवा क्षेत्रको वृद्धि दर क्रमशः १५.१ प्रतिशत र १०.४ प्रतिशत गरी गैरकृषि क्षेत्रको औसत वार्षिक वृद्धि दर ११.७ प्रतिशत हुने अनुमान गरिएको छ।

**तालिका ३: क्षेत्रगत मूल्य अभिवृद्धि र कुल ग्राहस्थ्य उत्पादन (आ.व. २०७५/७६ को स्थिर मूल्यमा)** **(रु. दश लाखमा)**

| क्र.सं. | क्षेत्रहरू | आधार वर्ष २०७५/७६ | योजना | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | आ.व. २०७६/७७ | आ.व. २०७७/७८ | आ.व. २०७८/७९ | आ.व. २०७९/८० | आ.व. २०८०/८१ | औसत वृद्धि दर |
| १. | कृषि | ८५,२८० | ८९,६३४ | ९४,४८१ | ९९,६८५ | १,०५,३७४ | १,११,४९७ | ५.५ |
| १.१ | कृषि तथा वन | ८५,१९१ | ८९,५३६ | ९४,३७१ | ९९,५६१ | १,०५,२३६ | १,११,३४० | ५.५ |
| १.२ | मत्स्यपालन | ८९ | ९८ | ११० | १२४ | १३८ | १५७ | १.० |
| २. | गैरकृषि | १,९९,५९० | २,२१,३४४ | २,४६,७५६ | २,७६,३०३ | ३,०८,०७८ | ३,४६,९१० | ११.७ |
| २.१ | उद्योग | ५१,८७३ | ५९,५७८ | ६८,४२० | ७८,८१० | ८७,८७४ | १,०४,९४४ | १५.१ |
| २.१.१ | खानी तथा भूगर्भ | २,२६९ | २,५७५ | २,९४१ | ३,४०८ | ३,८८९ | ४,४५३ | १४.४ |
| २.१.२ | उद्योग | ९,१४२ | १०,२२१ | ११,४९८ | १३,०६२ | १४,८७८ | १७,०३५ | १३.३ |
| २.१.३ | विद्युत्, ग्याँस तथा पानी | ७,९६९ | १०,५१९ | १३,१४८ | १६,५६७ | २०,६२६ | २६,५०४ | २७.२ |
| २.१.४ | निर्माण | ३२,४९४ | ३६,२६३ | ४०,८३२ | ४५,७७३ | ५०,५७९ | ५६,९५२ | ११.९ |
| २.२ | सेवा | १,४७,७१७ | १,६१,७६७ | १,७८,३३६ | १,९७,४९२ | २,२०,२०४ | २,४१,९६६ | १०.४ |
| २.२.१ | थोक तथा खुद्रा व्यापार | २२,७६० | २५,२४१ | २८,०६८ | ३१,२९६ | ३४,५८२ | ३८,५९४ | ११.१ |
| २.२.२ | होटेल तथा रेष्टुरेण्ट | ११,०१५ | १२,६१२ | १४,८१९ | १७,५६१ | २०,६३४ | २४,१२१ | १७.० |
| २.२.३ | यातायात, भण्डारण र सञ्चार | १६,३९४ | १८,१६४ | २०,१२६ | २२,२९९ | २४,८६४ | २७,५४९ | १.९ |

| क्र.सं. | क्षेत्रहरू | आधार वर्ष २०७५/७६ | योजना | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | आ.व. २०७६/७७ | आ.व. २०७७/७८ | आ.व. २०७८/७९ | आ.व. २०७९/८० | आ.व. २०८०/८१ | औसत वृद्धि दर |
| २.२.४ | वित्तीय मध्यस्थता | १४,८९५ | १६,२६५ | १७,८१० | १९,६२७ | २१,६६८ | २३,६४० | ९.७ |
| २.२.५ | घरजग्गा, बहाल, तथा व्यापारिक क्रियाकलाप | २०,६७६ | २२,२२६ | २३,९६० | २५,९०१ | २७,८६९ | २९,८७६ | ७.६ |
| २.२.६ | सामान्य प्रशासन तथा रक्षा | १०,०२२ | १०,८७४ | ११,८४२ | १२,९६७ | १४,०३० | १५,२२२ | ८.७ |
| २.२.७ | शिक्षा | २०,७०७ | २२,४२६ | २४,५५७ | २७,०३७ | २९,८७६ | ३३,२५२ | ९.९ |
| २.२.८ | स्वास्थ्य तथा सामाजिक कार्य | ९,२०९ | १०,००१ | ११,०४१ | १२,२१२ | १३,६१६ | १५,२०९ | १०.६ |
| २.२.९ | अन्य सामुदायिक सामाजिक तथा व्यक्तिगत सेवाका क्रियाकलाप | २२,०३९ | २३,९५७ | २६,११३ | २८,५९४ | ३१,५१० | ३४,५०४ | ९.४ |
| | कुल मूल्य अभिवृद्धि (FISIM समेत) | २,८४,८७१ | ३,१०,९७९ | ३,४१,२३७ | ३,७५,९८८ | ४,१३,४५२ | ४,५८,४०७ | १०.० |
| | वित्तीय मध्यस्थता सेवा अप्रत्यक्ष रूपमा | | १०,२३८ | १०,६९९ | ११,१९१ | ११,७१७ | १२,२५६ | ४.४ |
| | कुल ग्राहस्थ्य उत्पादन (आधारभूत मूल्यमा) | २,७४,९७९ | ३,००,७४१ | ३,३०,५३८ | ३,६४,७९७ | ४,०१,७३५ | ४,४६,१५१ | १०.२ |
| | खुद वस्तु तथा सेवा उत्पादन कर | १३,२२८ | १४,४०५ | १६,२०६ | १८,१९९ | २०,१४६ | २२,६४४ | ११.४ |
| **कुल ग्राहस्थ्य उत्पादन (उत्पादकको मूल्यमा)** | | २,८८,२०६ | ३,१५,१४५ | ३,४६,७४३ | ३,८२,९९६ | ४,२१,८८१ | ४,६८,७९५ | १०.२ |

## २.१२ सीमान्त पुँजी उत्पादन, अनुपात र लगानी

यस योजना अवधिको लागि कुल पुँजी निर्माणको प्रक्षेपण तालिका ४ मा प्रस्तुत गरिएको छ। क्षेत्रगत पुँजी निर्माणको अनुमान बमोजिम आर्थिक वर्ष २०७५/७६ को स्थिर मूल्यमा २०७६/७७ मा रु. १४८ अर्ब, २०७७/७८ मा रु. १६८ अर्ब, २०७८/७९ मा रु. १९९ अर्ब, २०७९/८० मा रु. २२४ अर्ब र २०८०/८१ मा रु. २७४ अर्ब गरी जम्मा रु. १०१२ अर्ब पुँजी निर्माण हुने प्रक्षेपित अनुमान छ। यी लगानीका अनुमानहरू सीमान्त पुँजी उत्पादन अनुपातमा आधारित छन्। जस अनुसार कृषि क्षेत्रको सीमान्त पुँजी उत्पादन अनुपात ३.३ उद्योगको ६.१, विद्युत्को १७, शिक्षाको ४.१ र स्वास्थ्यको ८.८ गरी समग्र सीमान्त पूजी उत्पादन अनुपात ४.९ रहने अनुमान गरिएको छ (तालिका ४)।

**तालिका ४: सीमान्त पुँजी उत्पादन अनुपात र कुल लगानी (आ.व. २०७५/७६ को स्थिर मूल्यमा)** **(रु. दश लाखमा)**

| क्र.सं. | लगानीका क्षेत्रहरू | अनुमानित सीमान्त पुँजी उत्पादन अनुपात | योजनामा प्रक्षेपित लगानी | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | आ.व. २०७६/७७ | आ.व. २०७७/७८ | आ.व. २०७८/७९ | आ.व. २०७९/८० | आ.व. २०८०/८१ | जम्मा |
| १. | **कृषि** | | १४,३६१ | १५,९८५ | १७,१६२ | १८,७६३ | २०,१८९ | ८६,४६० |
| १.१ | कृषि तथा वन | ३.३ | १४,३३८ | १५,९५५ | १७,१२८ | १८,७२७ | २०,१४२ | ८६,२९१ |
| १.२ | मत्स्यपालन | २.५ | २३ | ३० | ३४ | ३६ | ४७ | १६९ |
| २. | **गैरकृषि** | | १,३३,५७७ | १,५२,०७१ | १,८१,४१४ | २,०५,२०६ | २,५३,५१४ | ९,२५,७८२ |
| २.१ | **उद्योग** | | ६२,८८९ | ६८,२०० | ८४,९१० | ९६,७५३ | १,३४,९८३ | ४,४७,७३४ |
| २.१.१ | खानी तथा भूगर्भ | ६.१ | १,८६८ | २,२३० | २,८५२ | २,९३१ | ३,४४० | १३,३२२ |

| क्र.सं. | लगानीका क्षेत्रहरू | अनुमानित सीमान्त पुँजी उत्पादन अनुपात | योजनामा प्रक्षेपित लगानी | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | आ.व. २०७६/७७ | आ.व. २०७७/७८ | आ.व. २०७८/७९ | आ.व. २०७९/८० | आ.व. २०८०/८१ | जम्मा |
| २.१.२ | उद्योग | ५.२ | ५,६१० | ६,६४४ | ८,१३२ | ९,४४१ | ११,२१८ | ४१,०४४ |
| २.१.३ | विद्युत्, ग्याँस तथा पानी | १७ | ४३,३४९ | ४४,७०४ | ५८,११५ | ६९,००१ | ९९,९३२ | ३,१५,१०२ |
| २.१.४ | निर्माण | ३.२ | १२,०६२ | १४,६२१ | १५,८१० | १५,३८० | २०,३९४ | ७८,२६७ |
| **२.२** | **सेवा** | | ७०,६८८ | ८३,८७२ | ९६,५०४ | १,०८,४५३ | १,१८,५३१ | ४,७८,०४८ |
| २.२.१ | थोक तथा खुद्रा व्यापार | २.१ | ५,२१० | ५,९३७ | ६,७७८ | ६,९०१ | ८,४२४ | ३३,२५० |
| २.२.२ | होटल तथा रेष्टुरेण्ट | ६.१ | ९,७४३ | १३,४६३ | १६,७२३ | १८,७४६ | २१,२७१ | ७९,९४७ |
| २.२.३ | यातायात, भण्डारण र सञ्चार | ११.५ | २०,३६१ | २२,५६० | २४,९९६ | २९,४९१ | ३०,८८१ | १,२८,२८८ |
| २.२.४ | वित्तीय मध्यस्थता | ३.१ | ४,२४८ | ४,७९० | ५,६३२ | ६,३२८ | ६,११३ | २७,११० |
| २.२.५ | घरजग्गा, बहाल तथा व्यापारिक क्रियाकलाप | ५.१ | ७,९०८ | ८,८४२ | ९,८९८ | १०,०३९ | १०,२३३ | ४६,९२० |
| २.२.६ | सामान्य प्रशासन तथा रक्षा | ४.५ | ३,८३३ | ४,३५५ | ५,०६२ | ४,७८५ | ५,३६६ | २३,४०२ |
| २.२.७ | शिक्षा | ४.१ | ७,०४७ | ८,७३५ | १०,१६९ | ११,६३९ | १३,८४१ | ५१,४३१ |
| २.२.८ | स्वास्थ्य तथा सामाजिक कार्य | ८.८ | ६,९६९ | ९,१५३ | १०,२९९ | १२,३५८ | १४,०१९ | ५२,७९९ |
| २.२.९ | अन्य सामुदायिक सामाजिक तथा व्यक्तिगत सेवाका क्रियाकलाप | २.८ | ५,३६९ | ६,०३७ | ६,९४६ | ८,१६६ | ८,३८२ | ३४,९०० |
| २.२.५ | घरजग्गा, बहाल तथा व्यापारिक क्रियाकलाप | ५.१ | ७,९०८ | ८,८४२ | ९,८९८ | १०,०३९ | १०,२३३ | ४६,९२० |
| २.२.६ | सामान्य प्रशासन तथा रक्षा | ४.५ | ३,८३३ | ४,३५५ | ५,०६२ | ४,७८५ | ५,३६६ | २३,४०२ |
| २.२.७ | शिक्षा | ४.१ | ७,०४७ | ८,७३५ | १०,१६९ | ११,६३९ | १३,८४१ | ५१,४३१ |
| २.२.८ | स्वास्थ्य तथा सामाजिक कार्य | ८.८ | ६,९६९ | ९,१५३ | १०,२९९ | १२,३५८ | १४,०१९ | ५२,७९९ |
| २.२.९ | अन्य सामुदायिक सामाजिक तथा व्यक्तिगत सेवाका क्रियाकलाप | २.८ | ५,३६९ | ६,०३७ | ६,९४६ | ८,१६६ | ८,३८२ | ३४,९०० |
| | **कुल लगानी** | ४.९ | १,४७,९३८ | १,६८,०५६ | १,९८,५७५ | २,२३,९६९ | २,७३,७०२ | १०,१२,२४२ |

स्रोतः राष्ट्रिय लेखा तथ्याङ्क, २०७६ बाट विश्लेषण गरिएको

विगतको तुलनामा मूलतः निर्माण र विद्युत्मा सीमान्त पुँजी उत्पादन अनुपात केही कम रहने छ । खासगरी ठूला पूर्वाधार आयोजनाहरूको निर्माण सम्पन्न हुने भएकोले आगामी योजनामा सीमान्त पुँजी उत्पादन अनुपात केही कम हुने अनुमान गरिएको छ । समग्रमा, ४.९ को सीमान्त पुँजी उत्पादन अनुपातको आधारमा योजना अवधिमा हाँसिल गर्ने गरी लक्षित औसत १०.२ प्रतिशतको आर्थिक वृद्धि दर प्राप्त गर्न कुल स्थिर पुँजी लगानी रु. १० खर्ब १२ अर्ब २४ करोड आवश्यक पर्ने अनुमान गरिएको छ (तालिका ५) ।

## तालिका ५: सार्वजनिक, निजी, सहकारी र सामुदायिक क्षेत्रबाट हुने लगानी (आ.व. २०७५/७६ को स्थिर मूल्यमा)

(रु. दश लाखमा)

| क्र.सं. | लगानीका क्षेत्रहरू | सार्वजनिक | | निजी | | सहकारी | | सामुदायिक | | जम्मा रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | |
| १. | **कृषि** | ३२,८१६ | | ४०,६८३ | | ४,३३१ | | ८,६२९ | | ८६,४६० |
| १.१ | कृषि तथा वन | ३२,७९१ | ३८ | ४०,५५७ | ४७ | ४,३१५ | ५ | ८६,२९ | १० | ८६,२९१ |
| १.२ | मत्स्यपालन | २५ | १५ | १२७ | ७५ | १७ | १० | ० | ० | १६९ |
| २. | **गैरकृषि** | ३,२८,०१६ | | ५,४७,२३६ | | ३९,७५४ | | १०,७७७ | | ९,२५,७८२ |
| २.१ | **उद्योग** | १,५२,७१२ | | २,८२,४८८ | | १२,५३४ | | ० | | ४,४७,७३४ |
| २.१.१ | खानी तथा भूगर्भ | ३,०६४ | २३ | ९,९९१ | ७५ | २६६ | २ | ० | ० | १३,३२२ |
| २.१.२ | उद्योग | ४,९२५ | १२ | ३४,०६७ | ८३ | २,०५२ | ५ | ० | ० | ४१,०४४ |
| २.१.३ | विद्युत्, ग्याँस तथा पानी | १,१०,२८६ | ३५ | १,९८,५१४ | ६३ | ६,३०२ | २ | ० | ० | ३,१५,१०२ |
| २.१.४ | निर्माण | ३४,४३७ | ४४ | ३९,९१६ | ५१ | ३,९१३ | ५ | ० | ० | ७८,२६७ |
| २.२ | **सेवा** | १,७५,३०३ | | २,६४,७४८ | | २७,२२० | | १०,७७७ | | ४,७८,०४८ |
| २.२.१ | थोक तथा खुद्रा व्यापार | ६६५ | २ | २८,९२८ | ८७ | ३,६५८ | ११ | ० | ० | ३३,२५० |
| २.२.२ | होटल तथा रेष्टुरेण्ट | ११,१९३ | १४ | ६४,७५७ | ८१ | ३,९९७ | ५ | ० | ० | ७९,९४७ |
| २.२.३ | यातायात, भण्डारण र सञ्चार | ५९,०१३ | ४६ | ६५,४२७ | ५१ | ३,८४९ | ३ | ० | ० | १,२८,२८८ |
| २.२.४ | वित्तीय मध्यस्थता | २,१६९ | ८ | २१,९५९ | ८१ | २,९८२ | ११ | ० | ० | २७,११० |
| २.२.५ | घरजग्गा, बहाल तथा व्यापारिक क्रियाकलाप | २,३४६ | ५.० | ४१,२९० | ८८.० | ३,२८४ | ७.० | ० | ०.० | ४६,९२० |
| २.२.६ | सामान्य प्रशासन तथा रक्षा | २३,४०२ | १००.० | ० | | ० | | ० | | २३,४०२ |
| २.२.७ | शिक्षा | २९,८३० | ५८.० | १६,९७२ | ३३.० | १,०२९ | २.० | ३,६०० | ७० | ५१,४३१ |
| २.२.८ | स्वास्थ्य तथा सामाजिक कार्य | ३१,६७९ | ६०.० | १३,२०० | २५.० | ५,२८० | १०.० | २,६४० | ५० | ५२,७९९ |
| २.२.९ | अन्य सामुदायिक सामाजिक तथा व्यक्तिगत सेवाका क्रियाकलाप | १५,००७ | ४३.० | १२,२१५ | ३५.० | ३,१४१ | ९.० | ४,५३७ | १३० | ३४,९०० |
| **कुल लगानी** | | ३,६०,८३१ | ३५.६ | ५,८७,९१९ | ५८.१ | ४४,०८५ | ४.४ | १९,४०६ | १.९ | १०,१२,२४२ |

## तालिका ६: क्षेत्रगत लगानीको अनुपात

(प्रतिशत)

| क्र.सं. | लगानीका क्षेत्रहरू | सार्वजनिक | निजी | सहकारी | सामुदायिक | जम्मा |
|---|---|---|---|---|---|---|
| १. | **कृषि** | | | | | |
| १.१ | कृषि तथा वन | ४३ | ४५ | ८ | ४ | १००.० |
| १.२ | मत्स्यपालन | १५ | ७० | १२ | ३ | १००.० |
| २. | **गैरकृषि** | | | | | |
| २.१ | **उद्योग** | | | | | |
| २.१.२ | खानी तथा भूगर्भ | २५ | ७५ | ० | ० | १००.० |
| २.१.२ | उद्योग | १५ | ८० | ५ | ० | १००.० |
| २.१.३ | विद्युत्, ग्याँस तथा पानी | ३५ | ६२ | ३ | ० | १००.० |

| क्र.सं. | लगानीका क्षेत्रहरू | सार्वजनिक | निजी | सहकारी | सामुदायिक | जम्मा |
|---|---|---|---|---|---|---|
| २.१.४ | निर्माण | ६४ | ३२ | ४ | ० | १००.० |
| २.२ | **सेवा** | | | | | |
| २.२.१ | थोक तथा खुद्रा व्यापार | ९ | ८५ | ६ | ० | १००.० |
| २.२.२ | होटेल तथा रेष्टुरेण्ट | ३० | ६७ | ३ | ० | १००.० |
| २.२.३ | यातायात, भण्डारण र सञ्चार | ३४ | ६१ | ५ | ० | १००.० |
| २.२.४ | वित्तीय मध्यस्थता | १० | ७५ | १५ | ० | |
| २.२.५ | घरजग्गा, बहाल तथा व्यापारिक क्रियाकलाप | ५ | ८५ | १० | ० | १००.० |
| २.२.६ | सामान्य प्रशासन तथा रक्षा | १०० | ० | ० | ० | १००.० |
| २.२.७ | शिक्षा | ७२ | २० | ३ | ५ | १००.० |
| २.२.८ | स्वास्थ्य तथा सामाजिक कार्य | ६८ | २४ | ३ | ५ | १००.० |
| २.२.९ | अन्य सामुदायिक, सामाजिक तथा व्यक्तिगत सेवाका क्रियाकलाप | ४८ | १६ | १२ | २४ | १००.० |
| | **लगानीको अनुपात जम्मा** | ३५.६ | ५८.१ | ४.४ | १.९ | १००.० |

## २.१३ स्रोत विनियोजनको प्रक्षेपण

प्रथम पञ्चवर्षीय योजना कार्यान्वयनको लागि आवश्यक कुल प्रक्षेपित लगानी १० खर्ब १२ अर्ब २४ करोडमध्ये उर्जा (विद्युत्, ग्याँस र पानी) क्षेत्रमा ३१.१३ प्रतिशत, भौतिक पूर्वाधारमा (निर्माण, यातायात र सञ्चार) २०.४१ प्रतिशत, मानव संसाधनमा (शिक्षा र स्वास्थ्य) १०.३० प्रतिशत, कृषिमा ८.५४ प्रतिशत, पर्यटन (होटेल र रेस्टुरेन्ट आदिमा) क्षेत्रमा ७.९० प्रतिशत, उद्योगमा ४.०५ प्रतिशत, शुसासनमा २.३१ प्रतिशत र अन्य (खानि तथा भूगर्भ, वित्तीय मध्यस्थता, घरजग्गा बहाल तथा ब्यापारिक, सामुदायिक र सामाजिक कृयाकलाप) क्षेत्रमा १५.३६ प्रतिशत लगानी गर्ने प्रक्षेपण गरिएको छ (तालिका ७)।

**तालिका ७: क्षेत्रगत स्रोत विनियोजनको प्रक्षेपण**

| क्र.सं. | लगानीका क्षेत्र | २०७६/७७ देखि २०८०/८१ सम्मको लागि लगानी प्रक्षेपण रु. १० लाखमा | प्रतिशत |
|---|---|---|---|
| १ | उर्जा (विद्युत्, ग्याँस र पानी) | ३,१५,१०२ | ३१.१३ |
| २ | भौतिक पूर्वाधार (निर्माण, यातायात र सञ्चार) | २,०६,५५५ | २०.४१ |
| ३ | मानव संसाधन (शिक्षा, स्वास्थ्य) | १,०४,२३० | १०.३० |
| ४ | कृषि तथा वन | ८६,४६० | ८.५४ |
| ५ | पर्यटन (होटेल, रेस्टुरेण्ट आदि) | ७९,९४७ | ७.९० |
| ६ | उद्योग | ४१,०४४ | ४.०५ |
| ७ | सुशासन (सामान्य प्रशासन, भ्रष्टाचार नियन्त्रण, सुरक्षा) | २३,४०२ | २.३१ |
| ८ | अन्य (खानी तथा भूगर्भ, वित्तीय मध्यस्थता, घर जग्गा बहाल, तथा व्यापारिक, सामुदायिक र सामाजिक कार्य) | १,५५,५०२ | १५.३६ |
| | **जम्मा** | १०,१२,२४२ | १०० |

## २.१४ मध्यकालीन र दीर्घकालीन आर्थिक बृद्धि दर प्रक्षेपण

गण्डकी प्रदेशको मध्यकालीन र दीर्घकालीन आर्थिक बृद्धि दर आर्थिक वर्ष २०७५/७६ को स्थिर मूल्यमा प्रक्षेपण गरिएको छ। औसत वार्षिक आर्थिक बृद्धि दर आर्थिक वर्ष २०७५/०७६ देखि २०८०/८१ सम्म १०.२ प्रतिशत हुने अनुमान छ। आर्थिक वर्ष २०८०/८१ देखि दिगो विकास लक्ष्यको अवधि २०८६/८७ सम्म स्थिर मूल्यमा समग्र आर्थिक वृद्धि दर वार्षिक औसत १०.५ प्रतिशतले हुने प्रक्षेपित अनुमान छ। यस प्रक्षेपित अनुमान अनुसार कृषि क्षेत्रको औसत वार्षिक वृद्धि दर ५.४ प्रतिशत अनुमान गरिएको छ भने उद्योग तथा सेवा क्षेत्रको वृद्धि दर क्रमशः १६.१ प्रतिशत र ९.६ प्रतिशत गरी गैरकृषि क्षेत्रको औसत वार्षिक आर्थिक वृद्धि दर ११.८ प्रतिशत हुने अनुमान गरिएको छ। यस अवधिमा वार्षिक औसत ५.१ प्रतिशतले मूल्य वृद्धि हुने अनुमान गरिएको छ।

त्यस्तैगरी, प्रदेशको आर्थिक वर्ष २०८७/८८ देखि आ.व. २१००/०१ सम्मको दीर्घकालीन आर्थिक बृद्धि दर २०७५/७६ को स्थिर मूल्यमा वार्षिक औसत ११ प्रतिशतले हुने प्रक्षेपित अनुमान छ। यस प्रक्षेपित अनुमान अनुसार कृषि क्षेत्रको औसत वार्षिक वृद्धि दर ५.२ प्रतिशत अनुमान गरिएको छ भने उद्योग तथा सेवा क्षेत्रको वृद्धि दर क्रमशः १५.५ प्रतिशत र ८.३ प्रतिशत गरी गैरकृषि क्षेत्रको औसत वार्षिक वृद्धि दर ११.८ प्रतिशत हुने अनुमान गरिएको छ। यस अवधिमा वार्षिक औसत ५ प्रतिशतले मूल्य वृद्धि हुने अनुमान गरिएको छ (तालिका ८)।

**तालिका ८: क्षेत्रगत मूल्य अभिवृद्धि र कुल ग्राहस्थ्य उत्पादन (आ.व. २०७५/७६ को स्थिर मूल्यमा)** **(रु. दश लाखमा)**

| क्र.सं. | क्षेत्रहरू | आधार वर्ष २०७५/७६ मा कुल ग्राहस्थ्य उत्पादन | आर्थिक वर्ष २०८६/८७ मा कुल ग्राहस्थ्य उत्पादन | आर्थिक वर्ष २०७६/७७ देखि २०८६/८७ सम्मको औसत आर्थिक वृद्धि दर | आर्थिक वर्ष २१००/०१ मा कुल ग्राहस्थ्य उत्पादन | आर्थिक वर्ष २०८७/८८ देखि २१००/०१ सम्मको औसत आर्थिक वृद्धि दर |
|---|---|---|---|---|---|---|
| १. | **कृषि** | ८५,२८० | १,५२,९४६ | ५.४ | ३,११,६३५ | ५.२ |
| १.१ | कृषि तथा वन | ८५,१९१ | १,५२,६४९ | ५.४ | ३,१०,३९४ | ५.२ |
| १.२ | मत्स्यपालन | ८९ | २९७ | ११.२ | १,२४१ | १०.८ |
| २. | **गैरकृषि** | १,९९,५९० | ६,७६,८५८ | ११.८ | ३२,२७,४३६ | ११.८ |
| २.१ | **उद्योग** | ५१,८७३ | २,५७,३५६ | १६.१ | १९,४२,०८६ | १५.५ |
| २.१.१ | खानी तथा भूगर्भ | २,२६९ | ८,८३७ | १२.१ | ४१,८१४ | ११.७ |
| २.१.२ | उद्योग | ९,१४२ | ३३,४४४ | ११.९ | १,०९,९४६ | ८.९ |
| २.१.३ | विद्युत्, ग्याँस तथा पानी | ७,९६९ | १,०५,०५० | २५.८ | १३,६१,९१० | २०.१ |
| २.१.४ | निर्माण | ३२,४९४ | १,१०,०२६ | ११.६ | ४,२८,४१६ | १०.२ |
| २.२ | **सेवा** | १,४७,७१७ | ४,१९,५०१ | ९.६ | १२,८५,३५० | ८.३ |
| २.२.१ | थोक तथा खुद्रा व्यापार | २२,७६० | ७१,०२४ | १०.७ | २,६९,१५१ | १०.० |
| २.२.२ | होटेल तथा रेष्टुरेण्ट | ११,०१५ | ५५,५०३ | १४.९ | २,११,४९७ | १०.० |
| २.२.३ | यातायात, भण्डारण र सञ्चार | १६,३९४ | ४६,४५७ | ९.१ | १,०४,९३० | ६.० |
| २.२.४ | वित्तीय मध्यस्थता | १४,८९५ | ४१,६५२ | ९.९ | १,४१,७६४ | ९.१ |
| २.२.५ | घरजग्गा, बहाल, तथा व्यापार | २०,६७६ | ४४,८३६ | ७.० | १,२५,५८८ | ७.६ |

| क्र.सं. | क्षेत्रहरू | आधार वर्ष २०७५/७६ मा कुल ग्राहस्थ्य उत्पादन | आर्थिक वर्ष २०८६/८७ मा कुल ग्राहस्थ्य उत्पादन | आर्थिक वर्ष २०७६/७७ देखि २०८६/८७ सम्मको औसत आर्थिक वृद्धि दर | आर्थिक वर्ष २१००/०१ मा कुल ग्राहस्थ्य उत्पादन | आर्थिक वर्ष २०८७/८८ देखि २१००/०१ सम्मको औसत आर्थिक वृद्धि दर |
|---|---|---|---|---|---|---|
| २.२.६ | सामान्य प्रशासन तथा रक्षा | १०,०२२ | २३,७५६ | ७.७ | ६२,४०१ | ७.१ |
| २.२.७ | शिक्षा | २०,७०७ | ५६,०७५ | ९.१ | १,५९,२६६ | ७.७ |
| २.२.८ | स्वास्थ्य तथा सामाजिक कार्य | ९,२०९ | २६,६५१ | ९.८ | ८२,०५७ | ८.४ |
| २.२.९ | अन्य सामुदायिक, सामाजिक तथा व्यक्तिगत सेवाका क्रियाकलाप | २२,०३९ | ५३,५४८ | ७.६ | १,२८,६९५ | ६.५ |
| **कुल मूल्य अभिवृद्धि (FISIM समेत)** | | २,८४,८७१ | ८,२९,८०४ | १०.४ | ३५,३९,०७० | १०.९ |
| वित्तीय मध्यस्थता सेवा अप्रत्यक्षरूपमा | | ९,८९२ | १५,९६१ | ४.५ | २९,४४५ | ४.५ |
| **कुल ग्राहस्थ्य उत्पादन (आधारभूत मूल्यमा)** | | २,७४,९७९ | ८,१३,८४३ | १०.५ | ३५,०९,६२५ | ११.० |
| खुद वस्तु तथा सेवा उत्पादन दर | | १३,२२८ | ४३,२७८ | ११.४ | १,६१,२२७ | ९.८ |
| **कुल ग्राहस्थ्य उत्पादन (उत्पादकको मूल्यमा)** | | २,८८,२०६ | ८,५७,१२१ | १०.६ | ३६,७०,८५२ | १०.९ |

## २.१५ प्रतिब्यक्ति आयको प्रक्षेपण

प्रदेशमा कुल राष्ट्रिय प्रतिव्यक्ति आय (GNI Per Capita) आ.व. २०७५/७६ मा रु. १,१६,८४४ अर्थात अमेरिकी डलर १,०४३ रहेको अनुमान छ। यस पञ्चवर्षीय योजना अवधिमा रु. २,४७,८२८ अर्थात् अमेरिकी डलर १,९५६ पुग्ने अनुमान रहेको छ। आ.व. २०८६/८७ मा यो बढेर रु. ५,६५,५०५ अर्थात् अमेरिकी डलर ३,७२१ पुग्ने अनुमान रहेको छ। त्यस्तै आ.व. २१००/०१ मा यो बढेर रु. ३८,१५,११८ अर्थात् अमेरिकी डलर १५,७२९ पुग्ने अनुमान रहेको छ। यो अनुमान गर्दा नेपाली मुद्राको अमेरिकी डलरसँगको विनिमय दर वार्षिक औसत करीव ३ प्रतिशतले अवमूल्यन हुने र जनसंख्या बृद्धि दर वार्षिक औसत १ प्रतिशत हुने अनुमान गरिएको छ।

# परिच्छेद ३
# प्रदेशको आर्थिक नीति

## ३.१ सार्वजनिक वित्त

### ३.१.१ पृष्ठभूमि

नेपालको संविधानले प्रदेश सरकारलाई आर्थिक अधिकार क्षेत्रभित्रका सीमित क्षेत्रमा कर लगाउन, नेपाल सरकारबाट राजस्व बाँडफाँड, अनुदान र ऋण प्राप्त गर्न, निजी क्षेत्रबाट तोकिएको सीमासम्म आन्तरिक ऋण परिचालन गरी सार्वजनिक खर्च व्यवस्थापन गर्ने अधिकार प्रदान गरेको छ। प्रदेश र स्थानीय तहको साझा क्षेत्राधिकारका विषयमा एकल कर प्रशासनको माध्यमबाट राजस्व परिचालन गर्ने व्यवस्था रहेको छ। नेपाल सरकारबाट प्रदेश सरकारलाई समानीकरण अनुदान, सशर्त अनुदान, विशेष अनुदान र समपूरक अनुदान गरी चार प्रकारका अनुदान प्राप्त हुने गरेको छ।

प्रदेश सरकार गठन भए पश्चात् एक वर्षको अवधिमा प्रादेशिक विकास अवधारणा अनुरूपका प्राथमिक कामहरू शुरुवात भएका छन्। आर्थिक वर्ष २०७४/७५ को सीमित अवधिको तथा आर्थिक वर्ष २०७५/७६ को लागि पूरा अवधिको बजेट तर्जुमा गरी कार्यान्वयन गरिएको छ। सेवा प्रवाहको लागि आवश्यक पर्ने नीति, कार्यविधि एवम् कार्यप्रकृया सरलीकरणका कार्यहरू भएका छन्। साथै, प्रदेशको कार्य जिम्मेवारी बमोजिम सेवा प्रवाह गर्न आवश्यक पर्ने संगठन संरचना स्थापना भई सेवा प्रवाह तथा विकास निर्माणका कार्यक्रम कार्यान्वयनमा लगिएको छ। प्रदेश नीति तथा योजना आयोग गठन भई प्रादेशिक विकास योजना तर्जुमाको आधार-पत्र तयार भएको छ। बजेट तथा कार्यक्रमको प्रारम्भिक अवस्थादेखि नै मध्यमकालीन खर्च संरचना तर्जुमा गरी बजेट र योजनालाई जोड्ने प्रयास गरिएको छ।

### ३.१.२ प्रमुख समस्या

बढ्दो जनआकांक्षा पूरा गर्न सरकारको न्यून आर्थिक अवस्थाको कारणले समस्या सिर्जना गरेको छ। सरकार स्थापनाको शिशु अवस्था भएकाले योजना तर्जुमाका लागि आवश्यक पर्ने तथ्याङ्कको पर्याप्तता नहुँदा आधार वर्षको अवस्था, समग्र प्रादेशिक आर्थिक अवस्थाका परिसूचकहरू जस्तै, कुल ग्राहस्थ्य उत्पादन, बचत तथा लगानी आदि विश्लेषण गर्न कठिन रहेको छ। संघीयता नयाँ अभ्यास र शासकीय स्वरुप भएकोले स्रोतको बाँडफाँडमा तीनवटै सरकारका बीचमा समानता र सन्तुलन कायम गर्न समस्या रहेको छ। वित्तीय संघीयता कार्यान्वयन गर्न खर्चको आवश्यकता र राजस्वको क्षमता एवम् भौगोलिक विशिष्टता समेतलाई ध्यान दिई समन्यायिक स्रोत वितरण गर्न थप समस्या रहेको छ। साथै, नेपाल सरकारबाट तर्जुमा हुनुपर्ने संविधान अनुकूलका कतिपय नीति, कानून र मानकहरू तर्जुमा तथा परिमार्जन हुन बाँकी रहँदा प्रदेश तहका विकास निर्माणको कार्य जनअपेक्षा अनुसार अगाडि बढाउन कठिन हुनु, दक्ष जनशक्ति विशेष गरी प्राविधिक जनशक्तिको कमीले योजना व्यवस्थापन र विकास निर्माणलाई प्रभावकारी बनाउन नसकिनु यस क्षेत्रका प्रमुख समस्याहरू रहेका छन्।

### ३.१.३ चुनौती र अवसर

**चुनौती**

नागरिकको आधारभूत आवश्यताका रुपमा रहेका शिक्षा, स्वास्थ्य, रोजगारी, न्यायमा पहुँच, वातावरणीय स्वच्छताको परिपूर्ति गर्नु निकै चुनौती रहेको छ। सीमित करको आधार तथा राजस्व संकलनका आफ्नै संरचना नभएको, भएका संरचना पनि एकीकृत् तथा प्रविधिमैत्री बनाउनु निकै महत्वपूर्ण कार्य रहेको छ। सार्वजनिक लगानीलाई पुँजी सिर्जनाका क्षेत्रमा लगानी

गर्नु र उत्पादनशील रोजगारी सिर्जना गर्नु, दिगो र लाभकारी प्रतिफल आउने परियोजनामा विस्तार गर्नु चुनौती रहेका छन् । साथै, दक्ष, विषय विज्ञ, तथा उत्प्रेरित जनशक्तिको व्यवस्था गरी प्रदेशको प्रशासनिक तथा विकास कार्यका लागि आवश्यक मानव स्रोतको परिचालन गर्नु, साविकको एकीकृत् ढाँचाको सूचना तथा तथ्याङ्कहरू प्रशोधन तथा नयाँ संरचना अनुसारको खण्डीकृत तथ्याङ्क प्राप्त गर्नु, प्रदेशभित्रका सीमान्तकृत् समूह र भौगोलिक क्षेत्रको समन्यायिक विकास गर्नु, नयाँ शासकीय स्वरुप अनुरुपको राज्य प्रणालीबाट तीनै तहका सरकारको समन्वयमा सुशासन कायम गर्दै सीमित स्रोतसाधनले असिमित जनआकांक्षा पुरा गर्नु, गुणस्तरीय पूर्वाधार निर्माणका लागि स्रोत व्यवस्थापन, क्षमता अभिवृद्धि र समन्वय कायम गर्नु यस क्षेत्रका चुनौतीहरू रहेका छन् ।

**अवसर**

लामो समयदेखिको राजनीतिक संक्रमणको अन्त्य हुनु, तीनै तहका सरकार सहकार्य र समन्वय गर्दै "**समृद्ध नेपाल, सुखी नेपाली**" बनाउने राष्ट्रिय संकल्पप्रति प्रतिबद्ध रहनु, सरकार स्थापना पश्चात् दुई आर्थिक वर्षको बजेट तथा कार्यक्रम कार्यान्वयन हुनु, प्रदेश सरकारहरूका बीचमा विकास निर्माण, लगानी अभिवृद्धि, सुशासन प्रवर्द्धनमा प्रतिस्पर्धात्मक वातावरण रहनु, लगानी सहजताका लागि नेपाल सरकारबाट हालसालै एकल विन्दु सेवाबाट सेवा प्रवाहको थालनी गरिनु, योजना छनौट, बजेट विनियोजन क्षमतामा सुधार हुँदै जानु, प्रदेश सरकारले आन्तरिक राजस्व परिचालनमा वृद्धि गर्न स्थानीय तहहरूसँग समन्वयकारी भूमिका विस्तार गर्दै जानु यस क्षेत्रका अवसरहरू हुन् ।

### ३.१.४ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

**सोच**

सबल, समुन्नत र आत्मनिर्भर प्रादेशिक अर्थतन्त्र ।

**लक्ष्य**

उपलब्ध स्रोत साधनको कुशल परिचालन र दक्षतापूर्ण विनियोजनबाट दिगो तथा उच्च आर्थिक वृद्धि हाँसिल गर्ने ।

**उद्देश्य**

१. उपलब्ध सीमित स्रोतलाई प्रदेशको समृद्धि हाँसिल गर्न सघाउने क्षेत्रमा विनियोजन गर्नु ।
२. प्रादेशिक अर्थतन्त्रमा उत्पादनशील रोजगारी सिर्जना र उत्पादकत्व वृद्धि गर्नु ।
३. सामाजिक न्याय सहितको लगानीको वितरण गर्नु ।

### ३.१.५ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १: उपलब्ध सीमित स्रोतलाई प्रदेशको समृद्धि हाँसिल गर्न सघाउने क्षेत्रमा विनियोजन गर्नु।** | |
| १.१ सार्वजनिक खर्चको मितव्ययी, दक्षतापूर्ण तवरले आर्थिक, सामाजिक विकास तथा पूर्वाधार निर्माणमा उपयोग गर्ने। | १.१.१ सार्वजनिक खरिद कानूनको परिपालनामा जोड दिइनेछ।<br>१.१.२ बजेट प्रणालीका सबै प्रकृयालाई प्रभावकारी बनाउन दक्ष मानव संसाधन विकासमा जोड दिइनेछ। |
| १.२ स्थानीय तहसँग समन्वय तथा सहकार्य गर्दै प्रदेश सरकारको राजस्व परिचालनमा गर्ने। | १.२.१ प्रभावकारी राजस्व परिचालनका लागि स्थानीय तहसँग समन्वय र सहकार्य गरिनेछ।<br>१.२.२ राजस्व परिचालनलाई सूचना र प्रविधिमा आधारित बनाइनेछ। |
| १.३ नेपाल सरकारसँग समन्वय गर्दै राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले उपलब्ध गराएको सीमा भित्र रही आन्तरिक ऋण परिचालन गर्ने। | १.३.१ प्रादेशिक अर्थतन्त्रमा निजी क्षेत्रका व्यावसायिक क्रियाकलापलाई नकारात्मक असर नपर्ने गरी आन्तरिक ऋण परिचालन गरिनेछ।<br>१.३.२ आन्तरिक ऋणलाई उत्पादनशील क्षेत्रमा उपयोग गरिनेछ। |
| १.४ नेपाल सरकारको स्वीकृतिमा प्रादेशिक गौरवका आयोजना तथा ठूला पूर्वाधार निर्माणमा वैदेशिक ऋण परिचालन गर्ने। | १.४.१ ठूला पूर्वाधार निर्माण तथा प्रादेशिक गौरवका आयोजनामा वैदेशिक ऋण परिचालन गरिनेछ। |
| **उद्देश्य २: प्रादेशिक अर्थतन्त्रमा रोजगारी सिर्जना र उत्पादन वृद्धि गर्नु।** | |
| २.१ रोजगारीका अवसरको सिर्जना, उत्पादन र उत्पादकत्वमा वृद्धि एवम् पुँजी निर्माण हुने गरी स्रोतको महत्तम परिचालन गर्ने। | २.१.१ कृषि तथा गैरकृषि क्षेत्रमा रोजगार मूलक उद्योग स्थापनामा जोड दिइनेछ।<br>२.१.२ कृषि प्रशोधन र खनिजजन्य उद्योगको स्थापना र विस्तारमा जोड दिइनेछ। |
| **उद्देश्य ३: सामाजिक न्याय सहितको लगानीको वितरण गर्नु।** | |
| ३.१ पूर्वाधार विकास तथा सामाजिक क्षेत्रमा लगानी गर्दा समाजका सबै वर्ग र क्षेत्रमा समन्यायिक वितरण गर्ने। | ३.१.१ सार्वजनिक निर्माण र सामाजिक क्षेत्रबाट प्राप्त लगानीको प्रतिफल समाजका सबै वर्ग र क्षेत्रमा समन्यायिक वितरण हुने प्रबन्ध मिलाइनेछ। |
| ३.२ प्रादेशिक आर्थिक नीतिको मूल प्रवाहमा आउन नसकेका नागरिकलाई सामाजिक संरक्षणका माध्यमबाट मूल प्रवाहीकरण गर्ने। | ३.२.१ आर्थिक र सामाजिक रुपले पछाडि परेका नागरिकलाई सामाजिक संरक्षणका कार्यक्रम मार्फत् संरक्षण गरिनेछ। |

### ३.१.६ कार्यक्रमका प्राथमिकता

१. सार्वजनिक वित्त व्यवस्थापन।

२. आन्तरिक तथा बाह्य ऋण परिचालन।

३. प्रदेश सरकारको ऋण लगानी उत्पादनमूलक क्षेत्रमा गर्ने।

### ३.१.७ विस्तृत कार्यक्रम

| क्र.सं. | उद्देश्य नं. | रणनीति नं. | कार्यनीति नं. | संकेत नं. | कार्यक्रम | इकाई | आधार वर्ष तथ्याङ्क २०७५/७६ | लक्ष्य | | | | | योजना अवधिको जम्मा लक्ष्य | जिम्मेवार निकायहरू |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | |
| १ | १ | १.१ | १.१.१ | ग | सार्वजनिक वित्त र सार्वजनिक खरिद कानूनको तर्जुमा | संख्या | | १ | | | | | १ | आमायोम |
| २ | | | १.१.२ | क | बजेट तर्जुमा अभिमुखीकरण तालिम (प्रदेश र स्थानीय तह) | पटक | | २ | २ | २ | २ | २ | १० | ” |
| ३ | | १.२ | १.२.१ | क | स्थानीय तहसँग अन्तरक्रिया | संख्या | | ११ | ११ | ११ | ११ | ११ | ५५ | ” |
| ४ | | | १.२.२ | ग | राजस्व ट्र्याकिङका लागि प्रविधिको विकास | संख्या | | | १ | | | | १ | ” |
| ५ | | १.३ | १.३.१ | ग | आन्तरिक ऋण सम्बन्धी नीति तथा कानून तर्जुमा | संख्या | | | १ | | | | १ | ” |
| ६ | | | १.३.१ | क | आन्तरिक ऋण (हजारमा) | रु. | | १९८८३ | ३४८६४ | ५९१३७ | ३५००० | ७१००० | २४९८८५ | ” |
| ७ | | | १.३.२ | क | आन्तरिक ऋण उत्पादनशील क्षेत्रमा लगानी गर्ने | प्रतिशत | | | | ८० | ८० | ८० | ८० | ” |
| ८ | | १.४ | १.४.१ | ग | गौरवका आयोजना निर्माण गर्न संघीय अर्थ मन्त्रालयसँगको समन्वयमा वैदेशिक ऋणको परिचालन गर्ने | संख्या | | | | १ | १ | १ | ३ | ” |
| ९ | २ | २.१ | २.१.१ | क | कृषि तथा गैरकृषि क्षेत्रमा लगानी मैत्री नीति तर्जुमा | संख्या | | | १ | | | | १ | आमायोम/ भूव्यकृसम |
| १० | | | २.१.२ | ग | खनिज अन्वेषण नीति तर्जुमा | संख्या | | | १ | | | | १ | आमायोम/ उपववाम |
| ११ | ३ | ३.१ | ३.१.१ | क | विपन्न वर्गमा पूर्वाधार र सामाजिक क्षेत्रमा भएको लगानीको प्रभाव मूल्याङ्कन | संख्या | | | | १ | | | १ | भौपूविम/ साविम |
| १२ | | | ३.१.१ | क | अध्ययनले दिएका सुझावहरूलाई बजेट निर्माणमा लागु गर्ने | पटक | | | | | १ | निरन्तर | १ | आमायोम |
| १३ | | ३.२ | ३.२.१ | ख | प्रदेशको आर्थिक नीतिमा सामाजिक संरक्षण कार्यक्रम एकीकृत् गर्ने | संख्या | | | १ | | | | १ | ” |

### ३.१.८ नतिजा

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७५/७६ | उपलब्धि | | | | | योजना अवधिका उपलब्धि | पुष्ट्याइँको स्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान | प्रसंग संकेत | दीराल संकेत | दि्वल संकेत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | | | | | | | |
| **प्रभाव** | **उपलब्ध स्रोतसाधनको कुशल परिचालन र दक्षतापूर्ण विनियोजनबाट दिगो तथा उच्च आर्थिक वृद्धि हाँसिल भएको हुने** | **आर्थिक वृद्धि दरमा वृद्धि हुने** | **प्रतिशत** | ७.१ | | | | | १०.२ | | **प्रगति प्रतिवेदन** | **आमायोम** | | ८ | ९ | १२ | |
| | | **लगानी मैत्री नीति तर्जुमा हुने** | **संख्या** | | | १ | | | | १ | " | " | | ८ | ९ | १२ | |
| | | **लगानीको प्रतिफल समाजका सबै वर्ग र क्षेत्रमा समन्यायिक वितरण भएको हुने** | | | | | | | | | " | " | | ८ | ९ | १२ | |
| **असर १** | उपलब्ध सीमित स्रोत प्रदेशको समृद्धि हाँसिल गर्न सघाउने क्षेत्रमा विनियोजन भएको हुने | आन्तरिक तथा वाह्य ऋणको परिचालन गौरवका आयोजना र उत्पादनको क्षेत्रमा लगानी हुने | **प्रतिशत** | | | १०० | १०० | १०० | १०० | १०० | बजेट पुस्तिकार प्रगति प्रतिवेदन | " | | ८ | ९ | १२ | |
| **प्रतिफल १.१** | सार्वजनिक खरिद कानूनको तर्जुमा भएको हुने | सार्वजनिक वित्त र सार्वजनिक खरिद कानूनको तर्जुमा | संख्या | | १ | | | | | १ | प्रगति प्रतिवेदन | आमायोम वि.म. | | ८ | ९ | १२ | |
| **प्रतिफल १.२** | बजेट प्रणालीका सबै प्रकृयालाई प्रभावकारी बनाउन दक्ष मानव संसाधन निकास भएको हुने | प्रदेश र स्थानीय तहका बजेट शाखाका कर्मचारीहरूलाई बजेट तर्जुमा अभिमुखीकरण तालिम | पटक | | २ | २ | २ | २ | २ | १० | " | आमायोम | | ८ | ९ | १२ | |
| | | बजेट तर्जुमा अभिमुखीकरण तालिम प्राप्त प्रदेश र स्थानीय तहका बजेट शाखाका कर्मचारीहरू | संख्या | | | | | | | १७० | " | " | | ८ | ९ | १२ | |
| **प्रतिफल १.३** | राजस्व परिचालन सूचना प्रविधिमा आधारित भएको हुने | राजस्व ट्याकिङ प्रविधिको विकास र प्रयोग | संख्या | | | १ | | | | १ | " | " | | ८ | ९ | १२ | |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७५/७६ | उपलब्धि २०७६/७७ | उपलब्धि २०७७/७८ | उपलब्धि २०७८/७९ | उपलब्धि २०७९/८० | उपलब्धि २०८०/८१ | योजना अवधिका उपलब्धि | पुष्ट्याइँको स्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान | प्रसं संकेत | दीराल संकेत | दिवल संकेत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **प्रतिफल** १.४ | प्रादेशिक अर्थतन्त्रमा निजी क्षेत्रका व्यवसायिक कृयाकलापलाई नकारात्मक असर नपर्ने गरी आन्तरिक ऋण परिचालन र सुनिश्चित भएको हुने | आन्तरिक ऋण सम्बन्धी नीति तथा कानूनको तर्जुमा | संख्या | | | १ | | | | १ | आमायोम प्रगति प्रतिवेदन | आमायोम | | ८ | ९ | १२ | |
| | | सुनिश्चित गरिएको आन्तरिक ऋण | रु. हजारमा | | १९८८३ | ३४८६४ | ५९१३७ | ३५००० | ७१००० | २४९८८५ | " | " | | ८ | ९ | १२ | |
| **प्रतिफल** १.५ | आन्तरिक ऋण उत्पादनशील क्षेत्रमा उपयोग भएको हुने | पुँजी सिर्जना तथा पुँजीगत कार्य र सेवामा परिचालन भएको आन्तरिक ऋणको प्रतिशत | प्रतिशत | | | | ८० | ८० | ८० | ८० | " | " | मन्त्रालयको क्षमता र दक्षत वृद्धि भएको हुने | ८ | ९ | १२ | |
| **प्रतिफल** १.६ | ठूला पूर्वाधार निर्माण तथा प्रादेशिक गौरवका आयोजनामा वैदेशिक ऋण परिचालन भएको हुने | गौरवका आयोजनामा वैदेशिक ऋणको लगानीको प्रतिशत | प्रतिशत | | | | ५० | ५० | ५० | ५० | " | " | | ८ | ९ | १२ | |
| **असर** २ | प्रादेशिक अर्थतन्त्रमा रोजगारी सिर्जना र उत्पादन वृद्धि भएको हुने | वार्षिक रोजगार सिर्जना (हजारमा) | संख्या | | ५० | ५० | ५० | ५० | ५० | २५० | " | " | | ६ | ९ | १२ | |
| | | स्वरोजगार सिर्जना (हजार मा) | संख्या | | १०० | १०० | १०० | १०० | १०० | ६०० | " | " | | ८ | ९ | १२ | |
| **प्रतिफल** २.१ | कृषि तथा गैर कृषि क्षेत्रमा रोजगारमूलक उद्योगको स्थापना भएको हुने | कृषि प्रशोधन गर्ने उद्योगको संख्या | संख्या | | | | | | | | " | " | विमसँग समन्वय | ४ | ९ | १२ | |
| | | कृषि प्रशोधन उद्योगमा रोजगारको संख्या | संख्या | | | | | | | | " | " | | ४ | ९ | १२ | |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७५/७६ | उपलब्धि २०७६/७७ | उपलब्धि २०७७/७८ | उपलब्धि २०७८/७९ | उपलब्धि २०७९/८० | उपलब्धि २०८०/८१ | योजना अवधिका उपलब्धि | पुष्ट्याइँको स्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान | प्रसंग संकेत | दीगो संकेत | द्विल संकेत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | खनिज अन्वेषण नीति तर्जुमा | संख्या | | | १ | | | | १ | " | " | | | | १२ | |
| **असर** ३ | लगानीको वितरणले समाजका सबै वर्ग र क्षेत्रलाई समेटेको हुने | लगानीको वितरणले समेटेका समाजका वर्गहरू र क्षेत्र (संख्या र वर्गको नाम) | संख्या | | | | | | | | आमायोम प्रगति प्रतिवेदन | आमायोम | | ८ | ९ | १२ | |
| **प्रतिफल** ३.१ | लगानीको प्रतिफल समाजका सबै वर्ग र क्षेत्रमा समन्यायिक वितरण हुने प्रबन्ध भएको हुने | लगानीको प्रतिफल वितरणले समेटेका सबै वर्गहरू | संख्या | | | | | | | | " | " | | ८ | ९ | १२ | |
| | | लगानीको प्रतिफल वितरणले समेटेका सबै क्षेत्रहरू | संख्या | | | | | | | | " | " | | ८ | ९ | १२ | |
| **प्रतिफल** ३.२ | आर्थिक र सामाजिक रुपले पछाडि परेका नागरिकको सामाजिक संरक्षणका कार्यक्रम मार्फत् संरक्षण भएको हुने | सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन भएका जिल्लाहरू | संख्या | ११ | ११ | ११ | ११ | ११ | ११ | ११ | " | " | | ८ | ९ | १२ | |
| | | सामाजिक सुरक्षा कार्यक्रमले समेटेका नागरिकको संख्या | प्रतिशत | २३ | ३० | ४० | ५० | ६० | ६६ | ६६ | साविम प्रगति प्रतिवेदन | " | जनता सहभागी हुने | ८ | ९ | १२ | |
| **लगानी: पुँजी, जनशक्ति, प्रविधि, उपकरण, वार्षिक कार्यक्रम तथा बजेट** | | | | | | | | | | | | | | | | | |

## ३.२ राजस्व परिचालन

### ३.२.१ पृष्ठभूमि

संविधान तथा अन्तर सरकारी वित्त व्यवस्थापन ऐनले घरजग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, दहत्तर बहत्तर शुल्क, विज्ञापन कर र मनोरञ्जन करका क्षेत्रमा प्रदेश सरकार र स्थानीय तहको साझा अधिकार क्षेत्रमा राखेको छ। अप्रशोधित कृषि उपजको बिक्री आयमा लाग्ने करलाई प्रदेश सरकारको एकल अधिकार सूचीमा समावेश गरेको छ। कर तथा गैरकरका आधार कमजोर रहेको, कर संकलन गर्ने आफ्नै संयन्त्र स्थापित भइ नसकेको अवस्थामा राजस्व संकलन गर्ने पद्धति विकास भइसकेको छैन। आर्थिक वर्ष २०७५/७६ का लागि कर तथा गैरकरका स्रोतबाट करिब रु. दुई अर्ब संकलन हुने अनुमान गरिएको छ। वैज्ञानिक कर प्रणालीको विकास गरी राजस्व संकलन र परिचालन गर्ने कार्यलाई थप प्रभावकारी बनाउन आवश्यक रहेको छ।

### ३.२.२ प्रमुख समस्या

प्रदेश सरकारको कर तथा गैरकर राजस्व परिचालनका आधार कमजोर रहनु, सीमित दायराको कर संकलन गर्न समेत स्थानीय तहमा भर पर्ने अवस्था रहनु, एउटै प्रकृतिका कर प्रदेश र स्थानीय तह दुबैका साझा क्षेत्राधिकारमा रहनु; ढुंगा, गिटी, बालुवा जस्ता प्राकृतिक स्रोतको कर संकलन सम्बन्धमा बारम्बार विवाद बढ्नु आदि यस क्षेत्रका प्रमुख समस्याहरू हुन्।

### ३.२.३ चुनौती र अवसर

**चुनौती**

कर तथा गैरकरको आधारविस्तार गर्न, छरिएर रहेका राजस्व संकलन गर्ने संयन्त्रबाट आशातित कर संकलन गर्न, कर तथा गैरकर राजस्वको प्रभावकारी परिचालन गर्न र प्रदेशको कर संकलन प्रणालीलाई विद्युतीय माध्यमको प्रयोग गरी कर तिर्नुपर्ने सबै नागरिकलाई करको दायरामा ल्याउनु आदि यस क्षेत्रका प्रमुख चुनौतीहरू हुन्।

**अवसर**

लामो समयदेखिको राजनीतिक संक्रमणको अन्त्य भएको, विगतमा केन्द्रीकृत् रहेका अधिकार विकेन्द्रित भई प्रदेश तथा स्थानीय तहसम्म पुगेको, तीनै तहका सरकारबाट समन्वय र सहकार्यमा राजनीतिक प्रणालीको सुदृढीकरण गर्दै आर्थिक विकास गर्ने अवसर प्राप्त भएको छ। साथै, संवैधानिक अधिकार सूचीमा रहेका अधिकारहरूको कार्यान्वयनतर्फ सार्वजनिक संयन्त्र अग्रसर हुँदै गएको, सार्वजनिक वित्तको परिचालनमा सबै पक्षको सक्रिय सहभागिता बढ्दै जानु आदि यस क्षेत्रका अवसरहरू हुन्।

### ३.२.४ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

**सोच**

फराकिलो कर तथा गैर करका आधार सबल भएको प्रादेशिक अर्थतन्त्र।

**लक्ष्य**

चालु खर्चलाई आन्तरिक स्रोतबाट धान्न सक्ने अवस्थाको सिर्जना गर्ने।

**उद्देश्य**

१. राजस्व परिचालन प्रणालीलाई कुशल, पारदर्शी र प्रभावकारी बनाउनु।

### ३.२.५ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १: राजस्व परिचालन प्रणालीलाई कुशल, पारदर्शी र प्रभावकारी बनाउनु।** | |
| १.१ संघीय र स्थानीय तहसँग समन्वय तथा सहकार्य गर्दै प्रदेश सरकारको प्रभावकारी राजस्व परिचालनमा जोड दिने। | १.१.१ नेपाल सरकारसँगको सहकार्यमा राजस्व संकलन तथा परिचालनलाई पारदर्शी र प्रभावकारी बनाउन कर परिचालन सम्बन्धमा स्पष्ट नीति तथा कानूनी व्यवस्था गरिनेछ।<br>१.१.२ राजस्व परिचालनका लागि स्थानीय तहसँग समन्वय र सहकार्य गरिनेछ। |
| १.२ कर प्रणालीमा संस्थागत र संरचानागत रुपमा विकास गर्दै आधुनिकीकरण र प्रगतिशील बनाउने। | १.२.१ राजस्व संकलन प्रणालीका सबै प्रकृयालाई प्रभावकारी बनाउन दक्ष जनशक्ति विकासमा जोड दिइनेछ।<br>१.२.२ नवीनतम विधि, प्रविधि र उपकरणको प्रयोग गरी कर प्रणालीलाई आधुनिकीकरण गरिनेछ। |

### ३.२.६ कार्यक्रमका प्राथमिकता

१. आन्तरिक राजस्व वृद्धि।

२. कर प्रणालीको आधुनिकिकरण।

### ३.२.७ विस्तृत कार्यक्रम

| क्र.सं. | उद्देश्य | रणनीति नं. | कार्यनीति नं. | संकेत नं. | कार्यक्रम | इकाई | आधार वर्ष तथ्याङ्क २०७५/७६ | लक्ष्य २०७६/७७ | लक्ष्य २०७७/७८ | लक्ष्य २०७८/७९ | लक्ष्य २०७९/८० | लक्ष्य २०८०/८१ | योजना अवधिको जम्मा लक्ष्य | जिम्मेवार निकायहरू |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | १ | १.१ | १.१.१ | क | राजस्व परिचालन सम्बन्धी अध्ययन | संख्या | | १ | | | | | १ | आमायोम |
| २ | | | | क | राजस्व परिचालन नीति तर्जुमा | संख्या | | | १ | | | | १ | " |
| ३ | | | १.१.२ | क | करको दायरा बढाउने | प्याकेज | | | १ | | | | १ | " |
| ४ | | | | क | राजस्व संकलन सम्बन्धमा स्थानीय तह र प्रदेश समन्वय समितिको निर्माण | संख्या | | १ | | | | | १ | " |
| ५ | | १.२ | १.२.१ र १.२.२ | क | कर्मचारीहरूलाई राजस्व संकलन सम्बन्धी क्षमता अभिवृद्धि तालिम | संख्या | | १ | १ | १ | १ | १ | ५ | " |
| ६ | | | | क | कर प्रणालीमा आधुनिकीकरण | संख्या | | | १ | | | | १ | " |

### ३.२.८ नतिजा

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष | उपलब्धि २०७६/७७ | उपलब्धि २०७७/७८ | उपलब्धि २०७८/७९ | उपलब्धि २०७९/८० | उपलब्धि २०८०/८१ | योजना अवधिका उपलब्धि | पुष्ट्याईंको स्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान | प्रसंस संकेत | दिराल संकेत | दिविल संकेत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **प्रभाव** | **चालु खर्चलाई आन्तरिक स्रोतबाट धान्न सक्ने अवस्थाको सिर्जना भएको हुने** | **चालु खर्चको आन्तरिक स्रोत** | **प्रतिशत** | | ०० | १०० | १०० | १०० | १०० | १०० | **बजेट पुस्तिका** | **आमायोम** | | ८ | ९ | ८ | |
| | | **कुल ग्राहस्थ्य उत्पादनको अनुपातमा वार्षिक बजेट** | **प्रतिशत** | | ११.१ | | | | १४.२ | १४.२ | " | " | | ८ | ९ | ८ | |
| | | **प्रदेशको बजेटमा राजस्वको अंश (खर्च व्यहोर्ने)** | **प्रतिशत** | | ४४ | | | | ५० | ५० | " | " | | ८ | ९ | ८ | |
| **असर १** | राजस्व परिचालन प्रणाली कुशल, पारदर्शी र प्रभावकारी भएको हुने | आन्तरिक राजस्वमा वृद्धि हुने | रु. हजारमा | | ३२७७५०० | ५०००००० | ६०००००० | ७५००००० | ८५००००० | ३०२७७५०० | मध्यमकालीन खर्च संरचना | " | | ८ | ९ | ८ | |
| | | कर प्रणालीको आधुनिकीकरण हुने | पद्धति | | | १ | | | | १ | " | " | | ८ | ९ | ८ | |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष | उपलब्धि | | | | | योजना अवधिका उपलब्धि | पुष्ट्याईंको स्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान | प्रसरं संकेत | दिगाल संकेत | दिविल संकेत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | | | | | | | |
| | | करको दायरा बढेको हुने | | | | | | | | | वार्षिक प्रतिवेदन | आमयोम | | ८ | ९ | ८ | |
| **प्रतिफल** १.१ | कर परिचालन सम्बन्धमा स्पष्ट नीति तथा कानूनी व्यवस्था भएको हुने | राजस्व परिचालन र बाँडफाँड नीति तर्जुमा | संख्या | | | १ | | | | १ | ” | ” | कानून निर्माणमा संघीय सरकारसँग र राजस्व परिचालनमा स्थानीय तहसँग समन्वय र सहकार्य हुने | ८ | ९ | ८ | |
| | | राजस्व बांडफांटको अंश | प्रतिशत | १२.९ | | | | | १२.९ | १२.९ | ” | ” | | ८ | ९ | ८ | |
| | | नयाँ थपिएको करको क्षेत्रहरू (नाम र संख्या) | संख्या | | | | | | | | ” | ” | | ८ | ९ | ८ | |
| **प्रतिफल** १.२ | दक्ष जनशक्तिको विकास भएको हुने | राजस्व संकलनमा आधुनिक प्रविधि र प्रकृया सम्बन्धी तालिम प्राप्त दक्ष जनशक्ति | संख्या | | | | | | | | ” | ” | | ८ | ९ | ८ | |
| **प्रतिफल** १.३ | नवीनतम विधि, प्रविधि र उपकरणको प्रयोग भई कर प्रणालीको आधुनिकीकरण भएको हुने | कर प्रणालीमा नयाँ प्रविधिको प्रयोग भएका जिल्ला | संख्या | | | ११ | | | | ११ | ” | ” | | ८ | ९ | ८ | |
| **लगानीः नवीनतम् प्रविधि, उपकरण, जनशक्ति, तालिम, वार्षिक कार्यक्रम र बजेट, नीति** | | | | | | | | | | | | | | | | | |

## ३.३ अन्तर सरकारी वित्त हस्तान्तरण

### ३.३.१ पृष्ठभूमि

नेपाल सरकारले संविधानले तोकेको प्रदेश सरकारको खर्च जिम्मेवारी पुरा गर्न वित्तीय समानीकरण अनुदान प्रदान गर्ने गरेको छ । नेपाल सरकारले आर्थिक, सामाजिक, भौतिक विकासमा समानता कायम गर्न आयोजना तथा कार्यक्रमहरू सशर्त अनुदानको रुपमा हस्तान्तरण गर्ने कार्यको समेत सुरुवात भएको छ । यसका साथै प्रदेश सरकारको माग बमोजिम सहलगानीमा आयोजना सञ्चालन गर्न समपूरक अनुदान प्रदान गरिएको छ । राष्ट्रिय औसतभन्दा कम सामाजिक विकास भएका क्षेत्रमा आधारभूत सुविधा पुऱ्याउन खानेपानी, शिक्षा, स्वास्थ्य जस्ता क्षेत्रमा विशेष अनुदानको रुपमा समेत रकम प्राप्त हुने गरेको छ । यी चार प्रकारका अनुदानहरू प्रदेश सरकारको आयका प्रमुख स्रोतको रुपमा रहेका छन् ।

### ३.३.२ प्रमुख समस्या

प्रदेश सरकारको कार्य जिम्मेवारीमा स्पष्टता भई नसकेको हुँदा अनुमानको आधारमा समानीकरण अनुदान उपलब्ध गराइनु, आवश्यकता पहिचान गर्न कठिनाई रहेकाले आवश्यकताको मात्रा र राजस्व क्षमता अनुरुप सशर्त र समपूरक अनुदान प्राप्त नभई नेपाल सरकारको क्षमता अनुसारको अनुदान प्राप्त हुनु, विशेष अनुदान प्रदान गर्नको लागि वस्तुगत अवस्था विश्लेषण गर्न सूचना तथा तथ्याङ्कको अभाव रहनु जस्ता समस्याहरू रहेका छन् । यसैगरी प्रदेश सरकारले स्थानीय तहलाई प्रदान गर्ने अनुदानहरू प्रदेश सरकारको सीमित स्रोत साधनको कारणले आवश्यकता अनुरुपभन्दा क्षमता अनुरुप प्रदान गरिएको अवस्था छ ।

### ३.३.३ चुनौती र अवसर

**चुनौती**

संघ, प्रदेश र स्थानीय तहको कार्य जिम्मेवारी कार्य विस्तृतीकरण गरी प्रभावकारी रुपमा सञ्चालन गर्न अनुदान हस्तान्तरणको वैज्ञानिक पद्धतिको विकास गर्ने कार्य वृद्धि दर छ । साथै, एउटै कार्यक्षेत्र तथा कतिपय कार्य जिम्मेवारीमा दोहोरोपना रहेकाले कार्य जिम्मेवारी अनुरुप अनुदान वितरणलाई आवद्धता गर्ने कार्य समेत चुनौतीपूर्ण रहेको छ ।

**अवसर**

मुलुकको संघीय संरचना अनुरुप प्रदेश सरकारको वित्तीय क्षमता र कार्य जिम्मेवारीलाई आधार मानी नेपाल सरकारबाट अनुदान हस्तान्तरण गर्ने, स्थानीय आवश्यकता र प्राथमिकतामा रही आयोजना तथा कार्यक्रम प्रस्ताव गरी कार्यान्वयनका लागि अनुदान प्राप्त गर्ने, सरकारका बीचमा आयोजना एवम् सहलगानीका माध्यमबाट सहकार्य गर्ने अवसर प्राप्त भएको छ । साथै, विकास निर्माण र सार्वजनिक सेवा प्रवाहमा सुधार गर्न सहयोग हुने किसिमले संघ तथा प्रदेश सरकारबाट स्थानीय तहमा वित्तीय हस्तान्तरण गर्ने अवसर प्राप्त भएको छ ।

### ३.३.४ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

**सोच**

वित्तीय हस्तान्तरणबाट प्रदेशको आर्थिक विकास ।

**लक्ष्य**

वित्तीय हस्तान्तरणका माध्यमबाट प्राप्त सबै प्रकारका अनुदानको प्रभावकारी उपयोग गरी प्रादेशिक विकास गर्नु ।

**उद्देश्य**

१. नेपाल सरकारबाट प्राप्त वित्तीय हस्तान्तरणको रकम प्रादेशिक सामाजिक आर्थिक विकासमा उपयोग गर्नु ।

२. स्थानीय तहको आवश्यकता र प्रदेश सरकारको क्षमता अनुरुप स्थानीय तहलाई वित्तीय हस्तान्तरण गर्नु ।

### ३.३.५ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
| --- | --- |
| **उद्देश्य १: नेपाल सरकारबाट प्राप्त वित्तीय हस्तान्तरणको रकम प्रादेशिक सामाजिक आर्थिक विकासमा उपयोग गर्नु।** | |
| १.१ प्रादेशिक आर्थिक तथा सामाजिक विकासका सूचना तथा तथ्याङ्क विकास गरी वित्तीय हस्तान्तरणको लागि उपयोग गर्ने । | १.१.१ प्रादेशिक आर्थिक तथा सामाजिक विकासका सूचना तथा तथ्याङ्क प्रणाली विकास गरी वित्तीय हस्तान्तरणको लागि उपयोग गरिनेछ ।<br>१.१.२ आयोजना बैंक तयार गरी नेपाल सरकारसँग उपयुक्त अनुदान माग गर्न सक्ने सूचना प्रणालीको विकास गरिनेछ । |
| १.२ नेपाल सरकारबाट प्राप्त वित्तीय हस्तान्तरणको रकम उद्देश्य अनुरुपको आयोजना तथा कार्यक्रममा लगानी गर्ने । | १.२.१ नेपाल सरकारबाट प्राप्त अनुदानको रकम माग भएको कार्यक्षेत्र र प्रदान गरिएका आयोजना कार्यक्रम विशेषमा उपयोग गरिनेछ । |
| **उद्देश्य २: स्थानीय तहको आवश्यकता र प्रदेश सरकारको क्षमता अनुरुप स्थानीय तहलाई वित्तीय हस्तान्तरण गर्नु** | |
| २.१ अनुदान हस्तान्तरणको लागि राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगसँग समन्वय गर्ने । | २.१.१ स्थानीय तहलाई राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले उपलब्ध गराएको सूत्र बमोजिम वित्तीय समानीकरण अनुदान हस्तान्तरण गरिनेछ ।<br>२.१.२ प्रदेशको आर्थिक अवस्था अनुरुप स्थानीय तहलाई सशर्त, समपूरक र विशेष अनुदान उपलब्ध गराइनेछ । |
| २.२ स्थानीय तहसँग सम्बन्धित आर्थिक सामाजिक विकासका सूचक अद्यावधिक गरी अनुदान हस्तान्तरणको प्रक्रियामा सहजीकरण गर्ने । | २.२.१ स्थानीय तहलाई प्रदान गर्ने वित्त हस्तान्तरण प्रक्रियालाई वैज्ञानिक बनाउन स्थानीय तहसँग सम्बन्धित आर्थिक सामाजिक विकासका सूचक अद्यावधिक गरिनेछ । |

### ३.३.६ कार्यक्रमका प्राथमिकता

१. स्थानीय तहलाई समपुरक र विशेष अनुदान दिने प्रणालीको विकास गर्ने ।

२. प्रदेशले स्थानीय तहलाई दिएको समपुरक र विशेष अनुदान कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्ने प्रणालीको विकास गर्ने ।

### ३.३.७ विस्तृत कार्यक्रम

| क्र.सं. | उद्देश्य नं. | रणनीति नं. | कार्यनीति नं. | संकेत नं. | कार्यक्रम | इकाई | आधार वर्ष तथ्याङ्क २०७५/७६ | लक्ष्य २०७६/७७ | लक्ष्य २०७७/७८ | लक्ष्य २०७८/७९ | लक्ष्य २०७९/८० | लक्ष्य २०८०/८१ | योजना अवधिको जम्मा लक्ष्य | जिम्मेवार निकायहरू |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | १ | १.१ | १.१.१ | ग | स्थानीय तहको सूचना तथा तथ्याङ्कको विश्लेषण गरी समपुरक र विशेष अनुदान दिने प्रणालीको विकास | प्याकेज | | | तयारी | १ | | | १ | आमायोम/ प्रनियोआ |
| २ | | | १.१.२ | क | बजेट विनियोजन प्रयोजनका लागि आयोजना बैंक स्थापना | प्याकेज | | तयारी | १ | | | | १ | " |
| ३ | | १.२ | १.२.१ | ग | नेपाल सरकारको अनुदान सम्बन्धित आयोजनामा निकासीको अनुगमन | रु. | | ४ | ४ | ४ | ४ | ४ | ४ | आमायोम |
| ४ | २ | २.१ | २.१.१ | ख | स्थानीय तहलाई वित्तीय समानीकरण अनुदान हस्तान्तरण (लाखमा) | रु | १०००० | १०५०० | ११००० | ११४०० | १२००० | १२५०० | ५७४०० | " |
| ५ | | | २.१.२ | ख | स्थानीय तहलाई सशर्त, समपूरक, विशेष अनुदान हस्तान्तरण (लाखमा) | रु. | २००० | १४०७८ | १५०९३ | १५६२० | १६०५० | १६५२० | ७७३४१ | " |
| ६ | | २.२ | २.२.१ | क | स्थानीय तहलाई अनुदान दिने मापदण्ड निर्माण | संख्या | | | १ | निरन्तर | निरन्तर | निरन्तर | १ | " |

### ३.३.८ नतिजा

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७५/७६ | उपलब्धि २०७६/७७ | उपलब्धि २०७७/७८ | उपलब्धि २०७८/७९ | उपलब्धि २०७९/८० | उपलब्धि २०८०/८१ | योजना अवधिका उपलब्धि | पुष्ट्याईंको स्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान | प्रसंग संकेत | दीराल संकेत | दीविल संकेत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रभाव | वित्तीय हस्तान्तरणका माध्यमबाट प्राप्त सबै प्रकारका अनुदानको प्रभावकारी उपयोग भई प्रादेशिक विकासमा सहयोग पुगेको हुने | संघीय बजेटबाट हस्तान्तरित अनुदान | प्रतिशत | १२. ७ | | | | | | १३ | आमायोम वार्षिक प्रतिवेदन | आमायोम | | ८ | ९ | ८ | |
| | | अनुदानको उपयोग भएको क्षेत्रहरू | संख्या | | | | | | | | " | " | | ८ | ९ | ८ | |
| | | प्रदेशमा रोजागरको सिर्जना, आयमा वृद्धि, कृषिजन्य वस्तुको आयातमा कमी भएको हुने | | | | | | | | | आमायोम अध्ययन प्रतिवेदन | आमायोम/ प्रनियोआ | | ८ | ९ | ८ | |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७५/७६ | उपलब्धि | | | | | योजना अवधिका उपलब्धि | पुष्ट्याईंको स्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान | प्रसंसं संकेत | दीराल संकेत | दीविल संकेत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | | | | | | | |
| **असर १** | नेपाल सरकारबाट प्राप्त वित्तीय हस्तान्तरणको रकम प्रादेशिक सामाजिक आर्थिक विकासमा उपयोग भएको हुने | संघीय सरकारबाट प्राप्त अनुदान (प्रदेशको कुल ग्रहस्थ उत्पादनको अनुपात) | प्रतिशत | ५ | | | | | ६ | ६ | प्रलेनिका प्रतिवेदन | आमायोम/ प्रलेनिका/ प्रनियोआ | | ८ | ९ | ८ | |
| | | वित्तीय हस्तान्तरणको रकम माग भएको कार्यक्षेत्र र प्रदान गरिएका आयोजनामा प्रयोग भएको हुने | संख्या | | | | | | | | " | " | | ८ | ९ | ८ | |
| | | स्थानीय तहलाई समपूरक र विशेष अनुदान दिने प्रणालीको विकास | संख्या | | | | १ | | | १ | " | " | | ८ | ९ | ८ | |
| **प्रतिफल १.१** | प्रादेशिक आर्थिक तथा सामाजिक विकासका सूचना तथा तथ्याङ्क प्रणाली विकास भएको हुने | सूचना तथा तथ्याङ्क प्रणालीको विकास | संख्या | | | तयारी | १ | | | १ | वार्षिक प्रतिवेदन | " | | ८ | ९ | ८ | |
| **प्रतिफल १.२** | आयोजना बैंक तयार भएको हुने | आयोजना बैकको निर्माण | संख्या | | तयारी | १ | | | | १ | " | प्रनियोआ | | | | | |
| | | आयोजना बैंकमा लिस्ट गरिएका आयोजनाको संख्या | संख्या | | | १० | १० | ५ | ५ | ३० | प्रगति प्रतिवेदन | " | | ८ | ९ | ८ | |
| **प्रतिफल १.३** | नेपाल सरकारबाट प्राप्त अनुदानको रकम माग भएको कार्यक्षेत्र र प्रदान गरिएका आयोजना कार्यक्रम विशेषमा उपयोग भएको हुने | अनुदान परिचालन भएका आयोजनाको संख्या | संख्या | | | | | | | | बजेट पुस्तिका/ प्रलेनिका प्रतिवेदन | आमयोम/ प्रलेनिका | | ८ | ९ | ८ | |
| | | अनुदानको माग भएका आयोजनाहरू (नाम र संख्या) | संख्या | | | | | | | | बजेट पुस्तिका/ प्रलेनिका प्रतिवेदन | आमयोम/ प्रलेनिका | ८ | ८ | ९ | ८ | |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७५/७६ | उपलब्धि | | | | | योजना अवधिका उपलब्धि | पुष्ट्याइँको स्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान | प्रसंग संकेत | दीगाल संकेत | दीविल संकेत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | | | | | | | |
| **असर २** | स्थानीय तहको आवश्यकता र प्रदेश सरकारको क्षमता अनुरुप स्थानीय तहलाई वित्तीय हस्तान्तरण भएको हुने | स्थानीय तहलाई वित्तीय समानीकरण, समपूरक र विशेष अनुदानको हस्तान्तरणको हिस्सा | प्रतिशत | ७.६ | ८ | ८.५ | ९ | ९ .५ | १० | १० | बजेट पुस्तिका/ प्रलेनिका प्रतिवेदन | आमायोम | | ८ | ९ | ८ | |
| **प्रतिफल २.१** | स्थानीय तहलाई राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले उपलब्ध गराएको सूत्र बमोजिम वित्तीय समानीकरण अनुदान हस्तान्तरण भएको हुने | स्थानीय तहलाई वित्तीय समानीकरण अनुदान हस्तान्तरणको रकम | रू लाखमा | १०००० | १०५०० | ११००० | ११४०० | १२००० | १२५०० | ५७४०० | " | आमायोम | | ८ | ९ | ८ | |
| **प्रतिफल २.२** | प्रदेशको आर्थिक अवस्था अनुरुप स्थानीय तहलाई सशर्त, समपूरक र विशेष अनुदान उपलब्ध भएको हुने | स्थानीय तहलाई सशर्त, समपूरक, विशेष अनुदान हस्तान्तरणको रकम | रू लाखमा | २००० | १४०७८ | १५०९३ | १५६२० | १६०५० | १६५२० | ७७३६१ | " | " | | ८ | ९ | ८ | |
| **प्रतिफल २.३** | स्थानीय तहसँग सम्बन्धित आर्थिक तथा सामाजिक विकासका सूचक अद्यावधिक भएको हुने | स्थानीय तहलाई अनुदान दिने मापदण्डको निर्माण | संख्या | - | - | १ | | | | १ | प्रतिवेदन | आमायोम/ प्रनियोआ | | ८ | ९ | ८ | |
| **लगानी: पुँजी, जनशक्ति, प्रविधि, वार्षिक कार्यक्रम र बजेट** | | | | | | | | | | | | | | | | | |

## ३.४ सार्वजनिक, निजी र सहकारी साझेदारी

### ३.४.१ पृष्ठभूमि

नेपाल सरकारको समष्टिगत आर्थिक नीतिमा आर्थिक विकासको लागि सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहकार्य र साझेदारी गर्ने परिकल्पना गरिएको छ। प्रादेशिक आर्थिक परिदृश्यमा समेत निजी र सहकारी क्षेत्रलाई आर्थिक विकासमा सँगसँगै लैजानुपर्ने अवस्था रहेको छ। सार्वजनिक क्षेत्रले प्रदेशको सामाजिक आर्थिक विकासमा नीति नियमको निर्माण गर्ने, नियमन गर्ने, निजी क्षेत्र र सहकारी क्षेत्र आकर्षित नभएको क्षेत्रमा लगानी केन्द्रित गर्ने, लगानीमैत्री वातावरणको सिर्जना गर्ने, उत्पादित वस्तुहरूको बजार व्यवस्थापन गर्न सघाउने जस्ता भूमिका खेल्न आवश्यक देखिन्छ। निजी क्षेत्रले सार्वजनिक क्षेत्रले निर्माण गरेका नीति नियमको परिधिभित्र रही उत्पादनमूलक क्षेत्रमा लगानी गर्ने, उत्पादन कार्यमा स्थानीय स्रोत, साधन र जनशक्तिको अधिकतम परिचालन गरी आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्नमा सहयोगी भूमिका खेल्ने अपेक्षा गरिएको छ। त्यस्तै, सहकारी क्षेत्रले आंफ्ना सदस्यहरूलाई उत्पादनमूलक क्षेत्रमा लगानी गर्न प्रोत्साहन गरी प्रदेशमा उत्पादन र उत्पादकत्व वृद्धि गर्न सघाउने अपेक्षा गरिएको छ। प्रदेश अर्थतन्त्रका यी तीन महत्वपूर्ण पक्ष एकताबद्ध हुँदै सहकार्य, समन्वय र सहलगानी गर्दै दिगो आर्थिक विकास हाँसिल गर्न यस क्षेत्रलाई प्राथमिकतामा राखी कार्य गर्नुपर्ने आवश्यकता छ।

### ३.४.२ प्रमुख समस्या

ठूला परियोजनामा लगानी गर्न स्रोतको कमी हुनु, सरकारको अनुगमनकारी भूमिका प्रभावकारी नहुनु, सरकारी क्षेत्रमा रहेका समस्याहरू हुन्। निजी क्षेत्र बजार प्रणालीले अपेक्षा गरे अनुरुप प्रतिस्पर्धी रुपमा व्यवसाय गर्ने संस्कृतिमा कमी हुनु, बढी नाफामुखी प्रवृत्ति रहनु, औद्योगिक उत्पादन भन्दा आयातित सामग्रीको व्यापारमा आकर्षित रहनु जस्ता समस्या रहेका छन्। सहकारी क्षेत्रले उत्पादनशील क्षेत्रमा भन्दा अनुत्पादनशील क्षेत्रमा लगानी केन्द्रित गर्नु, वित्तीय पारदर्शिताप्रति तटस्थ रहनु, ग्रामीण क्षेत्रमा उपस्थिति बढाउन अनुत्प्रेरित रहनु, अपेक्षा अनुसार उत्पादनको क्षेत्रमा लगानी गरी उत्पादन र उत्पादकत्व बढाउन नसक्नु जस्ता समस्याहरू रहेका छन्।

### ३.४.३ चुनौती र अवसर

**चुनौती**

सैद्धान्तिक रुपमा सरकारी, निजी र सहकारी क्षेत्रका बीचमा साझेदारी, समन्वय, सहकार्य गर्ने विषय राम्रो भए पनि व्यवहारमा कार्यान्वयन गर्न चुनौती रहेको छ। बृहत् परियोजनामा आवश्यकता अनुसारको लगानी गर्ने, तीन तहका सरकारी संरचनाहरूबाट बजार अनुगमनलाई व्यवस्थित गर्न, सहकारीको सिद्धान्त बमोजिम बचत र लगानी गर्ने वातावरणको सिर्जना गर्नु, सार्वजनिक, सहकारी र निजी क्षेत्रलाई प्रतिस्पर्धीभन्दा परिपूरकको रुपमा सहकार्य गर्ने संस्कारको विकास गराउनु यस क्षेत्रका चुनौतीहरू रहेका छन्।

**अवसर**

युवा पुस्तामा उद्यमशीलताप्रति सकारात्मक धारणाको विकास हुँदै जानु, गाउँपालिका केन्द्रसम्म आर्थिक केन्द्रको विकास र विस्तार हुँदै जानु, निजी क्षेत्रले नाफामूलक मात्र नभइ विस्तारै सामाजिक उत्तरदायित्व वहनलाई समेत् अवलम्बन गर्ने संस्कारको सुरुवात हुनु, प्रदेश सरकारले लगानीमैत्री नीति तथा कार्यक्रम ल्याई निजी क्षेत्र र सहकारी क्षेत्रलाई उत्पादनमूलक र सेवा क्षेत्रमा लगानी गर्न खुल्ला आह्वान गर्नु, उत्पादनमूलक क्षेत्रमा लगानी गर्न चाहिने उर्जाको उपलब्धता बढ्दै जानु, उत्पादन र उत्पादकत्व बढाउन तीनै तहका सरकार प्रतिबद्ध रहनु, अर्थतन्त्रका तीन सरोकारवाला बीच सहकार्य हुँदै जानु यस क्षेत्रका अवसरहरू हुन्।

### ३.४.४ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

**सोच**

प्रादेशिक समृद्धिको लागि सार्वजनिक, निजी र सहकारी साझेदारी ।

**लक्ष्य**

निजी तथा सहकारी क्षेत्रको पुँजीलाई उत्पादमूलक क्षेत्रमा आकर्षित गरी प्रदेशको समृद्धि हाँसिल गर्ने ।

**उद्देश्य**

१. लगानीमैत्री वातावरण सिर्जना गरी निजी क्षेत्र र सहकारी क्षेत्रलाई उत्पादन तथा वितरणको क्षेत्रमा लगानी गर्न उत्प्रेरणा जगाउनु ।
२. निजी क्षेत्र आकर्षित नहुने पूर्वाधार विकास क्षेत्रमा सरकारी लगानी केन्द्रित गर्नु ।
३. सहकारी क्षेत्रलाई वित्तीय पारदर्शिता प्रवर्द्धन गर्दै ग्रामीण क्षेत्रको पुँजी परिचालन तथा समूह लगानीमा प्रोत्साहन गर्ने ।

### ३.४.५ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १: लगानी मैत्री वातावरण सिर्जना गरी निजी क्षेत्र र सहकारी क्षेत्रलाई उत्पादन तथा वितरणको क्षेत्रमा लगानी गर्न उत्प्रेरणा जगाउनु ।** | |
| १.१ नेपाल सरकारको सहकार्यमा लगानी मैत्री नीति, कानून र संस्थागत प्रबन्ध गर्ने । | १.१.१ निजी तथा सहकारी क्षेत्रको लगानी आकर्षण गर्न कानूनी व्यवस्था गरिनेछ ।<br>१.१.२ प्रदेश सरकारमा समेत लगानीकर्तालाई आकर्षित गर्न एकद्वार प्रणालीबाट सेवा प्रवाह गर्ने संस्थागत प्रबन्ध गरिनेछ । |
| **उद्देश्य २: निजी क्षेत्र आकर्षित नहुने पूर्वाधार विकास क्षेत्रमा सरकारी लगानी केन्द्रित गर्नु ।** | |
| २.१ निजी क्षेत्र आकर्षित नहुने ठूला पूर्वाधार क्षेत्रमा सरकारी लगानी केन्द्रित गर्ने । | २.१.१ सरकारी लगानीलाई ठूला पूर्वाधार निर्माणमा केन्द्रित गरिनेछ ।<br>२.१.२ निजी क्षेत्रको औद्योगिकीकरणका लागि सडक पहुँच मार्ग, विद्युत् पानी जस्ता आधारभूत संरचनाको निर्माण गरिनेछ । |
| २.२ आर्थिक विकास र समृद्धिको संवाहकको रूपमा निजी क्षेत्रलाई लगानी गर्न प्रोत्साहन गर्ने । | २.२.१ निजी क्षेत्रको लगानी वृद्धि गर्न सरकारको तर्फबाट पूर्वाधारका क्षेत्रमा लगानी गरी वातावरण सिर्जना गरिनेछ ।<br>२.२.२ निजी क्षेत्रको लगानीलाई सहयोग पुग्ने गरी सार्वजनिक, निजी साझेदारीको अवधारणा अनुरुप परिपूरक लगानी गरिनेछ । |
| २.३ पुँजी बजारको विकास र विस्तार गरी सानो सानो बचतलाई पनि उत्पादन तथा पुँजी निर्माणका क्षेत्रमा परिचालन गर्ने वातावरणको सिर्जना गर्ने । | २.३.१ प्रदेशभित्रका आर्थिक केन्द्रहरूमा पुँजी बजार विस्तारमा सहजीकरण गरिनेछ ।<br>२.३.२ धितोपत्र कारोवारको लागि दोस्रो बजारको विकासको लागि प्रोत्साहन गरिनेछ । |
| **उद्देश्य ३: सहकारी क्षेत्रमा वित्तीय पारदर्शिता प्रवर्द्धन गर्दै ग्रामीण क्षेत्रको पुँजी परिचालन तथा समूह लगानीमा प्रोत्साहन गर्नु ।** | |
| ३.१ सहकारी क्षेत्रको पुँजीलाई उत्पादनमूलक क्षेत्रमा लगानी गर्न उत्प्रेरित गर्ने । | ३ १.१ सहकारी क्षेत्रमा संकलित बचतलाई एकीकृत् गर्दै उत्पादनमूलक क्षेत्रमा लगानी गर्न प्रोत्साहन गरिनेछ । |
| ३.२ सरकारी, निजी र सहकारी क्षेत्रको लगानीलाई प्रतिस्पर्धा भन्दा परिपूरकको रूपमा लगानी गर्ने वातावरण सिर्जना गर्ने । | ३.२.१ सरकारी क्षेत्रको लगानीलाई निजी र सहकारी क्षेत्रको परिपूरकको रुपमा लगानी गरिनेछ ।<br>३.२.२ सहकारी क्षेत्रलाई ग्रामीण क्षेत्रको पुँजी परिचालन तथा समूह लगानी गर्न प्रोत्साहन गरिनेछ । |

### ३.४.६ कार्यक्रमका प्राथमिकता

१. सार्वजनिक तथा निजी लगानी प्रवर्द्धन गर्ने एकद्वार प्रणाली विकास गर्ने ।
२. सार्वजनिक निजी क्षेत्रको लगानी उत्पादमूलक क्षेत्रमा विस्तार गर्ने ।
३. निजी क्षेत्रको लगानी आकर्षित गर्न सहयोगी पूर्वाधार निर्माण गर्ने ।

### ३.४.७ विस्तृत कार्यक्रम

| क्र.सं. | उद्देश्य नं. | रणनीति नं. | कार्यनीति नं. | संकेत नं. | कार्यक्रम | इकाई | आधार वर्ष २०७५/७६ | लक्ष्य | | | | | योजना अवधिको जम्मा लक्ष्य | जिम्मेवार निकायहरू |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | |
| १ | १ | १.१ | १.१.१ | क | नेपाल सरकारको वैदेशिक लगानी सम्बन्धी नीतिको सारांश पुस्तिका प्रकाशन गर्ने | संख्या | | | १००० | | | | १००० | आमायोम |
| २ | | | | क | वैदेशिक लगानीकर्तालाई सहयोग गर्न प्रकृया सहजीकरण समिति गठन गर्ने | संख्या | | | १ | | | | १ | आमायोम |
| ३ | | | १.१.२ | ग | वैदेशिक लगानीकर्ताहरूलाई व्यवसाय दर्ता प्रकृया, लगानी र लाभांश फिर्ता लैजाने प्रकृया सम्बन्धी जानकारी पुस्तिका | संख्या | | | १००० | | | | १००० | आमायोम |
| ४ | २ | २.१ | २.१.१ | ग | वैदेशिक लगानीकर्तालाई एकद्वार प्रकृयामा सहजीकरण गर्ने मन्त्रालय स्तरीय कार्यदल गठन गर्ने | संख्या | | | | १ | | | १ | आमायोम |
| ५ | | | २.१.२ | क | आयोजनाहरूको सम्भाव्यता अध्यायन | संख्या | | १० | १० | १० | १० | १० | ५० | प्रनियोआ |
| ६ | | | २.१.३ | क | प्रदेश स्तरीय लगानी सम्मेलनको आयोजना गर्ने | संख्या | | | १ | | | | १ | प्रनियोआ/ सम्बन्धित मन्त्रालय |
| ७ | | | २.१.४ | क | मागमा आधारित औद्योगिक सुरक्षा दल बनाउने | संख्या | | | | | | | | आमाकामा |
| ८ | | | २.१.५ | ग | वैदेशिक लगानीको अनुगमन गर्ने | संख्या | | | | | | | ८ | आमायोम |

## ३.४.८ नतिजा

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७५/७६ | उपलब्धि ०७६/७७ | उपलब्धि ७७/७८ | उपलब्धि ०७८/७९ | उपलब्धि ०७९/८० | उपलब्धि ०८०/८१ | योजना अवधिका उपलब्धि | पुष्ट्याइँको स्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान | प्रसस संकेत | दीराल संकेत | दिविल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **प्रभाव** | **निजी तथा सहकारी क्षेत्रको पुँजीलाई उत्पादनमूलक क्षेत्रमा आकर्षित गरी प्रदेशको समृद्धि हाँसिल भएको हुने** | **कुल ग्राहस्थ्य उत्पादनमा वृद्धि हुने** | रु (अरब) | २८८ | | | | | ४६८.७९ | ४६८.७९ | **अध्ययन प्रतिवेदन** | **आमायोम** | | ८ | १ | १ |
| | | **वेरोजगारी घटेको हुने** | **प्रतिशत** | ९ | ८ | ७ | ६ | ५ | ४ | ४ | " | " | | ८ | ९ | ८ |
| | | **प्रतिव्यक्ति आम्दानीमा वृद्धि हुने (अमेरिकी डलर)** | **डलर** | १०४३ | | | | | १९५६ | १९५६ | " | " | | ८ | ९ | १ |
| **असर १** | निजी क्षेत्र र सहकारी क्षेत्रलाई उत्पादन तथा वितरणको क्षेत्रमा लगानी गर्न लगानी मैत्री वातावरणको सिर्जना भएको हुने | सार्वजनिक तथा निजी लगानी प्रवर्द्धन गर्ने एकद्वार प्रणाली विकास भएको हुने | संख्या | | | १ | | | | १ | आमायोमको वार्षिक प्रतिवेदन | " | | ८ | ९ | १ |
| | | सार्वजनिक निजी क्षेत्रको लगानी उत्पादमूलक क्षेत्रमा हुने | प्रतिशत | | | | | | | ५० | अध्ययन प्रतिवेदन | " | | ८ | ९ | १२ |
| **प्रतिफल १.१** | निजी तथा सहकारी क्षेत्रको लगानी आकर्षण गर्न कानूनी व्यवस्था भएको हुने | सम्बन्धित कानूनको तर्जुमा | संख्या | | | १ | | | | १ | आमायोमको वार्षिक प्रतिवेदन | आमायोम, मुमका | | ८ | ९ | १ |
| **प्रतिफल १.२** | प्रदेशमा समेत लगानीकर्तालाई आकर्षित गर्न एकद्वार प्रणालीबाट सेवा प्रवाह गर्ने संस्थागत प्रबन्ध भएको हुने | लगानी प्रवर्द्धनका लागि एकद्वार नीतिको तर्जुमा | संख्या | | | १ | | | | १ | " | " | | ८ | ९ | १ |
| **असर २** | आर्थिक विकास र समृद्धिको संबाहकको रूपमा निजी क्षेत्रलाई लगानी गर्न प्रोत्साहन भएको हुने र निजी क्षेत्र आकर्षित नहुने पूर्वाधार विकास क्षेत्रमा सरकारी लगानी केन्द्रित भएको हुने | निजी क्षेत्रको लगानी उत्पादनका क्षेत्रमा भएको हुने | प्रतिशत | | | | | | | | अध्ययन प्रतिवेदन | आमयोम | | ८ | ९ | १२ |
| | | पूर्वाधारको क्षेत्रमा प्रदेश सरकारको लगानी हुने | प्रतिशत | | | | | ४० | ४० | ४० | बजेट पुस्तिका | आमयोम/ भौपुविम | बजेट विनियोजन सन्तुलन हुने | ८ | ९ | ९ |
| **प्रतिफल २.१** | ठूला पूर्वाधार निर्माणमा सरकारी लगानी केन्द्रित भएको हुने | चालु बजेट भन्दा पुँजीगत बजेटको आकार | प्रतिशत | ६५ | ६२ | ६० | ६० | ६० | ६० | ६० | " | आमयोम | | ८ | ९ | ९ |
| **प्रतिफल २.२** | औद्योगिकीकरणका लागि सडक पहुँच मार्ग, विद्युत् पानी जस्ता आधारभूत संरचनाको निर्माण भएको हुने | ५ वर्षको अवधिमा सडकको पहुँच पुगेका उद्योग | संख्या | | | | | | | | अध्ययन प्रतिवेदन | भौपुविम/ उपववाम | | ८ | ९ | ९ |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७५/७६ | उपलब्धि | | | | | योजना अवधिका उपलब्धि | पुष्ट्याईंको स्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान | प्रसंस संकेत | दीगोल संकेत | दिविल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ०७६/७७ | ७७/७८ | ०७८/७९ | ०७९/८० | ०८०/८१ | | | | | | | |
| | | ५ वर्षको अवधिमा खानेपानीमा पहुँच पुगेका घरपरिवारको अनुपात | अनुपात | ९१.७ | | | | | | १०० | " | भौपुविम | | ८ | ९ | ९ |
| | | ५ वर्षको अवधिमा विद्युत्मा पहुँच पुगेका घरपरिवार | प्रतिशत | ८२.५ | | | | | | १०० | " | " | | ८ | ९ | ९ |
| **प्रतिफल २.३** | निजी क्षेत्रको लगानी वृद्धि गर्न सरकारको तर्फबाट पूर्वाधारका क्षेत्रमा लगानी (परिपूरक लगानी) गरी वातावरण सिर्जना भएको हुने | निजी लगानी प्रवर्द्धनका लागि सार्वजनिक क्षेत्रको परिपूरक लगानी | रू (लाखमा) | ० | १००० | १००० | १००० | १००० | १००० | ५००० | वार्षिक प्रतिवेदन | आमायोम | | ८ | ९ | ९ |
| **प्रतिफल २.४** | प्रदेशभित्रका आर्थिक केन्द्रहरूमा पुँजी बजार विस्तारमा सहजीकरण भएको हुने र धितोपत्र कारोवारको लागि दोस्रो बजारको विकासको लागि प्रोत्साहन भएको हुने | वित्तीय साक्षरता सञ्चालन कार्यक्रम | संख्या | ० | ६ | ६ | ६ | ६ | ६ | ७२ | " | " | | ८ | ९ | ९ |
| **असर ३** | सहकारी क्षेत्रमा वित्तीय पारदर्शिता प्रवर्द्धन हुँदै ग्रामीण क्षेत्रको पुँजी परिचालन तथा समूह लगानीमा प्रोत्साहन भएको हुने | सहकारी क्षेत्रको लगानीमध्ये ३०% उत्पादनमूलक क्षेत्रमा भएको हुने | प्रतिशत | | | | | | ३० | ३० | अध्ययन प्रतिवेदन | भूव्यकृम | | ८ | ९ | ९ |
| **प्रतिफल ३.१** | सहकारी क्षेत्रमा संकलित बचतलाई एकीकृत् गर्दै उत्पादनमूलक क्षेत्रमा लगानी गर्न प्रोत्साहन भएको हुने | उत्पादनमूलक क्षेत्रमा सहकारी क्षेत्रको लगानी | प्रतिशत | | | | | | ३० | ३० | वार्षिक/ अध्ययन प्रतिवेदन | सम्बन्धित मन्त्रालय | | ८ | ९ | ९ |
| **प्रतिफल ३.२** | निजी क्षेत्रको लगानी वृद्धि गर्न सरकारको तर्फबाट पूर्वाधारका क्षेत्रमा लगानी (परिपूरक लगानी) गरी वातावरण सिर्जना भएको हुने | निजी लगानी प्रवर्द्धनका लागि सार्वजनिक क्षेत्रको परिपूरक लगानी हुने | रू (लाखमा) | | १०० | १०० | १०० | १०० | १०० | ५०० | " | आमायोम प्रनियोआ | | ८ | ९ | ९ |
| **लगानीः पुँजी, जनशक्ति, निर्माण सामग्री, भूमि, वार्षिक कार्यक्रम र बजेट, तालिम प्रकाशन** | | | | | | | | | | | | | | | | |

## ३.५ वैदेशिक लगानी

### ३.५.१ पृष्ठभूमि

गण्डकी प्रदेशमा सामाजिक र आर्थिक विकासको उच्च सम्भावना रहेको छ। प्रदेशले समृद्धिका मुख्य सम्बाहकको रुपमा पहिचान गरेका पर्यटन, कृषि, ऊर्जा, उद्योग, पूर्वाधार, जनशक्ति विकास र सुशासनको क्षेत्रको विस्तार र स्तरोन्नति गर्न आवश्यकता अनुरुप लगानीयोग्य पुँजीको कमी रहेको छ। कृषि प्रशोधन तथा खनिजजन्य उत्खनन, ऊर्जा उत्पादन, पर्यटन सेवाको समेत प्रचुर संभावना रहेको तथा वैदेशिक लगानी आकर्षण गर्न सकिने सम्भावना रहेको छ।

### ३.५.२ प्रमुख समस्या

प्रदेश स्तरमा वैदेशिक लगानी आकर्षित गर्ने कार्यान्वयनयोग्य परियोजनाहरूको तयार भइ नसक्नु, यस क्षेत्रमा प्रदेशको अनुभव छोटो अवधिको रहनु, विदेशी लगानीकर्ता आकर्षण गर्ने आयोजनाको विस्तृत आयोजना प्रतिवेदन तयार गरी आयोजना बैंक बनाउन नसक्नु, इच्छुक वैदेशिक लगानीकर्तालाई समेत् आयोजना सञ्चालन गर्न आवश्यक पर्ने जग्गा उपलब्ध गराउन र आधारभूत भौतिक पूर्वाधार निर्माणमा कठिनाई रहनु यस क्षेत्रका प्रमुख समस्याहरू हुन्।

### ३.५.३ चुनौती र अवसर

**चुनौती**

जनसंख्याको आकार सानो भएकोले औद्योगिक उत्पादनहरूको ग्राहस्थ्य माग कमजोर भई ठूला उद्योगहरू स्थापना गर्न वैदेशिक लगानी उत्साहित नहुनु, उत्पादन क्षेत्रका उद्योगका लागि चाहिने औद्योगिक कच्चा पदार्थ देशभित्र उपलब्ध नहुनु, पूर्वाधार निर्माणमा चाहिने प्रविधि एवम् दक्ष प्राविधिक जनशक्तिको कमी रहनु यस क्षेत्रका मुख्य चुनौतीहरू हुन्।

**अवसर**

प्रदेशभित्र बसोबास नागरिकको जीवन स्तरमा क्रमशः सुधार हुँदै जानु, आन्तरिक आम्दानी र विप्रेषणले गर्दा नागरिकको क्रयशक्ति बढ्न गई स्थानीय स्तरमा उत्पादित वस्तुको मागमा क्रमशः बृद्धि हुनु, शिक्षा, स्वास्थ्य सेवाप्रति नागरिक जागरुक हुँदै जानु, प्रदेशमा बढ्दो पर्यटन व्यवसायले उपभोग्य वस्तुको मागमा उल्लेखनीय मात्रामा बृद्धि हुनु, प्रदेशको निजी क्षेत्र विदेशी लगानीकर्तासँग सहकार्य गर्न तयार हुनु, प्रदेशमा स्थिर सरकार हुनु, विदेशी लगानीमैत्री वातावरण निर्माण गर्न प्रदेश सरकारका नीति तथा कार्यक्रमहरू केन्द्रित हुनु, प्रदेशमा विस्तार हुंदै गरेका भौतिक पूर्वाधारहरू थप लगानीको लागि सहायक बन्नु, विदेशी लगानीमा निर्माण सम्पन्न भएका आयोजनाहरूले थप लगानीको वातावरण बन्दै जानु आदि यस क्षेत्रका अवसरहरू हुन्।

### ३.५.४ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

**सोच**

वैदेशिक लगानीको लागि आकर्षक प्रदेश।

**लक्ष्य**

वैदेशिक लगानीको परिमाण तथा गुणस्तरमा वृद्धि गर्दै प्रादेशिक आर्थिक सामाजिक विकास गर्ने।

**उद्देश्य**

१. वैदेशिक लगानीलाई आकर्षित तथा उत्प्रेरित गर्ने वातावरणको निर्माण गर्नु।

२. वैदेशिक लगानीलाई पुंजी सिर्जना र उत्पादनशील क्षेत्रमा उपयोग गर्दै प्रदेशको औद्योगिकीकरण गर्नु।

### ३.५.५ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १: वैदेशिक लगानीलाई आकर्षित तथा उत्प्रेरित गर्ने वातावरणको निर्माण गर्नु।** | |
| १.१ वैदेशिक लगानीमैत्री नीति तथा कानून बनाइनेछ। | १.१.१ प्रदेशमा लगानी गर्न आउने विदेशी लगानीकर्तालाई प्रोत्साहनका लागि नेपाल सरकारका कानूनसँग तादात्म्यता हुने गरी लगानी मैत्री कानूनी, संस्थागत र प्रकृयागत सुधार गरिनेछ।<br>१.१.२ विदेशी लगानीकर्तालाई आफ्नो लगानीको लाभांश कानून बमोजिम फिर्ता लाने पाउने व्यवस्था भएको प्रत्याभूति गराइनेछ। |
| **उद्देश्य २: वैदेशिक लगानीलाई पुँजी सिर्जना र उत्पादनशील क्षेत्रमा उपयोग गर्नु।** | |
| २.१ नेपाल सरकारसँग समन्वय र सहकार्य गरी विदेशी लगानीकर्तालाई प्रदेशमा पुँजी सिर्जना र उत्पादनशील क्षेत्रमा लगानी गर्न प्रोत्साहन गर्ने। | २.१.१ विदेशी लगानीकर्तालाई एकद्वार प्रक्रिया मार्फत् आवश्यक सेवा तथा सुबिधाको व्यवस्था मिलाउन सहजीकरण गरिनेछ।<br>२.१.२ संभाव्यता अध्ययन गरी आयोजना बैंक तयार गरिनेछ।<br>२.१.३ प्रदेशभित्रका आकर्षक आयोजनाहरूको विकासको लागि निजी क्षेत्र तथा विदेशी लगानीकर्ताहरूसँग नियमित छलफल तथा बहस गरिनेछ।<br>२.१.४ वैदेशिक लगानीका परियोजना कार्यान्वयन गर्न आवश्यक पर्ने भौतिक पूर्वाधारको विकास र लगानीकर्ताको भौतिक सुरक्षाको प्रबन्ध मिलाइनेछ।<br>२.१.५ वैदेशिक लगानीको उपयोग पर्यटन, ऊर्जा, उद्योग र भौतिक पूर्वाधारको क्षेत्रमा गरिनेछ। |

### ३.५.६ कार्यक्रमका प्राथमिकता

१. वैदेशिक लगानीलाई एकद्वार प्रणालीबाट सहजीकरण गर्ने।

२. वैदेशिक लगानी आकर्षित गर्ने आयोजनाहरूको विवरण तयार गर्ने।

३. लगानी सम्मेलन गर्ने।

### ३.५.७ विस्तृत कार्यक्रम

| क्र.सं. | उद्देश्य नं. | रणनीति नं. | कार्यनीति नं. | संकेत नं. | कार्यक्रम | इकाई | आधार वर्ष तथ्याङ्क २०७५/७६ | लक्ष्य | | | | | योजना अवधिको जम्मा लक्ष्य | जिम्मेवार निकायहरू |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | |
| १ | १ | १.१ | १.१.१ | क | विदेशी लगानीकर्तालाई नेपालको लगानी नीति बारे जानकारी गराउने कार्यशाला अयोजना | संख्या | | | १ | १ | १ | १ | ४ | आमायोम |
| २ | | | | क | वैदेशिक लगानीकर्तालाई प्रदेशले सहयोग बारे कार्यशाला गर्ने | संख्या | | | १ | १ | १ | १ | ४ | " |
| ३ | | | १.१.२ | ग | वैदेशिक लगानीकर्ताहरूलाई लाभांश फिर्ता लैजाने प्रकृया सम्बन्धी जानकारी गराउने कार्यशाला | संख्या | | | १ | १ | १ | १ | ४ | " |
| ४ | २ | २.१ | २.१.१ | ग | वैदेशिक लगानीकर्तालाई एकद्वार प्रकृयामा सहजीकरण गर्ने | संख्या | | १० | २० | ३० | ४० | ४० | ४० | " |
| ५ | | | २.१.२ | क | आयोजना बैंकमा आयोजनाको संख्या | संख्या | | १० | १० | १० | १० | १० | ५० | प्रनियोआ |
| ६ | | | २.१.३ | क | प्रदेशमा लगानी बढाउन निजी क्षेत्रसँग अन्तरक्रिया गर्ने | संख्या | | २ | ३ | ३ | ३ | ३ | १४ | प्रनियोआ/ सम्बन्धित मन्त्रालय |
| ७ | | | २.१.४ | क | मागमा आधारित सहयोगी पूर्वाधारको निर्माण | संख्या | | | | | | | | आमाकामा |
| ८ | | | २.१.५ | ग | वैदेशिक लगानी (रकम) | युएस डलर | | | | | | | | आमायोम |

### ३.५.८ नतिजा

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७५/७६ | उपलब्धि | | | | | योजना अवधिका उपलब्धि | पुष्ट्याइँको स्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान | प्रसं संकेत | दीराल संकेत | दीविल संकेत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | | | | | | | |
| **प्रभाव** | **वैदेशिक लगानीको परिमाण तथा गुणस्तरमा वृद्धि भई प्रदेशको आर्थिक सामाजिक विकास भएको हुने** | **कुल ग्राहस्थ्य उत्पादनमा वृद्धि** | रु. (अर्ब) | २८८ | | | | | ४६८.७९ | | **अध्ययन/ प्रगति प्रतिवेदन** | | | ८ | ९ | १७ | |
| | | **वेरोजगारमा कमि** | **प्रतिशत** | ९ | | | | | ४ | ४ | " | | | ८ | ९ | १७ | |
| | | **प्रतिव्यक्ति आयमा वृद्धि (अमेरिकी डलर)** | **डलर** | १०४३ | | | | | १९५६ | १९५६ | " | | | ८ | ९ | १७ | |
| **असर १** | वैदेशिक लगानीलाई आकर्षित तथा उत्प्रेरित गर्ने वातावरणको निर्माण भएको हुने | वैदेशिक लगानी आकर्षित गर्ने आयोजनाहरूको विवरण तयार भएको हुने | संख्या | | १० | १० | १० | १० | १० | ५० | प्रतिवेदन | प्रनियोआ/ सम्बन्धित मन्त्रालय | | ८ | ९ | १७ | |
| | | लगानी सम्बन्धी अन्तरक्रिया हुने | संख्या | | २ | ३ | ३ | ३ | ३ | १४ | " | " | | ८ | ९ | १७ | |
| | | लगानीको निश्चित प्रतिशत लैजान पाउने सुनिचित हुने | पद्धति | | १ | | | | | १ | | " | | ८ | ९ | १७ | |
| **प्रतिफल १.१** | वैदेशिक लगानीमैत्री कानूनी, संस्थागत र प्रकृयागत सुधार भएको हुने | लगानी नीतिबारे जानकारी गराउने कार्यशाला हुने | संख्या | | | १ | १ | १ | १ | ४ | " | " | संघीय कानूनसँग तादात्म्यता हुने | ८ | ९ | १७ | |
| **प्रतिफल १.२** | विदेशी लगानीकर्तालाई आफ्नो लगानीको लाभांश कानून बमोजिम फिर्ता लाने पाउने व्यवस्थाको प्रत्याभूति भएको हुने | लगानी फिर्ता लैजान पाउने नीतिगत व्यवस्था | संख्या | | | १ | | | | १ | " | " | | ८ | ९ | १७ | |
| | | फिर्ता लैजान पाउने लगानीको प्रतिशत | प्रतिशत | | | | | | | | " | " | | ८ | ९ | १७ | |
| **असर २** | वैदेशिक लगानीको पुँजी सिर्जना र उत्पादनशील क्षेत्रमा उपयोग भएको हुने | लगानीयोग्य पूजीको सिर्जना हुने | रु. (करोड) | | | | | | | | | आमायोम | | ८ | ९ | १७ | |
| | | कुल लगानीमध्ये उत्पादन मूलक क्षेत्रमा भएको लगानीको अंश | प्रतिशत | | | | | | | | | " | | ८ | ९ | १७ | |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७५/७६ | उपलब्धि | | | | | योजना अवधिका उपलब्धि | पुष्ट्याइँको स्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान | प्रसां संकेत | दीराल संकेत | दीविल संकेत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | | | | | | | |
| प्रतिफल २.१ | विदेशी लगानीकर्तालाई एकद्वार प्रक्रिया मार्फत् आवश्यक सेवा तथा सुविधाको व्यवस्था मिलाउन सहजीकरण भएको हुने | विदेशी लगानीकर्ताले फिर्ता लगेको लाभांश रकम | युएस डलर | | | | | | | | प्रतिवेदन | आमायोम | | ८ | ९ | १७ | |
| प्रतिफल २.२ | आयोजना बैंक तयार भएको हुने | आयोजना बैंकमा लगानी योग्य आयोजनाहरू | संख्या | | १० | १० | १० | १० | १० | ५० | अध्ययन प्रतिवेदन | प्रनियोआ | | ८ | ९ | १७ | |
| प्रतिफल २.३ | वैदेशिक लगानीका परियोजना कार्यान्वयन गर्न आवश्यक पर्ने भौतिक पूर्वाधारको विकास भएको हुने | वैदेशिक लगानीकर्ताको सुरक्षा बीमामा छुट | प्रतिशत | | | | | | | | " | सम्वन्धित मन्त्रालय र बीमा कम्पनि | | ८ | ९ | १७ | |
| | | औद्यगिक सहयोगि पूर्वाधारको निर्माण | संख्या | | | | | | | | " | | | ८ | ९ | १७ | |
| प्रतिफल २.४ | वैदेशिक लगानी उत्पादनमूलक क्षेत्रमा भएको हुने | पुँजी सिर्जना तथा उत्पादनशील क्षेत्रमा वैदेशिक लगानीको अनुपात | प्रतिशत | | | | | | ८० | ८० | " | विषयगत मन्त्रालय | विमकोक्षमता र दक्षतामा भर पर्ने | ८ | ९ | १७ | |
| **लगानीः पुँजी, जनशक्ति, निर्माण सामग्री, प्रविधि, उपकरण र वार्षिक कार्यक्रम तथा बजेट** | | | | | | | | | | | | | | | | | |

## ३.६ सार्वजनिक ऋण

### ३.६.१ पृष्ठभूमि

प्रदेश सरकारको संरचना नयाँ भएकोले सार्वजनिक खर्चको आवश्यकता बढ्दै गएको छ । सामाजिक तथा भौतिक पूर्वाधारमा लगानीको मागलाई सम्वोधन गर्न सार्वजनिक वित्तको प्रचुरता हुनु आवश्यक रहेको छ। सरकारको चालु तथा पुँजीगत खर्च व्यवस्थापनका लागि आफनै स्रोत तथा नेपाल सरकारबाट प्राप्त हुने अनुदान मात्र पर्याप्त नभएकोले थप स्रोतको माग हुन गएको छ । प्रदेश सरकारले राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सीफारिसमा मात्र आन्तरिक ऋण लिन सक्ने व्यवस्था रहेको छ। आयोगले प्रदान गरेको सीमाभित्र रही आन्तरिक ऋण परिचालन गर्न नीतिगत तथा संरचनात्मक व्यवस्था नभइसकेकोले परिचालन हुन कठिनाइ रहेको छ। वैदेशिक ऋण परिचालन नेपाल सरकारको एकल अधिकारमा रहेकाले पूर्णतः नेपाल सरकारको नीतिमा आधारित रहेर प्राप्त गर्नुपर्दछ। यस अर्थमा प्रदेश सरकारले आन्तरिक राजस्व, अनुदान तथा राजस्व बाँडफाँडबाट नपुग हुने रकम आन्तरिक ऋण वा नेपाल सरकारसँग लिने ऋणमा निर्भर रहन्छ। प्रदेशले अपेक्षा गरेको आर्थिक समृद्धि प्राप्त गर्न आन्तरिक ऋणलाई दिगो तथा प्रदेशका प्राथमिकताका क्षेत्र र उच्च प्रतिफल दिने उत्पादनका क्षेत्रमा परिचालन गर्न आवश्यक रहेको छ ।

### ३.६.२ प्रमुख समस्या

प्रदेश स्तरमा सार्वजनिक ऋणको परिचालन र व्यवस्थापन सम्बन्धी नीतिगत स्पष्टता भै नसक्नु, आन्तरिक ऋण परिचालनलाई निश्चित क्षेत्रमा लगानी गर्ने गरी मापदण्ड नहुनु, संस्थागत संयन्त्रको आधारभूत तहको अवस्था समेत नहुनु, वित्तीय क्षेत्रलाई ग्रामीण क्षेत्रसम्म विस्तार गर्न नसकिनु यस क्षेत्रभित्र रहेका समस्याहरू हुन् ।

### ३.६.३ चुनौती र अवसर

**चुनौती**

नेपाल सरकारको स्वीकृति र अन्य प्रक्रिया पूरा गरी सार्वजनिक ऋण परिचालन गर्ने कार्य चुनौतीपूर्ण रहेको छ ।सार्वजनिक ऋणलाई प्रभावकारी ढंगबाट पूर्वाधार, रोजगार र उत्पादनमा परिचालन गरी दिगो, उत्पादनमुखी र उच्चप्रतिफलमुखी बनाउने र ऋणको साँवा व्याज भुक्तानी सुनिश्चितता गर्ने कार्य समेत चुनौतीपूर्ण रहेका छन् ।

**अवसर**

प्रदेश सरकारले विकास निर्माणका लागि ऋण परिचालन गर्न सक्ने गरी घाटा बजेट तर्जुमा गर्न सक्ने व्यवस्था हुनु, अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम प्रदेश सरकारले नेपाल सरकारबाट ऋण लिन सक्ने व्यवस्था हुनु, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले ऋण परिचालनमा सहजीकरण गर्नु यस क्षेत्रका अवसरहरू हुन् ।

### ३.६.४ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

**सोच**

आर्थिक सामाजिक विकासमा सार्वजनिक ऋण परिचालन ।

**लक्ष्य**

पूर्वाधार तथा उत्पादनको क्षेत्रमा लगानी वृद्धि गर्न सार्वजनिक ऋणको प्रभावकारी परिचालन गर्ने ।

**उद्देश्य**

१. सार्वजनिक ऋणको प्रभावकारी परिचालन गरी पुँजी निर्माणमा वृद्धि तथा रोजगारको सिर्जना गर्नु ।

२. सार्वजनिक ऋणलाई प्राथमिकता र उत्पादनका क्षेत्रमा परिचालन गरी आर्थिक वृद्धिमा योगदान पुऱ्याउनु ।

### ३.६.५ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १: सार्वजनिक ऋणको प्रभावकारी परिचालन गरी पुँजी निर्माणमा वृद्धि तथा रोजगारको सिर्जना गर्नु।** | |
| १.१ सार्वजनिक ऋणको परिचालन तथा व्यवस्थापन सम्बन्धी नीति, कानून र संस्थागत संरचना तयार पार्ने। | १.१.१ नेपाल कानूनसँग तादात्म्यता हुने गरी सार्वजनिक ऋण सम्बन्धी प्रादेशिक नीति, संस्थागत संरचना र कानूनको निर्माण गरिनेछ। |
| १.२ रोजगारी र आय आर्जनका अवसरमा वृद्धि हुने गरी सार्वजनिक ऋणको परिचालन गर्ने। | १.२.१ रोजगारी र आय आर्जनका अवसर वृद्धि हुने गरी सार्वजनिक ऋणको परिचालन गरिनेछ। |
| **उद्देश्य २: सार्वजनिक ऋणलाई प्राथमिकता प्राप्त र उत्पादनका क्षेत्रमा परिचालन गरी आर्थिक वृद्धिमा योगदान पुऱ्याउनु।** | |
| २.१ प्रदेश सरकारको प्राथामिकतामा परेका क्षेत्रमा सार्वजनिक ऋणलाई परिचालन गर्ने। | २.१.१ सार्वजनिक ऋणलाई उच्च प्रतिफलका पूर्वाधार र उत्पादनका क्षेत्रहरूमा परिचालन गरिनेछ।<br>२.१.२ सार्वजनिक ऋणको लागत लाभ विश्लेषण गरी साँवा ब्याज भुक्तानी सुनिश्चित हुने क्षेत्रमा परिचालन गरिनेछ। |
| २.२ ऋणलाई प्रभावकारी परिचालन गर्न नेपाल सरकारसँग समन्वय र सहकार्य गर्ने। | २.२.१ नेपाल सरकारसँग समन्वय गर्दै ऋण परिचालनका विभिन्न उपकरण प्रयोग गरी आन्तरिक ऋण परिचालन गरिनेछ।<br>२.२.२ ठूला पूर्वाधार र प्रादेशिक गौरवका आयोजनामा वैदेशिक ऋण परिचालन गरिनेछ। |

### ३.६.६ कार्यक्रमका प्राथमिकता

१. लाभ लागत विश्लेषणका हिसाबले आकर्षक योजनामा सार्वजनिक ऋण परिचालन गर्ने।

### ३.६.७ विस्तृत कार्यक्रम

| क्र.सं. | उद्देश्य नं. | रणनीति नं. | कार्यनीति नं. | संकेत नं. | कार्यक्रम | इकाई | आधार वर्ष २०७५/७६ | लक्ष्य २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | योजना अवधिको जम्मा लक्ष्य | जिम्मेवार निकायहरू |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | १ | १.१ | १.१.१ | ग | नीति र कानूनको निर्माण गर्ने | संख्या | | | २ | | | | २ | आमायोम |
| २ | | | | क | संस्थागत संरचनाको व्यवस्था गर्ने | संख्या | | | १ | | | | १ | ” |
| ३ | | १.२ | १.२.१ | क | रोजगारी र आय आर्जनका अवसर वृद्धि हुने गरी सार्वजनिक ऋणको परिचालन भए नभएको अनुगमन तथा मूल्याङ्कन गर्ने | संख्या | | १ | १ | १ | १ | १ | ५ | ” |
| ४ | २ | २.१ | २.१.१ र २.१.२ | क | सार्वजनिक ऋण लाभ लागत विश्लेषण गरिएका आयोजनाहरूमा लगानी भए नभएको अनुगमन मूल्याङ्कन गर्ने | संख्या | | १ | १ | १ | १ | १ | ५ | विषयगत मन्त्रालय |
| ५ | | २.२ | २.२.१ | क | सार्वजनिक ऋण लगानी गर्न उपयुक्त हुने गौरवका आयोजनाको पहिचान गर्ने | संख्या | ६ | २ | २ | २ | | | १२ | प्रनियोआ |
| ६ | | | २.२.२ | ग | गौरवका आयोजनाहरूमा सार्वजनिक ऋणको लगानी गर्ने | प्रतिशत | | | | ५० | ५० | ५० | ५० | प्रनियोआ/ विषयगत मन्त्रालय |

### ३.६.८ नतिजा

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७५/७६ | उपलब्धि २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | योजना अवधिका उपलब्धि | पुष्ट्याईंको स्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान | प्रसंग संकेत | दीराला संकेत | दीविल संकेत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **प्रभाव** | **पूर्वाधार तथा उत्पादनको क्षेत्रमा लगानी वृद्धि गर्न सार्वजनिक ऋणको प्रभावकारी परिचालन भएको हुने** | **पूर्वाधार तथा उत्पादनको क्षेत्रमा लगानी वृद्धि भएको हुने** | रु. (अर्ब) | | | | | | | | **बजेट पुस्तिका/ अध्ययन प्रतिवेदन** | **आमयोम** | | ८ | ९ | ८ | |
| **असर १** | सार्वजनिक ऋणको प्रभावकारी परिचालन भई पुँजी निर्माणमा वृद्धि तथा रोजगारको सिर्जना भएको हुने | बढी लाभ हुने योजनामा सार्वजनिक ऋणको परिचालन हुने | प्रतिशत | | | | | | | | ” | ” | | ८ | ९ | ८ | |
| | | पुँजी निर्मामा वृद्धि हुने | प्रतिशत | | | | | | | | ” | ” | | ८ | ९ | ८ | |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७५/७६ | उपलब्धि २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | योजना अवधिका उपलब्धि | पुष्ट्याईंको स्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान | प्रसंग संकेत | दीराला संकेत | दीविल संकेत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **प्रतिफल** १.१ | संघीय कानूनसँग तादम्यता हुने गरी सार्वजनिक ऋण सम्बन्धी प्रादेशिक नीति, संस्थागत संरचना र कानूनको निर्माण भएको हुने | प्रादेशिक नीति र कानूनको निर्माण | संख्या | | | २ | | | | २ | प्रगति प्रतिवेदन | सम्बन्धित मन्त्रालय | विदेशी लगानी कर्ता आकर्षित हुने | ८ | ९ | ८ | |
| | | संस्थागत संरचनाको निर्माण | संख्या | | | १ | | | | १ | " | आमायोम/ राष्ट्र बैंक | | ८ | ९ | ८ | |
| **प्रतिफल** १.२ | रोजगारी र आय आर्जनका अवसरमा वृद्धि हुने गरी सार्वजनिक ऋणको परिचालन भएको हुने | उद्योग तथा कृषि उत्पादनमा लगानी | प्रतिशत | | | | | | | | " | आमायोम | | ८ | ९ | ८ | |
| **असर २** | प्राथमिकता प्राप्त र उत्पादनका क्षेत्रमा सार्वजनिक ऋणको परिचालन भएको हुने | उच्च प्रतिफल दिने पूर्वाधार, गौरवका आयोजना र उत्पादनका क्षेत्रमा ऋण लगानी हुने | प्रतिशत | | | | | | | | " | " | | ८ | ९ | ८ | |
| **प्रतिफल** २.१ | सार्वजनिक ऋण उत्पादनका क्षेत्रहरूमा परिचालन भएको हुने | उच्च प्रतिफलका पूर्वाधार र उत्पादनका क्षेत्रमा ऋण लगानीको प्रतिशत | प्रतिशत | | | | | | | | " | " | | ८ | ९ | ८ | |
| **प्रतिफल** २.२ | सार्वजनिक ऋणको लागत लाभ विश्लेषण भई साँवा ब्याज भुक्तानी सुनिश्चित हुने क्षेत्रमा परिचालन भएको हुने | प्राथमिकताका आयोजनाको पहिचान | संख्या | | १० | १० | १० | १० | १० | ५० | प्रगति प्रतिवेदन | प्रनियोआ | | ८ | ९ | ८ | |
| **प्रतिफल** २.३ | ऋण परिचालनमा विभिन्न उपकरण प्रयोग गरी आन्तरिक ऋण परिचालन भएको हुने | ऋण परिचालनमा प्रयोग भएका वभिन्न उपकरण | संख्या | | | | | | | | " | " | | ८ | ९ | ८ | |
| **प्रतिफल** २.४ | ठूला पूर्वाधार र प्रादेशिक गौरवका आयोजनामा वैदेशिक ऋण परिचालन भएको हुने | गौरवका आयोजनाको पहिचान | संख्या | | ६ | ४ | २ | | | १२ | " | " | | ८ | ९ | ८ | |
| | | गौरवका आयोजनामा सार्वजनिक ऋणको लगानी | प्रतिशत | | | | ५० | ५० | ५० | ५० | बजेट पुस्तिका | प्रनियोआ | | ८ | ९ | ८ | |
| **लगानीः पुँजी, जनशक्ति, प्रविधि, उपकरण, निर्माण सामग्री, वार्षिक कार्यक्रम र बजेट** | | | | | | | | | | | | | | | | | |

## ३.७ बचत तथा लगानी

### ३.७.१ पृष्ठभूमि

बचत तथा लगानीको अवधारणा मूलतः समष्टिगत आर्थिक क्षेत्रसँग सम्बन्धित रहन्छ । प्रदेश स्तरमा अवलम्बन गरिएको आर्थिक नीतिले राष्ट्रिय बचत तथा लगानीलाई परिपूरक गर्न सघाउ पुग्न सक्दछ। प्रदेश तहमा समेत घर परिवारको खर्चको अनुपातमा आय कम भएकोले बचत गर्ने क्षमता न्यून रहेको छ । स-सानो स्तरमा रहेको बचत समेत अनुत्पादक क्षेत्रमा खर्च हुने अवस्था छ । बचत परिचालनमा सहकारी क्षेत्रले पुऱ्याएको योगदान तथा विप्रेषण आयले बचतमा योगदान गरी अर्थतन्त्रका विविध पक्षलाई गतिशील बनाउन महत्वपूर्ण भूमिका खेल्दछ । आन्तरिक तथा बाह्य स्रोतबाट जम्मा भएको वचतलाई प्रभावकारी ढंगबाट परिचालन गरी उत्पादन र रोजगारको क्षेत्रमा लगानी वृद्धि गर्न वचतलाई प्रोत्साहन गर्नु पर्ने आवश्यक देखिन्छ ।

### ३.७.२ प्रमुख समस्या

औसत प्रतिव्यक्ति आय न्यून रहनु, धेरैजसो व्यक्तिको आम्दानीको अधिकांश हिस्सा उपभोगमा खर्च हुनु, राम्रो आम्दानी गर्ने व्यक्तिले समेत अनुत्पादक क्षेत्र जस्तै, घर जग्गा र विलासिताका समान खरिदमा लगानी गर्नु, शिक्षा क्षेत्रको ठूलो धनराशि विदेश पलायन हुनु आदि बचत तथा लगानी क्षेत्रका प्रमुख समस्याहरू हुन् ।

### ३.७.३ चुनौती र अवसर

**चुनौती**

घर परिवारको उपभोग प्रबृत्तिलाई न्यूनीकरण गर्दै बचत गर्न प्रोत्साहन गर्नु, पुँजी निर्माण हुने गरी रोजगार र आम्दानीमा वृद्धि गर्नु, बचत गर्ने बानीको विकास गर्नु, बचत पुँजीलाई प्रभावकारी ढंगबाट परिचालन गरी उत्पादनशील क्षेत्रमा लगानी गर्नु, आन्तरिक बचत तथा बिप्रेषणको रकम सरकारको प्राथमिकताको क्षेत्रमा लगानी आकर्षित गर्नु आदि यस क्षेत्रका चुनौतीहरू हुन् ।

**अवसर**

स्थानीय तहसम्म वित्तीय संस्थाहरूको विस्तार हुनु, विकास निर्माणका कार्यहरू शुरु भई सार्वजनिक खर्च बढ्नु, बचत संस्कारको विस्तारै विकास हुनु, विप्रेषण बढ्दो अनुपातमा भित्रिनु, सहकारीले उत्पादन क्षेत्रमा ३० प्रतिशत लगानी अनिवार्य रुपमा गर्नुपर्ने नीतिगत ब्यवस्था हुनु, बचतमा आकर्षक ब्याजदर रहनु, वित्तीय उपकरणहरूको तीव्र विकास हुनु आदि यस क्षेत्रका अवसरहरू हुन् ।

### ३.७.४ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

**सोच**

सबल प्रादेशिक अर्थतन्त्रको विकास र समृद्धिका लागि पुँजी निर्माण ।

**लक्ष्य**

बचतको प्रभावकारी परिचालन गर्दै पुँजी निर्माण तथा उत्पादनशील क्षेत्रमा लगानी वृद्धि गर्ने ।

**उद्देश्य**

१. निजी तथा सहकारी क्षेत्रको बचत अभिबृद्धि गर्ने वातावरण सिर्जना गर्नु ।

२. बचतलाई उत्पादनशील क्षेत्रमा लगानी गर्न प्रोत्साहित गर्नु ।

### ३.७.५ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १: निजी तथा सहकारी क्षेत्रको बचत अभिबृद्धि गर्ने वातावरण सिर्जना गर्नु।** | |
| १.१ निजी क्षेत्र, सहकारी क्षेत्र र घरपरिवारलाई बचत गर्न प्रोत्साहन तथा नियमन गर्ने । | १.१.१ निजी क्षेत्र, सहकारी क्षेत्र र घर परिवारलाई बचत गर्न प्रोत्साहन गर्ने नीतिगत ब्यवस्था गरिनेछ ।<br>१.१.२ नेपाल सरकारसँग समन्वय गरी बचत गर्ने संस्थाहरूको अनुगमन गरिनेछ । |
| १.२ रोजगारी र आय आर्जनका अवसरमा वृद्धि गरी बचत गर्ने क्षमताको अभिबृद्धि गर्ने । | १.२.१ युवा तथा लक्षित वर्गलाई लक्षित गरी रोजगार र आय आर्जनमा वृद्धि हुने कार्यक्रमहरू सञ्चालन गरिनेछ । |
| **उद्देश्य २: बचतलाई उत्पादनशील क्षेत्रमा लगानी गर्न प्रोत्साहित गर्नु।** | |
| २.१ निजी, सहकारी क्षेत्रको बचत तथा वैदेशिक रोजगारबाट प्राप्त विप्रेषणको उपयोगलाई ब्यवस्थित गर्ने । | २.१.१ ग्राहस्थ्य बचत पुँजीलाई उत्पादनशील क्षेत्रमा लगानी गर्न प्रोत्साहन गर्ने नीति अबलम्बन गरिनेछ ।<br>२.१.२ विप्रेषणबाट प्राप्त आम्दानीलाई उपभोगमा कमखर्च गरी सरकारको प्राथमिकताका क्षेत्रमा लगानी गर्न बचत तथा लगानी योजनाहरू सञ्चालन गरिनेछ । |
| २.२ बचतलाई प्रभावकारी परिचालन गर्न अन्तरसरकारी, निजी क्षेत्र, सहकारी क्षेत्र र सबन्धित संघसंस्थासँग समन्वय र सहकार्य गर्ने । | २.२.१ अनौपचारिक तथा असंगठित क्षेत्रमा रहेको बचतलाई समेत औपचारिक क्षेत्रमा लगानी गर्न प्रोत्साहन गरिनेछ ।<br>२.२.२ संघ सरकारको समन्वयमा बैंकिङ तथा वित्तीय सेवाको पहुँच नपुगेका स्थानमा सेवा पुऱ्याउन वित्तीय संघ सस्थाको स्थापना तथा शाखा विस्तार गरिनेछ । |

### ३.७.६ कार्यक्रमका प्राथमिकता

१. घरपरिवारमा वचतको दायरा बढाउने ।

२. विप्रेषणलाई उत्पादनमूलक क्षेत्रमा लगानी गर्ने ।

### ३.७.७ विस्तृत कार्यक्रम

| क्र.सं. | उद्देश्य नं. | रणनीति नं. | कार्यनीति नं. | संकेत नं. | कार्यक्रम | इकाई | आधार वर्ष २०७५/७६ | लक्ष्य | | | | | योजना अवधिको जम्मा लक्ष्य | जिम्मेवार निकायहरू |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | |
| १ | १ | १.१ | १.१.१ | ग | निजी क्षेत्र, सहकारी क्षेत्र र घरपरिवार बचत प्रोत्साहन नीति तर्जुमा गर्ने | संख्या | | | १ | | | | १ | आमायोम |
| २ | | | १.१.२ | क | बचत गर्ने संस्थाको अनुगमन तथा मूल्याङ्कन गर्ने | जिल्ला संख्या | | ११ | ११ | ११ | ११ | ११ | ११ | आमायोम/ भूकूसम |
| ३ | | १.२ | १.२.१ | क | युवा तथा लक्षित वर्गलाई स्वरोजगार कोषको उपयोग मार्फत् युवा स्वरोजगारको मूल्याङ्कन गर्ने | संख्या | | १ | १ | १ | १ | १ | ५ | सम्बन्धित मन्त्रालय |
| ४ | २ | २.१ | २.१.१ र २.१.२ | ग | नेपाल सरकारको नीति अनुकूल वैदेशिक रोजगार बचतपत्र निष्काशन गर्ने नीति बनाई विप्रेषणलाई उत्पादनमा लगानी गर्न प्रोत्साहन गर्ने | संख्या | | | १ | | | | १ | आमायोम |
| ५ | | २.२ | २.२.१ र २.२.२ | ग | बचतलाई संगठित तथा औपचारिक क्षेत्रमा परिचालन गर्न वित्तीय संस्थाहरूको पहुँच विस्तार गर्ने | जिल्ला संख्या | | ११ | ११ | ११ | ११ | ११ | ११ | विषयगत मन्त्रालय |

### ३.७.८ नतिजा

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७५/७६ | उपलब्धि | | | | | योजना अवधिका उपलब्धि | पुष्ट्याइँको स्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान | प्रसस संकेत | दीराल संकेत | दीविल संकेत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | | | | | | | |
| **प्रभाव** | **बचतको प्रभावकारी परिचालन मार्फत् पुँजी निर्माण तथा उत्पादनशील क्षेत्रमा लगानी वृद्धि भएको हुने** | **पुँजीको निर्माण (बचत) भएको हुने** | रु. (अर्व) | | | | | | | | **वार्षिक वजेट पुस्तिका/ प्रतिवेदन** | **आमयोम/ भूकूसम** | | ८ | ९ | ८ | |
| | | **उत्पादनशील क्षेत्रमा भएको लगानी** | **प्रतिशत** | | | | | | | | **वार्षिक प्रतिवेदन** | ” | | ८ | ९ | ८ | |
| **असर १** | निजी तथा सहकारी क्षेत्रको बचत अभिबृद्धि गर्ने वातावरण सिर्जना भएको हुने | निजी क्षेत्र, सहकारी क्षेत्र र घरपरिवारलाई बचत गर्न प्रोत्साहन गर्ने नीति निर्माण हुने | संख्या | | | १ | | | | १ | ” | ” | | ८ | ९ | ८ | |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७५/७६ | उपलब्धि २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | योजना अवधिका उपलब्धि | पुष्ट्याइँको स्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान | प्रसंग संकेत | दीगाल संकेत | दीविल संकेत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | नागरिकको बचत गर्ने क्षमतामा अभिवृद्धि भएको हुने (सरदर बचत) | रु. (हजार) | | | | | | | | " | " | | ८ | ९ | ८ | |
| **प्रतिफल** १.१ | बचत गर्न प्रोत्साहन गर्ने नीतिगत व्यवस्था भएको हुने | निजी क्षेत्र, सहकारी क्षेत्र र घरपरिवार बचत प्रोत्साहन नीति तर्जुमा | संख्या | | | १ | | | | १ | वार्षिक प्रतिवेदन | आमायोम | | ८ | ९ | ८ | |
| **प्रतिफल** १.२ | बचत गर्ने संस्थाहरूको अनुगमन भएको हुने | बचत संकलन गर्ने संस्थाको अनुगमन | जिल्ला | | १०० | ५०० | ६०० | ६०० | ६०० | २४०० | " | भूकृसम | संघ सरकारसँग समन्वय हुने | ८ | ९ | ८ | |
| **प्रतिफल** १.३ | युवा तथा लक्षित वर्गका निम्ति रोजगार र आय आर्जनमा वृद्धि हुने कार्यक्रमहरू सञ्चालन भएको हुने | स्वरोजगार कोषको उपयोग मार्फत् बनेका युवा स्वरोजगारहरूको संख्या | संख्या | | | | | | | | " | आमायोम | | ८ | ९ | ८ | |
| **असर** २ | बचतलाई उत्पादनशील क्षेत्रमा लगानी गर्न प्रोत्साहन भएको हुने | उत्पादनमूलक क्षेत्रमा बचतको लगानी अनुपात | प्रतिशत | | | | | | | | बजेट पुस्तिका | " | | ८ | ९ | ८ | |
| **प्रतिफल** २.१ | ग्राहस्थ्य बचत पुँजीलाई उत्पादनशील क्षेत्रमा लगानी गर्न प्रोत्साहन गर्ने नीति अबलम्बन भएको हुने | वैदेशिक रोजगार बचतपत्र निष्काशन गर्ने नीति | संख्या | | | १ | | | | १ | " | आमायोम | | ८ | ९ | ८ | |
| | | लगानीको प्रवर्द्धन | रु. (लाखमा) | | | | ५० | १०० | १०० | २५० | अध्ययन प्रतिवेदन | " | संघीय सरकारको नीति अनुकूल हुने | ८ | ९ | ८ | |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७५/७६ | उपलब्धि | | | | | योजना अवधिका उपलब्धि | पुष्ट्याइँको स्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान | प्रसस संकेत | दीराल संकेत | दीविल संकेत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | | | | | | | |
| **प्रतिफल** २.२ | विप्रेषणलाई उपभोगमा कम खर्च गरी सरकारको प्राथमिकताका क्षेत्रमा लगानी योजनाहरू सञ्चालन भएको हुने | उत्पादनक्षेत्रमा विप्रेषणको लगानी अनुपात | प्रतिशत | | | | | | | ५० | अध्ययन प्रतिवेदन | " | | ८ | ९ | ८ | |
| **प्रतिफल** २.३ | वित्तीय संघसस्थाको स्थापना तथा शाखा विस्तार भएको हुने | नयाँ वित्तीय संघसस्थाको स्थापना तथा शाखा विस्तार भएका जिल्ला र पालिका | संख्या | | | | | | | ११ | प्रगति प्रतिवेदन | " | | ८ | ९ | ८ | |
| **लगानी: पुँजी, जनशक्ति, तालिम, वार्षिक कार्यक्रम र बजेट** | | | | | | | | | | | | | | | | | |

# परिच्छेद ४
# आर्थिक क्षेत्र

## ४.१ कृषि

### ४.१.१ पृष्ठभूमि

प्रदेशमा आर्थिक रुपले सकृय जनसंख्याको ठूलो हिस्सा कृषिमा आश्रित छन् । जसमध्ये कृषिमा आधारित कुल घर परिवार मध्ये ८६ प्रतिशत घर परिवारको आम्दानीको स्रोत कृषि रहेको छ भने बाँकी १४ प्रतिशत जनसंख्यालाई अन्य पेशामा समेत आश्रित हुनु पर्दछ । समग्रतामा, खाद्यान्न उपलब्धताको हिसाबले गण्डकी प्रदेशको अवस्था राम्रो देखिए तापनि १८.८ प्रतिशत जनसंख्या अझै पनि मौसमी खाद्य असुरक्षामा छन् । कृषिमा साना र मझौला किसानहरूको बढी संलग्नता रहेको छ । कुल खेतीयोग्य जमिनको २४ प्रतिशत जमिन बाँझो छ भने खेती गरिएको ३६.१५ जमिनमा मात्र सिंचाईको सुविधा पुगेको छ । मूलतः कृषि प्रणाली निर्वाहमुखी हुने र यसमा संलग्न श्रमिकहरूको उत्पादकत्व निकै कम रहँदा यस क्षेत्रबाट श्रमशक्तिको पलायन बढ्दो छ र खाद्यान्नको उत्पादकत्व पनि न्यून रहेको छ । फलस्वरूप, कुल ग्राहस्थ्य उत्पादनमा पनि कृषिको योगदान क्रमशः घट्दै गैरहेको छ । दिगो विकास लक्ष्य, कृषि विकास रणनीति एवम् राष्ट्रिय कृषि नीतिलाई मध्यनजर गर्दै सार्वजनिक, निजी तथा सहकारी साझेदारीमा भूमिको दिगो व्यवस्थापन, कृषिको आधुनिकीकरण, यान्त्रीकीकरण, व्यावसायीकरण तथा औद्योगीकरण गरी खाद्य सुरक्षित प्रदेश बनाउन पर्ने आवश्यकता छ । त्यसैगरी रोजगारी सिर्जना, गरिबी निवारण र समग्र कृषि अर्थतन्त्रलाई थप सवल बनाउँदै प्रदेशको दिगो सामाजिक, आर्थिक समृद्धिको आधारशीला तयार गर्न यस क्षेत्रलाई उच्च प्राथमिकता राखेर कार्य गर्नु पर्ने आवश्यकता छ ।

### ४.१.२ प्रमुख समस्या

जग्गाको खण्डीकरण हुनु, खेतीयोग्य जग्गा प्लटिङ हुदै जानु, जग्गा बाँझो राख्ने प्रवृत्ति बढ्दै जाँदा खेतीयोग्य जमिन घट्दै जानुका साथै उत्पादनमा ह्रास आउनु, कृषि पेशालाई सम्मानित पेशा र लगानीमैत्री बनाउन नसक्दा युवावर्ग कृषि पेशामा आकर्षित नभई विदेश पलायन हुनु, जलवायुको विविधता तथा भौगोलिक जटिलता अनुकूलनको कृषि प्रणाली विकास नहुनु, कृषिमा निजी क्षेत्रको लगानी कम हुनु, कृषि उत्पादनको मूल्यको बढी हिस्सा बीचौलियाको हातमा जानु र किसानले उचित मूल्य नपाउनु, प्रविधि विकास तथा यान्त्रीकीकरण र व्यावसायीकरण हुन नसक्नु, रासायनिक मल तथा विषादिको अनियमित प्रयोग र जलवायु परिवर्तनको कारणले बालीहरूमा नयाँ रोग तथा किराहरू देखा पर्नु, गुणस्तरीय विउ, मल, सिंचाई र कृषि सामग्री आदिको आवश्यकता र मागअनुसार सही समय, मूल्य र स्थानमा सहज उपलब्ध हुन नसक्नु, आवश्यकता अनुसार गुणस्तरीय शीत तथा अन्न भण्डारको व्यवस्था हुन नसक्नु, कृषिमा व्यावसायिक करार सम्झौता नहुनु, अझै पनि कृषि प्रसार सेवा, कृषि सूचना, कृषि बीमा, कृषि ऋण जस्ता कार्यक्रमहरू ग्रामीण कृषकहरूको सहज पहुँचमा नहुनु, कृषि उत्पादनलाई मूल्य श्रृङ्खला तथा कृषि उद्योगसँग जोड्न नसक्दा व्यवस्थित र दिगो तरिकाले बजारीकरण गर्न नसक्नु आदि यस क्षेत्रका प्रमुख समस्याहरू हुन् ।

### ४.१.३ चुनौती र अवसर

**चुनौती**

सञ्चालनमा रहेका अनुदानमुखी कृषि कार्यक्रमहरूको वैज्ञानिक अनुगमन तथा मूल्याङ्कन गरी कार्यक्रमहरूलाई थप परिष्कृत गर्दै लैजानु, वर्षेनी युवा जनशक्तिको विदेश पलायनले गर्दा कृषि क्षेत्रमा देखिएको श्रम अभावलाई सम्वोधन गर्नु, भूउपभोग

नीति वाध्यकारी बनाउनु, जग्गाको खण्डीकरण र अव्यवस्थित प्लटिंगलाई रोक्ने नीति बनाई सफल कार्यान्वयन गर्नु, जग्गा बाँझो राख्ने प्रवृत्तिलाई निरुत्साहित गर्दै कृषि भूमिलाई उपयोगमा ल्याउनु, खानपिन र आहारविहारमा परिवर्तन ल्याउनु, कृषि बीमा व्यवस्थालाई प्रभावकारी वनाउनु, कृषि क्षेत्रमा सार्वजनिक, निजी, सहकारी तथा वैदेशिक लगानी बृद्धि गर्नु, कृषि ऋणको सबै वर्गमा सहज उपलब्धता सुनिश्चित गर्नु, नयाँ प्रविधिको विकास गरी कृषि प्रणालीलाई यान्त्रीकीकरण, आधुनिकीकरण र व्यावसायीकरण गर्नु, कृषि प्रसार सेवामा कृषकहरूको पहुँच वृद्धि गर्नु, गुणस्तरीय बिउ, मलखाद, कीटनाशक विषादि तथा कृषि सामाग्रीको समयानुकुल आपूर्ति बढाउनु, कृषि पेशालाई प्रतिस्पर्धी, व्यावसायिक, नाफामूलक र सम्मानित पेशाको रूपमा स्थापित गर्नु, आयातित कृषि सामाग्री र उत्पादनलाई स्वदेशी गुणस्तरीय सुलभ दरको उत्पादनले प्रतिस्थापन गर्नु, जलवायु परिवर्तन अनुकूलन हुने गरी कृषि प्रणालीको विकास तथा व्यवस्थापन गर्नु, र कृषि विकासको लागि तीन तहको सरकारबीच समन्वय कायम राख्नु आदि यस क्षेत्रका चुनौतीहरू हुन् ।

**अवसर**

तीन तहका सरकारले कृषि क्षेत्रलाई उच्च प्राथमिकतामा राख्नु, गण्डकी प्रदेश भौगोलिक तथा जैविक विविधतामा धनी हुनु, कृषि विकास रणनीति, २०७२ र कृषि विकासका अन्य मार्गदर्शनहरूको विकास भई कार्यान्वयन अगाडि बढ्नु, स्वदेशी लगानीमै प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको सुरुवात भई सुपरजोन, जोन, ब्लक तथा पकेट अनुसार यस प्रदेशमा पनि प्राथमिकता साथ कार्यान्वयन हुनु, प्रदेशले मासु तथा दुग्ध व्यवसाय, सुन्तला, तरकारी, स्याउ, कफी जस्ता उच्च मूल्य पर्ने कृषि उपज उत्पादनमा केन्द्रित हुने नीति लिनु, जलवायु परिवर्तन अनुकूलन हुने गरी कृषि प्रणालीको विकास गर्न मुख्य मन्त्री वातावरण मैत्री नमुना कृषि गाउँ स्थापना गर्ने कार्य प्राथमिकताका साथ अगाडि बढ्नु, विदेशबाट फर्किएका युवाहरू सीप, ज्ञान, पुँजी र उन्नत प्रविधिसहित कृषि क्षेत्रमा आकर्षित हुँदै जानु, पहाड र दुर्गम क्षेत्रमा यातायात तथा सिंचाई सुविधा बढ्दै जानु, पछिल्ला वर्षहरूमा कृषि ऋण, कृषि बीमा र नयाँ प्रविधिहरूको उपयोग बढ्दै जानु, प्राङ्गारिक कृषि प्रणालीप्रति चासो बढ्दै जानु, कृषि क्षेत्रमा लगानी गर्न निजी क्षेत्र तथा विदेशी संघसंस्थाहरू आकर्षित हुँदै जानु, प्रदेश सरकारले पर्यटन व्यवसायलाई कृषि उत्पादनसँग जोड्न प्रोत्साहन गर्नु आदि यस क्षेत्रका अवसरहरू हुन् ।

### ४.१.४ **दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य**

**सोच**

खाद्य सम्प्रभुता र सुरक्षाको प्रत्याभूति तथा कृषिमा आत्मनिर्भर प्रदेश ।

**लक्ष्य**

कृषिको यान्त्रीकीकरण, औद्योगीकरण र व्यावसायीकरणको माध्यमबाट उच्च उत्पादन र उत्पादकत्वमा वृद्धि गरी आयात कम गर्ने ।

**उद्देश्य**

१. उच्च उत्पादन र उत्पादकत्व हाँसिल गरी कृषि उपजमा आत्मनिर्भर प्रदेश बनाउनु ।
२. कृषिलाई नाफामूलक, गुणस्तरीय, दिगो एवम् व्यावसायिक प्रणालीमा रूपान्तरण गर्नु ।
३. कृषि उद्यमी तथा उद्योगको विकास गरी आय तथा रोजगारी वृद्धि गर्नु ।
४. कृषि प्रणालीलाई वातावरण मैत्री बनाउनु ।
५. कृषिलाई पर्यटन र उद्योगसँग जोड्दै आय तथा रोजगारीका अवसर वृद्धि गरी गरिबी न्यूनीकरणमा सहयोग गर्नु ।

### ४.१.५ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १: उच्च उत्पादन र उत्पादकत्व हाँसिल गरी कृषि उपजमा आत्मनिर्भर प्रदेश बनाउनु।** | |
| १.१ भूमिको वैज्ञानिक उपयोग तथा कृषक वर्गीकरण सहितको कृषि प्रसार सेवाद्वारा उत्पादन तथा उत्पादकत्व बृद्धि गरी आत्मनिर्भर कृषि प्रणालीको विकास गर्ने। | १.१.१ भू-उपयोग नीतिले वर्गीकरण गरेका कृषि भूमिको चक्लाबन्दी गरी व्यावसायिक खेती गर्नेलाई सुविधा दिने नीतिगत व्यवस्था गरिनेछ।<br>१.१.२ कृषक पहिचान तथा वर्गीकरण कार्यविधि परिमार्जन गरी कृषक वर्गीकरणको आधारमा अनुदान तथा अन्य सेवालाई उत्पादन लक्षित गरिनेछ।<br>१.१.३ बाली उत्पादन क्षमता र स्थानीय सम्भाव्यताको आधारमा विशिष्टिकृत कृषि उत्पादन क्षेत्र (पकेट, ब्लक, जोन र सुपरजोन) र नमुना फार्म (Model Farm), विकास गरी अनुसन्धान र विकास मार्फत् कृषिको उच्च उत्पादकत्व हाँसिल गरिनेछ।<br>१.१.४ कृषि तथ्याङ्क प्रणालीलाई व्यवस्थित गरिनेछ। |
| १.२ प्रतिस्पर्धी क्षमता विकास गरी आधारभूत खाद्य वस्तुको उत्पादन र उत्पादकत्वमा बृद्धि गर्ने। | १.२.१ कृषकमैत्री नीति ऐन र नियमहरू तर्जुमा गरिनेछ।<br>१.२.२ कृषि व्यवसाय प्रवर्द्धन ऐन जारी गरी कृषि उपज बजारीकरणलाई सहजीकरण र नियमन गर्ने, आवश्यकता अनुसार हरेक पालिकामा एक शीत गृहको व्यवस्था गरिनेछ।<br>१.२.३ अध्ययन अनुसन्धान क्षेत्रसँग सहकार्य र समन्वय गरी उन्नत बीउ बिजन र प्रविधि हाँसिल गरिनेछ।<br>१.२.४ लगानी सुनिश्चित गराउन वातावरणीय, प्राविधिक, बजार एवम् जंगली जनावरबाट हुने जोखिम न्यूनीकरणका लागि कृषि बीमा कार्यक्रमलाई प्राथमिकतासाथ लागू गरिनेछ। जंगली जनावरबाट कृषिमा हुने क्षतिलाई न्यूनीकरण गर्न सौर्य उर्जाबाट चल्ने तारबारको प्रवर्द्धन गरिनेछ।<br>१.२.५ उपयुक्त र दिगो सिँचाइ सुविधा लगायतका आवश्यक पूर्वाधारको पहुँच बढाइनेछ।<br>१.२.६ बीउविजन लगायतका गुणस्तरीय उत्पादन सामग्रीहरू र कृषि यन्त्रहरू, उन्नत प्रविधि एवम् सुलभ कृषि कर्जाको व्यवस्था गरिनेछ।<br>१.२.७ प्रयोगशाला सेवा र विशेषज्ञ सेवा उपलब्ध गराइनेछ।<br>१.२.८ खाद्यान्न उत्पादन न्यून हुने तथा खाद्यपोषण असुरक्षित क्षेत्रमा स्थानीयस्तरमै उत्पादन गर्न सकिने कृषिजन्य उत्पादन प्रवर्द्धन तथा उपयोगमा जोड दिइनेछ।<br>१.२.९ एक वडा एक नमुना कृषि कार्यक्रम, एक पालिका एक व्यावसायिक बाली उत्पादन कार्यक्रम नीति अवलम्बन गरिने छ, साथै आम उत्पादनलाई बढावा दिंदै कृषि उपज संकलन र बजारीकरण गर्ने नीति लिईनेछ।<br>१.२.१० विशेष कृषि उपजहरूको न्यूनतम समर्थन मूल्य कायम गर्ने व्यवस्था मिलाईने छ।<br>१.२.११ प्राङ्गारिक मलको माग अनुसारको आपूर्ति सुनिश्चित हुने व्यवस्था मिलाईने छ। |
| १.३ पहाडका खेतीयोग्य टारहरूमा सिंचाइको सुविधा उपलब्ध गराउने। | १.३.१ पहाडका टारहरूलाई उपयुक्त हुने बालीहरूको अनुसन्धान, पहिचान गरी धानको पकेट क्षेत्रका रुपमा विकास गरिनेछ।<br>१.३.२ सिंचाइको सुविधा कम भएको र सतह सिंचाइ कम हुने स्थानमा नयाँ प्रविधिमा आधारित सिंचाईको विस्तार गरिनेछ।<br>१.३.३. लाभलागतको आधारमा लिफ्ट सिंचाई आयोजना सञ्चालन गरी सुख्खाटारमा सिचाई सुविधाको विस्तार गरिनेछ।<br>१.३.४ कृषि उत्पादन सामग्रीको सहज पहुँच तथा कृषि उपजको सहज निकासीको लागि टारहरूलाई कृषि सडकले जोडिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| १.४ कृषि क्षेत्रमा निजी, सहकारी तथा सरकारी क्षेत्रको लगानी अभिबृद्धि गर्ने । | १.४.१ सरकारी, निजी, सहकारी बीचको सम्बन्धलाई कार्यगत साझेदारीमा विकास गरिनेछ ।<br>१.४.२ कृषि विकासको लागि उन्नत वैदेशिक प्रविधि तथा प्रत्यक्ष वैदेशिक लगानी भित्र्याउने आवश्यक नीति अपनाईनेछ ।<br>१.४.३ कृषि सहकारी संस्थाहरूले ७० प्रतिशत रकम कृषि उत्पादनमा लगानी गर्नु पर्ने र अन्य सहकारीहरूले ३० प्रतिशत रकम उत्पादनमूलक लगानी गर्नुपर्ने क्षेत्रमा लगानी गर्नुपर्ने, कृषि उद्यम एवम् व्यवसाय सञ्चालन गर्न वित्तीय संस्थाबाट सहुलियत व्याज दरको ऋण उपलब्ध गराउने नीतिगत व्यवस्था कार्यान्वयन गरिनेछ ।<br>१.४.४ निजी क्षेत्रले कृषिमा अनुसन्धान गरी प्रविधि विकास गर्न चाहेमा पूर्वाधारमा सहयोग गरी नयाँ प्रविधि प्राप्त गरिनेछ । |
| **उद्देश्य २: कृषिलाई नाफामूलक, गुणस्तरीय, दिगो एवम् व्यावसायिक प्रणालीमा रूपान्तरण गर्नु ।** | |
| २.१ तुलनात्मक लाभ हुनसक्ने बाली तथा वस्तुको व्यावसायीकरण गर्ने । | २.१.१ तुलनात्मक लाभ हुनसक्ने स्थानीय बाली तथा वस्तुको सघन व्यावसायिक खेती प्रणाली अघि बढाइनेछ ।<br>२.१.२ उत्पादन वा आम्दानीको आधारमा (Output or Income Based Subsidy) अनुदान उपलब्ध गराउने व्यवस्था मिलाइनेछ ।<br>२.१.३ निजी तथा सहकारी क्षेत्रको संलग्नता बढाउँदै करार सम्झौतामा आधारित सहकारी खेतीलाई प्राथमिकता दिइनेछ ।<br>२.१.४ मूल्य श्रृङ्खला पद्धति अनुसार उत्पादनदेखि बजारीकरणसम्मका कार्यक्रमहरू एकीकृत् रूपमा सञ्चालन गरिनेछ ।<br>२.१.५ प्रदेशका प्रमुख बालीवस्तुका फार्म स्थापना गरी दोहोरो व्यवस्थापन प्रणाली (Double Track System) मार्फत् सरकारी स्रोतकेन्द्रको रुपमा विकास गरिनेछ ।<br>२.१.६ कृषि उपजको बजारीकरणको लागि आवश्यक संरचना तथा कस्टम हायरिँग सेन्टर तथा यान्त्रीकीकरणमा सहयोग उपलब्ध गराईनेछ ।<br>२.१.७ सहुलियतपूर्ण कृषि ऋण, कृषि बीमालाई तुलनात्मक लाभ हुने बाली वस्तुहरूको लागि प्राथमिकता दिईनेछ ।<br>२.१.८ प्रदेशका प्रमुख प्रवेश बिन्दुमा विषादि अवशेष तथा रोगकीरा जाँच गर्ने चेकपोष्टको स्तरोन्नति गरिनेछ । |
| **उद्देश्य ३: कृषि उद्यमी तथा उद्योगको विकास गरी आय तथा रोजगारी वृद्धि गर्नु ।** | |
| ३.१ कृषि तथा कृषिमा आधारित सेवालाई उद्योग क्षेत्रतर्फ आकर्षित गरी यस क्षेत्रमा संलग्न व्यक्तिहरूको आत्मसम्मान उच्च गराउने । | ३.१.१ कृषि जन्य उद्योगहरूको दर्ता प्रकृया तथा अनुगमन निरीक्षणमा कृषिसँग सम्बन्धित मन्त्रालयलाई समेत् जिम्मेवार बनाईनेछ ।<br>३.१.२ उद्योगको लागि आवश्यक कच्चा पदार्थ आपूर्ति गर्नका लागि कृषक र उद्योग बीच करार सम्झौता गर्न प्रोत्साहन गरिनेछ ।<br>३.१.३ कृषि उत्पादनमा आधारित उद्योग वा कुनै क्षेत्रको कृषि उपजको करार गरेर खरिद सुनिश्चित गर्ने उद्योगलाई यसले गरेको उत्पादनको आधारमा सुलभ कर्जा वा अन्य सुविधा प्रदान गर्ने व्यवस्था मिलाइनेछ ।<br>३.१.४ गुणस्तर प्रमाणीकरणका लागि एक्रेडीटेटेड प्रयोगशालाहरूको सहजता, तथा ब्रान्डिङ्ग र ट्रेड मार्कहरू लिनलाई सरकारी स्तरबाट सहयोग उपलब्ध गराइनेछ ।<br>३.१.५ "**प्रदेश सरकारको आह्वान, व्यावसायिक कृषि उत्पादनमा युवा कृषकहरूको योगदान**" नाराको साथ युवाहरूलाई विदेश जान निरुत्साहित गर्न तथा कृषिमा आकर्षित गर्ने विशेष कार्यक्रमको व्यवस्था गरिनेछ ।<br>३.१.६ कृषक र व्यवसायी (होटल, पर्यटन व्यवसायी, सुपरमार्केट, थोकबजार) बीच करार सम्झौता गरी आवश्यक परिमाण तथा गुणस्तरको कृषि उपजको बजार तथा आपूर्ति सुनिश्चितता हुने आवश्यक व्यवस्था मिलाइनेछ ।<br>३.१.७ कृषकलाई प्रोत्साहित गर्न उत्कृष्ट कृषक पुरस्कारको व्यवस्था गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य ४: कृषि प्रणालीलाई वातावरण मैत्री बनाऊनु।** | |
| ४.१ वातावरण मैत्री कृषि प्रविधिको विकास र प्रसार गरी खाद्य स्वच्छतामुखी उत्पादनलाई प्राथमिकता दिने। | ४.१.१ प्राङ्गारिक खेतीका सम्भावित वस्तु र क्षेत्रहरूको पहिचान एवम् उत्पादनमा वृद्धि गरी उत्पादित प्राङ्गारिक वस्तुको ब्रान्ड प्रवर्द्धन गर्दै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा बजारीकरण गरिनेछ।<br>४.१.२ कृषिजन्य जैविक विविधताको संरक्षण, संवर्द्धन तथा सदुपयोग गर्दै माटो सुहाउँदो एवम् जलवायु परिवर्तनका असर न्यूनीकरण गर्न अनुसन्धानमा आधारित जलवायु मैत्री (Climate Smart) कृषि प्रविधिको विकास एवम् विस्तार गरिनेछ।<br>४.१.३ कृषि उपजको स्वच्छता र गुणस्तर कायम राख्न नियमनसहित विविध कार्यक्रम सञ्चालनमा जोड दिइनेछ।<br>४.१.४माटोमा न्यून कार्बन समस्याको समाधान गर्न पाँच वर्षभित्र हालको भन्दा २५ प्रतिशतभन्दा बढी कार्वनको मात्रा हुने गरी कार्बन सुधार कार्यक्रम सञ्चालन गरिनेछ।<br>४.१.५ "**मुख्यमन्त्री वातावरणमैत्री नमुना कृषि गाउँ**" को संख्या तथा क्षेत्र विस्तार गरी सघन रुपमा उत्पादन बृद्धि तथा रोजगारी श्रृजना गर्न सहयोग गरिनेछ।<br>४.१.६ घरघरमा प्राङ्गारिक मल उत्पादन तथा उपयोग कार्यक्रम सञ्चालन गरिनेछ।<br>४.१.७ आवश्यकता अनुसार स्थानीय तहसँगको साझेदारीमा कृषि तथा पशुपंक्षी पालनका उप-उत्पादन (By-product) बाट प्राङ्गारिक मल प्राङ्गारिक मल/बायोचार उत्पादन गर्ने उद्योग र प्राङ्गारिक मल भण्डारण केन्द्र स्थापना गरिनेछ। |
| **उद्देश्य ५: कृषिलाई पर्यटन र उद्योगसँग जोड्दै आय आर्जन तथा रोजगारीका अवसर वृद्धि गरी गरिबी न्यूनीकरणमा सहयोग गर्नु।** | |
| ५.१ कृषिलाई पर्यटन र उद्योगसँग जोड्ने नीति तर्जुमा गरी कृषक, स्थानीय सरकार र प्रर्यटन व्यवसायीको बीचमा समन्वय र सहकार्य गर्ने। | ५.१.१ कृषक, पर्यटन व्यवसायी र स्थानीय तहको समन्वयमा स्थानीय गुणस्तरीय तथा अर्गानिक कृषि उत्पादनलाई पर्यटनसँग जोड्दै दिगो र आकर्षक कृषि पर्यटन प्रवर्द्धन गरिनेछ।<br>५.१.२ कृषक र होटल तथा पर्यटन व्यवसायीबीच करार सम्झौता गरी उत्पादन तथा बजारीकरण र कृषि उद्योगको स्थापना गर्न सहयोगको व्यवस्था मिलाईनेछ। |

### ४.१.६ कार्यक्रमका प्राथमिकता

१. अनुसन्धान र नयाँ प्रविधिको विकास र प्रयोग गरी कृषि क्षेत्रको उत्पादकत्व र उत्पादन वृद्धि गर्ने।

२. मुख्यमन्त्री वातावरण मैत्री नमुना कृषि गाँउ कार्यक्रमको विस्तार तथा सुदृढीकरण गर्ने र कृषिलाई पर्यटनसँग जोड्ने।

३. आलु, कफी, स्याउ, सुन्ताला, किवी, एभोकाडो र तरकारी खेतीको आधुनिकीकरण गरी आत्मनिर्भर हुने।

## ४.१.७ विस्तृत कार्यक्रम

| क्र.सं. | उद्देश्य नं. | रणनीति नं | कार्यनीति नं | संकेत नं. | कार्यक्रम | इकाई | आधार वर्ष २०७५/७६ | लक्ष्य २०७६/७७ | लक्ष्य २०७७/७८ | लक्ष्य २०७८/७९ | लक्ष्य २०७९/८० | लक्ष्य २०८०/८१ | योजना अवधिको जम्मा लक्ष्य | जिम्मेवार निकायहरू |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | १ | १.१ | १.१.१ | क | कृषियोग्य भूमि चक्लावन्दी नीति तर्जुमा | संख्या | | १ | | | | | १ | भूकृसम |
| २ | | | | ग | भूमिहीनलाई बाँझो जग्गा लिजमा उत्पादन गर्न दिने तथा व्यावसायिक करार खेती सञ्चालन | हेक्टर | १.५ | १.२५ | ५ | ५ | ६ | ६ | २५ | भूकृसम |
| ३ | | | १.१.२ | ख ग | कृषक वर्गीकरण र परिचयपत्र वितरण | वडा संख्या | | ७२ | १०० | १५० | २०० | २३७ | ७५९ | भूकृसम/ संकृम |
| ४ | | | १.१.३ | क | नमुना फार्म (Model Farm) को अध्ययन | संख्या | | १ | | | | | १ | प्रनियोआ/ भूकृसम |
| ५ | | | | | नमुना फार्म (Model Farm) को अवधारणामा सुधार गरी स्थापना तथा विस्तार | संख्या | २६७ | १२५ | ६०० | ७५८ | ८५० | ९०० | ३५०० | भूकृसम |
| ६ | | | | ग | पकेट स्थापनामा सहयोग कार्यक्रम (स्याउ, कफी, अलैंची, एभोकाडो, सुन्तला...) | संख्या | १६३ | १५७ | ४५ | ४५ | ४५ | ४५ | ५०० | भूकृसम/ सम्बन्धित स्थानीय तह |
| ७ | | | | ग | ब्लक (स्याउ, कफी, अलैंची, सुन्तला आदि) स्थापनामा सहयोग कार्यक्रम | संख्या | २७ | ३१ | १२ | १० | १० | १० | १०० | भूकृसम तथा सम्बन्धित स्थानीय तह |
| ८ | | | | क ख ग | उच्च पहाडी तथा हिमाली क्षेत्रमा आलु खेती प्रवर्द्धन मिसन कार्यक्रम | संख्या | | तयारी | २५ | २५ | ५० | | १०० | भूकृसम तथा सम्बन्धित स्थानीय तह |
| ९ | | | १.१.४ | क | कृषि सबन्धी तथ्याङ्क अद्यावधिक गरी GIS Mapping गर्ने र प्रदेशको केन्द्रीय तथ्याङ्क प्रणालीमा समाविष्ट गर्ने | पटक | १ | १ | १ | १ | १ | १ | निरन्तर | भूकृसम/ प्रनियोआ |
| १० | | १.२ | १.२.१ | ग | कृषकमैत्री नीति, ऐन र नियम, (भू-उपयोग, चक्लाबन्दी, अनुदान आदि) निर्देशिका, कार्यविधि तयार गर्ने | संख्या | २८ | ११ | ५ | ५ | ३ | ३ | ५५ | भूकृसम/ संकृम |
| ११ | | | १.२.२ | क | कोल्ड रुम Cold Room तथा कोल्ड स्टोर स्थापना गर्न अनुदान सहयोग | संख्या | १४ | २० | १४ | १४ | ४० | ३० | १३२ | भूकृसम |
| १२ | | | १.२.३ | ग | कृषि तथा पशु भेटेरिनेरी विद्यालयमा फर्म स्थापना | संख्या | ५ | | ३ | ४ | ४ | ४ | २० | भूकृसम/ स्थानीय तह |

| क्र.सं. | उद्देश्य नं. | रणनीति नं. | कार्यनीति नं. | संकेत नं. | कार्यक्रम | इकाई | आधार वर्ष २०७५/७६ | लक्ष्य २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | योजना अवधिको जम्मा लक्ष्य | जिम्मेवार निकायहरू |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १३ | | | १.२.३ | ग | कृषि प्रविधि विकासका लागि कृषि अनुसन्धानात्मक कार्यक्रम | संख्या | १ | | २ | २ | २ | २ | ९ | भूकृसम तथा संघीय कृषि मन्त्रालय |
| १४ | | | | क ख | किसानसँग बिज्ञ कार्यक्रम (प्रतक्ष्य कुराकानी, अडियो, भिडियो डकुमेन्ट्री तयारी र प्रसारण) | पालिका संख्या | | तयारी | ३० | २५ | १५ | १५ | ८५ | भूकृसम तथा स्थानीय तह |
| १५ | | | | क ख | स्कुल बालबालिकासँग कृषि कार्यक्रम | पालिका संख्या | १ | तयारी | ३० | २५ | १५ | १५ | ८५ | " |
| १६ | | | १.२.४ | क | बाँदर व्यवस्थापनका लागि उपयुक्त कार्यक्रम सञ्चालन | हेक्टर | | | २० | २० | ३० | ३० | १०० | भूकृसम/ उपववाम |
| १७ | | | | ग | जंगली जनवारबाट भएको क्षतिलाई सम्वोधन हुने गरी कृषि बीमाको नीतिगत व्यवस्था गर्ने | संख्या | | | १ | | | | १ | भूकृसम |
| १८ | | | १.२.५ | ग | ठूला तथा मझौला सिंचाई सुविधाको लागि पूर्वाधारमा पहुँच वृद्धिका लागि समन्वय | संख्या | | १ | १ | १ | १ | १ | ५ | भूकृसम/ भौपूविम |
| १९ | | | १.२.६ | क | उच्च उत्पादन दिने विउ उत्पादन | हेक्टर | | | १०० | १०० | १०० | २०० | ५०० | भूकृसम |
| २० | | | १.२.७ | क | प्रयोगशाला सेवा सञ्चालन | महिना | १२ | १२ | १२ | १२ | १२ | १२ | १२ | " |
| २१ | | | | क | विषादी, मल र विउविजनको गुणस्तर नियमन | पटक | १२ | १२ | १२ | १२ | १२ | १२ | १२ | " |
| २२ | | | १.२.८ | | कार्यनीति नं. १.१.४ मा उल्लिखित कार्यक्रमले समेट्ने । | | | | | | | | | " |
| २३ | | | १.२.९ | क | कृषि उपज बजार तथा एक संकलन केन्द्र स्थापना | संख्या | १४ | १३ | १५ | १८ | २० | २० | १०० | " |
| २४ | | | | | तुलनात्मक लाभ भएको कुनै एक कृषि उपज उत्पादन पहिचान (वडागत र पालिकागत) | संख्या | | | ७५९ | | | | ७५९ | " |
| २५ | | | १.२.१० | ग | मुख्य कृषि उपजको न्युनतम समर्थन मूल्य निर्धारण (कृषि उपजको संख्या) | संख्या | | | १० | निरन्तर | निरन्तर | निरन्तर | १० | भूकृसम/ संकृम |
| २६ | | | १.२.११ | क | प्राङ्गारिक मलको माग र आपूर्तिको प्रक्षेपण | संख्या | | | | १ | | | १ | भूकृसम |
| २७ | | १.३ | १.३.१ | क | कार्यनीति नं. १.१.४ मा उल्लेखित कार्यक्रमले समेट्ने । | | | | | | | | | |
| २८ | | | १.३.२ | क | नयाँ प्रविधिमा आधारित तथा साना सिंचाई कार्यक्रम सञ्चालन | हेक्टर | १० | ६० | १५० | १५० | १५० | १५० | ६७० | भूकृसम र भौपूविम |

| क्र.सं. | उद्देश्य नं. | रणनीति नं. | कार्यनीति नं. | संकेत नं. | कार्यक्रम | इकाई | आधार वर्ष २०७५/७६ | लक्ष्य | | | | | योजना अवधिको जम्मा लक्ष्य | जिम्मेवार निकायहरू |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | |
| २८ | | | १.३.३ | क | कार्यनीति नं. १.३.२ मा उल्लेखित कार्यक्रमले समेट्ने । | हेक्टर | १० | ६० | १५० | १५० | १५० | १५० | ६७० | भूकृसम र भौपूविम |
| २९ | | | १.३.४ | क | कृषि पकेट,ब्लक, जोन, सुपरजोन,ठूला मोडल फार्म र मुख्यमन्त्री जलवायु मैत्री कृषि गाउँलाई सडक पूर्वाधारले जोड्ने | प्याकेज | | | | | | | ८५ | भौपूविम |
| ३० | | १.४ | १.४.१ | क ग | कार्यनीति नं. १.१.३, १.१.४, १.१.५ र १.४.३ मा उल्लेखित कार्यक्रमहरूले समेट्ने । | जना | | | | | | | | |
| ३१ | | | १.४.२ | क ग | उन्नत प्रविधि अवलोकन भ्रमण | जना | | १० | १० | १० | १० | १० | ५० | भूकृसम तथा संकृम |
| ३२ | | | १.४.३ | क ग | सुलभ ब्याजदर ऋण प्रवाह | जना | | ६० | १०० | १०० | १०० | १०० | ४६० | भूकृसम तथा संघीय कृषि मन्त्रालय |
| ३३ | | | १.४.३ | ख | कृषि सहकारीले आफ्नो कर्जा लगानी ७०% कृषि क्षेत्रमा गरे नगरेको अनुगमन गर्ने | पटक | | १ | १ | १ | १ | १ | ५ | भूकृसम |
| ३४ | | | १.४.४ | क | टिस्युकल्चर ल्याव तथा हाईटेक नर्सरी आदिको स्थापनामा सहयोग | संख्या | ३ | ४ | ४ | ३ | ३ | ३ | २० | " |
| ३५ | २ | २.१ | २.१.१ | क | कार्यनीति नं. १.१.३, १.१.४, र १.१.५ मा उल्लेखित कार्यक्रमहरूले समेट्ने । | | | | | | | | | |
| ३६ | | | | क | कृषि वन प्रणालीको विकास र प्रवर्द्धन | हे. | | | ५ | ५ | १० | १० | ३० | " |
| ३७ | | | २.१.२ | क | उत्पादनमा आधारित अनुदान | जना | | ५० | ३०० | ५०० | ५०० | ५०० | १८५० | " |
| ३८ | | | २.१.३ | क | कार्यनीति नं. १.१.१ मा उल्लेखित कार्यक्रमले समेट्ने । | | | | | | | | | |
| ३९ | | | २.१.४ | क | मूल्य श्रृङ्खलामा आधारित अनुदान (कृषि फार्म) | संख्या | १६ | | २० | २४ | २५ | २५ | ११० | " |
| ४० | | | २.१.५ | क | सरकारी स्रोतकेन्द्र विकास | संख्या | | | ३ | ३ | ३ | ३ | ३ | " |
| ४१ | | | २.१.६ | क | कृषि यन्त्र वितरण | संख्या | | ३२० | ४०० | ४०० | ४०० | ४८० | २००० | " |
| ४२ | | | २.१.७ | क | कृषि बीमा प्रवर्द्धन (वस्तु) | संख्या | | | ५ | ५ | ५ | ५ | २० | भूकृसम र बीमा कम्पनीहरू |
| ४३ | | | २.१.८ | क | सीमा नाका गुणस्तर परीक्षण प्रयोगशाला स्थापना र सञ्चालन गर्ने | संख्या | २ | २ | २ | २ | २ | २ | २ | भूकृसम |

| क्र.सं. | उद्देश्य नं. | रणनीति नं. | कार्यनीति नं. | संकेत नं. | कार्यक्रम | इकाई | आधार वर्ष २०७५/७६ | लक्ष्य २०७६/७७ | लक्ष्य २०७७/७८ | लक्ष्य २०७८/७९ | लक्ष्य २०७९/८० | लक्ष्य २०८०/८१ | योजना अवधिको जम्मा लक्ष्य | जिम्मेवार निकायहरू |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ४४ | ३ | ३.१ | ३.१.१ | क | कृषि सम्बन्धी उद्योगहरूको अनुगमन | संख्या | | | १२ | १२ | १२ | १२ | ४८ | भूकृसम |
| ४५ | | | ३.१.२ | ग | कृषि उपजको प्रशोधन कार्य एवम् उद्योग स्थापनालाई प्रोत्साहन अनुदान | संख्या | ५ | ४ | ५ | ५ | ५ | ५ | २४ | " |
| ४६ | | | | ग | कृषि उत्पादनमा आधारित उद्योगसँग कृषि उपज करार सम्झौता र कार्यान्वयन | संख्या | | | १०० | २०० | ४०० | ५०० | १२०० | भूकृसम तथा संकृम |
| ४७ | | | ३.१.३ | ग | कृषि उद्योगलाई उत्पादनको आधारमा सुलभ कर्जा अनुदान | संख्या | | | २० | २० | ३० | ३० | १०० | " |
| ४८ | | | ३.१.४ | क | गुणस्तर प्रमाणीकरण प्रयोगशालाको स्थापना र सञ्चालन | संख्या | | | १ | १ | १ | १ | १ | भूकृसम |
| ४९ | | | | क ग | कृषि उपजको गुणस्तर प्रमाणीकरणमा सहयोग उपलब्ध गराउने | पटक | | | ५२ | ५२ | ५२ | ५२ | २०८ | भूकृसम तथा संकृम |
| ५० | | | ३.१.५ | क | सिक र गर (Learn and Do) कार्यक्रममा सञ्चालन गर्न निजी क्षेत्र सँग सहकार्य गर्ने र तालिम प्राप्त युवालाई बीउ पुँजी उपलब्ध गराउने | संख्या | | ५० | १५० | १५० | १५० | १५० | ६५० | भूकृसम |
| ५१ | | | ३.१.६ | क ख | कृषक र व्यवसायीविच करार सम्झौता गर्ने | पटक | | | १ | निरन्तर | निरन्तर | निरन्तर | १ | " |
| ५२ | | | ३.१.७ | क | उत्कृष्ट कृषक, कृषि उद्यमी, समूह र कृषि सहकारीलाई प्रोत्साहन अनुदान, पुरस्कार तथा सम्मान गर्ने | पटक | १ | १ | १ | १ | १ | १ | ५ | " |
| ५३ | ४ | ४.१ | ४.१.१ | क | प्राङ्गारिक खेतीका सम्भावित वस्तु र क्षेत्रको पहिचान गर्ने | संख्या | | १ | | | | | १ | " |
| ५४ | | | | क | प्राङ्गारिक उत्पादन, व्राण्डिङ र वजारिकरण | संख्या | | ३० | १५ | १५ | १५ | १० | ८५ | " |
| ५५ | | | ४.१.२ | क | कृषि जन्य जैविक विविधताको संरक्षण कार्यक्रम | संख्या | | | २ | २ | २ | २ | ८ | " |
| ५६ | | | | क | जलवायु अनुकूलन कृषि प्रविधिको अध्ययन | संख्या | | | १ | | | | १ | " |
| ५७ | | | ४.१.३ | क ख ग | कृषि उपज बजार अनुगमन | संख्या | | | २४ | २४ | २४ | २४ | ९६ | " |
| ५८ | | | | क | एकीकृत् शत्रुजीव व्यवस्थापन (IPM) कृषक पाठशाला तालिम सञ्चालन | संख्या | ३ | २४ | ३६ | ३६ | ३६ | ३६ | १७१ | " |
| ५९ | | | | क | तरकारी बालीमा विषादिको अवशेष तथा जोखिम विश्लेषण | पटक | | २५० | २५० | २५० | २५० | २५० | १२५० | " |

| क्र.सं. | उद्देश्य नं. | रणनीति नं. | कार्यनीति नं. | संकेत नं. | कार्यक्रम | इकाई | आधार वर्ष २०७५/७६ | लक्ष्य २०७६/७७ | लक्ष्य २०७७/७८ | लक्ष्य २०७८/७९ | लक्ष्य २०७९/८० | लक्ष्य २०८०/८१ | योजना अवधिको जम्मा लक्ष्य | जिम्मेवार निकायहरू |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ६० | | | ४.१.४ | क | बायोचर उत्पादन सम्बन्धी सम्भाव्यता अध्ययन | संख्या | | १ | | | | | १ | प्रनियोआ/ भूकृसम |
| ६१ | | | | क | बायोचरको उत्पादन गर्ने उद्योग स्थापनामा सहयोग | संख्या | | | १ | १ | १ | १ | ४ | भूकृसम |
| ६२ | | | ४.१.५ | | वातावरण मैत्री कृषि वाली र प्रविधिको सम्भाव्यता अध्ययन | संख्या | | १ | | | | | १ | प्रनियोआ/ भूकृसम |
| ६३ | | | | क | मुख्यमन्त्री वातावरण मैत्री नमुना कृषि गाउँ कार्यक्रमको विस्तार गर्ने | संख्या | ०३६ | ७२ | ८५ | ८५ | ८५ | ८५ | ८५ | भूकृसम |
| ६४ | | | | ख | मुख्यमन्त्री वातावरण मैत्री नमुना कृषि गाउँ कार्यक्रम हस्तान्तरण | संख्या | | | | ३६ | ३६ | १३ | ८५ | भूकृसम/ स्थानीय तह |
| ६५ | | | ४.१.६ | क | घरघरमा गुणस्तरीय प्राङ्गारिक मल उत्पादन र प्रयोग गर्न सहयोग एवम् सचेतनामूलक कार्यक्रम | संख्या | | ८२ | १०० | १०० | १०० | १०० | ४८२ | भूकृसम |
| ६६ | | | | क | प्रङ्गारिक मल उत्पादन गर्नको लागि आवश्यक पर्ने जीवाणुहरूको उत्पादनको लागि प्रयोगशालाको निर्माण तथा स्तर उन्नति गर्ने | संख्या | | | तयारी | १ | | | १ | " |
| ६७ | | | ४.१.७ | क | कृषि तथा पशुपंक्षीपालनका उप-उत्पादनबाट प्राङ्गारिक मल उत्पादन उद्योग स्थापनामा सहयोग | संख्या | १ | | १ | १ | १ | १ | ५ | " |
| ६८ | ५ | ५.१ | ५.१.१ | क | कृषि पर्यटन कार्यक्रम प्रवर्द्धनका लागि प्रागांरिक कृषि, पर्माकल्चर सहितको होमस्टे सञ्चालनमा प्रोत्साहन गर्ने | संख्या | २८ | | ३० | ३० | ३० | ३० | १४८ | " |
| ६९ | | | | क | ठुला कृषि बगैंचा (अग्रो टेक्नो पार्क नमुनाको रुपमा निर्माण गर्न सम्भ्व्यता अध्ययन तथा स्थापनामा सहयोग गर्ने | संख्या | | | सम्भाव्यता अध्ययन | १ | १ | १ | ३ | प्रनियोआ/ भूकृसम |
| ७० | १,२, ३,४, ५ | | ५.१.२ | क ख | कृषक फार्म र होटल तथा पर्यटन व्यवसायी बीच करार गर्न सहयोग गर्ने | संख्या | | | | १० | २५ | २५ | ६० | " |
| | | | | क | कृषि उत्पादनमा आधारित उद्योगको स्थापना गर्न निजी क्षेत्रलाई सहयोग तथा प्रोत्साहन गर्ने । | प्याकेज | | | | | | | | |
| | | | | क | कार्यक्रम अनुगमन तथा मूल्यांकन गर्ने । | प्याकेज | | | १०० | १०० | १०० | १०० | ४०० | " |

### ४.१.८ नतिजा

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष २०७५/०७६ | उपलब्धि | | | | | योजना अवधिका उपलब्धि | पुष्ट्याइँको स्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान | प्रसंग संकेत | दीगाल संकेत | दीविल संकेत | कृविरसं | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | | | | | | | | |
| **प्रभाव** | **कृषिको यान्त्रीकीकरण, औद्योगिकिकरण र व्यावसायीकरणको माध्यमबाट उच्च उत्पादन र उत्पादकत्वमा वृद्धि भएको हुने** | **गण्डकी प्रदेशमा कृषि जन्य वस्तुको आयातमा कमि हुने** | **प्रतिशत** | | | | | | | | **कृत** | **भूकृसम** | | ३ | ४ | २ | ३ | |
| | | **कृषिमा आधारित उद्योगमा वृद्धि** | **संख्या** | | | | | | | | | " | | | | | ३ | |
| | | **कृषिमा आधारित स्वरोजगारी वृद्धि** | **संख्या** | १०००० | ११००० | १५००० | १८००० | २२००० | २५००० | ९१००० | | " | | ३ | ४ | २ | ३ | |
| | | **यान्त्रीकीकरण** Coverage **(कृषि भूमिको)** | **प्रतिशत** | १५ | | | | | ४० | ४० | | " | | | | | | |
| **असर १** | उच्च उत्पादन र उत्पादकत्व हाँसिल भएको हुने | मुख्य खाद्यान्न बालीको उत्पादकत्व (धान, मकै, कोदो, जौ ,फापर, गहुँ) मे.टन/हे | प्रतिशत | २.७ | २.८ | ३ | ३.२ | ३.५ | ३.८ | ३.८ | कृत | " | | ३ | ४ | २ | ३ | |
| | | तेलहन वालीको उत्पादकत्व | प्रतिशत | १ | १ | १.१ | १.२ | १.३ | १.३ | १.३ | कृत | " | | ३ | ४ | २ | ३ | |
| | | आलु वालीको उत्पादकत्व | प्रतिशत | १२.९ | १० | १५ | १७ | १९ | १९.९ | | कृत | " | | ३ | ४ | २ | ३ | |
| | | प्रतिव्यक्ति खाद्यान्न उत्पादन | के.जी. | २३४ | | | | | ४०० | ४०० | कृत | " | | ३ | ४ | २ | ३ | |
| | | स्याउ, कफी, अलैंची, एभोकाडो, सुन्तलाको उत्पादकत्व | मे.टन/हे. | ९.६५ | | | | | १५ | १५ | प्रगति विवरण | " | | ३ | ४ | २ | ३ | |
| | | तरकारी | मे.टन/हे. | ११.६ | | | | | १५ | १५ | प्रगति विवरण | " | | ३ | ४ | २ | ३ | |
| **प्रतिफल १.१** | कृषि भूमिको चक्लाबन्दी भएको हुने | चक्लाबन्दी भएको कृषि भूमिको क्षेत्रफल (भूमि व्यवस्था मा समावेश गरिएको) | हेक्टर | १३ | | | | | २००० | २००० | " | भूकृसम/संकृम | | ३ | ४ | २ | ३ | |
| | | भूमिहीनलाई बाँझो जग्गा लिजमा उत्पादन गर्न दिएको व्यावसायिक करार खेती कार्यक्रम अन्तर्गतको जग्गाको क्षेत्रफल | हेक्टर | १.५ | १.२५ | ५ | ५ | ६ | ६ | २५ | " | " | | ३ | ४ | २ | ३ | |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष २०७५/०७६ | उपलब्धि | | | | | योजना अवधिका उपलब्धि | पुष्ट्याइँको स्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान | प्रसं संकेत | दीराल संकेत | दीविल संकेत | कृविरसं | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | | | | | | | | |
| | | कुल कृषिभूमिमध्ये बाली लगाइएको भूमि | प्रतिशत | ७५ | | | | | ७७ | ७७ | सर्वेक्षण | भूकृसम/संकृम | | ३ | ४ | २ | ३ | |
| प्रतिफल १.२ | कृषि उत्पादन किसान लक्षित भएको हुने | कृषक वर्गीकरण र परिचयपत्र वितरण गरिएका वडाहरूको संख्या | वडा संख्या | | ७२ | १०० | १५० | २०० | २३७ | ७५९ | भूकृसमको प्रगति विवरण | " | | ३ | ४ | २ | १ | |
| | | अनुदान प्रदान गरिएका उत्पादनका क्षेत्रहरूको संख्या | संख्या | १७ | १८ | १९ | २१ | २३ | २५ | २५ | " | " | | ३ | ४ | २ | ४ | |
| प्रतिफल १.३ | विशिष्टिकृत् कृषि उत्पादन क्षेत्र (पकेट, ब्लक, जोन र सुपरजोन) र नमुना फार्म (Model Farm) विकास भएको हुने | स्थापना तथा विस्तार गरिएका नमुना फार्मको संख्या | संख्या | २६७ | १२५ | ६०० | ७५८ | ८५० | ९०० | ३५०० | " | " | | ३ | ४ | २ | ३ | |
| | | पकेट स्थापना (स्याउ, कफी, अलैंची, एभोकाडो, सुन्तला आदि) मा सहयोग कार्यक्रमको संख्या | संख्या | १६३ | १५७ | ४५ | ४५ | ४५ | ४५ | ५०० | " | " | | ३ | ४ | २ | ३ | |
| | | ब्लक स्थापना (स्याउ, कफी, अलैंची, एभोकाडो, सुन्तला आदि) मा सहयोग कार्यक्रमको संख्या | संख्या | २७ | ३१ | १२ | १० | १० | १० | १०० | " | " | | ३ | ४ | २ | ३ | |
| | | उच्च पहाडी तथा हिमाली क्षेत्रमा आलु खेती प्रवर्द्धन मिसन कार्यक्रम | संख्या | | तयारी | २५ | २५ | ५० | | १०० | " | " | | ३ | ४ | २ | ३ | |
| प्रतिफल १.४ | कृषि तथ्याङ्क प्रणाली व्यवस्थित भएको हुने | कृषि सम्बन्धी GIS सहितको तथ्याङ्कको संकलन र व्यवस्थापन | पटक | १ | १ | | | | | १ | " | भूकृसम | | ३ | ४ | २ | १ | |
| प्रतिफल १.५ | कृषकमैत्री नीति ऐन र नियमहरूको निर्माण भएको हुने | कृषकमैत्री नीति, ऐन र नियम, भूमिको चक्लाबन्दी गर्ने निर्देशिका, कार्यविधिको संख्या | संख्या | २८ | ११ | ५ | ५ | ३ | ३ | ५५ | भूकृसमको वार्षिक प्रतिवेदन | भूकृसम/संकृम | | ३ | ४ | २ | १ | |
| प्रतिफल १.६ | हरेक पालिकामा एक शीत गृह (Cold Room) को व्यवस्था भएको हुने | कोल्ड रुम तथा कोल्ड स्टोरको संख्या | संख्या | १४ | २० | १४ | १४ | ४० | ३० | १३२ | " | भूकृसम | | ३ | ४ | २ | ४ | |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष २०७५/०७६ | उपलब्धि | | | | | योजना अवधिका उपलब्धि | पुष्ट्याइँको स्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान | प्रसां संकेत | दीराल संकेत | दीविल संकेत | कृविरसं | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | | | | | | | | |
| प्रतिफल १.७ | अध्ययन अनुसन्धान क्षेत्रसँग सहकार्य र समन्वय गरी उन्नत बीउविजन र प्रविधि हाँसिल भएको हुने | फर्मको स्थापना भएका कृषि तथा पशु भेटेनरी विद्यालय | संख्या | ५ | ० | ३ | ४ | ४ | ४ | २० | भूकृसमको वार्षिक प्रतिवेदन | भूकृसम | | ३ | ४ | २ | २ | |
| | | कृषि प्रविधिमा भएका अनुसन्धान | संख्या | १ | ० | २ | २ | २ | २ | ९ | " | भूकृसम संकृम | | ३ | ४ | २ | २ | |
| | | किसानसँग विज्ञ कार्यक्रम सञ्चालन भएका पालिका | संख्या | ० | तयारी | ३० | २५ | १५ | १५ | ८५ | " | भूकृसम, स्थानीय तह | | ३ | ४ | २ | २ | |
| | | स्कुल बालबालिकासँग कृषि कार्यक्रम सञ्चालन भएका पालिक | संख्या | ० | तयारी | ३० | २५ | १५ | १५ | ८५ | " | भूकृसम, स्थानीय तह | | ३ | ४ | २ | २ | |
| प्रतिफल १.८ | लगानी सुनिश्चित र जोखिम न्यूनीकरण भएको हुने | कृषि बीमाको नीतिगत व्यवस्था | संख्या | | | १ | | | | १ | " | भूकृसम | | ३ | ४ | १ | २ | |
| | | बाँदर व्यवस्थापनका लागि उपयुक्त कार्यक्रमले समेटेको क्षेत्रफल | प्रतिशत | | | २० | २० | ३० | ३० | १०० | " | भूकृसम उपववाम | | ३ | ४ | १ | २ | |
| प्रतिफल १.९ | सुलभ कृषि कर्जाको व्यवस्था भएको हुने | उच्च उत्पादन दिने बीउ उत्पादन कार्यक्रमले समेटेको क्षेत्रफल | हेक्टर | ० | ० | २०० | २०० | २०० | २०० | ८०० | " | भूकृसम | | ३ | ४ | २ | १ | |
| प्रतिफल १.१० | एक वडा एक नमुना कृषि कार्यक्रम, र एक पालिका एक व्यावसायिक बाली उत्पादन कार्यक्रम कार्यान्वयन भएको हुने | कृषि उपज बजार तथा संकलन केन्द्रको स्थापना | संख्या | १४ | १३ | १५ | १८ | २० | २० | १०० | " | " | | ३ | ४ | २ | ४ | |
| | | तुलनात्मक लाभ भएको कुनै एक कृषि उपज उत्पादन पहिचान भएका वडा र पालिकाको संख्या | संख्या | | | ७५९ | | | | ७५९ | भूकृसमको प्रगति विवरण | भूकृसमको प्रगति विवरण | | ३ | ४ | २ | ४ | |
| | पहाडका टारहरूलाई धानको पकेट क्षेत्रको रुपमा विकास गरिने छ | धानका पकेट क्षेत्र भएका टारको संख्या | संख्या | | | | | | | | " | " | | ३ | ४ | २ | ४ | |
| प्रतिफल १.११ | टार सिंचाई विस्तार भएको हुने | सिंचित टारहरूको क्षेत्रफल | हेक्टर | | | | | | | | " | " | | ३ | ४ | २ | ४ | |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष २०७५/०७६ | उपलब्धि २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | योजना अवधिका उपलब्धि | पुष्ट्याइँको स्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान | प्रसं संकेत | दीराल संकेत | दीविल संकेत | कृविरसं | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | खेती योग्य जमिन मध्ये सिंचित जमिन | प्रतिशत | ३६.१ | | | | | | ४३ | भूकृसमको प्रगति विवरण | भूकृसमको प्रगति विवरण | | ३ | ४ | २ | ४ | |
| | | वर्षभरी सिंचाई हुने खेतीयोग्य जमिन | प्रतिशत | १६.६७ | | | | | | ३० | " | " | | ३ | ४ | २ | ४ | |
| | | नयाँ प्रविधिमा आधारित तथा साना सिंचाई कार्यक्रमले समेटेको क्षेत्रफल | हेक्टर | १० | ६० | १५० | १५० | १५० | १५० | ६७० | " | " | | ३ | ४ | २ | ४ | |
| **प्रतिफल १.१२** | कृषि उत्पादन कृषि उपजको सहज निकासीको लागि कृषि सडको बकिास हुने | कृषि सडकले जोडिएका टारहरू | संख्या | | | | | | | ८५ | " | " | | ३ | ४ | २ | | |
| **प्रतिफल १.१३** | कृषि सहकारी संस्थाहरूले ७० प्रतिशत र अन्य सहकारीहरूले ३० प्रतिशत रकम उत्पादनमूलक क्षेत्रमा लगानी गर्ने नीति कार्यान्वयन भएको हुने | सुलभ ब्याजदर ऋण प्रवाहबाट लाभान्वित ऋणीहरूको संख्या | जना | | ६० | १०० | १०० | १०० | १०० | ४६० | " | " | | ३ | ४ | २ | ३ | |
| **प्रतिफल १.१४** | निजी क्षेत्रलाई नयाँ प्रविधि प्राप्त गर्न सक्ने व्यवस्था भएको हुने | टिस्युकल्चर ल्याब तथा हाईटेक नर्सरी स्थापना सहयोग कार्यक्रमको संख्या | संख्या | ३ | ४ | ४ | ३ | ३ | ३ | २० | " | " | | ३ | ४ | २ | २ | |
| **असर २** | कृषि क्षेत्र नाफामूलक, गुणस्तरीय, दिगो एवम् व्यावसायिक प्रणालीमा रूपान्तरण भएको हुने | कृषिबाट मुनाफा (खाद्यान्न बाली) (प्रति इकाई लागतमा) | रु. | १०७१५ | ११०० | १५००० | १७००० | १९००० | २०००० | २०००० | भूकृसमको प्रगति विवरण | भूकृसम | | ३ | ४ | २ | २ | |
| | | कृषिबाट मुनाफा (सुन्तला, स्याउ, कफी, अलैंची, अदुवा, तरकारी) | रु. (हजार)/हे | २०० | २५० | ३०० | ३२५ | ३५० | ४०० | ४०० | " | " | | ३ | ४ | २ | २ | |
| | | आलुबाट मुनाफा | प्रति हे. | | | | | | | | " | " | | ३ | ४ | २ | २ | |
| | | परम्परागत खेती बाट व्यावसयिक खेती गर्ने किसानको संख्या र जग्गाको क्षेत्रफल | संख्या | | | | | | | | " | " | | ३ | ४ | २ | २ | |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष २०७५/०७६ | उपलब्धि | | | | | योजना अवधिका उपलब्धि | पुष्ट्याइँको स्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान | प्रसं संकेत | दीराल संकेत | दीविल संकेत | कृविसं | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | | | | | | | | |
| **प्रतिफल २.१.** | अन्न बाली का लागि प्रयोग भएको जमिनको क्षेत्रफल र नगदे बालीको क्षेत्रफलमा सन्तुलन हुने | कृषि उत्पादन (अन्न बाली) का लागि प्रयोग भएको जमिनको क्षेत्रफल | प्रतिशत | | ०.५ | १ | १ | १.२५ | १.२५ | ५ | भूकृसमको प्रगति विवरण | भूकृसम | | ३ | ४ | २ | २ | |
| | | तुलनात्मक लाभ दिने वस्तुले ओगटेको जग्गाको क्षेत्रफल | प्रतिशत | | १५ | २० | २० | २० | २५ | १०० | " | " | | ३ | ४ | २ | २ | |
| **प्रतिफल २.२** | उत्पादनको आधारमा अनुदान दिने व्यवस्था भएको हुने | उत्पादनमा आधारित अनुदान प्राप्त गर्ने लाभग्राहीको संख्या | जना | | ५० | ३०० | ५०० | ५०० | ५०० | १८५० | " | " | | ३ | ४ | २ | २ | |
| **प्रतिफल २.३** | मूल्य श्रृङ्ला पद्धति अनुसार उत्पादनदेखि बजारीकरणसम्मका कार्यक्रमहरू एकीकृत् रूपमा सञ्चालन भएको हुने | मूल्य श्रृङ्खलामा जोडिएका कृषि फार्मको संख्या | संख्या | १६ | | २० | २४ | २५ | २५ | ११० | " | " | | ३ | ४ | २ | ३ | |
| **प्रतिफल २.४** | प्रदेशका प्रमुख बालीवस्तुका फार्ममा: (Double Track System) विकास भएको हुने | प्रमुख बालीवस्तुका फार्मको संख्या | संख्या | ३ | ३ | ३ | ३ | ३ | ३ | ३ | भूकृसमको प्रगति विवरण | भूकृसम | | ३ | ४ | २ | १ | |
| | | दोहोरो व्यवस्थापन प्रणाली (Double Track System) भएका सरकारी स्रोतकेन्द्रको संख्या | संख्या | | | ३ | ३ | ३ | ३ | ३ | " | " | | ३ | ४ | २ | १ | |
| **प्रतिफल २.५** | कृषि उपजको बजारीकरणको लागि आवश्यक संरचना तथा कस्टम हायरिँग सेन्टर तथा यान्त्रीकीकरणको विकास भएको हुने | कृषिमा यान्त्रीकीकरणका प्रयोग भएका कृषकको संख्या | संख्या | | ३२० | ४०० | ४०० | ४०० | ४८० | २००० | " | " | | ३ | ४ | २ | १ | |
| | | कस्टम हायरिँग सेन्टरको निर्माण | संख्या | | | | | | | | " | " | | ३ | ४ | २ | १ | |
| | | ३० मिनेटको दूरीमा कृषि उपज बिक्रीका लागि बजार उपलव्ध भएका कृषिक परिवार | प्रतिशत | २४.९ | २८ | ३२ | ३८ | ४३ | ४६.९ | ४६.९ | " | " | | ३ | ४ | २ | १ | |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष २०७५/०७६ | उपलब्धि २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | योजना अवधिका उपलब्धि | पुष्ट्याइँको स्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान | प्रसं संकेत | दीराल संकेत | दीविल संकेत | कृविरसं | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **प्रतिफल** २.६ | सहुलियतपूर्ण कृषि ऋण र कृषि बीमामा तुलनात्मक लाभ हुने बाली वस्तुहरूले प्राथमिकता पाएका हुने | कृषि बीमा गरिएका वस्तुहरूको संख्या | संख्या | | | ५ | ५ | ५ | ५ | २० | भूकृसमको प्रगति विवरण | भूकृसम | | ३ | ४ | २ | १ | |
| | | सहुलियतपूर्ण कृषि ऋण प्राप्त गरेका बालीको नाम र संख्या | संख्या | | | | | | | | " | " | | ३ | ४ | १२ | १ | |
| **प्रतिफल** २.७ | प्रदेशका प्रमुख प्रवेश बिन्दुमा विषादि अवशेष तथा रोगकीरा जाँच गर्ने चेकपोष्टको स्तरोन्नति भएको हुने | सीमा नाकामा स्थापित र सञ्चालित गुणस्तर परीक्षण प्रयोगशालाको संख्या | संख्या | २ | २ | २ | २ | २ | २ | २ | | भूकृसम | | | | | | |
| **असर ३** | कृषि उद्यमी तथा उद्योगको विकास भई आय तथा रोजगारी वृद्धि भएको हुने | कृषि तथा वन र मत्यस्यपालन संबन्धी व्यावसायिक प्रतिष्ठान (प्रतिष्ठानमा संलग्न कुल रोजगारीको हिस्सा) | प्रतिशत | ४ | ४ | ४.५ | ५ | ५.५ | ६. | ६ | | " | | ३ | ४ | २ | १ | |
| | | कृषि तथा वन र मत्यस्यपालन संबन्धी प्रतिष्ठानमा संलग्न जनशक्ति (कुल प्रतिष्ठानको हिस्सा) | प्रतिशत | ३.९ | ४ | ४.२ | ४.३ | ४.५ | ४.८ | ४.८ | | " | | ३ | ४ | २ | १ | |
| | | नयाँ रोजगारको संख्या | संख्या | १०,००० | ११,००० | १५,००० | १८,००० | २२,००० | २५,००० | ९१,००० | | | | ३ | ४ | २ | १ | |
| **प्रतिफल** ३.१ | उद्योगको लागि आवश्यक कच्चा पदार्थ आपूर्ति गर्नका लागि कृषक र उद्योग बीच करार सम्झौता भएको हुने | कृषि उपजको प्रशोधन कार्य एवम् उद्योग स्थापनाको लागि अनुदान पाएका उद्योगको संख्या | संख्या | ५ | ४ | १३ | १२ | ७ | ७ | ४८ | प्रगति प्रतिवेदन /अन्य प्रतिवेदन | भुव्यकृसम, उपवाम | | ४ | ४ | २ | ३ | |
| | | कृषि उत्पादनमा आधारित उद्योगसँग करार सम्झौता भएका उद्योगको संख्या | संख्या | | | १०० | २०० | ४०० | ५०० | १२०० | | " | | ४ | ४ | २ | ३ | |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष २०७५/०७६ | उपलब्धि | | | | | योजना अवधिका उपलब्धि | पुष्ट्याइँको स्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान | प्रससं संकेत | दीराल संकेत | दीविल संकेत | कृविरसं | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | | | | | | | | |
| **प्रतिफल ३.२** | गुणस्तर प्रमाणीकरणका लागि एकृडीटेटेड प्रयोगशालाको स्थापना, ब्रान्डिङ्ग र ट्रेड मार्क लिन सरकारी सहयोग हुने | गुणस्तर प्रमाणीकरण प्रयोगशालाको संख्या | संख्या | | | १ | १ | १ | १ | १ | | " | | ४ | ४ | २ | २ | |
| | | कृषि उपजको गुणस्तर प्रमाणिकरणमा सहयोग प्रदान | पटक | | | ५२ | ५२ | ५२ | ५२ | २०८ | | " | | ४ | ४ | २ | २ | |
| **प्रतिफल ३.३** | कृषिमा युवालाई आकर्षित गर्ने विशेष कार्यक्रम सञ्चालन भएको हुने | सिक र गर (Learn and Do) कार्यक्रममा संलग्न युवा कृषकको संख्या | संख्या | | ३० | १२० | १५० | १५० | १५० | ६०० | प्रगति प्रतिवेदन | भुव्यकृ सम/ निजीक्षेत्र | | ६ | ४ | ८ | ३ | |
| **प्रतिफल ३.४** | कृषक पर्यटन व्यवसायी बीच कृषि उपज खरिदको लागि करार सम्झौता भएको हुने | कृषक र व्यवसायीविच करार सम्झौता सम्पन्न | संख्या | | | १ | | | | १ | भूकृसमको प्रतिवेदन | भूकृसम | | ३ | ४ | २ | ३ | |
| **असर ४** | कृषि अभ्यास वातावरणमैत्री भएको हुने | माटोमा कार्वनको मात्रा बढ्ने | संख्या | | | | | | | | | " | | ३ | २ | २ | ३ | |
| | | व्यावसायिक अर्गानिक खेती गर्ने कृषक संख्यामा बृद्धि | संख्या | | ३०० | १५० | १५० | १५० | १०० | ८५० | | " | | | | | | |
| **प्रतिफल ४.१** | प्राङ्गारिक खेतीबाट उत्पादित वस्तुको बजारीकरण भएको हुने | प्राङ्गारिक उत्पादन मिसन कार्यक्रमको संख्या | संख्या | | ३० | १५ | १५ | १५ | १० | ८५ | प्रगति प्रतिवेदन | " | | ३ | ४ | २ | १ | |
| | | ब्रान्डिङ्ग गरिएका प्राङ्गारिक वस्तुको संख्या | संख्या | | | | | | | | प्रगति प्रतिवेदन | " | | ३ | ४ | २ | १ | |
| | | प्राङ्गारिक वस्तुले ओगटेको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारको संख्या | संख्या | | | | | | | | प्रगति प्रतिवेदन | " | | ३ | ४ | २ | १ | |
| **प्रतिफल ४.२** | माटोमा कार्बनको मात्रा बृद्धि भएको हुने | बायोचार उत्पादन सम्भाव्यता अध्ययन | १ | | १ | | | | | १ | " | प्रनियोआ | | ३ | ४ | २ | १ | |
| | | माटोमा न्यून कार्बन वृद्धि गर्न बयोचारको उत्पादन (उद्योग) | संख्या | | | १ | १ | १ | १ | ४ | प्रगति प्रतिवेदन | भूकृसम | | ३ | ४ | २ | १ | |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष २०७५/०७६ | उपलब्धि २०७६/७७ | उपलब्धि २०७७/७८ | उपलब्धि २०७८/७९ | उपलब्धि २०७९/८० | उपलब्धि २०८०/८१ | योजना अवधिका उपलब्धि | पुष्ट्याइँको स्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान | प्रसं संकेत | दीराल संकेत | दीविल संकेत | कृविरसं | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | कृषि क्षेत्रबाट हरित ग्याँस उत्सर्जन ($CO_2$) Gg | Gg | २३,०१४ | | | | | २९,०६३ | २९,०६३ | प्रगति प्रतिवेदन | उपववाम | | ३ | ४ | २ | १ | |
| प्रतिफल ४.३ | "मुख्यमन्त्री वातावरणमैत्री नमुना कृषि गाउँ" को क्षेत्र विस्तार भएको हुने | वातावरण मैत्री कृषि कार्यक्रमको अध्ययन | संख्या | | १ | | | | | १ | " | प्रनियोआ | | ३ | ४ | २ | १ | |
| | | मुख्यमन्त्री वातावरण मैत्री नमुना कृषि गाउँ कार्यक्रमको सञ्चालन भएका गाउँ | संख्या | ३६ | ७२ | ८५ | ८५ | ८५ | ८५ | ८५ | प्रगति प्रतिवेदन | भूकृसम | | ३ | ४ | २ | १ | |
| | | "मुख्यमन्त्री वातावरणमैत्री नमुना कृषि गाउँ" आवद्ध स्वरोजगारको संख्या | संख्या | १८०० | ३७०० | ४२५० | ४२५० | ४२५० | ४२५० | ४२५० | " | भूकृसम सम्बन्धित स्थानीय तह | | ३ | ४ | २ | २ | |
| | | "मुख्यमन्त्री वातावरणमैत्री नमुना कृषि गाउँ" कार्यक्रमले समेटेको कृषि वस्तु (तरकारी, फलफूल) | मेट्रिक टन | ० | ३ ००० | ५ ००० | ६ ००० | ६ ००० | ६००० | २६,००० | " | भूकृसम सम्बन्धित स्थानीय तह | | ३ | ४ | २ | १ | |
| प्रतिफल ४.४ | घरघरमा प्राङ्गारिक मल उत्पादन तथा उपयोग कार्यक्रम सञ्चालन भएको हुने | गुणस्तरीय प्राङ्गारिक मल उत्पादन र प्रयोग गर्ने घरपरिवारको संख्या | संख्या | ० | ८२ | १०० | १०० | १०० | १०० | ४८२ | " | भूकृसम सम्बन्धित स्थानीय तह | | ३ | ४ | २ | १ | |
| | | प्राङ्गारिक मल उत्पादन गर्ने वस्तुहरूको उत्पादन तथा स्तर उन्नति भएका प्रयोगशालाको संख्या | संख्या | ० | ० | | १ | | | १ | " | भूकृसम | | ३ | ४ | २ | १ | |
| प्रतिफल ४.५ | प्राङ्गारिक मल र बायोचार उत्पादन गर्ने उद्योग र भण्डारण केन्द्रको स्थापना भएको हुने | प्राङ्गारिक मल उत्पादनका लागि सहयोग प्राप्त उद्योगको संख्या | संख्या | १ | ० | १ | १ | १ | १ | ५ | " | भूकृसम/ उपववाम | | ३ | ४ | २ | १ | |
| | | बायोचार उत्पादनका लागि सहयोग प्राप्त उद्योगको संख्या | संख्या | | ० | | १ | १ | १ | ४ | " | भूकृसम | | ३ | ४ | २ | १ | |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष २०७५/०७६ | उपलब्धि | | | | | योजना अवधिका उपलब्धि | पुष्ट्याइँको स्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान | प्रसां संकेत | दीराल संकेत | दीविल संकेत | कृविरसं | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | | | | | | | | |
| **असर ५** | कृषि र पर्यटनको सहकार्यले गरिबी न्यूनीकरणमा सहयोग पुगेको हुने | पर्यटन व्यावसायीलाई कृषि उपज बिक्री गर्ने गरिब हरूको आम्दानीमा बृद्धि | प्रतिशत | | | | | | | | " | | | ३ | ४ | २ | १ | |
| **प्रतिफल ५.१** | कृषि पर्यटन प्रवर्द्धन भएको हुने | प्राङ्गारिक कृषि तथा फर्माकल्चर सहितको होमस्टेको संख्या | संख्या | २८ | | ३० | ३० | ३० | ३० | १४८ | " | भूकृसम | | ३ | ४ | २ | १ | |
| | | तीनओटा ठुला नमुना कृषि बगैंचा (एग्रीटेक्नो पार्क) नमुनाको रुपमा निर्माणको लागि सम्भाव्यता अध्ययन र निर्माणमा सहयोग | संख्या | | | सम्भाव्यता अध्ययन | १ | १ | १ | ३ | " | भूकृसम | | ३ | ४ | २ | १ | |
| **प्रतिफल ५.२** | कृषक र होटल तथा पर्यटन व्यवसायीबीच करार सम्झौता गरी उत्पादन तथा बजारीकरण गर्ने व्यवस्था भएको हुने | करार सम्झौता भएका कृषक, फार्म संख्या | संख्या | ० | ३० | १०० | १०० | १३५ | १३५ | ५०० | " | भूकृसम | | ३ | ४ | २ | ३ | |
| | | करार सम्झौता भएका होटल व्यवसायी तथा अन्य व्यवसायीको संख्या | संख्या | ० | ६ | २० | २० | २७ | २७ | १०० | " | भूकृसम | | ३ | ४ | २ | ३ | |
| **लगानीः जनशक्ति, कृषि उपकरण, मल, बिउ, सिंचाइ, भूमि, तालिम, वार्षिक कार्यक्रम र बजेट** | | | | | | | | | | | | | | | | | | |

## ४.२ पशुपंक्षी तथा मत्स्य विकास

### ४.२.१ पृष्ठभूमि

कुल कृषि ग्राहस्थ्य उत्पादनमा एक चौथाई भन्दा बढी योगदान दिने पशुपंक्षी क्षेत्रमा साना तथा मझौला किसानहरूको बाहुल्यता रहेको छ । मूलतः निर्वाहमुखी पशुपंक्षीपालन भएको र उन्नत प्रविधि तथा उत्पादन सामाग्रीहरूको यथोचित उपलब्धता नभएकाले गण्डकी प्रदेशमा पशुपंक्षी विकासतर्फ आशातित उपलब्धि हुन सकेको छैन । साथै वित्तीय पहुँच सर्वसुलभ नहुनु, बजार पूर्वाधारको विकास नहुनु, मूल्य श्रृंखलामा कार्यगत समन्वय हुन नसक्नु जस्ता कारणहरू पनि अवरोधका रुपमा रहेका छन् । आम उपभोक्ताहरूको क्रयशक्तिमा आएको बृद्धि र गण्डकी प्रदेशमा प्रवर्द्धन हुँदै गरेको पर्यटन व्यवसायले पशुपंक्षीजन्य उत्पादनहरूको बढ्दो माग पूर्तिका लागि यस क्षेत्रको उत्पादन तथा उत्पादकत्व बृद्धि गर्न जरुरी छ ।

### ४.२.२ प्रमुख समस्या

पशुपालन पेशालाई सम्मानित पेशा र लगानी मैत्री बनाउन नसक्दा युवा वर्ग पशुपालन पेशामा आकर्षित नभई विदेश पलायन हुनु, प्राविधिक ज्ञानको कमीले गर्दा यस क्षेत्रमा ठूला तथा निजी क्षेत्रको लगानी कम हुनु, स्थानीय पशुपंक्षीको उत्पादकत्व कम हुनु तथा उन्नत नश्लका पशुपंक्षीको स्रोत केन्द्रहरू नहुनु, कृषकले उत्पादन लागत अनुसारको मूल्य नपाउनु र बजारीकरणमा बीचौलियाहरू हावी हुनु, नयाँ नयाँ तथा पटक पटक देखिने जुनोटिक एवम् महामारीजन्य रोगहरूको प्रकोप देखिनु, प्रविधिको प्रसार, बीमा, सुलभ ऋण जस्ता सेवामा कृषकहरूको पहुँच नपुग्नु, जलवायु परिवर्तनले पारेको नकारात्मक प्रभाव, पशुपंक्षीजन्य उत्पादनलाई मूल्य श्रृङ्खलासँग जोड्न नसक्दा बजारीकरणमा समस्या देखिनु यस क्षेत्रका प्रमुख समस्या रहेका छन् ।

### ४.२.३ चुनौती र अवसर

**चुनौती**

गुणस्तरीय उत्पादन सामाग्री, दाना, घाँस र औषधी लगायतका सामग्रीको समयानुकुल आपूर्ति बढाउनु, वर्षेनी युवा जनशक्तिको विदेश पलायनले गर्दा श्रम अभावलाई सम्वोधन गर्नु, बर्डफ्लू, स्वाईन फ्लू जस्ता जुनोटिक रोगहरूको प्रकोप नियन्त्रण गर्नु, प्रसार सेवामा कृषकहरूको पहुँचमा वृद्धि गर्नु, कृषि बीमा व्यवस्थालाई प्रभावकारी वनाउनु, सार्वजनिक र सहकारी क्षेत्रको लगानी बृद्धि गर्नु, कृषि ऋणको सहज उपलब्धता सुनिश्चित गर्नु, कृषि पेशालाई प्रतिस्पर्धी, नाफामूलक, सम्मानजनक र व्यावसायिक रूपमा स्थापित गर्नु यस क्षेत्रका चुनौतीहरू हुन् ।

**अवसर**

प्रदेशको भौगोलिक तथा जैविक विविधताले उपलब्ध गराएका विभिन्न सम्भाव्यताहरू हुनु, कृषि विकासको मार्गदर्शनका रूपमा रहेको नेपालको कृषि विकास रणनीति-२०७२ कार्यान्वयन हुनु, निजी क्षेत्र यसतर्फ आकर्षित हुँदै जानु, विदेशबाट फर्किएका युवाहरू सीप, ज्ञान, पुँजी र उन्नत प्रविधिसहित पशुपंक्षी क्षेत्रमा आकर्षित हुँदै जानु, माछा–मासु तथा दुग्धजन्य वस्तुहरूको उपभोग बृद्धि हुँदै जानु र सुलभ ऋण, पशुपंक्षी बीमा, नयाँ प्रविधिहरूको उपयोग बढ्दै जानु, पर्यटन अभिवृद्धिसँगै पशुजन्य उपजहरूको उपभोग बढ्नु यस क्षेत्रका अवसरहरू हुन् ।

### ४.२.४ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

**सोच**

पशुपंक्षी तथा मत्स्य क्षेत्रको विकास मार्फत् समृद्ध प्रदेश निर्माणमा सहयोग गर्ने ।

**लक्ष्य**

स्वच्छ एवम् गुणस्तरीय पशुपंक्षी तथा मत्स्यजन्य उत्पादनमा गण्डकी प्रदेशलाई आत्मनिर्भर बनाई खाद्य तथा पोषण सुरक्षणमा सहयोग गर्ने ।

**उद्देश्य**

१. प्रदेशलाई पशुपंक्षीजन्य तथा मत्स्यजन्य उत्पादनमा आत्मनिर्भर बनाई निर्यात प्रवर्द्धन तथा आयात प्रतिस्थापन गर्नु ।
२. पशुपंक्षी तथा मत्स्यपालन व्यवसायलाई प्रविधियुक्त, परिणाममुखी, व्यावसायिक र प्रतिस्पर्धी बनाउनु ।
३. पशुपंक्षी तथा मत्स्यपालनलाई महिला, युवा तथा सबै वर्गको स्वरोजगारको माध्यमका रूपमा विकसित गर्दै आयआर्जनको दिगो स्रोतको रूपमा विकास गर्नु ।
४. पशुपंक्षी, माछा र पशुपंक्षीजन्य तथा मत्स्यजन्य पदार्थवाट मानव स्वास्थ्यमा पर्न सक्ने नकारात्मक असर न्यूनीकरण गर्नु ।

### ४.२.५ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १: प्रदेशलाई पशुपंक्षीजन्य तथा मत्स्यजन्य उत्पादनमा आत्मनिर्भर बनाई निर्यात प्रवर्द्धन तथा आयात प्रतिस्थापन गर्नु ।** | |
| १.१ पशुपंक्षीजन्य तथा मत्स्यजन्य खाद्य वस्तुको उत्पादन र उत्पादकत्वमा बृद्धि गरी यी पदार्थमा प्रदेशलाई आत्मनिर्भर बनाउने । | १.१.१ पशुपंक्षी तथा मत्स्यपालनसम्बन्धी प्रादेशकि नीति बनाई कार्यान्वयन गरिनेछ<br>१.१.२ एक पालिका एक पशुपंक्षी/मत्स्य उत्पादनमा जोड दिईनेछ ।<br>१.१.३ एक जिल्ला एक घाँसेवाली स्रोत केन्द्र स्थापनालाई प्राथमिकता दिइनेछ।<br>१.१.४ पशुपंक्षीको नश्ल सुधार, पौष्टिक दाना आहाराको व्यवस्था, र पशुपंक्षी स्वास्थ्य सेवा एकीकृत् रूपमा विज्ञ केन्द्र मार्फत् प्रदान गरिनेछ ।<br>१.१.५ निजी क्षेत्रलाई पशुदाना उत्पादन गर्ने कारखाना खोल्न प्रोत्साहन गरिनेछ।<br>१.१.६ पाडापाडी तथा बाच्छाबाच्छी हुर्काउने कार्यक्रम सञ्चालन गरिनेछ । |
| १.२ पशुपंक्षीजन्य तथा मत्स्यजन्य उत्पादनमा वृद्धिगरि व्यावसायीकरण र विविधीकरणको माध्यमबाट निर्यात प्रवर्द्धन गर्ने । | १.२.१ दूध, मासु, पश्मिना, माछा जस्ता उच्च मूल्यका निर्यातमूलक पशुपंक्षीजन्य पदार्थ पहिचान गरी मूल्य श्रृङ्खलामा आधारित उद्योग प्रवर्द्धन गरिनेछ ।<br>१.२.२ पशुपंक्षी तथा मत्स्यजन्य उत्पादन देखि बजारीकरणसम्मको मूल्य श्रृङ्खलाका हरेक विन्दुहरूमा पशु कल्याणका आधारभूत अवधारणा अवलम्बन गरिनेछ ।<br>१.२.३ सम्भावित पशुजन्य उत्पादनहरूको पहिचान एवम् उत्पादन बृद्धि गरी उक्त उत्पादनको ब्रान्ड प्रवर्द्धन गर्दै प्रदेश, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा बजारीकरणका लागि सहजीकरण गरिनेछ । |
| **उद्देश्य २: पशुपंक्षी तथा मत्स्यपालन व्यवसायलाई प्रविधियुक्त, परिणाममुखी, व्यावसायिक र प्रतिस्पर्धी बनाउनु ।** | |
| २.१ पशुपंक्षीको उत्पादन र उत्पादकत्व बृद्धि गर्न एकीकृत् रूपमा अध्ययन अनुसन्धानमा आधारित प्रविधि, प्राविधिक, वित्तीय तथा अन्य सेवा उपलब्ध गराउने तथा यान्त्रीकीकरणमा जोड दिने । | २.१.१ प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना र मुख्यमन्त्री वातावरण मैत्री नमुना कृषि गाउँ कार्यक्रमसँगको समन्वयमा 'विशेष उत्पादन क्षेत्र' तोकी त्यस्ता क्षेत्रमा आवश्यक पूर्वाधारको विकास गर्दै उन्नत नस्ल, पशु आहारा, पशु सेवा, पशु स्वास्थ्य, सुलभ ऋण र बीमासहितको प्राविधिक सेवाप्रदान गरिनेछ ।<br>२.१.२ चरन खर्कको वहन क्षमता (Carrying Capacity) मा अभिवृद्धि गरिने तथा हैसियत विग्रेका वन क्षेत्रको स्तरोन्नति गर्ने तथा बाँझो जग्गामा घाँस खेती गर्न सरोकारवालाहरूसँग समन्वय गरिनेछ ।<br>२.१.३ पशुपंक्षी तथा मत्स्यपालन व्यवसायलाई प्रविधियुक्त र प्रतिस्पर्धी बनाउनको लागि अनुसन्धान र विकासको पाटोमा जोड दिई नार्क, नाष्ट, विश्वविद्यालय र प्रदेश मन्त्रालय बीच समन्वय गरी उन्नत प्रविधिको विकास,प्रसार तथा प्रयोग गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | २.१.४ जैविक विविधताको संरक्षण, संवर्द्धन तथा सदुपयोग गर्दै जलवायु परिवर्तनका असर न्यूनीकरण र अनुकूलनका लागि अनुसन्धानमा आधारित जलवायु मैत्री (Climate Smart) प्रविधिको विकास र विस्तार गरिनेछ ।<br>२.१.५ स्थानीय नश्लका पशुपंक्षीहरूको अनुसन्धानमा आधारित नश्ल सुधार कार्यक्रम कार्यान्वयन गरी उत्पादन र उत्पादकत्व अभिवृद्धि गरिनेछ ।<br>२.१.६ पशुपंक्षी तथा मत्स्यजन्य उत्पादन साम्रगी तथा उत्पादनको गुणस्तर नियमन गर्न आवश्यक कार्यविधि, निर्देशिका, मापदण्ड र प्रयोगशाला स्थापना गरी नियमन गरिनेछ । |
| २.२ पशुपंक्षीजन्य उत्पादनको मूल्य श्रृङ्खला सुधार, बजार संरचना, सूचना प्रणाली र अन्य पूर्वाधारको विकास तथा सुधार गर्ने । | २.२.१ निजी तथा सहकारी क्षेत्रको संलग्नता बढाउँदै करार सम्झौतामा आधारित पशुपालन व्यवसायलाई प्राथमिकता दिई मूल्य श्रृङ्खला पद्धति अनुसार उत्पादनदेखि बजारीकरणसम्मका कार्यक्रमहरू एकीकृत् रूपमा सञ्चालन गरिनेछ ।<br>२.२.२ सञ्चालनमा रहेका सरकारी पशुपंक्षी तथा मत्स्य फार्म थप गर्ने तथा चुस्त प्रविधियुक्त व्यवस्थापन सहित स्तरोन्नति गर्दै लगिने छ, साथै पशुपंक्षीको जात विशेष नमुना उत्पादन, तालिम, प्रशोधन र प्रदर्शन स्रोत केन्द्रहरूको विकास गरिनेछ ।<br>२.२.३ मानव संसाधन तथा क्षमता अभिवृद्धि विकास कार्यक्रम प्राथमिकता साथ अवलम्बन गरिनेछ ।<br>२.२.४ छाडा तथा अनुत्पादक पशुका हकमा गौशाला स्थापना गर्न सरोकारवाला संघसंस्था तथा स्थानीय तहसँग समन्वय तथा सहकार्य गरिनेछ । |
| **उद्देश्य ३: पशुपंक्षी तथा मत्स्यपालनलाई महिला, युवा तथा सबै वर्गको स्वरोजगारको माध्यमका रूपमा विकसित गर्दै आयआर्जनको दिगो स्रोतको रूपमा विकास गर्नु ।** | |
| ३.१ पशुपंक्षी तथा मत्स्यपालन क्षेत्रमा निजी, सहकारी तथा सरकारी क्षेत्रको लगानी अभिवृद्धि गर्ने । | ३.१.१ पशुपंक्षी तथा मत्स्यपालन क्षेत्रमा निजी, सहकारी तथा सरकारी क्षेत्रको लगानी अभिवृद्धि गर्ने नीति तथा कार्यक्रम लागू गरिनेछ ।<br>३.१.२ पशुपंक्षी तथा मत्स्यपालन क्षेत्रको विकासको लागि उन्नत वैदेशिक प्रविधि तथा प्रत्यक्ष वैदेशिक लगानी भित्राउने आवश्यक नीति अपनाईनेछ ।<br>३.१.३ स्थानीय तहसँग पशुपंक्षी तथा मत्स्यपालन क्षेत्रको विकासको लागि उचित बजेट विनियोजन गर्नको लागि सहकार्य एवम् समन्वय गरिनेछ । |
| ३.२ पशुपंक्षी तथा मत्स्यपालनलाई महिला, युवा तथा सबै आर्थिक, भौगोलिक र सामाजिक वर्गको स्वरोजगारको रुपमा विकास गर्न विशेष कार्यक्रमहरू सञ्चालन गर्ने । | ३.२.१ **"प्रदेश सरकारको आह्वान, व्यावसायिक पशुपालनमा युवा कृषकहरूको योगदान"** नाराकोसाथ युवाहरूलाई विदेश जानबाट रोक्ने तथा पशुपालनमा आकर्षण गर्ने विशेष कार्यक्रमको व्यवस्था गरिनेछ ।<br>३.२.२ पशुपंक्षी पालनमा बढ्दो युवा तथा महिला सहभागितालाई दृष्टिगत गर्दै साना तथा व्यावसायिक युवा तथा महिलामुखी तालिम तथा स्वरोजगारमूलक कार्यक्रम सञ्चालनमा ल्याइनेछ । |
| **उद्देश्य ४: पशुपंक्षी, माछा र पशुपंक्षीजन्य तथा मत्स्यजन्य पदार्थवाट मानव स्वास्थ्यमा पर्न सक्ने नकारात्मक असर न्यूनीकरण गर्नु ।** | |
| ४.१ पशुपंक्षी तथा मत्स्यजन्य वस्तुहरूबाट जनस्वास्थ्यमा पर्ने नकारात्मक असरको न्यूनीकरण गर्ने । | ४.१.१ जुनोटिक तथा महामारीजन्य रोगहरूको नियन्त्रण तथा रोकथामको लागि सरोकारवालाहरूको समन्वयमा **"एकीकृत् स्वास्थ्य"** नीति अवलम्बन गरिनेछ ।<br>४.१.२ जुनोटिक रोगहरूको रोकथाम तथा नियन्त्रणलाई प्रभावकारी बनाउन व्यापक जनचेतना अभिवृद्धिका लागि स्थानीय तहको साझेदारीमा प्रत्येक पालिकाका पशुपंक्षी तथा मत्स्यतर्फ कार्यरत प्राविधिकहरूको क्षमता अभिवृद्धि गरिनेछ ।<br>४.१.३ पूर्वमा मुग्लिंग र पश्चिममा राम्दीमा पशुपंक्षी गुणस्तर नियमन चेकपोष्ट स्थापना गरिनेछ ।<br>४.१.४ पशुपंक्षीका विद्यमान महामारीजन्य रोगहरू विरुद्ध वृहत् खोप कार्यक्रम सञ्चालन गरिनेछ ।<br>४.१.५ महामारीजन्य जुनोटिक रोगको रोकथाम तथा बचावटका लागि उपायहरूको प्रभावकारी कार्यान्वयन गरिनेछ । |
| ४.२ स्वस्थ पशुपंक्षी तथा मत्स्यजन्य खाद्यवस्तुहरू उपभोक्तासम्म पुऱ्याउने आवश्यक नीति बनाई स्थानीय तहसम्म लागू गर्ने । | ४.२.१ स्वच्छतालाई कायम राख्न **"बधशालादेखि भान्छासम्म स्वच्छ र स्वस्थ मासु" तथा "गोठदेखि ओठसम्म स्वच्छ र स्वस्थ दूध"** कार्यक्रमलाई अभियानका रूपमा सञ्चालन गरिनेछ ।<br>४.२.२ पशुपंक्षी तथा मत्स्यजन्य रोगहरूको रोकथाम, उपचार तथा फिड सीपलमेन्टको रुपमा प्रयोग गरिने औषधीलाई नियमन तथा व्यवस्थित गरिनेछ ।<br>४.२.३ पशुपंक्षी उत्पादन सामग्री तथा उत्पादनको गुणस्तर नियमन गर्न आवश्यक कार्यविधि, निर्देशिका र मापदण्ड तयार गरी कार्यान्वयन गरिनेछ । |

### ४.२.६ कार्यक्रमका प्राथमिकता

१. दूध अण्डा र मासुमा आत्मनिर्भर हुने ।

२. व्यावसायिक पशुपालन फार्मको विस्तार गर्ने ।

### ४.२.७ विस्तृत कार्यक्रम

| क्र.सं. | उद्देश्य नं. | रणनीति नं. | कार्यनीति नं. | संकेत | कार्यक्रम | ईकाई | आधार वर्ष २०७५/७६ | लक्ष्य २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | योजना अवधिको जम्मा लक्ष्य | जिम्मेवार निकायहरू |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | १ | १.१ | १.१.१ | ग | पशुपंक्षी विकास तथा स्वास्थ्य सम्बन्धी नीति, रणनीति, ऐन नियम, निर्देशिका, कार्यविधि, रोडम्याप तयार गर्ने | संख्या | १५ | ५ | ५ | ५ | ३ | ३ | ३६ | भूकृसमर संकृम |
| २ | | | १.१.२ | क | जात विशेष अनुसार पशुपंक्षी स्रोत केन्द्र स्थापना गर्ने | संख्या | | | १४ | १४ | १४ | १४ | ५६ | भूकृसम |
| ३ | | | | ख | दूध उत्पादन पकेट विकास तथा फलोअप (पालिका/कार्यक्रम क्षेत्र) | संख्या | | ७ | १४ | २८ | ३५ | ५० | ५० | भूकृसम र स्थानीय तह |
| ४ | | | | ख | मासु उत्पादन (बाखा) पकेट विकास तथा फलोअप (पालिका/कार्यक्रम क्षेत्र) | संख्या | | ७ | १४ | २८ | ४२ | ५० | ५० | " |
| ५ | | | | ख | मासु उत्पादन (बंगुर) पकेट विकास तथा फलोअप (पालिका/कार्यक्रम क्षेत्र) | संख्या | | ७ | १४ | १४ | १४ | १४ | १४ | " |
| ६ | | | | ख | माछा पकेट विकास तथा फलोअप (पालिका/कार्यक्रम क्षेत्र) | संख्या | | ७ | १४ | २८ | ४२ | ५० | ५० | " |
| ७ | | | | ख | स्थानीय कुखुरा पकेट विकास तथा फलोअप (पालिका/कार्यक्रम क्षेत्र) | संख्या | | ३ | ७ | ९ | १८ | २० | २० | " |
| ८ | | | १.१.३ | क | घाँसेवाली स्रोत केन्द्र स्थापना | संख्या | | | ३ | ३ | ३ | २ | ११ | भूकृसम |
| ९ | | | | क | डाले घाँस नर्सरी स्थापना | संख्या | | | ३ | ३ | ३ | २ | ११ | " |
| १० | | | १.१.४ | ग | कृत्रिम गर्भाधान सेवा (हजारमा) | संख्या | ६५ | ७० | ७५ | ८० | ९० | १०० | ४८० | " |
| ११ | | | | क | मिनरल ब्लक उत्पादन तथा उपयोग | मे.ट. | | | ४०० | ४०० | ४०० | ४०० | १६०० | " |
| १२ | | | | क | भेटेरिनरी अस्पतालमा आधारभूत प्रयोगशाला स्थापना, सुधार तथा सञ्चालन | संख्या | | ७ | ११ | ११ | ११ | ११ | ११ | " |
| १३ | | | | क | साझेदारीमा साईलोपिट निर्माण तथा साईलेज उत्पादन कार्यक्रम | संख्या | | | २ | २ | २ | ३ | ९ | " |
| १४ | | | १.१.५ | क | साझेदारीमा दाना उद्योग स्थापना | संख्या | | | १ | १ | १ | १ | ४ | " |
| १५ | | | १.१.६ | क | उन्नत नश्लका गाई भैसीं विकास (पाडी बाच्छी हुर्काउने कार्यक्रम) | संख्या | | ५०० | ३००० | ५००० | ८००० | ३३३३ | २६५०० | भूकृसम |

| क्र.सं. | उद्देश्य नं. | रणनीति नं. | कार्यनीति नं. | संकेत | कार्यक्रम | ईकाई | आधार वर्ष २०७५/७६ | लक्ष्य २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | योजना अवधिको जम्मा लक्ष्य | जिम्मेवार निकायहरू |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १६ | | १.२ | १.२.१ | क | मूल्य श्रृङ्खलामा आधारित उद्योग स्थापना तथा प्रवर्द्धन | संख्या | | | ६ | ६ | ६ | ६ | २४ | भूकृसम |
| १७ | | | | क | दुग्धजन्य पदार्थ विविधीकरणका लागि सहयोग | संख्या | | | ३ | ३ | ३ | २ | ११ | " |
| १८ | | | | क | दुग्ध चिस्यान केन्द्र स्थापना | संख्या | १० | १० | १५ | २५ | ३५ | ४५ | १४० | " |
| १९ | | | | क | दूध उत्पादक सहकारीसँगको साझेदारीमा दूध प्रशोधन केन्द्र स्थापना सहयोग | संख्या | | | ४ | ४ | ५ | ५ | १८ | " |
| २० | | | १.२.२ | क | पशु कल्याण सम्बन्धी प्रसार कार्यक्रम | संख्या | | | ११ | ११ | ११ | ११ | ४४ | " |
| २१ | | | | क | पशु कल्याण अनुगमन तथा नियमन | संख्या | | | २२ | २२ | २२ | २२ | ८८ | " |
| २२ | | | १.२.३ | क | उत्पादनमा आधारित अनुदान (सहकरी) कार्यक्रम (दूध) | प्रतिशत | | | ५ | १० | २० | ३० | ३० | " |
| २३ | | | | क | उत्पादनमा आधारित अनुदान कार्यक्रम (मासु) | प्रतिशत | | | १ | २ | ४ | ६ | १३ | " |
| २४ | २ | २.१ | २.१.१ | क ख | पशुपंक्षीमा एकीकृत् सेवा (पशु स्वास्थ्य, नश्ल सुधार, पशुआहरा, प्रवाह (कार्यनीति १.१.४ ले समेट्ने) | | | | | | | | | भूकृसम र स्थानीय तह |
| २५ | | | | ग | पशुपालन व्यवसाय प्रवर्द्धवनका लागि बीमा र सहुलियत ऋण सेवा | संख्या | ३६ | ७२ | ८५ | ८५ | ८५ | ८५ | ८५ | |
| २६ | | | २.१.२ | क | चरन खर्क सुधार | हेक्टर | | | २५ | २५ | २५ | २५ | १०० | भूकृसम |
| २७ | | | २.१.३ | क | अनुसन्धानमा आधारित पशुपंक्षी विकास कार्यक्रम | संख्या | | १ | १ | १ | १ | १ | ५ | " |
| २८ | | | | क | यान्त्रिकीकरण सहयोग कार्यक्रम(मागमा आधारित) | संख्या | | | ७० | ७० | ७० | ७० | २८० | " |
| २९ | | | २.१.४ | क | पशुपंक्षी आनुवंशिक स्रोत संरक्षण तथा प्रवर्द्धन गर्दै समन्वयात्मक रुपमा ग्रामीण पर्यटन विकास सहयोग(गाई, भैंसी, बाखा, कुखुरा) | संख्या | | | २१ | २१ | २१ | २१ | ८४ | " |
| ३० | | | | क | जलवायु अनुकूलन प्रविधिको विकासका लागि अध्ययन | संख्या | | | १ | | | | १ | |
| ३१ | | | | ख | घुम्ती गोठ संरक्षण कार्यक्रम | संख्या | | | ७ | ७ | ७ | ७ | २८ | भूकृसम र स्थानीय तह |
| ३२ | | | २.१.५ | क | अनुसन्धानमा आधारित लिमे र पारकोटे भैंसी संरक्षण | संख्या | | | ३ | ३ | ३ | ३ | १२ | भूकृसम |
| ३३ | | | २.१.६ | क | गुणस्तर नियमन प्रयोगशाला स्थापना | संख्या | | | १ | | | | १ | " |
| ३४ | | | | क | पशु स्वास्थ्य सेवा नियमन कार्यक्रम | संख्या | | | ११ | ११ | ११ | ११ | ११ | " |
| ३५ | | | | क | पशुजन्न पदार्थमा एन्टिबायोटिक रेसिड्यू परीक्षण | पटक | | | ७ | ७ | ७ | ७ | २८ | " |
| ३६ | | २.२ | २.२.१ | क | बाखा संकलन केन्द्र स्थापना (वजारीकरण) | संख्या | | | १४ | १४ | १४ | १४ | ५६ | भूकृसम |
| ३७ | | | | क | सहकारी खेती (पशुपालन कार्यक्रम कुखुरा/वंगुर/गाई/भैंसी/भेडाबाखा) | संख्या | | | १४ | १४ | १४ | १५ | ५६ | " |

| क्र.सं. | उद्देश्य नं. | रणनीति नं. | कार्यनीति नं. | संकेत | कार्यक्रम | ईकाई | आधार वर्ष २०७५/७६ | लक्ष्य २०७६/७७ | लक्ष्य २०७७/७८ | लक्ष्य २०७८/७९ | लक्ष्य २०७९/८० | लक्ष्य २०८०/८१ | योजना अवधिको जम्मा लक्ष्य | जिम्मेवार निकायहरू |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ३८ | | | २.२.२ | ग | सार्वजनिक निजी साझेदारीमा गण्डकी गाई फार्म स्थापना तथा सञ्चालन | संख्या | | | | १ | | | १ | भूकृसम |
| ३९ | | | २.२.३ | क | कृषक र उद्यमी क्षमता अभिवृद्धि कार्यक्रम | जवान | ३८० | ३०० | ३०० | ३५० | ४०० | ४०० | २१३० | " |
| ४० | | | | ख | प्राविधिक जनशक्तिहरूको क्षमता अभिवृद्धि | पटक | ६ | ७ | ८ | ८ | ८ | ८ | ४५ | भूकृसम र स्थानीय तह |
| ४१ | | | २.२.४ | ख | साझेदारीमा छाडा पशु व्यवस्थापन सहयोग | संख्या | | ३ | १ | १ | १ | १ | ७ | भूकृसम र स्थानीय तह |
| ४२ | २ | ३.१ | ३.१.१ | ख | कार्यनीति नं. १.१.५, २.२.१, २.२.२ र ३.२.१ मा उल्लेखित कार्यक्रमहरूले समेट्ने | संख्या | | | | | | | | |
| ४३ | ३ | ४.१ | ३.१.२ | ग | संघीय नीतिको अधीनमा रही वैदेशिक प्रविधि एवम् लगानी अभिवृद्धि गर्ने नीति निर्माण | संख्या | | | १ | | | | १ | |
| ४४ | | ४.१ | ३.१.३ | ख | स्थानीय तहसँग समन्वय/मिटिंग, गोष्ठी | पटक | | | २२ | २२ | २२ | २२ | ८८ | भूकृसम |
| ४५ | | ३.२ | ३.२.१ | क | युवा लक्षित स्वरोजगार कार्यक्रम | संख्या | | | ३५ | ३५ | ३५ | ३५ | १४० | " |
| ४६ | | | | क | पशुपंक्षी मोडल फर्म स्थापना | संख्या | ४७० | १५० | ३०० | ३५० | ४०० | ४०० | २०७० | " |
| ४७ | | | ३.२.२ | क | कार्यनीति नं. २.२.३ र ३.२.१ मा उल्लेखित कार्यक्रमले समेट्ने | | | | | | | | | |
| ४८ | ४ | ४.१ | ४.१.१ | ग | एकीकृत् स्वास्थ्य नीति/रणनीतिको तर्जुमा | संख्या | | | १ | | | | १ | |
| ४९ | | | ४.१.२ | | कार्यनीति नं. २.२.३ मा उल्लेखित कार्यक्रमले समट्ने | | | | | | | | | |
| ५० | | | | क | जुनोटिक रोग सम्बन्धी जनचेतना कार्यक्रम | प्याकेज | | | १ | १ | १ | १ | ४ | |
| ५१ | | | | क | किसानसँग विज्ञ कार्यक्रम (अडियो, भिडीयो डकुमेन्ट्री तयारी र प्रसारण) पालिका | संख्या | | तयारी | ३० | २५ | १५ | १५ | ८५ | भूकृसम |
| ५२ | | | | ग | कृषक प्रमाण पत्र (नीति बनाई कार्यन्वयन गर्ने) वितरण | संख्या | | | १० | १० | २० | १० | ५० | " |
| ५३ | | | ४.१.३ | क | पशुपंक्षी गुणस्तर नियमन चेकपोष्ट स्थापना तथा सञ्चालन | संख्या | २ | २ | २ | २ | २ | २ | २ | " |
| ५४ | | | ४.१.४ | ख | पशुमा खोप कार्यक्रम (पालिका) | संख्या | | | ७ | २८ | ४९ | ८५ | ८५ | भूकृसम र स्थानीय तह |
| ५५ | | | | क | खोप बैंक स्थापना | संख्या | | | १ | | | | १ | भूकृसम |
| ५६ | | | | ख | पशुपंक्षी GIS सहितको तथ्याङ्क संकलन (पालिका) | संख्या | | | ७ | २८ | ४९ | ८५ | ८५ | भूकृसम र स्थानीय तह |
| ५७ | | | ४.१.५ | क | महामारी रोगहरूको अन्वेषण तथा नियमन | संख्या | | | ११ | ११ | ११ | ११ | ११ | भूकृसम |

| क्र.सं. | उद्देश्य नं. | रणनीति नं. | कार्यनीति नं. | संकेत | कार्यक्रम | ईकाई | आधार वर्ष २०७५/७६ | लक्ष्य २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | योजना अवधिको जम्मा लक्ष्य | जिम्मेवार निकायहरू |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ५८ | | | | क | जुनोटिक रोग नियन्त्रण | संख्या | | | ११ | ११ | ११ | ११ | ११ | भूकृसम |
| ५९ | | ४.२ | ४.२.१ | क | प्रतिजैविक प्रतिरोध नियन्त्रण कार्यक्रम | संख्या | | | ११ | ११ | ११ | ११ | ११ | " |
| ६० | | | | ख | साझेदारीमा वधशाला/वधस्थल स्थापना | संख्या | | १ | २ | २ | २ | २ | ९ | भूकृसम र स्थानीय तह |
| ६१ | | | | ख | साझेदारीमा मिटमार्टहरूको स्थापना | संख्या | | | ५ | ५ | ५ | ७ | २२ | " |
| ६२ | | | | क | असल उत्पादन अभ्यास गुणस्तर स्टिकर वितरण कार्यक्रम | संख्या | | २०० | ४०० | ८०० | १२०० | १५०० | १५०० | भूकृसम |
| ६३ | | | | क | मासु तथा डेरी पसल सुधार | संख्या | ५० | ५० | २०० | ३०० | ४०० | ५०० | १५०० | " |
| ६४ | | | | क | कोल्ड रुम स्थापना | संख्या | ११ | | १० | १० | १० | १० | ५१ | " |
| ६५ | | | ४.२.२ | क | औषधी तथा जैविक पदार्थ पसल, पशुपंक्षी फार्फ, मासु पसल आदिको अनुगमन | संख्या | | | २२ | २२ | २२ | २२ | ८८ | " |
| ६६ | | | ४.२.३ | क | कार्यनीति नं. १.१.१ मा उल्लेखित कार्यक्रमले समट्ने | | | | | | | | | |
| ६७ | १,२ ३,४ | | | क | कार्यक्रम अनुगमन तथा मूल्यांकन (सबै क्षेत्रको) | संख्या | | | १०० | १०० | १०० | १०० | ४०० | भूकृसम |

### ४.२.८ नतिजा

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७५/७६ | उपलब्धि | | | | | योजना अवधिको उपलब्धि | पुष्ट्याइँको स्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान | प्रसं संकेत | दीराल संकेत | दीविल संकेत | कृविसं | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | | | | | | | | |
| **प्रभाव** | **स्वच्छ एवम् गुणस्तरीय पशुपंक्षी तथा मत्स्यजन्य उत्पादनमा गण्डकी प्रदेश आत्मनिर्भर भई खाद्य तथा पोषण सुरक्षणमा सहयोग पुगेको हुने** | **आफ्नै उत्पादन मासु, दूध, आवश्यक उपभोगको आपूर्ति** | **प्रतिशत** | १०० | १०० | १०० | १०० | ११० | १२० | १२० | **कृषि सर्वेक्षण** | **संघीय सरकार/ भूकृसम** | | ३ | ४ | २ | ३ | |
| | | **आफ्नै उत्पादन अण्डा आवश्यक उपभोगको आपूर्ति** | **प्रतिशत** | ९० | ९० | ९५ | १०० | १०० | १०० | १०० | | ” | | | | | | |
| | | **आफ्नै उत्पादन माछा आवश्यक उपभोगको आपूर्ति** | **प्रतिशत** | ३० | ३२ | ३५ | ४० | ५० | ५० | ६० | | ” | | | | | | |
| | | **मौसमी अल्पकालीन रुपमा खाद्य असुरक्षित जनसंख्या** | **प्रतिशत** | १८.८ | | | | | ८.८ | ८.८ | **कृषि सर्वेक्षण/ प्रतिवेदन** | ” | | ३ | ४ | २ | ३ | |
| **असर १** | प्रदेश पशुपंक्षीजन्य तथा मत्स्यजन्य उत्पादनमा आत्मनिर्भर भई निर्यात प्रवर्द्धन तथा आयात प्रतिस्थापन भएको हुने | मत्स्यजन्य खाद्य वस्तुको आयातमा कमी हुने | प्रतिशत | ५० | ४५ | ४० | ३५ | ३० | २५ | २५ | कृषि सर्वेक्षण | ” | | ३ | ४ | २ | १ | |
| | | पशुजन्य वस्तुको निर्यातमा वृद्धि हुने | प्रतिशत | २ | ४ | ६ | १० | १५ | २० | २० | ” | ” | | ३ | ४ | २ | १ | |
| | | दूध उपलब्धता (प्रतिव्यक्ति प्रतिवर्ष) | लि. | ११० | ११२ | ११६ | १२५ | १३५ | १५० | १५० | ” | ” | | ३ | ४ | २ | १ | |
| | | मासु उपलब्धता (प्रतिव्यक्ति प्रतिवर्ष) | के.जी. | १५ | १६ | १७ | १८ | १९ | २० | २० | ” | ” | | ३ | ४ | २ | १ | |
| | | अण्डा उपलब्धता (प्रतिव्यक्ति प्रतिवर्ष) | संख्या | ४३ | ४५ | ४८ | ५२ | ५६ | ६० | ६० | ” | ” | | ३ | ४ | २ | १ | |
| **प्रतिफल १.१** | पशुपंक्षी विकास सम्बन्धी नीति, ऐन र नियम, निर्देशिका, कार्यविधि तयार भएको हुने | पशुपंक्षी विकास सम्बन्धी तयार भएका नीति, ऐन र नियम, निर्देशिका, कार्यविधिको संख्या | संख्या | १५ | ५ | ५ | ५ | ३ | ३ | ३६ | प्रगति प्रतिवेदन | भूकृसम संकृम | | | | | | |
| **प्रतिफल १.२** | एक पालिका एक पशुपंक्षी/मत्स्य उत्पादनको व्यवस्था भएको हुने | जात विशेष अनुसार पशुपंक्षी स्रोत केन्द्रको संख्या | संख्या | १४ | | १४ | १४ | १४ | १४ | ५६ | ” | भूकृसम | | ३ | ४ | २ | ३ | |
| | | दूध उत्पादन पकेट क्षेत्रको सञ्चालन भएका स्थानीय तह | संख्या | | ७ | १४ | २८ | ३५ | ५० | ५० | ” | ” | | ३ | ४ | २ | ३ | |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७५/७६ | उपलब्धि २०७६/७७ | उपलब्धि २०७७/७८ | उपलब्धि २०७८/७९ | उपलब्धि २०७९/८० | उपलब्धि २०८०/८१ | योजना अवधिका उपलब्धि | पुष्ट्याइँको स्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान | प्रसं संकेत | दीराल संकेत | दीविल संकेत | कृविरसं | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | मासु (बाखा) उत्पादन पकेट सञ्चालन भएका स्थानीय तह | संख्या | | ७ | १४ | २८ | ४२ | ५० | ५० | प्रगति प्रतिवेदन | भूकृसम | | ३ | ४ | २ | ३ | |
| | | मासु (बंगुर) उत्पादन पकेट सञ्चालन भएका स्थानीय तह | संख्या | | ७ | १४ | १४ | १४ | १४ | १४ | " | " | | ३ | ४ | २ | ३ | |
| | | माछा पकेट सञ्चालन भएका स्थानीय तहको संख्या | संख्या | | ७ | १४ | २८ | ४२ | ५० | ५० | " | " | | ३ | ४ | २ | ३ | |
| | | स्थानीय कुखुरा पकेट सञ्चालन भएका स्थानीय तहको संख्या | संख्या | | ३ | ७ | ९ | १८ | २० | २० | " | " | | ३ | ४ | २ | ३ | |
| **प्रतिफल १.३** | एक जिल्ला एक घाँसेवाली स्रोत केन्द्राको स्थापना पाएको हुने | घाँसेवाली स्रोत केन्द्रको संख्या | संख्या | | | ३ | ३ | ३ | २ | ११ | " | " | | ३ | ४ | २ | ३ | |
| **प्रतिफल १.४** | पशुपंक्षीको नश्ल सुधार, पौष्टिक दाना आहाराको व्यवस्था, र पशुपंक्षी स्वास्थ्य सेवा एकीकृत् रूपमा विज्ञ केन्द्र मार्फत् प्रदान भएको हुने | कृत्रिम गर्भाधान भएका पशुको संख्या | संख्या | ६५००० | ७०००० | ७५००० | ८०००० | ९०००० | १००००० | ४८०००० | " | " | | ३ | ४ | २ | २ | |
| | | घाँसेवाली बीउ उत्पादन केन्द्रको संख्या | संख्या | | | ७ | ७ | ७ | ७ | २८ | " | " | | ३ | ४ | २ | ३ | |
| | | मिनरल ब्लक उत्पादन तथा उपयोग | मे.ट. | | | ४०० | ४०० | ४०० | ४०० | १६०० | " | " | | ३ | ४ | २ | ३ | |
| | | भेटेरिनरी अस्पतालमा स्थापना भएका आधारभूत प्रयोगशालाको संख्या | संख्या | | ७ | ११ | ११ | ११ | ११ | ११ | " | " | | ३ | ४ | २ | ३ | |
| | | साझेदारीमा साईलोपिट निर्माण तथा साईलेज उत्पादन संख्या | संख्या | | | २ | २ | २ | ३ | ९ | " | भूकृसम | | ३ | ४ | २ | ३ | |
| **प्रतिफल १.५** | पाडापाडी तथा बाच्छाबाच्छी हुर्काउने कार्यक्रम सञ्चालन भएको हुने | उन्नत नश्लका गाई भैंसी विकास (पाडी बाच्छी हुर्काउने) कार्यक्रम | संख्या | | ५०० | ३००० | ५००० | ८००० | १०००० | २६५०० | " | " | | ३ | ४ | २ | २ | |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७५/७६ | उपलब्धि २०७६/७७ | उपलब्धि २०७७/७८ | उपलब्धि २०७८/७९ | उपलब्धि २०७९/८० | उपलब्धि २०८०/८१ | योजना अवधिको उपलब्धि | पुष्ट्याइँको स्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान | प्रसं संकेत | दीराल संकेत | दीविल संकेत | कृविरसं | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **प्रतिफल १६** | दूध, मासु, पश्मिना, माछा जस्ता उच्च मूल्यका निर्यातमूलक पशुपंक्षीजन्य पदार्थको पहिचान भई मूल्य श्रृङ्खलामा आधारित उद्योगको प्रवर्द्धन भएको हुने | मूल्य श्रृङ्खलामा आधारित उद्योगको संख्या | संख्या | | | ६ | ६ | ६ | ६ | २४ | प्रगति प्रतिवेदन /सर्वेक्षण | भूकृसम/ उपव वाम | | ३ | ४ | २ | ३ | |
| | | दुग्धजन्य पदार्थ उत्पादन गर्ने उद्योगको संख्या | संख्या | | | ३ | ३ | ३ | २ | ११ | प्रगति प्रतिवेदन /सर्वेक्षण | भूकृसम/ उपव वाम | | ३ | ४ | २ | ३ | |
| | | दुग्ध चिस्यान केन्द्रको संख्या | संख्या | १० | १० | १५ | २५ | ३५ | ४५ | १४० | प्रगति प्रतिवेदन | भूकृसम | | ३ | ४ | २ | ४ | |
| | | सहकारीद्वारा स्थापना गरिएका दूध प्रशोधन केन्द्रको संख्या | संख्या | | | ४ | ४ | ५ | ५ | १८ | " | " | | ३ | ४ | २ | ३ | |
| **प्रतिफल १.७** | सम्भावित पशुजन्य उत्पादनहरूको पहिचान एवम् उत्पादन वृद्धि भई उक्त उत्पादनको ब्रान्ड प्रवर्द्धन गर्दै प्रदेश, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा बजारीकरणका लागि सहजीकरण भएको हुने | ब्रान्ड गरिएका पशुजन्य उत्पादनहरूको संख्या | संख्या | १ | - | - | १ | १ | १ | ४ | " | " | | ३ | ४ | २ | ३ | |
| | | पशुजन्य उत्पादनहरूको देश भित्र र बाहिरका विक्री वितरण केन्द्रको संख्या र नाम | संख्या | | | | | | | | " | " | | ३ | ४ | २ | ३ | |
| **असर २** | पशुपंक्षी तथा मत्स्यपालन व्यवसाय प्रविधियुक्त,परिणाममुखी, व्यावसायिक र प्रतिस्पर्धी बनेको हुने | पशुपंक्षी तथा मत्स्यपालनको क्षेत्रमा पूर्वाधार विकास र प्रविधिको प्रयोगमा वृद्धि हुने | प्रतिशत | १५ | २५ | ३० | ३५ | ४० | ५० | ५० | " | " | | ३ | ४ | २ | ३ | |
| | | पशुपंक्षी तथा मत्स्यपालन व्यवसायीको वृद्धि हुने | प्रतिशत | २० | २५ | ३० | ३५ | ४० | ५० | ५० | " | भूकृसम | | ३ | ४ | २ | " | |
| | | पशुपंक्षी तथा मत्स्यपालनमा सक्रिय किसान | संख्या (हजार) | ३ | ८ | १३ | १८ | २३ | २५ | २५ | " | " | | ३ | ४ | २ | " | |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७५/७६ | उपलब्धि | | | | | योजना अवधिको उपलब्धि | पुष्ट्याइँको स्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान | प्रसं संकेत | दीराल संकेत | दीविल संकेत | कृविरसं | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | | | | | | | | |
| **प्रतिफल २.१** | उन्नत नस्ल, पशु आहारा, पशु सेवा, पशु स्वास्थ्य, सुलभ ऋण र बीमासहितको प्राविधिक सेवा प्रदान भएको हुने | पशुपंक्षीमा एकीकृत् सेवा (पशु स्वास्थ्य, नश्ल सुधार, पशुआहरा, पशु बीमा, ऋण सेवा) प्रवाह भएका पालिका र कार्यक्रम क्षेत्र | संख्या | | ३६ | ३६ | ८५ | ८५ | ८५ | ८५ | प्रगति प्रतिवेदन | भूकृसम/स्थातह | | ३ | ४ | २ | १ | |
| **प्रतिफल २.२** | चरन खर्कको वहन क्षमता (Carrrying Capacity) मा अभिवृद्धि भएको हुने | चरन खर्क सुधारले समेटेको क्षेत्रफल | हेक्टर | | | २५ | २५ | २५ | २५ | १०० | कृषि सर्वेक्षण | भूकृसम/संकृम | | ३ | ४ | २ | २ | |
| **प्रतिफल २.३** | अनुसन्धानमा आधारित उन्नत प्रविधिको विकास, प्रसार तथा प्रयोग भएको हुने | अनुसन्धानमा आधारित पशुपंक्षी विकास कार्यक्रम | संख्या | | १ | १ | १ | १ | १ | ५ | प्रगति प्रतिवेदन | ” | | २ | ४ | ३ | २ | |
| | | यान्त्रीकीकरणमा सहयोग कार्यक्रम (मागमा आधारित) | संख्या | | | ७० | ७० | ७० | ७० | २८० | “ | ” | | २ | ४ | ३ | २ | |
| **प्रतिफल २.४** | अनुसन्धानमा आधारित जलवायु मैत्री (Climate Smart) प्रविधिको विकास र विस्तार भएको हुने | आनुवंशिक स्रोत संरक्षण पशुपंक्षी (गाई, भैंसी, बाखा, कुखुरा) कार्यक्रमको संख्या | संख्या | | | २१ | २१ | २१ | २१ | ८४ | ” | ” | | २ | ४ | ३ | २ | |
| | | घुम्ती गोठ संरक्षण कार्यक्रम | संख्या | | | | ७ | ७ | ७ | २१ | ” | भूकृसम/स्थातह | | २ | ४ | ३ | २ | |
| **प्रतिफल २.५** | स्थानीय नश्लका पशुपंक्षीहरूको नश्ल सुधार कार्यक्रम कार्यान्वयन भई उत्पादन र उत्पादकत्व अभिवृद्धि भएको हुने | अनुसन्धानमा आधारित लिमे र पारकोटे भैंसी संरक्षण गरेका क्षेत्र र कार्यक्रम | संख्या | | | ३ | ३ | ३ | ३ | १२ | ” | भूकृसम | | २ | ४ | ३ | २ | |
| | | संरक्षण गरेका लिमे र पारकोटे भैंसीको संख्या | संख्या | | | | | | | | ” | भूकृसम | | २ | ४ | ३ | २ | |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७५/७६ | उपलब्धि २०७६/७७ | उपलब्धि २०७७/७८ | उपलब्धि २०७८/७९ | उपलब्धि २०७९/८० | उपलब्धि २०८०/८१ | योजना अवधिका उपलब्धि | पुष्ट्याइँको स्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान | प्रसस संकेत | दीराल संकेत | दीविल संकेत | कृविरसं | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रतिफल २.६ | पशुपंक्षी तथा मत्स्यजन्य उत्पादनको गुणस्तर नियमन गर्न आवश्यक कार्यविधि, निर्देशिका, मापदण्ड र प्रयोगशाला स्थापना भई नियमन भएको हुने | गुणस्तर नियमन गर्ने प्रयोगशालाको संख्या | संख्या | | | १ | | | | १ | प्रगति प्रतिवेदन | भूकृसम | | २ | ४ | ३ | १ | |
| | | पशुजन्य पदार्थमा एन्टिबायोटिक रेसिड्यू परीक्षण गरेको समय | पटक | | | ७ | ७ | ७ | ७ | २८ | " | " | | २ | ४ | ३ | ४ | |
| | | कार्यविधि, निर्देशिका, मापदण्ड को निर्माण | पटक | | १ | | | | | १ | " | " | | २ | ४ | ३ | ४ | |
| प्रतिफल २.७ | करार सम्झौतामा आधारित पशुपालन व्यवसाय मूल्य श्रृङ्खला पद्धति अनुसार एकीकृत् रूपमा सञ्चालन भएको हुने | बाखा संकलन केन्द्रको स्थापना | संख्या | | | १४ | १४ | १४ | १४ | ५६ | " | " | | २ | ४ | ३ | ३ | |
| | | सहकारीद्वारा सञ्चालन गरेको पशुपालन कार्यक्रम (कुखुरा, बंगुर, गाईभैंसी र भेडाबाखा) को संख्या | संख्या | | | १४ | १४ | १४ | १४ | ५६ | " | " | | २ | ४ | ३ | ३ | |
| प्रतिफल २.८ | सञ्चालनमा रहेका सरकारी पशुपंक्षी तथा मत्स्य फार्म थप भएको हुने | सार्वजनिक निजी साझेदारीमा गण्डकी गाई फार्मको सञ्चालन | संख्या | | | | | १ | | १ | " | " | | २ | २ | ३ | ४ | |
| प्रतिफल २.९ | मानव संसाधन तथा क्षमता अभिवृद्धि विकास कार्यक्रमको प्राथमिकताकासाथ अवलम्बन भएको हुने | कृषक र उद्यमी क्षमता अभिवृद्धि कार्यक्रमका सहभागी संख्या | संख्या | ३८० | ३०० | ३०० | ३५० | ४०० | ४०० | २१३० | " | " | | २ | २ | ३ | ४ | |
| | | प्राविधिक जनशक्तिहरूको क्षमता अभिवृद्धि कार्यक्रमको संख्या | पटक | ६ | ७ | ८ | ८ | ८ | ८ | ४५ | " | भूकृसम र स्थानीय तह | | २ | २ | ३ | ४ | |
| प्रतिफल २.१० | छाडा तथा अनुत्पादक पशुका हकमा गौशाला स्थापना भएको हुने | साझेदारीमा छाडा पशु व्यवस्थापनको लागि बनेका गौशालाको संख्या | संख्या | | ३ | १ | १ | १ | १ | ७ | " | " | | | | | | |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७५/७६ | उपलब्धि | | | | | योजना अवधिका उपलब्धि | पुष्ट्याइँको स्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान | प्रसंस संकेत | दीराल संकेत | दीविल संकेत | कृविरसं | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | | | | | | | | |
| **असर ३** | पशुपंक्षी तथा मत्स्यपालनलाई महिला तथा युवा वर्गको स्वरोजगारमा विकसित भै आयआर्जनमा वृद्धि भएको हुने | महिला तथा युवाहरू पशुपंक्षी तथा मत्स्यपालनमा स्वरोजगार हुने | संख्या | ९००० | ९५०० | १०००० | १०५०० | ११५०० | १२००० | ५३५०० | प्रगति प्रतिवेदन | भूकृसम र स्थानीय तह | | ६ | २ | २ | ३ | |
| | | महिला तथा युवाहरूको पशुपंक्षी तथा मत्स्यपालन बाट आम्दानीमा वृद्धि हुने | रु. (हजार) | | | | | | | | कृषि तथ्याङ्क | भूकृसम/संकृम | | ६ | २ | २ | ३ | |
| **प्रतिफल ३.१** | युवाहरूलाई विदेश जानबाट रोक्न र विदेशमा सिकेको सीपको पशुपालनमा उचित प्रयोग गर्न विशेष कार्यक्रमको व्यवस्था भएको हुने | युवा (युवा तथा महिला) स्वरोजगारको तालीम | संख्या | | ० | ३५ | ३५ | ३५ | ३५ | १४० | प्रगति प्रतिवेदन | भूकृसम | | ६ | २ | २ | १ | |
| | | सिक र गर (Learn and Do) कार्यक्रम मा संलग्न युवा कृषकको संख्या | संख्या | | २० | ८० | १०० | १०० | १०० | ४०० | प्रगति प्रतिवेदन | भूकृसम | | ६ | २ | २ | १ | |
| | | पशुपंक्षी मोडल फर्मको स्थापना | संख्या | ४७० | १५० | ३०० | ३५० | ४०० | ४०० | १६०० | " | " | | ३ | ४ | २ | ४ | |
| **असर ४** | पशुपंक्षीजन्य तथा मत्स्यजन्य पदार्थबाट मानव स्वास्थ्यमा पर्न सक्ने नकारात्मक असरको न्यूनीकरण भएको हुने | पशुपंक्षीजन्य तथा मत्स्यजन्य पदार्थबाट स्वास्थ्यमा नकारात्मक असर परेका जनसंख्या | प्रतिशत | | | | | | | | अध्ययन प्रतिवेदन, स्वास्थ्य सर्वेक्षण | " | | ६ | २ | ३ | १ | |
| **प्रतिफल ४.१** | प्रत्येक पालिकाका पशुपंक्षी तथा मत्स्यतर्फ कार्यरत प्राविधिकहरूको क्षमता अभिवृद्धि भएको हुने | जुनोटिक रोग सम्बन्धी तालिम प्राप्त प्राविधिक र पालिकाको संख्या | संख्या | | | | | | | | प्रगति प्रतिवेदन | भूकृसम स्थानीय तह | | ६ | २ | ३ | १ | |
| **प्रतिफल ४.२** | पूर्वमा मुग्लिंग र पश्चिममा राम्दीमा पशुपंक्षी गुणस्तर नियमन चेकपोष्टको स्थापना भएको हुने | पशुपंक्षी गुणस्तर नियमन चेकपोष्टको स्थापना तथा सञ्चालन | संख्या | | २ | | | | | २ | " | " | | ६ | २ | ३ | ४ | |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७५/७६ | उपलब्धि २०७६/७७ | उपलब्धि २०७७/७८ | उपलब्धि २०७८/७९ | उपलब्धि २०७९/८० | उपलब्धि २०८०/८१ | योजना अवधिका उपलब्धि | पुष्ट्याइँको स्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान | प्रसं संकेत | दीराल संकेत | दीविल संकेत | कृविरसं | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **प्रतिफल ४.३** | पशुपंक्षीका विद्यमान महामारीजन्य रोगहरू विरुद्ध वृहत् खोप कार्यक्रमको सञ्चालन भएको हुने | पशु खोप कार्यक्रम सञ्चालित पालिकाको संख्या | संख्या | | | ७ | २८ | ४९ | ८५ | ८५ | प्रगति प्रतिवेदन | भूकृसम/स्थातह | | ६ | २ | ३ | १ | |
| | | खोप बैंकको स्थापना | संख्या | | | १ | | | | १ | ” | भूकृसम | | ६ | २ | ३ | १ | |
| | | पशुपंक्षीको (जीआइएस) तथ्याङ्क संकलन भएका पालिकाको संख्या | संख्या | | | ७ | २८ | ४९ | ८५ | ८५ | ” | भूकृसम/स्थातह | | ३ | ४ | २ | २ | |
| **प्रतिफल ४.४** | “बधशालादेखि भान्छासम्म स्वच्छ र स्वस्थ मासु” तथा “गोठदेखि ओठसम्म स्वच्छ र स्वस्थ दूध” कार्यक्रम सञ्चालन भएको हुने | प्रतिजैविक प्रतिरोध नियन्त्रण कार्यक्रम सञ्चालन भएका जिल्ला | संख्या | | | ११ | ११ | ११ | ११ | ११ | ” | भूकृसम | | ६ | २ | २ | २ | |
| | | साझेदारीमा स्थापना भएका वधशालाको संख्या | संख्या | | १ | २ | २ | २ | २ | ९ | ” | भूकृसम/स्था तह | | ६ | २ | २ | ४ | |
| | | साझेदारीमा मिटमार्टहरूको स्थापना | संख्या | | | ५ | ५ | ५ | ७ | २२ | ” | भूकृसम/स्थ तह | | ६ | २ | २ | ३ | |
| | | GMP Sticker लगाएका पशुको संख्या | संख्या | | २०० | ४०० | ८०० | १२०० | १५०० | १५०० | ” | भूकृसम | | ६ | २ | २ | ३ | |
| | | सोच्छ तथा सुधार भएका मासु पसलको संख्या | संख्या | १८०० | २००० | २१०० | २२०० | २३०० | २४०० | २४०० | प्रगति प्रतिवेदन/मध्यमकालिन खर्च संरचना | ” | | ६ | २ | २ | ३ | |
| लगानीः दक्ष जनशक्ति, प्रविधि, उपकरण, निर्माण सामग्री, दाना, चोकर, घाँस र अन्न, वार्षिक कार्यक्रम र बजेट, कृषि विकास रणनीति | | | | | | | | | | | | | | | | | | |

## ४.३ खाद्य सुरक्षा

### ४.३.१ पृष्ठभूमि

नेपाल खाद्य सुरक्षा अनुगमन प्रणाली (NeKSAP) को गत वर्षको प्रतिवेदन अनुसार गण्डकी प्रदेशको १८ प्रतिशत जनसंख्याले मौसमी अल्पकालीन रुपमा खाद्य असुरक्षित अवस्थाको सामना गर्नुपर्दछ । त्यसैगरी, नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण २०७२ अनुसार गण्डकी प्रदेशका ६ प्रतिशत घरधुरीले चरम खाद्य असुरक्षित अवस्थाको सामना गर्नु परेको छ । त्यस्तैगरी, ४४ प्रतिशत घर परिवारलाई आफ्नो उत्पादनले वर्षभरि खान पुग्दैन । उत्पादनशील जमीनको कमी, सिंचाइको अभाव, गरिबी, भौगोलिक विकटता, प्राकृतिक प्रकोप आदी कारणले प्रभावित हुने मध्ये अधिकांश भूमिहीन, दलित तथा न्यून आय भएका गरिब परिवार रहेका छन् । गोरखाको उत्तरी भाग, मुस्ताङ्ग, मनाङ्ग, स्याग्दी र बाग्लुङका उत्तर पश्चिम क्षेत्रमा खाद्य असुरक्षित जनसंख्या उल्लेख्य रहेको छ । यसैगरी, न्यून पोषण गण्डकी प्रदेशको एक प्रमुख समस्याको रुपमा रहेको छ । यस प्रदेशमा पाँच वर्ष मुनिका बालबालिकाहरूमध्ये २९ प्रतिशतमा पुड्कोपन तथा ५.८ प्रतिशतमा ख्याउटेपन रहेको छ । त्यसैगरी, १५ देखि ४९ वर्षका २८ प्रतिशत महिलामा रक्तअल्पता छ । प्रदेश सरकारले यी सूचकाङ्कहरूको अवस्थालाई लक्षित गरी नीति तथा योजना तर्जुमा र कार्यान्वयन गर्नुपर्ने आवश्यकता देखिन्छ ।

### ४.३.२ प्रमुख समस्या

आन्तरिक खपत र पर्यटन व्यवसायको लागि चाहिने खाद्य वस्तु प्रदेशभित्रै उत्पादन नहुँदा विदेशबाट आयात गर्नुपर्ने अवस्था रहनु, प्रदेशभित्र उत्पादित वस्तु पर्यटन क्षेत्र र पशुपंक्षीको दानामा प्रयोग हुँदा जनतालाई खाद्य पदार्थको न्यून उपलब्धता हुनु, कृषि भूमिको अन्य प्रयोजनमा प्रयोग हुनु, कृषि क्षेत्रबाट जनसंख्या पलायन हुँदै जानु, भूमिको न्यून उत्पादकत्व र उत्पादित वस्तुको पनि अन्य क्षेत्रमा प्रयोग हुँदा प्रदेशका बालबालिका, महिला र ज्येष्ठ नागरिकको लागि आवश्यक पोषणको उचित व्यवस्था गर्न नसक्नु आदि यस क्षेत्रका समस्याहरू हुन् ।

### ४.३.३ चुनौती र अवसर

**चुनौती**

खाद्य तथा पोषण असुरक्षित समुदाय र घरधुरीहरू तथा कुपोषित बालबालिकाको पहिचान गर्नु, नेपाल सरकारद्वारा सञ्चालित पोषण तथा खाद्य सुरक्षा सम्बन्धी बहुक्षेत्रीय पोषण कार्यक्रमको प्रदेशमा प्रभावकारी कार्यान्वयन गर्नु, खाद्यान्नको सन्तुलित उपभोग (आहारविहार) प्रति सचेतना बढाउनु र कुपोषणको दर बढी रहेका नवलपुर, मनाङ्ग, मुस्ताङ्ग, स्याग्दी, गोरखा र बागलुङ् जिल्ला लगायत विकट तथा दुर्गम स्थानहरूमा खाद्य तथा पोषण उपलब्ध गराउनु आदि यस क्षेत्रका चुनौतीहरू हुन् ।

**अवसर**

दिगो विकास लक्ष्य २, भोकमरीको अन्त्य र खाद्य सुरक्षा एवम् सुधारसहितको पोषण हाँसिल गर्न प्रदेश सरकार प्रतिबद्ध रहनु, नेपालको संविधान २०७२ ले खाद्य सम्बन्धी हक स्थापित गर्नु, खाद्य अधिकार तथा खाद्य संप्रभुता ऐन २०७५ जारी भई खाद्य सुरक्षाका सुनिश्चितताका लागि नीति तथा कार्यक्रमगत मार्गदर्शन गर्नु, कृषि विकास रणनीति (सन् २०१५-२०३५) ले खाद्य र पोषण सुरक्षालाई महत्वपूर्ण कार्यक्रमका रुपमा राखी कार्यान्वयन गर्नु, बहुक्षेत्रिय पोषण योजना दोस्रो (२०७५/७६-२०७९/८०) कार्यान्वयनको चरणमा रहनु, कृषि उत्पादन सामग्रीहरूको उपलब्धता बृद्धि हुँदै जानु र संघीय संरचना अनुरुप प्रादेशिक तथा स्थानीय तहले स्थानीय परिवेश तथा विशिष्टतामा आधारित योजना निर्माण तथा कार्यान्वयन प्रक्रिया प्रभावकारी रुपमा अगाडि बढाउनु आदि यस क्षेत्रका अवसरहरू हुन् ।

### ४.३.४ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

**सोच**

गण्डकी प्रदेशमा खाद्य सुरक्षा सुनिश्चित गर्ने ।

**लक्ष्य**

प्रदेशको लागि आवश्यक सुरक्षित खाद्यान्न उपलब्ध गराउने ।

**उद्देश्य**

१. खाद्य सुरक्षा तथा पोषणको दृष्टिले जोखिममा रहेका क्षेत्र र समूहहरूको पहिचान गरी पोषण केन्द्रित कार्यक्रम कार्यान्वयन गर्नु ।
२. कृषि तथा पशुजन्य उत्पादनमा बृद्धि गरी खाद्य तथा पोषण उपभोग स्थितिमा सुधार ल्याउनु ।
३. खाद्य सुरक्षा तथा पोषण सम्बन्धी आवश्यक पूर्ब तयारी गरी संकटको बेला खाद्यमा गरिब तथा सीमान्तकृत् समुदायको नियमित पहुँच पुऱ्याउनु ।

### ४.३.५ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १: खाद्य सुरक्षा तथा पोषणको दृष्टिले जोखिममा रहेका क्षेत्र र समूहहरूको पहिचान गरी पोषण केन्द्रित कार्यक्रम कार्यान्वयन गर्नु ।** | |
| १.१ खाद्य अधिकार, खाद्य संप्रभुता, खाद्य सुरक्षा र पोषण सम्बन्धी नीति निर्माण गर्ने । | १.१.१ खाद्य अधिकार तथा खाद्य सम्प्रभूता सम्बन्धी ऐनको प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ ।<br>१.१.२ खाद्यवस्तुको गुणस्तर परीक्षण, प्रमाणीकरण तथा नियमन प्रकृयालाई प्रभावकारी बनाउन प्रयोगशाला सेवालाई सुदृढ गरिनेछ ।<br>१.१.३ खाद्य तथा पोषण सुरक्षाका लागि आवश्यक तथ्य तथा सूचना प्रणालीको विकास गरी तथ्यमा आधारित नीति तथा योजना निर्माण गरिनेछ । |
| १.२ खाद्य तथा पोषण असुरक्षित समूहहरूको पहिचान गरी जनचेतना अभिबृद्धि गर्ने । | १.२.१ नेपाल खाद्य सुरक्षा अनुगमन प्रणालीलाई प्रदेश तथा स्थानीय तह स्तरमा संस्थागत गरी खाद्य तथा पोषण स्थितिको नियमित अनुगमन गरिनेछ । |
| **उद्देश्य २: कृषि तथा पशुजन्य उत्पादनमा बृद्धि गरी खाद्य तथा पोषण उपभोग स्थितिमा सुधार ल्याउनु ।** | |
| २.१ स्थानीय सम्भाव्यता भएका वस्तुहरूको उत्पादन बृद्धि गर्न आवश्यक पूर्वाधार र प्राविधिक सहयोग गर्ने । | २.१.१ पोषणयुक्त स्थानीय बाली वस्तुहरूको संरक्षण, उत्पादन प्रवर्द्धन र उपभोगमा प्रोत्साहन गरी कृषि प्रसार सेवालाई पोषणसँग जोडिनेछ र खाने बानी परिर्वतन गर्न सचेतना बृद्धि कार्यक्रम सञ्चालन गरिनेछ ।<br>२.१.२ खाद्य असुरक्षित क्षेत्रमा सम्भाव्यताका आधारमा स्थानीय स्तरमा उत्पादन हुन सक्ने उच्च मूल्यका कृषि उपज तथा पशुजन्य उत्पादन गर्ने कार्यक्रम सञ्चालन गरी आयस्तर बढाउन प्राथमिकता दिइनेछ ।<br>२.१.३ कुषोषण बढी भएका घर परिवार पहिचान गरी पोषण वगैंचा सञ्चालन गर्न सहयोग प्रदान गरिनेछ । |
| **उद्देश्य ३: खाद्य सुरक्षा तथा पोषण सम्बन्धी आवश्यक पूर्व तयारी गरी संकटको बेला खाद्यमा गरिब तथा सीमान्तकृत् समुदायको नियमित पहुँच पुऱ्याउनु ।** | |
| ३.१ सरोकारवाला निकायसँग समन्वय गरी जोखिम न्यूनीकरणको लागि योजना तयार पार्ने । | ३.१.१ विपद् (संकट) को बेला आइपर्ने खाद्य सुरक्षा तथा पोषण सम्बन्धी समस्या न्यूनीकरणका जोखिम व्यवस्थापन योजना निर्माण र कार्यान्वयन गरीनेछ ।<br>३.१.२ अन्तर मन्त्रालय समन्वय तथा प्रदेश र स्थानीय तह बीच समन्वय संरचना निर्माण गरी संकटजन्य अवस्थाको लागि आवश्यकता अनुसार खाद्यान्न भण्डारणको व्यवस्था गरिनेछ ।<br>३.१.३ प्रदेश खाद्य सुरक्षा समितिलाई सक्रिय बनाई संकटको वेला खाद्य सुरक्षाको व्यवस्था गरिनेछ । |

### ४.३.६ कार्यक्रमका प्राथमिकता

१. खाद्य असुरक्षित घर परिवारको पहिचान गर्ने ।

२. खाद्य असुरक्षित घर परिवारको रोजगारी र उत्पादन वृद्धि गर्ने ।

३. खाद्य भण्डारण वढाउने ।

### ४.३.७ विस्तृत कार्यक्रम

| क्र.सं. | उद्देश्य नं. | रणनीति नं. | कार्यनीति नं. | संकेत | कार्यक्रम | इकाई | आधार वर्ष २०७५/७६ | लक्ष्य २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | योजना अवधिको जम्मा लक्ष्य | जिम्मेवार निकायहरू |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | १ | १.१ | १.१.१ | ग | प्रदेश पोषण तथा खाद्य सुरक्षा सम्बन्धी ऐन निर्माण | संख्या | | | १ | | | | १ | भूकृसम |
| २ | | | १.१.२ | ख | कृषितर्फको कार्यनीति नं. ३.१.४ मा उल्लेखित कार्यक्रमले समेट्ने | | | | | | | | | |
| ३ | | | १.१.३ | ख | खाद्य अभाव रहेको क्षेत्र र घरपरिवारको पहिचान | पटक | | | १ | | | १ | २ | साविम, भूकृसम, स्थानीय तह |
| ४ | | | | ग | पोषण तथा खाद्य सुरक्षाका लागि वार्षिक योजना निर्माण | संख्या | | | १ | १ | १ | १ | ४ | साविम, भूकृसम, बहु क्षेत्रीय पोषण कार्यक्रम |
| ५ | | १.२ | १.२.१ | ख | स्थानीय तहमा खाद्य सुरक्षा समिति गठन गर्ने | संख्या | | ८५ | | | | | ८५ | " |
| ६ | | | | ख | प्रदेश तथा स्थानीय तहको खाद्य सुरक्षा सम्बन्धी क्षमता अभिवृद्धि । | संख्या | | २ | ९ | २५ | २५ | २५ | ८६ | साविम, भूकृसम, स्थानीय तह |
| ७ | २ | २.१ | २.१.१ | ख | पोषणयुक्त स्थानीय (रैथाने) बाली वस्तुहरूको संरक्षण तथा उत्पादन प्रवर्द्धन र उपभोगमा प्रोत्साहन गर्ने | संख्या | | | ६ | ६ | ६ | ४ | २२ | भूकृसम, स्थानीय तह |
| ८ | | | | ख | खाद्यान्नको सन्तुलित उपभोग गर्ने बानीको विकास गर्न जनचेतनाका कार्यक्रम सञ्चालन । | संख्या | | | २० | २० | २५ | २० | ८५ | " |
| ९ | | | २.१.२ | ख | खाद्य असुरक्षित क्षेत्रमा घरधुरीहरूको आय तथा उत्पादकत्व बृद्धिका लागि उत्प्रेरक तालिम सञ्चालन । | परिवार संख्या | | | ३००० | ३००० | ३००० | ४००० | १३००० | भूकृसम, स्थानीय तह |

| क्र.सं. | उद्देश्य नं. | रणनीति नं. | कार्यनीति नं. | संकेत | कार्यक्रम | इकाई | आधार वर्ष २०७५/७६ | लक्ष्य २०७६/७७ | लक्ष्य २०७७/७८ | लक्ष्य २०७८/७९ | लक्ष्य २०७९/८० | लक्ष्य २०८०/८१ | योजना अवधिको जम्मा लक्ष्य | जिम्मेवार निकायहरू |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १० | | | | ख | खाद्य असुरक्षित क्षेत्रमा उत्पादकत्व बृद्धिका लागि विशेष सहुलियत सहित उन्नत मल, बीउ, सिंचाइको व्यवस्था गरि पोषणयुक्त बाली उत्पादन प्रवर्द्धन कार्यक्रम सञ्चालन । | संख्या | | | ४० | ४० | ४५ | ४५ | १७० | भूकृसम, स्थानीय तह |
| ११ | | | २.१.३ | ख | खाद्य असुरक्षित क्षेत्रका लक्षित परिवारलाई पोषण वगैचा सञ्चालन गर्न आर्थिक तथा प्राविधिक सहयोग तथा तालिम । (घरपरिवार) | संख्या | | | १००० | १००० | १५०० | १५०० | ५००० | साविम, भूकृसम, स्थानीय तह |
| १२ | ३ | ३.१ | ३.१.१ | ग | विपद्को समयमा आवश्यक खाद्यान्नको व्यवस्थापन गर्ने | प्याकेज | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १ | आमाकाम, भूकृसम, स्थानीय तह |
| १३ | | | ३.१.२ | ग | विपद्को समयलाई प्रयोगमा ल्याउन मिल्ने गरी प्रदेश तथा स्थानीय तहमा खाद्य भण्डारण केन्द्रको व्यवस्था गर्ने । | संख्या | | १७ | १७ | १७ | १७ | १८ | ८६ | भूकृसम, स्थानीय तह |
| १४ | | | ३.१.३ | ख | कृषि तथा पशुपंक्षी क्षेत्रमा आकस्मिक सेवा टेवा कार्यक्रम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | १ | ६ | " |
| १५ | | | | ख,ग | प्रदेश पोषण तथा खाद्य सुरक्षा समितिले विपद्को वेला खाद्य सुरक्षाका लागि समन्वय गर्ने | प्याकेज | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १ | आमाकाम, भूकृसम, स्थानीय तह |

### ४.३.८ नतिजा

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७५/७६ | उपलब्धि २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | योजना अवधिका उपलब्धि | पुष्ट्याइँको स्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान | प्रसंग संकेत | दीराल संकेत | दीविल संकेत | कूविरसं | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **प्रभाव** | **प्रदेशको लागि आवश्यक सुरक्षित खाद्यान्न उपलब्ध भएको हुने** | **सुरक्षित खाना वा आहार विहारमा परिवर्तन भई खाद्यान्नबाट लाग्ने रोगहरू कम हुने** | **प्रतिशत** | | | | | | | | **कृषि तथ्याङ्क** | **भूकृसम** | | ३ | ४ | २ | १ | |
| | | **चरम खाद्य असुरक्षित घरधुरीको संख्या घटेको हुने** | **प्रतिशत** | ६ | ५ | ४ | ३ | २ | २ | २ | **प्रगति प्रतिवेदन/ कृषि तथ्याङ्क** | " | | ३ | ४ | २ | १ | |
| | | **प्रतिव्यक्ति खाद्यान्न उपलब्धता बढेको हुने** | **के.जी.** | २३४ | २६० | २८० | ३०० | ३५० | ४०० | ४०० | **कृषि तथ्याङ्क** | " | | | | | | |
| | | **आवश्यक खाद्यान्न स्टक (Buffer Stock) राख्ने ब्यवस्था भई खाद्यान्नको अभाव नहुने** | **मे.टन** | | | | | | | | **प्रगति प्रतिवेदनर कृषि तथ्याङ्क** | " | | ३ | ४ | २ | १ | |
| **असर १** | खाद्य सुरक्षा तथा पोषणको दृष्टिले जोखिममा रहेका क्षेत्र र समूहहरूको पहिचान गरि पोषण केन्द्रित कार्यक्रम सञ्चालन भएको हुने | खाद्य अभाव रहेको क्षेत्र र घरपरिवारको पहिचान हुने (घरधुरी) | संख्या | | | | | | | | " | " | | ३ | ४ | २ | १ | |
| | | बहु क्षेत्रीय पोषण तथा खाद्य सुरक्षा कार्यक्रमको सञ्चालन हुने | पालिका संख्या | ५१ | ५१ | ८५ | ८५ | ८५ | ८५ | ८५ | " | " | | ३ | ४ | २ | १ | |
| **प्रतिफल १.१** | खाद्य अधिकार तथा खाद्य सम्प्रभूता सम्बन्धी ऐनको निर्माण र प्रभावकारी रूपमा जनचेतना भएको हुने | प्रदेश पोषण तथा खाद्य सुरक्षा सम्बन्धी ऐन निर्माण | संख्या | | | १ | | | | १ | | भूकृसम | | ३ | ४ | २ | ३ | |
| | | खाद्य सुरक्षा तथा पोषण सम्वन्धमा पैरवी तथा जनचेतना गोष्ठी सञ्चालन भएका स्थानीय तह | संख्या | | | १५ | २० | २५ | २५ | ८५ | | भूकृसम/ स्था. तह | | ३ | ४ | २ | ३ | |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७५/७६ | उपलब्धि २०७६/७७ | उपलब्धि २०७७/७८ | उपलब्धि २०७८/७९ | उपलब्धि २०७९/८० | उपलब्धि २०८०/८१ | योजनाअवधिका उपलब्धि | पुष्ट्याइँको स्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान | प्रसंस संकेत | दीगोल संकेत | दीविल संकेत | कृविरसं | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **प्रतिफल** १.२ | खाद्यवस्तुको गुणस्तर परीक्षण, प्रमाणीकरण तथा नियमन रर प्रयोगशाला सेवा सुदृढ भएको हुने | गुणस्तर प्रमाणीकरण प्रयोगशालाको संख्या | संख्या | | | १ | | | | १ | | भूकृसम | | ३ | ४ | | | |
| | | गुणस्तर प्रमाणिकरण भएका कृषि उपजको संख्या | संख्या | | | ५२ | ५२ | ५२ | ५२ | २०८ | प्रगति प्रतिवेदन | " | | ३ | ४ | २ | ३ | |
| **प्रतिफल** १.३ | आवश्यक तथ्य तथा सूचना प्रणालीको विकास गरी तथ्यमा आधारित नीति तथा योजना निर्माण भएको हुने | प्रदेश तथा स्थानीय तह स्तरीय खाद्य सुरक्षा तथा पोषण सूचना केन्द्रको विकास र क्षमता अभिवृद्धि (तालिम)। | संख्या | | २ | ९ | २५ | २५ | २५ | ८६ | " | भूकृसम., साविम/ स्थातह | | ३ | ४ | २ | ३ | |
| | | तथ्यमा आधारित नीति तथा वार्षिक योजना निर्माण | पटक | | | १ | १ | १ | १ | ५ | " | भकृसम | | ३ | ४ | २ | ३ | |
| **प्रतिफल** १.४ | खाद्य तथा पोषण स्थितिको नियमित अनुगमन भएको हुने | खाद्य सुरक्षा समिति गठन भएका स्थानीय तहको संख्या | संख्या | | | ८५ | | | | ८५ | " | " | | ३ | ४ | २ | ३ | |
| | | नियमित अनुगमन तथा मूल्याङ्कन गरी स्थानीय तहको वार्षिक योजनामा समावेश भएको हुने | संख्या | | | | | | | ८५ | " | भूकृसम, साविम/ स्थातह | | ३ | ४ | २ | ३ | |
| **असर २** | कृषि तथा पशुजन्य उत्पादनमा वृद्धि भई खाद्य तथा पोषण उपभोग स्थितिमा सुधार भएको हुने | कृषि (खाद्यान्न) उत्पादनमा वृद्धि हुने | मे.ट | ५८३०९७ | | | | | | | कृषि सर्वेक्षण | भूकृसम/ संकृम | | ३ | ४ | २ | ३ | |
| | | पशुजन्य उत्पादनमा वृद्धि हुने | मे.टरहे | | | | | | | | " | " | | ३ | ४ | २ | ३ | |
| | | सन्तुलित वा पोषणयुक्त आहार र उपभोग गर्ने बानीमा सुधार हुन (नागरिक) | प्रतिशत | | | | | | | | " | " | | ३ | ४ | २ | ३ | |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७५/७६ | उपलब्धि | | | | | योजना अवधिका उपलब्धि | पुष्ट्याइँको स्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान | प्रसस संकेत | दीराल संकेत | दीविल संकेत | कृविरसं | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | | | | | | | | |
| **प्रतिफल २.१** | स्थानीय (रैथाने) बालीको उत्पादन हुने र खाने बानी परिर्वतनमा सचेतना वृद्धि भएको हुने | पोषणयुक्त स्थानीय (रैथाने) बाली वस्तुहरूको उत्पादनमा अनुदान प्रदान गरिएका बाली/कार्यक्रमको संख्या | संख्या | | | ६ | ६ | ६ | ४ | २२ | | भूकृसम/स्थातह | | ३ | ४ | २ | ३ | (प्रत्येक जिल्लामा २-२ वटा) |
| | | खाद्यान्नको सन्तुलित उपभोग संबन्धी जनचेतनाका कार्यक्रमको सञ्चालन भएका स्थानीय तहको संख्या | संख्या | | | २० | २० | २५ | २० | ८५ | | " | | ३ | ४ | २ | ३ | मनाङ्ग, मुस्ताङ्ग, गोरखा,म्याग्दी, बागलुङ्ग तथा नवलपुर जिल्लाका विकट पालिकाहरू) |
| **प्रतिफल २.२** | खाद्य असुरक्षित क्षेत्रमा स्थानीय स्तरमा उत्पादन हुन सक्ने उच्च मूल्यका कृषि उपज तथा पशुजन्यको उत्पादनबाट आयमा वृद्धि भएको हुने | पोषणयुक्त बाली उत्पादन प्रवर्द्धन कार्यक्रमको सञ्चालन भएका स्थानीय तह | संख्या | | | ४० | ४० | ४५ | ४५ | १७० | | " | | ३ | ४ | २ | ३ | |
| | | पोषणयुक्त बाली तथा पशुजन्य वस्तुबाट भएको आम्दानी | रु. (हजार) | | | | | | | | | " | | ३ | ४ | २ | ३ | |
| **प्रतिफल २.३** | कुषोषण बढी भएका घर परिवार पहिचान भई पोषण बंगैचा सञ्चालन भएको हुने | कुपोषित घरपरिवारको पहिचान | संख्या | | | | | | | | | भूकृसम/स्थातह | | ३ | ४ | २ | ३ | |
| | | पोषण बंगैचा सञ्चालन गर्न आर्थिक तथा प्राविधिक सहयोग तथा तालिम प्राप्त परिवार संख्या | संख्या | | | १०० | १०० | १५० | १५० | ५०० | | भूकृसम, साविम र स्थातह | | ३ | ४ | २ | ३ | (प्रत्येक पालिकामा १०० परिवार) |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७५/७६ | उपलब्धि २०७६/७७ | उपलब्धि २०७७/७८ | उपलब्धि २०७८/७९ | उपलब्धि २०७९/८० | उपलब्धि २०८०/८१ | योजनाअवधिका उपलब्धि | पुष्ट्याइँको स्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान | प्रसमं संकेत | दीराल संकेत | दीविल संकेत | कृविरसं | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | अध्ययन अनुसन्धानका लागि आर्थिक तथा प्राविधिक सहयोग प्राप्त युवा वैज्ञानिक | संख्या | | | ३ | ३ | ३ | ३ | १२ | | भूकृसम र साविम | | ३ | ४ | २ | ३ | |
| | | बहु क्षेत्रीय पोषण तथा खाद्य सुरक्षा कार्यक्रमको सञ्चालन भएका स्थानीय तह | संख्या | | ५ | २० | २० | २० | २० | ८५ | | भूकृसम, साविम र बहुक्षेत्रीय पोषण कार्यक्रम | | ३ | ४ | २ | ३ | (प्रत्येक पालिकामा १-१ वटा) |
| **असर ३** | खाद्य सुरक्षा तथा पोषण सम्बन्धी आवश्यक पूर्व तयारी भई संकटको बेला खाद्य पदार्थमा गरिब तथा सीमान्तकृत् समुदायको नियमित पहुँच पुगेको हुने | विपद् व्यवस्थापनको पूर्व तयारी हुने | संख्या | | | | | | | | प्रगति प्रतिवेदन | भूकृसम, साविम र स्थानीय तह | | ३ | ४ | २ | ३ | |
| | | गरिब तथा सीमान्तकृत् समुदायलाई प्राथमिकता राखी खाद्यान्न वितरण गरिने | संख्या | | | | | | | | " | " | | ३ | ४ | २ | ३ | |
| **प्रतिफल ३.१** | जोखिम व्यवस्थापन योजनाको निर्माण र कार्यान्वयन भएको हुने | विपद् पूर्वतयारी योजना निर्माण भएका स्थानीय तह | संख्या | | | ८५ | | | | ८५ | प्रगति प्रतिवेदन | आमाकाम, भूकृसम, स्थातह | | ३ | ४ | २ | ३ | (प्रत्येक पालिकामा १-१ वटा) |
| | | विपद्को समयमा आवश्यक खाद्यान्नको व्यवस्थापन भएका स्थानीय तहको संख्या | संख्या | | | | | | | ८५ | प्रगति प्रतिवेदन | " | | ३ | ४ | २ | ३ | |
| **प्रतिफल ३.२** | संकटजन्य अवस्थाको लागि आवश्यकता अनुसार खाद्यान्न भण्डारणको व्यवस्था भएको हुने | खाद्यान्न स्टक (Buffer Stock) राख्ने व्यवस्था भएको जिल्लाको संख्या | संख्या | | | २ | ३ | ३ | ३ | ११ | " | भूकृसम/ स्थातह | अन्तर निकाय समन्वय हुने | ३ | ४ | २ | ३ | (प्रत्येक जिल्लामा १-१ वटा) |
| **लगानीः जनशक्ति, खाद्यान्न, निर्माण सामग्री, आधुनिक प्रविधि, उपकरण, वार्षिक कार्यक्रम, बजेट र तालिम** | | | | | | | | | | | | | | | | | | |

## ४.४ भूमि व्यवस्थापन

### ४.४.१ पृष्ठभूमि

सीमित भूमि र भूमिस्रोतको समुचित व्यवस्थापन गरी यसबाट प्राप्त हुने लाभलाई न्यायोचित रुपमा वितरण गरिनुपर्छ। संविधानले व्यवस्था गरेको सम्पत्तिको हक, खाद्य सुरक्षा र सम्प्रभुताको हक र भूमिहीन हक कार्यान्वयन गर्न तथा दिगो विकासले निर्दीष्ट गरेको लक्ष्य प्राप्त गर्न समेत् उपलब्ध सीमित भूमि तथा भूमिस्रोतको संरक्षण तथा प्रभावकारी व्यवस्थापन गर्न आवश्यक रहेको छ। भूमिको समुचित उपयोग सुनिश्चित गर्न भूमि वर्गीकरण एवम् भू-उपयोग योजना तयार गरी कृषक वर्गको भूमिमा पहुँच बढाई यस क्षेत्रमा लगानी अभिवृद्धि गर्दै जानुपर्ने हुन्छ। खाद्य सम्प्रभुताको अधिकार सुनिश्चित गर्न जलवायु र माटो अनुकूलको खाद्यान्न उत्पादनलाई प्रोत्साहन गर्नुपर्ने, भूमिहीन र सुकुम्बासीहरूको पहिचान गरी बसोबासको समुचित व्यवस्थापन तथा जीवीकोपार्जनको प्रबन्ध गर्दै सामाजिक न्याय र समृद्धिका लागिका भूमिको वैज्ञानिक व्यवस्थापन गर्नुपर्ने देखिन्छ। आधुनिक प्रविधिको प्रयोगमार्फत् नापनक्सामा शुद्धता कायम गर्ने तथा प्रादेशिक भू-सूचना प्रणाली स्थापना तथा विकास गर्दै जग्गा प्रशासन सम्बद्ध निकायहरूको संस्थागत क्षमता अभिबृद्धि गरी सेवा प्रवाहलाई सरल सहज र व्यवस्थित तुल्याउनका लागि आवश्यक नीति, कानून, पूर्वाधार तयारी तथा स्रोत साधन परिचालन आवश्यक देखिन्छ।

### ४.४.२ प्रमुख समस्या

कृषियोग्य भूमिको गैरकृषि क्षेत्रमा बढ्दो प्रयोग र भूमि बाँझै राख्ने तथा खण्डीकरण गर्ने प्रवृद्धि बढ्दै जानुले कृषि उत्पादकत्वमा ह्रास आई संविधानप्रदत्त खाद्य सुरक्षा सम्बन्धी हकमा प्रतिकुल प्रभाव पर्नु, भूमिको उपयोग र क्षमता अनुसारको भूउयोग सूचना प्रणालीको विकास हुन नसक्नु, अव्यवस्थित बसोबास र अनियन्त्रित शहरीकरण बढ्दै जानु र सरकारी र सार्वजनिक जग्गामा अतिक्रमण गर्ने प्रवृति बढ्नु तथा भूमि प्रशासन सम्बद्ध निकायहरूबाट प्रदान हुने सेवा सरल र सहज रुपमा उपलब्ध हुन नसक्नु आदि यस क्षेत्रका विद्यमान समस्याहरू हुन्।

### ४.४.३ चुनौती र अवसर

**चुनौती**

भूमिको उपयोगका आधारमा वर्गीकरण गरी सोही आधारमा उपयोग गर्ने पद्धति स्थापित गर्नु, भूमिमा सबैको पहुँच स्थापित गर्नु एवम् सामाजिक आर्थिक कारणले पछि परेका सीमान्तकृत्, भूमिहीन कमजोर वर्गको भूमिमा पहुँच बढाउने, सुन्दर र सुरक्षित बस्ती विकास र योजनाबद्ध दिगो शहरीकरणका साथै भौतिक पूर्वाधार विकासका लागि भूमिको उपयोग गर्नु, बाँझो तथा उपयोग नभएको जमिन प्रयोगमा ल्याउनु, साना कित्ताहरू एकीकरण गरी चक्लाबन्दीमा आधारित खेती प्रणालीको विकासबाट कृषि उत्पादकत्व वृद्धि गर्दै खाद्य सुरक्षाको सुनिश्चितता गर्नु, सूचना प्रविधियुक्त प्रादेशिक भू-उपयोग सूचना प्रणालीको विकासका साथै आधुनिक प्रविधिको प्रयोग गरी स्तरीय र भरपर्दो नाप नक्सा, तथ्याङ्क तथा भू-सूचना तयार गर्नु, भू-उपयोग नीति कार्यान्वयनका लागि आवश्यक कानूनी र सांगठनिक संरचना तयार गरी सेवाको गुणस्तर अभिवृद्धि गर्नु आदि यस क्षेत्रका चुनौतीहरू हुन्।

**अवसर**

भूमिको वैज्ञानिक वर्गीकरण गरी सोही आधारमा यसको उपयोग गर्न समुदायको चासो बढ्नु, कृषक वर्गको भूमिमाथिको पहुँच स्थापित गरी कृषि उत्पादन तथा उत्पादकत्व बढाउँदै प्रदेशलाई कृषि उत्पादनमा आत्मनिर्भर तुल्याउनुतर्फ सम्बद्ध सबै तीनै तहको सरकार र सरोकारवालहरूको चासो तथा जागरुकता बढ्नु, जग्गाको चक्लाबन्दीप्रति कृषकको आकर्षण बृद्धि हुँदै जानु, सुकुम्बासी समस्या समाधान एवम् अव्यवस्थित बसोबासलाई व्यवस्थित तुल्याउनु वहस पैरवी हुनु, संघ

र प्रदेश सरकारले प्राकृतिक, वातावरणीय एंव मानवीय जोखिमरहित योजनाबद्ध र दिगो शहरीकरण, सुरक्षित र एकीकृत् बस्ती विकासमा प्रतिबद्धता देखाउनु, प्रदेशमा रहेको प्रचुर भूमि स्रोत एवम् प्राकृतिक सम्पदाहरूको संक्षरण र विकासमा स्थानीय चासो र चेतना उत्साहप्रद रुपमा बढ्नु आदि यस क्षेत्रका अवसरहरू हुन् ।

### ४.४.४ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

**सोच**

भूमिको वैज्ञानिक व्यवस्थापन गरी सामाजिक न्यायमा आधारित भू-स्वामित्व स्थापना गराउने ।

**लक्ष्य**

भूमि र भू-उपयोग प्रणालीलाई प्रदेशको दीर्घकालीन हित अनुरूप समृद्धिको संवाहकको रूपमा विकास गर्ने ।

**उद्देश्य**

१. वैज्ञानिक भू-उपयोग प्रणाली लागु गरी भूमि स्रोतको विवेकशील प्रयोगको वातावरण सिर्जना गर्नु ।

२. विकास निर्माणका लागि आवश्यक नाप, नक्सा तथा भौगोलिक सूचना सर्वसुलभ बनाउनु ।

३. भूमि व्यवस्थापन सम्बन्धी सेवालाई सरल, सहज, पारदर्शी र प्रभावकारी बनाउनु ।

### ४.४.५ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १: वैज्ञानिक भू-उपयोग प्रणाली लागु गरी भूमि स्रोतको विवेकशील प्रयोगको वातावरण सिर्जना गर्नु ।** | |
| १.१ प्रादेशिक भूमि नीति, भू-उपयोग नीति तथा योजना निर्माण गर्ने । | १.१.१ भू-उपयोग सम्बन्धी नीति, कानून र मापदण्डको निर्माण गरिनेछ ।<br>१.१.२ भूमि व्यवस्थापन, भूमि प्रशासन र जग्गा नापजाँच सम्बन्धी प्रादेशिक नीति र मापदण्ड बनाई कार्यान्वयन गरिनेछ ।<br>१.१.३ सरकारी जग्गा प्रयोग सम्बन्धी नीतिगत व्यवस्था गरिनेछ ।<br>१.१.४ गुठी जग्गा व्यवस्थापन सम्बन्धी नीति, कानून, मापदण्ड, योजना,कार्यान्वयन र नियमन गरिनेछ ।<br>१.१.५ गुठी जग्गाको संरक्षण तथा अभिलेख व्यवस्थापन गर्न संघ तथा स्थानीय तहसँग समन्वय गरिनेछ । |
| १.२ वैज्ञानिक भूमि सुधार कार्यक्रमका माध्यमबाट कमजोर र भूमिहीन वर्गको भूमिमा पहुँच बढाइने । | १.२.१ जमिनको हदबन्दी पुनरावलोकन, मोही व्यवस्थापन, जमिनको स्वामित्वको व्यवस्थापन र जमिनमा विपन्न भूमिहीन सुकुम्बासीहरूको पहुँच बृद्धि गरिनेछ ।<br>१.२.२ बस्ती विकासलाई व्यवस्थित गरिनेछ ।<br>१.२.३ जग्गाको खण्डीकरण र बाँझो राख्ने प्रवृतिलाई नियन्त्रण गर्न भूमि बैंक स्थापना तथा जग्गाको चक्लाबन्दीलाई प्रोत्साहन गरिनेछ । |
| **उद्देश्य २: विकास निर्माणका लागि आवश्यक नाप, नक्सा तथा भौगोलिक सूचना र्सवसुलभ बनाउनु ।** | |
| २.१ भू-उपयोग सूचना प्रणालीको विकास गर्ने । | २.१.१ भू-उपयोग नक्सा, तथ्याङ्क र भू-उपयोग योजना तयार गरिनेछ ।<br>२.१.२ एकीकृत् प्रादेशिक डिजिटल भू-सूचना प्रणालीको विकास गरिनेछ ।<br>२.१.३ नक्सा तथा भौगोलिक सूचनाहरू तयार तथा अद्यावधिक गरिनेछ ।<br>२.१.४ कित्ता नापी कार्यलाई व्यवस्थित रुपमा सञ्चालन गर्न कानूनी, नीतिगत तथा संरचनागत व्यवस्था गरिनेछ । |
| **उद्देश्य ३: भूमि व्यवस्थापन सम्बन्धी सेवालाई सरल, सहज, पारदर्शी र प्रभावकारी बनाउनु ।** | |
| ३.१ भूमि प्रशासन सम्बद्ध निकायहरूको संस्थागत सुदृढीकरण गर्ने । | ३.१.१ भूमि प्रशासन सम्बन्धी सम्पूर्ण सेवाहरू सरलीकृत, सूचना प्रणालीमा आधारित, एकद्वार प्रणालीबाट प्रदान गर्न सहयोग पुरयाईनेछ ।<br>३.१.२ भूमि प्रशासन सम्बन्धी श्रेस्ताहरूलाई डिजिटाईज्ड गर्दै श्रेस्ता संरक्षण गरिनेछ । |

## ४.४.६ कार्यक्रमका प्राथमिकता

१. भू-उपयोग नीतिको निर्माण ।

२. चक्लावन्दी कार्यक्रमको प्रवद्धन ।

३. एकीकृत् भू-सूचना प्रणालीको विकास ।

## ४.४.७ विस्तृत कार्यक्रम

| क्र.सं. | उद्देश्य नं. | रणनीति नं. | कार्यनीति नं. | संकेत | कार्यक्रम | इकाई | आधार वर्ष २०७५/०७६ | लक्ष्य | | | | | योजना अवधिको जम्मा लक्ष्य | जिम्मेवार निकायहरू |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | २०७६/०७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | |
| १ | १ | १.१ | १.१.१/१.१.२/ १.१.३/१.१.४ | ग | प्रदेशस्तरीय भू-उपयोग, भूमि व्यवस्थापन तथा जग्गा विकास सम्वन्धी नीति तथा कानून निर्माण | प्याकेज | | | १ | १ | १ | १ | ४ | भूकृसम |
| २ | | | १.१.४ | | १.१.४ को अनुगमन तथा नियमन | पटक | | | | १ | १ | १ | ३ | |
| ३ | | | १.१.५ | ग | गुठीको संरक्षण, अभिलेख, जात्रा, पर्वहरूको सञ्चालन तथा व्यवस्थापन (जिल्ला) | संख्या | | | २ | ३ | ३ | ३ | ११ | " |
| ४ | | | | क ख ग | निजी, गुठी, सरकारी तथा सार्वजनिक जग्गाको अभिलेख अद्यावधिक तथा व्यवस्थापन तथा समन्वय (जिल्ला) | संख्या | | १ | ३ | ३ | ३ | १ | ११ | " |
| ५ | | १.२ | १.२.१ | ख ग | भूमिहीन तथा सुकुम्वासीहरूको अभिलेख राख्ने (पहुँचमा वृद्धि, १.२.२ ले समेत समेट्ने) | संख्या | | | २ | ३ | ३ | ३ | ११ | " |
| ६ | | | १.२.२ | ग | सुरक्षित वसोबास तथा जग्गा एकीकरण नीति | हेक्टर | | | १ | | | | १ | " |
| ७ | | | | ख | स्थानीय तहको सहकार्यमा Land Pooling | हेक्टर | | १५ | १०० | २०० | ३०० | ४०० | १०१५ | " |
| ८ | | | १.२.३ | क | चक्लाबन्दी प्रवर्द्धन | हेक्टर | १३ | २०० | ३०० | ४०० | ५८७ | ६०० | २१०० | " |
| ९ | | | | ख | भूमि वैंक मार्फत् जग्गा चक्लाबन्दी, करार तथा भोगाधिकार | हेक्टर | | | १५ | ५० | १०० | २०० | ३६५ | " |
| १० | २ | २.१ | २.१.१ | ख | प्रदेशस्तरीय भू-उपयोग, भू-क्षमता नक्सांकन गरि भू-उपयोग योजना लागू गर्ने (जिल्ला) | संख्या | | | २ | ३ | ३ | ३ | ११ | " |
| ११ | | | | ख ग | भू-उपयोग डाटावेस अद्यावधिक तथा व्यवस्थापन (जिल्ला) | संख्या | | | २ | ३ | ३ | ३ | ११ | " |
| १२ | | | | ख | प्रिसिजन फार्मिङ कार्यक्रम (जिल्ला) | संख्या | १ | | ४ | ४ | २ | | ११ | " |
| १३ | | | २.१.२ | ग | भू-सूचना प्रणाली विकास तथा मालपोत अभिलेख सुदृढीकरण (जिल्ला) | संख्या | | २ | ३ | २ | २ | २ | ११ | " |
| १४ | | | २.१.३ | क | प्रदेश भित्रको नाप नक्सा र अभिलेख व्यवस्थापन (जिल्ला) | संख्या | | | १ | ३ | ३ | ४ | ११ | " |
| १५ | | | | क | भौगोलिक सूचना तथा अभिलेख व्यवस्थापन (जिल्ला) | संख्या | | | ३ | ३ | ३ | २ | ११ | " |
| १६ | | | २.१.४ | क | नियन्त्रण विन्दु स्थापना (जिल्ला) | वटा | | ५ | ५० | १०० | १५० | १९५ | ५०० | " |
| १७ | ३ | ३.१ | ३.१.१. | क | भूमि व्यवस्थापन सम्बन्धी पूर्वाधारको निर्माण तथा क्षमता अभिवृद्धि तालिम सञ्चालन (जिल्ला) | संख्या | | २ | २ | २ | २ | ३ | ११ | " |
| १८ | | | ३.१.२ | क | जग्गा हस्तान्तरण सम्बन्धी नीति तथा मापदण्ड (जिल्ला) | संख्या | | २ | २ | २ | २ | ३ | ११ | " |
| १९ | | | | ग | लिखत तथा श्रेस्ताको संरक्षणमा डिजिटल प्रविधिको प्रयोग (जिल्ला) | संख्या | | | १ | २ | ३ | ५ | ११ | " |

## ४.४.८ नतिजा

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७५/७६ | उपलब्धि | | | | | योजना अवधिका उपलब्धि | पुष्ट्याइँको स्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान | प्रसंग संकेत | दीगल संकेत | दीविल संकेत | कृवि | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | | | | | | | | |
| **प्रभाव** | **भूमिको वैज्ञानिक व्यवस्थापन भई सामाजिक न्यायमा आधारित भू-स्वामित्व स्थापना भएको हुने** | **वैज्ञानिक व्यवस्थापन अन्तर्गतको भूमिको अंश** | **प्रतिशत** | | | | | | | | **भूकृसमको प्रगति प्रतिवेदन** | **भूकृसम/संकृम** | | ३ | ४ | १२ | १ | |
| **असर १** | वैज्ञानिक भू-उपयोग प्रणाली लागू भई भूमि स्रोतको विवेकशील प्रयोगको वातावरण सिर्जना भएको हुने | प्रदेश स्तरीय भू-उपयोग प्रणाली को विकास र कार्यान्वयन हुने | संख्या | | | १ | | | | १ | अध्ययन प्रतिवेदन | भूकृसम/संकृम | | ३ | ४ | १२ | १ | |
| | | भू-उपयोग प्रणाली प्रयोगको सुरुवात गरिएका पालिकाहरू | संख्या | | | ५ | १० | ३० | ४० | ८५ | भूकृसमको प्रगति प्रतिवेदन | भूकृसम/संकृम | | ३ | ४ | १२ | १ | |
| **प्रतिफल १.१** | भू-उपयोग, भूमि प्रशासन र जग्गा नापजाँच, गुठी जग्गा व्यवस्थापन सम्बन्धी नीति, कानून, मापदण्ड, निर्माण भएको हुने | प्रदेशस्तरीय भू-उपयोग, भूमि व्यवस्थापन तथा चक्लाबन्दी, गुठी जग्गा व्यवस्थापन सम्वन्धी नीति तथा कानूनको निर्माण | प्याकेज | | | १ | | | | १ | अध्ययन प्रतिवेदन | भूकृसम | चक्लाबन्दीमा किसान आकर्षित हुने | ३ | ४ | १२ | १ | |
| **प्रतिफल १.२** | जमिनको स्वामित्वको व्यवस्थापन र जमिनमा विपन्न भूमिहीन सुकुम्बासीहरूको पहुँच बृद्धि भएको हुने | भूमिहिन तथा सुकुम्वासीहरूका निम्ति जग्गा व्यवस्थापन भएका जिल्लाहरूको संख्या | संख्या | | २ | २ | २ | २ | ३ | ११ | प्रगति प्रतिवेदन | " | | ३ | ४ | १२ | १ | |
| **प्रतिफल १.३** | बस्ती विकास व्यवस्थित भएको हुने | सुरक्षित वसोबास तथा जग्गा एकीकरण नीतिले समेटेको क्षेत्रफल | हेक्टर | | १५ | १०० | २०० | २८० | ४२० | १०१५ | भूकृसमको प्रगति प्रतिवेदन | " | | ३ | ४ | १२ | १ | |
| | | Land Pooling कार्यक्रमले समेटेको क्षेत्रफल | हेक्टर | | १५ | १०० | २०० | ३०० | ४०० | १०१५ | " | " | | ३ | ४ | १२ | १ | |
| **प्रतिफल १.४** | भूमि बैंकको स्थापना भएको हुने तथा जग्गाको चक्लाबन्दीलाई प्रोत्साहन मिलेको हुने | चक्लाबन्दी प्रवर्द्धन कार्यक्रमले समेटेको क्षेत्रफल | हेक्टर | १३ | २०० | ३०० | ४०० | ६०० | ६०० | २१०० | " | " | | ३ | ४ | १२ | १ | |
| | | भूमि बैंक मार्फत् जग्गा चक्लाबन्दी, करार तथा भोगाधिकारले समेटेको क्षेत्रफल | हेक्टर | | | १५ | ५० | १०० | २०० | ३६५ | भूकृसमको प्रगति प्रतिवेदन | भूकृसम | | ३ | ४ | १२ | १ | |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७५/७६ | उपलब्धि | | | | | योजना अवधिका उपलब्धि | पुष्ट्याइँको स्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान | प्रसंस संकेत | दीराल संकेत | दीविल संकेत | कृवि | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/११ | | | | | | | | | |
| | | कृषक परिवारले चलन गरेको प्रति कित्ता जमिनको आकार | हेक्टर | ०.२ | ०.२ | ०.२ | ०.२२ | ०२५ | ०.३ | ०.३ | भूकृसमको प्रगति प्रतिवेदन | भूकृसम | | ३ | ४ | १२ | १ | |
| **असर २** | विकास निर्माणका लागि आवश्यक नाप, नक्सा तथा भौगोलिक सूचना सर्वसुलभ उपलब्ध हुने | जग्गा सम्बन्धी नाप, नक्सा तथा भौगोलिक सूचना सहज पाउन सक्ने जिल्ला | संख्या | | | २ | ३ | ३ | ३ | ११ | " | " | | ३ | ४ | १२ | १ | |
| **प्रतिफल २.१** | भू-उपयोग नक्सा, तथ्याङ्क र भू-उपयोग योजना तयार भएको हुने | प्रदेशस्तरीय भू-उपयोग, भू-क्षमता नक्सांकन भई भू-उपयोग योजना लागू भएका जिल्लाहरू | संख्या | | | २ | ३ | ३ | ३ | ११ | " | " | संघको सहयोग हुने | ३ | ४ | १२ | १ | |
| | | भू-उपयोग डाटावेस व्यवथापन भएका जिल्लाहरू | संख्या | | | २ | ३ | ३ | ३ | ११ | " | " | | ३ | ४ | १२ | १ | |
| **प्रतिफल २.२** | एकीकृत् प्रादेशिक डिजिटल भू-सूचना प्रणालीको विकास भएको हुने | भू-सूचना प्रणाली तथा मालपोत अभिलेख भएका जिल्लाहरूको संख्या | संख्या | | २ | ३ | २ | २ | २ | ११ | " | " | | ३ | ४ | १२ | १ | |
| **प्रतिफल २.३** | नक्सा तथा भौगोलिक सूचनाहरू तयार भई अद्यावधिक भएको हुने | जग्गाको नाप नक्सा र अभिलेख व्यवस्थापन भएका जिल्लाहरू | संख्या | १ | २ | २ | २ | २ | २ | ११ | " | " | | ३ | ४ | १२ | १ | |
| | | भौगोलिक सूचना तथा अभिलेख व्यवस्थापन भएका जिल्लाहरू | संख्या | | | ३ | ३ | ३ | २ | ११ | " | " | | ३ | ४ | १२ | १ | |
| **प्रतिफल २.४** | कित्ता नापी कार्यलाई व्यवस्थित भएको हुने | नियन्त्रण विन्दुको संख्या | संख्या | | ५ | ५० | १०० | १५० | १९५ | ५०० | " | " | | ३ | ४ | १२ | १ | |
| **असर ३** | भूमि व्यवस्थापन सम्बन्धी सेवा सरल, सहज, पारदर्शी र प्रभावकारी बनेको हुने | भूमि सम्बन्धी सेवा सरल, सहज, पारदर्शी र प्रभावकारी हुने | प्याकेज | | | १ | | | | १ | अध्ययन प्रतिवेदन | " | | ३ | ४ | १२ | १ | |
| **प्रतिफल ३.१** | भूमि प्रशासन सम्बन्धी श्रेस्ताहरू डिजिटाईज्ड भएको हुने | श्रेस्ता डिजिटाईज्ड भएका जिल्लाहरू | संख्या | | | १ | २ | ३ | ५ | ११ | भूकृसमको प्रगति प्रतिवेदन | " | जनशक्ति उपलब्ध हुने | ३ | ४ | १२ | १ | |

## ४.५ सहकारी क्षेत्र

### ४.५.१ पृष्ठभूमि

सहकारी प्रदेश अर्थतन्त्रको सरकारी र निजी सरहको एक महत्वपूर्ण आधारस्तम्भ हो । गण्डकी प्रदेशमा उत्पादक, उपभोक्ता, वित्तीय, बहुउद्देश्यीय र सेवाको क्षेत्रमा गरी करिब ३,४०० संख्याको हाराहारीमा सहकारी संघसंस्थाहरू सञ्चालनमा रहेका छन् । सहकारी कानून, सहकारीको सिद्धान्त, मूल्य मान्यताको भावनाअनुरुप यस क्षेत्रमा छरिएर रहेको श्रम, सीप, पुँजी, प्रविधि र ज्ञानलाई उत्पादनशील क्षेत्रमा परिचालन गरी गरिबी न्यूनीकरण, स्वरोजगारी तथा उत्पादनमूलक रोजगारीको सिर्जना, सामाजिक एकीकरण तथा वातावरण संरक्षण, उत्पादन तथा उत्पादकत्व बृद्धि गर्दै आयातलाई प्रतिस्थापन गर्न सहकारीको विकास आवश्यक छ ।

### ४.५.२ प्रमुख समस्या

आम नागरिकमा सहकारीको उपयोग र उपादेयता बारेमा पर्याप्त जानकारी नहुनु, सहकारी संघसंस्थामा विधिको अज्ञानता वा पर्याप्त प्रशिक्षणको कमीले अनुशासन तथा सुशासनको अवस्था सन्तोषजनक नहुनु, सहकारी क्षेत्रको पुँजी उत्पादनशील क्षेत्रमा लगानी तथा परिचालन हुन नसक्नु, र प्रादेशिक प्रशिक्षण, नियमन, सूचना प्रणालीको संरचना स्थापना नहुनाले सहकारीको यथार्थ तथ्याङ्क तथा विवरण प्राप्त हुन नसक्नु आदि यस क्षेत्रका समस्याहरू हुन् ।

### ४.५.३ चुनौती र अवसर

**चुनौती**

सहकारी सम्बन्धी प्रादेशिक नीतिगत, कानूनी एवम् संस्थागत संरचना निर्माण गर्नु, उत्पादन तथा उत्पादकत्व बृद्धिका लागि उत्पादनशील एवम् व्यावसायिक क्षेत्रमा सहकारीको योगदान अभिवृद्धि गर्नु, सहकारी संस्थाहरूमा सीमान्तकृत्, वञ्चितीकरणमा परेका वर्ग, आय वर्ग तथा समुदायलाई समेटी समावेशी बनाउनु, सहकारी संस्थाहरूमा संस्थागत एवम् वित्तीय अनुशासन बढाउनु, सहकारी संस्था सञ्चालन एवम् व्यवस्थापनका लागि क्षमता र दक्षता वृद्धि गर्नु र प्रादेशिक नियमनकारी निकायको संरचना स्थापना गरी प्रभावकारी नियमन गर्नु आदि यस क्षेत्रका चुनौतीहरू हुन् ।

**अवसर**

प्रदेश सरकारले सहकारी क्षेत्रलाई प्राथमिकतामा राख्नु, प्रदेशमा उल्लेखनीय मात्रामा सहकारी संस्थाहरू रहनु र यसको संख्या वृद्धि हुदै जानु, सहकारी क्षेत्रसँग रहेको ठूलो पूर्वाधार निर्माण तथा उत्पादनको क्षेत्रमा परिचालन गर्न सकिने सम्भावना रहनु, सहकारी कानूनको पालना, सहकारीहरू बीच सहकार्य एवम् सहयोगको भावनाको विकास हुदै जानु, सहकारी क्षेत्रको पुँजीलाई उत्पादनको क्षेत्रमा आकर्षित गर्न तीनै सरकार प्रतिबद्ध रहदै नीतिहरू बन्नु, निजी क्षेत्र र सहकारी क्षेत्र बीच सहकार्य वृद्धि हुँदै जानु, सहकारी संचालकहरू उत्पादनको क्षेत्रमा लगानी गर्न थप उत्सुक हुनु आदि यस क्षेत्रका अवसरहरू हुन् ।

### ४.५.४ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

**सोच**

सहकारी परिचालन गरी समाजवाद उन्मुख समृद्धि हाँसिल गर्न टेवा पुऱ्याउने ।

**लक्ष्य**

स्थानीय, श्रम, सीप, पुँजी, प्रविधि, ज्ञान र बजारको अधिकतम परिचालन गरी उत्पादन र उत्पादकत्वमा गुणस्तरीय बृद्धि गर्दै आयातमा न्यूनीकरण गर्ने ।

**उद्देश्य**

१. सहकारी क्षेत्रमा सुशासन कायम गर्नु ।

२. सहकारीको स्रोत पहिचान गरी उत्पादनको क्षेत्रमा लगानी गर्नु ।

३. स्वरोजगार एवम् रोजगार सिर्जना गरी गरिबी न्यूनीकरण गर्नु ।

### ४.५.५ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १ः सहकारी क्षेत्रमा सुशासन कायम गर्नु ।** | |
| १.१ आवश्यक नीतिगत एवम् कानूनी व्यवस्था र संस्थागत संरचनाको स्थापना गर्ने । | १.१.१ सहकारी सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्ड तर्जुमा गरिनेछ ।<br>१.१.२ सहकारी प्रशिक्षण, नियमन तथा सूचना प्रणालीको स्थापना गरी कार्यान्वयन गरिनेछ । |
| १.२ जनचेतना र नियमन कार्यलाई प्रभावकारी बनाउने । | १.२.१ सहकारी क्षेत्रमा कानून, सिद्धान्त, मूल्य मान्यताको परिपालना, जनचेतना अभिबृद्धि,स्वनियमन, प्रभावकारी अनुगमन तथा मूल्याङ्कन गर्ने प्रणालीको विकास गरिनेछ । |
| **उद्देश्य २ः सहकारीको स्रोत पहिचान गरी उत्पादनको क्षेत्रमा लगानी गर्नु ।** | |
| २.१ लगानीको सम्भाव्य क्षेत्र पहिचान गर्ने । | २ १.१ सहकारी क्षेत्रसँग समन्वय तथा सहकार्य गरी स्थानीय श्रम, सीप, पुँजी, प्रविधि, ज्ञान र बजारको साथै लगानीको क्षेत्र पहिचान गरिनेछ । |
| २.२ उत्पादन क्षेत्रमा लगानी अभिबृद्धि गर्ने । | २.२.१ सहकारी खेती, उद्योग, सेवा र व्यवसायको विकास तथा प्रवर्द्धनका लागि भौतिक पूर्वाधारको विकास गरिनेछ ।<br>२.२.२ सहकारीको माध्यमबाट कृषि क्षेत्रको व्यावसायीकरणमा सहयोग गरिनेछ ।<br>२.२.३ वित्तीय सहकारीको ३० प्रतिशत र उत्पादक सहकारीको ७० प्रतिशत पुँजी कृषि तथा उत्पादनको क्षेत्रमा लगानी गर्ने नीति कार्यान्वयन गरिनेछ ।<br>२.२.४ एक सहकारी एक उत्पादनको नीतिलाई कार्यान्वयन गरिनेछ । |
| **उद्देश्य ३ः स्वरोजगार एवम् रोजगार सिर्जना गरी गरिबी न्यूनीकरणमा सहयोग गर्नु ।** | |
| ३.१ आर्थिक तथा सामाजिक रुपमा पछि परेको व्यक्ति वर्ग तथा समुदायको पहिचान गर्ने । | ३.१.१ विपन्न तथा पिछडिएका, वञ्चितीकरणमा परेका वर्ग, क्षेत्र  र समुदायको पहिचान गरिनेछ । |
| ३.२ लक्षित वर्ग र समुदायको सहकारीमा पहुँच बृद्धि गर्ने । | ३.२.१ विपन्न महिला, सीमान्तकृत् गरिब, अपाङ्गता भएका व्यक्ति, भूमिहीन तथा पिछडिएको समुदाय र श्रमिकको सहकारीमा पहुँच विस्तार गरिनेछ । |
| ३.३ व्यवसायी युवा तथा लक्षित वर्गले सञ्चालन गर्ने सहकारी र व्यवसायको उत्थान तथा प्रवर्द्धनमा सहयोग गर्ने । | ३.३.१ युवा, महिला, गरिब, सीमान्तकृत्, अपाङ्गता भएका व्यक्ति, भूमिहीन तथा पिछडिएका वर्ग र श्रमिकको जीवन स्तरमा सुधार ल्याउन सहकारी पद्धतिको व्यवसायमा पहुँच बढाइनेछ । |

### ४.५.६ कार्यक्रमको प्राथमिकता

१. एक सहकारी एक उत्पादन कार्यक्रमको प्रवर्द्धन ।

२. सहकारी क्षेत्रको कुल लगानी मध्ये ३० प्रतिशत उत्पादनमूलक क्षेत्रमा लगानी गर्ने ।

### ४.५.७ विस्तृत कार्यक्रम

| क्र.सं. | उद्देश्य नं. | रणनीति नं. | कार्यनीति नं. | संकेत | कार्यक्रम | इकाई | आधार वर्ष २०७५/७६ | लक्ष्य | | | | | योजना अवधिको जम्मा लक्ष्य | जिम्मेवार निकायहरू |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | |
| १ | १ | १.१ | १.१.१ | क | सहकारी सम्बन्धी प्रादेशिक नीति एवम् कानूनहरूको तयारी | संख्या | ४ | ३ | १ | १ | १ | १ | ९ | भूकृसम |
| २ | | | १.१.२ | क | लक्षित वर्ग र क्षेत्रका व्यक्तिहरू पहिचानका लागि तथ्याङ्क संकलन | संख्या | | | १ | निरन्तर | निरन्तर | निरन्तर | १ | ” |
| ३ | | | | ख | सहकारी तथा गरिबी निवारण सम्बन्धित सूचना प्रणाली (COPOMIS) सञ्चालन बारे तालिम | संख्या | | | १० | १० | १० | १० | ४० | भूकृसम सम्बन्धित स्थानीय तह |
| ४ | | | | ग | प्रादेशिक प्रशिक्षण तथा सूचना केन्द्रका लागि सहकारी निर्देशनालय (१ वटा) र डिभिजन कार्यालय (२ वटा) स्थापना गर्ने | संख्या | | १ | २ | | | | ३ | भूकृसम/संघीय सरकार |
| ५ | | १.२ | १.२.१ | क | सहकारीहरूको एकीकरण | संख्या | | | २० | २० | २० | २० | ८० | भूकृसम |
| ६ | | | | ख | सहकारी सचेतना, पूर्व सहकारी शिक्षा, सशक्तीकरण, दिगो जीविकोपार्जन, संस्था गठन, सञ्चालन, विकास सम्बन्धी सहकारी शिक्षा र तालिम | संख्या | | | २० | २० | २० | २० | ८० | भूकृसम र सम्बन्धित स्थानीय तह |
| ७ | | | | क | सहकारी संघसंस्था सम्बन्धित तथ्याङ्क संकलन, तथा व्यवस्थापन, निष्कृय सहकारी संघसंस्था पहिचान तथा खारेजी | संख्या | १०० | १०० | १०० | २०० | २०० | २०० | ८०० | भूकृसम |
| ८ | | | | ग | सहकारी चेतना विस्तार गर्ने सूचनामूलक कार्यक्रम सञ्चालन, एफ एम रेडियो, पत्रपत्रिका, टेलिभिजन आदि मार्फत् जानकारीमूलक सूचना प्रवाह, जानकारीमूलक डकुमेन्ट्री तयार गर्ने | प्याकेज | | | २ | २ | २ | २ | ८ | ” |
| ९ | २ | २.१ | २.१.१ | ख | लगानीको क्षेत्र पहिचानको लागि अध्ययन | संख्या | | | १ | निरन्तर | निरन्तर | निरन्तर | १ | ” |
| १० | | २.२ | २.२.१ | क | उत्पादनमूलक सहकारी संस्थालाई भौतिक पूर्वाधार निर्माणमा वित्तीय सहयोग | संख्या | | २ | ५ | ७ | ९ | १० | ३३ | ” |
| ११ | | | | क | सहकारीलाई प्रोत्साहन गर्न मेला, महोत्सव, दिवस सहयोग कार्यक्रम | वटा | ९ | १० | १० | १० | १० | ११ | ५१ | ” |

| क्र.सं. | उद्देश्य नं. | रणनीति नं. | कार्यनीति नं. | संकेत | कार्यक्रम | इकाई | आधार वर्ष २०७५/७६ | लक्ष्य | | | | | योजना अवधिको जम्मा लक्ष्य | जिम्मेवार निकायहरू |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | |
| १२ | | | २.२.१ | क | उत्पादन, संकलन, प्रशोधन तथा बजारीकरण गर्ने सहकारीलाई तालिम, प्रविधि, पूर्वाधार तथा वित्तीय अनुदान प्रदान | संख्या | २०० | ३०० | ३०० | ४०० | ४०० | ४०० | १८०० | भूकृसम |
| १३ | | | | ख | सहकारी क्षेत्रको प्रभावकारी नियमनका लागि एकीकृत् अनुगमन प्रणालीको विकास गर्ने | वटा | २० | २० | २० | २० | २० | २० | १०० | भूकृसम र स्थानीय तह |
| १४ | | | | क | उत्पादनमूलक क्षेत्रमा धेरै लगानी गर्ने सहकारी संस्थालाई पुरस्कृत गर्ने | वटा | | | १० | १० | १० | १० | ४० | भूकृसम |
| १५ | | | २.२.३ | क | उत्पादन क्षेत्रको लगानीको प्रभाव अध्ययन | वटा | | | ५ | ७ | ९ | १० | ३१ | ” |
| १६ | | | २.२.४ | क | उत्पादनमूलक सहकारी संस्थालाई विशेष प्रोत्साहन | वटा | ६ | १० | १२ | १७ | २० | २० | ७९ | ” |
| १७ | | | | ग | एक सहकारी एक उत्पादनको लागि आवश्यक सहयोग, संकलन, प्रशोधन, बजार व्यवस्थापनका क्षेत्रहरूको अध्ययन, अनुसन्धान | प्याकेज | | | १ | निरन्तर | निरन्तर | निरन्तर | १ | भूकृसम/ नेपाल सरकार |
| १८ | ३ | ३.१ | ३.१.१ | क | विपन्न तथा पिछडिएका, वञ्चितीकरणमा परेका, वर्ग, क्षेत्र र समुदायको पहिचान सम्बन्धी अध्ययन | संख्या | | | | १ | | | १ | भूकृसम |
| १९ | ३ | ३.२ | ३.२.१ | क | सहकारीमा आवद्धता तथा सहकारी दर्ता | संख्या | | | १० | १० | १५ | १५ | ५० | भूकृसम |
| २० | ३ | ३.३ | ३.३.१ | ख | माग र आवश्यकताका आधारमा सहयोग (सीपमूलक तालिम, सहुलियत ऋण, वस्तुगत सहयोग, बिउ पुँजी, प्राविधिक सहयोग र सहभागितामा आधारित पुँजीगत अनुदान आदि) उपलब्ध गराउने | संख्या | | | १० | १० | १५ | १५ | ५० | भूकृसम र सम्बन्धित स्थानीय तह |

### ४.५.८ नतिजा

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७५/७६ | उपलब्धि | | | | | योजना अवधिका उपलब्धि | पुष्ट्याईंको स्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान | प्रसारं संकेत | दीराल संकेत | दीविल संकेत | कृविरसं | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | | | | | | | | |
| **प्रभाव** | **स्थानीय, श्रम, सीप, पुँजी, प्रविधि, ज्ञान र बजारको अधिकतम परिचालन मार्फत् उत्पादन र उत्पादकत्वमा गुणस्तरीय वृद्धि भई आयातमा न्यूनीकरण भएको हुने** | **उत्पादन क्षेत्रमा सहकारीको लगानी वृद्धि हुने** | **प्रतिशत** | | | | | | | ३०० | **भूकृसमको प्रगति प्रतिवेदन, प्रभव मूल्याक्तन, अध्ययन प्रतिवेदन** | **भूकृसम** | | ३ | ४ | २ | १ | |
| | | **खाद्यान्नको उत्पादकत्वमा गुणस्तरीय वृद्धि हुने** | **टन हेक्टर** | | | | | | | | **अध्ययन प्रतिवेदन** | " | | ३ | ४ | २ | १ | |
| | | **खाद्यवस्तुको आयातमा कम हुने** | **मेट्रिक टन** | | | | | | | | " | " | | ३ | ४ | २ | १ | |
| **असर १** | सहकारी क्षेत्रमा सुशासन कायम भएको हुने | एक सहकारी एक उत्पादन भएको हुने | संख्या | | | १०० | २०० | ३०० | ४०० | १००० | भूकृसमको प्रगति प्रतिवेदन, अध्ययन प्रतिवेदन | " | | ३ | ४ | २ | १ | |
| | | सहकारीको अनुगमन नियमन भएको हुने | संख्या | | २०० | ५०० | ७०० | ८०० | ९०० | ३१०० | " | " | | ३ | ४ | २ | १ | |
| | | सूचना प्रणाली (COPOMIS) सञ्चालन हुने | प्याकेज | | १ | | | | | १ | " | " | | ३ | ४ | २ | १ | |
| **प्रतिफल १.१.** | सहकारी सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्डको तर्जुमा भएको हुने | सहकारी सम्बन्धी प्रादेशिक नीति एवम् कानूनहरूको तयारी | संख्या | ४ | ३ | ३ | १ | १ | १ | ९ | " | " | | ३ | ४ | २ | १ | |
| **प्रतिफल १.२** | सहकारी प्रशिक्षण, नियमन तथा सूचना प्रणालीको स्थापना भई कार्यान्वयन भएको हुने | प्रादेशिक प्रशिक्षण तथा सूचना केन्द्रका लागि सहकारी निर्देशनालय (१ वटा) र डिभिजन कार्यालय (२ वटा) को स्थापना | संख्या | | | २ | १ | | | ३ | " | भूकृसम, नेपाल सरकार | | ६ | २ | २ | १ | |
| | | सहकारी तथा गरिबी निवारण सम्बन्धित सूचना प्रणाली (COPOMIS) सञ्चालन बारे तालिम | तालिमको संख्या | | | १० | १० | १० | १० | ४० | भूकृसमको वार्षिक प्रतिवेदन | भूकृसम | | ३ | ४ | २ | १ | |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७५/७६ | उपलब्धि | | | | | योजना अवधिका उपलब्धि | पुष्ट्याइँको स्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान | प्रसं संकेत | दीराल संकेत | दीविल संकेत | कृविरसं | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | | | | | | | | |
| **प्रतिफल १.३** | सहकारी क्षेत्रमा कानून, सिद्धान्त, मूल्य मान्यताको परिपालना, जनचेतना अभिवृद्धि, स्वनियमन, प्रभावकारी अनुगमन तथा मूल्याङ्कन गर्ने प्रणालीको विकास भएको हुने | एकीकरण भएका सहकारीहरूको संख्या | संख्या | | | २० | २० | २० | २० | ८० | भूकृसमको वार्षिक प्रतिवेदन | भूकृसम | | ३ | ४ | २ | ३ | |
| | | सहकारी शिक्षा र तालिम | संख्या | | | २० | २० | २० | २० | ८० | " | भूकृसम स्थानीय तह | | ३ | ४ | २ | १ | |
| | | निष्कृय सहकारी संघसंस्थाको पहिचान तथा खारेजी | संख्या | १०० | १०० | १०० | २०० | २०० | २०० | ८०० | " | भूकृसम | | ३ | ४ | २ | २ | |
| | | सहकारी चेतना विस्तार गर्ने सूचनामूलक कार्यक्रम तथा सूचना प्रवाह | संख्या | | | २ | २ | २ | २ | ८ | " | प्रदेशका सम्बन्धित मन्त्रालय | | ३ | ४ | २ | २ | |
| **असर २** | सहकारीको स्रोत पहिचान भई उत्पादनको क्षेत्रमा लगानी भएको हुने | सहकारी क्षेत्रको कुल लगानी मध्ये ३० प्रतिशत उत्पादनमूलक क्षेत्रमा लगानी हुने | प्रतिशत | ७ | १५ | २० | २५ | ३० | ३० | ३० | " | | | ३ | ४ | २ | २ | |
| **प्रतिफल २.१** | सहकारी खेती, उद्योग, सेवा र व्यवसायको विकास तथा प्रवर्द्धनका लागि भौतिक पूर्वाधारको विकास भएको हुने | भौतिक पूर्वाधार निर्माणमा वित्तीय सहयोग प्राप्त उत्पादनमूलक सहकारी संस्थाको संख्या | संख्या | | २ | ५ | ७ | ९ | १० | ३३ | " | भूकृसम | | ३ | ४ | २ | ४ | |
| **प्रतिफल २.२** | सहकारीको माध्यमबाट कृषि क्षेत्रको व्यावसायीकरणमा सहयोग पुगेको हुने | सहकारीको एकीकृत् अनुगमन हुने | संख्या | २० | २० | २० | २० | २० | २० | १०० | " | भूकृसम, र स्थानीय तह | | ३ | ४ | २ | १ | |
| | | उत्पादनमूलक क्षेत्रमा धेरै लगानी गर्ने सहकारी पुरस्कृत हुने | संख्या | | | १० | १० | १० | १० | ४० | " | भूकृसम | | ३ | ४ | २ | १ | |
| | | उत्पादन, संकलन, प्रशोधन तथा बजारीकरण गर्ने सहकारी | संख्या | २०० | ३०० | ३०० | ४०० | ४०० | ४०० | १८०० | भूकृसमको वार्षिक प्रतिवेदन | " | सहकारी क्षेत्रसँग समन्वय तथा सहकार्य | ३ | ४ | २ | ३ | |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७५/७६ | उपलब्धि २०७६/७७ | उपलब्धि २०७७/७८ | उपलब्धि २०७८/७९ | उपलब्धि २०७९/८० | उपलब्धि २०८०/८१ | योजना अवधिका उपलब्धि | पुष्ट्याइँको स्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान | प्रसंग संकेत | दीराल संकेत | दीविल संकेत | कृविसं | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **प्रतिफल** २.३ | वित्तीय सहकारीको ३० प्रतिशत र उत्पादक सहकारीको ७० प्रतिशत पुँजी कृषि तथा उत्पादनको क्षेत्रमा लगानी गर्ने नीति कार्यान्वयन भएको हुने | सहकारी क्षेत्रले उत्पादनमा लगाएको लगानीको प्रभाव मूल्याङ्कन | संख्या | | | १ | १ | १ | १ | ४ | भूकूसमको वार्षिक प्रतिवेदन | भूकूसम | | ३ | ४ | २ | १ | |
| **प्रतिफल** २.४ | एक सहकारी एक उत्पादनको नीति कार्यान्वयन भएको हुने | विशेष प्रोत्साहन पाएका उत्पादनमूलक सहकारी संस्थाहरू | संख्या | ६ | १० | १२ | १७ | २० | २० | ७९ | " | " | | ३ | ४ | २ | ३ | |
| **असर ३** | स्वरोजगार एवम् रोजगार सिर्जना भई गरिबी न्यूनीकरणमा सहयोग पुगेको हुने | स्वरोजगार | संख्या | | | | | | | | अध्ययन प्रतिवेदन/ सर्वेक्षण | भूकूसम, र संघीय सरकार | | ३ | ४ | २ | ३ | |
| | | रोजगारमा वृद्धि हुने | संख्या | | | | | | | | अध्ययन प्रतिवेदन/ सर्वेक्षण | भूकूसम, र संघीय सरकार | | ३ | ४ | २ | ३ | |
| **प्रतिफल** ३.१ | विपन्न तथा पिछडिएका, वञ्चितीकरणमा परेका वर्ग, क्षेत्र र समुदायको पहिचान भएको हुने | विपन्न तथा पिछडिएका, वञ्चितीकरणमा परेका वर्ग, क्षेत्र र समुदायको पहिचान अध्ययन | संख्या | | | १ | | | | १ | वार्षिक प्रतिवेदन | साविम | | ३ | ४ | २ | ३ | |
| **प्रतिफल** ३.२ | विपन्न महिला, सीमान्तकृत् गरिब, अपाङ्गता भएका व्यक्ति, भूमिहीन तथा पिछडिएको समुदाय र श्रमिकको सहकारीमा पहुँच विस्तार भएको हुने | लक्षित वर्गका लागि सञ्चालित सहकारी संख्या | संख्या | | | १० | १० | १५ | १५ | ५० | " | भूकूसम | | ३ | ४ | २ | ३ | |
| **प्रतिफल** ३.३ | युवा, महिला, गरिब, सीमान्तकृत्, अपाङ्गता भएका व्यक्ति, भूमिहीन तथा पिछडिएका वर्ग र श्रमिकको जीवन स्तरमा सुधार ल्याउन सहकारी पद्धतिको व्यवसायमा पहुँच बढेको हुने | प्राविधिक सहयोग वा सहभागितामा आधारित पूँजिगत अनुदान प्राप्त युवा तथा लक्षित वर्ग | संख्या | | | १० | १० | १५ | १५ | ५० | " | भूकूसम र सम्बन्धित स्थानीय तह | | ३ | ४ | २ | ३ | |
| **लगानीः जनशक्ति, पुँजी, जमिन, प्रविधि, उपकरण, तालिम, वार्षिक कार्यक्रम र बजेट, सफ्टवेयर** | | | | | | | | | | | | | | | | | | |

## ४.६ वन, भू-संरक्षण र जैविक विविधता

### ४.६.१ पृष्ठभूमि

प्रदेशको कुल क्षेत्रफलमध्ये ८,१४६.३ वर्ग कि.मि. (३७.८ प्रतिशत) वनले ढाकेको छ। प्रदेशको अधिकांश भू-भाग भिरालो र कमजोर भू-बनोट हुनाले वर्षातको समयमा हुने भू-क्षय, बाढी र पहिरोका कारण हुने ठूलो जनधनको क्षति न्यूनीकरण गर्न माटो र पानीको संरक्षण गरी दिगो विकास तथा जनताको जीविकोपार्जनमा टेवा पुऱ्याउन एकीकृत् जलाधार व्यवस्थापन तथा नदी प्रणालीमा आधारित भू तथा जलाधार संरक्षण कार्यक्रम विगत देखि नै सञ्चालन हुँदै आएका छन्। यस्तै जैविक विविधताको हिसाबले पनि गण्डकी प्रदेश नेपालकै धनी प्रदेश मानिन्छ। यस प्रदेशमा चितवन राष्ट्रिय निकुञ्ज र ढोरपाटन शिकार आरक्षको आंशिक भाग र अन्नपूर्ण र मनास्लु संरक्षण क्षेत्रको पुरै भाग गरी कुल १०,०३९.५१ वर्ग कि.मि. क्षेत्रफल संरक्षित क्षेत्र भित्र पर्दछ। नेपालको कुल क्षेत्रफलको ६.८२ प्रतिशत, नेपालका संरक्षित क्षेत्रहरूको कुल २९.१७ प्रतिशत र गण्डकी प्रदेशको कुल क्षेत्रफलको ४५.६८ प्रतिशत रहेका संरक्षित क्षेत्रहरू नेपालको राष्ट्रिय कभरेज भन्दा झण्डै दोब्बर (राष्ट्रिय कभरेज २३.३९ प्रतिशत) छ। संरक्षित क्षेत्रको माध्यमबाट व्यवस्थापन गरी विश्व प्रसिद्ध पाटेबाघ, एकसिङ्गेगैंडा, हिँउचितुवा, कस्तुरी मृग, हाब्रे लगायतका वन्यजन्तु, वनस्पति र जैविक विविधताको संरक्षण, सम्वर्द्धन, पर्यापर्यटन प्रवर्द्धन र मध्यवर्ती क्षेत्रका बासिन्दाको जीवन स्तरमा सुधार हुँदै आएको छ। यस बाहेक स्थानीय संरक्षणमार्फत् तनहुँमा भानुभक्त प्राणी उद्यान र कास्की जिल्ला पोखरा महानगरपालिकाको पचभैयामा प्रदेश स्तरीय प्राणी उद्यान स्थापना गर्नका लागि पहल भइरहेको छ। समग्रमा, वन, जलाधार तथा जैविक विविधता संरक्षणबाट प्रदेशको सम्वृद्धिमा टेवा पुऱ्याउन यस क्षेत्रका समस्याहरूको सम्वोधन गर्ने गरी उपयुक्त नीति, ऐन, नियम र सांगठनिक संरचना अपरिहार्य हुन्छ। साथै वैज्ञानिक वन व्यवस्थापनसहितको योजना र तदनुरुपका बजेट तथा कार्यक्रमको व्यवस्थित खाका जरुरी रहेको छ।

### ४.६.२ प्रमुख समस्या

वातावरणीय सेवाहरूले राज्यको अर्थतन्त्रमा पुऱ्याएको योगदानको गणना हुन नसकी दिगो विकास लक्ष्यमा यसले पुऱ्याउने योगदानको न्यून मूल्याङ्कन भई प्राथमिकतामा पर्न नसकेको, उत्पादनशील वनलाई पूर्ण क्षमतामा व्यवस्थापन गर्न नसकिएका, व्यवस्थापन तथा विकासमा राज्यको लगानीको अभाव रहेको, अव्यवस्थित भौतिक संरचनाका कारण वन क्षेत्रको विनास, क्षयीकरण, खण्डीकरण, वन तथा जलाधार क्षेत्रका स्रोतहरूको क्षयीकरण भएको, बढ्दो वातावरणीय प्रदूषण तथा जलवायु परिवर्तनका असरहरूको यथोचित समाधान हुन नसक्नु तथा वढ्दो मानव वन्यजन्तु द्वन्द्व र यसको व्यवस्थापनमा कठिनाई हुनु प्रमुख समस्याका रुपमा रहेका छन्।

### ४.६.३ चुनौती र अवसर

**चुनौती**

मुलुक संघीय राजनीतिक व्यवस्थामा अघि बढेसँगै वन तथा जलाधार क्षेत्रको सङ्गठनात्मक संरचना तयार पार्नु र कार्यान्वयनमा ल्याउन अन्तर्राष्ट्रिय सन्धि-सम्झौतामा नेपाल सरकारले गरेका प्रतिबद्धतालाई गण्डकी प्रदेशस्तरमा सहज रुपमा कार्य गर्नका लागि नीति, कानून र कार्यक्रमहरू स्पष्ट पारी कार्यान्वयनमा ल्याउनु, भूकम्प, बाढी, भूस्खलनबाट पारिस्थितिकीय सेवामा भएको विनाश र नोक्सानीको पूर्ति गर्न तथा भूकम्प पीडितहरूको आवश्यकतालाई सहज र सरल तरिकाले परिपूर्ति गर्नका लागि वैकल्पिक योजना तर्जुमा गरेर थप स्रोत जुटाउनु, हिमाली क्षेत्रको उचित संरक्षण हुन नसक्दा तल्लो तटीय क्षेत्रमा परेको नकारात्मक प्रभाव र संक्रमणकालीन राजनैतिक अवस्थामा वन क्षेत्रको संरक्षणमा पर्ने प्रभावका साथै चुरे क्षेत्रको कमजोर भूगर्भ र अव्यवस्थित दोहनबाट भावर र तराई क्षेत्रको जीवनाधारमा परेको जोखिम न्यूनीकरण गर्नु, मुलुकको दक्षिणवर्ती भू-भागमा बसोवास गर्ने वनक्षेत्रबाट टाढा रहेका घरधुरीहरूको वनबाट प्राप्त हुने वस्तु तथा सेवाहरूमा पहुँच पुऱ्याउनु, वन अतिक्रमण नियन्त्रण तथा वन डढेलो नियन्त्रण गर्नु र यसका लागि स्थानीय क्षमता र

जिम्मेवारी वृद्धि गर्नु तथा मुलुकको भौतिक एवम् आर्थिक- सामाजिक विकास र वन संरक्षण कार्यका बीच उत्पन्न हुने द्वन्द्व व्यवस्थापन गर्नु यस क्षेत्रका चुनौती रहेका छन् । वन तथा जलाधारक्षेत्रका स्रोतहरूको क्षयीकरण भएको, माटो र पानीको दिगो तथा एकीकृत् संरक्षणबाट मात्र कृषि क्षेत्रको उत्पादकत्वमा बृद्धि गर्न सकिने तर भूसंरक्षणको सेवा प्रवाह गर्ने नीतिगत व्यवस्थाको कमी तथा संरचनागत रुपमा कार्यालयको संख्यामा संकुचन हुँदा सेवा प्रवाहमा चुनौती रहेको छ ।

**अवसर**

सरल तथा सहज तरिकाबाट उद्योग, पर्यटन तथा वातावरण क्षेत्रसँग वन तथा जलाधार क्षेत्रको दिगो विकास र संरक्षणबाट प्रदेशको समृद्धिमा टेवा दिन सकिने गरी उद्योग, पर्यटन, वन तथा वातावरण क्षेत्र एउटै मन्त्रालयको कार्य जिम्मेवारीभित्र रहनु, सामुदायमा आधारित वन व्यवस्थापन मार्फत् संरक्षित भएका वन र सक्षम समूहहरूको बलियो उपस्थिति रहेको अन्नपूर्ण, मनास्लु लगायतका संरक्षण क्षेत्र,चितवन राष्ट्रिय निकुञ्ज तथा ढोरपाटन शिकार आरक्ष लगायत संरक्षित क्षेत्रहरू संघ सँगको समन्वयमा व्यवस्थापनमा ल्याई समुदायलाई हस्तान्तरण गरी प्रदेश सरकारको भूमिका बढाउन सकिने, गल्छी तथा पहिरो उपचार, संवेदनशील जलाधार, पानी मुहान तथा पोखरी संरक्षण कार्यबाट जलसंचिति बढाई जलवायु परिवर्तनका असर न्यूनीकरणमा टेवा पुऱ्याउनु सकिने तथा जलाधार व्यवस्थापनमार्फत् वन, जलाधार, कृषि, पशुविकास, सिंचाइ लगायतका निकाय बीच सहकार्य, समन्वय तथा एकीकृत् विकासको अवधारणामा योजना बनाई समृद्धिमा टेवा पुऱ्याउन सकिने अवसरहरू उपलब्ध छन् ।

### ४.६.४ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

**सोच**

वन, जलाधार र जैविक विविधताको दिगो व्यवस्थापन, गण्डकी प्रदेशको सम्मृद्धिमा योगदान ।

**लक्ष्य**

जैविक विविधताको संरक्षण र वातावरणीय सन्तुलन कायम राख्दै वन तथा जलाधारीय स्रोतहरूको उत्पादकत्व वृद्धि गर्ने ।

**उद्देश्य**

१. वन तथा पारिस्थीतिकीय प्रणालीको संरक्षण, वैज्ञानिक व्यवस्थापन र व्यावसायीकरण गर्नु ।
२. माटो र पानीको संरक्षणबाट भूमिको उत्पादकत्व वृद्धि गरी एकीकृत् जलाधार व्यवस्थापन गर्नु ।
३. वातावरणीय सेवाबाट प्राप्त हुने लाभ वृद्धि गर्दै जलवायु परिर्वतनका नकारात्मक प्रभाव न्यूनीकरण, अनुकूलन तथा समानुकूलन गर्न जनताको क्षमता अभिवृद्धि गर्नु ।

### ४.६.५ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १: वन तथा पारिस्थीतिकीय प्रणालीको संरक्षण, वैज्ञानिक व्यवस्थापन र व्यावसायीकरण गर्नु।** | |
| १.१ वनलाई संरक्षणमुखी व्यवस्थापनबाट उत्पादनमुखी व्यवस्थापनमा रुपान्तरण गर्ने । | १.१.१ समुदायमा आधारित वन व्यवस्थापन प्रणाली मार्फत् वन तथा पारिस्थतिकीय प्रणालीको संरक्षण गरिनेछ ।<br>१.१.२ विशेष संरक्षण क्षेत्र छुट्ट्याई महत्वपूर्ण पारिस्थतिकीय प्रणालीहरूको संरक्षण गरिनेछ ।<br>१.१.३ मृत, क्षतिग्रस्त र रोगग्रस्त रुख तथा रुखका हाँगाहरू जङ्गलबाट हटाउन समुदायलाई प्राविधिक सहयोग गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| १.२ वन पैदावरमा आत्मनिर्भरता हाँसिल गर्दै यसमा आधारित उद्यमशीलता र रोजगारी वृद्धि गर्ने । | १.२.१ विभिन्न व्यवस्थापन प्रणालीबाट उत्पादित काठजन्य वस्तुको उत्पादन, प्रशोधन र उपयोगमा विविधीकरण र प्रविधि विकास गरी नयां रोजगारी र उत्पादनका क्षेत्र सिर्जना गरिनेछ ।<br>१.२.२ गैरकाष्ठ वन पैदावारको खेती विस्तार तथा वजारीकरण गरिनेछ ।<br>१.२.३ वन्यजन्तु पालन, प्रजनन तथा व्यावसायीकरण गर्न नीतिगत व्यवस्था गरी कार्यान्वयन गरिनेछ । |
| **उद्देश्य २: माटो र पानीको संरक्षणबाट भूमिको उत्पादकत्व वृद्धि गरी एकीकृत् जलाधार व्यवस्थापन गर्नु ।** | |
| २.१ एकीकृत् जलाधार व्यवस्थापन मार्फत् जल, जमिन, जंगलको संरक्षण गर्दै भूमिको उत्पादकत्व वृद्धि गरी यसमा आश्रित जनताको जीवन स्तर उकास्ने । | २.१.१ जलाधार क्षेत्र भित्रको जल,जंगल र जमिनको संरक्षण गरी वातावरणीय सन्तुलन कायम गरिनेछ ।<br>२.१.२ जनताको सहभागिता मार्फत् दिगो माटो व्यवस्थापन (Sustainable Soil Management) प्रणाली अवलम्बन गरी भूमिको उत्पादकत्व वृद्धि गरिनेछ । |
| २.२ जलाधार व्यवस्थापन योजना निर्माण गरी भू क्षमता वर्गीकरण (Land Capability Classification) अनुसार उपयुक्त भू-उपयोग (Land Use) गर्ने । | २.२.१ बृहत् जलाधार, उप-जलाधार तथा सूक्ष्म जलाधार व्यवस्थापन योजना निर्माण गरी कार्यान्वयन गरिनेछ ।<br>२.२.२ संवेदनशील जलाधार क्षेत्रलाई संरक्षित जलाधार क्षेत्र घोषणा गरिनेछ र भूमिको क्षमता अनुसार भूउपयोगिता प्रणाली अपनाई संरक्षणमुखी खेती प्रविधि अवलम्बन गरिनेछ । |
| २.३ भू:क्षय नियन्त्रण गरी जल उत्पन्न विपत् प्रकोप न्यूनीकरण तथा प्राकृतिक प्रकोप व्यवस्थापन गर्दै क्षतिग्रस्त भूमिको पुनर्स्थापना गर्ने । | २.३.१ विकासका पूर्वाधार निर्माणसँगै उपयुक्त भू संरक्षण प्रविधि सञ्चालन गरिनेछ ।<br>२.३.२ प्रकोप नक्सांकन, संकटासन्नता पहिचान तथा जोखिम नक्सांकन गरी गल्छी, पहिरो उपचार तथा खोला किनार संरक्षण गरिनेछ । |
| २.४ सडक, जलविद्युत्, सिचाँई र अन्य विकासका पूर्वाधारको संरक्षणका लागि विकास निर्माण सँगै भूसँरक्षणका गतिविधि समानान्तर रुपमा सञ्चालन गर्ने । | २.४.१ प्रकोप नक्साकंन, संकटासन्नता पहिचान तथा जोखिम नक्साकंन गरी गल्छी, पहिरो उपचार तथा खोला किनार संरक्षण गरिनेछ । |
| २.५ जलवायु परिवर्तन अनुकूलन तथा समानुकुलन गर्दै जलाधार क्षेत्रको वातावरणीय सन्तुलन कायम गरी वातावरणीय सेवाको अभिवृद्धि गर्दै उपयुक्त वातावरणीय सेवा भुक्तानीको व्यवस्था सञ्चालन गर्ने । | २.५.१ जलवायु परिवर्तनका असरहरूसँग अनुकूलन तथा समायुकुलन गर्न भू तथा जलाधारको दिगो व्यवस्थापन मार्फत् समुदायको क्षमता अभिवृद्धि गरिनेछ ।<br>२.५.२ उपल्लो तटीय र तल्लो तटीय क्षेत्रका जनता विचमा समन्वय स्थापित गरी वातावरणीय सेवा वहुहितको लागि अभिवृद्धि गरिनेछ ।<br>२.५.३ वातावरणीय सेवा भुक्तानीको लागि नीतिगत र संस्थागत व्यवस्था गरिनेछ । |
| २.६ ताल संरक्षण तथा विकास प्राधिकरण मार्फत् प्रदेशमा रहेका तालहरूको व्यवस्थापन गर्ने । | २.६.१ तालहरूको अभिलेख तयार, वातावरणीय प्रभाव अध्ययन तथा गुरुयोजना निर्माण गरिनेछ ।<br>२.६.२ प्रदेशका तालहरूलाई नमुना पर्यटकीय गन्तब्यका रुपमा विकास गरिनेछ ।<br>३.६.३ ताल संरक्षणका लागि सक्रिय राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थासँग समन्वय गरिनेछ । |
| **उद्देश्य ३: वातावरणीय सेवाबाट प्राप्त हुने लाभ वृद्धि गर्दै जलवायु परिवर्तनका नकारात्मक प्रभाव न्यूनीकरण, अनुकूलन तथा समानुकुलन गर्न जनताको क्षमता अभिवृद्धि गर्नु ।** | |
| ३.१ वन, जैविक विविधता तथा जलाधारको संरक्षणबाट प्राप्त वातावरणीय सेवाको उपयोग गरी स्थानीय तह तथा जनसहभागितामा जलवायु परिवर्तनका नकारात्मक प्रभाव न्यूनीकरण, अनुकूलन तथा समानुकुलन गर्न जनताको क्षमता अभिवृद्धि गर्ने । | ३.१.१ वन, जलाधार, जैविक विविधताको अध्ययन, अनुसन्धान क्षमता वृद्धि गर्दै प्रदेशलाई खुला अनुसन्धान केन्द्रको रुपमा स्थापित गरिनेछ ।<br>३.१.२ प्राकृतिक स्रोतको दिगो व्यवस्थापनमा स्थानीय समुदायको पँहुचमा वृद्धि गर्दै यसवाट प्राप्त प्रतिफल तल्लो तहसम्म पुऱ्याइनेछ ।<br>३.१.३ जलवायु परिवर्तनले पारिस्थितिकीय तथा जलाधारीय प्रणालीमा पार्ने नकारात्मक प्रभाव न्यूनीकरण, अनुकूलन र समानुकुलन गर्न स्थानीय जनताको क्षमता अभिवृद्धि गरिनेछ । |

### ४.६.६ कार्यक्रमका प्राथमिकता

१. वनको वैज्ञानिक व्यवस्थापन गर्ने ।

२. वनको उपयोग वातावरण संरक्षण र जनताको आय आर्जनसँग आवद्ध गर्ने ।

३. राष्ट्रिय निकुञ्ज, शिकार आरक्ष र संरक्षित क्षेत्रको दिगो व्यवस्थापन गर्ने ।

### ४.६.७ विस्तृत कार्यक्रम

| क्र.सं. | उद्देश्य नं. | रणनीति नं. | कार्यनीति नं. | संकेत | कार्यक्रम | इकाई | आधार वर्ष ०७५/७६ | लक्ष्य | | | | | योजना अवधिको जम्मा लक्ष्य | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | |
| १ | १ | १.१ | १.१.१ | क | सामुदायिक वन गठन कार्यक्रम | संख्या | ३७७४ | २० | २० | २० | २० | २० | १०० | उपववाम |
| २ | | | | क | सामुदायिक वन कार्ययोजना पुनरावलोकन कार्यक्रम | संख्या | | ४०० | ४०० | ४०० | ४०० | ४०० | २००० | " |
| ३ | | | | क | गरिबी न्यूनीकरणका लागि व्यावसायिक कवुलियती वन कार्यक्रम | संख्या | १०९८ | १२ | १२ | १२ | १२ | १२ | ६० | " |
| ४ | | | | क | कवुलियती वन पुनरावलोकन कार्यक्रम | संख्या | | १०० | १०० | १०० | १०० | १०० | ५०० | " |
| ५ | | | | क | साझेदारी वन व्यवस्थापन कार्य योजना कार्यान्वयन | संख्या | १ | १ | १ | १ | १ | १ | ५ | " |
| ६ | | | १.१.२ | ख | चकला वन कार्यक्रम | क्यू फिट | ३८३८ | ६०००० | ६०००० | ६०००० | ६०००० | ६०००० | ३००००० | " |
| ७ | | | | ख | राष्ट्रिय वन व्यवस्थापन कार्यक्रम | क्यू फिट | | १००००० | १००००० | १००००० | १००००० | १००००० | ५००००० | " |
| ८ | | | | ख | वन क्षेत्रको जग्गा अन्य प्रयोजनको लागि प्रयोग कार्यक्रम | हेक्टर | | २० | २० | २० | २० | २० | १०० | " |
| ९ | | | | ग | निकुञ्ज र शिकार आरक्ष व्यवस्थापन कार्यक्रम | संख्या | २ | २ | २ | २ | २ | २ | १० | " |
| १० | | | | ग | संरक्षण क्षेत्र दिगो व्यवस्थापन आयोजना | संख्या | २ | | १ | | | | १ | " |
| ११ | | | | ग | मानव वन्यजन्तु द्वन्द्व व्यवस्थापन कार्यक्रम | प्याकेज | | १० | १० | १० | १० | १० | ५० | " |
| १२ | | | | क | चोरी सिकारी नियन्त्रण इकाइ गठन र परिचालन | प्याकेज | | ११ | ११ | ११ | ११ | ११ | ५५ | " |
| १३ | | | | ग | वन्यजन्तु संरक्षण | प्याकेज | | १ | १ | १ | १ | २ | ६ | " |
| १४ | | | | ग | वन्यजन्तु उद्धार केन्द्र स्थापना | संख्या | | १ | | १ | | १ | ३ | " |
| १५ | | | | ग | प्राणी उद्यान स्थापना | संख्या | | | १ | | | | १ | " |

| क्र.स. | उद्देश्य नं. | रणनीति नं. | कार्यनीति नं. | संकेत | कार्यक्रम | इकाई | आधार वर्ष ०७५/७६ | लक्ष्य २०७६/७७ | लक्ष्य २०७७/७८ | लक्ष्य २०७८/७९ | लक्ष्य २०७९/८० | लक्ष्य २०८०/८१ | योजना अवधिको जम्मा लक्ष्य | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १६ | | | | ग | वन संरक्षण क्षेत्र व्यवस्थापन | संख्या | १ | १ | १ | १ | | | ३ | उपववाम |
| १७ | | | १.१.३ | क | राष्ट्रिय वनको सीमाना निर्धारण | किमि | | ४० | ४० | ४० | ४० | ४० | २०० | " |
| १८ | | | | क | वन अतिक्रमण नियन्त्रण कार्यक्रम | किमि | | ४० | ४० | ४० | ४० | ४० | २०० | " |
| १९ | | | | ग | प्रदेश वन ऐन निर्माण | संख्या | | १ | | | | | १ | " |
| २० | | | | ग | प्रदेश वन नियमावली निर्माण | संख्या | | १ | | | | | १ | " |
| २१ | | | | क | समस्याग्रस्त वन्यजन्तु व्यवस्थापन कार्यक्रम | प्याकेज | | २ | २ | २ | २ | १ | ९ | " |
| २२ | | | | ख | वृक्षारोपण र संरक्षण | हेक्टर | | ३००० | ३००० | ३००० | ३००० | ३००० | १५००० | " |
| २३ | | | | ख | विरुवा उत्पादन र वितरण | संख्या | | १५०० | १५०० | १५०० | १५०० | १५०० | ७५०० | " |
| २४ | | | | ख | शहरी तथा नगर उद्यान स्थापना र व्यवस्थापन | संख्या | | ९ | ९ | ९ | ९ | ९ | ४५ | " |
| २५ | | | | क | समुदायमा आधारित वन व्यवस्थापनका लागि प्राविधिक सहयोग | संख्या | ३८८४ | ८० | ७० | ५० | ५५ | ६१ | ३१६ | " |
| २६ | | १.२ | १.२.१ | क | वनमा आधारित ठुला उद्योग स्थापनामा सहयोग | संख्या | | १ | | १ | | १ | ३ | " |
| २७ | | | १.२.२ | क | जडीबुटी नर्सरी स्थापना र सञ्चालन | संख्या | ९ | १० | ११ | ११ | ११ | ११ | ५४ | " |
| २८ | | | | क | जडीबुटी व्यबसायीहरूको सञ्जालीकरण | संख्या | ११ | ११ | ११ | ११ | ११ | ११ | ५५ | " |
| २९ | | | १.२.३ | ग | बन्यजन्तु पालनको लागि कानून निर्माण | संख्या | | | | १ | | | १ | " |
| ३० | २ | २.१ | २.१.१ | ख | सम्बेदनशील जलाधार क्षेत्रहरूको संरक्षण | संख्या | ११ | ११ | ११ | ११ | ११ | ११ | ५५ | " |
| ३१ | | | २.१.२ | ख | किसानसँग भू-संरक्षण कार्यक्रम (जिल्ला) | संख्या | | ११ | ११ | ११ | ११ | ११ | ५५ | " |
| ३२ | | २.२ | २.२.१ | क | जलाधार व्यवस्थापन योजना तयारी र कार्यान्वयन | संख्या | | ९ | ११ | ११ | ११ | ११ | ५३ | " |
| ३३ | | | २.२.२ | ख | उप जलाधार क्षेत्र प्राथमिकीकरण र व्यवस्थापन (जिल्ला) | संख्या | | ९ | ११ | ११ | ११ | ११ | ५३ | " |
| ३४ | | २.३ | २.३.१ | ख | भू-संरक्षण प्रदर्शनी स्थल निर्माण र सञ्चालन | संख्या | २ | २ | ४ | ४ | ४ | ४ | १८ | " |
| ३५ | | | २.३.२ | क | प्रकोप नक्सांकन (जिल्ला) | संख्या | | ३ | ८ | | | | ११ | " |
| ३६ | | २.४ | २.४.१ | ख | पहिरो उपचार र खोला किनार संरक्षण (जिल्ला) | संख्या | ११ | ११ | ११ | ११ | ११ | ११ | ५५ | " |
| ३७ | | २.५ | २.५.१ | क | प्रदेश स्तरीय जलवायु परिवर्तन अनुकूलन योजना तयारी र कार्यान्वयन | संख्या | १ | १ | १ | १ | १ | १ | ५ | " |

| क्र.सं. | उद्देश्य नं. | रणनीति नं. | कार्यनीति नं. | संकेत | कार्यक्रम | इकाई | आधार वर्ष ०७५/७६ | लक्ष्य २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | योजना अवधिको जम्मा लक्ष्य | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ३८ | | | २.५.२ | क | वातावरणीय सेवा भुक्तानी (उपल्लो तटीय र तल्लो तटीय क्षेत्रका जनताका बीचमा) सम्बन्धी अध्ययन | संख्या | | | १ | | १ | | २ | उपववाम |
| ३९ | | | २.५.३ | ग | वातावरणीय सेवा भुक्तानीको लागि नीति निर्माण | संख्या | | | | १ | | | १ | " |
| ४० | | | २.५.३ | क | वातावरणीय सेवा भुक्तानीको लागि संयन्त्र निर्माण | संख्या | | | | | १ | | १ | " |
| ४१ | | २.६ | २.६.१ | क | तालहरूको विस्तृत अभिलेख तयार गर्ने र अभिलेखलाई डिजिटाईजेसन गर्ने । | प्याकेज | | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १ | उपववाम/तासंविप्रा |
| ४२ | | | | क | स्थानीय ताल विकास समितिहरूलाई ताल संरक्षण तथा विकास प्राधिकरणको छाता संगठन भित्र एकतावद्ध गरी व्यवस्थापन गर्ने । | प्याकेज | | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १ | " |
| ४३ | | | | क | प्रदेशमा रहेका तालहरूको आर्थिक सामाजिक र वातावरणीय प्रभावको अध्ययन गर्ने । | संख्या | | | १ | | | | १ | " |
| ४४ | | | | क | प्रदेशका तालहरूका संरक्षण तथा विकास र व्यवस्थापनको गुरुयोजना निर्माण गर्ने । | संख्या | | | | १ | | | १ | " |
| ४५ | | | २.६.२ | क | गुदे, न्यूरेनी, खास्टे र दिपाङ ताललाई संरक्षण र विकास गरी नमुना पयंटकीय गन्तव्यको रुपमा विकास गर्ने । | संख्या | | तयारी | १ | १ | १ | १ | ४ | " |
| ४६ | | | | क | फेवा तालको संरक्षण र सौन्दर्यकरण गर्ने | संख्या | | | १ | | | | १ | उपववाम |
| ४७ | | | | क | तालसँग सम्बन्धित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थासँग सम्बन्ध विस्तार गर्ने । | प्याकेज | | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १ | उपववाम/तासंविप्रा |
| ४८ | ३ | ३.१ | ३.१.१ | क | वन, जलाधार, जलवायु परिवर्तन र जैविक विविधता सम्बन्धी अध्ययन | संख्या | ८ | ४ | ८ | ८ | ८ | ८ | ३६ | उपववाम |
| ४९ | | | ३.१.२ | ख | सामुदायिक तथा कबुलियती वनमा जडीबुटी खेती विस्तार (जिल्ला) | संख्या | ११ | ११ | ११ | ११ | ११ | ११ | ५५ | " |
| ५० | | | ३.१.३ | क | जलवायु परिवर्तन अनुकूलन सम्बन्धी तालिम | संख्या | | १ | १ | १ | १ | १ | ५ | " |

### ४.६.८ नतिजा

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७५/७६ | उपलब्धि | | | | | योजना अवधिका उपलब्धि | पुष्ट्याइँको स्रोत | जिम्मेवार निकाय | जोखिम अनुमान | प्रसमुसं संकेत | दिविल संकेत | दीराल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | | | | | | |
| प्रभाव | जैविक विविधताको संरक्षण र वातावरणीय सन्तुलन कायम भई वन तथा जलाधारीय स्रोतहरूको उत्पादकत्वमा वृद्धि भएका हुने | वन क्षेत्रको राष्ट्रिय कुल ग्राहस्थ्य उत्पादनमा प्रदेशको हिस्सा | प्रतिशत | | | | | | | | उपववाम प्रतिवेदन | उपववाम | | ३ | १५ | ७ |
| | | कुल भूक्षेत्रको अनुपातमा वन क्षेत्र | प्रतिशत | ३७.८ | | | | | ४१ | ४१ | " | " | | ३ | १५ | ७ |
| | | कुल भूक्षेत्रको अनुपातमा संरक्षित क्षेत्र (वनसहित) | प्रतिशत | ४५.६२ | | | | | ४५.६२ | ४५.६२ | " | " | | ३ | १५ | ७ |
| | | संकटापन्न अवस्थामा रहेका जडीबुटी र सुगन्धित वनस्पति | प्रतिशत | ०.४८ | | | | | ०.१६ | ०.१६ | उपववाम प्रतिवेदन | उपववाम | | ३ | १५ | ७ |
| | | संकटापन्न अवस्थामा रहेका प्राणीको प्रतिशत | प्रतिशत | ०.८१ | | | | | ०.२७ | ०.२७ | " | " | | ३ | १५ | ७ |
| असर १ | वन संरक्षणमुखी व्यवस्थापनबाट उत्पादनमुखी व्यवस्थापनमा रुपान्तरण भएको हुने | समुदायमा आधारित वन क्षेत्र | प्रतिशत | २९ | | | | | २९ | २९ | " | " | | ३ | १५ | ७ |
| | | कबुलियती वन समूहलाई वन हस्तान्तरण | हजार हेक्टर | ४.८ | | | | | ५ | | " | " | | ३ | १५ | ७ |
| | | समुदायको नेतृत्वमा परिचालित चोरीसिकारी नियन्त्रण एकाइ | संख्या | ५५ | | | | | ६० | | " | " | | ३ | १५ | ७ |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७५/७६ | उपलब्धि | | | | | योजना अवधिका उपलब्धि | पुष्ट्याइँको स्रोत | जिम्मेवार निकाय | जोखिम अनुमान | प्रससं संकेत | दिविल संकेत | दीराल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | | | | | | |
| **प्रतिफल १.१** | समुदायमा आधारित वन व्यवस्थापन प्रणाली मार्फत् वन तथा पारिस्थितिकीय प्रणालीको संरक्षण भएको हुने | सामुदायिक वन गठन | संख्या | ३७७४ | २० | २० | २० | २० | २० | १०० | उपवबाम प्रतिवेदन | उपवबाम | समुदायको सहभागिता हुने | ३ | १५ | ७ |
| | | सामुदायिक वन | संख्या | | ४०० | ४०० | ४०० | ४०० | ४०० | २००० | " | " | | ३ | १५ | ७ |
| | | व्यावसायिक कबुलियती वन | संख्या | १०९८ | १२ | १२ | १२ | १२ | १२ | ६० | " | " | | ३ | १५ | ७ |
| **प्रतिफल १.२** | विशेष संरक्षण क्षेत्र छुट्ट्याई महत्वपूर्ण पारिस्थितिकीय प्रणालीहरूको संरक्षण भएको हुने | चकला वन | क्यू फिट | ३८३८ | ६०००० | ६०००० | ६०००० | ६०००० | ६०००० | ३००००० | " | " | | ३ | १५ | ७ |
| | | राष्ट्रिय वन व्यावस्थापन | हजार क्यू फिट | | १०० | १०० | १०० | १०० | १०० | ५०० | " | " | | ३ | १५ | ७ |
| | | संरक्षण क्षेत्र व्यवस्थापन | संख्या | २ | | १ | | | | १ | " | " | | ३ | १५ | ७ |
| | | मानव वन्यजन्तु द्वन्द्व व्यवस्थापन | प्याकेज | | १० | १० | १० | १० | १० | ५० | " | " | | ३ | १५ | ७ |
| | | चोरी सिकारी नियन्त्रण इकाइ | संख्या | | ११ | ११ | ११ | ११ | ११ | ५५ | " | " | | ३ | १५ | ७ |
| | | वन्यजन्तु उद्दार केन्द्र | संख्या | | १ | | १ | | १ | ३ | " | " | | ३ | १५ | ७ |
| | | प्राणी उद्यान स्थापना | संख्या | | | १ | | | | १ | " | " | | ३ | १५ | ७ |
| **प्रतिफल १.३** | मृत, क्षतिग्रस्त र रोगग्रस्त रुख तथा रुखका हाँगाहरू जङ्गलबाट हटाउन समुदायले प्राविधिक सहयोग पाएको हुने | राष्ट्रिय वनको सीमा निर्धारण | किमि | | ४० | ४० | ४० | ४० | ४० | २०० | " | " | | ३ | १५ | ७ |
| | | वन अतिक्रमण नियन्त्रण | किमि | | ४० | ४० | ४० | ४० | ४० | २०० | " | " | | ३ | १५ | ७ |
| | | समस्याग्रस्त वन्यजन्तु व्यवस्थापन | प्याकेज | | १ | १ | १ | १ | १ | १ | " | " | | ३ | १५ | ७ |
| | | वृक्षारोपण र सरक्षण प्राप्त क्षेत्र | हेक्टर | | ३००० | ३००० | ३००० | ३००० | ३००० | १५००० | " | " | | ३ | १५ | ७ |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७५/७६ | उपलब्धि २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | योजना अवधिका उपलब्धि | पुष्ट्याइँको स्रोत | जिम्मेवार निकाय | जोखिम अनुमान | प्रससं संकेत | दिविल संकेत | दीराल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | बिरुवा उत्पादन र वितरण | संख्या | | १५०० | १५०० | १५०० | १५०० | १५०० | ७५०० | उपववाम प्रतिवेदन | उपववाम | | ३ | १५ | ७ |
| | | शहरी तथा नगर उद्यान स्थापना र व्यवस्थापन | संख्या | | ९ | ९ | ९ | ९ | ९ | ४५ | " | " | | ३ | १५ | ७ |
| | | समुदायमा आधारित वन व्यवस्थापनका लागि प्राविधिक सहयोग | संख्या | ३८८४ | ८० | ७० | ५० | ५५ | ६१ | ३१६ | " | " | | ३ | १५ | ७ |
| **प्रतिफल १.४** | काठजन्य वस्तुको उत्पादन, प्रशोधन र उपयोगमा विविधीकरण भई रोजगारी र उत्पादनका क्षेत्र सिर्जना भएको हुने | वनमा आधारित ठुला उद्योग स्थापना | संख्या | | १ | | १ | | १ | ३ | " | " | उद्यमीको सकारात्मक सोच हुने | ३ | १५ | ७ |
| **प्रतिफल १.५** | गैरकाष्ठ वन पैदावरको खेती विस्तार तथा वजारीकरण भएको हुने | जडीबुटी नर्सरी स्थापना र सञ्चालन | संख्या | ९ | १० | ११ | ११ | ११ | ११ | ५४ | " | " | | ३ | १५ | ७ |
| | | जडीबुटी व्यावसायीहरूको सञ्जालीकरण | संख्या | ११ | ११ | ११ | ११ | ११ | ११ | ५५ | " | " | | ३ | १५ | ७ |
| **प्रतिफल १.६** | वन्यजन्तु पालन, प्रजनन तथा व्यावसायीकरण गर्न नीतिगत व्यवस्था भएको हुने | बन्यजन्तु पालनको लागि कानून निर्माण | संख्या | | | | १ | | | १ | " | " | | ३ | १५ | ७ |
| **असर २** | माटो र पानीको संरक्षण भएको हुने | भू:क्षय दर | टन/हेक्टर | | | | | | | | " | " | | ३ | १५ | ७ |
| **प्रतिफल २.१** | जलाधार क्षेत्रको जल, जंगल र जमिनको संरक्षण भएको हुने | सम्बेदनशील जलाधार क्षेत्रहरूको संरक्षण | संख्या | ११ | ११ | ११ | ११ | ११ | ११ | ५५ | " | " | | ३ | १५ | ७ |
| **प्रतिफल २.२** | माटो व्यवस्थापन प्रणाली अवलम्बन भएको हुने | किसानसँग भू:संरक्षण (जिल्ला) | संख्या | ० | ११ | ११ | ११ | ११ | ११ | ५५ | " | " | | ३ | १५ | ७ |
| **प्रतिफल २.३** | जलाधार व्यवस्थापन योजना लागू भएको हुने | संरक्षित ताल, सीमसार र तलाउ/पोखरी | संख्या | २ | | | | | १० | १० | उपववाम प्रतिवेदन | उपववाम | | ३ | १५ | ७ |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७५/७६ | उपलब्धि | | | | | योजना अवधिका उपलब्धि | पुष्ट्याईंको स्रोत | जिम्मेवार निकाय | जोखिम अनुमान | प्रसमुसं संकेत | दिविल संकेत | दीराल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | | | | | | |
| | | संरक्षित ताल, सीमसार र तलाउ/पोखरी | हेक्टर | ८२५ | | | | | १५०० | | " | " | | ३ | १५ | ७ |
| | | जलाधार व्यवस्थापन योजना | संख्या | | ९ | ११ | ११ | ११ | ११ | ५३ | " | " | | ३ | १५ | ७ |
| | | उप-जलाधार प्राथमिकीकरण र व्यवस्थापन (जिल्ला) | संख्या | | ९ | ११ | ११ | ११ | ११ | ५३ | " | " | | ३ | १५ | ७ |
| **प्रतिफल २.४** | प्रकोप नक्सांकन, संकटासन्नता पहिचान तथा जोखिम नक्सांकन भएको हुने | भू संरक्षण प्रदर्शनी स्थल निर्माण र सञ्चालन | संख्या | २ | २ | ४ | ४ | ४ | ४ | १८ | " | " | | ३ | १५ | ७ |
| **प्रतिफल २.५** | गल्छी, पहिरो उपचार तथा खोला किनारको संरक्षण भएको हुने | प्रकोप नक्सांकन (जिल्ला) | संख्या | | ३ | ८ | | | | ११ | " | " | | ३ | १५ | ७ |
| **प्रतिफल २.६** | भू तथा जलाधार व्यवस्थापनका लागि समुदायको क्षमता अभिवृद्धि भएको हुने | पहिरा रोकथाम र खोला किनार संरक्षण (जिल्ला) | संख्या | ११ | ११ | ११ | ११ | ११ | ११ | ५५ | " | " | | ३ | १५ | ७ |
| **प्रतिफल २.७** | प्रदेशमा रहेका तालहरूको संरक्षण एवम् व्यवस्थापन भएको हुने | ताल संरक्षण तथा विकास प्राधिकरण मार्फत् व्यवस्थापन एवम् संरक्षण भएका ताल | संख्या | | २० | २० | २० | १५ | १३ | ८८ | ताविसंप्राको प्रतिवेदन | उपववाम र ताविसंप्रा | | ३ | १५ | ७ |
| **असर ३** | जलवायु परिवर्तनका नकारात्मक प्रभाव न्यूनीकरण, अनुकूलन तथा समानुकुलन गर्न समुदायको क्षमतामा अभिवृद्धि भएको हुने | जलवायु परिवर्तन अनुकूलन कार्यक्रम सञ्चालन गर्न सक्षम जनसंख्या | प्रतिशत | | | | | | | | दिविल मूल्यांकन प्रतिवेदन | उपववाम | | ३ | १५ | ७ |
| **प्रतिफल ३.१** | जलवायु परिवर्तनको प्रभाव न्यूनीकरण, अनुकूलन र समानुकुलने क्षमता वृद्धि भएको हुने | जलवायु परिवर्तन प्रभाव न्यूनीकरण तालिम | संख्या | १ | १ | १ | १ | १ | १ | ५ | " | " | | ३ | १५ | ७ |

**लगानीः वन व्यवस्थापन क्षेत्रमा लगानी, कर्मचारी क्षमता विकास तालिम, समुदायको क्षमता विकास, जलाधार क्षेत्र संरक्षण, अध्ययन अनुसन्धान, वार्षिक कार्यक्रम र बजेट**

## ४.७ जडीबुटी विकास

### ४.७.१ पृष्ठभूमि

वन जंगल र वनस्पतिले गण्डकी प्रदेशको कुल क्षेत्रफल २१,९४,४९६ हेक्टरमध्ये ८,३०,६१७ हेक्टर अर्थात् ३७.८५ भू-भाग वन क्षेत्रले ढाकेको छ र वन क्षेत्रमा प्रचुर मात्रामा जडीबुटी तथा गैरकाष्ठ वनपैदावारहरू रहेका छन् । यीमध्ये १,५०० प्रजातिको वनस्पतिहरू परम्परागत औषधी, मसला, रङ्, र खाद्य पदार्थको रुपमा प्रयोग भइरहेका छन् । गण्डकी प्रदेशमा पाइने भ्रूण्डै २०० प्रजातिका वनस्पतिहरूले विशेष आर्थिक महत्व राख्दछन् । नेपाल सरकारको "जडीबुटी नीति २०६१" अनुसार १२ वटा जडीबुटीलाई (पाँचऔंले, कुटकी, चिराइतो, जटामसी, सुगन्धवाल, लौठसल्ला, टिमुर, सर्पगन्धा, सतावटी, सुगन्धकोकिला र गुर्जो) खेती तथा अनुसन्धानका लागि प्राथमिकता साथ सूचीकृत गरेको छ । त्यसैगरी, ३० वटा प्रजातिलाई आर्थिक विकासमा योगदान पुऱ्याउन सक्ने भनी प्राथमिकतामा सूचीकृत गरेको छ । उल्लेखित आर्थिक महत्व राख्ने, खेती अनुसन्धानका लागि सूचीकृत जडीबुटीको निकासी र बिक्रीबाट मात्र नेपाललाई वर्षेनी भ्रूण्डै रु. एक अर्ब बराबरको आम्दानी अर्थात आर्थिक लाभ हुने गरेको छ । जडीबुटी, कृषि, वन तथा गैरकाष्ठ वनपैदावारको व्यावसायिक खेती र उत्पादन बृद्धिलाई प्रोत्साहन गर्ने र जडीबुटी पहिचान, संकलन र बजार प्रवर्द्धन एवम् प्रशोधनका लागि नमुना बजार संकलन तथा प्रशोधन केन्द्रको स्थापना गर्ने गण्डकी प्रदेश सरकारको नीति रहेको छ । गैरकाष्ठ वन पैदावार तथा जडीबुटीको महत्व मानव स्वास्थ्यका साथै स्थानीय जनताको जीविकोपार्जन र प्रदेशको आर्थिक अवस्थामा सुधार ल्याउनु समेत रहेको छ । प्राकृतिक रुपमा पाइने जडीबुटी तथा गैरकाष्ठ वन पैदावारको संकलनबाट खासगरी गरिब, महिला तथा पिछडिएका वर्गहरूले विगतमा बढी फाईदा पाएका तथा भविष्यमा पनि पाउने सम्भावना समेत रहेकाले गरिबी न्यूनीकरण गर्नका लागि यस क्षेत्रको प्राथमिकताका साथ व्यवस्थापन गर्नुपर्ने आवश्यकता रहेको छ ।

### ४.७.२ प्रमुख समस्या

जडीबुटी एवम् गैरकाष्ठ वन पैदावारको खेती, संकलन, बेचबिखन र उपयोग लगायतका कार्यहरू परम्परागत ढंगबाटै हुँदा अपेक्षित लाभ लिन नसक्नु, प्राकृतिक रुपमा रहेका जडीबुटीहरू अनियन्त्रित रुपमा संकलन भैरहनु, वनक्षेत्रबाट उत्पादन भन्दा बढी संकलन गरिनु, परिपक्क भएको समयमा संकलन नहुनु, जडीबुटी संकलन गर्दा लापरवाही तरिकाले संकलन गर्नु, कठिन भू-धरातलमा पुगेर जडीबुटीहरू सबै संकलन गर्न खोज्नु, अत्यधिक चरिचरणबाट पनि जडीबुटीका कलिला बोटबिरुवा खाइदिदा परिपक्व हुन नपाउनु, विरुवा नासिनु, जडीबुटीको संकलनमा वैज्ञानिक तरिका उपयोग नहुनु, जडीबुटी खेतीका विषयमा अनुसन्धान तथा व्यवस्थापन कार्यलाई प्राथमिकता नदीनु, जडीबुटीको घरेलुकरणसम्बन्धी अनुसन्धान कार्य नहुनु अर्थात् दुर्लभ र आर्थिक महत्वका जडीबुटीको निजी क्षेत्रमा खेती गर्ने कार्य नहुनु आदि यस क्षेत्रका समस्याहरू हुन् ।

### ४.७.३ चुनौती र अवसर

**चुनौती**

जडीबुटी संकलन तथा व्यवस्थापनका लागि आवश्यक मार्गदर्शन र निर्देशिकाको निर्माण गर्नु, निजी तथा आवादी जग्गाबाट उत्पादित जडीबुटी तथा गैरकाष्ठ वनपैदावारको हकमा व्यावसायीकरण सम्बन्धी कानून निर्माण, जडीबुटी प्रशोधन तथा भण्डारणका लागि पूर्वाधार तथा उपयुक्त प्रविधिको प्रयोग गर्नु, घरेलुकरण तथा बजारीकरणका सम्बन्धमा उपयुक्त अनुसन्धान, पहिचान तथा प्रविधि सम्बन्धी ज्ञान तथा अनुसन्धानात्मक कार्यक्रम सञ्चालन गर्नु आदि यस क्षेत्रका समस्याहरू हुन् ।

**अवसर**

हावापानी तथा जलवायुको विविधताका कारण जडीबुटी तथा गैरकाष्ठ वनपैदावारमा प्रचुरता रहनु, जडीबुटी एवम् गैरकाष्ठ वनपैदावारको उत्पादन, संकलन, उपयोग एवम् व्यवस्थापन कार्यको परम्परागत ज्ञान स्थानीय जनतासँग उपलब्ध रहनु, सामुदायिक वन, कबुलियती बनजस्ता समुदायमा आधारित वन व्यवस्थापन प्रणालीबाट वन तथा जडीबुटीको संरक्षण

हुनु, जडीबुटी खेतीप्रति निजी तथा अन्तर्राष्ट्रिय क्षेत्रको लगानी आकर्षण गर्न सक्ने सम्भावना रहनु, अन्तर्राष्ट्रिय बजारमा बढी माग भएका जडीबुटीहरूको खेती विस्तार प्रविधिलाई सर्वसाधारण किसानको पहुँचसम्म सहज ढंगले प्रशोधन (Processing/Packaging) जस्ता कार्यहरू मार्फत् मूल्य अभिवृद्धि (Value Addition) गरी अधिकांश फाइदा प्रदेशभित्रै रहन सक्ने वातावरण तयार गर्ने सम्भावनाहरू रहनु आदि यस क्षेत्रका अवसरहरू हुन् ।

### ४.७.४ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

**सोच**

जडीबुटी एवम् गैरकाष्ठ वन पैदावारको संरक्षण र बजारीकरण गरी प्रदेशको आर्थिक समृद्धिमा टेवा ।

**लक्ष्य**

जडीबुटी एवम् गैरकाष्ठ वनपैदावारहरूको वैज्ञानिक व्यवस्थापन तथा व्यावसायीकरण गर्ने ।

**उद्देश्य**

१. प्राकृतिक रुपमा रहेका जडीबुटी तथा गैरकाष्ठ वनपैदावारको दिगो ब्यवस्थापन गर्नु ।

२. जडीबुटी तथा गैरकाष्ठ वन पैदावारको घरेलुकरण तथा खेतीको विस्तार गरी उत्पादन बढाउने र बजारीकरण गर्नु ।

### ४.७.५ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १: प्राकृतिक रुपमा रहेका जडीबुटी तथा गैरकाष्ठ वनपैदावारको दिगो ब्यवस्थापन गर्नु ।** | |
| १.१ उपयुक्त मापदण्डका प्रणालीहरू (Good Harvesting Practices) को आधारमा व्यवस्थापन प्रक्रिया अपनाइने र व्यवस्थापन गर्दा वर्तमान स्रोतको संरक्षण र स्रोतको वृद्धिलाई ध्यानमा राखी यसको उपयोग र उपभोग गर्ने । | १.१.१ उपयुक्त मापदण्ड बनाई कार्यान्वयन गरिनेछ ।<br>१.१.२ तुलनात्मक लाभका जडीबुटीको अध्ययन अनुसन्धानलाई प्रोत्साहन गरिनेछ ।<br>१.१.३ खेती प्रविधिको अनुसन्धान तथा विकास गरी हस्तान्तरण गरिनेछ । |
| १.२ स्वस्थानीय (In-situ) र परस्थानीय (Ex-situ) दुवै पद्धतिद्वारा जडीबुटी एवम् गैरकाष्ठ वन पैदावारको व्यवस्थापन गरी लोप हुन लागेका वनस्पतिको संरक्षण गर्ने । | १.२.१ पकेट क्षेत्र घोषणा गरी उपयुक्त उत्पादन नीति अवलम्बन गरिनेछ ।<br>१.२.२ ब्यावसायिक खेतीका लागि कृषकलाई प्रोत्साहन गरिनेछ । |
| **उद्देश्य २: जडीबुटी तथा गैरकाष्ठ वन पैदावारको घरेलुकरण तथा खेतीको विस्तार गरी उत्पादन बढाउने र बजारीकरण गर्नु ।** | |
| २.१ तुलनात्मक लाभका जडीबुटीको घरेलुकरणको अध्ययन, गैरकाष्ठ वनपैदावारको व्यावसायिक खेती प्रवर्द्धन, अनुसन्धान तथा उपयुक्त खेती प्रविधिको विकास गर्ने । | २.१.१ प्रदेश स्तरको एक प्राकृतिक स्रोत तथा जडीबुटी अध्ययन अनुसन्धान र प्रशोधन केन्द्रको स्थापना गरिनेछ ।<br>२.१.२ जडीबुटीसँग सम्बन्धित विभिन्न निकायहरूको समन्वयमा कार्यक्रम सञ्चालन गरिनेछ । |
| २.२ बजारीकरणका लागि नीतिगत तथा संस्थागत संरचना निर्माण तथा सुधार गर्ने । | २.२.१ बजारीकरणका लागि उपयुक्त ऐन, कानूनको तर्जुमा गरिनेछ ।<br>२.२.२ बजारीकरणका लागि आवश्यक क्षेत्रलाई आवश्यक सहयोग, सहजीकरण र समन्वय गरिनेछ । |
| २.३ जडीबुटी प्रशोधन तथा भण्डारणको व्यवस्था गर्ने । | २.३.१ विभिन्न किसिमका जडीबुटीहरूको प्रशोधन प्लान्ट स्थापना गरिनेछ ।<br>२.३.२ विभिन्न किसिमका जडीबुटीहरूको भण्डारण केन्द्र स्थापना गरिनेछ । |
| २.४ निजी क्षेत्रको सहभागिता मार्फत् बजारीकरणलाई प्रवर्द्धन गर्ने । | २.४.१ जडीबुटीको प्रमाणीकरणमा, स्तरीकरण, लेबलिङ, ब्राण्डिङ, प्याकेजिङ आदिको मापदण्ड तयार गरी लागु गरिनेछ ।<br>२.४.२ सार्वजनिक, सहकारी तथा निजी क्षेत्रको समन्वयनमा जडीबुटी तथा गैरकाष्ठ वन पैदावारको बजार स्थापित गरिनेछ । |

### ४.७.६ कार्यक्रमका प्राथमिकता

१. उच्च लाभ भएका जडीबुटीको खेती विस्तार, घरेलुकरण र व्यवसायिकरण ।

२. निजी क्षेत्रको सहकार्यमा जडीबुटी प्रशोधन केन्द्रको स्थापना र सञ्चालन ।

### ४.७.७ विस्तृत कार्यक्रम

| क्र.सं. | उद्देश्य नं. | रणनीति नं. | कार्यनीति नं. | संकेत | कार्यक्रम | इकाई | आधार वर्ष ०७५/७६ | लक्ष्य | | | | | योजना अवधिको जम्मा लक्ष्य | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | |
| १ | १ | १.१ | १.१.१ | ग | जडीबुटी संकलन मापदण्ड निर्माण | संख्या | | | १ | | | | १ | उपववाम |
| २ | | | १.१.२ | क | तुलनात्मक रुपमा लाभ हुने जडीबुटीको बासस्थान सम्बन्धी अध्ययन | संख्या | | २ | ५ | ५ | ५ | ५ | २२ | " |
| ३ | | | १.१.३ | क | जडीबुटी खेतीको घरेलुकरण, प्रविधि विकास र विस्तार | प्याकेज | | १ | १ | १ | १ | १ | ५ | " |
| ४ | | १.२ | १.२.१ | ख | जडीबुटी खेती पकेट क्षेत्र विस्तार कार्यक्रम | जिल्ला | | ११ | ११ | ११ | ११ | ११ | ११ | " |
| ५ | | | १.२.२ | क | व्यवसायिक जडीबुटी खेती सशक्तीकरण (तालिम, बिउ, बिरुवा वितरण) | जिल्ला | | ११ | ११ | ११ | ११ | ११ | ११ | " |
| ६ | २ | २.१ | २.१.१ | क | जडीबुटी अध्ययन तथा प्रशोधन केन्द्र स्थापना र सञ्चालन | संख्या | | ३ | ३ | २ | २ | १ | ११ | " |
| ७ | | | २.१.२ | क | जडीबुटीसँग सम्वन्धित संस्था तथा व्यक्तिहरूको सञ्जालीकरण | जिल्ला | ११ | ११ | ११ | ११ | ११ | ११ | ११ | " |
| ८ | | २.२ | २.२.१ | क | जडीबुटी बजारीकरण कार्यविधि निर्माण | संख्या | | | १ | | | | १ | " |
| ९ | | | २.२.२ | ख | जडीबुटी व्यबसायीहरू बीच सञ्जालीकरण | जिल्ला | | | ११ | ११ | ११ | ११ | ११ | " |
| १० | | २.३ | २.३.१ | क | जडीबुटी प्रशोधनको लागि उप-केन्द्रहरू स्थापना | संख्या | | ३ | ३ | २ | २ | १ | ११ | " |
| ११ | | | २.३.२ | क | जडीबुटी भण्डारण उप-केन्द्रहरू स्थापना | संख्या | | | ३ | २ | २ | १ | ८ | " |
| १२ | | २.४ | २.४.१ | क | जडीबुटीको मापदण्ड निर्माण (प्रमाणीकरणमा, स्तरीकरण, लेबलिङ, ब्राण्डिङ, प्याकेजिङ आदिको) | संख्या | | | १ | | | | १ | " |
| १३ | | | २.४.२ | ख | बहुपक्षीय सहकार्य र सहभागितामा जडीबुटी खेती विस्तार, भण्डारण, प्रशोधन र बजारीकरण | जिल्ला | | ४ | ११ | ११ | ११ | ११ | ११ | " |

### ४.७.८ नतिजा

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७५/७६ | उपलब्धि | | | | | योजना अवधिका उपलब्धि | पुष्ट्याइँको स्रोत | जिम्मेवार निकाय | जोखिम अनुमान | प्रसमुं संकेत | दिविल संकेत | दीराल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | | | | | | |
| **प्रभाव** | **जडीबुटी एवम् गैरकाष्ठ बनपैदावारहरूको वैज्ञानिक व्यवस्थापन तथा व्यावसायीकरण भएको हुने** | **जडीबुटी एवम् गैरकाष्ठ बनपैदावार क्षेत्रको राष्ट्रिय कुल उत्पादनमा प्रदेशको हिस्सा** | **प्रतिशत** | | | | | | | | **उपववाम प्रतिवेदन** | **उपववाम** | | ३ | ९ | ४ |
| **असर १** | प्राकृतिक रुपमा रहेका जडीबुटी तथा गैरकाष्ठ वनपैदावारको दिगो व्यवस्थापन भएको हुने | जडीबुटी उत्पादन | टन/हेक्टर | | | | | | | | " | " | | ३ | ९ | ४ |
| **प्रतिफल १.१** | जडीबुटी संकलन मापदण्ड निर्माण र कार्यान्वयन भएको हुने | जडीबुटी संकलन मापदण्ड | संख्या | | | १ | | | | १ | " | " | | ३ | ९ | ४ |
| **प्रतिफल १.२** | तुलनात्मक लाभका जडीबुटीको अध्ययन अनुसन्धान भएको हुने | तुलनात्मक लाभ हुने जडीबुटी सम्बन्धी अध्ययन | संख्या | | २ | ५ | ५ | ५ | ५ | २२ | " | " | | ३ | ९ | ४ |
| **प्रतिफल १.३** | खेती प्रविधिको अनुसन्धान तथा विकास भई हस्तान्तरण भएको हुने | जडीबुटी खेती सम्वन्धी प्रविधिको विकास र विस्तार | प्याकेज | | १ | १ | १ | १ | १ | १ | " | " | | ३ | ९ | ४ |
| **प्रतिफल १.४** | पकेट क्षेत्र घोषणा भई उपयुक्त उत्पादन नीति अवलम्बन भएको हुने | जडीबुटी खेती पकेट क्षेत्र विस्तार कार्यक्रम लागू भएका जिल्ला | संख्या | | ११ | ११ | ११ | ११ | ११ | ११ | " | " | किसान आकर्षित हुने | ३ | ९ | ४ |
| **प्रतिफल १.५** | व्यवसायिक खेतीका लागि कृषक प्रोत्साहित भएको हुने | कार्यक्रम लागू भएका जिल्लाको संख्या | संख्या | | ११ | ११ | ११ | ११ | ११ | ११ | " | " | | ३ | ९ | ४ |
| **असर २** | जडीबुटी तथा गैरकाष्ठ वन पैदावारको घरेलुकरण तथा खेतीको विस्तार भई उत्पादन बढेको र बजारीकरण भएको हुने | घरेलुकरण भएका जडीबुटी | संख्या | | | | | | | | " | " | | ३ | ९ | ४ |
| **प्रतिफल २.१** | प्रदेश स्तरको एक प्राकृतिक स्रोत तथा जडीबुटी अध्ययन अनुसन्धान र प्रशोधन केन्द्रको स्थापना भएको हुने | जडीबुटी अध्ययन तथा प्रशोधन केन्द्रको स्थापना र सञ्चालन | संख्या | | ३ | ३ | २ | २ | १ | ११ | " | " | | ३ | ९ | ४ |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७५/७६ | उपलब्धि | | | | | योजना अवधिका उपलब्धि | पुष्ट्याइँको स्रोत | जिम्मेवार निकाय | जोखिम अनुमान | प्रसमुस संकेत | दिविल संकेत | दीराल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | | | | | | |
| **प्रतिफल २.२** | जडीबुटीसँग सम्बन्धित विभिन्न निकायहरूको समन्वयमा कार्यक्रम सञ्चालन भएको हुने | जडीबुटीसँग सम्वन्धित संस्था तथा व्यक्तिहरूको सञ्जालीकरण | जिल्ला | ११ | ११ | ११ | ११ | ११ | ११ | ११ | उपववाम प्रतिवेदन | उपववाम | | ३ | ९ | ४ |
| **प्रतिफल २.३** | बजारीकरणका लागि उपयुक्त ऐन, कानूनको तर्जुमा भएको हुने | जडीबुटी बजारीकरण कार्यविधिको निर्माण | संख्या | | | १ | | | | १ | " | " | | ३ | ९ | ४ |
| **प्रतिफल २.४** | बजारीकरणका लागि आवश्यक सहयोग, सहजीकरण र समन्वय भएको हुने | जडीबुटी व्यवसायीहरू बीच सञ्जालीकरण | जिल्ला | | | ११ | ११ | ११ | ११ | ११ | " | " | | ३ | ९ | ४ |
| **प्रतिफल २.५** | विभिन्न किसिमका जडीबुटीहरूको प्रशोधन प्लान्ट स्थापना भएको हुने | जडीबुटी प्रशोधनका लागि उप-केन्द्रहरूको स्थापना | संख्या | | ३ | ३ | २ | २ | १ | ११ | " | " | | ३ | ९ | ४ |
| **प्रतिफल २.६** | विभिन्न किसिमका जडीबुटीहरूको भण्डारण केन्द्रको स्थापना भएको हुने | जडीबुटी भण्डारण उप-केन्द्रहरूको स्थापना | संख्या | | | ३ | २ | २ | १ | ८ | " | " | | ३ | ९ | ४ |
| **प्रतिफल २.७** | जडीबुटीको प्रमाणीकरण, स्तरीकरण, लेबलिङ, ब्राण्डिङ, प्याकेजिङ आदिको मापदण्ड तयार गरी लागू भएको हुने | जडीबुटीको मापदण्ड निर्माण | संख्या | | | १ | | | | १ | " | " | | ३ | ९ | ४ |
| **प्रतिफल २.८** | सार्वजनिक, सहकारी तथा निजी क्षेत्रको समन्वयनमा जडीबुटी तथा गैरकाष्ठ वन पैदावारको बजार स्थापित भएको हुने | जडीबुटी खेती विस्तार, भण्डारण, प्रशोधन र बजारीकरण भएका जिल्लाको संख्या | जिल्ला | | ४ | ११ | ११ | ११ | ११ | ११ | " | " | | ३ | ९ | ४ |
| **लगानीः जडीबुटी क्षेत्रको लगानी लगानी, जडीबुटी संकलन तथा प्रशोधन केन्द्रहरू निर्माण, क्षमता विकास तालिम, अध्ययन अनुसन्धान, वार्षिक कार्यक्रम र बजेट** | | | | | | | | | | | | | | | | |

## ४.८ खनिज सम्पदा

### ४.८.१ पृष्ठभूमि

गण्डकी प्रदेश खनिज उद्योगहरूको अन्वेषण र उत्खनन लगायतका अनेक सम्भावनाहरूका लागि धनी प्रदेश हो । प्रदेशिभत्र विभिन्न जिल्लामा युरेनियम, टर्मालिन, क्वार्ज, चुनढुंगा, फलाम, टाल्क, रातो माटो लगायतका खनिजहरू रहेको छ । यस प्रदेशमा रहेका भौगर्भिक विविधताका कारण विभिन्न खानी तथा खनिज उद्योगहरूको प्रचुर सम्भावना रहे तापनि सघन रुपमा उत्खनन र सदुपयोग हुन नसकेको तथ्य विभिन्न अध्ययन, अनुसन्धानले देखाएका छन् । यसका लागि पहिचान भईसकेका खनिजहरूको थप अध्ययन र उत्खनन गरी खनिजमा आधारित उत्पादनमूलक तथा निर्माण उद्योगहरू सञ्चालन र सम्भावित अन्य खानी तथा खनिजहरूको अन्वेषण गरी आवश्यक व्यवस्थापन गर्न आवश्यक देखिन्छ । यस्ता उद्योगको प्रवर्द्धन र विकासले खनिजजन्य वस्तुहरूको आयात घट्ने, केही वस्तुहरू निर्यातसमेत् गर्न सकिने, प्रदेशभित्र नयाँ रोजगारी सिर्जना हुने, पूर्वाधार निर्माणका लागि आवश्यक खनिजजन्य कच्चा पदार्थको सहज उपलब्धता हुने, प्रदेशको कुल ग्राहस्थ्य उत्पादन वृद्धि हुन गई समृद्ध प्रदेशको निर्माणमा मद्दत पुग्दछ । यसका लागि तत्परता, अनुसन्धान, नयाँ प्रविधि, नयाँ सोच र पर्याप्त बजेटको खाँचो पर्ने देखिन्छ ।

### ४.८.२ प्रमुख समस्या

खानी तथा खनिज उद्योगहरूका बारेमा भएका अध्ययन, अनुसन्धानहरूको एकीकृत् तथ्याङ्क नहुनु, प्रदेश नीति, कानून, योजना तथा संस्थागत संरचना नहुनु, अन्वेषण तथा उत्खननका लागि आवश्यक विशेषज्ञ, ज्ञान, सीप, उपकरणहरूको अपर्याप्तता रहनु, अन्वेषण कार्य महँगो हुँदा बजेटको अपर्याप्तता हुनु, उद्यमीहरूको क्षमता र दक्षता वृद्धि गर्न नसक्नु, स्थानीयको माग अनुसार अन्वेषण भईसकेका उद्योगहरू सञ्चालनमा नहुनु आदि यस क्षेत्रमा समस्याहरू हुन् ।

### ४.८.३ चुनौती र अवसर

**चुनौती**

तीनै तहका सरकारको साझा अधिकार क्षेत्रभित्र पर्ने खनिज उद्योगको सम्बन्धमा तत्काल तीन तहका सरकारबीच तादाम्य हुने गरी आवश्यक प्रदेश नीति, कानून तथा नियमहरू तय गर्नु, खनिज उद्योगको क्षेत्रमा देशभित्र नै उल्लेख्य काम नभएकोले अनुभवसिद्ध भू-इन्जिनियरिङ तथा भौगर्भिक अन्वेषणकर्ता तथा उद्यमीहरूको सेवा प्राप्त गर्नु, धाउ पहिचान गर्ने र उत्खनन कार्य गर्दा खनिज नभेटिईने पनि देखिएको हुँदा समयमा नै सूक्ष्म अनुसन्धान गर्नु, तत्काल प्रतिफल दिने साना तथा मझौला उद्योगहरूमा आकर्षण बढी भई रहेको सन्दर्भमा ठूलो लगानी लाग्ने खनिज उद्योगहरूमा आन्तरिक तथा बाह्य लगानी आकर्षित गर्नु, खनिज उद्योग सञ्चालनको लागि आवश्यक पूर्वाधारको विकास गर्नु, अन्वेषण तथा उत्खननका लागि खानी दर्ता गर्ने तर काम नगर्ने परिपाटी रोक्नु र खानीको उत्खननले हुने वातावरणीय विनास रोक्नु आदि यस क्षेत्रका चुनौतीहरू हुन् ।

**अवसर**

भौगर्भिक विविधता भएको प्रदेश हुँदा धेरै प्रकारका खनिजहरूको प्रचुर सम्भावना रहनु, राजनीतिक स्थायित्व र इच्छाशक्तिमा वृद्धि हुनु, खानीहरूको अन्वेषण, सर्वेक्षण र उत्खनन कार्य प्रारम्भ हुँदै जानु, उर्जाको उपलब्धता बढ्दै जानु, लगानीमैत्री वातावरणमा सुधार हुनु, पूर्वाधार निर्माणका कार्यहरूले तीव्रता लिनु, खनिज अन्वेषणमा निजी र अन्तर्राष्ट्रिय क्षेत्रको चासो बढ्दै जानु आदि यस क्षेत्रका अवसरहरू हुन् ।

### ४.८.४ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

**सोच**

प्रदेश समृद्धिका लागि खानी तथा खनिज उद्योगको विकास ।

**लक्ष्य**

खानी तथा खनिज उद्योगको अन्वेषण, उत्खनन र विकासद्वारा अर्थतन्त्रमा खनिज क्षेत्रको योगदान वृद्धि गर्ने ।

**उद्देश्य**

१. खानी तथा खनिज उद्योगको विकासका लागि आवश्यक नीतिगत तथा संस्थागत संरचना निर्माण गर्नु ।

२. खनिजको उत्पादन वृद्धि गरी कुल ग्राहस्थ्य उत्पादनमा खनिज क्षेत्रको योगदान बढाउनु ।

### ४.८.५ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १: खानी तथा खनिज उद्योगको विकासका लागि आवश्यक नीतिगत तथा संस्थागत संरचना निर्माण गर्नु ।** | |
| १.१ खनिज उद्योगलाई आवश्यक पूर्वाधार व्यवस्था गर्न आवश्यक नीति, ऐन, नियम तर्जुमा र संस्थागत संरचनाको प्रवर्द्धन र विकास गर्ने । | १.१.१ संघसँगको समन्वयमा खनिज अन्वेषण र उत्खननका लागि आवश्यक नीति, ऐन, नियमको तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।<br>१.१.२ खनिज उद्योगका लागि आवश्यक संस्थागत संरचना तथा पूर्वाधार निर्माण गरिनेछ । |
| **उद्देश्य २: औद्योगिक खनिजको उत्पादन वृद्धि गरी कुल ग्राहस्थ्य उत्पादनमा खनिज क्षेत्रको योगदान बढाउनु ।** | |
| २.१ खानी तथा खनिजजन्य उद्योगको लागत प्रभावी र तुलनात्मक लाभका क्षेत्र पहिचान गरी प्रतिफल बढी हुने क्षेत्रमा लगानी गर्ने । | २.१.१ उत्खनन अनुमति प्राप्त उद्योगहरूको लाभ लागत विश्लेषण गरी गराई उत्खनन कार्यमा जोड दिईनेछ ।<br>२.१.२ प्रदेशभित्र अन्वेषण सर्वेक्षणको प्रक्रियामा रहेका खानी तथा खनिजहरूको अन्वेषण प्रक्रियालाई तीब्रता दिईनेछ ।<br>२.१.३ निजी क्षेत्रसँगको सहकार्य समेतमा प्रदेशभित्र सम्भावित अन्य धातु तथा अधातु खनिजको अन्वेषण सर्वेक्षण र उत्खनन गरिनेछ ।<br>२.१.४ खनिज उत्पादनको मात्रा र गुणस्तर हेरी खनिजसँग सम्बन्धित उत्पादन तथा निर्माण उद्योगको स्थापना, विकास र विस्तारमा सहजीकरण तथा प्रवर्द्धन गरिनेछ ।<br>२.१.५ ढुंगा, माटो, बालुवा र गिटी जस्ता निर्माण सम्बन्धित खनिजहरूको उत्खननलाई नियमित, व्यवस्थित र वातावरणमैत्री बनाईनेछ । |

### ४.८.६ कार्यक्रमका प्राथमिकता

१. नेपाल सरकारसगँको समन्वयमा नवलपुरको धोवादीमा फलाम खानी सञ्चालन गर्ने ।

२. ढुङ्गा, गिटी र वालुवा उत्खननलाई दिगो व्यवस्थापन गर्ने ।

### ४.८.७ विस्तृत कार्यक्रम

| क्र.सं. | उद्देश्य नं. | रणनीति नं. | कार्यनीति नं. | संकेत | कार्यक्रम | इकाई | आधार वर्ष ०७५/७६ | लक्ष्य २०७६/७७ | लक्ष्य २०७७/७८ | लक्ष्य २०७८/७९ | लक्ष्य २०७९/८० | लक्ष्य २०८०/८१ | योजना अवधिको जम्मा लक्ष्य | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | १ | १.१ | १.१.१ | ग | खानी तथा खनिज जन्य वस्तु अन्वेषण तथा उत्खनन सम्बन्धी कानून निर्माण | संख्या | | | १ | | १ | | २ | उपववाम |
| २ | | | १.१.२ | ग | खानी तथा खनिज जन्य वस्तु सम्वन्धी उद्योगहरूका लागि आवश्यक संस्थागत संरचना तथा पूर्वाधार निर्माण | प्याकेज | | १ | १ | १ | १ | १ | ५ | " |
| ३ | २ | २.१ | २.१.१ | क | उत्खनन अनुमति पाइसकेका खनिजजन्य उद्योगहरूको पहिचान र प्रोत्साहन | संख्या | | | १ | १ | १ | १ | ४ | " |
| ४ | | | २.१.२ | क | अन्वेषणको प्रक्रियामा रहेका आयोजनाहरूलाई चाडै अन्वेषण सम्पन्न गर्न सहजीकरण | संख्या | १ | ३ | ३ | ३ | ३ | ३ | १५ | " |
| ५ | | | २.१.३ | क | खनिज उत्खननमा लगानी आकर्षण गर्न आयोजना बैंक बनाउने र बहुपक्षीय संवाद गर्ने | प्याकेज | | | १ | १ | १ | १ | ४ | " |
| ६ | | | २.१.४ | क ग | बहुपक्षीय लगानीमा प्रदेश भित्र खनिजजन्य उद्योगहरू स्थापना | प्याकेज | | | १ | १ | १ | १ | ४ | " |
| ७ | | | २.१.४ | ग | नेपाल सरकार, स्थानीय तह र निजी क्षेत्रको समन्वयमा नवलपुरको धोवादीमा फलाम खानी सञ्चालन गर्ने | संख्या | | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १ | " |
| ८ | | | २.१.५ | क | ढुंगा, गिट्टी, बालुवा उत्खननलाई व्यवस्थित गर्न तीन तहका सरकार का प्रतिनिधि रहने गरी उच्च स्तरीय समिति गठन | संख्या | | | ११ | ११ | ११ | ११ | ११ | " |

## ४.८.८ नतिजा

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७५/७६ | उपलब्धि २०७६/७७ | उपलब्धि २०७७/७८ | उपलब्धि २०७८/७९ | उपलब्धि २०७९/८० | उपलब्धि २०८०/८१ | योजना अवधिका उपलब्धि | पुष्ट्याइँको स्रोत | जिम्मेवार निकाय | जोखिम अनुमान | प्रसमृसं संकेत | दिविल संकेत | दीराल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **प्रभाव** | **खानी तथा खनिज उद्योगको अन्वेषण, उत्खनन र विकासद्वारा अर्थतन्त्रमा खनिज क्षेत्रको योगदानमा वृद्धि भएको हुने** | **खानी तथा भुगर्भ क्षेत्रका क्षेत्रको राष्ट्रिय कुल उत्पादनमा प्रदेशको हिस्सा** | **प्रतिशत** | १२.३ | | | | | | | **उपववाम प्रतिवेदन** | **उपववाम** | | ४ | ९ | ४ |
| **असर १** | खानी तथा खनिज उद्योगको विकासका लागि आवश्यक नीतिगत तथा संस्थागत संरचना निर्माण भएको हुने | प्रदेशमा सञ्चालित खानी तथा खनिज उद्योग | संख्या | | | | | | | | " | " | | ४ | ९ | ४ |
| **प्रतिफल १.१** | नेपाल सरकारसँगको समन्वयमा खनिज अन्वेषण र उत्खननका लागि आवश्यक नीति, ऐन, नियमको तर्जुमा भई कार्यान्वयन भएको हुने | सम्बन्धित कानूनको निर्माण | संख्या | | | १ | | | | २ | " | " | नेपाल सरकारसँग समन्वय हुने | ४ | ९ | ४ |
| **प्रतिफल १.२** | खनिज उद्योगका लागि आवश्यक संस्थागत संरचना तथा पूर्वाधारको निर्माण भएको हुने | संस्थागत संरचना तथा पूर्वाधारको निर्माण | संख्या | | १ | १ | १ | १ | १ | ५ | " | " | नेपाल सरकारसँग समन्वय हुने | ४ | ९ | ४ |
| **असर २** | औद्योगिक खानी तथा खनिज उद्योग खनिजको उत्पादन वृद्धि भएको हुने | प्रदेशमा उत्पादित सिमेन्ट | मे.टन | | | | | | | | " | " | | ४ | ९ | ४ |
| | | प्रदेशमा उत्पादित फलाम | मे.टन | | | | | | | | " | " | | | | |
| | | प्रदेशमा उत्पादित नदीजन्य निर्माण सामग्री | मे.टन | | | | | | | | " | " | | | | |
| **प्रतिफल २.१** | उत्खनन अनुमति प्राप्त उद्योगहरूको लाभ लागत विश्लेषण भई उत्खनन कार्य अघि बढेको हुने | उत्खनन अनुमति पाइसकेका खनिजजन्य उद्योगहरूको संख्या (पहिचान र प्रोत्साहनका लागि) | संख्या | | | १ | १ | १ | १ | ४ | " | " | नेपाल सरकारसँग समन्वय हुने | | ९ | ४ |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७५/७६ | उपलब्धि | | | | | योजना अवधिका उपलब्धि | पुष्ट्याइँको स्रोत | जिम्मेवार निकाय | जोखिम अनुमान | प्रसमुसं संकेत | दिविल संकेत | दीराल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | | | | | | |
| **प्रतिफल** २.२ | प्रदेशभित्र अन्वेषण सर्वेक्षणको प्रक्रियामा रहेका खानी तथा खनिजहरूको अन्वेषण प्रक्रिया तीव्र भएको हुने | अन्वेषण | संख्या | | ३ | ३ | ३ | ३ | ३ | १५ | उपववाम प्रतिवेदन | उपववाम | नेपाल सरकारसँग समन्वय हुने | ४ | ९ | ४ |
| **प्रतिफल** २.३ | खनिजसँग सम्बन्धित उत्पादन तथा निर्माण उद्योगको स्थापना, विकास र विस्तारमा सहजीकरण तथा प्रवर्द्धन भएको हुने | बहुपक्षीय लगानीमा प्रदेशभित्र खनिजजन्य उद्योगहरूको स्थापना | प्याकेज | | | १ | १ | १ | १ | १ | " | " | | ४ | ९ | ४ |
| **प्रतिफल** २.४ | ढुंगा, माटो, बालुवा र गिटी जस्ता निर्माण सम्बन्धित खनिजहरूको उत्खनन नियमित, व्यवस्थित र वातावरणमैत्री भएको हुने | तीन तहका सरकारका प्रतिनिधि रहने गरि उच्च स्तरीय समिति गठन भएका जिल्ला | संख्या | | | ११ | ११ | ११ | ११ | ४४ | " | " | नेपाल सरकारसँग समन्वय हुने | ४ | ९ | ४ |
| **लगानीः खनिज अन्वेषण, खनिज उद्योग स्थापना, क्षमता विकास तालिम, वार्षिक कार्यक्रम र बजेट, अध्ययन प्रतिवेदन** | | | | | | | | | | | | | | | | |

## ४.९ पर्यटन

### ४.९.१ पृष्ठभूमि

ग्रामीण क्षेत्रमा चिया पसल र घरबासदेखि शहरका पाँचतारे होटेलसम्म सञ्चालन गर्ने र समावेशी, सेवामूलक र रोजगारमूलक क्षेत्रको रुपमा अपेक्षा गरिएको पर्यटन क्षेत्र गण्डकी प्रदेश समृद्धिको एक प्रमुख सम्वाहक हो । यस प्रदेशमा रहेका जैविक, भौगोलिक, प्राकृतिक, सामाजिक, साँस्कृतिक, ऐतिहासिक र धार्मिक विविधताले प्रदेशको पर्यटनमा अहम् भूमिका खेलेका छन् । यहाँ रहेका पर्यटकीय गन्तव्यहरूको विविधीकरण गर्दै नयाँ पर्यटकीय स्थल र उपजहरूको पहिचान, विकास तथा पर्यटकीय पूर्वाधारहरूको विकास गरी पर्यटन प्रवर्द्धनको माध्यमबाट रोजगारीका अवसरमा वृद्धि गरी गरिबी न्यूनीकरण गर्दै जनताको जीवन स्तरमा सुधार गर्नु आवश्यक छ । नेपाल आउने पर्यटकमध्ये करिब ४० प्रतिशत पर्यटक गण्डकी प्रदेशमा आउने कुरा तथ्याङ्कबाट देखिन्छ । वार्षिक रुपमा आन्तरिक र बाह्य गरी करिब १० लाख पर्यटक भित्रिने यो प्रदेशमा पर्यटकको बसाइ अवधि करिब ५ दिन अनुमान गरिएको छ, जहाँ विदेशी पर्यटकले प्रतिदिन ५४ डलर र आन्तरिक पर्यटकले प्रतिदिन रु. ५,००० खर्च गरेको देखिन्छ । यसबाट गण्डकी प्रदेशमा पर्यटनले प्रत्यक्ष, अप्रत्यक्ष गरी कुल रोजगारीको १५ प्रतिशत र कुल ग्राहस्थ्य उत्पादनको १० प्रतिशत योगदान पुऱ्याएको प्रक्षेपण गरिएको छ । प्रदेशमा सञ्चालित रेस्टुरेन्ट र होटेलहरूले प्रदेशको कुल ग्राहस्थ्य उत्पादनमा चार प्रतिशतको योगदान गरेका छन् र आगामी वर्षहरूमा पर्यटनको योगदान उल्लेख्य मात्रामा बढ्ने अपेक्षा गरिएको छ । गण्डकी प्रदेश राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यटकहरूको आकर्षणको केन्द्र रहेको र प्रदेश सरकारले पर्यटन क्षेत्रलाई समृद्धिको मुख्य सम्वाहक मानेको हुँदा पर्यटन क्षेत्रको दिगो विकास र व्यवस्थापनमार्फत् दिगो प्रदेश अर्थतन्त्रको आधारशीला तयार पार्न यस क्षेत्रलाई प्राथमिकतामा राखी कार्य गर्नुपर्ने आवश्यकता छ ।

### ४.९.२ प्रमुख समस्या

पर्यटन सम्बन्धी प्रादेशिक संरचना विस्तार नहुनु, स्थानीय उत्पादनसँग पर्यटन व्यवसायको सहकार्य नहुनु, पोखरा वरिपरिको क्षेत्रमा पर्यटकस्तरीय होटेल नहुनु, अन्तर्राष्ट्रिय गुणस्तरको पर्यटन सेवा नहुनु, पर्यटकीय गन्तव्यस्थल तथा सम्पदाको संरक्षण, सुरक्षा तथा पूर्वाधार अभाव, सडक सञ्जालको विस्तारसँगै विश्वप्रसिद्ध पदमार्गमा गरिने पदयात्राको समय अवधि छोटिनु, विनाशकारी भूकम्पबाट क्षतिग्रस्त पर्यटकीय गन्तव्य तथा पुरातात्विक सम्पदाको पुनर्निर्माण ढिलो हुनु, अन्तरप्रादेशिक र अन्तर्राष्ट्रिय हवाई उडान नहुनु, पर्यटकका लागि न्यूनतम मापदण्डका होटेल पर्याप्त मात्रामा नहुनु, पर्यटकीय सेवा तथा गन्तव्यको विविधीकरण नहुनु, आन्तरिक पर्यटक भित्र्याउने बजार नीति विकास नहुनु आदि पर्यटन क्षेत्रका समस्याहरू हुन् ।

### ४.९.३ चुनौती र अवसर

**चुनौती**

पर्यटकहरूको वैज्ञानिक र पूर्ण अभिलेख राख्नु, पर्यटकीय स्थलहरूमा सूचना, सञ्चार तथा प्रविधिको विकास गर्नु, पर्यटक क्रियाकलापमा विविधीकरण गरी प्रतिपर्यटक दैनिक खर्च रकम बढाउनु, पदमार्गहरूमा पर्यटकको सुरक्षाको ग्यारेन्टी गर्नु, पर्यटन क्षेत्रका साझेदारसँग कुशल तथा प्रभावकारी समन्वय गरी पर्यटन पूर्वाधार विकासमा पर्याप्त लगानी बढाउनु, पर्यटनका लागि आवश्यक पर्ने स्थानीय वस्तु तथा सेवाको उत्पादन गर्नु, पर्यटन क्षेत्रमा चाहिने जनशक्ति अभाव हुन नदीनु र पर्यटन क्षेत्रको लाभको समन्यायिक वितरण गर्नु, पर्यटकीय उपजहरूको बारेमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा प्रचारप्रसार गर्नु, पर्यटन क्षेत्रको दिगो विकास तथा व्यवस्थापन गर्नु आदि यस क्षेत्रका चुनौतीहरू हुन् ।

**अवसर**

राजनीतिक स्थिरता हुनु, प्रदेश सरकारले पर्यटन क्षेत्रलाई समृद्धिको मुख्य सम्वाहक मान्नु, संसारभर प्रसिद्ध र स्थापित भइसकेका अद्वितीय पर्यटकीय क्षेत्रहरू गण्डकी प्रदेशमा रहनु, जैविक विविधतामा धनी अन्नपूर्ण र मनास्लु संरक्षण क्षेत्र एवम् नेपालकै एकमात्र शिकार आरक्षमध्येको ढोरपाटन क्षेत्र यसै प्रदेशमा रहनु, सन् २०२१ को जुलाइसम्ममा पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय बीमानस्थल सम्पन्न गरी सञ्चालन ल्याउने गरी तीनै तहका सरकार तथा समुदाय एकताबद्ध हुनु, पर्यटकको आकर्षणको रुपमा रहेको जोमसोमको मुक्तिनाथ क्षेत्र तथा चीन जोडिने पोखरा- कोरलासडकको स्तरोन्नतिको कार्य द्रुत गतिमा अगाडि बढ्नु, संघीय राजधानी काठमाडौं, बुद्ध जन्मभूमि लुम्बिनी र पर्यटकको आकर्षणको केन्द्र सौराहा प्रदेश केन्द्र पोखरासँग गुणस्तरीय सडक सञ्जालमार्फत् जोडिनु, पोखराबाट भारतका विभिन्न स्थानमा सिधा बस सञ्चालनमा आउनु, रामसारमा सूचीकृत तालहरू हुनु, दक्षिण एशियाकै नमुना घलेगाँउ, सिरुबारी र अमलटारी घरबास यसै प्रदेशमा रहनु, प्रदेश सरकार र स्थानीय तहको सहजीकरण तथा समन्वयमा सामुदायिक होमस्टे सञ्चालनको अद्वितीय माहोल सिर्जना हुनु, छिमेकी राष्ट्रहरूको उच्च आर्थिक वृद्धिबाट ती राष्ट्रहरूमा मध्यम आयवर्गको तीव्र वृद्धि हुनु, पर्यटन पूर्वाधार विकासमा तीनै तहका सरकारको जोड रहनु, निजी क्षेत्र र समुदायको पर्यटन क्षेत्रमा चासो र लगानी वृद्धि हुँदै जानु, पर्यटन पूर्वाधार निर्माणमा अन्तर्राष्ट्रिय क्षेत्रको चासो वृद्धि हुँदै जानु, नेपाल सरकारको नेपाल भ्रमण वर्ष २०२० लाई सफल बनाउन प्रदेश सरकारको आन्तरिक पर्यटन वर्ष २०१९ को सफल कार्यान्वयन जारी रहनु र सोसँगै छिमेकी देशका पर्यटक आकर्षण वर्ष २०२०, पर्यटन पूर्वाधार निर्माण वर्ष २०२१ र अन्तर्राष्ट्रिय स्तरको प्रदेश पर्यटन वर्ष मनाउने घोषणा गरी कार्य अगाडि बढाउनु आदि यस क्षेत्रका अवसरहरू हुन् ।

### ४.९.४ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

**सोच**

प्रदेश समृद्धिको आधार, पर्यटनको दिगो विकास ।

**लक्ष्य**

दिगो पर्यटन विकासबाट उत्पादन र रोजगारीमा वृद्धि गरी प्रदेशको अर्थतन्त्र सुदृढ गर्ने ।

**उद्देश्य**

१. पर्यटन क्षेत्र र स्थानीय कृषि उत्पादनबीच सघन सहकार्य स्थापित गर्नु ।
२. पर्यटन पूर्वाधार र पर्यटकीय उपजको विकास र प्रवर्द्धन गर्नु ।
३. पर्यटनमार्फत् जनताको आय र रोजगारीमा उल्लेखनीय वृद्धि गर्नु ।
४. पर्यटनलाई अन्तर्राष्ट्रिय क्षेत्रसँग आबद्ध गरी उत्पादकत्व वृद्धि गर्नु ।

### ४.९.५ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १: पर्यटन क्षेत्र र स्थानीय कृषि उत्पादनबीच सघन सहकार्य स्थापित गर्नु।** | |
| १.१ पर्यटन व्यवसायीलाई स्थानीय उत्पादकसँग सघन सहकार्य गरी पर्यटनको प्रदेश अर्थतन्त्रमा पर्यटनको पृष्ठ (Backward) र अग्र (Forward) सम्बन्ध सुदृढ गर्न प्रोत्साहन गर्ने । | १.१.१ पर्यटन व्यवसायीलाई आफ्ना होटेल तथा रेस्टुरेन्टहरूमा प्रयोग हुने खाद्य सामग्री आफै उत्पादन गर्न तथा स्थानीय उत्पादकसँग खरिद सम्झौता गरी प्राप्त गर्ने व्यवस्था गर्न प्रोत्साहन गरिनेछ ।<br>१.१.२ पर्यटन व्यवसायी र स्थानीय उत्पादकबीच सघन सहकार्य गर्न प्रदेश सरकारले सहजीकरण गर्ने व्यवस्था गरिनेछ ।<br>१.१.३ पर्यटन व्यवसायी र स्थानीय उत्पादकबीच सम्बन्ध विस्तार गर्न आवश्यक नीतिगत तथा कानूनी व्यवस्था गरिनेछ । |
| **उद्देश्य २: पर्यटन पूर्वाधार र पर्यटकीय उपजको विकास र प्रवर्द्धन गर्नु।** | |
| २.१ पर्यटनको विकास र प्रवर्द्धनका लागि नीति निर्माण र संस्थागत विस्तार गर्ने । | २.१.१ पर्यटनमैत्री नीति नियमको निर्माण र कार्यान्वयनमा जोड दिइनेछ ।<br>२.१.२ पर्यटनको विकास र प्रवर्द्धनका लागि उपयुक्त संस्थागत संरचनाको विकास गरिनेछ । |
| २.२ निजी, राष्ट्रिय, अन्तर्राष्ट्रिय र गैर आवासीय नेपाली लगानीकर्तालाई लगानीमैत्री वातावरणको सिर्जना गर्ने । | २.२.१ पर्यटन क्षेत्रमा लगानी गर्ने ठूला लगानीकर्तालाई केही वर्ष आय कर छुट दिने व्यवस्था मिलाउन नेपाल सरकारसँग समन्वय गरिनेछ ।<br>२.२.२ बैंकिङ्ग तथा सहकारी क्षेत्रलाई कुल ऋण प्रवाहको कम्तिमा १० प्रतिशत पर्यटन क्षेत्रमा प्रवाह गर्न उत्प्रेरित गरिनेछ ।<br>२.२.३ उत्पादन र रोजगार बढाउने पर्यटन व्यवसायलाई प्रोत्साहन गर्न नेपाल राष्ट्र बैंक तथा बैंकहरूसँग सहकार्य गरी ऋणको ब्याज दरमा सहुलियतको व्यवस्था गरिनेछ ।<br>२.२.४ निजी, अन्तर्राष्ट्रिय क्षेत्र तथा गैर आवासीय नेपालीहरूलाई गण्डकी प्रदेशको पर्यटन पूर्वाधार विकास र पर्यटन प्रवर्द्धनमा आबद्ध हुन उत्प्रेरित गरिनेछ । |
| २.३ आकर्षक पर्यटकीय गन्तव्यहरूमा पूर्वाधारको स्तरोन्नति गरी बाह्रै महिना पर्यटक जान सक्ने गरी विकास गर्ने । | २.३.१ स्थापित प्रदेश गौरवका पर्यटकीय गन्तव्यहरूमा अन्तर्राष्ट्रिय स्तरको ठूला पर्यटन पूर्वाधार विकास गरी पर्यटक आकर्षित गरिनेछ ।<br>२.३.२ सडक, पुल, भवन, रंगशाला, सम्मेलन केन्द्र, योगा केन्द्र, बीमानस्थल लगायतका पूर्वाधारहरू निर्माण गर्दा स्थानीय संस्कृति र मौलिकता प्रवर्द्धन गर्ने वातावरण निर्माण गरिनेछ ।<br>२.३.३ प्रदेशमा रहेका रणनीतिक महत्वका पर्यटन पदमार्गहरूको पहिचान, विकास र सौन्दर्यकरण गरिनेछ ।<br>२.३.४ रणनीतिक महत्वका पर्यटन पदमार्गहरूमा सूचना, सुरक्षा र आपतकालीन उद्धारका लागि आवश्यक पूर्वाधारहरू निर्माण गरिनेछ ।<br>२.३.५ समूहगत पर्यटक प्रवाह वृद्धि गर्नका लागि मुख्य पर्यटकीय केन्द्रहरूमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रदर्शनी, सभाहल र योगा केन्द्र बनाई सञ्चालनमा ल्याइनेछ ।<br>२.३.६ प्राकृतिक तथा साँस्कृतिक पर्यटकीय गन्तव्य र उपजहरूको दिगो उपयोग र संरक्षण गरिनेछ ।<br>२.३.७ आकर्षक पर्यटक गन्तव्यमा पुग्ने सडक तथा पदमार्गहरू बाह्रै महिना सञ्चालन हुने व्यवस्था गरिनेछ । |
| २.४ पर्यटकीय वस्तु तथा उपजहरूको व्यापक प्रवर्द्धन तथा प्रचार प्रसार गर्ने । | २.४.१ नेपाल सरकार र निजी तथा अन्तर्राष्ट्रिय क्षेत्रसँग सहकार्य गरी चीन, हङ्गकङ्ग, थाईल्याण्ड, भारत, सिँगापुर, खाडी राष्ट्र लगायतका देशमा पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय बीमानस्थलबाट सिधा हवाई उडान भर्ने व्यवस्था गरिनेछ ।<br>२.४.२ पर्यटन गन्तव्य तथा वस्तुहरूको विज्ञापनको लागि वेबसाइट, प्रचारप्रसारका सामग्री तथा सामाजिक सञ्जालको प्रयोग व्यापक रुपमा बढाइनेछ ।<br>२.४.३ ग्रामीण पर्यटकीय गन्तव्यहरूमा आन्तरिक पर्यटक आकर्षण गर्न एयरलाइन्स, होटल्स र ट्राभल एजेन्सीहरूसँग सहकार्य गरी विशेष छुट प्याकेजहरू सञ्चालन गरिनेछ ।<br>२.४.४ पर्यटकहरूलाई बेच्ने कोसेलीहरू उत्पादन गर्न निजी क्षेत्रलाई प्रोत्साहन गरिनेछ । |
| **उद्देश्य ३: पर्यटन मार्फत् जनताको आय र रोजगारीमा उल्लेखनीय वृद्धि गर्नु।** | |

| रणनीति | कार्यनीति |
|---|---|
| ३.१ पर्यटकको बसाई अवधि लम्ब्याउने र खर्च बढाउने वातावरणको निर्माण गर्ने । | ३.१.१ भ्रमण र यात्रा एजेन्सीहरूसँग सहकार्य गरी पर्यटकको बसाइँ लम्ब्याउने र आय बढाउने पर्यटन कनेक्टिभिटी सञ्जालहरू विकास गरी प्रवर्द्धन गरिनेछ ।<br>३.१.२ आन्तरिक पर्यटक आकर्षण गर्न सार्वजनिक तथा निजी क्षेत्रसँगको सहकार्यमा वर्षको एक पटक आर्थिक प्याकेज सहितको तलबी भ्रमणका कार्यक्रमहरू सञ्चालन गरिनेछ ।<br>३.१.३ ठूलो संख्यामा गुणस्तरीय पर्यटक आकर्षण गर्न नेपाल सरकार तथा चीन, हङ्कङ्ग, थाईल्याण्ड, भारत, सिँगापुर, खाडी राष्ट्र, अमेरिका, युके लगायतका देशका सरकारी तथा निजी क्षेत्रसँग समन्वय र सहकार्य गरिनेछ ।<br>३.१.४ नेपालको पहाडी क्षेत्रका पदयात्रामा जाने पर्यटकको सुरक्षाको लागि पर्यटक उद्धार टिम गठन गरी क्रियाशील बनाइनेछ । |
| ३.२ शहरी र ग्रामीण क्षेत्रमा पर्यटनको विविधीकरण गर्ने । | ३.२.१ एक स्थानीय तह एक पर्यटकीय गन्तव्य तथा उपजको अवधारणा अनुसार पर्यटनलाई विकेन्द्रीकरण गरिनेछ ।<br>३.२.२ ग्रामीण घरबास तथा साहसिक पर्यटनका कार्यक्रमहरूलाई प्रदेशका स्थापित गौरवका पर्यटकीय गन्तव्यहरूसँग जोडेर विकास तथा व्यवस्थापन गरिनेछ ।<br>३.२.३ ग्रामीण क्षेत्रमा आवश्यकताको आधारमा घरबासको संख्या विस्तार, सञ्चालनमा रहेका घरबासको गुणस्तर वृद्धि र घरबास सञ्चालकको क्षमता वृद्धि गरिनेछ । |
| ३.३ पर्यटन क्षेत्रबाट प्राप्त हुने आय र रोजगारीको लाभलाई न्यायोचित वितरण गर्न ग्रामीण पर्यटकीय गन्तव्यहरूको पहिचान गरी विकास तथा व्यवस्थापन गर्ने । | ३.३.१ पर्यापर्यटन, जल पर्यटन, कृषि पर्यटन, धार्मिक पर्यटन र साँस्कृतिक पर्यटनको सम्भावनाहरू एकीकृत् गरी ग्रामीण पर्यटक प्याकेज विकास तथा प्रवर्द्धन गरी पर्यटक आकर्षण गरिनेछ ।<br>३.३.२ नवलपुरको गजेन्द्रमोक्ष धाम, तनहुँको देवघाट, स्याङ्जाको केलादीघाट, पर्वतको सेति बेणी, गुप्तेश्वर, मोदीवेणी, बाग्लुङ्गको कालिका, पञ्चकोट र ढोरपाटन मन्दिर, म्याग्दीको गलेश्वर, मुस्ताङ्गको दामोदरकुण्ड र मुक्तिनाथ, कास्कीको ठूलाकोट देवी, लमजुङ्गको करापुटार शिव मन्दिर, तनहुँको छाब्दीबराह र गोरखाको गोरखनाथ मन्दिर तथा मनकामना मन्दिर एवम् देवनदी कालीगण्डकी किनारमा रहेका धार्मिक गन्तव्यहरूको बृहत्तर धार्मिक पर्यटकीय सर्किटको निर्माण गरी धार्मिक पर्यटनको प्रवर्द्धन गरिनेछ । |
| **उद्देश्य ४: पर्यटनलाई अन्तर्राष्ट्रिय क्षेत्रसँग आबद्ध गरी उत्पादकत्व वृद्धि गर्नु ।** | |
| ४.१ पर्यटन र अन्तर्राष्ट्रिय सम्बन्ध अभिवृद्धि गरी अर्थतन्त्रलाई थप मजबुद र दिगो बनाउने । | ४.१.१ स्थानीय निकासीकर्ता र उत्पादकबीच खरिद सम्झौता गरी कृषकका उत्पादन बढाउने अभियान सञ्चालन गरिनेछ ।<br>४.१.२ पोखरा बीमानस्थल निर्माण भई सञ्चालनमा आएपछि गण्डकी प्रदेशभित्र उत्पादित कृषि र वनजन्य उपजहरूको निर्यातको लागि र अन्तर्राष्ट्रिय क्षेत्रसँग समन्वय गरेर निर्यातको प्रर्बद्धन गरिनेछ ।<br>४.१.३ स्थानीय समुदायलाई व्यापक पर्यटन मूल्य श्रृंखलामा सहभागी हुन अभिप्रेरित गरिनेछ । |

### ४.९.६ कार्यक्रमका प्राथमिकता

१. पर्यटन क्षेत्रको स्थानीय उत्पादनसँग अग्र (Forward) र पृष्ठ (Backward) सम्बन्ध विकास गर्ने ।

२. पर्यटन पूर्वाधार (होटेल, रेष्टुराँ, घरबास (Home Stay), जनशक्ति, टुर्स एण्ड ट्राभल्स, पदमार्ग, पर्यटन सडक) को विकास गर्ने ।

३. प्रदेशका पर्यटकीय वस्तु तथा उपजको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रचार प्रसार गरी २० लाख पर्यटक भित्र्याउने ।

## ४.९.७ विस्तृत कार्यक्रम

| क्र.सं. | उद्देश्य नं. | रणनीति नं. | कार्यनीति नं. | संकेत | कार्यक्रम | इकाई | आधार वर्ष ०७५/७६ | लक्ष्य २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | योजना अवधिको जम्मा लक्ष्य | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | १ | १.१ | १.१.१ | क | स्थानीय उत्पादन प्रयोग वृद्धि गर्न कृषि फर्म र होटल व्यवसायी बिच करार सम्झौताको लागि सम्भाव्यता अध्ययन र कार्यान्वयन | संख्या | | | FSR | कार्यान्वयन | कार्यान्वयन | कार्यान्वयन | १ | उपववाम |
| २ | | | १.१.२ | क | पर्यटन व्यवसायी र स्थानीय उत्पादक बीच सहकार्य वृद्धि गर्न "**स्थानीय उत्पादन सञ्जालीकरण एप**" निर्माण गरी सञ्चालनमा ल्याउने | संख्या | | | एप निर्माण | सञ्चालन | सञ्चालन | सञ्चालन | १ | " |
| ३ | | | १.१.३ | क | "**पर्यटन व्यवसायमामा स्थानीय उत्पादन प्रवर्द्धन नीति**" निर्माण | संख्या | | | १ | | | | १ | " |
| ४ | २ | २.१ | २.१.१ | ग | राष्ट्रिय पर्यटन नीतिसँग सामन्जस्यता हुने गरी "**प्रादेशिक पर्यटन नीति**" निर्माण | संख्या | | १ | | | | | १ | " |
| ५ | | | २.१.१ | ग | "**प्रदेश पर्यटन गुरुयोजना**" निर्माण | संख्या | | १ | | | | | १ | " |
| ६ | | | २.१.२ | क | ओ एन यम सर्भे गरी आवश्यक पर्यटन कार्यालय स्थापना | संख्या | | सर्भे | १ | | | | १ | " |
| ७ | | | २.१.२ | क | पर्यटन जनशक्ति (होटेल व्यवस्थापन, भाषा, पर्यटक गाइड, पर्वतारोहण गाइड, उद्धार टोली लगायत) को क्षमता र दक्षता वृद्धि कार्यक्रम | संख्या | | | | | | | | " |
| ८ | | | २.१.२ | ग | "**पर्यटन उद्योग भित्रका उत्पादन र सेवा मापदण्ड**" (पर्यटन सम्बन्धित आवास, रेस्टुरेन्ट, टुर गाइड, टूर अपरेटरहरू र अन्य पर्यटन सम्बन्धित सेवाको मापदण्ड) विकास गरी लागु गर्ने | संख्या | | | १ | | | | १ | " |
| ९ | | २.२ | २.२.१ | ग | पर्यटन व्यावसायीहरूलाई वर्गीकरण गरी ठुला र उत्पादकत्व वृद्धि गर्न उल्लेखनीय योगदान गर्ने व्यवसायीलाई कर छुट दिन नेपाल सरकारसँग समन्वय गर्ने | संख्या | | | बर्गिकरण | कार्यान्वयन | कार्यान्वयन | कार्यान्वयन | १ | " |
| १० | | | २.२.२ | ग | पर्यटन क्षेत्रमा १० प्रतिशत अनिवार्य लगानी गर्न वित्तीय संस्थाहरूसँग विस्तृत छलफल गर्ने र कार्यान्वयन भए नभएको नियमन गर्ने | संख्या | | | १ | १ | १ | १ | ४ | " |
| ११ | | | २.२.३ | ग | नेपाल राष्ट्र बैंक तथा अन्य वित्तीय संस्थासँग सहकार्य गरि पर्यटन व्यवसायीका लागि ऋणको ब्याजमा अनुदान उपलब्ध गराउने | प्याकेज | | | १ | १ | १ | १ | ४ | " |

| क्र.स. | उद्देश्य नं. | रणनीति नं. | कार्यनीति नं. | संकेत | कार्यक्रम | इकाई | आधार वर्ष ०७५/७६ | लक्ष्य २०७६/७७ | लक्ष्य २०७७/७८ | लक्ष्य २०७८/७९ | लक्ष्य २०७९/८० | लक्ष्य २०८०/८१ | योजना अवधिको जम्मा लक्ष्य | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १२ | | | २.२.४ | ग | गण्डकी प्रदेशका गैरआवासीय नेपालीहरूको सञ्जाल बनाउने र लगानी भित्र्याउन र प्रदेशका पर्यटकीय वस्तु तथा उपजको बजारीकरण तथा प्रवर्द्धन गर्न समन्वय गर्ने | प्याकेज | | | १ | १ | १ | १ | ४ | उपववाम |
| १३ | | २.३ | २.३.१ | क | फेवाताल वरिपरी अन्तर्राष्ट्रियस्तरको "Lake Park & Leisure Centre" निर्माण | संख्या | | | जग्गा पहिचान | DPR | निर्माण | निर्माण | ३ | " |
| १४ | | | २.३.१ | ख ग | मुक्तिनाथ क्षेत्र, अन्नपुर्ण फेरो (सर्किट) क्षेत्र, ढोरपाटन, मनास्लु तथा चुम भ्याली लगायातका गन्तब्यहरूमा थप पर्यटक आकर्षण गर्न आवश्यक पर्यटन पूर्वाधार विकास गर्न बहुपक्षीय लगानी आकर्षण गर्ने | संख्या | | | आयोजना पहिचान | लगानी आकर्षण | लगानी आकर्षण | निर्माण | ३ | भौपूविम |
| १५ | | | २.३.१ | ख | तारे तथा मझौला होटल निर्माण | संख्या | ६५६ | ७१६ | ७७६ | ८३६ | ८९६ | ९५६ | ९५६ | निजी क्षेत्र |
| १६ | | | २.३.२ | क | पहिचानयुक्त पर्यटन पूर्वाधार निर्माणलाई व्यवस्थित गर्न "**पर्यटन पूर्वाधार निर्माण नीति**" निर्माण | संख्या | | | १ | | | | १ | उपववाम |
| १७ | | | २.३.३ | क | Foot Trail Inventory निर्माण र पर्यटक मैत्री डिजीटाईजेसन | संख्या | | १ | | | | | १ | " |
| १८ | | | २.३.३ | क | पदमार्ग स्तर उन्नति, विकास, निर्माण र व्यवस्थापन | संख्या | ४४ | ५० | ३० | २० | १० | ५ | ११५ | " |
| १९ | | | २.३.४ | क | पर्यटन सूचना केन्द्रहरू राख्न उपयुक्त ठाउँहरू पहिचान र स्थापना | संख्या | | ठाउँ पहिचान | निर्माण | | | | १ | " |
| २० | | | २.३.४ | क | पर्यटक तथ्याङ्क संकलन र व्यवस्थापन | संख्या | १ | १ | १ | १ | १ | १ | ५ | " |
| २१ | | | २.३.४ | क | पर्यटक आपतकालीन उद्धार केन्द्रको आवश्यकता भएका ठाउँ पहिचान र निर्माण | संख्या | | ठाउँ पहिचान | निर्माण | निर्माण | | | १ | " |
| २२ | | | २.३.५ | क | पोखरा महानगर क्षेत्रभित्र उपयुक्त ठाउँ पहिचान गरी अन्तर्राष्ट्रिय स्तरको प्रदर्शनी तथा सम्मेलन केन्द्र निर्माण | संख्या | | | | | १ | | १ | भौपूविम उपववाम |
| २३ | | | २.३.५ | क | निजी क्षेत्रसँगको सहकार्यमा मुक्तिनाथ क्षेत्रमा सुविधा सम्पन्न ठुलो योगाहल निर्माण र सञ्चालन | संख्या | | | सम्भाव्यता | निर्माण | सञ्चालन | सञ्चालन | १ | " |
| २४ | | | २.३.६ | ग | दिगो पर्यटन विकासको लागि पर्यटकीय वस्तु, उपज तथा गन्तव्यहरूको उपयोग र संरक्षण गर्न "**पर्यटक आचारसंहिता**" निर्माण | संख्या | | | १ | | | | १ | उपववाम |
| २५ | | | २.३.६ | क | पर्यटकीय गन्तव्यहरूमा नो प्लास्टिक अभियान | संख्या | | | १ | १ | १ | १ | ५ | " |

| क्र.सं. | उद्देश्य नं. | रणनीति नं. | कार्यनीति नं. | संकेत | कार्यक्रम | इकाई | आधार वर्ष ०७५/७६ | लक्ष्य | | | | | योजना अवधिको जम्मा लक्ष्य | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | |
| २६ | | | २.३.७ | ख | प्रदेशका मुख्य पर्यटन सडकको पहिचान र गुणस्तर वृद्धि | संख्या | | पहिचान | १ | १ | १ | २ | ५ | भौपूविम उपववाम |
| २७ | | २.४ | २.४.१ | ग | पोखरामा क्षेत्रीय अन्तर्राष्ट्रिय बीमानस्थल निर्माण, उडान व्यवस्थापन र सञ्चालन | संख्या | | | | निर्माण | उडान व्यवस्थापन र सञ्चालन | | १ | उपववाम |
| २८ | | | २.४.२ | क | प्रदेशका साहसिक पदयात्रा सम्पन्न गरि फर्केका पर्यटकलाई प्रमाण पत्र दिई सम्मान गर्ने कार्यक्रम (मन्त्रालयमा बोलाएर वा इमेल मार्फत्) | संख्या | | तयारी | १ | १ | १ | १ | १ | |
| २९ | | | २.४.२ | क | पर्यटकीय वस्तु तथा उपजहरूको व्यापक प्रवर्द्धन गर्न वेब पोर्टल, राष्ट्रिय अन्तर्राष्ट्रिय टिभी च्यानल तथा मोबाईल एप्स मार्फत् प्रचार प्रसार | प्याकेज | | १ | १ | १ | १ | १ | १ | उपववाम |
| ३० | | | २.४.३ | क | गण्डकी प्रदेश पर्यटक छुट प्याकेज सहितको “प्रिभिलेज कार्ड” व्यवस्था र प्रचार प्रसार | प्याकेज | १ | १ | १ | १ | १ | १ | १ | ” |
| ३१ | | | २.४.४ | क | सम्भावित कोशेली वस्तुहरूको पहिचान गरि निजी क्षेत्रलाई उत्पादन गर्न प्रोत्साहन गर्ने | संख्या | | | | | | | | |
| ३२ | | | २.४.४ | क | “**पर्यटक कोसेली घर**” स्थापना र सञ्चालन | संख्या | १ | | १ | | १ | | २ | ” |
| ३३ | ३ | ३.१ | ३.१.१ | क | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय भ्रमण तथा यात्रा एजेन्सीहरूको सञ्जालमा गण्डकी प्रदेशलाई जोड्ने | संख्या | | | | १ | | | १ | ” |
| ३४ | | | ३.१.२ | क | आन्तरिक पर्यटन प्रवर्द्धनको लागि “**विदा पर्यटन**” कार्यक्रम (गण्डकी प्रदेश सरकार मातहतका कार्यालय अन्तर्गत कार्य गर्ने कर्मचारीहरूलाई १ महिनाको तलब दिई १ हप्ते गण्डकी प्रदेश भ्रमण बिदा दिने) | प्याकेज | | | १ | १ | १ | १ | १ | मुमका |
| ३५ | | | ३.१.३ | क | पर्यटन प्रवर्द्धन अभियान (निजी क्षेत्र र पर्यटन व्यवसायीसँगको सहकार्यमा ठुलो संख्यामा अन्तर्राष्ट्रिय पर्यटक आकर्षित गर्न भारत, चीन, युरोप, अमेरिका, ब्रिटेन, हङ्कङ्ग लगायतका सरकार, निजी क्षेत्र, पर्यटन सम्वन्धी एजेन्सीहरूसँग संवाद र सहकार्य) | प्याकेज | | | १ | १ | १ | १ | १ | उपववाम |
| ३६ | | | ३.१.४ | क | आपतकालीन पर्यटक उद्धार टीम गठन र टिमको सञ्जालीकरण | प्याकेज | | | १ | १ | १ | १ | १ | ” |
| ३७ | | ३.२ | ३.२.१ | क | “**पर्यटकीय गन्तव्य विकास**” कार्यकम | प्रतिशत | | २० | २० | २० | २० | २० | १०० | ” |

| क्र.सं. | उद्देश्य नं. | रणनीति नं. | कार्यनीति नं. | संकेत | कार्यक्रम | इकाई | आधार वर्ष ०७५/७६ | लक्ष्य | | | | | योजना अवधिको जम्मा लक्ष्य | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | |
| ३८ | | | ३.२.२ | क | ग्रामीण पर्यटन र शहरी पर्यटन सञ्जालीकरण अभियान | संख्या | | | १ | | १ | | २ | " |
| ३९ | | | ३.२.३ | क | "**गण्डकी प्रदेश होमस्टे परियोजना**" (अनुगमन, मूल्यांकन, नियमन, सशक्तीकरण, प्रोत्साहन) | संख्या | ३४२ | | | | | ४०० | ४०० | उपववाम |
| ४० | | ३.३ | ३.३.१ | क | गण्डकी प्रदेश "**१ पर्यटकीय गन्तव्य १ एकीकृत् भ्रमण प्याकेज**" विकास र डिजीटाईजेसन | संख्या | | | १ | १ | १ | १ | १ | " |
| ४१ | | | ३.३.२ | ग | त्रिवेणी, देवघाट, केलादी घाट, रुद्रवेणी, सेतीवेणी सालिग्राम, बाग्लुङ कालिका, गलेश्वर, भुक्तिनाथ, दामोदर कुण्ड, विन्दवासिनी, ढोरवाराही, मनकामना र गोर्खा दरवार सम्मको धार्मिक पर्यटकीय सर्किट बनाउने । | संख्या | | | १ | | | | १ | " |
| ४२ | ४ | ४.१ | ४.१.१ | क | स्थानीय कृषक र निकासीकर्ता बीच खरिद सम्झौता | प्याकेज | | | १ | १ | १ | १ | १ | " |
| ४३ | | | ४.१.२ | क | प्रदेशका उत्पादनहरूलाई विदेश निर्यात गर्न सम्भाव्यता अध्ययन, पोखरा बीमानस्थल संचालक, उडान संचालक तथा अन्तर्राष्ट्रिय समुदायसँग सहकार्य गर्ने | संख्या | | | १ | | | | १ | " |
| ४४ | | | ४.१.३ | क | स्थानीय समुदायलाई व्यापक मूल्य शृङ्खलामा आवद्ध गराउन व्यावसायिक तालिम | संख्या | २७३ | ३०० | ३०० | ३०० | ३०० | ३०० | १५०० | " |

## ४.९.८ नतिजा

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७५/७६ | उपलब्धि | | | | | योजना अवधिका उपलब्धि | पुष्ट्याइँको स्रोत | जिम्मेवार निकाय | जोखिम अनुमान | प्रसमुसं संकेत | दिविल संकेत | दीराल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | | | | | | |
| प्रभाव | दिगो पर्यटन विकासबाट उत्पादन र रोजगारीमा वृद्धि भई प्रदेशको सुदृढ अर्थतन्त्र निर्माणमा योगदान पुगेको हुने | अन्तरिक पर्यटक आगमन | संख्या लाखमा | ६ | ७ | ८ | ९ | १० | १२ | १२ | उपववाम प्रतिवेदन | उपववाम | | १ | ८ | १ |
| | | बाह्य पर्यटक आगमन | संख्या लाखमा | ४ | ५ | ६ | ७ | ८ | ८ | ८ | उपववाम प्रतिवेदन | उपववाम | | १ | ८ | १ |
| | | होटेल तथा रेस्टुरेन्ट क्षेत्रको राष्ट्रिय कुल उत्पादनमा प्रदेशको हिस्सा | प्रतिशत | १७.५ | | | | | | ३० | केन्द्रीय तथ्याङ्क बिभाग, २०७५ | " | | | | |
| | | प्रदेशको कुल ग्रहस्थ्य उत्पादनमा पर्यटन क्षेत्रको योगदान | प्रतिशत | १० | ११ | १२ | १३ | १४ | १५ | १५ | उपवबाम प्रतिवेदन | " | | १ | ८ | १ |
| | | पर्यटन क्षेत्रले सिर्जना गरेको रोजगार (अप्रत्यक्ष) | संख्या हजार | ५० | ५३ | ५६ | ५९ | ६२ | ६५ | ६५ | " | " | | १ | ८ | १ |
| असर १ | प्रदेश अर्थतन्त्रमा पर्यटनको पृष्ठ (Backward) र अग्र (Forward) सम्बन्ध सुदृढ भएको हुने | होटेल रेस्टुराँमा खपत हुने खाद्यान्न तथा तरकारीमा प्रदेशको उत्पादनको हिस्सा | प्रतिशत | | | | | | | | " | " | | १ | ८ | १ |
| | | कृषकसँग करार सम्झौता गरी खाद्यान्न तथा तरकारी आपूर्ति गर्ने होटल | संख्या | | | | | | | | " | " | | १ | ८ | १ |
| प्रतिफल १.१ | पर्यटन व्यवसायी र स्थानीय उत्पादकबीच सघन सहकार्य गर्न प्रदेश सरकारद्वारा सहजीकरण भएको हुने | "स्थानीय उत्पादन सञ्जालीकरण एप्स"को निर्माण र सञ्चालन | संख्या | | | १ | | | | १ | " | " | व्यवसायी सकारात्मक हुने | १ | ८ | १ |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७५/७६ | उपलब्धि | | | | | योजना अवधिका उपलब्धि | पुष्ट्याइँको स्रोत | जिम्मेवार निकाय | जोखिम अनुमान | प्रसमसं संकेत | दिविल संकेत | दीराल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | | | | | | |
| **प्रतिफल १.२** | पर्यटन व्यवसायी र स्थानीय उत्पादकबीच सम्बन्ध विस्तार गर्न आवश्यक नीतिगत तथा कानूनी व्यवस्था भएको हुने | "पर्यटन व्यवसायमा स्थानीय उत्पादन प्रवर्द्धन नीति" निर्माण | संख्या | | | १ | | | | १ | उपववाम प्रतिवेदन | उपववाम | | १ | ८ | १ |
| **असर २** | पर्यटन पूर्वाधार र पर्यटकीय उपजको विकास र प्रवर्द्धन भएको हुने | पर्यटकीय गन्तव्य | संख्या | | ४४ | ४४ | ४४ | ४४ | ४४ | २२० | " | " | | १ | ८ | १ |
| | | पदमार्गको लम्बाई | कि.मि. | | | | | | | | " | " | | १ | ८ | १ |
| | | तारे तथा मझौला होटल | संख्या | ६५६ | ७१६ | ७७६ | ८३६ | ८९६ | ९५६ | ९५६ | " | " | | १ | ८ | १ |
| | | टुर्स तथा ट्राभल्स कम्पनी | संख्या | | | | | | | | " | " | | १ | ८ | १ |
| **प्रतिफल २.१** | राष्ट्रिय पर्यटन नीतिसँग सामन्जस्यता हुने गरि पर्यटन मैत्री नीति नियमको निर्माण र कार्यान्वयन प्रभावकारी भएको हुने | प्रादेशिक पर्यटन नीति | संख्या | | १ | | | | | १ | " | " | | १ | ८ | १ |
| | | प्रदेश पर्यटन गुरुयोजना | संख्या | | १ | | | | | १ | " | " | | १ | ८ | १ |
| **प्रतिफल २.२** | पर्यटनको विकास र प्रवर्द्धनका लागि संस्थागत संरचनाको विकास भएको हुने | पर्यटन कार्यालयको विस्तार | संख्या | | | | | | | ५ | " | " | | १ | ८ | १ |
| **प्रतिफल २.३** | पर्यटन क्षेत्रका ठूला लगानीकर्तालाई केही वर्ष आयकर छुट दिने व्यवस्था मिलाउन नेपाल सरकारसँग समन्वय भएको हुने | कर छुट प्राप्त व्यवसायी | संख्या | | | | | | | | " | " | नेपाल सरकारसँग समन्वय हुने | १ | ८ | १ |
| **प्रतिफल २.४** | स्थापित प्रदेश गौरवका पर्यटकीय गन्तव्यहरूमा अन्तर र्राष्ट्रिय स्तरको ठूला पर्यटन पूर्वाधारको विकास भएको हुने | फेवाताल वरिपरी अन्तर्राष्ट्रिय Lake Park & Leisure Centre | संख्या | | | जग्गा पहिचान | DPR | २ | २ | २ | " | " | | १ | ८ | १ |
| | | बहुपक्षीय लगानीमा मुक्तिनाथ क्षेत्र, अन्नपुर्ण फेरो क्षेत्र, ढोरपाटन, मनास्लु, चुम भ्याली लगायतका गन्तव्यहरूमा पर्यटन पूर्वाधार विकास | संख्या | | | आयोजना पहिचान | लगानी आकर्षण | निर्माण | १० | १० | " | " | | १ | ८ | १ |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७५/७६ | उपलब्धि | | | | | योजना अवधिका उपलब्धि | पुष्ट्याइँको स्रोत | जिम्मेवार निकाय | जोखिम अनुमान | प्रसमसं संकेत | दिविल संकेत | दीराल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | | | | | | |
| **प्रतिफल २.५** | सडक, पुल, भवन, रंगशाला, सम्मेलन केन्द्र, योगा केन्द्र, बीमानस्थल लगायतका पूर्वाधार हरूको निर्माणमा स्थानीय संस्कृति र मौलिकताको प्रवर्द्धन भएको हुने | पहिचानयुक्त पर्यटन पूर्वाधार निर्माण नीति | संख्या | | | १ | | | | १ | उपववाम प्रतिवेदन | उपववाम | | १ | ८ | १ |
| **प्रतिफल २.६** | प्रदेशमा रहेका रणनीतिक महत्वका पर्यटन पदमार्गहरूको पहिचान, विकास र सौन्दर्यकरण भएको हुने | Foot Trail Inventory | संख्या | | १ | | | | | १ | " | " | | १ | ८ | १ |
| | | पदमार्ग | संख्या | ४४ | ५० | ३० | २० | १० | ५ | ११५ | " | " | | १ | ८ | १ |
| | | पदमार्ग | कि.मि. | | | | | | | | " | " | | | | |
| **प्रतिफल २.७** | रणनीतिक महत्वका पर्यटन पदमार्गहरूमा सूचना, सुरक्षा र आपतकालीन उद्धारका लागि आवश्यक पूर्वाधारहरूको निर्माण भएका हुने | पर्यटन सूचना केन्द्र | संख्या | | ५० | ५० | ५० | ५० | ५० | २५० | " | " | | १ | ८ | १ |
| | | पर्यटक तथ्याङ्क संकलन र व्यवस्थापन | संख्या | १ | १ | १ | १ | १ | १ | १ | " | " | | १ | ८ | १ |
| | | पर्यटक आपत्कालीन उद्धार केन्द्र | संख्या | | १ | ३ | ४ | ५ | ६ | ६ | " | " | | १ | ८ | १ |
| **प्रतिफल २.८** | समूहगत पर्यटक प्रवाह वृद्धिका लागि मुख्य पर्यटकीय केन्द्रहरूमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रदर्शनी, सभाहल र योगा केन्द्र सञ्चालनमा आएका हुने | पोखरा महानगर क्षेत्रमा अन्तर्राष्ट्रिय स्तरको प्रदर्शनी तथा सम्मेलन केन्द्र | संख्या | | | | | १ | | १ | " | " | निजी क्षेत्रसँग सहकार्य हुने | १ | ८ | १ |
| | | मुक्तिनाथ क्षेत्रमा ठुलो योगाहल निर्माण | संख्या | | | सम्भाव्यता | निर्माण | सञ्चालन | १ | १ | " | " | निजी क्षेत्रसँग सहकार्य हुने | १ | ८ | १ |
| **प्रतिफल २.९** | प्राकृतिक तथा साँस्कृतिक पर्यटकीय गन्तव्य र उपजहरूको दिगो उपयोग र संरक्षण भएको हुने | प्रादेशिक पर्यटन आचारसंहिता लागु गर्ने | संख्या | | | १ | | | | १ | " | " | | १ | ८ | १ |
| | | नो प्लास्टिक अभियान सञ्चालन गर्ने पर्यटकीय गन्तब्य | संख्या | | | १ | १ | १ | १ | १ | " | " | | १ | ८ | १ |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७५/७६ | उपलब्धि | | | | | योजना अवधिका उपलब्धि | पुष्ट्याइँको स्रोत | जिम्मेवार निकाय | जोखिम अनुमान | प्रसमस् संकेत | दिविल संकेत | दीराल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | | | | | | |
| प्रतिफल २.१० | आकर्षक पर्यटक गन्तव्यमा पुग्ने सडक तथा पदमार्गहरू बाह्रै महिना सञ्चालनमा आएको हुने | प्रदेशका मुख्य पर्यटन सडकको पहिचान र गुणस्तर वृद्धि | संख्या | | पहिचान | १ | १ | १ | २ | ५ | उपववाम प्रतिवेदन | उपववाम | | १ | ८ | १ |
| प्रतिफल २.११ | नेपाल सरकार र निजी तथा अन्तर्राष्ट्रिय क्षेत्रसँग सहकार्यमा चीन, हङ्कङ्ग, थाईल्याण्ड, भारत, सिँगापुर, खाडी राष्ट्र लगायतका देशमा पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय बीमानस्थलबाट सिधा हवाई उडान भर्ने व्यवस्था भएको हुने | अन्तर्राष्ट्रिय उडान गर्ने बीमान कम्पनी | संख्या | ० | | १ | ४ | ८ | १० | १० | " | " | निजी क्षेत्रसँग सहकार्य हुने | १ | ८ | १ |
| | | प्रदेशमा साहसिक पदयात्रा सम्पन्न गरेका पर्यटकलाई प्रमाणपत्र सहित सम्मान कार्यक्रम | संख्या | | १ | १ | १ | १ | १ | ५ | " | " | | १ | ८ | १ |
| प्रतिफल २.१२ | पर्यटन गन्तव्य तथा वस्तुहरूको विज्ञापनको लागि वेबसाइट, प्रचारप्रसारका सामग्री तथा सामाजिक सञ्जालको प्रयोग व्यापक रुपमा बढेको हुने | वेब पोर्टल, राष्ट्रिय अन्तर्राष्ट्रिय टिभी च्यानल तथा मोबाईल एप्स मार्फत् प्रचार प्रसार | प्याकेज | | १ | | | | १ | २ | " | " | निजी क्षेत्रसँग सहकार्य हुने | १ | ८ | १ |
| प्रतिफल २.१३ | पर्यटकहरूलाई बेच्ने कोसेलीहरू उत्पादन गर्न निजी क्षेत्र प्रोत्साहित भएको हुने | पर्यटक कोशेली घरको स्थापना र सञ्चालन | संख्या | १ | | १ | | १ | | २ | " | " | निजी क्षेत्रसँग सहकार्य हुने | १ | ८ | १ |
| असर ३ | पर्यटन मार्फत् जनताको आय र रोजगारीमा उल्लेखनीय वृद्धि भएको हुने | प्रदेशमा सञ्चालित घरवास कार्यक्रम | संख्या | ३४२ | | | | | | ४०० | " | " | | १ | ८ | १ |
| | | प्रदेशको पर्यटनको कुल ग्रहस्थ्य उत्पादनमा घरवास कार्यक्रमको योगदान | प्रतिशत | | | | | | | | " | " | | १ | ८ | १ |
| | | घरवास कार्यक्रमले सिर्जना गरेको रोजगारी | संख्या | | | | | | | | " | " | | १ | ८ | १ |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७५/७६ | उपलब्धि | | | | | योजना अवधिका उपलब्धि | पुष्ट्याइँको स्रोत | जिम्मेवार निकाय | जोखिम अनुमान | प्रसमस संकेत | दिविल संकेत | दीराल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | | | | | | |
| | | प्रदेशका पर्यटकीय होटेलहरूले सिर्जना गरेको रोजगार | संख्या | | | | | | | | उपववाम प्रतिवेदन | उपववाम | | १ | ८ | १ |
| | | ट्राभल्स एजेन्सीहरूमा उपलब्ध रोजगार | संख्या | | | | | | | | " | " | | १ | ८ | १ |
| **प्रतिफल ३.१** | पर्यटकको बसाई लम्ब्याउने र आय बढाउने पर्यटन कनेक्टिभिटी सञ्जालहरूको विकास र प्रवर्द्धन भएको हुने | कम्तिमा ७ दिनको भ्रमण प्याकेज सहितका पर्यटकीय गन्तब्य | संख्या | | | | | | | | " | " | भ्रमण र यात्रा एजेन्सीहरू सँग सहकार्य हुने | १ | ८ | १ |
| **प्रतिफल ३.२** | आन्तरिक पर्यटक प्रवर्द्धनका लागि सार्वजनिक तथा निजी क्षेत्रसँगको सहकार्यमा वर्षको एक पटक आर्थिक प्याकेज सहितको तलबी भ्रमणका कार्यक्रमहरू सञ्चालन भएको हुने | विदा पर्यटनमा गण्डकी प्रदेश घुमेका पर्यटक | संख्या | | | | | | | | " | " | | १ | ८ | १ |
| **प्रतिफल ३.३** | ठूलो संख्यामा गुणस्तरीय पर्यटक आकर्षण गर्न नेपाल सरकार तथा विभिन्न देशका सरकारी तथा निजी क्षेत्रसँग समन्वय र सहकार्य भएको हुने | प्रतिदिन ४५ डलर भन्दा बढि खर्च गर्ने पर्यटक | संख्या | | | | | | | | " | " | निजी क्षेत्रसँग सहकार्य हुन | १ | ८ | १ |
| **प्रतिफल ३.४** | पहाडी क्षेत्रका पदयात्रामा जाने पर्यटकको सुरक्षाको लागि पर्यटक उद्धार टिम गठन भई क्रियाशील बनेको हुने | आपतकालीन पर्यटक उद्दार टीम | संख्या | | | २ | ५ | ८ | ११ | ११ | " | " | | १ | ८ | १ |
| **प्रतिफल ३.५** | एक स्थानीय तह एक पर्यटकीय गन्तव्य तथा उपजको अवधारणा अनुसार पर्यटन विकेन्द्रीकृत भएको हुने | पर्यटकीय प्याकेज विकास भएका स्थानीय तह | संख्या | ० | १० | २० | ३० | १५ | १० | ८५ | " | " | | १ | ८ | १ |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७५/७६ | उपलब्धि | | | | | योजना अवधिका उपलब्धि | पुष्ट्याइँको स्रोत | जिम्मेवार निकाय | जोखिम अनुमान | प्रसमुस संकेत | दिविल संकेत | दीराल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | | | | | | |
| **प्रतिफल ३.६** | ग्रामीण घरबास तथा साहसिक पर्यटनका कार्यक्रमहरू प्रदेशका स्थापित गौरवका पर्यटकीय गन्तव्यहरूसँग आवद्ध भएको हुने | पोखरा लगायतका मुख्य शहरमा रहेका होटेलहरूसँग सहकार्य गर्ने घरवास कार्यक्रम | संख्या | | | | | | | | उपववाम प्रतिवेदन | उपववाम | | १ | ८ | १ |
| **प्रतिफल ३.७** | ग्रामीण क्षेत्रमा आवश्यकताको आधारमा घरबासको संख्या विस्तार, सञ्चालनमा रहेका घरबासको गुणस्तर वृद्धि र घरबास सञ्चालकको क्षमतामा वृद्धि भएको हुने | वार्षिक रुपमा कम्तिमा १८०० पाहुना बास वस्ने गरी आउने क वर्गका घरबास | संख्या | | | | | | | | " | " | | १ | ८ | १ |
| | | खाना र सत्कारमा कम्तिमा ६० प्रतिशत स्थानीय उत्पादन प्रयोग गर्ने क वर्गका घरबास | संख्या | | | | | | | | " | " | | | | |
| **प्रतिफल ३.८** | पर्यापर्यटन, जल पर्यटन, कृषि पर्यटन, धार्मिक पर्यटन र साँस्कृतिक पर्यटनका सम्भावनाहरू एकीकृत् गरी ग्रामीण पर्यटक प्याकेजको विकास तथा प्रवर्द्धन भएको हुने | एकीकृत् भ्रमण प्याकेज विकास र डिजिटाईजेसन गरिएका पर्यटकीय गन्तब्य | संख्या | | | | | | | | " | " | | १ | ८ | १ |
| **प्रतिफल ३.९** | विभिन्न धार्मिक गन्तव्यहरूको बृहत्तर धार्मिक पर्यटकीय सर्किटको निर्माण भई धार्मिक पर्यटनको प्रवर्द्धन भएको हुने | त्रिवेणीदेखि मुक्तिनाथ हुँदै गोर्खासम्मको धार्मिक पर्यटकीय सर्किट पुग्ने पर्यटक संख्या | संख्या | | | | | | | | " | " | | १ | ८ | १ |
| **असर ४** | पर्यटन क्षेत्र अन्तर्राष्ट्रिय क्षेत्रसँग आवद्ध भएको हुने | प्रदेशको भगिनी सम्वन्ध कायम गरिएका अन्तर्राष्ट्रिय शहर | संख्या | १ | २ | १ | १ | १ | १ | ७ | " | " | | १ | ८ | १ |
| | | पोखरा बीमानस्थलबाट विदेश निर्यात गरिएको वस्तुको मूल्य | रु. | | | | | | | | " | " | | १ | ८ | १ |
| **प्रतिफल ४.१** | गण्डकी प्रदेशभित्र उत्पादित कृषि उपजहरू पोखरा बीमानस्थलबाट सिधै विदेश निर्यात गर्ने माहोल सिर्जना भएको हुने | विदेश निर्यात गरिएका खाद्यान्न | मे.टन | | | | | | | | " | " | | १ | ८ | १ |
| | | विदेश निर्यात गरिएका तरकारी | मे.टन | | | | | | | | " | " | | | | |
| **लगानीः पूर्वाधार, पदमार्ग, होम स्टे, प्रचार प्रसार सामाग्री, तथ्याङ्क, अध्ययन अनुसन्धान प्रतिवेदन** | | | | | | | | | | | | | | | | |

## ४.१० उद्योग

### ४.१०.१ पृष्ठभूमि

गण्डकी प्रदेशमा उद्योग क्षेत्रले उत्पादन र उत्पादकत्व वृद्धि, रोजगारी सिर्जना, आयात प्रतिस्थापनमा योगदान गर्दै समग्र प्रदेश अर्थ व्यवस्थालाई मजबुत बनाउन विशिष्ट योगदान गर्छ भन्ने मान्यताका साथ प्रदेश सरकारले उद्योगलाई समृद्धिको एक महत्वपूर्ण सम्वाहकको रुपमा अगाडि बढाएको छ। तथापि औद्योगीकरणमा गण्डकी प्रदेश पछाडि परेको हुनाले कुल ग्राहस्थ्य उत्पादन र रोजगारको क्षेत्रमा उद्योग क्षेत्रको योगदान उल्लेख्य छैन। गण्डकी प्रदेशमा साना पसलहरूदेखि ठूला उद्योगहरू सबै गरेर कुल १,००,६६८ प्रतिष्ठानहरू रहेका छन्। यी प्रतिष्ठानहरूबाट कुल ३,४१,८१८ जनाले रोजगारी पाएका छन् जुन प्रदेशको २०७५ को प्रक्षेपित आर्थिक रूपमा सक्रिय जनसंख्या (१५-५९ वर्ष उमेर समूह) १३,६७,९७८ को १३.६ प्रतिशत हो। पोखरा औद्योगिक क्षेत्र प्रदेशको प्रमुख औद्योगिक क्षेत्र हो, जहाँ दूध तथा दूधजन्य पदार्थहरू, बेकरी उत्पादन, चाउचाउ, बिस्कुट, दाना, ह्याचरी, प्रिन्टिङ्ग तथा प्याकेजिङ्ग, बिजुलीका तार, प्रशोधित पिउने पानी, मेटल फेब्रिकेशन, टायल तथा ब्लक, होजियारी, प्लाष्टिक बोत्तल, प्लाष्टिक रिसाइकल, सिरक डसना, काठ तथा फलामका फर्निचर, अक्सिजन ग्याँस, साबुन, पेन स्टक पाइप, मेसिनरी, पेन्ट्स, ह्युम पाइप र ट्रान्सफर्मर उत्पादन र मर्मत सम्भार लगायतका वस्तुहरूको उत्पादन हुँदै आइरहेको छ। यसबाहेक नवलपुरमा नेपालकै ठूलो निजी उद्योग चौधरी उद्योगग्राम र होङ्सी सिमेन्ट सञ्चालनमा छ भने नेपाल सरकारको स्वामित्वमा रहेका गैँडाकोटको भृकुटी कागज कारखाना र गोरखाको गोरखकाली रबर उद्योग बन्द अवस्थामा रहेका छन्। उद्योगहरूको विकास र दिगो व्यवस्थापनमार्फत् उत्पादन वृद्धि गरी कुल ग्राहस्थ्य उत्पादनमा यस क्षेत्रको योगदान वृद्धि गर्न उद्योग क्षेत्रलाई उच्च प्राथमिकतामा राखी कार्य गर्नुपर्ने आवश्यकता छ।

### ४.१०.२ प्रमुख समस्या

गण्डकी प्रदेशमा ठूला तथा मझौला उद्योगहरूको विकासको लागि चाहिने पुँजीको अभाव रहनु, भएका सरकारी उद्योगहरूका पूर्वाधारहरू जीर्ण अवस्थामा रहनु, उद्योग स्थापनाको लागि चाहिने यातायात, सञ्चार र बिजुली जस्ता आधारभूत पूर्वाधारहरूको अपर्याप्तता, मझौला तथा ठूला उद्योगका लागि चाहिने सीपमूलक र दक्ष जनशक्तिको अभाव रहनु, उत्पादित वस्तुहरू कम गुणस्तरको हुँदा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिस्पर्धा गर्न नसक्नु, जग्गाको मूल्य उच्च रहँदा उद्योगको लागि आवश्यक जग्गा किन्न ठूलो धनराशि खर्च गर्नुपर्ने अवस्था रहनु, उद्योग व्यापार व्यावसायिक भन्दा पनि बढी कमिसनमुखी रहनु यस क्षेत्रका समस्याहरू हुन्।

### ४.१०.३ चुनौती र अवसर

**चुनौती**

पर्यटन व्यवसाय र स्थानीय जनताले खपत गर्ने खाद्य पदार्थ प्रदेशभित्रै उत्पादन गरेर स्थानीय अर्थतन्त्रलाई बढावा दिनु, औद्योगिक उत्पादनमा गुणस्तरीयता कायम गर्नु, श्रम नीति उद्योगमैत्री बनाउनु, औद्योगिक क्षेत्रमा पूर्वाधारको विकास बढाउँदै जानु, सञ्चालित उद्योगहरूलाई उत्पादन तथा उत्पादकत्वका दृष्टिले प्रतिस्पर्धी बनाउनु, मौजुदा उद्योगलाई रूग्ण हुनबाट जोगाउनु, रूग्ण उद्योगलाई पुनर्स्थापना गर्नु, नयाँ प्रविधिको प्रयोग गरी प्रदेशका उद्योगलाई प्रतिस्पर्धी बनाउनु, औद्योगिक नीतिका प्रावधानहरूलाई आर्थिक ऐनले सम्वोधन गर्नु र विश्वव्यापीकरण तथा आर्थिक उदारीकरणले सिर्जना गर्दै ल्याएको प्रतिस्पर्धात्मक वातावरणको सामना गर्नु यस क्षेत्रका प्रमुख चुनौतीहरू हुन्।

**अवसर**

स्थिर सरकार हुनु, उद्योग क्षेत्रलाई प्रदेश सरकारले दिगो आर्थिक विकासको मियोको रुपमा लिनु, स्वदेशी तथा विदेशी

लगानीका लागि अनुकूल वातावरण सिर्जना हुँदै जानु, गैरआवासीय नेपालीहरूलाई औद्योगिक विकासमा परिचालन गर्ने सम्भावना बढ्नु, श्रम सम्बन्धमा सुधार हुनु, पूर्वाधार निर्माणमा सरकारको लगानी बढ्दै जानु, भूमण्डलीकरणसँगै औद्योगिक उत्पादनको श्रृङ्खला विकासोन्मुख मुलुकहरूतर्फ विस्तार हुँदै जानु, सूचना तथा आधुनिक सञ्चार प्रविधिको विकास र विस्तार हुनु र शिक्षित एवम् सीपयुक्त जनशक्ति स्वदेशमै तयार हुँदै गएको कारणले उत्पादकत्व र उत्पादनमा वृद्धि हुन सक्ने सम्भावनाहरू विद्यमान हुनु, जनताको आयमा भएको बृद्धि सँगै जनताको ऋयशक्ति बढ्दै जानुले घरेलु उत्पादनको बजार विस्तार हुनु, प्रत्यक्ष वैदेशिक लगानीको लागि सरकारी नीति तथा कार्यक्रमहरूले जोड दिनु, विदेशमा रहेका गैरनेपाली नागरिकहरूले प्रदेशमा लगानी गर्न चाख व्यक्त गर्नु, बढ्दो पर्यटनले माग गर्ने खाद्य सामाग्री र अन्य उत्पादनहरूको माग ऋमशः बढ्दै जानु आदि औद्योगिक विकासका अवसरहरू हुन् ।

### ४.१०.४ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

**सोच**

उद्योग क्षेत्रको विकास, दिगो अर्थतन्त्र निर्माणको आधार ।

**लक्ष्य**

उद्योग क्षेत्रको विकास र विस्तार गरी आय तथा रोजगारी वृद्धि गर्ने ।

**उद्देश्य**

१. उद्योगहरूको स्थापना र उत्पादन वृद्धि गरी कुल ग्राहस्थ्य उत्पादनमा यस क्षेत्रको योगदान बढाउनु ।
२. उद्योग क्षेत्रमा स्वदेशी तथा विदेशी लगानी वृद्धि गरी रोजगारीका अवसर सिर्जना गर्नु ।
३. आन्तरिक उत्पादन वृद्धि गरी आयात प्रतिस्थापनमा योगदान पुऱ्याउनु ।

### ४.१०.५ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १: उद्योगहरूको स्थापना र उत्पादन वृद्धि गरी कुल ग्राहस्थ्य उत्पादनमा यस क्षेत्रको योगदान बढाउनु ।** | |
| १.१ पूर्वाधारसहितका सुविधासम्पन्न प्रादेशिक औद्योगिक क्षेत्रहरूको स्थापना गर्ने । | १.१.१ पोखराको भोटेपोखरी, गोरखा जिल्लाको पालुङ्गटार, तनहुँको शुक्लागण्डकी नगरपालिका र सुस्ता पूर्व नवलपरासीको लोकाहाखोलामा प्रदेश औद्योगिक क्षेत्रको स्थापना र सञ्चालन गरिनेछ ।<br>१.१.२ उद्योग र लगानीसँग सम्बन्धित नीति तथा कानूनी सुधार, प्रदेश औद्योगिक व्यवसाय ऐन, विशेष आर्थिक क्षेत्र ऐनलाई आवश्यकता अनुसार निर्माण तथा परिमार्जन गर्दै लगिनेछ ।<br>१.१.३ उद्योग स्थापना र सञ्चालनमा सार्वजनिक-निजी साझेदारीको प्रवर्द्धन गर्न व्यवसाय मञ्चको स्थापना गरिनेछ ।<br>१.१.४ उद्योग क्षेत्रमा लगानीयोग्य आयोजनाहरूको विवरण तयार गरी लगानी सम्मेलन मार्फत् कार्यान्वयनको स्रोत सुनिश्चित गरिनेछ ।<br>१.१.५ औद्योगिक तथ्याङ्कलाई डिजिटाइजेशन गर्दै उद्योग प्रशासनलाई प्रविधिमैत्री बनाइनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| १.२ स्थानीय स्रोत साधनमा आधारित थोरै पुँजीबाट छिटो प्रतिफल प्राप्त हुने लघु, घरेलु तथा साना उद्योगको स्थापना, संरक्षण र संवर्द्धन गर्दै उत्पादन र गुणस्तर वृद्धि गरी आय तथा रोजगारीका अवसर सिर्जना गर्ने । | १.२.१ स्थानीय स्रोत एवम् सीपको उपयोग गरी लघु, घरेलु, साना, मझौला तथा ठूला उद्योगको स्थापना र सञ्चालन गरिनेछ ।<br>१.२.२ गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमलाई प्रदेश अन्तर्गतका सबै जिल्लाका स्थानीय तह समेतको सहभागितामा प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।<br>१.२.३ लघु उद्यम विकास कार्यक्रम कार्यान्वयन गर्ने निकाय तथा सहयोगी निकायसँग समन्वय गरी क्षमता विकास गर्दै गरिनेछ ।<br>१.२.४ प्रत्येक स्थानीय तहमा उद्योग ग्राम स्थापना र सञ्चालन गर्न प्रोत्साहन गरिनेछ ।<br>१.२.५ एक स्थानीय तह, एक औद्येगिक उत्पादन सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ ।<br>१.२.६ औद्योगिक क्षेत्र, औद्योगिक करिडोर एवम् विशेष आर्थिक क्षेत्र स्थापना गरिनेछ ।<br>१.२.७ उत्पादित वस्तुहरूको गुणस्तरीयता सुनिश्चित गर्न संस्थागत संयन्त्रको विकास गरिनेछ ।<br>१.२.८ औद्योगिक क्षेत्रमा स्थापना हुने उद्योगहरूको प्रतिस्पर्धात्मक क्षमता वृद्धि गरिनेछ ।<br>१.२.९ औद्योगिक क्षेत्रमा आवश्यक भौतिक पूर्वाधार कार्यक्रमलाई निजी क्षेत्रसँगको सहभागितामा प्रभावकारी ढंगले सञ्चालन गरिनेछ ।<br>१.२.१० Mountain Economy/Industrial Product Sharing का अवधारणालाई कार्यान्वयन गर्न सोही अनुरुपका कार्यक्रमहरू तर्जुमा गरिनेछ ।<br>१.२.११ उच्च हिमाली भेगमा उपलब्ध जडीबुटी तथा विभिन्न स्थानमा उपलब्ध किमती एवम् अर्धकिमती पत्थरको प्रशोधनका लागि प्रशोधन केन्द्रको स्थापना गरिनेछ ।<br>१.२.१२ अल्लो, लोक्ता, केरा, वेत, बाँस जस्ता प्राकृतिक रेसामा आधारित वस्तुहरूको उद्यमशीलता प्रवर्द्धनका लागि यस्ता वस्तुको संकलन तथा प्रशोधन केन्द्रको स्थापना गर्न सहयोग गरिनेछ । |
| १.३ बन्द अवस्थामा रहेका सरकारी उद्योगहरू उपयुक्त विधि र प्रकृयाबाट सञ्चालन वा व्यवस्थापन गर्ने । | १.३.१ रूग्ण उद्योगको पहिचान गरी पुनर्स्थापना र सञ्चालनको व्यवस्था गरिनेछ । |
| **उद्देश्य २: उद्योग क्षेत्रमा स्वदेशी तथा विदेशी लगानी वृद्धि गरी रोजगारीका अवसर सिर्जना गर्नु ।** | |
| २.१ संघसँगको समन्वयमा विदेशी लगानीकर्तालाई औद्योगिक लगानीमा प्रोत्साहन गर्न नीतिगत तथा कार्यगत सहजीकरण गर्ने व्यवस्था गर्ने । | २.१.१ वैदेशिक पुँजी तथा प्रविधिलाई आकर्षित गर्न कानूनी व्यवस्था गरिनेछ ।<br>२.१.२ औद्योगिक क्षेत्रमा वैदेशिक लगानी भित्र्याउनका लागि आवश्यक पूर्वाधार निर्माण गरिनेछ ।<br>२.१.३ उद्योगी व्यवसायी एवम् लगानीकर्तालाई उद्योग दर्तादेखि वहिर्गमन सम्मका सेवाहरू सहज उपलब्ध गराइनेछ ।<br>२.१.४ वैदेशिक लगानी बढाउन आयोजनाहरूको सम्भाव्यता अध्ययन गरी लगानी सम्मेलनको आयोजना गरिनेछ । |
| **उद्देश्य ३: आन्तरिक उत्पादन वृद्धि गरी आयात प्रतिस्थापनमा योगदान पुऱ्याउनु ।** | |
| ३.१ प्रतिस्पर्धी क्षमता र तुलनात्मक लाभ भएका उद्योगहरूको स्थापनामा जोड दिई निर्यातयोग्य वस्तुको उत्पादनलाई प्रोत्साहन गर्ने । | ३.१.१ वन पैदावारमा आधारित उद्योगहरूको स्थापनामा जोड दिइनेछ ।<br>३.१.२ हस्तकला ग्राम स्थापना गरी परम्परागत सीप तथा प्रविधिमा आधारित उद्योगहरूको संरक्षण र विकास गरिनेछ ।<br>३.१.३ व्यावसायिक लागत घटाउन तथा प्रक्रियागत सरलीकरण गर्नका लागि उद्योग तथा कम्पनी प्रशासनमा सूचना प्रविधिको उपयोगलाई प्रभावकारी बनाइनेछ । |
| ३.२ घरेलु उद्योगको संरक्षण र प्रवर्द्धन गर्ने । | ३.२.१ सार्वजनिक निकायमा प्रयोग हुने सामग्रीहरूमध्ये उपलब्ध भएसम्म स्थानीय उत्पादन प्रयोग गर्न प्रोत्साहन गरी घरेलु उद्योगको संरक्षण र प्रवर्द्धन गरिनेछ । |

### ४.१०.६ कार्यक्रमका प्राथमिकता

१. ५१ वटा स्थानीय तहमा औद्योगिक ग्राम स्थापना गर्न सहयोग गर्ने ।

२. कास्कीको भोटेपोखरी र नवलपुरको लोकाहाखोलामा प्रदेशस्तरीय औद्योगिक क्षेत्रको स्थापना गर्ने ।

३. कृषि प्रशोधन, वन पैदावर र खनिजजन्य उद्योगको स्थापना गर्न सहयोग गर्ने ।

### ४.१०.७ विस्तृत कार्यक्रम

| क्र.सं. | उद्देश्य नं. | रणनीति नं. | कार्यनीति नं. | संकेत | कार्यक्रम | इकाई | आधार वर्ष ०७५/७६ | लक्ष्य | | | | | योजना अवधिको जम्मा लक्ष्य | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | |
| १ | १ | १.१ | १.१.१ | ग | राष्ट्रिय स्तरको औद्योगिक क्षेत्र निर्माण र सञ्चालन (गोरखा, च्याङ्ली) | संख्या | | | तयारी | तयारी | | १ | १ | उपववाम भौपूविम |
| २ | | | | क | प्रादेशिक औद्योगिक क्षेत्र स्थापना र सञ्चालन (पुडीटार-पोखरा लोकाहा खोला-नवलपुर) | संख्या | | | तयारी | तयारी | १ | १ | २ | उपववाम |
| ३ | | | १.१.२ | क | प्रादेशिक औद्योगिक विकास कानून निर्माण | संख्या | १ | १ | १ | १ | १ | १ | ५ | " |
| ४ | | | १.१.३ | क | औद्योगिक व्यवसाय मंच स्थापना र सञ्चालन | संख्या | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १ | " |
| ५ | | | १.१.४ | क | लगानीयोग्य उद्योग सम्वन्धी आयोजनाहरूको आयोजना बैंक बनाउने | संख्या | | | १ | | | | १ | " |
| ६ | | | १.१.५ | क | औद्योगिक तथ्याङ्क तथा प्रशासन डिजिटाईजेसन कार्यक्रम | संख्या | | | | १ | | | १ | " |
| ७ | | १.२ | १.२.१ | क | लघु, घरेलु, साना तथा मझौला उद्योग सशक्तीकरण कार्यक्रम (प्रविधि खोज, तालिम, हस्तान्तरण र अनुदान प्रोत्साहन) | प्याकेज | | १ | १ | १ | १ | १ | १ | " |
| ८ | | | १.२.२ | क | गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन | संख्या | ८५ | ८५ | ८५ | ८५ | ८५ | ८५ | ८५ | " |
| ९ | | | १.२.३ | क | लघु उद्यमीहरूको क्षमता र दक्षता अविवृद्धि कार्यक्रम | जिल्ला | | | ११ | ११ | ११ | ११ | ११ | " |
| १० | | | १.२.४ | ख | औद्योगिक ग्रामको स्थापना (स्थानीय तह) | संख्या | | ११ | १५ | १० | १० | ५ | ५१ | " |
| ११ | | | १.२.५ | क | एक स्थानीय तह एक औद्योगिक उत्पादन सहयोग कार्यक्रम | संख्या | | | २५ | २५ | २० | १५ | ८५ | " |
| १२ | | | १.२.६ | क | गण्डकी प्रदेश विकास अक्षको वरिपरि औद्योगिक करिडोरको स्थापना तथा सञ्चालन गर्न सम्भाव्यता अध्ययन र उपयुक्त ठाउँ पहिचान | संख्या | | | | | १ | | | " |
| १३ | | | १.२.७ | क | गुणस्तर मापन प्रयोगशालाको स्थापना र सञ्चालन | संख्या | | | १ | | | १ | २ | " |
| १४ | | | १.२.८ | क | उद्योगहरूको क्षमता अविवृद्धि सम्बन्धी तालिम | जिल्ला | | | ११ | ११ | ११ | ११ | ११ | " |
| १५ | | | १.२.९ | क | औद्योगिक विकासका लागि निजी क्षेत्रसँग सम्वाद र सहकार्य | प्याकेज | | | १ | | १ | | २ | " |

| क्र.सं. | उद्देश्य नं. | रणनीति नं. | कार्यनीति नं. | संकेत | कार्यक्रम | इकाई | आधार वर्ष ०७५/७६ | लक्ष्य | | | | | योजना अवधिको जम्मा लक्ष्य | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | |
| १६ | | | १.२.१० | क | उद्योग उद्योग बीच कच्चा पदार्थ तथा उत्पादन सेयरिंग गर्न सम्भाव्यता अध्ययन | प्याकेज | | | १ | १ | १ | १ | ४ | उपववाम |
| १७ | | | १.२.११ | क | जडीबुटी संकलन र प्रशोधन केन्द्र स्थापना | संख्या | | | १ | | १ | | २ | " |
| १८ | | | १.२.१२ | क | जडीबुटी संकलन तथा प्रशोधन केन्द्र स्थापना गर्न निजी क्षेत्रलाई सहयोग | संख्या | | | १ | १ | १ | १ | ४ | " |
| १९ | | १.३ | १.३.१ | ग | प्रदेशमा रहेका रुग्ण उद्योग पुनर्स्थापनामा सहयोग | प्याकेज | | | १ | १ | | १ | ३ | " |
| २० | २ | २.१ | २.१.१ | ग | अन्तर्राष्ट्रिय लगानी आकर्षण गर्न कानून निर्माण | संख्या | | | १ | | | | १ | " |
| २१ | | | २.१.२ | क | औद्योगिक क्षेत्रमा वैदेशिक लगानी आकर्षण गर्न पूर्वाधार निर्माण | प्याकेज | | | १ | १ | १ | १ | १ | " |
| २२ | | | २.१.३ | क | उद्योग प्रसासन सेवा सुबिधालाई छिटो छरितो बनाउने संस्थागत संरचना निर्माण | प्याकेज | | १ | १ | १ | १ | १ | १ | " |
| २३ | | | २.१.४ | क | उद्योग आयोजनाहरूको सम्भाव्यता अध्ययन गरी आयोजना बैंक बनाउने र लगानी सम्मेलनको आयोजना गर्ने | संख्या | | | | १ | | | १ | " |
| २४ | ३ | ३.१ | ३.१.१ | क | वन पैदावरमा आधारित उद्योग स्थापनामा प्रोत्साहन सहयोग | संख्या | | १ | १ | १ | १ | १ | ५ | " |
| २५ | | | ३.१.२ | क | परम्परागत सीप तथा प्रविधिमा आधारित हस्तकला ग्राम स्थापना गर्न सहयोग | संख्या | | | १ | १ | १ | १ | ४ | " |
| २६ | | | ३.१.३ | क | उद्योग प्रसासनमा आधुनिक सूचना प्रविधिको प्रयोग | जिल्ला | | ११ | ११ | ११ | ११ | ११ | ११ | " |
| २७ | | ३.२ | ३.२.१ | क | स्थानीय उत्पादनलाई कच्चा पदार्थको रुपमा प्रयोग गरी सञ्चालन हुने घरेलु उद्योगको संरक्षण र प्रबर्धन | जिल्ला | ११ | ११ | ११ | ११ | ११ | ११ | ११ | " |
| २८ | | | ३.२.१ | क | गोरखकाली टायर उद्योग पुनः सञ्चालनमा ल्याउने | संख्या | | | | १ | | | १ | " |

## ४.१०.८ नतिजा

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७५/७६ | उपलब्धि २०७६/७७ | उपलब्धि २०७७/७८ | उपलब्धि २०७८/७९ | उपलब्धि २०७९/८० | उपलब्धि २०८०/८१ | योजना अवधिका उपलब्धि | पुष्ट्याइँको स्रोत | जिम्मेवार निकाय | जोखिम अनुमान | प्रसमुं संकेत | दिविल संकेत | दीराल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **प्रभाव** | **उद्योग क्षेत्रको विकास र विस्तार भई आय तथा रोजगारी वृद्धि भएको हुने** | **उद्योग क्षेत्रको राष्ट्रिय कुल ग्राहस्थ्य उत्पादनमा प्रदेशको हिस्सा** | **प्रतिशत** | ५.३ | | | | | | | **राष्ट्रिय लेखा** | **उपववाम** | | ४ | ८ | ९ |
| | | **प्रदेशमा रहेका कुल औद्योगिक प्रतिष्ठान** | **संख्या लाखमा** | १ | | | | | | १.३ | **आर्थिक सर्वेक्षण, २०७५** | " | | ४ | ८ | ९ |
| | | **औद्योगिक प्रतिष्ठानले सिर्जना गरेको रोजगार** | **संख्या लाखमा** | ३.४१ | | | | | | ४ | " | " | | | | |
| **असर १** | **उद्योगहरू स्थापना र सञ्चालन हुने माहोल सिर्जना भएको हुने** | दर्ता भएका प्रमुख उद्योग | संख्या | ५५६ | | | १०० | १०० | १०० | ८५६ | " | " | | ४ | ८ | ९ |
| | | प्रमुख उद्योगमा उपलब्ध रोजगार | संख्या हजारमा | २९.४९ | | | | | ५० | ५० | " | " | | | | |
| **प्रतिफल १.१** | राष्ट्रिय स्तरको औद्योगिक क्षेत्र निर्माण र सञ्चालन (गोरखा-च्याङ्ली) | राष्ट्रिय स्तरको औद्योगिक क्षेत्र | संख्या | | | | | | १ | १ | उपववाम प्रतिवेदन | " | नेपाल सरकारले लगानी गर्ने | ४ | ८ | ९ |
| **प्रतिफल १.२** | प्रादेशिक औद्योगिक क्षेत्र स्थापना र सञ्चालन (पुडीटार-पोखरा र लोकाहाखोला-नवलपुर) | प्रादेशिक औद्योगिक क्षेत्र | संख्या | | | | | १ | १ | २ | " | " | | ४ | ४ | ९ |
| **प्रतिफल १.३** | स्थानीय तह स्तरीय औद्योगिक ग्राम स्थापना र सञ्चालन | स्थानीय औद्योगिक ग्राम | संख्या | | ११ | १५ | १० | १० | ५ | ५१ | " | " | स्थानीय तहले लगानी गर्ने | ४ | ४ | ९ |
| **प्रतिफल १.४** | उद्योग र लगानीसँग सम्बन्धित नीति तथा कानूनी सुधार, प्रदेश औद्योगिक व्यवसाय ऐन, विशेष आर्थिक क्षेत्र ऐन आवश्यकता अनुसार निर्माण तथा परिमार्जन भएको हुने | प्रादेशिक औद्योगिक विकास कानून | संख्या | १ | १ | १ | १ | १ | १ | ५ | " | " | | ४ | ४ | ९ |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७५/७६ | उपलब्धि | | | | | योजना अवधिका उपलब्धि | पुष्ट्याइँको स्रोत | जिम्मेवार निकाय | जोखिम अनुमान | प्रसमुसं संकेत | दिविल संकेत | दीराल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | | | | | | |
| **प्रतिफल १.५** | गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन भएको हुने | लघु उद्यम विकास कार्यक्रम सञ्चालित स्थानीय तह | संख्या | | | | | | ८५ | ८५ | उपववाम प्रतिवेदन | उपववाम | स्थानीय तहको सहभागिता रहने | ४ | ४ | ९ |
| **प्रतिफल १.६** | उत्पादित वस्तुहरूको गुणस्तरीयता सुनिश्चित गर्न संस्थागत संयन्त्रको विकास भएको हुने | गुणस्तर मापन प्रयोगशाला | संख्या | | | १ | | | १ | २ | " | " | | ४ | ४ | ९ |
| **प्रतिफल १.७** | औद्योगिक क्षेत्रमा स्थापना हुने उद्योगहरूको प्रतिस्पर्धात्मक क्षमता वृद्धि भएको हुने | क्षमता अभिवृद्धि तालिमले समेटेको उद्योग | प्रतिशत | | | १० | २० | ४० | १०० | १०० | " | " | उद्योगले सहभागिता जनाउने | ४ | ४ | ९ |
| **प्रतिफल १.८** | उच्च हिमाली भेगमा उपलब्ध जडीबुटी तथा विभिन्न स्थानमा उपलब्ध किमती एवम् अर्धकिमती पत्थरको प्रशोधन भएको हुने | जडीबुटी संकलन र प्रशोधन केन्द्रको स्थापना | संख्या | | | १ | | १ | | २ | " | " | | ४ | ४ | ९ |
| **प्रतिफल १.९** | अल्लो, लोक्ता, केरा, वेत, बाँस जस्ता प्राकृतिक रेसामा आधारित वस्तुहरूको उद्यमशीलता प्रवर्द्धनका लागि संकलन तथा प्रशोधन केन्द्रको स्थापना गर्न निजी क्षेत्रले सहयोग पाएको हुने | जडीबुटी संकलन तथा प्रशोधन केन्द्र | संख्या | | | १ | १ | १ | १ | ४ | " | " | | ४ | ४ | ९ |
| **प्रतिफल १.१०** | रूग्ण उद्योगको पहिचान भई पुनर्स्थापना र सञ्चालनको व्यवस्था भएको हुने | पुनर्स्थापना गरि सञ्चालन गरिएका उद्योग | संख्या | | | १ | १ | | १ | ३ | " | " | | ४ | ४ | ९ |
| **असर २** | विदेशी लगानीकर्तालाई औद्योगिक लगानीमा प्रोत्साहन गर्न नीतिगत तथा कार्यगत सहजीकरण गर्ने व्यवस्था भएको हुने | वैदेशिक लगानीका उद्योग | संख्या | | | | | | | | आर्थिक सर्वेक्षण, २०७५ | " | संघसँग समन्वय हुने | | | |
| | | उद्योग क्षेत्रमा गरिएको वैदेशिक लगानी | ने. रु. अर्ब | ४०४ | | | | | | ६०० | आर्थिक सर्वेक्षण, २०७५ | " | संघसँग समन्वय हुने | ४ | ४ | ९ |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७५/७६ | उपलब्धि २०७६/७७ | उपलब्धि २०७७/७८ | उपलब्धि २०७८/७९ | उपलब्धि २०७९/८० | उपलब्धि २०८०/८१ | योजना अवधिका उपलब्धि | पुष्ट्याइँको स्रोत | जिम्मेवार निकाय | जोखिम अनुमान | प्रससुं संकेत | दिविल संकेत | दीराल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **प्रतिफल** २.१ | वैदेशिक पुंजी तथा प्रविधिलाई आकर्षित गर्न कानूनी व्यवस्था भएको हुने | अन्तर्राष्ट्रिय लगानी भित्र्याउने सम्बन्धी कानूनको निर्माण | संख्या | | | १ | | | | १ | उपववाम प्रतिवेदन | उपववाम | | ४ | ४ | ९ |
| **प्रतिफल** २.२ | औद्योगिक क्षेत्रमा वैदेशिक लगानी भित्र्याउनका लागि आवश्यक पूर्वाधारको निर्माण भएको हुने | औद्योगिक क्षेत्रमा वैदेशिक लगानी भित्र्याउने पूर्वाधारको निर्माण | प्याकेज | | | १ | १ | १ | १ | ४ | उपववाम प्रतिवेदन | उपववाम | | ४ | ४ | ९ |
| **असर ३** | प्रतिस्पर्धी क्षमता र तुलनात्मक लाभ भएका उद्योगहरूको स्थापनामा वृद्धि भई निर्यातयोग्य वस्तुको उत्पादनलाई प्रोत्साहन पुगेको हुने | उत्पादित वस्तु निर्यात गर्ने उद्योग | संख्या | | | | | | | | " | " | | ४ | ४ | ९ |
| **प्रतिफल** ३.१ | वन पैदावारमा आधारित उद्योगहरूको स्थापनामा वृद्धि भएको हुने | वन पैदावरमा आधारित उद्योग स्थापनामा अनुदान प्रदान | संख्या | | १ | १ | १ | १ | १ | ५ | " | " | | ४ | ४ | ९ |
| **प्रतिफल** ३.२ | हस्तकला ग्राम स्थापना भई परम्परागत सीप तथा प्रविधिमा आधारित उद्योगहरूको संरक्षण र विकास भएको हुने | परम्परागत सीप तथा प्रविधिमा आधारित हस्तकला ग्राम स्थापना गर्न सहयोग | संख्या | | | १ | १ | १ | १ | ४ | " | " | | ४ | ४ | ९ |
| **प्रतिफल** ३.३ | सार्वजनिक निकायमा प्रयोग हुने सामग्रीहरूमध्ये उपलब्ध भएसम्म स्थानीय उत्पादन प्रयोग भई घरेलु उद्योगको संरक्षण र प्रवर्द्धन भएको हुने | स्थानीय उत्पादनलाई कच्चा पदार्थको रुपमा प्रयोग गर्ने घरेलु उद्योगको संरक्षण र प्रवर्द्धन भएका जिल्लाहरूको संख्या | संख्या | ११ | ११ | ११ | ११ | ११ | ११ | ११ | " | " | | ४ | ४ | ९ |
| **लगानी: औद्योगिक क्षेत्र, औद्योगिक ग्राम, रूग्ण उद्योगमा लगानी, प्रतिस्पर्धात्मक क्षमता वृद्धि तालिम, पाठ्यक्रम, वार्षिक कार्ययोजना र बजेट** | | | | | | | | | | | | | | | | |

## ४.११ वाणिज्य

### ४.११.१ पृष्ठभूमि

वाणिज्य क्षेत्रको विकास र विस्तारले वस्तु तथा सेवाको सहज आपूर्ति गर्न मद्दत गर्दछ । प्रदेशभित्र उत्पादित वस्तु तथा सेवाको निर्यातबाट आर्थिक वृद्धि हाँसिल गर्न सकिन्छ । सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता र साझेदारीमार्फत् आयात प्रतिस्थापन एवम् तुलनात्मक तथा प्रतिस्पर्धात्मक लाभका क्षेत्रको पहिचान, विकास र विस्तार गर्दै व्यापार तथा वाणिज्य क्षेत्रलाई थप सबल बनाउन यस क्षेत्रलाई प्राथमिकतामा राखी कार्य गर्नुपर्ने आवश्यकता छ ।

### ४.११.२ प्रमुख समस्या

प्रदेशका आफ्नै वाणिज्य तथा व्यापार सम्बन्धी स्पष्ट प्रादेशिक नीति, नियम, कानून तथा संगठनात्मक संरचना नहुनु, व्यापार वाणिज्य सम्बन्धी क्षेत्रगत तथ्याङ्क तथा सूचना नहुनु, आयात प्रतिस्थापन हुने वस्तुको आन्तरिक उत्पादनमा कमी हुनु, पेट्रोलियम पदार्थको बढ्दो माग भई आयातमा वृद्धि हुनु, प्रतिस्पर्धात्मक क्षमतामा सुदृढीकरण हुन नसक्नु आदि यस क्षेत्रका समस्याहरू हुन् ।

### ४.११.३ चुनौती र अवसर

**चुनौती**

नेपाल सरकार र स्थानीय तहसँग नीतिगत, कानूनी तथा व्यावहारिक तवरबाट समन्वय र सहकार्य गरी व्यापार वृद्धि गर्नु, प्रादेशिक तहमा तुलनात्मक रुपमा बढी लाभ लिन सक्ने वस्तु तथा सेवाको पहिचान तथा उत्पादन गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारको खोजी गर्नु, निर्यात हुने वस्तु तथा सेवाको गुणस्तर परीक्षण, प्रमाणीकरण, लेबलिङ र प्याकेजिङ सम्बन्धी क्षमता अभिवृद्धि गर्नु, प्रादेशिक औद्योगिक ग्रामहरूको पहिचान तथा विकास गरी सञ्चालनमा ल्याउनु, उत्पादन क्षेत्रलाई मागअनुरूप पर्याप्त मात्रामा ऊर्जा उपलब्ध गराउनु, आत्मनिर्भर हुनसक्ने कृषिजन्य उत्पादनका साथै विलासिताका वस्तुहरूको आयात निरुत्साहित गर्नु, आयात हुने वस्तुहरूको प्रदेशमा नै उत्पादन बढाउनु, प्रत्यक्ष स्वदेशी तथा वैदेशिक लगानी आकर्षित गर्दै व्यापार बढाउन पर्याप्त पूर्वाधार विकास गर्नु, व्यापारलाई प्रतिस्पर्धी र व्यापक बनाउन वस्तुगत व्यापार विविधीकरण गर्दै सरोकारवाला सबैको सहयोग र सहकार्य प्राप्त गर्नु, निर्यात व्यापार वृद्धि गर्नु, खोज, अनुसन्धान, विकासमार्फत् व्यापारका नयाँ क्षेत्रहरूको पहिचान, विविधीकरण र प्रवर्द्धन गर्न पर्याप्त स्रोतसाधनको व्यवस्था गर्नु यस क्षेत्रका चुनौतीहरू हुन् ।

**अवसर**

राजनीतिक स्थिरता, छिमेकी मुलुकहरूको आर्थिक वृद्धिबाट व्यापारका क्षेत्रमा प्रदेशले लाभ लिन सक्ने अवस्था रहनु, सम्पूर्ण मूल्य श्रृङ्खला मात्र नभई खण्ड-खण्डको उत्पादन र व्यापारलाई प्राथमिकतामा राखिनु, स्वदेशी तथा वैदेशिक लगानीकर्ताहरू थप आकर्षित हुँदै जानु यस क्षेत्रका अवसरहरू हुन् ।

### ४.११.४ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

**सोच**

वाणिज्य क्षेत्रको विकास, दिगो आर्थिक विकासको आधार ।

**लक्ष्य**

वाणिज्य क्षेत्रको विकास तथा विस्तार गरी आयात प्रतिस्थापन मार्फत् प्रदेशको आर्थिक समृद्धि हाँसिल गर्ने ।

**उद्देश्य**

१. वाणिज्य सम्बद्ध संरचना, पूर्वाधार एवम् आधारको निर्माण गरी स्थानीय कच्चा पदार्थ, स्रोत, साधन र सीपको बढी प्रयोग गर्दै वस्तुको उत्पादन तथा विकास गरी व्यापार प्रवर्द्धन गर्नु ।

२. वाणिज्य क्षेत्रलाई प्रादेशिक अर्थतन्त्रको महत्वपूर्ण अङ्गको रूपमा विकास गर्नु ।

### ४.११.५ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्धेश्य १: वाणिज्य सम्बद्ध संरचना, पूर्वाधार एवम् आधारहरूको निर्माण गरी स्थानीय कच्चा पदार्थ, स्रोत, साधन र सीपको बढी प्रयोग गर्दै वस्तुको उत्पादन तथा विकास गरी व्यापार प्रवर्द्धन गर्नु ।** | |
| १.१ वाणिज्य सम्बद्ध आवश्यक नीति, कानून तथा संरचनाहरूको निर्माण गरी कार्यान्वयन गर्ने । | १.१.१ वस्तु तथा सेवा व्यापार प्रवर्द्धनको लागि आवश्यक कानूनको तर्जुमा तथा विद्यमान कानूनहरू परिमार्जन तथा संस्थागत क्षमता विकास गरिनेछ । |
| १.२ वाणिज्य सम्बद्ध संरचना, पूर्वाधार एवम् आधार हरूको निर्माण गर्ने क्षमता सुदृढीकरण गर्ने । | १.२.१ वस्तु तथा सेवा व्यापार गर्ने निकायहरूबीच प्रभावकारी समन्वय गरिनेछ ।<br>१.२.२ विद्यमान श्रम शक्तिको सीप तथा क्षमता अभिवृद्धि गरी उत्पादकत्व बढाउन सम्वन्धित निकायसँग समन्वय गरिनेछ ।<br>१.२.३ व्यापार सम्बन्धी अध्ययन अनुसन्धान सम्बन्धी कार्य गरिनेछ ।<br>१.२.४ बजार प्रवर्द्धनको लागि आवश्यक पर्ने बजार सम्बन्धी सूचनाको संकलन प्रशोधन एवम् वितरण गरिनेछ । |
| **उद्धेश्य २: वाणिज्य क्षेत्रलाई प्रादेशिक अर्थतन्त्रको महत्वपूर्ण अंगको रूपमा विकास गर्नु ।** | |
| २.१ व्यापारलाई प्रादेशिक अर्थतन्त्रको मुख्य सम्वाहकको रुपमा स्थापित गर्ने । | २.१.१ प्रदेशको व्यापार सम्बन्धी सूचना संकलन, प्रशोधन र संम्प्रेषण कार्यलाई प्रभावकारी बनाइनेछ ।<br>२.१.२ सार्वजनिक कार्यालय र कार्यक्रममा उपलब्ध भएसम्म स्वदेशी सामानको प्रयोग गरिनेछ । |
| २.२ व्यापार तथा वाणिज्यको प्रवर्द्धन मार्फत् ग्रामीण तहसम्म रोजगारीको विस्तार गर्ने । | २.२.१ मूल प्रवाहमा आउन नसकेका वर्ग समुदाय र क्षेत्रको परम्परागत पेशा, व्यवसायको आधुनिकीकरण, व्यावसायीकरण तथा बजारीकरण गरी निर्यात प्रवर्द्धन गर्न समन्वय गरिनेछ। |
| २.३ तुलनात्मक वस्तु तथा सेवाहरूको पहिचान गरी निर्यातयोग्य हुने वस्तु तथा सेवाको उत्पादकत्वमा वृद्धि गर्न आवश्यक कार्यक्रमहरू सञ्चालन गर्ने । | २.३.१ वस्तुहरूको उत्पादन र उत्पादकत्व बढाउन सम्वन्धित निकायसँग समन्वय र सहकार्य गरिनेछ ।<br>२.३.२ साना, घरेलु तथा मझौला उद्योगहरूलाई उत्पादन तथा आपूर्ति सञ्जालमा आवद्ध गर्दै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय माग वमोजिमका वस्तु तथा सेवाहरूको उत्पादन र विकास गरिनेछ । |
| २.४ पहिचान गरिएका वस्तुको व्यापार विविधीकरण गर्ने । | २.४.१ लघु, घरेलु तथा साना उद्योग र मझौला उद्योगहरू एवम् महिला तथा सीमान्तकृत् वर्गहरू तथा समुदायबाट सञ्चालित उद्योगलाई निर्यात व्यापारमा आबद्ध गर्न कार्यक्रम सञ्चालन गरिनेछन् ।<br>२.४.२ स्थानीय तह, निजी क्षेत्र र सहकारी संस्थाको सहभागितामा स्थानीय स्तरमा निकासी प्रदर्शनी गृहको स्थापना र सञ्चालन गर्न प्रोत्साहित गरिनेछ ।<br>२.४.३ नेपाली कला, संस्कृति र मौलिक पहिचान झल्कने वस्तुहरूको उत्पादन वृद्धि गरिनेछ । |

### ४.११.६ कार्यक्रममा प्राथमिकता

१. सार्वजनिक कार्यालयमा स्थानीय उत्पादनको उपयोग पवर्द्धन गर्ने ।

२. आयत प्रतिस्थापन गर्ने उत्पादनहरूलाई प्रोत्साहन गर्ने ।

३. निकासीयोग्य सामान उत्पादन गर्ने उद्योगहरूलाई प्रोत्साहन गर्ने ।

## ४.११.७ विस्तृत कार्यक्रम

| क्र.स. | उद्देश्य नं. | रणनीति नं. | कार्यनीति नं. | संकेत | कार्यक्रम | इकाई | आधार वर्ष ०७५/७६ | लक्ष्य २०७६/७७ | लक्ष्य २०७७/७८ | लक्ष्य २०७८/७९ | लक्ष्य २०७९/८० | लक्ष्य २०८०/८१ | योजना अवधिको जम्मा लक्ष्य | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | १ | १.१ | १.१.१ | ग | बाणिज्य तथा व्यापार सम्बन्धी प्रादेशिक कानून निर्माण | संख्या | | | १ | | | | १ | उपववाम |
| २ | | १.२ | १.२.१ | क | व्यवसायी सञ्जालीकरण कार्यक्रम | संख्या | | | १ | | | | १ | " |
| ३ | | | १.२.२ | क | व्यवसायीहरूलाई व्यापार व्यवसाय क्षमता तथा दक्षता अविवृद्धि तालिम | संख्या | | १०० | १०० | १०० | १०० | १०० | ५०० | " |
| ४ | | | १.२.३ | ग | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय व्यापार व्यवसायको सम्भाव्यता सम्बन्धी अध्ययन | संख्या | | १ | | | | | १ | " |
| ५ | | | १.२.४ | क | वाणिज्य तथा व्यापार सम्बन्धी सूचना संकलन, वितरण र व्यापार प्रवर्द्धन | प्याकेज | | | १ | १ | १ | १ | ४ | " |
| ६ | २ | २.१ | २.१.१ | क | वाणिज्य तथा व्यापार सम्बन्धी सूचना डिजीटाईजेसन | प्याकेज | | | १ | | | | १ | " |
| ७ | | | २.१.२ | ग | सार्वजनिक कार्यालयहरूमा स्थानीय स्तरमा उत्पादित समान प्रयोग गर्ने नीति निर्माण | संख्या | | | १ | | | | १ | " |
| ८ | | २.२ | २.२.१ | क | परम्परागत सीप व्यावसायीकरणका लागि अनुदान सहयोग कार्यक्रम | प्याकेज | | १ | १ | १ | १ | १ | १ | " |
| ९ | | २.३ | २.३.१ | क | निर्यात योग्य वस्तुहरूको उत्पादन गर्ने व्यवसायीहरूको सञ्जाल गठन र उत्पादन र उत्पादकत्व थप बढाउन सहकार्य | प्याकेज | | | १ | १ | १ | १ | १ | " |
| १० | | | २.३.२ | क | राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा माग भएका वस्तुहरूको पहिचान गरि साना, घरेलु तथा मझौला उद्योगीहरूलाई सूचित गर्ने र उत्पादन बढाउन थप प्रोत्साहन गर्ने | प्याकेज | | | १ | १ | १ | १ | १ | " |
| ११ | | २.४ | २.४.१ | क | महिला तथा सीमान्तकृत् वर्गहरूबाट सञ्चालित उद्योगहरूलाई निर्यात व्यापारमा आवद्ध गर्न सशक्तीकरण अभियान सञ्चालन | जिल्ला संख्या | | | ११ | ११ | ११ | ११ | ११ | " |
| १२ | | | २.४.२ | ख | स्थानीय स्तरवाट निकासी गर्न सकिने उत्पादन तथा वस्तुहरूको प्रदर्शनी केन्द्र स्थापना र सञ्चालन | संख्या | | | १० | २५ | २५ | २५ | ८५ | " |
| १३ | | | २.४.३ | क | प्रादेशिक र नेपाली कला, संस्कृति र मौलिक पहिचान झल्कने वस्तुहरूको उत्पादन वृद्धि गर्न उद्योगि प्रोत्साहन कार्यक्रम | प्याकेज | | | १ | १ | १ | १ | १ | " |

## ४.११.८ नतिजा

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७५/७६ | उपलब्धि | | | | | योजना अवधिका उपलब्धि | पुष्ट्याईंको स्रोत | जिम्मेवार निकाय | जोखिम अनुमान | प्रसमुसं संकेत | दिविल संकेत | दीराल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | | | | | | |
| **प्रभाव** | **वाणिज्य क्षेत्रको विकास तथा विस्तार भई आर्थिक समृद्धि हाँसिल गर्ने योगदान पुगेको हुने** | **वाणिज्य क्षेत्रको राष्ट्रिय ग्राहस्थ्य उत्पादनमा प्रदेशको हिस्सा** | प्रतिशत | ७.९९ | | | | | १० | १० | राष्ट्रिय योजना आयोगको प्रतिवेदन | उपववाम | | | | |
| | | **कुल राष्ट्रिय आयातमा प्रदेशको हिस्सा** | प्रतिशत | | | | | | | | उपववाम प्रतिवेदन | " | | ४ | १२ | ९ |
| | | **कुल राष्ट्रिय निर्यातमा प्रदेशको हिस्सा** | प्रतिशत | | | | | | | | " | " | | | | |
| **असर १** | स्थानीय कच्चा पदार्थ, स्रोत, साधन र सीपको प्रवर्द्धन गर्ने वाणिज्य क्षेत्रको विकास भएको हुने | अन्य प्रदेश तथा विदेश निर्यात गरिएका कच्चा पदार्थ | संख्या | | | | | | | | " | " | | ४ | १२ | ९ |
| **प्रतिफल १.१** | वस्तु तथा सेवा व्यापार प्रवर्द्धनको लागि आवश्यक संरचना निर्माण र आवश्यक कानून निर्माण भएको हुने | प्रादेशिक संरचना | संख्या | | | १ | | | | १ | " | " | | ४ | १२ | ९ |
| **प्रतिफल १.२** | वस्तु तथा सेवा व्यापार गर्ने निकायहरूबीच प्रभावकारी समन्वय भएको हुने | व्यवसायी सञ्जाल | संख्या | | | १ | १ | | | २ | " | " | | ४ | १२ | ९ |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७५/७६ | उपलब्धि | | | | | योजना अवधिका उपलब्धि | पुष्ट्याइँको स्रोत | जिम्मेवार निकाय | जोखिम अनुमान | प्रसमूसं संकेत | दिविल संकेत | दीराल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | | | | | | |
| **प्रतिफल १.३** | विद्यमान श्रम शक्तिको सीप तथा क्षमता अभिवृद्धि भई उत्पादकत्व बढाउन सम्वन्धित निकायसँग समन्वय भएको हुने | क्षमता तथा दक्षता अभिवृद्धि तालिम लिनेको संख्या | संख्या | | १०० | १०० | १०० | १०० | १०० | ५०० | उपववाम प्रतिवेदन | उपववाम | | ४ | १२ | ९ |
| **प्रतिफल १.४** | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय व्यापार व्यवसायका सम्भावना बारे अध्ययन अनुसन्धान भएको हुने | सम्भाव्यता अध्ययन | संख्या | | १ | | | | | १ | " | " | | ४ | १२ | ९ |
| **असर २** | व्यापार तथा वाणिज्य क्षेत्र प्रादेशिक अर्थतन्त्रको मुख्य सम्वाहकको रुपमा स्थापित भएको हुने | व्यापार तथा वाणिज्य क्षेत्रवाट सिर्जना भएको रोजगार | संख्या | | | | | | | | " | " | | ४ | १२ | ९ |
| **प्रतिफल २.१** | सार्वजनिक कार्यालय र कार्यक्रममा स्वदेशी सामानको प्रयोग भएको हुने | सार्वजनिक कार्यक्रममा खपत गरिएका सामानको वार्षिक कुल मूल्य | रु. करोड | | | | | | | | " | " | सार्वजनिक कार्यालय स्थानीय वस्तु उपयोग गर्न सकारात्मक हुने | ४ | १२ | ९ |
| **प्रतिफल २.२** | साना, घरेलु तथा मझौला उद्योगहरूलाई उत्पादन तथा आपूर्ति सञ्जालमा आवद्ध गरि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय माग बमोजिमका वस्तु तथा सेवाहरूको उत्पादन र विकास भएको हुने | साना, घरेलु तथा मझौला उद्योगीसञ्जाल | संख्या | | | १ | | | | १ | " | " | | ४ | १२ | ९ |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७५/७६ | उपलब्धि | | | | | योजना अवधिका उपलब्धि | पृष्ठ्याइँको स्रोत | जिम्मेवार निकाय | जोखिम अनुमान | प्रसमूसं संकेत | दिविल संकेत | दीगोल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | | | | | | |
| **प्रतिफल** २.३ | लघु, घरेलु तथा साना उद्योग र मझौला उद्योगहरू एवम् महिला तथा सीमान्तकृत् वर्गहरू तथा समुदायबाट सञ्चालित उद्योगलाई निर्यात व्यापारमा भएका हुने | सशक्तीकरण अभियान सञ्चालन भएका जिल्ला | संख्या | | | ११ | ११ | ११ | ११ | ११ | उपववाम प्रतिवेदन | उपववाम | | ४ | १२ | ९ |
| **प्रतिफल** २.४ | स्थानीय स्तरमा निकासी प्रदर्शनी गृहको स्थापना र सञ्चालन गर्न प्रोत्साहन पुगेको हुने | स्थानीय उत्पादन तथा वस्तुहरूको प्रदर्शनी केन्द्र | संख्या | | | १० | २५ | २५ | २५ | ८५ | " | " | स्थानीय तहको सहभागिता रहने | ४ | १२ | ९ |
| **प्रतिफल** २.५ | नेपाली कला, संस्कृति र मौलिक पहिचान झल्कने वस्तुहरूको उत्पादन वृद्धि भएको हुने | प्रोत्साहन कार्यक्रम | प्याकेज | | | १ | १ | १ | १ | १ | " | " | | ४ | १२ | ९ |
| **लगानीः स्थानीय उत्पादनको उपयोग पवर्द्धन नीति, निकासीयोग्य सामान उत्पादन गर्ने उद्योगहरूलाई प्रोत्साहन नीति, क्षमता वृद्धि तालिम, वार्षिक कार्यक्रम र बजेट** | | | | | | | | | | | | | | | | |

## ४.१२ आपूर्ति

### ४.१२.१ पृष्ठभूमि

गण्डकी प्रदेशमा विकसित हुँदै गएको पर्यटन व्यवसायको लागि आपूर्ति व्यवस्था, सरल, सहज, भरपर्दो र विश्वसनीय हुन आवश्यक देखिन्छ । आपूर्ति व्यवस्था असहज हुने बित्तिकै पर्यटन व्यवसायमा पनि नकारात्मक असर पर्दछ । आपूर्तिसँग प्रत्यक्ष सरोकार राख्ने मौलिक हक र राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरूलाई समेत व्यवहारिक रुपमा अंगिकार गर्दै जाने सन्दर्भ आपूर्ति व्यवस्थालाई प्रभावकारी संयन्त्रको र प्रणालीको व्यवस्था गर्न जरुरी छ । प्रदेशमा नियमित सर्वसुलभ र सहज रुपमा गुणस्तरीय अत्यावश्यक वस्तु तथा सेवाहरूको आपूर्ति हुने वातावरण सिर्जना गर्न तथा उपभोक्ता हित संरक्षण गर्नु आवश्यक छ । प्रदेशमा नागरिकहरूको दैनिक जीवनयापन गर्न आवश्यक वस्तु एवम् सेवा, खाद्यान्नको व्यवस्था, स्वास्थ्य उपचारका लागि आवश्यक औषधी, सामग्री र पेट्रोलियम पदार्थ सहज, सुलभ र उचित मूल्यमा उपभोक्ताले पाउने व्यवस्था गर्नु अति आवश्यक हुन्छ । राज्यले एकातिर प्रतिस्पर्धी र स्वस्थ बजार संयन्त्रमार्फत् आपूर्ति व्यवस्थापन गर्नुपर्दछ भने अर्कोतिर सामाजिक न्याय र राज्यको दायित्व पूरा गर्ने क्रममा आर्थिक रूपले कमजोर वर्गका जनतालाई अत्यावश्यक उपभोग्य वस्तुमा सहज पहुँचको वातावरण निर्माण गर्नुपर्दछ । यसका साथै उपभोक्ताको हकहितको संरक्षण र प्रवर्द्धन गर्दै वस्तु तथा सेवाको नियमित आपूर्ति गर्नु राज्यको महत्वपूर्ण जिम्मेवारी हो ।

### ४.१२.२ प्रमुख समस्या

प्रदेश तहमा उपभोग्य वस्तु तथा सेवाको आपूर्तिलाई उचित व्यवस्थापन सम्बन्धी कुनै विशेष नीतिगत, कानूनी तथा संरचनागत व्यवस्था नहुनु, यहाँका जनताको लागि आवश्यक पर्ने अत्यावश्यक वस्तुहरू जस्तैः खाद्य पदार्थ, औषधि, इन्धन, निर्माण सामग्री तथा सेवाहरू, स्वास्थ्य, सञ्चार, विद्युत्, यातायात, खानेपानी, पाठ्य सामाग्री आदिको उपलब्धताको अवस्थाको बारेमा प्रदेश तहमा पर्याप्त र विश्वसनीय सूचना तथा तथ्याङ्कहरू समेत उपलब्ध नहुनु, प्रदेशका अत्यावश्यक उपभोग्य सामग्री सुलभ र सुपथ मूल्यमा उपलब्ध हुन नसक्नु साथै मनाङ्ग, मुस्ताङ्ग, गोरखाको उत्तरी भाग जस्ता भौगोलिक विकटता भएका ठाउँमा अत्यावश्यक वस्तु तथा सेवाको उपलब्धता, वितरण र ढुवानीमा कठिनाई हुनु जनहित हुने गरी बजार सञ्चालन र व्यवस्थापन हुन नसक्नु, स्रोत साधनको अभाव हुनु जस्ता समस्याहरू विद्यमान रहेका छन् ।

### ४.१२.३ चुनौती र अवसर

**चुनौती**

आपूर्ति व्यवस्था सहज र सरल बनाउनको लागि चाहिने प्रष्ट नीति, ऐन, नियम र कार्यविधि बनाई आपूर्ति व्यवस्थामा बीचौलिया प्रथा कम गर्नु, आपूर्ति व्यवस्थामा निजी क्षेत्रको भूमिका प्रभावकारी बनाउनु, बढ्दो जनसंख्या तथा न्यून आय भएका व्यक्तिलाई अत्यावश्यक सामानहरू र गुणस्तरीय वस्तु उपलब्ध गराउनु, भौगोलिक अवस्थाका कारण ढुवानीमा आपूर्तिको व्यवस्था गर्न चुनौती रहेको छ ।

**अवसर**

एकीकृत् कानूनको व्यवस्था हुनु, विभिन्न तहबीच एकरुपता तथा समन्वय कायम हुनु, निजी क्षेत्र तथा सहकारी क्षेत्रको सहभागिता, स्थानीय तहहरू सक्रिय हुने हुँदा वजार व्यवस्थापनमा अनुगमन तथा मूल्याङ्कनको प्रभावकारिता बढ्नु, व्यापारी तथा उपभोक्तामा सचेतना बढ्नु, खाद्यान्नमा आत्मनिर्भरताका लागि स्थानीय स्तरमा उत्पादन र उत्पादकत्वमा वृद्धि गर्ने प्रयासको निरन्तरता हुनु, जलविद्युत् तथा अन्य वैकल्पिक ऊर्जाको उत्पादन हुनु, वैज्ञानिक कृषि प्रणाली अवलम्वन गर्ने प्रयास हुनु, औद्योगिक विकासमा थप प्रयास, र सूचना प्रविधिको विस्तार र विकास हुनु, आदि यस क्षेत्रको लागि अवसरहरू हुन् ।

### ४.१२.४ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

**सोच**

गुणस्तरीय वस्तु तथा सेवाको सहज आपूर्ति ।

**लक्ष्य**

प्रदेशमा अत्यावश्यक गुणस्तरीय वस्तु तथा सेवा सहज, सुलभ र नियमित रुपमा आपूर्ति हुने व्यवस्था मिलाई उपभोक्ता हकहितको संरक्षण गर्नु ।

**उद्देश्य**

१. अत्यावश्यक वस्तु तथा सेवा सहज, सुलभ र नियमित रुपमा आपूर्ति हुने व्यवस्था मिलाउन आवश्यक नीतिगत तथा संस्थागत संरचना निर्माण गर्नु ।

२. गुणस्तरीय वस्तु तथा सेवाको सहज, सुलभ र नियमित आपूर्तिको व्यवस्था गर्न सार्वजनिक, निजी र सहकारी क्षेत्रलाई प्रोत्साहित तथा नियमित गर्नु ।

### ४.१२.५ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १: अत्यावश्यक वस्तु तथा सेवा सहज, सुलभ र नियमित रुपमा आपूर्ति हुने व्यवस्था मिलाउन आवश्यक नीतिगत तथा संस्थागत संरचना निर्माण गर्नु ।** | |
| १.१ आपूर्ति व्यवस्थापनको लागि प्रदेश तहको लागि आवश्यक ऐन, नियम, मार्गदर्शनहरूको तर्जुमा, पूर्वाधार र संस्थागत संरचनाको व्यवस्था गर्ने । | १.१.१ प्रदेश सरकारले निजी लगानीकर्ता एवम् सहकारी क्षेत्रको सहभागितामा आपूर्ति क्षेत्रको आवश्यक पूर्वाधार र संरचनाको विकास र विस्तारमा टेवा पुऱ्याउनेछ ।<br>१.१.२ प्रादेशिक खाद्य सुरक्षा व्यवस्थाको लागि आवश्यक प्रबन्ध गरिनेछ ।<br>१.१.३. उपभोक्ता हित संरक्षणको लागि गठन भएका संयन्त्रहरूलाई प्रभावकारी बनाउन आवश्यक स्रोत साधनको विनियोजन गरिनेछ ।<br>१.१.४ दुर्गम क्षेत्रहरूमा खाद्य सुरक्षाको लागि सञ्चय तथा भण्डारणको विशेष व्यवस्था मिलाइनेछ ।<br>१.१.५ अत्यावश्यक वस्तुहरूको कम्तीमा ३ महिनाको लागि आवश्यक परिमाणमा सञ्चय र भण्डारको व्यवस्था गरिनेछ । |
| १.२ आपूर्ति व्यवस्था प्रभावकारी बनाउन प्रदेशस्तर तथा स्थानीय स्तरमा वस्तु तथा सेवाको लागत मूल्य र आपूर्ति अनुगमन प्रणाली तथा अनुगमन संयन्त्रको व्यवस्था गर्ने । | १.२.१ खाद्य वस्तुहरूको गुणस्तरीयता सुनिश्चितताको लागि अनुगमन तथा नियमनलाई प्रभावकारी बनाइनेछ । |
| १.३ वस्तु तथा सेवाको आपूर्ति कार्यमा संलग्न सरकारी, गैर सरकारी तथा निजी क्षेत्रका निकाय तथा व्यवसायीहरूबीच समन्वय गर्ने संयन्त्रको विकास गर्ने । | १.३.१ पहाडी तथा दुर्गम क्षेत्रमा सहकारी मार्फत् आपूर्तिको लागि सहयोग हुने खेती र बाली विकास कार्यक्रम लागु गर्न सम्वन्धित निकायहरूसँग समन्वय गरिनेछ ।<br>१.३.२ खाद्यान्न अभाव भएको क्षेत्रमा खाद्यान्न आपूर्ति गर्नुका साथै विपन्न वर्गको लागि सुपथ मूल्यमा खाद्यान्न आपूर्ति गर्ने संयन्त्रको विकास गरिनेछ ।<br>१.३.३ गुणस्तरीय वस्तु तथा सेवाको सहज, सुलभ र नियमित आपूर्तिको व्यवस्था गर्न सार्वजनिक, निजी र सहकारी क्षेत्रलाई प्रोत्साहित गरिनेछ । |
| **उद्देश्य २: गुणस्तरीय वस्तु तथा सेवाको सहज, सुलभ र नियमित आपूर्तिको व्यवस्था गर्न सार्वजनिक, निजी र सहकारी क्षेत्रलाई प्रोत्साहित तथा नियमित गर्नु ।** | |

| रणनीति | कार्यनीति |
|---|---|
| २.१ आपूर्ति व्यवस्थालाई सहज तथा प्रभावकारी बनाउन सूचना प्रविधिको अधिकतम प्रयोग गर्ने । | २.१.१ उत्पादन आयात निर्यात र बिक्री मूल्य सम्बन्धी सूचना प्रवाह गर्ने प्रणाली विकसित गरिनेछ ।<br>२.१.२ उत्पादक, आयातकर्ता, सञ्चयकर्ता, वितरक र थोक विक्रेताहरूले बिक्री गर्ने वस्तुको सञ्चय र भण्डारण स्थितिको विवरण लिने प्रणालीको विकास गरिनेछ । |
| २.२ उपभोक्ता हकहित तथा अधिकारको संरक्षण गर्ने । | २.२.१ उपभोक्ता सचेतना तथा उपभोक्ता अदालत सम्बन्धी व्यवस्था गरिनेछ ।<br>२.२.२ उपभोक्ता हकहित प्रवर्द्धनको लागि तालिम तथा प्रशिक्षण कार्यक्रम सञ्चालन गरिनेछ । |
| २.३ आपूर्ति व्यवस्थापनलाई सहज बनाउन सहज उत्पादन हुने वस्तु तथा सेवाको उत्पादन प्रदेशभित्रै गर्न प्रोत्साहन गर्ने । | २.३.१ आन्तरिक आवश्यकता पूर्ति गर्ने र निकासीजन्य कृषि तथा औद्योगिक वस्तुको उत्पादन क्षमतामा वृद्धि गर्ने कार्यमा सघाउ पुऱ्याइनेछ ।<br>२.३.२ वस्तु तथा सेवाको सहज आपूर्ति सुनिश्चित गर्न र कृत्रिम मूल्य वृद्धि नियन्त्रण गर्न उपभोक्ता सहकारी संस्था तथा सो सम्बन्धी कार्य गर्न अन्य सहकारी संघसंस्थाको व्यवस्था गरिनेछ । |

### ४.१२.६ कार्यक्रमका प्राथमिकता

१. बजार अनुगमन र नियमन गर्ने संयन्त्र प्रभावकारी बनाउने ।

२. खाद्य गुणस्तर मापन प्रयोगशाला सुदृढ गर्ने ।

### ४.१२.७ विस्तृत कार्यक्रम

| क्र.सं. | उद्देश्य नं. | रणनीति नं. | कार्यनीति नं. | संकेत | कार्यक्रम | इकाई | आधार वर्ष ०७५/७६ | लक्ष्य | | | | | योजना अवधिको जम्मा लक्ष्य | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | |
| १ | १ | १.१ | १.१.१ | क | आपूर्ति क्षेत्र हेर्ने संस्थागत संरचना निर्माण | प्याकेज | | | १ | | | | ४ | उपववाम |
| २ | | | १.१.२ | क | प्रादेशिक खाद्य सुरक्षा नीति निर्माण | प्याकेज | | | १ | | | | १ | " |
| ३ | | | १.१.३ | क | बजार अनुगमन संयन्त्र निर्माण र नियमित अनुगमन र नियमन | प्याकेज | | १ | १ | १ | १ | १ | १ | " |
| ४ | | | १.१.४ | ख ग | खाद्य असुरक्षित तथा दुर्गम स्थानहरू पहिचान गरी खाद्य भण्डार स्थापना र सञ्चालन | संख्या | | | १ | १ | १ | १ | १ | " |
| ५ | | | १.१.५ | ग | पोखरा तथा लोकमार्ग क्षेत्रमा अत्यावश्यक वस्तु (पेट्रोलियम पदार्थ आदि) हरूको नयाँ भण्डार केन्द्र स्थापना र सञ्चालन | संख्या | | | | तयारी | | २ | २ | " |
| ६ | | १.२ | १.२.१ | क | खाद्य गुणस्तर मापन प्रयोगशाला स्थापना | संख्या | | | १ | | | | १ | " |
| ७ | | १.३ | १.३.१ | क | पहाडी तथा दुर्गम क्षेत्र सामुदायिक तथा सहकारी खेती सहयोग कार्यक्रम | जिल्ला | | | ११ | ११ | ११ | ११ | ११ | भूव्यकृसम |
| ८ | | | १.३.२ | क | विपन्न बर्गका लागि सुपथ मूल्य खाद्यान्न कार्ड वितरण | प्याकेज | | | १ | १ | १ | १ | १ | उपववाम |
| ९ | | | १.३.३ | क | गुणस्तरीय वस्तु तथा सेवाको आपूर्तिको लागि सार्वजनिक निजी सहकार्य | प्याकेज | | | १ | १ | १ | १ | ४ | " |
| १० | २ | २.१ | २.१.१ | क | अनिवार्य रुपमा मूल्य सूची राख्ने प्रणाली विकास र कार्यान्वयन | प्याकेज | | १ | १ | १ | १ | १ | ५ | " |
| ११ | | | २.१.२ | क | बिक्री गर्ने वस्तुको संचय र भण्डारण अवस्थाको विवरण राख्ने प्रणाली विकास | प्याकेज | | १ | १ | १ | १ | १ | ५ | " |
| १२ | | २.२ | २.२.१ | क | उपभोक्ता सचेतना कार्यक्रम सञ्चालन | संख्या | | | | १ | | | १ | " |
| १३ | | | २.२.२ | क | उपभोक्ता हकहित प्रवर्द्धनको लागि तालिम तथा प्रशिक्षण | जिल्ला | | | ११ | ११ | ११ | ११ | ११ | " |
| १४ | | २.३ | २.३.१ | क | निकासीजन्य वस्तुहरूको पहिचान र उत्पादन वृद्धि गर्न प्रोत्साहन | प्याकेज | | | १ | | | | १ | " |
| १५ | | | २.३.२ | क | गण्डकी प्रदेश उपभोक्ता मंच गठन (प्रदेश र जिल्ला स्तरीय) | जिल्ला | | १ | ११ | | | | १२ | " |

## ४.१२.८ नतिजा

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७५/७६ | उपलब्धि २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | योजना अवधिका उपलब्धि | पुष्ट्याइँको स्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान | प्रसमसं संकेत | दिविल संकेत | दीराल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **प्रभाव** | **अत्यावश्यक गुणस्तरीय वस्तु तथा सेवा सहज, सुलभ र नियमित रुपमा आपूर्ति हुने व्यवस्था भएको हुने** | **वस्तु तथा सेवा सहज, सुलभ र नियमित रुपमा आपूर्ति छ भनि विश्वास गर्ने जनता** | **प्रतिशत** | | | | | | | | **अध्ययन प्रतिवेदन** | **उपववाम** | | ४ | १२ | ९ |
| **असर १** | आपूर्ति व्यवस्थापनको संरचना विकास र विस्तार भएको हुने | क्रियाशील प्रादेशिक उपभोक्ता हक हित संरक्षण मंच | संख्या | १ | | | | | | १ | " | " | | ४ | १२ | ९ |
| **प्रतिफल १.१** | आपूर्ति क्षेत्रको आवश्यक पूर्वाधार र संरचनाको विकास र विस्तार भएको हुने | आपूर्ति क्षेत्र हेर्ने संस्थागत संरचना | प्याकेज | | | १ | | | | १ | " | " | निजी एवम् सहकारी क्षेत्रको सहभागिता रहने | ४ | १२ | ९ |
| **प्रतिफल १.२** | प्रादेशिक खाद्य सुरक्षा व्यवस्थाको लागि आवश्यक प्रबन्ध भएको हुने | प्रादेशिक खाद्य सुरक्षा नीति | प्याकेज | | | १ | | | | १ | उपववाम प्रतिवेदन | भूकृसम | | ४ | १२ | ९ |
| **प्रतिफल १.३** | खाद्य असुरक्षित तथा दुर्गम स्थानहरूको पहिचान भई खाद्य सुरक्षाको लागि सञ्चय तथा भण्डारणको विशेष व्यवस्था भएको हुने | खाद्य भण्डार | संख्या | | | | | | | | " | " | | ४ | १२ | ९ |
| **प्रतिफल १.४** | अत्यावश्यक वस्तुहरूको भण्डारको व्यवस्था भएको हुने | पेट्रोलियम भण्डार केन्द्र | संख्या | | | | १ | | | १ | " | उपववाम | | ४ | १२ | ९ |
| **प्रतिफल १.५** | खाद्य वस्तुहरूको गुणस्तरीयता सुनिश्चितताको लागि अनुगमन र नियमन प्रभावकारी बनेको हुने | खाद्य गुणस्तर मापन प्रयोगशाला | संख्या | | | १ | | | | १ | " | " | | ४ | १२ | ९ |
| | | वार्षिक बजार अनुगमन | संख्या | | | | | | | | " | " | | | | |
| | | नियमन गरिएका बजार तथा उद्योग | प्रतिशत | | | | | | | | " | " | | | | |
| **असर २** | गुणस्तरीय वस्तु तथा सेवाको सहज, सुलभ र नियमित आपूर्ति भएको हुने | | | | | | | | | | " | " | | ४ | १२ | ९ |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७५/७६ | उपलब्धि | | | | | योजना अवधिका उपलब्धि | पुष्ट्याइँको स्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान | प्रसमुं संकेत | दिविल संकेत | दीराल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | | | | | | |
| **प्रतिफल २.१** | उत्पादन, आयात निर्यात र बिक्री मूल्य सम्बन्धी सूचना प्रवाह गर्ने प्रणालीको विकास भएको हुने | सूचना प्रणालीमा आवद्ध औद्योगिक प्रतिष्ठान | संख्या | | | | | | | | उपववाम प्रतिवेदन | उपववाम | | ४ | १२ | ९ |
| **प्रतिफल २.२** | उपभोक्ता सचेतना कार्यक्रम सञ्चालन भएको हुने | उपभोक्ता हकहित तालिम तथा प्रशिक्षण कार्यक्रम सञ्चालित जिल्ला | संख्या | ० | ११ | ११ | ११ | ११ | ११ | ० | | | | | | |
| **प्रतिफल २.३** | आन्तरिक आवश्यकता पूर्ति गर्ने र निकासीजन्य कृषि तथा औद्योगिक वस्तुको उत्पादन क्षमतामा वृद्धि गर्ने कार्यमा सघाउ पुगेको हुने | निकासीजन्य वस्तुहरूको पहिचान र उत्पादन वृद्धि गर्न प्रोत्साहन | प्याकेज | | ० | १ | ० | ० | ० | १ | " | " | | ४ | १२ | ९ |
| **प्रतिफल २.४** | वस्तु तथा सेवाको सहज आपूर्ति सुनिश्चित गर्न र कृत्रिम मूल्य वृद्धि नियन्त्रण गर्न उपभोक्ता सहकारी संस्था तथा सो सम्बन्धी कार्य गर्न अन्य सहकारी संघसंस्थाको व्यवस्था भएको हुने | जिल्लागत उपभोक्ता हक हित संरक्षण मंच | संख्या | | ० | ११ | ११ | ११ | ११ | ११ | " | " | | ४ | १२ | ९ |
| **लगानीः गुणस्तरीय अनुगमन र नियमन, खाद्य सञ्चय तथा भण्डारण, उपभोक्ता हकहित प्रवर्द्धनको लागि तालिम, उपभोक्ता सचेतना कार्यक्रम, वार्षिक कार्यक्रम तथा बजेट** | | | | | | | | | | | | | | | | |

# परिच्छेद ५
# सामाजिक क्षेत्र

## ५.१ शिक्षा

### ५.१.१ पृष्ठभूमि

नेपालमा शिक्षा नागरिक अधिकारका रूपमा स्थापित भएको छ । नागरिकका लागि शिक्षा राज्यले सकेको बखत उपलब्ध गराउने सुविधा नभई मौलिक हकका रूपमा प्रत्याभूत गरिएको छ । यस्तो नागरिक हक संघ, प्रदेश र स्थानीय सरकारको साझा दायित्व बनेको छ । शिक्षालाई सामाजिक आर्थिक रूपान्तरणको महत्वपूर्ण माध्यम मानिएको छ । परिणामस्वरूप शिक्षालाई "**समृद्ध प्रदेश र सुखी नागरिक**" भन्ने विकासको नारालाई यथार्थमा बदल्ने सशक्त औजारका रूपमा स्वीकार गरिएको छ । वर्तमान संविधानको कार्यान्वयनसँगै राज्यको पुनर्संरचनापश्चात् शासकीय स्वरूपमा रूपान्तरण कार्य अगाडि बढेको छ । यसै क्रममा गण्डकी प्रदेश एक शासकीय इकाइ बनेको छ । प्रदेशभित्रको दिगो विकास गर्ने, जनतामा स्वशासन (Self-Rule) एवम् नागरिक अधिकारको प्रत्याभूति गर्ने, राज्यप्रदत्त सेवाबाट नागरिकको सन्तुष्टि वृद्धि गर्ने, अखण्ड शान्तिसहितको नागरिक सुख (Citizen Happiness) सुनिश्चित गर्ने कामका लागि प्रदेश सरकार जिम्मेवार र जवाफदेही हुँदै अगाडि बढेको छ । प्रदेश सरकारको यस्तो दायित्व पूरा गर्नका निमित्त अन्य विविध पक्षका अतिरिक्त शिक्षा एउटा आधारभूत अवयव भएकाले यस क्षेत्रको सञ्चालन र विकासका लागि दीर्घकालीन नीति, योजना र कार्यक्रमको तर्जुमा पहिलो सर्त हो । तसर्थ, शिक्षा क्षेत्रको प्रथम पञ्चवर्षीय योजना निर्माणको यस अभ्यासलाई अत्यन्तै संवेदनशील, तथ्यपरक, व्यावहारिक र सर्वस्वीकार्य बनाउने प्रयास गरिएको छ ।

### ५.१.२ प्रमुख समस्या

सामुदायिक विद्यालयलगायतका शैक्षिक संस्थाको वितरणमा वैज्ञानिक नक्साकंन हुन नसक्दा अनावश्यक रूपमा छिरलिएका विद्यालयमा गरिएको लगानी सदुपयोग हुन नसक्नु, सामुदायिक विद्यालयहरूमा पर्याप्त जनशक्ति, उपयुक्त भौतिक पूर्वाधारलगायत आवश्यक पर्ने साधन स्रोतको व्यवस्थापन गर्न नसक्नु, प्रादेशिक विशिष्टतासहितको ज्ञान, सीप र प्रविधिको सम्भावना, विद्यार्थीको रुचि, आवश्यकता तथा अभिभावकको अपेक्षालाई पर्याप्त मात्रामा शिक्षाका पाठ्यक्रममा समेट्न नसक्नु, माध्यमिक तह र उच्च शिक्षामा निर्धारित उमेर समूहका नागरिकको भर्ना तथा अध्ययन निरन्तरताको अवस्था कमजोर रहनु, फरक परिस्थिति तथा विभिन्न आवश्यकता भएका नागरिक औपचारिक शिक्षा प्रणालीभित्र समेटिन नसक्नु, स्वआर्जित ज्ञान र सीपको मान्यता र जीवनपर्यन्त सिकाइको अवसर प्रदान गर्न नसक्नु, उत्पादनमूलक जनशक्तिको विकास अपेक्षित रुपमा बृद्धि गर्न नसक्नु, उच्च शिक्षातर्फ सैद्धान्तिक ज्ञानको बोझ, अनुसन्धान तथा खोजमूलक सिकाइ प्रणालीको न्यूनता, प्रविधिको प्रयोगमा कमी र योग्यता एवम् व्यावसायिक रूपमा दक्ष शिक्षकको अपर्याप्तता जस्ता मुख्य समस्याको रुपमा देखिएका छन् ।

### ५.१.३ चुनौती र अवसर

**चुनौती**

रूपान्तरित संघीय शासन पद्धति अनुकूल हुने गरी तीनै तहका शैक्षिक प्रशासनिक संरचनाको प्रभावकारी परिचालन गर्नु, संविधानको मर्म र भावना अनुरूप स्थानीय सरकारको शिक्षासम्बन्धी जिम्मेवारी र अधिकार बहन गर्न आवश्यक पर्ने संस्थागत क्षमता निर्माण तथा विकास गर्नु, प्रदेश र स्थानीय तहका लागि अधिकारको हस्तान्तरणसँगै विगतमा आर्जित शासकीय ज्ञान, संस्थागत स्मरण (Institutional Memory), कार्यसंस्कृति एवम् अनुभवको व्यावहारिक प्रयोग गर्नु, सीमित स्रोत साधनद्वारा सञ्चालित सामुदायिक विद्यालयप्रतिको विश्वसनीयतालाई उल्लेखनीय रूपमा सुधार गर्नु, निजी

विद्यालय सञ्चालन प्रणालीलाई सहभागितामूलक र सरकारको पूरक प्रणालीका रूपमा व्यवस्थित गर्नु, विद्यालय शिक्षा प्रणालीलाई विविधीकरण गर्दै शिक्षाको विविध आवश्यकतालाई सम्वोधन गर्नु, साक्षरता बढाउने र दक्ष जनशक्ति उत्पादन गर्नु जस्ता उद्देश्यका लागि बिगतमा विश्वविद्यालयहरूले विस्तार गरेका साधारण विषय पढाउने आङ्गिक तथा सामुदायिक महाविद्यालयको उत्पादनसँग उपयुक्त तालमेल मिलाउनु प्रमुख चुनौतीका रूपमा रहेका छन्।

**अवसर**

संविधानले शिक्षालाई मौलिक हकका रूपमा स्थापित गरेको, लामो राजनैतिक संक्रमणपछि स्थिर सरकार निर्माण भएको, तीनवटै तहमा शासकीय संरचना स्थापना र क्रियाशील भइसकेको, अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको लागि पहिलो पटक छुट्टै ऐनको निर्माण, दिगो विकास लक्ष्य, २०३० (Sustainable Development Goal, 2030) प्राप्तिका लागि नेपाल सरकार तथा प्रदेश सरकारले गरेका प्रतिबद्धता अनुरूप लागु गरिएको विद्यालय क्षेत्र विकास योजना (२०१६-२०२२) जस्ता कानूनी ढाँचा एवम् सुस्पष्ट मार्गचित्र तय भएको, प्रदेशभित्र हालसम्म हाँसिल भएका शैक्षिक उपलब्धि तथा मौजुदा संयन्त्र, शिक्षासँग जोडिने प्राकृतिक स्रोत साधन तथा रैथाने ज्ञान, सीप र प्रविधि उपयोगको प्रचुर सम्भावना भएको, प्राविधिक तथा व्यावसायिक सीपप्रतिको युवाको आकर्षण रहेको, प्रदेश सरकारले पर्यटन, उर्जा, कृषि, उद्योग, पूर्वाधार, जनशक्ति विकास, सुशासनलाई समृद्धिका मुख्य सम्बाहक मानेको छ। त्यस्तै प्रदेश सरकारले गण्डकी प्राविधिक प्रतिष्ठान तथा गण्डकी विश्वविद्यालयको स्थापना र सञ्चालन गर्ने कार्यलाई अगाडि बढाउनु यस क्षेत्रका अवसरहरू हुन्।

### ५.१.४ दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य

**सोच**

शिक्षा क्षेत्रमा आधुनिकीकरण र समान पहुँच।

**लक्ष्य**

राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्ने दक्ष जनशक्ति उत्पादन गर्ने।

**उद्देश्य**

१. दक्ष जनशक्ति उत्पादनका लागि शिक्षण संस्थाहरूको आधुनिकीकरण गर्नु।
२. साक्षरता र जीवनपर्यन्त शिक्षाको अवसर बढाउनु।
३. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिममा जोड दिँदै उच्च शिक्षालाई ज्ञान, सीप, प्रविधि र अनुसन्धानमा आधारित बनाउनु।

### ५.१.५ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १: दक्ष जनशक्ति उत्पादनका लागि शिक्षण संस्थाहरूको आधुनिकीकरण गर्नु।** | |
| १.१ माध्यमिक तहसम्मको शिक्षा सबै बालबालिकाको पहुँचमा पुऱ्याउन र शिक्षाको गुणस्तरमा वृद्धि गर्न स्थानीय तहसँग समन्वय गर्ने। | १.१.१ शिक्षामा सबैको पहुँच पुऱ्याउन आवश्यक नीतिगत परिवर्तन गर्न पहल गरिनेछ।<br>१.१.२ शिक्षाको गुणस्तरमा सुधार गर्न लगानीमा वृद्धि गरिनेछ।<br>१.१.३ स्थानीय तहसँगको सहकार्यमा नमुना बालविकास केन्द्र स्थापना गरिनेछ।<br>१.१.४ दुर्गम तथा छरिएको बस्ती भएका क्षेत्रहरूका विद्यालयलाई नमुना आवासीय तथा प्रदेशका अन्य क्षेत्रका छनौट भएका विद्यालयलाई नमुना विद्यालयका रुपमा रुपान्तरण गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| १.२ विद्यालय शिक्षा, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम तथा उच्च शिक्षाको पहुँचमा सहजता, गुणस्तरीयता तथा उपयोगिता वृद्धि गर्न पूरक कानून, नीति, योजना तथा मापदण्ड तयार गरी लागू गर्ने । | १.२.१ प्रादेशिक शिक्षा नीति र कानून तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।<br>१.२.२ माध्यमिक तह (कक्षा ११-१२) मा विज्ञान विषय अध्यापन गर्ने सामुदायिक विद्यालयको विस्तार, सञ्चालित विद्यालयको स्तरोन्नति एवम् विद्यार्थी प्रोत्साहन कार्यक्रमको व्यवस्था गरिनेछ ।<br>१.२.३ माध्यमिक विद्यालयका ऐच्छिक विषयहरूमा पर्यटन, कृषि, जडीबुटी र पेशा व्यवसाय जस्ता विषय समावेश गर्ने गरी पाठ्यक्रम तर्जुमा गर्न वैधानिक संयन्त्र निर्माण गरिनेछ ।<br>१.२.४ प्रारम्भिक कक्षामा मातृभाषा शिक्षण, स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तकको विकास गरिनेछ । |
| १.३ सबै प्रकारका विद्यालयमा विद्यार्थीको उपलब्धि स्तर एवम् समग्र प्रणालीगत कार्यकुशलता बढाउन सबै विद्यालयलाई संरचनागत, प्राविधिक, भौतिक तथा प्रविधिगत सहजीकरण प्रदान गर्ने प्रणाली विकास गर्ने । | १.३.१ सामुदायिक, संस्थागत लगायत सबै प्रकारका विद्यालयको उपलब्धि स्तर एवम् प्रणालीगत कार्यकुशलताको उपयुक्त मापदण्ड र सूचक तयार गरिनेछ ।<br>१.३.२ विद्यालयमा संगीत र खेलकुद शिक्षालाई प्रवर्द्धन गर्न कम्तीमा एक स्थानीय तहमा एकवटा संगीत खेलकुद विशेष विद्यालय सञ्चालन गर्न छनौट गरिएको उपयुक्त विद्यालयलाई प्राविधिक तथा भौतिक सहायता वितरण गरिनेछ ।<br>१.३.३ स्थानीय तहको समन्वयमा विद्यालयमा बालमैत्री वातावरण सिर्जना गर्न उपयुक्त कार्यक्रम सञ्चालन गरिनेछ । |
| १.४ शिक्षा प्रणालीमा कार्यरत सबै प्रकारका जनशक्तिको पेशागत जवाफदेहिता, सदाचारिता तथा नैतिकता जस्ता सेवा प्रवाहका आधारभूत मापदण्ड पालनाका लागि वैधानिक संहिताका रूपमा नियमनकारी प्रारूप (Regulatory Framework) निर्माण गरी लागू गर्ने । | १.४.१ कार्यरत शिक्षकको योग्यता, सक्षमता र सेवा सर्त सम्बन्धी प्रादेशिक मापदण्ड तयार गरिनेछ ।<br>१.४.२ माध्यमिक तहमा विषयगत शिक्षकको तत्काल परिपूर्ति गर्ने प्रयोजनका लागि विश्वविद्यालयका योग्य एवम नयाँ विद्यार्थी तथा इच्छुक व्यक्तिहरू समेटिएको स्वयंसेवी शिक्षक दल (Para Teacher Force) को व्यवस्था गरी परिचालन गरिनेछ ।<br>१.४.३ विद्यालयको शिक्षण सिकाइमा समय (Teachers' Time Spent on Teaching-TTST) र गुणस्तर बढाउन विद्यालय अनुगमन, मूल्याङ्कन र पृष्ठपोषण प्रणालीको स्थापना गरिनेछ ।<br>१.४.४ प्रदेश सरकारबाट सञ्चालित शिक्षण संस्थामा निर्धारित योग्यता हाँसिल गरेकामध्ये उत्कृष्ट एवम् मेधावी विद्यार्थीलाई सोझै शिक्षण पेशामा आकर्षण गरिनेछ। |
| **उद्देश्य २: साक्षरता र जीवनपर्यन्त शिक्षाको अवसर बढाउनु ।** | |
| २.१ अनौपचारिक जीवनपर्यन्त सिकाइ प्रणाली स्थापनाका लागि नीतिगत तथा कार्यक्रमगत व्यवस्था गर्ने । | २.१.१ औपचारिक शिक्षा निरन्तरता दिन नसक्ने अथवा नचाहने नागरिकलाई अनुकूल तथा समकक्षी शिक्षाको अवसर प्रदान गर्न तथा व्यक्तिका स्वआर्जित ज्ञान, सीपलाई प्रमाणीकरण (Certification) गर्न समानान्तर र समकक्षी अनौपचारिक शिक्षा प्रणाली स्थापनाका लागि नीतिगत तथा कार्यक्रमगत व्यवस्था गरिनेछ ।<br>२.१.२ विभिन्न प्रकारका शैक्षिक एवम् क्षमता विकास सम्बन्धी सेवा प्रवाहका लागि दूर तथा खुला शिक्षा प्रणालीको मौजुदा संरचनालाई सुव्यवस्थित गरिनेछ ।<br>२.१.३ औपचारिक शिक्षा प्रणालीभन्दा बाहिर रहेका नवसाक्षर, विभिन्न व्यवसायकर्मी, बीचैमा विद्यालय छाडेका युवा, अनुकूल समयमा सिक्न चाहने व्यक्ति, फरक सिकाइ आवश्यकता र रुचि भएका व्यक्तिलगायतका बहुलक्षित समूहका नागरिकलाई मागमा आधारित प्रविधि तथा वित्तीय साक्षरता जस्ता शिक्षा प्याकेज (Tailor-made Modules) सञ्चालन तथा प्रमाणीकरणका लागि उपयुक्त प्रणालीको व्यवस्था गरिनेछ ।<br>२.१.४ वैकल्पिक एवम् लचकदार शैक्षिक प्रावधानका रूपमा खुला विद्यालय, परम्परागत विद्यालय, वैकल्पिक विद्यालय, पुस्तकालयका माध्यमबाट शिक्षा प्रदान गर्न कार्यविधि निर्माण गरी लागु गरिनेछ । |
| **उद्देश्य ३: प्राविधिक शिक्षा तथा व्यावसायिक तालिममा जोड दिँदै उच्च शिक्षालाई ज्ञान, सीप, प्रविधि र अनुसन्धानमा आधारित बनाउनु ।** | |

| रणनीति | कार्यनीति |
|---|---|
| ३.१ सबै विद्यार्थीलाई कम्तीमा आधारभूत तहको प्राविधिक तथा व्यावसायिक (सफ्ट स्किलसमेत) सीप (Technical & Vocational/Soft Skill) प्रदान गर्न विद्यालय शिक्षाको पाठ्यक्रममा समावेश गर्ने । | ३.१.१ आधारभूत तहको प्राविधिक तथा व्यावसायिक (सफ्ट स्किल समेत) सीप प्रदान गर्न शिक्षकहरूलाई आधुनिक, शिक्षण सीपयुक्त, प्रविधिमैत्री, निरन्तर सिकाइमुखी बनाउँदै पेशागत दक्षता बढाइने छ ।<br>३.१.२ विद्यालय शिक्षामा जीवनोपयोगी सीपलाई एकीकृत् रुपमा समावेश गरिनेछ । |
| ३.२ विद्यालय र उच्च शिक्षामा बहुआयामिक शिक्षण सिकाइ प्रणाली विकास गरी सबै शिक्षण संस्थामा लागु गर्न सहकार्य, सहयोग, सहजीकरण अनुगमन तथा समन्वय व्यवस्था सुदृढ गर्ने । | ३.२.१ प्रदेश स्तरमा सञ्चालित सबै उच्च शिक्षाप्रदायक संस्थाहरूको गुणस्तरीय शिक्षण, प्रभावकारी बनाउन नीतिगत मापदण्ड तयार गरिनेछ ।<br>३.२.२ प्रदेशका सबै विद्यालय, महाविद्यालय, क्याम्पस तथा प्राविधिक शिक्षालयको प्रादेशिक शैक्षिक सूचना व्यवस्थापन प्रणाली (PEMIS) विकास गरी एकद्वार पद्धतिबाट सञ्चालन गरिनेछ ।<br>३.२.३ विद्यालयलाई वातावरणीय दृष्टिले जीवन्त प्रयोगशाला (Living Laboratory) बनाउन भौतिक तथा प्राविधिक पक्षको विकास गरी सुदृढीकरण गरिनेछ ।<br>३.२.४ प्रदेशमा खोलिने उच्च शिक्षाका निकायलाई मानित विश्वविद्यालय (Deemed University) का रूपमा स्वीकृति दिने तथा हाल प्रदेशभित्र सञ्चालित सुविधा सम्पन्न सामुदायिक र पब्लिक क्याम्पसहरूलाई प्रस्तावका आधारमा Deemed University को स्वीकृति तथा सवलीकरणको व्यवस्था गरिनेछ । |
| ३.३ माध्यमिक विद्यालय र महाविद्यालयमा आवश्यकता अनुसार क्रमशः प्राविधिक विषयहरू थप गरी प्राविधिक जनशक्ति उत्पादन गर्ने । | ३.३.१ प्रदेशमा दक्ष प्राविधिक जनशक्तिको माग र आपूर्ति अवस्थाबारे अध्ययन गरिनेछ ।<br>३.३.२ साधारण विषय पढाउने माध्यमिक विद्यालय तथा महाविद्यालयलाई बजारमा उच्च माग भएका प्राविधिक तथा ब्यावसायिक विषयको पढाइ थप गर्न प्रोत्साहन गरिनेछ ।<br>३.३.३ उच्च शिक्षामा प्राविधिक विषयलाई प्राथमिकता दिई उच्च दक्ष जनशक्ति उत्पादन गर्न गण्डकी विश्वविद्यालय स्थापना गरिनेछ ।<br>३.३.४ प्राविधिक विषयमा शैक्षिक तथा गैर शैक्षिक ब्यावसायिक तालिम सञ्चालन गर्न गण्डकी प्राविधिक प्रतिष्ठान स्थापना गरिनेछ । |

### ५.१.६ कार्यक्रमका प्राथमिकता

१. गण्डकी विश्वविद्यालयको स्थापना र सञ्चालन गर्ने ।

२. गण्डकी प्राविधिक प्रतिष्ठानको स्थापना र सञ्चालन गर्ने ।

३. साधारण धारका माध्यमिक विद्यालय र महाविद्यालयलाई प्राविधिक धारमा रुपान्तरण गर्न सहयोग गर्ने ।

### ५.१.७ विस्तृत कार्यक्रम

| क्र.सं. | उद्देश्य नं. | रणनीति नं. | कार्यनीति नं. | संकेत नं. | कार्यक्रम | इकाई | आधार वर्ष ०७५/७६ | लक्ष्य २०७६/७७ | लक्ष्य २०७७/७८ | लक्ष्य २०७८/७९ | लक्ष्य २०७९/८० | लक्ष्य २०८०/८१ | योजना अवधिको जम्मा लक्ष्य | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | १ | १.१ | १.१.१ | ग | शिक्षामा सबैको पहुँचका लागि प्रादेशिक नीति नियम निर्माण र कार्यान्वयन गर्ने | संख्या | | १ | | | | | १ | साविम |
| २ | | | १.१.२ | ख | स्थानीय तहको समन्वयमा विद्यार्थी भर्ना र टिकाउका लागि सचेतना कार्यक्रम सञ्चालन | संख्या | १ | १ | १ | १ | १ | १ | ५ | " |
| ३ | | | | क | शिक्षकहरूको क्षमता विकास गरी शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने | प्रतिशत | ९० | ९२ | ९४ | ९६ | ९८ | ९८ | ९८ | " |
| ४ | | | | ख | स्थानीय तहमा विषयगत शिक्षक समूह गठन गरी परिचालन गर्ने | संख्या | | | २० | २० | २० | २५ | ८५ | " |
| ५ | | | | ख | शिक्षक व्यवस्थापनमा सहजीकरण | संख्या | | | १ | १ | १ | १ | ४ | " |
| ६ | | | | ख | विद्यालयमा विषयगत प्रयोगशाला, पुस्तकालय र सूचना प्रविधि कार्यक्रम वितरण (विद्यालय) | संख्या | ४५० | | ८५ | ८५ | ८५ | ८५ | ३४० | " |
| ७ | | | | क | विद्यालयमा प्रकोप जोखिम न्यूनीकरण सचेतना कार्यक्रम सञ्चालन एवम् विद्यालयको पुनसवलिकरण गर्ने | संख्या | १ | ३६ | ८५ | ८५ | ८५ | ८५ | ३७६ | " |
| ८ | | | १.१.३ | ख | बालविकास केन्द्रका सहजकर्ताहरूको क्षमता विकास | संख्या | २५२० | १०० | २०० | २०० | २०० | २०० | ११०० | " |
| ९ | | | | ख | बालविकास केन्द्र सुदृढीकरण | संख्या | १००० | ३६ | ३६ | ३६ | ३६ | ३६ | १८० | " |
| १० | | | | ख | बालविकास केन्द्रमा दिवा खाजा व्यवस्थापन (केन्द्र) | संख्या | | | ८५ | ८५ | ८५ | ८५ | ३४० | " |
| ११ | | | १.१.४ | ख | विद्यालयको म्यापिङ गर्ने | संख्या | | | १ | | | | १ | " |
| १२ | | | | ख | न्यून विद्यार्थी संख्या भएका विद्यालयको एकीकरण समायोजन गर्ने (विद्यालय) | संख्या | | १८ | ३६ | ३६ | ३६ | ३६ | १६२ | " |
| १३ | | | | ख | विद्यालयको शैक्षिक, भौतिक र व्यवस्थापकीय पक्षमा सुधार गर्ने (विद्यालय) | संख्या | ४०० | ४०० | ४०० | ४०० | ४०० | ५०० | २१०० | " |
| १४ | | | | ख | नमुना आवासीय विद्यालय विकास, सञ्चालन र व्यवस्थापन गर्ने (विद्यालय) | संख्या | ७ | १ | १ | २ | २ | १ | ७ | " |
| १५ | | | | ग | आवासीय विद्यार्थीहरूका लागि आवासीय सुविधा वितरण गर्ने | संख्या | | १५० | २०० | ३०० | ३०० | ३०० | १२५० | " |
| १६ | | | | ख | बाटोघाटोको सुविधा भएका विद्यालयहरूका लागि यातायातका साधन व्यवस्था मिलाउने (विद्यालय) | संख्या | | | १८ | १८ | १८ | १८ | ७२ | " |

| क्र सं. | उद्देश्य नं | रणनीति नं | कार्यनीति नं | संकेत नं. | कार्यक्रम | इकाई | आधार वर्ष ०७५/७६ | लक्ष्य २०७६/७७ | लक्ष्य २०७७/७८ | लक्ष्य २०७८/७९ | लक्ष्य २०७९/८० | लक्ष्य २०८०/८१ | योजना अवधिको जम्मा लक्ष्य | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १७ | | | | ख | विद्यालयहरूलाई प्राविधिक र व्यवस्थापकीय सूधार गरी आदर्श विद्यालयको विकास गर्ने | संख्या | | ३६ | | | | | ३६ | साविम |
| १८ | | | | ख | आदर्श विद्यालय सञ्चालन र व्यवस्थापन गर्ने (विद्यालय) | संख्या | | ३६ | | | | | ३६ | " |
| १९ | | १.२ | १.२.१ | ग | गुणस्तरीय शिक्षाका लागि प्रादेशिक शिक्षा नीति, ऐन, नियम, निर्देशिका, मापदण्ड र कार्यविधि तर्जुमा गरि कार्यान्वयन गर्ने | संख्या | | ३ | | | | | ३ | " |
| | | | | ग | राज्यकोषबाट सुविधा पाएकाका सन्तानलाई सामुदायिक विद्यालयमा पढाउन प्रोत्साहन गर्ने कार्यक्रम सञ्चालन गर्ने । | संख्या | | २ | २ | २ | २ | २ | १० | " |
| २० | | | १.२.२ | ख | कक्षा ११-१२ मा विज्ञान विषय सञ्चालनका लागि विद्यालयलाई संस्थागात क्षमता विकास र प्रोत्साहन गर्ने (स्थानीय तह) | संख्या | | १८ | १९ | २० | १५ | १३ | ८५ | " |
| २१ | | | | ख | कक्षा ११-१२ मा विज्ञान विषय सञ्चालनका गरेका विद्यालयको विज्ञान प्रयोगशाला सुदृढीकरण गर्ने | स्थानीय तह | | १८ | १९ | २० | १५ | १३ | ८५ | " |
| २२ | | | | ख | कक्षा ११-१२ मा विज्ञान विषय अध्ययन गर्ने विद्यार्थीका लागि छात्रवृत्ति वितरण | जना | | | १४४ | १४४ | १४४ | १४४ | ५७६ | " |
| २३ | | | १.२.३ | क | माध्यमिक विद्यालयका लागि ऐच्छिक विषयहरूमा पर्यटन, कृषि, उर्जा उद्योग र पूर्वाधार पेशा व्यवसायसँग सम्बन्धित पाठ्यक्रम विकास | बिषय संख्या | | | २ | ३ | २ | ३ | १० | " |
| २४ | | | | ख | ऐच्छिक विषयहरूमा पर्यटन, कृषि, जडीबुटी एवम् पेशा व्यवसायका पाठ्यक्रम कार्यान्वयन गर्ने विद्यालयहरूलाई प्रोत्साहन गर्ने | विद्यालय संख्या | | | ९ | ९ | ९ | ९ | ३६ | " |
| २५ | | | | क | प्रदेश पाठ्यक्रम परिषद् गठनका लागि कानूनी आधार तयार गर्ने | पटक | | | १ | | | | १ | " |
| | | | | क | परम्परागत सीपको पाठ्यक्रम निर्माण | संख्या | | | | | १ | | १ | " |
| २६ | | | १.२.४ | ख | मातृभाषामा शिक्षण एवम् पाठ्यक्रम र पाठ्यपुस्तकको विकास | पटक | | | १ | १ | १ | १ | ४ | " |
| २७ | | | | ख | प्रारम्भिक कक्षामा मातृभाषा शिक्षण र पाठ् यक्रम प्रयोगका लागि विद्यालय र शिक्षकको क्षमता विकास गर्ने | जना | | | २० | ४० | ४० | ४० | १४० | " |

| क्र.सं. | उद्देश्य नं. | रणनीति नं. | कार्यनीति नं. | संकेत नं. | कार्यक्रम | इकाई | आधार वर्ष ०७५/७६ | लक्ष्य २०७६/७७ | लक्ष्य २०७७/७८ | लक्ष्य २०७८/७९ | लक्ष्य २०७९/८० | लक्ष्य २०८०/८१ | योजना अवधिको जम्मा लक्ष्य | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २८ | | | | ग | प्रारम्भिक कक्षा (कक्षा १-३) पढाइ कार्यक्रम (EGRP) मा सहयोग गर्ने | जिल्ला | ३ | | ५ | ३ | | | ११ | साविम |
| २९ | | १.३ | १.३.१ | क | सिकाइ उपलब्धि अध्ययन र विश्लेषण गर्ने | पटक | १ | १ | १ | १ | १ | १ | ५ | " |
| ३० | | | | ग | माध्यमिक तहको कक्षा १० को (SEE) परीक्षा सञ्चालन गर्ने | संख्या | | १ | १ | १ | १ | १ | ५ | " |
| ३१ | | | | ग | शैक्षिक गुणस्तर सुधारका लागि मापदण्ड तयारी गर्ने | संख्या | १ | १ | | | | | १ | " |
| ३२ | | | | ख | विद्यालयमा भएका असल अभ्यास र अनुभवको आदान प्रदान गर्ने | संख्या | | | ५० | ५० | ५० | ५० | २०० | " |
| ३३ | | | १.३.२ | ख | संगीत र खेलकुद प्रवर्द्धन गर्ने विद्यालयहरूको सुदृढीकरण गर्ने | संख्या | | ३६ | | | | | ३६ | " |
| ३४ | | | | ग | सामुदायिक विद्यालयहरूमा सूचना प्रविधि व्यवस्थापन भएका विद्यालय | संख्या | ९५० | ७२ | १४४ | १४४ | १४४ | १४४ | ६४८ | " |
| ३५ | | | | ख | संगीत, खेलकुद र कला प्रवर्द्धन गर्ने विद्यालयमा कार्यरत जनशक्तिको क्षमता विकास एवम् विद्यार्थी प्रतिभा प्रोत्साहन कार्यक्रम | संख्या | | | ३६ | | | | ३६ | " |
| ३६ | | | १.३.३ | क | समावेशी शिक्षा, विशेष शिक्षा र स्रोत कक्षा सञ्चालन विद्यालय र कार्यरत जनशक्तिको क्षमता विकास एवम् विद्यार्थीमैत्री शिक्षण प्रविधिको व्यवस्थापन गर्ने | प्याकेज | | १ | | | | | १ | " |
| ३७ | | | | ख | बौद्धिक अपाङ्गता भएका बालबालिकाका लागि प्रदेशस्तरीय आवासीय विद्यालय स्थापना र सञ्चालन गर्ने | विद्यालय संख्या | | १ | | | | | १ | " |
| ३८ | | | | ख | विद्यालयमा बालमैत्री पूर्वाधार विकास गर्ने | विद्यालय संख्या | | १६० | १६० | १६० | १६० | १६० | ८०० | " |
| ३९ | | १.४ | १.४.१ | ग | शिक्षकहरूमा सिकाइ सक्षमता बढाउन आवश्यक नीति, नियम र प्रादेशिक मापदण्ड तर्जुमा गर्ने | प्याकेज | | १ | | | | | १ | " |
| ४० | | | | क | शैक्षिक सरोकारवालाहरूको आचारसँहिता निर्माण र कार्यान्वयन गर्ने | प्याकेज | | १ | | | | | १ | " |
| ४१ | | | | क | विद्यालय मूल्याङ्कन प्रणालीको विकास गर्ने | प्याकेज | | | १ | | | | १ | " |
| ४२ | | | | क | उत्कृष्ट शैक्षिक सरोकारवालाहरूलाई प्रोत्साहन गर्ने | संख्या | | १ | १ | १ | १ | १ | ५ | " |

| क्र.सं. | उद्देश्य नं. | रणनीति नं. | कार्यनीति नं. | संकेत नं. | कार्यक्रम | इकाई | आधार वर्ष ०७५/७६ | लक्ष्य | | | | | योजना अवधिको जम्मा लक्ष्य | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | |
| ४३ | | | १.४.२ | ख | विद्यालयमा विषयगत शिक्षकको तत्काल परिपूर्तिका लागि स्वयंसेवी शिक्षक दल गठन र परिचालन गर्ने | संख्या | | | ८५ | ८५ | ८५ | ८५ | ३४० | साविम |
| ४४ | | | १.४.३ | ख | शिक्षकको शिक्षण सिकाइ समय बढाउन अनुगमन प्रणालीको स्थापना गर्न कार्यविधि तयारी गर्ने | प्याकेज | | | १ | | | | १ | " |
| ४५ | | | १.४.४ | क | विद्यालय/शिक्षण संस्थामा मेधावी विद्यार्थी परिचालनका लागि कानूनी आधार तयार गर्ने | प्याकेज | | | १ | | | | १ | " |
| ४६ | २ | २.१ | २.१.१ | ख | साक्षरता र निरन्तर शिक्षाको कार्यविधि तयार गरी कार्यक्रम सञ्चालन गर्ने | प्याकेज | | १ | | | | | १ | " |
| ४७ | | | | ख | साक्षर गण्डकी प्रदेश अभियान सञ्चालन गर्ने | प्याकेज | | १ | सञ्चालन | सञ्चालन | | | १ | " |
| ४८ | | | | ख | अनौपचारिक प्रौढ विद्यालय तथा वैकल्पिक विद्यालय सुदृढीकरण गर्ने | प्याकेज | | १ | | | | | १ | " |
| ४९ | | | | ख | अनौपचारिक प्रौढ विद्यालय तथा वैकल्पिक विद्यालय सम्बन्धी नीति निर्माण गर्ने | प्याकेज | | | १ | | | | १ | " |
| ५० | | | २.१.२ | ख | खुला विद्यालयको सवलीकरणका लागि स्थानीय तहसँग सहकार्य गर्ने | संख्या | | १ | १ | १ | १ | १ | ५ | " |
| ५१ | | | २.१.३ | ख | मागमा आधारित प्रविधि तथा वित्तिय साक्षरता कार्यक्रम सञ्चालन एवम् सामुदायिक सिकाइ केन्द्रहरूको क्षमता विकास गर्ने | प्याकेज | | | १ | | | | १ | " |
| ५२ | | | | क | बहुलक्षित समूहका नागरिकले हाँसिल गरेका साक्षरता र जीवनपर्यन्त शिक्षाको सीप परीक्षणर मूल्याङ्कन गरी प्रमाणिकरणका लागि कानूनी आधारको तयारी गर्ने | प्याकेज | | | १ | | | | १ | " |
| ५३ | | | २.१.४ | क | वैकल्पिक माध्यमबाट शिक्षा प्रदान गर्न कार्यविधि निर्माण गर्ने | प्याकेज | | | १ | | | | १ | " |
| | | | ३.१.१ | क | प्राविधिक र साधरण शिक्षाको अनुपात बराबर गर्ने | प्रतिशत | ३०/ ७० | ३४/ ६६ | ४०/ ६० | ४३/ ५७ | ४६/ ५४ | ५०/ ५० | ५०/ ५० | " |
| ५४ | ३ | ३.१ | | क | शिक्षकको पेसागत दक्षता अभिबृद्धिका लागि क्षमता विकास तालिम सञ्चालन गर्ने (समूह) | संख्या | | २५ | ३० | ३० | ३० | ३० | १४५ | " |

| क्र.सं. | उद्देश्य नं | रणनीति नं | कार्यनीति नं | संकेत नं | कार्यक्रम | इकाई | आधार वर्ष ०७५/७६ | लक्ष्य | | | | | योजना अवधिको जम्मा लक्ष्य | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | |
| ५५ | | | | क | प्राविधिक तथा व्यावसायिक शिक्षा सञ्चालन गर्ने विद्यालयमा कार्यरत प्रशिक्षकको क्षमता विकास गर्ने(समूह) | संख्या | | | १ | १ | १ | १ | ४ | साविम |
| ५६ | | | | ख | विद्यालयका सरोकारवालाहरूको क्षमता विकास गर्ने (विद्यालय) | संख्या | | १७० | १७० | १७० | १७० | १७० | ८५० | " |
| ५७ | | | ३.१.२ | ख | पाठ्यक्रम कार्यान्वयनका पक्षहरूमा जीवनोपयोगी सीपलाई आवद्ध गर्ने | विद्यालय संख्या | | | ८५ | ८५ | ८५ | ८५ | ३४० | " |
| ५८ | | ३.२ | ३.२.१ | क | उच्च शिक्षालाई गुणस्तरीय र प्रभावकारी बनाउन मापदण्ड तयारी | पटक | | १ | | | | | १ | " |
| ५९ | | | | क | प्राविधिक तथा व्यावसायिक शिक्षाको प्रादेशिक मापदण्ड तयारी | पटक | | १ | | | | | १ | " |
| ६० | | | ३.२.२ | ग | प्रादेशिकरुपमा सबै तहको शैक्षिक तथ्याङ्क (PIEMIS) अद्यावधिक | पटक | | १ | १ | १ | १ | १ | ५ | " |
| ६१ | | | ३.२.३ | ख | विद्यालय वातावरण सुदृढीकरणका लागि हरित विद्यालय निर्माण गर्ने | विद्यालय संख्या | | | ८५ | ८५ | ८५ | ८५ | ३४० | " |
| ६२ | | | ३.२.४ | ग | मानित (Deemed University) विश्वविद्यालयको आधार तथा मापदण्ड तयार गर्ने | पटक | | | १ | | | | १ | " |
| ६३ | | ३.३ | ३.३.१ | क | प्रदेशमा दक्ष तथा प्राविधिक जनशक्तिको प्रक्षेपण | पटक | | १ | | | | | १ | " |
| ६४ | | | ३.३.२ | ख | माध्यमिक विद्यालय र महाविद्यालयमा प्राविधिक तथा व्यावसायिक शिक्षाको विस्तार | विद्यालय संख्या | ३५ | | ११ | ११ | ११ | ११ | ४४ | " |
| ६५ | | | | ख | प्राविधिक तथा व्यावसायिक शिक्षा सञ्चालन गर्ने विद्यालयहरूको सुदृढीकरण | विद्यालय संख्या | | ३० | १३ | १३ | १३ | १६ | ८५ | " |
| ६६ | | | ३.३.३ | क | गण्डकी विश्वविद्यालय स्थापना र सञ्चालन | प्याकेज | | १ | १ | १ | १ | १ | १ | " |
| ६७ | | | | क | महाविद्यालयहरूलाई प्राविधिक धारमा रुपान्तरणका लागि नेपाल सरकारसँग समन्वय र सहकार्य गर्ने | प्याकेज | | १ | | | | | १ | " |
| ६८ | | | | क | उत्पादन र उत्पादकत्व वढाउन शैक्षिक अनुसन्धानात्मक कार्यक्रम सञ्चालन गर्ने | संख्या | | १ | | | | | १ | " |
| ६९ | | | ३.३.४ | क | गण्डकी प्राविधिक प्रतिष्ठानको स्थापना र सञ्चालन गर्ने | संख्या | | १ | | | | | १ | " |

## ५.१.८ नतिजा

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७५/७६ | उपलब्धि | | | | | योजना अवधिका उपलब्धि | पुष्ट्याईंको स्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान | प्रससं | दिबिलसं | दीरालसं | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | | | | | | | |
| **प्रभाव** | **राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्ने दक्ष जनशक्ति उत्पादन भएको हुने** | **प्रतिस्पर्धी जनशक्ति उत्पादन गर्ने विद्यालय र महाविद्यालय** | **प्रतिशत** | | | | | | | | | | | ६ | ४ | २ | |
| **असर १** | दक्ष जनशक्ति उत्पादनका लागि शिक्षण संस्थाहरूको आधुनिकीकरण भएको हुने | आधुनिकिकरण भएका विद्यालय र महाविद्यालय | प्रतिशत | | | | | | | | | | | ६ | ४ | २ | |
| | सबै बालबालिकाको पहुँचमा माध्यमिक तहसम्मको शिक्षा पुऱ्याउन र शिक्षाको गुणस्तरमा वृद्धि गर्न स्थानीय तहसँग समन्वय भएको हुने | वालकक्षा पूर्व प्राथमिक तहको अनुभव सहित कक्षा १ मा भर्ना दर | प्रतिशत | ५९.८ | ६५ | ७० | ७५ | ८० | ९० | ९० | शिक्षाको फ्ल्यास रिपोर्ट | साविम | स्थानीय तहको सक्रिय सहभागिता | ६ | ४ | २ | |
| | | प्राथमिक तह (कक्षा १-५) मा खुद भर्ना दर | प्रतिशत | ९६.७ | ९७ | ९७३ | ९७६ | ९८ | ९९ | ९९ | शिक्षाको फ्ल्यास रिपोर्ट | " | स्थानीय तहको सक्रिय सहभागिता | ६ | ४ | २ | |
| | | प्राथमिक तह (कक्षा १-५) मा कुल भर्ना दर | प्रतिशत | १३२.१ | १३० | १२८ | १२५ | १२० | ११५ | ११५. | " | " | " | ६ | ४ | २ | |
| | | प्राथमिक तह (कक्षा १-५) मा लैङ्गिक समता सूचकाङ्क | सूचकाङ्क | १.०३ | | | | | १ | १ | " | " | " | ६ | ४ | २ | |
| | | आधारभूत तहमा (१-८ कक्षामा) खुद भर्नादर | प्रतिशत | ९४.८ | ९६ | ९७ | ९८ | ९९ | ९९ | ९९ | " | " | " | ६ | ४ | २ | |
| | | आधारभूत तहमा विद्यालयमा जाने उमेरका विद्यालय बाहिर रहेका विद्यार्थी | प्रतिशत | ९.६ | ८ | ७ | ५ | ३ | १ | १ | " | " | " | ६ | ४ | २ | |
| | | माध्यमिक तह (कक्षा ९-१२)मा खुद भर्ना दर | प्रतिशत | ४४.७ | ४६ | ४८ | ५३ | ५८ | ६० | ६० | " | " | " | ६ | ४ | २ | |
| | | माध्यमिक तह (कक्षा ९-१२)मा लैङ्गिक समता सूचकाङ्क | सूचकाङ्क | १ | | | | | १ | | " | " | " | ६ | ४ | २ | |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७५/७६ | उपलब्धि | | | | | योजना अवधिका उपलब्धि | पुष्ट्याईंको स्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान | प्रससं | दिविलसं | दीरालसं | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | | | | | | | |
| | | विद्यालय शिक्षा (१-१२ मा) शिक्षक विद्यार्थी अनुपात | अनुपात | २२.४ | २१.५ | २१.५ | २१.० | २०.५ | २० | २० | " | " | " | ६ | ४ | २ | |
| **प्रतिफल १.१** | शिक्षामा सबैको पहुँच पुऱ्याउन आवश्यक नीतिगत परिवर्तन गर्न पहल भएको हुने | शिक्षामा सबैको पहुँचका लागि प्रादेशिक नीति नियम निर्माण र कार्यान्वयन | संख्या | | १ | | | | | १ | सबिमको प्रगति प्रतिवेदन | साविम | सरोकार वालाको सहयोग रहने | ६ | ४ | २ | |
| **प्रतिफल १.२** | शिक्षाको गुणस्तरमा सुधार गर्न लगानीमा वृद्धि भएको हुने | स्थानीय तहको समन्वयमा विद्यार्थी भर्ना र टिकाउका लागि कार्यक्रमको सञ्चालन | पटक | १ | १ | १ | १ | १ | १ | ५ | " | " | " | ६ | ४ | २ | |
| | | शैक्षिक गुणस्तर अभिवृद्धि सम्बन्धी क्षमता विकास भएका शिक्षकहरूको अनुपात | प्रतिशत | ९० | ९२ | ९४ | ९६ | ९८ | ९८ | ९८ | " | " | " | ६ | ४ | २ | |
| | | विषयगत शिक्षक समूह गठन गरि परिचालन गरेका स्थानीय तहको संख्या | संख्या | | | २० | २० | २० | २५ | ८५ | " | " | " | ६ | ४ | २ | |
| | | शिक्षक व्यवस्थापनमा सहजीकरण | पटक | | | १ | १ | १ | १ | ४ | " | " | " | ६ | ४ | २ | |
| | | विषयगत प्रयोगशाला, पुस्तकालय र सूचना प्रविधि कार्यक्रम भएका विद्यालय | संख्या | ४५० | | ८५ | ८५ | ८५ | ८५ | ३४० | " | " | " | ६ | ४ | २ | |
| | | विद्यालयमा प्रकोप जोखिम न्यूनीकरण सचेतना कार्यक्रम एवम् विद्यालयको पुन सवलीकरण गर्ने कार्यक्रमको सञ्चालन | संख्या | १ | ३६ | ८५ | ८५ | ८५ | ८५ | ३७६ | " | " | " | ६ | ४ | २ | |
| **प्रतिफल १.३** | स्थानीय तहसँगको सहकार्यमा नमुना बालविकास केन्द्र स्थापना भएका हुने | क्षमता विकास हाँसिल गरेका बालविकास केन्द्रका सहजकर्ताहरूको संख्या | संख्या | २५२० | १०० | २०० | २०० | २०० | २०० | ११०० | " | " | स्थानीय तहको सहयोगहुने | ६ | ४ | २ | |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७५/७६ | उपलब्धि | | | | | योजना अवधिका उपलब्धि | पुष्ट्याईंको स्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान | प्रससं | दिविलसं | दीरालसं | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | | | | | | | |
| | | सुदृढीकरण गरिएका बालविकास केन्द्रको संख्या | संख्या | १००० | ३६ | ३६ | ३६ | ३६ | ३६ | १८० | " | " | " | ६ | ४ | २ | |
| | | दिवा खाजा व्यवस्थापन गरिएका बालविकास केन्द्रको संख्या | संख्या | | | ८५ | ८५ | ८५ | ८५ | ३४० | सविमको प्रगति प्रतिवेदन | साविम | " | ६ | ४ | २ | |
| प्रतिफल १.४ | दुर्गम तथा छरिएको बस्ती भएका क्षेत्रहरूका विद्यालय नमुना आवासीयका रुपमा तथा प्रदेशका अन्य क्षेत्रका छनौट भएका विद्यालयहरू नमुना विद्यालयका रुपमा रुपान्तरित भएका हुने | एकीकरण समायोजन गरिएका न्यून विद्यार्थी संख्या भएका विद्यालयको संख्या | संख्या | | १८ | ३६ | ३६ | ३६ | ३६ | १६२ | " | " | सबै सरोकार वालाको सहयोग रहने | ६ | ४ | २ | |
| | | शैक्षिक, भौतिक र व्यवस्थापकीय पक्षमा सुधार गरिएका विद्यालयको संख्या | संख्या | ४०० | ४०० | ४०० | ४०० | ४०० | ५०० | २१०० | " | " | " | ६ | ४ | २ | |
| | | नमुना आवासीय विद्यालयका रुपमा विकास, सञ्चालन र व्यवस्थापन गरिएका विद्यालयको संख्या | संख्या | ७ | १ | १ | २ | २ | १ | ७ | " | " | " | ६ | ४ | २ | |
| | | आवासीय सुविधा वितरण गरिएका आवासीय विद्यार्थीहरूको संख्या | संख्या | | १५० | २०० | ३०० | ३०० | ३०० | १२५० | " | " | " | ६ | ४ | २ | |
| | | यातायातका साधनको व्यवस्था भएका विद्यालयहरूको संख्या | संख्या | | | १८ | १८ | १८ | १८ | ७२ | " | " | " | ६ | ४ | २ | |
| | | व्यवस्थापकीय सूधार गरिएका आदर्श विद्यालयको संख्या | संख्या | | ३६ | | | | | ३६ | " | " | " | ६ | ४ | २ | |
| प्रतिफल १.५ | प्रादेशिक शिक्षा नीति र कानून तर्जुमा भई कार्यान्वयनमा आएको हुने | गुणस्तरीय शिक्षाका लागि प्रादेशिक शिक्षा नीति, नियमन मापदण्ड र कार्यविधि तर्जुमा र कार्यान्वयन | संख्या | | ३ | | | | | ३ | " | " | " | ६ | ४ | २ | |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७५/७६ | उपलब्धि २०७६/७७ | उपलब्धि २०७७/७८ | उपलब्धि २०७८/७९ | उपलब्धि २०७९/८० | उपलब्धि २०८०/८१ | योजना अवधिका उपलब्धि | पुष्ट्याईंको स्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान | प्रससं | दिविलसं | दीरालसं | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रतिफल १.६ | माध्यमिक तह (कक्षा ११-१२) मा विज्ञान विषय अध्यापन गर्ने सामुदायिक विद्यालयको विस्तार, सञ्चालित विद्यालयको स्तरोन्नति एवम् विद्यार्थी प्रोत्साहन कार्यक्रमको व्यवस्था भएको हुने | कक्षा ११-१२ मा विज्ञान विषय पढाउन प्रोत्साहन गर्ने स्थानीय तह | संख्या | | १८ | १९ | २० | १५ | १३ | ८५ | सबिमको प्रगति प्रतिवेदन | साविम | सबै सरोकार वालाको सहयोग रहने | ६ | ४ | २ | |
| | | कक्षा ११-१२ मा विज्ञान विषय सञ्चालनका गरेका विद्यालयको विज्ञान प्रयोगशाला सुदृढीकरण गर्ने स्थानीय तह | संख्या | | १८ | १९ | २० | १५ | १३ | ८५ | " | " | " | ६ | ४ | २ | |
| | | कक्षा ११-१२ मा विज्ञान विषय अध्ययन गर्ने विद्यार्थीका लागि छात्रवृत्ति वितरण | संख्या (जना) | | | १४४ | १४४ | १४४ | १४४ | ५७६ | " | " | " | ६ | ४ | २ | |
| प्रतिफल १.७ | माध्यमिक विद्यालयका ऐच्छिक विषयहरूमा पर्यटन, कृषि, जडीबुटी र पेशा व्यवसाय जस्ता विषय समावेश गर्ने गरी पाठ्यक्रम तर्जुमा गर्न वैधानिक संयन्त्र निर्माण भएको हुने | माध्यमिक विद्यालयका लागि ऐच्छिक विषयहरूको पाठ्यक्रमको विकास | बिषय संख्या | | | २ | ३ | २ | ३ | १० | " | " | " | ६ | ४ | २ | |
| | | ऐच्छिक विषयहरू पढाउने विद्यालयहरूको संख्या | विद्यालय संख्या | | | ९ | ९ | ९ | ९ | ३६ | " | " | " | ६ | ४ | २ | |
| प्रतिफल १.८ | प्रारम्भिक कक्षामा मातृभाषा शिक्षण, स्थानीय पाठ्यक्रम र पाठयपुस्तकको विकास भएको हुने | मातृभाषामा शिक्षण एवम् स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तकको विकास | पटक | | | १ | १ | १ | १ | ४ | " | " | " | ६ | ४ | २ | |
| | | प्रारम्भिक कक्षामा मातृभाषा शिक्षण र स्थानीय पाठ्यक्रम प्रयोगका लागि विद्यालय र शिक्षकको क्षमता विकास | शिक्षकको संख्या | | | २० | ४० | ४० | ४० | १४० | " | " | " | ६ | ४ | २ | |
| | | प्रारम्भिक कक्षा (कक्षा १-३) पढाइ कार्यक्रम (EGRP) सञ्चालित जिल्लाको संख्या | जिल्लाको संख्या | ३ | | ५ | ३ | ० | ० | ११ | " | " | " | ६ | ४ | २ | |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७५/७६ | उपलब्धि २०७६/७७ | उपलब्धि २०७७/७८ | उपलब्धि २०७८/७९ | उपलब्धि २०७९/८० | उपलब्धि २०८०/८१ | योजना अवधिका उपलब्धि | पुष्ट्याइँको स्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान | प्रससं | दिविलसं | दीरालसं | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रतिफल १.९ | सामुदायिक, संस्थागत लगायत सबै प्रकारका विद्यालयको उपलब्धि स्तर एवम् प्रणालीगत कार्यकुशलताको उपयुक्त मापदण्ड र सूचक तयार भएको हुने | सिकाइ उपलब्धि अध्ययन र विश्लेषण | संख्या | १ | १ | १ | १ | १ | १ | ५ | सबिमको प्रगति प्रतिवेदन | साविम | सबै सरोकार वालाको सहयोग रहने | ६ | ४ | २ | |
| | | माध्यमिक तहको कक्षा १० (SEE) को परीक्षा सञ्चालन | संख्या | १ | १ | १ | १ | १ | १ | ५ | " | " | " | ६ | ४ | २ | |
| | | शैक्षिक गुणस्तर सुधारका लागि मापदण्ड तयार | संख्या | १ | १ | | | | | १ | " | " | " | ६ | ४ | २ | |
| | | समावेशी शिक्षा (विशेष शिक्षा र स्रोत कक्षा) सञ्चालन गर्ने विद्यालय र कार्यरत जनशक्तिको क्षमता विकास एवम् विद्यार्थीमैत्री शिक्षण प्रविधिको व्यवस्थापन | संख्या | | १ | | | | | १ | " | " | " | ६ | ४ | २ | |
| | | बौद्धिक अपाङ्गता भएका बालबालिकाका लागि स्थापित र सञ्चालित प्रदेशस्तरीय आवासीय विद्यालयको संख्या | विद्यालयको संख्या | | १ | | | | | १ | " | " | " | ६ | ४ | २ | |
| प्रतिफल १.१० | विद्यालयमा संगीत र खेलकुद शिक्षालाई प्रवर्द्धन गर्न कम्तीमा एक स्थानीय तहमा एकवटा संगीत खेलकुद विशेष विद्यालय सञ्चालन गर्न छनौट गरिएको उपयुक्त विद्यालयलाई प्राविधिक तथा भौतिक सहायता वितरण भएको हुने | संगीत र खेलकुद प्रवर्द्धन गर्ने विद्यालयहरूको सुदृढीकरण गर्ने | विद्यालय संख्या | | ३६ | | | | | ३६ | " | " | " | ६ | ४ | २ | |
| | | सूचना प्रविधि व्यवस्थापन भएका सामुदायिक विद्यालयहरूको संख्या | विद्यालय | ९५० | ७२ | १४४ | १४४ | १४४ | १४४ | ६४८ | " | " | " | ६ | ४ | २ | |
| | | संगीत, खेलकुद र कला प्रवर्द्धन गर्ने क्षमता विकास कार्यक्रमका सहभागीको संख्या | संख्या (जना) | | | ३६ | | | | ३६ | " | " | " | ६ | ४ | २ | |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७५/७६ | उपलब्धि | | | | | योजना अवधिका उपलब्धि | पुष्ट्याईंको स्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान | प्रससं | दिविलसं | दीरालसं | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | | | | | | | |
| | | विद्यालयमा भएका असल अभ्यास र अनुभवको आदान प्रदान गर्ने कार्यक्रमको संख्या | संख्या | | २५ | ५० | ५० | ५० | ५० | २२५ | सबिमको प्रगति प्रतिवेदन | साविम | सरोकार वालाको सहयोग हुने | ६ | ४ | २ | |
| प्रतिफल १.११ | स्थानीय तहको समन्वयमा विद्यालयमा बालमैत्री वातावरण सिर्जना गर्न उपयुक्त कार्यक्रम सञ्चालन भएको हुने | बालमैत्री पूर्वाधार विकास गरिएका विद्यालयको संख्या | विद्यालयको संख्या | | १६० | १६० | १६० | १६० | १६० | ८०० | " | " | " | ६ | ४ | २ | |
| | | सरोकारवालाहरूको क्षमता विकास गरिएका विद्यालयको संख्या | विद्यालयको संख्या | | १७० | १७० | १७० | १७० | १७० | ८५० | " | " | " | ६ | ४ | २ | |
| प्रतिफल १.१२ | कार्यरत शिक्षकको योग्यता,सक्षमता र सेवा सर्त सम्बन्धी प्रादेशिक मापदण्ड तयार भएको हुने | शिक्षकहरूमा सिकाइ सक्षमता बढाउन आवश्यक नीति, नियम र प्रादेशिक मापदण्ड तर्जुमा भएको अवस्था | संख्या | | १ | | | | | १ | " | " | " | ६ | ४ | २ | |
| | | शैक्षिक सरोकारवालाहरूको आचारसंहिता निर्माण र कार्यान्वयन भएको अवस्था | संख्या | | १ | | | | | १ | " | " | " | ६ | ४ | २ | |
| | | विद्यालय मूल्याङ्कन प्रणालीको विकास भएको अवस्था | संख्या | | | १ | | | | १ | " | " | " | ६ | ४ | २ | |
| | | उत्कृष्ट शैक्षिक सरोकारवालाहरूलाई प्रोत्साहन गरेको अवस्था | संख्या | | १ | १ | १ | १ | १ | ५ | " | " | " | ६ | ४ | २ | |
| प्रतिफल १.१३ | माध्यमिक तहमा विषयगत शिक्षकको तत्काल परिपूर्ति गर्ने प्रयोजनका लागि विश्वविद्यालयका योग्य एवम् नयाँ विद्यार्थी तथा इच्छुक व्यक्तिहरू समेटिएको स्वयंसेवी शिक्षक दल (Para Teacher Force) को व्यवस्था गरी परिचालन भएको हुने | विद्यालयमा विषयगत शिक्षकको तत्काल परिपूर्तिका लागि स्वयंसेवी शिक्षक दलको गठन र परिचालन (शिक्षक) | संख्या | | | ८५ | ८५ | ८५ | ८५ | ३४० | " | " | " | ६ | ४ | २ | |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७५/७६ | उपलब्धि | | | | | योजना अवधिका उपलब्धि | पुष्ट्याईंको स्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान | प्रससं | दिविलसं | दीरालसं | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | | | | | | | |
| **प्रतिफल १.१४** | विद्यालयको शिक्षण सिकाइमा पृष्ठपोषण प्रणालीको स्थापना भएको हुने | शिक्षकको शिक्षण सिकाइ समय बढाउन अनुगमन प्रणालीको स्थापना गर्ने कार्यविधि तयार | संख्या | | | १ | | | | १ | सबिमको प्रगति प्रतिवेदन | साविम | सरोकार वालाको सहयोग हुने | ६ | ४ | २ | |
| **प्रतिफल १.१५** | प्रदेश सरकारबाट सञ्चालित शिक्षण संस्थामा निर्धारित योग्यता हाँसिल गरेकामध्ये उत्कृष्ट एवम् मेधावी विद्यार्थीलाई सोभै शिक्षण पेशामा आकर्षण गरिएको हुने | शिक्षक दरवन्दी नभएका विद्यालयरशिक्षण संस्थामा मेधावी विद्यार्थी परिचालनका लागि कानूनी आधार तयार | संख्या | | | १ | | | | १ | " | " | " | ६ | ४ | २ | |
| **असर २** | साक्षरता र जीवनपर्यन्त शिक्षाको अवसर बढेको हुने | पाँच वर्ष देखिमाथि उमेर समूहको जनसंख्याको साक्षरता दर | प्रतिशत | ७४.८ | ७५ | ९५ | ९५ | ९५ | ९५ | ९५ | शिक्षाको फ्ल्यास रिपोर्ट | " | " | ६ | ४ | २ | |
| | | पाँच वर्ष देखिमाथि उमेर समूहको जनसंख्याको साक्षरता दर (पुरुष) | प्रतिशत | ८३.५ | ८५ | ९५ | ९५ | ९५ | ९५ | ९५ | शिक्षाको फ्ल्यास रिपोर्ट | " | " | ६ | ४ | २ | |
| | | पाँच वर्ष देखिमाथि उमेर समूहको जनसंख्याको साक्षरता दर (महिला) | प्रतिशत | ६७.७ | ७० | ९५ | ९५ | ९५ | ९५ | ९५ | शिक्षाको फ्ल्यास रिपोर्ट | " | " | ६ | ४ | २ | |
| | | युवा शाक्षरता दर (१५-२४ वर्ष) | प्रतिशत | ९५ | ९६ | ९७ | ९८ | ९९ | ९९ | ९९ | | " | " | ६ | ४ | २ | |
| **प्रतिफल २.१** | औपचारिक शिक्षा निरन्तरता दिन नसक्ने अथवा नचाहने नागरिकलाई अनुकूल तथा समकक्षी शिक्षाको अवसर प्रदान गर्न तथा व्यक्तिका स्वआर्जित ज्ञान, सीपलाई प्रमाणीकरण (Certification) गर्न समानान्तर र समकक्षी अनौपचारिक शिक्षा प्रणाली स्थापनाका लागि नीतिगत तथा कार्यक्रमगत व्यवस्था भएको हुने | साक्षरता र निरन्तर शिक्षाको कार्यविधि तयार गरी कार्यक्रम सञ्चालन | संख्या | | १ | | | | | १ | सबिमको प्रगति प्रतिवेदन | " | समयमै आवश्यक बजेट र स्रोतसाधन उपलब्ध हुने | ६ | ४ | २ | |
| | | साक्षर गण्डकी प्रदेश अभियान सञ्चालन | संख्या | | १ | सञ्चालन | सञ्चालन | | | १ | " | " | " | ६ | ४ | २ | |
| | | अनौपचारिक प्रौढ विद्यालय तथा वैकल्पिक विद्यालय सुदृढीकरण | प्याकेज | | १ | | | | | १ | " | " | " | ६ | ४ | २ | |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७५/७६ | उपलब्धि | | | | | योजना अवधिका उपलब्धि | पुष्ट्याईंको स्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान | प्रससं | दिविलसं | दीरालसं | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | | | | | | | |
| **प्रतिफल** २.२ | विभिन्न प्रकारका शैक्षिक एवम् क्षमता विकास सम्बन्धी सेवा प्रवाहका लागि दूर तथा खुला शिक्षा प्रणालीको मौजुदा संरचना सुव्यवस्थित भएको हुने | खुला विद्यालयको सवलीकरणका लागि स्थानीय तहसँग सहकार्य | संख्या | | १ | १ | १ | १ | १ | ५ | सबिमको प्रगति प्रतिवेदन | साविम | " | ६ | ४ | २ | |
| **प्रतिफल** २.३ | औपचारिक शिक्षा प्रणालीभन्दा बाहिर रहेका नवसाक्षर, विभिन्न व्यवसायकर्मी नागरिकलाई मागमा आधारित प्रविधि तथा वित्तीय साक्षरता जस्ता शिक्षा प्याकेज (Tailor-made Modules) सञ्चालन तथा प्रमाणीकरणका लागि उपयुक्त प्रणालीको व्यवस्था भएको हुने | मागमा आधारित प्रविधि तथा वित्तिय साक्षरता कार्यक्रम सञ्चालन एवम् सामुदायिक सिकाइ केन्द्रहरूको क्षमता विकास | प्याकेज | | | १ | | | | १ | " | " | " | ६ | ४ | २ | |
| | | बहुलक्षित समूहका नागरिकले हाँसिल गरेका साक्षरता र जीवनपर्यन्त शिक्षाको सीप परीक्षण र मूल्याङ्कन गरी प्रमाणिकरणका लागि कानूनी आधार तयार | प्याकेज | | | १ | | | | १ | " | " | " | ६ | ४ | २ | |
| **प्रतिफल** २.४ | वैकल्पिक एवम् लचकदार शैक्षिक प्रावधानका रूपमा खुला विद्यालय, परम्परागत विद्यालय, वैकल्पिक विद्यालय, पुस्तकालयका माध्यमबाट शिक्षा प्रदान गर्न कार्यविधि निर्माण गरी लागू भएको हुने | अनौपचारिक शिक्षा तथा स्वआर्जित ज्ञानको स्तर निर्धारणका लागि नीतिगत व्यवस्था | प्याकेज | | | १ | | | | १ | " | " | " | ६ | ४ | २ | |
| **असर ३** | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिममा जोड दिँदै उच्च शिक्षा ज्ञान, सीप, प्रविधि र अनुसन्धानमा आधारित भएको हुने | प्राविधिक र साधारण शिक्षाको अनुपात बराबर गर्ने | प्रतिशत | ३०/ ७० | ३४/ ६६ | ४०/ ६० | ४३/ ५७ | ४६/ ५४ | ५०/ ५० | ५०/ ५० | " | " | " | ६ | ४ | २ | |
| | | उच्च शिक्षामा कुल भर्ना दर | प्रतिशत | ८.३ | ११ | १३ | १५ | १८ | २१ | २१ | " | " | " | ६ | ४ | २ | |
| | | उच्च शिक्षको भर्नामा लैङ्गिक समता | महिला प्रति सय पुरुष | १६१.२ | | | | | १६१.२ | १६१.२ | " | " | " | ६ | ४ | २ | |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७५/७६ | उपलब्धि २०७६/७७ | उपलब्धि २०७७/७८ | उपलब्धि २०७८/७९ | उपलब्धि २०७९/८० | उपलब्धि २०८०/८१ | योजना अवधिका उपलब्धि | पुष्ट्याईको स्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान | प्रससं | दिविलसं | दीरालसं | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **प्रतिफल** ३.१ | आधारभूत तहको प्राविधिक तथा व्यावसायिक (सफ्ट स्किल समेत) सीप प्रदान गर्न शिक्षकहरूलाई आधुनिक, शिक्षण सीपयुक्त, प्रविधिमैत्री, निरन्तर सिकाइमुखी बनाउँदै पेशागत दक्षता बढाइएको हुने | शिक्षक पेसागत हकहितको विकास भएको अवस्था | समूह | | २५ | ३० | ३० | ३० | ३० | १४५ | सबिमको प्रगति प्रतिवेदन | साविम | " | ६ | ४ | २ | |
| | | प्राविधिक तथा व्यावसायिक शिक्षा सञ्चालन गर्ने विद्यालयमा कार्यरत प्रशिक्षकको क्षमता विकास भएको अवस्था | समूह | | | १ | १ | १ | १ | ४ | " | " | " | ६ | ४ | २ | |
| **प्रतिफल** ३.२ | विद्यालय शिक्षामा जीवनोपयोगी सीप एकीकृत् रुपमा समावेश भएको हुने | पाठ्यक्रम कार्यान्वयनका पक्षहरूमा जीवनोपयोगी सीपलाई आवद्ध गर्ने विद्यालयको संख्या | विद्यालय संख्या | | | ८५ | ८५ | ८५ | ८५ | ३४० | " | " | " | ६ | ४ | २ | |
| | | प्राविधिक तथा व्यावसायिक शिक्षाको प्रादेशिक मापदण्ड तयारीको अवस्था | पटक | | १ | | | | | १ | " | " | " | ६ | ४ | २ | |
| | | प्राविधिक तथा व्यावसायिक शिक्षा सञ्चालन गर्ने सुदृढीकरण गरिएका विद्यालयहरूको संख्या | विद्यालय संख्या | | ३० | ८ | ८ | ८ | ८ | ६२ | " | " | " | ६ | ४ | २ | |
| **प्रतिफल** ३.३ | प्रदेश स्तरमा सञ्चालित सबै उच्च शिक्षाप्रदायक संस्थाहरूको गुणस्तरीय शिक्षण, प्रभावकारी बनाउन नीतिगत मापदण्ड तयार भएको हुने | उच्च शिक्षालाई गुणस्तरीय र प्रभावकारी बनाउन मापदण्ड तयार | संख्या | | १ | | | | | १ | " | " | " | ६ | ४ | २ | |
| | | प्रादेशिक रुपमा सबै तहको शैक्षिक तथ्याङ्क अद्यावधिक | संख्या | | १ | १ | १ | १ | १ | ५ | " | " | " | ६ | ४ | २ | |
| **प्रतिफल** ३.४ | प्रादेशको शैक्षिक सूचना व्यवस्थापन प्रणाली (PEMIS) विकास गरी एकद्वार पद्धतिबाट सञ्चालन भएको हुने | प्रादेशिक शैक्षिक सूचना व्यवस्थापन प्रणाली विकास भई एकद्वार पद्धतिबाट सूचना संकलन | प्याकेज | | | १ | | | | १ | " | " | " | ६ | ४ | २ | |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७५/७६ | उपलब्धि | | | | | योजना अवधिका उपलब्धि | पुष्ट्याईंको स्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान | प्रससं | दिविलसं | दीरालसं | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | | | | | | | |
| प्रतिफल ३.५ | विद्यालयलाई वातावरणीय दृष्टिले जीवन्त प्रयोगशाला (Living Laboratory) बनाउन भौतिक तथा प्राविधिक पक्षको विकास भई सुदृढीकरण भएको हुने | विद्यालय वातावरण सुदृढीकरणका लागि निर्मित हरित विद्यालयको संख्या | विद्यालय संख्या | | | ८५ | ८५ | ८५ | ८५ | ३४० | सबिमको प्रगति प्रतिवेदन | साविम | " | ६ | ४ | २ | |
| प्रतिफल ३.६ | मानित विश्वविद्यालय (Deemed University) को अवधारणा कार्यान्वयन भएको हुने । | मानित विश्वविद्यालयको आधार तथा मापदण्ड तयारी | प्याकेज | | | १ | | | | १ | " | " | " | ६ | ४ | २ | |
| प्रतिफल ३.७ | प्रदेशमा दक्ष प्राविधिक जनशक्तिको माग र आपूर्ति अवस्थाबारे अध्ययन भएको हुने | उत्पादन र उत्पादकत्व वढाउन शैक्षिक अनुसन्धानात्मक कार्यक्रमको सञ्चालन | प्याकेज | | १ | | | | | १ | " | " | " | ६ | ४ | २ | |
| | | प्रदेशमा दक्ष तथा प्राविधिक जनशक्तिको प्रक्षेपण | पटक | | १ | | | | | १ | " | " | " | ६ | ४ | २ | |
| प्रतिफल ३.८ | साधारण विषय पढाउने माध्यमिक विद्यालय तथा महाविद्यालयलाई बजारमा उच्च माग भएका प्राविधिक तथा व्यावसायिक विषयको पढाइ थप गर्न प्रोत्साहित भएको हुने | प्राविधिक तथा व्यावसायिक शिक्षाको विस्तार भएका माध्यमिक विद्यालय र महाविद्यालयको संख्या | विद्यालय संख्या | ३५ | | ११ | ११ | ११ | ११ | ४४ | " | " | " | ६ | ४ | २ | |
| प्रतिफल ३.९ | उच्च शिक्षामा प्राविधिक विषयलाई प्राथमिकता दिई उच्च दक्ष जनशक्ति उत्पादन गर्न गण्डकी विश्वविद्यालयको स्थापना भएको हुने | गण्डकी विश्वविद्यालयको स्थापना र सञ्चालन | संख्या | १ | १ | | | | | १ | " | " | " | ६ | ४ | २ | |
| | | महाविद्यालयहरूलाई प्राविधिक धारमा रुपान्तरणका लागि नेपाल सरकारसँग समन्वय र सहकार्य | प्याकेज | | १ | | | | | १ | " | " | " | ६ | ४ | २ | |
| प्रतिफल ३.१० | प्राविधिक विषयमा शैक्षिक तथा गैर शैक्षिक व्यावसायिक तालिम सञ्चालन गर्न गण्डकी प्राविधिक शिक्षालयको स्थापना भएको हुने | गण्डकी प्राविधिक प्रतिष्ठानको स्थापना र सञ्चालन | संख्या | | १ | | | | | १ | " | " | " | ६ | ४ | २ | |
| **लगानी: वार्षिक बजेट, विद्यालय क्षेत्र सुधार कार्यक्रम, शिक्षक तालिम, नमुना विद्यालय कार्यक्रम, गण्डकी बिश्व विद्यालय, गण्डकी प्राविधिक प्रतिष्ठान, वार्षिक कार्यक्रम र बजेट** | | | | | | | | | | | | | | | | | |

## ५.२ विज्ञान तथा प्रविधि

### ५.२.१ पृष्ठभूमि

विज्ञान तथा प्रविधिको विकास एक्काइसौँ शताब्दीको सामाजिक आर्थिक उन्नयन र समृद्धिका लागि अपरिहार्य छ। देशको सर्वाङ्गीण विकास र विज्ञान तथा प्रविधि बीच अन्योन्याश्रित सम्बन्ध रहेकोछ। नेपालको संविधानमा विज्ञान तथा प्रविधिलाई देश विकाससित आवद्ध गर्ने, वैज्ञानिक अध्ययन अनुसन्धान एवम् विज्ञान प्रविधिको आविष्कार, उन्नयन र विकासमा लगानी अभिवृद्धि गर्ने तथा वैज्ञानिक प्राविधिक, बौद्धिक र विशिष्ट प्रतिभाहरूको संरक्षण गर्ने नीति लिइएको छ। विज्ञान र प्रविधिको अन्वेषण एवम् विकासका लागि लगानी वृद्धि गर्नु आवश्यक छ। विज्ञानको उपलब्धिलाई आर्थिक वृद्धि, सामाजिक सेवाको विस्तार र गरिबी निवारणमा सहयोग पुऱ्याउने कार्यक्रममा प्रयोग गर्नु तथा प्रदेशभित्र उपलब्ध प्रतिभाहरूको ज्ञान र सीपलाई स्वदेशमा नै उपयोग गर्ने वातावरण निर्माण गर्नु अहिलेको प्रमुख कार्य हो। गण्डकी प्रदेशमा कृषि तथा औद्योगिक क्षेत्रमा रहेको न्यून उत्पादन तथा उत्पादकत्वलाई विज्ञान तथा प्रविधिको माध्यमबाट उच्च उत्पादन र उत्पादकत्व हाँसिल गर्न अधिकतम प्रयोग गर्नु जरुरी भएको छ। नेपाल सरकार अन्तर्गत शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको गठन, नेपाल विज्ञान तथा प्रविधि प्रतिष्ठानको स्थापना, विज्ञान प्रविधि नीति २०६१ र यससँग सम्बन्धित अन्य नीतिहरूको तर्जुमा भएता पनि यो क्षेत्रले अपेक्षित राष्ट्रिय प्राथमिकतामा प्राप्त गर्न सकेको छैन। प्रदेश र स्थानीय तहमा विज्ञान तथा प्रविधि सम्बन्धी नयाँ नीति र कार्यक्रम तय गरी प्रदेशको उत्पादन प्रणालीलाई उच्च उत्पादन र उत्पादकत्व जोड्न आवश्यक भएकाले यस क्षेत्रको विकास अनुसन्धान सँगसँगै अगाडि बढाउन आवश्यक देखिन्छ।

### ५.२.२ प्रमुख समस्या

गण्डकी प्रदेशले आंफुसित उपलब्ध प्राकृतिक तथा साँस्कृतिक स्रोत जस्तै प्राकृतिक सौन्दर्यता, जैविक विविधता, विविधता बीच एकता, साँस्कृतिक वैभव, जलस्रोत र परम्परागत ज्ञान र प्रविधिलाई नवीन ज्ञान र प्रर्वतन तथा प्रविधिसँग आबद्ध गरी विकासको गतिलाई तीब्रता प्रदान गर्न नसकिनु, विज्ञान तथा प्रविधि क्षेत्रलाई उद्योग र उद्यमशीलतासँग गाँस्न नसकिनु, विज्ञानलाई विभिन्न उत्पादन क्षेत्रमा मूल प्रवाहीकरण नगरिनु, रोजगार तथा राष्ट्रिय उत्पादकत्व वृद्धि गर्ने कार्यक्रममा विज्ञान र प्रविधिलाई जोड्न नसक्नु, विज्ञान तथा प्रविधिमा अनुसन्धानरत संघ सस्था र विश्वविद्यालयहरूसँग सहकार्य गर्ने नीतिगत व्यवस्था र कार्यक्रमको उपयुक्त प्रबन्ध गर्न नसक्नु यस क्षेत्रका प्रमुख समस्या हुन्।

### ५.२.३ चुनौती र अवसर

**चुनौती**

प्रदेशको उत्पादन प्रणालीलाई विज्ञान तथा प्रविधिसँग जोड्नु, विज्ञान तथा प्रविधि र अनुसन्धानको क्षेत्रमा सरकारी लगानी बढाउनु, युवा वैज्ञानिक तथा प्रतिभाहरूलाई मुलुकभित्रै काम गर्ने वातावरण तयार गर्नु, विज्ञान तथा प्रविधि शिक्षाप्रति आकर्षण बढाउनु, प्रदेशभित्र विज्ञान प्रविधिको विकास र उत्थानसँग सम्बन्धित निकायको स्थापना र सञ्चालन गर्नु, विशेषज्ञसहितको सांगठनिक संरचनाको निर्माण गर्नु, उपलब्ध जनशक्तिलाई आवश्यक तालिम तथा अभिमुखीकरणपश्चात् उपयुक्त कार्यमा संलग्न गराउनु पर्ने कार्यनीति निर्माण तहमा कम बोध हुनु र युवाको विदेश पलायन रोक्न नसकिनु, उच्च शिक्षा पाएका जनशक्तिलाई देश फर्काउने दिगो कार्यनीतिको अभाव हुनु, आफूखुसी प्रयोगमा ल्याइएको विज्ञान प्रविधिसँग सम्बन्धित कार्यहरूको प्रभावकारी नियमन गर्नु जस्ता कार्यहरू अहिलेका चुनौतीहरू हुन्।

**अवसर**

गण्डकी प्रदेशका नीति तथा कार्यक्रमले विज्ञान तथा प्रविधिको विकासलाई महत्व दिनु, विज्ञान तथा प्रविधिको क्षेत्रमा सामयिक सुधार गर्ने वातावरण निर्माण हुँदै जानु, विद्यालय र विश्वविद्यालय तहमा विज्ञान तथा प्रविधि विषयमा अध्ययन अध्यापन कार्यमा क्रमशः वृद्धि हुनु, प्रदेशभित्र खोज तथा अनुसन्धानका लागि अवसर सिर्जना हुनु, खोज अनुसन्धानका लागि जुझारु युवा समूहको संख्या बढ्दै जानु, प्रदेश सरकारबाट प्रतिभाशाली युवा वैज्ञानिक र कलाकारहरूलाई सम्मान गर्ने

नीति लिइनु, जलवायु परिवर्तन, जैविक विविधता, स्वास्थ्य र वातावरणसँग सम्बन्धित विभिन्न विषयमा जनचासो बढ्नु जस्ता पक्ष महत्वपूर्ण अवसरहरू हुन् ।

### ५.२.४ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

**सोच**

विज्ञान र प्रविधिको विकास र समुचित प्रयोग ।

**लक्ष्य**

विज्ञान र प्रविधिको उच्चतम प्रयोग गरी अनुसन्धानमा आधारित समुन्नत समाज निर्माणमा टेवा पुऱ्याउने ।

**उद्देश्य**

१. खोजमूलक तथा उत्पादनमुखी विज्ञान र प्रविधिको विकास र प्रयोग गर्नु ।

### ५.२.५ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १: खोजमूलक तथा उत्पादनमुखी विज्ञान र प्रविधिको विकास र प्रयोग गर्नु ।** | |
| १.१ वैज्ञानिक खोज र अनुसन्धानमा आधारित प्रविधिलाई प्रदेशको विकासमा उपयोग गर्ने र स्थानीय प्रविधिको आधुनिकीकरण, संरक्षण र संवर्द्धन गर्ने । | १.१.१ परम्परागत ज्ञान तथा सीपलाई आधुनिक प्रविधिमा स्तरोन्नति गरी व्यावसायीकरण गरिनेछ ।<br>१.१.२ वैज्ञानिक तथा प्राविधिकहरूलाई विज्ञान र प्रविधिको खोजमा लाग्न प्रोत्साहन हुने नीति तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।<br>१.१.३ वैज्ञानिक जनशक्ति उत्पादन र विकासमा जोड दिई प्रदेशको विकासमा सक्रिय सहभागी गराउने वातावरणको सिर्जना गरिनेछ ।<br>१.१.४ अनुसन्धान र नवप्रवर्तनको माध्ययमबाट परम्परागत ज्ञान र सीपमा आधारित गुणस्तरीय वस्तुको उत्पादनमा जोड दिइनेछ । |
| १.२ विज्ञान र प्रविधिमा अभिरुचि र कल्पनाशीलता बढाउन माध्यमिक तहदेखि नै प्रमाणमा आधारित शिक्षण र खोजमा आधारित सिकाइ पद्धतिको विकास गर्ने । | १.२.१ स्थानीय तहसँगको सहकार्यमा प्राविधिक जनशक्ति उत्पादन गर्ने संस्था र निकायहरूको क्षमता वृद्धि गरिनेछ ।<br>१.२.२ सबै स्थानीय तहलाई कम्तीमा एक माध्यमिक विद्यालयमा विज्ञान विषय सञ्चालनका लागि प्रोत्साहित गरिनेछ ।<br>१.२.३ विज्ञान भेला, प्रदर्शनी जस्ता प्रतिभा प्रष्फुटन हुने प्रतियोगिताहरू सञ्चालन गरी युवाहरूलाई विज्ञान र प्रविधिप्रति आकर्षित गरिनेछ ।<br>१.२.४ विज्ञान तथा प्रविधिको क्षेत्रमा उत्कृष्ट कार्य गर्ने प्रतिभाशाली युवा वैज्ञानिक पहिचान गरी सम्मान गर्ने व्यवस्था गरिनेछ । |
| १.३ विज्ञान र प्रविधिको विस्तार गर्न संस्थागत व्यवस्था गर्ने । | १.३.१ नयाँ आविष्कार, विज्ञान र प्रविधिको अध्ययन अनुसन्धान गर्न प्रदेश विज्ञान तथा प्रविधि प्रतिष्ठान स्थापना गरी सञ्चालन गरिनेछ ।<br>१.३.२ प्रदेशस्तरमा विज्ञान तथाप्रविधिको अनुसन्धान गर्ने निकाय, प्रविधि कोरल्ने केन्द्र (इन्कुबेसन केन्द्र), र प्रयोगशाला स्थापना गरिनेछ । |
| १.४ विज्ञान प्रविधिको विकास र विस्तार गर्न निजी क्षेत्र, विश्वविद्यालय, संगठित संस्था, गैरसरकारी संस्था आदि सँग सहकार्य गर्ने । | १.४.१ गण्डकी विश्वविद्यालय र विज्ञान तथा प्रविधि प्रतिष्ठानलाई विज्ञान तथा प्रविधिको अनुसन्धान र विकास गर्ने प्रमुख थलोका रूपमा विकास गरिनेछ ।<br>१.४.२ प्रदेश तथा अन्य विश्वविद्यालय, प्रदेश विज्ञान तथा प्रविधि प्रतिष्ठान, नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान (NAST), राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरू र निजी क्षेत्रका अनुसन्धानकर्ता, एवम् अन्य सरोकारवालाका बीच विज्ञान र प्रविधिको विकासमा समन्वय र सहकार्य गरिनेछ ।<br>१.४.३ स्थानीय तहसम्म ब्रोडब्याण्ड नेटवर्क विस्तार गर्न सार्वजनिक तथा निजी क्षेत्रसँग समन्वय र सहकार्य गरिनेछ । प्रदेश सूचना प्रविधि पार्कको स्थापना गरिनेछ । स्थानीय तहसम्म इन्टरनेट सेवा पुऱ्याउन पूर्वाधार निर्माणमा सहकार्य गरिनेछ ।<br>१.४.४ विज्ञान तथा प्रविधिमा अनुसन्धान गर्न प्रोत्साहन गरिनेछ । |

### ५.२.६ कार्यक्रमका प्राथमिकता

१. विज्ञान तथा प्रविधि प्रतिष्ठान स्थापना र सञ्चालन गर्ने ।

२. महाविद्यालयमा नवपर्वतन केन्द्रको स्थापना र सञ्चालन गर्ने ।

### ५.२.७ विस्तृत कार्यक्रम

| क्र.सं. | उद्देश्य नं. | रणनीति नं. | कार्यनीति नं. | संकेत | कार्यक्रम | इकाई | आधार वर्ष २०७५/७६ | लक्ष्य | | | | | योजना अवधिका उपलब्धि | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | |
| १ | १ | १.१ | १.१.१ | क | परम्परागत सीप व्यावसायीकरण सम्वन्धी अध्ययन अनुसन्धान | प्याकेज | | १ | १ | १ | १ | १ | ५ | उपववाम |
| २ | | | १.१.२ | क | गण्डकी प्रदेश विज्ञान तथा प्रविधि सम्बन्धी नीति निर्माण | संख्या | | १ | | | | | १ | " |
| ३ | | | १.१.३ | क | प्रदेशमा विभिन्न विषयका विज्ञहरू उत्पादन गर्ने व्यवस्था मिलाउने | प्याकेज | | | १ | १ | १ | १ | १ | " |
| ४ | | | १.१.४ | क | ज्ञान र सीपको प्रयोग सम्वन्धी अध्ययन अनुसन्धानमा सहयोग | प्याकेज | | | १ | १ | १ | १ | १ | " |
| ५ | | १.२ | १.२.१ | ख | प्राविधिक जनशक्ति उत्पदन गर्ने स्थानीय शिक्षालयहरूको क्षमता अभिवृद्धि | प्याकेज | | | १ | १ | १ | १ | १ | साविम |
| ६ | | | १.२.२ | क | एक स्थानीय तह एक विज्ञान विद्यालय सञ्चालनको लागि प्रोत्साहन | संख्या | | | १० | २० | ३० | २५ | ८५ | " |
| ७ | | | १.२.३ | क | विज्ञान मेला तथा प्रदर्शनी संचानलमा सहयोग | संख्या | | | १ | १ | १ | १ | ४ | उपववाम |
| ८ | | | १.२.४ | क | उत्कृष्ट खोज तथा अनुसन्धान गर्ने प्रदेशका वैज्ञानिकलाई पुरस्कृत | संख्या | | | १ | १ | १ | १ | ४ | " |
| ९ | | १.३ | १.३.१ | ग | नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठानको सहकार्यमा प्रदेश विज्ञान प्रविधि प्रतिष्ठान स्थापना र सञ्चालन | प्याकेज | १ | १ | १ | १ | १ | १ | १ | " |
| १० | | | १.३.२ | क | विज्ञान प्रयोगशालाको स्थापना र सञ्चालन | संख्या | | | १ | | | | १ | " |
| ११ | | | १.३.२ | क | महाविद्यालयमा इन्क्युवेसन (प्रविधि कोरल्ने) केन्द्र स्थापना र सञ्चालन | संख्या | | | १ | १ | १ | १ | ४ | " |
| १२ | | १.४ | १.४.१ | क | गण्डकी विश्व विद्यालयमा विज्ञान प्रयोगशालाको स्थापना र सञ्चालन | संख्या | | | १ | | | | १ | साविम |
| १३ | | | १.४.२ | ग | देश तथा विदेशका अनुसन्धानकर्ता तथा संस्थाहरूसँग सहकार्य गर्ने (संस्था) | संख्या | | | २ | ५ | ५ | ५ | १७ | उपववाम |
| १४ | | | १.४.३ | क | सूचना तथा सञ्चार सम्वन्धी अध्ययन तथा अनुसन्धान कार्यक्रम सञ्चालन गरी प्रविधि मैत्री गण्डकी प्रदेश निर्माणमा योगदान गर्ने | प्याकेज | | अध्ययन | १ | निरन्तर | निरन्तर | निरन्तर | १ | उपववाम आमाकाम |
| १५ | | | १.४.४ | क | विद्यार्थी, कर्मचारी तथा अरु अनुसन्धानकर्ताहरूलाई अनुसन्धान गर्न आर्थिक सहयोग उपलब्ध गराउने | प्याकेज | | | १ | निरन्तर | निरन्तर | निरन्तर | १ | उपववाम |

### ५.२.८ नतिजा

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७५/७६ | उपलब्धि | | | | | योजना अवधिका उपलब्धि | पुष्ट्याइँको स्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान | प्रससं | दिविलसं | दीविलसं | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | | | | | | | |
| **प्रभाव** | **विज्ञान र प्रविधिको उच्चतम प्रयोग गरी अनुसन्धानमा आधारित समुन्नत समाज निर्माणमा टेवा पुगेको हुने** | **मोबाइल नेटवर्कले समेटेको जनसंख्याको अनुपात** | **प्रतिशत** | | | | | | ९५ | ९५ | **नेदुप्रा प्रतिवेदन** | **उपववाम** | | ५ | ९ | २ | |
| **असर १** | खोजमूलक तथा उत्पादनमुखी विज्ञान र प्रविधिको विकास र प्रयोग भएको हुने | नयाँ प्रविधिको विकास | संख्या | | | | | | | | | " | | ५ | ९ | २ | |
| **प्रतिफल १.१** | परम्परागत ज्ञान र सीपको आधुनिक प्रविधिमा स्तरोन्नति भई व्यावसायीकरण भएको हुने | सीप व्यावसायीकरण सम्वन्धी अध्ययन अनुसन्धानको संख्या | संख्या | | १ | | | | | १ | उपववामको प्रतिवेदन | " | स्रोतसाधन उपलब्ध हुने | ५ | ९ | २ | |
| **प्रतिफल १.२** | वैज्ञानिक तथा प्राविधिकहरूलाई विज्ञान र प्रविधिको खोजमा लाग्न प्रोत्साहन हुने नीति तर्जुमा गरी कार्यान्वयन भएको हुने | गण्डकी प्रदेश विज्ञान तथा प्रविधि नीति निर्माण | संख्या | | १ | | | | | १ | " | " | सबै सरोकार वालाको सहयोग रहने | ५ | ९ | २ | |
| **प्रतिफल १.३** | वैज्ञानिक जनशक्ति उत्पादन र परिचालन गराउने वातावरणको सिर्जना भएको हुने | प्रादेशिक विज्ञ समूह संख्या | संख्या | | १ | | | | | १ | " | " | " | ५ | ९ | २ | |
| **प्रतिफल १.४** | अनुसन्धान र नवप्रवर्तनको माध्ययमबाट गुणस्तरीय वस्तुको उत्पादनमा जोड पुगेको हुने | परम्परागत ज्ञान र सीपको प्रयोग सम्वन्धी अनुसन्धानको प्याकेज | प्याकेज संख्या | | | १ | | | | १ | " | " | स्रोतसाधन उपलब्ध हुने | ५ | ९ | २ | |
| **प्रतिफल १.५** | प्राविधिक जनशक्ति उत्पादन गर्ने संस्था र निकायहरूको क्षमता वृद्धि भएको हुने | प्राविधिक उत्पदन गर्ने स्थानीय शिक्षालयाहरूको क्षमता वृद्धि | प्याकेज संख्या | | | | १ | | | १ | " | " | स्थानीय तहको सहयोग रहने | ५ | ९ | २ | |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७५/७६ | उपलब्धि | | | | | योजना अवधिका उपलब्धि | पुष्ट्याइँको स्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान | प्रससं | दिविलसं | दीविलसं | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | | | | | | | |
| प्रतिफल १.६ | कम्तीमा एक माध्यमिक विद्यालयमा विज्ञान विषय सञ्चालनका लागि सबै स्थानीय तह प्रोत्साहित भएका हुने | एक स्थानीय तह एक विज्ञान विद्यालय सञ्चालनमा आएका स्थानीय तहको संख्या | स्थानीय तहको संख्या | | | १० | २० | ३० | २५ | ८५ | साविमको प्रतिवेदन | साविम | स्थानीय तहको सहयोग रहने | ५ | ९ | २ | |
| प्रतिफल १.७ | विज्ञान भेला, प्रदर्शनी जस्ता प्रतिभा प्रष्फुटन हुने प्रतियोगिताहरू सञ्चालित भई युवाहरू विज्ञान र प्रविधिप्रति आकर्षित भएका हुने | विज्ञान मेला तथा प्रदर्शनीको संख्या | संख्या | | | १ | १ | १ | १ | ४ | उपववामको प्रतिवेदन | उपववाम | " | ५ | ९ | २ | |
| प्रतिफल १.८ | विज्ञान तथा प्रविधिको क्षेत्रमा उत्कृष्ट कार्य गर्ने प्रतिभाशाली युवा वैज्ञानिक पहिचान गरी सम्मान गर्ने व्यवस्था भएको हुने | उत्कृष्ट खोज तथा अनुसन्धान गर्ने प्रदेशका वैज्ञानिकलाई पुरस्कृत गर्ने कार्यक्रमको संख्या | प्याकेज संख्या | | | १ | १ | १ | १ | ४ | " | " | " | ५ | ९ | २ | |
| प्रतिफल १.९ | नयाँ आविष्कार, विज्ञान र प्रविधिको अध्ययन अनुसन्धान गर्न प्रदेश विज्ञान तथा प्रविधि प्रतिष्ठान स्थापना गरी सञ्चालनमा आएको हुने | प्रदेश विज्ञान प्रविधि प्रतिष्ठान स्थापना र सञ्चालन | संख्या | | १ | | | | | १ | " | " | " | ५ | ९ | २ | |
| प्रतिफल १.१० | प्रदेशस्तरमा विज्ञान तथा प्रविधिको अनुसन्धान गर्ने निकाय, इन्कुबेसन केन्द्र र प्रयोगशाला स्थापना भएका हुने | विज्ञान प्रयोगशालाको स्थापना र सञ्चालन | संख्या | | | १ | | | | १ | " | " | " | ५ | ९ | २ | |
| प्रतिफल १.११ | गण्डकी विश्वविद्यालय र विज्ञान तथा प्रविधि प्रतिष्ठान विज्ञान तथा प्रविधिको अनुसन्धान गर्ने थलोको रूपमा विकास भएका हुने | गण्डकी विश्व विद्यालयमा विज्ञान प्रयोगशालाको स्थापना र सञ्चालन | संख्या | | | १ | | | | १ | " | " | " | ५ | ९ | २ | |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७५/७६ | उपलब्धि | | | | | योजना अवधिका उपलब्धि | पुष्ट्याइँको स्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान | प्रससं | दिविलसं | दीविलसं | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | | | | | | | |
| **प्रतिफल १.१२** | सबै सरोकारवालासँग विज्ञान र प्रविधिको विकासमा समन्वय र सहकार्य भएको हुने | देश तथा विदेशका अनुसन्धानकर्ता तथा संस्थाहरूसँग सहकार्य | संस्था संख्या | | | २ | ५ | ५ | ५ | १७ | उपववामको प्रतिवेदन | उपववाम | स्थानीय तहको सहयोग रहने | ५ | ९ | २ | |
| **प्रतिफल १.१३** | प्रदेश सूचना प्रविधि पार्कको स्थापना भएको हुने, स्थानीय तहसम्म इन्टरनेट सेवा पुऱ्याउन पूर्वाधार निर्माणमा सहकार्य भएको हुने | सूचना तथा सञ्चार सम्वन्धी अध्ययन तथा अनुसन्धान कार्यक्रमको संख्या | प्याकेज संख्या | | १ | १ | | | | १ | " | " | " | ५ | ९ | २ | |
| **प्रतिफल १.१४** | विज्ञान तथा प्रविधिमा अनुसन्धान गर्न प्रोत्साहन भएको हुने । | विज्ञान तथा प्रविधिमा अनुसन्धान गर्न प्रोत्साहन गर्ने कार्यक्रमको संख्या | प्याकेज संख्या | | १ | | | | | १ | " | " | " | ५ | ९ | २ | |

**लगानीः वार्षिक कार्यक्रम तथा बजेट प्रदेश, बिज्ञान तथा प्रविधि प्रतिष्ठान, गण्डकी बिश्व विद्यालय, महविद्यालय र बिश्व विद्यालयका प्रविधि कोरल्ने केन्द्र (इन्कुबेसन सेन्टर), वार्षिक कार्यक्रम र बजेट**

## ५.३ स्वास्थ्य तथा पोषण

### ५.३.१ पृष्ठभूमि

यस प्रदेशका सूचकाङ्क हेर्दा नेपालमा पाँच वर्षमुनिका बाल बालीकाको मृत्युदर प्रति हजार जीवित जन्ममा ३९ रहेकोमा गण्डकी प्रदेशमा २७ रहेको छ । त्यस्तै शिशु मृत्युदर प्रतिहजार जीवित जन्ममा २१ रहेकोमा गण्डकी प्रदेशमा १५ रहेको छ । यस प्रदेशका ६९.९ प्रतिशत गर्भवती महिलाहरूले दक्ष प्रसूतिकर्मीको सहयोगमा स्वास्थ्य संस्थामा गएर बच्चा जन्माउने गर्दछन् । यस प्रदेशका ३७ प्रतिशत प्रजनन उमेरका महिलाले आधुनिक परिवार नियोजनका साधन प्रयोग गर्दछन् । महिलाहरूको कुल प्रजनन दर दुई बच्चा मात्र रहेको छ । यस प्रदेशका ४६.५ प्रतिशत जनता ३० मिनेटको यात्रा गरेपछि स्वास्थ्य संस्थामा पुग्दछन् । गण्डकी प्रदेश २०७५ भाद्र १३ गते पूर्णखोपयुक्त प्रदेश घोषणा भइसकेको छ । संविधानको मर्मानुसार मानवविकास सूचकाङ्कमा अपेक्षित उपलब्धि हाँसिल गरी प्रदेशको "**समृद्ध प्रदेश र सुखी नागरिक**" एवम् "**समृद्ध नेपाल, सुखी नेपाली**" को सोचलाई साकार पार्ने संकल्पकासाथ स्वास्थ्य क्षेत्रको प्रथम पञ्चवर्षीय योजना निर्माणको अभ्यासलाई अत्यन्तै संवेदनशील, तथ्यपरक, व्यावहारिक र सर्वस्वीकार्य बनाउनु पर्ने देखिन्छ। फलस्वरुप स्वस्थ नागरिक र स्वच्छ समाजको रुपमा विकास भई दिगो विकास लक्ष्य हाँसिल गर्न मद्दत पुग्दछ।

### ५.३.२ प्रमुख समस्या

गण्डकी प्रदेशका सबै नागरिकहरूले अपेक्षा गरेअनुरुपको स्वास्थ्य सेवाको सहज पहुँचमा कमी रहनु, स्वास्थ्य जनशक्ति उत्पादन र उपयोगबीच सामन्जस्यता हुन नसक्नु, स्वास्थ्य संस्थाहरूमा आवश्यकता अनुसारको आधुनिक उपकरण र विशेषज्ञ चिकित्सकको कमी हुनु, सर्ने तथा नसर्ने रोगहरू, कुपोषण, दुर्घटना तथा विपद्जन्य स्वास्थ्य समस्याहरू विद्यमान रहनु, विश्वव्यापीकरणसँगै खानपान तथा जीवन शैलीमा आएको परिवर्तनले नसर्ने रोगहरूको भार तथा मानसिक समस्याहरू बढ्दै जानु, जलवायु परिवर्तनले स्वास्थ्य क्षेत्रमा प्रतिकुल प्रभाव पर्नु, बढ्दो खाद्य असुरक्षा तथा प्राकृतिक विपद्ले हुने मानवीय स्वास्थ्य समस्याहरू र प्रतिजैविक औषधिको (Antibiotic Medicine) समुचित प्रयोग हुन नसक्नु, मातृ मृत्युदर अपेक्षित रुपमा घटाउन नसक्नु, प्रजनन् उमेरका महिला र पाँच वर्षमुनिका बालबालिकाहरूको पोषणमा सुधार हुन नसक्नु, स्वास्थ्य सेवामा निजी क्षेत्रको व्यवस्थापन तथा नियमन यथोचित हुन नसक्नु जस्ता समस्याहरू रहेका छन् ।

### ५.३.३ चुनौती र अवसर

**चुनौती**

संघीयताको मर्म र भावना अनुरुप प्रदेशका सबै क्षेत्रमा नागरिकको समतामूलक पहुँच स्थापित गर्नु, निःशुल्क आधारभूत तथा गुणस्तरीय स्वास्थ्य सेवालाई सबै स्थानीय तहबाट सर्वसुलभ रुपमा उपलब्ध गराउनु, स्वास्थ्य उपचारमा रहेको उच्च व्यक्तिगत खर्च घटाउनु, वित्तीय स्रोतको परिमाणको निर्धारण र उपलब्धताको सुनिश्चितता गर्नु, प्रदेशमा औषधीको उत्पादन, वितरण तथा नियमनलाई स्वास्थ्य सेवाप्रवाहसँगै सन्तुलन गर्नु, बढ्दो शहरीकरण, बदलिँदो जीवनशैली तथा आहार-व्यवहार (Food Habit) र आम नागरिकमा स्वास्थ्य सम्बन्धी सचेतना जगाउनु, स्वास्थ्य क्षेत्रमा बढ्दो निजी तथा गैरसरकारी स्वास्थ्य सेवाको दायरा, समन्वय, सहकार्य तथा नियमन गर्ने कार्य चुनौतीपूर्ण रहेका छन् ।

**अवसर**

संविधानले प्रत्याभूत गरेका स्वास्थ्य सेवासम्बन्धी नीति तथा कानूनहरूको निर्माण भैरहेको, प्रदेश तथा स्थानीय तहले स्वास्थ्य समस्याहरूको पहिचान गरी स्रोत साधनको परिचालन गर्ने वातावरणको सिर्जना भएको, स्वास्थ्य क्षेत्रमा नागरिकको चेतना तथा चासो बढ्दै गएको, दक्ष स्वास्थ्यकर्मीहरूको उपलब्धतामा वृद्धि भैरहेको, स्वास्थ्य बीमा र आधारभूत स्वास्थ्य सेवाको विकास तथा विस्तार हुदै गएको जस्ता अवसरहरू रहेका छन् ।

### ५.३.४ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

**सोच**

स्वस्थ र सुखी नागरिक ।

**लक्ष्य**

गुणस्तरीय स्वास्थ्य सेवामा सबै नागरिकहरूको पहुँच विस्तार गर्ने ।

**उद्देश्य**

१. निःशुल्क आधारभूत, गुणस्तरीय एवम् विशिष्टीकृत स्वास्थ्य सेवामा नागरिकको पहुँच विस्तार गर्नु ।
२. आम नागरिकमा स्वास्थ्य सम्बन्धी सचेतना अभिवृद्धि गर्नु ।
३. स्वास्थ्य सम्बन्धी विपद् जोखिम न्यूनीकरण गर्नु ।
४. स्वास्थ्य सेवाको व्यवस्थापन सुदृढीकरण गर्नु ।

### ५.३.५ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १: निशुल्क र गुणस्तरीय आधारभूत स्वास्थ्य सेवामा सबै नागरिकको पहुँच सुनिश्चित गर्नु ।** | |
| १.१ निःशुल्क स्वास्थ्य सेवालाई थप प्रभावकारी बनाउने । | १.१.१ प्राथमिक अस्पताल, प्रदेशअन्तर्गत सरुवा रोग अस्पताल र द्वितीय तहको अस्पताल, प्रादेशिक अस्पतालहरू स्थापना तथा सञ्चालन गरिनेछ ।<br>१.१.२ जीवनपथको अवधारणा अनुरुप स्वस्थ्य सेवालाई सुधार गर्दै विस्तार गरिनेछ । स्वास्थ्य सेवाहरूलाई ज्येष्ठ नागरिक, लैङ्गिक तथा अपाङ्गमैत्री बनाइनेछ ।<br>१.१.३ आधुनिक विधि र निश्चित मापदण्ड विकास गरी स्वास्थ्य संस्थाको संख्या, प्रकार, स्थान तथा आवश्यक स्वास्थ्य जनशक्तिको निर्धारण गर्न गुरुयोजना तयार गरी लागू गरिनेछ र क्रमशः समयसापेक्ष रूपमा पेशागत जनशक्तिको व्यवस्था तथा क्षमता अभिवृद्धि गरिनेछ ।<br>१.१.४ एक चिकित्सक र स्वास्थ्यकर्मी एक स्वास्थ्य संस्थाको अवधारणालाई लागू गर्न तथा सेवाको पहुँच विस्तार गर्नका लागि सरकारी अस्पतालहरूमा अतिरिक्त सुविधासहितको विस्तारित स्वास्थ्य सेवा कार्यान्वयन गरिनेछ ।<br>१.१.५ नयाँ प्रविधिजन्य स्वास्थ्य सामग्रीहरूका साथै औषधी तथा औषधीजन्य सामग्रीको उत्पादन, आयात, भण्डारण, वितरण तथा प्रयोगको नियमन तथा व्यवस्थापन गरिनेछ ।<br>१.१.६ मानसिक तथा दन्त स्वास्थ्य सेवाको पहुँचलाई सबै तहमा विस्तार गरिनेछ ।<br>१.१.७ जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र र अञ्चल आयुर्वेद औषधालयको स्तरोन्नति गरिनेछ, स्थानीय तहसँगको सहकार्यमा प्रत्येक स्थानीय तहमा क्रमश एक आयुर्वेद केन्द्रको स्थापना तथा सञ्चालन गरिनेछ ।<br>१.१.८ आयुर्वेद चिकित्सा, प्राकृतिक चिकित्सा तथा अन्य चिकित्सा पद्धति तथा सेवाहरूलाई सञ्चालन गरिनेछ । |
| १.२ गुणस्तरीय विशिष्टीकृत स्वास्थ्य सेवामा नागरिकको पहुँच सुनिश्चित गर्ने । | १.२.१ विशेषज्ञ स्वास्थ्य सेवा तथा आयुर्वेदलगायत अन्य स्वास्थ्य सेवालाई बीमामार्फत् उपलब्ध गराइनेछ ।<br>१.२.२ अस्पताल तथा अन्य स्वास्थ्य संस्थाहरूबाट सिर्जना हुने फोहोरको उचित व्यवस्थापन गरिनेछ ।<br>१.२.३ विशेषज्ञ घुम्ती स्वास्थ्य सेवा तथा शिविर कार्यक्रमको सञ्चालन गरिनेछ ।<br>१.२.४ स्थानीय स्तरमा उपलब्ध औषधीजन्य जडीबुटी, खनिज एवम् जान्तव द्रव्यको पहिचान, संरक्षण, सङ्कलन र प्रवर्द्धनका लागि संरचना निर्माण गरिनेछ ।<br>१.२.५ प्रदेश खाद्य तथा औषधी गुणस्तर जाँच प्रयोगशाला र रेफरेन्स प्रयोगशाला स्थापना तथा सञ्चालन गरिनेछ ।<br>१.२.६ विशिष्टीकृत् स्वास्थ सेवाको लागि महिला तथा वाल अस्पताल, अर्बुदरोग, मृगौला तथा मुटुको एकीकृत् अस्पतालहरू स्थापना गरिनेछ । |
| **उद्देश्य २: आम नागरिकमा स्वास्थ्य सम्बन्धी सचेतना अभिवृद्धि गर्नु ।** | |

| रणनीति | कार्यनीति |
|---|---|
| २.१ जनताको व्यवहार परिवर्तनको लागि प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गर्ने । | २.१.१ "**मेरो स्वास्थ्य मेरो जिम्मेवारी**" लाई प्रभावकारी बनाइनेछ ।<br>२.१.२ स्वास्थ्यलाई प्रतिकुल असर पार्ने सुर्तीजन्य, मदिरा, रासायनिक, विषादि तथा अखाद्य वस्तुहरूको मिसावट र प्रयोगलाई नियन्त्रण तथा नियमन गरिने छ ।<br>२.१.३ कुपोषण न्यूनीकरण गर्न गुणस्तरीय एवम् स्वास्थ्यवर्द्धक खाद्य पदार्थको पहुँच र उपभोग बढाउँदै स्वस्थ बानी र व्यवहारलाई प्रवर्द्धन गरिनेछ । |
| **उद्देश्य ३: स्वास्थ्य सम्बन्धी विपद् जोखिम न्यूनीकरण गर्नु ।** | |
| ३.१ जनस्वास्थ्य विपद् व्यवस्थापनका एकीकृत् उपायहरू अवलम्बन गर्ने । | ३.१.१ विपद् तथा महामारीको तत्काल सम्वोधन, एम्बुलेन्स सेवाको एकीकृत् विकास, साधन सम्पन्न तालिम प्राप्त चिकित्सक र स्वास्थ्यकर्मीको टोलीलाई परिचालन गरिनेछ ।<br>३.१.२ विपद्को प्रभावकारी व्यवस्थापनका लागि एयरलिफ्टिङ्ग समेतको व्यवस्था गरिनेछ । |
| **उद्देश्य ४: स्वास्थ सेवाको ब्यवस्थापन सुदृढीकरण गर्नु ।** | |
| ४.१ स्वाथ्यसम्बन्धी निर्णय प्रक्रियालाई तथ्यमा आधारित बनाउँदै लग्नका लागि अनुसन्धान तथा विकासमा जोड दिने र सबै विकास कार्यक्रममा स्वास्थ्यलाई एकीकृत् गदै लैजाने । | ४.१.१ सर्ने तथा नसर्ने रोगहरूको अध्ययन, अनुसन्धान, निगरानी, रोकथाम, नियन्त्रण, निवारण, उन्मूलन तथा नियमनका कार्यक्रमहरू रणनीति तयार गरी प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ ।<br>४.१.२ स्वास्थ्य अनुसन्धानमा विश्वविद्यालय तथा प्राज्ञिक क्षेत्रसँग सहकार्य गर्दै स्वास्थ्यसम्बन्धी निर्णय प्रक्रियालाई तथ्यमा आधारित बनाइनेछ ।<br>४.१.३ एकीकृत् स्वास्थ्य सूचना प्रणाली तथा रोगको निगरानीलाई प्रविधिमैत्री बनाउँदै यसको अधिकतम प्रयोग गरिनेछ ।<br>४.१.४ अस्पतालहरूमा Electronic Medical Record पद्धतिलाई क्रमशः लागू गरिनेछ । |

### ५.३.६ कार्यक्रमका प्राथमिकता

१. जिल्ला अस्पतालहरूको सुदृढीकरण गर्ने ।
२. विशिष्टीकृत अस्पतालहरू (सरुवारोग, महिला तथा बाल, मुटु, मृगौला र क्यान्सर) को स्थापना र सञ्चालन गर्ने ।
३. नेपाल सरकार र स्थानीय तहको सहकार्यमा आधारभूत स्वास्थ्य सेवाको पहुँच सबै नागरिकलाई पुऱ्याउने ।
४. कुपोषण न्यूनीकरण गर्ने ।

## ५.३.७ विस्तृत कार्यक्रम

| क्र.सं. | उद्देश्य नं. | रणनीति नं. | कार्यनीति नं. | संकेत नं. | कार्यक्रम | इकाई | आधार वर्ष ०७५/७६ | लक्ष्य २०७६/७७ | लक्ष्य २०७७/७८ | लक्ष्य २०७८/७९ | लक्ष्य २०७९/८० | लक्ष्य २०८०/८१ | योजना अवधिको जम्मा लक्ष्य | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | १ | १.१ | १.१.१ | ग | प्रदेश अन्तर्गतका अस्पतालहरूको हरेक वर्ष स्तरोन्नति गर्ने (जिल्ला) | संख्या | | ११ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ११ | साविम |
| २ | | | १.१.२ | ख | स्वास्थ्य संस्थालाई क्रमिक रुपमा ज्येष्ठ नागरिक, लैङ्गिक तथा अपाङ्ग मैत्री बनाउने | संख्या | | | ४ | ४ | ४ | १० | २२ | " |
| ३ | | | | ख | स्वास्थ्य केन्द्रमा सर्पदंश उपचार केन्द्र स्थापना | संख्या | | ११ | १ | १ | | | १३ | " |
| ४ | | | | ख | High altitude Sickness Treatment Center स्थापना र सञ्चालन | संख्या | | १ | १ | १ | १ | १ | ५ | " |
| ५ | | | १.१.३ | ग | गुरुयोजना बनाई स्वास्थ्य जनशक्तिको व्यवस्थापन | संख्या | | | १ | सञ्चालन | सञ्चालन | सञ्चालन | १ | " |
| ६ | | | | ग | स्वास्थ्य सम्वन्धी नीति, ऐन, मापदण्ड, कार्यविधि, निर्देशिका आदी तयार | संख्या | | १ | | | | | १ | " |
| ७ | | | | ख | प्रदेश स्वास्थ्य प्रोफाइल तयारी र प्रकाशन | संख्या | | १ | | | | | १ | " |
| ८ | | | १.१.४ | क | एक स्वास्थ्य संस्था एक अतिरिक्त चिकित्सक र स्वास्थ्यकर्मी व्यवस्थापन (अस्पताल) | संख्या | | | ११ | सञ्चालन | सञ्चालन | सञ्चालन | ११ | " |
| ९ | | | | ग | एक वडा एक स्वास्थ्य संस्था नीति अनुसार स्वास्थ्य संस्था नभएका वडाहरूमा स्वास्थ्य संस्थाको निर्माण र सञ्चालन | संख्या | ५४७ | ४० | ४० | ४० | ४० | ५२ | २१२ | " |
| १० | | | | क | सरकारी स्वास्थ्यसंस्थाहरूले दुर्गम स्थानहरूमा चिकित्सक सहितको विस्तारित सेवा सञ्चालन | संख्या | | तयारी | १० | १० | १० | १० | ४० | " |
| ११ | | | | ख | स्वास्थ्य सँस्थाहरूमा नागरिकहरूको पहुँच अभिवृद्धि गर्न सचेतना कार्यक्रम सञ्चालन गर्ने | संख्या | | ११ | ११ | ११ | ११ | ११ | ५५ | " |
| १२ | | | १.१.५ | क | औषधी उत्पादन, वितरण र भण्डारण सम्बन्धी नीति नियम र मापदण्ड तयारी | संख्या | | तयारी | १ | | | | १ | " |
| १३ | | | | ग | स्वास्थ्यकर्मीलाई नयाँ प्रविधिवारे वार्षिक रुपमा अद्यावधिक गर्ने (कार्यक्रम) | संख्या | | ११ | ११ | ११ | ११ | ११ | ५५ | " |
| १४ | | | १.१.६ | क | सरकारी जिल्ला अस्पतालहरूमा मानसिक तथा दन्त स्वास्थ्य सेवाको विस्तार | संख्या | | तयारी | ११ | सञ्चालन | सञ्चालन | सञ्चालन | ११ | " |
| १५ | | | | क | जिल्ला अस्पतालहरू मार्फत् मनोसामाजिक परामर्श कार्यक्रम सञ्चालन | संख्या | | तयारी | ११ | सञ्चालन | सञ्चालन | सञ्चालन | ११ | " |

| क्र.सं. | उद्देश्य नं. | रणनीति नं. | कार्यनीति नं. | संकेत नं. | कार्यक्रम | इकाई | आधार वर्ष ०७५/७६ | लक्ष्य | | | | | योजना अवधिको जम्मा लक्ष्य | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | |
| १६ | | | १.१.७ | क | आयुर्वेद स्वास्थ्य संस्थाहरूको स्तरोन्नति गर्ने | संख्या | | तयारी | २ | ३ | ३ | ३ | ११ | साविम |
| १७ | | | १.१.८ | क | आयुर्वेद तथा बैकल्पिक चिकित्सा पद्धतिको विकास | संख्या | | तयारी | २ | ३ | ३ | ३ | ११ | " |
| १८ | | | | क | आयुर्वेद स्वास्थ्य केन्द्रमा शारीरिक शिक्षाका लागि योग तथा व्यायाम | संख्या | | तयारी | ११ | सञ्चालन | सञ्चालन | सञ्चालन | ११ | " |
| १९ | | १.२ | १.२.१ | ग | स्वास्थ्य बीमा कार्यक्रमको विस्तार (जिल्ला) | संख्या | ५ | ६ | सञ्चालन | सञ्चालन | सञ्चालन | सञ्चालन | ११ | " |
| २० | | | १.२.२ | क | स्वास्थ्य संस्थाहरूको अस्पतालजन्य फोहोर व्यवस्थापन | संख्या | | ४ | २ | २ | २ | १ | ११ | " |
| २२ | | | १.२.३ | क | प्रदेशका दुर्गम जिल्लाहरूमा विशेषज्ञ सहितको स्वास्थ्य शिविरहरू सञ्चालन (वार्षिक) | संख्या | | १ | १ | १ | १ | १ | ५ | " |
| २३ | | | १.२.४ | क | जडीबुटी क्षेत्रमा समावेश भएको (४.७) | | | | | | | | | " |
| २४ | | | १.२.५ | ग | रेफेरेन्स प्रयोगशाला स्थापना तथा सञ्चालन | संख्या | | १ | | | | | १ | " |
| २५ | | | | ग | औषधीको गुणस्तर परीक्षण प्रयोगशाला स्थापना | संख्या | | तयारी | १ | | | | १ | " |
| २६ | | | १.२.६ | क | विशिष्टकृत महिला तथा बाल अस्पताल स्थापना | संख्या | | तयारी | १ | | | | १ | " |
| २७ | | | | ग | क्यान्सर, मृगौला तथा मुटुरोगको विशिष्टीकृत अस्पताल स्थापना | संख्या | | तयारी | तयारी | तयारी | १ | | १ | " |
| | | | | ग | सरुवा रोग अस्पतालको स्थापना | संख्या | | | तयारी | १ | | | १ | " |
| २८ | २ | २.१ | २.१.१ | क | एकीकृत् स्वास्थ्य सेवा कार्यक्रम सञ्चालन | संख्या | | १ | १ | १ | १ | १ | ५ | " |
| २९ | | | | ख | स्थानीय तहसँगको समन्वयमा स्वास्थ्य सम्बन्धी विद्युतीय पारिवारिक विवरण (Electronic Family Health Profile) तयार पार्ने | प्याकेज | | | १ | | | | १ | " |
| ३० | | | २.१.२ | क | स्वास्थ्यलाई असर पार्ने मदिरा, विषादि, रासायनिक पदार्थ तथा अखाद्यवस्तुको मिसावट र प्रयोगलाई नियन्त्रण र नियमन | संख्या | | तयारी | १ | १ | १ | १ | ५ | " |
| ३१ | | | २.१.३ | क | कुपोषण न्यूनीकरणका लागि स्वस्थ बानी र व्यवहारको प्रवर्द्धन | प्याकेज | | १ | सञ्चालन | सञ्चालन | सञ्चालन | सञ्चालन | १ | " |
| ३२ | | | | ख | प्रत्येक पालिकामा पोषण विषय हेर्ने एक बहुक्षेत्रीय समिति गठन गर्ने | संख्या | | ८५ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ८५ | " |

| क्र.सं. | उद्देश्य नं | रणनीति नं | कार्यनीति नं | संकेत नं | कार्यक्रम | इकाई | आधार वर्ष ०७५/७६ | लक्ष्य | | | | | योजना अवधिको जम्मा लक्ष्य | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | |
| ३३ | ३ | ३.१ | ३.१.१ | क | विपद् तथा महामारीको तत्काल सम्बोधनका लागि चिकित्सकसहितको टोली परिचालन | प्याकेज | | १ | सञ्चालन | सञ्चालन | सञ्चालन | सञ्चालन | १ | साविम |
| ३४ | | | | क | एम्बुलेन्स सेवाको एकीकृत् विकास गरी तालिम प्राप्त चिकित्सक तथा स्वास्थ्यकर्मीको परिचालन | प्याकेज | | तयारी | १ | सञ्चालन | सञ्चालन | सञ्चालन | १ | " |
| ३५ | | | | क | गर्भवती महिला प्रतिक्षा गृह सञ्चालन | संख्या | | | ११ | | | | ११ | " |
| ३७ | | | | ख | हाइवे मोवाइल अस्पतालको निरन्तरता | संख्या | ३ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ३ | " |
| ३८ | | | ३.१.२ | क | गर्भवती, सुत्केरी तथा नवजात शिशुको जटिलतामा व्यवस्थापन गर्न Air Lifting | प्याकेज | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १ | " |
| ३९ | | | | क | विपद्को व्यवस्थापनका लागि Air Lifting | प्याकेज | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १ | " |
| ४० | ४ | ४.१ | ४.१.१ | क | सर्ने तथा नसर्ने रोगको रोकथाम र नियन्त्रण | प्याकेज | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १ | " |
| ४१ | | | | क | सर्ने तथा नसर्ने रोगको अध्ययन र अनुसन्धान | संख्या | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १ | " |
| ४२ | | | | क | सर्ने तथा नसर्ने रोगको नियन्त्रण सम्बन्धी नीति, नियम र मापदण्ड तयारी | संख्या | | तयारी | १ | | | | १ | " |
| ४३ | | | | ख | क्षयरोग, कुष्ठरोग, औलो, एच आई भि / एडस रोगका एकीकृत् सर्भिलेन्स कार्यक्रम | पटक | | १ | १ | १ | १ | १ | ५ | " |
| ४४ | | | ४.१.२ | क | स्वास्थ्यसँग सम्बन्धित अध्ययन अनुसन्धान | संख्या | १ | सञ्चालन | सञ्चालन | सञ्चालन | सञ्चालन | सञ्चालन | | " |
| ४५ | | | ४.१.३ | क | स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीलाई अध्यावधिक गर्ने | प्याकेज | | तयारी | १ | सञ्चालन | सञ्चालन | सञ्चालन | | " |
| ४६ | | | | क | व्यक्तिगत स्वास्थ्य अभिलेख प्रणाली (Smart Health Card) प्रयोग सम्बन्धमा सम्भाव्यता अध्ययन | प्याकेज | | तयारी | | १ | | | १ | " |
| ४७ | | | ४.१.४ | क | अस्पतालहरूमा इलेक्ट्रोनिक मेडिकल रेकर्ड प्रणालीको स्थापना | प्याकेज | | तयारी | | १ | | | १ | " |

### ५.३.८ नतिजा

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७५/७६ | उपलब्धि २०७६/७७ | उपलब्धि २०७७/७८ | उपलब्धि २०७८/७९ | उपलब्धि २०७९/८० | उपलब्धि २०८०/८१ | योजना अवधिको उपलब्धि | पुष्ट्याइँको स्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान | प्रससं | दिविलसं | दीरालसं | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **प्रभाव** | **गुणस्तरीय स्वास्थ्य सेवामा सबै नागरिकहरूको पहुँच विस्तार भएको हुने** | **मातृ मृत्युदर प्रति १००,००० जीवित जन्ममा** | **दर** | २३९ | | | | | | ९९ | **नेस्वाजस प्रतिवेदन** | **साविम** | | ६ | ३ | २ | |
| | | **५ वर्ष मुनिका वाल मृत्युदर प्रतिहजार जीवित जन्ममा** | **दर** | २७ | २६ | २५ | २४ | २३ | २२ | २२ | " | " | | ६ | ३ | २ | |
| | | **शिशु मृत्युदर प्रतिहजार जीवित जन्ममा** | **दर** | २३ | २२ | २० | १८ | १७ | १७ | १७ | " | " | | ६ | ३ | २ | |
| | | **नबजात शिसु मृत्युदर प्रतिहजार जीवित जन्ममा** | **दर** | १५ | १४ | १३ | १२ | ११ | १० | १० | " | " | | ६ | ३ | २ | |
| | | **प्रतिमहिला प्रजनन दर** | **दर** | २ | | | | | २.१ | २.१ | " | " | | ६ | ३ | २ | |
| **असर १** | निःशुल्क आधारभूत, गुणस्तरीय एवम् विशिष्टीकृत स्वास्थ्य सेवामा सबै नागरिकको पहुँच विस्तार भएको हुने | दक्ष प्रसूतीकर्मिको सहयोगमा गराइएको बच्चा जन्मको अनुपात | अनुपात | ६९.९ | ७२ | ७४ | ७६ | ७८ | ८० | ८० | " | " | | ६ | ३ | २ | |
| | | मापदण्ड अनुसार चारपटक प्रसवपूर्व स्वास्थ्य जाँच/सेवा प्राप्त गर्ने महिलाहरूको प्रतिशत (जीवित जन्ममा) | प्रतिशत | ५९ | ६३ | ६७ | ७२ | ७६ | ८२ | ८२ | " | " | | ६ | ३ | २ | |
| | | अस्पताल र स्वास्थ्य संस्थामा बच्चा जन्माउने प्रतिशत | प्रतिशत | ६८ | ६९.५ | ७१ | ७२.५ | ७४ | ७५ | ७५ | " | " | | ६ | ३ | २ | |
| | | मापदण्ड अनुसार तीन पटक प्रसवोत्तर सेवा प्राप्त गर्ने महिलाहरूको प्रतिशत | प्रतिशत | १४ | २४ | ३४ | ४४ | ५५ | ६५ | ६५ | " | " | | ६ | ३ | २ | |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७५/७६ | उपलब्धि | | | | | योजना अवधिका उपलब्धि | पुष्ट्याइँको स्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान | प्रससं | दिविलसं | दीरालसं | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | | | | | | | |
| | | हेपाटाइटिसस बी खोपको तीन डोज प्राप्त गर्ने शिशुहरूको प्रतिशत | प्रतिशत | ९४.७ | ९५ | ९५ | ९५ | ९५ | ९५ | ९५ | नेस्वाजस प्रतिवेदन | साविम | | ६ | ३ | २ | |
| | | घरबाट स्वास्थ्य संस्थामा पुग्न ३० मिनेट वा सोभन्दा कम समय लाग्ने घरपरिवारहरूको प्रतिशत | प्रतिशत | ५३.७ | ५८ | ६३ | ६८ | ७३ | ७७ | ७७ | " | " | | ६ | ३ | २ | |
| | | कुल पारिवारिक आम्दानीको ठूलो हिस्सा स्वास्थ्यका लागि खर्च गर्ने जनसंख्याको अनुपात (प्रतिशत) | अनुपात | ८.३ | ७ | ६.५ | ६ | ५.५ | ५ | ५ | " | " | | ६ | ३ | २ | |
| | | राष्ट्रिय कार्यक्रममा समावेश गरिएको सबै खोपहरूले समेटेको लक्षित जनसंख्याको अनुपात | अनुपात | ९३ | ९४ | ९५ | ९६ | ९८ | १०० | १०० | " | " | | ६ | ३ | २ | |
| | | पहिलो बच्चा जन्माउने औसत उमेर (प्रजननयोग्य उमेरका महिला) | प्रतिशत | २०.६ | २१.० | २१.५ | २२ | २२.३ | २२.६ | २२.६ | " | " | | ६ | ३ | २ | |
| | | किशोरी अबस्थाको (प्रजनन योग्य उमेरका महिलाको अनुपात) प्रजनन् | प्रतिशत | १४ | १२ | १० | ८ | ६ | ५ | ५ | " | " | | ६ | ३ | २ | |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७५/७६ | उपलब्धि | | | | | योजना अवधिका उपलब्धि | पुष्ट्याइँको स्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान | प्रससं | दिविलसं | दीरालसं | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | | | | | | | |
| प्रतिफल १.१ | प्राथमिक अस्पताल, प्रदेश अन्तर्गत द्वितीय तहको अस्पताल, प्रादेशिक अस्पतालहरूको स्थापना तथा सञ्चालन भएको हुने | प्रदेश अन्तर्गतका स्तरोन्नति भएका अस्पतालहरूको संख्या | संख्या | | ४ | ४ | १ | १ | १ | ११ | साविमको वार्षिक प्रतिवेदन | साविम | समयमै आवश्यक बजेट र स्रोत साधनको व्यवस्था हुने | ६ | ३ | २ | |
| प्रतिफल १.२ | जीवनपथको अवधारणा अनुरुप स्वास्थ्य सेवा सुधार हुँदै विस्तार भएको हुने र स्वास्थ्य सेवाहरू ज्येष्ठ नागरिक, लैङ्गिक तथा अपाङ्गमैत्री भएका हुने | ज्येष्ठ नागरिक, लैङ्गिक तथा अपाङ्ग मैत्री स्वास्थ्य संस्थाहरूको संख्या | संख्या | | | ४ | ४ | ४ | १० | १० | " | " | " | ६ | ३ | २ | |
| प्रतिफल १.३ | स्वास्थ्य गुरुयोजना तयार गरी लागू भएको हुने | गुरुयोजनाका आधारमा स्वास्थ्य जनशक्तिको व्यवस्थापन | प्याकेज | | | १ | | | १ | १ | " | " | " | ६ | ३ | २ | |
| | | स्वास्थ्य सम्वन्धी नीति, ऐन, मापदण्ड, कार्यविधी, निर्देशिका आदिको निर्माण | संख्या | | २ | | | | | २ | " | " | " | ६ | ३ | २ | |
| | | प्रदेश स्वास्थ्य प्रोफाइलको तयारी र प्रकाशन | संख्या | | १ | | | | | १ | " | " | " | ६ | ३ | २ | |
| प्रतिफल १.४ | एक स्वास्थ्य संस्था एक अतिरिक्त चिकित्सक र स्वास्थ्यकर्मी अवधारणा कार्यान्वयन भएको हुने | सरकारी जिल्ला अस्पतालहरूमा चिकित्सक सहितको सेवा सञ्चालन | जिल्ला संख्या | | तयारी | १० | सञ्चालन | सञ्चालन | सञ्चालन | ११ | " | " | " | ६ | ३ | २ | |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७५/७६ | उपलब्धि | | | | | योजना अवधिका उपलब्धि | पुष्ट्याइँको स्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान | प्रससं | दिविलसं | दीरालसं | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | | | | | | | |
| | | एक वडा एक स्वास्थ संस्था नीति अनुसार स्वास्थ संस्था नभएका वडामा स्वास्थ संस्थाको निर्माण (नयाँ निर्माण हुने स्वास्थ संस्थाको संख्या) | संख्या | ५४७ | ४० | ४० | ४० | ४० | ५२ | २१२ | नेस्वाजस प्रतिवेदन | साविम | नेपाल सरकारले सहयोग गर्ने | ६ | ३ | २ | |
| | | स्वास्थ्य सँस्थाहरूमा नागरिकहरूको पहुँच अभिवृद्धि गर्ने कार्यक्रम | प्याकेज | | १ | | | | | १ | " | " | | ६ | ३ | २ | |
| प्रतिफल १.५ | नयाँ प्रविधिजन्य स्वास्थ्य सामग्रीहरूका साथै औषधी तथा औषधीजन्य सामग्रीको उत्पादन, आयात, भण्डारण, वितरण तथा प्रयोगको नियमन तथा व्यवस्थापन भएको हुने | औषधी उत्पादन, वितरण र भण्डारण सम्बन्धी नीति नियम र मापदण्ड निर्माण | संख्या | | तयारी | १ | सञ्चालन | सञ्चालन | सञ्चालन | १ | " | " | सबै सरोकार वालाको सहयोग रहने | ६ | ३ | २ | |
| | | प्रयोगमा आएका नयाँ प्रविधिजन्य स्वास्थ्य सामग्रीहरूको संख्या | संख्या | | तयारी | ११ | सञ्चालन | सञ्चालन | सञ्चालन | ११ | " | " | बजेट र स्रोत साधनको व्यवस्था हुने | ६ | ३ | २ | |
| प्रतिफल १.६ | मानसिक स्वास्थ्य तथा दन्त सेवाको पहुँच सबै तहमा विस्तार भएको हुने | मानसिक तथा दन्त स्वास्थ्य सेवाको विस्तार भएका सरकारी स्वास्थ्य संस्थाहरूको संख्या | वटा | | तयारी | ११ | सञ्चालन | सञ्चालन | सञ्चालन | ११ | " | " | " | ६ | ३ | २ | |
| | | मनोसामाजिक परामर्श कार्यक्रमको सञ्चालन | वटा | | तयारी | ११ | सञ्चालन | सञ्चालन | सञ्चालन | ११ | " | " | " | ६ | ३ | २ | |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७५/७६ | उपलब्धि | | | | | योजना अवधिका उपलब्धि | पुष्ट्याइँको स्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान | प्रससं | दिविलसं | दीरालसं | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | | | | | | | |
| प्रतिफल १.७ | जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र र अञ्चल आयुर्वेद औषधालयको स्तरोन्नति भएको हुने, | स्तरोन्नति भएका आयुर्वेद स्वास्थ्य संस्थाहरूको संख्या | वटा | | तयारी | २ | ३ | ३ | ३ | ११ | नेस्वाजस प्रतिवेदन | साविम | " | ६ | ३ | २ | |
| प्रतिफल १.८ | आयुर्वेद चिकित्सा, प्राकृतिक चिकित्सा तथा अन्य चिकित्सा पद्धति तथा सेवाहरूको सञ्चालन भएको हुने | विकास गरिएका आयुर्वेद तथा बैकल्पिक चिकित्सा पद्धतिको संख्या | वटा | | तयारी | २ | ३ | ३ | ३ | ११ | " | " | " | ६ | ३ | २ | |
| | | शारीरिक शिक्षाका लागि योगा तथा व्यायाम कार्यक्रमको संख्या | संख्या | | तयारी | ११ | सञ्चालन | सञ्चालन | सञ्चालन | ११ | " | " | " | ६ | ३ | २ | |
| प्रतिफल १.९ | विशेषज्ञ स्वास्थ्य सेवा तथा आयुर्वेद लगायत अन्य स्वास्थ्य सेवा बीमामार्फत् उपलब्ध भएको हुने | स्वास्थ्य बीमा कार्यक्रमको विस्तार भएका जिल्लाहरूको संख्या (जिल्ला) | संख्या | ५ | ६ | सञ्चालन | सञ्चालन | सञ्चालन | सञ्चालन | ११ | " | " | " | ६ | ३ | २ | |
| प्रतिफल १.१० | अस्पताल तथा अन्य स्वास्थ्य संस्थाहरूबाट सिर्जना हुने फोहोरको उचित व्यवस्थापन भएको हुने | अस्पतालजन्य फोहोर व्यवस्थापन भएका स्वास्थ्य संस्थाहरूको संख्या | संख्या | | ४ | २ | २ | २ | १ | ११ | " | " | " | ६ | ३ | २ | |
| प्रतिफल १.११ | विशेषज्ञ घुम्ती स्वास्थ्य सेवा तथा शिविर कार्यक्रमको सञ्चालन भएको हुने | स्वास्थ्य शिविर हरूको सञ्चालन | संख्या | | १ | १ | १ | १ | १ | ५ | " | " | " | ६ | ३ | २ | |
| प्रतिफल १.१२ | स्थानीय स्तरमा उपलब्ध औषधीजन्य जडीबुटी, प्रवर्द्धनका लागि संरचना निर्माण भएको हुने | स्थानीयस्तरमा उपलब्ध जडीबुटी उत्पादन र प्रशोधन केन्द्रको स्थापना र सञ्चालन | संख्या | | | ! | सञ्चालन | सञ्चालन | सञ्चालन | १ | " | " | " | ६ | ३ | २ | |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७५/७६ | उपलब्धि | | | | | योजना अवधिका उपलब्धि | पुष्ट्याइँको स्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान | प्रससं | दिविलसं | दीरालसं | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | | | | | | | |
| प्रतिफल १.१३ | प्रदेश खाद्य तथा औषधी गुणस्तर जाँच प्रयोगशाला र रेफरेन्स प्रयोगशालाको स्थापना तथा सञ्चालन भएको हुने | रेफेरेन्स प्रयोगशाला र गुणस्तर तथा खाद्य परीक्षण प्रयोगशालाको स्थापना र सञ्चालन | संख्या | | | | २ | सञ्चालन | सञ्चालन | २ | नेस्वाजस प्रतिवेदन | साविम | " | ६ | ३ | २ | |
| प्रतिफल १.१४ | विशिष्टीकृत सरुवा रोग, महिला तथा बाल अस्पताल, अर्बुदरोग, मृगौला तथा मुटुको एकीकृत् अस्पतालहरूको स्थापना भएको हुने | विशिष्टकृत सरुवा रोग, महिला तथा बाल अस्पताल र क्यान्सर, मृगौला तथा मुटुरोगको अस्पतालको स्थापना तथा सञ्चालन | संख्या | | तयारी | १ | १ | १ | सञ्चालन | ३ | " | " | " | ६ | ३ | २ | |
| असर २ | आम नागरिकमा स्वास्थ्य सम्बन्धी सचेतना अभिवृद्धि भएको हुने | नयाँ एचआईभी संक्रमणहरूको संख्या | संख्या | १०८ | | | | | ४५ | ४५ | " | " | | ६ | ३ | २ | |
| | | क्षयरोग लाग्ने दर (प्रति १ लाख जनसंख्यामा) | दर | ८१ | | | | | ३२ | ३२ | " | " | नेपाल सरकारसँग सहकार्य हुने | ६ | ३ | २ | |
| | | औलोज्वरो लाग्ने दर (प्रति लाख जनसंख्या) | दर | ३ | | | | | ० | ० | " | " | " | ६ | ३ | २ | |
| | | कुष्ठरोग लाग्ने दर (प्रति हजार जनसंख्या) | दर | ५ | | | | | २ | २ | " | " | " | ६ | ३ | २ | |
| | | हात्तीपाइलेका बिरामी | संख्या | ८३ | | | | | २० | २० | " | " | " | ६ | ३ | २ | |
| | | सक्रिय ट्रकोमाका बिरामी | संख्या | १०८३ | | | | | ८०० | ८०० | " | " | " | ६ | ३ | २ | |
| | | पछिल्लो दुई हप्तामा पखाला लागेका पाँच वर्षमुनिका बालबालिकाको प्रतिशत | प्रतिशत | ३.७ | | | | | ३ | ३ | " | " | " | ६ | ३ | २ | |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७५/७६ | उपलब्धि | | | | | योजना अवधिका उपलब्धि | पुष्ट्याइँको स्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान | प्रससं | दिविलसं | दीरालसं | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | | | | | | | |
| | | आधुनिक विधिका साधनद्वारा परिवार नियोजनसम्बन्धी आवश्यकताहरू पूरा भएका प्रजनन् उमेरका (१५ देखि ४९ वर्ष उमेरका) महिलाहरूको अनुपात | प्रतिशत | ४७.५ | | | | | ६९ | ६९ | " | साविम | " | ६ | ३ | २ | |
| | | परिवार नियोजनको साधनको व्यापकता दर (आधुनिक विधि) (प्रतिशत) | प्रतिशत | ३७.३ | | | | | ५३ | ५३ | " | " | " | ६ | ३ | २ | |
| | | प्रजननयोग्य उमेरका महिलामा परिवार नियोजनका साधनको न्यूनता | प्रतिशत | ३० | २७ | २४ | २२ | १९ | १६ | १६ | " | " | " | ६ | ३ | २ | |
| **प्रतिफल २.१** | (मेरो स्वास्थ्य मेरो जिम्मेवारी) प्रभावकारी भएको हुने | एकीकृत् स्वास्थ्य सेवा कार्यक्रमको सञ्चालन | संख्या | | १ | १ | १ | १ | १ | ५ | " | " | सरोकार वालाको सहयोग रहने | ६ | ३ | २ | |
| | | स्थानीय तहसँगको समन्वयमा स्वास्थ्य सम्बन्धी विद्युतीय पारिवारिक विवरण (Electronic Family Health Profile) तयार | प्याकेज | | | १ | | | | १ | " | " | स्थानीय तहको सहयोग रहने | ६ | ३ | २ | |
| **प्रतिफल २.२** | स्वास्थ्यलाई प्रतिकुल असर पार्ने सुर्तीजन्य, मदिरा, रासायनिक, विषादि तथा अखाद्य वस्तुहरूको मिसावट र प्रयोगमा नियन्त्रण तथा नियमन भएको हुने | स्वास्थ्यलाई असर पार्ने मदिरा, विषादी, रासायनिक पदार्थ तथा अखाद्यवस्तुको मिसावट र प्रयोगलाई नियन्त्रण र नियमन | संख्या | | १ | १ | १ | १ | १ | ५ | " | " | सबै सरोकार वालाको सहयोग रहने | ६ | ३ | २ | |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७५/७६ | उपलब्धि २०७६/७७ | उपलब्धि २०७७/७८ | उपलब्धि २०७८/७९ | उपलब्धि २०७९/८० | उपलब्धि २०८०/८१ | योजना अवधिका उपलब्धि | पुष्ट्याइँको स्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान | प्रससं | दिविलसं | दीरालसं | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रतिफल २.३ | कुपोषण न्यूनीकरण गर्न गुणस्तरीय एवम् स्वास्थ्यवर्दक खाद्य पदार्थको पहुँच र उपभोग बढ्दै स्वस्थ बानी र व्यवहारको प्रवर्द्धन भएको हुने | कुपोषण न्यूनीकरणका लागि स्वस्थ बानी र व्यवहारको प्रवर्द्धन | प्याकेज | | १ | सञ्चालन | सञ्चालन | सञ्चालन | सञ्चालन | १ | " | साविम | सबै सरोकार वालाको सहयोग रहने | ६ | ३ | २ | |
| असर ३ | स्वास्थ्य सम्बन्धी विपद् जोखिम न्यूनीकरण भएको हुने | जिल्ला अस्पतालले बिपद व्यवस्थापन योजना बनाएका हुने | संख्या | | ११ | सञ्चालन | सञ्चालन | सञ्चालन | सञ्चालन | ११ | " | " | | ६ | ३ | २ | |
| प्रतिफल ३.१ | विपद्को सम्वोधन गर्न स्वास्थ्यकर्मीको टोलीको परिचालन भएको हुने | विपद् तथा महामारीको तत्काल सम्वोधनका लागि टोली परिचालनको अवस्था | प्याकेज | | १ | सञ्चालन | सञ्चालन | सञ्चालन | सञ्चालन | १ | " | " | सरोकार वालाको सहयोग रहने | ६ | ३ | २ | |
| | | एम्बुलेन्स सेवाको एकीकृत् विकास गरी तालिम प्राप्त चिकित्सक तथा स्वास्थ्यकर्मीको परिचालन | प्याकेज | | तयारी | १ | सञ्चालन | सञ्चालन | सञ्चालन | १ | " | " | " | ६ | ३ | २ | |
| | | प्रदेश स्वास्थ्य आपतकालीन कार्य सञ्चालन कार्यक्रम | संख्या | | १ | १ | १ | १ | १ | ५ | " | " | " | ६ | ३ | २ | |
| | | सञ्चालनमा आएका गर्भवती महिला प्रतिक्षा गृहको संख्या | संख्या | | | तयारी | तयारी | ११ | ० | ११ | " | " | " | ६ | ३ | २ | |
| | | हाइवे मोवाइल अस्पतालको निरन्तरता | संख्या | | ३ | ० | २ | | | ५ | " | " | " | ६ | ३ | २ | |
| | | स्वास्थ्य केन्द्रमा सर्पदंश उपचार केन्द्रको स्थापना | संख्या | २ | २ | १ | १ | | | ४ | " | " | " | ६ | ३ | २ | |
| | | High Altitude Sickness Treatment Center स्थापना र सञ्चालन | संख्या | | | १ | सञ्चालन | सञ्चालन | सञ्चालन | १ | " | " | " | ६ | ३ | २ | |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७५/७६ | उपलब्धि | | | | | योजना अवधिका उपलब्धि | पुष्ट्याईंको स्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान | प्रससं | दिविलसं | दीरालसं | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | | | | | | | |
| प्रतिफल ३.२ | विपद्को प्रभावकारी व्यवस्थापनका लागि एयरलिफिटिङ समेतको व्यवस्था भएको हुने | गर्भवती, सुत्केरी तथा नवजात शिशुको जटिलतामा व्यवस्थापन गर्न Air Lifting | प्याकेज | १ | निरन्तरता | निरन्तरता | निरन्तरता | निरन्तरता | निरन्तरता | १ | " | साविम | " | ६ | ३ | २ | |
| असर ४ | स्वास्थ्य सेवाको व्यवस्थापन सुदृढ भएको हुने | स्वास्थ संस्थामा पुग्न ३० मिनेट वा सो भन्दा कम समय लाग्ने जनसंख्या | प्रतिशत | ६१.६ | | | | | ७४.४ | ६४.४ | " | " | " | ६ | ३ | २ | |
| प्रतिफल ४.१ | सर्ने तथा नसर्ने रोगहरूको नियन्त्रण कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन भएको हुने | सर्ने तथा नसर्ने रोगको रोकथाम र नियन्त्रण | प्याकेज | १ | सञ्चलन | सञ्चालन | सञ्चालन | सञ्चालन | सञ्चालन | १ | " | " | स्रोतसाधनको व्यवस्था हुने | ६ | ३ | २ | |
| प्रतिफल ४.२ | स्वास्थ्य अनुसन्धानमा विश्वविद्यालय तथा प्राज्ञिक क्षेत्रसँग सहकार्य हुने | स्वास्थ्यसँग सम्बन्धित अध्ययन अनुसन्धानको संख्या | संख्या | १ | तयारि | तयारी | १ | | १ | २ | " | " | " | ६ | ३ | २ | |
| प्रतिफल ४.३ | एकीकृत् स्वास्थ्य सूचना प्रणाली तथा रोगको निगरानी प्रविधिमैत्री बन्दै यसको अधिकतम प्रयोग भएको हुने | स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीलाई अध्यावधिक गर्ने | प्याकेज | | तयारी | १ | सञ्चालन | सञ्चालन | सञ्चालन | १ | " | " | " | ६ | ३ | २ | |
| | | व्यक्तिगत स्वास्थ्य अभिलेख प्रणाली (Smart Health Card) को विकास | प्याकेज | | तयारी | १ | सञ्चालन | सञ्चालन | सञ्चालन | १ | " | " | " | ६ | ३ | २ | |
| प्रतिफल ४.४ | अस्पतालहरूमा Electronic Medical Record पद्धति क्रमशः लागू भएको हुने | अस्पतालहरूमा इलेक्ट्रोनिक मेडिकल रेकर्ड प्रणालीको स्थापना र सञ्चालन | प्याकेज | | तयारी | १ | सञ्चालन | सञ्चालन | सञ्चालन | १ | " | " | " | ६ | ३ | २ | |

**लगानीः वार्षिक बजेट तथा कार्यक्रम, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम, बहुक्षेत्रीय पोषण कार्यक्रम, ट्रकोमा नियन्त्रण कार्यक्रम, एकीकृत् वाल स्वास्थ्य कार्यक्रम, स्वास्थ्य क्षेत्र सुदृढीकरण कार्यक्रम, स्वस्थ कार्यकर्ताको लागि क्षमता बृद्धि तालिम।**

## ५.४ जनसंख्या तथा बसाइँसराइँ

### ५.४.१ पृष्ठभूमि

नेपालको संविधानले जनसंख्या व्यवस्थापनलाई साझा अधिकारको कार्यसूचीमा पारेको छ। कार्य विस्तृतीकरणले जनसंख्या योजना, परिवार नियोजन र जनसंख्या व्यवस्थापनलाई संघ र प्रदेशको एवम् व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्धबिच्छेद, बसाइँसराइँ) सम्वन्धित तथ्याङ्क व्यवस्थापन गर्ने कार्य संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारको रूपमा लिएको छ । जनशक्ति विकासको परिचालक तथा प्रयोगकर्ताका साथै उत्पादक र उपभोक्ता समेत हो । सबै नागरिकको गुणस्तरीय जीवनयापनको लागि अवसरको वृद्धि गर्न जनसंख्या सम्बन्धी दीर्घकालीन योजना (२०६७-२०८७), राष्ट्रिय जनसंख्या नीति २०७१, दिगो विकास लक्ष्य र जनसंख्या र विकास सम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलनका कार्ययोजना कार्यान्वयनमा ल्याइएका छन् । गण्डकी प्रदेशमा राष्ट्रिय जनगणना २०६८ अनुसार जनसंख्याको वार्षिक बृद्धिदर ०.३३ प्रतिशत र जनसांख्यिक लाभांशको रूपमा रहेको उत्पादनशील जनसंख्या ५०.१ प्रतिशत रहेको छ भने नेपाल जनसांख्यिक स्वास्थ्य सर्वेक्षण २०७३ अनुसार कुल प्रजनन दर २.० बच्चा प्रति महिला रहेको छ ।

### ५.४.२ प्रमुख समस्या

जनसांख्यिक लाभांशको रूपमा रहेको उत्पादनशील युवा जनशक्ति विदेशिने क्रम जारी रहनु, ज्येष्ठ नागरिकको जनसंख्या बढ्दो क्रममा हुनु, विकासको असन्तुलित वितरण, जलवायु परिवर्तन र प्राकृतिक प्रकोप जस्ता कारणहरूले मानिसहरूको स्वतस्फूर्त बसाइँसराइँ प्रभावित भई जनसंख्याको वितरणमा प्रतिकुल प्रभाव पर्नु वा तीव्र रुपमा बढ्दै गएको शहरीकरणलाई व्यवस्थित गर्न नसक्नु, जनसंख्या व्यवस्थापन तथ्यमा आधारित भएर नीतिनिर्माण गर्न वा नीति तथा कार्यक्रमलाई सरकारी, गैरसरकारी, निजी क्षेत्र तथा नागरिक समाजबाट सञ्चालन र समन्वय गर्न संगठनात्मक संरचनाको अभाव हुनु तथा गरिबी, अशिक्षा, भौगोलिक विकटता, अव्यवस्थित बसोबास र सामाजिक कुरीतिले जनसंख्या र विकासका बीच असन्तुलन हुनु जस्ता यस क्षेत्रका प्रमुख समस्या हुन् ।

### ५.४.३ चुनौती र अवसर

**चुनौती**

राष्ट्रिय नीति तथा कार्यक्रमहरू तर्जुमा गर्दा जनसांख्यिक सूचक र आर्थिक तथा भौतिक विकासका सूचकहरूबीच तादात्म्यता तथा सन्तुलन कायम गर्नु, उत्पादनशील जनशक्तिलाई रोजगारीका माध्यमबाट स्वदेशमै राख्ने वातावरणको निर्माण गर्नु, स्वदेशबाट विदेश र विदेशबाट स्वदेशमा आई बसोबास गर्नेहरूको समुचित व्यवस्थापन गर्नु, विदेशमा सिकेको सीपलाई स्वदेशमा उपयोग गर्ने व्यवस्था मिलाउनु, उच्चदरमा बढ्दो ज्येष्ठ नागरिक जनसंख्याको व्यवस्थापन गर्नु, स्वास्थ्य, शिक्षा, रोजगारी र खानेपानी जस्ता आधारभूत सुविधा सहितको एकीकृत् बस्तीको विकास गर्नु, सन्तुलित तथा समानुपातिक विकास मार्फत् आन्तरिक बसाइँसराइँलाई व्यवस्थित गर्नु तथा स्थानीय तहमा जनसांख्यिकीय सूचना बैंकको निर्माण र विस्तार गर्नु जस्ता चुनौती रहेका छन् ।

**अवसर**

जनसंख्या सम्बन्धी दीर्घकालीन योजना रहनु, कुल जनसंख्यामा १५ देखि ५९ वर्ष उमेरका जनसंख्याको प्रतिशत उच्च रही जनसांख्यिक लाभको उच्चतम उपयोग गरी देशको आर्थिक र सामाजिक विकासमा योगदान पुर्‍याउन सकिने अवस्था रहनु, सानो तथा गुणस्तरीय परिवारको अवधारणालाई अधिकांश नागरिकले आत्मसात गर्नु, बसाइँसराइँको व्यवस्थापन एवम् विकासलाई एकसाथ लैजाने कार्यमा राज्यको उच्च प्राथमिकता रहनु, वैदेशिक रोजगारीबाट प्राप्त विप्रेषण एवम् सीपलाई राज्यको प्राथमिकता प्राप्त क्षेत्रमा लगानी हुने अनुकूल वातावरण हुनु, पूर्वाधार विकास, हिमाल र पहाडी क्षेत्रमा साना शहर निर्माण, रोजगारीका अवसरहरूको सिर्जना, एकीकृत् बस्ती विकास लगायतका कार्यक्रमहरू मार्फत् बसाइँसराइँको व्यवस्थापन गर्नुपर्छ भन्ने कुरामा सबैको एकमत रहनु, जनसंख्या र बसाइँसराइँ व्यवस्थापनमा अन्तर्राष्ट्रिय समुदायहरूको

चासो बढ्दै जानु तथा राज्यका संघ, प्रदेश र स्थानीय तहका सरकारबाट जनसंख्या र बसाइँसराइँ सम्बन्धी कार्यक्रम सञ्चालन गर्न सकिने, प्रदेशका ७५९ वडाकेन्द्रहरू क्रमशः प्रशासनिक तथा आर्थिक बिन्दुको रुपमा विकास हुँदै जानु, पालिकाहरूका सदरमुकामहरू क्रमशः विकास केन्द्रको रुपमा विकास हुँदै जानु जस्ता अवसरहरू रहेका छन् ।

### ५.४.४ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

**सोच**

स्वस्थ तथा सन्तुलित मानव बस्तीको विकास ।

**लक्ष्य**

जनसंख्या तथा बसाइँसराइँको प्रभावकारी व्यवस्थापन गर्ने ।

**उद्देश्य**

१. सबै नागरिकलाई स्वस्थ, सवल र सक्रिय बनाई जीवन स्तर वृद्धि गर्नु ।
२. बसाइँसराइँ तथा शहरीकरणको व्यवस्थापन र जनसांख्यिक लाभांशको सदुपयोग गर्नु ।
३. जनसंख्या सम्बन्धी अध्ययन तथा अनुसन्धानलाई संस्थागत गर्नु ।

### ५.४.५ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १ः निशुल्क र गुणस्तरीय आधारभूत स्वास्थ्य सेवामा सबै नागरिकको पहुँच सुनिश्चित गर्नु।** | |
| १.१ लैङ्गिक समानता र समावेशीकरणको माध्यमबाट जनसंख्या र विकासमा मूलप्रवाहीकरण गर्ने नीति लिंदै विद्यमान कानून तथा संस्थागत व्यवस्थामा सुधार गर्ने । | १.१.१ जनशक्ति विकासका लागि विस्तृत कार्य योजना बनाई लागु गरिनेछ ।<br>१.१.२ स्वास्थ्य, विकास कार्यक्रम र जनसंख्याबीच सामञ्जस्यता कायम गर्दै जनसंख्या व्यवस्थापनलाई समन्वयात्मक रूपमा सञ्चालन गरिनेछ ।<br>१.१.३ प्रदेश र स्थानीय तहमा जनसंख्या व्यवस्थापन कार्यलाई स्थानीय आवश्यकतानुसार सञ्चालन गर्न संस्थागत संयन्त्रको लागि पैरवी गरिनेछ । |
| २. जनसांख्यिक लाभांशको उच्चतम सदुपयोग गर्ने । | १.२.१ लैङ्गिक समानता र सामाजिक समावेशीकरणको मान्यता अनुरुप जनसंख्या तथा दिगो विकासका कार्यक्रमहरूमा लक्षित वर्गको सुनिश्चित गरिनेछ ।<br>१.२.२ व्यवस्थित परिवारको अवधारणालाई प्रोत्साहित गरिनेछ ।<br>१.२.३ ज्येष्ठ नागरिकको अनुभव, ज्ञान, क्षमता र सीपलाई समाज र राष्ट्र विकासमा लगाउने वातावरण सिर्जना गरिनेछ ।<br>१.२.४ ज्येष्ठ नागरिकहरूको लागि सामाजिक सुरक्षा (स्वास्थ्य बीमा लगायत) तथा सामाजिक संरक्षणका कार्यक्रमहरू तयार गरी सम्वोधन गरिनेछ ।<br>१.२.५ प्रादेशिक अस्पतालहरूमा जेरियाट्रिक वार्डहरूको विकास र विस्तार गरिनेछ साथै अन्य अस्पताल एवम् स्वास्थ्य संस्थाहरूमा पनि ज्येष्ठ नागरिकहरूको सहज पहुँचको लागि सामाजिक संघसंस्थाहरूसँग समन्वय र सहकार्य गरी दिवा स्याहार तथा स्वास्थ्य प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ ।<br>१.२.६ सीमान्तकृत् एवम् लोपोन्मुख जातिको (सियार, बोटे, बराम, चेपाङ्ग, दराई आदि) संरक्षण गर्न विशेष कार्यक्रम सञ्चालन र संस्थागत व्यवस्था समेत गरिनेछ ।<br>१.२.७ राज्यका सबै संरचना र कार्यक्रमहरू अपाङ्गता मैत्री बनाईनेछ । |
| **उद्देश्य २ः बसाइँसराइँ तथा शहरीकरणको व्यवस्थापन र जनसांख्यिक लाभांशको सदुपयोग गर्नु।** | |

| रणनीति | कार्यनीति |
|---|---|
| २.१ ग्रामीण तथा दुर्गम क्षेत्रमा एकीकृत् बस्ती विकासको माध्यमबाट आन्तरिक बसाइँसराइँ र शहरीकरणलाई व्यवस्थित गर्ने । | २.१.१ जनसंख्या व्यवस्थापनका लागि सरोकारवालाहरूसँग साझेदारी र सहकार्यलाई प्रोत्साहन गर्दै यस प्रदेशका शहरी विकासका सम्भाव्यता भएका स्थानहरूको पहिचान गरी तिनलाई शहरका पूर्वाधारसहित यातायात तथा सूचनाका सञ्जालले जोडिनेछ भने ग्रामीण समुदायमा बसोबास गर्नेलाई सञ्जालमा जोडिन प्रोत्साहन गरिनेछ ।<br>२.१.२ विकास आयोजना तर्जुमा गर्दा पूर्व सम्भाव्यता अध्ययन प्रणालीलाई पारदर्शी र वैज्ञानिक बनाउँदै विकास आयोजनाको सञ्चालनपूर्व नै जनसांख्यिक प्रभाव मूल्याङ्कन गरिनेछ । |
| **उद्देश्य ३: जनसंख्या सम्बन्धी अध्ययन तथा अनुसन्धानलाई संस्थागत गर्नु ।** | |
| ३.१ पालिकाकाहरूलाई प्रशासनिक एवम् आर्थिक केन्द्रको रुपमा विकास गरी ग्रामीण क्षेत्रवाट शहरी क्षेत्रमा हुने अनिन्त्रियत बसाइँसराइँलाई शिथिलीकरण गरी शहरीकरणलाई व्यवस्थित गरिनेछ । | ३.१.१ मुख्य शहर वरिपरिका साना शहरहरूलाई सेटलाइट (उपग्रह) शहरको रुपमा विकास गरी ठूला शहर तर्फ हुने बसाइँसराइँलाई स्रोतमा कम गरी बसाइँसराइँलाई कम गरिनेछ ।<br>३.१.२ बसाइँसराइँका मुख्य कारणहरूमध्ये ग्रामीण क्षेत्रमा गुणस्तरीय शिक्षा र स्वास्थ सेवाको अभाव सम्बन्धी समस्या समधान गरी यी सेवाको लागि शहरी क्षेत्रमा हुने बसाइँसराइँलाई न्यूनीकरण गरिनेछ । |
| ३.२ जनसंख्या तथा बसाइँसराइँ सम्बन्धी तथ्याङ्क व्यवस्थापनलाई गुणस्तरीय तथा प्रविधिमैत्री बनाई अध्ययन, अनुसन्धान, सर्वेक्षण, प्रक्षेपण, विश्लेषण गरी जनसंख्या सूचनालाई व्यवस्थित गर्ने । | ३.२.१ व्यक्तिगत घटनाको दर्ता प्रणालीलाई प्रोत्साहन गर्नुका साथै कानूनी रुपमा समेत् अनिवार्य गराइनेछ ।<br>३.२.२ मृत्युको कारण परीक्षण गर्ने व्यवस्थाको विकासका साथै स्वास्थ्य संस्थामा हुने मृत्यु तथा जन्मलाई समेत् व्यक्तिगत घटना दर्तासँग आवद्धता गरिनेछ ।<br>३.२.३ स्थानीय तहमा राखिने तथ्याङ्कलाई प्रादेशिक सञ्जालसँग आबद्ध गरी जनसांख्यिक सूचना अद्यावधिक हुने प्रणालीको विकास तथा संप्रेषणको व्यवस्था गरिनेछ ।<br>३.२.४ आन्तरिक र बाह्य बसाइँसराइँ सम्बन्धी अभिलेखन र तथ्याङ्क प्रणालीलाई व्यवस्थित गरिनेछ ।<br>३.२.५ जनसंख्या र विकासका विविध क्षेत्रमा हुने अध्ययन र अनुसन्धानहरूको नियमितता, एकरुपता तथा गुणस्तरीयता कायम गर्न एवम् तिनका निष्कर्षको प्रादेशिक नीति निर्माण एवम् योजना तर्जुमामा उपयोग गरिनेछ । |

### ५.४.६ कार्यक्रमका प्राथमिकता

१. विकास आयोजनामा जनसंख्या कार्यक्रमलाई एकीकृत् गर्ने ।
२. आन्तरिक बसाइँसराइँलाई व्यवस्थित गर्ने ।
३. जनसांख्यिक लाभांश लिने ।

## ५.४.७ विस्तृत कार्यक्रम

| क्र.सं. | उद्देश्य नं. | रणनीति नं. | कार्यनीति नं. | संकेत नं. | कार्यक्रम | इकाई | आधार वर्ष ०७५/७६ | लक्ष्य | | | | | योजना अवधिको जम्मा लक्ष्य | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | |
| १ | १ | १.१ | १.१.१ | क | जनशक्ति विकास योजना निर्माण र कार्यान्वयन | संख्या | | तयारी | १ | सञ्चालन | सञ्चालन | सञ्चालन | १ | साविम |
| २ | | | १.१.२ | ग | विकास आयोजनामा जनसंख्या व्यवस्थापनलाई एकीकृत् गर्ने | प्याकेज | | तयारी | १ | सञ्चालन | सञ्चालन | सञ्चालन | १ | " |
| ३ | | | १.१.३ | ख | जनसंख्या व्यवस्थापन गर्न स्थानीय तहको क्षमता अभिवृद्धि गर्ने | प्याकेज | | तयारी | ८५ | निरन्तर | निरन्तर | निरन्तर | ८५ | " |
| ४ | | १.२ | १.२.१ | क | जनसंख्या तथा दिगो विकासका कार्यक्रममा लक्षित वर्गको सहभागिता | संख्या | | तयारी | १ | | | | १ | " |
| ५ | | | १.२.२ | क | परिवार व्यवस्थापन कार्यक्रम सञ्चालन | संख्या | १ | १ | १ | १ | १ | १ | १ | " |
| ६ | | | १.२.३ | क | प्रदेशको नीति निर्माणमा ज्येष्ठ नागरिकको अनुभवको उपयोग गर्ने | संख्या | | १ | १ | १ | १ | १ | ५ | " |
| ७ | | | १.२.४ | क | ज्येष्ठ नागरिकका लागि सामाजिक संरक्षण कार्यक्रम सुदृढीकरण | संख्या | १ | १ | १ | १ | १ | १ | ५ | " |
| ८ | | | १.२.५ | ग | पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानमा ज्येष्ठ नागरिक वार्डको स्थापनाका लागि सहकार्य गर्ने | संख्या | | | १ | | | | १ | " |
| ९ | | | १.२.६ | ख | सीमान्तकृत् एवम् लोपुन्मुख जातिको विकासको लागि विशेष कार्यक्रम सञ्चालन गर्ने | प्याकेज | | तयारी | १ | सञ्चालन | सञ्चालन | सञ्चालन | १ | " |
| १० | | | १.२.७ | ख र ग | प्रदेशका सबै भौतिक संरचना अपाङ्ग मैत्री बनाउने | प्रतिशत | | | १ | निरन्तर | निरन्तर | निरन्तर | १ | साविम/ भौपूविम |
| ११ | २ | २.१ | २.१.१ | क | जनसंख्या व्यवस्थापनका लागि सरोकारवालाहरू सँग साझेदारी र सहकार्य गर्ने | संख्या | | तयारी | १ | १ | १ | १ | ४ | साविम |
| १२ | | | २.१.२ | क | विकास आयोजनाको अध्ययन गर्दा जनसांख्यिक प्रभाव अध्ययन गर्ने | संख्या | | तयारी | १ | १ | १ | १ | ४ | " |
| १३ | ३ | ३.१ | ३.१.१ | क | ग्रामीण क्षेत्रबाट शहरी क्षेत्रमा हुने बसाँसराइँलाई व्यवथित गर्ने | संख्या | | तयारी | १ | १ | १ | १ | ४ | " |
| १४ | | | ३.१.२ | क | ग्रामीण क्षेत्रका सामाजिक सेवाको गुणस्तर र वितरण बारे अध्ययन गर्ने | संख्या | | | | १ | निरन्तर | निरन्तर | १ | साविम |

| क्र.सं. | उद्देश्य नं | रणनीति नं | कार्यनीति नं | संकेत नं | कार्यक्रम | इकाई | आधार वर्ष ०७५/७६ | लक्ष्य २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | योजना अवधिको जम्मा लक्ष्य | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १५ | | ३.२ | ३.२.१ | ख | व्यक्तिगत घटनाको दर्ता प्रणालीलाई व्यवस्थित गर्ने | प्याकेज | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १ | साविम |
| १६ | | | ३.२.२ | ग | अस्पतालमा हुने जन्म तथा मृत्युलाई समेत व्यक्तिगत घटना दर्तासँग आवद्ध गर्ने | प्याकेज | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १ | " |
| १७ | | | ३.२.३ | क | स्थानीय तह र प्रदेशको तथ्याङ्क अद्यावधीक गर्ने प्रणालीको विकास गर्ने | प्रतिशत | | तयारी | १०० | कायम | कायम | कायम | १०० | प्रनियोआ |
| १८ | | | ३.२.४ | क | बसाइँसराइँ अभिलेख राख्ने प्रणाली विकास गर्ने | संख्या | | तयारी | तयारी | १ | | १ | १ | साविम |
| १९ | | | ३.२.५ | ग | जनसंख्या र विकासको क्षेत्रमा भएका अध्ययन र अनुसन्धानका निष्कर्ष नीति निर्माणमा प्रयोग गर्ने | संख्या | | तयारी | १ | सञ्चालन | सञ्चालन | सञ्चालन | १ | " |

## ५.४.८ नतिजा

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७५/७६ | उपलब्धि २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | योजना अवधिका उपलब्धि | पुष्ट्याइँको स्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान | प्रससं | दीविलसं | दीरालसं | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **प्रभाव** | **जनसंख्या तथा बसाइँसराइँको प्रभावकारी व्यवस्थापन भएको हुने** | **शहरी र ग्रामीण जनसंख्याको अंश** | **प्रतिशत** | ६१ / ३९ | ६२/ ३८ | ६३/ ३७ | ६४/ ३६ | ६५/ ३५ | ६६/ ३४ | ६६/ ३४ | **केतबि** | **साविम** | | ६ | ३ | २ | |
| **असर १** | सबै नागरिक स्वस्थ, सवल र सक्रिय भई जीवन स्तरमा वृद्धि भएको हुने | जन्मदाको अपेक्षित सरदर आयु वर्षमा | वर्ष | ७१.७ | ७३ | ७४ | ७५ | ७६ | ७७ | ७७ | स्वास्थ तथा जन सांख्यिक सर्भेक्षण | " | सरोकार वालाको सहयोग रहने | ६ | ३ | २ | |
| | | प्रति परिवार औसत सदस्य | जना | ४.२ | ४.२ | ४.१ | ४.१ | ४.० | ४.० | ४.० | " | " | " | ६ | ३ | २ | |
| | | जनघनत्व | जना बर्गकिमि | १०९ | | | | | | १३० | " | साविम | " | ६ | ३ | २ | |
| | | ऋणात्मक जनसंख्या बृद्धिदर भएका जिल्ला | संख्या | ८ | | | | | ३ | ३ | " | " | " | ६ | ३ | २ | |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७५/७६ | उपलब्धि | | | | | योजना अवधिका उपलब्धि | पुष्ट्याइँको स्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान | प्रससं | दीविलसं | दीरालसं | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | | | | | | | |
| **प्रतिफल १.१** | जनशक्ति विकासका लागि विस्तृत कार्य योजना बनी लागू भएको हुने | जनशक्ति विकास योजना | संख्या | | तयारी | १ | सञ्चालन | सञ्चालन | सञ्चालन | १ | साविमको प्रतिवेदन | " | " | ६ | ३ | २ | |
| **प्रतिफल १.२** | स्वास्थ्य, विकास कार्यक्रम र जनसंख्याबीच सामञ्जस्यता कायम हुँदै जनसंख्या व्यवस्थापन समन्वयात्मक रूपमा सञ्चालनमा आएको हुने | जनसंख्या व्यवस्थापनका समन्वयात्मक कार्यक्रमको सञ्चालन | प्याकेज | | तयारी | १ | सञ्चालन | सञ्चालन | सञ्चालन | १ | " | " | " | ६ | ३ | २ | |
| **प्रतिफल १.३** | प्रदेश र स्थानीय तहमा जनसंख्या व्यवस्थापन गर्न संस्थागत संयन्त्र विकास भएको हुने | जनसंख्या व्यवस्थापन संयन्त्र निर्माण | संख्या | | | १ | | | | १ | " | " | " | ६ | ३ | २ | |
| **प्रतिफल १.४** | जनसंख्या तथा दिगो विकासका कार्यक्रमहरूमा लक्षित वर्गको सुनिश्चित सहभागिता भएको हुने | लक्षित वर्गको सहभागिता कार्यक्रमको सञ्चालन | संख्या | | तयारी | १ | १ | १ | १ | ४ | " | " | " | ६ | ३ | २ | |
| **प्रतिफल १.५** | व्यवस्थित परिवारको अवधारणालाई प्रोत्साहान मिलेको हुने | परिवार व्यवस्थापन कार्यक्रमको सञ्चालन | संख्या | १ | १ | १ | १ | १ | १ | ५ | " | " | " | ६ | ३ | २ | |
| **प्रतिफल १.६** | ज्येष्ठ नागरिकको अनुभव, ज्ञान, क्षमता र सीपलाई समाज र राष्ट्र विकासमा लगाउने वातावरणको सिर्जना भएको हुने | जेष्ट नागरिक सँग अन्तरक्रिया | संख्या | | १ | १ | १ | १ | १ | ५ | " | " | " | ६ | ३ | २ | |
| **प्रतिफल १.७** | ज्येष्ठ नागरिकहरूको लागि सामाजिक सुरक्षा कार्यक्रमहरू तयार गरी सञ्चालन भएका हुने | सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन | संख्या | १ | १ | १ | १ | १ | १ | ५ | " | " | " | ६ | ३ | २ | |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७५/७६ | उपलब्धि | | | | | योजना अवधिका उपलब्धि | पुष्ट्याइँको स्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान | प्रससं | दीविलसं | दीरालसं | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | | | | | | | |
| प्रतिफल १.८ | प्रादेशिक अस्पतालहरूमा जेरियाट्रिक वार्डहरूको विकास र विस्तार भएको हुने । | वार्डको संख्या | संख्या | | तयारी | १ | १ | | | २ | साविमको प्रतिवेदन | साविम | सरोकार वालाको सहयोग रहने | ६ | ३ | २ | |
| प्रतिफल १.९ | सीमान्तकृत् एवम् लोपोन्मुख जाति (सियार, बोटे, बराम, चेपाङ, दराई आदि) को संरक्षण गर्न विशेष कार्यक्रम सञ्चालन र संस्थागत व्यवस्था समेत भएको हुने | कार्यक्रमको प्याकेज | प्याकेज | | तयारि | १ | सञ्चालन | सञ्चालन | सञ्चालन | १ | " | " | " | ६ | ३ | २ | |
| प्रतिफल १.१० | राज्यका सबै संरचना र कार्यक्रमहरू अपाङ्गता मैत्री बनाईनेछ । | नया निर्माण हुने अपाङ्गमैत्री संरचनाको | प्रतिशत | | | | | | | | " | साविम भौपूविम | " | ६ | ३ | २ | |
| असर २ | बसाइँसराइँ तथा शहरीकरणको व्यवस्थापन र जनसांख्यिक लाभांशको सदुपयोग भएको हुने | युवा अर्धबेरोजगार दर (१५ देखि २४ वर्ष) घटने | प्रतिशत | २८.८ | २५ | २१ | १७ | १३ | ८ | ८ | " | साविम | सरोकार वालाको सहयोग रहने | ६ | ३ | २ | |
| प्रतिफल २.१ | जनसंख्या व्यवस्थापनका लागि सरोकार वालाहरूसँग साझेदारी कार्यक्रम सञ्चालन भई सहर र ग्रामीण क्षेत्र एक आपसमा जोडिएका हुने । | साझेदारी कार्यक्रमको सञ्चालन | संख्या | | तयारी | १ | १ | १ | १ | ४ | " | " | " | ६ | ३ | २ | |
| प्रतिफल २.२ | विकास आयोजना तर्जुमा गर्दा पूर्व सम्भाव्यता अध्ययन प्रणाली पारदर्शी र वैज्ञानिक बन्दै विकास आयोजनाको सञ्चालनपूर्व नै जनसांख्यिक प्रभाव मूल्याङ्कन भएको हुने | जनसंख्या प्रभाव मूल्याङ्कन गर्ने | संख्या | | तयारी | | १ | | १ | २ | " | साविम | " | ६ | ३ | २ | |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७५/७६ | उपलब्धि | | | | | योजना अवधिका उपलब्धि | पुष्ट्याइँको स्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान | प्रससं | दीविलसं | दीरालसं | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | | | | | | | |
| **असर ३** | जनसंख्या सम्बन्धी अध्ययन तथा अनुसन्धान संस्थागत भएको हुने | जनसंख्या अध्यन सबै विकास कार्यक्रममा एकीकृत् गर्ने निकायहरूको प्रतिशत | प्रतिशत | | | | | | १०० | १०० | साविमको प्रतिवेदन | साविम | स्रोत साधनको व्यवस्था हुने | ६ | ३ | २ | |
| **प्रतिफल ३.१** | मुख्य शहर वरिपरिका साना सेटलाइट (उपग्रह) शहरको विकास भई ठूला शहर तर्फ हुने बसाइँसराइँ स्रोतमा कम भई बसाइँसराइँ कम भएको हुने | व्यवस्थित बसाइँसराइँ कार्यक्रमको सञ्चालन | पटक | | तयारी | १ | १ | १ | १ | ४ | ” | ” | स्रोत साधनको व्यवस्था हुने | ६ | ३ | २ | |
| **प्रतिफल ३.२** | स्थानीय तहमा राखिने जनसंख्या सम्बन्धी तथ्याङ्क प्रादेशिक सञ्जालसँग आवद्ध भएको हुने | प्रदेश तथ्याङ्क प्रणालीसँग आबद्ध स्थानीयतह | प्रतिशत | | तयारी | | तयारी | १०० | १०० | १०० | ” | ” | ” | ६ | ३ | २ | |
| **प्रतिफल ३.३** | आन्तरिक र बाह्य बसाइँसराइँ सम्बन्धी अभिलेखन र तथ्याङ्क प्रणाली व्यवस्थित भएको हुने | प्रणालीको विकास | संख्या | | तयारी | तयारि | तयारी | १ | | १ | ” | ” | ” | ६ | ३ | २ | |
| **प्रतिफल ३.४** | जनसंख्या सम्बन्धी अध्ययन अनुसन्धानहरूका निष्कर्ष प्रादेशिक नीति निर्माण एवम् योजना तर्जुमामा उपयोग भएको हुने | जनसंख्या र विकासको क्षेत्रमा अध्ययन र अनुसन्धान | संख्या | | तयारी | १ | सञ्चालन | सञ्चालन | सञ्चालन | १ | ” | ” | ” | ६ | ३ | २ | |
| **लगानी: वार्षिक कार्यक्रम र बजेट, परिवार नियोजन कार्यक्रम, युवा कार्यक्रम, श्रम तथा रोजगार कार्यक्रम, स्वास्थ्यक्षेत्र सुदृढीकरण कार्यक्रम, र जनसंख्या कायक्रम** | | | | | | | | | | | | | | | | | |

## ५.५ भाषा, साहित्य, संस्कृति र सम्पदा

### ५.५.१ पृष्ठभूमि

जाति, भाषा, धर्म, कला, साहित्यका साथै पुरातात्विक र साँस्कृतिक रूपले गण्डकी प्रदेश महत्वपूर्ण रहेको छ । यहाँका विभिन्न जात जाति, भाषाभाषीको मौलिक एवम् परम्परागत साँस्कृतिको जगेर्नाका साथै भावी पुस्तालाई समयानुकुल हस्तान्तरण गर्नु आवश्यक छ भने पुरातात्विक र ऐतिहासिक सम्पदाको संरक्षण र संवर्द्धन गर्न पनि उत्तिकै जरुरी छ । त्यस्तै गरी विभिन्न भाषा साहित्यहरूको विकासमा पनि गण्डकी प्रदेशको योगदान उल्लेख्य मानिन्छ । साहित्यका विधाहरूमा यस प्रदेशका स्रष्टा आदिकवि भानुभक्त आचार्य, कवि शिरोमणि लेखनाथ पौड्याल, राष्ट्रकवि माधवप्रसाद घिमिरे, भूपि शेरचन, अलि मियाँ, झलकमान गन्धर्व, धर्मराज थापा आदिको योगदान उल्लेख्य रहेको छ ।

### ५.५.२ प्रमुख समस्या

प्रदेशमा बोलिने सबै भाषाहरू समान रूपमा विकसित हुन सकेका छैनन् र अल्पसंख्यक जनसंख्याले बोल्ने भाषा लोप हुने खतरामा छन् । प्रदेशमा भाषा साहित्यको विकासको अध्ययन गर्दा नेपाली भाषा, साहित्य बढी विकास भएको र अन्य भाषा साहित्यको समुचित विकास हुन नसकेको, प्रदेशमा आफ्नै किसिमका संस्कृति र रीतिरिवाजहरू छन् । जस्तैः ब्राह्मण, क्षेत्री, गुरुङ्ग, मगर, थारु, कुमाल, तामाङ नेवार, थकाली, छन्त्याल, दुरा, दरै, माझी, मुसलमान आदि । यी संस्कृतिहरूमा वाह्य साँस्कृतिको प्रभाव बढ्दो छ । यसलाई व्यवस्थापन गर्न नसकिएको, गण्डकी प्रदेशका ऐतिहासिक सम्पदा, पुरातात्विक महत्वका ठाउँ तथा वस्तुहरू र धार्मिक मठ मन्दिरहरूको उचित संरक्षण र संवर्द्धन हुन नसक्दा लोप हुने वा विनाश हुने खतरामा हुनु, यस्ता ऐतिहासिक सम्पदा तथा पुरातात्विक वस्तुहरूको संरक्षण र विकास गर्नु यस क्षेत्रका मुख्य समस्या हुन् ।

### ५.५.३ चुनौती र अवसर

**चुनौती**

यहाँका साँस्कृतिक सम्पदा र प्रचलनहरूको अध्ययन तथा अनुसन्धान साथै संरक्षणको कार्य गर्नु, लोपोन्मुख जाति एवम् पिछडिएका वर्गको भाषा, साहित्य र साँस्कृतिको संरक्षण र प्रवर्द्धन गर्नु, बढ्दो सहरीकरण र विश्वव्यापीकरणले प्राचीन सम्पदा र साँस्कृतिको थपिएको चुनौतीको सामना गर्नु, संरक्षणमा, प्राचीन सम्पदाको उचित व्यवस्थापन गर्नु, प्रदेशमा बोलिने सबै भाषाको समतामूलक विकास गर्नु, प्रदेशको मौलिक साँस्कृतिको संरक्षण र संवर्द्धनमा ध्यान पुऱ्याउनु, प्रदेशभित्र रहेका पुरातात्विक तथा सांस्कृतिक सम्पदाको एकीकृत् अभिलेख तयार गर्नु आदि यस क्षेत्रका प्रमुख चुनौतीहरू हुन् ।

**अवसर**

मुलुक संघीय स्वरूप अनुसार संघ, प्रदेश र स्थानीय तिनै तहका सरकारका तर्फबाट समन्वयात्मक रूपले स्रोत साधनको परिचालन गर्न सहज हुनु, साँस्कृतिक, धार्मिक, ऐतिहासिक एवम् पुरातात्विक सम्पदाहरूमार्फत् पर्यटन क्षेत्रको विकास गरी राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय स्तरमा प्रदेशलाई चिनाउने र आर्थिक समृद्धिमा टेवा पुऱ्याउने कार्यलाई यस क्षेत्रको अवसरका रुपमा लिन सकिन्छ ।

### ५.५.४ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

**सोच**

सबै भाषा, धर्म र संस्कृतिबीच एकता ।

**लक्ष्य**

प्रदेशका सबै भाषा, धर्म, कला, साहित्य, संस्कृति, पुरातात्विक एवम् ऐतिहासिक सम्पदाहरूको संरक्षण, संवर्द्धन र विकास गर्ने ।

**उद्देश्य**

१. प्रदेशका विभिन्न जात, जाति र समुदायको धर्म, भाषा, संस्कृति, कला, साहित्य र परम्पराको संरक्षण र संवर्द्धन गर्नु ।

२. प्रदेशमा रहेका विभिन्न ऐतिहासिक, पुरातात्विक, धार्मिक र साँस्कृतिक सम्पदाको पुनर्निर्माण, जीर्णोद्धार र व्यवस्थापन गर्नु ।

## ५.५.५ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १ः प्रदेशका विभिन्न जात, जाति र समुदायको धर्म, भाषा, संस्कृति, कला, साहित्य र परम्पराको संरक्षण र संवर्द्धन गर्नु ।** | |
| १.१ प्रदेशमा रहेका सबै जात जाति र समुदायका धर्म, भाषा, संस्कृति, कला, साहित्य र मौलिक परम्पराको संरक्षण गरी भावी पुस्तामा हस्तान्तरण हुने व्यवस्था गर्ने । | १.१.१ धार्मिक, साँस्कृतिक सहिष्णुता कायम राख्दै प्रत्येक समुदायको धार्मिक एवम् साँस्कृतिक सम्पदाको संरक्षण, संवर्द्धन र प्रवर्द्धन गर्ने व्यवस्था गरिनेछ ।<br>१.१.२ भाषा, कला र साँस्कृतिको संरक्षण र सम्वर्द्धन गर्ने नीति, नियम तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।<br>१.१.३ धर्म, भाषा, संस्कृति, कला, साहित्य र मौलिक परम्पराको विकासमा उल्लेखनीय योगदान गर्ने व्यक्तित्वहरूको नामबाट निर्मित संरचनाहरूको नामकरण गरिनेछ । |
| १.२ भाषा, कला र साहित्य, बहुसाँस्कृतिको संरक्षण, संवर्द्धन र विकास गर्ने । | १.२.१ प्रदेशमा सबै जात जातिको संस्कृति, रीतिरिवाज र परम्पराको संरक्षणको लागि बहुसाँस्कृतिक ग्रामको स्थापना र विकास गरिनेछ ।<br>१.२.२ प्रदेशका भाषा, संस्कृति र कलाको सम्वर्द्धन र साहित्यको विकास गर्न प्रदेश प्रज्ञा प्रतिष्ठानको गठन गरी सञ्चालन गरिनेछ ।<br>१.२.३ प्रदेशमा रहेका धार्मिक सम्पदा एवम् तीर्थस्थलहरूलाई व्यवस्थापकीय सुधार गरी दिगो रूपमा सञ्चालन गरिनेछ । |
| १.३ प्रदेशको भाषा, कला, साहित्य र साँस्कृतिको अध्ययन अनुसन्धान गरी धार्मिक एवम् साँस्कृतिक पर्यटनको प्रवर्द्धन गर्दै आर्थिक समृद्धिमा टेवा पुऱ्याउने । | १.३.१ यस प्रदेशमा रहेका विभिन्न जातजाति र भाषाभाषीको मौलिक एवम् परम्परागत धर्म, साँस्कृतिको संरक्षण र विकास गर्न खोज अन्वेषण गरिनेछ ।<br>१.३.२ प्रदेशमा बोलिने भाषा र साँस्कृतिको विकास गरी भाषा र संस्कृतिलाई पर्यटन प्रवर्द्धनसँग जोडिनेछ । |
| १.४ प्रदेशमा बहुसंग्रहालयको नीति अपनाइने छ र संग्रहालय स्थापना र सञ्चालन गर्ने मापदण्ड बनाई कार्यान्वयन गर्ने । | १.४.१ साँस्कृतिक सम्पदालाई संरक्षण गर्न विविध प्रकारका संग्रहालयहरूको स्थापना र सञ्चालन गरिनेछ ।<br>१.४.२ संग्रहालयहरूलाई स्तरोन्नति गरी पर्यटकीय गन्तव्यको रूपमा विकास गरिनेछ । |
| **उद्देश्य २ः प्रदेशमा रहेका विभिन्न ऐतिहासिक, पुरातात्विक, धार्मिक र साँस्कृतिक सम्पदाको पुनर्निर्माण र जीर्णोद्धार र व्यवस्थापन गर्नु ।** | |
| २.१ जीर्ण अवस्थामा रहेका ऐतिहासिक, पुरातात्विक तथा साँस्कृतिक महत्वका सम्पदाहरूको पहिचान गरी तिनीहरूको जीर्णोद्धार, संरक्षण र विकास गर्ने । | २.१.१ महत्वपूर्ण साँस्कृतिक सम्पदालाई विश्व सम्पदा सूचीमा सूचीकृत गर्न आवश्यक नीति तथा मापदण्ड बनाई कार्यान्वयन गरिनेछ ।<br>२.१.२ यस प्रदेशमा रहेका सम्पदाहरूको खोज, अन्वेषण गरी संरक्षण गरिनेछ । |
| २.२ भौतिक एवम् अभौतिक साँस्कृतिको संरक्षण गर्न साँस्कृतिक प्रोफाइल तयार गरी अद्यावधिक गर्ने । | २.२.१ प्रदेशका सबै पुरातात्विक तथा धार्मिक क्षेत्र र स्थानसँग सम्बन्धित संस्कृतिहरूको श्रव्यदृश्यसहितको प्रोफाइल तयार गरी संरक्षण गरिनेछ ।<br>२.२.२ विभिन्न जातजातिसँग सम्बन्धित मौलिक एवम् स्थानीय सामग्रीहरूलाई उत्पादन र प्रवर्द्धन गरिनेछ । |

### ५.५.६ कार्यक्रमका प्राथमिकता

१. प्रदेशको भाषा, कला, साँस्कृतिको संरक्षण र प्रवर्द्धन गर्ने ।
२. प्रदेश प्रज्ञा प्रतिष्ठानको स्थापना र सञ्चालन गर्ने ।
३. बहु साँस्कृतिक ग्रामको स्थापना र सञ्चालन गर्ने ।

### ५.५.७ विस्तृत कार्यक्रम

| क्र.सं. | उद्देश्य नं | रणनीति नं | कार्यनीति नं | संकेत | कार्यक्रम | इकाई | आधार वर्ष | लक्ष्य | | | | | योजना अवधिको जम्मा लक्ष्य | जिम्मेवार निकायहरू |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | |
| १ | १ | १.१ | १.१.१ | ख | धार्मिक एवम् साँस्कृतिक सम्पादको संरक्षण तथा प्रवर्द्धन | संख्या | | १ | १ | १ | १ | १ | ५ | साविम |
| २ | | | १.१.२ | ख | प्रदेशको भाषा, कला र संस्कृति सम्बन्धी नीति निर्माण | प्याकेज | | | १ | | | | १ | मुमका |
| ३ | | | १.१.३ | क | भाषा, साहित्य, कला र साँस्कृतिको उत्थानका लागि कार्यक्रम तथा राष्ट्रिय विभुतिहरूको दिवस समारोह व्यवस्थापन | पटक | | २ | ३ | ३ | ३ | ३ | १४ | साविम |
| ४ | | | | क | उल्लेखनीय योगदान गर्ने विशिष्ट व्यक्तिहरूको नामबाट संरचना निर्माण एवम् नामाकरण | संख्या | | | ३ | ५ | ५ | ३ | १६ | ” |
| ५ | | १.२ | १.२.१ | ख | बहुसाँस्कृतिक ग्रामको स्थापना | संख्या | | तयारी | तयारी | तयारी | १ | | १ | ” |
| ६ | | | १.२.२ | क | प्रदेश प्रज्ञा प्रतिष्ठानको स्थापना र सञ्चालन | वटा | | तयारी | १ | | | | १ | ” |
| ७ | | | १.२.३ | क | धार्मिक सम्पदा एवम् तीर्थस्थलहरूको मर्मत तथा व्यवस्थानमा सुधार | संख्या | | ११ | १६ | २१ | २६ | ३२ | १०६ | ” |
| ८ | | १.३ | १.३.१ | क | जातजाति र भाषाभाषीको मौलिक एवम् परम्परागत धर्म, साँस्कृतिको विकास सम्बन्धी अध्ययन | प्याकेज | | | १ | | | | १ | ” |
| ९ | | | १.३.२ | क | भाषा तथा संस्कृति पर्यटनको पर्वद्धन | प्याकेज | | १ | | | | | १ | ” |
| १० | | १.४ | १.४.१ | ख | स्थानीय साँस्कृतिक सम्पदाको संरक्षण गर्न संग्रहालयको स्थापना र सञ्चालन | संख्या | | तयारी | २० | २० | २० | २५ | ८५ | ” |
| ११ | | | १.४.२ | ख | विभिन्न ऐतिहासिक, संस्कृति र जातजाति र समुदायसँग सम्वन्धित सँग्राहलय र भवन स्तरोन्नति | वटा | | ४ | ४ | ४ | ४ | ४ | २० | ” |
| १२ | २ | २.१ | २.१.१ | ग | नेपाल सरकारसँग समन्वय गरी सम्भावित सम्पादको पहिचान गरी महत्त्वपूर्ण सम्पदालाई विश्व सम्पदा सूचीमा सूचीकृत गर्न सीफारिस गर्ने | संख्या | | ० | १ | १ | १ | १ | ४ | ” |
| १३ | | | २.१.२ | ख र ग | पुरातात्विक महत्वका वस्तु तथा सम्पदाहरूको पहिचान र संरक्षण | वटा | | २५० | २५० | ० | ० | ० | ५०० | साविम, पुरातत्व विभाग, स्थातह |

| क्र.सं. | उद्देश्य नं | रणनीति नं | कार्यनीति नं | संकेत | कार्यक्रम | इकाई | आधार वर्ष | लक्ष्य | | | | | योजना अवधिको जम्मा लक्ष्य | जिम्मेवार निकायहरू |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | |
| १४ | | २.२ | २.२.१ | ख | संम्पदा र संस्कृतिहरूको श्रव्यदृश्य प्रोफाइल तयारी | वटा | | ० | १ | ० | ० | १ | २ | साविम, स्थातह |
| १५ | | | २.२.२ | ख | विभिन्न जातजातीसँग सम्बन्धित मौलिक एवम् साँस्कृतिक सामाग्रीहरू संकलन गरी संग्रहालयमा राख्ने व्यवस्था गर्ने | प्याकेज | | | १ | निरन्तर | निरन्तर | निरन्तर | १ | साविम |

## ५.५.८ नतिजा

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष तथ्याङ्क ०७५/७६ | उपलब्धि | | | | | योजना अवधिका उपलब्धि | पुष्ट्याइँको स्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान | प्रससं | दीविसं | दीरासं | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | | | | | | | |
| **प्रभाव** | **प्रदेशका सबै भाषा, धर्म, कला, साहित्य, संस्कृति, पुरातात्विक एवम् ऐतिहासिक सम्पदाहरूको संरक्षण, संवर्द्धन र विकास भएको हुने** | **बहुसाँस्कृतिक ग्रामको स्थापना र भाषा साँस्कृतिको प्रबद्धन** | **संख्या** | | **तयारी** | **तयारी** | **तयारी** | १ | | १ | **साविमको प्रतिवेदन** | **साविम** | | ८ | ११ | १० | |
| **असर १** | प्रदेशका विभिन्न जात, जाति र समुदायको धर्म, भाषा, संस्कृति, कला, साहित्य र परम्पराको संरक्षण र संवर्द्धन भएको हुने | मर्मत तथा व्यवस्थानमा सुधार गरिएका धार्मिक सम्पदा एवम् तीर्थस्थलहरूको संख्या | संख्या | | ११ | १६ | २१ | २६ | ३२ | १०६ | " | " | | ८ | १० | ६ | |
| **प्रतिफल १.१** | धार्मिक, साँस्कृतिक सहिष्णुता कायम राख्दै प्रत्येक समुदायको धार्मिक एवम् साँस्कृतिक सम्पदाको संरक्षण, संवर्द्धन र प्रवर्द्धन गर्ने व्यवस्था भएको हुने | प्रदेश स्तरीय संस्कृति झल्कने लोकगीत तथा लोकनृत्य प्रर्दशन | संख्या | | १ | १ | १ | १ | १ | ५ | " | " | बजेट र स्रोत साधनको व्यवस्था हुने | ८ | १० | ६ | |
| **प्रतिफल १.२** | भाषा, कला र साँस्कृतिको संरक्षण र संवर्द्धन गर्ने नीति, नियम तर्जुमा गरी कार्यान्वयन भएको हुने | प्रदेशको भाषा, कला र संस्कृति सम्बन्धी नीतिहरूको संख्या | संख्या | | | २ | २ | १ | १ | ६ | " | " | " | ८ | १० | ६ | |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष तथ्याङ्क ०७५/७६ | उपलब्धि | | | | | योजना अवधिका उपलब्धि | पुष्ट्याईंको स्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान | प्रससं | दीविसं | दीरासं | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | | | | | | | |
| प्रतिफल १.३ | धर्म, भाषा, संस्कृति, कला, साहित्य र मौलिक परम्पराको विकासमा उल्लेखनीय योगदान गर्ने व्यक्तित्वहरूको नामबाट संरचनाहरूको निर्माण एवम् नामकरण भएको हुने | राष्ट्रिय विभुतिहरूको दिवस समारोहको आयोजना | संख्या | | २ | ३ | ३ | ३ | ३ | १४ | " | " | " | ८ | १० | ६ | |
| | | उल्लेखनीय योगदान गर्ने विशिष्ट व्यक्तिहरूको नामबाट संरचना निर्माण एवम् नामाकरण | संख्या | | | ३ | ५ | ५ | ३ | १६ | साविमको प्रतिवेदन | साविम | सहमति हुने | ८ | १० | ६ | |
| प्रतिफल १.४ | प्रदेशका भाषा, संस्कृति र कलाको संवर्द्धन र साहित्यको विकास गर्न प्रदेश प्रज्ञा प्रतिष्ठानको गठन भई सञ्चालनमा आएको हुने | प्रदेश प्रज्ञा प्रतिष्ठानको स्थापना र सञ्चालन | संख्या | | तयारी | १ | | | | १ | " | " | प्रदेशनीति अनुकूल रहने | ८ | १० | ६ | |
| प्रतिफल १.५ | प्रदेशमा रहेका विभिन्न जातजाति र भाषाभाषीको मौलिक एवम् परम्परागत धर्म, साँस्कृतिको संरक्षण र विकास गर्न खोज अन्वेषण भएको हुने | जातजाति र भाषाभाषी सम्बन्धी अध्ययनको संख्या | | | | २ | २ | २ | २ | ८ | " | " | " | ८ | १० | ६ | |
| प्रतिफल १.६ | प्रदेशमा बोलिने भाषा र साँस्कृतिको विकास भई भाषा र संस्कृति पर्यटन प्रवर्द्धनसँग जोडिएको हुने | बहुभाषिक साहित्यिक प्रतियोगिताको संख्या | पटक | | १ | १ | १ | १ | १ | ५ | " | " | " | ८ | १० | ६ | |
| | | पुँजीगत अनुदान पाएका मातृभाषा अध्ययन अध्यापन गर्ने विद्यालयहरूको संख्या | संख्या | | ५ | ५ | ५ | ५ | ५ | २५ | " | " | " | ८ | १० | ६ | |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष तथ्याङ्क ०७५/७६ | उपलब्धि | | | | | योजना अवधिका उपलब्धि | पुष्ट्याईंको स्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान | प्रससं | दीविलसं | दीरालसं | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | | | | | | | |
| **प्रतिफल १.७** | साँस्कृतिक सम्पदालाई संरक्षण गर्न विविध प्रकारका संग्रहालयहरूको स्थापना र सञ्चालन भएको हुने | स्थापना र सञ्चालनमा आएका संग्रहालयहरूको संख्या | संख्या | | २ | २ | २ | | | ६ | साविमको प्रतिवेदन | साविम | " | ८ | १० | ६ | |
| **प्रतिफल १.८** | संग्रहालयहरूको स्तरोन्नति भई पर्यटकीय गन्तव्यको रूपमा विकास भएको हुने | स्तरोन्नति गरिएका विभिन्न संस्कृति/जातजाति र समुदायसँग सम्वन्धित संग्रहालय/भवनको संख्या | संख्या | | ४ | ४ | ४ | ४ | ४ | २० | " | " | " | ८ | १० | ६ | |
| **असर २** | प्रदेशमा रहेका विभिन्न ऐतिहासिक, पुरातात्विक, धार्मिक र साँस्कृतिक सम्पदाको पुनर्निर्माण, जीर्णोद्धार र व्यवस्थापन भएको हुने | पहिचान गरिएका पुरातात्विक महत्वका वस्तु तथा सम्पदाहरूको संरक्षण र संवर्द्धन | संख्या | | २५० | २५० | | | | ५०० | " | " | " | ८ | १० | ६ | |
| **प्रतिफल २.१** | महत्वपूर्ण साँस्कृतिक सम्पदालाई विश्व सम्पदा सूचीमा सूचीकृत गर्न आवश्यक नीति तथा मापदण्ड बनी कार्यान्वयनमा आएको हुने | महत्त्वपूर्ण सम्पदालाई विश्व सम्पदा सूचीमा सूचीकृत गर्न नीति तथा मापदण्ड निर्माण | संख्या | | तयारी | १ | सञ्चालन | सञ्चालन | सञ्चालन | १ | " | " | सरोकार वालाको सहयोग रहने | ८ | १० | ६ | |
| **प्रतिफल २.२** | प्रदेशमा रहेका सम्पदाहरूको खोज, अन्वेषण भई संरक्षण भएको हुने | संरक्षण गरिएका पुरातात्विक महत्वका वस्तु तथा सम्पदाहरूको संख्या | संख्या | | १० | २० | २० | २० | २० | ९० | " | " | " | ८ | १० | ६ | |
| | | मर्मत र संभार गरिएका मन्दिर, गुम्बा, मस्जिद आदि सम्पदाको संख्या | संख्या | | ११ | ११ | ११ | ११ | ११ | ५५ | " | " | " | ८ | १० | ६ | |
| **प्रतिफल २.३** | प्रदेशका सबै पुरातात्विक, धार्मिक तथा संस्कृतिहरूको श्रव्यदृश्यसहितको प्रोफाइल तयार गरी संरक्षण भएको हुने | तयार पारिएका संम्पदा र संस्कृतिहरूको श्रव्यदृश्य प्रोफाइलको संख्या | संख्या | | ० | १ | ० | ० | १ | २ | "क | " | " | ८ | १० | ६ | |
| **लगानीः वार्षिक कार्यक्रम तथा बजेट, प्रदेश प्रज्ञा प्रतिष्ठान, बहुसाँस्कृतिक ग्राम, कर्मचारी र राजनीतिक पदाधिकारीकलाई तालिम, सम्पदा पुनर्निर्माण गर्ने निर्माण सामाग्री** | | | | | | | | | | | | | | | | | |

## ५.६ युवा

### ५.६.१ पृष्ठभूमि

राष्ट्रिय विकासमा युवा सहभागिताको अभिवृद्धि गर्दै राजनैतिक, आर्थिक, सामाजिक, साँस्कृतिक अधिकारको पूर्ण उपयोगको वातावरण तयार गरी युवाहरूको सशक्तीकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, रोजगारी लगायतका क्षेत्रमा विशेष अवसर प्रदान गरिनु पर्दछ । नेपालमा १६ देखि ४० वर्ष उमेर समूहको जनसंख्या करिव ४० प्रतिशत रहेको छ । जनसांख्यिकी पुँजीको रूपमा रहेका युवाहरूको विदेश पलायन रोक्दै राष्ट्रिय विकासको हरेक क्षेत्रमा युवाहरूको पहुँच बढाउने र सामाजिक आर्थिक रूपान्तरणमा युवाहरूलाई मूलप्रवाहीकरण गर्दै शिक्षित, दक्ष, लगनशील, अनुशासित युवाहरूबाट प्रदेश र राष्ट्रको विकासमा योगदानको वातावरण सिर्जना गर्नु प्रदेश सरकारको प्राथमिकता भएको छ ।

### ५.६.२ प्रमुख समस्या

युवाहरूका लागि उद्यमशीलता र रोजगारीका अवसरहरू पर्याप्त नहुनु, रोजगार सिर्जनाका लागि बजारको माग र आपूर्ति बीच योजना वनाई जनशक्ति उत्पादन हुन नसक्नु, युवा शक्ति विदेश पलायन हुनु, सीप र तालिम विनाका अदक्ष कामदारहरू वैदेशिक रोजगारीमा जानु, गरिबी, विभेद, अन्धविश्वास र कुरीति विद्यमान रहनु, युवा लक्षित विकासका लागि ठोस नीति, योजना र कार्यक्रम बनाई प्रभावकारी रूपमा कार्यान्वयन नहुनु, युवाहरूलाई सामाजिक र साँस्कृतिक विकृति विसंगतिहरूबाट जोगाउन गरिएका प्रयासहरू पर्याप्त नहुनु आदि युवा विकासका क्षेत्रमा देखिएका प्रमुख समस्याहरू हुन् ।

### ५.६.३ चुनौती र अवसर

**चुनौती**

वर्षेनी श्रम बजारमा थपिने युवालाई रोजगारी प्रदान गर्नु, युवाहरूलाई रोजगारमूलक र व्यावसायिक शिक्षा तथा तालिम उपलब्ध गराई बेरोजगारी न्यून गर्नु, युवा प्रतिभाहरूको विदेश पलायन रोक्नु, युवाहरूमा सकारात्मक सोचको वृद्धि गरी श्रम र संस्कृतिप्रति सम्मान गर्ने वातावरणको सिर्जना गर्नु, युवाहरूमा स्वयंसेवी भावनाको जागृत गर्नु, सामाजिक र आर्थिक सेवाहरूमा युवाको पहुँच वृद्धि गर्नु, व्यावहारिक र व्यावसायिक शिक्षा सर्वसुलभ रूपमा उपलब्ध गराउनु, युवाको क्षमता अभिवृद्धि सम्बन्धी तालिम सञ्चालन गर्नका लागि तालिम प्रदायक निकायहरूबीच समन्वय सुदृढ गर्नु, युवा लक्षित कार्यक्रमहरूको वृद्धि गर्नु, सामाजिक आर्थिक क्षेत्रहरूमा युवाहरूको सहभागिता वृद्धि गर्नु आदि युवा विकासका प्रमुख चुनौतीहरू हुन् ।

**अवसर**

नेपालको संविधानमा युवा विकास सम्बन्धी व्यवस्था हुनु, राष्ट्रिय युवा परिषद्को गठन र परिचालन हुनु, देशमा विकास आयोजना, उद्योग सञ्चालन गर्न प्रशस्त युवा शक्ति र श्रम देशमा उपलब्ध हुनु, विदेशिने युवाहरूबाट भित्रिने विप्रेषणले राष्ट्रिय अर्थतन्त्रमा सहयोग पुग्नु, युवालाई राष्ट्र निर्माणमा मूलप्रवाह गर्ने सोच राजनैतिक पार्टी लगायत सरकारमा आउनु, स्वदेशमा रोजगार र स्वरोजगारका अवसर अभिवृद्धिका लागि सरकारको उच्च प्राथमिकता रहनुलाई अवसरका रूपमा मनन गरिएका छन् ।

### ५.६.४ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

**सोच**

युवा जनशक्तिको विकास प्रदेश समृद्धिको आधार ।

**लक्ष्य**

युवा जनशक्तिलाई प्रदेशको सामाजिक र आर्थिक विकासमा मूलप्रवाहीकरण गर्ने ।

**उद्देश्य**

१. युवाको सीप र नेतृत्व क्षमतालाई प्रस्फुटित गर्दै विकासमा युवाको सहभागिता वृद्धि गर्नु ।

२. युवाहरूलाई उद्यमशील, स्वरोजगार र स्वावलम्बी वनाउनु ।

### ५.६.५ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १: युवाको सीप र नेतृत्व क्षमतालाई प्रस्फुटित गर्दै विकासमा युवा सहभागिता वृद्धि गर्नु ।** | |
| १.१ नीति निर्णयमा युवा सहभागिता बढाउने । | १.१.१ युवालाई राष्ट्र र प्रदेशको विकास एवम् समृद्धिप्रति जिम्मेवार, कर्तव्यवोध र नैतिकवान् वनाउन युवा नीति नियम बनाई कार्यान्वयन गरिनेछ ।<br>१.१.२ विकास निर्माणमा युवाहरूलाई परिचालन गर्न युवा स्वयंसेवा कार्यक्रम सञ्चालन गरिनेछ ।<br>१.१.३ नीति निर्माण, कार्यक्रम निर्माण, अनुगमन मूल्याङ्कनमा युवा सहभागिता वृद्धि गरिनेछ । |
| **उद्देश्य २: युवाहरूलाई उद्यमशील, स्वरोजगार र स्वावलम्बी बनाउनु ।** | |
| २.१ युवालाई उद्यमशील, व्यवसायी र आत्मनिर्भर बनाउन वित्तीय स्रोत साधनको पहुँचमा वृद्धि गर्ने । | २.१.१ युवालक्षित व्यावसायिक तथा प्राविधिक तालिमको व्यवस्था गरिनेछ ।<br>२.१.२ रोजगार तथा स्वरोजगार सिर्जनाका लागि सार्वजनिक, निजी साझेदारी वित्तीय संस्थाहरूमार्फत् सहुलियत व्याजदरमा लगानीका लागि कर्जा प्रवाह कार्यक्रमहरू कार्यान्वयन गरिनेछ । |
| २.२ युवा केन्द्रित प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकासका अवसरहरू विस्तार गरी उद्यमशील बनाउने । | २.२.१ वैदेशिक अध्ययन तथा रोजगारीबाट आर्जन भएका पुंजी, ज्ञान, सीप, प्रविधि र अनुभवलाई स्वदेशमा नै उत्पादनमूलक क्षेत्रमा लगाउन प्रोत्साहन गरिनेछ ।<br>२.२.२ युवामा उद्यमशीलता विकासका लागि बजारको माग अनुरूप प्राविधिक तालिम उपलब्ध गराइनेछ ।<br>२.२.३ परम्परागत पेशा र व्यवसायको जगेर्ना, परिष्कृत, प्रवर्द्धन र व्यावसायीकरण गर्न युवाहरूलाई प्रोत्साहन गरिनेछ । |
| २.३ युवामा सकारात्मक सोच, सिर्जनशीलता र नेतृत्व क्षमताको विकास गर्ने । | २.३.१ सिर्जनात्मक कार्य, अन्वेषण र नवप्रवर्तन कार्य गरी राष्ट्र र प्रदेशको गौरव वढाउन योगदन दिई युवाहरूलाई प्रोत्साहित गरिनेछ ।<br>२.३.२ युवाहरूमा नैतिकता, सदाचारको विकास गरी देश, समाज र ज्येष्ठ नागरिकप्रतिको दायित्वबोध गराइनेछ । |
| २.४ खेलकुद क्रियाकलापहरूमा युवाहरूको संलग्नता बढाउने । | २.४.१ खेलकुदमा युवाहरूको सहभागिता वृद्धि गर्ने कार्यक्रमहरू सञ्चालन गरिनेछ । |

### ५.६.६ कार्यक्रमका प्राथमिकता

१. युवाहरूको लागि उत्पादनमूलक व्यावसायिक तथा प्राविधिक तालिम दिने ।

२. युवाहरूलाई उत्पादनमूलक क्षेत्रमा प्रोत्साहन गर्ने ।

### ५.६.७ विस्तृत कार्यक्रम

| क्र.सं. | उद्देश्य नं | रणनीति नं | कार्यनीति नं | संकेत | कार्यक्रम | इकाई | आधार वर्ष | लक्ष्य | | | | | योजना अवधिको जम्मा लक्ष्य | जिम्मेवार निकायहरू |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | |
| १ | १ | १.१ | १.१.१ | ग | प्रदेशस्तरीय युवा नीति तथा मापदण्ड निर्माण | संख्या | | १ | | | | | १ | साविम |
| २ | | | १.१.२ | ख | युवा स्वयंसेवक परिचालन | जना | | ९० | १०० | १०० | १२५ | १२५ | ५४० | " |
| ३ | | | १.१.३ | क | मन्त्रालय स्तरीय योजना तर्जुमा र अनुगमन तथा मूल्याङ्कनमा युवाहरूलाई सहभागी गराउने | संख्या | | ५० | ५० | ५० | ५० | ५० | २५० | सम्बन्धित मन्त्रालय |
| ४ | २ | २.१ र २.२ | २.१.१ र २.२.२ | ख | युवा लक्षित प्राविधिक तथा व्यावसायिक तालिम | संख्या | | २००० | २००० | २००० | २००० | २००० | १०००० | साविम |
| ५ | | | २.१.२ | ख | युवाहरूलाई सहुलियत दरमा कर्जा प्रवाह गर्ने कार्यक्रम | संख्या | | १०० | १०० | १०० | १०० | १०० | ५०० | " |
| ६ | | | २.२.१ | क | उत्पादनमूलक उद्यमका लागि अनुदान | संख्या | | | ३० | ४० | ५० | ५० | १७० | " |
| ७ | | | २.२.३ | क | परम्परागत पेशाको व्यावसायीकरण | संख्या | | | २ | २ | २ | २ | ८ | " |
| ८ | | २.३ | २.३.१ | क | विविध क्षेत्रका उत्कृष्ट युवा र स्रष्टाहरूको पहिचान गरी प्रोत्साहन र पुरस्कार प्रदान गर्ने | संख्या | | १०० | १०० | १०० | १०० | १०० | ५०० | " |
| ९ | | | २.३.२ | क | आचरण र सदाचारबारे युवाहरूलाई प्रशिक्षण | संख्या | | तयारी | ३३० | ३३० | ३३० | ३३० | १३२० | " |
| १० | | २.४ | २.४.१ | क | खेलकुद कार्यक्रममा समावेश(५.७) | | | | | | | | | |

### ५.६.८ नतिजा

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७५/७६ | उपलब्धि | | | | | योजना अवधिका उपलब्धि | पुष्ट्याइँको स्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान | प्रससं | दीविलसं | दीरालस | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | | | | | | | |
| **प्रभाव** | **युवा जनशक्तिलाई प्रदेशको सामाजिक र आर्थिक विकासमा मूलप्रवाहीकरण गरिएको हुने** | **रोजगारीमा नरहेका १५ देखि २४ वर्ष उमेर समूहका युवाको अनुपात** | **प्रतिशत** | ६०.५ | ५० | ४० | ३० | २० | ५ | ५ | NLFS (केतवि) | **साविम** | | ६ | ४ | २ | |
| | | **शिक्षामा नरहेका १५ देखि २४ उमेर समूहका युवाको अनुपात** | **प्रतिशत** | ४१.९ | ३८ | ३५ | ३२ | २९ | २५ | २५ | **जनगणना** (केतवि) | " | | ६ | ४ | २ | |
| **असर १** | युवाको सीप र नेतृत्व क्षमता प्रस्फुटित हुँदै विकासमा युवा सह भागिता वृद्धि भएको हुने | विकास कार्यक्रममा युवा सहभागिता दर | प्रतिशत | | | | | | | | | " | | ६ | ४ | २ | |
| **प्रतिफल १.१** | युवा नीति नियम तर्जुमा भई कार्यान्वयन भएको हुने | प्रदेशस्तरीय युवा नीति निर्माण | संख्या | | १ | | | | | १ | साविमको प्रगति प्रतिवेदन | " | सरोकार वालाको सहयोग हुने | ६ | ४ | २ | |
| **प्रतिफल १.२** | विकास निर्माणमा युवाहरूलाई परिचालन गर्न युवा स्वयंसेवा कार्यक्रम सञ्चालन भएको हुने | परिचालित युवा स्वयंसेवकको संख्या | जना | | ९० | १०० | १०० | १२५ | १२५ | ५४० | " | " | " | ६ | ४ | २ | |
| **प्रतिफल १.३** | नीति निर्माण, कार्यक्रम निर्माण, अनुगमन मूल्याङ्कनमा युवा सहभागिता वृद्धि भएको हुने | प्रदेशका नीति निर्माणमा युवा सहभागिताको संख्या | संख्या | | ५० | ५० | ५० | ५० | ५० | २५० | " | " | " | ६ | ४ | २ | |
| **असर २** | युवाहरू उद्यमशील, स्वरोजगार र स्वावलम्बी बनेका हुने | युवालक्षित प्राविधिक तथा व्यावसायिक तालिममा सहभागीको संख्या | संख्या | | २००० | २००० | २००० | २००० | २००० | १०००० | " | " | " | ६ | ४ | २ | |
| **प्रतिफल २.१** | युवाहरूलाई स्वरोजगार बनाउन सहुलियत ब्याजदरमा कर्जा प्रवाह भएको हुने | युवाहरूलाई सहुलियत दरमा कर्जा प्रवाह | संख्या | | १०० | १०० | १०० | १०० | १०० | ५०० | " | साविम | युवाहरू आकर्षित भएका हुने | ६ | ४ | २ | |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७५/७६ | उपलब्धि | | | | | योजना अवधिका उपलब्धि | पुष्ट्याइँको स्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान | प्रससं | दीविलसं | दीरालस | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | | | | | | | |
| **प्रतिफल २.२** | परम्परागत पेशा र व्यवसायको जगेर्ना, परिष्करण, प्रवर्द्धन र व्यावसायीकरण गर्न युवाहरूलाई प्रोत्साहित गरिएको हुने | उत्पादनमूलक उद्यमका लागि प्रस्तावका आधारमा अनुदान प्राप्त गर्नेहरूको संख्या | संख्या | | ० | ३० | ४० | ५० | ५० | १७० | साविमको प्रगति प्रतिवेदन | साविम | आवश्यक स्रोत साधन उपलब्ध हुने | ६ | ४ | २ | |
| **प्रतिफल २.३** | सिर्जनात्मक कार्य, अन्वेषण र नवप्रवर्तन कार्य गरी राष्ट्र र प्रदेशको गौरव बढाउन योगदान दिने युवाहरूलाई प्रोत्साहित गरिएको हुने | विविध क्षेत्रमा उत्कृष्ट युवा र स्रष्टाहरूको पहिचान गरी प्रोत्साहन र पुरस्कार प्रदान गरिएका व्यक्तिहरूको संख्या | संख्या | | १०० | १०० | १०० | १०० | १०० | ५०० | " | " | " | ६ | ४ | २ | |
| **प्रतिफल २.४** | युवाहरूमा नैतिकता, सदाचारको विकास गरी देश, समाज र ज्येष्ठ नागरिकप्रतिको दायित्वबोध गराइएको हुने | आचरण र सदाचार सम्बन्धी तालिम प्राप्त गर्नेहरूको संख्या | संख्या | | तयारी | ३३० | ३३० | ३३० | ३३० | १३२० | " | " | " | ६ | ४ | २ | |
| **लगानीः वार्षिक कार्यक्रम तथा बजेट, युवा नीति, सहुलियत दरमा ऋण कार्यक्रम, युवा स्वरोजगार कार्यक्रम, युवाहरूलाई प्राविधिक तथा व्यावसायिक तालिम, सीप विकास कार्यक्रम, प्रधानमन्त्री रोजगार कार्यक्रम** | | | | | | | | | | | | | | | | | |

## ५.७ खेलकुद

### ५.७.१ पृष्ठभूमि

व्यक्तिको शारीरिक, मानसिक, सामाजिक र संवेगात्मक पक्षको सन्तुलित विकासमा खेलकुदको महत्वपूर्ण भूमिका रहन्छ । खेलकुद मानव जातिका लागि अभिन्न अङ्ग रहेकाले वर्तमान सन्दर्भमा सबैका लागि खेलकुद भन्ने अभियान सञ्चालन गरी समाजमा रहेका खेलाडी, खेल प्रशिक्षक, बालबालिका, युवा, ज्येष्ठ नागरिक, फरक क्षमता भएका व्यक्तिहरू सबैलाई खेलकुदको माध्यमबाट निरोगी एवम् अनुशासित तुल्याई देश विकासको पथमा संलग्न गराउनु अहिलेको प्रमुख आवश्यकता हो । खेलकुदलाई मनोरञ्जनका रूपमा मात्र नलिई मानव विकास सूचकाङ्कको रूपमा लिई यस क्षेत्रमा लगानी बढाउन सकेको खण्डमा प्रदेशको विकासमा महत्वपूर्ण योगदान सावित हुन सक्दछ । खेलाडीलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रुपमा प्रतिस्पर्धी बनाई प्रदेश र राष्ट्रको गौरव बढाउने तथा खेलकुदमार्फत् पर्यटनको प्रवर्द्धन गर्दै गण्डकी प्रदेशलाई खेलकुद केन्द्र स्थल (हव) का रूपमा विकास गरी आर्थिक समृद्धि हाँसिल गर्ने सम्भावनाहरू रहेका छन् ।

### ५.७.२ प्रमुख समस्या

गण्डकी प्रदेशमा खेलकुद विकासका लागि पूर्वाधार र खेल सामग्रीको कमी हुनु, भएका पूर्वाधारहरू गुणस्तरीय, आधुनिक र सुविधायुक्त नहुनु, खेलाडी तथा प्रशिक्षकहरूलाई नियमित रूपमा प्रशिक्षण दिई उनीहरूको मनोवल उच्च वनाई जीविकोपार्जनको आधारको रूपमा स्थापित गर्न नसकिनु, अन्तर्राष्ट्रिय प्रतियोगिताहरूमा नियमित रूपमा प्रतिस्पर्धी हुन नसक्नु, खेलकुदको विकास र लगानीमा निजी क्षेत्रलाई प्रोत्साहन गरी लगानी आकर्षण गर्न नसक्नु, खेल सम्वद्ध संस्थाहरूको क्षमता विकास गरी संस्थागत सुशासन कायम गर्न नसक्नु, साहसिक खेलकुदमा पर्याप्त ध्यान दिन नसकिनु जस्ता विषय प्रमुख समस्याका रूपमा रहेका छन् ।

### ५.७.३ अवसर र चुनौती

**चुनौती**

गण्डकी प्रदेशमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मापदण्ड अनुकूलका सुविधा सम्पन्न खेल पूर्वाधार हरूको निर्माण गर्नु, स्थानीय तहमा खेलकुदका आधारशीलाहरू निर्माण गर्नु, निजी क्षेत्रलाई खेलकुद क्षेत्रमा लगानीका लागि आकर्षित गरी सार्वजनिक निजी लगानीलाई प्रोत्साहित गर्नु, खेलकुदमा अध्ययन अनुसन्धान गर्ने पद्धतिको विकास गर्नु, खेलकुदलाई जीवनको अभिन्न अङ्गको रूपमा स्थापित गर्दै व्यवसाय र रोजगारीका रूपमा विकास गर्नु, समुदायदेखि नै खेलकुदलाई आत्मसात् गरी बालबालिका, युवा, विद्यार्थी, ज्येष्ठ नागरिक लक्षित खेलकुद कार्यक्रम र शिक्षण, प्रशिक्षण तथा विभिन्न प्रतियोगिताहरूको आयोजना गरी स्वच्छ तथा प्रतिस्पर्धी खेलाडीको विकास एवम् खेल साँस्कृतिको विकास गर्नु मुख्य चुनौती रहेका छन् ।

**अवसर**

नेपालको संविधानले खेलकुदलाई राष्ट्रिय एकता सुदृढ गर्ने र अन्तर्राष्ट्रिय क्षेत्रमा सम्मान अभिवृद्धि गर्ने माध्यमको रूपमा लिनु, प्रदेश र स्थानीय तहलाई समेत खेलकुदको जिम्मेवारी प्राप्त हुनु, प्रदेशका उच्च भू-भागमा खेलकुद प्रशिक्षण केन्द्र स्थापनाको प्रचुर सम्भावना रहनु, समुदायस्तरमा योग तथा व्यायामप्रति रुचि तथा महत्व वढ्न गई पूर्वाधारको विकास हुँदै जानु, स्थानीय स्तरमा विभिन्न क्लबहरूद्वारा खेलकुद पूर्वाधार विकास र प्रतियोगिता आयोजनामा योगदान रहनु, प्रदेशले खेलकुदलाई पर्यटन प्रवर्द्धनको माध्यमका रूपमा स्वीकार गर्नु, विद्यालय तहमा खेलकुदलाई अभिन्न अङ्गका रूपमा लिइनु, पदक विजेता खेलाडी र खेल व्यवस्थापकलाई सम्मान गर्ने वातावरण सिर्जना हुनु, भूतपूर्व खेलाडीहरूको खेलकुद विकासमा सदा सक्रियता देखिनु आदि यस क्षेत्रका प्रमुख अवसर रहेका छन् ।

### ५.७.४ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

**सोच**

प्रतिस्पर्धी खेलकुदको विकास ।

**लक्ष्य**

प्रदेशलाई खेलकुद केन्द्र (हव) का रूपमा विकास गर्ने

**उद्देश्य**

१. खेलकुद पूर्वाधारको विकास गर्नु ।

२. खेलाडीलाई स्वस्थ, अनुशासित, प्रतिस्पर्धी र व्यावसायिक बनाउनु ।

३. प्रदेशलाई खेलकुद पर्यटनको केन्द्र बनाई विकासमा टेवा पुऱ्याउनु ।

### ५.७.५ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १: खेलकुद पूर्वाधारको विकास गर्नु ।** | |
| १.१ खेलकुदको समुचित विकासका लागि आवश्यक पूर्वाधारको निर्माण, संरक्षण स्तरोन्नति गर्ने | १.१.१ प्रदेश तहमा अन्तर्राष्ट्रिय मापदण्डको सुविधा सम्पन्न वहुउद्देश्यीय खेलकुद मैदान, क्रिकेट, गल्फ कोर्सलगायत अन्य पूर्वाधार निर्माण गरिनेछ ।<br>१.१.२ प्रदेशमा खेलकुद शैक्षिक संस्थाका रूपमा खेलकुद एकेडेमीको स्थापना गरी सञ्चालनमा ल्याइनेछ ।<br>१.१.३ उच्च उचाइ खेलकुद प्रशिक्षण केन्द्र स्थापना गरी सञ्चालन गरिनेछ । |
| १.२ स्थानीय तहसँगको समन्वयमा खेलकुद पूर्वाधारको निर्माण, संरक्षण स्तरोन्नति गर्ने । | १.२.१ स्थानीय तहसँगको सहकार्यमा प्रत्येक स्थानीय तहमा कम्तीमा एक खेलमैदान स्थापना गरिनेछ ।<br>१.२.२ नगरपालिकासँग सहकार्य गरी सबै नगरपालिकाहरूमा खेलकुद रंगशाला निर्माण गरिनेछ । |
| १.३ खेलकुद पूर्वाधारको व्यवस्थापन र विकासमा निजी क्षेत्रलाई प्रोत्साहन गर्ने । | १.३.१ सार्वजनिक निजी साझेदारीमा खेलकुद पूर्वाधार निर्माण र सुदृढ गरिनेछ । |
| **उद्देश्य २: खेलाडीलाई स्वस्थ, अनुशासित, प्रतिस्पर्धी र व्यावसायिक बनाउनु ।** | |
| २.१ खेल सम्बद्ध राष्ट्रिय र अन्तर्राष्ट्रिय संघसंस्थाहरूसँग समन्वय र सहकार्य गरी खेलकुद विकास गर्ने । | २.१.१ खेलकुद विकासका लागि सरोकारवाला राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थासँग सहयोग र सहकार्य गरिनेछ ।<br>२.१.२ खेलकुद पूर्वाधारको विकास र खेल क्षेत्रको उत्थानका लागि विज्ञता हाँसिल गरेका विदेशी खेलाडीसँग ज्ञान र सीपको आदानप्रदान गर्न आवश्यक समझदारीको व्यवस्था मिलाइनेछ। |
| २.२ मनोरञ्जनात्मक, परम्परागत तथा संस्कृतिजन्य खेलकुद विकास गर्ने । | २.२.१ क्षमताअनुसारका मनोरञ्जनात्मक, परम्परागत तथा संस्कृतिजन्य खेललाई प्रोत्साहन गरिनेछ ।<br>२.२.२ लोपोन्मुख खेल उत्थान तथा विकासका लागि आवश्यक व्यवस्था गरिनेछ । |
| २.३ प्रतिभावान खेलाडीको पहिचान, क्षमता विकास र प्रोत्साहन गर्ने । | २.३.१ राष्ट्र र प्रदेशको गौरव राख्न सफल खेलाडीहरूलाई सम्मान एवम् पुरस्कार दिइनेछ ।<br>२.३.२ स्थानीय स्तरदेखि प्रतियोगिता सञ्चालन गर्दै प्रतिभावान खेलाडीहरूको पहिचान तथा विकास गरिनेछ ।<br>२.३.३ माध्यमिक विद्यालय तहमा खेलकुद पूर्वाधारको विकास गरी खेलकुद प्रतियोगिता सञ्चालन गरिनेछ । |
| **उद्देश्य ३: प्रदेशलाई खेलकुद पर्यटनको केन्द्र बनाई आर्थिक समृद्धि हाँसिल गर्नु ।** | |
| ३.१ गण्डकी प्रदेशलाई खेल पर्यटनको गन्तव्यको रूपमा विकास गर्ने । | ३.१.१ पर्यटक आकर्षण गर्ने साहसिक र मनोरञ्जनात्मक खेलकुदलाई प्रवर्द्धन गरिनेछ ।<br>३.१.२ छिमेकी देशसँग मैत्रीपूर्ण र व्यावसायिक खेलकुद प्रतियोगिता आयोजना गरिनेछ । |

### ५.७.६ कार्यक्रमका प्राथमिकता

१. प्रदेश खेलकुद प्रतिष्ठानको स्थापना र सञ्चालन गर्ने ।

२. अन्तर्राष्ट्रिय स्तरको क्रिकेट र गल्फकोर्स मैदानको निर्माण गर्ने ।

३. उच्च उचाई खेल तालिम केन्द्र र खेल मैदान, नदी किनारमा विच पार्क तथा अन्य साहसिक एवम् मनोरञ्जनात्मक खेलस्थल निर्माण गर्ने ।

### ५.७.७ विस्तृत कार्यक्रम

| क्र.सं. | उद्देश्य नं | रणनीति नं | कार्यनीति नं | संकेत | कार्यक्रम | इकाई | आधार वर्ष | लक्ष्य | | | | | योजना अवधिको जम्मा लक्ष्य | जिम्मेवार निकायहरू |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | |
| १ | १ | १.१ | १.१.१ | ख | अन्तर्राष्ट्रियस्तरको क्रिकेट मैदान निर्माण | संख्या | | तयारी | तयारी | १ | | | १ | साविम |
| २ | | | | ख | अन्तर्राष्ट्रियस्तरको गल्फकोर्ष निर्माण | संख्या | | तयारी | तयारी | तयारी | | १ | १ | " |
| ३ | | | १.१.२ | क | प्रदेश खेलकुद प्रतिष्ठान स्थापना र सञ्चालन | संख्या | | तयारी | १ | | | | १ | " |
| ४ | | | १.१.३ | ख | मुस्ताङ्गको बाह्रगाउँ मुक्तिक्षेत्रमा उच्च उचाई खेल तालिम केन्द्र (High Altitude Sports Training Centre) निर्माण | संख्या | | तयारी | तयारी | १ | सञ्चालन | सञ्चालन | १ | साविम स्थातह |
| | | | | ग | वाग्लुङको ढोरपाटन क्षेत्रमा उच्च उचाई खेल मैदान (High Altitude Sports Ground) निर्माण | संख्या | | तयारी | तयारी | तयारी | १ | | १ | संयुखेम/ साविम |
| ५ | | १.२ | १.२.१ | ख | एक स्थानीय तह एक खेल मैदान निर्माण | संख्या | १३ | २२ | ११ | १४ | १५ | १० | ७२ | स्थातह |
| ६ | | | १.२.२ | ख | नगरपालिकासँगको समन्वयमा रंगशाला निर्माण | संख्या | ६ | ६ | ५ | ४ | ३ | ३ | २१ | " |
| | | १.३ | १.३.१ | क | खेलकुद पूर्वाधार निर्माणमा निजी क्षेत्रलाई सहभागिता गराउने | प्याकेज | | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १ | साविम |
| ७ | २ | २.१ | २.१.१ | ख | पालिकास्तरीय खेलकुद विकास समिति गठन गर्ने | संख्या | | | ८५ | | | | ८५ | " |
| | | | २.१.२ | ग | प्रदेशका खेलाडीहरूलाई अन्तर्राष्ट्रिय क्षेत्रसँग आवद्धगरी सीप तथा क्षमता अभिवृद्धि गर्ने | संख्या | | | २५ | २५ | २५ | २५ | १०० | राखेप |
| ८ | | २.२ | २.२.१ | ख | रंगशालाभित्र ज्येष्ठ नागरिक मैत्री खेलकुद ब्लकको व्यवस्था गर्ने | संख्या | | | ५ | ८ | १० | ४ | २७ | साविम |
| | | | २.२.२ | क | लोपोन्मुख खेल पहिचान,संरक्षण एवम् प्रवर्द्धन | प्याकेज | | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १ | " |
| | | २.३ | २.३.१ | ग | राष्ट्र तथा प्रदेशको गौरव राख्न सफल प्रदेशका खेलाडीलाई सम्मान गर्ने | प्याकेज | | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १ | " |
| ९ | | | २.३.२ | ख | युवा क्लबहरूलाई खेलकुद सामग्री प्रोत्साहन | प्याकेज | | | १ | १ | १ | १ | १ | स्थातह |

| क्र.सं. | उद्देश्य नं | रणनीति नं | कार्यनीति नं | संकेत | कार्यक्रम | इकाई | आधार वर्ष | लक्ष्य | | | | | योजना अवधिको जम्मा लक्ष्य | जिम्मेवार निकायहरू |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | |
| १० | | | | ख र ग | पालिका, प्रदेश, राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरीय खेलकुद प्रतियोगिता सञ्चालन गरी प्रतिभावन खेलाडीको पहिचान र विकास गर्ने | प्याकेज | | | १ | निरन्तर | निरन्तर | निरन्तर | १ | यु.खे.म, साविम, खेविस |
| ११ | | | २.३.३ | ख | विद्यालयहरूमा खेल पूर्वाधार स्तरोन्नति | प्याकेज | | | १ | निरन्तर | निरन्तर | निरन्तर | १ | स्थातह |
| १२ | ३ | ३.१ | ३.१.१ | ख | नारायणी नदी किनारामा वीच (Beach) पार्क निर्माण | वटा | | | अध्ययन | तयारी | १ | | १ | प्रनियोआ/खेलकुद समिति |
| १३ | ३ | | | ख | पर्यटन आकर्षण गर्ने किसिमका सहासीक एवम् मनोरञ्जनात्मक खेलकुद प्रवर्द्धन (उड्यन खेल, बन्जि, जिप फ्लायर, ऱ्याफटिङ, स्कि आदि) | प्याकेज | | | १ | १ | १ | १ | १ | साविम/ निजी क्षेत्र |
| | | | | ग | स्याङ्जाको आँधीखोला लाई Low Aviation Sport Zone को रुपमा विकास गर्ने | प्यकेज | | | तयारी | | १ | | १ | साविम |
| १४ | ३ | | ३.१.२ | ग | मैत्रीपूर्ण अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगिता | प्याकेज | | १ | १ | १ | १ | १ | १ | राखेप |

## ५.७.८ नतिजा

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७५/७६ | उपलब्धि | | | | | योजना अवधिका उपलब्धि | पुष्ट्याईको श्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान | प्रससं | दिविसं | दीरासं | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | | | | | | | |
| **प्रभाव** | **प्रदेश खेलकुद केन्द्र (हब) का रूपमा विकास भएको हुने** | **प्रदेशमा अन्तर्राष्ट्रिय स्तरका खेलकुद प्रतियोगिता सञ्चालन** | **संख्या** | | २ | २ | २ | २ | २. | १० | **साविमको प्रतिवेदन** | **साविम** | | ६ | ४ | २ | |
| **असर १** | खेलकुद पूर्वाधारको विकास भएको हुने | खेलकुद पूर्वाधार निर्माण | संख्या | १३ | २२ | १२ | १६ | १६ | ११ | ७७ | " | " | | ६ | ४ | २ | |
| **प्रतिफल १.१** | प्रदेशमा खेलकुद शैक्षिक संस्थाका रूपमा खेलकुद एकेडेमीको स्थापना भई सञ्चालनमा आएको हुने | प्रदेश खेलकुद एकेडेमीको स्थापना | संख्या | | तयारी | १ | सञ्चालन | सञ्चालन | सञ्चालन | सञ्चालन | " | " | | ६ | ४ | २ | |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७५/७६ | उपलब्धि | | | | | योजना अवधिको उपलब्धि | पुष्ट्याइँको श्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान | प्रससं | दिविलसं | दीरालसं | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | | | | | | | |
| प्रतिफल १.२ | नगरपालिकासँग सहकार्य गरी सबै नगरपालिकाहरूमा खेलकुद रंगशाला निर्माण भएको हुने | प्रदेश सरकारको सहकार्यमा रंगशाला निर्माण भएको नगरपालिकाको संख्या | संख्या | ६ | ६ | ५ | ४ | ३ | ३ | २१ | साविमको प्रतिवेदन | साविम | स्थानीय तहले सहकार्य गर्ने | ६ | ४ | २ | |
| असर २ | अन्तर्राष्ट्रिय स्तरको क्रिकेट मैदान र गल्फ कोर्ष निर्माण भएको हुने | कास्की जिल्लाको पशुपति घाटमा क्रिकेट मैदानको निर्माण हुने | संख्या | | | | १ | | | १ | " | " | " | ६ | ४ | २ | |
| | | कास्की जिल्लाको जौ बारीमा गल्फ कोर्ष निर्माण | संख्या | | | | १ | | | १ | " | " | " | ६ | ४ | २ | |
| प्रतिफल २.२ | खेलकुद पूर्वाधारको विकास र खेल क्षेत्रको उत्थानका लागि विज्ञता हाँसिल गरेका विदेशी खेलाडीसँग ज्ञान र सीपको आदानप्रदान गर्न आवश्यक समझदारीको व्यवस्था भएको हुने | अन्तर्राष्ट्रिय खेलाडीसँग ज्ञान, सीप आदान प्रदान आदान प्रदान कार्यक्रमको सहभागी संख्या | संख्या | | २५ | २५ | २५ | २५ | २५ | १२५ | " | " | नेपाल सरकार बाट सहयोग प्राप्त हुने | ६ | ४ | २ | |
| प्रतिफल २.३ | स्थानीय स्तरदेखि प्रतियोगिता सञ्चालन गर्दै प्रतिभावान् खेलाडीहरूको पहिचान तथा विकास भएको हुने | खेलकुद प्रतियोगिताको संख्या | संख्या | | १ | १ | १ | १ | १ | ५ | " | " | स्थानीय तहले सहकार्य गर्ने | ६ | ४ | २ | |
| असर ३ | प्रदेशलाई खेलकुद पर्यटनको केन्द्र बनाई आर्थिक समृद्धि हाँसिल भएको हुने | पर्यटन सम्बन्धी खेलकुदको संख्या | संख्या | १ | २ | २ | २ | २ | २ | १२ | " | " | | ६ | ४ | २ | |
| प्रतिफल ३.१ | पर्यटकलाई आकर्षण गर्ने साहसिक र मनोरञ्जनात्मक खेलकुदको प्रवर्द्धन भएको हुने | साहसिक र मनोरञ्जनात्मक खेलकुद प्रवर्द्धन कार्यक्रमको संख्या | संख्या | | १ | १ | १ | २ | २ | ७ | " | " | पर्यटन व्यावसायीले सहकार्य गर्ने | ६ | ४ | २ | |
| प्रतिफल ३.२ | छिमेकी देशसँग मैत्रीपूर्ण र व्यावसायिक खेलकुद प्रतियोगिता आयोजना भएको हुने | मैत्रीपूर्ण छिमेकी राष्ट्र खेलकुद प्रतियोगिताको संख्या | वटा | | १ | १ | १ | १ | १ | ५ | " | " | | ६ | ४ | २ | |
| **लगानी: वार्षिक कार्यक्रम तथा बजेट, प्रदेश खेलकुद एकेडेमी, युवा खेलकुद क्लब, खेलकुद तालिम, खेलकुद मैदान र रङ्गशाला** | | | | | | | | | | | | | | | | | |

## ५.८ बालबालिका तथा किशोरकिशोरी

### ५.८.१ पृष्ठभूमि

नेपालको संविधानले बालबालिकाको हकलाई मौलिक हकको रूपमा स्थापित गरेको हुँदा बाल बचाउ, बाल संरक्षण, बाल विकास र बालसहभागिता जस्ता बालअधिकारका आधार स्तम्भहरू प्रत्याभूति गर्नुपर्ने दायित्व राज्य सामु छ । बालबालिका सम्बन्धी ऐन २०७५, स्थानीय सरकार सञ्चालन ऐन २०७४, को व्यवस्थाका साथै दिगो विकास लक्ष्यमा समेत बालबालिकाको गुणस्तरीय शिक्षा, स्वास्थ्य, बालबालिका माथि हुने हिंसा, शोषण, दुर्व्यवहार, उपेक्षाको अन्त्य र सुरक्षित र पहुँचयोग्य वातावरण तथा किशोरकिशोरी माथि हुने सबै प्रकारका विभेदको अन्त्य गर्ने राष्ट्रिय लक्ष्यमा समावेश गरिएकाले सोही अनुरूप गण्डकी प्रदेशले पनि उक्त विषयहरूलाई सम्वोधन गर्नुपर्ने आवश्यकता रहेको छ ।

### ५.८.२ प्रमुख समस्या

प्रदेशमा बालबालिकाको गुणस्तरीय शिक्षा तथा स्वास्थ्यमा पर्याप्त पहुँच नहुनु, बालमैत्री वातावरणको कमी हुनु, कानूनी नियन्त्रणका वावजुद बालश्रम शोषणको अवस्था विद्यमान रहनु, असहाय, अनाथ, सडक तथा श्रमिक बालबालिकाको उचित संरक्षण र व्यवस्थापन हुन नसक्नु, बालबिवाह, हिंसा, शोषण, यौनदुर्व्यवहार, बलात्कार, हत्या, लिंग पहिचान गरी भ्रूणहत्या, बालन्याय प्रणालीको प्रभावकारिता नहुनु, बेचबिखन तथा ओसारपसार जस्ता घटनाहरूमा अपेक्षित रूपमा नियन्त्रण हुन नसक्नु, किशोरकिशोरी शिक्षाको कमी, प्रदेश तथा स्थानीय तहमा वैकल्पिक स्याहारको माध्यमबाट जोखिममा रहेका बालबालिकाको पुनर्स्थापन हुन नसक्नु साथै बालबालिकासँग काम गर्ने संस्थागत संरचनाको अभाव हुनु आदि यस क्षेत्रका मुख्य समस्याहरू हुन् ।

### ५.८.३ चुनौती र अवसर

**चुनौती**

बालबालिका तथा किशोरकिशोरीहरूले आधारभूत अधिकार उपभोग गर्न सक्ने वातावरण तयार गर्नु, विकसित विश्वव्यापी मूल्य, मान्यता र वदँलिदो परिस्थितिलाई सम्वोधन हुने गरी बालअधिकारको संरक्षण र प्रवर्द्धनको कार्यहरूलाई प्रभावकारी बनाउनु, बालन्याय प्रणाली तथा बालमैत्री स्थानीय शासन पद्धतिलाई व्यवहारमा उतार्नु, जोखिममा रहेका बालबालिकाको संरक्षण गर्नु, लागुपदार्थ दुर्व्यसन, बालविवाह, बालश्रम, हत्या, अपहरण, बाल हिंसा, बलात्कार, बेचबिखन तथा ओसारपसार जस्ता घटनाहरूमा कमी ल्याउनु, बालबालिका तथा किशोरकिशोरी माथि हुने परम्परागत हानिकारक अभ्यास, लैङ्गिक विभेद तथा प्रचलनलाई पूर्ण रूपमा नियन्त्रण गरी उनीहरूको भविष्य सुनिश्चित गर्नु आदि यस क्षेत्रका प्रमुख चुनौतीहरू हुन् ।

**अवसर**

संविधानमा बालबालिकाको हकलाई मौलिक हकका रुपमा प्रत्याभूति गरिनु, प्रदेश सरकारले बालबालिकाका सवालहरूलाई प्राथमिकताका साथ सम्वोधन गर्न विभिन्न नीति तथा कार्यक्रमको तर्जुमा गर्नु, तीनै तहका सरकारले बालबालिकाका सम्बन्धमा नीति, कानून, संस्थागत संयन्त्र, योजना तथा कार्यक्रमलाई प्राथमिकतामा राख्नु, दिगो विकास लक्ष्यमा बालबालिका तथा किशोरकिशोरी सम्बन्धी विषयहरू समावेश गरिनु, तीनै तहका सरकारले बालबालिकाको शिक्षा र स्वास्थ्यमा विशेष जोड दिइनु, बाल अधिकारको संरक्षण तथा प्रवर्द्धनका लागि बाल अदालत, बालमैत्री स्थानीय शासनको अवधारणा, बाल क्लव गठन, किशोरकिशोरीहरूलाई संबोधन गरी कार्ययोजनाहरू तर्जुमा हुनु, बालबालिकाको बालवचाउ, बालसंरक्षण, बालसहभागिता, बालविकास तथा सर्वोत्तम हितलाई जोड दिइनु, बालबालिकाको सर्वोत्तम हित हुने गरी सर्वोच्च अदालतबाट सिद्धान्त प्रतिपादन हुनु, मिडियाहरूबाट घटनाहरू उजागर हुनु, बालबालिकासँग सम्बन्धित संरचनाहरू स्थानीय तहसम्म रहने व्यवस्था हुनु, बालबालिकाको खोजतलास तथा उद्धार र संरक्षणका लागि सामाजिक संस्थाहरूको सहकार्यमा बालबालिका खोजतलास समन्वय केन्द्र र बाल हेल्पलाइन कार्यक्रम सञ्चालन हुनु आदि यस क्षेत्रका अवसरहरू हुन् ।

### ५.८.४ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

**सोच**

बालबालिका तथा किशोरकिशोरी मैत्री समाजको निर्माण ।

**लक्ष्य**

बालबालिका तथा किशोरकिशोरी विरुद्ध हुने सबै प्रकारका विभेद, हिंसा र शोषण अन्त्य गरी सक्षम र आत्म सम्मान भएका नागरिक निर्माण गर्ने ।

**उद्देश्य**

१. बालबालिका तथा किशोरकिशोरीको समग्र अधिकारको संरक्षण तथा प्रवर्द्धन गर्ने ।
२. बालबालिका तथा किशोरकिशोरीमैत्री बातावरण सिर्जना गर्नु ।

### ५.८.५ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १: बालबालिका तथा किशोरकिशोरीको समग्र अधिकारको संरक्षण तथा प्रवर्द्धन गर्नु** | |
| १.१ बाल स्वास्थ्यमा सुधार ल्याई बाल मुत्यु दरमा कमी ल्याउने । | १.१.१ बालबालिका तथा किशोरकिशोरीको पोषण अवस्थामा सुधार ल्याउन बहुक्षेत्रीय पोषण कार्यक्रमका साथै अन्य पोषण सम्बन्धी कार्यक्रमको विस्तार गरिनेछ ।<br>१.१.२ किशोरकिशोरीहरूलाई स्थानीय तहबाट स्वास्थ्य तथा प्रजनन स्वास्थ्य शिक्षा सेवा उपलब्ध गराइनेछ ।<br>१.१.३ बालबालिकाहरूलाई पूर्ण खोपको सुनिश्चितता तथा गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच बढाइ बाल मुत्युदर घटाइनेछ । |
| १.२ सबै प्रकारका विभेद, हिंसा, उत्पीडन, शोषणबाट सबै प्रकारका (विपन्न परिवारका, अपाङ्गता भएका, असहाय, अनाथ, विशेष संरक्षणको आवश्यकता भएका) बालबालिका तथा किशोरकिशोरीलाई उचित संरक्षण गर्ने । | १.२.१ बालबालिका तथा किशोरकिशोरीहरू विरुद्ध हुने हिंसा, बाल यौनदुर्व्यवहार, बालश्रम, बालविवाह,बलात्कार, बेचविखनजस्ता अपराध विरुद्ध कानूनी सुधार गरी शून्य सहनशीलताको नीति अबलम्बन गरिनेछ ।<br>१.२.२ बालबालिका माथि हुने शारीरिक तथा मानसिक सजाय, बालविवाह, बालश्रम, बालबालिका विरुद्धको हिंसा, लागू औषध, बाल यौनदुर्व्यव्यहार, बालबालिका बेचबिखन तथा गैर कानूनी ओसारपसार लगायत बालबालिका सम्बन्धी कानूनी प्रावधानका विषयहरूमा सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ ।<br>१.२.३ हिंसा प्रभावित बालबालिका तथा किशोरकिशोरीको उचित संरक्षण तथा पुनर्स्थापनाका लागि विशेष व्यवस्था गरिनेछ ।<br>१.२.४ बालबालिकाको आपत्कालीन उद्धार र संरक्षणका लागि कानून बमोजिम बालबालिका खोजतलास र बाल हेल्पलाईन सेवा विस्तार गर्दै विद्यालयदेखि सर्वसाधारणसम्म पुऱ्याउन प्रचार प्रसार गरिनेछ । |
| १.३ बालबालिका तथा किशोरकिशोरीको शारीरिक, मानसिक, संवेगात्मक तथा संज्ञानात्मक विकासका लागि प्रभावकारी उपायहरू अवलम्बन गर्ने । | १.३.१ प्रत्येक विद्यालयहरूमा बालबालिकाको शारीरिक र मानसिक विकासका लागि उमेर र कक्षा अनुसार खेलकुद, मनोरञ्जन तथा अतिरिक्त क्रियाकलापहरू सञ्चालनका लागि स्थानीय तहसँग समन्वय गरी वार्षिक क्यालेन्डर बनाई सञ्चालन गरिनेछ ।<br>१.३.२ विद्यालय तहको शिक्षामा स्वास्थ्य, यौन तथा प्रजनन् अधिकारका विषयहरू, बालविवाहका नकारात्मक असर सम्बन्धी विषय समावेश गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| १.४ बालबालिका र किशोरकिशोरीहरूको सहभागिता प्रवर्द्धन गर्ने । | १.४.१ बाल सहभागिताको सुनिश्चितताको लागि प्रदेश स्तरको बाल परिषद्लाई प्रवर्द्धन गरिनेछ ।<br>१.४.२ स्थानीय तहबाट बाल क्लब, बाल सञ्जाल, किशोरकिशोरी समूहको गठन, विस्तार तथा परिचालन गरी बालबालिका र किशोरकिशोरीहरूको सहभागिता बढाइनेछ ।<br>१.४.३ नीति निर्माण तहमा बालबालिका तथा किशोरकिशोरीको सहभागिता सुनिश्चित गरिनेछ ।<br>१.४.४ बालबालिकाको शारीरिक, मानसिक र शैक्षिक विकासमा अवरोध तथा बाधा नपर्ने गरी बाल सहभागिता प्रवर्द्धन गरिनेछ । |
| **उद्देश्य २: बालबालिका तथा किशोरकिशोरीमैत्री वातावरण सिर्जना गर्नु ।** | |
| २.१ बालबालिका तथा किशोरकिशोरीलाई कुपोषण, रोग, भोक, विपद्, जोखिम आदिबाट मुक्त राख्दै संरक्षण गर्ने । | २.१.१ प्रदेश र स्थानीय तहमा बाल कोषको स्थापना, व्यवस्थापन र सञ्चालन गरिनेछ ।<br>२.१.२ इन्टरनेटको दुरुपयोगबाट बालबालिका माथि पर्ने सबै प्रकारका नकारात्मक असरहरू न्यूनीकरण गर्ने उपायहरूको खोजी गरी कार्यान्वयनमा ल्याइनेछ ।<br>२.१.३ अनाथ, असहाय, बेवारिसे, पूर्ण अपाङ्गता भएका र विशेष संरक्षणको आवश्यकता भएका बालबालिका तथा किशोरकिशोरीहरूको संरक्षण र प्रवर्द्धन गर्न सरकारी पुनर्स्थापना केन्द्रको स्थापना गरिनेछ ।<br>२.१.४ सडक बालबालिकाको उद्धार र पुनर्स्थापना गरिनेछ । |
| २.२ बालमैत्री तथा किशोरकिशोरी मैत्री वातावरणको विकास गर्ने । | २.२.१ बालबालिकाहरूको सर्वाङ्गीण विकासका लागि स्थानीय तहको सहकार्यमा बाल उद्यान निर्माण गरिनेछ ।<br>२.२.२ बालमैत्री स्थानीय शासनको लागि आवश्यक पूर्वाधार तथा बाल अधिकार सूचकहरू पूरा गर्न, बालमैत्री वडा तथा स्थानीय तह घोषणा गर्न स्थानीय तहलाई आवश्यक सहयोग गरिनेछ ।<br>२.२.३ सार्वजनिक स्थल तथा विद्यालयका भौतिक संरचना र अन्य संरचनालाई बालमैत्री बनाइनेछ ।<br>२.२.४ प्रदेश स्तरीय बाल अधिकार समितिको संस्थागत तथा क्षमता विकास गरी बाल अधिकार प्रवर्द्धनका लागि परिचालन गरिनेछ । |

### ५.८.६ कार्यक्रमका प्राथमिकता

१. बालबालिका तथा किशोरकिशोरीहरूको सशक्तीकरण कार्यक्रम सञ्चालन गर्ने ।

२. विशेष संरक्षण आवश्यक भएका बालबालिकाहरूको संरक्षण र पुर्नःस्थापन गर्ने ।

३. पूर्ण खोप सुनिश्चित प्रदेश कार्यक्रमलाई दिगो बनाउने ।

## ५.८.७ विस्तृत कार्यक्रम

| क्र.सं. | उद्देश्य नं | रणनीति नं | कार्यनीति नं | संकेत | कार्यक्रम | इकाई | आधार वर्ष ०७५/७६ | लक्ष्य २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | योजना अवधिको जम्मा लक्ष्य | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | १ | १.१ | १.१.१ | ख | पालिकागत बहुक्षेत्रीय पोषण सम्बन्धी सचेतनामूलक कार्यक्रम | संख्या | | | ८५ | ८५ | ८५ | ८५ | ८५ | साविम, स्थातह |
| २ | | | १.१.२ | ख | पालिकागत किशोरकिशोरी प्रजनन स्वास्थ्य कार्यक्रम | संख्या | | | १ | १ | १ | १ | ४ | " |
| ३ | | | १.१.३ | ख | पूर्ण खोप सुनिश्चितताका लागि सचेतनामूलक कार्यक्रम | संख्या | | | १ | १ | १ | १ | ४ | " |
| ४ | | १.२ | १.२.१ | ग | बालबालिका तथा किशोरी सम्बन्धी नीति ऐन तथा कानून निर्माण | संख्या | तयारी | १ | १ | | | | २ | साविम |
| | | | | ग | बालीका बलात्कार (Child Rape) नियन्त्रण गर्ने कानून बनाई कार्यान्वयन गर्ने । | संख्या | | तयारी | १ | १ | १ | १ | १ | " |
| ५ | | | | क | बालश्रम अन्त्य गर्ने कानून कार्यान्वयन सम्बन्धी सचेतना कार्यक्रम | संख्या | | | १ | १ | १ | १ | ४ | " |
| ६ | | | १.२.२ | ख | बालविवाह तथा किशोरकिशोरी सचेतना कार्यक्रम (वार्षिक) | संख्या | | ८५ | ८५ | ८५ | ८५ | ८५ | ८५ | साविम, स्थातह |
| ७ | | | १.२.३ | ख | जोखिममा परेका बालबालिकाको लागि पुनर्स्थापना केन्द्र स्थापना र सञ्चालन | संख्या | | १ | | | | | १ | साविम, पोखरा मनपा, चिल्ड्रेन नेपाल |
| ८ | | | १.२.४ | ख | बालबालिका आपत्कालीन उद्धार र संरक्षण | प्याकेज | | | १ | | | | १ | साविम, स्थातह |
| ९ | | १.३ | १.३.१ | ख | विद्यालयमा बालबालिकाको सर्वाङ्गीण विकासका लागि अतिरिक्त क्रियाकलाप सञ्चालनका लागि वार्षिक क्यालेन्डर बनाई लागू गर्ने | प्याकेज | | | १ | | | | १ | " |
| १० | | | १.३.२ | ख | यौन तथा प्रजनन अधिकार,वालविवाह सम्बन्धी सचेतना कार्यक्रम | प्याकेज | | | | १ | | | १ | " |
| ११ | | १.४ | १.४.१ | क | प्रदेश बालपरिषद् गठन तथा सञ्चालन | संख्या | १ | १ | | | | | १ | साविम |
| १२ | | | १.४.२ | ख | बाल सहभागिता वृद्धिका लागि बाल क्लब तथा सञ्जाल गठन तथा परिचालन | संख्या | | | ११ | | | | ११ | स्थातह |
| १३ | | | १.४.३ | ख | स्थानीय तहसँगको समन्वयमा नीति निर्माणमा बालबालिका तथा किशोरकिशोरीको सहभागिता अभिवृद्धि | संख्या | | | १ | १ | १ | १ | ४ | साविम, स्थातह |

| क्र.सं. | उद्देश्य नं | रणनीति नं | कार्यनीति नं | संकेत | कार्यक्रम | इकाई | आधार वर्ष ०७५/७६ | लक्ष्य २०७६/७७ | लक्ष्य २०७७/७८ | लक्ष्य २०७८/७९ | लक्ष्य २०७९/८० | लक्ष्य २०८०/८१ | योजना अवधिको जम्मा लक्ष्य | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १४ | | | १.४.४ | ख | १.४.३ ले समेट्ने | पटक | | | | | | | | साविम |
| १५ | | २.१ | २.१.१ | क | प्रदेश बालकोष स्थापना र सञ्चालन | संख्या | | तयारी | १ | | | | १ | " |
| १६ | २ | | २.१.२ | ख | प्रविधिको दुरुपयोगबाट बालबालिकामाथि पर्ने नकारात्मक असर न्यूनीकरण सम्बन्धी सचेतनामूलक कार्यक्रम | प्याकेज | | | १ | निरन्तर | निरन्तर | निरन्तर | १ | साविम, स्थातह |
| १७ | | | २.१.३ | ख | विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको संरक्षणको लागि पूर्नःस्थापना केन्द्र स्थापना एवम् सञ्चालन | संख्या | | | | १ | | | १ | " |
| १८ | | | २.१.४ | ख | सडक बालबालिका उद्धार तथा पुनर्स्थापना | संख्या | | | १ | १ | १ | १ | ४ | " |
| १९ | | २.२ | २.२.१ | ख | एक वडा एक बाल उद्यान निर्माण (अरु क्षेत्रमा समेटिएको) | | | | | | | | | " |
| २० | | | २.२.२ | ख | बालमैत्री स्थानीय शासन प्रवर्द्धन तथा व्यवस्थापन कार्यक्रम | संख्या | | १५ | १५ | १५ | २० | २० | ८५ | स्थातह |
| २१ | | | २.२.३ | ग | सार्वजनिक स्थल र विद्यालयहरूमा बालमैत्री भौतिक संरचनाहरू निर्माण | प्याकेज | | तयारी | १ | सञ्चालन | सञ्चालन | सञ्चालन | १ | नेपाल सरकार र साविम |
| २२ | | | २.२.४ | ख | प्रदेश बालअधिकार समिति गठन र परिचालन | प्याकेज | | १ | | | | | १ | साविम |

### ५.८.८ नतिजा

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७५/७६ | उपलब्धि २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | योजना अवधिका उपलब्धि | पुष्ट्याइँको श्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान | प्रससं | दीविलसं | दीरालसं | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **प्रभाव** | **बालबालिका तथा किशोरकिशोरी विरुद्ध हुने सबै प्रकारका विभेद, हिंसा र शोषण अन्त्य भई सक्षम र आत्मसम्मान भएका नागरिकको निर्माण भएको हुने** | **विगत १२ महिनामा यौनजन्य अनुभब गरेका १५ देखि ४९ वर्षका महिलाको अनुपात** | **प्रतिशत** | ४.९ | ४.३ | ४.० | ३.७ | ३.४ | ३.० | ३.० | **स्वजस** | **साविम** | | ६ | ५ | २ | |
| | | **१५ बर्ष भन्दा कम उमेरमा विवाह भएका वा बन्धनमा रहेका २० देखि २४ वर्ष उमेर समूहका महिलाको प्रतिशत** | **प्रतिशत** | ७.४ | ६.४ | ५.४ | ४.४ | ३.४ | २.० | २.० | " | " | | ६ | ५ | २ | |
| **असर १** | बालबालिका तथा किशोरकिशोरीको समग्र अधिकारको संरक्षण तथा प्रवर्द्धन भएको हुने | पाँच वर्षमुनिको बाल मृत्युदर (प्रति हजार जीवित जन्म) | दर | २७ | २६ | २५ | २४ | २३ | २२ | २२ | " | " | सरोकार वलाको सहयोग हुने | ६ | ५ | २ | |
| | | नवजात शिशुको मृत्युदर (प्रति हजार जीवित जन्म) | दर | १५ | १४ | १३ | १२ | ११ | १० | १० | " | " | " | ६ | ५ | २ | |
| **प्रतिफल १.१** | बालबालिका तथा किशोरकिशोरीको पोषण अवस्थामा सुधार ल्याउन बहुक्षेत्रीय पोषण कार्यक्रमका साथै अन्य पोषण सम्बन्धी कार्यक्रमको विस्तार भएको हुने | बहुक्षेत्रीय पोषण सम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन | पालिका संख्या | ५४ | | ३१ | | | ३१ | ३१ | " | " | " | ६ | ५ | २ | |
| **प्रतिफल १.२** | किशोरकिशोरीहरूलाई स्थानीय तहबाट स्वास्थ्य तथा प्रजनन स्वास्थ्य शिक्षा सेवा उपलब्ध भएको हुने | किशोरकिशोरी प्रजनन स्वास्थ्य कार्यक्रम सञ्चालन | संख्या | | | १ | १ | १ | १ | ४ | " | " | " | ६ | ५ | २ | |
| **प्रतिफल १.३** | बालबालिकाहरूलाई पूर्ण खोपको सुनिश्चितता तथा गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच बढेको हुने | पूर्ण खोप सुनिश्चितताका लागि सचेतनामूलक कार्यक्रम सञ्चालन | संख्या | | | १ | १ | १ | १ | ४ | " | " | " | ६ | ५ | २ | |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७५/७६ | उपलब्धि | | | | | योजना अवधिका उपलब्धि | पुष्ट्याइँको श्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान | प्रससं | दीविलसं | दीरालसं | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | | | | | | | |
| **प्रतिफल १.४** | बालबालिका हिंसा विरुद्ध शून्य सहनशीलताको नीति अवलम्बन भएको हुने | बालबालिका सम्बन्धी नीति तथा ऐन तथा कानूनको निर्माण | संख्या | तयारी | १ | १ | | | | २ | सबिम प्रतिवेदन | साविम | सबैको सहयोग हुने | ६ | ५ | २ | |
| **प्रतिफल १.५** | बालबालिका सम्बन्धी कानूनी प्रावधानका विषयहरूमा सचेतनामूलक कार्यक्रमहरू सञ्चालन भएको हुने | बालविवाह न्यूनीकरण सम्बन्धी अभियान सञ्चालन गर्ने स्थानीय तह | संख्या | | ८५ | ८५ | ८५ | ८५ | ८५ | ८५ | " | " | " | ६ | ५ | २ | |
| | | Child Rape नियन्त्रण कानूनको कार्यान्वयन | संख्या | | | १ | | | | १ | " | " | " | ६ | ५ | २ | |
| **प्रतिफल १.६** | हिंसा प्रभावित बालबालिका तथा किशोरकिशोरीको उचित संरक्षण तथा पुनर्स्थापनाका लागि विशेष व्यवस्था भएको हुने | बालबालिकाको लागि पुनर्स्थापना केन्द्र स्थापना र सञ्चालन | संख्या | | १ | | | | | १ | " | " | " | ६ | ५ | २ | |
| **प्रतिफल १.७** | बालबालिकाको आपत्कालीन उद्धार र संरक्षणका लागि कानून बमोजिम बालबालिका खोजतलास र बाल हेल्पलाईन सेवा विस्तार भई विद्यालयदेखि सर्वसाधारणसम्म पुगेको हुने | आपतकालीन अवस्थाका बालबालिकाको उद्धारका लागि स्थापित संरचनाहरूको सुदृढीकरण अभियान | संख्या | | | १ | १ | १ | १ | ४ | " | " | " | ६ | ५ | २ | |
| **प्रतिफल १.८** | विद्यालयमा बालबालिकाको शारीरिक र मानसिक विकासका कार्यक्रमहरू वार्षिक क्यालेन्डर अनुसार सञ्चालन भएका हुने | बालबालिकाको सर्वाङ्गीण विकासका लागि कार्यक्रम सञ्चालन | संख्या | | | १ | १ | १ | १ | ४ | " | " | " | ६ | ५ | २ | |
| **प्रतिफल १.९** | विद्यालय तहको शिक्षामा स्वास्थ्य, यौन तथा प्रजनन् अधिकारका विषयहरू, बालविवाहका नकारात्मक असर सम्बन्धी विषय समावेश भएको हुने | यौन तथा प्रजनन अधिकार सम्बन्धी कार्यक्रम सञ्चालन | संख्या | | | १ | ३ | ४ | २ | १० | " | " | " | ६ | ५ | २ | |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७५/७६ | उपलब्धि २०७६/७७ | उपलब्धि २०७७/७८ | उपलब्धि २०७८/७९ | उपलब्धि २०७९/८० | उपलब्धि २०८०/८१ | योजना अवधिका उपलब्धि | पुष्ट्याइँको श्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान | प्रससं | दीविलसं | दीरालसं | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **प्रतिफल १.१०** | बाल सहभागिताको सुनिश्चितताको लागि प्रदेशस्तरको बाल परिषदको प्रवर्द्धन भएको हुने | प्रदेश बालपरिषद् गठन तथा सञ्चालन | संख्या | | १ | | | | | १ | सबिम प्रतिवेदन | साविम | " | ६ | ५ | २ | |
| **प्रतिफल १.११** | स्थानीय तहबाट बाल क्लब, बाल सञ्जाल, किशोरकिशोरी समूहको गठन, विस्तार तथा परिचालन भई बालबालिका र किशोरकिशोरीहरूको सहभागिता बढेको हुने | बाल सहभागिता वृद्धिका लागि बाल क्लब तथा सञ्जाल गठन तथा परिचालन | संख्या | | | ११ | | | | ११ | " | " | " | ६ | ५ | २ | |
| **प्रतिफल १.१२** | नीति निर्माण तहमा बालबालिका तथा किशोरकिशोरीको सहभागिता सुनिश्चित भएको हुने | नीति निर्माणमा बाल सहभागिता अभिवृद्धि कार्यक्रमको सञ्चालन | संख्या | | | १ | १ | १ | १ | ४ | " | " | " | ६ | ५ | २ | |
| **प्रतिफल १.१३** | बालबालिकाको शारीरिक, मानसिक र शैक्षिक विकासमा अवरोध तथा बाधा नपर्ने गरी बालसहभागिता प्रवर्द्धन भएको हुने | बाल सहभागिता प्रवर्द्धनका लागि सचेतनामूलक कार्यक्रम सञ्चालन | संख्या | | | १ | १ | १ | १ | ४ | " | " | " | ६ | ५ | २ | |
| **असर २** | बालबालिका तथा किशोरकिशोरी मैत्री वातावरण सिर्जना भएको हुने | बालबालिकामैत्री शासन व्याबस्था अपनाउने पालिका संख्या | संख्या | | १७ | १७ | १७ | १७ | १७ | ८५ | " | " | " | ६ | ५ | २ | |
| **प्रतिफल २.१** | प्रदेश र स्थानीय तहमा बाल कोषको स्थापना, व्यवस्थापन र सञ्चालन भएको हुने | प्रदेश बालकोष स्थापना र सञ्चालन | संख्या | | तयारी | १ | | | | १ | " | " | " | ६ | ५ | २ | |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७५/७६ | उपलब्धि | | | | | योजना अवधिका उपलब्धि | पुष्ट्याइँको स्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान | प्रससं | दीविलसं | दीरालसं | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | | | | | | | |
| प्रतिफल २.२ | इन्टरनेटको दुरुपयोगबाट बालबालिका माथि पर्ने सबै प्रकारका नकारात्मक असरहरू न्यूनीकरण गर्ने उपायहरूको खोजी भई कार्यान्वयनमा आएको हुने | प्रविधिको दुरुपयोगबाट बालबालिकामाथि पर्ने नकारात्मक असर न्यूनीकरण सम्बन्धी कार्यक्रमको सञ्चालन | संख्या | | | १ | १ | १ | १ | ४ | सबिम प्रतिवेदन | साविम | " | ६ | ५ | २ | |
| प्रतिफल २.३ | अनाथ, असहाय, बेवारिसे, पूर्ण अपाङ्गता भएका र विशेष संरक्षणको आवश्यकता भएका बालबालिका तथा किशोरकिशोरीहरूको संरक्षण र प्रवर्द्धन गर्न सरकारी पुनर्स्थापना केन्द्रको स्थापना भएको हुने | अपाङ्गता भएका बालबालिकाको लागि संरक्षण कार्यक्रमको सञ्चालन | संख्या | | | १ | १ | १ | १ | ४ | " | " | " | ६ | ५ | २ | |
| प्रतिफल २.४ | सडक बालबालिकाको उद्धार र पुनर्स्थापना भएको हुने | सडक बालबालिका उद्धार तथा पुनर्स्थापना कार्यक्रमको सञ्चालन | संख्या | | | १ | १ | १ | १ | ४ | " | " | " | ६ | ५ | २ | |
| प्रतिफल २.५ | बालबालिकाहरूको सर्वाङ्गीण विकासका लागि स्थानीय तहको सहकार्यमा बाल उद्यानको निर्माण भएको हुने | स्थानीय तहसँगको समन्वयमा बाल उद्यान निर्माण | संख्या | | | १ | १ | १ | १ | ४ | " | " | " | ६ | ५ | २ | |
| प्रतिफल २.६ | बालमैत्री स्थानीय शासनको लागि आवश्यक पूर्वाधार तथा बालअधिकार सूचकहरू पूरा गर्न, बालमैत्री वडा तथा स्थानीय तह घोषणा गर्न स्थानीय तहलाई आवश्यक सहयोग पुगेको हुने | बालमैत्री स्थानीय शासन प्रवर्द्धन तथा व्यवस्थापन कार्यक्रमको सञ्चालन | संख्या | | १५ | १५ | १५ | २० | २० | ८५ | " | " | " | ६ | ५ | २ | |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७५/७६ | उपलब्धि | | | | | योजना अवधिका उपलब्धि | पुष्ट्याईको श्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान | प्रससं | दीविलसं | दीरालसं | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | | | | | | | |
| **प्रतिफल २.७** | सार्वजनिक स्थल तथा विद्यालयका भौतिक संरचना र अन्य संरचना बालमैत्री बनेको हुने | प्रदेशस्तरीय शिशु स्याहार केन्द्र स्थापना र सञ्चालन | संख्या | | तयारी | १ | | | | १ | सबिम प्रतिवेदन | साविम | " | ६ | ५ | २ | |
| **प्रतिफल २.८** | प्रदेशस्तरीय बाल अधिकार समितिको संस्थागत तथा क्षमता विकास भई बालअधिकार प्रवर्द्धनका लागि परिचालन भएको हुने | प्रदेश बालअधिकार समिति व्यवस्थापन | संख्या | | १ | | | | | १ | " | " | " | ६ | ५ | २ | |
| **लगानी: वार्षिक कार्यक्रम तथा बजेट, किशोरकिशोरी कार्यक्रम, किशोरकिशोरीहरूको लागि क्षमता बृद्धि कार्यक्रम** | | | | | | | | | | | | | | | | | |

## ५.९ ज्येष्ठ नागरिक

### ५.९.१ पृष्ठभूमि

गण्डकी प्रदेशमा ज्येष्ठ नागरिकहरूको संख्या २,५५,१९८ अर्थात् कुल जनसंख्याको १०.६ प्रतिशत रहेको छ । संविधानले ज्येष्ठ नागरिकको हकलाई मौलिक हकको रूपमा व्यवस्था गरी राज्यबाट विशेष संरक्षण तथा सामाजिक सुरक्षाको प्रत्याभूति गरेको छ। सरकारले ज्येष्ठ नागरिकहरूको संरक्षण, स्याहारसुसार र सुरक्षा गर्नका लागि ज्येष्ठ नागरिक आश्रमको स्तरोन्नति, दिवा सेवाकेन्द्रहरू स्थापना र सञ्चालन, यातायातमा सहुलियत, औषधोपचार, सामाजिक सुरक्षा भत्ता लगायतका सेवा सुविधा प्रदान गर्दै आएको छ। साथै नेपाल सरकारले उनीहरूको हक अधिकारको प्रत्याभूति गर्नका लागि ऐन, नियम तथा राष्ट्रिय कार्ययोजना कार्यान्वयन गरेको छ । आगामी दिनमा ज्येष्ठ नागरिकहरूको जीवन सहज, सुरक्षित एवम् सम्मानित बनाई सामाजिक न्याय कायम गर्नु पर्ने आवश्यकता रहेको छ ।

### ५.९.२ प्रमुख समस्या

ज्येष्ठ नागरिकलाई सेवा सुविधा र सामाजिक सुरक्षा पर्याप्त नहुनु, उनीहरूको ज्ञान, सीप र अनुभव राष्ट्रले उपयोग र नयाँ पिँढीमा हस्तान्तरण गर्न नसक्नु, शारीरिक र मानसिक रूपमा असक्त, असहाय, एकल, वेवारिसे तथा जोखिममा परेका ज्येष्ठ नागरिकको उचित संरक्षण नहुनु, परिवारको बाबुआमाप्रति पूरा गर्नु पर्ने दायित्व बहन र हेरचाहमा क्रमशः ह्रास हुँदै जानु, ज्येष्ठ नागरिकमैत्री पूर्वाधार तथा हेरचाह केन्द्रको व्यवस्था नहुनु, अल्जाइमर लगायतका बुढ्यौलीको कारणले लाग्ने विभिन्न रोगहरूको निदान तथा उपचारको यथोचित व्यवस्था नहुनु, ज्येष्ठ नागरिकप्रतिको श्रद्धा र सम्मानमा ह्रास हुनु आदि यस क्षेत्रका समस्याहरू हुन् ।

### ५.९.३ चुनौती र अवसर

**चुनौती**

ज्येष्ठ नागरिकका विषयलाई समानरूपमा सम्वोधन र व्यवस्थापन गर्नु, ज्येष्ठ नागरिकको संख्यामा वृद्धि हुँदै जाँदा सो अनुसार सेवा सुविधाको पर्याप्त मात्रामा व्यवस्था गर्नु, ज्येष्ठ नागरिकको ज्ञान, सीप र अनुभवलाई समाज विकास र पूर्वाधार निर्माणमा उपयोग गर्नु, ज्येष्ठ नागरिकमाथि हुने हिंसा र दुर्व्यवहारको अन्त्य गर्नु, परिवारलाई जिम्मेवार बनाउनु, उनीहरूको आर्थिक तथा सामाजिक हक अधिकारको संरक्षण गर्नु, उनीहरूका लागि उपयुक्त एवम् पर्याप्त दिवा सेवा केन्द्र, औषधोपचार सहितको आरोग्य आश्रमको निर्माण तथा सञ्चालन गर्नु यस क्षेत्रका चुनौतीहरू रहेका छन् ।

**अवसर**

संविधानद्वारा ज्येष्ठ नागरिकको विशेष संरक्षण तथा सामाजिक सुरक्षाको हक सुनिश्चित हुनु, ज्येष्ठ नागरिकहरूको व्यवस्थापन स्थानीय सरकारको अधिकार क्षेत्रभित्र रहनु, ज्येष्ठ नागरिकको ज्ञान, सीप र अनुभवलाई उपयोग गर्ने वातावरण सिर्जना हुँदै जानु, तीनै तहका सरकारको नीति, कानून तथा योजनाहरूमा ज्येष्ठ नागरिकहरूका सवालहरूलाई सम्वोधन गरिनु, सामाजिक विकास संघ र संस्थाहरू परिचालित हुनु आदि यस क्षेत्रका अवसरहरू रहेका छन् ।

### ५.९.४ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

**सोच**

संरक्षणसहितको सम्मानित जीवन ।

**लक्ष्य**

ज्येष्ठ नागरिकहरूको पारिवारिक तथा सामाजिक जीवन सम्मानित, सुरिक्षत र व्यवस्थित बनाई उनीहरूको ज्ञान, सीप र अनुभवलाई प्रदेश विकासको लागि उपयोग गर्ने ।

**उद्देश्य**

१. ज्येष्ठ नागरिकको हक अधिकारको संरक्षण र प्रवर्द्धन गर्नु ।

२. ज्येष्ठ नागरिकको ज्ञान, सीप र अनुभवलाई सम्मान गर्दै उपयोग गर्नु ।

### ५.९.५ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १: ज्येष्ठ नागरिकको हक अधिकारको संरक्षण र प्रवर्द्धन गर्नु ।** | |
| १.१ ज्येष्ठ नागरिकको लागि हेरचाह, स्याहार सुसार र उपयुक्त वातावरण सिर्जना गर्ने । | १.१.१ ज्येष्ठ नागरिकको आर्थिक तथा सामाजिक हक अधिकार संरक्षणको लागि ज्येष्ठ नागरिक संरक्षण नीति तर्जुमा गरिनेछ ।<br>१.१.२ आफ्ना आमाबाबुलाई सन्तानले हेरचाह तथा उचित व्यवस्थापन गर्नुपर्ने पद्धतिको थप प्रवर्द्धन गरिनेछ ।<br>१.१.३ आवश्यकता अनुसार ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र र सुविधा सम्पन्न आश्रमको व्यवस्था शहरी तथा ग्रामीण क्षेत्रमा गरिनेछ । |
| **उद्देश्य २: ज्येष्ठ नागरिकको ज्ञान, सीप र अनुभवलाई सम्मान गर्दै उपयोग गर्नु ।** | |
| २.१ ज्येष्ठ नागरिकले आर्जन गरेको ज्ञान, सीप र अनुभवलाई राज्यले उपयोग गर्न नीति निर्माणमा सहभागिता अभिवृद्धि गर्ने । | २.१.१ ज्येष्ठ नागरिकको ज्ञान, सीप र अनुभवलाई उपयोग गर्न अवसर प्रदान गर्नुका साथै अन्तरपुस्ता हस्तान्तरण गरिनेछ । |
| २.२ ज्येष्ठ नागरिकको सुरक्षा र सहजताको लागि सामाजिक सुरक्षा सेवालाई वृद्धि गर्ने । | २.२.१ ज्येष्ठ नागरिकलाई सम्मान, आदर र सहजताको लागि विभिन्न सेवा र सुविधामा विशेष छुट र सहुलियतको व्यवस्था गरिनेछ ।<br>२.२.२ ज्येष्ठ नागरिकले समाज र राष्ट्रको लागि पुऱ्याएको योगदानको आधारमा सम्मान गरिनेछ । |

### ५.९.६ कार्यक्रमका प्राथमिकता

१. ज्येष्ठ नागरिकहरूको सामाजिक सुरक्षा कार्यक्रम सुदृढ गर्ने ।

### ५.९.७ विस्तृत कार्यक्रम

| क्र.सं. | उद्देश्य नं | रणनीति नं | कार्यनीति नं | संकेत नं | कार्यक्रम | इकाई | आधार वर्ष ०७५/७६ | लक्ष्य २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | योजना अवधिको जम्मा लक्ष्य | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | १ | १.१ | १.१.१ | ग | ज्येष्ठ नागरिक सम्बन्धी नीति तथा कानून र मापदण्ड निर्माण तथा नियमन | संख्या | | १ | १ | | | | २ | साविम |
| | | | १.१.१ | ख | ज्येष्ठ नागरिकका सामाजिक सुरक्षा कार्यक्रमलाई सुदृढ गर्ने | प्याकेज | | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १ | " |
| २ | | १.१ | १.१.२ | ख | ज्येष्ठ नागरिकप्रति परिवार, समाज र राज्यको दायित्व सम्बन्धमा सचेतनामूलक कार्यक्रम | संख्या | | | २ | २ | २ | २ | ८ | साविम, स्थानीय तहहरू |
| ३ | | १.१ | १.१.३ | ख | शहरी तथा ग्रामीण क्षेत्रमा ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र स्थापना तथा सञ्चालन | संख्या | १५ | ३६ | २० | १४ | | | ८५ | " |
| ४ | २ | २.१ | २.१.१ | ख | अन्तरपुस्ता सीप हस्तान्तरण कार्यक्रम (स्थानीय तह) | संख्या | | तयारी | २० | २० | २० | २५ | ८५ | " |
| ५ | | २.२ | २.२.१ | ख | ज्येष्ठ नागरिक आश्रमहरूको सुदृढीकरण | संख्या | १० | ५ | | | | | ५ | " |
| ६ | | २.२ | २.२.२ | क | ज्येष्ठ नागरिक सम्मान कार्यक्रम | संख्या | | | १ | १ | १ | १ | ४ | साविम |

### ५.९.८ नतिजा

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७५/७६ | उपलब्धि २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | योजना अवधिका उपलब्धि | पुष्ट्याईको श्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान | प्रससं | दीविलसं | दीरालसं | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रभाव | **ज्येष्ठ नागरिकहरूको पारिवारिक तथा सामाजिक जीवन सम्मानित, सुरक्षित र व्यवस्थित बनी उनीहरूको ज्ञान, सीप र अनुभव प्रदेश विकासको लागि उपयोग भएको हुने** | **प्रदेशको विकासमा योगदान दिएका ज्येष्ठ नागरिकको प्रतिशत** | **प्रतिशत** | | | | | | | १० | **साविम प्रतिवेदन** | **साविम र स्थानीय तह** | | ६ | ३ | ६ | |
| असर १ | ज्येष्ठ नागरिकको हक अधिकारको संरक्षण र प्रवर्द्धन भएको हुने | ज्येष्ठ नागरिकका हक अधिकार संरक्षण गर्ने कानूनहरूको संख्या | संख्या | | | | | | | | | | | ६ | ३ | ६ | |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७५/७६ | उपलब्धि | | | | | योजना अवधिका उपलब्धि | पुष्ट्याईंको श्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान | प्रससं | दीविसं | दीरासं | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | | | | | | | |
| **प्रतिफल १.१** | ज्येष्ठ नागरिकको आर्थिक तथा सामाजिक हक अधिकार संरक्षणको लागि ज्येष्ठ नागरिक संरक्षण नीतिको तर्जुमा भएको हुने | ज्येष्ठ नागरिक सम्बन्धी नीति तथा कानून र मापदण्ड निर्माण तथा नियमन | संख्या | | १ | १ | | | | २ | साविम प्रतिवेदन | साविम र स्थानीय तह | सबै सरोकार वालाको सहयोग रहने | ६ | ३ | ६ | |
| **प्रतिफल १.२** | आफ्ना आमाबाबुलाई सन्तानले हेरचाह तथा उचित व्यवस्थापन गर्नुपर्ने पद्धतिको थप प्रवर्द्धन भएको हुने | ज्येष्ठ नागरिकप्रति परिवार, समाज र राज्यको दायित्व सम्बन्धमा सचेतनामूलक कार्यक्रमको सञ्चालन | संख्या | | | २ | २ | २ | २ | ८ | " | " | स्था. तहको सक्रिय सहभागिता सहयोग रहने | ६ | ३ | ६ | |
| **प्रतिफल १.३** | आवश्यकता अनुसार ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र र सुविधा सम्पन्न आश्रमको व्यवस्था भएको हुने | ज्येष्ठ नागरिक दिवा सेवा केन्द्रको स्थापना तथा सञ्चालन | वटा | १५ | ३६ | २० | १४ | | | ८५ | " | " | " | ६ | ३ | ६ | |
| **असर २** | ज्येष्ठ नागरिकको ज्ञान, सीप र अनुभवको सम्मानसहित उपयोग भएको हुने | सीप र ज्ञान नयाँ पुस्तालाई हस्तान्तरण गर्ने ज्येष्ठ नागरिकको संख्या | संख्या | | | | | | | | " | " | " | ६ | ३ | ६ | |
| **प्रतिफल २.१** | ज्येष्ठ नागरिकको ज्ञान, सीप र अनुभवलाई उपयोग गर्न अवसर प्रदान गर्नुका साथै अन्तरपुस्ता हस्तान्तरण भएको हुने | अन्तरपुस्ता सीप हस्तान्तरण कार्यक्रम सञ्चालन भएका स्थानीय तह | संख्या | | तयारी | २० | २० | २० | २५ | ८५ | " | " | " | ६ | ३ | ६ | |
| **प्रतिफल २.२** | ज्येष्ठ नागरिकलाई सम्मान, आदर र सहजताको लागि विभिन्न सेवा र सुविधामा विशेष छुट र सहुलियतको व्यवस्था भएको हुने | सञ्चालनमा रहेका ज्येष्ठ नागरिक आश्रमहरूको पूर्वाधार निर्माण तथा सञ्चालन | संख्या | १० | ५ | | | | | ५ | " | " | " | ६ | ३ | ६ | |
| **प्रतिफल २.३** | समाज र राष्ट्रको लागि पुर्याएको योगदानको आधारमा ज्येष्ठ नागरिकको सम्मान भएको हुने | ज्येष्ठ नागरिक सम्मान कार्यक्रमको सञ्चालन | संख्या | | | १ | १ | १ | १ | ४ | " | " | " | ६ | ३ | ६ | |

**लगानी: वार्षिक कार्यक्रम तथा बजेट, ज्येष्ठ नागरिक कार्यक्रम, ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र, ज्येष्ठ नागरिक केन्द्र संचालकलाई तालिम**

## ५.१० अपाङ्गता भएका व्यक्ति

### ५.१०.१ पृष्ठभूमि

नेपालको कुल जनसंख्या मध्ये १.९४ प्रतिशत अपाङ्गता भएका व्यक्तिहरू रहेका छन् । गण्डकी प्रदेशमा अपाङ्गता भएका व्यक्तिहरूको जनसंख्या ५३,९६६ रहेको छ । संविधानले आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प गर्दै राज्यले विशेष व्यवस्था गरेको छ । अपाङ्गता भएका व्यक्तिहरूको नागरिक, राजनैतिक, आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारसहितको सम्मानजनक जीवनयापनको अधिकारलाई कानूनले संरक्षण र प्रवर्द्धन गरेको छ । दिगो विकास लक्ष्यले अपाङ्गमैत्री विद्यालय लगायत सुरक्षित, समावेशी र पहुँचयोग्य सार्वजनिक खुल्ला ठाँउहरूको विषय समावेश गरेको छ । नेपालले अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी महासन्धि, २००६, एसिया तथा प्रशान्त क्षेत्रको क्षेत्रीय रणनीति इन्चोन रणनीति (२०१३-२०२२) र दिगो विकासका लक्ष्यहरू (२०१६-२०३०) लगायत अन्तर्राष्ट्रिय प्रतिबद्धताहरूको कार्यान्वयन गर्दै आएको छ । विश्वव्यापी मान्यतानुसारको समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम कार्यान्वयनमा रहेको छ । त्यसैगरी, अपाङ्गतासम्बन्धी राष्ट्रिय नीति तथा कार्ययोजनाका आधारमा अपाङ्गता भएका व्यक्तिहरूलाई विकासको मूलधारमा ल्याउनका लागि समावेशी र समन्यायिक पहुँच तथा सहभागितामा जोड दिइएको छ ।

### ५.१०.२ प्रमुख समस्या

अपाङ्गतामैत्री शिक्षा र शैक्षिक पूर्वाधार अभावमा अपाङ्गता भएका बालबालिका विद्यालयको पहुँचबाट बाहिरिनु, अपाङ्गता भएका व्यक्तिको लागि रोजगारी उपलब्ध गराउन नसक्नु, सामाजिक सहभागिता र आय आर्जनका अवसरहरूमा समान पहुँच नहुनु र विभिन्न अवरोध, विभेद र असमान व्यवहारको अवस्था विद्यमान हुनु, भौतिक संरचनाहरू अपाङ्गमैत्री नहुनु, सूचना तथा सञ्चार र प्रविधि अपाङ्गता भएका व्यक्तिहरूको लागि पहुँचयुक्त हुन नसक्नु, सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरूका लागि नियमित स्वास्थ्य सेवा, परामर्श सेवा, निजहरूले प्रयोग गर्ने सहायक सामग्री र पुनर्स्थापना सेवा उपलब्ध नहुनु र नदेखिने अपाङ्गता (Invisible Disability) को पहिचान र सोको सही सम्वोधन नहुनु, अपाङ्गता भएका बालबालिकाहरूका लागि आवासीय शिक्षाको कमी हुनु, अपाङ्गता भएका व्यक्तिहरूलाई परिवार तथा समाजले हेर्ने दृष्टिकोण सकारात्मक हुन नसक्नु, अपाङ्गता भएका व्यक्तिहरूलाई समुदायमा पुनर्स्थापना गर्ने खालका कार्यक्रमको कमी आदि यस क्षेत्रका प्रमुख समस्याहरू रहेका छन् ।

### ५.१०.३ चुनौती र अवसर

**चुनौती**

संघीय प्रणाली बमोजिम स्थानीय तहसम्म अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी ऐनले निर्देशित गरेको संरचनाको निर्माण, कानूनमा व्यवस्था भएबमोजिम अपाङ्गता भएका व्यक्तिहरूको सेवा सुविधाको कार्यान्वय गर्न र सोको लागि आवश्यक स्रोत साधनको व्यवस्था गर्नु, सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरूको लागि अपाङ्गताको गम्भीरताका आधारमा पूर्वाधार, आवश्यकता अनुसार सेवा सुविधा तथा उपकरणको व्यवस्थापन गर्नु, दुरदराजमा रहेका अपाङ्गता भएका व्यक्तिहरूले सञ्चालन गरेका व्यवसायबाट उत्पादित वस्तुको वजारीकरण गर्नु, दुर्गम ग्रामीण स्थानमा सहज सेवा सुविधाको व्यवस्थापन र सबै भौतिक संरचनाहरू अपाङ्गमैत्री निर्माण गर्नु, पूर्ण अशक्त, अति अशक्त, बौद्धिक अपाङ्गता र अटिजम भएका व्यक्तिहरूको लागि सहयोगी व्यक्ति र पुर्नस्थापनाको व्यवस्था गर्नु, सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरूको लागि शिक्षा, स्वास्थ्य, तालिम र आवश्यकतानुसार रोजगारी उपलब्ध गराउनु यस क्षेत्रमा चुनौती छन् ।

**अवसर**

संविधानमा अपाङ्गता भएका व्यक्तिहरूको लागि सेवा सुविधा र सामाजिक सुरक्षाको व्यवस्था हुनु, राज्यद्वारा अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी ऐन, समावेशी शिक्षा नीति, भौतिक संरचना, सञ्चार सेवा र सुविधालाई पहुँचयुक्त बनाउने

सम्बन्धी मापदण्ड लगायत अपाङ्गता सम्बन्धी विशेष कानून तथा नीतिको तर्जुमा र कार्यान्वयन हुनु, अन्तर्राष्ट्रिय महासन्धि, दिगो विकासको लक्ष्य आदिमा अपाङ्गता भएका व्यक्तिहरूको लागि विभिन्न प्रावधान रहनु, अपाङ्गता भएका व्यक्तिहरू स्वयं क्रियाशील भई संगठित हुनु, अन्तर्राष्ट्रिय महासन्धिको पक्ष राज्य भएकाले अपाङ्गताको विषयलाई संवोधन गर्नको लागि सरकार र सरोकारवाला निकायहरूसँग सहकार्य र साझेदारीमा वृद्धि हुनु यस क्षेत्रमा अवसर छन् ।

### ५.१०.४ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

**सोच**

अपाङ्ग व्यक्तिहरूको आत्मनिर्भर र मर्यादित जीवन ।

**लक्ष्य**

साधन र स्रोतमा अपाङ्गता भएका व्यक्तिहरूको पहुँच वृद्धि गरी सामाजिक आर्थिक क्षेत्रमा सशक्तीकरण गर्दै सम्मानपूर्ण जीवनयापन गर्ने वातावरण निर्माण गर्ने ।

**उद्देश्य**

१. आधारभूत सेवा, स्रोत र प्रविधिमा सहज पहुँचको वृद्धि गर्नु ।
२. आर्थिक तथा सामाजिक सशक्तीकरण मार्फत् जीवनयाँपनमा सहजता प्रदान गर्नु ।

### ५.१०.५ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १: आधारभूत सेवा, स्रोत र प्रविधिमा सहज पहुँचको वृद्धि गर्नु ।** | |
| १.१ अपाङ्गमैत्री भौतिक संरचना निर्माण तथा सुधार गरी सार्वजनिक सेवामा सहज पहुँच बढाउने । | १.१.१ भौतिक संरचना, पूर्वाधार तथा यातायातका साधनहरू र सेवा सुविधा अपाङ्गमैत्री बनाई दैनिक क्रियाकलाप गर्न सहज हुने वातावरण निर्माण गरिनेछ ।<br>१.१.२ शिक्षण सिकाई पद्धति अपाङ्गमैत्री बनाई गुणस्तरीय शिक्षामा सबै अपाङ्गता भएका बालबालिकाहरूको पहुँच वृद्धि गरिनेछ । |
| १.२ अपाङ्गता भएका व्यक्तिहरूप्रति गरिने विभिन्न प्रकारको हानिकारक अभ्यास तथा परम्परा, विभेद र हिंसा आदिको न्यूनीकरण गर्ने । | १.२.१ अपाङ्गता भएका व्यक्तिहरूप्रति गरिने विभिन्न प्रकारको अन्धविश्वास, विभेद र सबै प्रकारका हिंसा नियन्त्रण र निराकरण गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।<br>१.२.२ अपाङ्गता भएका व्यक्तिको सहभागितामा आपाङ्गतामैत्री नीति तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।<br>१.२.३ संघीय कानूनको परिधिभित्र रही सामाजिक सुरक्षा कार्यक्रमहरूको आवश्यकता अनुसार दायरा विस्तार गरी प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ ।<br>१.२.४ अपाङ्गता भएका व्यक्तिहरूलाई सरकारी र निजी क्षेत्रमा रोजगारीको अवसर वृद्धि गरिनेछ । |
| **उद्देश्य २: आर्थिक तथा सामाजिक सशक्तीकरण मार्फत् जीवन यापनमा सहजता प्रदान गर्नु ।** | |
| २.१ सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरूको हक अधिकार संरक्षण गर्न आवश्यक नीति निर्माण गरी प्रभावकारी कार्यान्वयन गर्ने । | २.१.१ प्रदेशमा सहायक सामग्रीको उत्पादनको व्यवस्था मिलाई उनीहरूको गमनशीलता वृद्धि गर्दै लगिनेछ ।<br>२.१.२ अपाङ्गता भएका व्यक्तिहरूका लागि आय आर्जन गर्ने कार्यक्रम तर्जुमा गरी उनीहरूलाई आत्मनिर्भर बनाइनेछ ।<br>२.१.३ स्थानीय तहसँगको सहकार्यमा गम्भीर प्रकारका अपाङ्गता भएका व्यक्तिहरूको लागि पुनर्स्थापना सेवा र आवश्यक स्वास्थ्योपचारको व्यवस्था गरिनेछ ।<br>२.१.४ वहुअपाङ्गता भएका व्यक्तिहरूका लागि क्षमता अनुसारको रोजगारी प्रारम्भ गर्न सुविधा सम्पन्न अपाङ्गता आवासीय केन्द्रको स्थापना तथा सञ्चालन गरिनेछ ।<br>२.१.५ पूर्ण अशक्त, अति अशक्त, अटिजम, डाउन सिन्ड्रम, र बैद्धिक अपाङ्गता भएका व्यक्तिका लागि आवश्यक पर्ने विशिष्ट प्रकारको सेवा र सुविधा उपलब्ध हुने व्यवस्था मिलाइनेछ ।<br>२.१.६ आम सूचना, सञ्चार र प्रविधिमा अपाङ्गता भएका व्यक्तिहरूको पहुँच सुनिश्चित गर्ने गरी सेवाको उपलब्धता र उपकरणको व्यवस्था क्रमश: गर्दै लगिनेछ । |

### ५.१०.६ कार्यक्रमका प्राथमिकता

१. अपाङ्गता भएका व्यक्तिहरूका लागि सामाजिक विकास मन्त्रालयमा सहयाता कक्ष स्थापना गर्ने ।
२. अपाङ्गता भएका व्यक्तिहरूको लागि उद्यमशीलता विकास सम्बन्धी तालिम सञ्चालन गर्ने ।
३. नयाँ निर्माण हुने सार्वजनिक पूर्वाधारहरू अपाङ्गमैत्री बनाउने ।

### ५.१०.७ विस्तृत कार्यक्रम

| क्र.सं. | उद्देश्य नं | रणनीति नं | कार्यनीति नं | संकेत | कार्यक्रम | इकाई | आधार वर्ष ०७५/७६ | लक्ष्य | | | | | योजना अवधिको जम्मा लक्ष्य | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | |
| १ | १ | १.१ | १.१.१ | क | सामाजिक विकास मन्त्रालयमा अपाङ्गता भएका व्यक्तिहरूको लागि सहायता कक्ष (Help Desk) स्थापना तथा सञ्चालन | संख्या | १ | | | | | | १ | साविम |
| २ | | | १.१.२ | ख | अपाङ्गतामैत्री शिक्षण सिकाई प्रवर्द्धन कार्यक्रम | संख्या | | | २ | २ | २ | २ | ८ | साविम, स्थातह |
| ३ | | १.२ | १.२.१ | ख | अपाङ्गता भएका व्यक्तिहरूमाथि हुने हिंसा न्यूनीकरण सम्बन्धी कार्यक्रम | संख्या | | | १ | १ | १ | १ | ४ | " |
| ४ | | | १.२.२ | क | अपाङ्गता भएका व्यक्तिहरूको हक अधिकार संरक्षण सम्बन्धी नीति तथा कानून निर्माण | संख्या | | तयारी | १ | | | | १ | साविम |
| ५ | | | १.२.३ | ख | अपाङ्गता भएका व्यक्तिलाई सामाजिक सुरक्षामा पहुँच पुऱ्याउन सचेतना कार्यक्रम | संख्या | | | २ | २ | २ | २ | ८ | साविम, स्थातह |
| ६ | | | १.२.४ | ख | अपाङ्गता भएका व्यक्तिलाई सरकारी तथा निजी क्षेत्रमा रोजगारीको पहुँच पुऱ्याउन क्षमता अभिवृद्धि र प्राथमिकता कार्यक्रम | संख्या | | | १ | १ | १ | १ | ४ | " |
| ७ | २ | २.१ | २.१.१ | क | अपाङ्गता भएका व्यक्तिहरूकालागि सहायक सामग्री वितरण | संख्या | ३०० | ३५० | ३५० | ३५० | ३५० | ३५० | २१०० | साविम |
| ८ | | | २.१.२ | ख | अपाङ्गता भएका व्यक्तिहरूको लागि सशक्तीकरण कार्यक्रम | संख्या | ११ | ८५ | ८५ | ८५ | ८५ | ८५ | ८५ | साविम, स्थातह |
| ९ | | | २.१.३ | ख | स्थानीय तहको समन्वयमा गम्भीर प्रकारका अपाङ्गता भएका व्यक्तिहरूलाई स्वास्थ्य उपचार तथा पुनर्स्थापना सेवा कार्यक्रम | प्याकेज | | | | १ | १ | १ | १ | " |
| १० | | | २.१.४ | ग | बहुअपाङ्गता भएका व्यक्तिहरूको लागि क्षमता अनुसारको रोजगारी प्रारम्भ गर्न अपाङ्गता आवासीय केन्द्र स्थापना तथा सञ्चालन | संख्या | | तयारी | | १ | | | १ | संघ तथा साविम |
| ११ | | | २.१.५ | ख | पूर्ण अशक्त र अति अशक्त अपाङ्गता भएका व्यक्तिहरूका परिवारका लागि जीविकोपार्जन सहयोग (व्यक्ति) | संख्या | | | २५ | ३० | ३५ | ४० | १३० | साविम, स्थातह |
| १२ | | | २.१.६ | ग | समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम (स्थानीय तह) | संख्या | १ | १ | ८५ | | | | ८५ | " |

### ५.१०.८ नतिजा

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष तथ्याङ्क ०७५/७६ | उपलब्धि २०७६/७७ | उपलब्धि २०७७/७८ | उपलब्धि २०७८/७९ | उपलब्धि २०७९/८० | उपलब्धि २०८०/८१ | योजना अवधिका उपलब्धि | पुष्ट्याइँको श्रोत | जिम्मेवार निकाय | जोखिमतथा अनुमान | प्रससं | दिविलसं | दीरालसं | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **प्रभाव** | **साधन र स्रोतमा अपाङ्गता भएका व्यक्तिहरूको पहुँच वृद्धि गरी सामाजिक आर्थिक क्षेत्रमा सशक्तीकरण गर्दै सम्मानपूर्ण जीवनयापन गर्ने वातावरणको निर्माण भएको हुने** | **कुल जनसंख्मा अपाङ्गता भएको जनसंख्याको अनुपात क्रमश घट्ने** | **प्रतिशत** | २.२५ | २.२१ | २.१७ | २.!३ | २.०९ | २.०५ | २.०५ | **साविम प्रतिवेदन** | **साविम** | | ६ | १० | ६ | |
| **असर १** | अपाङ्गको आधारभूत सेवा, स्रोत र प्रविधिमा सहज पहुँचको वृद्धि भएको हुने | अपाङ्गहरूको विद्यालयमा खुद भर्नादर | प्रतिशत | | | | | | | | | | | ६ | १० | ६ | |
| **प्रतिफल १.१** | भौतिक संरचना, पूर्वाधार तथा यातायातका साधनहरू र, सेवा सुविधा अपाङ्गमैत्री बनाई दैनिक क्रियाकलाप गर्न सहज हुने वातावरणको निर्माण भएको हुने | सामाजिक विकास मन्त्रालयमा अपाङ्गता भएका व्यक्तिहरूको लागि सहायता कक्ष (Help Desk) को स्थापना तथा सञ्चालन | संख्या | १ | ० | ० | ० | ० | ० | १ | " | " | स्थानीय तह र सबै सरोकार वालाको सहयोग रहने | ६ | १० | ६ | |
| **प्रतिफल १.२** | शिक्षण सिकाई पद्धति अपाङ्गमैत्री भई गुणस्तरीय शिक्षामा सबै अपाङ्गता भएका बालबालिकाहरूको पहुँचमा वृद्धि भएको हुने | अपाङ्गतामैत्री शिक्षण सिकाई प्रवर्द्धन कार्यक्रमको संख्या | संख्या | ० | ० | २ | २ | २ | २ | ८ | " | " | " | ६ | १० | ६ | |
| **प्रतिफल १.३** | अपाङ्गता भएका व्यक्तिहरूप्रति गरिने विभिन्न प्रकारको अन्धविश्वास, विभेद र सबै प्रकारका हिंसा नियन्त्रण र निराकरण गर्ने कार्यक्रमको सञ्चालन भएको हुने | अपाङ्गता भएका व्यक्तिहरूमाथि हुने हिंसा न्यूनीकरण सम्बन्धी कार्यक्रमको सञ्चालन | संख्या | ० | ० | १ | १ | १ | १ | ४ | " | " | " | ६ | १० | ६ | |
| **प्रतिफल १.४** | अपाङ्गता भएका व्यक्तिको सहभागितामा आपाङ्गतामैत्री नीति तथा कार्यक्रम तर्जुमा भई कार्यान्वयन भएको हुने | अपाङ्गता भएका व्यक्तिहरूको हक अधिकार संरक्षण सम्बन्धी नीति तथा कानूनको निर्माण | संख्या | ० | तयारी | १ | ० | ० | ० | १ | " | " | " | ६ | १० | ६ | |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष तथ्याङ्क ०७५/७६ | उपलब्धि २०७६/७७ | उपलब्धि २०७७/७८ | उपलब्धि २०७८/७९ | उपलब्धि २०७९/८० | उपलब्धि २०८०/८१ | योजना अवधिका उपलब्धि | पुष्ट्याइँको श्रोत | जिम्मेवार निकाय | जोखिमतथा अनुमान | प्रससं | दिविसं | दीरासं | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **प्रतिफल १.५** | संघीय कानूनको परिधिभित्र रही सामाजिक सुरक्षा कार्यक्रमहरूको आवश्यकता अनुसार दायरा विस्तार भई प्रभावकारी रूपमा कार्यान्वयन भएको हुने | अपाङ्गता भएका व्यक्तिलाई सामाजिक सुरक्षामा पहुँच पुऱ्याउन सचेतना कार्यक्रमको सञ्चालन | संख्या | | | २ | २ | २ | २ | ८ | साविम प्रतिवेदन | साविम | स्थानीय तह र सबै सरोकार वालाको सहयोग रहने | ६ | १० | ६ | |
| **प्रतिफल १.६** | अपाङ्गता भएका व्यक्तिहरूलाई सरकारी र निजी क्षेत्रमा उपलब्ध रोजगारीको अवसरमा वृद्धि भएको हुने | अपाङ्गता भएका व्यक्तिलाई सरकारी तथा निजी क्षेत्रमा रोजगारीको पहुँच पुऱ्याउन क्षमता अभिवृद्धि र प्राथमिकता कार्यक्रम | संख्या | | | १ | १ | १ | १ | ४ | " | " | " | ६ | १० | ६ | |
| **असर २** | आर्थिक तथा सामाजिक सशक्तीकरण मार्फत् जीवन यापनमा सहजता प्रदान भएको हुने | सहायक सामाग्री प्राप्त गर्ने अपाङ्ग व्याक्ति | संख्या | ३०० | ३५० | ३५० | ३५० | ३५० | ३५० | २१०० | " | " | " | ६ | १० | ६ | |
| **प्रतिफल २.१** | अपाङ्गता भएका व्यक्तिहरूका लागि आयआर्जन गर्ने कार्यक्रम तर्जुमा भई उनीहरूलाई आत्मनिर्भर भएको हुने | अपाङ्गता भएका व्यक्तिहरूको तथ्याङ्क संकलन तथा अद्यावधिक गर्ने स्थानीय तह | संख्या | | तयारी | ८५ | | | | ८५ | " | " | " | ६ | १० | ६ | |
| | | अपाङ्गता भएका व्यक्तिहरूको लागि सशक्तीकरण कार्यक्रम सञ्चालन गर्ने स्थानीय तह | संख्या | ११ | ८५ | ८५ | ८५ | ८५ | ८५ | ८५ | " | " | " | ६ | १० | ६ | |
| **प्रतिफल २.२** | स्थानीय तहसँगको सहकार्यमा गम्भीर प्रकारका अपाङ्गता भएका व्यक्तिहरूको लागि पुनर्स्थापना सेवा र आवश्यक स्वास्थ्योपचारको व्यवस्था भएको हुने | स्थानीय तहको समन्वयमा गम्भीर प्रकारका अपाङ्गता भएका व्यक्तिहरूलाई स्वास्थ्य उपचार तथा पुनर्स्थापना सेवा कार्यक्रमको सञ्चालन | संख्या | | | | १ | १ | १ | ३ | " | " | " | ६ | १० | ६ | |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष तथ्याङ्क ०७५/७६ | उपलब्धि | | | | | योजना अवधिका उपलब्धि | पुष्ट्याइँको श्रोत | जिम्मेवार निकाय | जोखिमतथा अनुमान | प्रससं | दिविलसं | दीरालसं | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | | | | | | | |
| **प्रतिफल** २.३ | बहुअपाङ्गता भएका व्यक्तिहरूका लागि क्षमता अनुसारको रोजगारी प्रारम्भ गर्न सुविधा सम्पन्न अपाङ्गता आवासीय केन्द्रको स्थापना तथा सञ्चालन भएको हुने | अपाङ्गता भएका व्यक्तिहरूको लागि क्षमता अनुसारको रोजगारी प्रारम्भ गर्न अपाङ्गता आवासीय केन्द्र स्थापना तथा सञ्चालन | संख्या | ० | तयारी | १ | ० | ० | ० | १ | साविम प्रतिवेदन | साविम | " | ६ | १० | ६ | |
| **प्रतिफल** २.४ | पूर्ण अशक्त, अति अशक्त, अटिजम, डाउन सिन्ड्रम, र बौद्धिक अपाङ्गता भएका व्यक्तिका लागि आवश्यक पर्ने विशिष्ट प्रकारको सेवा र सुविधा उपलब्ध हुने व्यवस्था भएको हुने | पूर्ण अशक्त र अति अशक्त अपाङ्गता भएका व्यक्तिहरूका परिवारका लागि जीविकोपार्जन सहयोग कार्यक्रमको सञ्चालन | संख्या | ० | ० | २५ | ३० | ३५ | ४० | १३० | " | " | " | ६ | १० | ६ | |
| **प्रतिफल** २.५ | आम सूचना, सञ्चार र प्रविधिमा अपाङ्गता भएका व्यक्तिहरूको पहुँच सुनिश्चित हुने गरी सेवाको उपलब्धता र उपकरणको क्रमशः व्यवस्था भएको हुने | समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम सञ्चालन गर्ने स्थानीयतह | पटक | १ | | ८५ | | | | ८५ | " | " | " | ६ | १० | ६ | |
| **लगानी: वार्षिक कार्यक्रम तथा बजेट, अपाङ्ग सहायता कार्यक्रम, अपाङ्ग पुनर्स्थापना केन्द्र, अपाङ्ग विद्यालय, अपाङ्गलाई क्षमता बृद्धि कार्यक्रम, अपाङ्ग सहायता कक्ष** | | | | | | | | | | | | | | | | | |

## ५.११ मानव बेचबिखन तथा ओसारपसार र हिंसा नियन्त्रण

### ५.११.१ पृष्ठभूमि

संविधानले नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकारको संरक्षण र सम्वर्द्धन गर्दै प्रत्येक व्यक्तिलाई शोषण विरुद्धको हक अन्तर्गत दास वा बाधा बनाउन र इच्छा विरुद्ध काममा लगाउन नपाईने व्यवस्थाको प्रत्याभूति गरेको छ। दिगो विकासको लक्ष्यमा महिला बालबालिका तथा किशोरकिशोरीको बेचबिखन सम्बन्धी विषयलाई समावेश गरेको छ। मानव बेचबिखन तथा ओसारपसार र हिंसा बहुआयामिक, बहु-क्षेत्रगत एवम् विश्वव्यापी समस्या भएका हुँदा यसको निरोध, पीडितको संरक्षण, सम्वर्द्धन र कानूनी उपचार सम्बन्धी कार्य सरकारबाट कार्यान्वयन हुँदै आइरहेको छ। यसका साथै नेपाल सरकारले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा गरेको प्रतिवद्धता अनुरूपका आवश्यक कानून र नीति तर्जुमा गरी सरोकारवाला निकायको सहयोग, समन्वय, सहकार्यमा विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ। एक्काईसौं शताब्दीको मानव सभ्यतामा यस प्रकारका जघन्य अपराधको नियन्त्रण गर्ने कार्यमा राज्यको भूमिका कानून कार्यान्वयन गर्न सक्षम र सुदृढ रहनुपर्दछ। तसर्थ राज्य संरचनामा आएको परिवर्तनसँगै संघ, प्रदेश र स्थानीय तहबीच उच्चस्तरको समन्वय र सहकार्यबाट मानव बेचबिखन तथा ओसार पसार र हिंसा नियन्त्रण गर्नुपर्ने आजको आवश्यकता भएको छ।

### ५.११.२ प्रमुख समस्या

मानव बेचबिखन तथा ओसारपसारका आयाम र स्वरूपमा परिवर्तन हुनु, मानव बेचबिखन तथा ओसारपसारका दृष्टिले जोखिमोन्मुख समूह र समुदायको पहिचान हुन नसक्नु, पीडितको पहिचान हुन नसक्नु, नजिकका आफन्त र चिनजानका व्यक्तिहरूबाट बेचबिखनमा पर्नु, कतिपय पीडितहरू न्यायका लागि राज्य संयन्त्रको सम्पर्कमा आउने वातावरण नहुनु, वैदेशिक रोजगार तथा आप्रवासनलाई व्यवस्थित एवम् मर्यादित बनाउन नसक्नु, बनेका नीति नियमहरूको प्रभावकारी कार्यान्वयन हुन नसक्नु, घरेलु तथा अन्य वैदेशिक रोजगारमा जाने महिलाहरू यौन शोषणमा पर्नु, दूर दराजमा रहेको अशिक्षा, हानिकारक अभ्यास, लैङ्गिक विभेद तथा हिंसालाई बढावा दिने सामाजिक संरचना, सोच, मूल्य, मान्यता, प्रथा, परम्पराजन्य तथा लैङ्गिकतामा आधारित हिंसा विद्यमान हुनु, गरिबी र सचेतनाको कमीले मानव अंगको विक्री वितरणको अवस्था विद्यमान हुनु, दक्षिणमा त्रिवेणी नजिक खुला सीमाना, संगठित अपराधीहरूको सञ्जाल तथा संलग्नतामा वृद्धि हुँदै जानु, प्रभावकारी अन्तर्राष्ट्रिय सहकार्य र साझेदारीको कमी हुनु यस क्षेत्रका समस्या हुन्।

### ५.११.३ चुनौती र अवसर

**चुनौती**

मानव बेचबिखनका नयाँ स्वरूप, तरिका र बाटोको प्रयोग हुने गरेको सन्दर्भमा सो अनुसार नियन्त्रणका उपाय अबलम्बन गर्नु, नियन्त्रणमा संलग्न निकायहरूबीच प्रभावकारी समन्वय स्थापित गर्नु, एकीकृत् तथ्याङ्क तथा सूचना प्रणालीको विकास गर्नु, स्वदेशमा रोजगार तथा स्वरोजगारका अवसर सिर्जना गर्नु, यौन तथा श्रम शोषणका लागि हुने आन्तरिक तथा बाह्य बेचबिखन नियन्त्रण गर्नु, वैदेशिक रोजगार र मानव बेचबिखन बारे पर्याप्त सचेतना वृद्धि गर्नु, मानव अंग बेचबिखन तथा ओसारपसार सम्बन्धी अन्तर्राष्ट्रिय समन्वय गर्नु, प्रमाण संकलन र साक्षी संरक्षण प्रभावकारी बनाउनु, वैदेशिक रोजगार ऐन र मानव बेचविखन तथा ओसारपसार ऐन बीच सामाञ्जस्यता कायम गराउनु, मानव वेचबिखनको अन्तर्देशीय संगठित सञ्जाल विरुद्ध प्रहरी परिचालन र सूचना संकलन एवम् विश्लेषण गर्ने क्षमता अभिवृद्धि गर्नु, अभिभावकहरूलाई बालबालिकाप्रति जवाफदेही वनाउनु, नीतिगत तहमा हिंसा नियन्त्रण गर्ने नीति, कानून तथा कार्यक्रम सञ्चालन गर्नु यस क्षेत्रका चुनौती हुन्।

**अवसर**

नेपालको संविधानले शोषण विरुद्धको हकको प्रत्याभूत गर्नु, संघ, प्रदेश र स्थानीय सरकारको सामूहिक प्रयत्नबाट मानव बेचबिखन तथा ओसारपसारका मुद्दाको सम्वोधन गर्ने सकारात्मक अवस्थाको सिर्जना हुनु, मानव बेचविखन नियन्त्रण र

सुरक्षित आप्रवासन सम्बन्धी सूचना तथा परामर्श केन्द्रहरू स्थापना तथा सञ्चालन हुनु, मानव बेचबिखन तथा ओसारपसार विरूद्ध स्थानीय तहबाट समिति गठन भै तिनको परिचालन हुने संभावना रहनु, बेचबिखनबाट पीडितका लागि अल्पकालीन पुनर्स्थापना कोष तथा केन्द्र सञ्चालन हुनु, मानव बेचविखन नियन्त्रण सम्बन्धमा विभिन्न निकायहरू तथा सामाजिक विकास संस्थाहरूको सहकार्य हुनु, सञ्चार तथा सूचना प्रविधिको विकासको व्यापकताले नागरिक तहमा यस विरुद्ध सचेतना अभिवृद्धि हुनु यस क्षेत्रका अवसर हुन् ।

### ५.११.४ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

**सोच**

मानव बेचबिखन तथा ओसारपसारमुक्त सभ्य र मर्यादित समाज ।

**लक्ष्य**

मानव बेचबिखन तथा ओसारपसार र हिंसा न्यूनीकरण गर्दै जोखिममा परेका व्यक्ति, समूह र समुदायलाई सामाजिक तथा आर्थिक रूपान्तरण गर्ने ।

**उद्देश्य**

१. मानव बेचबिखन तथा ओसारपसारको दृष्टिले जोखिमोन्मुख व्यक्तिको आर्थिक तथा सामाजिक सशक्तीकरण गर्नु ।
२. मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण र पुनर्स्थापनाका सेवालाई प्रभावकारी बनाउनु ।
३. महिला बालबालिका तथा ज्येष्ठ नागरिकहरू माथि हुने सबै प्रकारका भेदभाव, हिंसा र शोषणको अन्त्य गरी सम्मानित र सुरक्षित जीवन यापनमा सहयोग पुर्‍याउनु ।

### ५.११.५ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १: मानव बेचबिखन तथा ओसारपसारको दृष्टिले जोखिमोन्मुख व्यक्तिको आर्थिक तथा सामाजिक सशक्तीकरण गर्नु ।** | |
| १.१ मानव बेचबिखन तथा ओसारपसारको दृष्टिले जोखिमोन्मुख व्यक्ति, समूह र समुदायहरूको पहिचान गरी आर्थिक तथा सामाजिक सशक्तीकरण गर्दै बेचबिखन तथा ओसारपसार कार्यलाई निरुत्साहित गर्ने उपायहरूको अवलम्बन गर्ने । | १.१.१ मानव बेचबिखन तथा ओसारपसारको जोखिम कम गर्न जोखिमोन्मुख समूह र समुदायलाई सशक्तीकरण गरिनेछ ।<br>१.१.२ जोखिमयुक्त व्यक्ति, समूह र समुदायहरूको पहिचान गरी समुदायमा आधारित जीविकोपार्जन तथा स्वरोजगारका कार्यक्रमहरू सञ्चालन गरिनेछ ।<br>१.१.३ मानव बेचबिखन तथा ओसारपसारबाट पीडित र प्रभावितहरूको एकीकृत् तथ्याङ्क संकलन तथा सूचना प्रणाली पहिचान गरिनेछ र कार्यविधि तयार गरी सहयोग कार्यक्रम कार्यान्वयन गरिनेछ । |
| **उद्देश्य २: मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण र पुनर्स्थापनाका सेवालाई प्रभावकारी बनाउनु ।** | |
| २.१ पीडित र प्रभावितहरूको उद्धार, संरक्षण र पुनर्स्थापना गर्न तीन तहका सरकारमा साझेदारी गर्ने, संयन्त्र र संरचनाहरूको क्षमता वृद्धि गर्दै सामाजिक संघसंस्था तथा सरोकारवालाहरू बीच प्रभावकारी साझेदारी कायम गर्ने । | २.१.१ मानव बेचबिखन नियन्त्रणका लागि विकासका साझेदार, निजी क्षेत्र र समुदायसँग सहकार्य र साझेदारी गरिनेछ ।<br>२.१.२ मानव बेचबिखन तथा ओसारपसार रोक्न स्थानीय तहमा सुरक्षित आप्रवासन सम्बन्धी शिक्षा तथा सचेतनामूलक कार्यक्रम सञ्चालनको साथै सूचना केन्द्रहरूको स्थापना गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| २.२ पीडित, प्रभावित र साक्षीहरूको संरक्षणका लागि आधारभूत मानवअधिकारको सम्मान गर्दै एकीकृत् तथा प्रभावकारी सेवा प्रवाहको सुनिश्चितता गर्ने । | २.२.१ प्रादेशिक तथा स्थानीय सञ्चार माध्यमको क्षमता तथा संवेदनशीलता वृद्धि गरी प्रभावकारी रूपमा परिचालन गरिनेछ ।<br>२.२.२ मानव बेचबिखन तथा ओसारपसारबाट पीडित तथा प्रभावितहरूको लागि प्रदेश तथा स्थानीय तहहरूमा संयन्त्रहरूको निर्माण गरी तत्कालै उद्धार तथा संरक्षण गर्न पुनर्स्थापना केन्द्रहरूको स्थापना गरिनेछ ।<br>२.२.३ परिवार तथा समुदायमा पुनर्स्थापना र पुनर्मिलनपछिको सहयोग र अनुगमनलाई प्रभावकारी बनाइनेछ । |
| २.३ मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि प्रभावकारी फौजदारी न्याय प्रणाली र कानूनी एवम् संस्थागत संरचनाको माध्यमबाट पीडित र प्रभावितलाई न्यायँमा पहुँच वृद्धि गर्ने । | २.३.१ कानूनी सहायता तथा क्षतिपूर्तिलाई पीडित तथा प्रभावितमैत्री वनाई न्यायँमा पहुँच वृद्धि गरिनेछ ।<br>२.३.२ यौन तथा श्रम शोषणका लागि हुने आन्तरिक बेचबिखन र यौन शोषण नियन्त्रण गर्न प्रभावकारी नियमन तथा अनुगमन प्रणालीको विकास गरिनेछ ।<br>२.३.३ मानव बेचबिखन तथा ओसारपसार विरुद्ध शून्य सहनशीलताको नीति अवलम्बन गर्न र बेचबिखनमा संलग्न अपराधीलाई कानूनी दायरामा ल्याउन आवश्यक कानूनी व्यवस्था गरिनेछ । |
| **उद्देश्य ३: महिला बालबालिका तथा ज्येष्ठ नागरिकहरू माथि हुने सबै प्रकारका भेदभाव, हिंसा र शोषणको अन्त्य गरी सम्मानित र सुरक्षित जीवन यापनमा सहयोग पुऱ्याउनु ।** | |
| ३.१ हिंसा न्यूनीकरण गर्न नीति कानून तथा कार्यक्रम तर्जुमा गर्ने । | ३.१.१ संघीय कानूनसँग सामान्जस्य गरी हिंसा नियन्त्रण गर्ने नीति, कानून तथा कार्ययोजना तयार गरी कार्यान्वयन गरिनेछ ।<br>३.१.२ प्रदेश तथा स्थानीय तहका सबै क्षेत्रमा समान रूपमा सरकारी सेवाको अवसर र पहुँच पुयाइनेछ । |
| ३.२ हिंसाजन्य गतिविधिहरू न्यूनीकरणका लागि शुन्य सहनशीलताको वातावरण सिर्जना गर्ने । | ३.२.१ प्रदेश तथा स्थानीय तहका संगठन संरचना तथा विकास प्रक्रियामा महिला, बालबालिका तथा ज्येष्ठ नागरिकको सहभागिता बढाउने व्यवस्था गरिनेछ र हिंसा विरुद्ध शून्य सहनशीलताको वातावरण सिर्जना गरिनेछ ।<br>३.२.२ प्रदेशस्तरमा ज्येष्ठ नागरिक ग्रामको स्थापनाका साथै प्रत्येक स्थानीय तहमा एक ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र स्थापना तथा सञ्चालन गरिनेछ । |

### ५.११.६ कार्यक्रमका प्राथमिकता

१. मानव वेचविखन तथा ओसारपसार कार्यको न्यूनीकरण गर्ने ।

२. मानव वेचविखन तथा ओसारपसारबाट प्रभावितहरूको लागि उद्धार, संरक्षण र पुनर्स्थापना गर्ने ।

## ५.११.७ विस्तृत कार्यक्रम

| क्र.सं. | उद्देश्य नं | रणनीति नं | कार्यनीति नं | संकेत | कार्यक्रम | इकाई | आधार वर्ष तथ्याङ्क ०७५/७६ | लक्ष्य २०७६/७७ | लक्ष्य २०७७/७८ | लक्ष्य २०७८/७९ | लक्ष्य २०७९/८० | लक्ष्य २०८०/८१ | योजना अवधिको जम्मा लक्ष्य | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | १ | १.१ | १.१.१ | ख | मानव बेचविखन तथा ओसारपसारको जोखिममा रहेका समूह/समुदायको पहिचान (स्थानीय तह) | संख्या | | तयारी | ४० | ४५ | | | ८५ | साविम, स्थानीय तहहरू |
| २ | | | १.१.२ | ख | मानव बेचविखन तथा ओसारपसारबाट पीडित तथा प्रभावितहरूको लागि क्षमता अनुसारको लामो तथा छोटो अवधिको सीपमूलक तालिम सञ्चालन | प्याकेज | | | | १ | १ | १ | १ | " |
| ३ | | | १.१.३ | ख | मानव बेचविखन तथा ओसारपसार प्रभावितहरूको तथ्याङ्क संकलन | संख्या | | | | १ | | | १ | " |
| ४ | २ | २.१ | २.१.१ | ख | मानव बेचविखन तथा ओसारपसारबाट पीडित तथा प्रभावितहरूको उद्धार संरक्षण र पुनर्स्थापनामा कार्यरत संस्थाहरूको सञ्जालिकरण | संख्या | | १ | १ | १ | १ | १ | १ | साविम |
| ५ | | | २.१.२ | ख | स्थानीय तहमा सुरक्षित आप्रवासन सम्बन्धी सूचना प्रवाह गर्ने | संख्या | | | | | १ | | १ | साविम, स्थानीय तह |
| ६ | | २.२ | २.२.१ | ख | मानव बेचविखन तथा ओसारपसार नियन्त्रणमा सञ्चार माध्यमको क्षमता अभिवृद्धि गर्ने | संख्या | | | १ | १ | १ | १ | ४ | " |
| ७ | | | २.२.२ | क | मानव बेचविखन तथा ओसारपसारबाट प्रभावितहरूलाई लक्षित गरी पुनर्स्थापना कोष स्थापना | संख्या | | तयारी | १ | | | | १ | साविम |
| ८ | | | २.२.३ | ख | सामुदायिक पुनर्स्थापना कार्यक्रमको अनुगमन गर्ने | प्याकेज | | १ | १ | १ | १ | १ | १ | साविम, स्थानीय तह |
| ९ | | २.३ | २.३.१ | ख | मानव बेचविखन तथा ओसारपसारबाट पीडित तथा प्रभावितहरूको लागि न्यायमा पहुँच पुऱ्याउन सचेतनामूलक कार्यक्रम सञ्चालन | संख्या | | १ | १ | १ | १ | १ | ५ | " |
| १० | | | २.३.२ | ख | आन्तरिक बेचविखन तथा श्रम शोषण नियन्त्रणका लागि होटल, बार, रेष्टुरेण्ट लगायत मनोरञ्जनका क्षेत्रलाई लक्षित गरी सचेतनामूलक कार्यक्रम सञ्चालन | संख्या | | तयारी | १ | १ | १ | १ | ४ | साविम |
| ११ | | | २.३.३ | ग | मानव बेचविखन तथा ओसारपसार नियन्त्रण सम्बन्धी नीति तथा कानून तर्जुमा | संख्या | | तयारी | १ | १ | | | २ | " |
| १२ | ३ | ३.१ | ३.१.१ | ग | हिंसा नियन्त्रण सम्बन्धी नीति र कानून निर्माण | संख्या | | | | १ | | | १ | " |
| १३ | | | ३.१.२ | क | हिंसा पीडित व्यक्तिलाई सार्वजनिक सेवा प्रवाहमा प्राथमिकता दिने | संख्या | | तयारी | तयारी | १ | | | १ | सबै निकाय |
| १४ | | ३.२ | ३.२.१ | ग | सबै सार्वजनिक निकायमा हिंसाविरुद्ध शून्य सहनशीलताको नीति कार्यन्वयन गर्ने | प्याकेज | | | | १ | १ | १ | १ | " |
| १५ | | | ३.२.२ | | ज्येष्ठ नागरिकको क्षेत्रले समेट्ने | | | | | | | | | |

## ५.११.८ नतिजा

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७५/७६ | उपलब्धि | | | | | योजना अवधिका उपलब्धि | पुष्ट्याइँको श्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान | प्रसंग संकेत | दीविल संकेत | दीराल संकेत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | | | | | | | |
| **प्रभाव** | **मानव बेचबिखन तथा ओसार पसार र हिंसा न्यूनीकरण भई जोखिममा परेका व्यक्ति, समूह र समुदायको सामाजिक तथा आर्थिक रूपान्तरण भएको हुने** | **मानव बेचबिखन तथा ओसार पसार बाट प्रभावितहरूको संख्या घटने** | **संख्या** | | | | | | | | **साविमको प्रतिवेदन** | **साविम** | | ६ | ५ | ८ | |
| **असर १** | मानव बेचबिखन तथा ओसारपसारको दृष्टिले जोखिमोन्मुख व्यक्तिको आर्थिक तथा सामाजिक सशक्तीकरण भएको हुने | मानव बेचबिखन तथा ओसारपसार बाट प्रभावितहरूको उद्धार र पुनर्स्थापना | संख्या | | | | | | | | " | " | | ६ | ५ | ८ | |
| **प्रतिफल १.१** | मानव बेचबिखन तथा ओसारपसारको जोखिम कम गर्न जोखिमोन्मुख समूह र समुदायको सशक्तीकरण भएको हुने | मानव बेचबिखन तथा ओसारपसारको जोखिममा रहेका समूह र समुदायको पहिचान गर्ने स्थानीय तह | संख्या | | तयारी | ४० | ४५ | | | ८५ | " | " | स्थानीय तहको सहभागिता र सहयोग रहने | ६ | ५ | ८ | |
| **प्रतिफल १.२** | जोखिमयुक्त व्यक्ति, समूह र समुदायहरूको पहिचान भई समुदायमा आधारित जीविकोपार्जन तथा स्वरोजगारका कार्यक्रमहरू सञ्चालन भएको हुने | पीडित तथा प्रभावितहरूको लागि क्षमता अनुसारको लामो तथा छोटो अवधिको सीपमूलक तालिम सञ्चालन | संख्या | | | | २ | २ | २ | ६ | " | " | " | ६ | ५ | ८ | |
| **असर २** | मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण र पुनर्स्थापनाका सेवा प्रभावकारी बनेका हुने | बेचबिखन तथा ओसार-पसार बाट प्रभाबितहरूको उद्धार र पुनरस्थापना गर्ने स्थानीयतहको संख्या | संख्या | | | ४० | ४५ | | | ८५ | " | " | " | ६ | ५ | ८ | |
| **प्रतिफल २.१** | मानव बेचबिखन नियन्त्रणका लागि विकासका साझेदार, निजी क्षेत्र र समुदायसँग सहकार्य र साझेदारी भएको हुने | पीडित तथा प्रभावितहरूको उद्धार, संरक्षण र पुनर्स्थापनामा कार्यरत संस्थाहरूको सुदृढीकरण कार्यक्रमको सञ्चालन | संख्या | | | ३ | ३ | ३ | ३ | १२ | " | " | सबै सरोकार वालाको सहयोग रहने | ६ | ५ | ८ | |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७५/७६ | उपलब्धि | | | | | योजना अवधिका उपलब्धि | पुष्ट्याइँको श्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान | प्रसंग संकेत | दीविल संकेत | दीराल संकेत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | | | | | | | |
| प्रतिफल २.२ | मानव बेचबिखन तथा ओसारपसार रोक्न स्थानीय तहमा सुरक्षित आप्रवासन सूचना केन्द्रहरूको स्थापना भएको हुने | स्थानीय तहसँगको समन्वयमा सुरक्षित आप्रवासन सम्बन्धी सूचना केन्द्रको स्थापना | संख्या | | | | | १ | | १ | साविमको प्रतिवेदन | साविम | स्थातह र सरोकार वलाकोसहयोग रहने | ६ | ५ | ८ | |
| प्रतिफल २.३ | प्रादेशिक तथा स्थानीय सञ्चार माध्यमको क्षमता तथा संवेदनशीलता वृद्धि भई प्रभावकारी रूपमा परिचालन भएको हुने | मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणमा सञ्चार माध्यमको क्षमता अभिवृद्धि कार्यक्रमको सञ्चालन | संख्या | | | १ | १ | १ | १ | ४ | " | " | " | ६ | ५ | ८ | |
| प्रतिफल २.४ | मानव बेचबिखन तथा ओसारपसारबाट पीडित तथा प्रभावितहरूको लागि प्रदेशमा उद्धार तथा संरक्षण गर्न पुनर्स्थापना केन्द्रहरूको स्थापना भएको हुने | मानव बेचबिखन तथा ओसारपसारबाट प्रभावितहरूलाई लक्षित गरी पुनर्स्थापना कोषको स्थापना | संख्या | | तयारी | १ | | | | १ | " | " | " | ६ | ५ | ८ | |
| प्रतिफल २.५ | परिवार तथा समुदायमा पुनर्स्थापना र पुनर्मिलनपछिको सहयोग र अनुगमन प्रभावकारी भएको हुने | मानव बेचबिखन तथा ओसारपसारबाट पीडित तथा प्रभावितहरूको लागि प्रदेशस्तरीय दीर्घकालीन पुनर्स्थापना केन्द्रको स्थापना तथा सञ्चालन | संख्या | १ | १ | | | | | १ | " | " | " | ६ | ५ | ८ | |
| प्रतिफल २.६ | कानूनी सहायता तथा क्षतिपूर्तिलाई पीडित तथा प्रभावितमैत्री वनाई न्यायमा पहुँच वृद्धि भएको हुने | मानव बेचबिखन तथा ओसारपसारबाट पीडित तथा प्रभावितहरूको लागि न्यायमा पहुँच पुऱ्याउन सचेतनामूलक कार्यक्रमको सञ्चालन | संख्या | | १ | १ | १ | १ | १ | ४ | " | " | " | ६ | ५ | ८ | |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७५/७६ | उपलब्धि | | | | | योजना अवधिका उपलब्धि | पुष्ट्याइँको श्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान | प्रसंग संकेत | दीविल संकेत | दीराल संकेत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | | | | | | | |
| **प्रतिफल २.७** | यौन तथा श्रम शोषणका लागि हुने आन्तरिक बेचबिखन र यौन शोषण नियन्त्रण गर्न प्रभावकारी नियमन तथा अनुगमन प्रणालीको विकास भएको हुने | आन्तरिक बेचबिखन तथा श्रम शोषण नियन्त्रणका लागि होटल, बार, रेष्टुरेण्ट लगायत मनोरञ्जनका क्षेत्रलाई लक्षित गरी सचेतनामूलक कार्यक्रमको सञ्चालन | **संख्या** | | तयारी | १ | १ | १ | १ | ४ | साविमको प्रतिवेदन | साविम | स्थातह र सरोकार वलाकोसहयोग रहने | ६ | ५ | ८ | |
| **प्रतिफल २.८** | मानव बेचबिखन तथा ओसारपसार विरुद्ध शून्य सहनशीलताको नीति कार्यान्वयन भएको हुने | मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण सम्बन्धी नीति तथा कानून तर्जुमा | संख्या | | तयारी | १ | १ | | | | " | " | " | ६ | ५ | ८ | |
| **असर ३** | महिला बालबालिका तथा ज्येष्ठ नागरिकहरू माथि हुने सबै प्रकारका भेदभाव हिंसा र शोषणको अन्त्य गरी सम्मानित र सुरक्षित जीवन-यापनमा सहयोग पुगेको हुने | हिंसा पीडित ब्याक्तीलाई सार्वजानिक सेवा प्रवाहमा प्राथमिकता दिने नीति निर्माण भएको हुने । | संख्या | | तयारी | तयारी | १ | | | १ | " | " | " | ६ | ५ | ८ | |
| **लगानी: वार्षिक कार्यक्रम तथा बजेट, मानव अधिकार संरक्षण कार्यक्रम, मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण कार्यक्रम, हिसा बिरुद्ध शुन्य सहनशिलताको नीति** | | | | | | | | | | | | | | | | | |

## ५.१२ लैङ्गिक समानता तथा महिला सशक्तीकरण

### ५.१२.१ पृष्ठभूमि

नेपालको कानूनले लैङ्गिक विभेदको अन्त्य गर्ने संकल्पसहित महिलालाई लैङ्गिक भेदभावविना समान वंशीय हक, सुरक्षित मातृत्व र प्रजनन् स्वास्थ्य सम्बन्धी हक, राज्यका सबै निकायमा समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक लगायत मौलिक हकको प्रत्याभूति गरेका छन् । नेपालले महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धि, १९७९ को अनुमोदन गरी सोही अनुरूप नीति तथा कार्यक्रमहरू कार्यान्वयन गर्दै आएको छ । त्यसैगरी, दिगो विकासका लक्ष्यमा लैङ्गिक समानता तथा बालीका सशक्तीकरणको विषय समावेश भएको छ । महिलाहरूको क्षमता, श्रम, सीप र सिर्जनालाई विकास प्रकृयामा लगाई संविधानको मर्म अनुरूप सामाजिक समानता कायम गर्न कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने आवश्यकता रहेको छ ।

### ५.१२.२ प्रमुख समस्या

महिलामाथि हुने व्यवहारगत विभेद हट्न नसक्नु, अशिक्षा, हानिकारक अभ्यास, लैङ्गिक विभेद तथा हिंसालाई बढावा दिने सामाजिक संरचना, सोच, मूल्य, मान्यता, प्रथा, परम्परा कायमै रहनु, महिला तथा बालीकाहरू माथि घरेलु, यौनजन्य तथा लैङ्गिकतामा आधारित हिंसा विद्यमान हुनु, लैङ्गिक समानता प्रष्टचाउने पर्याप्त खण्डीकृत् तथ्याङ्कको कमी हुनु, जोखिम तथा सामाजिक र पारिवारिक वहिष्करणमा परेका तथा हिंसा पीडित महिलालाई पूर्णरूपमा संरक्षण, पुनर्स्थापना, सशक्तीकरण र स्वावलम्बी बनाउन नसकिनु, सरकारी तथा विकास साझेदार संस्थाहरूबाट हुने कार्यक्रममा समन्वयको कमी हुनु यस क्षेत्रका समस्या हुन् ।

### ५.१२.३ चुनौती र अवसर

**चुनौती**

आर्थिक तथा सामाजिक जीवनमा सारभूत लैङ्गिक समानता कायम गर्नु, राज्यको सबै तह र निकायहरूमा लैङ्गिक दृष्टिकोणलाई मूलप्रवाहीकरण गरी लैङ्गिक उत्तरदायी शासन पद्धति संस्थागत गर्नु, प्रदेश र स्थानीय तहहरूबीच लैङ्गिक समानता सम्बन्धी नीति, योजना तथा कार्यक्रमहरूमा सामञ्जस्यता कायम गर्नु, पारिवारिक र सामाजिक मूल्य, मान्यता र लैङ्गिक भूमिकामा परिवर्तन ल्याउनु, महिलाको घरेलु श्रम र हेरचाह कार्यलाई मूल्य कायम गरी राष्ट्रिय आर्थिक आयमा महिलाको योगदानको गणना गर्नु, महिलामाथि हुने सबै किसिमका हिंसा, विभेद र शोषणको अन्त्य गर्नु, धार्मिक संस्कारहरू महिला मैत्री नहुनु, परम्परागत हानिकारक संस्कार तथा अभ्यासहरू विद्यमान रहनु, राजनैतिक दलहरूमा समेत महिलाको समान हैसियत कायम नहुनु, सम्पतिमाथि महिलाको पहुँच स्थापित गर्नु, ग्रामीण महिलासहित समग्र महिलाको जीवन स्तरमा सुधार ल्याउनु, महिला अधिकारका क्षेत्रमा वनेका कानूनहरूको प्रभावकारी कार्यान्वयन गर्नु यस क्षेत्रका चुनौती हुन् ।

**अवसर**

नेपालको संविधानले समानताको हक अधिकार सुनिश्चित गर्नु, लैङ्गिकमैत्री संविधान तथा प्रदेशमा लैङ्गिकमैत्री ऐन कानूनहरू निर्माण हुनु, राज्यका तीनै तहमा महिलाको राजनैतिक सहभागिता उत्साहजनक रहनु, राष्ट्रिय महिला आयोगको संवैधानिक अधिकार सहित क्षेत्राधिकार वृद्धि हुनु, केन्द्रमा लैङ्गिक उत्तरदायी बजेट प्रणाली संस्थागत हुनु, सामाजिक संघसंस्थाहरू क्रियाशील रहनु, नेपाल अन्तर्राष्ट्रिय महासन्धिको पक्ष राष्ट्र हुनु, विद्यालय शिक्षामा लैङ्गिक समदर कायम भएको समाजको मूल्य, मान्यता र व्यवहारमा क्रमशः सकारात्मक परिवर्तन हुँदै आउनु यस क्षेत्रका अवसर हुन् ।

### ५.१२.४ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

**सोच**

लैङ्गिक समतामूलक गण्डकी प्रदेश ।

**लक्ष्य**

महिला र पुरुषबीच सारभूत समानता कायम गर्ने ।

**उद्देश्य**

१. लैङ्गिक उत्तरदायी बजेट र शासन व्यवस्थालाई संस्थागत गर्दै महिलाको सम्मानित जीवनयापनको वातावरण सुनिश्चित गर्नु ।
२. महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव, हिंसा र शोषणको अन्त्य गर्नु ।
३. आर्थिक समृद्धि र दिगो विकासका लागि महिलाको समान अग्रसरता र नेतृत्वदायी भूमिका विकास गर्दै स्रोत, साधन, अवसर तथा लाभमा लैङ्गिक न्यायसहितको पहुँच सुनिश्चित गर्नु ।

### ५.१२.५ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १: लैङ्गिक उत्तरदायी बजेट र शासन व्यवस्थालाई संस्थागत गर्दै महिलाको सम्मानित जीवनयाँपनको वातावरण सुनिश्चित गर्नु।** | |
| १.१ संघीय कानूनसँग नबाझिने गरी लैङ्गिक समानता सम्बन्धी क्षेत्रगत नीति तथा कानून तर्जुमा गर्ने । | १.१.१ लैङ्गिक समानता सम्बन्धी नीति तर्जुमा, विद्यमान कानून तथा कार्यक्रममा पुनरावलोकन गरी कार्यान्वयन गरिनेछ ।<br>१.१.२ सारभूत लैङ्गिक समानता प्राप्तिको लागि पुरुषको सक्रिय सहभागितामा वृद्धि गरिनेछ । |
| १.२ सबै क्षेत्र तथा निकायहरूमा लैङ्गिक उत्तरदायी बजेट र शासन पद्धति अवलम्बन गर्ने । | १.२.१ प्रदेशका नीति निर्माण र कार्यान्वयन गर्ने तहमा समान सहभागिता तथा सारभूत प्रतिनिधित्वमा बढोत्तरी गरिनेछ । |
| **उद्देश्य २: महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव, हिंसा र शोषणको अन्त्य गर्नु।** | |
| २.१ लैङ्गिक हिंसा अन्त गर्ने कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने । | २.१.१ यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरूप्रति हुने सामाजिक विभेद हटाउन सचेतनामूलक तथा क्षमता वृद्धि कार्यक्रम सञ्चालन गरिनेछ ।<br>२.१.२ महिला विरुद्ध हुने सबै प्रकारका हिंसा, शोषण र विभेद रोकथाम एवम् नियन्त्रणका लागि कानूनी उपचार प्रणालीलाई सहज, छिटो र पहुँच योग्य बनाइनेछ ।<br>२.१.३ लैङ्गिक हिंसाका विविध आयामहरूको अध्ययन तथा अनुसन्धान गर्ने तथा लैङ्गिक हिंसामुक्त क्षेत्र घोषणा गर्ने सूचकको निर्माण गरी लैङ्गिक उत्तरदायी बजेट सहित स्थानीय तहसँगको सहकार्य गरिनेछ ।<br>२.१.४ लैङ्गिक सम्पर्क विन्दु तथा अन्य सम्बद्ध व्यक्तिहरूको लागि लैङ्गिक आचारसंहिता बनाई कार्यान्वयन गर्ने र लैङ्गिक लेखापरीक्षण पद्धतिलाई प्रदेश स्तरमा लागू गरिनेछ । |
| **उद्देश्य ३: आर्थिक समृद्धि र दिगो विकासका लागि महिलाको समान अग्रसरता र नेतृत्वदायी भूमिका विकास गर्दै स्रोत, साधन, अवसर तथा लाभमा लैङ्गिक न्याय सहितको पहुँच सुनिश्चित गर्नु।** | |
| ३.१ आर्थिक रूपले विपन्न र सामाजिक रूपले पछाडि परेका महिलालाई विशेष प्राथमिकता दिदैं आर्थिक सशक्तीकरण र सामाजिक रूपान्तरण गर्ने । | ३.१.१ महिलामाथि हुने सबै किसिमका हिंसा विरुद्ध शून्य सहनशीलताको नीति प्रभावकारी बनाईनेछ ।<br>३.१.२ हिंसापीडित तथा प्रभावित महिलाको लागि एकीकृत् सेवा सहितको दीर्घकालीन तथा अल्पकालीन पुनर्स्थापना केन्द्र सरकारबाट सञ्चालन गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| ३.२ महिला विरुद्ध हुने सबै प्रकारका हिंसा, शोषण र भेदभाव अन्त्यका लागि प्रमाणहरूको संकलन र विश्लेषण गरी विभिन्न अभियान सञ्चालन गर्ने । | ३.२.१ उद्यमशीलताको माध्यमबाट पिछडिएका तथा विपन्न महिलाको आर्थिक सशक्तीकरण गर्नको लागि जीविकोपार्जन सुधार कार्यक्रम सञ्चालन गरिनेछ ।<br>३.२.२ स्थानीय तहमा महिला विकास कार्यक्रमलाई निरन्तरता दिनुका साथै महिला समूहद्वारा प्रवर्द्धित महिला सहकारी संस्थालाई महिलाहरूका उत्पादनमूलक व्यवसाय तथा स्वरोजगारको क्षेत्रमा परिचालन गर्ने वातावरण सिर्जना गरिनेछ ।<br>३.२.३ महिलाको घरेलु श्रम तथा पारिवारिक हेरचाह सम्बन्धी क्रियाकलापको मूल्य कायम गरी प्रदेशको आयमा महिलाको योगदानको गणना गरिनेछ ।<br>३.२.४ महिलाको श्रम र समयको बचत गर्ने प्रविधिको प्रयोगमा जोड दिइनेछ ।<br>३.२.५ सुरक्षित मातृत्व र प्रजनन् स्वास्थ्य अधिकारलाई थप सुनिश्चित गर्न विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।<br>३.२.६ महिलालाई व्यवसाय सञ्चालन तथा आयमूलक कार्य गरी स्वरोजगार तथा उद्यमशीलता विकास गर्न सहुलियतपूर्ण ऋण तथा वित्तीय पहुँचको व्यवस्था मिलाइनेछ ।<br>३.२.७ लैङ्गिक समानता तथा सशक्तीकरण मापन सूचकहरू तयार गरी अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई प्रभावकारी बनाईनेछ ।<br>३.२.८ प्रदेशमा हुने सबै किसिमका सर्वेक्षण तथा तथ्याङ्क संकलन गर्दा लैङ्गिक खण्डीकृत् विषय अनिवार्य रूपमा समावेश गर्ने व्यवस्था गरी महिलाको अवस्था सम्बन्धी प्रतिवेदन तयार गरिनेछ । |

### ५.१२.६ कार्यक्रमका प्राथमिकता

१. लैङ्गिक हिंसा विरुद्ध शून्य सहनशीलताको नीति कार्यन्वयन गर्ने ।

२. हिंसा पीडित, यौनिक अल्पसंख्यक र एकल महिलाहरूको लागि क्षमतावृद्धि कार्यक्रम सञ्चालन गर्ने ।

## ५.१२.७ विस्तृत कार्यक्रम

| क्र.सं. | उद्देश्य नं | रणनीति नं | कार्यनीति नं | संकेत | कार्यक्रम | इकाई | आधार वर्ष ०७५/७६ | लक्ष्य २०७६/७७ | लक्ष्य २०७७/७८ | लक्ष्य २०७८/७९ | लक्ष्य २०७९/८० | लक्ष्य २०८०/८१ | योजना अवधिको जम्मा लक्ष्य | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | १ | १.१ | १.१.१ | क | लैङ्गिक समानता प्रवर्द्धनात्मक नीति तथा कानून निर्माण | प्याकेज | | | १ | | | | १ | साविम |
| २ | | | १.१.२ | ख | लैङ्गिक समानताका लागि पुरुष सहभागिता प्रवर्द्धन कार्यक्रम | संख्या | | | ३ | ३ | ३ | ३ | १२ | साविम, स्थानीय तह |
| ३ | | १.२ | १.२.१ | क | महिला, अपाङ्गग तथा अल्पसंख्याकहरूको लागि प्रतिस्पर्धात्मक परीक्षा तयारी कक्षा सञ्चालन | संख्या | | ४५० | ४५० | ४५० | ४५० | ४५० | २२५० | साविम |
| ४ | २ | २.१ | २.१.१ | ख | लैङ्गिक तथा यौनिक अल्पसंख्यकप्रतिको विभेद न्यूनीकरण सम्बन्धी सचेतनामूलक कार्यक्रम | संख्या | | १ | १ | १ | १ | १ | ५ | साविम, स्थानीय तह |
| ५ | | | २.१.२ | ख | लैङ्गिक हिंसा पीडितको लागि कानूनी उपचारको व्यवस्था गर्ने (स्थानीय तह) | संख्या | ११ | ८५ | ८५ | ८५ | ८५ | ८५ | ८५ | " |
| ६ | | | २.१.३ | क | लैङ्गिक हिंसा निवारण कोष स्थापना | संख्या | | तयारी | १ | | | | १ | साविम |
| ७ | | | २.१.४ | ग | लैङ्गिक उत्तरदायी शासन कायम गर्न प्रवर्द्धनात्मक कार्यक्रम | संख्या | | १ | १५ | २० | २० | ३० | ८५ | नेपाल सरकार र साविम |
| ८ | ३ | ३.१ | ३.१.१ | ख | लैङ्गिक हिंसा विरुद्ध शून्य सहनशीलताको नीति कार्यान्वयनमा सामाजिक सहकार्य | प्याकेज | | १ | १ | १ | १ | १ | ६ | साविम, स्थानीय तह |
| ९ | | | ३.१.२ | ख | प्रदेशस्तरीय लैङ्गिक हिंसा तथा मानव वेचविखन तथा ओसारपसारबाट प्रभावितहरूको लागि पुनर्स्थापना केन्द्र स्थापना तथा सञ्चालन (क्षेत्र ५.११ ले समेटिएको) | | | | | | | | | " |
| १० | | ३.२ | ३.२.१ | ख | एकल, पिछडिएका तथा विपन्न महिला संरक्षण तथा सशक्तीकारण गर्ने (स्थानीय तह) | संख्या | | ८५ | ८५ | ८५ | ८५ | ८५ | ८५ | साविम, स्थानीय तह |
| ११ | | | ३.२.२ | ख | महिला विकास कार्यक्रमद्धारा प्रवर्द्धित महिला संस्थाहरूलाई प्रोत्साहन कार्यक्रम | संख्या | | | ४ | ६ | ८ | १२ | ३० | " |
| १२ | | | ३.२.३ | ग | महिलाको घरायसी श्रमलाई राष्ट्रिय आयमा गणना गर्ने व्यवस्था गर्ने । | प्याकेज | | | | १ | निरन्तर | निरन्तर | १ | साविम |
| १३ | | | ३.२.४ | ख | महिलाले गर्ने घरायसी कामको समय र श्रमको बचत गर्ने प्रविधिको प्रयोगमा प्रोत्साहन कार्यक्रम | प्याकेज | | | १ | निरन्तर | निरन्तर | निरन्तर | १ | साविम, स्थानीय तह |
| १४ | | | ३.२.५ | ख | सुरक्षित मातृत्व र प्रजनन अधिकार सम्बन्धी सचेतनामूलक कार्यक्रम | प्याकेज | | | १ | निरन्तर | निरन्तर | निरन्तर | १ | " |

| क्र.सं. | उद्देश्य नं | रणनीति नं | कार्यनीति नं | संकेत | कार्यक्रम | इकाई | आधार वर्ष ०७५/७६ | लक्ष्य २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | योजना अवधिको जम्मा लक्ष्य | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १५ | | | ३.२.६ | क | महिलाहरूको लागि सीप तथा व्यवसायिकता विकास तालिम एवम् महिला उद्यमीहरूको लागि जिल्लागत सहुलियत ऋण प्रदान गर्ने | संख्या | | ११ | ११ | ११ | ११ | ११ | ५५ | साविम |
| १६ | | | ३.२.७ | ख | लैङ्गिक समानता तथा सशक्तीकरण मापन सूचकको निर्माण तथा प्रभावकारी अनुगमन मूल्यांकन र नियम गर्ने | प्याकेज | | | तयारी | १ | निरन्तर | निरन्तर | १ | साविम, स्थानीय तह |
| १७ | | | ३.२.८ | ख | प्रदेशस्तरीय लैङ्गिक खण्डीकृत तथ्याङ्क संकलन, विश्लेषण तथा अद्यावधिकरण र प्रकाशन | प्याकेज | | तयारी | १ | निरन्तर | निरन्तर | निरन्तर | १ | साविम |

## ५.१२.८ नतिजा

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७५/७६ | उपलब्धि २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | योजना अवधिका उपलब्धि | पुष्ट्याईंको श्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान | प्रसंग संकेत | दीविल संकेत | दीराल संकेत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रभाव | महिला र पुरुषबीच सारभूत समानता कायम भएको हुने | श्रमशक्तिमा महिला र पुरुषको सहभागिताको अनुपात | अनुपात | ७४ | ७८ | ८२ | ८६ | ८० | ९५ | ९५ | नेस्वाजस | साविम | | ६ | ५ | ६ | |
| | | घरायसी हेरचाहजन्य काममा महिलाले खर्चेको समयको अनुपात (प्रतिशत) | प्रतिशत | १९.१ | १६ | १३ | १० | ७.१ | ७.१ | ७.१ | " | " | | ६ | ५ | ६ | |
| | | घरायसी र हेरचाहजन्य काममा पुरुषले खर्चेको समयको अनुपात (प्रतिशत) | प्रतिशत | १२.४ | ११ | १० | ८ | ७ | ५.६ | ५.६ | " | " | | ६ | ५ | ६ | |
| | | जमिनमाथिको सम्पत्तिमा महिलाको स्वामित्व भएको घरपरिवारको अनुपात (प्रतिशत) | प्रतिशत | २२.६ | २४ | २६ | २८ | ३० | ३३.९ | ३३.९ | " | " | | ६ | ५ | ६ | |
| | | सम्पत्ति र घरमाथि महिलाको स्वामित्व भएको घरपरिवारको अनुपात (प्रतिशत) | प्रतिशत | १३.०९ | १६ | २० | २४ | २८ | ३०.६ | ३०.६ | " | " | | ६ | ५ | ६ | |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७५/७६ | उपलब्धि २०७६/७७ | उपलब्धि २०७७/७८ | उपलब्धि २०७८/७९ | उपलब्धि २०७९/८० | उपलब्धि २०८०/८१ | योजना अवधिका उपलब्धि | पुष्ट्याईंको श्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान | प्रसं संकेत | दीविल संकेत | दीराल संकेत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | **रोजगारमा महिला र पुरुषको मासिक आम्दानीको अनुपात** | **अनुपात** | १.१६ | | | | | १.१ | १.१ | **नेस्वाजस** | **साविम** | | ६ | ५ | ६ | |
| **असर १** | लैङ्गिक उत्तरदायी बजेट र शासन व्यवस्थालाई संस्थागत गर्दै महिलाको सम्मानित जीवनयापनको वातावरण सुनिश्चित भएको हुने | लैङ्गिक उत्तरदायी बजेटको प्रतिशत | प्रतिशत | ६६ | ६७ | ६८ | ६९ | ७० | ७० | ७० | " | आमायोम | | ६ | ५ | ६ | |
| **प्रतिफल १.१** | लैङ्गिक समानता सम्बन्धी नीति तर्जुमा, विद्यमान कानून तथा कार्यक्रममा पुनरावलोकन गरी कार्यान्वयन भएको हुने | लैङ्गिक समानता प्रवर्द्धनात्मक नीति तथा कानून निर्माण | संख्या | | १ | २ | १ | २ | १ | ७ | साविम प्रगति प्रतिवेदन | साविम | सरोकार वालाको सहयोग रहने | ६ | ५ | ६ | |
| **प्रतिफल १.२** | सारभूत लैङ्गिक समानता प्राप्तिको लागि पुरुषको सक्रिय सहभागितामा वृद्धि भएको हुने | लैङ्गिक समानताका लागि पुरुष सहभागिता प्रवर्द्धन कार्यक्रमको सञ्चालन | संख्या | | | ३ | ३ | ३ | ३ | १२ | " | " | " | ६ | ५ | ६ | |
| **प्रतिफल १.३** | प्रदेशका नीति निर्माण र कार्यान्वयन गर्ने तहमा समान सहभागिता तथा सारभूत प्रतिनिधित्वमा बढोत्तरी भएको हुने | महिलाहरूको लागि सञ्चालित प्रतिस्पर्धात्मक परीक्षा तयारी कक्षामा सहभागी संख्या | संख्या | | ४५० | ४५० | ४५० | ४५० | ४५० | २२५० | " | " | सहभागितामा आकर्षण रहने | ६ | ५ | ६ | |
| **असर २** | महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव, हिंसा र शोषणको अन्त्य भएको हुने | १५ वर्ष माथिका उमेरसमूहका महिलाहरूमा हुने हिंसाजन्य गतिविधिमा कमी (प्रतिशत) | प्रतिशत | १६.९ | १४ | १३ | १२ | ११ | १० | १० | " | " | जनचेतनामा अभिवृद्धि भएको हुने | ६ | ५ | ६ | |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७५/७६ | उपलब्धि | | | | | योजना अवधिका उपलब्धि | पुष्ट्याईंको श्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान | प्रसंग संकेत | दीविल संकेत | दीराल संकेत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | | | | | | | |
| **प्रतिफल २.१** | यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरूप्रति हुने सामाजिक विभेद हटाउन सचेतनामूलक तथा क्षमता वृद्धि कार्यक्रम सञ्चालन भएको हुने | लैङ्गिक तथा यौनिक अल्पसंख्यकप्रतिको विभेद न्यूनीकरण सम्बन्धी सचेतनामूलक कार्यक्रमको सञ्चालन | संख्या | | १ | १ | १ | १ | १ | ५ | साविम प्रगति प्रतिवेदन | साविम | स्थानीय तहको सहयोग रहने | ६ | ५ | ६ | |
| **प्रतिफल २.२** | महिला विरुद्ध हुने सबै प्रकारका हिंसा, शोषण र विभेद रोकथाम एवम् नियन्त्रणका लागि कानूनी उपचार प्रणाली सहज, छिटो र पहूँच योग्य बनेको हुने | सामाजिक कुरीति, लैङ्गिक हिंसा, मानव बेचबिखन तथा ओसारपसार लगायतका परम्परागत हानीकारक अभ्यासहरू न्यूनीकरण गर्ने सम्बन्धी कार्यक्रम सञ्चालन भएका स्थानीय तहको संख्या | संख्या | ११ | ८५ | ८५ | ८५ | ८५ | ८५ | ८५ | " | " | " | ६ | ५ | ६ | |
| **प्रतिफल २.३** | लैङ्गिक उत्तरदायी बजेट सहित स्थानीय तहसँग सहकार्य भएको हुने | लैङ्गिक हिंसा निवारण कोषको स्थापना | संख्या | | तयारी | १ | | | | १ | " | साविम | " | ६ | ५ | ६ | |
| **प्रतिफल २.४** | लैङ्गिक आचारसंहिता बनी कार्यान्वयन भएको हुने र लैङ्गिक लेखापरीक्षण पद्धति प्रदेश स्तरमा लागू भएको हुने | लैङ्गिक उत्तरदायी शासन कायम गर्न प्रवर्द्धनात्मक कार्यक्रमको सञ्चालन | संख्या | | १ | १५ | २० | २० | ३० | ८६ | " | संघीय सरकार र सा.वि.म. | " | ६ | ५ | ६ | |
| **असर ३** | आर्थिक समृद्धि र दिगो विकासका लागि महिलाको समान अग्रसरता र नेतृत्वदायी भूमिका विकास भई स्रोत, साधन, अवसर तथा लाभमा लैङ्गिक न्याय सहितको पहुँच सुनिश्चित भएको हुने | महिलाहरूले प्रादेशिक संसदमा ओगटेका पदहरूको अनुपात | प्रतिशत | ३३ | ३३ | ३३ | ३३ | ३५ | ३५ | ३५ | " | राजनीतिक दलहरू सकारात्मक हुने | " | ६ | ५ | ६ | |
| | | महिलाहरूले स्थानीय तहमा ओगटेका पदहरूको अनुपात | प्रतिशत | ४१ | ४१ | ४१ | ४१ | ४५ | ४५ | ४५ | निर्बाचान आयोगको प्रतिवेदन | " | सकारात्मक राजनीतिक दल | ६ | ५ | ६ | |
| | | स्थानीय तहको प्रमुखमा निर्वाचित महिला | प्रतिशत | ७.१ | | | | १५ | १५ | १५ | निर्बाचन आयोगको प्रतिवेदन | मुमका | " | ६ | ५ | ६ | |
| | | जनसंख्यामा लैङ्गिक अनुपात | अनुपात | ८३.१ | | | | | | ९६ | केतबि | प्रनियोआ | | ६ | ५ | ६ | |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७५/७६ | उपलब्धि २०७६/७७ | उपलब्धि २०७७/७८ | उपलब्धि २०७८/७९ | उपलब्धि २०७९/८० | उपलब्धि २०८०/८१ | योजना अवधिका उपलब्धि | पुष्ट्याइँको श्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान | प्रसंग संकेत | दीविल संकेत | दीराल संकेत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रतिफल ३.१ | महिलामाथि हुने सबै किसिमका हिंसा विरुद्ध शून्य सहनशीलताको नीति प्रभावकारी भएको हुने | लैङ्गिक हिंसा विरुद्ध शून्य सहनशीलताको नीति कार्यान्वयनमा सामाजिक संघसंस्था परिचालन | संख्या | | १ | १ | १ | १ | १ | ६ | साविम प्रगति प्रतिवेदन | साविम., स्थानीय तहहरू | स्थानीय तहको सहयोग रहने | ६ | ५ | ६ | |
| प्रतिफल ३.२ | हिंसा पीडित तथा प्रभावित महिलाको लागि एकीकृत् सेवा सहितको पुनर्स्थापना केन्द्र सञ्चालन भएको हुने | प्रदेशस्तरीय लैङ्गिक हिंसा तथा मानव बेचबिखन तथा ओसारपसारबाट प्रभावितहरूको लागि स्थापित पुनर्स्थापना केन्द्रको संख्या | संख्या | तयारी | १ | | | | | १ | " | सा.वि.म., पोखरा म.पा. | सकारात्मक सरोकार वाला | ६ | ५ | ६ | |
| प्रतिफल ३.३ | उद्यमशीलताको माध्यमबाट पिछडिएका तथा विपन्न महिलाको आर्थिक सशक्तीकरणका लागि जीविकोपार्जन सुधार कार्यक्रम सञ्चालन भएको हुने | एकल महिला संरक्षण कार्यक्रम सञ्चालन भएका स्थानीय तह | संख्या | | ८५ | ८५ | ८५ | ८५ | ८५ | ८५ | " | साविम., स्थानीय तहहरू | स्थानीय तहको सहयोग रहने | ६ | ५ | ६ | |
| प्रतिफल ३.४ | स्थानीय तहमा महिलाहरूका लागि उत्पादनमूलक व्यवसाय तथा स्वरोजगारको क्षेत्रमा परिचालन गर्ने वातावरण सिर्जना भएको हुने | महिला विकास कार्यक्रमद्वारा प्रवर्द्धित महिला संस्थाहरूलाई प्रोत्साहन कार्यक्रमको सञ्चालन | संख्या | ० | ० | ४ | ६ | ८ | १२ | ३० | " | " | " | ६ | ५ | ६ | |
| प्रतिफल ३.५ | महिलाको घरेलु श्रम तथा पारिवारिक हेरचाह सम्बन्धी क्रियाकलापको मूल्य कायम गरी प्रदेशको आयमा महिलाको योगदानको गणना भएको हुने | महिलाको घरायसी श्रमलाई राष्ट्रिय आयमा गणना गर्न अन्तरक्रिया कार्यक्रमको सञ्चालन | संख्या | ० | ० | ० | १ | १ | १ | ३ | " | " | " | ६ | ५ | ६ | |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७५/७६ | उपलब्धि २०७६/७७ | उपलब्धि २०७७/७८ | उपलब्धि २०७८/७९ | उपलब्धि २०७९/८० | उपलब्धि २०८०/८१ | योजना अवधिका उपलब्धि | पुष्ट्याइँको श्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान | प्रसंग संकेत | दीविल संकेत | दीराल संकेत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रतिफल ३.६ | महिलाको श्रम र समयको बचत गर्ने प्रविधिको प्रयोगमा जोड पुगेको हुने | महिलाले गर्ने घरायसी कामको समय र श्रमको बचत गर्ने प्रविधिको प्रयोगमा प्रोत्साहन कार्यक्रमको सञ्चालन | संख्या | | | २ | ३ | ३ | १ | ९ | साविम प्रगति प्रतिवेदन | साविम., स्थानीय तहहरू | स्थानीय तहको सहयोग रहने | ६ | ५ | ६ | |
| प्रतिफल ३.७ | सुरक्षित मातृत्व र प्रजनन् स्वास्थ्य अधिकारलाई थप सुनिश्चित गर्न विशेष कार्यक्रम सञ्चालन भएको हुने | सुरक्षित मातृत्व र प्रजनन अधिकार सम्बन्धी सचेतनामूलक कार्यक्रमको सञ्चालन | संख्या | | | ३ | ३ | ३ | ३ | १२ | " | " | " | ६ | ५ | ६ | |
| प्रतिफल ३.८ | महिलालाई व्यवसाय सञ्चालन तथा आयमूलक कार्य गरी स्वरोजगार तथा उद्यमशीलता विकास गर्न सहुलियतपूर्ण ऋण तथा वित्तीय पहुँचको व्यवस्था भएको हुने | महिलाहरूको लागि सीप तथा व्यवसायिकता विकास तालिम एवम् महिला उद्यमीहरूको लागि प्रोत्साहन कार्यक्रम | संख्या | | ११ | ११ | ११ | ११ | ११ | ५५ | " | साविम | " | ६ | ५ | ६ | |
| प्रतिफल ३.९ | लैङ्गिक समानता तथा सशक्तीकरण मापन सूचकहरू तयार भई अनुगमन तथा मूल्याङ्कन प्रणाली प्रभावकारी भएको हुने | लैङ्गिक समानता तथा सशक्तीकरण मापन सूचकको निर्माण तथा प्रभावकारी अनुगमन मूल्याङ्कन संयन्त्र निर्माण | पटक | | | | | १ | | १ | " | साविम, स्थानीय तहहरू | " | ६ | ५ | ६ | |
| प्रतिफल ३.१० | प्रदेशमा हुने सबै किसिमका सर्वेक्षण तथा तथ्याङ्क संकलन गर्दा लैङ्गिक खण्डीकृत् विषय अनिवार्य रूपमा समावेश गर्ने व्यवस्था भई महिलाको अवस्था सम्बन्धी प्रतिवेदन तयार भएको हुने | प्रदेशस्तरीय लैङ्गिक खण्डीकृत तथ्याङ्क संकलन तथा अद्यावधिकरण | पटक | | तयारी | १ | | | | १ | " | साविम | " | ८ | ५ | ६ | |
| **लगानीः वार्षिक कार्यक्रम तथा बजेट, महिला लक्षित कार्यक्रम, किशोरकिशोरी कार्यक्रम** | | | | | | | | | | | | | | | | | |

## ५.१३ सामाजिक सुरक्षा तथा संरक्षण

### ५.१३.१ पृष्ठभूमि

नागरिकको सामाजिक सुरक्षा तथा संरक्षणको हकलाई संविधानले सुनिश्चित गरेको छ । सामाजिक सुरक्षा तथा संरक्षण, गरिबी न्यूनीकरण र मानव सुरक्षाको महत्वपूर्ण साधन हो । मुलुकको समावेशी विकास गर्न र दिगो विकास लक्ष्यका प्रमुख नतिजाहरूको प्राप्तिका लागि सामाजिक सुरक्षा तथा संरक्षणले महत्वपूर्ण योगदान गर्न सक्छ । आर्थिक तथा सामाजिक रूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका विपन्न एकल महिला, पूर्ण अपाङ्गता भएका व्यक्ति, बालबालिका, ज्येष्ठ नागरिक, आफ्नो हेरचाह आफै गर्न नसक्ने तथा लोपोन्मुख जातीका नागरिक, दलित आदिलाई लक्षित गरी स्वास्थ्य उपचार सेवा, स्वास्थ्य बीमा, दिवा खाजा, छात्रवृत्ति, निर्वाहमुखी भत्ता लगायत विशेष व्यवस्थासहित संरक्षणको व्यवस्था गर्दै आएको अवस्था छ । प्रदेश स्तरमा विद्यमान सामाजिक सुरक्षा तथा संरक्षण प्रणालीलाई अझ सुदृढ, वित्तीय रूपले दिगो तथा प्रभावकारी वनाउनु आवश्यक भएको छ ।

### ५.१३.२ प्रमुख समस्या

सामाजिक सुरक्षा तथा संरक्षणका कार्यक्रमहरू एकीकृत् रूपमा सञ्चालन हुन नसक्नु, सामाजिक सुरक्षा कार्यक्रम प्रभावकारी व्यवस्थापन नहुँदा संघ, प्रदेश तथा स्थानीय तहमा कार्यक्रम कार्यान्वयनमा जटिलता हुनु, द्वन्द्व पीडित, एच.आइ.भी. संक्रमित व्यक्तिहरूलाई समेट्न नसक्नु, सामाजिक सुरक्षा तथा संरक्षण सम्बन्धी एकीकृत् तथ्याङ्क नहुनु, सम्बन्धित ऐन कानून तथा नीति नियमहरू प्रदेश तथा स्थानीय तहमा बनी नसक्नु जस्ता यस क्षेत्रका समस्याहरू हुन् ।

### ५.१३.३ चुनौती र अवसर

**चुनौती**

सामाजिक सुरक्षा तथा संरक्षण सेवाको एकीकृत् सूचना प्रणालीलाई कार्यान्वयनमा ल्याउनु, यस सम्बन्धमा प्रदेश तथा स्थानीय तहमा सम्बन्धित ऐनहरू तर्जुमा तथा कार्यान्वयन गर्नु, एकीकृत् तथ्याङ्कको व्यवस्थापन गर्नु, दायरा बृद्धि, स्रोतको दिगोपना, वितरणमा समस्या, सामाजिक सुरक्षा लाभमा दोहोरोपनाको अन्त्य गर्नु, अनौपचारिक क्षेत्रलाई समावेश गर्ने विषय, अनौपचारिक क्षेत्रलाई सूचना प्रणालीमा समावेश गर्ने, राष्ट्रिय परिचय पत्र प्रणाली प्रारम्भिक अवस्थामा हुनु जस्ता यस क्षेत्रका चुनौतीहरू हुन् ।

**अवसर**

सामाजिक सुरक्षा तथा संरक्षणको विषयलाई तिनै तहका सरकारले कार्यान्वयन गर्ने अधिकार क्षेत्रमा पर्नु, नेपाल सरकारले योगदानमा आधारित सामाजिक सुरक्षा योजना कार्यक्रम लागू हुनु, सामाजिक सुरक्षा कोष ऐनको स्थापना एकीकृत् सूचना प्रणालीलाई लागू गरिनु, संस्थागत र नीतिगत व्यवस्थाका साथै प्रदेश सरकार तथा स्थानीय सरकारहरूबाट कार्यक्रमहरू सञ्चालन हुनु जस्ता यस क्षेत्रका अवसरहरू हुन् ।

### ५.१३.४ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

**सोच**

दिगो तथा प्रभावकारी सामाजिक सुरक्षा प्रणाली ।

**लक्ष्य**

सामाजिक संरक्षणका कार्यक्रमलाई एकीकृत् रूपमा समावेशी, गुणस्तरीय एवम् प्रभावकारी वनाई कल्याणकारी र अधिकारमैत्री प्रदेशको स्थापना गर्नु ।

**उद्देश्य**

१. सामाजिक सुरक्षाका कार्यक्रमहरूमा समाजका विपन्न र जोखिममा परेका वर्गको पहुँच सुनिश्चित गर्नु ।

२. सामाजिक सुरक्षा तथा संरक्षणका कार्यक्रमहरूमा लक्षित वर्गका नागरिकहरूको स्वस्थ, सुरक्षित र सम्मानजनक जीवनयापनका लागि सेवा सुविधाहरूको विस्तार गर्नु ।

### ५.१३.५ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १ः सामाजिक सुरक्षाका कार्यक्रमहरूमा समाजका विपन्न र जोखिममा परेका वर्गको पहुँच सुनिश्चित गर्नु ।** | |
| १.१ लक्षित वर्गको पहिचान गरी सुदृढ सामाजिक सुरक्षा प्रणालीको विकास गर्ने । | १.१.१ ज्येष्ठ नागरिक, एकल महिला, अपाङ्गता भएका ब्यक्ति, लोपोन्मुख समुदायका नागरिकहरू, दलित बालबालिकाहरू लगायतलाई उपलब्ध गराइने सामाजिक सुरक्षा भत्ता, स्वास्थ्य बीमा, जीवन बीमा, दुर्घटना बीमा लगायतको सामाजिक सुरक्षाका कार्यक्रमहरू सञ्चालन गरिनेछ ।<br>१.१.२ सबै विकास कार्यक्रम तथा आयोजनाहरूमा लक्षित वर्गका सामाजिक सुरक्षा सवालहरूलाई मूलप्रवाहीकरण गरिनेछ ।<br>१.१.३ लक्षित वर्गको पहिचान गरी एकीकृत् योजना तयार गरी कार्यान्वयनमा ल्याइनेछ ।<br>१.१.४ परित्यक्त, हिंसा पीडित, शारीरिक रूपले अशक्त, अपाङ्गता भएका तथा विशेष जोखिममा रहेका विपन्न वर्गका नागरिकहरूका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ । |
| **उद्देश्य २ः सामाजिक सुरक्षा तथा संरक्षणका कार्यक्रमहरूमा लक्षित वर्गका नागरिकहरूको स्वस्थ, सुरक्षित र सम्मानजनक जीवनयापनका लागि सेवा सुविधाहरूको विस्तार गर्नु ।** | |
| २.१ सामाजिक सुरक्षा सम्बन्धी नीति तथा कानूनी पूर्वाधार सबलीकरण गर्ने । | २.१.१ संघीय कानूनको परिधिमा रही स्थानीय तहसँग समन्वय गरी विद्यमान सामाजिक सुरक्षाका प्रावधानहरूको दायरा विस्तार गरिनेछ ।<br>२.१.२ आर्थिक तथा सामाजिक सुरक्षाका कार्यक्रमहरू लक्षित वर्गप्रति संवेदनशील बनाई जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ । |
| २.२. योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रमलाई प्रवर्द्धन गर्ने । | २.२.१ संघीय कानूनको परिधिमा रही योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रमलाई प्रवर्द्धन गर्दै लगिनेछ ।<br>२.२.२ सरकारी, सहकारी, निजी, सामाजिक, सामुदायिक तथा अनौपचारिक क्षेत्रहरू बीच समन्वय गरी आर्थिक तथा सामाजिक सुरक्षाका कार्यक्रमहरू प्रवर्द्धन तथा विस्तार गरिनेछ । |
| २.३ सुरक्षित, मर्यादित, भरपर्दो, व्यवस्थित समाज निर्माण गर्ने । | २.३.१ बोक्सीको आरोप, जातीय छुवाछुत तथा भेदभाव नियन्त्रण लगायतका विभिन्न नकारात्मक गतिविधिहरू न्यूनीकरणका लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।<br>२.३.२ साथै सबै खाले सामाजिक विकृतिहरूको कडाइका साथ नियन्त्रण गर्ने व्यवस्था मिलाइनेछ ।<br>२.३.३ मर्यादित जीवनबारे शैक्षिक कार्यक्रमहरू सञ्चालन गरिनेछ । |

### ५.१३.६ प्राथमिकताका कार्यक्रम

१. सामाजिक सुरक्षा कार्यक्रमलाई सुदृढ गरी सञ्चालन गर्ने ।

## ५.१३.७ विस्तृत कार्यक्रम

| क्र.सं. | उद्देश्य नं | रणनीति नं | कार्यनीति नं | संकेत | कार्यक्रम | इकाई | आधार वर्ष ०७५/७६ | लक्ष्य २०७६/७७ | लक्ष्य २०७७/७८ | लक्ष्य २०७८/७९ | लक्ष्य २०७९/८० | लक्ष्य २०८०/८१ | योजना अवधिको जम्मा लक्ष्य | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | १ | १.१ | १.१.१ | ख, ग | सामाजिक सुरक्षा कार्यक्रम (ज्येष्ठ नागरिक, एकल महिला, अपाङ्गता, लोपुन्मुख, दलित आदि) | प्याकेज | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १ | साविम, स्थानीय तह |
| २ | | | १.१.२ | ख | सामाजिक सुरक्षा कार्यक्रममा पहुँच वृद्धि सम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन | संख्या | | तयारी | ४० | ४५ | | | ८५ | " |
| ३ | | | १.१.३ | क | सामाजिक सुरक्षा तथा लक्षित वर्गको पहिचान र एकीकृत् सूचना प्रवाह (स्थानीय तह) | संख्या | | तयारी | ८५ | | | | ८५ | साविम |
| ४ | | | १.१.४ | ख | जोखिमपूर्ण अवस्थामा रहेका वर्गका लागि विशेष कार्यक्रम (लैङ्गिक समानता र महिला सशक्तीकरण, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको कार्यक्रमको क्षेत्रले समेटेको) | संख्या | | | १ | १ | १ | १ | ४ | " |
| ५ | २ | २.१ | २.१.१ | ग | सामाजिक सुरक्षा सम्बन्धी नीति तथा कानून र मापदण्ड निर्माण तथा नियमन | प्याकेज | | तयारी | १ | | | | १ | " |
| ६ | | | २.१.२ | ख | ज्येष्ठ नागरिक, बालबालिका तथा किशोरकिशोरी लगायतका क्षेत्रले समेटेको बजेट | प्रतिशत | | | | | | | | " |
| ७ | | २.२ | २.२.१ | ग | नेपाल सरकारको योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रममा पहुँच वृद्धि गर्न सहयोग गर्ने | संख्या | | | १ | १ | १ | १ | ४ | " |
| ८ | | | २.२.२ | क | सामाजिक सुरक्षा कार्यक्रममा बहुनिकायगत समन्वय | संख्या | | | १ | १ | १ | १ | ४ | " |
| ९ | | २.३ | २.३.१ | ख | परम्परागत सामाजिक कुरीति विरुद्ध सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने | संख्या | | | १ | १ | १ | १ | ४ | साविम, स्थानीय तह |
| १० | | | २.३.२ | ख | सामाजिक कुरीति अन्त्यका लागि प्रदेश तथा स्थानीय तहमा सञ्जाल निर्माण | संख्या | | | | | | १ | १ | " |
| ११ | | | २.३.३ | ख | मर्यादित सामाजिक जीवनका लागि विद्यालयमा आधारित कार्यक्रम सञ्चालन गर्ने | संख्या | | तयारी | | ४ | ४ | ४ | १२ | " |
| १२ | | | | क | सामाजिक फजुल खर्चको नियमन गर्ने | प्याकेज | १ | तयारी | १ | निरन्तर | निरन्तर | निरन्तर | १ | साविम र आमाकाम |

### ५.१३.८ नतिजा

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७५/७६ | उपलब्धि | | | | | योजना अवधिका उपलब्धि | पुष्ट्याइँको श्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान | प्रससं | दिविलसं | दीरालसं | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | | | | | | | |
| **प्रभाव** | **सामाजिक संरक्षणका कार्यक्रमलाई एकीकृत् रूपमा समावेशी, गुणस्तरीय एवम् प्रभावकारी बनाई कल्याणकारी र अधिकारमैत्री प्रदेशको स्थापना भएको हुने** | **सामाजिक सुरक्षा कार्यक्रमले समेटेको जनसंख्या** | **प्रतिशत** | २३ | ३० | ३८ | ४६ | ५४ | ६६ | ६६ | **साविम र स्थानीय तहका प्रतिवेदन** | **साविम र स्थानीय तह** | | ६ | १ | ५ | |
| | | **स्वास्थ्य बीमामा अवद्ध जनसंख्या** | **प्रतिशत** | ७ | | | | | ६४ | ६४ | " | " | | ६ | १ | ५ | |
| | | **कृषि तथा पशु बीमामा आबद्ध जनसंख्या** | **प्रतिशत** | ६.५ | | | | | ३० | ३० | **भूकृसमको प्रतिवेदन** | **भूकृसम** | | ६ | १ | ५ | |
| **प्रतिफल १.१** | ज्येष्ठ नागरिक, एकल महिला, अपाङ्गता भएका व्यक्ति, लोपोन्मुख समुदायका नागरिकहरू, दलित बालबालिकाहरू लगायतलाई उपलब्ध गराइने सामाजिक सुरक्षा भत्ता, स्वास्थ्य बीमा, जीवन बीमा, दुर्घटना बीमा लगायतको सामाजिक सुरक्षाका कार्यक्रमहरूको सञ्चालन भएको हुने | सामाजिक सुरक्षा सम्बन्धी एकीकृत् सूचना प्रणालीको निर्माण भएका स्थानीय तह | संख्या | | तयारी | ८५ | | | | ८५ | साविम | साविम र स्थानीय तह | स्थानीय तहको सक्रिय सहभागिता र सहयोग रहने | ६ | १ | ५ | |
| **प्रतिफल १.२** | सबै विकास कार्यक्रम तथा आयोजनाहरूमा लक्षित वर्गका सामाजिक सुरक्षा सवालहरूको मूलप्रवाहीकरण भएको हुने | सामाजिक सुरक्षाको अवधारणा र कार्यक्रम सम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन भएका स्थानीय तह | संख्या | | तयारी | ४० | ४५ | | | ८५ | " | " | " | ६ | १ | ५ | |
| **प्रतिफल १.३** | लक्षित वर्गको पहिचान गरी एकीकृत् योजना तयार गरी कार्यान्वयन भएका हुने | लक्षित वर्ग पहिचान सम्बन्धी कार्यक्रम सञ्चालन भएका स्थानीय तह | संख्या | | तयारी | तयारी | ८५ | | | ८५ | " | " | " | ६ | १ | ५ | |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७५/७६ | उपलब्धि | | | | | योजना अवधिका उपलब्धि | पुष्ट्याइँको श्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान | प्रससं | द्विलसं | दीरलसं | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | | | | | | | |
| **प्रतिफल** १.४ | परित्यक्त, हिंसा पीडित, शारीरिक रूपले अशक्त, अपाङ्गता भएका तथा विशेष जोखिममा रहेका विपन्न वर्गका नागरिकहरूका लागि विशेष कार्यक्रमको सञ्चालन भएको हुने | जोखिमपूर्ण अवस्थामा रहेका वर्गका लागि विशेष कार्यक्रमको सञ्चालन | संख्या | | | १ | १ | १ | १ | ४ | साविम | साविम र स्थानीय तह | स्थानीय तहको सक्रिय सहभागिता र सहयोग रहने | ६ | १ | ५ | |
| **असर** २ | सामाजिक सुरक्षा तथा संरक्षणका कार्यक्रमहरूमा लक्षित वर्गका नागरिकहरूको स्वस्थ, सुरक्षित र सम्मानजनक जीवनयापनका लागि सेवा सुविधाहरूको विस्तार भएको हुने | स्वास्थ्य बीमाले समेटेको जनसंख्या | प्रतिशत | | | | | | १०० | १०० | " | " | " | ६ | १ | ५ | |
| **प्रतिफल** २.१ | संघीय कानूनको परिधिमा रही स्थानीय तहसँग समन्वय गरी विद्यमान सामाजिक सुरक्षाका प्रावधानहरूको दायरा विस्तार भएको हुने | सामाजिक सुरक्षा सम्बन्धी नीति तथा कानून र मापदण्ड निर्माण तथा नियमन | प्याकेज | | तयारी | १ | | | | १ | " | " | " | ६ | १ | ५ | |
| **प्रतिफल** २.२ | आर्थिक तथा सामाजिक सुरक्षाका कार्यक्रमहरू लक्षित वर्ग प्रति संवेदनशील बनाई जनचेतनामूलक कार्यक्रम सञ्चालन भएको हुने | सामाजिक सुरक्षा सम्बन्धी सचेतनामूलक कार्यक्रमको सञ्चालन | संख्या | | | १ | १ | १ | १ | ४ | " | " | " | ६ | १ | ५ | |
| **प्रतिफल** २.३ | संघीय कानूनको परिधिमा रही योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रमको प्रवर्द्धन भएको हुने | योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रमको अभिमुखीकरण | संख्या | | | १ | १ | १ | १ | ४ | " | " | " | ६ | १ | ५ | |
| **प्रतिफल** २.४ | सरकारी, सहकारी, निजी, सामाजिक, सामुदायिक तथा अनौपचारिक क्षेत्रहरू बीच समन्वय गरी आर्थिक तथा सामाजिक सुरक्षाका कार्यक्रमहरूको प्रवर्द्धन तथा विस्तार भएको हुने | सामाजिक सुरक्षा कार्यक्रममा बहुनिकायगत समन्वय बैठक | संख्या | | | १ | १ | १ | १ | ४ | " | " | " | ६ | १ | ५ | |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७५/७६ | उपलब्धि | | | | | योजना अवधिका उपलब्धि | पुष्ट्याइँको श्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान | प्रसासं | द्विविलसं | दीरालसं | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | | | | | | | |
| **प्रतिफल २.५** | बोक्सीको आरोप, जातीय छुवाछुत तथा भेदभाव नियन्त्रण लगायतका विभिन्न नकारात्मक गतिविधिहरू न्यूनीकरणका लागि आवश्यक कार्यक्रमको सञ्चालन भएको हुने | परम्परागत सामाजिक कुरीति विरुद्ध सचेतना-मूलक कार्यक्रमको सञ्चालन | संख्या | | | १ | १ | १ | १ | ४ | साविम | साविम र स्थानीय तह | स्थानीय तहको सक्रिय सहभागिता र सहयोग रहने | ६ | १ | ५ | |
| **प्रतिफल २.६** | सबै प्रकारका सामाजिक विकृतिहरूको कडाइका साथ नियन्त्रण गर्ने व्यवस्था भएको हुने | सामाजिक कुरीति अन्त्यका लागि प्रदेश तथा स्थानीय तहमा सञ्जाल निर्माणको अवस्था | संख्या | | | | | | १ | १ | " | " | " | ६ | १ | ५ | |
| **प्रतिफल २.७** | मर्यादित जीवनबारे शैक्षिक कार्यक्रमहरू सञ्चालन भएका हुने | मर्यादित सामाजिक जीवनका लागि विद्यालयमा आधारित कार्यक्रम सञ्चालन | संख्या | | तयारी | | ४ | ४ | ४ | १२ | " | " | " | ६ | १ | ५ | |

**लगानीः वार्षिक कार्यक्रम तथा बजेट, सामिजक सुरक्षा कार्यक्रम, स्वास्थ्य बीमा कार्यक्रम, जीबन बीमा कार्यक्रम, संचयकोष, नागरिक लगानीकोष, क्षमता बृद्धि तालिम, बीमा कम्पनी**

## ५.१४ सामाजिक संघसंस्था

### ५.१४.१ पृष्ठभूमि

सामाजिक संघसंस्थाहरूलाई आर्थिक तथा सामाजिक विकासका सहयोगीको रूपमा मानिएको छ । दिगो विकास लक्ष्यले नागरिक समाजसँगको साझेदारीलाई जोड दिएको छ । सामाजिक विकास मन्त्रालयमा संघसंस्था महाशाखा स्थापना गरी प्रदेशमा कार्यरत सामाजिक संघसंस्थाहरूलाई एउटै छातामुनि समेटी सामाजिक संघसंस्थाहरूलाई सरकारको विकास प्रयासमा सरिक गराउने वातावरण निर्माण गर्नु र उनीहरूबाट प्रवाह हुने स्रोतको उपयोगलाई, प्रभावकारी सेवा र पारदर्शी बनाई जनताको जीवन स्तरमा सुधार गर्ने गराउनेतर्फ जोड दिनु परेको छ । यस सन्दर्भमा सामाजिक संघसंस्थाको भूमिका दिगो विकास लक्ष्यले तय गरेका सूचकहरू हाँसिल गर्नेतर्फ केन्द्रित गराउनु आवश्यक छ ।

### ५.१४.२ प्रमुख समस्या

संघीय संरचना अनुरूप सामाजिक संघसंस्था परिचालनका लागि नीति तथा कानूनहरू तर्जुमा हुन नसक्नु, सरकार र सामाजिक संघसंस्थाहरू बीचको सहकार्यका क्षेत्रहरूलाई पारदर्शी र प्रभावकारी बनाउन नसक्नु, सामाजिक संघसंस्थाहरूको कार्यक्रममा दोहोरोपना हुनु, परियोजनाहरूको प्रभावकारी सुपरीवेक्षण, अनुगमन तथा मूल्याङ्कन नहुनु, एकीकृत् सूचना तथा तथ्याङ्क प्रणाली नहुनु, सामाजिक संघसंस्थामा आन्तरिक सुशासनको कमी हुनु, सामाजिक संघसंस्था मार्फत् वैदेशिक सहायता परिचालन भैरहेको भए तापनि लगानी अनुसार अपेक्षित प्रतिफल हाँसिल हुन नसक्नु, नियमनकारी निकाय प्रभावकारी नहुनु यस क्षेत्रका समस्या हुन् ।

### ५.१४.३ चुनौती र अवसर

**चुनौती**

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाद्वारा सञ्चालित परियोजनालाई एकद्वार प्रणालीमार्फत् सहजीकरण तथा परिचालन गर्नु, अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाबाट परिचालन हुने आर्थिक स्रोतलाई पारदर्शी बनाई प्रदेश लेखा प्रणालीमा आवद्ध गराउनु र गैरसरकारी संस्थालाई तीनै तहको सरकार बीचको समन्वयमा प्रदेशको प्राथमिकता र आवश्यकताका क्षेत्रमा परिचालन गर्नु, सामाजिक संघसंस्थाहरूको सेवालाई ग्रामीणमुखी वनाउनु, संघसंस्थाहरू दोहोरो तेहेरो रूपमा स्वीकृत हुनुपर्ने प्रावधान हुँदा सेवा प्रवाहमा कठिनाई, सामाजिक तथा आर्थिक विकासमा गैरसरकारी क्षेत्रको योगदान मापन गर्ने सूचक तयार गर्नु र प्रभावकारी अनुगमन तथा मूल्याङ्कनका लागि संस्थागत सुदृढीकरण गर्नु यस क्षेत्रका चुनौती हुन् ।

**अवसर**

नेपालको कानूनले सामाजिक संघसंस्थालाई कानूनी रूपमा अधिकार प्रदान गर्नुका साथै उत्तरदायित्व र जिम्मेवारीको व्यवस्था हुनु, संघीय प्रणाली अनुरूप प्रदेश र स्थानीय तहका परियोजना तर्जुमा र परिचालनमा संलग्नता हुने अवस्था हुनु, संघीय प्रणाली बमोजिम स्थानीय तहसम्म सामाजिक संघसंस्थाहरूलाई विकास साझेदारको रूपमा परिचालन गरी सामाजिक विकासका विविध क्षेत्रका क्रियाकलापलाई तीव्र बनाउने आधार तयार हुनुका साथै दिगो विकास लक्ष्य प्राप्तिमा सहयोग पुग्ने अवस्था सिर्जना हुनु यस क्षेत्रका अवसर हुन् ।

### ५.१४.४ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

**सोच**

सामाजिक संस्थामा सुशासन, जवाफदेहिता र प्रभावकारिता ।

**लक्ष्य**

सामाजिक संघसंस्थाहरूलाई विकास साझेदारको रूपमा स्वीकार गर्दै मर्यादित, पारदर्शी र व्यवस्थित रूपमा परिचालन गरी प्रदेशमा सामाजिक तथा आर्थिक विकास गर्ने ।

**उद्देश्य**

१. प्रादेशिक प्राथमिकताको क्षेत्रमा संघसंस्थाको परिचालन, व्यवस्थापन र नियमन गर्नु ।

२. सामाजिक संघसंस्था तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूबाट प्राप्त हुने स्रोतको उपयोगलाई जवाफदेही र पारदर्शी बनाउँदै प्रदेशको सामाजिक तथा आर्थिक विकास गर्नु ।

### ५.१४.५ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १: प्रादेशिक प्राथमिकताको क्षेत्रमा संघसंस्थाको परिचालन, व्यवस्थापन र नियमन गर्नु ।** | |
| १.१ सामाजिक संघसंस्थाहरूको परिचालनमा सहजीकरण गर्ने निकायलाई सक्षम, सुदृढ, जिम्मेवार र उत्तरदायी बनाउने । | १.१.१ प्रदेशमा सामाजिक संस्था स्थापना, स्वीकृति, आवद्धता, सञ्चालन, व्यवस्थापन, परिचालन तथा नियमनको लागि आवश्यक प्रादेशिक नीति, कानून र मापदण्ड तर्जुमा गरिनेछ ।<br>१.१.२ प्रदेशमा काम गर्ने सामाजिक संघसंस्थाका कार्यक्रमको स्वीकृति प्रदेशका प्राथमिकता अनुसार प्रदेश नीति तथा योजना आयोगले गर्ने र यिनीहरूको दर्ता, नवीकरण र नियमन सामाजिक मन्त्रालयले गर्ने व्यवस्था गरिनेछ ।<br>१.१.३ कुनै पनि सामाजिक संघसंस्थाले नेपालको सार्वभौमसत्ता, अखण्डता, परराष्ट्र तथा सुरक्षा नीतिमा प्रतिकुल हुने, विभिन्न जातजाति वा सम्प्रदायबीच सुसम्बन्ध खलल पार्ने, धार्मिक रूपमा कसैलाई मनोवैज्ञानिक प्रभाव पार्ने तथा सार्वजनिक नैतिकताको प्रतिकुल हुने कार्यलाई कानून वमोजिम नियन्त्रण गरिनेछ । यी प्रयोजनको लागि कुनै परियोजना सञ्चालन गरेमा कानूनी रूपमा दण्डनीय बनाइनेछ ।<br>१.१.४ सरकारका तीन तहबीचको समन्वय र सहकार्यलाई प्रभावकारिता ल्याउनको लागि संघीय संरचना अनुरूप सहजीकरण तथा नियमन गर्न सामाजिक विकास मन्त्रालयमा स्थापना हुने संघसंस्था महाशाखालाई सक्षम र सुदृढ बनाइनेछ ।<br>१.१.५ सामाजिक संघसंस्थाको परिचालनको लागि आचारसंहिता एंव मापदण्ड निर्माण गरी कार्यान्वयन गरिनेछ । |
| १.२ सामाजिक संघसंस्थाहरूको पारदर्शिता, जवाफदेहीता सुनिश्चित गर्दै सहजीकरण, परिचालन, अनुगमन, मूल्याङ्कन र नियमनलाई प्रभावकारी बनाउने । | १.२.१ प्रदेश तथा स्थानीय तहमा उपलब्ध हुने भौतिक, मानवीय तथा प्रविधिजन्य स्रोतको उपयोगलाई प्राथमिकता दिँदै सामाजिक संघसंस्था तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूको स्रोत पारदर्शी रूपमा परिचालन गरिनेछ ।<br>१.२.२ सामाजिक संघसंस्था तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाको सञ्चालन तथा खर्चको मापदण्ड निर्देशिका तर्जुमा गरी प्रभावकारी रूपमा कार्यान्वयन गरी पारदर्शी बनाइनेछ ।<br>१.२.३ सामाजिक संघसंस्थाका परियोजना निर्माणदेखि कार्यान्वयनसम्मका सबै चरणहरूमा स्थानीय सरोकारवाला तथा स्थानीय तहको सहभागिता, सहकार्य र समन्वयलाई सुनिश्चित गरिनेछ ।<br>१.२.४ सामाजिक संघसंस्थाहरूले सञ्चालन गर्ने परियोजना र लगानीलाई स्थानीय तहको वार्षिक बजेट तथा योजनामा समावेश गर्ने व्यवस्था गरिनेछ । |
| **उद्देश्य २: सामाजिक संघसंस्था तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूबाट प्राप्त हुने स्रोतको उपयोगलाई जवाफदेही र पारदर्शी बनाउँदै प्रदेशको सामाजिक तथा आर्थिक विकास गर्नु ।** | |
| २.१ सामाजिक संघसंस्थाहरूको कार्य प्रभावकारिता सुनिश्चितताका लागि दोहोरोपना नहुने गरी उपयुक्त सूचना प्रणालीको विकास गरी एकद्वार प्रणालीमा आवद्ध गर्ने । | २.१.१ सामाजिक संघसंस्था तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले सामाजिक क्षेत्रमा गरेको योगदानलाई एकीकृत् तथ्याङ्क प्रणालीमार्फत् प्रदेश स्तरमा अभिलेख राख्ने, तथ्याङ्क अद्यावधिक गर्ने र विश्लेषणसहित वार्षिक रूपमा प्रतिवेदन सार्वजनिक गरिनेछ ।<br>२.१.२ सामाजिक संघसंस्था तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूले सञ्चालन गरेका परियोजनाको अनुगमन तथा मूल्याङ्कन नियमित एवम् प्रभावकारी बनाईनेछ ।<br>२.१.३ प्रदेशस्तरमा कार्यरत सामाजिक संघसंस्था तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले प्राप्तगर्ने स्रोतको अभिलेखीकरण गरी पारदर्शिता कायम गर्नको लागि सहायता व्यवस्थापन सूचना प्रणालीमा आबद्ध हुने व्यवस्था गरिनेछ । |

## ५.१४.६ कार्यक्रमका प्राथमिकता

१. सामाजिक संघसंस्थाको दर्ता र नवीकरण व्यवस्थित गर्ने ।

२. सामाजिक संघसंस्थाको अनुगमन, मूल्याङ्कन र नियमन गर्ने ।

## ५.१४.७ विस्तृत कार्यक्रम

| क्र.सं. | उद्देश्य नं | रणनीति नं | कार्यनीति नं | संकेत | कार्यक्रम | इकाई | आधार वर्ष ०७५/७६ | लक्ष्य | | | | | योजना अवधिको जम्मा लक्ष्य | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | |
| १ | १ | १.१ | १.१.१ | क | सामाजिक संघसंस्था सम्बन्धी ऐन, कानून, कार्यविधि र मापदण्डको निर्माण | प्याकेज | | तयारी | १ | | | | १ | साविम |
| २ | | | १.१.२ | क | सामाजिक संघसंस्था नयाँ दर्ता | संख्या | १५०२१ | २०० | २०० | २०० | २०० | २०० | १००० | " |
| ३ | | | १.१.३ | क | १.१.१ ले समेट्ने | | | | | | | | | |
| ४ | | | १.१.४ | क | संघसंस्थाहरूको नक्साङ्कन तथा वर्गीकरण | पटक | | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १ | " |
| ५ | | | १.१.५ | ग | आचार संहिता निर्माण गरी लागू गर्ने | प्याकेज | | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १ | |
| ६ | | १.२ | १.२.१ | ग | एकद्वार पद्दतिबाट अनुगमन तथा नियमन | प्याकेज | | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १ | " |
| ७ | | | १.२.२ | ग | सामाजिक संघसंस्थाहरूको परिचालनमा एकरुपता ल्याउन वित्तीय तथा कार्य सञ्चालन मापदण्ड निर्माण | प्याकेज | | | १ | | | | १ | " |
| ८ | | | १.२.३ | ख | हरेक सामाजिक संघसंस्थाको वार्षिक रुपमा सार्वजनिक लेखा परीक्षण तथा सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन | प्याकेज | | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १ | " |
| ९ | | | १.२.४ | ख | प्रदेशका कार्यक्रममा सामाजिक संस्थाका कार्यक्रम समावेश गर्ने | प्याकेज | | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १ | " |
| १० | २ | २.१ | २.१.१ | ख | संघसंस्थाहरूको योगदानको प्रगति विवरण सम्बन्धित मन्त्रालयमा पेश गर्ने | प्याकेज | | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १ | " |
| ११ | | | २.१.२ | ग | १.२.१ ले समेट्ने | | | | | | | | | |
| १२ | | | २.१.३ | ख | सामाजिक विकास मन्त्रालयमा सहायता व्यवस्थापन सूचना प्रणालीको स्थापना तथा सञ्चालन | संख्या | | | | | | १ | १ | " |

### ५.१४.८ नतिजा

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७५/७६ | उपलब्धि २०७६/७७ | उपलब्धि २०७७/७८ | उपलब्धि २०७८/७९ | उपलब्धि २०७९/८० | उपलब्धि २०८०/८१ | योजना अवधिका उपलब्धि | पुष्ट्याईंको श्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान | प्रससं | दीविलसं | दीरालसं | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **प्रभाव** | **सामाजिक संघसंस्थाहरूलाई विकास साझेदारको रूपमा स्वीकार गर्दै मर्यादित, पारदर्शी र व्यवस्थित रूपमा परिचालन मार्फत् प्रदेशमा सामाजिक तथा आर्थिक विकास भएको हुने** | **विकास साझेदार सामाजिक संस्थाको संख्या** | **संख्या** | १५०२१ | २०० | २०० | २०० | २०० | २०० | १००० | **साविम र आमाकामुका रेकर्ड** | **साविम र आमाकामु** | | ७ | १६ | ८ | |
| **असर १** | प्रादेशिक प्राथमिकताको क्षेत्रमा संघसंस्थाको परिचालन, व्यवस्थापन र नियमन भएको हुने | सामाजिक संस्थाको वार्षिक नविकरण दर | प्रतिशत | १९ | ३९ | ३५ | ४० | ४५ | ५० | ५० | " | " | | ७ | १६ | ८ | |
| **प्रतिफल १.१** | प्रदेशमा सामाजिक संस्था स्थापना, स्वीकृति, आवद्धता, सञ्चालन, व्यवस्थापन, परिचालन तथा नियमनको लागि आवश्यक प्रादेशिक नीति, कानून र मापदण्ड तर्जुमा भएको हुने | सामाजिक संघसंस्था सम्बन्धी नीति तथा कानूनको निर्माण | संख्या | | तयारी | १ | | | | १ | " | " | सरोकार वालाको सहयोग रहने | ७ | १६ | ८ | |
| **प्रतिफल १.२** | प्रदेशमा काम गर्ने सामाजिक संघसंस्थाका कार्यक्रमको स्वीकृति प्रदेशका प्राथमिकता अनुसार प्रदेश नीति तथा योजना आयोगले गर्ने र यिनीहरूको दर्ता, नवीकरण र नियमन सामाजिक विकास मन्त्रालयले गर्ने व्यवस्था भएको हुने | प्रदेश स्तरमा काम गर्ने सामाजिक संघसंस्थाहरूको नक्सांकन तथा वर्गीकरण | संख्या | | तयारी | १ | | | | १ | " | " | " | ७ | १६ | ८ | |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७५/७६ | उपलब्धि | | | | | योजना अवधिका उपलब्धि | पुष्ट्याइँको श्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान | प्रससं | दीविलसं | दीरालसं | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | | | | | | | |
| **प्रतिफल** १.३ | कुनै पनि सामाजिक संघसंस्थाले नेपालको सार्वभौमसत्ता, अखण्डता र सुरक्षा नीति प्रतिकुल हुने काम गरेमा कानूनी रूपमा दण्डनीय हुने व्यवस्था भएको हुने | प्रदेशस्तरका संघसंस्थाहरूको अनुगमन | पटक | १ | १ | | | १ | १ | १ | " | " | " | ७ | १६ | ८ | |
| **प्रतिफल** १.४ | सरकारका तीन तहबीचको समन्वय र सहकार्यमा प्रभावकारिता ल्याउनको लागि संघीय संरचना अनुरूप सहजीकरण तथा नियमन गर्न सामाजिक विकास मन्त्रालयमा स्थापना हुने संघसंस्था महाशाखा सक्षम र सुदृढ भएको हुने | संघ र स्थानीय तहमा समन्वय गर्ने संयन्त्रको निर्माण | पटक | | | | | १ | | १ | साविम र आमाकामुका रेकर्ड | साविम र आमाकामु | सरोकार वालाको सहयोग रहने | ७ | १६ | ८ | |
| **प्रतिफल** १.५ | सामाजिक संघसंस्थाको परिचालनको लागि आचारसंहिता एंव मापदण्ड निर्माण गरी कार्यान्वयन भएको हुने | प्रादेशिक संघसंस्थाहरूको आचारसंहिता निर्माण | पटक | | तयारी | १ | | | | १ | " | " | " | ७ | १६ | ८ | |
| **प्रतिफल** १.६ | प्रदेश तथा स्थानीय तहमा उपलब्ध हुने भौतिक, मानवीय तथा प्रविधिजन्य स्रोतको उपयोगलाई प्राथमिकता दिँदै सामाजिक संघसंस्था तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूको स्रोत पारदर्शी रूपमा परिचालित भएको हुने | प्रदेशस्तरमा काम गर्ने सामाजिक संघसंस्थाहरूको संस्थागत सुदृढीकरण | पटक | | तयारी | ३ | ३ | ३ | ३ | १२ | " | " | " | ७ | १६ | ८ | |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७५/७६ | उपलब्धि २०७६/७७ | उपलब्धि २०७७/७८ | उपलब्धि २०७८/७९ | उपलब्धि २०७९/८० | उपलब्धि २०८०/८१ | योजना अवधिका उपलब्धि | पुष्ट्याईंको श्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान | प्रससं | दीविसं | दीरालसं | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **प्रतिफल १.७** | सामाजिक संघसंस्था तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाको सञ्चालन तथा खर्चको मापदण्ड निर्देशिका तर्जुमा भई प्रभावकारी रूपमा कार्यान्वयन भई पारदर्शी बनेको हुने | सामाजिक संघसंस्थाहरूको खर्च सञ्चालन सम्वन्धी मापदण्डको निर्माण | पटक | | तयारी | १ | | | | १ | " | " | " | ७ | १६ | ८ | |
| **प्रतिफल १.८** | सामाजिक संघसंस्थाका परियोजना निर्माणदेखि कार्यान्वयनसम्मका सबै चरणहरूमा स्थानीय सरोकारवाला तथा स्थानीय तहको सहभागिता, सहकार्य र समन्वय सुनिश्चित भएको हुने | प्रदेशस्तरमाकाम गर्ने सामाजिक संघसंस्थाहरू सँगको समन्वय | पटक | ४ | ५ | ४ | ४ | ४ | ४ | २६ | साविम र आमाकामुका रेकर्ड | साविम र आमाकामु | सरोकार वालाको सहयोग रहने | ७ | १६ | ८ | |
| **प्रतिफल १.९** | सामाजिक संघसंस्थाहरूले सञ्चालन गर्ने आयोजना र लगानीलाई स्थानीय तहको वार्षिक बजेट तथा योजनामा समावेश गर्ने व्यवस्था भएको हुने | संघसंस्था परिचालन सम्बन्धमा स्थानीय तहलाई अभिमुखीकरण | पटक | | | १ | १ | १ | १ | ४ | " | " | " | ७ | १६ | ८ | |
| **असर २** | सामाजिक संघसंस्था तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूबाट प्राप्त हुने स्रोतको उपयोगलाई जवाफदेही र पारदर्शी बन्दै प्रदेशको सामाजिक तथा आर्थिक विकास भएको हुने | | | | | | | | | | " | " | " | ७ | १६ | ८ | |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७५/७६ | उपलब्धि | | | | | योजना अवधिका उपलब्धि | पुष्ट्याईंको श्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान | प्रससं | दीविलसं | दीरालसं | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | | | | | | | |
| **प्रतिफल २.१** | सामाजिक संघसंस्था तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले सामाजिक क्षेत्रमा गरेको योगदानलाई एकीकृत् तथ्याङ्क प्रणालीमार्फत् प्रदेश स्तरमा अभिलेख राख्ने, तथ्याङ्क अद्यावधिक गर्ने र विश्लेषण सहित वार्षिक रूपमा प्रतिवेदन सार्वजनिक गर्ने व्यवस्था भएको हुने | सामाजिक संघसंस्थाहरूका काम कारवाहीलाई व्यवस्थित गर्न एकीकृत् तथ्याङ्क प्रणालीको निर्माण हुने | पटक | | तयारी | १ | | | | १ | ” | ” | समयमै आवश्यक श्रोत साधनको व्यवस्था हुने | ७ | १६ | ८ | |
| **प्रतिफल २.२** | सामाजिक संघसंस्था तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूले सञ्चालन गरेका परियोजनाको अनुगमन तथा मूल्याङ्कन नियमित एवम् प्रभावकारी भएको हुने | प्रदेशस्तरमाकाम गर्नेसंघसंस्थासँगको अन्तरक्रिया | पटक | १ | १ | १ | १ | १ | १ | ५ | साविम र आमाकामुका रेकर्ड | साविम र आमाकामु | सबै सरोकार वालाको सहयोग रहने | ७ | १६ | ८ | |
| **प्रतिफल २.३** | प्रदेशस्तरमा कार्यरत सामाजिक संघसंस्था तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले प्राप्त गर्ने श्रोतको अभिलेखीकरण गरी पारर्दिशता कायम गर्नको लागि सहायता व्यवस्थापन सूचना प्रणालीमा आवद्ध हुने व्यवस्था भएको हुने | अन्तर्राष्ट्रिय गैरसरकारी संघसंस्थाहरूको सहायता व्यवस्थापन प्रणाली (MIS) प्रणालीको निर्माण | पटक | | | | | | १ | १ | ” | ” | समयमै आवश्यक श्रोत साधनको व्यवस्था हुने | ७ | १६ | ८ | |
| **लगानीः वार्षिक कार्यक्रम तथा बजेट, संस्था दर्ता ऐन, नियमन शाखाका कर्मचारीको क्षमता बृद्धि तालिम र पाठ्यसामाग्री आदि।** | | | | | | | | | | | | | | | | | |

## ५.१५ श्रम तथा रोजगार

### ५.१५.१ पृष्ठभूमि

गुणस्तरीय जनशक्तिको विकासमार्फत् श्रमको उत्पादकत्व अभिवृद्धि गरी प्रादेशिक अर्थतन्त्रलाई सबल बनाउन उत्पादनको क्रियाशील साधनको रुपमा श्रमको महत्वपूर्ण भूमिका रहन्छ । नेपालको संविधानले रोजगारी र श्रमको हकलाई मौलिक हकको रुपमा स्थापित गरेको छ । दक्ष र व्यावसायिक श्रमशक्तिको विकास गर्ने, श्रमिक र उद्यमीबीच सुसम्बन्ध कायम गर्ने, वैदेशिक रोजगारीबाट आर्जित सीप, पुँजी तथा प्रविधि र अनुभवको स्वदेशमा उपयोग गर्ने र सबैका लागि मर्यादित कामको अवसर उपलब्ध गराउनु आवश्यक छ । हाल गण्डकी प्रदेशमा ९ प्रतिशतमा रहेको बेरोजगारी दरलाई तल झार्नु आजको आवश्यकता हो ।

### ५.१५.२ प्रमुख समस्या

श्रमप्रतिको सम्मानको कमी हुनु, उद्यमशीलताको विकास, स्वरोजगार प्रवर्द्धन र उत्पादन कमजोर रहनु, प्रदेश भित्रका युवा विदेश पलायन हुनु, वैदेशिक रोजगार सुरक्षित र भरपर्दो हुन नसक्नु, वैदेशिक रोजगारीका नाममा हुने मानव तस्करी नरोकिनु, स्थानीय तहमा रोजगारीको सिर्जना प्रर्याप्त हुन नसक्नु, वैदेशिक रोजगारीको सीप र पुँजीलाई उत्पादनमा जोड्न नसक्नु, विभिन्न प्रकृतिको बालश्रम विद्यमान रहनु, सकारात्मक औद्योगिक श्रम सम्बन्धको विकास गरी निजी क्षेत्रलाई रोजगार मैत्री लगानीमा प्रोत्साहन गर्न नसक्नु, श्रमबजार सूचना प्रणाली र श्रम प्रशासन चुस्त हुन नसक्नु आदि मुख्य समस्या हुन् ।

### ५.१५.३ चुनौती र अवसर

**चुनौती**

श्रमलाई सीप, प्रविधि, उत्पादन र बजारसँग जोड्नु, उत्पादनशील क्षेत्रको पहिचान र रोजगारीका अवसरहरू सिर्जना गर्नु, अनौपचारिक क्षेत्रका रोजगारीलाई औपचारिक क्षेत्रको दायरामा ल्याउनु, शिक्षालाई व्यवहारिक र रोजगारमूलक बनाई उद्यमशीलता विकास गर्नु, विद्यमान कानूनहरूको प्रभावकारी कार्यान्वयन गर्नु, असल श्रम सम्बन्धको विकास र श्रमको उत्पादकत्व वृद्धि मार्फत् आर्थिक विकासका सम्भावनाहरूलाई फराकिलो वनाउनु, जस्ता यस क्षेत्रका चुनौतीहरू हुन् ।

**अवसर**

श्रममैत्री ऐन कानूनहरू निर्माण हुनु, प्रदेश तहमा श्रम तथा रोजगार सम्बन्धी संस्थागत संरचनाहरू स्थापना तथा सञ्चालन हुनु, सामाजिक तथा संस्थाहरू, श्रम तथा रोजगारका क्षेत्रमा क्रियाशील रहनु, नेपाल श्रम तथा रोजगारका क्षेत्रमा अन्तर्राष्ट्रिय स्तरका विभिन्न महासन्धिहरूको पक्षराष्ट्र हुनु जस्ता यस क्षेत्रका अवसर हुन् ।

### ५.१५.४ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

**सोच**

दक्ष जनशक्ति विकास र रोजगारी सिर्जना ।

**लक्ष्य**

प्रदेशको श्रमशक्तिलाई उत्पादनशील क्षेत्रमा संलग्न गरी वेरोजगारी न्यूनीकरण गर्ने ।

**उद्देश्य**

१. बेरोजगार तथा अर्धबेरोजगारलाई रोजगारीका अवसरहरू विस्तार गर्नु ।
२. वैदेशिक रोजगारीलाई व्यवस्थित बनाउनु ।

### ५.१५.५ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १: बेरोजगार तथा अर्धबेरोजगारलाई रोजगारीका अवसरहरू विस्तार गर्नु।** | |
| १.१ श्रम सम्बन्ध सुदृढ गरी रोजगार सिर्जना गर्ने । | १.१.१ श्रमिक र रोजगारदाताबीचको सुमधुर श्रम सम्बन्ध स्थापना गरी रोजगारीका नयाँ अवसर सिर्जना गरिनेछ ।<br>१.१.२ रोजगार सूचना केन्द्र स्थापना गरी श्रम बजारको माग अनुसार श्रमशक्तिको आपूर्ति गरिनेछ ।<br>१.१.३ श्रम र ज्याला बीचको सन्तुलन कायम गरिनेछ ।<br>१.१.४ कार्यस्थलमा हुने हिंसालाई न्यूनीकरण गर्न कानूनको प्रभावकारी कार्यान्वयन गरिनेछ । |
| १.२ श्रमिकको दक्षता वृद्धि गरी प्रतिस्पर्धी बनाउने । | १.२.१ बेरोजगारलाई प्राविधिक, सीपमूलक तथा व्यावसायिक तालिम दिई दक्ष बनाइनेछ । |
| **उद्देश्य २: वैदेशिक रोजगारीलाई व्यवस्थित वनाउनु।** | |
| २.१ वैदेशिक रोजगारीलाई श्रमिकको हित अनुकूल सुरक्षित र व्यवस्थित बनाउने । | २.१.१ वैदेशिक रोजगारीमा जानेहरूको अभिलेख राखी त्यसलाई सुरक्षित, व्यवस्थित एवम् मर्यादित बनाउन आवश्यक समन्वय गरिनेछ ।<br>२.१.२ वैदेशिक रोजगारीबाट प्राप्त ज्ञान, सीप, अनुभव र पुँजीलाई उत्पादनमा लगाउन प्रोत्साहन गरिनेछ । |

### ५.१५.६ कार्यक्रमका प्राथमिकता

१. श्रमिक र रोजगारदातावीच समन्वय गर्ने ।

२. श्रमिकहरूको व्यावसायिक दक्षता अभिवृद्धि गर्ने ।

३. युवाहरूलाई उद्यम सञ्चालन गर्न प्रोत्साहन गर्ने ।

## ५.१५.७ विस्तृत कार्यक्रम

| क्र.सं. | उद्देश्य नं | रणनीति नं | कार्यनीति नं | संकेत | कार्यक्रम | इकाई | आधार वर्ष ०७५/७६ | लक्ष्य | | | | | योजना अवधिको जम्मा लक्ष्य | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | |
| १ | १ | १.१ | १.१.१ | ग | श्रम तथा रोजगार सम्बन्धी ऐन, कानून ,कार्यविधि र मापदण्डको निर्माण तथा संशोधन | संख्या | | तयारी | १ | १ | १ | | ३ | साविम |
| २ | | | | क | श्रमिक र रोजगारदातावीच अन्तरक्रिया कार्यक्रम | संख्या | | | ३ | ३ | ३ | २ | ११ | " |
| ३ | | | १.१.२ | क | श्रम बजार तथा रोजगारीका क्षेत्रको अध्ययन अनुसन्धान एवम् विश्लेषण | संख्या | | | १ | १ | १ | १ | ४ | " |
| ४ | | | | क | रोजगारदाता र श्रमशक्तिको विस्तृत विवरण सहितको प्रोफाइल तयार गर्ने । | संख्या | | | १ | | | १ | २ | " |
| ५ | | | | क | श्रम बजार र रोजगारदातावीच समन्वयनका लागि सहजकर्ताको व्यवस्था | संख्या | २ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | २ | " |
| ६ | | | १.१.३ | ग | १.१.१. ले समेट्ने | | | | | | | | | |
| ७ | | | | ग | लैङ्गिकताको आधारमा ज्यालामा गरिने विभेद हटाउन नियमन तथा सचेतना कार्यक्रम सञ्चालन गर्ने | संख्या | | | १० | १० | १० | १० | ४० | " |
| ८ | | | | क | बजारमा श्रमिकहरूले प्राप्त गर्ने ज्यालाको अनुगमन | संख्या | | | १ | १ | १ | १ | ४ | " |
| ९ | | | १.१.४ | क | श्रमिक र रोजगारदाताको सहभागितामा कार्यस्थलमा अपनाउनुपर्ने आचार संहिताको विषयमा सचेतना | संख्या | | | ३ | ३ | ३ | २ | ११ | " |
| १० | | | | क | कार्यस्थलमा हुने हिंसालाई न्यूनीकरण गर्न सूचना तथा सञ्चार प्रविधिको प्रयोग | संख्या | | | १ | १ | १ | १ | ४ | " |
| ११ | | १.२ | १.२.१ | क | तालिम आवश्यकता पहिचान सर्वेक्षण | संख्या | | | २५ | २५ | २५ | १० | ८५ | " |
| १२ | | | | ख | छोटो तथा लामो अवधिको तालिम कार्यक्रमहरू सञ्चालन | संख्या | ५००० | ७००० | १०००० | १२००० | १४००० | १७००० | ६०००० | " |

| क्र.सं. | उद्देश्य नं | रणनीति नं | कार्यनीति नं | संकेत | कार्यक्रम | इकाई | आधार वर्ष ०७५/७६ | लक्ष्य | | | | | योजना अवधिको जम्मा लक्ष्य | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | |
| १३ | | | | ख | उद्यमशीलता विकास तालिमको सञ्चालन | संख्या | | १५०० | २००० | २५०० | ३००० | ३५०० | १२५०० | साविम |
| १४ | | | | क | सीप परीक्षणको व्यवस्था (समूहमा) | संख्या | १ | २ | २ | २ | २ | २ | १० | " |
| १५ | | | | क | विपन्नहरूका लागि सीपमा आधारित उद्यम प्रवर्द्धनमा लागि सहयोग कार्यक्रम | संख्या | | २०० | ३०० | ४०० | ५०० | ६०० | २००० | " |
| १६ | | | | क | उद्यमीहरूलाई उद्योग स्थापना तथा सञ्चालन अनुदान (समूहगत) | संख्या | | ३० | ५० | ७० | ८० | १०० | ३३० | " |
| १७ | २ | २.१ | २.१.१ | क | वैदेशिक रोजगारीमा जानेहरूको लागि कानूनी सचेतना प्रदान गर्ने | संख्या | | १०० | २०० | २५० | ३५० | ४०० | १३०० | " |
| १८ | | | | ख | वैदेशिक रोजगारीका लागि उपयुक्त तालिम सञ्चालन | संख्या | | १०० | २०० | २५० | ३५० | ४०० | १३०० | " |
| १९ | | | २.१.२ | ख | वैदेशिक रोजगारबाट फर्केका युवा लक्षित परामर्श तथा उद्यमशीलता विकास तालिम (समूह) | संख्या | ३ | | २ | २ | २ | २ | ८ | " |
| २० | | | | क | व्यावसायिकता तथा उद्यम प्रवर्द्धनका लागि ऋणको ब्याजमा अनुदान | संख्या | | १०० | १५० | २०० | २५० | ३०० | १००० | " |
| २१ | | | | क | उत्कृष्ट उद्यमी प्रोत्साहन | संख्या | | | १ | १ | १ | १ | ४ | " |

५.१५.८ **नतिजा**

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७५/७६ | उपलब्धि २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | योजना अवधिका उपलब्धि | पुष्ट्याइँको श्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान | प्रससं | द्विलसं | दीरालसं | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **प्रभाव** | **प्रदेशको श्रमशक्तिलाई उत्पादनशील क्षेत्रमा संलग्न गरी बेरोजगारी न्यूनीकरण भएको हुने** | **बेरोजगारी दर** | **प्रतिशत** | ९ | ८ | ७ | ६ | ५ | ४ | ४ | NLFS **केतवि** | **साविम** | | ६ | ८ | ५ | |
| | | **अर्धबेरोजगारी दर (१५ वर्षदेखि ५९ वर्ष उमेरका)** | **प्रतिशत** | ३०.१ | २६ | २२ | १८ | १४ | १० | १० | " | " | | ६ | ८ | ५ | |
| **असर १** | बेरोजगार तथा अर्धबेरोजगारलाई स्वरोजगार तथा रोजगारका अवसरहरू विस्तार भएका हुने | सार्वजानिक तथा निजी क्षेत्रमा वार्षिक १२०००० नयाँ स्वोजगार तथा रोजगार सिर्जना हुने | संख्या | | १२०००० | १२०००० | १२०००० | १२०००० | १२०००० | ६००००० | साविमको प्रतिवेदन | " | | ६ | ८ | ५ | |
| | | श्रमशक्ति सहभागिता दर | प्रतिशत | ३५.७ | | | | | ५०.० | ५०.० | NLFS केतवि | " | | ६ | ८ | ५ | |
| | | रोजगारी र जनसंख्याको अनुपात | प्रतिशत | ३९.९ | | | | | ४२.५ | ४२.५ | " | " | | ६ | ८ | ५ | |
| | | तल्लो ५ प्रतिशत र माथिल्लो ५ प्रतिशत आम्दानी भएका श्रमिकको मासिक आम्दानीको अनुपात | अनुपात | ५.८३ | | | | | २.३ | २.३ | " | " | | ६ | ८ | ५ | |
| | | श्रम उत्पादकत्व | रु हजार | १८८.४ | | | | | २८१.७ | २८१.७ | " | " | | ६ | ८ | ५ | |
| **प्रतिफल १.१** | श्रमिक र रोजगारदाता बीचको सुमधुर श्रम सम्बन्ध स्थापना भई रोजगारीका नयाँ अवसरको सिर्जना भएको हुने | श्रम तथा रोजगार सम्बन्धी ऐन, कानून, कार्यविधि र मापदण्डको निर्माण | संख्या | | तयारी | १ | १ | १ | | ३ | साविमको प्रतिवेदन | साविम | सरोकार वलाको सहयोग रहने | ६ | ८ | ५ | |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७५/७६ | उपलब्धि | | | | | योजना अवधिका उपलब्धि | पुष्ट्याइँको श्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान | प्रससं | दिविलसं | दीरालसं | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | | | | | | | |
| | | श्रमिक र रोजगारदाताबीच अन्तरक्रिया कार्यक्रम भएका जिल्ला | संख्या | | | ३ | ३ | ३ | २ | ११ | साविमको प्रतिवेदन | साविम | सरोकार वलाको सहयोग रहने | ६ | ८ | ५ | |
| **प्रतिफल १.२** | रोजगार सूचना केन्द्र स्थापना भई श्रम बजारको माग अनुसार श्रमशक्तिको आपूर्ति भएको हुने | श्रम बजार तथा रोजगारीका क्षेत्रको अध्ययन अनुसन्धान एंव विश्लेषण | संख्या | | | १ | १ | १ | १ | ४ | ” | ” | ” | ६ | ८ | ५ | |
| | | रोजगारदाता र श्रमशक्तिको विस्तृत विवरण सहितको प्रोफाइल तयारी | संख्या | | | १ | | | १ | २ | ” | ” | ” | ६ | ८ | ५ | |
| **प्रतिफल १.३** | श्रम र ज्याला बीचको सन्तुलन कायम भएको हुने | काम र ज्याला सम्बन्धी नीति तथा कार्यक्रमको तर्जुमा | संख्या | | | १ | | | १ | २ | ” | ” | ” | ६ | ८ | ५ | |
| | | लैङ्गिकताको आधारमा ज्यालामा गरिने विभेद हटाउन परामर्श कार्यक्रम सञ्चालन भएका स्थानीय तह | संख्या | | | १० | १० | १० | १० | ४० | ” | ” | ” | ६ | ८ | ५ | |
| | | बजारमा श्रमिकहरूले प्राप्त गर्ने ज्यालाको अनुगमन | संख्या | | | १ | १ | १ | १ | ४ | ” | ” | ” | ६ | ८ | ५ | |
| **प्रतिफल १.४** | कार्यस्थलमा हुने हिंसालाई न्यूनीकरण गर्न कानूनको प्रभावकारी कार्यान्वयन भएको हुने | श्रमिक र रोजगार दाताको सहभागितामा कार्यस्थलमा अपनाउनुपर्ने आचार संहिताको विषयमा सचेतना कार्यक्रम सञ्चालन भएका जिल्ला | संख्या | | | ३ | ३ | ३ | २ | ११ | ” | ” | ” | ६ | ८ | ५ | |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७५/७६ | उपलब्धि | | | | | योजना अवधिका उपलब्धि | पुष्ट्याइँको श्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान | प्रससं | दिविलसं | दीरालसं | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | | | | | | | |
| | | कार्यस्थलमा हुने हिंसालाई न्यूनीकरण गर्न सूचना तथा सञ्चार प्रविधिको प्रयोग | प्याकेज | | | १ | | | | १ | साविमको प्रतिवेदन | साविम | सरोकार वलाको सहयोग रहने | ६ | ८ | ५ | |
| प्रतिफल १.५ | प्राविधिक, सीपमूलक तथा व्यावसायिक तालिम मार्फत् अर्धबेरोजगार तथा बेरोजगारहरू काम गर्न दक्ष बनेका हुने | तालिमको आवश्यकता पहिचान सर्वेक्षण भएका स्थानीय तह | संख्या | | | २५ | २५ | २५ | १० | ८५ | " | " | स्थानीय तहको सहयोग रहने | ६ | ८ | ५ | |
| | | छोटो तथा लामो अवधिको तालिम कार्यक्रमहरूमा सहभागीको संख्या | संख्या | ५००० | ७००० | १०००० | १२००० | १४००० | १७००० | ६०००० | " | " | तालिमको माग हुने | ६ | ८ | ५ | |
| | | उद्यमशीलता विकास तालिममा सहभागीको संख्या | संख्या | | १५०० | २००० | २५०० | ३००० | ३५०० | १२५०० | " | " | " | ६ | ८ | ५ | |
| | | सीप परीक्षण (Event) | संख्या | १ | २ | २ | २ | २ | २ | १० | " | " | श्रोत साधनको व्यवस्था हुने | ६ | ८ | ५ | |
| | | विपन्नहरूका लागि सीपमा आधारित उद्यम प्रवर्द्धनमा लागि सहयोग कार्यक्रममा सहभागी संख्या | संख्या | | २०० | ३०० | ४०० | ५०० | ६०० | २००० | " | " | सह भागीहरू आकर्षित हुने | ६ | ८ | ५ | |
| | | उद्योग स्थापना तथा सञ्चालन अनुदान (समूहगत) प्राप्त उद्यमीहरूको समूह संख्या | संख्या | | ३० | ५० | ७० | ८० | १०० | ४०० | " | " | बजेट र श्रोत साधनको व्यवस्था हुने | ६ | ८ | ५ | |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७५/७६ | उपलब्धि | | | | | योजना अवधिका उपलब्धि | पुष्ट्याइँको श्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान | प्रससं | दिविलसं | दीरालसं | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | | | | | | | |
| **असर २** | वैदेशिक रोजगारी व्यवस्थित भएको हुने | विदेशमा रोजगारीको लागि जानेको संख्या घटने | संख्या | ३२२७६२ | ३००००० | २८०००० | २६०००० | २४०००० | २२०००० | २२०००० | साविमको प्रतिवेदन | साविम | | ६ | ८ | ५ | |
| **प्रतिफल** २.१ | वैदेशिक रोजगारीमा जानेहरूको अभिलेख राखी त्यसलाई सुरक्षित व्यवस्थित एवम् मर्यादित बनाउन आवश्यक समन्वय भएको हुने | वैदेशिक रोजगारीमा जानेहरूको लागि कानूनी सचेतना प्राप्त गर्नेको संख्या | संख्या | | | १०० | २०० | ३०० | ४०० | १००० | " | " | तालिम प्रति सह भागीहरू आकर्षित हुने | ६ | ८ | ५ | |
| | | वैदेशिक रोजगारीका लागि उपयुक्त तालिममा सहभागी संख्या | संख्या | | १०० | १५० | २०० | २५० | ३०० | १००० | " | " | " | ६ | ८ | ५ | |
| **प्रतिफल** २.२ | वैदेशिक रोजगारीबाट प्राप्त ज्ञान, सीप, अनुभव र पुँजीलाई उत्पादनमा लगाउन प्रोत्साहन पुगेको हुने | वैदेशिक रोजगारीबाट फर्केका युवा लक्षित परामर्श तथा उद्यमशीलता विकास तालिम प्राप्त गर्ने समूह संख्या | संख्या | ३ | | २ | २ | २ | २ | ८ | " | " | " | ६ | ८ | ५ | |
| | | व्यावसायिकता तथा उद्यम प्रवर्द्धनका लागि ऋणको ब्याजमा अनुदान प्राप्त व्याबसायीको संख्या | संख्या | | १०० | १५० | २०० | २५० | ३०० | १००० | " | " | " | ६ | ८ | ५ | |
| | | उत्कृष्ट उद्यमी प्रोत्साहन कार्यक्रम आयोजना | संख्या | | | १ | १ | १ | १ | ४ | " | " | " | ६ | ८ | ५ | |

**लगानी: वार्षिक कार्यक्रम तथा बजेट, प्राविधिक तथा व्यावसायिक तालिम, वैदेशिक रोजगार सम्बन्धी कानून र नियमावली, विदेशमा जानेले सिकेर ल्याएको सीप र ज्ञान**

# परिच्छेद ६
# भौतिक पूर्वाधार

## ६.१ जलविद्युत् उर्जा

### ६.१.१ पृष्ठभूमि

उर्जा गण्डकी प्रदेशका समृद्धिका सात सम्बाहक (Key Drivers of Prosperity) मध्ये एक महत्वपपूर्ण क्षेत्र हो । उर्जाको उत्पादन र उपभोगले प्रदेशलाई औद्योगिकीकरण गरी समृद्धिको बाटोतर्फ अगाडि बढाउन मद्दत गर्दछ। नेपालमा हालसम्म सम्पन्न र राष्ट्रिय प्रसारण लाइनमा जडित जलविद्युत् १,०७४.१ मेगावाट मध्ये ४४८.५ मेगावाट अर्थात् ४१.७५ प्रतिशत योगदान गण्डकी प्रदेशबाट भइराखेको छ । खपतको हिसाबले प्रदेशमा उत्पादित कुल जलविद्युत्को १५ प्रतिशत प्रदेशमा खपत हुन्छ भने बाँकी राष्ट्रिय प्रसारण लाइनमार्फत् अन्य क्षेत्रमा प्रवाह हुन्छ। हाल नेपालमा ४,९८९ मेगावाट क्षमताका आयोजनाहरू निर्माणाधीन छन्। जसमध्ये, गण्डकी प्रदेशमा मात्र ६५४ मेगावाट क्षमताका आयोजनाहरू निर्माणाधीन छन्। गण्डकी प्रदेशमा सञ्चालनमा रहेका २४ वटा र निर्माणको चरणमा रहेका ५६ वटा जलविद्युत् आयोजनाहरू छन्। यसको अतिरिक्त ठूला तथा साना गरी कुल ६,२०० मेगावाट भन्दा बढी क्षमताका १०३ वटा आयोजनाहरू अध्ययनको विभिन्न चरणमा छन् । प्रदेशमा बत्ती बाल्नको लागि ८७.८ प्रतिशत र खाना पकाउनको लागि ३०.२ प्रतिशत जनसंख्याले मात्र आधुनिक उर्जाको प्रयोग गर्दछन्। हालसम्म कास्की, पर्वत, लमजुङ र स्याङ्जा जिल्लाको अधिकांश स्थानमा विद्युत् सुविधा पुगिसकेको छ भने बागलुङ जिल्लाको पश्चिमी भेक, गोरखा जिल्लाको उत्तरी भेग, नवलपुर जिल्लाको पहाडी भेग र मनाङ्ग जिल्लामा राष्ट्रिय प्रसारण लाइन पुगेको छैन । नेपाल सरकारले लिएको आउँदो बाह्र वर्षमा १५,००० मेगावाट विद्युत् उत्पादन गर्ने लक्ष्य राखेको छ। प्रदेशमा दिगो र भरपर्दो विद्युत्को पहुँच सबै नागरिकमा पुगिनसकेको र प्रदेश सरकारले उर्जा क्षेत्रलाई आर्थिक समृद्धिको संवाहक मानेको सन्दर्भमा जलविद्युत् विकास र व्यवस्थापनमा गण्डकी प्रदेश सरकारको महत्वपूर्ण भूमिका आवश्यक छ।

### ६.१.२ प्रमुख समस्या

जलविद्युत् उत्पादनको लागि पर्याप्त आर्थिक स्रोत तथा लगानीको अभाव रहनु, जलविद्युत् उत्पादनको हिसाबले आकर्षक मानिने मर्स्याङ्दी, बुढीगण्डकी र कालीगण्डकी करिडोरमा माग अनुसारको विद्युत् प्रसारण लाइन तथा सब स्टेसनको विस्तार हुन नसक्नु, हालसम्म विद्युत् उत्पादन र अनुमति प्रदान गर्ने सम्पूर्ण अधिकार संघ सरकारमा निहीत रहनु, सर्भेक्षण अनुमति देखि विद्युत् खरिद सम्झौता गर्दा सम्मका कार्य प्रक्रिया, जग्गा व्यवस्थापन र वातावरणीय अध्ययन कार्य झन्झटिला र केन्द्रीकृत हुनु, विद्युत् वितरण प्रणालीको गुणस्तर खाना पकाउन तथा उद्योग सञ्चालन गर्नलाई समेत मिल्ने गरी विस्तार हुन नसक्नु, विद्युतीय सवारी साधन प्रवर्द्धन गर्न आवश्यक चार्जिङ्ग स्टेसनहरूको निर्माण नहुनु, समग्र जलस्रोत तथा नदी बेसिन व्यवस्थापनको गुरुयोजना निर्माण गरी योजनाबद्ध विकास हुन नसक्नु आदि, जलविद्युत् क्षेत्रका प्रमुख समस्याहरू हुन्।

### ६.१.३ चुनौती र अवसर

**चुनौती**

विद्युत् उत्पादन, प्रसारण तथा वितरण र समग्र उर्जा क्षेत्र व्यवस्थापन गर्न प्रदेशगत संरचना स्थापना गर्नु, निर्माणाधिन आयोजनाहरू समयमा सम्पन्न गर्न समन्वयकारी भूमिका निर्वाह गर्नु, सार्वजनिक निजी साझेदारीको मान्यताको आधारमा निजी क्षेत्रमा उपलब्ध साधनस्रोत तथा प्रविधिलाई आकर्षित गर्दै आयोजनाहरू बनाएर प्रदेशको राजस्वमा वृद्धि गर्दै दिगो अर्थतन्त्रको आधारशीला तयार गर्नु, मर्स्याङ्दी, बुढीगण्डकी र कालीगण्डकी करिडोरमा उच्च गुणस्तरका प्रसारण लाइन

विस्तार गर्नु, इन्धन प्रयोगको ढाँचामा परिवर्तन गर्दै एलपी ग्याँस र पेट्रोलियम पदार्थलाई विद्युत्ले प्रतिस्थापन गरी इन्धन आयात घटाउने र विद्युत्को आन्तरिक खपत बढाउनु, बत्ती बाल्नको निर्माण गरिएका पुराना वितरण प्रणाली (वितरण लाइन तथा विद्युत् मिटर) लाई खान पकाउन, विद्युतीय सवारी साधन चलाउन र ठूला उद्योगमा खपत गर्न पनि उपयुक्त हुने गरी स्तरोन्नति गर्नु, विद्युतीय सवारी साधनको प्रयोगलाई प्रोत्साहन गर्न चार्जिङ्ग केन्द्रहरूको विस्तार गर्नु, जलवायु परिवर्तन र यसको असरलाई नजिकबाट निगरानी गर्दै आयोजनाहरूको डिजाईन गर्नु र आयोजनाहरू सञ्चालित नदीहरूमा आएका वातावरणीय असरहरूको पहिचान गरी समाधानका उपायहरू पहिल्याउदै नदीहरूको दिगो व्यवस्थापन गर्नु आदि जलविद्युत् क्षेत्रका चुनौतीहरू हुन् ।

**अवसर**

नेपाल सरकारको आगामी १२ वर्षमा १५,००० मेगावाट विद्युत् उत्पादन गर्ने र प्रतिव्यक्ति प्रति वर्ष विद्युत् खपत १,५०० किलोवाट पुऱ्याउने लक्ष्य भएको र गण्डकी प्रदेश सरकारले पनि उर्जा क्षेत्रलाई आर्थिक समृद्धिको मुख्य सम्बाहक मान्नु, प्रदेश अन्तर्गतका नदीनालाहरूमा प्राविधिक तथा आर्थिक हिसाबले आकर्षक जलविद्युत् आयोजनाहरू विकासको सम्भावना रहनु, प्रदेशभित्रका जलविद्युत् आयोजना प्रवर्द्धनमा वित्तीय संस्था तथा निजी क्षेत्रको सहभागिता बढ्दै जानु, जलविद्युत् विकासको लागि चाहिने सडक, प्रसारण लाइन तथा सब स्टेसन जस्ता भौतिक पूर्वाधारहरू निर्माणलाई संघ तथा प्रदेश सरकार दुबैले प्राथमिकतामा राख्नु, जलविद्युत् अध्ययन तथा निर्माणको लागि चाहिने दक्ष नेपाली प्राविधिक तथा कम्पनीहरू उत्पादन हुनु, अन्तरदेशीय प्रसारण लाइनहरूको निर्माण हुनु तथा नेपाल सरकार र भारत तथा बंगलादेश सरकारबीच नेपालबाट विद्युत् निर्यात गर्ने समझदारी हुनु, नेपाल सरकार तथा प्रदेश सरकारले विद्युतीय सवारी साधन तथा चुलो प्रयोगलाई प्रोत्साहन गर्दै लैजाने नीति लिनु आदि जलविद्युत् उत्पादन तथा व्यवस्थापन क्षेत्रका अवसरहरू हुन् ।

### ६.१.४ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

**सोच**

जलविद्युत्को तीव्र विकासमार्फत् दिगो आर्थिक विकास र समृद्धि ।

**लक्ष्य**

जलविद्युत् उत्पादन, प्रयोग क्षमता र दक्षता बृद्धि गरी आर्थिक सामाजिक विकासमा टेवा पुऱ्याउने ।

**उद्देश्य**

१. प्राविधिक तथा आर्थिक हिसाबले आकर्षक जलविद्युत् आयोजनाहरू पहिचान र विकास गरी उर्जा सुरक्षामा योगदान पुऱ्याउनु र दिगो अर्थतन्त्रको आधारशीला तयार गर्नु ।
२. विद्युत् व्यवस्थापनलाई दिगो र भरपर्दो बनाउनु ।
३. जलवायु परिवर्तन तथा आयोजना निर्माणका कारण नदीमा परेको असर न्यूनीकरण गर्नु ।

### ६.१.५ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १: प्राविधिक तथा आर्थिक हिसाबले आकर्षक आयोजनाहरू पहिचान र विकास गरी उर्जा सुरक्षामा योगदान पुऱ्याउनु र दिगो अर्थतन्त्रको आधारशीला तयार गर्नु।** | |
| १.१ प्रदेशको प्रशासनिक तथा संस्थागत संरचनामा स्थापना गर्ने। | १.१.१ प्रदेशगत विद्युत् विकास तथा व्यवस्थापन हेर्ने संरचना स्थापना गरिनेछ। |
| १.२ जलविद्युत् विकासमा उल्लेखनीय लगानी वृद्धिको वातावरण सिर्जना गर्ने। | १.२.१ मर्स्याङ्दी, बुढीगण्डकी र कालीगण्डकी करिडोरमा उच्च क्षमताका प्रसारण लाईन निर्माण गन नेपाल सरकारसँग समन्वय गरिनेछ।<br>१.२.२ नेपाल सरकारसँग सहकार्य गरी प्रदेश भित्रका उर्जा सम्बन्धी आयोजनाको अध्ययन, निर्माण र व्यवस्थापनमा आइपर्ने समस्याहरू निवारण गर्न विशेष अग्रसरता लिईनेछ।<br>१.२.३ अन्तर्राष्ट्रिय क्षेत्र तथा गैरआवासीय नेपालीहरूको लगानी आकर्षण गर्न आयोजना बैंक बनाई आयोजनाको क्रेडिट रेटिङ्ग गर्न संघ सरकारसँग सहकार्य गरिनेछ। |
| १.३ प्राविधिक तथा आर्थिक रुपमा आकर्षक आयोजना निर्माण गरी प्रदेश अर्थतन्त्रलाई मजबुत तथा दिगो बनाउने। | १.३.१ सार्वजनिक, सहकारी, निजी क्षेत्र, गैरआवासीय नेपाली, अन्तर्राष्ट्रिय क्षेत्र र समुदायको सहलगानीमा उत्तरगंगा, आँधीखोला, कालीगण्डकी, बुढीगण्डकी, बेगनास-रुपा जस्ता ठूला जलाशययुक्त आयोजनाहरूको निर्माण गर्न संघ सरकारसँग समन्वय गरिनेछ।<br>१.३.२ प्रदेशभित्रका जलविद्युत् आयोजनाहरूमा प्रदेश सरकारको तर्फबाट पनि सेयर लगानी गरिनेछ।<br>१.३.३ प्रदेशभित्रका सबै नागरिकलाई जलविद्युत् आयोजनाहरूमा सेयर लगानी गर्ने अवसर सिर्जना गरिनेछ। |
| **उद्देश्य २: विद्युत् व्यवस्थापनलाई दिगो र भरपर्दो बनाउनु।** | |
| २.१ ऊर्जाको प्रयोग तथा दिगो व्यवस्थापनमा दक्षता वृद्धि गर्ने। | २.१.१ नेपाल सरकार र स्थानीय तहसँग समन्वय गरेर विद्युत् वितरण लाइनका सम्पूर्ण काठेपोलहरू प्रतिस्थापान गरिनेछ।<br>२.१.२ नेपाल विद्युत् प्राधिकरणसँग सहकार्य गरी खाना पकाउन, विद्युतीय सवारी साधन चार्जिङ् गर्न र ठूला उद्योगमा खपत गर्न उपयुक्त हुने गरी वितरण लाइन तथा सबस्टेशनहरूको सञ्जाल विस्तार गरिनेछ।<br>२.१.३ मुख्य शहरी क्षेत्रमा विद्युत् वितरण प्रणालीलाई भूमिगत गर्न सम्भाव्यता अध्ययन र निर्माण कार्य अगाडि बढाइनेछ।<br>२.१.४ नेपाल विद्युत् प्राधिकरण र स्थानीय तहसँग समन्वय गरेर मुख्य शहरी क्षेत्र तथा लो कमार्गहरूमा विद्युतीय सवारी साधन चार्जिङ् स्टेसन सञ्जाल निर्माण गर्ने कार्य अगाडि बढाईनेछ।<br>२.१.५ निजी क्षेत्रसँगको सहभागितामा विद्युत्बाट सञ्चालित सवारी साधनको क्रमिक रूपमा प्रवर्द्धन गरिनेछ।<br>२.१.६ नेपाल विद्युत् प्राधिकरण र स्थानीय तहसँग समन्वय गरेर विद्युत् चुहावट रोक्न र विद्युत् सेवालाई प्रभावकारी बनाउन स्मार्ट मिटर तथा स्मार्ट ग्रिड र अनलाइन सिस्टमबाट बिल भुक्तानीको क्रमिक रूपमा विकास गर्दै लगिनेछ।<br>२.१.७ नेपाल विद्युत् प्राधिकरण र स्थानीय तहसँग समन्वय गरेर लघु जलविद्युत् आयोजना तथा रूफटप सौर्य उर्जालाई नेट मिटरिङ् प्रविधि मार्फत् ग्रिडमा जोड्ने र नेट पेमेन्ट गर्ने कार्यलाई अभियानको रुपमा अगाडि बढाईनेछ।<br>२.१.८ विद्युत् जडान गर्न र मर्मत सम्भार गर्न तालिम प्राप्त र दक्ष जनशक्ति उत्पादन गरिनेछ। |
| **उद्देश्य ३: जलवायु परिवर्तन तथा आयोजना निर्माणका कारण नदीमा परेको असर न्यूनीकरण गर्नु।** | |
| ३.१ अध्ययन अनुसन्धानमार्फत् न्यूनीकरणका उपायहरू खोजी गरी कार्यान्वयन गर्ने। | ३.१.१ विद्युत् आयोजना तथा विश्वविद्यालयसँग समन्वय गरी अध्ययन अनुसन्धानका गतिविधि सञ्चालन गरिनेछ।<br>३.१.२ नेपाल सरकार, स्थानीय तह, आयोजना तथा समुदायसँगको सहकार्यमा अनुसन्धानमा आधारित दिगो व्यवस्थापनका उपायहरू अबलम्बन गरिनेछ। |

### ६.१.६ कार्यक्रमका प्राथमिकता

१. उर्जा नीति निर्माण र संगठन संरचना स्थापना र सञ्चालन ।

२. निजी क्षेत्रको लगानी आकर्षण गरी जलविद्युत्को उत्पादन वृद्धि ।

३. उज्यालो गण्डकी प्रदेश कार्यक्रमको पहुँच सबै घर परिवारमा पुर्याउने ।

### ६.१.७ विस्तृत कार्यक्रम

| क्र.सं. | उद्देश्य नं. | रणनीति नं. | कार्यनीति नं. | संकेत | कार्यक्रम | इकाई | आधार वर्ष ०७५/७६ | लक्ष्य | | | | | योजना अवधिको जम्मा लक्ष्य | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | |
| १ | १ | १.१ | १.१.१ | क | विद्युत् सम्वन्धी अध्ययन, उत्पादन तथा वितरण गर्ने संरचना स्थापना र सञ्चालन | संख्या | | | १ | | | | १ | भौपूविम |
| | | | १.१.१ | ग | प्रदेश उर्जा नीति तर्जुमा | संख्या | | | १ | | | | १ | " |
| २ | | १.२ | १.२.१ | ग | प्रदेशमा रहेका प्रसारण लाईनको विद्युत् प्रवाह क्षमता | मे.वा. | १००० | २०० | १००० | ५०० | ५०० | १००० | ४२०० | " |
| ३ | | | १.२.२ | क | गण्डकी प्रदेशका उर्जा आयोजना अध्ययन, निर्माण र व्यवस्थापनमा आइपर्ने समस्या समाधानका लागि सहजीकरण समिति गठन | संख्या | | | १ | | | | १ | " |
| ४ | | | १.२.३ | ग | लगानी आकर्षक गर्न उर्जाका आकर्षक आयोजनाहरूको आयोजना बैंक बनाउने | संख्या | | | ५ | ५ | ५ | ५ | २० | " |
| ५ | | १.३ | १.३.१ | ग | निर्माण गरिएका जलविद्युत् आयोजनाको जडित क्षमता | मे.वा. | ४४८.५ | २०० | १०० | २०० | २०० | ३५१.५ | १५०० | " |
| ६ | | | १.३.२ | ख | निजी क्षेत्रसँगको सहकार्यमा जलविद्युत् आयोजनाहरूमा निर्माण र लगानी | रु. करोड | | | | | | | २०० | भौपूविम/मुमका |
| ७ | | | १.३.३ | क | गण्डकीको पानी जनताको लगानी | रु. करोड | | | | | | | २०० | " |
| ८ | २ | २.१ | २.१.१ | ख | पुराना काठेपोल प्रतिस्थापन कार्य | संख्या | १०५७० | १५००० | १५००० | १५००० | १५००० | १५००० | १६०५७० | भौपूविम |
| ९ | | | २.१.२ | ख, ग | केन्द्रीय प्रसारण/वितरण लाईन मार्फत् विद्युत्मा पहुच पुगेका घर परिवारको अनुपात | प्रतिशत | ८२.५ | ३ | ३ | २ | १ | १ | ५.८९ | " |
| १० | | | २.१.२ | ख, ग | ३३/११ के भी सब स्टेसन निर्माण | संख्या | १८ | ४ | ४ | ४ | ४ | ४ | ३८ | " |
| ११ | | | २.१.२ | ख, ग | ३३ केभी प्रसारण लाईन निर्माण | कि.मि. | ६२३ | ६२ | ६२ | ६२ | ६२ | ६२ | ९३३ | " |
| १२ | | | २.१.२ | ख, ग | ११ केभी वितरण लाईन निर्माण | कि.मि. | ३६०७ | ४२४ | ४२४ | ४२४ | ४२४ | ४२४ | ५७२७ | " |
| १३ | | | २.१.२ | ख, ग | ०.४ के भी वितरण लाईन निर्माण | कि.मि. | १०५२४ | ६५० | ६५० | ६५० | ६५० | ६५० | १३७७४ | " |
| १४ | | | २.१.२ | ख, ग | ट्रान्सफार्मर जडान | संख्या | २६८७ | ३०० | ३०० | ३०० | ३०० | ३०० | ४१८७ | " |
| १५ | | | २.१.२ | ख, ग | विद्युतीय चुलो प्रयोगको लागि पुरानो ट्रान्सफार्मरको सट्टा नयाँ ट्रान्सफार्मरहरू थप तथा स्तरउन्नति | संख्या | | १५० | १५० | १५० | १५० | १५० | ७५० | " |

| क्र.सं. | उद्देश्य नं. | रणनीति नं. | कार्यनीति नं. | संकेत | कार्यक्रम | इकाई | आधार वर्ष ०७५/७६ | लक्ष्य | | | | | योजना अवधिको जम्मा लक्ष्य | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | |
| १६ | | | २.१.३ | ख, ग | पोखरा महानगर र पृथ्वी लोकमार्ग वरिपारी भूमिगत वितरण लाइन निर्माणको लागि सम्भाव्यता अध्ययन | प्याकेज | | | १ | | | | १ | भौपूविम |
| १७ | | | २.१.४ | ख, ग | विद्युतीय सवारी साधन चार्जिङ्ग स्टेसन निर्माण | संख्या | | १ | ५ | १० | ५ | ५ | २६ | " |
| १८ | | | २.१.५ | ख, ग | मुख्य शहरी तथा लोकमार्ग क्षेत्रमा विद्युतीय सवारी साधन सञ्चालन | प्रतिशत | | | ५ | १० | १५ | २० | ३० | " |
| १९ | | | २.१.६ | ख, ग | विद्युत् चुहावट नियन्त्रण | प्रतिशत | १०.४ | ९.४ | ८.५ | ७.८ | ७.३ | ६.९ | ६.९ | " |
| २० | | | २.१.६ | ख, ग | ठुला ग्राहक स्मार्ट विलिङ्ग कार्यक्रम | प्रतिशत | | | | | | | १०० | " |
| २१ | | | २.१.६ | ख, ग | घरेलु स्तरका उपभोक्ता स्मार्ट विलिङ्ग कार्यक्रम पायलटिङ | प्याकेज | | | | | १ | १ | २ | " |
| २२ | | | २.१.७ | क | नवीकरणीय उर्जालाई ग्रिडमा जडान गरी नेट पेमेन्ट | कि.वा. | | ७० | ७० | ७० | ७० | ७० | ३५० | " |
| २३ | | | २.१.८ | ग | विद्युत् जडान तथा मर्मत तालिम | संख्या | | | १०० | १०० | १०० | १०० | ४०० | " |
| २४ | ३ | ३.१ | ३.१.१ | ग | उर्जा सम्वन्धी अनुसन्धान | संख्या | ० | १ | १ | १ | १ | १ | ५ | भौपूविम प्रनियोआ |
| २५ | | | ३.१.२ | ग | उर्जा आयोजना निर्माण तथा जलवायु परिवर्तनले नदी तथा आयोजनामा पारेको असरबारे अनुसन्धान | संख्या | | | १ | | | १ | २ | " |

## ६.१.८ नतिजा

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७५/७६ | उपलब्धि | | | | | योजना अवधिका उपलब्धि | पुष्ट्याईंको श्रोत | जिम्मेवार निकाय | जोखिम अनुमान | प्रसंसुसं म | दिविल संकेत | दीराल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | | | | | | |
| **प्रभाव** | **जलविद्युत्को बढ्दो उत्पादन र उपभोगले सामाजिक–आर्थिक विकासमा टेवा पुगेको हुने** | **प्रदेशको कुल ग्राहस्थ उत्पादनमा विद्युत्, ग्याँस र पानीको योगदान** | **प्रतिशत** | २.८ | ३ | ५ | ७ | ९ | ११ | ११ | **राष्ट्रिय लेखा** | **केतवि** | | २ | ७ | ३ |
| **असर १** | आकर्षक जलविद्युत् आयोजनाहरूको पहिचान र विकास भई उर्जा सुरक्षामा योगदान पुगेको र दिगो अर्थतन्त्र निर्माणको आधार तयार भएको हुने | कुल विद्युत् उत्पादनमा जलविद्युत् क्षेत्रको योगदान | प्रतिशत | | | | | | | | भौपूविमको प्रतिवेदन | भौपूविम | | २ | ७ | ३ |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७५/७६ | उपलब्धि | | | | | योजना अवधिका उपलब्धि | पुष्ट्याइँको श्रोत | जिम्मेवार निकाय | जोखिम अनुमान | प्रसंसुं स | दिविल संकेत | दीराल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | | | | | | |
| **प्रतिफल १.१** | प्रदेशगत विद्युत् सम्बन्धी अध्ययन, उत्पादन तथा वितरण गर्ने संरचनाको स्थापना र सञ्चालन भएको हुने | प्रदेश स्तरीय संस्थागत संरचना | संख्या | | तयारी | १ | | | | १ | भौपूविमको प्रतिवेदन | भौपूविम | नेपाल सरकारसँग समन्वय हुने | २ | ७ | ३ |
| **प्रतिफल १.२** | मर्स्याङ्दी, बुढीगण्डकी र कालीगण्डकी करिडोरमा उच्च क्षमताका प्रसारण लाईन निर्माण भएको हुने | प्रदेशमा रहेका प्रसारण लाईनको विद्युत् प्रवाह क्षमता | मे.वा. | १००० | २०० | १००० | ५०० | ५०० | १००० | ४२०० | नेविप्राको प्रतिवेदन | " | " | २ | ७ | ३ |
| **प्रतिफल १.३** | जलविद्युत् आयोजना बैंकको व्यवस्था भएको हुने | आयोजना बैंकमा समाहित आयोजना | संख्या | | | ५ | ५ | ५ | ५ | २० | नियोआ | " | भौपूविम | २ | ७ | ३ |
| **प्रतिफल १.४** | आकर्षक जलविद्युत् आयोजनाहरूको पहिचान र विकास भई उर्जा सुरक्षामा योगदान पुगेको र दिगो अर्थतन्त्र निर्माणको आधार तयार भएको हुने | निर्माण गरिएका जलविद्युत् आयोजनाको जडित क्षमता | मे.वा. | ४४८.५ | २०० | १०० | २०० | २०० | ३५१.५ | १५०० | विविवि नेविप्रा | " | " | २ | ७ | ३ |
| **असर २** | विद्युत् उत्पादन र वितरणको दिगो व्यवस्थापन भएको हुने | विद्युत्मा पहुँच पुगेको घरपरिवार | प्रतिशत | ८२.२ | ९५.८ | ९८.८ | १०० | १०० | १०० | १०० | भौपूविमको प्रतिवेदन | " | " | २ | ७ | ३ |
| | | केन्द्रीय प्रसारण/वितरण लाईन मार्फत् विद्युत्मा पहुच पुगेका घर परिवारको अनुपात | प्रतिशत | ८७.३९ | ९०.३९ | ९३.३९ | ९५.३९ | ९६.३९ | ९७.३९ | ९७.३९ | नेविप्रा | नेबिप्रा भौपूविम | नेपाल सरकारसँग समन्वय हुने | २ | ७ | ३ |
| | | प्रति व्यक्ति प्रति वर्ष विद्युत् खपत | किलोवाट घण्टा | १९० | २४० | ३४० | ४४० | ५४० | ७५० | ७५० | भौपूविमको प्रतिवेदन | " | वितरण प्रणाली सुदृढ हुने | २ | ७ | ३ |
| | | जलविद्युत् आयोजनाहरूको वातवरणीय प्रभाव मूल्याङ्कन र व्यवस्थापन | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | विविवि नेविप्रा | भौपूविम | | २ | ७ | ३ |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७५/७६ | उपलब्धि २०७६/७७ | उपलब्धि २०७७/७८ | उपलब्धि २०७८/७९ | उपलब्धि २०७९/८० | उपलब्धि २०८०/८१ | योजना अवधिका उपलब्धि | पुष्ट्याइँको श्रोत | जिम्मेवार निकाय | जोखिम अनुमान | प्रसंसुसं म | दिविल संकेत | दीराल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रतिफल २.१ | प्रसारण र वितरण लाईनको सञ्जाल विस्तार भएको हुने | ३३/११ केभी सब स्टेसन | संख्या | १८ | ४ | ४ | ४ | ४ | ४ | ३८ | नेविप्रा प्रतिवेदन | भौपूविम | | २ | ७ | ३ |
| | | ३३ केभी प्रसारण लाईन | कि.मि. | ६२३ | ६२ | ६२ | ६२ | ६२ | ६२ | ९३३ | " | " | | २ | ७ | ३ |
| | | ११ केभी वितरण लाईन | कि.मि. | ३६०७ | ४२४ | ४२४ | ४२४ | ४२४ | ४२४ | ५७२७ | " | " | | २ | ७ | ३ |
| | | ०.४ केभी वितरण लाईन | कि.मि. | १०५२४ | ६५० | ६५० | ६५० | ६५० | ६५० | १३७७४ | " | " | | २ | ७ | ३ |
| | | ट्रान्सफार्मर जडान | संख्या | २६८७ | ३०० | ३०० | ३०० | ३०० | ३०० | ४१८७ | " | " | | २ | ७ | ३ |
| | | पुराना काठेपोल प्रतिस्थापन | संख्या | १०५७० | १५००० | १५००० | १५००० | १५००० | १५००० | १६०५७० | भौपूविमको प्रतिवेदन | " | | २ | ७ | ३ |
| प्रतिफल २.२ | विद्युत् चुहावट नियन्त्रण प्रभावकारी भएको हुने | प्रदेशको विद्युत् चुहावट | प्रतिशत | १०.४ | ९.४ | ८.५ | ७.८ | ७.३ | ६.९ | ६.९ | नेविप्रा प्रतिवेदन | नेविप्रा | | २ | ७ | ३ |
| प्रतिफल २.३ | स्मार्ट विलिङ कार्यक्रम सञ्चालन भएको हुने | स्मार्ट विलिङ्ग कार्यक्रमले समेटेको ठुला ग्राहक अनुपात | प्रतिशत | | | | | | | १०० | " | " | | २ | ७ | ३ |
| | | स्मार्ट विलिङ्ग कार्यक्रमले समेटेको घरेलुस्तरका ग्राहक अनुपात | प्रतिशत | | | | | | | पायलटिङ | " | " | | २ | ७ | ३ |
| प्रतिफल २.४ | विद्युतीय चुलो र विद्युतीय सवारी साधन प्रयोग भएको हुने | विद्युतीय चुलो प्रयोग गर्ने घरपरिवार | संख्या | | | ५००० | ३०००० | ४०००० | ५०००० | १२५००० | भौपूविमको प्रतिवेदन | भौपूविम | ग्याँस भन्दा विद्युत् सस्तो हुने | २ | ७ | ३ |
| | | सञ्चालित विद्युतीय सवारी साधन चार्जिङ्ग स्टेसन | संख्या | | १ | ५ | १० | ५ | ५ | २६ | " | " | | २ | ७ | ३ |
| | | सञ्चालित विद्युतीय सवारी साधन | संख्या | | | ५ | ५ | १० | १० | ३० | " | " | | २ | ७ | ३ |
| प्रतिफल २.५ | भूमिगत वितरण लाइन निर्माणको आधारशिला तयार भएको हुने | सम्भाव्यता अध्ययन भइ कार्य प्रारम्भ भएका शहर | संख्या | | | | | १ | १ | २ | " | " | | २ | ७ | ३ |
| प्रतिफल २.६ | उर्जा आयोजनामा प्रदेश सरकार र प्रदेशका जनताको लगानी भएको हुने | लगानी | रु. करोड | | | | | | | ४०० | " | भौपूविम | | २ | ७ | ३ |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७५/७६ | उपलब्धि २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | योजना अवधिका उपलब्धि | पुष्ट्याईंको श्रोत | जिम्मेवार निकाय | जोखिम अनुमान | प्रसंसुं म | दिविल संकेत | दीराल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **असर ३** | जलवायु परिवर्तन तथा आयोजना निर्माणका कारण नदीमा परेको असर न्यूनीकरण भएको हुने | आयोजनाको प्रभाव क्षेत्रमा नकारात्मक वातावरणीय प्रभाव परेको छैन भनेर विश्वाश गर्ने जनता | प्रतिशत | | | | | | | | स्वतन्त्र संस्थाको अध्ययन प्रतिवेदन | भौपूविम | नेपाल सरकारसँग समन्वय हुने | २ | ७ | ३ |
| | | नदीको परिस्थितिकीय प्रणाली सुधार गर्नु पर्ने नदी | संख्या | | | | | | | | भौपूविमको प्रतिवेदन | " | | | | |
| **प्रतिफल ३.१** | जलविद्युत् र नदी सम्वन्धी अध्ययन अनुसन्धानका गतिविधि सञ्चालन भएको हुने | उर्जा सम्वन्धी अनुसन्धान | संख्या | ० | १ | १ | १ | १ | १ | ५ | नीयोअको प्रतिवेदन | भौपूविम, नीयोआ | | २ | ७ | ३ |
| **प्रतिफल ३.२** | अनुसन्धानमा आधारित दिगो व्यवस्थापनका उपायहरूको अबलम्बन भएको हुने | उर्जा आयोजना निर्माण तथा जलवायु परिवर्तनले नदी तथा आयोजनामा पारेको असरबारे अनुसन्धान | संख्या | | | १ | १ | १ | १ | ४ | " | " | नेपाल सरकारसँग समन्वय हुने | २ | ७ | ३ |

**लगानीः विद्युत् क्षेत्रको लगानी, गण्डकी प्रदेश उज्यालो प्रदेश कार्यक्रम, प्रसारण र वितरण लाइन विस्तार कार्यक्रम, कर्मचारीको क्षमता विकास तालिम, मेसिनरी तथा कच्चा पदार्थको आपूर्ति, प्रविधि प्रयोगको क्षमता वृद्धि।**

## ६.२ नवीकरणीय ऊर्जा

### ६.२.१ पृष्ठभूमि

विश्वभर नवीकरणीय ऊर्जा, परम्परागत उर्जा अर्थात् खनिज उर्जामा आधारित उर्जाको प्रतिस्पर्धी बनेर उदाउँदो छ। क्रमशः पृथ्वीको गर्भमा रहेको खनिज उर्जाको भण्डारण सकिदै जाँदा विश्वभर प्रयोग हुने दुई तिहाई बढीको व्यापारिक उर्जाको स्रोतको विकल्प बारे संसारभर अध्ययन, अनुसन्धान र उत्पादन भैरहेका छन्। त्यो सँगै नवीकरणीय उर्जालाई थप प्रतिस्पर्धी र ग्रीड इन्टर्‍याक्टिभ वनाउन व्याट्री स्टोरेज प्रविधिको घट्दो मूल्यले पनि सहयोग गरिरहेको छ। यसवाट दुर्गम क्षेत्रमा रहेका राष्ट्रिय प्रसारणभन्दा बाहिरका गाउँहरूमा विद्युतीकरणको दीर्घकालीन समाधान भएका छन्। विद्युत् उत्पादनबाहेक वायोग्याँस, वायोमास, वायोइन्धन जस्ता क्षेत्रमा पछिल्ला वर्षहरूमा भएका अध्ययनले निकै उर्जादक्ष र प्रयोगकर्ता मैत्री प्रविधिहरू विकास भैरहेका छन्। दिगो विकास लक्ष्य (२०१५-२०३०) तथा नेपालको संविधानले पनि नवीकरणीय उर्जाको विकास गरी आधारभूत आवश्यकता परिपूर्ति गर्नका लागि सुपथ र सुलभ रुपमा भरपर्दो उर्जाको आपूर्ति गर्ने नीति अङ्गीकार गरेको छ। राष्ट्रिय प्रसारण लाइन पुऱ्याउन सम्भाव्यता नभएका तथा छरिएर रहेका बस्तिहरूमा आधुनिक उर्जाको पहुँच पुऱ्याउन, शहरी क्षेत्रमा बढ्दो उर्जा मागको व्यवस्थापन गर्न र परम्परागत तथा आयातित उर्जा माथिको निर्भरतालाई कम गर्न विभिन्न किसिमका नवीकरणीय उर्जाको प्रवर्द्धन, विकास तथा दिगो व्यवस्थापन गरी यस क्षेत्रलाई मूल प्रवाहमा ल्याउन जरुरी छ। नवीकरणीय उर्जा क्षेत्रमा नेपालमा भैरहेका कार्यहरूमा लघु जलविद्युत्, सुधारिएको पानी घट्ट, सौर्य उर्जा, वायु उर्जा, सुधारिएको चुलो, सौर्य कुकर, विद्युतीय चुलो र बायोग्याँस आदि रहेका छन्। गण्डकी प्रदेशका विभिन्न ११ जिल्लामा गरी हालसम्म घरायसी बायो ग्याँस प्लान्ट संख्या ८४,०००, ठूला साइजका बायो ग्याँस प्लान्ट संख्या २३, लघु जलविद्युत् ६,६२१ किलोवाट, वायु उर्जा १० किलोवाट, सौर्य उर्जा १,३७४ किलोवाट, सुधारिएको चुलो संख्या ९२,७४७ रहेका छन्।

### ६.२.२ प्रमुख समस्या

उर्जा सुरक्षामा वैकल्पिक ऊर्जाको योगदानको स्पष्ट लक्ष्य निर्धारण हुन नसक्नु, वैकल्पिक ऊर्जाको प्रवर्द्धन र विस्तारको लागि सहुलियत ऋण, जोखिम व्यवस्थापन र बीमाको व्यवस्था नहुनु, वैकल्पिक ऊर्जा विकासमा निजी क्षेत्रको लगानी अपेक्षाकृत रुपमा आकर्षित हुन नसक्नु, स्थानीय तहमा वैकल्पिक ऊर्जाको प्रवर्द्धन, विकास र व्यवस्थापन दक्षता उपलब्ध नहुनु, आदि यस क्षेत्रका मुख्य समस्याहरू हुन्।

### ६.२.३ चुनौती र अवसर

**चुनौती**

राष्ट्रिय प्रसारण लाइन नपुगेका क्षेत्रमा नवीकरणीय उर्जामार्फत् आधुनिक उर्जामा पहुँच स्थापित गर्नु, नेपाल विद्युत् प्राधिकरण, सामुदायिक विद्युत् उपभोक्ता राष्ट्रिय महासंघ र सामुदायिक संस्थाहरूको सहकार्यमा सञ्चालित ग्रामीण विद्युतीकरण सेवालाई थप विस्तार तथा वितरित विद्युत् सेवालाई थप भरपर्दो, दिगो, उत्पादनमूलक प्रयोग र खपतमा अभिवृद्धि गर्नु, घरेलु उद्योगहरूमा खाद्यान्न प्रशोधन गर्न र खानेपानी र सिंचाई आयोजनाहरूमा पानी तान्न सौर्य उर्जाको प्रयोग वृद्धि गर्नु, ग्रामीण क्षेत्रका लघु जल तथा सौर्य विद्युत् आयोजनाबाट खेर गैरहेको विद्युत् प्रसारण लाइनमा प्रबाह गरी आय वृद्धि गर्नु, खाना पकाउन स्वच्छ ऊर्जाको व्यवस्थापन गर्नु, नवीकरणीय उर्जा क्षेत्रमा सहुलियत कर्जाको व्यवस्था गर्नु, सौर्य तथा वायु उर्जा उत्पादनमा निजी तथा समुदायको लगानी आकर्षित गर्नु र कार्यक्रमहरूको दिगो विकास र व्यवस्थापन गर्नु आदि नवीकरणीय उर्जा क्षेत्रका चुनौतीहरू हुन्।

**अवसर**

विश्व बजारमा नवीकरणीय ऊर्जाका प्रविधिहरू द्रुत गतिमा सस्तो हुँदै जानु, स्वच्छ उर्जाको विकास र प्रयोगमा विश्वव्यापी लहर आउनु, नेपाल सरकारले नवीकरणीय ऊर्जा विकासलाई प्राथमिकतामा राख्नु तथा नेपालमा नवीकरणीय ऊर्जा विकास र व्यवस्थापन गर्न सक्ने जनशक्ति विकास हुँदै जानु, छोटो समयमा नै ठूलो मात्राको सौर्य उर्जा उत्पादन गर्न सकिने

अवस्था रहनु, गण्डकी प्रदेश नेपालकै धेरै सौर्य तथा वायु उर्जा उत्पादनको सम्भावना भएको क्षेत्र हुनु, ग्रामीण तथा शहर दुवै क्षेत्रमा सौर्य, वायु तथा जैविक ऊर्जा प्रतिको आकर्षण बढ्दै जानु, नवीकरणीय ऊर्जा क्षेत्रमा निजी क्षेत्र लगायतका विभिन्न विकास साझेदारहरूको सहभागिता बढ्दै जानु, नवीकरणीय ऊर्जा प्रविधि प्रवर्द्धनमा वित्तीय संस्था तथा निजी क्षेत्रको सहभागिता बढ्दै जानु, नवीकरणीय ऊर्जाका प्रविधि तथा कार्यक्रमहरूलाई कार्बन परियोजनाको रुपमा विकास गर्दै लैजान सकिने अवस्था रहनु आदि नवीकरणीय उर्जा क्षेत्रका अवसरहरू हुन् ।

### ६.२.४ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

**सोच**

नवीकरणीय उर्जा, दिगो आर्थिक सामाजिक विकासको आधार ।

**लक्ष्य**

नवीकरणीय उर्जाको प्रवर्द्धन, विकास र कुशल व्यवस्थापन मार्फत् प्रदेश अर्थतन्त्रमा टेवा पुऱ्याउने ।

**उद्देश्य**

१. नवीकरणीय उर्जाको माध्यमबाट ग्रामीण विद्युतीकरण र उद्योग सञ्चालन गरी रोजगार सिर्जना गर्नु ।
२. नवीकरणीय उर्जाको व्यावसायिक प्रवर्द्धन, विकास र व्यवस्थापन गर्दै दिगो र समावेशी आर्थिक वृद्धिमा टेवा पुऱ्याउनु ।
३. खाना पकाउन नवीकरणीय उर्जाको प्रयोग वृद्धि गर्नु ।
४. खेर गैरहेका फोहोरजन्य वस्तुबाट उर्जा उत्पादन गरी फोहोरमैला व्यवस्थापन र आर्थिक वृद्धिमा टेवा पुऱ्याउनु ।

### ६.२.५ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १: नवीकरणीय उर्जाको उच्चतम प्रयोगबाट ग्रामीण विद्युतीकरण गर्नु र घरेलु उद्योग सञ्चालन गरी रोजगार सिर्जना गर्नु ।** | |
| १.१ राष्ट्रिय प्रसारण लाइन नपुगेका र सम्भाव्यता नभएका क्षेत्रमा नवीकरणीय उर्जाको माध्यमबाट विद्युतीकरण गर्ने । | १.१.१ लघु जल, वायु तथा सौर्य विद्युत्का साना आयोजना सञ्चालन गरी विद्युत्मा शतप्रतिशत नागरिकको पहुँच स्थापित गरिनेछ । |
| १.२ नवीकरणीय उर्जाको स्रोतलाई उत्पादन वृद्धि र रोजगारसँग जोड्ने । | १.२.१ नवीकरणीय उर्जाको प्रयोग बढाई नगदे फसल, तरकारी, फलफूल तथा जडीबुटी प्रशोधन (काट्ने, सुकाउने) गरी आयआर्जन वृद्धि गर्न प्रोत्साहन गरिनेछ ।<br>१.२.२ नवीकरणीय ऊर्जामा आधारित घरेलु उद्योग तथा पर्यटन लगायतका व्यवसाय सञ्चालन गर्न स्थानीय निजी क्षेत्र र समुदायलाई प्रोत्साहन गरिनेछ ।<br>१.२.३ ग्राविटी सिस्टमबाट सिंचाई तथा खानेपानीको पहुँच पुऱ्याउन सम्भावना नरहेका क्षेत्रमा सौर्य उर्जाको प्रयोग गरी लिफ्ट खानेपानीको सञ्चालन गरिनेछ । |
| **उद्देश्य २: नवीकरणीय उर्जाको व्यावसायिक प्रवर्द्धन, विकास र व्यवस्थापन गर्दै दिगो र समावेशी आर्थिक वृद्धिमा टेवा पुऱ्याउनु ।** | |
| २.१ नवीकरणीय उर्जालाई व्यावसायिक उर्जाको रुपमा विकास गर्ने । | २.१.१ नेट मिटरिङ्ग, उर्जा भण्डारण र मिनी ग्रिड जस्ता प्रविधिको प्रयोगको लागि प्रोत्साहन गरिनेछ ।<br>२.१.२ ग्रामीण क्षेत्रमा सञ्चालित लघु जल तथा सौर्य विद्युत् आयोजनाहरूबाट खेर गइरहेको विद्युत्मा नेट मिटरिङ्ग गर्ने कार्य अगाडि बढाईनेछ ।<br>२.१.२ निजी, सार्वजनिक तथा सामुदायिक भवनहरूमा नेट मिटरिङ्ग र उर्जा भण्डारण सहितको सौर्य उर्जा प्लान्ट जडान गरी कुशल रुपमा उर्जा खपत गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | २.१.३ ठूला निजी हाउजिङ्ग, सरकारी निवास, आर्मी तथा पुलिस ब्यारेकहरू, ठूला होटेल तथा टोलहरूमा बायो ग्याँस वितरण डिपो बनाई मझौला तथा ठूला बायोग्याँस प्लान्टबाट उत्पादित ग्याँस संकलन गरिनेछ र घर घरमा वितरण गरिनेछ ।<br>२.१.४ मझौला तथा ठूला साइजका सौर्य, वायु तथा जैविक उर्जा प्लान्ट मार्फत् व्यावसायिक उर्जा उत्पादन गर्न सार्वजनिक, निजी, सहकारी तथा समुदाय र अन्तर्राष्ट्रिय क्षेत्रलाई प्रोत्साहन गरिनेछ । |
| **उद्देश्य ३: खाना पकाउन नवीकरणीय उर्जाको प्रयोग वृद्धि गर्नु ।** | |
| ३.१ खान पकाउन प्रयोग हुने परम्परागत उर्जाको सट्टामा सुधारिएको चुलो तथा विद्युतीय चुलोको प्रयोग वृद्धि गर्ने । | ३.१.१ विद्युतीय चुलो प्रयोगको लागि प्रोत्साहन गरिनेछ ।<br>३.१.२ सार्वजनिक संस्थाहरू जस्तै विद्यालय, अस्पताल, व्यारेक, प्रहरी चौकी, धार्मिक स्थल, वृद्धाश्रम, अनाथाश्रम इत्यादिमा स्वच्छ तथा किफायती सुधारिएको चुलोहरू जडान गरिनेछ ।<br>३.१.३ राष्ट्रिय प्रसारण लाइनमा आधारित सामुदायिक विद्युतीकरण भएका क्षेत्रमा विद्युतीय चुलो प्रवर्द्धनका लागि प्रोत्साहित गरिनेछ ।<br>३.१.४ विद्युतीय चुलो प्रयोग गर्न सम्भाव्यता नभएका ग्रामीण भेगका घरमा स्वच्छ र किफायती धुवाँरहित सुधारिएको चुलोहरू जडान गर्न प्रोत्साहन गरिनेछ । |
| **उद्देश्य ४: खेर गैरहेका फोहोरजन्य वस्तुबाट उर्जा उत्पादन गरी फोहोरमैला ब्यवस्थापन तथा आर्थिक वृद्धिमा टेवा पुऱ्याउनु ।** | |
| ४.१ फोहोरमैलालाई प्राङ्गारिक मल र पेट्रोलियम पदार्थ उत्पादनसँग जोड्ने । | ४.१.१ शहरी क्षेत्रबाट निस्किने फोहोरजन्य वस्तुबाट बायोग्याँस तथा प्राङ्गारिक मल उत्पादन गर्न निजी क्षेत्रलाई प्रोत्साहन गरिनेछ ।<br>४.१.२ मुख्यमन्त्री वातावरणमैत्री नमुना कृषि कार्यक्रम तथा ब्यावसायिक कृषि फार्महरूमा फोहोरमैलाबाट निस्कने प्राङ्गारिक मल प्रयोग गर्न प्रोत्साहन गरिनेछ ।<br>४.१.३ सम्भाव्यता अध्ययन गरी शहरी क्षेत्रबाट निस्किने प्लाष्टिक जन्य फोहोरबाट डिजेल उत्पादन गर्ने कार्य अगाडि बढाईनेछ । |

### ६.२.६ कार्यक्रमका प्राथमिकता

१. सौर्य उर्जाको उत्पादन वृद्धि गरी लघु उद्यम, लिफ्ट, सिंचाई र खानेपानीमा प्रयोग गर्ने ।

२. वायोग्याँस उत्पादन वृद्धि गर्ने ।

३. एल.पि ग्याँसलाई विद्युत् र वायो ग्याँसले प्रतिस्थापन गर्ने ।

### ६.२.७ विस्तृत कार्यक्रम

| क्र.सं. | उद्देश्य नं. | रणनीति नं. | कार्यनीति नं. | संकेत | कार्यक्रम | इकाई | आधार वर्ष ०७५/७६ | लक्ष्य | | | | | योजना अवधिको जम्मा लक्ष्य | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | |
| १ | १ | १.१ | १.१.१ | ख | विद्युत् नपुगेका र तत्काल वितरण लाईन पुऱ्याउन सम्भव नरहेका घरहरूमा सौर्य उर्जा जडान (उज्यालो प्रदेश कार्यक्रम) | संख्या | | १५०० | ५०० | | | | २००० | भौपूविम |
| २ | | | १.१.१ | ख | लघु जलविद्युत् निर्माण, मर्मतसम्भार तथा स्तरन्नोती गरि सञ्चालनमा ल्याउने (उज्यालो प्रदेश कार्यक्रम) | कि.वा. | २० | ३० | २० | २० | १० | १० | ९० | " |
| ३ | | १.२ | १.२.१ | ख, ग | स्वोरोजगार, आय र उत्पादकत्व वृद्धिका लागि सोलार ड्रायर प्रवर्द्धन कार्यक्रम | संख्या | | | ५० | ५०० | १००० | १००० | २५५० | " |
| ४ | | | १.२.२ | ख, ग | नवीकरणीय उर्जामा आधारित रहेर सञ्चालित घरेलु उद्योग र पर्यटन व्याबसायलाई आवश्यकताका आधारमा सौर्य उर्जा प्रयोगको लागि प्रोत्साहन | संख्या | | | ५० | १०० | १०० | १०० | ३५० | " |
| ५ | | | १.२.३ | क | लिफ्ट सिंचाई आवश्यकता रहेका ठाउमा सौर्य उर्जा प्रयोगको लागि प्रोत्साहन | हेक्टर | ४० | १०० | १०० | १०० | १०० | १०० | ५०० | " |
| ६ | | | १.२.३ | क | लिफ्ट खानेपानी आयोजना आवश्यकताका रहेका ठाउमा सौर्य उर्जा प्रयोगको लागि प्रोत्साहन | संख्या | | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | १ | " |
| ७ | २ | २.१ | २.१.१ | ग | नेट मिटरिङ्ग, उर्जा भण्डारण तथा मिनी ग्रिड आवश्यकता भएका ठाउँमा अनुदान सहयोग | संख्या | | ५ | ५ | ५ | ५ | ५ | २५ | " |
| ८ | | | २.१.२ | क | सार्वजनिक तथा सामुदायिक भवनहरूमा नेट मिटरिङ्ग सहितको सौर्य उर्जा प्लान्ट स्थापनार्थ सहयोग | संख्या | १ | १ | १ | १ | २ | २ | ७ | " |
| ९ | | | २.१.३ | ख,ग | बायोग्याँस जडान कार्य (घरायसी बायोग्याँस प्लान्ट) | संख्या | ८४००० | २०० | २०० | २०० | २०० | २०० | १००० | " |

| क्र.सं. | उद्देश्य नं. | रणनीति नं. | कार्यनीति नं. | संकेत | कार्यक्रम | इकाई | आधार वर्ष ०७५/७६ | लक्ष्य २०७६/७७ | लक्ष्य २०७७/७८ | लक्ष्य २०७८/७९ | लक्ष्य २०७९/८० | लक्ष्य २०८०/८१ | योजना अवधिको जम्मा लक्ष्य | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १० | | | २.१.३ | ख,ग | बायोग्याँस जडान (संस्थागत र सामुदायिक बायोग्याँस प्लान्ट) कार्य | संख्या | २३ | | १० | १० | १० | १० | ४० | भौपूविम |
| ११ | | | २.१.३ | ग | प्रदेशमा उत्पादित बायो ग्याँस खपतको वृद्धि गर्न तथा डिपो बनाई वितरण गर्न सम्भब ठाउँ पहिचान गरी उक्त कार्यको लागि निजी क्षेत्रलाई सहयोग | प्याकेज | | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | " |
| १२ | | | २.१.३ | ख,ग | सौर्य तथा वायु उर्जा उत्पादन गर्ने सकिने ठाउँहरू पहिचान तथा सम्भाव्यता अध्ययन | संख्या | | १ | १ | | | | १ | " |
| १३ | | | २.१.३ | ख,ग | बहुपक्षीय लगानीमा आकर्षक सौर्य, वायु तथा जैविक उर्जा प्लान्ट निर्माण कार्य | मेगावाट | | ५ | ५ | ५ | ५ | ५ | २५ | " |
| १४ | ३ | ३.१ | ३.१.१ | ख | विद्युतीय चुलो उत्पादन तथा प्रवर्द्धन | संख्या | | | ५००० | ३०००० | ४०००० | ५०००० | १२५००० | " |
| १५ | | | ३.१.२ | क | सार्वजनिक संस्थाहरूमा सुधारिएको चुलो प्रवर्द्धन सहयोग कार्यक्रम | संख्या | | ५० | ५० | १०० | १०० | १०० | ४०० | " |
| १६ | | | ३.१.४ | ग | ग्रामीण क्षेत्रमा सुधारिएको चुलो (बायोमास) प्रविधि जडान कार्य | संख्या | ९२७०० | २०० | २०० | १०० | १०० | १०० | ७०० | " |
| १७ | ४ | ४.१ | ४.१.१ | ख,ग | प्रदेशमा रहेका बायो ग्याँस प्लान्टहरूको क्षमता वृद्धि तथा नया प्लान्ट स्थापना गर्न निजी क्षेत्रलाई सहयोग | संख्या | ३ | | १ | १ | १ | १ | ४ | " |
| १८ | | | ४.१.२ | ख | बायो ग्याँस प्लान्ट तथा पशुजन्य कृषि फर्मबाट उत्पादित प्राङ्गारिक मल प्रयोग गर्न मुख्य मन्त्रि वातावरण मैत्री नमुना कृषि कार्यक्रम तथा अन्य कृषि फर्मलाई अनुदान सहयोग (कृषि क्षेत्रमा समेटिएको) | संख्या | | | | | | | | भूकृसम |
| १९ | | | ४.१.३ | ख | मुख्य शहरी क्षेत्रमा फोहोरमैलाबाट डिजेल उत्पादन गर्न सम्भाव्य क्षेत्र पहिचान गरि निर्माण | संख्या | | | सम्भाव्यता अध्ययन | १ | १ | १ | ३ | भौपूविम |

## ६.२.८ नतिजा

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष तथ्याङ्क ०७५/७६ | उपलब्धि | | | | | योजना अवधिका उपलब्धि | पुष्ट्याइँको श्रोत | जिम्मेवार निकाय | जोखिम अनुमान | प्रसमुसं संकेत | दिविल संकेत | दीराल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | | | | | | |
| **प्रभाव** | **नवीकरणीय उर्जाको प्रवर्द्धन, विकास र कुशल व्यवस्थापनले हरित अर्थतन्त्र निर्माणमा योगदान पुगेको हुने** | **नवीकरणीय उर्जाको कुल राष्ट्रिय ग्राहस्थ्य उत्पादनमा प्रदेशको हिस्सा** | **प्रतिशत** | | | | | | | | **भौपूविमको प्रतिवेदन** | **भौपूविम** | | २ | ७ | ३ |
| **असर १** | नवीकरणीय उर्जाको मध्यमवाट ग्रामीण विद्युतीकरण भएको हुने र घरेलु उद्योग सञ्चालन भई रोजगारी सिर्जना भएको हुने | कुल उर्जा खपतमा नवीकरणीय ऊर्जाको हिस्सा | प्रतिशत | ८ | १० | ११ | १२ | १४ | १५ | १५ | " | " | | २ | ७ | ३ |
| | | आयआर्जन वृद्धिको लागि नविकरणिय उर्जावाट सञ्चालित साना तथा घरेलु उद्योग | संख्या | | | | | | | | " | " | | २ | ७ | ३ |
| **प्रतिफल १.१** | लघु जल, वायु तथा सौर्य विद्युत्का साना आयोजना सञ्चालन भई विद्युत्मा शतप्रतिशत नागरिकको पँहुच स्थापित भएको हुने | विद्युत् नपुगेका र तत्काल वितरण लाईन पुऱ्याउन कठिन घरहरूमा सौर्य उर्जा जडान | संख्या | | १५०० | ५०० | | | | २००० | " | " | | २ | ७ | ३ |
| | | ग्रामीण विद्युतीकरणको लागि लघु जलविद्युत्, सौर्य र वायु उर्जा उत्पादन | मेगावाट | ८.० | ०.०३ | ०.०२ | ०.०२ | ०.०२ | ०.०२ | ०.११० | " | " | नेपाल सरकार सँग समन्वय हुने | २ | ७ | ३ |
| **प्रतिफल १.२** | नगदे फसल, तरकारी, फलफूल खेती तथा जडीबुटी प्रशोधनमा नवीकरणीय उर्जाको प्रयोग वृद्धि भएको हुने | नवीकरणीय उर्जामा आधारित सोलार ड्रायर | संख्या | | | ५० | ५०० | १००० | १००० | २५५० | " | " | नेपाल सरकार सँग समन्वय हुने | २ | ७ | ३ |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष तथ्याङ्क ०७५/७६ | उपलब्धि | | | | | योजना अवधिका उपलब्धि | पुष्ट्याईंको स्रोत | जिम्मेवार निकाय | जोखिम अनुमान | प्रसमुसं संकेत | दिविल संकेत | दीराल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | | | | | | |
| **प्रतिफल १.३** | ग्राभिटी सिस्टमबाट सिंचाई तथा खानेपानीको पहुँच पुऱ्याउन सम्भावना नरहेका क्षेत्रमा सौर्य उर्जाको प्रयोगबाट लिफ्ट खानेपानीको सञ्चालन भएको हुने | लिफ्ट सिंचाईले समेटेको जमिन | हे. | ४० | १०० | १०० | १०० | १०० | १०० | ५०० | भौपूविमको प्रतिवेदन | भौपूविम | नेपाल सरकार सँग समन्वय हुने | २ | ७ | ३ |
| **असर २** | नवीकरणीय उर्जाको व्यावसायिक उत्पादन शुरु भई आत्मनिर्भर अर्थतन्त्र निर्माणमा योगदान पुगेको हुने | खाना पकाउन आधुनिक उर्जा प्रयोग गर्ने परिवारको अनुपात | प्रतिशत | ३०.२ | | | | | | ८० | " | " | | २ | ७ | ३ |
| | | खाना पकाउन प्रयोग हुने एलपि ग्याँसमा प्रदेशमा उत्पादित वायो ग्याँसको योगदान | प्रतिशत | | २.५ | ३.५ | ५.० | ७.५ | १०.० | १०.० | " | " | | २ | ७ | ३ |
| **प्रतिफल २.१** | मझौला तथा ठूला साइजका सौर्य, वायु तथा जैविक उर्जा प्लान्ट मार्फत् व्यावसायिक उर्जाको उत्पादन भएको हुने | व्यावसायिक सौर्य, वायु तथा बायो ग्याँस उर्जा उत्पादन | मेगावाट | | ५ | ५ | ५ | ५ | ५ | २५ | " | " | | २ | ७ | ३ |
| | | खाना पकाउने बायो ग्याँस उत्पादन (सिलिन्डर प्रतिवर्ष) | संख्या हजार | | ६६ | ९९ | १३२ | २६४ | २९७ | २९७ | " | " | | २ | ७ | ३ |
| **असर ३** | खाना पकाउन नवीकरणीय उर्जाको प्रयोगमा वृद्धि भएको हुने | खाना पकाउन प्रयोग हुने उर्जामा विद्युतीय चुलोको हिस्सा | प्रतिशत | | १ | १.५ | २ | ५ | ७ | १७ | " | " | | २ | ७ | ३ |
| **प्रतिफल ३.१** | विद्युतीय चुलो प्रयोग गर्ने अभियान सञ्चालन भएको हुने | विद्युतीय चुलो प्रयोग गर्ने घरपरिवार | संख्या | | | ५००० | ३०००० | ४०००० | ५०००० | १२५००० | " | " | | २ | ७ | ३ |
| **प्रतिफल ३.२** | विद्युतीय चुलो प्रयोग गर्न कठिन ग्रामीण भेगका घरमा स्वच्छ र किफायती धुवाँरहित सुधारिएको चुलो प्रयोग भएको हुने | ग्रामीण क्षेत्रमा सुधारिएको चुलो (बायोमास) प्रविधि जडान गर्ने घरपरिवार | संख्या | ९२७०० | २०० | २०० | १०० | १०० | १०० | ७०० | " | " | नेपाल सरकार सँग समन्वय हुने | २ | ७ | ३ |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष तथ्याङ्क ०७५/७६ | उपलब्धि | | | | | योजना अवधिका उपलब्धि | पुष्ट्याइँको स्रोत | जिम्मेवार निकाय | जोखिम अनुमान | प्रसमृसं संकेत | दिविल संकेत | दीराल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | | | | | | |
| असर ४ | फोहोर मैलालाई आय आर्जनसँग जोड्दै दिगो व्यवस्थापन गरिएको हुने | फोहोरमैला व्यवस्थापन गरि आय आर्जन गर्ने स्थानीय तह | संख्या | | | | | | | | भौपूविमको प्रतिवेदन | भौपूविम भूव्यकृसम | | २ | ७ | ३ |
| प्रतिफल ४.१ | फोहोरजन्य वस्तुबाट बायोग्याँस, विद्युत् तथा प्राङ्गारिक मल उत्पादन गर्न निजी क्षेत्र आकर्षित भएको हुने | व्यावसायिक बायोग्याँस प्लान्ट | संख्या | २ | १ | १ | | १ | १ | ४ | " | भौपूविम | निजी क्षेत्रसँग सहकार्य हुने | २ | ७ | ३ |
| | | फोहोरजन्य वस्तुबाट उत्पादित प्राङ्गारिक मल मुख्य कृषि कार्यक्रम सञ्चालित क्षेत्रमा खपत | प्रतिशत | | १० | २० | २० | २० | ३० | १०० | भूव्यकृमको प्रतिवेदन | भूव्यकृसम | निजी क्षेत्रसँग सहकार्य हुने | २ | ७ | ३ |

**लगानी: नवीकरणीय ऊर्जा क्षेत्रको लगानी, गण्डकी प्रदेश उज्यालो प्रदेश कार्यक्रम, व्यावसायिक नवीकरणीय ऊर्जा विकास कार्यक्रम, कर्मचारीको क्षमता विकास तालिम, मेसिनरी तथा कच्चा पदार्थको आपूर्ति, प्रविधि प्रयोगको क्षमता वृद्धि तालिम।**

## ६.३ सडक, रेल, हवाई र जल यातायात

### ६.३.१ पृष्ठभूमि

सडक, रेल, हवाई र जल यातायातको विकासले उत्पादकत्व वृद्धि गर्न, स्वास्थ्य र शिक्षा सेवामा पहुँच उपलब्ध गराउदै रोजगारी सिर्जना गर्न, गरिबी न्यूनीकरण गर्न र समग्र सामाजिक र आर्थिक विकासमा टेवा पुऱ्याउन उल्लेखनीय योगदान गर्दछ । सडक सञ्जाल अन्तर्गत आउने विभिन्न खोलानालाहरूमा पुल निर्माण तथा मर्मतले बाह्रैमासे आवतजावतको प्रत्याभूति गराउँदछ । केवलकार, हवाईमार्ग, रेलमार्ग र जलमार्गले यातायात सेवालाई थप सशक्त बनाउन सहयोग पुऱ्याउँदछ । दुर्गम गाउँबस्तीमा पहुँच पुऱ्याउन झोलुंगे पुलको योगदान महत्वपूर्ण रहेको हुन्छ । गण्डकी प्रदेशलाई पृथ्वी लोकमार्ग (कास्की, तनहुँ), सिद्धार्थ लोकमार्ग (कास्की, स्याङ्जा), पूर्व पश्चिम लोकमार्ग (नवलपुर) र मध्यपहाडी लोकमार्ग (गोरखा, लमजुङ, तनहुँ, कास्की, पर्वत, बाग्लुङ्ग) गरी जम्मा ३९२ कि.मि. लम्बाईका लोकमार्गले छोएको छ । निर्माण भैसकेका र निर्माणाधीन कालोपत्रे सडक ९३७ कि.मि., ग्राभेल सडक १,३५८ कि.मि. र धुले सडक ८,५२६ कि.मि. गरी कुल १०,८२१ कि.मि. सडक रहेका छन् । कुल सडकका आधारमा सडक घनत्व प्रति वर्ग कि.मि. ०.४९ कि.मि. रहेको छ । यस प्रदेश अन्तर्गत रणनीतिक सडकमा पर्ने मोटरेबल पुलहरूको संख्या १९९ र स्थानीय सडकमा पर्ने सडक पुलहरूको संख्या ८९ गरी कुल २८८ मोटरेबल पुलहरू रहेका छन् भने झोलुंगे पुलहरूको संख्या ८६० रहेको छ । हवाइ यातायात तर्फ प्रदेशमा चार आन्तरिक (पोखरा, जोमसोम, बलेवा, हुम्डे) र एक निर्माणाधीन पोखरा अन्तर्राष्ट्रिय बीमानस्थल रहेका छन् । रेल मार्गतर्फ रसुवागढी काठमाण्डौ, पोखरा र नवलपुर खण्डमा पूर्व पश्चिम रेलमार्गको संभाब्यता अध्ययन सम्पन्न भएको छ । जल यातायातमा कालीगण्डकी विद्युत् आयोजनाको बाँधदेखि पर्वत सम्म स्टिमर चालु छ भने बुढीगण्डकी, सेती र कालीगण्डकी नदीमा र्‍याफटिङ्ग सञ्चालनमा छ । यसैगरी, फेवाताल र बेगनासतालमा डुंगा सञ्चालनमा छ । केबलकारतर्फ मनकामना केबलकार सञ्चालनमा छ भने बन्दीपुर, सराङ्गकोट लगायतका ठाउँमा केबलकार निर्माणाधीन छन् । यातायात पूर्वाधारको बढ्दो माग र आवश्यकतालाई अध्ययन अनुसन्धान मार्फत् दिगो विकास र व्यवस्थापन गर्दै लैजानु पर्ने आवश्यकता रहेको छ ।

### ६.३.२ प्रमुख समस्या

यातायातका पूर्वाधारमा अपेक्षित एकीकृत् विकास नहुनु, सडकको स्पष्ट वर्गीकरण नहुनु, मापदण्डविना योजना पहिचान तथा छनौट हुनु, आवश्यक पूर्वतयारीविना योजना कार्यान्वयनमा लैजानु, निजी क्षेत्रको व्यावसायिक क्षमतामा समायनुकुल वृद्धि नहुनु, दक्ष श्रमिक तथा अन्य विषयगत जनशक्ति उपलब्धतामा कमी रहनु, गुणस्तरीय निर्माण सामग्रीका साथै स्थानीय तहको क्षेत्र अधिकारमा रहेको नदीजन्य निर्माण सामग्रीको सहज उपलब्धता हुन नसक्नु, बजेटको विनियोजन र सञ्चालन कुशलताको अभाव हुनु, प्राविधिक संसाधन क्षमतामा अपेक्षाकृत् वृद्धि नहुनु, रेल र केबलकार जस्ता यातायातका साधन विकास गर्न देशमा प्रविधि नहुनु, सडक प्रति सर्वसाधारणको अपनत्व अपेक्षाकृत् नहुनु, आयोजना व्यवस्थापनमा सुशासन कायम राख्न गर्नुपर्ने उपायहरूको अवलम्बन नहुनु, ठेक्का व्यवस्थापनमा कमजोरी रहनु, सडक लम्बाइ वृद्धिका साथै मर्मत सम्भारको दायित्व वृद्धि भए अनुरुप स्रोत व्यवस्थापन नहुनु, जग्गा अधिग्रहण कार्यमा अन्तरनिकाय समन्वय अभाव रहनु, राष्ट्रिय लोकमार्गहरूको सीमा अतिक्रमण बढ्नु, सडक विस्तारमा सीमा विवाद तथा मुआब्जाको लागि स्थानीय जनताबाट अवरोध हुनु आदि यस क्षेत्रका समस्याहरू रहेका छन् ।

### ६.३.३ चुनौती र अवसर

**चुनौती**

चुनौतीपूर्ण भौगोलिक तथा भौगर्भिक अवस्था बीच आर्थिक र सामाजिक गतिविधिलाई गतिशील बनाउन योगदान गर्न सक्ने सडक सञ्जाल पहिचान गरि निर्माण गर्नु, सिमित लगानीमा उपयुक्त प्रविधिको प्रयोग गर्दै गुणस्तरीय सडक निर्माण गर्नु, साना तिना आयोजनामा बजेट छर्ने प्रवृत्ति अन्त्य गर्नु, व्यापार, व्यवसाय तथा उत्पादन बढाउन मद्दत पुराउन सक्ने रणनीतिक महत्वका सडक निर्माणमा केन्द्रित हुनु, वातावारणीय पक्षलाई ध्यानमा राखेर गुणस्तरीय सडक निर्माण गर्नु,

विभिन्न निकायबीच समन्वय कायम गरी यातायात पूर्वाधार निर्माणलाई प्रभावकारी बनाउनु, सडक निर्माणलाई ज्येष्ठ नागरिक, बालबालिका तथा अपाङ्ग मैत्री बनाउनु, दुर्गम गाउँ बस्तीमा आवश्यकताका आधारमा झोलुङ्गे पुल निर्माण गरी आवतजावतको पहुँच पुऱ्याउनु, प्रदेश केन्द्र पोखरा र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय ब्यावसायिक र व्यापारिक केन्द्रलाई रेल मार्गले जोड्नु, सडक खण्डलाई छोटो बनाई यात्रा अवधि घटाउन उल्लेखनीय योगदान गर्न सक्ने सुरुङ्ग मार्गहरू पहिचान गरी निर्माण गर्नु, जल यातायातको थप सम्भावना पहिचान गरी व्यवस्थित बनाउदै लैजानु, धार्मिक, साँस्कृतिक तथा पर्यटकीय वस्तुहरूको प्रवर्द्धन गरी पर्यटकीय पदमार्ग विकास तथा व्यवस्थापन गर्नु, सडक तथा पदमार्गको संरक्षण, मर्मतसम्भार तथा व्यवस्थापन कार्यलाई दिगो बनाउनु आदि यस क्षेत्रका प्रमुख चुनौती हुन् ।

**अवसर**

सडक, रेल, हवाई यातायात र केबलकारको निर्माण, संरक्षण तथा व्यवस्थापनमा तिनै तहका सरकारको जिम्मेवारी थप स्पष्ट हुदै जानु, सडक निर्माणमा स्थानीय तह, प्रदेश र संघ सरकार बीचको साझेदारी थप मजबुद र बलियो हुदै जानु, प्रदेश सरकारले यातायात पूर्वाधार निर्माणलाई प्राथमिकता राख्नु, ठूला यातायात पूर्वाधार निर्माणमा निजी तथा अन्तर्राष्ट्रिय क्षेत्रको चासो थप बढ्दै जानु, यातायात पूर्वाधार निर्माणको लागि आवश्यक प्रदेशगत संरचनाको बलियो आधार निर्माण हुनु आदि यस क्षेत्रका अवसरहरू हुन् ।

### ६.३.४ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

**सोच**

द्रुत सामाजिक-आर्थिक विकास र समृद्धिको आधार, यातायात पूर्वाधार ।

**लक्ष्य**

गुणस्तरीय यातायात पूर्वाधारको विकास, विस्तार र व्यवस्थापन गरी सामाजिक-आर्थिक अवसरहरूमा नागरिकहरूको पहुँच वृद्धि गर्ने ।

**उद्देश्य**

१. दिगो, भरपर्दो, सुरक्षित, वातावारणमैत्री र कम खर्चिलो सडक, हवाईमार्ग र रेल मार्गको सञ्जाल विस्तार गर्नु ।
२. सडक, हवाईमार्ग र रेल मार्ग जस्ता यातायात पूर्वाधारको उचित संरक्षण, मर्मत सम्भार तथा व्यवस्थापन गरी सहज आवतजावतको व्यवस्था मिलाउनु ।

### ६.३.५ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १: दिगो, भरपर्दो, सुरक्षित, वातावारणमैत्री र कम खर्चिलो सडक, हवाईमार्ग र रेल मार्गको सञ्जाल विस्तार गर्नु ।** | |
| १.१ प्रदेशको आर्थिक तथा सामाजिक गतिविधिलाई सन्तुलित, समावेशी, गतिशील बनाउन योगदान पुऱ्याउन सक्ने रणनीतिक सडक सञ्जाल सुदृढ गर्ने । | १.१.१ प्रदेश केन्द्र र स्थानीय तहको केन्द्र जोड्ने मूल सडकको स्तरोन्नति गरी कालोपत्रे गरिनेछ ।<br>१.१.२ अन्तरप्रदेशीय ब्यावसायिक तथा ब्यापारिक गतिविधिलाई गतिशील बनाउन भूमिका खेल्न सक्ने सडकको पहिचान गरी निर्माण तथा स्तरवृद्धि गरिनेछ ।<br>१.१.३ प्राथमिकता प्राप्त प्रादेशिक लोकमार्ग तथा प्रदेशको वृद्धि अक्षका सडक सञ्जालको निर्माणमा तीब्रता दिईनेछ ।<br>१.१.४ प्रदेश केन्द्र पोखराको शहरी क्षेत्र केन्द्रित बसाइँसराइँ र जनसंख्याको चापलाई कम गर्न र पोखरा केन्द्रित आर्थिक गतिविधिलाई विकेन्द्रीकृत गर्न पोखरा वरिपरिको धेरै क्षेत्रलाई समेट्ने गुणस्तरीय रिङ्ग रोडको सम्भाव्यता अध्ययन गरी निर्माण कार्य अगाडि बढाइनेछ ।<br>१.१.५ सडकमा वर्षैभरि निर्बाध यातायात सञ्चालनको लागि सडक पुलको निर्माणलाई प्राथमिकताका साथ तीब्रता दिइनेछ ।<br>१.१.६ स्थानीय तहसँग समन्वय गरी स्थानीय तहको केन्द्र र वडा जोड्ने सडक निर्माणलाई प्राथमिकताका साथ अगाडि बढाइनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| १.२ प्रदेशमा रहेका बीमानस्थल तथा हवाईमार्गका पूर्वाधारहरूलाई भरपर्दो र गुणस्तरीय बनाउने । | १.२.१ निर्माणाधीन पोखरा अन्तर्राष्ट्रिय बीमानस्थलको निर्माण निर्धारित समयमा समापन गर्न सहजीकरण गरिनेछ ।<br>१.२.२ मनाङ्ग र मुस्ताङ्गमा सञ्चालित बीमानस्थलहरूको स्तर बृद्धि गरिनेछ ।<br>१.२.३ प्रदेशमा रहेका तर सञ्चालनमा नरहेका बीमानस्थलहरूको स्तर वृद्धि गरी सञ्चालनमा ल्याइनेछ । |
| १.३ छिटो, भरपर्दो र वातावरण मैत्री सडक सञ्जाल विकास गर्न सहयोगी हुने प्रविधि तथा उपायहरू अबलम्बन गर्ने । | १.३.१ शहरी क्षेत्रमा सडक, पानी निकास र ढल, खानेपानी पाइप, बिजुली तथा इन्टरनेट वितरण लाइन, फूटपाथ आदिको एकीकृत् रुपमा निर्माण गरिनेछ।<br>१.३.२ प्रदेशका रणनीतिक सडक सञ्जाल अन्तर्गत उल्लेखनीय मात्रामा यात्रा अवधि छोट्याउन सकिने खण्डहरू पहिचान गरी सम्भाव्यताका आधारमा सुरुङ्ग मार्गहरूको निर्माण प्रक्रिया अगाडि बढाइनेछ ।<br>१.३.३ सुरुङ्ग तथा रेल इन्जिनियर उत्पादन गर्नका लागि प्रदेशमा रहेका विश्वविद्यालयलाई प्रोत्साहन गरिनेछ ।<br>१.३.४ शहरी क्षेत्र तथा जोखिमयुक्त सडक खण्डहरूमा आवश्यकताका आधारमा आकाशे पुल तथा भूमिगत बाटो निर्माण कार्यलाई प्राथमिकताका साथ अगाडि बढाइनेछ ।<br>१.३.५ सडक छेउछाउका पहिरो तथा भूक्षय नियन्त्रण गर्न भौतिक संरचनाका साथसाथै बायो ईन्जिनियरिङ् लगायतका गैरसंरचनात्मक वातावरण मैत्री प्रविधिहरूको प्रयोग गरिनेछ । |
| १.४ ठूला सडक तथा सुरुङ्ग मार्ग निर्माणको लागि वैकल्पिक स्रोतहरू समेत परिचालन गर्ने । | १.४.१ रणनीतिक महत्वका ठूला सडकहरू निर्माणको लागि सार्वजनिक निजी साझेदारी, ई.पी.सी, ई.पी.सी.एफ., डिजाईन एण्ड विल्ड जस्ता करार सम्झौता अवलम्बन गरी निर्माण कार्य अगाडि बढाइनेछ । |
| १.५ ज्येष्ठ नागरिक, बालबालिका तथा अपाङ्ग मैत्री सडक निर्माण गर्ने । | १.५.१ ज्येष्ठ नागरिक, बालबालिका तथा अपाङ्ग मैत्री सडक डिजाइन तथा निर्माणको सुनिश्चितता गरिनेछ । |
| १.६ दुर्गम गाउँ बस्तीमा आवतजावतको पहुँच पुऱ्याउनु झोलुंगे पुल निर्माणमा जोड दिइने । | १.६.१ सडक सञ्जाल नपुगेका ठाउँहरूमा सम्भाव्यताको आधारमा झोलुङ्गे पुल निर्माण गरी पहुँच अभिबृद्धि गरिनेछ । |
| १.७ प्रदेशका रणनीतिक पर्यटकीय पदमार्गहरूको पहिचान तथा निर्माण कार्यलाई अभियानका रुपमा सञ्चालन गर्ने । | १.७.१ पर्यटकीय पदमार्ग विकास तथा ब्यवस्थापन गुरुयोजना तयार गरी स्तरोन्नति, निर्माण तथा ब्यवस्थापन कार्यलाई क्रमागत रुपमा अगाडि बढाईनेछ ।<br>१.७.२ ऐतिहासिक, धार्मिक, सांस्कृतिक तथा पर्यटकीय ठाउँहरूको प्रवर्द्धन गर्न पदमार्गहरूको निर्माण गरिनेछ ।<br>१.७.३ पदमार्ग निर्माण तथा ब्यवस्थापनको लागि समुदाय तथा स्थानीय तहलाई व्यापक रुपमा परिचालन गरिनेछ । |
| १.८ जलयातायातको विस्तारको लागि संभाव्यता अध्ययन गरी विस्तार गर्ने । | १.८.१ जलयातायातको संभावना रहेका नदी तथा ताल क्षेत्रहरूको सम्भाव्यता अध्ययन गरी संभाब्य क्षेत्रमा जल यातायात सञ्चालन गरिनेछ । |
| १.९ रेल मार्गको निर्माणमा जनमत निर्माण गर्ने । | १.९.१ रसुवागढी, काठमाण्डौ, पोखरा र पूर्व पश्चिम रेलमार्गको तमसरिया बुटवल खण्डमा पर्ने नलवपुर क्षेत्रको रेलमार्ग निर्माण गर्न नेपाल सरकारसँग सहकार्य गरिनेछ । |
| **उद्देश्य २: सडक, हवाईमार्ग र रेल मार्ग जस्ता यातायात पूर्वाधारको उचित संरक्षण, मर्मत सम्भार तथा ब्यवस्थापन गरी सहज आवतजावतको व्यवस्था मिलाउनु ।** | |

| रणनीति | कार्यनीति |
|---|---|
| २.१ सार्वजनिक, निजी तथा सामुदायिक क्षेत्रको सहभागितामा सडकको संरक्षण, मर्मतसम्भार तथा व्यवस्थापन गर्ने । | २.१.१ सडक पूर्वाधारको उचित संरक्षण, मर्मत सम्भार तथा व्यवस्थापन गर्न संस्थागत सुदृढीकरण गरिनेछ ।<br>२.१.२ संघ, प्रदेश तथा स्थानीय तहको जिम्मेवारी तोकी सडक तथा पदमार्ग पूर्वाधारको संरक्षण, मर्मतसम्भार तथा व्यवस्थापन गरिनेछ ।<br>२.१.३ सडक तथा पदमार्ग पूर्वाधारको संरक्षण, मर्मतसम्भार तथा व्यवस्थापनमा प्रयोगकर्ता तथा समुदायलाई पनि सहभागी गराई जनशक्ति तथा वित्तीय स्रोतको व्यवस्थापन गरिनेछ ।<br>२.१.४ १८ वर्ष माथिका प्रत्येक नागरिकलाई सडक तथा पदमार्गको संरक्षण, मर्मतसम्भार तथा व्यवस्थापन प्रति उत्तरदायी बनाईनेछ ।<br>२.१.५ अध्ययन तथा अनुसन्धानमा आधारित पूर्वाधार निर्माण र व्यवस्थापनका लागि विश्वविद्यालय तथा निजी क्षेत्रसँग सहकार्य गरिनेछ । |

### ६.३.६ कार्यक्रमका प्राथमिकता

**क. सडक**

१. प्रदेश राजधानी पोखराबाट स्थानीय तहका केन्द्र जोड्ने सडकको ट्र्याक खोल्ने, स्तरोन्नति गर्ने र कालोपत्रे गर्ने ।
२. भिमाद, डेडगाउँ, दुम्कीवास, त्रिवेणी सडकको निर्माण गर्ने ।
३. निर्वाचन क्षेत्र पूर्वाधार सडक निर्माण गर्ने ।
४. पोखरा चक्रपथ निर्माण गर्ने ।

**ख. रेल**

१. नेपाल सरकारको समन्वयमा काठमाडौं-पोखरा रेलमार्गको सम्भाव्यता अध्ययन गर्ने ।
२. नेपाल सरकारको समन्वयमा नारायणगढ, वुटवल खण्डको नवलपुर जिल्लामा पर्ने रेलमार्गको निर्माण गर्ने ।

**ग. हवाई मार्ग**

१. नेपाल सरकारको सहयोगमा मुस्ताङ्गको चराङमा आन्तरिक बीमानस्थल निर्माण गर्ने ।

## ६.३.७ विस्तृत कार्यक्रम

| क्र.सं. | उद्देश्य नं. | रणनीति नं. | कार्यनीति नं. | संकेत | कार्यक्रम | इकाई | आधार वर्ष तथ्याङ्क ०७५/७६ | लक्ष्य | | | | | योजना अवधिको जम्मा लक्ष्य | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | |
| १ | १ | १.१ | १.१.१ १.१.२ | ग | प्रादेशिक यातायात पूर्वाधार विकास गुरुयोजना निर्माण | संख्या | | | १ | | | | १ | भौपूविम |
| २ | | | १.१.१ | क | प्रदेश र स्थानीय तह केन्द्र जोड्ने मूल सडक स्तरउन्नोती तथा कालोपत्रे | कि.मि. | ४०० | १५० | २५० | २६० | ३०० | ३०० | १२६० | " |
| ३ | | | १.१.२ | ग | अन्तर प्रदेशीय रणनीतिक सडक : पोखरा- दुम्कीवास- सुस्ता-त्रिवेणी सडक स्तरोन्नति (कालोपत्रे) | कि.मि. | ३८ | | २० | २० | २० | १२ | ७२ | " |
| ४ | | | १.१.२ | ग | अन्तर प्रदेशीय रणनीतिक सडक : पोखरा मुग्लिन सडक ४ लेनमा स्तरोन्नति | कि.मि. | | DPR | १० | ४० | ४० | ३ | ९३ | " |
| ५ | | | १.१.२ | ग | अन्तर प्रदेशीय रणनीतिक सडक : पोखरा कोराला सडक स्तरोन्नति (कालोपत्रे) | कि.मि. | ७५ | ५० | ५० | ३५ | ३५ | २६ | १९६ | " |
| ६ | | | १.१.२ | ग | अन्तर प्रदेशीय रणनीतिक सडक : पोखरा बुटवल सडक स्तरोन्नति अन्तर्गत राम्दी पोखरा खण्ड | कि.मि. | | | | २० | २५ | ४५ | ९० | " |
| ७ | | | १.१.२ | ग | मध्यपहाडी लोकमार्गको गोरखा, लमजुङ, कास्की, पर्वत र बाग्लुङ खण्ड (३५० किमि) स्तरोन्नति र कालोपत्र | कि.मि. | | २५ | ५० | ७५ | १०० | १०० | ३५० | " |
| ८ | | | १.१.२ | ग | गण्डकी प्रदेश विकास अक्ष र उत्पादकत्व वृद्धि गर्न सघाउ पुऱ्याउने पर्यटन सडक तथा अन्य सडक सञ्जाल स्तरोन्नति | कि.मि. | | ५० | १०० | ३०० | ३५० | ३३९ | ११३९ | " |
| ९ | | | १.१.४ | ख | बृहत पोखरा चक्रपथ निर्माण | कि.मि. | | PFSR | FSR | FSR | ५० | ४५ | ९५ | " |
| १० | | | १.१.५ | क | सडकपहुँच पुगेका तर पुल अभावको कारण वर्षायाममा यातायात सञ्चालन हुन नसकेका सडक खण्डमा मोटरपुल निर्माण | संख्या | २८८ | ७० | ७० | ७० | ४० | ४० | २९० | " |
| ११ | | | १.१.६ | ख | प्रदेशका विभिन्न सडकहरूलाइ चाक्लो, ग्राभेलिङ र स्तरोन्नति गर्ने | कि.मि. | १३८५ | २१५ | ३०० | ३०० | ५०० | ५०० | १८१५ | " |
| १२ | | | १.१.७ | ख | धुले र कच्ची सडक | कि.मि. | ८५२६ | ८२५० | ७४५० | ६६९० | ६००० | ५५०० | ३०२६ | " |
| १३ | | | १.१.८ | ख | मुख्य शहरी क्षेत्रमा वसपार्क निर्माण (पोखरा पृथ्वी चोक, लेखनाथको लामेआहाल, वेनी वजार) | संख्या | | | | १ | १ | १ | ३ | |
| १४ | | १.२ | १.२.१ | ग | पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय बीमानस्थल निर्माण | संख्या | निर्माणाधीन | | | | सञ्चालन | | १ | मुमका |
| १५ | | | १.२.२ | ग | सञ्चालित हुम्डे र जोमसोम आन्तरिक बीमानस्थल स्तरोन्नति | संख्या | २ | | | १ | १ | | २ | भौपूविम |

| क्र.सं. | उद्देश्य नं. | रणनीति नं. | कार्यनीति नं. | संकेत | कार्यक्रम | इकाई | आधार वर्ष तथ्याङ्क ०७५/७६ | लक्ष्य | | | | | योजना अवधिको जम्मा लक्ष्य | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | |
| १६ | | | १.२.३ | ग | मुस्ताङ्गको चराङमा आन्तरिक बीमानस्थल निर्माण | संख्या | | तयारी | तयारी | तयारी | तयारी | १ | १ | भौपूविम |
| १७ | | | १.२.३ | ग | सञ्चालनमा नरहेका बीमानस्थल सञ्चालनमा ल्याउने | संख्या | ३ | तयारी | तयारी | १ | १ | १ | ३ | " |
| १८ | | १.३ | १.३.१ | ख,ग | नगरपालिका क्षेत्रमा पूर्वाधार निर्माणलाई एकीकृत् रुपमा सञ्चालन | संख्या | | | ५ | ५ | ५ | १२ | २७ | " |
| १९ | | | १.३.२ | क | गण्डकी प्रदेश अन्तर्गत यातायात पहुँचलाइ छिटो र सुविधायुक्त बनाउन सुरुङ्गमार्ग निर्माण गर्न उपयुक्त हुने खण्ड पहिचानका लागि सम्भाव्यता अध्ययन | प्याकेज | | | १ | | | | १ | " |
| २० | | | १.३.३ | ग | सुरुङ्गमार्ग र रेल्वे इन्जिनियरिङ्ग सम्वन्धित जनशक्ति उत्पादनको लागि विश्वविद्यालयसँग सहकार्य | संख्या | | पाठ्यक्रम विकास | कक्षा सञ्चालन | | | | १ | " |
| २१ | | | १.३.४ | ख, ग | पोखरा लगायतका शहरी क्षेत्रमा फ्लाई ओभर र अन्डरवे जस्ता पूर्वाधार निर्माण | संख्या | | | १ | | १ | | २ | " |
| २२ | | | १.३.५ | क | भौगोलिक भू-बनोटको संरक्षण र वातावरणीय सन्तुलन कायम गर्न प्रदेश स्तरबाट सडक स्तरोन्नति गर्ने कार्यका लागि आवश्यक कार्यविधि बनाइ आवश्यकता अनुसार बायो इन्जिनियरिंङ्ग प्राविधिको प्रयोगलाई बिस्तार गर्ने | कि.मि | | १५ | २० | २५ | ३० | ३५ | १२५ | " |
| २३ | | १.४ | १.४.१ | ग | काठमाडौं-पोखरा १८७ कि.मि रेलमार्ग निर्माणको लागि सम्भाव्यता अध्ययन र वृहत्तर आयोजना प्रतिवेदन निर्माण | संख्या | | तयारी | PFSR | DPR | DPR | DPR | | मुमका |
| २४ | | | १.४.१ | ग | नारायणगढ-बुटवल खण्ड रेलमार्ग मध्ये ८० कि.मि नवलपुर खण्ड निर्माण | | | तयारी | तयारी | तयारी | ४० | ४० | ८० | भौपूविम |
| २५ | | | १.४.१ | क | रणनीतिक महत्वको पूर्वाधार निर्माणका सरकारी र निजी क्षेत्रको साझेदारी नीति निर्माण | संख्या | | | १ | | | | १ | " |
| २६ | | | १.४.१ | क | प्रदेश भित्रका ठुला नदीहरूमा लामो र विशेष प्रकृतिका सिग्नेचर पुल निर्माण (डिजाइन एण्ड बिल्ड प्रक्रिया मार्फत्) | संख्या | | | | १ | २ | २ | ५ | " |
| २७ | | | १.४.१ | क | सत्रसय-बन्दीपुर, पामे-सारंगकोट, बिरेठाटी-मुक्तिनाथ, धारापानी-मौलाकालिका केवलकार निर्माण | संख्या | | १ | | १ | १ | १ | ४ | " |
| २८ | | १.५ | १.५.१ | ख | शहरी क्षेत्रका सडक सम्बन्धमा छुट्टै शहरी सडक मापदण्ड निर्माण बनाइ ज्येष्ठ नागरिक, बालबालिका र अपाङ्गमैत्री सडक निर्माणका लागि स्थानीय तहसँगको सहकार्यमा सडक निर्माण | कि.मि | | मापदण्ड | मापदण्ड | मापदण्ड | २० | २० | ४० | " |

| क्र.सं. | उद्देश्य नं. | रणनीति नं. | कार्यनीति नं. | संकेत | कार्यक्रम | इकाई | आधार वर्ष तथ्याङ्क ०७५/७६ | लक्ष्य | | | | | योजना अवधिको जम्मा लक्ष्य | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | |
| २९ | | | १.५.१ | ख | सवारी नियमहरूको जानकारी गराउने, नियमन गर्ने र नियन्त्रण गर्नको लागि आवश्यक नीतिगत सुधार सहित कार्यक्रम कार्यन्वयन | प्याकेज | | | नीति निर्माण | १ | १ | १ | १ | भौपूविम |
| ३० | | १.६ | १.६.१ | क | सडक यातायातको पहुँच नपुगेका क्षेत्रमा झो.पु. निर्माण | संख्या | १५९६ | ५० | ६५ | ६५ | ७० | | २५० | ” |
| ३१ | | | १.६.१ | ख | बिगतमा संघीय सरकारका विभिन्न निकायबाट निर्माण भएका झोलुङ्गे पुलहरूको नियमित मर्मत तथा संरक्षणको लागि स्थानीय तह सँगको सहकार्यमा झो.पु.हेरालु कार्यक्रम | संख्या | | ३५० | ३५० | ३५० | ४०० | ३९६ | १८४६ | ” |
| ३२ | | १.७ | १.७.१ | क, ख | पर्यटकीय क्षेत्रमा पदमार्ग निर्माण | कि.मि | २०० | ५० | ५० | ५० | ५० | ५० | २५० | भौपूविम उपबबाम |
| ३३ | | १.८ | १.८.१ | ख | पर्यटन प्रवर्द्धन र स्थानीय यातायात सहज हुने जलयातायातको लागि उपयुक्त स्थान पहिचान, सम्भाव्यता अध्ययन | संख्या | | | १ | | | | १ | भौपूविम |
| ३४ | | १.९ | १.९.१ | ग | नेपाल सरकारको रेलमार्ग निर्माण गर्ने नीति तथा कार्यक्रम अन्तर्गत गण्डकी प्रदेश खण्डको लागि समन्वय र सहकार्य | प्याकेज | | १ | १ | १ | १ | १ | १ | मुमका |
| ३५ | | | १.९.२ | क | सडक खण्ड छोट्याउन सकिने खण्डहरूमा सुरुङ मार्ग निर्माणको लागि सम्भाव्यता अध्ययन | प्याकेज | | १ | १ | १ | १ | १ | १ | भौपूविम |
| ३६ | २ | २.१ | २.१.१ | क | प्रादेशिक सडकहरूको मर्मत सम्भार | कि.मि | | २०० | २०० | २०० | २०० | २०० | १००० | ” |
| ३७ | | | २.१.२ | ख | स्थानीय सडकहरूको मर्मत सम्भार | कि.मि | | ४०० | ४०० | ४०० | ४०० | ४०० | २००० | ” |
| ३८ | | | २.१.३ | ख | नियमित सडक मर्मतको लागि सडक हेरालु तालिम तथा सीप विकास | संख्या | | | ५० | ५० | ५० | ५० | २०० | ” |
| ३९ | | | २.१.४ | ख | सडक सम्पतिको संरक्षण र हेरचाह गर्नको लागि कार्यविधि निर्माण | संख्या | | | १ | | | | १ | ” |
| ४० | | | २.१.५ | क | १.३.३ ले समेटेको | संख्या | | १ | | | | | १ | ” |

## ६.३.७ नतिजा

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७५/७६ | उपलब्धि २०७६/७७ | उपलब्धि २०७७/७८ | उपलब्धि २०७८/७९ | उपलब्धि २०७९/८० | उपलब्धि २०८०/८१ | योजना अवधिका उपलब्धि | तथ्याङ्कको स्रोत | जिम्मेवार निकाय | जोखिम अनुमान | प्रसमसं संकेत | दिविल संकेत | दीराल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **प्रभाव** | **गुणस्तरीय यातायात पूर्वाधारको विकास, विस्तार र व्यवस्थापन भई सामाजिक–आर्थिक अवसर हरूमा नागरिकहरूको पहुँच वृद्धि भएको हुने** | **बाह्रै महिना सवारी साधन सञ्चालन योग्य सडकको २ कि.मि. दूरीभित्र बसोबास गर्ने जनसंख्याको अनुपात** | **प्रतिशत** | ८५ | ८७.२६ | ८९.५२ | ९१.७८ | ९४.०४ | ९६.३ | ९६.३ | **भौपूविमको प्रतिवेदन** | **भौपूविम** | | ५ | ९ | ३ |
| | | **घरबाट ३० मिनेटको पैदलयात्रामा सडकमा पहुँच भएका जनसंख्याको अनुपात** | **प्रतिशत** | ८० | ८२ | ८५ | ८८ | ९२ | ९६ | ९६.० | " | " | | ५ | ९ | ३ |
| | | **समग्रमा सडकको घनत्व** | **कि.मि./व.कि.मि.** | ०.४९ | ०.५२ | ०.५४ | ०.५६ | ०.५९ | ०.६१ | ०.६१ | " | " | | ५ | ९ | ३ |
| | | **पक्की/कालोपत्रे सडकको घनत्व** | **कि.मि./व.कि.मि.** | ०.०४ | ०.०६ | ०.०८ | ०.१ | ०.१२ | ०.१५ | ०.१५ | " | " | | ५ | ९ | ३ |
| **असर १** | प्रदेशको आर्थिक तथा सामाजिक गतिविधिलाई सन्तुलित, समावेशी, गतिशील बनाउन योगदान गर्ने रणनीतिक महत्वका यातायात पूर्वाधार सुदृढ भएको हुने | सडक निर्माणले गुणस्तरीय यातायात सेवा प्रवाह भएको छ भनि विश्वास गर्ने जनता | प्रतिशत | | | | | | | | स्वतन्त्र अध्ययन प्रतिवेदन | " | | ५ | ९ | ३ |
| | | सडक निर्माणले कृषि उत्पादन वृद्धि गर्न योगदान गरेको छ भनि विश्वास गर्ने जनता | प्रतिशत | | | | | | | | " | " | | ५ | ९ | ३ |
| | | सडक निर्माणले पर्यटन आगमनमा उल्लेखनीय वृद्धि गर्न योगदान गरेको छ भनि विश्वास गर्ने जनता | प्रतिशत | | | | | | | | " | " | | ५ | ९ | ३ |
| | | गुणस्तरीय यातायात पूर्वाधार निर्माणले गर्दा बसाइँसराइँ गरि शहर जानु पर्छ भन्ने लाग्दैन भनि विश्वास गर्ने जनता | प्रतिशत | | | | | | | | " | " | | ५ | ९ | ३ |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७५/७६ | उपलब्धि | | | | | योजना अवधिका उपलब्धि | पुष्ट्याइँको श्रोत | जिम्मेवार निकाय | जोखिम अनुमान | प्रसमसं संकेत | दिविल संकेत | दीराल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | | | | | | |
| **प्रतिफल** १.१ | प्रदेश केन्द्र र स्थानीय तह केन्द्र जोड्ने मूल सडकको कालोपत्रे भएको हुने | प्रदेश र स्थानीय तह केन्द्र जोड्ने कालोपत्रे सडकको लम्बाई | कि.मि. | ४०० | १५० | २५० | २६० | ३०० | ३०० | १२६० | भौपूविमको प्रतिवेदन | भौपूविम | | ५ | ९ | ३ |
| **प्रतिफल** १.२ | प्रादेशिक र अन्तरप्रदेशीय व्यावसायिक तथा व्यापारिक गतिविधिलाई गतिशील बनाउन भूमिका खेल्ने रणनीतिक सडकहरूको निर्माण तथा स्तरवृद्धि भएको हुने | पोखरा-दुम्कीवास-सुस्ता त्रिवेणी सडक स्तरोन्नति (कालोपत्रे) | कि.मि. | ३८ | | २० | २० | २० | १२ | ७२ | " | " | नेपाल सरकार सँग समन्वय हुने | ५ | ९ | ३ |
| | | पोखरा मुग्लिन सडक ४ लेनमा स्तरोन्नति | कि.मि. | | | १० | ४० | ४० | ३ | ९३ | " | " | " | ५ | ९ | ३ |
| | | ४ लेनको पोखरा चक्रपथ निर्माण | कि.मि. | | | | २५ | ४५ | २५ | ९५ | " | " | " | ५ | ९ | ३ |
| | | २ लेनको पोखरा कोराला सडक स्तरोन्नति (कालोपत्रे) | कि.मि. | ७५ | ५० | ५० | ३५ | ३५ | २६ | १९६ | " | " | " | ५ | ९ | ३ |
| | | पोखरा बुटवल सडक स्तरोन्नति अन्तर्गत राम्दी पोखरा खण्ड स्तरोन्नति | कि.मि. | | | | २० | २५ | ४५ | ९० | " | " | " | ५ | ९ | ३ |
| | | मध्यपहाडी लोकमार्गको गोरखा, लमजुङ्ग, कास्की, पर्वत र बाग्लुङ्ग खण्ड (३५० किमि) २ लेनमा स्तरोन्नति तथा निर्माण | कि.मि. | | २५ | ५० | ७५ | १०० | १०० | ३५० | " | " | " | ५ | ९ | ३ |
| **प्रतिफल** १.३ | सडकपहुँच पुगेका तर पुल अभावको कारण वर्षायाममा यातायात सञ्चालन हुन नसकेको सडक खण्डमा मोटरपुल भएको हुने | मोटरपुलको निर्माण | संख्या | २८८ | ७० | ७० | ७० | ४० | ४० | २९० | " | " | " | ५ | ९ | ३ |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७५/७६ | उपलब्धि | | | | | योजना अवधिका उपलब्धि | पुष्ट्याइँको श्रोत | जिम्मेवार निकाय | जोखिम अनुमान | प्रसमसं संकेत | दिविल संकेत | दीराल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | | | | | | |
| **प्रतिफल १.४** | स्थानीय तहको केन्द्र र वडा जोड्ने सडक प्राथमिकताका साथ निर्माण भएको हुने | प्रदेशको विभिन्न सडकहरूको स्तरोन्नति (चाक्लो र ग्राभेलिङ) | कि.मि. | १३८५ | २१५ | ३०० | ३०० | ५०० | ५०० | १८२५ | भौपूविमको प्रतिवेदन | भौपूविम | स्थानीय तहसँग समन्वय हुने | ५ | ९ | ३ |
| | | धुले र कच्ची सडक | कि.मि. | ८५२६ | ८२५० | ७४५० | ६६९० | ६००० | ५५०० | ३०२६ | " | " | " | ५ | ९ | ३ |
| **प्रतिफल १.५** | निर्माणाधीन पोखरा अन्तर्राष्ट्रिय बीमानस्थलको निर्माण र सञ्चालन भएको हुने | पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय बीमानस्थलको निर्माण | संख्या | निर्माणाधिन | | | | सञ्चालन | | १ | नागरिक अधययन प्राधिकरणको प्रतिवेदन | " | नेपाल सरकार सँग समन्वय हुने | ५ | ९ | ३ |
| **प्रतिफल १.६** | मुस्ताङ्गमा चराङ अन्तरिक बीमानस्थल निर्माण र सञ्चालन भएको हुने | मुस्ताङ्गमा अन्तरिक बीमानस्थल | संख्या | | तयारी | तयारी | तयारी | तयारी | १ | १ | " | " | " | ५ | ९ | ३ |
| **प्रतिफल १.७** | सडक सञ्जाल नपुगेका ठाउँहरूमा झोलुङ्गे पुल निर्माण भई यातायातमा पहुँच अभिबृद्धि भएको हुने | झोलुंगे पुल | संख्या | १५९६ | ५० | ६५ | ६५ | ७० | | २५० | भौपूविमको प्रतिवेदन | " | | ५ | ९ | ३ |
| **प्रतिफल १.८** | काठमाडौँ-पोखरा १८७ कि.मि रेलमार्ग निर्माणको लागि म्एच तयार हुने | काठमाडौँ-पोखरा रेलमार्ग | कि.मि. | तयारी | PFSR | DPR | DPR | DPR | | | रेल विभाग | " | नेपाल सरकार सँग समन्वय हुने | ५ | ९ | ३ |
| **प्रतिफल १.९** | नारायणगढ-बुटवल खण्ड रेलमार्ग मध्ये ८० कि.मि नवलपुर खण्ड निर्माण भई सञ्चालनमा आएको हुने | | | | तयारी | तयारी | तयारी | ४० | ४० | ८० | भौपूविमको प्रतिवेदन | " | | ५ | ९ | ३ |
| **असर २** | यातायात पूर्वाधारको उचित संरक्षण, मर्मतसम्भार भई दिगो व्यवस्थापन भएको हुने | सडकको उचित संरक्षण र मर्मतसम्भार हुने गरेको छ भनि विश्वास गर्ने जनता | प्रतिशत | | | | | | | | स्वतन्त्र अध्ययन प्रतिवेदन | " | | ५ | ९ | ३ |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७५/७६ | उपलब्धि | | | | | योजना अवधिका उपलब्धि | पुष्ट्याईंको श्रोत | जिम्मेवार निकाय | जोखिम अनुमान | प्रसमुसं संकेत | दिविल संकेत | दीराल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | | | | | | |
| **प्रतिफल** २.१ | संघ, प्रदेश तथा स्थानीय तहको जिम्मेवारी तोकी सडक तथा पदमार्ग पूर्वाधारको संरक्षण, मर्मतसम्भार तथा व्यवस्थापन भएको हुने | सडक विभागले हेर्ने सडक लम्वाई | कि.मि. | | | | | | | | सवि/ भौपूविम | भौपूविम | | ५ | ९ | ३ |
| | | प्रदेश सरकारले हेर्ने सडक लम्वाई | कि.मि. | | | | | | | | भौपूविमको प्रतिवेदन | " | | ५ | ९ | ३ |
| | | स्थानीय तहले हेर्ने सडक लम्वाई | कि.मि. | | | | | | | | भौपूविमको प्रतिवेदन | " | | ५ | ९ | ३ |
| | | पदमार्गहरूको लम्वाई | कि.मि. | | | | | | | | " | " | | ५ | ९ | ३ |
| **प्रतिफल** २.२ | यातायात पूर्वाधारको संरक्षण, मर्मतसम्भार तथा व्यवस्थापनमा प्रयोगकर्ता तथा समुदायको समेत सहभागितामा भएको हुने | सडक हेरालु | संख्या | | | ५० | ५० | ५० | ५० | २०० | सवि/ भौपूविम | " | | ५ | ९ | ३ |
| | | सडक प्रयोगकर्ताहरूवाट रकम संकलन गर्ने वैज्ञानिक प्रणालीको व्यवस्था | संख्या | | | | | १ | | १ | भौपूविमको प्रतिवेदन | " | | ५ | ९ | ३ |

**लगानीः यातायात पूर्वाधार क्षेत्रको लगानी, कर्मचारीको क्षमता विकास तालिम, मेसिनरी तथा कच्चा पदार्थ, प्रविधि प्रयोगको क्षमता वृद्धि तालिम आदि।**

## ६.४ सिंचाई

### ६.४.१ पृष्ठभूमि

गण्डकी प्रदेशको कुल भू-भाग २१,९७,३६८ हेक्टर मध्ये खेतीयोग्य जमिन २२.२ प्रतिशत अर्थात् ४,८७,८१६ हेक्टर छ। कुल खेतीयोग्य जमीनको ७६ प्रतिशत अर्थात् ३,७०,७४० जमिनमा मात्र खेती गरिएको छ भने बाँकी २४ प्रतिशत जमिन बांझो छ। खेती गरिएको जमिनमध्ये कुल सिंचित जमिन ३६.१ प्रतिशत अर्थात् १,३३,८३७ हेक्टर छ, जसमा ४६.२ प्रतिशत अर्थात् ६१,८३३ हेक्टरमा बाह्रै महिना सिंचाई पुगेको छ भने बाँकी ५३.८ प्रतिशत अर्थात् ७२,०३३ हेक्टर मौसमी सिंचाइमा भर पर्नुपर्ने हुन्छ। नयाँ खेतीका विधि तथा ढाँचाहरूको अभ्यास गर्न र उत्पादकत्व बढाई खाद्य सुरक्षा तथा गरिबी निवारणमा योगदान पुऱ्याउन सिंचाईको मुख्य भूमिका रहने हुँदा उच्च प्राथमिकताका साथ कार्य गर्नु पर्ने आवश्यकता रहेको छ।

### ६.४.२ प्रमुख समस्या

सिंचाई गुरुयोजना बनाई योजनाबद्ध विकास तथा व्यवस्थापन गर्न नसक्नु, दिगो सिंचाईको व्यवस्था गर्न नसक्दा उत्पादकत्व कम हुने र खाद्यान्न उत्पादन प्रति कृषक तथा समुदायको उत्साहजनक आकर्षण नहनु, ठूला कमान्डक्षेत्र रहेका नवलपुर, मर्स्याङ्दी, मादी, कालीगण्डकी करिडोर र ठूला टारहरूमा आवश्यकता अनुसारको ठूला र बहुउद्देश्यीय सिंचाई आयोजनाहरू विस्तार गर्न नसक्नु, परम्परागत कृषक कुलोहरूको आधुनिकीकरण तथा सुधार हुन नसक्नु, सिंचाई सुविधा पुगेको भूमिमा खण्डीकरण तथा अव्यवस्थित शहरीकरण हुन गई पानीको अधिकतम प्रयोग नहुनु तथा आवश्यकता रहेको ठाउँमा सिंचाईको व्यवस्था गर्न नसक्नु, थोरै पानीको प्रयोग गरी धेरै भू-भागमा सिंचाई गर्न सकिने प्रविधिहरूको कम उपयोग हुनु, शहर बजार नजिकका नदी र नालाहरूबाट अनियन्त्रित रुपमा नदीजन्य निर्माण सामाग्री निकाल्ने प्रवृतिले गर्दा कुलोको बाँध भन्दा खोलाको बेडलेभल गहिरिदै जाँदा सिंचाई योजनाहरू जोखिममा पर्ने र भूक्षय बढ्दै जानु, सडक पूर्वाधार निर्माणका क्रममा सिंचाइका संरचनाहरूमा भएको क्षतिको पुनर्स्थापना नहुनु, अन्य भौतिक पूर्वाधारहरूको तुलनामा सिंचाई पूर्वाधारप्रति समुदायहरूको चासो कम रहनु, आदि सिंचाई क्षेत्रका समस्याहरू हुन्।

### ६.४.३ चुनौती र अवसर

**चुनौती**

प्रदेशका नवलपुर, मर्स्याङ्दी, मादी तथा कालीगण्डकी करिडोर र ठूला टारहरूमा दिगो सिंचाईको व्यवस्था गर्नु, उच्च हिमाली तथा पहाडी भू-भागहरूमा उपयुक्त प्रविधिको प्रयोग गरी सिंचाई सुविधा पुऱ्याउनु, सञ्चालनमा रहेका सिंचाई आयोजनाहरूको मर्मत सम्भार तथा अधिकतम प्रयोग गर्नु, सिंचाई सेवा शुल्क संकलन कार्य प्रभावकारी बनाई आयोजनाहरूको मर्मतसम्भार, सञ्चालन तथा व्यवस्थापनलाई दिगो बनाउनु, सिंचाई आयोजना विकासप्रति समुदायको चासो वृद्धि गर्नु, जलवायु परिवर्तन तथा नदीजन्य निर्माण सामग्रीको अब्यवस्थित दोहनले सिंचाई क्षेत्रमा पारेको असरहरूको पहिचान गरी असर न्यूनीकरण गर्नु आदि सिंचाई क्षेत्रका चुनौतीहरू हुन्।

**अवसर**

सिंचाई क्षेत्र गण्डकी प्रदेश सरकारको उच्च प्राथमिकतामा पर्नु, प्रचुर मात्रामा पानीको स्रोतको उपलब्धता रहेको हुनाले सतह सिंचाईको माध्ययमबाट नै धेरैजसो ठाउँमा सिंचाई सुविधा पुऱ्याउन सकिने सम्भावना रहनु, सतह सिंचाईको सम्भावना नभएका पहाडि भू-भागका पाखो तथा टारहरूमा नयाँ प्रविधिको प्रयोग गरी सिंचाईको व्यवस्था गर्ने सम्भावना रहनु, ठूला ब्यावसायिक कृषि फार्म तथा आयोजनाहरू विकासतर्फ निजी क्षेत्रको आकर्षण बढ्दै जाँदा सिंचाईको सुविधाको माग बढ्दो क्रममा रहनु, विश्व बजारमा सिंचाईको लागि उपलब्ध पानीको दक्षतापूर्वक प्रयोग गर्न सहयोग पुऱ्याउने विभिन्न नयाँ प्रविधिहरूको विकास हुँदै जानु आदि यस क्षेत्रका अवसरहरू हुन्।

### ६.४.४ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

**सोच**

खाद्यान्न उत्पादन र उत्पादकत्व वृद्धिको मूल आधार, दिगो सिचाई विकास ।

**लक्ष्य**

सिंचाई प्रणाली तथा नजिकको विकास र कुशल व्यवस्थापन गरी कृषि उत्पादकत्व बृद्धि गर्ने ।

**उद्देश्य**

१. सिंचित कृषि क्षेत्रको विस्तार र परम्परागत तथा जीर्ण सिंचाई पूर्वाधारको सुधार तथा पुनर्स्थापना गर्नु ।
२. टार क्षेत्रमा सिंचाई सुविधाको विस्तार गर्नु ।
३. सिंचाई प्रणाली तथा नदीको दिगो तथा प्रभावकारी व्यवस्थापन गर्नु ।

### ६.४.५ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १: सिंचित कृषि क्षेत्रको विस्तार र परम्परागत तथा जीर्ण सिंचाई पूर्वाधारको स्तरोन्नति गर्नु ।** | |
| १.१ उत्पादन र उत्पादकत्व वृद्धिको सम्भावना बोकेका ठूला कमाण्ड क्षेत्र तथा खाद्य असुरक्षित क्षेत्रलाई प्राथमिकतामा राखेर सिंचाई प्रणालीको विकास गर्ने । | १.१.१ भूमि प्रयोग नक्सा, खेतीको परिदृश्य, खेती अनुसार पानीको आवश्यकता र स्रोत पहिचान र सम्भावित सिचाई योजनाका परिदृश्यहरू समेत प्रतिविम्बित हुने गरी विस्तृत "**प्रदेश सिंचाई गुरुयोजना**" तयार गरिनेछ ।<br>१.१.२ चक्लाबन्दी भएका क्षेत्र, कृषि पकेट क्षेत्र तथा जोन र निजी ठूला कृषि फार्ममा, आवश्यकताको आधारमा सिंचाईको व्यवस्था गरिनेछ ।<br>१.१.३ साना कमाण्ड क्षेत्र भएका उच्च पहाडी तथा हिमाली क्षेत्रमा एक योजनाले खानेपानी र सिंचाई दुवै सुविधा पुरा हुने सम्भावना रहेका क्षेत्र पहिचान गरी एकीकृत् रुपमा विकास गरिनेछ।<br>१.१.४ परम्परागत कृषक कुलोहरू तथा जीर्ण सिंचाई आयोजनाहरूको भौतिक पूर्वाधारको स्तरोन्नति वा आधुनिकीकरण गरी बाह्रै महिना सिंचाई सुविधा पुऱ्याइनेछ । |
| **उद्देश्य २: टार क्षेत्रमा सिंचाई सुविधाको विस्तार गर्नु ।** | |
| २.१ पहाडका टारहरूमा सिंचाई सुविधाको विस्तार गर्न विशेष प्राथमिकता दिने । | २.१.१ कालीगण्डकी करिडोर, मर्स्याङ्दी करिडोर, मादी करिडोर, आँधीखोला करिडोर, भित्री मधेश र ठूला टारहरूलाई विशेष प्राथमिकतामा राखेर योजनाबद्ध सिंचाई विकास गरिनेछ ।<br>२.१.२ सतह सिंचाईको सम्भावना नभएका पाखो, बेसी र टारहरूमा भूमिगत सिंचाइ, विद्युत् तथा सोलार लिफ्ट, पाइप, साना जलाशय तथा पोखरी निर्माण र बर्षातको पानी संकलन गरी सिंचित क्षेत्रको ब्यापक विस्तार गरिनेछ । |
| **उद्देश्य ३: सिंचाई प्रणालीको दिगो तथा कुशलतापूर्वक सञ्चालन र व्यवस्थापन गर्नु ।** | |
| ३.१ सिंचाई प्रणालीको व्यवस्थापनको लागि संस्थागत संरचना सुदृढीकरण गर्ने । | ३.१.१ जल उपभोक्ता संस्थाको संस्थागत क्षमता विकास गरिनेछ ।<br>३.१.२ सिंचाई योजनाको सञ्चालन र व्यवस्थापनलाई आत्मनिर्भर बनाउन सिंचाई सेवा शुल्क निर्धारण गरी संकलन गर्ने कार्यलाई कानूनी र प्रक्रियागत व्यवस्था गर्न आवश्यक कानून निर्माण गरी लागु गरिनेछ । |
| ३.२ सिंचित क्षेत्रको संरक्षण तथा पानीको कुशल प्रयोग दक्षता वृद्धि गर्ने । | ३.२.१ सिंचाई सुविधा पुगेको भूमिमा खण्डीकरण तथा अव्यवस्थित शहरीकरण हुने कार्यलाई निरुत्साहित गरिनेछ ।<br>३.२.२ सिंचाई पानीको कुशलतापूर्वक प्रयोग गरी उत्पादकत्व बढाउन भूमिका खेल्न सक्ने नयाँ प्रविधिहरूको पहिचान गरी कृषक तथा समुदायलाई हस्तान्तरण गरिनेछ ।<br>३.२.३ सिंचाई सुविधा पुगेका क्षेत्रमा रोटेशन गरी उच्च मूल्यका बाली लगाउन प्रोत्साहन गरिनेछ । |
| ३.३ सिंचाई आयोजनाहरूको मुहान संरक्षण गर्ने । | ३.३.१ मानवीय हस्तक्षेप तथा जलवायु परिवर्तनका कारण आयोजनामा परेको असर न्यूनीकरण गर्ने विभिन्न उपायहरू खोजी गरी अबलम्बन गरिनेछ । |

### ६.४.६ कार्यक्रमका प्राथमिकता

१. प्रधानमन्त्री कृषि आधुनिकीकरण आयोजना र मुख्यमन्त्री वातावरण मैत्री नमुना कृषि गाउँ कार्यक्रमका गाउँ, पकेट क्षेत्र, ब्लक, जोन र सुपरजोनमा सिंचाई विस्तार गर्ने ।

२. प्रदेशका ठूला टारहरूमा सिंचाई विस्तार गर्ने ।

३. अधुरा सिंचाई आयोजनाको निर्माण सम्पन्न गर्ने र सम्पन्न आयोजनाको दिगो व्यवस्थापन गर्ने ।

### ६.४.७ विस्तृत कार्यक्रम

| क्र.सं. | उद्देश्य नं. | रणनीति नं. | कार्यनीति नं. | संकेत | कार्यक्रम | इकाई | आधार वर्ष ०७५/७६ | लक्ष्य | | | | | योजना अवधिको जम्मा लक्ष्य | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | २०७६/ ७७ | २०७७/ ७८ | २०७८/ ७९ | २०७९/ ८० | २०८०/ ८१ | | |
| १ | १ | १.१ | १.१.१ | क | प्रादेशिक सिंचाइ गुरुयोजना निर्माण | संख्या | | १ | | | | | १ | भौपूविम |
| २ | | | १.१.२ | ख | मुख्य कृषि कार्यक्रम सञ्चालित क्षेत्रमा मझौला सिंचाई विकास कार्यक्रम (चक्लाबन्दी भएका क्षेत्र, कृषि पकेट क्षेत्र, मुख्य मन्त्रि कृषि कार्यक्रम सञ्चालित क्षेत्र, प्रधानमन्त्री कृषि आधुनिकीकरण आयोजना सञ्चालित क्षेत्र, जोन, सुपर जोन तथा मोडल कृषि फार्म, होम स्टे आदि) | संख्या | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | " |
| ३ | | | १.१.३ | ख | करेसाबारी सिंचाई आयोजना (धाराबाट बगेर खेर गैरहेको र आकाशको पानी पोखरीमा संकलन गरी घरधुरी स्केलका करेसाबारी सिंचाई गर्ने कार्यक्रम) | संख्या | | | ५०० | ५०० | ५०० | ५०० | २००० | भूव्यकृसम |
| ४ | | | १.१.४ | क | सिंचाई प्रणालीको मर्मत सम्भार, नवीकरण र सुद्धीकरण | हेक्टर | ६१८३३ | २१६७ | ३००० | ३००० | ३००० | ३००० | १४१६७ | भौपूविम |
| ५ | २ | २.१ | २.१.१ | ग | ठुला तथा मझौला सिंचाई विकास कार्यक्रम (कालीगण्डकी करिडोर, मर्स्याङ्गदी करिडोर, मादी करिडोर, आधिखोला करिडोर, भित्रि मदेश र पहाडका ठुला टार) | हेक्टर | | १०० | २०० | ३०० | ३०० | ३०० | १२०० | " |
| ६ | | | २.१.२ | क | भूमिगत स्यालो तथा डिप ट्युवेल सिंचाइ विकास कार्यक्रम | हेक्टर | | ५०० | ६०० | ६६० | ७२६ | ७९९ | ३२८५ | " |
| ७ | | | २.१.२ | ग | नयाँ प्रविधिमा आधारित सिंचाई विकास कार्यक्रम | हेक्टर | १५० | २०० | २०० | ३०० | ३०० | ४०० | १४०० | " |
| ८ | | | २.१.२ | क | वर्षा पम्प सिंचाई विकास कार्यक्रम | हेक्टर | | ५० | ५० | ५० | ५० | ५० | २५० | " |
| ९ | ३ | ३.१ | ३.१.१ | ग | प्राविधिक तथा कृषकको क्षमता र दक्षता विकास कार्यक्रम | संख्या | ४१ | १०० | १०० | १०० | १०० | १०० | ५०० | " |

| क्र.सं. | उद्देश्य नं. | रणनीति नं. | कार्यनीति नं. | संकेत | कार्यक्रम | इकाई | आधार वर्ष ०७५/७६ | लक्ष्य | | | | | योजना अवधिको जम्मा लक्ष्य | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | २०७६/ ७७ | २०७७/ ७८ | २०७८/ ७९ | २०७९/ ८० | २०८०/ ८१ | | |
| १० | | | ३.१.२ | क | प्रदेश सिंचाइ ऐन, नियमावली, नीति, कार्यविधि तयार गरि कार्यान्वयन गर्ने | प्याकेज | १ | | १ | १ | १ | १ | १ | भौपूविम |
| ११ | | ३.२ | ३.२.१ | ग | भू-उपयोग ऐन, नियमावली, नीति र कार्यविधि निर्माण | संख्या | १ | | १ | १ | | | २ | भौपूविम भूव्यकृसम, |
| १२ | | | ३.२.२ | ग | सिंचाई पानीको कुशलतापूर्वक प्रयोग गर्न अति उपयोगी हुने नयाँ प्रविधिहरूको खोज गरि जानकारी, तालिम र प्रोत्साहन कार्यक्रम (जिल्लागत) | संख्या | | | ११ | ११ | ११ | ११ | ४४ | " |
| १३ | | | ३.२.३ | ख | १२ महिना सिंचाई पुगेका तर वर्षको एक खेती मात्र भैरहेका ठाउँहरू पहिचान | संख्या | | | १ | | | | १ | भूव्यकृसम |
| १४ | | | ३.२.३ | ख | १२ महिना सिंचाई पुगेका तर वर्षको एक खेती मात्र भैरहेका ठाउँहरूमा उच्च मूल्य पर्ने कम्तीमा दुइ खेती गर्न प्रोत्साहन प्याकेज विकास र कार्यन्यवन | प्याकेज | | | प्रोत्साहन प्याकेज विकास | कार्यन्यवन | कार्यन्यवन | कार्यन्यवन | १ | " |
| १५ | | ३.३ | ३.३.१ | ख | जोखिममा रहेका सिंचाई आयोजनाका मुहान संरक्षण कार्यक्रम | प्याकेज | | | पहिचान | १ | १ | १ | १ | भौपूविम |
| | | | ३.३.२ | क | नदी कटान व्यवस्थापन सम्बन्धी अध्ययन | प्याकेज | १ | १ | १ | १ | १ | १ | १ | |
| | | | ३.३.३ | ख ग | नदी कटान नियन्त्रण | प्याकेज | | १ | १ | १ | १ | १ | १ | भौपूविम |

### ६.४.८ नतिजा

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७५/७६ | उपलब्धि २०७६/७७ | उपलब्धि २०७७/७८ | उपलब्धि २०७८/७९ | उपलब्धि २०७९/८० | उपलब्धि २०८०/८१ | योजना अवधिका उपलब्धि | पुष्ट्याईंको श्रोत | जिम्मेवार निकाय | जोखिम अनुमान | प्रसमुसं संकेत | दिविल संकेत | दीराल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **प्रभाव** | **गुणस्तरीय र भरपर्दो सिंचाई प्रणालीको विकास तथा कुशल ब्यवस्थापन भई कृषि उत्पादन र उत्पादकत्व वृद्धि भएको हुने** | **खेती योग्य जमिन मध्ये सिंचाई पुगेको जग्गा** | **प्रतिशत** | २७.४ | | | | | | ३१.१ | **भौपूविमको प्रतिवेदन** | **भौपूविम** | | ५ | ९ | ४ |
| | | **खेती योग्य जग्गा मध्ये १२ महिना सिंचाई भएको जग्गा** | **प्रतिशत** | १२.७ | | | | | | १५.३ | | | | ५ | ९ | ४ |
| **असर १** | मुख्य कृषि कार्यक्रम सञ्चालित क्षेत्रमा सिंचाई सुबिधा विस्तार तथा स्तरोन्नति भएको हुने | मुख्य कृषि कार्यक्रम सञ्चालित जग्गामा सिंचाई सुविधा पुगेको जग्गा | हेक्टर | | | | | | | | " | " | | ५ | ९ | ४ |
| **प्रतिफल १.१** | चक्लाबन्दी भएका क्षेत्र, कृषि पकेट क्षेत्र तथा जोन, मुख्यमन्त्री कृषि कार्यक्रम सञ्चालित क्षेत्र, प्रधानमन्त्री कृषि आधुनिकीकरण आयोजना सञ्चालित क्षेत्र, जोन, सुपर जोन तथा मोडल कृषि फार्म, होम स्टे आदिमा आवश्यकता अनुसार सिंचाईको व्यवस्था भएको हुने | सिंचाईको व्यवस्था भएका मुख्य कृषि कार्यकम सञ्चालित क्षेत्र | संख्या | | | | | | | | " | " | | ५ | ९ | ४ |
| **प्रतिफल १.२** | परम्परागत कृषक कुलोहरू तथा जीर्ण सिंचाई आयोजनाहरूको भौतिक पूर्वाधारको स्तरोन्नति वा आधुनिकीकरण भई बाह्रै महिना सिंचाई सुविधा पुगेको हुने | सिंचाई प्रणालीको मर्मत सम्भार, नवीकरण र सुदृढीकरण कार्यक्रम | हेक्टर | ६१८३३ | २१६७ | ३००० | ३००० | ३००० | ३००० | १४१६७ | " | " | | ५ | ९ | ४ |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७५/७६ | उपलब्धि | | | | | | पुष्ट्याईंको श्रोत | जिम्मेवार निकाय | जोखिम अनुमान | प्रसमुसं संकेत | दिविल संकेत | दीराल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | योजना अवधिका उपलब्धि | | | | | | |
| **असर २** | प्रदेशका मुख्य टारमा सिंचाई सुविधा विस्तार भएको हुने | सिंचित टार क्षेत्रफल | हेक्टर | | | | | | | | भौपूविमको प्रतिवेदन | भौपूविम | | ५ | ९ | ४ |
| **प्रतिफल** २.१ | कालीगण्डकी करिडोर, मर्स्याङ्दी करिडोर, मादी करिडोर, आँधीखोला करिडोर, भित्री मधेश र ठूला टारहरूलाई योजनाबद्ध सिंचाई विकास भएको हुने | ठूला तथा मझौला टार सिंचाई विकास कार्यक्रम | हेक्टर | | १०० | २०० | ३०० | ३०० | ३०० | १२०० | " | " | नेपाल सरकारसँग समन्वय हुने | ५ | ९ | ४ |
| **प्रतिफल** २.२ | सतह सिंचाईको सम्भावना नभएका पाखो, बेसी र टारहरूमा भूमिगत सिंचाइ, विद्युत् तथा सोलार लिफ्ट, पाइप, साना जलाशय तथा पोखरी निर्माण र बर्षातको पानी संकलन गरी सिंचित क्षेत्रको व्यापक विस्तार भएको हुने | भूमिगत स्यालो तथा डिप ट्युवेल सिंचाइ विकास | हेक्टर | | ५०० | ६०० | ६६० | ७२६ | ७९९ | ३२८५ | " | " | | ५ | ९ | ४ |
| | | नयाँ प्रविधिमा आधारित सिंचाई विकास | हेक्टर | १५० | २०० | २०० | ३०० | ३०० | ४०० | १४०० | " | " | | ५ | ९ | ४ |
| | | वर्षा पम्प सिंचाई विकास | हेक्टर | | ५० | ५० | ५० | ५० | ५० | २५० | " | " | | ५ | ९ | ४ |
| **असर ३** | सिंचाई प्रणालीको दिगो तथा कुशलतापूर्वक सञ्चालन र व्यवस्थापन भएको हुने | सिंचाई प्रणालीको उचित मर्मत सम्भार र व्यवस्थापन भएको छ भनी विश्वास गर्ने जनता | प्रतिशत | | | | | | | | स्वतन्त्र अध्ययन प्रतिवेदन | " | | ५ | ९ | ४ |
| **प्रतिफल** ३.१ | सिंचाई विकास तथा व्यवस्थापन गर्ने संरचना सुदृढ भएको हुने | जनशक्ति पर्याप्तता कार्यालय | प्रतिशत | ६० | ७० | १०० | | | | १०० | " | " | | ५ | ९ | ४ |
| **प्रतिफल** ३.२ | सिंचाई जलउपभोक्ता संस्थाको संस्थागत क्षमता विकास भएको हुने | प्राविधिक तथा कृषकको क्षमता र दक्षता विकास तालिम | संख्या | ४१ | १०० | १०० | १०० | १०० | १०० | ५०० | " | " | | ५ | ९ | ४ |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७५/७६ | उपलब्धि | | | | | | पुष्ट्याईंको श्रोत | जिम्मेवार निकाय | जोखिम अनुमान | प्रसमुसं संकेत | दिविल संकेत | दीराल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | योजना अवधिका उपलब्धि | | | | | | |
| **प्रतिफल ३.३** | आयोजनाको दिगो व्यवस्थापनको लागि सिंचाई सेवा शुल्क संकलन गर्ने कार्य प्रभावकारी भएको हुने | प्रदेश सिंचाइ ऐन, नियमावली, नीति, कार्याविधिको तर्जुमा, कार्यान्वयन | संख्या | १ | | १ | | | | १ | स्वतन्त्र अध्ययन प्रतिवेदन | भौपूविम | नेपाल सरकारसँग समन्वय हुने | ५ | ९ | ४ |
| **प्रतिफल ३.४** | पानीको कुशल प्रयोग दक्षतामा वृद्धि भएको हुने | नया प्रविधि खोज | प्याकेज | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १ | " | " | | ५ | ९ | ४ |
| **प्रतिफल ३.५** | सिंचाई पानीको कुशलतापूर्वक प्रयोग गरी उत्पादकत्व बढाउन भूमिका खेल्न सक्ने नयाँ प्रविधिहरूको पहिचान भई कृषक तथा समुदायलाई हस्तान्तरण भएको हुने | नयाँ प्रविधिहरूको हस्तान्तरण तालिम- जिल्लागत | संख्या | | | ११ | ११ | ११ | ११ | ४४ | " | भौपूविम, भूकृसम | नेपाल सरकारसँग समन्वय हुने | ५ | ९ | ४ |
| **प्रतिफल ३.६** | १२ महिना सिंचाई सुविधा पुगेका क्षेत्रमा कम्तीमा दुई खेती गरिएको हुने | कम्तिमा दुई खेती गरिएका जग्गा | प्रतिशत | | | | | | | | भौपूविमको प्रतिवेदन | भौपूविम | | ५ | ९ | ४ |
| **प्रतिफल ३.७** | सबै सिंचाई आयोजनाहरूको मुहान संरक्षणका उपायहरू खोजी गरी अवलम्बन भएको हुने | मुहान संरक्षण गरिएका आयोजना | संख्या | | | | | | | ६५५ | " | " | | ५ | ९ | ४ |

**लगानी: निर्माणाधीन सिंचाई आयोजनाको लगानी, सिंचाई मर्मत सम्भार लगानी, नया आयोजना विकासको लगानी, क्षमता विकास तालिम, प्रविधि प्रयोगको क्षमता वृद्धि तालिम, कार्यक्रम र बजेट।**

## ६.५ खानेपानी तथा सरसफाई

### ६.५.१ पृष्ठभूमि

मानव आवश्यकताहरूमध्ये खानेपानी एक आधारभूत आवश्यकतामा पर्दछ । नेपालको संविधानले पनि यसलाई मौलिक हकको रुपमा व्यवस्था गरेको छ । गण्डकी प्रदेशमा आधारभूत स्तरको खानेपानी सुविधाबाट लाभान्वित जनसंख्या ९१.७ प्रतिशत पुगेको छ भने मध्यम तथा उच्च स्तरको खानेपानी सुविधाबाट ३० प्रतिशत जनसंख्या मात्र लाभान्वित छन् । प्रदेशका ११ वटै जिल्ला खुल्ला दिशामुक्त घोषित भैसकेका छन् । स्वस्थ नागरिक उत्पादनमा योगदान पुऱ्याउन र समग्र आर्थिक सामाजिक विकासको आधारशीला तयार गर्न गुणस्तरीय खानेपानी र सरसफाइको सुविधाको व्यवस्था गर्नु सरकारको दायित्व रहेको हुँदा खानेपानी तथा सरसफाई क्षेत्रलाई उच्च प्राथमिकतामा राखी कार्य गर्नुपर्ने आवश्यकता रहेको छ ।

### ६.५.२ प्रमुख समस्या

गुरुयोजना बनाई खानेपानीको विकास तथा व्यवस्थापन हुन नसक्नु, तीन तहका सरकार बीच कार्यक्षेत्र स्पष्ट नहुनु, सरसफाई तथा स्वच्छ खानेपानीको क्षेत्रमा पर्याप्त लगानी नहुनु, न्यून बजेटका कारण निर्माणाधीन आयोजनाहरू समयमै सम्पन्न गर्न नसक्नु, गरिब, पिछडिएको र उच्च जोखिमयुक्त वर्ग सरसफाईको मूलप्रवाहबाट बाहिर हुनु, वातावरणीय प्रभाव, जलवायु परिवर्तन, बढ्दो शहरीकरण र अव्यवस्थित बस्ती विकासका कारण खानेपानीका स्रोतहरू सुक्दै जानु र स्रोत प्रदूषित हुनु, वितरण गरिएको पानीको गुणस्तर अनुगमन र गुणस्तर वृद्धिमा ध्यान दिन नसक्नु, पोखरा खानेपानी आयोजनाको बाँध बाधिएको क्षेत्रको माथिल्लो भागमा ढुङ्गा गिट्टी बालुवा थुप्रिएर नदीको बेड लेवल बस्तीभन्दा माथि पुग्ने क्रम जारी रहनु, शहरी क्षेत्रमा फोहरमैलाको व्यवस्थापनलाई चुस्त र प्रविधि मैत्री बनाउन नसक्नु र फोहरमैला व्यवस्थापन, प्रशोधन र ढल निकासको कामहरू योजनाबद्ध रुपले अगाडि बढाउन नसक्नु आदि यस क्षेत्रका प्रमुख समस्याहरू हुन् ।

### ६.५.३ चुनौती र अवसर

**चुनौती**

नवलपुरको चुरे क्षेत्र र अन्य जिल्लाका उच्च पहाडी भू-भागमा पानीको स्रोत पहिचान गरि खानेपानी सुविधा विस्तार गर्नु, शहरी तथा ग्रामीण क्षेत्रका बस्तीहरूको आवश्यकता अनुसारको खानेपानीको स्रोत व्यवस्था गर्नु, खानेपानीको गुणस्तर वृद्धि गर्नु, जलवायु परिवर्तन अनुकूलका खानेपानी योजना सञ्चालन गर्नु, बढ्दो शहरीकरण, बसाइँसराइँबाट खानेपानी, सरसफाई र वातावरण सन्तुलनको क्षेत्रमा परेको असरलाई न्यूनीकरण गर्नु, पूर्ण सरसफाई र व्यवस्थित ढल निकासको प्रबन्ध गर्नु, आवश्यकता अनुसारको खानेपानी तथा सरसफाईको विकास र दिगो व्यवस्थापनका लागि वैकल्पिक वित्तीय स्रोतको व्यवस्थापन गर्नु र योजना मर्मत सम्भार तथा दिगो व्यवस्थापनको लागि उपभोक्ताहरूको क्षमता र दक्षता अभिवृद्धि गर्नु आदि यस क्षेत्रका चुनौतीहरू हुन् ।

**अवसर**

नेपालको संविधानले खानेपानी तथा सरसफाई सुविधालाई नागरिकको मौलिक हकको रुपमा ब्याख्या गर्नु, आधारभूत खानेपानी तथा सरसफाई क्षेत्र तीनै तहका सरकारको उच्च प्राथमिकतामा पर्नु, खानेपानी तथा सरसफाईको क्षेत्रमा निजी तथा अन्तर्राष्ट्रिय क्षेत्रको चासो तथा लगानी आकर्षण हुँदै जानु, आयोजनाको छनौट, सञ्चालन र व्यवस्थापनमा उपभोक्ता तथा समुदायको थप चासो हुँदै जानु, शहरी तथा ग्रामीण बस्ती नजिकै पानीका स्रोतहरू जस्तै नदी, खोलानाला, मूल र भूमिगत पानीको उपलब्धता प्रचुर मात्रामा रहनु, पम्पिङ् प्रणालीबाट मात्र खानेपानी सुविधा पुऱ्याउन सकिने धेरैजसो ठाउँमा विद्युत् वा सौर्य उर्जा प्रयोग गरी खानेपानी सुविधा पुऱ्याउन सकिने प्रविधिको विकास हुनु, नदी तथा जलाधार क्षेत्रको दिगो व्यवस्थापनमा समुदायको चासो बढ्दै जानु, शहरी क्षेत्रबाट निस्कने फोहोर मैलाको दिगो व्यवस्थापनमा निजी क्षेत्रको सहभागिता वृद्धि हुँदै जानु आदि यस क्षेत्रका अवसरहरू हुन् ।

### ६.५.४ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

**सोच**

राम्रो स्वास्थ्य र स्वच्छताको लागि गुणस्तरीय खानेपानी तथा सरसफाई।

**लक्ष्य**

भरपर्दो, गुणस्तरीय र सर्वसुलभ खानेपानी तथा सरसफाई सेवा विस्तार गर्ने।

**उद्देश्य**

१. आधारभूत खानेपानी सुविधा शतप्रतिशत र मध्यमदेखि उच्च गुणस्तरको खानेपानी सुविधा ५० प्रतिशत घर परिवारमा पुऱ्याउनु।

२. आधारभूत सरसफाई सुविधा शतप्रतिशत र मध्यमदेखि उच्च गुणस्तरको सरसफाई सुविधा ३० प्रतिशत पुऱ्याउनु।

### ६.५.५ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १: आधारभूत खानेपानी सुविधा शतप्रतिशत र मध्यमदेखि उच्च गुणस्तरको खानेपानी सुविधा ५० प्रतिशत घरपरिवारमा पुऱ्याउनु।** | |
| १.१ आधारभूत खानेपानी सुविधा नपुगेका क्षेत्रलाई उच्च प्राथमिकतामा राखी खानेपानी आयोजनाहरू निर्माण तथा सुविधा विस्तार गर्ने। | १.१.१ सतही, भूमिगत, लिफ्ट, बोरिङ्ग तथा रेन वाटर हारभेस्टिंग जस्ता विकल्पहरू प्रयोग गरी खानेपानी सुविधा नपुगेका शतप्रतिशत घरहरूमा आधारभूत खानेपानीको व्यवस्था गरिनेछ।<br>१.१.२ खानेपानी आयोजनामा उपभोक्ताको लागत सहभागिता मार्फत् स्वामित्व लिन प्रोत्साहन गरिनेछ। |
| १.२ शहर तथा शहरोन्मुख तथा बजार क्षेत्रमा खानेपानी सेवाको स्तरवृद्धि गर्ने। | १.२.१ प्रदेश केन्द्र पोखराको खानेपानी सुविधालाई स्तरवृद्धि गरी कम्तीमा मध्यम स्तरमा स्तरोन्नति गरिनेछ।<br>१.२.२ नगरपालिका तथा मुख्य बजार क्षेत्रका खानेपानी सुविधालाई मध्यम देखि उच्चस्तरमा स्तरोन्नति गर्न सम्भाव्यता अध्ययन र क्रमबद्ध निर्माण गरिनेछ। |
| १.३ खानेपानी आयोजना निर्माण, मर्मत सम्भार तथा व्यवस्थापनमा वैकल्पिक वित्तीय स्रोत तथा जनशक्ति परिचालन गर्ने। | १.३.१ निजी तथा विकास साझेदार निकाय, गैरसरकारी संस्थासँगको सहकार्य तथा सहलगानीमा खानेपानी आयोजनाको विकास तथा स्तरवृद्धि गरिनेछ।<br>१.३.२ खानेपानी सुविधाको आधारभूत, मध्यम र उच्च स्तरमा बर्गिकरण गर्ने र सोही अनुसार शुल्क निर्धारण गरी शुल्क संकलन गर्ने कार्यलाई प्रभावकारी बनाइनेछ।<br>१.३.३ खानेपानी आयोजना मर्मत सम्भार तथा दिगो व्यवस्थापनका लागि खानेपानी उपभोक्ता तथा समुदायको क्षमता तथा दक्षता वृद्धि गरिनेछ। |
| १.४ ग्रामीण तथा शहरी खानेपानी आयोजनाहरूको जलाधार क्षेत्र तथा मुहान संरक्षण गर्ने। | १.४.१ आयोजना क्षेत्रको जलाधार सीमा र त्यस क्षेत्रभित्रका सतह तथा भूमिगत पानीका स्रोतहरूको पहिचान गरी समुदायलाई सुसूचित गरिनेछ र संरक्षणका लागि उपभोक्ता तथा समुदायलाई परिचालन गरिनेछ।<br>१.४.२ जलाधार क्षेत्रभित्रका पुरातात्विक तथा ऐतिहासिक कुवा तथा पोखरीको संरक्षण गरिनेछ।<br>१.४.३ बस्ती क्षेत्रका ढल तथा जलाधार क्षेत्रबाट खोलामा प्रवाह हुने दूषित पानीलाई राष्ट्रिय मापदण्ड कायम गरेपछि मात्र खोलामा प्रबाह गर्नु पर्ने व्यवस्थालाई कडाईका साथ लागू गरिनेछ।<br>१.४.४ प्रदूषण र यसका असरबारे जनचेतना जगाई समुदायलाई थप उत्तरदायी बन्न उत्प्रेरित गरिनेछ।<br>१.४.५ सञ्चालित ठूला खानेपानी आयोजनाको बाँधदेखि माथिल्लो खण्ड र तल्लो खण्डको मर्फोलोजी (Morphology) मा आएको परिवर्तनको अध्ययन गरिनेछ र आवश्यकता हेरी व्यवस्थापनका उपाय अबलम्बन गरिनेछ।<br>१.४.६ जलवायु परिवर्तन तथा मानवीय हस्तक्षेपका कारण जलाधार क्षेत्र तथा मुहान क्षेत्रमा पर्न गएको असर न्यूनीकरणका उपायहरू पहिचान गरी अबलम्बन गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य २: आधारभूत सरसफाई सुविधा शतप्रतिशत र मध्यमदेखि उच्च गुणस्तरको सरसफाई सुविधा ३० प्रतिशत पुऱ्याउनु।** | |
| २.१ प्रदेश भित्रका शत प्रतिशत घरहरूमा आधारभूत शौचालय तथा सरसफाई सुविधाको व्यवस्था गर्ने। | २.१.१ सबै सामुदायिक भवन, सार्वजनिक स्थल, विद्यालय तथा व्यक्तिगत घरहरूमा आधारभूत शौचालयको व्यवस्था गरिनेछ।<br>२.१.२ घरहरूबाट निस्कने फोहोर पानीलाई प्रशोधन गरेपछि मात्र नदी, खोला तथा खोल्सीमा प्रवाह गर्न मापदण्ड बनाई लागू गरिनेछ। |
| २.२ शहरी, शहरोन्मुख तथा बजार क्षेत्रमा सरसफाई सेवाको स्तरवृद्धि गर्ने। | २.२.१ प्रत्येक स्थानीय तहको फोहोर तथा ढल व्यवस्थापन गुरुयोजना निर्माण गरी योजनाबद्ध रुपमा विकास तथा व्यवस्थापन गरिनेछ।<br>२.२.२ प्रदूषणको न्यूनीकरणका लागि 3R (Reuse, Recycle, Reduce) प्रक्रियाबाट फोहोरमैला व्यवस्थापन गर्ने कार्यलाई अभियानका रुपमा सञ्चालन गरिनेछ।<br>२.२.३ शौचालय तथा घरका फोहोरहरू जम्मा गर्ने, प्रशोधन गर्ने र डिसपोज गर्ने पूर्वाधारहरू विस्तार गरिनेछ।<br>२.२.४ प्रत्येक शहरमा फोहोरमैला डम्पिङ साइटहरूको दिगो व्यवस्थापनका उपायहरू पहिचान गरी उचित व्यवस्था गरिनेछ।<br>२.२.५ पूर्ण सरसफाई कार्यक्रम अन्तर्गत अपाङ्गमैत्री, महिलामैत्री, बालमैत्री शौचालयको निर्माण, मर्मत तथा व्यवस्थापन गरिनेछ।<br>२.२.६ निजी क्षेत्रसँगको सहकार्य र सहलगानीमा शहरी क्षेत्रको फोहोरमैलाबाट बायो ग्याँस, प्राङ्गारिक मल तथा पेट्रोलियम पदार्थ निकाल्न सम्भव क्षेत्रहरू पहिचान गरी निर्माण कार्य अगाडि बढाइनेछ। |
| २.३ सरसफाई सम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने। | २.३.१ विद्यालयका विद्यार्थी तथा समुदाय लक्षित सरसफाई सम्बन्धी तालिमहरू सञ्चालन गरी जागरूकता बढाइनेछ। |

### ६.५.६ कार्यक्रमका प्राथमिकता

१. आधारभूत खानेपानीको पहुँच प्रदेशका सबै घरपरिवारमा पुऱ्याउने र मध्यमदेखि उच्च गुणस्तरको खानेपानी सुविधा वृद्धि गर्ने।

२. अधुरा खानेपानी आयोजनाको निर्माण सम्पन्न गर्ने र सम्पन्न भएका आयोजनाको दिगो व्यवस्थापन गर्ने।

३. मुख्य सहरी क्षेत्रमा फोहोर तथा ढल निकासको दिगो व्यवस्थापन गर्ने।

### ६.५.७ विस्तृत कार्यक्रम

| क्र.सं. | उद्देश्य नं. | रणनीति नं. | कार्यनीति नं. | संकेत | कार्यक्रम | इकाई | आधार वर्ष ०७५/७६ | लक्ष्य २०७६/७७ | लक्ष्य २०७७/७८ | लक्ष्य २०७८/७९ | लक्ष्य २०७९/८० | लक्ष्य २०८०/८१ | योजना अवधिको जम्मा लक्ष्य | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | १ | १.१ | १.१.१ | ख ग | खानेपानी सुविधाको तथ्याङ्क अद्यावधिक गरि प्रादेशिक खानेपानी गुरुयोजना निर्माण गर्ने | संख्या | | | १ | | | | १ | भौपूविम |
| २ | | | १.१.१ | क | आधारभूत खानेपानी नपुगेका शतप्रतिशत घरमा खानेपानी पुऱ्याउने | संख्या | ५२९१५६ वर्ष २०७२ | १०००० | १०००० | १०००० | १०००० | ८५२६ | ४८५२६ | " |
| ३ | | | १.१.१ | ख | जिल्ला सदरमुकाममा खानेपानी वितरण प्रणाली सुदृढीकरण | प्याकेज | ११ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १ | " |
| ४ | | | १.१.२ | ख | खानेपानी आयोजना मर्मत सम्भार र व्यवस्थापनको लागि संस्थान तथा उपभोक्ता समिति र प्राविधिक जनशक्तिको क्षमता र दक्षता अभिवृद्धि | प्याकेज | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १ | " |
| ५ | | १.२ | १.२.१ १.२.२ | ख ग | मुख्य शहरहरूमा मध्यम तथा उच्च स्तरको खानेपानी सुविधा पुऱ्याउने | संख्या | १५ | | | ५ | ५ | १७ | २७ | " |
| ६ | | १.३ | १.३.१ | ख ग | बहुपक्षीय लगानी आकर्षण गर्न मुख्य खानेपानी आयोजनाहरू पहिचान गरी खानेपानी आयोजनाको बैंक बनाउने | प्याकेज | | | तयारी | १ | | | १ | " |
| ७ | | | १.३.२ | ख ग | प्रदेशका खानेपानी आयोजनाहरूको तथ्याङ्क संकलन, वर्गीकरण, गुणस्तर अनुसार महसुल निर्धारण र कार्यान्वयन | प्याकेज | | | १ | | | | १ | " |
| ८ | | | १.३.३ | क ख | उपभोक्ता समिति, खानेपानी मर्मत सम्भार जनशक्ति, पम्प अपरेटर, मिटर रिडरहरूको क्षमता र दक्षता अभिवृद्धि | संख्या | | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | " |
| ९ | | १.४ | १.४.१ | ख ग | जोखिमयुक्त खानेपानी आयोजनाका जलाधार सीमा क्षेत्र र त्यस भित्रका सतही तथा भूमिगत पानीको अवस्था बारे अध्ययन | प्याकेज | | | १ | | | | १ | " |
| १० | | | १.४.२ | ख ग | अध्ययनले मार्गनिर्देशन गरे अनुसार खानेपानी आयोजना जलाधार क्षेत्र संरक्षण कार्यक्रम | संख्या | | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | " |
| ११ | | | १.४.३ | ख ग | शहरी क्षेत्रमा ढल निर्माण तथा प्रशोधन आयोजना सञ्चालन | संख्या | | १ | ३ | ३ | ३ | ३ | १३ | " |

| क्र.सं. | उद्देश्य नं. | रणनीति नं. | कार्यनीति नं. | संकेत | कार्यक्रम | इकाई | आधार वर्ष ०७५/७६ | लक्ष्य | | | | | योजना अवधिको जम्मा लक्ष्य | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | २०७६/ ७७ | २०७७/ ७८ | २०७८/ ७९ | २०७९/ ८० | २०८०/ ८१ | | |
| १२ | | | १.४.४ | क | जलाधार क्षेत्रको संरक्षण सम्बन्धी जनाचेतामूलक कार्यक्रम | प्याकेज | | | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | भौपूविम |
| १३ | | | १.४.५ | ख | खानेपानी आयोजनाको मुहान-बाध क्षेत्र संरक्षण (माथिल्लो र तल्लो खण्डमा नदी छेउको कटान र थेग्रान सम्वन्धी समस्या नियन्त्रण गर्न संरचनात्मक र गैर-संरचनात्मक विधि) | संख्या | | ५ | २० | २५ | २५ | २५ | १०० | " |
| १४ | | | १.४.६ | क | जलवायु परिवर्तन र मानवीय हस्तक्षेपको कारणवाट खानेपानीको स्रोतमा पर्न गएको असरको अध्ययन | संख्या | | | | १ | | | १ | " |
| १५ | २ | २.१ | २.१.१ | क ख | सबै सामुदायिक भवन, सार्वजनिक स्थल, विद्यालय तथा निजी घरहरूमा शौचालय निर्माण कार्य सञ्चालन | प्रतिशत | ९० | | ५ | ५ | | | १० | " |
| १६ | | | २.१.२ | क ग | फोहोर पानीको उचित व्यवस्थापनको लागि मापदण्ड निर्धारण | संख्या | | | | १ | | | १ | " |
| १६ | | २.२ | २.२.१ | ख | फोहोर व्यवस्थापन गुरुयोजना निर्माण | संख्या | | | | १ | | | १ | " |
| १७ | | | २.२.२ | ख | शहरी क्षेत्रमा कुहिने र नकुहिने र अन्य फोहोरलाई छुटा छुटै संकलन गर्न १ घर २ विन कार्यक्रम प्रोत्साहन | संख्या हजार | | | | २३१ | २३१ | २३१ | ६९३ | " |
| १८ | | | २.२.३ | ख | फोहोर संकलन, प्रशोधन तथा डिस्पोजलका पूर्वाधार निर्माण हुने शहर | संख्या | २७ | | १३ | १५ | १५ | १५ | ५८ | " |
| १९ | | | २.२.४ | ख ग | शहरी क्षेत्रमा फोहोरमैला व्यवस्थापनको लागि स्थानीय समुदायसँग सघन सहकार्य गर्दै जनचेतनामूलक कार्यक्रम सञ्चालन | संख्या | | | १ | १ | १ | १ | ४ | " |
| २० | | | २.२.५ | ख | अपाङ्ग मैत्री, महिला मैत्री तथा बाल मैत्रीलाई शौचालय निर्माण | प्रतिशत | | ६ | ६ | ६ | ६ | ६ | ३० | " |
| २१ | | | २.२.६ | ख | सार्वजनिक-निजी क्षेत्र सहकार्यमा फोहोर मैलाबाट बायो ग्याँस, प्राङ्गारिक मल तथा डिजेल उत्पादन गर्न सम्भाव्यता अध्ययन | संख्या | | ६ | ६ | ६ | ६ | ६ | ३० | " |
| २२ | | २.३ | २.३.१ | ख | विद्यालयका विद्यार्थी तथा समुदाय लक्षित सरसफाई सम्बन्धी जनचेतनामूलक कार्यक्रम तथा तालिम | प्याकेज | | | १ | १ | १ | १ | ४ | " |

### ६.५.८ नतिजा

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७५/७६ | उपलब्धि | | | | | योजना अवधिका उपलब्धि | पुष्ट्याइँको श्रोत | जिम्मेवार निकाय | जोखिम अनुमान | प्रसमुं संकेत | दिविल संकेत | दीराल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | | | | | | |
| **प्रभाव** | **आधारभूत तथा गुणस्तरीय पानी र सरसफाईमा नागरिकको पहुच वृद्धिभई स्वास्थ्य जनशक्ति उत्पादनमा योगदान पुगेको हुने** | **खानेपानी र सरसफाई सुविधामा समस्या छैन भनी विश्वास गर्ने जनता** | **प्रतिशत** | | | | | | | | **स्वतन्त्र संस्थाको अध्ययन प्रतिवेदन** | **भौपूविम** | | ५ | ६ | ७ |
| **असर १** | आधारभुत खानेपानीमा शतप्रतिशत घरपरिवारको पहुँच स्थापित गराई मध्यम तथा उच्चस्तरका खानेपानी सुविधा पुऱ्याउने कार्य योजनाबद्ध रुपमा अगाडि बढेको हुने | आधारभुत खानेपानीमा पहुँच पुगेको घरपरिवारको अनुपात | प्रतिशत | ९१.७ | ९६.५ | ९७.५ | १०० | १०० | १०० | ८४ | भौपूविमको प्रतिवेदन | " | | ५ | ६ | ७ |
| | | व्यक्तिगत धारा प्रयोग गर्ने घरपरिवारको अनुपात | प्रतिशत | ५०.४ | | | | | ६५ | १४.६ | " | " | | ५ | ६ | ७ |
| | | मध्यमदेखि उच्च गुणस्तरको खानेपानीमा पहुँच पुगेको घरपरिवारको अनुपात | प्रतिशत | १० | | | | ३० | ५० | ४० | " | " | | ५ | ६ | ७ |
| | | प्रतिव्यक्ति पानी खपत | लिटर | ४५ | | | | | ६० | १५ | " | " | | ५ | ६ | ७ |
| **प्रतिफल १.१** | आधारभूत खानेपानी नपुगेका शतप्रतिशत घरमा खानेपानी पुगेको हुने | घरपरिवार | संख्या | ५२९१५६ | १०००० | १०००० | १०००० | १०००० | ८५२६ | ४८५२६ | " | " | | ५ | ६ | ७ |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७५/७६ | उपलब्धि २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | योजना अवधिका उपलब्धि | पुष्ट्याईंको श्रोत | जिम्मेवार निकाय | जोखिम अनुमान | प्रसमुसं संकेत | दिविल संकेत | दीराल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **प्रतिफल** १.२ | मुख्य शहरहरूमा मध्यम तथा उच्च स्तरको खानेपानी सुविधा पुगेको हुने | मध्यम तथा उच्च स्तरको खानेपानी सुविधा पुगेका शहर | संख्या | १५ | | | ५ | ५ | १७ | २७ | भौपूविमको प्रतिवेदन | भौपूविम | नेपाल सरकारसँग समन्वय हुने | ५ | ६ | ७ |
| **प्रतिफल** १.३ | आयोजनाको दिगो विकास र व्यवस्थापनको लागि वितरित पानीलाई आधारभूत, मध्यम र उच्च स्तरमा वर्गीकरण गरि शुल्क उठाउने कार्य अगाडि बढेको हुने | खानेपानी नीति, कानून र मापदण्ड निर्माण | संख्या | | | | | | १ | १ | " | " | " | ५ | ६ | ७ |
| **प्रतिफल** १.४ | खानेपानी आयोजना निर्माणको लागत सहभागिता सहित मर्मतसम्भार र व्यवस्थापनको स्वामित्व लिन उपभोक्ताहरू प्रोत्साहित भएको हुने | स्वामित्व लिने उपभोक्ता समिति | संख्या | | | | | | | | " | " | " | ५ | ६ | ७ |
| **प्रतिफल** १.५ | खानेपानी आयोजना मर्मत सम्भार तथा दिगो व्यवस्थापनका लागि खानेपानी उपभोक्ता समिति, खानेपानी मर्मत सम्भार जनशक्ति, पम्प अपरेटर र मिटर रिडरहरूको क्षमता तथा दक्षतामा वृद्धि भएको हुने | तालिम लिने | संख्या | | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | " | " | | ५ | ६ | ७ |
| **प्रतिफल** १.६ | आयोजना क्षेत्रको जलाधार सीमा र त्यस क्षेत्रभित्रका सतह तथा भूमिगत पानीका स्रोतहरूको संरक्षणका लागि उपभोक्ता समिति सशक्त रुपमा परिचालित भएको हुने | परिचालित उपभोक्ता समिति | संख्या | | | | | | | | " | " | | ५ | ६ | ७ |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७५/७६ | उपलब्धि | | | | | योजना अवधिका उपलब्धि | पुष्ट्याइँको श्रोत | जिम्मेवार निकाय | जोखिम अनुमान | प्रसमुसं संकेत | दिविल संकेत | दीगाल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | | | | | | |
| **प्रतिफल १.७** | बस्ती क्षेत्रका ढल तथा जलाधार क्षेत्रबाट खोलामा प्रवाह हुने दूषित पानीलाई राष्ट्रिय मापदण्ड अनुरुप व्यवस्था भएको हुने | नियमनका लागि परिचालित उपभोक्ता समिति | संख्या | | | | | | | | भौपूविमको प्रतिवेदन | भौपूविम | | ५ | ६ | ७ |
| **प्रतिफल १.८** | संवेदनशील जलाधार तथा मुहान क्षेत्र संरक्षण भएको हुने | संरक्षित मुहान क्षेत्र | संख्या | | | | | | | | ” | ” | ” | ५ | ६ | ७ |
| **असर २** | आधारभुत सरसफाई सुविधामा शतप्रतिशत घरपरिवारको पहुँच स्थापित गराई गुणस्तरीय सरसफाई सुविधामा पहुँच पुऱ्याउने कार्य योजनाबद्ध रुपमा अगाडि बढेको हुने | आधारभूत शौचालय प्रयोग गर्ने घरपरिवारको अनुपात | प्रतिशत | ८१.४ | | | | | ९२ | ९२ | ” | ” | | ५ | ६ | ७ |
| | | आधुनिक र सुविधा सम्पन्न शौचालय प्रयोग गर्ने घरपरिवारको अनुपात | प्रतिशत | ७३.६ | | | | | ८५ | ८५ | ” | ” | | ५ | ६ | ७ |
| | | फोहोरपानी आफ्नै घरको सोक पिट या सार्वजनिक ढल मार्फत् डिस्पोज गर्ने घरपरिवारको अनुपात | प्रतिशत | | | | | | | | ” | ” | | ५ | ६ | ७ |
| **प्रतिफल २.१** | सबै सामुदायिक भवन, सार्वजनिक स्थल, विद्यालय तथा व्यक्तिगत घरहरूमा आधारभूत शौचालयको व्यवस्था भएको हुने | आधारभूत शौचालय प्रयोग गर्ने घरपरिवारको अनुपात | प्रतिशत | | | | | | | १०० | ” | ” | | ५ | ६ | ७ |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७५/७६ | उपलब्धि | | | | | योजना अवधिका उपलब्धि | पुष्ट्याईंको श्रोत | जिम्मेवार निकाय | जोखिम अनुमान | प्रसमुसं संकेत | दिविल संकेत | दीगाल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | | | | | | |
| **प्रतिफल** २.२ | प्रदूषणको न्यूनीकरणका लागि 3R (Reuse, Recycle, Reduce) प्रक्रियाबाट फोहोरमैला व्यवस्थापन गर्ने कार्य अभियानका रुपमा सञ्चालन भएको हुने | विन प्रयोग गर्ने घरपरिवार | संख्या हजार | | | | २३१ | २३१ | २३१ | ६९३ | भौपूविमको प्रतिवेदन | भौपूविम | स्थानीय तहसँग समन्वय हुने | ५ | ६ | ७ |
| **प्रतिफल** २.३ | सबै पालिकामा फोहोर प्रशोधन गर्ने र डिसपोज गर्ने पूर्वाधारहरू विस्तार भएको हुने | पूर्वाधार निर्माण गरिएका पालिका | संख्या | २७ | | १३ | १५ | १५ | १५ | ८५ | " | " | | ५ | ६ | ७ |
| **प्रतिफल** २.४ | शहरी क्षेत्रको फोहोरमैलाबाट बायोग्याँस, विद्युत, प्राङ्गारिक मल तथा पेट्रोलियम पदार्थ उत्पादन गर्ने आयोजनाहरू सञ्चालनमा आएको हुने | आयोजना | संख्या | २ | १ | १ | २ | | | ७ | " | " | निजी क्षेत्रसँग सहकार्य र सहलगानी हुने | ५ | ६ | ७ |
| **प्रतिफल** २.५ | गुणस्तरीय सरसफाई कायम गर्ने विद्यालयका विद्यार्थी तथा समुदाय शशक्त रुपमा परिचालित भएको हुने | तालिम प्राप्त विद्यार्थी अनुपात | संख्या | | | | | | | | " | " | | ५ | ६ | ७ |
| **लगानीः आधारभूत खानेपानी, मध्यम तथा उच्च स्तरको खानेपानी सुविधा, आधारभूत सरसफाई, मध्यम तथा उच्च स्तरको सरसफाई, तालिम, पानी प्रशोधन गर्ने यन्त्र।** | | | | | | | | | | | | | | | | |

## ६.६ शहरी विकास

### ६.६.१ पृष्ठभूमि

गण्डकी प्रदेश अन्तर्गत हाल १ महानगरपालिका, २६ नगरपालिका र ५८ गाउँपालिका गरी जम्मा ८५ स्थानीय तह रहेका छन् । प्रदेशको कुल क्षेत्रफल मध्ये १९.४ प्रतिशत क्षेत्रफल ओगटेको नगरपालिकाहरूमा ६१ प्रतिशत जनसंख्या बसोबास गर्दछन् । तर ग्रामीण चरित्रको जनसंख्यालाई भूगोलको आधारमा शहरी परिभाषित गरिए पनि कार्यपद्धति र चरित्रको आधारमा अधिकांश शहरी जनसंख्या ग्रामीण चरित्रको नै छ । तसर्थ, अपेक्षाकृत् उच्च जनघनत्व र जनसंख्यामा विविधता, श्रमको विशिष्ट विभाजन, सडक तथा चुस्त यातायात सुविधा उपलब्ध, पर्याप्त खानेपानी, बिजुली तथा सूचना प्रणालीको व्यवस्था, सबै नागरिकको शिक्षा स्वास्थ्य तथा रोजगारमा पहुँच, पर्याप्त सुबिधा सहितको आवासको व्यवस्था, प्रविधिमा आधारित उत्पादन प्रणाली र गतिशील आर्थिक गतिविधि, सुरक्षा, प्रदूषणमुक्त र उपलब्ध साधन स्रोतहरूको उचित उपयोग तथा दिगो व्यवस्थापन, आदि शहरी व्यवस्थापनका आधारभूत सिद्धान्तहरूलाई ख्याल गर्दै दिगो विकास लक्ष्य ११ हाँसिल गर्न तथा गरिबी कम गर्दै प्रदेशको सामाजिक-आर्थिक विकासमा टेवा पुऱ्याउन शहरी विकास क्षेत्रलाई उच्च प्राथमिकतामा राखी काम गर्नुपर्ने आवश्यकता छ ।

### ६.६.२ प्रमुख समस्या

नगरपालिकामा बसोबास गर्ने जनसंख्या उल्लेख्य भए पनि कार्यपद्धति र चरित्र ग्रामीण परिवेशको नै रहनु, गुरुयोजना निर्माण गरी योजनाबद्ध रुपमा शहरी पूर्वाधार विकास तथा व्यवस्थापनका कार्यहरू अगाडि नबढ्नु, मुख्य शहरहरूमा शहरी पूर्वाधार मर्मत सम्भार तथा स्तरोन्नति गर्दा यातायात अस्तव्यस्त हुनु, शहरी विकास तथा व्यवस्थापनमा तीन तहका सरकारबीच आवश्यक सहकार्य तथा समन्वयको अभाव रहनु, शहरी पूर्वाधार विकास गर्दा स्थानीय पहिचानहरूको प्रवर्द्धन हुन नसक्नु, शहरी क्षेत्रमा केन्द्रित युवा वर्गका लागि आवश्यक आय वृद्धि तथा रोजगारका अवसरहरू सिर्जना हुन नसक्नु, आदि यस क्षेत्रका समस्याहरू हुन् ।

### ६.६.३ चुनौती र अवसर

**चुनौती**

शहरी पूर्वाधारको निर्माण पश्चात् शहर बसाल्नु, सडक, चुस्त यातायात सुविधा, पर्याप्त गुणस्तरीय खानेपानी, गुणस्तरीय बिजुली तथा सूचना प्रणालीको व्यवस्था गर्नु, सबै नागरिकको शिक्षा स्वास्थ्यमा पहुँच पुऱ्याउनु, प्रत्येक शहरमा दिगो आय तथा रोजगारका अवसर सिर्जना गरी पोखरा क्षेत्र वरिपरि केन्द्रित बसाइँसराइँको चापलाई न्यूनीकरण गर्नु, प्रविधिमा आधारित उत्पादन प्रणाली र गतिशील आर्थिक गतिविधि रहेको शहर बनाउनु, सुरक्षित प्रदूषणमुक्त र उपलब्ध साधन स्रोतहरूको उचित उपयोग तथा दिगो व्यवस्थापन भएको शहर बनाउनु, सरकारी स्तरमा नयाँ शहर र स्याटलाइट सिटीको निर्माण गर्नु आदि शहरी विकास क्षेत्रका चुनौतीहरू हुन् ।

**अवसर**

शहरी विकास तीनै तहको सरकारको प्राथमिकता पर्नु, ग्रामीण क्षेत्रबाट शहरी क्षेत्रमा बसाइँसराइँ बढ्नु, एकीकृत् शहरी विकास प्रति निजी क्षेत्रको आकर्षण बढ्नु, ग्रामीण तथा शहर क्षेत्रहरूमा योजनाबद्ध तरिकाले जग्गा विकास तथा व्यवस्थापन, पूर्वाधार विकास र आवास निर्माण गर्दै स्थानीय पहिचानयुक्त शहर बसाल्ने सम्भावना रहनु, प्रदेशमा सडक सञ्जालको द्रुत गतिमा वृद्धि भएको हुँदा आर्थिक गतिविधि धेरै हुन सक्ने रणनीतिक क्षेत्र पहिचान गरी शहर बसाल्ने सम्भावना रहनु आदि यस क्षेत्रका अवसरहरू हुन् ।

### ६.६.४ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

**सोच**

समृद्धिको आधार, सन्तुलित र समन्वायिक शहरी विकास ।

**लक्ष्य**

दिगो आय तथा रोजगारका अवसर भएको गतिशील र व्यवस्थित शहर निर्माण गर्ने ।

**उद्देश्य**

१. स्थानीय तहको प्रशासनिक केन्द्र र गुणस्तरीय यातायात पूर्वाधार पुगेको क्षेत्र (विकास अक्ष Growth Axis) वरिपरि व्यवस्थित शहर विकास गर्नु ।
२. आधारभूत भौतिक पूर्वाधार तथा सेवाहरूको व्यवस्थापन गरी शहरहरूको विकास तथा स्तरोन्नति गर्नु ।
३. शहरी क्षेत्रमा बसोबास गर्ने विपन्न र सीमान्तकृत् बर्ग तथा जोखिममा रहेका घरपरिवारको व्यवस्थापन गर्नु ।

### ६.६.५ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १: स्थानीय तहको प्रशासनिक केन्द्र र गुणस्तरीय यातायात पूर्वाधार पुगेको क्षेत्र (विकास अक्ष–Gowth Axis) वरिपरि व्यवस्थित शहर विकास गर्नु ।** | |
| १.१ प्रदेशमा सन्तुलित विकासको लागि सडक यातायातको समानान्तर विकास अक्षको वरिपरि व्यवस्थित शहर विकास गर्ने । | १.१.१ हालका ७५९ वडा केन्द्रहरूलाई विकास बिन्दुको रुपमा र ८५ स्थानीय तहका सदरमुकामहरूका केन्द्रलाई प्रशासनिक तथा आर्थिक केन्द्रको रुपमा विकास गरिनेछ ।<br>१.१.२ सन्तुलित शहरीकरणको आठवटा विकास अक्ष (Growth Axis) को वरिपरि शहरी विकास गरिनेछ । |
| | **विकास अक्ष (Growth Axis):**<br>विकास अक्ष १ : मुग्लिङ्ग - दमौली - पोखरा - कुश्मा - बाग्लुङ्ग - बुर्तिबाङ्ग<br>विकास अक्ष २ : पोखरा- पुतलीबजार - वालिङ्ग - गल्याङ्ग - चापाकोट<br>विकास अक्ष ३ : कोरला - जोमसोम - बेनी - कुश्मा - पोखरा - भीमाद - दुम्कीबास - त्रिवेणी<br>विकास अक्ष ४ : अर्मादी - सेतीबेनी-मिर्मी-रुद्रवेणी-रानीघाट - गल्याङ - चापाकोट - गैडाकोट<br>विकास अक्ष ५ : डुम्रे - बेसीशहर - धारापानी - थोंचे - रुइलाभन्जाङ्ग<br>विकास अक्ष ६ : बेनीघाट - आरुघाट - श्रीर्दिवास - सामागाउँ - रुइलाभन्जाङ्ग<br>विकास अक्ष ७ : पोखरा रिङ्गरोड विकास अक्ष<br>विकास अक्ष ८ : पोखरा महानगरवरिपरिका स्याङ्जाको पुतलीवजार, पर्वतको कुश्मा, तनहुँको शुक्लागण्डकी र लमजुङको मध्यनेपाल नगरपालिकाहरू स्याटलाइट सिटी |
| | १.१.३ चारवटा अन्तर्राष्ट्रिय बीमानस्थल काठमाण्डौ, पोखरा, भैरहवा र निजगढको चौघेरोमा पर्ने गण्डकी प्रदेशका लोकमार्गको आसपासका मुख्य शहरी क्षेत्रहरूमा बृहत्तर आर्थिक क्षेत्र निर्माण गरिनेछ । |
| १.२ तहगत रुपमा विकास विन्दु र विकास केन्द्रहरूको विकास गरिनेछ । | १.२.१ ८५ स्थानीय तहका केन्द्रलाई पालिकास्तरका प्रशासनिक, सामाजिक तथा आर्थिक विकास केन्द्रको रुपमा विकास गरिनेछ ।<br>१.२.२ जिल्ला सदरमुकामलाई जिल्ला स्तरका सामाजिक र आर्थिक केन्द्रको रुपमा विकास गरिनेछ ।<br>१.२.३ प्रदेश राजधानी पोखरालाई सामाजिक, आर्थिक र प्रविधि केन्द्रको रुपमा विकास गरिनेछ । |
| **उद्देश्य २: आधारभूत भौतिक पूर्वाधार तथा सेवाहरूको व्यवस्थापन गरी शहरहरूको विकास तथा स्तरोन्नति गर्नु ।** | |
| २.१ प्रदेश गत शहरी विकास तथा व्यवस्थापन हेर्ने संरचनामा सुधार गर्ने । | २.१.१ आवश्यक संस्थागत संरचना निर्माण तथा नीतिगत र कानूनी व्यवस्था गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| २.२ ठूला शहरी केन्द्र, मझौला शहरी केन्द्र, बजार केन्द्र र आवासीय बस्तीहरूमा वातावरण मैत्री भौतिक पूर्वाधार तथा सेवाहरूको विस्तार गर्ने । | २.२.१ स्थानीय तहसँगको सहकार्यमा शहरी विकास गुरुयोजना निर्माण गरी क्रमागत रुपमा पूर्वाधार तथा सेवाहरूको विस्तार गरिनेछ ।<br>२.२.२ पूर्वाधार विकास गर्दा बाटो, पैदल मार्ग, साइकल लेन, खानेपानी नेटवर्क, इन्टरनेट, ढल, बिजुली, ट्राफिक लाइट आदिको एकीकृत् डिजाईन तथा निर्माणलाई प्रोत्साहन गरिनेछ ।<br>२.२.३ शहरी क्षेत्रमा हरियाली पार्क तथा मनोरञ्जन स्थल निर्माणलाई प्रोत्साहन गरिनेछ ।<br>२.२.४ अपाङ्गता भएका व्यक्तिहरू, ज्येष्ठ नागरिक, सडक बालबालिका लगायत जोखिममा रहेका व्यक्तिहरूको लागि सामाजिक आवासको व्यवस्था गरिनेछ ।<br>२.२.५ सञ्चार र यातायात, सार्वजनिक सेवा तथा सुविधाहरूको विकास तथा व्यवस्थापनलाई चुस्त बनाइनेछ ।<br>२.२.६ शहरी क्षेत्रका सडक, खानेपानी तथा अन्य भौतिक पूर्वाधार मर्मत सम्भार तथा स्तरोन्नति गर्दा दैनिक यातायात सुविधामा असर नपर्ने गरी कार्य अगाडि बढाउन आवश्यक वैज्ञानिक उपायहरूको पहिचान गरिनेछ र कार्यान्वयनका लागि आवश्यक नीतिगत तथा कानूनी प्रावधानको ब्यवस्था गरिनेछ । |
| २.३ प्रदेशको विकास अक्ष (रणनीतिक सडक, हवाई मार्ग तथा नाकाहरूको सञ्जालले छोएको क्षेत्र) लाई केन्द्रमा राखेर नयाँ शहरहरूको विकास गर्ने । | २.३.१ मुख्य लोकमार्ग देखि १०-१५ मिनेटको दूरीमा रहेका बस्ती बसाल्न योग्य क्षेत्रमा आधारभूत शहरी पूर्वाधार निर्माण तथा सेवा सुविधाहरूको व्यवस्थापन गरी पहिचानयुक्त र वातावरणमैत्री एकीकृत् बस्ती निर्माण गरिनेछ ।<br>२.३.२ सार्वजनिक, निजी तथा सहकारी क्षेत्र परिचालन गरी आवासीय, व्यावसायिक, औद्योगिक, सार्वजनिक, संस्थागत र मनोरञ्जन क्षेत्रको एकीकृत् योजना बनाएर विकास तथा व्यवस्थापन गरिनेछ ।<br>२.३.३ लोकमार्गसँग नजोडिएका घना बस्तीहरूमा पूर्वाधार निर्माण गरी लोकमार्ग तथा ठूला शहरसँगको कनेक्टिविटी वृद्धि गरिनेछ । |
| २.४ शहरहरूको विकास गर्दा स्थानीय पहिचान, उत्पादन तथा निर्माण सामग्रीको प्रवर्द्धन गर्ने । | २.४.१ शहरी विकास गर्दा गुठी, मठ, मन्दिर, धार्मिक, साँस्कृतिक तीर्थस्थलको जग्गा संरक्षण गरिनेछ ।<br>२.४.२ शहरी पूर्वाधार विकास गर्दा धार्मिक, साँस्कृतिक तथा पर्यटकीय महत्वका वस्तुहरूको जगेर्ना तथा प्रवर्द्धन गरिनेछ ।<br>२.४.३ एक शहर एक विशेष मौलिक पहिचान सहितको शहर विकास गरिनेछ ।<br>२.४.४ शहरी पूर्वाधार विकास गर्दा स्थानीय निर्माण सामाग्री प्रयोगका लागि प्रोत्साहन गरिनेछ ।<br>२.४.५ शहरी क्षेत्रका बाँझो रहेका घडेरी तथा जग्गाहरूमा अन्न, तरकारी तथा फलफूल उत्पादन गरी स्थानीय उत्पादनको खपत बढाउन प्रोत्साहन गरिनेछ ।<br>२.४.६ शहरी क्षेत्रमा अवस्थित ठूला साना नदी तथा तालहरूको किनारा तथा बफर जोनको संरक्षण गर्दै पर्यावरण मैत्री हिसाबले विकास तथा व्यवस्थापन गरिनेछ । |
| २.५ शहरी क्षेत्रमा आय तथा रोजगारका अवसर वृद्धि गर्ने । | २.५.१ निजी क्षेत्रको सहकार्यमा प्रदेश केन्द्र पोखरालाई आइटी हबको रुपमा विकास गरी आय तथा रोजगारीका अवसरहरू वृद्धि गरिनेछ ।<br>२.५.२ प्रत्येक नगरपालिकाहरूमा साना तथा मझौला उद्योगहरू स्थापना गरी आय तथा रोजगारका अवसरहरू सिर्जना गर्न समुदाय तथा व्यावसायीहरूलाई प्रोत्साहन गरिनेछ ।<br>२.५.३ प्रदेश अन्तर्गत सिर्जना भएका रोजगारहरूको तथ्याङ्क संकलन गरी रोजगार केन्द्र मार्फत् नागरिकलाई निरन्तर सुसूचित गर्ने कार्य अगाडि बढाइनेछ । |
| २.६ शहरमा बस्ने नागरिकबीच सुमधुर सम्बन्ध कायम गर्ने । | २.६.१ विभिन्न धार्मिक, साँस्कृतिक, पर्यटकीय, खेलकुद तथा अन्य मनोरन्जनात्मक कार्यक्रम स्थल र कार्यक्रमको प्रवर्द्धन गरिनेछ । |
| **उद्देश्य ३: शहरी क्षेत्रमा बसोबास गर्ने विपन्न र सीमान्तकृत् वर्ग तथा जोखिममा रहेका घर परिवारको ब्यवस्थापन गर्नु ।** | |
| ३.१ विपन्न र सीमान्तकृत् वर्ग तथा जोखिममा रहेका घर परिवारको व्यवस्था गर्ने । | ३.१.१ शहरी क्षेत्रमा अव्यवस्थित रुपमा बसोबास गर्दै आएका घरपरिवारलाई उपयुक्त स्थानमा आधारभूत पूर्वाधार सहितको बस्ती निर्माण गरी स्थान्तरण गर्ने कार्य अगाडि बढाइनेछ । |

### ६.६.६ कार्यक्रमका प्राथमिकता

१. ७५९ वटा वडा केन्द्रलाई गाउँस्तरका विकास विन्दु, ८४ वटा स्थानीय तहका केन्द्रलाई पालिका स्तरका विकास केन्द्र र पोखरा महानगरपालिकालाई प्रदेश स्तरको विकास केन्द्रको रुपमा विकास गर्ने ।

२. प्रदेशका मुख्य लोकमार्ग पछ्याउने आठ वटा विकास अक्षका (Growth Axis) को विकास गर्ने ।

३. स्याङ्जाको पुतलीवजार, पर्वतको कुश्मा, तनहुँको शुक्लागण्डकी र लमजुङको मध्यनेपाल नगरपालिकालाई पोखराको स्याटलाइट सिटीको रुपमा विकास गर्ने ।

### ६.६.७ विस्तृत कार्यक्रम

| क्र.सं. | उद्देश्य नं. | रणनीति नं. | कार्यनीति नं. | संकेत | कार्यक्रम | इकाई | आधार वर्ष ०७५/७६ | लक्ष्य २०७६/७७ | लक्ष्य २०७७/७८ | लक्ष्य २०७८/७९ | लक्ष्य २०७९/८० | लक्ष्य २०८०/८१ | योजना अवधिको जम्मा लक्ष्य | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | १ | १.१ | १.१.१ | ख | ७५९ वडा केन्द्रमा एकीकृत् भौतिक पूर्वाधार विकास गर्न सबै वडाको एकीकृत् रुपमा अध्ययन गरी नमुना मोडल विकास गर्ने | संख्या | | | १ | | | | १ | भौपूविम |
| २ | | | १.१.१ | ख | वडा केन्द्रमा भौतिक पूर्वाधार विकास कार्यक्रम | प्रतिशत | | | २० | २० | २० | ४० | १०० | स्थानीय तह |
| ३ | | | १.१.१ | ख | ८५ स्थानीय तहको केन्द्रमा एकीकृत् भौतिक पूर्वाधार विकासका लागि सम्भाव्यता अध्ययन गरी नमुना मोडल विकास गर्ने | संख्या | | | १ | | | | १ | भौपूविम |
| ४ | | | १.१.१ | ख | स्थानीय तह केन्द्र भौतिक पूर्वाधार विकास | प्रतिशत | | | २० | २० | २० | ४० | १०० | स्थानीय तह |
| ५ | | | १.१.२ | क | विकास अक्ष वरिपरी स्याटेलाइट सिटी स्थापना गर्न उपयुक्त हुने शहर उन्मुख सिटी तथा नयाँ ठाउको पहिचान र सम्भाव्यता अध्ययन गरी आयोजना बैंक बनाउने | संख्या | | | १ | | | | १ | भौपूविम |
| ६ | | | १.१.२ | ख | स्याटेलाइट सिटी निर्माण | संख्या | | | | | २ | २ | ४ | " |
| ७ | | | १.१.३ | ग | प्रदेशका ८ विकास अक्ष वरिपरि एकीकृत् पूर्वाधार निर्माण | प्याकेज | | | १ | निरन्तर | निरन्तर | निरन्तर | १ | " |
| ८ | | १.२ | १.२.१ | ख | स्थानीय तह एकीकृत् प्रशासनिक केन्द्र निर्माण | संख्या | | १० | १० | १० | ३० | २५ | ८५ | स्थानीय तह |
| ९ | | | १.२.२ | ख | जिल्ला सदरमुकाममा निर्माण गर्नुपर्ने मुख्य भौतिक पूर्वाधारहरूको पहिचान र विकास | प्याकेज | | ११ | ११ | ११ | ११ | ११ | ११ | स्थानीय तह |
| १० | | | १.२.३ | ख | प्रदेश राजधानी पोखरालाई सामाजिक, आर्थिक र प्रविधि केन्द्रको रुपमा विकास गर्न निर्माण गर्नुपर्ने विभिन्न पूर्वाधारहरूको पहिचान गरि मेट्रो सिटी विकास आयोजना बैंक बनाउने | संख्या | | | १ | | | | १ | भौपूविम |
| ११ | | | १.२.३ | ख | पोखरा मेट्रो सिटी एकीकृत् पूर्वाधार विकास | प्याकेज | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १ | " |
| १२ | २ | २.१ | २.१.१ | ख | दिगो शहर विकास नीति निर्माण | प्याकेज | | | १ | | | | १ | " |

| क्र.सं. | उद्देश्य नं. | रणनीति नं. | कार्यनीति नं. | संकेत | कार्यक्रम | इकाई | आधार वर्ष ०७५/७६ | लक्ष्य | | | | | योजना अवधिको जम्मा लक्ष्य | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | |
| १३ | | २.२ | २.२.१ | ख | प्रत्येक नगरपालिका तथा मुख्य शहरको विकास गुरुयोजना निर्माण गरी क्रमागत रुपमा पूर्वाधार विस्तार | संख्या | | | ५ | ५ | ५ | १५ | ३० | स्थानीय तह |
| १४ | | | | ग | प्रादेशिक शहरी विकास गुरुयोजना निर्माण | संख्या | | | १ | | | | १ | भौपूविम |
| १५ | | | २.२.२ | ग | शहरी क्षेत्रमा बाटो, पैदल मार्ग, साइकल लेन, खानेपानी नेटवर्क, इन्टरनेट, ढल, बिजुली, ट्राफिक लाइट आदिको एकीकृत् रुपमा अध्ययन र निर्माण गर्न "एकीकृत् शहरी पूर्वाधार विकास नीति" वनाउने | संख्या | | | १ | | | | १ | भौपूविम |
| १६ | | | २.२.२ | ख ग | हालको पोखरा आन्तरिक बीमानस्थललाई गल्फ कोर्स सहितको बृहत् पार्कको रुपमा विकास गर्ने | प्याकेज | | | | तयारी | तयारी | निर्माण | | साविम |
| १७ | | | २.२.३ | ख ग | मुख्य शहरमा ठुला तथा मझौला साइजका पार्क निर्माण | संख्या | | | २ | ३ | ५ | ८ | १८ | भौपूविम |
| १८ | | | २.२.३ | ख | १ वडा १ खुला सार्वजनिक स्थान (पार्क तथा मनोरन्जन स्थल) पहिचान र निर्माण | संख्या | | पहिचान | १०० | १०० | २०० | ३५९ | ७५९ | स्थानीय तह |
| १९ | | | २.२.४ | क | शारीरिक रुपमा अशक्त तथा जोखिममा रहेकाको लागि सामूहिक तथा सामाजिक आवास निर्माण कार्यक्रम | संख्या | | | २० | २० | २० | ४० | १०० | भौपूविम |
| २० | | | २.२.५ | ग | विभिन्न सार्वजनिक सेवा तथा सुविधाको अनुगमन र मूल्याङ्कन संयन्त्र निर्माण | संख्या | | | १ | | | | १ | मुमका |
| २१ | | | २.२.६ | क | आवत जावतमा असर नपर्ने गरि भौतिक संरचना निर्माण गर्न स्मार्ट निर्माण नीति बनाउने | संख्या | | | १ | | | | १ | भौपूविम |
| २२ | | २.३ | २.३.१ | क | निजी क्षेत्रको लगानीमा स्थानीय पहिचानयुक्त, सुविधा सम्पन्न र वातावरणमैत्री एकीकृत् बस्ति निर्माण | संख्या | | तयारी | तयारी | २ | २ | २ | ६ | निजी क्षेत्र |
| २३ | | | २.३.२ | क | शहरी क्षेत्रलाई आवासीय, व्यावसायिक, औद्योगिक, सार्वजनिक, संस्थागत र मनोरन्जन क्षेत्रको वर्गीकरण गरी बहुपक्षीय लगानीमा क्रमागत विकास गर्ने | प्याकेज | | १ | १ | १ | १ | १ | १ | भौपूविम |
| २४ | | | २.३.३ | क | लोकमार्गसँग कनेक्ट नभएका ठुला बस्तीहरू पहिचान गरी आवश्यक यातायात पूर्वाधार निर्माण गर्ने | प्याकेज | | १ | १ | १ | १ | १ | १ | " |
| २५ | | २.४ | २.४.१ | क | शहरी क्षेत्रका धार्मिक, तथा साँस्कृतिक तीर्थस्थलको जग्गा संरक्षण नीति निर्माण | प्याकेज | | १ | १ | १ | १ | १ | १ | " |
| २६ | | | २.४.२ | क | शहरी विकास गर्दा धार्मिक, साँस्कृतिक तथा पर्यटकीय वस्तुको जगेर्ना गर्ने | प्याकेज | | १ | १ | १ | १ | १ | १ | " |

| क्र.सं. | उद्देश्य नं. | रणनीति नं. | कार्यनीति नं. | संकेत | कार्यक्रम | इकाई | आधार वर्ष ०७५/७६ | लक्ष्य | | | | | योजना अवधिको जम्मा लक्ष्य | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | |
| २७ | | | २.४.३ २.४.४ | क | स्थानीय निर्माण सामग्री प्रयोग नीति बनाउने | प्याकेज | | | १ | | | | १ | भौपूविम |
| २८ | | | २.४.५ | क | शहरी क्षेत्रका बाँझो रहेका जग्गाहरूमा तरकारी तथा फलफूल बिरुवा रोप्ने | प्याकेज | | १ | १ | १ | १ | १ | १ | भूव्यकृसम |
| २९ | | | २.४.६ | क | शहरी क्षेत्रमा अवस्थित ठुला साना नदी तथा तालहरूको किनारा र बफर जोनको संरक्षण गर्ने | प्याकेज | | १ | १ | १ | १ | १ | १ | भौपूविम |
| ३० | | २.५ | २.५.१ | क | प्रदेश केन्द्र पोखरालाई आइटि हबको रुपमा विकास (सूचना तथा सञ्चार क्षेत्रले समेटेको) | | | | | | | | | " |
| ३१ | | | २.५.२ | क | प्रत्येक नगरपालिकाहरूमा साना तथा मझौला उद्योगहरू निर्माण गर्ने (उद्योग क्षेत्रले समेटेको) | संख्या | | | | | | | | उपववा |
| ३२ | | | २.५.३ | क | प्रदेश रोजगार केन्द्र स्थापना (श्रम तथा रोजगारले समेटेको) | | | | | | | | | मुमका |
| ३३ | | २.६ | २.६.१ | क | धार्मिक, साँस्कृतिक, पर्यटकीय, खेलकुद तथा मनोरन्जनात्मक कार्यक्रम आयोजना गर्न उपयुक्त हुने ठुला हलहरू निर्माण (खेलकुद क्षेत्रमा समावेश भएको) | | | | | | | | | भौपूविम |
| ३४ | ३ | ३.१ | ३.१.१ | ग | विपन्न तथा सीमान्तकृत् वर्गको लागि "जनता आवास कार्यक्रम" | संख्या | १३४ | ३०० | ३५० | ४०० | ४५० | ५०० | २००० | " |

### ६.६.८ नतिजा

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७५/७६ | उपलब्धि २०७६/७७ | उपलब्धि २०७७/७८ | उपलब्धि २०७८/७९ | उपलब्धि २०७९/८० | उपलब्धि २०८०/८१ | योजना अवधिका उपलब्धि | पुष्ट्याईंको श्रोत | जिम्मेवार निकाय | जोखिम अनुमान | प्रसमृद्ध संकेत | दिविल संकेत | दीराल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **प्रभाव** | **आय तथा रोजगारका अवसर भएको गतिशील र ब्यवस्थित शहर निर्माण भएको हुने** | **नगरपालिकाको बेरोजगार दर** | **प्रतिशत** | **ज्ञण.ठ** | | | | | ३ | ३ | **भौपूविमको प्रतिवेदन** | **भौपूविम** | | ५ | ११ | ६ |
| **असर १** | स्थानीय तहको प्रशासनिक केन्द्र र गुणस्तरीय यातायात पूर्वाधार पुगेको क्षेत्र (विकास अक्ष (Growth Axis) वरिपरि समाबेशी, सुरक्षित, सवाल र दिगो रुपमा ब्यवस्थित शहरहरूको विकास भएको हुने | खर-पराल-पातले छाएको कच्ची घरमा बस्ने घरपरिवार | प्रतिशत | १०.७ | | | | | ३ | ३ | " | " | | ५ | ११ | ६ |
| | | सुरक्षित घरमा वसोवास गर्ने घरपरिवारको अनुपात | प्रतिशत | २७.२ | | | | | ३७ | ३७ | " | " | | ५ | ११ | ६ |
| | | अपर्याप्त र साँघुरो घरमा वसोवास गर्ने घरपरिवारको अनुपात | प्रतिशत | ६२.५ | | | | | २६.२ | २६.२ | " | " | | ५ | ११ | ६ |
| | | घरवाट ३० मिनेटको पैदलयात्रामा वडा र स्थानीय तहका प्रशासनिक केन्द्रमा पहुँच भएको जनसंख्याको अनुपात | प्रतिशत | ७०.५ | | | | | ६० | ६० | " | " | | ५ | ११ | ६ |
| **प्रतिफल १.१** | शहर विकास र व्यवस्थापनका लागि आवश्यक संस्थागत र नीतिगत संरचना निर्माण भएको हुने | संस्थागत संरचना र नीतिगत व्यवस्था | प्याकेज | | १ | १ | १ | १ | १ | १ | " | " | नेपाल सरकार र स्थानीय तहसँग सहकार्य हुने | ५ | ११ | ६ |
| **प्रतिफल १.२** | मुख्य शहरहरूको शहरी विकास गुरुयोजना निर्माण भई क्रमागत रुपमा पूर्वाधार तथा सेवाहरूको विस्तार गर्ने कार्य अगाडि बढेको हुने | गुरुयोजना निर्माण गरी योजनाबद्ध रुपमा पूर्वाधार निर्माण गर्ने दिशामा अगाडि बढेका शहरहरू | संख्या | | | ५ | ५ | ५ | १२ | २७ | " | " | स्थानीय तहसँग सहकार्य हुने | ५ | ११ | ६ |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७५/७६ | उपलब्धि | | | | | योजना अवधिका उपलब्धि | पुष्ट्याईंको श्रोत | जिम्मेवार निकाय | जोखिम अनुमान | प्रसमुसं संकेत | दिविल संकेत | दीराल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | | | | | | |
| **प्रतिफल** १.३ | ७५९ वडा, ८५ स्थानीय तह र प्रादेशिक केन्द्र पोखरावाट नागरिकलाई दिईने सेवा प्रवाहमा उल्लेखनीय सुधार भएको हुने | आधुनिक, सुविधासम्पन्न र सेवामुखी वडा प्रशासनिक केन्द्र | संख्या | | | | | | | ७५९ | भौपूविमको प्रतिवेदन | भौपूविम | | ५ | ११ | ६ |
| | | आधुनिक, सुविधासम्पन्न र सेवामुखी स्थानीय तह प्रशासनिक केन्द्र | संख्या | | | | | | | ८४ | " | " | | ५ | ११ | ६ |
| | | आधुनिक, सुविधासम्पन्न र सेवामुखी प्रादेशिक मन्त्रालय र कार्यालय | संख्या | | | | | | | १५४ | " | " | | ५ | ११ | ६ |
| **प्रतिफल** १.४ | सन्तुलित विकासमा सघाउ पुऱ्याउने र पोखरा देखि ३० मिनेटको यात्रा दूरीमा रहेका रणनीतिक महत्वका शहरहरू व्यवस्थित र सुविधा सम्पन्न बनाईएको हुने | पोखरा वरिपरी निर्माण हुने स्याटेलाइट सिटीहरू | संख्या | | | | | २ | २ | ४ | " | " | | ५ | ११ | ६ |
| **असर २** | मुख्य शहरहरूमा आवश्यक आधारभूत भौतिक पूर्वाधारको योजनाबद्ध निर्माण अगाडि बढेको हुने | योजनाबद्ध शहरी पूर्वाधार निर्माण अगाडि बढेको छ भनि विश्वास गर्ने जनता | प्रतिशत | | | | | | | | स्वतन्त्र संस्थाको अध्ययन प्रतिवेदन | " | | ५ | ११ | ६ |
| **प्रतिफल** २.१ | योजनाबद्ध रुपमा खुल्ला सार्वजनिक स्थान तथा पार्कहरूको संरक्षण, विकास र सञ्चालन भएको हुने | वडा स्तरमा निर्माण हुने खुला तथा मनोरन्जात्मक पार्कहरू | संख्या | | | १०० | १०० | २०० | ३५९ | ७५९ | उपववमको प्रतिवेदन | उपववाम | | ५ | ११ | ६ |
| | | स्थानीय तह स्तरमा निर्माण हुने खुला तथा मनोरन्जात्मक पार्कहरू | संख्या | | | ५ | ५ | ५ | १५ | ३० | " | " | | ५ | ११ | ६ |
| | | प्रादेशिक केन्द्रमा निर्माण हुने ठुला तथा मझौला खुला पार्कहरू | संख्या | | | | १ | १ | १ | ३ | " | " | | ५ | ११ | ६ |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७५/७६ | उपलब्धि | | | | | योजना अवधिका उपलब्धि | पुष्ट्याईंको स्रोत | जिम्मेवार निकाय | जोखिम अनुमान | प्रसमुसं संकेत | दिविल संकेत | दीराल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | | | | | | |
| **प्रतिफल** २.२ | प्रदेशका मुख्य शहरी क्षेत्र उद्योग, प्रविधि र रोजगार केन्द्रको रुपमा योजनाबद्ध रुपमा विकास हुने दिशामा अगाडि बढेको हुने | राष्ट्रिय र प्रादेशिक औद्योगिक क्षेत्र | संख्या | १ | | | २ | | १ | ३ | उपववमको प्रतिवेदन | उपववाम | | ५ | ११ | ६ |
| | | औद्योगिक ग्राम | संख्या | | | ११ | १५ | १५ | १० | ५१ | " | " | | ५ | ११ | ६ |
| | | Technology Innovation Park | संख्या | | | | १ | | | १ | आमाम प्रतिवेदन | आमाकाम | | ५ | ११ | ६ |
| | | दक्ष जनशक्तिको लागि उपलब्ध रोजगार | संख्या | | | | | | | | साबीमा प्रतिवेदन | साबीमा | | ५ | ११ | ६ |
| | | अर्ध दक्ष जनशक्तिको लागि उपलब्ध रोजगार | संख्या | | | | | | | | " | " | | ५ | ११ | ६ |
| | | अदक्ष जनशक्तिको लागि उपलब्ध रोजगार | संख्या | | | | | | | | " | " | | ५ | ११ | ६ |
| **प्रतिफल** २.३ | बाटो, पैदल मार्ग, साइकल लेन, खानेपानी नेटवर्क, इन्टरनेट, ढल, बिजुली, ट्राफिक लाइट आदिको एकीकृत् डिजाईन तथा निर्माण भएको हुने | एकीकृत् रुपमा भौतिक पूर्वाधार विकास कार्य अगाडि बढाउने शहर | संख्या | | | | | | | | भौपूविमको प्रतिवेदन | भौपूविम | | ५ | ११ | ६ |
| **प्रतिफल** २.४ | अपाङ्गता भएका व्यक्तिहरू, ज्येष्ठ नागरिक, सडक बालबालिका लगायत जोखिममा रहेका व्यक्तिहरूको लागि सामाजिक आवासको व्यवस्था भएको हुने | सामूहिक तथा सामाजिक आवासको आवासको व्यवस्था भएका शहर | संख्या | | | २० | २० | २० | ४० | १०० | " | " | | ५ | ११ | ६ |
| **प्रतिफल** २.५ | शहरहरूको विकास गर्दा स्थानीय पहिचान, उत्पादन तथा निर्माण सामग्रीको प्रवर्द्धन भएको हुने | प्रदेशमा उपलब्ध स्थानीय निर्माण सामग्री प्रयोग गरी बनेका आधुनिक घरहरू | संख्या | | | | | | | | " | " | | ५ | ११ | ६ |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७५/७६ | उपलब्धि | | | | | योजना अवधिका उपलब्धि | तथ्याङ्कको स्रोत | जिम्मेवार निकाय | जोखिम अनुमान | प्रसमुसं संकेत | दिविल संकेत | दीराल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | | | | | | |
| **प्रतिफल** २.६ | शहरी क्षेत्रका गुठी, मठ, मन्दिर, धार्मिक, साँस्कृतिक तीर्थस्थलको जग्गा संरक्षण भएको हुने | संरक्षित जग्गा | हेक्टर | | | | | | | | भौपूविमको प्रतिवेदन | भौपूविम | | ५ | ११ | ६ |
| **प्रतिफल** २.७ | एक शहर एक विशेष मौलिक पहिचान सहितको शहर विकास भएको हुने | मौलिक पहिचान सहितका शहरहरू | संख्या | | | | | | | २७ | " | " | | ५ | ११ | ६ |
| **प्रतिफल** २.८ | शहरी क्षेत्रका बाँझो रहेका घडेरी तथा जग्गाहरूमा अन्न, तरकारी तथा फलफूल उत्पादन भई आयात कम गर्नमा योगदान पुगेको हुने | नगरपालिका क्षेत्रमा रहेका बाँझो जग्गा | हेक्टर | | | | | | | | " | " | | ५ | ११ | ६ |
| **प्रतिफल** २.९ | शहरी क्षेत्रका ठूला तथा साना नदी र तालहरूको किनारा तथा बफर जोनको संरक्षण गर्ने कार्य अगाडि बढेको हुने | संरक्षण गरिएका नदी तथा तालहरू | संख्या | | | ३ | ३ | ३ | ३ | १२ | " | " | | ५ | ११ | ६ |
| **असर ३** | शहरी क्षेत्रका विपन्न र सीमान्तकृत् वर्ग तथा जोखिममा रहेका घरपरिवारको व्यवस्थापन भएको हुने | विपन्न र सीमान्तकृत् वर्ग तथा जोखिममा रहेका जनसंख्या | प्रतिशत | | | | | | | | " | " | | ५ | ११ | ६ |
| **प्रतिफल** ३.१ | शहरी क्षेत्रमा अव्यवस्थित रुपमा बसोबास गर्दै आएका घरपरिवारको स्थानातरण भएको हुने | जनता आवास कार्यक्रम | संख्या | १३४ | ३०० | ३५० | ४०० | ४५० | ५०० | २००० | " | " | | ५ | ११ | ६ |
| **लगानी: शहर विकास गुरुयोजना, १ वडा १ पार्क, शहरी क्षेत्रका नदी तथा सार्वजनिक जग्गा संरक्षणमा लगानी, अन्य शहरी पूर्वाधार विकासमा लगानी, तालिम, वार्षिक कार्यक्रम तथा बजेट** | | | | | | | | | | | | | | | | |

## ६.७ ग्रामीण विकास र पूर्वाधार निर्माण

### ६.७.१ पृष्ठभूमि

गण्डकी प्रदेशका ८५ स्थानीय तहमध्ये ५८ वटा गाउँपालिकाहरूमा प्रदेशका ३९ प्रतिशत जनसंख्या बसोबास गर्दछन् । शहरी क्षेत्रवाट ग्रामीण क्षेत्रतर्फ स्रोतहरू प्रवाह हुनुको सट्टा ग्रामीण क्षेत्रवाट शहरतर्फ स्रोतहरूको प्रवाह हुँदै गएकोले ग्रामीण क्षेत्र उजाड बन्दै जान थालेको छ । यसर्थ, ग्रामीण परिवेशको जीवनशैली संरक्षण गर्दै ग्रामीण पूर्वाधार निर्माण गर्ने र दिगो आय तथा रोजगारीका अवसरहरू सिर्जना गर्न सके गरिबी निवारण गर्न र नागरिकको जीवनस्तर उकास्न नेपाल सरकार र स्थानीय तहसँग समन्वय गर्दै योजनाबद्ध ग्रामीण विकासको कार्यलाई अगाडि बढाउन आवश्यक छ ।

### ६.७.२ प्रमुख समस्या

आवश्यकताको आधारमा ग्रामीण पूर्वाधार विकासमा पर्याप्त लगानी हुन नसक्नु, निर्माण भएका पूर्वाधारको दिगो व्यवस्थापन हुन नसक्नु, छरिएर रहेका बस्तीहरूमा आवश्यक सेवा तथा सुविधा पुऱ्याउन खर्चिलो हुनु, ग्रामीण क्षेत्रमा आय तथा रोजगारको अवसर सिर्जना गरी वसाइँसराइँ रोक्न नसक्नु, ग्रामीण क्षेत्रको वातावरण तथा पहिचानको उचित जगेर्ना गर्न नसक्नु, ग्रामीण क्षेत्रबाट शहरतर्फ स्रोतहरूको प्रवाह बढ्दै गएर स्रोत विहीन हुनु आदि यस क्षेत्रका समस्याहरू हुन् ।

### ६.७.३ चुनौती र अवसर

**चुनौती**

ग्रामीण विकास योजना निर्माण गरी योजनाबद्ध विकास तथा निर्माण गर्नु, छरिएर रहेका ग्रामीण बस्तीमा आधारभूत पूर्वाधार तथा सेवाहरूको व्यवस्थापन गर्नु, ग्रामीण क्षेत्रमा रहेका सक्रिय जनसंख्यालाई उत्पादनमूलक क्षेत्रमा परिचालन गर्नु, ग्रामीण पहिचान तथा वातावरणको जगेर्ना गर्नु आदि यस क्षेत्रका चुनौतीहरू हुन् ।

**अवसर**

निर्वाचित स्थानीय जनप्रतिनिधिको उपस्थितिले ग्रामीण विकासका जनसहभागिता र अपनत्व वृद्धि हुनु, ७५९ वडा केन्द्रहरू स्थानीय विकास बिन्दुको रुपमा स्थापित हुँदै जानु, स्थानीय पूर्वाधार विकासमा स्थानीय अगुवाई बढ्नु र योजनबद्ध पूर्वाधार विकासका लागि प्रयास रहनु, शहरीकरणसँगै नगरपालिकाको विस्तार र विकास हुनु, वैदेशिक रोजगारबाट फर्केको युवा वर्गलाई आकर्षित गर्ने कार्यक्रममा विस्तार हुनु, प्रदेश सरकार जनताको नजिक रहँदा वास्तविक सूचना प्राप्तिमा सहजता हुनु जस्ता अवसर रहेका छन् ।

### ६.७.४ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

**सोच**

ग्रामीण क्षेत्रको विकास, दिगो सामाजिक-आर्थिक विकासको आधार ।

**लक्ष्य**

सन्तुलित र दिगो सामाजिक आर्थिक विकासको लागि ग्रामीण क्षेत्रमा भौतिक पूर्वाधारको निर्माण, आयआर्जन तथा रोजगार वृद्धि गर्ने ।

**उद्देश्य**

१. ग्रामीण क्षेत्रमा आर्थिक गतिविधिको दायरा र पहुँच वृद्धि गर्नु ।
२. ग्रामीण वातावरण तथा पहिचानको संरक्षण गर्नु ।

### ६.७.५ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १: आर्थिक गतिविधिको दायरा र पहुँच वृद्धि गर्नु।** | |
| १.१ आधारभूत ग्रामीण भौतिक पूर्वाधारको विकास गर्ने। | १.१.१ ग्रामीण विकास योजना निर्माण गरी योजनाबद्ध विकास तथा निर्माण गर्ने कार्य अगाडि बढाइनेछ।<br>१.१.२ सबै नागरिकलाई सडक, खानेपानी, स्वास्थ्य, सूचना र वित्तीय सेवा तथा सुविधाको पहुँच बृद्धि गरिनेछ।<br>१.१.३ वडा केन्द्रलाई स्थानीय आर्थिक एवम् प्रशासनिक विकास बिन्दुको रुपमा विकास गरिनेछ। |
| १.२ गतिशील र प्रतिस्पर्धी ग्रामीण उद्यम तथा उद्यमशीलता विकास विकास गर्ने। | १.२.१ सक्रिय उमेर समूहको जनसंख्यालाई लघु, घरेलु र साना उद्योग सम्बन्धी ब्यावसायिक तथा ब्यापारिक तालिमहरू दिई उत्पादनको क्षेत्रमा परिचालन गरिनेछ।<br>१.२.२ महिला तथा विपन्न वर्गको क्षमता अभिवृद्धि गरी आय तथा रोजगारका अवसरहरू प्रधान गरिनेछ।<br>१.२.३ नाफामूलक नगदे बालीहरूको पहिचान गरी खेती गर्ने कार्यलाई अभियानको रुपमा सञ्चालन गरिनेछ।<br>१.२.४ समुदायमा आधारित पर्यटक होमस्टेहरू सञ्चालनको अवसर सिर्जना गरिनेछ।<br>१.२.५ ग्रामीण पर्यटन पदमार्गहरू पहिचान गरी विकास तथा ब्यवस्थापन गरिनेछ।<br>१.२.६ प्राङ्गारिक खेती प्रणालीको लागि प्रोत्साहन गरिनेछ।<br>१.२.७ ग्रामीण क्षेत्रमा निर्माण हुने जलविद्युत् आयोजनाहरूमा स्थानीय जनतालाइ सेयर लगानी गर्ने अवसर प्रदान गरिनेछ। |
| १.३ जोखिमयुक्त र छरीएर रहेका बस्तीको व्यवस्थापन गर्ने। | १.३.१ जोखिमयुक्त स्थानको पहिचान गरी ती ठाउँमा हुने सक्ने बस्ती विस्तार कार्यलाई निरुत्साहित गरिनेछ।<br>१.३.२ उच्च हिमाली तथा पहाडी क्षेत्रमा छरिएर बसेका घरपरिवारलाई सुरक्षित र आर्थिक अवसरहरू भएको एकीकृत् बस्ती विकास गरी स्थानान्तरण गर्ने कार्य अगाडि बढाईनेछ। |
| **उद्देश्य २: ग्रामीण वातावरण तथा पहिचानको संरक्षण गर्नु।** | |
| १.४ ग्रामीण वातावरणको संरक्षण गर्ने। | १.४.१ विकास निर्माणका कार्यहरू गर्दा हुने वातावरणीय प्रभावहरूको न्यूनीकरणका उपाय पहिचान गरी अबलम्बन गरिनेछ।<br>१.४.२ वातावरण तथा जैविक विविधताको संरक्षण तथा सुधार गरिनेछ।<br>१.४.३ धार्मिक, साँस्कृतिक तथा ऐतिहासिक पहिचानका वस्तुहरूको संरक्षण तथा प्रवर्द्धन गरिनेछ। |

### ६.७.६ कार्यक्रमका प्राथमिकता

१. घरवास कार्यक्रमको विस्तार र सुदृढीकरण गर्ने।

२. घरवास कार्यक्रम सञ्चालित क्षेत्रमा प्राङगरिक तरकारी खेती प्रवद्धन गर्ने।

## ६.७.७ विस्तृत कार्यक्रम

| क्र.सं. | उद्देश्य नं. | रणनीति नं. | कार्यनीति नं. | संकेत | कार्यक्रम | इकाई | आधार वर्ष तथ्याङ्क ०७५/७६ | लक्ष्य | | | | | योजना अवधिको जम्मा लक्ष्य | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | |
| १ | १ | १.१ | १.१.१ | ख | ग्रामीण र शहरी क्षेत्रमा वर्गीकरण गर्ने सम्बन्धी अध्ययन | संख्या | | | | १ | | | १ | भौपूविम |
| २ | | | १.१.१ | ख | ग्रामीण क्षेत्र विकास गुरुयोजना निर्माण | संख्या | | | | १ | | | १ | " |
| ३ | | | १.१.२ | क | ग्रामीण क्षेत्र सेवा र सुविधा विस्तार कार्यक्रम (सडक, खानेपानी, स्वास्थ्य, सूचना र वित्तीय आदि) | प्रतिशत | | | ५ | १० | १० | १० | ३५ | " |
| ४ | | | १.१.३ | क | वडा केन्द्रमा भौतिक पूर्वाधार विकास कार्यक्रम | संख्या | | | २० | २० | २० | ४० | १०० | " |
| ५ | | १.२ | १.२.१ | क | सक्रिय उमेर समूह स्वरोजगार कार्यक्रम (व्यावसायिक, व्यापारिक तालिम, स्वोरोजगार चुनौती फन्ड व्यवस्था आदि) | प्रतिशत | | | ५ | ५ | ५ | ५ | २० | साविम |
| ६ | | | १.२.२ | क | महिला तथा विपन्न वर्गको क्षमता अभिवृद्धि र रोजगारी कार्यक्रम | प्रतिशत | | | ५ | ५ | ५ | ५ | २० | " |
| ७ | | | १.२.३ | ख | स्वरोजगार कार्यक्रम | संख्या | | | २ | २ | १ | २ | ७ | " |
| ८ | | | १.२.४ | ख | रोजगारको लागि सामुदायिक होमस्टे कार्यक्रम | संख्या | | | ५ | ५ | ६ | ७ | २३ | उपववाम |
| ९ | | | १.२.५ | ख | ग्रामीण पर्यटन पदमार्ग गुणस्तर वृद्धि कार्यक्रम | संख्या | | | २ | २ | १ | २ | ७ | उपववाम भौपूविम |
| १० | | | १.२.६ | ख | प्राङ्गारिक खेती प्रोत्साहन कार्यक्रम | संख्या | | | ३ | ४ | १ | ३ | ११ | भूव्यकृसम |
| ११ | | | १.२.७ | ख | ग्रामीण क्षेत्रको जलविद्युत्मा जनताको लगानी (शेयर लाखमा) | संख्या | | | २ | २ | २ | ४ | १० | भौपूविम |
| १२ | | १.३ | १.३.१ | क | नमुना एकीकृत् बस्ती विकास कार्यक्रम | संख्या | | १ | १ | २ | २ | २ | ८ | " |
| १३ | | | १.३.२ | क | नमुना एकीकृत् बस्ती विकासको लागि सम्भाव्य स्थान पहिचान र विस्तृत आयोजना प्रतिवेदन निर्माण | संख्या | १ | १ | १ | | | | २ | " |
| १४ | | | १.३.३ | ग | नमुना एकीकृत् बस्ती निर्माण कार्यक्रम | प्रतिशत | | | १० | १० | १० | १० | ४० | " |
| १५ | | १.४ | १.४.१ | क | जलवायु परिवर्तन प्रभावित क्षेत्रमा जलवायु परिवर्तन अनुकूलन कृषि कार्यक्रम | संख्या | ३३ | ३३ | | | | | ३३ | भूव्यकृसम |
| १६ | | | १.४.२ | ख | जोखिमयूक्त क्षेत्रमा वातावरण तथा जैविक विविधताको संरक्षण तथा सुधार कार्य | संख्या | २० | | ५ | ५ | ५ | ५ | २० | उपववाम |
| १७ | | | १.४.३ | ग | धार्मिक, साँस्कृतिक तथा ऐतिहासिक पहिचानका वस्तुहरूको संरक्षण तथा प्रवर्द्धन कार्य | संख्या | | | ३ | २ | २ | १ | ८ | साविम भौपूविम |

## ६.७.८ नतिजा खाका

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७५/७६ | उपलब्धि २०७६/७७ | उपलब्धि २०७७/७८ | उपलब्धि २०७८/७९ | उपलब्धि २०७९/८० | उपलब्धि २०८०/८१ | योजना अवधिका उपलब्धि | पुष्टयाईंको श्रोत | जिम्मेवार निकाय | जोखिम अनुमान | प्रसमृद्ध संकेत | दिविल संकेत | दीगल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **प्रभाव** | **आय तथा रोजगारको दायरा र पहुँच वृद्धि भएको ग्रामीण क्षेत्र निर्माण भएको हुने** | **घरवाट ३० मिनेटको पैदलयात्रामा वडा र स्थानीय तहका प्रशासनिक केन्द्रमा पहुच भएको जनसंख्याको अनुपात** | प्रतिशत | | | | | | | | भौपूविमको प्रतिवेदन | भौपूविम | | ५ | ११ | ६ |
| | | **घरवाट ३० मिनेटको पैदल यात्राको दुरीमा माध्यमिक शिक्षा र आधारभूत स्वास्थ्य सुविधामा पहुच भएको जनसंख्याको अनुपात** | प्रतिशत | | | | | | | | " | " | | ५ | ११ | ६ |
| | | **ग्रामीण भेगवाट शहर क्षेत्रमा हुने वसाइँसराइँको अनुपात** | प्रतिशत | | | | | | | | " | " | | ५ | ११ | ६ |
| **असर १** | सडक, खानेपानी, स्वास्थ्य, सूचना र वित्तीय सेवा तथा सुविधामा सबै नागरिकको पहुँच वृद्धि भएको हुने | प्राप्त शहरी सेवा तथा सुविधामा सन्तुष्ट जनता | प्रतिशत | | | | | | | | " | " | | ५ | ११ | ६ |
| **प्रतिफल १.१** | ग्रामीण क्षेत्रको गुरुयोजना निर्माण गरी योजनाबद्ध रुपमा पूर्वाधार निर्माण कार्य अगाडि बढेको हुने | विकास योजना निर्माण गर्ने स्थानीय तह | संख्या | | | | | | ८५ | ८५ | " | " | | ५ | ११ | ६ |
| **प्रतिफल १.२** | सडक, खानेपानी, स्वास्थ्य, सूचना र वित्तीय सेवा तथा सुविधामा सबै नागरिकको पहुँचमा वृद्धि भएको हुने | ग्रामीण क्षेत्रमा सडक, खानेपानी, स्वास्थ्य, सूचना र वित्तीय सेवा पुगेका जनसंख्या | प्रतिशत | | | ७० | १० | १० | १० | १०० | " | " | | ५ | ११ | ६ |
| | स्थानीय आर्थिक एवम् प्रशासनिक विकास बिन्दुको रुपमा वडा केन्द्रको विकास भएको हुने | भौतिक पूर्वाधार विकास भएका वडाहरू | संख्या | | १० | २० | ३० | ४० | ५० | १५० | " | " | | ५ | ११ | ६ |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७५/७६ | उपलब्धि | | | | | योजना अवधिका उपलब्धि | पुष्ट्याइँको श्रोत | जिम्मेवार निकाय | जोखिम अनुमान | प्रसमुं संकेत | दिविल संकेत | दीराल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | | | | | | |
| प्रतिफल १.३ | लघु, घरेलु र साना उद्योग सम्बन्धी व्यवसायिक तथा व्यापारिक तालिमहरू मार्फत् सक्रिय उमेर समूहको जनसंख्या उत्पादनको क्षेत्रमा परिचालित भएको हुने | सक्रिय उमेर समूहका स्वरोजगारमा आवद्ध जनता | प्रतिशत | | | ५ | ५ | ५ | ५ | २० | भौपूविमको प्रतिवेदन | भौपूविम | | ५ | ११ | ६ |
| प्रतिफल १.४ | महिला तथा विपन्न वर्गको क्षमता अभिवृद्धि भई आय तथा रोजगारका अवसरहरू उपलब्ध भएको हुने | क्षमता अभिवृद्धि र रोजगारी कार्यक्रममा सहभागी जनता | प्रतिशत | | | ५ | ५ | ५ | ५ | २० | " | " | | ५ | ११ | ६ |
| | नाफामूलक नगदे बालीहरूको खेती गर्ने कार्य अभियानको रुपमा सञ्चालित भएको हुने | स्वरोजगार कार्यक्रम | संख्या | | | २ | २ | १ | २ | ७ | " | " | | ५ | ११ | ६ |
| प्रतिफल १.५ | समुदायमा आधारित पर्यटक होमस्टेहरू सञ्चालनको अवसर सिर्जना भएको हुने | सामुदायिक होमस्टे कार्यक्रम | संख्या | | | ५ | ५ | ६ | ७ | २३ | " | " | | ५ | ११ | ६ |
| | ग्रामीण पर्यटन पदमार्गहरूको पहिचान भई विकास तथा व्यवस्थापन भएको हुने | ग्रामीण पर्यटन पदमार्ग गुणस्तर वृद्धि कार्यक्रम | संख्या | | | २ | २ | १ | २ | ७ | " | " | | ५ | ११ | ६ |
| प्रतिफल १.६ | प्राङ्गारिक खेती प्रणालीको लागि प्रोत्साहन भएको हुने | प्राङ्गारिक खेती प्रोत्साहन कार्यक्रम | संख्या | | | ३ | ४ | १ | ३ | ११ | " | " | | ५ | ११ | ६ |
| प्रतिफल १.७ | ग्रामीण क्षेत्रमा निर्माण हुने जलविद्युत् आयोजनाहरूमा स्थानीय जनतालाई सेयर लगानी गर्ने अवसर प्रदान भएको हुने | ग्रामीण क्षेत्रको जलविद्युत्मा जनताको लगानी | सेयर संख्या (लाखमा) | | | २ | २ | २ | ४ | १० | " | " | | ५ | ११ | ६ |
| प्रतिफल १.८ | जोखिमयुक्त र छरिएर रहेका बस्तीको व्यवस्थापन भएको हुने | जोखिमयुक्त बस्ती | संख्या | | | | | | | | " | " | | ५ | ११ | ६ |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७५/७६ | उपलब्धि | | | | | योजना अवधिका उपलब्धि | पुष्ट्याईंको श्रोत | जिम्मेवार निकाय | जोखिम अनुमान | प्रसमुं संकेत | दिविल संकेत | दीराल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | | | | | | |
| **प्रतिफल** १.९ | जोखिमयुक्त स्थानको पहिचान भई ती ठाउँमा हुने सक्ने बस्ती विस्तार कार्य निरुत्साहित भएको हुने | नमुना एकीकृत् बस्ती | संख्या | | १ | १ | २ | २ | २ | ८ | भौपूविमको प्रतिवेदन | भौपूविम | | ५ | ११ | ६ |
| **असर** २ | ग्रामीण वातावरण तथा पहिचानको योजनाबद्ध संरक्षण गर्ने कार्य अगाडि बढेको हुने | ग्रामीण वातावरण तथा पहिचानको संरक्षण छ भनि विश्वास गर्ने जनता | प्रतिशत | | | | | | | | स्वतन्त्र संस्थाको अध्ययन प्रतिवेदन | भौपूविम | | ५ | ११ | ६ |
| **प्रतिफल** २.१ | विकास निर्माणका कार्यहरू गर्दा हुने वातावरणीय प्रभावहरूको न्यूनीकरणका उपाय पहिचान गरी अवलम्बन भएको हुने | प्रभावित क्षेत्रमा जलवायु परिवर्तन अनुकूलन कृषि कार्यक्रम | संख्या | ३३ | ३३ | | | | | ३३ | भौपूविमको प्रतिवेदन | " | | ५ | ११ | ६ |
| **प्रतिफल** २.२ | वातावरण तथा जैविक विविधताको संरक्षण तथा सुधार भएको हुने | वातावरण तथा जैविक विविधताको संरक्षण तथा सुधार कार्य | संख्या | २० | | ५ | ५ | ५ | ५ | २० | " | " | | ५ | ११ | ६ |
| **प्रतिफल** २.३ | धार्मिक, साँस्कृतिक तथा ऐतिहासिक पहिचानका वस्तुहरूको संरक्षण तथा प्रवर्द्धन भएको हुने | संरक्षण तथा प्रवर्द्धन कार्य | संख्या | | | ३ | २ | २ | १ | ८ | " | " | | ५ | ११ | ६ |
| **लगानीः नमुना एकीकृत् बस्ती, ग्रामीण विकास क्षेत्रमा लगानी, तालिम, प्रविधि, वार्षिक कार्यक्रम तथा बजेट** | | | | | | | | | | | | | | | | |

## ६.८ आवास, बस्ती विकास र पुनर्निर्माण

### ६.८.१ पृष्ठभूमि

नेपालको संविधानले अव्यवस्थित बसोबास, योजनाबद्ध, पूर्ण पूर्वाधार, बातावरणमैत्री आवासलाई नागरिकको सुरक्षित आवासको हकलाई प्रत्याभूति गरेको छ । भौगोलिक हिसाबले बिकट र छरिएर रहेका तथा विपदको जोखिममा रहेका घर परिवारलाई सुविधासम्पन्न, वातावरणमैत्री आवासको व्यवस्थापन र बिपन्न तथा शहरी क्षेत्रमा अनधिकृत तथा अव्यवस्थित रुपले बसोबास गरेका घर परिवारलाई उचित व्यवस्था गर्न यस क्षेत्रलाई प्राथमिकता राखी कार्य गर्नुपर्ने आवश्यकता छ ।

### ६.८.२ प्रमुख समस्या

ग्रामीण क्षेत्रमा आवासको निर्माण गर्दा प्राविधिकको परामर्श नलिनु, निर्माण सामाग्री कम गुणस्तर र खर्चिलो हुनु, सुरक्षित, स्वास्थ्य र सुविधायुक्त आवास नहुनु, सामूहिक आवास निर्माणमा जनचासो नहुनु, भू-उपयोग नीति अनुसार बस्ती विकास नहुनु, विभिन्न स्थानीय तहहरूको मापदण्ड विपरित आवास निर्माण हुनु तथा मापदण्ड अनुसार भएको वा नभएको अनुगमन गर्ने कार्य प्रभावकारी नहुनु, २०७२ वैशाख १२ को भूकम्पले भत्काएका घरहरूको पुनर्निर्माण समयमा सम्पन्न नहुनु आदि यस क्षेत्रका प्रमुख समस्या हुन् ।

### ६.८.३ चुनौती र अवसर

**चुनौती**

भौगोलिक हिसाबले विकट र विपदको उच्च जोखिममा रहेका घरपरिवारको लागि भू-उपयोगमा आधारित एकीकृत् आवास तथा बस्ती विकास गर्नु, शहरी क्षेत्रमा अनाधिकृत रुपमा बसोबास गर्ने घरपरिवारको स्थानान्तरण गर्नु, स्थानीय निर्माण सामाग्रीको उच्चतम प्रयोग गरी किफायती र सुरक्षित आवास निर्माण गर्नु, २०७२ बैशाख १२ को भूकम्पमा भत्किएका निजी घर र सार्वजनिक भवनहरूको निर्माण सम्पन्न गर्नु, गरिबीको रेखामुनी रहेका, पिछडिएका, दलित, अति सीमान्तकृत् र जोखिम क्षेत्रमा रहेका वर्गहरूलाई सामूहिक, सुरक्षित वातावारण मैत्री, न्यून लागतयुक्त आवासको व्यवस्थापन गर्नु, विकसित भैसकेको बस्तीहरूलाई भू-उपयोग नीतिको आधारमा वर्गीकरण गरी व्यवस्थापन गर्नु, प्रादेशिक भू-उपयोग नीति निर्माण गरी आवास तथा बस्तीहरूको दिगो ब्यवस्थापन गर्नु आदि यस क्षेत्रका चुनौतीहरू हुन् ।

**अवसर**

भौगोलिक अवस्था र बस्तीको असमान वितरणलाई एकीकृत् गर्न एकीकृत् कार्यमूलक योजना मार्फत् बस्ती विकास कार्यक्रम सञ्चालन हुनु, विकट र विपद्को उच्च जोखिममा रहेका गरिब, न्यून आय भएका परिवारको लागि जनताको लागि न्यून लागतका आवास कार्यक्रम सञ्चालन हुनु, अति सीमान्तकृत्, दलित, लोपोन्मुख, अति विपन्नका लागि जनता आवास कार्यक्रम सञ्चालन हुनु, वि.सं २०७२ को विनाशकारी भूकम्प पश्चात् सुरक्षित आवास निर्माणमा जनचेतना बृद्धि हुनु, प्रविधि, निर्माण सामग्रीका बारेमा क्षमता र चेतना अभिवृद्धि हुनु, एकीकृत् जग्गा विकास तथा एकीकृत् कार्यमूलक योजनामा स्थानीय तह तथा समुदायको चासो बढ्नु, बस्ती तथा आवास निर्माणमा निजी क्षेत्रको सहभागिता वृद्धि हुँदै जानु, भू-उपयोग नीति अनुसार विभिन्न मापदण्ड लागू गर्न तिनै तहका सरकारको चासो रहनु आदि यस क्षेत्रका अवसरहरू हुन् ।

### ६.८.४ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

**सोच**

दिगो विकासका लागि गुणस्तरीय आवास तथा बस्ती विकास ।

**लक्ष्य**

सुरक्षित, सुलभ र वातावारणमैत्री एकीकृत् आवास तथा बस्ती विकास गर्ने ।

**उद्देश्य**

१. एकीकृत् आवास तथा बस्ती विकास गरी अनधिकृत, अब्यवस्थित र छरिएर रहेका विपन्न र सीमान्तकृत् घर परिवारलाई एकताबद्ध गर्नु ।

२. भूकम्पमा क्षति भएका घर र सार्वजनिक भवनहरूको पुनःर्निर्माण गर्नु ।

### ६.८.५ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १ः एकीकृत् आवास तथा बस्ती विकास गरी अनधिकृत, अव्यवस्थित र छरिएर रहेका विपन्न र सीमान्तकृत् घर परिवारलाई एकताबद्ध गर्नु।** | |
| १.१ ग्रामीण क्षेत्रमा भौगोलिक हिसाबले बिकट र छरिएर रहेका तथा विपद्को जोखिममा रहेका र सीमान्तकृत् घर परिवारलाई आधारभूत सुविधा सहितको एकीकृत् बस्ती निर्माण गरी स्थानान्तरण गर्ने । | १.१.१ भौगोलिक रुपले विकट र विपद्को उच्च जोखिममा रहेका स्थानमा हुन सक्ने थप बस्ती विस्तारलाई निरुत्साहित गरिनेछ ।<br>१.१.२ स्थानीय तह, निजी क्षेत्र तथा लक्षित वर्गको सहकार्य तथा सहलगानीमा भौगोलिक हिसाबले विकट र छरिएर रहेका तथा विपद्को जोखिममा रहेका घर परिवारका लागि सुरक्षित, वातावारणमैत्री, सुलभ, आधार भूत सुविधायुक्त र मौलिक पहिचान बोकेको एकीकृत् बस्ती निर्माण गरिनेछ ।<br>१.१.३ अति सीमान्तकृत्, दलित, लोपोन्मुख, अति विपन्नका लागि जनता आवास कार्यक्रम अन्तर्गत आवासको व्यवस्था गरिनेछ । |
| १.२ शहरी क्षेत्र, घना बस्ती रहेका ग्रामीण क्षेत्र तथा लोकमार्ग क्षेत्रको बस्ती व्यवस्थित गर्ने । | १.२.१ नेपाल सरकारसँग समन्वय गरी स्थानीय तहको भू-उपयोग नीति तथा योजना निर्माण गर्ने र भौतिक पूर्वाधार विकास गरी योजनाबद्ध रुपमा एकीकृत् बस्ती विकास गर्ने कार्यलाई अभियानको रुपमा अगाडि बढाइनेछ ।<br>१.२.२ एकीकृत् बस्ती विकास गर्न जग्गा प्राप्ति व्यवस्थालाई सरल बनाइनेछ ।<br>१.२.३ लोकमार्ग क्षेत्रमा हुन सक्ने थप बस्ती विस्तारलाई निरुत्साहित गरिनेछ ।<br>१.२.४ अनधिकृत रुपले शहरी क्षेत्रमा बसोबास गर्ने घरपरिवार पहिचान गरी त्यस्ता स्थानबाट हटाउने कार्यलाई अभियानको रुपमा सञ्चालन गरिनेछ ।<br>१.२.५ कृषियोग्य जमिनमा हुने गरेको जग्गा प्लटिङ्गलाई नियन्त्रण गरी व्यवस्थित गरिनेछ ।<br>१.२.६ शारीरिक अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक लगायत विपद्को उच्च जोखिममा रहेका व्यक्तिका लागि विशेष सामाजिक आवासको विकास गरिनेछ । |
| **उद्देश्य २ः भूकम्पमा क्षति भएका घर र सार्वजनिक भवनहरूको पुनर्निर्माण गर्नु।** | |
| २.१ पुनर्निर्माण प्राधिकरणसँग समन्वय गरी २०७२ को भूकम्पमा भत्केका निजी घर, सार्वजनिक भवन, विद्यालय, र स्वास्थ्य संस्थाको पुनर्निर्माण आगामी दुई वर्षभित्र सम्पन्न गर्ने । | २.१.१ पुनर्निर्माण हुन बाँकी रहेका निजी आवास, सार्वजनिक भवन, विद्यालय र स्वास्थ संस्था पुनर्निर्माणका लागि पुनर्निर्माण प्राधिकरण र स्थानीय तहसँग समन्वय गरी सम्पन्न गरिनेछ ।<br>२.१.२ पुनर्निर्माणको लागि चाहिने निर्माण सामाग्रीको सहज आपूर्ति गर्ने व्यवस्था गरिनेछ । |

### ६.८.६ कार्यक्रमका प्राथमिकता

१. २०७२ को भूकम्पले क्षति भएका निजी आवास र सार्वजनिक भवनहरूको पुननिर्माण सम्पन्न गर्ने ।

२. जनता आवास कार्यक्रम निरन्तर रुपमा कार्यन्वयन गर्ने ।

३. नमुना एकीकृत् वस्तीको विकास गर्ने ।

### ६.८.७ विस्तृत कार्यक्रम

| क्र.सं. | उद्देश्य नं. | रणनीति नं. | कार्यनीति नं. | संकेत | कार्यक्रम | इकाई | आधार वर्ष ०७५/७६ | लक्ष्य | | | | | योजना अवधिको जम्मा लक्ष्य | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | |
| १ | १ | १.१ | १.१.१ | क | भौगोलिक हिसाबले विकट र जोखिममा रहेका बस्ती पहिचान र उपयुक्त समाधान खोज | संख्या | | | १ | | | | १ | भौपूविम |
| २ | | | १.१.२ | ख | बहुपक्षीय लगानीमा विकट र जोखिममा रहेकाको लागि सुविधा सम्पन्न नमुना एकीकृत् बस्ति निर्माण | संख्या | | | १ | ३ | २ | १ | ७ | " |
| ३ | | | १.१.३ | क | सीमान्तकृत्, लोपोन्मुख, र विपन्नका लागि जनता आवास कार्यक्रम | संख्या | १३४ | ३०० | ३५० | ४०० | ४५० | ५०० | २००० | " |
| ४ | | १.२ | १.२.१ | ग | आम सर्वसाधारणको लागि सम्भाव्यता हेरी एकीकृत् बस्ती विकास | संख्या | | | ५ | ५ | ५ | ५ | २० | " |
| ५ | | | १.२.२ | क | एकीकृत् बस्ती विकास गर्न जग्गा प्राप्ति कार्य सहज बनाउन नीतिगत व्यवस्था | संख्या | | | १ | | | | १ | " |
| ६ | | | १.२.३ | क | लोकमार्ग क्षेत्रमा हुन सक्ने थप बस्ती विस्तारलाई निरुत्साहित गर्न नीतिगत व्यवस्था | संख्या | | | १ | | | | १ | " |
| ७ | | | १.२.४ | ग | सुकुम्बासी समस्या समाधान कार्य | स्थान | | | १० | ११ | ५ | ६ | ३२ | " |
| ८ | | | १.२.५ | ग | कृषियोग्य जमिनको संरक्षण गर्न नीतिगत व्यवस्था | संख्या | | | १ | | | | १ | भूकृसम |
| ९ | | | १.२.६ | ग | सामाजिक आवास निर्माण | संख्या | | | ८ | ९ | ५ | ४ | २६ | भौपूविम |
| १० | २ | २.१ | २.१.१ | ग | भूकम्पबाट क्षतिग्रस्त सार्वजनिक भवन निर्माण | संख्या | | | १०० | ८० | ५० | ३० | २६० | " |
| ११ | | | २.१.२ | ग | भूकम्पबाट क्षतिग्रस्त भवन निर्माण सामग्रीको सहज व्यवस्था | संख्या | | | | | | | | " |

### ६.८.८ नतिजा

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७५/७६ | उपलब्धि | | | | | योजना अवधिका उपलब्धि | पुष्ट्याइँको श्रोत | जिम्मेवार निकाय | जोखिम अनुमान | प्रसंसमु संकेत | दिविल संकेत | दीगाल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | | | | | | |
| **प्रभाव** | **सुरक्षित, सुलभ र वातावरणमैत्री एकीकृत् आवास तथा बस्तीको विकास भएको हुने** | **गरीब-बस्ती र अवैध जमिनमा बसोबास गर्ने जनसङ्ख्या** | **प्रतिशत** | | | | | | | | | **भौपूविम** | | ५ | ११ | ६ |
| | | **अपर्याप्त आवासमा बसोबास गर्ने शहरी जनसंख्याको अनुपात** | **प्रतिशत** | ६२.५ | | | | | | २६.२ | | " | | ५ | ११ | ६ |
| **असर १** | एकीकृत् आवास तथा बस्ती विकास भई अनाधिकृत, अव्यवस्थित र छरिएर रहेका विपन्न र सीमान्तकृत् घर परिवार एकताबद्ध भएको हुने | अनाधिकृत, अव्यवस्थित र छरिएर रहेका विपन्न र सीमान्तकृत् घर परिवार | संख्या | | | | | | | | | " | | ५ | ११ | ६ |
| **प्रतिफल** १.१ | भौगोलिक हिसाबले विकट र छरिएर रहेका तथा विपद्को जोखिममा रहेका घर परिवारका लागि सुरक्षित, वातावरणमैत्री, सुलभ, आधारभूत सुविधायुक्त र मौलिक पहिचान बोकेको एकीकृत् बस्तीको निर्माण भएको हुने | सुविधा सम्पन्न नमुना एकीकृत् बस्तीको निर्माण | संख्या | | | ४ | ३ | २ | १ | १० | | " | स्थानीय तह, निजी क्षेत्र तथा लक्षित वर्गको सहकार्य | ५ | ११ | ६ |
| **प्रतिफल** १.२ | अति सीमान्तकृत्, दलित, लोपोन्मुख, अति विपन्नका लागि जनता आवास कार्यक्रम अन्तर्गत आवासको व्यवस्था भएको हुने | जनता आवास कार्यक्रम अन्तर्गत बन्ने घर | संख्या | १३४ | ३०० | ३५० | ४०० | ४५० | ५०० | २००० | | " | | ५ | ११ | ६ |
| **प्रतिफल** १.३ | स्थानीय तहको भू-उपयोग नीति तथा योजना निर्माण र भौतिक पूर्वाधार विकास भई योजनाबद्ध रुपमा एकीकृत् बस्ती विकास गर्ने कार्य अभियानको रुपमा अगाडि बढेको हुने | एकीकृत् बस्ती | संख्या | | | ५ | ५ | ५ | ५ | २० | | " | नेपाल सरकार सँग समन्वय हुने | ५ | ११ | ६ |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७५/७६ | उपलब्धि | | | | | योजना अवधिका उपलब्धि | पुष्ट्याइँको श्रोत | जिम्मेवार निकाय | जोखिम अनुमान | प्रसंसमु संकेत | दिविल संकेत | दीराल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | | | | | | |
| **प्रतिफल १.४** | अनधिकृत रुपले शहरी क्षेत्रमा बसोबास गर्ने घरपरिवारको पहिचान भई त्यस्ता स्थानबाट हटेको हुने | सुकुम्बासी समस्या समाधान कार्य | स्थान | | | १० | ११ | ५ | ६ | ३२ | | भौपूविम | | ५ | ११ | ६ |
| **प्रतिफल १.५** | कृषियोग्य जमिनमा हुने गरेको जग्गा प्लटिङ नियन्त्रित र व्यवस्थित भएको हुने | कृषियोग्य जमिनको संरक्षण गर्न नीतिगत व्यवस्था | संख्या | | | | १ | | | १ | | " | | ५ | ११ | ६ |
| **प्रतिफल १.६** | शारीरिक अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक लगायत विपद्को उच्च जोखिममा रहेका व्यक्तिका लागि विशेष सामाजिक आवासको विकास भएको हुने | सामाजिक आवास निर्माण | संख्या | | | ८ | ९ | ५ | ४ | २६ | | " | | ५ | ११ | ६ |
| **असर २** | पुनर्निर्माण प्राधिकरणसँगको समन्वयमा २०७२ को भूकम्पमा भत्केका निजी घर, सार्वजनिक भवन, विद्यालय, र स्वास्थ्य संस्थाको पुनःर्निर्माण आगामी दुई वर्षभित्र सम्पन्न भएको हुने | पुनःर्निर्माण गरिएका घर तथा सार्वजनिक भवन | संख्या हजारमा | | | | | | | | १२० | " | | ५ | ११ | ६ |
| **प्रतिफल २.१** | पुनःर्निर्माण हुन बाँकी रहेका निजी आवास, सार्वजनिक भवन, विद्यालय र स्वास्थ संस्थाको पुननिर्माण सम्पन्न भएको हुने | भूकम्पबाट क्षतिग्रस्त सार्वजनिक भवन निर्माण | संख्या | | | १०० | ८० | ५० | ३० | २६० | | " | पुनर्निर्माण प्राधिकरण र स्थानीय तहसँग समन्वय हुने | ५ | ११ | ६ |
| **प्रतिफल २.२** | पुनर्निर्माणको लागि चाहिने निर्माण सामाग्रीको सहज आपूर्ति हुने व्यवस्था भएको हुने | निर्माण सामग्रीको सहज आपूर्तिको व्यवस्था | संख्या | | | | | | | | | " | | ५ | ११ | ६ |
| **लगानी: पुर्ननिर्माण, जनता आवास, एकीकृत् आवास तथा बस्ती विकास क्षेत्रको लगानी, तालिम, उपकरण, अध्ययन प्रतिवेदन र वार्षिक प्रतिवेदन, वार्षिक कार्यक्रम र बजेट** | | | | | | | | | | | | | | | | |

## ६.९ भवन निर्माण

### ६.९.१ पृष्ठभूमि

दिगो सामाजिक तथा आर्थिक विकासको लागि भवन निर्माण क्षेत्रको महत्वपूर्ण योगदान रहेको हुन्छ । गण्डकी प्रदेशमा भैरहेको तीब्र शहरीकरणलाई व्यवस्थित गर्न राष्ट्रिय भवन संहितालाई प्रादेशिक तथा स्थानीय स्तरमा संस्थागत गर्दै ग्रामीण तथा शहरी बस्तीहरूमा सुरक्षित, स्वास्थ्यकर, वातावरण मैत्री र किफायती भवन निर्माण गर्ने कार्यलाई प्रभावकारी बनाउन भवन निर्माण क्षेत्रलाई प्राथमिकतामा राखी कार्य गर्नु पर्ने आवश्यकता छ ।

### ६.९.२ प्रमुख समस्या

भवन आचारसंहिता पूर्णरुपमा कार्यान्वयन नहुनु, भवन निर्माण मापदण्डमा एकरुपकता नहुनु र छोटो समयमा नै मापदण्ड परिवर्तन भैरहनु, ईन्जिनियरको सुपरीवेक्षणबिना भवन निर्माण हुनु, भवन निर्माण गर्ने कामदार तथा प्राविधिकको क्षमता तथा दक्षता वृद्धि हुन नसक्नु, गुणस्तरीय भवन निर्माणको लागि आवश्यक निर्माण सामग्रीको उत्पादनमा ध्यान जान नसक्नु, ऐतिहासिक र स्थानीय पहिचानयुक्त भवन निर्माण गर्नेतर्फ कम चासो रहनु, समूहगत रुपमा भवन निर्माण हुन नसक्नु, आयातित निर्माण सामग्रीको प्रयोग वृद्धि हुदै जानु, भवन निर्माण अत्यधिक महँगो हुदै जानु, भवन निर्माण गर्ने प्राविधिकको क्षमता तथा दक्षताको अभिवृद्धि नहुनु आदि यस क्षेत्रका समस्याहरू हुन् ।

### ६.९.३ चुनौती र अवसर

**चुनौती**

भवन संहिता पूर्ण रुपमा कार्यान्वयन गर्नु, वातावरण मैत्री, स्वास्थ्यकर र किफायती भवन निर्माण गर्नु, एकीकृत् रुपमा डिजाइन र निर्माण गर्ने प्रणालीको विकास गर्नु, निर्माण सामग्रीको गुणस्तर निर्धारण गर्नु, भवन निर्माणमा स्थानीय सामग्रीको प्रयोग वृद्धि गर्नु, भवन निर्माण सम्बन्धी तालिम क्षमता र दक्षता अभिवृद्धि गर्नु, आदि यस क्षेत्रका चुनौतीहरू हुन् ।

**अवसर**

भवन संहिता मापदण्ड कार्यान्वयनमा ल्याउन प्रदेश सरकार प्रतिवद्ध रहनु, भूकम्प प्रतिरोधी, वातावरणमैत्री, स्वास्थ्यकर र किफायती भवन निर्माणमा जनचासो बढ्दै जानु, भवन निर्माणलाई नागरिकहरूले उच्च प्राथमिकतामा राख्नु र व्यक्तिगत आम्दानीको मुख्य हिस्सा यस क्षेत्रमा लगाउनु, भवन निर्माणमा ईन्जिनियर प्राविधिकको संलग्नता वृद्धि हुँदै जानु, भवन निर्माणमा निजी क्षेत्र तथा बैङ्किङ्ग क्षेत्रको लगानी बढ्दै जानु आदि यस क्षेत्रका अवसरहरू हुन् ।

### ६.९.४ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

**सोच**

गुणस्तरीय, सुरक्षित र सुविधायुक्त भवन निर्माण ।

**लक्ष्य**

सुरक्षित, किफायती, वातावरणमैत्री र पहिचानयुक्त भवन निर्माण गर्ने ।

**उद्देश्य**

१. स्थानीय निर्माण सामग्रीको अधिकतम प्रयोग गरी स्थानीय वास्तुकला र नवीनतम प्रविधि मिश्रित सुरक्षित र किफायती भवनहरू निर्माण गर्नु ।
२. एकीकृत् सेवा प्रदायक बहुपयोगी र बहुउद्देश्यीय भवन निर्माण गरी एकीकृत् जनसेवा प्रदान गर्नु ।

### ६.९.५ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १: स्थानीय निर्माण सामग्रीको अधिकतम प्रयोग गरी स्थानीय वास्तुकला र नवीनतम प्रविधि मिश्रित सुरक्षित, बलिया र किफायती भवनहरू निर्माण गर्नु।** | |
| १.१ स्थानीय पहिचान भएको र सबै वर्ग तथा समुदायले किन्न सक्ने भवनहरूको निर्माण गर्ने। | १.१.१ प्रत्येक स्थानीय तहमा निर्माण हुने निजी भवनहरूको डिजाइनमा एकरुपकता ल्याउन स्थानीय तहलाई भवन निर्माण मापदण्ड बनाई लागु गर्न सहयोग गरिनेछ।<br>१.१.२ भवन बनाएर बिक्री गर्ने कम्पनीहरूमार्फत् निर्माण र बिक्री गर्ने प्रक्रियालाई प्रोत्साहन गरिनेछ।<br>१.१.३ विश्वविद्यालय तथा निजी क्षेत्रसँगको समन्वयमा उपयुक्त भवन डिजाइन गरिनेछ।<br>१.१.४ स्थानीय वास्तुकला र नवीनतम प्रविधि मिश्रित सुरक्षित र किफायती निजी भवन निर्माण गर्न निजी क्षेत्र तथा समुदायलाई प्राविधिक सहयोग गरिनेछ।<br>१.१.५ सुरक्षित, किफायती, वातावरणमैत्री र पहिचानयुक्त भवन निर्माण बारे जनचेतना वृद्धि गर्न समुदाय लक्षित कार्यक्रम सञ्चालन गरिनेछ।<br>१.१.६ भवन डिजाइन, निर्माण तथा सुपरीवेक्षणका कार्यमा संलग्न जनशक्तिको क्षमता विकास गरिनेछ।<br>१.१.७ स्थानीय रुपमा उपलब्ध निर्माण सामग्रीहरूको प्रयोगलाई अधिकतम प्रयोग गर्न प्रोत्साहन गरिनेछ। |
| **उद्देश्य २: एकीकृत् सेवा प्रदायक बहुपयोगी र बहुउद्देश्यीय भवन निर्माण गरी एकीकृत् जनसेवा प्रदान गर्नु।** | |
| २.१ सरकारी कार्यलाई सेवामूलक तथा कार्यमूलक बनाउन सरकारी भवनहरूको एकीकृत् रुपमा डिजाइन र निर्माण गर्ने। | २.१.१ सरकारी भवनहरूको डिजाइनमा एकरुपकता ल्याउन प्रादेशिक पहिचान झल्कने गरी भवन निर्माण मापदण्ड बनाई लागु गरिनेछ।<br>२.१.२ सरकारी भवन तथा आवासहरूहरूको डिजाइन र निर्माण गर्ने कार्यलाई एकीकृत् रुपमा सञ्चालन गरिनेछ। |
| २.२ पुराना सरकारी भवनहरूलाई स्तरोन्नति गरी थप कार्यमूलक बनाउने। | २.२.१ सुरक्षित र कार्यमूलक नरहेका सरकारी भवनहरूको पहिचान गरी स्तर वृद्धि गरिनेछ। |

### ६.९.६ कार्यक्रमका प्राथमिकता

१. पहिचानयुक्त प्रदेश प्रशासनिक केन्द्रको निर्माण गर्ने।

२. निजी क्षेत्रहरूलाई सुरक्षित र किफायती आवास निर्माण कम्पनीहरूको सञ्चालन गर्न प्रोत्साहन गर्ने।

### ६.९.७ विस्तृत कार्यक्रम

| क्र.सं. | उद्देश्य नं. | रणनीति नं. | कार्यनीति नं. | संकेत | कार्यक्रम | इकाई | आधार वर्ष ०७५/७६ | लक्ष्य २०७६/७७ | लक्ष्य २०७७/७८ | लक्ष्य २०७८/७९ | लक्ष्य २०७९/८० | लक्ष्य २०८०/८१ | योजना अवधिको जम्मा लक्ष्य | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | १ | १.१ | १.१.१ | ग | भवन निर्माण नीति निर्माण | संख्या | | | १ | | | | १ | भौपूविम |
| २ | | | १.१.१ | ख | स्थानीय तह स्तरीय भवन निर्माण मापदण्ड निर्माण | संख्या | | | २० | २० | २० | २५ | ८५ | " |
| ३ | | | १.१.२ | ग | बहुपक्षीय लगानीमा नमुना हाउजिंग निर्माण | संख्या | | | १ | १ | १ | १ | ४ | " |
| ४ | | | १.१.३ | ग | विश्वविद्यालय तथा निजी क्षेत्रसँग समन्वय गरी स्थानीय तह स्तरीय नमुना भवन मोडल विकास गर्ने | संख्या | | | १ | | | | १ | " |
| ५ | | | १.१.४ | ख | सुरक्षित र किफायती निजी भवन निर्माण गर्न घर निर्माणको बेला प्राविधिक Supervision सहयोग | प्याकेज | | १ | १ | १ | १ | १ | १ | " |
| ६ | | | १.१.५ | क | सुरक्षित, किफायती, वातावरणमैत्री र पहिचानयुक्त भवन निर्माणको लागि चेतनामूलक कार्यक्रम | संख्या | | ८५ | ८५ | ८५ | ८५ | ८५ | ४२५ | " |
| ७ | | | १.१.६ | ख | भवन निर्माणमा काम गर्ने जनशक्तिको क्षमता विकास कार्यक्रम | संख्या | | ८५ | ८५ | ८५ | ८५ | ८५ | ४२५ | " |
| ८ | | | १.१.७ | ख | भवन निर्माणमा स्थानीय सामग्रीको प्रयोग वृद्धि गर्न प्रोत्साहन कार्यक्रम | संख्या | | ८५ | ८५ | ८५ | ८५ | ८५ | ४२५ | " |
| ९ | २ | २.१ | २.१.१ | क | पहिचानयुक्त प्रादेशिक सरकारी भवन निर्माण | संख्या | | २ | ४ | ५ | ५ | ६ | २२ | " |
| १० | | | २.१.२ | क | पहिचानयुक्त एकीकृत् प्रादेशिक सरकारी भवन निर्माण कार्य | संख्या | | | ४ | ४ | ५ | ३ | १६ | " |
| ११ | | २.२ | २.२.१ | क | प्रादेशिक सरकारी भवन मर्मत संभार तथा निर्माण संरचनागत सुधार | संख्या | ८ | ३ | ५ | ७ | ९ | ११ | ३५ | " |

## ६.९.८ नतिजा

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७५/७६ | उपलब्धि २०७६/७७ | उपलब्धि २०७७/७८ | उपलब्धि २०७८/७९ | उपलब्धि २०७९/८० | उपलब्धि २०८०/८१ | योजना अवधिका उपलब्धि | पुष्ट्याईंको श्रोत | जिम्मेवार निकाय | जोखिम अनुमान | प्रसमुसं संकेत | दिविल संकेत | दीराल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **प्रभाव** | **सुरक्षित, किफायती, वातावरणमैत्री र पहिचानयुक्त भवनको निर्माण भएको हुने** | **सुरक्षित घरहरूमा बसोबास गर्ने घरपरिवारको अनुपात** | **प्रतिशत** | २७.२ | | | | | | ३७ | **दिविल मूल्यांकन प्रतिवेदन** | **भौपूविम** | | ५ | ११ | ६ |
| | | **घरको छानो खर, पराल वा पातले छाएको घरपरिवारको अनुपात** | **प्रतिशत** | १०.८ | | | | | | ३ | " | " | | ५ | ११ | ६ |
| **असर १** | स्थानीय निर्माण सामग्रीको अधिकतम प्रयोग भई स्थानीय वास्तुकला र नवीनतम प्रविधि मिश्रित सुरक्षित, बलिया र किफायती भवनहरूको निर्माण भएको हुने | घर बनाउदा स्थानीय निर्माण सामग्री प्रयोग भएका घरहरूको अनुपात | प्रतिशत | | | | | | | | " | " | | ५ | ११ | ६ |
| **प्रतिफल १.१** | प्रत्येक स्थानीय तहमा निर्माण हुने निजी भवनहरूको डिजाइनमा एकरुपता ल्याउन स्थानीय तहलाई भवन निर्माण मापदण्ड बनाई लागू गर्न सहयोग प्रदान भएको हुने | भवन निर्माण नीति | संख्या | | | १ | | | | १ | भौपूविम प्रतिवेदन | " | स्थानीय तहको संलग्नता हुने | ५ | ११ | ६ |
| | | स्थानीय तह स्तरीय भवन निर्माण मापदण्ड | संख्या | | | २० | २० | २० | २५ | ८५ | " | " | | ५ | ११ | ६ |
| **प्रतिफल १.२** | कम्पनीहरू मार्फत् भवन निर्माण र बिक्री गर्ने प्रक्रियालाई प्रोत्साहन पुगेको हुने | बहुपक्षीय लगानीमा निर्मित नमुना हाउजिंङ्ग | संख्या | | | १ | १ | १ | १ | ४ | " | " | निजी क्षेत्रसँग समन्वय हुने | ५ | ११ | ६ |
| **प्रतिफल १.३** | स्थानीय तह स्तरीय उपयुक्त भवन डिजाइन मोडलको विकास भएको हुने | नमुना भवन मोडल विकास गर्ने स्थानीय तह | संख्या | | | | | | | ८५ | " | " | विश्वविद्यालय तथा निजी क्षेत्रसँग समन्वय हुने | ५ | ११ | ६ |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७५/७६ | उपलब्धि २०७६/७७ | उपलब्धि २०७७/७८ | उपलब्धि २०७८/७९ | उपलब्धि २०७९/८० | उपलब्धि २०८०/८१ | योजना अवधिका उपलब्धि | पुष्ट्याईंको श्रोत | जिम्मेवार निकाय | जोखिम अनुमान | प्रसमुसं संकेत | दिविल संकेत | दीगाल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **प्रतिफल** १.४ | स्थानीय वास्तुकला र नवीनतम प्रविधि मिश्रित सुरक्षित र किफायती निजी भवन निर्माण गर्न निजी क्षेत्र तथा समुदायलाई प्राविधिक सहयोग प्रदान भएको हुने | घर निर्माणको समयमा प्राविधिक सुपरिवेक्षण गर्ने स्थानीय तह | संख्या | | | | | | | ८५ | भौपूविम प्रतिवेदन | भौपूविम | निजीक्षेत्र सकारात्मक हुने | ५ | ११ | ६ |
| **प्रतिफल** १.५ | सुरक्षित, किफायती, वातावरणमैत्री र पहिचानयुक्त भवन निर्माण बारे समुदाय लक्षित जनचेतना कार्यक्रमको सञ्चालन भएको हुने | जनचेतनामूलक कार्यक्रम सञ्चालन | संख्या | | ८५ | ८५ | ८५ | ८५ | ८५ | ४२५ | " | " | " | ५ | ११ | ६ |
| **प्रतिफल** १.६ | भवन डिजाइन, निर्माण तथा सुपरीवेक्षणका कार्यमा संलग्न जनशक्तिको क्षमता विकास भएको हुने | जनशक्तिको क्षमता विकास कार्यक्रम | संख्या | | ८५ | ८५ | ८५ | ८५ | ८५ | ४२५ | " | " | " | ५ | ११ | ६ |
| **प्रतिफल** १.७ | स्थानीय रुपमा उपलब्ध निर्माण सामग्रीहरूको अधिकतम प्रयोग भएको हुने | स्थानीय सामग्री प्रयोगलाई प्रोत्साहन गर्ने स्थानीय तह | संख्या | | ८५ | ८५ | ८५ | ८५ | ८५ | ४२५ | " | " | " | ५ | ११ | ६ |
| **असर** २ | एकीकृत् सेवा प्रदायक बहुपयोगी र बहुउद्देश्यीय भवन निर्माण भई एकीकृत् जनसेवा प्रदान भएको हुने | एकीकृत् सेवा प्रदायक भवन | संख्या | | | | | | | | " | " | " | ५ | ११ | ६ |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७५/७६ | उपलब्धि | | | | | योजना अवधिका उपलब्धि | पुष्ट्याईंको स्रोत | जिम्मेवार निकाय | जोखिम अनुमान | प्रसमुसं संकेत | दिविल संकेत | दीराल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | | | | | | |
| प्रतिफल २.१ | सरकारी भवनहरूको डिजाइनमा एकरुपता ल्याउन प्रादेशिक पहिचान झल्कने गरी भवन निर्माण मापदण्ड बनी लागू भएको हुने | पहिचानयुक्त प्रादेशिक सरकारी भवनको निर्माण | संख्या | | २ | ४ | ५ | ५ | ६ | २२ | भौपूविम प्रतिवेदन | भौपूविम | | ५ | ११ | ६ |
| प्रतिफल २.२ | सरकारी भवन तथा आवासहरूहरूको डिजाइन र निर्माण गर्ने कार्य एकीकृत् रुपमा सञ्चालन भएको हुने | पहिचानयुक्त एकीकृत् प्रादेशिक सरकारी भवनको निर्माण | संख्या | | | ४ | ४ | ५ | ३ | १६ | भौपूविम प्रतिवेदन | भौपूविम | | ५ | ११ | ६ |
| प्रतिफल २.३ | सुरक्षित र कार्यमूलक नरहेका सरकारी भवनहरूको स्तरोन्नति भएको हुने | प्रदेशिक सरकारी भवनको मर्मत संभार तथा संरचनागत सुधार | संख्या | ८ | ३ | ५ | ७ | ९ | ११ | ३५ | " | " | | ५ | ११ | ६ |

**लगानी: सरकारी भवन तथा आवासहरूहरूको डिजाइन र लगानी, निजी भवन निर्माणको लगानी, प्रविधि, तालिम, स्थानीय तह र प्रदेश सरकारका वार्षिक कार्यक्रम तथा बजेट**

## ६.१० यातायात व्यवस्थापन

### ६.१०.१ पृष्ठभूमि

नेपालको संविधानको अनुसूची ६ मा यातायात व्यवस्थापन प्रदेश सरकार मातहत रहने प्रावधान अनुरुप यातायात व्यवस्था तथा सेवा कार्यालयहरू प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्रालयमा हस्तान्तरण भएका छन् । शहरीकरणको चाप र ग्रामीण भेकसम्म पनि सडक सञ्जाल विस्तार हुँदै गरेको सन्दर्भमा सबै नागरिकलाई किफायती, सुरक्षित, प्रदूषणरहित र सुविधा सम्पन्न यातायात सेवाको प्रत्याभूति गराउन यातायात व्यवस्थापन क्षेत्रलाई प्राथमिकतामा राखी कार्य गर्नु पर्ने आवश्यकता छ ।

### ६.१०.२ प्रमुख समस्या

प्रदेशका अधिकांश सडक साँघुरा हुनु, निजी सवारी साधनहरूको संख्या बढ्दै जानु, ट्राफिक नियमको प्रभावकारी कार्यान्वयन हुन नसक्नु, सडक दुर्घटनामा कमी आउन नसक्नु, अव्यवस्थित सडक मर्मत सम्भारका कारण यातायात व्यवस्थापनमा समस्या आउनु, सवारी साधनको नियमित र व्यवस्थित परीक्षण प्रणाली नहुनु, सवारी चालक अनुमतिपत्रको वितरण व्यवस्थित गर्न नसक्नु, तथ्याङ्क व्यस्थापनमा समस्या रहनु आदि यस क्षेत्रका समस्याहरू हुन् ।

### ६.१०.३ चुनौती र अवसर

**चुनौती**

नयाँ प्रविधिमा आधारित ड्राइभिङ्ग लाइसेन्स, नम्बर प्लेट र प्रदूषण मापनयन्त्रको प्रभावकारी प्रयोग गर्नु, गुणस्तरीय मास ट्रान्सपोर्टको व्यवस्था गरी साना निजी सवारी साधन प्रयोग कम गराउनु, अपाङ्ग मैत्री यातायात प्रणालीको विकास गर्नु, सडक दुर्घटना न्यूनीकरण गर्नु, प्रदूषण नियन्त्रणको अनुगमन प्रभावकारी बनाउनु, सडक सुरक्षा लगायत नियमन तथा अनुगमन कार्यलाई प्रभावकारी बनाउनु, वैज्ञानिक भाडा दरको व्यवस्था गर्नु, कर तथा दस्तुर काउन्टरहरूको अटोमेसन गर्नु, मुख्य नाकाहरूबाट प्रदेश छिर्ने सवारी साधनहरूको अनुगमन गर्नु आदि यस क्षेत्रका चुनौतीहरू हुन् ।

**अवसर**

यातायात क्षेत्रमा विद्युतीय सवारी साधनको चर्चा सुरुहुनु, निजी तथा बैङ्किङ्ग क्षेत्रको लगानी वृद्धि हुदै जानु, यातायात व्यवस्थापनमा अत्याधुनिक प्रविधिको प्रयोग बढ्दै जानु, मास ट्रान्सपोर्टको आवश्यकता थप महसुस हुदै जानु, विश्वव्यापी रुपमा प्रदूषणरहित सवारी साधनको प्रयोगको माहोल सिर्जना हुँदै जानु, यातायात व्यवस्थापनका नयाँ प्रविधि भित्र्याउन निजी क्षेत्रको क्षमता वृद्धि हुदै जानु, शहरीकरणसँगै सवारी साधनहरूको माग बढ्दै जानु, अपाङ्ग मैत्री सडक निर्माणमा तीनै तहका सरकार प्रतिबद्ध रहनु, चाक्ला र गुणस्तरीय सडक निर्माणमा तीनै तहका सरकार तथा समुदायको चासो बढ्नु आदि दिगो यातायात व्यवस्थापनका अवसरहरू हुन् ।

### ६.१०.४ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

**सोच**

प्रभावकारी यातायात व्यवस्थापन गतिशील समाज विकासको आधार ।

**लक्ष्य**

यातायात प्रणालीको दिगो तथा वैज्ञानिक व्यवस्थापन गर्ने ।

**उद्देश्य**

१. किफायती, सुरक्षित, प्रदूषणरहित, सुविधासम्पन्न, प्रतिस्पर्धी र प्रभावकारी यातायात प्रणालीको विकास गर्नु ।

### ६.१०.५ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १: किफायती, सुरक्षित, प्रदूषणरहित, सुविधासम्पन्न, प्रतिस्पर्धी र आत्मनिर्भर यातायात प्रणालीको व्यवस्था गर्नु।** | |
| १.१ प्रदेश अन्तर्गतका यातायात सेवा कार्यालयहरूको सुदृढीकरण गर्ने। | १.१.१ कार्यालय भवनलाई व्यवस्थित गर्दै आवश्यकता अनुसार अन्य कोठाहरू थप्दै जाने र आफ्नै भवनमा नभएका कार्यालयहरूलाई आफ्नै भवन निर्माण गरिनेछ।<br>१.१.२ बैंकिङ्ग सेवामार्फत् काम अगाडि बढाउनका लागि भिड हुने यातायात कार्यालय परिसरमा बैकको काउन्टर स्थापना गरिनेछ।<br>१.१.३ सवारी कार्यालयहरूमा प्रयोग गर्दै आईरहेको VRS प्रणालीलाई परिष्कृत र परिमार्जित गर्दै प्रकृयागत सरलीकरण गरिनेछ। |
| १.२ वातावरणमैत्री मास ट्रान्सपोर्टका सवारी साधनको उपभोगमा जोड दिने। | १.२.१ मास ट्रान्सपोर्टलाई जोड दिदै वृहत् बस र ट्राम परिवहन प्रणालीलाई प्राथमिकता दिइनेछ।<br>१.२.२ प्रदेश केन्द्र पोखरा लगायतका मुख्य बजार क्षेत्रमा विद्युतीय सवारी साधन सञ्चालनको लागि निजी क्षेत्रलाई प्रोत्साहन र सहकार्य गरिनेछ।<br>१.२.३ प्रदेश केन्द्र पोखरा र प्रदेश अन्तर्गतका मुख्य पर्यटकीय स्थल बीच पर्यटक बस सेवा सञ्चालनको लागि निजी क्षेत्रसँग सहकार्य गरिनेछ। |
| १.३ सार्वजनिक यातायातका साधनको वैज्ञानिक भाडा दर कायम गर्ने। | १.३.१ व्यावहारिक तथा वैज्ञानिक भाडा दर कायम गरिनेछ।<br>१.३.२ सार्वजनिक यातायातका साधनहरूको मुख्य शहर क्षेत्रमा एक टिकटबाट एक दिन यात्रा गर्न मिल्ने व्यवस्था गरिनेछ।<br>१.३.३ टिकट बुकिङ्गलाई अनलाईन गरिनेछ। |
| १.४ सार्वजनिक यातायात सञ्चालनमा स्थानीय तहको भूमिकालाई प्रोत्साहन गर्ने। | १.४.१ प्रदेश स्तरमा सार्वजनिक निजी अवधारणा अनुसार बस कम्पनी दर्ता गरी सोही कम्पनीमार्फत् सार्वजनिक यातायात सञ्चालन गरिनेछ। |
| १.५ प्रविधिको प्रयोग गर्दै सडक दुर्घटनालाई न्यून गर्ने। | १.५.१ प्रदेश ट्राफिक प्रहरी सँग सहकार्य गर्दै Breathalyzer / License reader जस्ता उपकरणहरूको प्रयोग गरिनेछ।<br>१.५.२ सडक दुर्घटना सूचना व्यवस्थापन प्रणालीलाई सुदृढीकरण गरिनेछ।<br>१.५.३ ट्राफिक लाईटको व्यवस्था गरी सवारीको बढ्दो चापलाई व्यवस्थित गरिनेछ।<br>१.५.४ ट्राफिक लाइट अनुसार सवारी साधन नचलाईएको पाइएमा डिमेरिट अंक अभिलेख राखी जरिवाना अंक वापत्को रकम असुल गरिनेछ।<br>१.५.५ घना बस्ती र धार्मिक स्थलहरू एकीन गरेर सवारी साधन निषेधित क्षेत्र तोकिनेछ। |
| १.६ सवारी चालक अनुमतिपत्र (लाईसेन्स) वितरणलाई थप प्रभावकारी बनाइने। | १.६.१ लाईसेन्सको फर्म भर्नेबाट जारी गर्दासम्म अत्याधुनिक प्रविधिको प्रयोग गरिनेछ। |

### ६.१०.६ कार्यक्रमका प्राथमिकता

१. सार्वजनिक निजी साझेदारी मार्फत् लोकमार्ग र मुख्य सहरी क्षेत्रमा विद्युतीय सवारीसाधन सञ्चालन गर्ने।

२. यातायात व्यवस्थापन प्रणालीको सुदृढीकरण गर्ने।

## ६.१०.७ विस्तृत कार्यक्रम

| क्र.सं. | उद्देश्य नं. | रणनीति नं. | कार्यनीति नं. | संकेत | कार्यक्रम | इकाई | आधार वर्ष ०७५/७६ | लक्ष्य २०७६/७७ | लक्ष्य २०७७/७८ | लक्ष्य २०७८/७९ | लक्ष्य २०७९/८० | लक्ष्य २०८०/८१ | योजना अवधिको जम्मा लक्ष्य | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | १ | १.१ | १.१.१ | क | यातायात कार्यालय भवन निर्माण | संख्या | १ | १ | २ | १ | | | ४ | भौपूविम |
| २ | | | १.१.२ | क | यातायात कार्यालय परिसरमा बैंकिङ्ग काउन्टर स्थापना | संख्या | १ | २ | २ | | | | ४ | " |
| ३ | | | १.१.३ | ग | सवारी कार्यालयहरूमा प्रयोग भईरहेको VRS प्रणालि परिष्कृत र परिमार्जन | संख्या | | | ४ | | | | ४ | " |
| ४ | | १.२ | १.२.१ | ख ग | बढ्दो सवारी संख्या व्यवस्थापन गर्न बहुपक्षीय लगानीमा मास ट्रान्सपोर्ट (वृहत बस र ट्राम परिवहन) प्रणालिको व्यवस्था | प्याकेज | | | | | | १ | १ | " |
| ५ | | | १.२.२ | ग | विद्युतीय सवारी साधन सञ्चालनको लागि निजी क्षेत्रलाई प्रोत्साहन गर्न सवारी साधनकर छुटको व्यवस्था गर्ने | प्याकेज | १ | १ | १ | १ | १ | १ | १ | " |
| ६ | | | १.२.३ | ग | बहुपक्षीय लगानीमा पर्यटक बस सेवा सञ्चालन (प्रदेश केन्द्र पोखरा र प्रदेश अन्तर्गतका मुख्य पर्यटकीय स्थल) | संख्या | | | | ५ | १० | २० | ३५ | " |
| ७ | | १.३ | १.३.१ | ग | रुट निर्धारण गर्न र बैज्ञानिक भाडा दर तोक्न अध्ययन | संख्या | | | १ | | | | १ | " |
| ८ | | | १.३.२ | ख | मुख्य शहरी क्षेत्रमा एक टिकटका विभिन्न प्याकेजहरू विकास | संख्या | | | १ | | | | १ | " |
| ९ | | | १.३.३ | ख ग | अनलाईन टिकट बुकिङ्ग प्रणाली मार्फत् यातायात सञ्चालन गर्न व्यवसायीलाई प्रोत्साहन | प्याकेज | | | १ | | | | १ | " |
| १० | | १.४ | १.४.१ | क | सार्वजनिक निजी यातायात लगानी र व्यवस्थापन प्रणाली विकास | संख्या | | | | १ | | | १ | " |
| ११ | | १.५ | १.५.१ | क | मुख्य शहरमा सडक दुर्घटना न्यूनीकरण गर्न Breathalyzar/ License Reader जस्ता उपकरण मार्फत् चेकजाँच व्यवस्था कार्यक्रम | संख्या | | | ५ | ५ | ५ | ५ | २० | " |
| १२ | | | १.५.२ | क | सडक दुर्घटना न्यूनीकरण गर्न मुख्य चोकहरूमा Digital Information Board राख्ने | संख्या | | १ | ४ | ३ | ५ | २ | १५ | " |
| १३ | | | १.५.३ | ख | मुख्य सडक चोकहरूमा ट्राफिक लाईट जडान कार्यक्रम | संख्या | | | ५ | ४ | ३ | १ | १३ | " |
| १४ | | | १.५.४ | ग | ट्राफिक लाईट अनुसार सवारी साधन नचलाईएको पाइएमा डिमेरिट अंक अभिलेख राखी जरिवाना अंक बापत् रकम असुल गर्ने व्यवस्था ११ जिल्लामा नै गर्ने | संख्या | | १ | ५ | २ | २ | १ | ११ | " |
| १५ | | | १.५.५ | ख | घना बस्ती र धार्मिक स्थल पहिचान गरी सवारी साधन निषेधित क्षेत्र घोषणा गर्ने | संख्या | | | | | २ | ३ | ५ | " |
| १६ | | १.६ | १.६.१ | क | लाईसेन्स आवेदन देखि जारी गर्दा सम्म एकीकृत् सूचना प्रविधि प्रयोग गर्ने गरी सफ्टवेयर निर्माण गर्ने | संख्या | | | १ | | | | १ | " |

### ६.१०.८ नतिजा

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७५/७६ | उपलब्धि २०७६/७७ | उपलब्धि २०७७/७८ | उपलब्धि २०७८/७९ | उपलब्धि २०७९/८० | उपलब्धि २०८०/८१ | योजना अवधिका उपलब्धि | पुष्ट्याइँको स्रोत | जिम्मेवार निकाय | जोखिम अनुमान | प्रसमसं संकेत | दिविल संकेत | दीराल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **प्रभाव** | **यातायात प्रणालीको दिगो तथा वैज्ञानिक ब्यवस्थापन भएको हुने** | **आफ्नो स्थानीय तह अर्थात् शहरको यातायात प्रणाली प्रति सन्तुष्ट जनसंख्याको अनुपात** | **प्रतिशत** | | | | | | | | **स्वतन्त्र अध्ययन प्रतिवेदन** | **भौपूविम** | | | | |
| **असर १** | किफायती, सुरक्षित, प्रदूषणरहित, सुविधासम्पन्न, प्रतिस्पर्धी र आत्मनिर्भर यातायात प्रणालीको व्यवस्था भएको हुने | सार्वजनिक यातायातमा पहुँच भएका जनसंख्याको अनुपात | प्रतिशत | | | | | | | | | " | | ५ | ९ | ३ |
| **प्रतिफल १.१** | प्रदेश अन्तर्गतका यातायात सेवा कार्यालयहरूको सुदृढीकरण भएको हुने | यातायात कार्यालय भवनको निर्माण | संख्या | १ | १ | २ | १ | | | ४ | भौपूविम प्रतिवेदन | " | | ५ | ९ | ३ |
| **प्रतिफल १.२** | यातायात कार्यालय परिसरमा बैंक काउन्टरको स्थापना भएको हुने | बैंकिङ्ग काउन्टरको स्थापना | संख्या | १ | २ | २ | | | | ४ | " | " | | ५ | ९ | ३ |
| **प्रतिफल १.३** | सवारी कार्यालयहरूमा प्रयोगरत VRS प्रणाली परिष्कृत र परिमार्जित भई प्रकृयागत सरलीकरण भएको हुने | VRS प्रणालीलाई परिस्कृत र परिमार्जन | संख्या | | | ४ | | | | ४ | " | " | | ५ | ९ | ३ |
| **प्रतिफल १.४** | वातावरणमैत्री मास ट्रान्सपोर्टका सवारी साधनको उपभोगमा वृद्धि भएको हुने | विद्युतीय सवारी साधन | संख्या | | | ५ | ५ | १० | १० | ३० | " | " | निजी क्षेत्रसँग सहकार्य हुने | ५ | ९ | ३ |
| **प्रतिफल १.५** | बहुपक्षीय लगानीमा वृहत् बस र ट्राम परिवहन प्रणाली विकासको कार्य अगाडि बढेको हुने | मास ट्रान्सपोर्ट प्रणाली विकास गर्ने स्थानीय तह | संख्या | | | १ | ३ | ३ | २ | ९ | " | " | | ५ | ९ | ३ |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७५/७६ | उपलब्धि २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | योजना अवधिका उपलब्धि | पुष्ट्याइँको स्रोत | जिम्मेवार निकाय | जोखिम अनुमान | प्रसमसं संकेत | दिविल संकेत | दीराल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **प्रतिफल** १.६ | बहुपक्षीय लगानीमा पोखरा र प्रदेश अन्तर्गतका मुख्य पर्यटकीय स्थल बीच पर्यटक बस सेवा सञ्चालन भएको हुने | सञ्चालित पर्यटक बस | संख्या | | | | ५ | १० | २० | ३५ | भौपूविम प्रतिवेदन | भौपूविम | निजी क्षेत्रसँग सहकार्य हुने | ५ | ९ | ३ |
| **प्रतिफल** १.७ | मुख्य शहर क्षेत्रमा सार्वजनिक यातायातका साधनहरूको एक टिकटबाट एक दिन यात्रा गर्न मिल्ने व्यवस्था भएको हुने | प्रणाली विकास गर्ने स्थानीय तह | संख्या | | | | | | | | ” | ” | | ५ | ९ | ३ |
| **प्रतिफल** १.८ | अनलाईन टिकट बुकिङको व्यवस्था भएको हुने | अनलाईन टिकट बुकिङ्ग प्रणाली विकास गर्ने स्थानीय तह | संख्या | | | | | | | | ” | ” | | ५ | ९ | ३ |
| **प्रतिफल** १.९ | प्रदेश स्तरमा सार्वजनिक निजी अवधारणा अनुसार बस कम्पनी दर्ता भई सार्वजनिक यातायात सञ्चालन भएको हुने | सार्वजनिक यातायात | संख्या | | | | | | | | ” | ” | | ५ | ९ | ३ |
| **प्रतिफल** १.१० | मुख्य शहरमा ब्रेथलाइजर र लाइलेन्स रिडर जस्ता उपकरण मार्फत् चेकजाँचको व्यवस्था भएको हुने | ब्रेथलाइजर र लाइलेन्स रिडरको प्रयोग गर्ने स्थानीय तह/शहर | संख्या | | | ५ | ५ | ५ | ५ | २० | ” | ” | प्रदेश ट्राफिक प्रहरीसँग सहकार्य हुने | ५ | ९ | ३ |
| **प्रतिफल** १.११ | सडक दुर्घटना सूचना व्यवस्थापन प्रणालीको सुदृढीकरण भएको हुने | डिजिटल सूचना प्रणाली | संख्या | | १ | ४ | ३ | ५ | २ | १५ | ” | ” | | ५ | ९ | ३ |
| **प्रतिफल** १.१२ | ट्राफिक लाईटको व्यवस्था मार्फत् बढ्दो सवारी चापको व्यवस्थापन भएको हुने | मुख्य सडक चोकहरूमा ट्राफिक लाईटको जडान | संख्या | | | ५ | ४ | ३ | १ | १३ | ” | ” | | ५ | ९ | ३ |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७५/७६ | उपलब्धि | | | | | योजना अवधिका उपलब्धि | पुष्ट्याईंको स्रोत | जिम्मेवार निकाय | जोखिम अनुमान | प्रसमस् संकेत | दिविल संकेत | दीराल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | | | | | | |
| **प्रतिफल १.१३** | ट्राफिक लाइट अनुसार सवारी साधन नचलाईएको पाइएमा डिमेरिट अंक अभिलेख राखी जरिवाना अंक वापत रकम असुल गरिने व्यवस्था भएको हुने | जरिवाना अंक बापत रकम असुल गर्ने व्यवस्था लागू भएका जिल्लाको संख्या | जिल्लाको संख्या | | १ | ५ | २ | २ | १ | ११ | भौपूविम प्रतिवेदन | भौपूविम | | ५ | ९ | ३ |
| **प्रतिफल १.१४** | घना बस्ती र धार्मिक स्थलहरू एकीन भई सवारी साधन निषेधित क्षेत्र घोषणा भएको हुने | सवारी साधन निषेधित क्षेत्र घोषणा कार्यक्रम | संख्या | | | | | २ | ३ | ५ | " | " | | ५ | ९ | ३ |
| **प्रतिफल १.१५** | लाईसेन्स आवेदनदेखि जारी गर्दा सम्म अत्याधुनिक प्रविधिको प्रयोग भएको हुने | एकीकृत् सूचना प्रविधि प्रयोगका लागि सफ्टवेयर निर्माण | संख्या | | | १ | | | | १ | " | " | | ५ | ९ | ३ |

**लगानीः यातायात कार्यालय भवन, VRS प्रणाली, ट्राफिक लाईट, मास ट्रान्सपोर्ट** (वृहत् बस र ट्राम परिवहन) **प्रणाली, पर्यटक बस सेवा सञ्चालन , विद्युतीय सवारी साधन, चार्जिङ्ग स्टेशन, तालिम, कम्प्युटर सफ्टवेयर, प्रदेश सरकार र स्थानीय तहको वार्षिक कार्यक्रम तथा बजेट।**

## ६.११ सूचना तथा सञ्चार प्रविधि पूर्वाधार

### ६.११.१ पृष्ठभूमि

नेपालको संविधानले पूर्ण प्रेस स्वतन्त्रता, प्रकाशन तथा प्रसारण स्वतन्त्रता, सञ्चार एवम् सूचनाको हकलाई मौलिक हकको रुपमा उल्लेख गरेको छ भने प्रदेश सरकारको अधिकार सूचीमा पनि समेटिएको छ । प्रदेश सरकारको कार्य विभाजन नियमावलीमा पनि सूचना तथा सञ्चार सम्बन्धी जिम्मेवारीहरूको विस्तृत उल्लेख गरिएको छ । हाल गण्डकी प्रदेश अन्तर्गत ८५ वटा स्थानीय तहमध्ये ८१ वटा तहको केन्द्रसम्म ईन्टरनेट पुगेको छ भने ७५९ वटा वडाहरूमध्ये ७४ प्रतिशत अर्थात् ५६३ वडा कार्यालयहरूको केन्द्रसम्म ईन्टरनेटको पहुँच विस्तार भएको छ। प्रदेशभित्र हाल १३१ वटा केवल प्रसारक संस्थाहरू, १०२ वटा ईजाजतप्राप्त एफ एम् रेडियोहरू र १३ वटा ईजाजतप्राप्त टेलिभिजन प्रसारण संस्थाहरू रहेका छन्। यस्तै दूरसञ्चार तर्फ पि.एस.टि.एन सेवा ६७,३२० र जि.एस.एम र सिडिएमए गरी मोवाइल सेवा प्रयोगकर्ताको संख्या २३,६५,६११ पुगेको छ । सूचना तथा सञ्चारसँग सम्बन्धित विश्वव्यापी विकास एवम् उपलब्धि अनुरुप सेवा पुऱ्याउँदै आर्थिक विकासका समग्र पक्षमा सूचना प्रविधि तथा सञ्चारको अधिकतम उपयोग बढाउन प्रदेश अर्थतन्त्रको महत्वपूर्ण हिस्साको रुपमा यसलाई विकास गर्न आवश्यक छ।

### ६.११.२ प्रमुख समस्या

प्रदेश शासकीय स्वरुपको नयाँ संरचना भएकाले सूचना तथा सञ्चार सम्बन्धी पर्याप्त नीतिगत र कानूनी व्यवस्था नहुनु, विद्यमान सञ्चार तथा सूचना प्रविधि सम्बन्धमा प्रदेश भित्रको एकीकृत् तथ्याङ्कको अभाव हुनु, भौगोलिक विकटताका कारण सबै स्थानीय तहसम्म इन्टरनेट सेवा र अन्य सञ्चारका माध्यमको उपलव्धता नहुनु र उपलव्ध सञ्चार माध्यमहरू समेत शहर केन्द्रित हुनु, सञ्चार संस्थाहरूको संख्यात्मकसँगै गुणात्मक विकास हुन नसक्नु, पोलमा झुण्डिने तारयुक्त सञ्चार-प्रविधि वातावरण र शहरी सौन्दर्यका लागि चुनौतीपूर्ण बन्दै जानु, साइवर सुरक्षाका लागि संस्थागत र प्राविधिक जनशक्तिको अभाव हुनु, टेलिसेन्टरहरूको सञ्चालनका लागि स्पष्ट मार्गचित्र नहुनु तथा यसको सेवामा विविधीकरण गर्न नसक्नु, विज्ञापन एजेन्सीलाई सशक्त र सक्षम बनाउन नसक्नु र चलचित्र निर्माण तथा चलचित्र घरहरूको व्यवस्थापनमा पर्याप्त ध्यान पुग्न नसक्नु, प्रकाशन गृहको क्षमता प्रभावकारी नहुनु आदि यस क्षेत्रका मुख्य समस्याका रुपमा रहेका छन्।

### ६.११.३ चुनौती तथा अवसर

**चुनौती**

सूचना तथा सञ्चार सम्बन्धी नीतिगत एवम् कानूनी रिक्तता पूरा गर्नु, प्रदेशभित्र सूचना तथा सञ्चार पहुँचको एकीकृत् र अद्यावधिक विवरण तयार पार्नु, सञ्चार माध्यमहरूलाई ग्रामीण भेगसम्म विस्तार गर्नु, प्रदेश भित्रका पर्यटकीय क्षेत्रहरूमा तारयुक्त प्रविधिलाई निरुत्साहित गर्दै ताररहित प्रविधिको प्रयोगलाई बढावा दिनु, सञ्चार माध्यमहरूलाई विश्वसनीय र जवाफदेही बनाउँदै गुणस्तरीय सेवा प्रदायकका रुपमा विकास गर्नु, साइवर सुरक्षा सम्बन्धी संस्थागत संरचना तयार गरी आम जनतामा यससम्बन्धी जनचेतना अभिवृद्धि गर्नु, टेलिसेन्टरहरूलाई व्यवस्थित गर्नु, विज्ञापन र चलचित्र उत्पादनलाई यस क्षेत्रको पर्यटन प्रवर्द्धनसँग आवद्ध गर्दै यस सम्बन्धी संस्थाहरूलाई व्यवस्थित गर्नु, श्रमजीवी पत्रकारहरूको हकहित संरक्षण गर्नु आदि यस क्षेत्रमा चुनौतीका रुपमा रहेका छन्।

**अवसर**

सूचना तथा सञ्चार सम्बन्धी अधिकार संविधानमा नै मौलिक हकका रुपमा लिपिबद्ध हुनु, नयाँ नीति कानून निर्माणको चरणमा भएकाले विगतमा भएका त्रुटि सच्याउने अवसर प्राप्त हुनु, प्रदेशलाई प्राप्त सूचना र सञ्चार सम्बन्धमा प्रशस्त अधिकारहरू संविधानद्वारानै संरक्षित हुनु, सञ्चार क्षेत्रको विकासका लागि स्थानीय तहसँगको सहकार्य गर्ने अवसर प्राप्त हुनु, ग्रामीण क्षेत्रसम्म सञ्चार माध्यमहरूको पहुँचमा क्रमश वृद्धि हुदै जानु, प्रदेश भित्रका अधिकांश स्थानीय तहको केन्द्रसम्म इन्टरनेट सेवा पुग्नु, इन्टरनेट सेवा प्रदायकहरूको संख्या बढ्दै जाँदा गुणस्तरमा समेत प्रतिस्पर्धात्मक अवस्था

सिर्जना हुदै जानु, डिजिटल साक्षरता बढ्दै जानु, मनाङ्ग र मुस्ताङ्ग बाहेक अन्य जिल्लामा उल्लेख्य रुपमा एफ.एम. रेडियोको विस्तार हुनु, र बहुसंख्यक जनताको हातमा मोवाइल सेवा पुग्नु यस क्षेत्रका अवसरहरू हुन् ।

### ६.११.४ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

**सोच**

सूचना तथा सञ्चार, समृद्ध प्रदेश निर्माणको आधार ।

**लक्ष्य**

सूचना तथा सञ्चार प्रविधिलाई विकास मेरुदण्डका रुपमा ग्रहण गर्दै आम मानिसको जीवनलाई सहज बनाउन योगदान पुऱ्याउने ।

**उद्देश्य**

१. सूचना प्रविधि व्यावसायलाई सुरक्षित, भरपर्दो र आकर्षक क्षेत्रका रुपमा विकास गर्नु ।
२. आमसञ्चार माध्यमलाई व्यावसायिक र जवाफदेही बनाउदै प्रदेशभर सञ्चारको पहुँच बृद्धि गर्नु ।

### ६.११.५ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १: सूचना प्रविधिलाई सुरक्षित, भरपर्दो र आकर्षक क्षेत्रका रुपमा विकास गर्नु ।** | |
| १.१ सूचना र सञ्चार क्षेत्रको विकासको लागि नीतिगत र कानूनी पूर्वाधार तयार गर्ने । | १.१.१ सूचना तथा सञ्चारसँग सम्बन्धित प्रादेशिक नीति तथा कानून तर्जुमा गरी लागु गरिनेछ । |
| १.२ सूचना प्रविधि सम्बन्धी नयाँ खोज तथा अनुसन्धानमा जोड दिने । | १.२.१ प्रदेश स्तरमा सुविधा सम्पन्न र पूर्वाधारयुक्त सूचना प्रविधि पार्क स्थापना गरिनेछ ।<br>१.२.२ डाटा सेन्टर स्थापना गरी प्रदेशभित्रका सम्पूर्ण तथ्याङ्कलाई सुरक्षित र एकीकृत् गरिनेछ ।<br>१.२.३ सूचना प्रविधिसँग सम्बन्धित प्राविधिक जनशक्तिलाई राष्ट्रिय अन्तर्राष्ट्रिय विज्ञहरूसँग अन्तर्क्रिया र तालिम गराई उनीहरूको क्षमता अभिवृद्धि गरिनेछ ।<br>१.२.४ सूचना प्रविधि क्षेत्रको विकासका लागि निजी क्षेत्रलाई प्रोत्साहन र प्रवर्द्धन गर्न सहजीकरण गरिनेछ ।<br>१.२.५ आम जनतामा Digital Literacy बढाउन स्थानीय तहहरूसँग सहकार्य मार्फत् तालिम र अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ।<br>१.२.६ हरेक वर्ष सूचना प्रविधि क्षेत्रमा भएका नयाँ सिर्जनाहरूको प्रदर्शनी तथा प्रतियोगितात्मक कार्यक्रम सञ्चालन गरिनेछ ।<br>१.२.७ केवलमा आधारित सञ्चार प्रविधिलाई ताररहित प्रविधिमा रुपान्तरण गर्न आवश्यक अध्ययन गरिनेछ । |
| १.३ सूचना प्रविधिमा आधारित रोजगारीको बृद्धि गर्ने । | १.३.१ सूचना प्रविधि सम्बन्धी उद्योगहरूलाई सूचना प्रविधि पार्कभित्र सञ्चालन गर्ने व्यवस्था मिलाई उनीहरूमा व्यावसायिकताको विकास गरिनेछ ।<br>१.३.२ स्थानीय तहसँगको साझेदारीमा प्रदेशका सबै विद्यालयहरूमा आधुनिक सूचना प्रविधि अध्ययन कक्ष स्थापना गरिनेछ ।<br>१.३.३ स्थानीय तहसँगको साझेदारीमा स्थानीय तहमा युवा स्वरोजगार लक्षित सूचना प्रविधि सम्बन्धी तालिम र दक्षता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ । |
| **उद्देश्य २: आमसञ्चार माध्यमलाई व्यावसायिक र जवाफदेही बनाउदै प्रदेशभर पहुँच बृद्धि गर्नु ।** | |

| रणनीति | कार्यनीति |
|---|---|
| २.१ प्रदेशभित्र सबै जनतामा आमसञ्चारको पहुँच विस्तार गर्ने । | २.१.१ शहरी क्षेत्रमा आमसञ्चार माध्यमहरूको सघन घनत्व व्यवस्थापन गर्ने र त्यस्ता माध्यमहरूलाई ग्रामीण क्षेत्रमा स्थानान्तरण गर्न प्रोत्साहित गरिनेछ ।<br>२.१.२ मनाङ्ग, र मुस्ताङ्ग लगायतका जिल्लामा एफ.एम. रेडियोको पहुँच बाहिर रहेका स्थानीय तहहरूमा खुल्ने एफ.एम. रेडियोलाई विशेष सुविधाको व्यवस्था गरिनेछ ।<br>२.१.३ प्रदेशभित्रै छापा, विद्युतीय, अनलाईन लगायतका सबै सञ्चार माध्यमहरूको दर्ता, नवीकरण, अनुगमन लगायतका कार्यहरू सञ्चालन गरिनेछ ।<br>२.१.४ प्रदेशभित्र रहेका टेलिसेन्टरहरूलाई सुविधायुक्त बनाई यसको कार्यक्षेत्रलाई विविधीकरण र विशिष्टीकरण गरिनेछ । |
| २.२ प्रदेशभित्रका सबै नागरिकहरूमा इन्टरनेट सेवा पुऱ्याइने । | २.२.१ सबै स्थानीय तहको वडाका केन्द्रहरूमा स्थानीय तह र प्रदेश सरकार बीच लागत साझेदारीमा ब्रोडव्याण्ड इन्टरनेट विस्तार गरिनेछ।<br>२.२.२ निजी क्षेत्रको सेवा नपुगेका ग्रामीण भेगहरूमा नेपाल दूरसञ्चार कम्पनीसँग सहकार्य गरी इन्टरनेट सेवा विस्तार गरिनेछ ।<br>२.२.३ प्रदेशका सबै भेगमा मोवाइल डाटाको गुणस्तर बृद्धिका लागि आवश्यक पूर्वाधार विकास गरिनेछ । |
| २.३ आमसञ्चार माध्यम तथा श्रमजिवी सञ्चारकर्मीहरूको दक्षता, क्षमता र व्यावसायिकता प्रवर्द्धन गर्ने । | २.३.१ श्रमजीवी पत्रकारहरूको न्यूनतम पारिश्रमिक अनुगमनलाई नियमित र प्रभावकारी बनाइनेछ ।<br>२.३.२ पत्रकार तथा प्रसारकको योग्यता निर्धारण गरी आमसञ्चार माध्यमबाट सम्प्रेषण हुने विषयवस्तुको गुणस्तरमा सुधार गरिनेछ ।<br>२.३.३ अनलाईन सञ्चार माध्यमलाई अभिलेखीकरण गरी अनुगमन प्रणालीलाई प्रभावकारी बनाइनेछ ।<br>२.३.४ साइबर सुरक्षाका लागि तीनै तहका सरकारबीच समन्वय र सुरक्षा निकायको प्रभावकारी परिचालन मार्फत् अनलाइन सञ्चार माध्यमको नियमन गरिनेछ ।<br>२.३.५ सूचनाको हकको प्रभावकारी कार्यान्वयनका लागि प्रचार प्रसारमा जोड दिइनेछ र सो को प्रभावकारी अनुगमन गरिनेछ । |
| २.४ चलचित्र क्षेत्रलाई उद्योगका रुपमा विकास गरी प्रदेशको पर्यटन प्रवर्द्धनसँग आवद्ध गर्ने । | २.४.१ प्रदेशभित्र सञ्चालित चलचित्र घरहरूमा तोकिएको मापदण्ड प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।<br>२.४.२ नेपाल सरकारसँगको समन्वयमा बक्स अफिस प्रणालीलाई कार्यान्वयनमा ल्याइनेछ ।<br>२.४.३ प्रदेश भित्रका पर्यटकीय क्षेत्रहरूमा चलचित्र छायांकनका लागि आवश्यक पूर्वाधार विकास गरिनेछ र प्रशासनिक सहजीकरण गरिनेछ ।<br>२.४.४ प्रदेशको मौलिक कला र संस्कृतिमाथि निर्माण हुने वृत्तचित्र, चलचित्र लगायतलाई प्रोत्साहन र प्रवर्द्धन गरिनेछ ।<br>२.४.५ चलचित्र सुटिङ्ग गर्ने ठाउँको विकास गरी निजी क्षेत्रलाई प्रोत्साहन गरिनेछ ।<br>२.४.६ अत्याधुनिक छायांकन स्टुडियो निर्माण गर्न निजी क्षेत्रलाई प्रोत्साहन गरिनेछ । |
| २.५ विज्ञापन व्यवसायको प्रवर्द्धन गर्ने । | २.५.१ प्रदेशमा सञ्चालित विज्ञापन एजेन्सीहरूलाई प्रदेशभित्रै अभिलेखीकरण गर्ने व्यवस्था गरिनेछ ।<br>२.५.२ प्रदेशभित्र सिर्जना हुने विज्ञापनहरू प्रदेशकै एजेन्सीमार्फत् वितरण गर्ने व्यवस्था मिलाइनेछ ।<br>२.५.३ विज्ञापनमा प्रयोग हुने भाषा, विषयवस्तु र त्यसले प्रवाह गर्ने सन्देशलाई जिम्मेवार बनाइनेछ ।<br>२.५.४ विज्ञापनका नाममा भ्रामक र अपुष्ट सन्देश दिने विज्ञापनलाई नियन्त्रण र निरुत्साहित गरिनेछ । |

### ६.११.६ कार्यक्रमका प्राथमिकता

१. सूचना प्रविधि पार्कको स्थापना र सञ्चालन गर्ने ।
२. विद्युतीय साक्षरता बढाउने र अभ्यास गर्ने ।
३. प्रदेशका दुर्गम क्षेत्रमा सूचना प्रविधिको पहुँच विस्तार गर्ने ।

### ६.११.७ विस्तृत कार्यक्रम

| क्र.सं. | उद्देश्य नं. | रणनीति नं. | कार्यनीति नं. | संकेत | कार्यक्रम | इकाई | आधार वर्ष ०७५/७६ | लक्ष्य | | | | | योजना अवधिको जम्मा लक्ष्य | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | |
| १ | १ | १.१ | १.१.१ | ग | प्रादेशिक सूचना तथा सञ्चार नीति तथा कानून तर्जुमा र लागू | संख्या | १ | १ | | | | | २ | आमाकाम |
| २ | | १.२ | १.२.१ | क | सूचना प्रविधि पार्क निर्माणको लागि विस्तृत सम्भाव्यता अध्ययन | संख्या | | १ | | | | | १ | " |
| ३ | | | १.२.१ | क | सूचना प्रविधि पार्कको भौतिक संरचना निर्माण | प्रतिशत | | | ३० | ३० | ३० | १० | १०० | " |
| ४ | | | १.२.२ | क | सूचना प्रविधि पार्क भित्र एकीकृत् आधुनिक डाटा भण्डारणको निर्माण | संख्या | | | | | | १ | १ | " |
| ५ | | | १.२.३ | ख | सूचना प्रविधिमा क्रियाशील निजी एवम् सार्वजनिक संस्थाहरू र तिनमा कार्यरत प्राविधिकको तथ्याङ्क संकलन | संख्या | | | १ | | | | १ | " |
| ६ | | | | ख | सूचना प्रविधि जनशक्ति सशक्तीकरण कार्यकम | संख्या | | ३०० | १०० | १०० | १०० | १०० | ७०० | " |
| ७ | | | १.२.४ | ख | बहुपक्षीय लगानीमा सूचना प्रविधि क्षेत्रको विकास र व्यवस्थापन | प्याकेज | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १ | " |
| ८ | | | १.२.५ | ख | डिजिटल साक्षरता (Digital Literacy) अभियान सञ्चालनको लागि आधारभुत मापदण्ड र पाठ्यक्रम निर्माण | संख्या | | १ | | | | | १ | " |
| ९ | | | | ख | स्थानीय तहस्तरीय डिजिटल साक्षरता (Digital Literacy) कार्यक्रम सञ्चालन | संख्या | | २० | २० | २० | २० | ५ | ८५ | " |
| १० | | | १.२.६ | क | सूचना प्रविधिका नयाँ विकास र आविष्कारहरूको प्रदर्शनी (निजी क्षेत्रसँगको सहकार्यमा) | प्याकेज | | १ | १ | १ | १ | १ | १ | " |
| ११ | | | | क | सूचना प्रविधिको क्षेत्रमा जनउपयोगी सिर्जनाहरूलाई प्रोत्साहन गर्न प्रतियोगिता सञ्चालन | प्याकेज | | १ | १ | १ | १ | १ | १ | " |
| १२ | | | १.२.७ | क | केवलमा आधारित सञ्चार प्रविधिलाई ताररहित प्रविधिमा रुपान्तरण गर्न आवश्यक अध्ययन | संख्या | | | १ | | | | १ | " |

| क.सं. | उद्देश्य नं. | रणनीति नं. | कार्यनीति नं. | संकेत | कार्यक्रम | इकाई | आधार वर्ष ०७५/७६ | लक्ष्य २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | योजना अवधिको जम्मा लक्ष्य | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १३ | | १.३ | १.३.१ | क | सूचना प्रविधि सम्बन्धी उद्योगहरूलाई सूचना प्रविधि पार्कभित्र आवद्ध/स्थान्तरण गर्ने | प्रतिशत | | | | | | ५० | ५० | आमाकाम |
| १४ | | | १.३.२ | ख | विद्यालयहरूमा सूचना प्रविधि अध्ययन कक्ष स्थापनाका लागि छनौट मापदण्ड विकास | संख्या | | | १ | | | | १ | " |
| १५ | | | १.३.२ | ख | स्थानीय तहसँगको साझेदारीमा माध्यमिक विद्यालयहरूमा आधुनिक सूचना प्रविधि अध्ययन कक्षा स्थापना | संख्या | | तयारी | २० | २० | २० | २५ | ८५ | " |
| १६ | | | १.३.३ | क | सूचना प्रविधि क्षेत्रमा स्वरोजगार सिर्जना गर्न युवा लक्षित तालिम | संख्या | | ३०० | ३०० | ३०० | ३०० | ३०० | १५०० | आमाकाम/ निजी क्षेत्र |
| १७ | | | १.३.३ | ख | सूचना प्रविधि सम्बन्धी दक्षता अभिवृद्धि तालिम | स्थानीय तह | | | २० | २० | २० | २५ | ८५ | आमाकाम |
| १८ | २ | २.१ | २.१.१ | ख | गण्डकी प्रदेशमा उपलब्ध रेडियो फ्रिक्वेन्सीहरूको Inventory विकास | संख्या | | | १ | | | | १ | " |
| १९ | | | २.१.२ | ख | रेडियो र एफ.एम. सञ्चालनमा नरहेका मनाङ्ग र मुस्ताङ्ग जिल्लामा सञ्चालनका लागि लाइसेन्स शुल्कमा सहुलियत | संख्या | | | २ | | | | २ | " |
| २० | | | २.१.२ | ग | सामुदायिक एफ.एम स्थापना र सञ्चालन उपकरण खरिदमा आंशिक अनुदान | प्याकेज | | | १ | १ | १ | १ | १ | " |
| २१ | | | २.१.३ | ख | छापा, विद्युतीय, अनलाइन लगायतका सबै सञ्चार माध्यमहरूको दर्ता, नवीकरण र नियमन | प्याकेज | | १ | १ | १ | १ | १ | १ | " |
| २२ | | | २.१.४ | क | टेलिसेन्टर सञ्चालन निर्देशिका निर्माण | संख्या | | | १ | | | | १ | " |
| २३ | | | २.१.४ | ख | स्थानीय तहको केन्द्रमा टेलिसेन्टर स्थापना | संख्या | | | २० | २० | २० | २५ | ८५ | " |
| २४ | | २.२ | २.२.१ | ख ग | सबै वडाका केन्द्रहरूमा इन्टरनेट विस्तारका लागि प्रदेश सरकार, स्थानीय तह र नेपाल टेलिकम बीच लागत साझेदारी मोडल विकास | संख्या | | | १ | | | | १ | " |
| २५ | | | २.२.१ | ख ग | लागत साझेदारीको मोडलमा आधारित भई वडा कार्यालयहरूमा इन्टरनेट विस्तारका लागि नेपाल टेलिकमसँग सहकार्य | वडा संख्या | ५६३ | | ३० | ५० | ७० | ४६ | ७५९ | " |
| २६ | | | २.२.२ | ग | निजी क्षेत्रको सेवा नपुगेका ग्रामीण भेगहरूमा नेपाल दूरसञ्चार कम्पनी मार्फत् इन्टरनेट सेवा विस्तार | प्रतिशत | | | २५ | २५ | २५ | २५ | १०० | " |
| २७ | | | २.२.३ | ग | प्रदेशका सबै भेगमा मोवाइल डाटाको गुणस्तर वृद्धिका लागि आवश्यक ठाउँ पहिचान गरी रिपिटर टावर थप | संख्या | | | १० | १० | १० | १० | ४० | " |

| क्र.सं. | उद्देश्य नं. | रणनीति नं. | कार्यनीति नं. | संकेत | कार्यक्रम | इकाई | आधार वर्ष ०७५/७६ | लक्ष्य २०७६/७७ | लक्ष्य २०७७/७८ | लक्ष्य २०७८/७९ | लक्ष्य २०७९/८० | लक्ष्य २०८०/८१ | योजना अवधिको जम्मा लक्ष्य | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २८ | | २.३ | २.३.१ | क | श्रमजीवी पत्रकारहरूको न्यूनतम पारिश्रमिक नियमित अनुगमन | पटक (वर्षको) | | | २ | २ | २ | २ | ८ | आमाकाम |
| २९ | | | २.३.२ | ग | पत्रकार तथा प्रसारकको योग्यता तथा मापदण्ड निर्माण | संख्या | | | १ | | | | १ | " |
| ३० | | | २.३.३ | क | अनलाइन सञ्चार माध्यमहरूको अभिलेख तयार | संखय | | | १ | | | | १ | " |
| ३१ | | | २.३.४ | ख ग | साइबर सुरक्षाका लागि तीनै तहका सरकार र सुरक्षा निकाय सम्मिलित साइबर सुरक्षा समिति गठन | संख्या | | | १ | | | | १ | " |
| ३२ | | | २.३.५ | ख | सूचनाको हकको प्रभावकारी कार्यान्वयनका लागि जनचेतना मूलक कार्यक्रम | संख्या | | | २ | २ | २ | २ | ८ | " |
| ३३ | | २.४ | २.४.१ | ग | प्रदेशभित्र सञ्चालित चलचित्र घरहरूमा तोकिएको मापदण्ड कार्यान्वयन अवस्थाको अनुगमन, मूल्यांकन र नियमन | प्याकेज | | १ | १ | १ | १ | १ | १ | " |
| ३४ | | | २.४.२ | ग | नेपाल सरकारसँगको समन्वयमा पोस्ट बक्स प्रणाली विकास गरि लागु गर्ने | प्याकेज | | | १ | १ | १ | १ | १ | " |
| ३५ | | | २.४.३ | क | चलचित्र छायांकनको लागि आकर्षित गर्न प्रदेशका मुख्य पर्यटकीय गन्तव्यहरू पहिचान गरि सो क्षेत्रमा आवश्यक पूर्वाधार सम्बन्धी अध्ययन | संख्या | | | १ | | | | १ | " |
| ३६ | | | २.४.४ | क | प्रदेशको मौलिक भाषा, कला र संस्कृति सम्वन्धी वृत्तचित्र तथा चलचित्र प्रतियोगिता सञ्चालन | प्याकेज | | | १ | १ | १ | १ | १ | " |
| ३७ | | | २.४.५ | क | उत्कृष्ठ वृत्तचित्र वा चलचित्रलाई प्रोत्साहन र पुरस्कारको व्यवस्था | प्याकेज | | | १ | १ | १ | १ | १ | " |
| ३८ | | | २.४.६ | क | आधुनिक छायाङ्कन स्टुडियो निर्माणमा निजी क्षेत्रलाई प्रोत्साहन | प्याकेज | | | १ | १ | १ | १ | १ | निजी क्षेत्र |
| ३९ | | २.५ | २.५.१ | ग | प्रदेशमा सञ्चालित विज्ञापन एजेन्सीहरूको अभिलेखिकरण | प्याकेज | | | १ | १ | १ | १ | १ | आमाकाम |
| ४० | | | २.५.२ | ग | प्रदेशभित्र सिर्जना हुने विज्ञापनहरू प्रदेशकै विज्ञापन एजेन्सी मार्फत् वितरण गर्ने नीतिगत व्यवस्था | संख्या | | | | १ | | | १ | " |
| ४१ | | | २.५.३ | ग | विज्ञापन नीति तथा मापदण्ड तर्जुमा | संख्या | | | १ | | | | १ | " |
| ४२ | | | २.५.४ | | माथिका कार्यक्रम कार्यान्वयन गर्दा सिर्जना हुने रोजगारी | संख्या | | २०० | २०० | २०० | २०० | २०० | १००० | |

### ६.११.८ नतिजा

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७५/७६ | उपलब्धि २०७६/७७ | उपलब्धि २०७७/७८ | उपलब्धि २०७८/७९ | उपलब्धि २०७९/८० | उपलब्धि २०८०/८१ | योजना अवधिका उपलब्धि | पुष्ट्याइँको श्रोत | जिम्मेवार निकाय | जोखिम अनुमान | प्रसमुसं संकेत | दिविल संकेत | दिराल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **प्रभाव** | **सूचना तथा सञ्चार प्रविधिको मध्यमबाट नागरिकको जीवन सहज बनाउन योगदान पुगेको हुने** | **सूचना प्रविधिले जीवन सहज बनाएको छ भनि विश्वास गर्ने जनता** | **प्रतिशत** | | | | | | | | **स्वतन्त्र संस्थाको अध्ययन प्रतिवेदन** | **आमाकाम** | **भौपूविम** | ५ | ९ | ३ |
| **असर १** | सूचना तथा सञ्चार प्रविधिको विकास भई आय र रोजगार वृद्धिमा योगदान पुगेको हुने | इन्टरनेट प्रयोग गर्ने पुरुष जनसंख्याको अनुपात | प्रतिशत | ६१.२७ | ६५ | | | | ८० | १८.७३ | आमाकाम प्रतिवेदन | " | | ५ | ९ | ३ |
| | | इन्टरनेट प्रयोग गर्ने महिला जनसंख्याको अनुपात | प्रतिशत | ३८.६ | | | | | ६० | २१.४ | " | " | | ५ | ९ | ३ |
| | | ब्रोडब्याण्ड इन्टरनेट विस्तार भएको वडा | संख्या | ५६३ | | ५९३ | ६४३ | ७१३ | ७५९ | १९६ | " | " | | ५ | ९ | ३ |
| | | सूचना तथा सञ्चार प्रविधि क्षेत्रले सिर्जना गरेको रोजगार | संख्या | | | | | | | | " | " | | ५ | ९ | ३ |
| **प्रतिफल १.१** | सूचना तथा सञ्चारसँग सम्बन्धित प्रादेशिक नीति तथा कानून तर्जुमा भई लागू भएको हुने | प्रादेशिक नीति तथा कानूनको तर्जुमा | संख्या | १ | १ | | | | | १ | " | " | | ५ | ९ | ३ |
| **प्रतिफल १.२** | प्रदेश स्तरमा सुविधा सम्पन्न र पूर्वाधारयुक्त सूचना प्रविधि पार्क स्थापना भएको हुने | सूचना प्रविधि पार्क | संख्या | | | १ | निरन्तर | निरन्तर | | १ | " | " | | ५ | ९ | ३ |
| **प्रतिफल १.३** | सूचना प्रविधि पार्कभित्र एकीकृत् आधुनिक डाटा सेन्टर स्थापना भएको हुने | डाटा सेन्टर | संख्या | | | | | | १ | १ | " | " | | ५ | ९ | ३ |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७५/७६ | उपलब्धि २०७६/७७ | उपलब्धि २०७७/७८ | उपलब्धि २०७८/७९ | उपलब्धि २०७९/८० | उपलब्धि २०८०/८१ | योजना अवधिका उपलब्धि | पुष्ट्याइँको श्रोत | जिम्मेवार निकाय | जोखिम अनुमान | प्रसमुसं संकेत | दिविल संकेत | दिराल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रतिफल १.४ | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सूचना प्रविधि सम्बन्धी उद्योगहरूलाई सूचना प्रविधि पार्कभित्र आवद्ध गरिएको हुने | सूचना प्रविधि पार्कभित्र सञ्चालन हुने उद्योग | संख्या | | | | | | | | आमाकाम प्रतिवेदन | आमाकाम | | ५ | ९ | ३ |
| प्रतिफल १.५ | सूचना तथा सञ्चार प्रविधि सम्वन्धी शिक्षा लिई रहेका विश्वविद्यालयका विद्यार्थीको पेशागत क्षमता वृद्धि गरी रोजगारको अवसरमा सहज पहुँच पुऱ्याउने कार्यक्रम सञ्चालन भएको हुने | कार्यक्रमले समेट्ने विद्यार्थी | संख्या | | ३०० | ३०० | ३०० | ३०० | ३०० | १५०० | " | " | | ५ | ९ | ३ |
| प्रतिफल १.६ | स्थानीय तह अन्तर्गतका पदाधिकारी तथा राष्ट्र सेवक कर्मचारीको Digital Literacy बढाउन तालिम र अभिमुखीकरण कार्यक्रम सञ्चालन भएको हुने | तालिम प्राप्त जनशक्ति | संख्या | | २५० | २५० | २५० | २५० | २५० | १२५० | " | " | | ५ | ९ | ३ |
| प्रतिफल १.७ | आम जनतामा Digital Literacy बढाउन तालिम र अभिमुखीकरण कार्यक्रम सञ्चालन भएको हुने | Digital Literacy कार्यक्रम सञ्चालन गर्ने स्थानीय तह | संख्या | | २० | २० | २० | २० | ५ | ८५ | " | " | स्थानीय तहहरू सँग सहकार्य हुने | ५ | ९ | ३ |
| प्रतिफल १.८ | प्रदेशका सबै सामुदायिक विद्यालयहरूमा आधुनिक सूचना प्रविधि अध्ययन कक्षको स्थापना भएको हुने | सूचना प्रविधि अध्ययन कक्ष स्थापना भएका माध्यमिक विद्यालय | संख्या | | ५०० | ५०० | ५०० | ५०० | ५०० | ५०० | " | " | स्थानीय तहसँग साझेदारी हुने | ५ | ९ | ३ |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७५/७६ | उपलब्धि | | | | | योजना अवधिका उपलब्धि | पुष्ट्याइँको श्रोत | जिम्मेवार निकाय | जोखिम अनुमान | प्रसमुसं संकेत | दिविल संकेत | दिगल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | | | | | | |
| **असर २** | आमसञ्चार माध्यम व्यावसायिक र जवाफदेही बन्दै प्रदेशभर पहुँच वृद्धि भएको हुने | आमसञ्चार माध्यमको कार्य सन्तोषजनक छ भनी विश्वास गर्ने जनता | प्रतिशत | | | | | | | | आमाकाम प्रतिवेदन | आमाकाम | | ५ | ९ | ३ |
| **प्रतिफल २.१** | शहरी क्षेत्रमा आमसञ्चार माध्यमहरूको घनत्व सन्तुलित भएको हुने | कम्तिमा १ एफ.एम रेडियो सञ्चालित स्थानीय तह | संख्या | | | | | | | | " | " | | ५ | ९ | ३ |
| **प्रतिफल २.२** | प्रदेशभित्रै छापा, विद्युतीय, अनलाईन लगायतका सबै सञ्चार माध्यमहरूको दर्ता, नवीकरण, अनुगमन लगायतका कार्यहरू सञ्चालन भएको हुने | दर्ता नवीकरण गरेका सञ्चार माध्यम | संख्या | | | | | | | | " | " | | ५ | ९ | ३ |
| **प्रतिफल २.३** | प्रदेशभित्र रहेका टेलिसेन्टरहरू सुविधायुक्त बनी यसको कार्यक्षेत्रको विविधीकरण र विशिष्टीकरण भएको हुने | कम्तीमा १ टेलिसेन्टर स्थापना भएका स्थानीय तह | संख्या | | | २० | २० | २० | २५ | ८५ | " | " | | ५ | ९ | ३ |
| **प्रतिफल २.४** | प्रदेशका सबै भेगमा मोबाइल डाटाको गुणस्तर वृद्धिका लागि आवश्यक पूर्वाधारको विकास भएको हुने | थप रिपिटर टावरको संख्या | संख्या | | | १० | १० | १० | १० | ४० | " | " | | ५ | ९ | ३ |
| **प्रतिफल २.५** | आमसञ्चार माध्यम तथा श्रमजिवी सञ्चारकर्मीहरूको दक्षता, क्षमता र व्यावसायिकताको प्रवर्द्धन भएको हुने | तालिम दिईएका सञ्चारकर्मी | संख्या | | | | | | | | " | " | | ५ | ९ | ३ |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७५/७६ | उपलब्धि | | | | | योजना अवधिका उपलब्धि | पुष्ट्याइँको श्रोत | जिम्मेवार निकाय | जोखिम अनुमान | प्रसमुसं संकेत | दिविल संकेत | दिराल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | | | | | | |
| **प्रतिफल २.६** | अनलाईन सञ्चार माध्यमको अभिलेखीकरण भई अनुगमन प्रणाली प्रभावकारी भएको हुने | अभिलेखीकरण गरिएका अनलाइन सञ्चार माध्यम | संख्या | | | | | | | | आमाकाम प्रतिवेदन | आमाकाम | | ५ | ९ | ३ |
| **प्रतिफल २.७** | बक्स अफिस प्रणाली कार्यान्वयनमा आएको हुने | बक्स अफिस प्रणाली व्यवस्था भएको स्थानीय तह | संख्या | | | | | | | ८५ | " | " | नेपाल सरकार सँग समन्वय हुने | ५ | ९ | ३ |
| **प्रतिफल २.८** | चलचित्र सुटिङ गर्ने ठाउँको विकास गर्न निजी क्षेत्र प्रोत्साहित भएको हुने | आधुनिक चलचित्र सुटिङ्ग स्थल | संख्या | | | | | | २ | २ | " | " | निजी क्षेत्रसँग समन्वय हुने | ५ | ९ | ३ |
| **प्रतिफल २.९** | अत्याधुनिक छायांकन स्टुडियो निर्माण गर्न निजी क्षेत्र प्रोत्साहित भएको हुने | आधुनिक छायांकन स्टुडियो | संख्या | | | | | | | | " | " | | ५ | ९ | ३ |
| **प्रतिफल २.१०** | विज्ञापन व्यवसायको प्रवर्द्धन भएको हुने | प्रदेशभित्रका विज्ञापन एजेन्सी | संख्या | | | | | | | | " | " | | ५ | ९ | ३ |
| | | विज्ञापन सम्बन्धी नीति | संख्या | | | | १ | | | १ | " | " | | ५ | ९ | ३ |

**लगानीः आई टि पार्क स्थापना, सूचना तथा सञ्चार प्रविधि प्रयोग क्षमता विकास, विद्युतीय साक्षरता, दुर्गम क्षेत्रमा सूचना प्रविधिको पहुँच विस्तार कार्यक्रम, स्थानीय तह र प्रदेशका वार्षिक कार्यक्रम तथा बजेट**

# परिच्छेद ७
# सुशासन र लोकतन्त्र

## ७.१ शान्ति सुरक्षा

### ७.१.१ पृष्ठभूमि

प्रभावकारी सुरक्षा प्रबन्ध सुशासन र विकासको पूर्व शर्त हो । प्रदेशमा शान्ति सुरक्षा र सुव्यवस्था कायम गरी प्रदेशमा रहने जनताको जीउ, धन र स्वतन्त्रताको रक्षा गर्न, शान्तिपूर्वक बाँच्न पाउने अधिकार सुनिश्चित गर्न, पूर्वाधार निर्माण र आर्थिक विकासका लागि समेत् प्रभावकारी सुरक्षा व्यवस्था गर्न आवश्यक छ ।

### ७.१.२ प्रमुख समस्या

संबैधानिक व्यवस्था अनुसार शान्ति सुरक्षाको लागि नेपाल प्रहरी र प्रदेश प्रहरीले सम्पादन गर्ने कार्यको सञ्चालन, सुपरीवेक्षण र समन्वय सम्बन्धी व्यवस्था गर्ने संघीय कानून बनी नसकेको कारणले प्रदेश प्रहरी गठन हुन नसक्नु, भइरहेको प्रहरी संगठनको लागि पनि साधन स्रोत सीमित हुनु, प्रदेश स्तरीय प्रहरी तालिम केन्द्र पनि नहुनु आदि प्रमुख समस्या हुन् ।

### ७.१.३ चुनौती र अवसर

**चुनौती**

सुरक्षा निकायहरूको आधुनिकीकरण गर्नु, सूचना सञ्जालको व्यवस्था गर्नु, सरकारी एवम् सार्वजनिक सम्पत्तिको बढ्दो अतिक्रमण रोक्नु, पर्याप्त स्रोत साधनको व्यवस्था गर्नु, जिम्मेवार निकाय बीच समन्वय कायम गर्नु, जस्ता चुनौती रहेका छन् ।

**अवसर**

सुरक्षा निकायका संरचना गण्डकी प्रदेशभर विस्तार हुनु, जनचेतनतामा अभिवृद्धि हुनु, अनुसन्धान प्रविधिमा द्रुत विकास हुनु, सूचना प्रविधि तथा सञ्चार सुविधाको तीव्र विकास र विस्तार हुनु यस क्षेत्रका अवसर हुन् ।

### ७.१.४ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

**सोच**

शान्तिपूर्ण र सुरक्षित प्रदेशको निर्माण ।

**लक्ष्य**

गण्डकी प्रदेशमा भरपर्दो शान्ति सुरक्षा र सुव्यवस्था कायम गर्ने ।

**उद्देश्य**

१. गण्डकी प्रदेशमा शान्ति, सुव्यवस्था र अमनचयन कायम गरी नागरिकको जीउ, धन र स्वतन्त्रताको संरक्षण गर्ने ।

## ७.१. रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १: गण्डकी प्रदेशमा शान्ति, सुव्यवस्था र अमनचयन कायम गरी नागरिकको जीउ, धन र स्वतन्त्रताको संरक्षण गर्नु।** | |
| १.१ प्रदेशमा शान्ति सुरक्षा र सुव्यवस्था कायम गर्ने। | १.१.१ प्रदेशमा शान्ति सुरक्षा र सुव्यवस्था कायम गर्न प्रभावकारी रुपमा प्रहरी परिचालन गरिनेछ।<br>१.१.२ सुरक्षा सम्बन्धी सूचना संकलन तथा जोखिम विश्लेषण र सुरक्षा निकायहरूबीच सूचना आदानप्रदान गरी समन्वय र सहकार्यमा जोड दिइनेछ।<br>१.१.३ अति संवेदनशील एवम् महत्वपूर्ण प्रतिष्ठान तथा भौतिक पूर्वाधारको विशेष सुरक्षा प्रबन्ध गरिनेछ। |
| १.२ प्रदेश प्रहरीलाई आधुनिक, व्यावसायिक तथा साधन स्रोत सम्पन्न बनाउने। | १.२.१ सूचना सम्प्रेषण प्रणालीलाई केन्द्रीय सञ्जालमा आबद्ध गरी सुरक्षा प्रणालीलाई प्रविधिमैत्री बनाई आधुनिकीकरण गरिनेछ।<br>१.२.२ अपराध नियन्त्रण गर्न नयाँ प्रविधिलाई प्रयोगमा ल्याइनेछ।<br>१.२.३ प्रहरीलाई जनमैत्री बनाई सामुदायिक प्रहरीमा विशेष जोड दिइनेछ। |
| १.३ शान्ति सुरक्षा स्थापनामा विधिको शासनलाई प्राथमिकतामा राखी काम गर्ने। | १.३.१ शान्ति सुरक्षा कायम राख्न बल प्रयोग गर्दा मानव अधिकारको मूल्य र मान्यतालाई अवलम्बन गरिनेछ।<br>१.३.२ सुरक्षाकर्मीहरूका लागि मानव अधिकार, मानवीय कानून तथा विधिको शासन सम्बन्धमा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ। |
| १.४ मानव बेचविखन, अपराध नियन्त्रण तथा लागू औषध नियन्त्रण गर्ने। | १.४.१ संवेदनशील नाका तथा क्षेत्रमा सुरक्षाकर्मी परिचालन गरी मानव वेचबिखन तथा अपराध नियन्त्रण गरिनेछ।<br>१.४.२ लागु औषधको अवैध उत्पादन, ओसारपसार, विक्री वितरण र उपभोगलाई कडाइका साथ नियन्त्रण गरिनेछ। |
| १.५ विपद् व्यवस्थापन कार्यलाई प्रभावकारी बनाउने। | १.५.१ विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना निर्माण, पर्याप्त स्रोतसाधनको व्यवस्था र जनस्तरमा सचेतना विस्तार गरिनेछ।<br>१.५.२ विपद् व्यवस्थापनमा दक्ष जनशक्ति तयार गरिनेछ।<br>१.५.३ खोज तथा उद्धारका लागि सुरक्षाकर्मीको परिचालन गरिनेछ।<br>१.५.४ विपद् व्यवस्थापनका लागि आवश्यकता अनुसार संघ र स्थानीय तहसँग समन्वय र सहकार्य गरिनेछ। |
| १.६ प्रदेश अनुसन्धान ब्युरो गठन गर्ने। | १.६.१ प्रदेशको आफ्नै अनुसन्धान ब्युरो गठन गरी विशेष किसिमका अपराधको अनुसन्धान गर्ने र सुरक्षा खतराको सूचना अग्रिम रुपमा संकलन गर्ने व्यवस्था गरिनेछ। |
| १.७ प्रदेश प्रहरी तालिम प्रतिष्ठानको व्यवस्था गर्ने। | १.७.१ प्रदेश प्रहरीको तालिमको लागि प्रदेश प्रहरी तालिम प्रतिष्ठानको स्थापना र सञ्चालन गरिनेछ। |

### ७.१.६ कार्यक्रमका प्राथमिकता

१. प्रदेश प्रहरी र प्रदेश अनुसन्धान व्युरोको स्थापना गर्ने।

२. प्रदेश प्रहरी तालिम प्रतिष्ठान र सबै स्थानीय तहका केन्द्रमा कम्तीमा एक प्रहरी चौकीको निर्माण गर्ने।

३. प्रत्येक नागरिकले अनुभूति हुने गरी शान्ति सुरक्षाको प्रत्याभूति गर्ने।

### ७.१.७ विस्तृत कार्यक्रम

| क्र.सं. | उद्देश्य नं. | रणनीति नं. | कार्यनीति नं. | संकेत* | कार्यक्रम | इकाई | आधार वर्ष २०७५/७६ | लक्ष्य | | | | | योजना अवधिको जम्मा लक्ष्य | जिम्मेवार निकायहरू |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | |
| १ | १ | १.१ | १.१.१ | ग | प्रदेश प्रहरीको स्थापना गर्ने | संख्या | | १ | | | | | १ | आमाकाम |
| २ | | | | ग | प्रदेश प्रहरी ऐन निर्माण गर्ने | संख्या | | १ | | | | | १ | " |
| ३ | | | | ग | प्रदेशको सुरक्षा रणनीति तयार गर्ने | संख्या | | १ | | | | | १ | " |
| ४ | | | | ग | प्रत्येक स्थानीय तहमा आवश्यकता अनुसार प्रहरी चौकी निर्माण एवम् स्तरोन्नति गर्ने | संख्या | २७५ | १७ | १७ | १७ | १७ | १७ | ८५ | " |
| ५ | | | १.१.२ | क | अन्तर जिल्ला समन्वय वैठक आयोजना गर्ने | संख्या | | २ | २ | २ | २ | २ | १० | " |
| | | | | क | प्रदेश सुरक्षा गोष्ठी आयोजना गर्ने | संख्या | १ | २ | २ | २ | २ | २ | १० | " |
| ६ | | | १.१.३ | क | प्रदेश मन्त्री, सचिव र निजहरूको आवासको सुरक्षा व्यवस्था गर्न प्रदेश सुरक्षा सेवा निर्देशनालयको स्थापना गर्ने र प्रदेश सभा सचिवालय एवम् नवनिर्मित पोखरा बीमानस्थलमा सुरक्षा गणको स्थापना गर्ने | संख्या | | | १ | १ | १ | | ३ | " |
| ७ | | १.२ | १.२.१ | ग | प्रत्येक ईलाका प्रहरी कार्यालय स्तरमा ईन्टरनेट र ईन्ट्रानेटको व्यवस्था गर्ने र थप सुदृढीकरण गर्ने | संख्या | | १० | १० | १० | १० | १० | ५० | " |
| ८ | | | १.२.२ | क | विभिन्न जिल्लाका सुरक्षा संवेदनशील स्थान, मुख्य सहर, कार्यक्रम स्थल, पार्किङ्ग क्षेत्र र बढी भिडभाड हुने क्षेत्रमा स्मार्ट सिसिटिभी जडान गर्ने (जिल्ला) | संख्या | १ | २ | २ | २ | २ | २ | १० | " |
| ९ | | | १.२.३ | क | समुदाय प्रहरी साझेदारी कार्यक्रम सञ्चालन गर्ने | संख्या | | ६ | ६ | ६ | ६ | ६ | ३० | " |
| १० | | १.३ | १.३.१ | क | दङ्गा प्रहरीलाई मानव अधिकारबारे प्रशिक्षण गर्ने | संख्या | | | १०० | २०० | २०० | २०० | ७०० | " |
| ११ | | | १.३.२ | क | प्रहरी तालिम पाठ्यक्रममा मानव अधिकार समावेश र परिमार्जन गर्ने | प्याकेज | | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १ | " |
| १२ | | १.४ | १.४.१ | ग | कोरला र त्रिवेणी नाकामा मानव वेचविखन तथा मानव तस्करी नियन्त्रण गर्ने | प्याकेज | | | १ | निरन्तर | निरन्तर | निरन्तर | १ | " |
| १३ | | | १.४.२ | ग | लागु पदार्थ दुर्व्यसनी सुधार केन्द्र स्थापना गर्ने | संख्या | | १ | १ | १ | १ | १ | ५ | " |
| | | | | ग | लागु औषध सम्बन्धी सचेतना तथा अनुगमन कार्यक्रम सञ्चालन गर्ने | संख्या | | ४ | ४ | ४ | ४ | ४ | २० | " |
| १४ | | १.५ | १.५.१ | ख | प्रदेशका सबै पालिकामा विपद् व्यवस्थापन योजना तयार गर्ने | संख्या | | | ८५ | | | | ८५ | आमाकाम/ स्थानीय तह |
| १५ | | | १.५.२ | क | विपद व्यवस्थापन बारे प्रशिक्षण दिने ।(पालिका) | संख्या | | | ८५ | ८५ | ८५ | ८५ | ३४० | आमाकाम |
| १६ | | | १.५.३ | क | सुरक्षा बललाई विपदमा उद्धारको लागि पूर्व तयारी अवस्थामा राख्ने | प्याकेज | | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १ | " |
| १७ | | | १.५.४ | क | प्रदेश विपद् व्यवस्थापन समितिलाई सुदृढ गर्ने | प्याकेज | | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १ | " |
| १८ | | १.६ | १.६.१ | ग | प्रदेश अनुसन्धान ब्यूरो गठन गर्ने | संख्या | | | १ | | | | १ | " |
| १९ | | १.७ | १.७.१ | ग | प्रदेश प्रहरी तालिम केन्द्रको स्थापना गर्ने | संख्या | | तयारी | तयारी | १ | | | १ | " |

## ७.१.८ नतिजा

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७५/७६ | उपलब्धि | | | | | योजना अवधिका उपलब्धि | पुष्ट्याइँको श्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान | प्रससं | दिविलसं | दीरालसं | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | | | | | | | |
| **प्रभाव** | **गण्डकी प्रदेशमा भरपर्दो शान्ति सुरक्षा र सुव्यवस्था कायम भएको हुने** | **प्रति सुरक्षाकर्मी जनता अनुपात (नेपालि सेना, सशस्त्र प्रहरी, अनुसन्धान र जनपथ प्रहरी गरी)** | **अनुपात** | १४२.५ | १४४ | १४६ | १४७ | १४८ | १५० | १५० | आमकामको वार्षिक प्रतिवेदन | आमाकाम | | ७ | १६ | ८ | |
| **असर १** | गण्डकी प्रदेशमा शान्ति, सुव्यवस्था र अमनचयन कायम भई नागरिकको जीउ, धन र स्वतन्त्रताको संरक्षण भएको हुने | प्रति प्रहरी जनता अनुपात (सशस्त्र प्रहरी, अनुसन्धान प्रहरी र जनपथ प्रहरी गरी) | अनुपात | २९१.३ | २९३ | २९५ | २९७ | २९८ | ३०० | ३०० | " | " | | ७ | १६ | ८ | |
| **प्रतिफल १.१** | प्रदेशमा शान्ति सुरक्षा र सुव्यवस्था कायम गर्न प्रभावकारी रुपमा प्रहरी परिचालन भएको हुने | प्रदेश प्रहरीको स्थापना | संख्या | | १ | | | | | १ | " | " | | ७ | १६ | ८ | |
| | | प्रदेश प्रहरी ऐन निर्माण | संख्या | | १ | | | | | १ | " | " | | ७ | १६ | ८ | |
| | | प्रदेश शान्ति सुरक्षा रणनीति निर्माण | संख्या | | १ | | | | | १ | " | " | | | | | |
| | | स्थानीय तहमा आवश्यकता अनुसार प्रहरी चौकीको निर्माण एवम् स्तरोन्नति | संख्या | २७५ | १७ | १७ | १७ | १७ | १७ | ८५ | " | " | नेपाल सरकारले सहयोग गर्ने | ७ | १६ | ८ | |
| **प्रतिफल १.२** | सुरक्षा सम्बन्धी सूचना संकलन तथा जोखिम विश्लेषणका लागि सुरक्षा निकायहरू बीच सूचना आदानप्रदान, समन्वय र सहकार्य भएको हुने | अन्तर जिल्ला समन्वय बैठकको आयोजना | संख्या | | २ | २ | २ | २ | २ | १० | " | " | " | ७ | १६ | ८ | |
| | | प्रदेश सुरक्षा गोष्ठीको आयोजना | संख्या | १ | २ | २ | २ | २ | २ | १० | " | " | " | ७ | १६ | ८ | |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७५/७६ | उपलब्धि | | | | | योजना अवधिका उपलब्धि | पुष्ट्याईंको श्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान | प्रससं | दिविलसं | दीरालसं | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | | | | | | | |
| **प्रतिफल** १.३ | अति संवेदनशील एवम् महत्वपूर्ण प्रतिष्ठान तथा भौतिक पूर्वाधारको विशेष सुरक्षा प्रबन्ध भएको हुने | प्रदेश मन्त्री, सचिव र निजहरूको आवासको सुरक्षार्थ प्रदेश सुरक्षा सेवा निर्देशनालयको स्थापना र प्रदेश सभा सचिवालय एवम् नवनिर्मित पोखरा बीमानस्थलमा सुरक्षा गणको स्थापना | संख्या | | | १ | १ | १ | | ३ | आमकामको वार्षिक प्रतिवेदन | आमाकाम | नेपाल सरकारले सहयोग गर्ने | ७ | १६ | ८ | |
| **प्रतिफल** १.४ | सूचना सम्प्रेषण प्रणाली केन्द्रिय सञ्जालमा आवद्ध भई सुरक्षा प्रणाली प्रविधिमैत्री र आधुनिक भएको हुने | प्रत्येक ईलाका प्रहरी कार्यालय स्तरमा ईन्टरनेट र ईन्ट्रानेटको व्यवस्था र थप सुदृढीकरण | संख्या | | १० | १० | १० | १० | १० | ५० | " | " | " | ७ | १६ | ८ | |
| **प्रतिफल** १.५ | अपराध नियन्त्रण गर्न नयाँ प्रविधि प्रयोगमा आएको हुने | जिल्लाहरूमा सुरक्षा संवेदनशील स्थान, मुख्य शहर, कार्यक्रम स्थल, पार्किङ्ग क्षेत्र र बढी भिडभाड हुने क्षेत्रमा स्मार्ट सिसिटिभीको जडान (जिल्ला) | संख्या | | १ | २ | २ | २ | २ | ११ | " | " | " | ७ | १६ | ८ | |
| **प्रतिफल** १.६ | प्रहरीलाई जनमैत्री बनाई सामुदायिक प्रहरीमा विशेष जोड दिने व्यवस्था भएको हुने | समुदाय प्रहरी साझेदारी कार्यक्रम सञ्चालन | संख्या | | ६ | ६ | ६ | ६ | ६ | ३० | " | " | " | ७ | १६ | ८ | |
| **प्रतिफल** १.७ | शान्ति सुरक्षा कायम राख्न बल प्रयोग गर्दा मानव अधिकारको मूल्य र मान्यताको अवलम्बन भएको हुने | मानव अधिकार बारे प्रशिक्षण प्राप्त प्रहरीको संख्या | संख्या | | | १०० | २०० | २०० | २०० | ७०० | " | " | " | ७ | १६ | ८ | |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७५/७६ | उपलब्धि | | | | | योजना अवधिका उपलब्धि | पुष्ट्याईँको श्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान | प्रससं | दिविलसं | दीरालसं | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | | | | | | | |
| **प्रतिफल १.८** | सुरक्षाकर्मी हरूका लागि मानव अधिकार, मानवीय कानून तथा विधिको शासन सम्बन्धमा अभिमुखीकरण कार्यक्रमको सञ्चालन भएको हुने | प्रहरी तालिम पाठ्यक्रममा मानव अधिकार विषय समावेश र परिमार्जन | संख्या | | | १ | | | | १ | आमाकामको वार्षिक प्रतिवेदन | आमाकाम | नेपाल सरकारले सहयोग गर्ने | ७ | १६ | ८ | |
| **प्रतिफल १.९** | संवेदनशील नाका तथा क्षेत्रमा सुरक्षाकर्मी परिचालन भई मानव वेचबिखन तथा अपराध नियन्त्रण भएको हुने | कोरला र त्रिवेणी नाकामा मानव बेचबिखन तथा मानव तस्करी नियन्त्रण कार्यक्रम | संख्या | | | २ | | | | २ | " | " | " | ७ | १६ | ८ | |
| **प्रतिफल १.१०** | लागु औषधको अवैध उत्पादन, ओसारपसार, बिक्री बितरण र उपभोगको कडाइका साथ नियन्त्रण भएको हुने | लागुपदार्थ दुर्व्यसनी सुधार केन्द्रको स्थापना | संख्या | १ | १ | १ | १ | १ | १ | ५ | " | " | " | ७ | १६ | ८ | |
| | | लागु औषध सम्बन्धी सचेतना कार्यक्रमको सञ्चालन | संख्या | | ४ | ४ | ४ | ४ | ४ | २० | " | " | " | ७ | १६ | ८ | |
| **प्रतिफल १.११** | विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना निर्माण, पर्याप्त स्रोतसाधनको व्यवस्था र जनस्तरमा सचेतना विस्तार भएको हुने | प्रदेशका पालिकामा विपद् व्यवस्थापन योजनाको तर्जुमा | संख्या | | ८५ | | | | | ८५ | " | " | " | ७ | १६ | ८ | |
| **प्रतिफल १.१२** | विपद् व्यवस्थापनमा दक्ष जनशक्ति तयार भएको हुने | विपद् व्यवस्थापन बारे प्रशिक्षण | संख्या | | | ८५ | ८५ | ८५ | ८५ | ३४० | " | " | " | ७ | १६ | ८ | |
| **प्रतिफल १.१३** | खोज तथा उद्धारका लागि सुरक्षाकर्मीको परिचालन भएको हुने | विपद् उद्धारका लागि सुरक्षा बलको पूर्व तयारी | संख्या | | १ | | | | | १ | " | " | " | ७ | १६ | ८ | |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७५/७६ | उपलब्धि | | | | | योजना अवधिका उपलब्धि | पुष्ट्याईंको श्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान | प्रससं | दिविलसं | दीरालसं | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | | | | | | | |
| **प्रतिफल १.१४** | विपद् व्यवस्थापनका लागि आवश्यकता अनुसार संघ र स्थानीय तहसँग समन्वय र सहकार्य भएको हुने | प्रदेश विपद् व्यवस्थापन समितिको सुदृढीकरण | संख्या | | १ | | | | | १ | आमाकामको वार्षिक प्रतिवेदन | आमाकाम | नेपाल सरकारले सहयोग गर्ने | ७ | १६ | ८ | |
| **प्रतिफल १.१५** | अनुसन्धान ब्युरो गठनद्वारा विशेष किसिमका अपराधको अनुसन्धान गर्ने र सुरक्षा खतराको सूचना अग्रिम रुपमा संकलन गर्ने व्यवस्था भएको हुने | प्रदेश अनुसन्धान ब्युरोको गठन | संख्या | | | १ | | | | १ | " | " | " | ७ | १६ | ८ | |
| **प्रतिफल १.१६** | प्रदेश प्रहरी तालिम प्रतिष्ठानको स्थापना र सञ्चालन भएको हुने | प्रदेश प्रहरी तालिम केन्द्रको स्थापना | संख्या | | | १ | | | | १ | " | " | " | ७ | १६ | ८ | |
| **लगानीः वार्षिक कार्यक्रम तथा बजेट, सुरक्षाकर्मी तालिम केन्द्र, तालिम सामाग्री, सुरक्षाकर्मी तालिम, अनुसन्धान गर्न सघाउने उपकरण** | | | | | | | | | | | | | | | | | |

## ७.२ प्रादेशिक एकता

### ७.२.१ पृष्ठभूमि

गण्डकी प्रदेश सरकारले बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसाँस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसात् गरी विविधता बीचको एकता निर्माण गर्ने संकल्प गरेको छ। त्यसैगरी, राज्यका नीतिहरू अन्तर्गत स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता र स्वाधीनताको संरक्षण गर्दै एकता अक्षुण्ण राख्ने तथा विभिन्न जात, जाति, धर्म, भाषा, संस्कृति र सम्प्रदाय बीच पारस्परिक सद्भाव, सहिष्णुता र ऐक्यबद्धता कायम गरी प्रदेश, संघ र स्थानीय तह बीच परस्परमा सहयोगात्मक सम्बन्ध विकास गर्दै प्रादेशिक एकता प्रवर्द्धन गर्ने नीति अंगीकार गरेको छ। गण्डकी प्रदेशमा रहेका विभिन्न जातजाति, भाषा, धर्म, साँस्कृतिको जगेर्ना र संवर्द्धन गर्न प्रादेशिक एकता कार्यक्रम ल्याई सो मार्फत् सम्पूर्ण नागरिकबीच सद्भाव बढाउने प्रयास गर्न आवश्यक छ।

### ७.२.२ प्रमुख समस्या

धार्मिक, सामाजिक, साँस्कृतिक, जातीय र भौगोलिक विविधता बीचको एकतालाई सुदृढ गर्नु, कुनै अतिवादको नाममा हुने घटनाका कारण थप द्वन्द्व र अविश्वासको वातावरण सिर्जना हुने सम्भावना रहनु जस्ता विषय समस्याको रुपमा रहेका छन्।

### ७.२.३ चुनौती र अवसर

**चुनौती**

विविधता बीचको एकतालाई सुदृढ गर्नु, राष्ट्रिय तथा प्रादेशिक एकतालाई अक्षुण्ण राख्नु, राष्ट्र र राष्ट्रियता कुनै व्यक्ति समुदाय वा क्षेत्रीयता भन्दा माथि हो भन्ने भावना प्रदेशका सबै जनतामा जागृत गराउनु, सबै वर्ग र समुदायको पहिचान र भावनाको कदर गर्नु, संघीयताको कार्यान्वयन सँगै संघीय शासकीय व्यवस्थामा संघ, प्रदेश र स्थानीय तहका इकाईहरूबीच आ-आफ्नो क्षेत्राधिकार कार्यान्वयन गर्दा सहकारिता, समन्वय र सहअस्तित्वको आधारमा राष्ट्रियता र प्रादेशिक एकताको भावनालाई सर्वोपरि राख्ने कार्य साँस्कृतिको विकास गर्नु चुनौतीपूर्ण रहेको छ।

**अवसर**

गण्डकी प्रदेशमा बहुजातीय, बहुभाषिक, बहुसाँस्कृतिक तथा भौगोलिक विविधता बीच विकास भएको एकता, तीन तहका सरकार बीच चल्दै गरेको सहकारिता, समन्वय र सहअस्तित्व, आर्थिक, सामाजिक, साँस्कृतिक, पूर्वाधार एवम् प्रदेशको विकासको अवसर, जातिगत, भाषिक, साँस्कृतिक, भौगोलिक एवम् धार्मिक विविधता व्यवस्थापनको संवैधानिक व्यवस्था र तीनै तहका सरकारबीचको अन्तरआबद्धता गण्डकी प्रदेशका अवसरका रुपमा रहेका छन्।

### ७.२.४ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

**सोच**

प्रादेशिक एकताको संरक्षण, संवर्द्धन र समृद्धिको आधार निर्माण।

**लक्ष्य**

बहुल समाजको विशेषतालाई प्रदेशको आर्थिक, सामाजिक तथा साँस्कृतिक विकाससँग आबद्ध गर्ने।

**उद्देश्य**

विविधताको उचित सम्बोधन र सम्मान गरी प्रादेशिक एकता सुदृढ बनाउनु।

### ७.२.५ रणनीति र रणनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १: विविधताको उचित सम्वोधन र सम्मान गरी प्रादेशिक एकता सुदृढ बनाउनु ।** | |
| १.१ विविधता बीचको एकतालाई सुदृढ गर्ने । | १.१.१ गण्डकी प्रदेशको जातीय, भाषिक, लैङ्गिक तथा साँस्कृतिक विविधताको बारेमा विभिन्न सञ्चार माध्यमबाट जानकारीमूलक कार्यक्रम प्रसारण गरिनेछ ।<br>१.१.२ विद्यालय तथा उच्च शिक्षाका पाठ्यक्रममा गण्डकी प्रदेशको समाजिक तथा साँस्कृतिक बनोट र यसका सकारात्मक पक्ष सम्बन्धी विषय समावेश गरिनेछ । |
| १.२ आपसी सद्भाव र मेलमिलापको माध्यमबाट सभ्य समाज निर्माण गर्न नागरिकहरूलाई उत्प्रेरित गरिने । | १.२.१ प्रदेशमा शान्ति, सुरक्षा, सुव्यवस्था, आपसी मेलमिलाप र सदभाव बढाउन प्रत्येक नागरिक जिम्मेवार बन्ने गरी नागरिकलाई उत्प्रेरित हुने किसिमका कार्यक्रम सञ्चालन गरिनेछ ।<br>१.२.२ प्रदेशभित्रका निकायबीच परस्परमा सहयोगात्मक सम्बन्ध विकास गर्दै प्रादेशिक एकता प्रवर्द्धन गरिनेछ । |
| १.३ समाजमा द्वेष र अन्तर द्वन्द्व फैलाउने आन्तरिक तथा बाह्य गतिविधि विरुद्ध सशक्त कदम चालिने । | १.३.१ सामाजिक तथा साँस्कृतिक विविधताका बीचको एकतालाई खल्बल्याउने तथा नागरिकलाई दिग्भ्रमित पार्ने मनसायले संविधान वा कानूनको गलत प्रचार र प्रयोगलाई रोक्न शून्य सहनशीलताको नीति अबलम्बन गरिनेछ ।<br>१.३.२ प्रादेशिक हित र एकतामा खलल पुग्ने सामाजिक सञ्जालको प्रयोगलाई निरुत्साहित गरिनेछ ।<br>१.३.३ प्रादेशिक एकता तथा सामाजिक सद्भाव र सहिष्णुता प्रवर्द्धन हुने क्रियाकलाप सञ्चालन गरी नागरिकबीचको सम्बन्ध थप सौहार्द्रपूर्ण बनाइनेछ । |

### ७.२.६ कार्यक्रमका प्राथमकिता

१. प्रदेशका सबै जनताविच भावनात्मक एकताको विकास गर्ने पाठ्यसामाग्रीको निर्माण र वितरण गर्ने ।

२. प्रदेश समन्वय परिषद्लाई प्रदेशका सबै स्थानीय तहवीच एकता सुदृढ गर्ने सशक्त माध्यम बनाउने ।

## ७.२.७ विस्तृत कार्यक्रम

| क्र.सं. | उद्देश्य नं. | रणनीति नं. | कार्यनीति नं. | संकेत | कार्यक्रम | इकाई | आधार वर्ष २०७५/७६ | लक्ष्य | | | | | योजना अवधिको जम्मा लक्ष्य | जिम्मेवार निकायहरू |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | |
| १ | १ | १.१ | १.१.१ | क | गण्डकी प्रदेशमा सामाजिक विविधता प्रवर्द्धन गर्ने सामाग्री उत्पादन र वितरण गर्ने । | संख्या | | | १००० | १००० | १००० | १००० | ४००० | मुमका |
| २ | | | १.१.२ | क | गण्डकी प्रदेशको सामाजिक एवम् साँस्कृतिक विविधता र यसका सकारात्मक पक्षबारे पाठ्यसामाग्री उत्पादन र वितरण गर्ने । | संख्या | | | १००० | १००० | १००० | १००० | ४००० | साविम |
| ३ | | १.२ | १.२.१ | क | प्रदेशका जनताबीच मेलमिलाप र भाईचारा विकास गर्ने रेडियो कार्यक्रम सञ्चालन गर्ने । | प्याकेज | | १ | | | | | १ | मुमका |
| ४ | | | १.२.२ | क | प्रदेश समन्वय परिषद् सुदृढ गर्ने । | प्याकेज | | १ | | | | | १ | " |
| ५ | | १.३ | १.३.१ | ग | राष्ट्र हित विपरित कार्य गर्नेलाई दण्डित गर्ने कानून निर्माण । | संख्या | | | १ | | | | १ | " |
| ६ | | | १.३.२ | ग | राष्ट्रहित विपरित कार्य गर्ने सामिजक सञ्जाल प्रयोगकर्तालाई दण्डित गर्ने कानून बनाउने । | प्याकेज | | | १ | | | | १ | " |
| ७ | | | १.३.३ | क | धार्मिक, जातीय, साँस्कृतिक सद्भाव कायम गर्न नागरिक शान्ति र भाईचारा प्रर्वद्धन गर्ने कार्यक्रम सञ्चालन गर्ने । | संख्या | | | २ | २ | २ | २ | ८ | " |

### ७.२.८ नतिजा

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७५/७६ | उपलब्धि २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | योजना अवधिका उपलब्धि | पुष्ट्याईको श्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान | प्रससं | दिविलसं | दीरासं | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रभाव | **प्रदेशको आर्थिक, सामाजिक तथा साँस्कृतिक विकाससँग बहुल समाजको विशेषता आवद्ध भएको हुने** | **प्रदेशमा बोलिने सबै मुख्य भाषा प्रदेश एकताका भाषा मानिने** | संख्या | २२ | | | | | | २२ | **मुममकाको वार्षिक प्रतिवेदन** | **मुममका** | | ७ | १६ | १० | |
| **असर १** | विविधताको उचित सम्वोधन र सम्मान भई प्रादेशिक एकता सुदृढ भएको हुने | प्रदेशमा अभ्यास भएका सबै धर्म प्रदेश एकताका धर्म हुने | संख्या | ६ | | | | | | ६ | मुममकाको वार्षिक प्रतिवेदन | " | | ७ | १६ | १० | |
| | | राष्ट्रिय परिचय प्राप्त गरेका प्रदेशका नागरिक | प्रतिशत | | | | | | १०० | १०० | " | " | | ७ | १६ | १० | |
| | | ५ वर्षमुनिका वालबालीकाको जन्म दर्ता | प्रतिशत | ६०.८ | | | | | ९० | ९० | " | " | | ७ | १६ | १० | |
| **प्रतिफल १.१** | प्रदेशको जातीय, भाषिक, लैङ्गिक तथा साँस्कृतिक विविधताको बारेमा विभिन्न सञ्चार माध्यमबाट जानकारीमूलक कार्यक्रम प्रसारण भएका हुने | एकता प्रवर्द्धन सामाग्रीको उत्पादन र वितरण | संख्या | | | १००० | १००० | १००० | १००० | ४००० | " | " | संघ प्रदेश र स्थानीय तह बिच एकता रहने | ७ | १६ | १० | |
| **प्रतिफल १.२** | विद्यालय तथा उच्च शिक्षाका पाठ्यक्रममा प्रदेशको समाजिक तथा साँस्कृतिक बनोट र यसका सकारात्मक पक्ष सम्बन्धी विषय समावेश भएको हुने | एकता प्रवर्द्धन गर्ने पाठ्य सामाग्रीको उत्पादन र वितरण | संख्या | | | १००० | १००० | १००० | १००० | ४००० | " | " | " | ७ | १६ | १० | |
| **प्रतिफल १.३** | प्रदेशमा शान्ति, सुरक्षा, सुव्यवस्था, आपसी मेलमिलाप र सद्भाव बढाउन प्रत्येक नागरिक जिम्मेवार बन्ने गरी नागरिकलाई उत्प्रेरित हुने किसिमका कार्यक्रम सञ्चालन भएको हुने | प्रदेशका जनताबीच मेलमिलाप र भाईचारा विकास गर्ने रेडियो कार्यक्रमको सञ्चालन | संख्या | | | १ | | | | १ | " | " | " | ७ | १६ | १० | |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७५/७६ | उपलब्धि | | | | | योजना अवधिका उपलब्धि | पुष्ट्याइँको श्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान | प्रससं | दिविसं | दीरासं | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | | | | | | | |
| **प्रतिफल १.४** | प्रदेशभित्रका निकायबीच परस्परमा सहयोगात्मक सम्बन्ध विकास भई प्रादेशिक एकता प्रवर्द्धन भएको हुने | प्रदेश समन्वय परिषद्को सुदृढीकरण | संख्या | | १ | | | | | १ | मुममकाको वार्षिक प्रतिवेदन | मुममका | संघ प्रदेश र स्थानीय तह बिच एकता रहने | ७ | १६ | १० | |
| **प्रतिफल १.५** | सामाजिक तथा साँस्कृतिक एकतालाई खल्बल्याउने तथा नागरिकलाई दिग्भ्रमित पार्ने मनसायले संविधान वा कानूनको गलत प्रचार र प्रयोगलाई रोक्न शून्य सहनशीलताको नीति अवलम्बन भएको हुने | राष्ट्रहित विपरित कार्य गर्नेलाई दण्डित गर्ने कानूनको निर्माण | संख्या | | | | १ | | | १ | " | " | " | ७ | १६ | १० | |
| **प्रतिफल १.६** | प्रादेशिक हित र एकतामा खलल पुग्ने गरि हुने सामाजिक सञ्जालको प्रयोग निरुत्साहित भएको हुने | राष्ट्रहित विपरित कार्यमा सामाजिक सञ्जालको प्रयोग गर्नेलाई दण्डित गर्ने कानूनको निर्माण | संख्या | | | | १ | | | १ | " | " | " | ७ | १६ | १० | |
| **प्रतिफल १.७** | प्रादेशिक एकता तथा सामाजिक सद्भाव र सहिष्णुता प्रवर्द्धन हुने क्रियाकलाप सञ्चालन भई नागरिकबीचको सम्बन्ध थप सौहार्द्रपूर्ण भएको हुने | नागरिक शान्ति र भाईचारा प्रवर्द्धन कार्यक्रमको सञ्चालन | संख्या | | | २ | २ | २ | २ | ८ | " | " | " | ७ | १६ | १० | |
| **लगानी: वार्षिक कार्यक्रम र बजेट, सरकारी रेडियो र टिभि, एकता दिवस, राजनेताका एकताका सन्देश र अपिल, स्थानीय तह र प्रदेशका वार्षिक कार्यक्रम र बजेट, प्रदेश समन्वय परिषद्का बैठक** | | | | | | | | | | | | | | | | | |

## ७.३ मानव अधिकार र सामाजिक न्याय

### ७.३.१ पृष्ठभूमि

नेपालको संविधानले नागरिकका आधारभूत मानव अधिकारलाई मौलिक हकका रुपमा प्रत्याभूति गरेको छ। नेपाल संयुक्त राष्ट्र संघको वडापत्र तथा मानव अधिकार सम्बन्धी विभिन्न महत्वपूर्ण अन्तर्राष्ट्रिय महासन्धिको पक्ष राष्ट्र भइसकेको छ। नेपालले जनाएको मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिबद्धता कार्यान्वयन गर्नका लागि संवैधानिक, कानूनी, नीतिगत एवम् संस्थागत संरचनाको व्यवस्था गर्दै आएको छ। राष्ट्रिय प्रतिबद्धता अनुरुप गण्डकी प्रदेश सरकारले मानव अधिकारको सम्मान, संरक्षण र प्रवर्द्धन गर्दै आफ्ना कार्यक्रमहरू अगाडि बढाएको छ। आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछाडि परेका वर्ग र समुदायलाई समानुपातिक र समावेशी सिद्धान्तका आधारमा राज्यका निकायमा सहभागिताको हक हुनेछ भनी संविधानमा नै सामाजिक न्यायको हकको व्यवस्था गरिएको छ। मानव अधिकारको सम्मान, संरक्षण र प्रवर्द्धनका लागि संघीय तहमा विद्यमान स्थायी संरचना एवम् संस्थाहरूलाई प्रदेश तहमा पनि विकास गर्नुपर्ने देखिन्छ। अन्तर तहबीच समन्वय तथा सहकार्य मार्फत् मानव अधिकार तथा सामाजिक न्याय सम्बन्धी जनचेतनामूलक कार्यक्रमलाई विकासका मुद्दासँग संरचनागत एवम् कार्यात्मक रुपमा जोड्दै लानु आवश्यक देखिन्छ।

### ७.३.२ प्रमुख समस्या

अझै पनि प्रदेशका विभिन्न भागमा रहेका भेदभाव, छुवाछुत, बालविवाह, बहुविवाह, लैङ्गिक हिंसा जस्ता कुप्रथा, आर्थिक, शैक्षिक तथा सामाजिक पछौटेपन, प्रदेशको भौगोलिक संरचना, पूर्वाधार एवम् सेवा सुविधाको उपलब्धता जस्ता कुराहरू मानव अधिकार र सामाजिक न्यायको प्रत्याभूतिका लागि प्रमुख समस्याको रुपमा रहेका छन्। मानव अधिकारको सम्मान, संरक्षण र प्रवर्द्धन गर्नुपर्ने कुरामा नागरिक र राज्यका सबै निकायमा सचेतना अभिवृद्धि भए तापनि मानव अधिकार सम्बन्धी प्रदेश स्तरमा संस्थागत र नीतिगत स्पष्ट व्यवस्था नहुनु, राजनीतिक, सामाजिक एवम् मानव अधिकारको आधारभूत ज्ञान, मूल्य, मान्यता र संस्कारको पद्धति स्थापित हुन नसक्नु, संस्थागत रुपमा रहेको सामाजिक विभेदलाई अन्त्य गर्न नसक्नु जस्ता विषय प्रमुख समस्याका रुपमा रहेका छन्।

### ७.३.३ चुनौती र अवसर

**चुनौती**

संविधान, कानून र अन्तर्राष्ट्रिय प्रतिबद्धता अनुरुप मानव अधिकारको सम्मान, संरक्षण, प्रवर्द्धन तथा परिपालना गर्नु र गराउनु, मानव अधिकारमैत्री तथा सामाजिक न्यायसहितको सामाजिक एवम् आर्थिक विकास निर्माण क्रियाकलाप सञ्चालन गर्नु, मानव अधिकार तथा सामाजिक न्यायसम्बन्धमा प्रदेश स्तरीय संस्थागत र नीतिगत व्यवस्था नहुनु, जस्ता चुनौती रहेका छन्।

**अवसर**

विश्वमा सर्वस्वीकार्य भएका मानव अधिकार सम्बन्धी मूल्यमान्यतालाई नेपालको संविधानले मौलिक हकको रुपमा प्रत्याभूत गर्नु, मौलिक हक कार्यान्वयनका लागि आवश्यक कानूनी व्यवस्था हुनु, मानव अधिकारसँग सम्बन्धित क्षेत्रीय, अन्तर्राष्ट्रिय महासन्धि, सन्धि तथा ऐच्छिक प्रोटोकलको पक्ष राष्ट्र हुनु, संघ, प्रदेश र स्थानीय सरकारको क्षेत्राधिकार संविधानद्वारा नै स्पष्ट गरी नागरिकले वास्तविक रुपमै मानव अधिकारको उपभोग गर्न सक्ने गरी संरचनात्मक व्यवस्था हुनु, संविधान एवम् कानूनद्वारा संरक्षित मानव अधिकारको कार्यान्वयनको अनुगमन गर्ने, मानव अधिकार उल्लघंनमा अनुसन्धान गर्ने लगायतका कार्य गर्ने स्वतन्त्र र सक्षम संवैधानिक आयोगको व्यवस्था तथा न्याय सम्पादनका लागि स्वतन्त्र न्यायालयको व्यवस्था हुनु, मानव अधिकारको संरक्षण र सम्मान गर्न गण्डकी प्रदेश सरकार प्रतिबद्ध रहनु जस्ता मानव अधिकारको संरक्षण तथा सम्वर्द्धनको लागि महत्वपूर्ण अवसर हुन्।

### ७.३.४ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

**सोच**

स्वअनुशासित र समतामूलक समाजको निर्माण ।

**लक्ष्य**

समतामूलक शासन प्रणाली र प्रभावकारी सेवा प्रवाहमार्फत् संविधान प्रदत्त अधिकारको निर्वाद उपभोग गर्न पाउने स्थिति निर्माण गर्ने ।

**उद्देश्य**

१. मानव अधिकारको सम्मान, संरक्षण, संवर्द्धन तथा उपभोग गर्नु ।
२. जोखिममा रहेका सीमान्तकृत्, विपन्न, लैङ्गिक अल्पसंख्यक, अपाङ्गता भएका एवम् पिछडिएका क्षेत्र, वर्ग, र समुदायको अधिकार सुनिश्चित गर्नु ।
३. मानव अधिकार प्रवर्द्धन तथा सामाजिक न्याय कायम हुने गरी मानव अधिकारमैत्री शासन पद्धतिको विकास गर्नु ।

### ७.३.५ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १: मानव अधिकारको सम्मान, संरक्षण, संवर्द्धन तथा उपभोग गर्नु ।** | |
| १.१ मौलिक हक सम्बन्धी कानूनहरूको प्रभावकारी रुपमा कार्यान्वयन गर्ने । | १.१.१ प्रदेश तहबाट मौलिक हक कार्यान्वयन गर्ने कानूनहरूको कार्यान्वयनको लागि स्रोत साधनको व्यवस्था गरिनेछ ।<br>१.१.२ न्यायमा पहुँच सुनिश्चित गर्न नेपाल सरकारसँगको समन्वयमा निःशुल्क कानूनी सहायता सम्बन्धी नीतिगत, कानूनी एवम् संस्थागत व्यवस्था गरिनेछ । |
| १.२ मानव अधिकार उल्लङ्घनको घटनामा दण्डहीनताको अन्त्य गरी पीडितलाई क्षतिपूर्तिको सुनिश्चितता गर्ने । | १.२.१ मानव अधिकार उल्लघंनका घटनाको अनुसन्धान कार्यलाई प्रभावकारी बनाइनेछ ।<br>१.२.२ मानव अधिकार उल्लघंनको घटनाका पीडकलाई कारवाही र पीडितलाई उचित क्षतिपूर्ति तथा परिपूरणको व्यवस्था गरिनेछ । |
| **उद्देश्य २: जोखिममा रहेका सीमान्तकृत्, विपन्न, लैङ्गिक अल्पसंख्यक, अपाङ्गता भएका एवम् पिछडिएका क्षेत्र, वर्ग, र समुदायको अधिकार प्रवर्द्धन गर्नु ।** | |
| २.१ समाजमा विद्यमान सबै प्रकारका भेदभाव, छुवाछुत, हिंसा तथा कुप्रथाको अन्त्य गर्ने । | २.१.१ जोखिममा रहेका विपन्न, सीमान्तकृत् एवम् उत्पीडित वर्गका अधिकार संरक्षण गरिनेछ ।<br>२.१.२ समाजमा विद्यमान भेदभाव र छुवाछुत विरुद्ध जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ । |
| **उद्देश्य ३: मानव अधिकार प्रवर्द्धन तथा सामाजिक न्याय कायम हुने गरी मानव अधिकारमैत्री शासन पद्धतिको विकास गर्नु ।** | |
| ३.१ प्रदेश सरकारबाट सम्पन्न गरिने योजना तथा कार्यक्रम कार्यान्वयन गर्दा मानव अधिकारमुखी पद्धति अपनाउने । | ३.१.१ प्रदेश सरकारबाट तयार हुने नीति तथा कार्यक्रम, कार्ययोजना र विकास क्रियाकलाप मानव अधिकार मैत्री हुने गरी सञ्चालन गरिनेछ ।<br>३.१.२ मानव अधिकार मैत्री प्रादेशिक नीति,योजना तथा कार्यक्रम र कार्ययोजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ । |

### ७.३.६ कार्यक्रमका प्राथमिकता

१. प्रदेशका सबै क्रियाकलापहरू मानव अधिकार मैत्री बनाउने ।
२. प्रदेश भित्र मानव अधिकारको प्रवर्द्धन, अनुगमन र मूल्याङ्कन गर्ने ।
३. जेल सुधार कार्यक्रम सञ्चालन गर्ने ।

### ७.३.७ विस्तृत कार्यक्रम

| क्र.सं. | उद्देश्य नं. | रणनीति नं. | कार्यनीति नं. | संकेत | कार्यक्रम | इकाई | आधार वर्ष २०७५/७६ | लक्ष्य | | | | | योजना अवधिको जम्मा लक्ष्य | जिम्मेवार निकायहरू |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | |
| १ | १ | १.१ | १.१.१ | ग | मौलिक हक कार्यान्वयन गर्न प्रदेश कानूनको तर्जुमा गर्ने । | संख्या | | | ३ | ३ | ४ | ६ | १६ | आमाकाम |
| २ | | | १.१.२ | क | विपन्नहरूलाई न्यायमा पँहुच बढाउन निशुल्क कानूनी सहायता केन्द्र खोल्ने । | संख्या | | | ११ | | | | ११ | " |
| ३ | | १.२ | १.२.१ | क | मानव अधिकार उल्लंघनका घटनाको अनुसन्धान गर्ने । | संख्या | | | १ | १ | १ | १ | ४ | मुन्याका |
| ४ | | | १.२.२ | क | मानव अधिकार उल्लंघन घटनाका पीडितलाई क्षतिपूर्तिको व्यबस्था गर्ने । | प्याकेज | | | १ | निरन्तर | निरन्तर | निरन्तर | १ | " |
| ५ | २ | २.१ | २.१.१ | ग | उत्पीडित तथा विपन्नहरूको अधिकार संरक्षण गर्ने संयन्त्र निर्माण गर्ने । | प्याकेज | | १ | | | | | १ | " |
| ६ | | | २.१.२ | ख | समाजमा विद्यमान छुवाछुत विरुद्ध सचेतना तथा नियमन । (जिल्ला) | संख्या | | | ११ | निरन्तर | निरन्तर | निरन्तर | ११ | " |
| ७ | ३ | ३.१ | ३.१.१ | क | प्रदेशले तयार गर्ने सबै नीति तथा कार्यक्रम मानव अधिकार मैत्री भए नभएको मूल्याङ्कन गर्ने | प्याकेज | | | १ | निरन्तर | निरन्तर | निरन्तर | १ | " |
| ८ | | | ३.१.२ | क | मानव अधिकार कार्यक्रम कार्यान्वियनको अनुगमन गर्ने संयन्त्र बनाउने । | संख्या | | १ | | | | | १ | " |
| ९. | | | | क | मानव अधिकार मैत्री शासनबारे जानकारी राख्ने प्रदेश अन्तर्गतका कार्यालय | संख्या | | | | ५० | ५० | ७६ | १७६ | " |
| १० | | | | ग | जेल सुधार कार्यक्रम सञ्चालन गर्ने । | संख्या | | | | ३ | ३ | ३ | ९ | आमाकाम |

### ७.३.८ नतिजा

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७५/७६ | उपलब्धि | | | | | योजना अवधिका उपलब्धि | पुष्ट्याइँको श्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान | प्रससं | दिविसं | दीरासं | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | | | | | | | |
| प्रभाव | **समतामूलक शासन प्रणाली र प्रभावकारी सेवा प्रवाह मार्फत् संविधानप्रदत्त अधिकारको निर्वाध उपभोग गर्न पाउने स्थिति निर्माण भएको हुने** | **जिल्ला अदालत र उच्च अदालतमा प्रति न्यायाधीश सरदर मुद्दा** | संख्या | ११० | १०५ | १०० | ९५ | ९० | ८५ | ८५ | ईन्सेकको प्रतिवेदन | मुन्याका | | ७ | १६ | ८ | |
| असर १ | मानव अधिकारको सम्मान, संरक्षण, संवर्द्धन तथा उपभोग भएको हुने | गैर राज्य पक्षबाट मानव अधिकार हननका घटना | संख्या | ५४० | ५०० | ४५० | ४०० | ३५० | ३०० | ३०० | ईन्सेकको प्रतिवेदन | मुन्याका | | ७ | १६ | ८ | |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७५/७६ | उपलब्धि | | | | | योजना अवधिका उपलब्धि | पुष्ट्याइँको श्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान | प्रससं | दिविलसं | दीरासं | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | | | | | | | |
| | | दर्ता भएका लैङ्गिक हिंसा लगायतका अपराधका घटना र अनुसन्धानको अनुपात | अनुपात | ८२.७ | | | | | १०० | १७.३ | आमाकाम प्रतिवेदन | आमाकाम | | ७ | १६ | ८ | |
| | | शान्ति सुरक्षाको लागि विनियोजित प्रतिव्यक्ति बजेट | रुपैयां | | | | | | | | " | " | | ७ | १६ | ८ | |
| | | हराएका बालबालिकामा फेलापार्न नसकिएको अनुपात | प्रतिशत | ५३.१ | | | | | २६.० | २७.१ | " | " | | ७ | १६ | ८ | |
| **प्रतिफल** १.१ | प्रदेश तहबाट मौलिक हक सम्बन्धी कानूनहरूको कार्यान्वयनको लागि स्रोत साधनको व्यवस्था भएको हुने | मौलिक हक कार्यान्वयन गर्न प्रदेश कानूनको तर्जुमा | संख्या | | | ३ | ३ | ४ | ६ | १६ | " | " | संघसँग समन्वय हुने | ७ | १६ | ८ | |
| **प्रतिफल** १.२ | विपन्नहरूलाई न्यायमा पहुँच सुनिश्चित गर्न निःशुल्क कानूनी सहायता सम्बन्धी नीतिगत, कानूनी एवम् संस्थागत व्यवस्था भएको हुने | निःशुल्क कानूनी सहायता केन्द्रको स्थापना (जिल्ला) | संख्या | | | ११ | | | | ११ | " | " | संघसँग समन्वय हुने | ७ | १६ | ८ | |
| **प्रतिफल** १.३ | मानव अधिकार उल्लघंनका घटनाको अनुसन्धान कार्य प्रभावकारी भएको हुने | मानव अधिकार हननका घटनाको अनुसन्धान | पटक | | | १ | १ | १ | १ | ४ | मुन्याका प्रतिवेदन | मुन्याका | | ७ | १६ | ८ | |
| **प्रतिफल** १.४ | मानव अधिकार उल्लघंनको घटनाका पीडकलाई कारवाही र पीडितलाई उचित क्षतिपूर्ति तथा परिपूरणको व्यवस्था भएको हुने | मानव अधिकार उल्लंघन घटनाका पीडितलाई क्षतिपूर्ति | संख्या | | सबै | सबै | सबै | सबै | सबै | सबै | " | " | | ७ | १६ | ८ | |
| **असर** २ | जोखिममा रहेका सीमान्तकृत, विपन्न, लैङ्गिक अल्पसंख्यक, अपाङ्गता भएका एवम् पिछडिएका क्षेत्र, वर्ग र समुदायको अधिकार प्रवर्द्धन भएको हुने | मानव अधिकार आयोगको प्रदेश कार्यालय स्थापना | संख्या | | | | १ | | | १ | मानव अधिकार आयोगको प्रतिवेदन | मानव अधिकार आयोग | नेपाल सरकार सकारात्मक हुने | ७ | १६ | ८ | |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७५/७६ | उपलब्धि | | | | | योजना अवधिका उपलब्धि | पुष्ट्याइँको श्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान | प्रससं | दिविलसं | दीरासं | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | | | | | | | |
| प्रतिफल २.१ | जोखिममा रहेका विपन्न, सीमान्तकृत् एवम् उत्पीडित वर्गका अधिकारको संरक्षण भएको हुने | उत्पीडित तथा विपन्नहरूको अधिकार संरक्षण गर्ने संयन्त्रको निर्माण | संख्या | | १ | | | | | १ | मुन्याका प्रतिवेदन | मुन्याका | | ७ | १६ | ८ | |
| प्रतिफल २.२ | समाजमा विद्यमान भेदभाव र छुवाछुत विरुद्ध जनचेतनामूलक कार्यक्रमको सञ्चालन भएको हुने | सचेतना कार्यक्रमको सञ्चालन (जिल्ला) | संख्या | | | ११ | ११ | ११ | ११ | ११ | " | " | | ७ | १६ | ८ | |
| **असर ३** | मानव अधिकार प्रवर्द्धन तथा सामाजिक न्याय कायम हुने गरी मानव अधिकारमैत्री शासन पद्धतिको विकास भएको हुने | मानव अधिकारमैत्री शासन बारे जानाकारी राख्ने प्रदेश अन्तरगतका कार्यलय | संख्या | | | | ५० | ५० | ७६ | १७६ | " | " | | ७ | १६ | ८ | |
| प्रतिफल ३.१ | नीति तथा कार्यक्रम, कार्ययोजना र विकास क्रियाकलाप मानव अधिकार मैत्री भएको हुने | नीति तथा कार्यक्रम मानव अधिकार मैत्री हुने व्यवस्था | संख्या | | सबै | सबै | सबै | सबै | सबै | सबै | " | " | | ७ | १६ | ८ | |
| प्रतिफल ३.२ | मानव अधिकार मैत्री प्रादेशिक नीति,योजना तथा कार्यक्रम र कार्ययोजना तर्जुमा भई कार्यान्वयन भएको हुने | मानव अधिकार कार्यक्रम कार्यान्वयनको अनुगमन गर्ने संयन्त्रको निर्माण | संख्या | | १ | | | | | १ | " | " | | ७ | १६ | ८ | |
| प्रतिफल ३.३ | प्रदेशका जेलहरू सुधार भई मानव अधिकार मैत्री भएका हुने । | सुधारिएका जेलको संख्या | संख्या | | | | ३ | ३ | ३ | ९ | आमाकामको प्रतिवेदन | आमाकाम | | ७ | १६ | ८ | |
| **लगानीः वार्षिक कार्यक्रम तथा बजेट, मानव अधिकार संरक्षण शिक्षा, मानव अधिकार आयोगका कार्यक्रम, ईन्सेकका कार्यक्रम, मानव अधिकार बारे सुरक्षाकर्मी र कर्मचारीलाई तालिम** | | | | | | | | | | | | | | | | | |

## ७.४ न्याय प्रणालीको सुदृढीकरण

### ७.४.१ पृष्ठभूमि

प्रदेश सरकारको प्रमुख कानूनी सल्लाहकारका रुपमा नेपालको संविधानले व्यवस्था गरेको मुख्य न्यायाधिवक्ताको भूमिकालाई कानूनको पालना र प्रतिरक्षाका लागि अझ सबल र सुदृढ बनाउँदै लानुपर्ने देखिन्छ । संवैधानिक व्यवस्था एवम् संघीय प्रणाली अनुकूल फौजदारी कानूनको प्रभावकारी कार्यान्वयन गरी समाजमा अपराध नियन्त्रण गर्ने, प्रदेश सरकारको सरोकार भएका मुद्दामा प्रतिरक्षा गर्ने र शान्ति सुव्यवस्था कायम गरी सुशासनको अनुभूत हुने गरी विद्यमान न्याय प्रणालीलाई समयानुकुल परिमार्जन र सुदृढ गर्दै लैजानु पर्दछ । न्याय प्रणालीको प्रस्थान बिन्दु स्थानीय तहको न्यायिक समितिलाई न्याय सम्पादन र व्यवस्थापनमा सक्षम एवम् प्रणालीबद्ध बनाई न्याय सम्पादन र व्यवस्थापनमा प्रभावकारिता कायम गर्न आवश्यक छ । संविधानले गरेको व्यवस्था र मर्म अनुरुप कानून निर्माण गरी न्यायमा सबैको सरल र सहज पहुँच स्थापित गर्न न्यायपालिकालाई आवश्यक सहयोग गर्न गण्डकी प्रदेश सरकार प्रतिबद्ध छ ।

### ७.४.२ प्रमुख समस्या

प्रदेश सरकारको तर्फबाट मुद्दाको अनुसन्धान र अभियोजन गर्ने विषय स्पष्ट नहुनु, प्रदेशले कानून बनाउने भए तापनि दण्ड सजाँयको व्यवस्था गर्न सक्ने नसक्ने भन्ने विषय स्पष्ट नहुनु, कानून पालना गर्ने साँस्कृतिको पर्याप्त विकास नहुनु, न्यायमा सबैको सरल, सहज र मितव्ययी पहुँच कम हुनु, मुद्दा फछ्र्यौटको अवस्था कमजोर हुनु, पर्याप्त स्रोतसाधन र जनशक्तिको क्षमता विकास हुन नसक्नु आदि यस क्षेत्रका प्रमुख समस्या हुन् ।

### ७.४.३ चुनौती र अवसर

**चुनौती**

प्रदेशले निर्माण गर्नु पर्ने आधारभूत कानून तर्जुमा गर्नु, स्थानीय तहमा कानून तर्जुमा गर्न सहजीकरण गर्नु, अन्तर तह समन्वय र सहकार्य गर्नु, स्थानीय न्यायिक समितिको भूमिकालाई प्रभावकारी बनाउनु, निःशुल्क कानूनी सहायता सेवा उपलब्ध गराउनु, फौजदारी तथा देवानी संहिताको पालनाका लागि सबै तह र निकायमा पर्याप्त नागरिक शिक्षा, सचेतना र दक्षता अभिवृद्धि गर्नु, परम्परागत अनुसन्धान प्रक्रियालाई वस्तुगत र वैज्ञानिक बनाउनु, पर्याप्त दक्ष जनशक्तिको व्यवस्था गर्नु, नागरिकलाई कर्तव्य र अधिकार दुवै पक्षप्रति जानकार र जिम्मेवार बनाउनु जस्ता विषय गण्डकी प्रदेशमा न्यायिक क्षेत्रका प्रमुख चुनौतीका रुपमा रहेका छन् ।

**अवसर**

संविधानको अनुसूचीमा संघ, प्रदेश र स्थानीय तहका एकल र साझा अधिकारलाई सूचीकरण गरी राज्यशक्तिको बाँडफाँड गरिएकोले तीनै तहलाई आ-आफ्नो क्षेत्रमा कानून निर्माण गर्ने र कार्यान्वयन गर्ने महत्वपूर्ण अवसर प्राप्त हुनु, न्याय प्रणाली सूचना प्रविधिमैत्री हुँदै जानु, स्थानीय न्यायिक समितिको व्यवस्था हुनु आदि अवसरका रुपमा रहेका छन् ।

### ७.४.४ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

**सोच**

निष्पक्ष र पारदर्शी न्याय प्रणालीको विकास ।

**लक्ष्य**

प्रविधिमैत्री, पहुँचयोग्य, सबल र सुलभ न्याय प्रणाली व्यवस्था गर्ने ।

**उद्देश्य**

१. न्यायिक प्रक्रियालाई सरल, अनुमानयोग्य, पारदर्शी र सूचना प्रविधिमैत्री बनाउनु ।

२. प्रदेशको एकल अधिकार सूचीभित्रका विषयमा कानून निर्माण गर्नु ।

### ७.४.५ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
| --- | --- |
| **उद्देश्य १: न्यायिक प्रक्रियालाई सरल, अनुमानयोग्य, पारदर्शी र सूचना प्रविधिमैत्री बनाउनु।** | |
| १.१ न्यायिक प्रक्रियालाई पारदर्शी र सूचना प्रविधिमैत्री बनाउन सहयोग गर्ने। | १.१.१ न्यायिक प्रक्रियालाई छिटो छरितो, प्रभावकारी र पूर्वानुमानयोग्य बनाउन प्रदेश सरकारको तर्फबाट आवश्यक भूमिका निर्वाह गरिनेछ।<br>१.१.२ जनस्तरमा सचेतनामूलक कार्यक्रमहरूमार्फत् न्यायमा पहुँच विस्तार तथा न्यायपालिकाको आस्था र विश्वास अभिवृद्धि र मेलमिलाप पद्धतिको प्रभावकारितामा सुधार ल्याइनेछ।<br>१.१.३ न्याय सम्पादनलाई प्रविधिमैत्री बनाउन आवश्यक सहयोग गरिनेछ।<br>१.१.४ मुद्दाका असमर्थ पक्षलाई निःशुल्क कानूनी सहायता प्रदान गरी न्यायमा सबैको पहुँच सुनिश्चित गरिनेछ। |
| **उद्देश्य २: प्रदेशको एकल अधिकार सूचीभित्रका विषयमा कानून निर्माण गर्नु।** | |
| २.१ प्रदेशले निर्माण गर्नुपर्ने कानून सरोकारवाला समेतको सहभागितामा तर्जुमा गर्ने। | २.१.१ प्रदेशको एकल अधिकार सूची भित्रका विषयमा कानून तर्जुमा गर्दा नेपालको संविधानसँग नबाझिने गरी गरिनेछ।<br>२.१.२ कानून तर्जुमा गर्दा सरोकारवालासँग पर्याप्त छलफल तथा आवश्यक अध्ययन र अनुसन्धान गरिनेछ। |
| २.२ प्रदेशको साझा अधिकार सूचीका हकमा संघीय कानून प्रतिकुल नहुने गरी प्रदेश कानूनको निर्माण गर्ने। | २.२.१ कानूनी सचेतना कार्यक्रम सञ्चालन गरिनेछ। |
| २.३ प्रदेश सरकार पक्ष भएको मुद्दामा वैज्ञानिक र वस्तुपरक प्रमाणको आधारमा अनुसन्धान, अभियोजन र सशक्त प्रतिरक्षा प्रणाली विकास गर्ने। | २.३.१ प्रदेशका सम्बन्धित कर्मचारीको मुद्दा अनुसन्धान, अभियोजन गर्ने र सशक्त प्रतिरक्षा गर्ने क्षमताको विकास गरिनेछ।<br>२.३.२ मुख्य न्यायाधिवक्ताको कार्यालय र प्रदेशभित्रका अर्धन्यायिक निकायमा कार्यरत कर्मचारीको क्षमता विकास गरिनेछ। |

### ७.४.६ कार्यक्रमका प्राथमिकता

१. प्रदेशले निर्माण गर्ने कानून संघीय कानून अनुकूल बनाउने।

२. स्थानीय तहको कानून निर्माण क्षमता बृद्धि गर्ने।

### ७.४.७ विस्तृत कार्यक्रम

| क्र.सं. | उद्देश्य नं. | रणनीति नं. | कार्यनीति नं. | संकेत | कार्यक्रम | इकाई | आधार वर्ष २०७५/७६ | लक्ष्य | | | | | योजना अवधिको जम्मा लक्ष्य | जिम्मेवार निकायहरू |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | |
| १ | १ | १.१ | १.१.१ | ग | मुख्य न्यायाधिवक्ताको कार्यालयलाइ स्रोतसाधन सम्पन्न बनाउदै जनशक्ति विकास गर्ने । | संख्या | २ | १२ | | ३ | | | ३ | मुमका |
| २ | | | | क | सहजीकरण समितिमार्फत् स्थानीय तहहरूमा कानून तर्जुमा सम्बन्धी अभिमुखीकरण तालिम तथा सहजीकरण गर्ने | प्याकेज | | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १ | " |
| ३ | | | १.१.२ | क | विधिको शासनको अवधारणालाई साकार पार्न अदालतबाट भएका फैसला कार्यान्वयन गर्ने संयन्त्र निर्माण गर्ने । | संख्या | | १ | | | | | १ | मुमका |
| ४ | | | १.१.३ | क | न्यायलयमा भएका फैसलाको डिजिटल अभिलेखीकरण गर्ने । (जिल्ला) | संख्या | | | | ११ | | | ११ | मुन्यका |
| ५ | | | १.१.४ | क | मुद्दा लड्न असमर्थ पक्षलाई निःशुल्क कानूनी सहयोग गर्ने व्यवस्था मिलाउने । | प्याकेज | १ | | | | | | १ | " |
| ६ | २ | २.१ | २.१.१ | ख | प्रदेशले निर्माण गरेका कानून संघीय कानून अनुसार भए नभएको पुनरावलोकन गर्ने संयन्त्र निर्माण गर्ने । | संख्या | | १ | | | | | १ | " |
| ७ | | | २.१.२ | क | कानून निर्माणमा पूर्व सरोकारवालासँग छलफल गर्ने संयन्त्र बनाई सुझाव संकलन गर्ने । | प्याकेज | | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १ | " |
| ८ | | २.३ | २.३.१ | क | कर्मचारीको मुद्दा अभियोजन र अनुसन्धान गर्ने क्षमता विकास गर्ने । | संख्या | | | २० | | २० | | ४० | " |
| ९ | | | २.३.२ | क | न्याय क्षेत्रमा कामगर्ने कर्मचारीको क्षमता विकास गर्ने । | संख्या | | | २० | | २० | | ४० | " |
| १० | | | | क | प्रदेशले निर्माण गरेका कानूनको कार्यान्वयन बारे अध्ययन गर्ने । | संख्या | | | | १ | | | १ | " |

### ७.४.८ नतिजा

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७५/७६ | उपलब्धि २०७६/७७ | उपलब्धि २०७७/७८ | उपलब्धि २०७८/७९ | उपलब्धि २०७९/८० | उपलब्धि २०८०/८१ | योजना अवधिका उपलब्धि | पुष्ट्याइँको श्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान | प्रससं | दिविलसं | दीरालसं | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **प्रभाव** | **प्रविधिमैत्री, पहुँचयोग्य, सवल र सुलभ न्याय प्रणालीको व्यवस्था भएको हुने** | **स्थानीय तहका न्यायिक समितिको सुदृढीकरण** | **संख्या** | | १२ | ७३ | | | | ८५ | मुन्याक प्रतिवेदन | मुन्याका | | ७ | १६ | ६ | |
| **असर १** | न्यायिक प्रक्रिया सरल, अनुमानयोग्य, पारदर्शी र सूचना प्रविधिमैत्री भएको हुने | स्थानीय तहका न्यायिक समितिको कानून निर्माण क्षमता अभिबृद्धि | संख्या | | १२ | ७३ | | | | ८५ | " | " | | ७ | १६ | ६ | |
| **प्रतिफल १.१** | न्यायिक प्रक्रियालाई छिटो छरितो, प्रभावकारी र पूर्वानुमानयोग्य बनाउन प्रदेश सरकारको तर्फबाट आवश्यक भूमिका निर्वाह भएको हुने | मु.न्या.का.लाई स्रोतसाधन सम्पन्न बनाउन जनशक्ति थप | संख्या | १२ | | ३ | | | १५ | ३ | " | " | | ७ | १६ | ६ | |
| **प्रतिफल १.२** | न्यायमा पहुँच विस्तार तथा न्यायपालिकाको आस्था र विश्वास अभिवृद्धि र मेलमिलाप पद्धतिको प्रभावकारितामा सुधार भएको हुने | अदालतबाट भएका फैसला कार्यान्वयन गर्ने संयन्त्रको निर्माण | संख्या | | १ | | | | | १ | मुमपका प्रतिवेदन | " | | ७ | १६ | ६ | |
| **प्रतिफल १.३** | न्याय सम्पादन प्रविधिमैत्री भएको हुने | न्यायालयबाट भएका फैसलाको डिजिटल अभिलेखीकरण (जिल्ला) | संख्या | | | | ११ | | | ११ | मुन्याका प्रतिवेदन | " | जिल्ला अदालतको सहयोग रहने | ७ | १६ | ६ | |
| **प्रतिफल १.४** | मुद्दाका असमर्थ पक्षलाई निःशुल्क कानूनी सहायता प्रदान भएको हुने | मुद्दा लड्न असमर्थ पक्षलाई आर्थिक सहयोग | संख्या | | | | | | | आवश्यकता अनुसार | " | " | | ७ | १६ | ६ | |
| **असर २** | संविधान बमोजिम प्रदेशको कानून निर्माण भएको हुने | प्रदेश कानून निर्माण | संख्या | ३२ | १५ | १० | १० | १० | १० | ५५ | आमाकाम प्रतिवेदन | आमाकाम | नेपाल सरकारको सहयोग हुने | ७ | १६ | ६ | |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७५/७६ | उपलब्धि २०७६/७७ | उपलब्धि २०७७/७८ | उपलब्धि २०७८/७९ | उपलब्धि २०७९/८० | उपलब्धि २०८०/८१ | योजना अवधिका उपलब्धि | पुष्ट्याइँको श्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान | प्रससं | दिविलसं | दीरालसं | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **प्रतिफल** २.१. | कानून तर्जुमा गर्दा नेपालको संविधान र संघीय कानूनसँग नबाभिने गरी भएको हुने | प्रदेशको कानून संघीय कानून अनुसार भए नभएको पुनरावलोकन गर्ने संयन्त्रको निर्माण | पटक | | १ | | | | | १ | मुन्याका प्रतिवेदन | मुन्यका | | ७ | १६ | ६ | |
| **प्रतिफल** २.२ | कानून तर्जुमा गर्दा सरोकारवालासँग पर्याप्त छलफल तथा आवश्यक अध्ययन र अनुसन्धान भएको हुने | सरोकारवालासँग छलफल गर्ने संयन्त्रको निर्माण | पटक | | १ | | | | | १ | " | " | | ७ | १६ | ६ | |
| **प्रतिफल** २.३ | कानूनी सचेतना कार्यक्रम सञ्चालन भएको हुने | कानूनी सचेतना कार्यक्रमको सञ्चालन | | | | | | | | | " | " | | ७ | १६ | ६ | |
| **प्रतिफल** २.४ | प्रदेशका सम्बन्धित कर्मचारीको मुद्दा अनुसन्धान, अभियोजन गर्ने र सशक्त प्रतिरक्षा गर्ने क्षमताको विकास भएको हुने | कर्मचारीको मुद्दा अभियोजन र अनुसन्धान क्षमताको विकास | संख्या | | | २० | | २० | | ४० | " | " | | ७ | १६ | ६ | |
| **प्रतिफल** २.५ | मुख्य न्यायाधिवक्ताको कार्यालय र प्रदेश भित्रका अर्धन्यायिक निकायमा कार्यरत कर्मचारीको क्षमता विकास भएको हुने | न्याय क्षेत्रमा काम गर्ने कर्मचारीको क्षमता विकास | संख्या | | | २० | | २० | | ४० | " | " | | ७ | १६ | ६ | |
| **प्रतिफल** २.६ | प्रदेशले निर्माण गरेको कानूनको कार्यान्वयनको आँकलन हुने । | प्रदेशले निर्माण गरेको कानूनको कार्यान्वयन सम्बन्धी अध्ययन । | संख्या | | | | १ | | | १ | " | " | | ७ | १६ | ६ | |

**लगानीः वार्षिक कार्यक्रम तथा बजेट, स्थानीय तहका न्यायिक समितिका सदस्यलाई तालिम, कम्प्युटर र कम्प्युटर सफ्टवेयर, प्रदेश सरकारमा अदालतका फैसला कार्यान्वयन गर्ने संयन्त्र**

## ७.५ संघीय शासन प्रणालीको सुदृढीकरण

### ७.५.१ पृष्ठभूमि

विभिन्न जात, जाति, वर्ग, क्षेत्र, लिङ्ग र समुदायका नागरिकहरूको स्वामित्व, सहभागिता र पहुँच अभिवृद्धि गर्दै विविधताको व्यवस्थापनका माध्यमबाट राष्ट्र निर्माण गर्ने उद्देश्यका साथ संघीय शासन प्रणाली लागू भएको छ। संघ, प्रदेश र स्थानीय तहको निर्वाचन सम्पन्न भई तीनै तहमा सरकार गठन भइसकेका छन्। नेपालको संविधानले सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तलाई संघीय शासन पद्धतिको मूल आधार मानेको छ। सोही मर्मलाई आत्मसात् गर्दै संविधानले निर्धारण गरेको क्षेत्राधिकारको अभ्यासबाट सुशासनमैत्री र समृद्ध प्रदेश निर्माण गर्न आवश्यक छ।

### ७.५.२ प्रमुख समस्या

नेपालको सन्दर्भमा प्रादेशिक संरचना नितान्त नवीन हुनु, संघीयता कार्यान्वयनको स्पष्ट मार्गचित्र तयार भइ नसक्नु, संघ, प्रदेश र स्थानीय तहका सरकार बीच अन्तरसम्बन्ध परिभाषित भए तापनि कार्यान्वयनमा प्रष्टता नहुनु, एक अर्को सरकार बीच अपेक्षित समन्वय कायम हुन नसक्नु र प्रदेश तथा स्थानीय तहको क्षमता विकासको स्पष्ट योजना नबन्नु प्रमुख समस्याको रुपमा रहेका छन्।

### ७.५.३ चुनौती र अवसर

**चुनौती**

संघीयताबारे सरोकारवालाको समान बुझाई कायम गर्नु, प्रशासन र राजनीतिबीच अन्तरसम्बन्ध परिभाषित गर्नु, स्पष्ट कानूनी आधार नहुनु, पर्याप्त संस्थागत संरचना तथा भौतिक पूर्वाधारको व्यवस्था गर्नु, कर्मचारी व्यवस्थापन गर्नु, वित्तीय संघीयताको वैज्ञानिक विधि अपनाई कार्यान्वयन गर्नु, संघीयताको मूल्य र मान्यतालाई आत्मसात् गर्नु र सबैका बीचमा समन्वय स्थापित गरी संविधानले तोकेका अधिकारको अभ्यास गर्नु प्रमुख चुनौती हुन्।

**अवसर**

राजनीतिक प्रतिबद्धता सहितको निर्वाचित स्थिर सरकार, प्रशासनिक संरचना र आवश्यक आधारभूत कानूनहरूको उपलब्धता, संघीयता कार्यान्वयनका लागि सहयोगी वातावरण, सकारात्मक नागरिकसोच जस्ता अवसरहरू रहेका छन्।

### ७.५.४ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

**सोच**

सहकारिता, सहअस्तित्व र समन्वयमा आधारित समावेशी संघीय शासन प्रणालीको प्रभावकारी कार्यान्वयन।

**लक्ष्य**

प्रदेशका सबै नागरिकलाई संघीय शासन पद्धतिबाट प्राप्त हुने लाभमा समान पहुँच र अवसर सुनिश्चित गर्ने।

**उद्देश्य**

१. संघीय शासन प्रणालीबाट प्राप्त हुने लाभको समन्यायिक वितरण गर्नु।
२. जनताको नजिकमा रहेर छिटो छरितो सेवा प्रवाह हुने वातावरण सिर्जना गर्नु।
३. राजनीतिक एवम् प्रशासनिक नेतृत्व विकासको माध्यमबाट संघीयता सुदृढीकरण गर्नु।

### ७.५.५ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १: संघीय शासन प्रणालीबाट प्राप्त हुने लाभको समन्यायिक वितरण गर्नु।** | |
| १.१ समावेशी तथा समन्यायिक विकासका लागि आवश्यक कानूनी र संस्थागत आधार तयार गर्ने । | १.१.१ प्रदेशका नीति, योजना, कानून तर्जुमा गर्दा सामाजिक, आर्थिक, भौगोलिक रुपले पिछडिएका वर्ग तथा क्षेत्रलाई प्राथमिकतामा राखिनेछ ।<br>१.१.२ संघीयता कार्यान्वयनका लागि प्रदेश तहमा कानूनी तथा संस्थागत व्यवस्था गरिनेछ ।<br>१.१.३ मुख्यमन्त्रीको अध्यक्षतामा रहेको प्रदेश समन्वय परिषद्को माध्यमबाट संघीयता कार्यान्वयन गर्न प्रदेश र स्थानीय तह बीचका समस्याहरू समाधान गरिनेछ । |
| **उद्देश्य २: जनताको नजिकमा रहेर छिटो छरितो सेवा प्रवाह हुने वातावरण सिर्जना गर्नु।** | |
| २.१ प्रदेश सरकारबाट प्रदान गरिने सेवालाई प्रभावकारी रुपमा प्रवाह गर्न आवश्यक व्यवस्था गर्ने । | २.१.१ सेवा प्रवाहको लागि आवश्यक नीतिगत र कानूनी आधार तयार गरी संस्थागत संरचनाको विकास गरिनेछ ।<br>२.१.२ सेवा प्रवाह सम्बन्धी कार्यविधि, निर्देशिका, मापदण्ड आदि जारी गरी कार्यान्वयन गरिनेछ ।<br>२.१.३ स्थानीय तह, नागरिक समाज, निजी क्षेत्र र गैरसरकारी क्षेत्रसँग साझेदारी गरिनेछ । |
| **उद्देश्य ३: राजनीतिक एवम् प्रशासनिक नेतृत्व विकासको माध्यमबाट संघीयता सुदृढीकरण गर्नु।** | |
| ३.१ जनप्रतिनिधि, पदाधिकारी र कर्मचारीको क्षमता विकास गर्ने । | ३.१.१ स्थानीय तहका जनप्रतिनिधि तथा सम्बद्ध संघ र महासंघको नेतृत्व विकास कार्यक्रम सञ्चालन गरिनेछ ।<br>३.१.२ सम्बन्धित पदाधिकारी तथा कर्मचारीको लागि क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ ।<br>३.१.३ संघीयता कार्यान्वयन सम्बन्धी तालिम, गोष्ठी, सेमिनार आयोजना गरिनेछ । |

### ७.५.६ कार्यक्रमका प्राथमिकता

१. प्रदेश विकास समस्या समाधान समिति र राष्ट्रिय विकास समस्या समाधान समितिवीचको सम्बन्ध सुदृढ गरी संघीयता कार्यान्वयनका क्रममा देखिएका समस्याहरू समाधान गर्ने ।

२. अन्तर प्रदेश समन्वय परिषद्मा प्रदेशको भूमिका सशक्त बनाउने ।

### ७.५.७ विस्तृत कार्यक्रम

| क्र.सं. | उद्देश्य नं. | रणनीति नं. | कार्यनीति नं. | संकेत | कार्यक्रम | इकाई | आधार वर्ष २०७५/७६ | लक्ष्य २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | योजना अवधिको जम्मा लक्ष्य | जिम्मेवार निकायहरू |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | १ | १.१ | १.१.१ | क | वार्षिक कार्यक्रम तथा बजेट बनाउँदा प्रदेशका पिछाडिएका वर्ग तथा क्षेत्रलाई प्राथमिकता दिने र मूल्याङ्कन गर्ने । | संख्या | १ | १ | १ | १ | १ | १ | ५ | प्रनियोआ |
| २ | | | १.१.२ | ग | संघीयता कार्यान्वयन गर्न आवश्यक नीति तथा कानूनको निर्माण गर्ने । | संख्या | ३२ | १५ | १० | १० | १० | १० | ५५ | आमाकाम |
| ३ | | | | क | प्रदेश मातहतका निकायको संरचना निर्माण, क्षमता अभिवृद्धि तथा पूर्वाधार विकास गर्ने । | प्याकेज | १ | १ | १ | १ | १ | १ | १ | भौपूविम |
| ४ | | | | क | संघीयता कार्यान्वयनका लागि आवश्यक संगठन संरचनाको निर्माण गर्ने । (कार्यालय संख्या) | संख्या | १५४ | १५६ | १६१ | १६६ | १७१ | १७६ | २२ | मुमका |
| ५ | | | | क | संघीयता कार्यान्वयन गर्न मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा एक संयन्त्र बनाउने | संख्या | | १ | | | | | १ | " |
| ६ | | | १.१.३ | क ख | प्रदेश विकास समस्या समाधान समितिको बैठक | संख्या | | ३ | ३ | ३ | ३ | ३ | १५ | प्रनियोआ |
| ७ | २ | २.१ | २.१.१ | क | सेवा प्रवाह सम्बन्धी कानूनको निर्माण गर्ने । | संख्या | ३ | २ | ३ | २ | २ | ३ | १२ | आमाकाम |
| ८ | | | २.१.२ | ग | सेवा प्रवाह सम्बन्धी कार्यविधि, निर्देशिका र मापदण्ड निर्माण गर्ने । | संख्या | | २ | २ | २ | २ | २ | १० | मन्त्रालयहरू |
| ९ | | | २.१.३ | ख | साझेदारी कार्यक्रमको मोडल विकास गर्ने । | प्याकेज | | | १ | | | | १ | मन्त्रालयहरू |
| १० | ३ | ३.१ | ३.१.१ | क | नेतृत्व विकास कार्यक्रम सञ्चालन गर्ने । (तालिम संख्या) | संख्या | | | २ | २ | २ | २ | ८ | मुमका |
| ११ | | | ३.१.२ | क | कर्मचारीको क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने । (प्रत्येक जिल्लामा वर्षको एक) | संख्या | ११ | ११ | ११ | ११ | ११ | ११ | ५५ | " |
| १२ | | | ३.१.३ | क | संघीयताको सफल कार्यान्वयनका लागि अध्ययन | संख्या | | १ | | | | १ | २ | आमाकाम |

## ७.५.८ नतिजा

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७५/७६ | उपलब्धि | | | | | योजना अवधिका उपलब्धि | पुष्ट्याईंको श्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान | प्राससं | दिविलसं | दीविलसं | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | | | | | | | |
| **प्रभाव** | **प्रदेशका सबै नागरिकलाई संघीय शासन पद्धतिबाट प्राप्त हुने लाभमा समान पहुँच र अवसर सुनिश्चित भएको हुने** | **प्रदेशको पञ्चवर्षीय योजना समावेशी प्रदेश विकास परिषद्बाट अनुमोदन हुने** | **संख्या** | | १ | | | | | १ | **प्रनीयोआको प्रतिवेदन** | **प्रनियोआ** | | ७ | १६ | ६ | |
| **असर १** | संघीय शासन प्रणालीबाट प्राप्त हुने लाभको समन्यायिक वितरण भएको हुने | बेकसुर व्यक्तिले दण्ड पाउदैनन भनेर विश्वास गर्ने जनता | प्रतिशत | ५९ | ६५ | ७० | ७५ | ८० | ८५ | २६ | स्वतन्त्र संस्थाका प्रतिवेदन | मुमपका | | ७ | १६ | ६ | |
| **प्रतिफल १.१** | प्रदेशका नीति, योजना, कानून तर्जुमा गर्दा सामाजिक, आर्थिक, भौगोलिक रुपले पिछडिएका वर्ग तथा क्षेत्र प्राथमिकतामा परेको हुने | पिछाडिएका क्षेत्रलाई प्राथमिकता दिने (वार्षिक कार्यक्रम र बजेट बनाउँदा) | संख्या | १ | १ | १ | १ | १ | १ | ५ | प्रनीयोआको प्रतिवेदन | नियोआ | सोचाई र बुझाईमा एकरुपता हुने | ७ | १६ | ६ | |
| **प्रतिफल १.२** | संघीयता कार्यान्वयनका लागि प्रदेश तहमा कानूनी तथा संस्थागत व्यवस्था भएको हुने | कानूनको निर्माण | संख्या | ३२ | १५ | १० | १० | १० | १० | ५५ | आमाकाम प्रतिवेदन | आमाकाम | | ७ | १६ | ६ | |
| | | आवश्यक संगठन संरचनाको निर्माण (कार्यालयको संख्या) | संख्या | १५४ | १५६ | १६१ | १६६ | १७१ | १७६ | २२ | मुमका प्रतिवेदन | मुमका | | ७ | १६ | ६ | |
| | | संघीयता कार्यान्वयन गर्न प्रदेशमा एक संयन्त्रको निर्माण | संख्या | | १ | | | | | १ | " | " | | ७ | १६ | ६ | |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७५/७६ | उपलब्धि | | | | | योजना अवधिका उपलब्धि | पुष्ट्याइँको श्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान | प्रासंसं | विविसं | दीविसं | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | | | | | | | |
| **प्रतिफल १.३** | प्रदेश विकास समस्या समधान समितिमा आएका सवालहरूको सम्वोधन गर्ने | प्रदेश विकास समस्या समाधान समितिका बैठक | संख्या | | ३ | ३ | ३ | ३ | ३ | १५ | मुमका प्रतिवेदन | मुमका | | ७ | १६ | ६ | |
| **असर २** | प्रदेश सरकार जनताको नजिकमा रहेर छिटो छरितो सेवा प्रवाह हुने वातावरण सिर्जना भएको हुने | सरकारी सेवा प्रति सन्तुष्ट जनता | प्रतिशत | ७६ | ७८ | ८० | ८२ | ८४ | ८६ | १० | स्वतन्त्र संस्थाका प्रतिवेदन | " | जनतामा सकारात्मक सोच | ७ | १६ | ६ | |
| **प्रतिफल २.१** | सेवा प्रवाहको लागि आवश्यक नीतिगत र कानूनी आधार तयार भई संस्थागत संरचनाको विकास भएको हुने | सेवा प्रवाह सम्बन्धी कानूनको निर्माण | संख्या | ३ | २ | ३ | २ | २ | ३ | १२ | आमाकाम प्रतिवेदन | आमाकाम | | ७ | १६ | ६ | |
| **प्रतिफल २.२** | सेवा प्रवाह सम्बन्धी कार्यविधि, निर्देशिका, मापदण्ड आदिको कार्यान्वयन भएको हुने | सेवा प्रवाह सम्बन्धी मापदण्डको निर्माण | संख्या | | २ | २ | २ | २ | २ | १० | मन्त्रालयका प्रतिवेदन | मन्त्रालय हरू | | ७ | १६ | ६ | |
| **प्रतिफल २.३** | स्थानीय तह, नागरिक समाज, निजी क्षेत्र र गैरसरकारी क्षेत्रसँग साझेदारी भएको हुने | साझेदारी कार्यक्रमको मोडलको विकास | संख्या | | | १ | | | | १ | " | " | | ७ | १६ | ६ | |
| **असर ३** | राजनीतिक एवम् प्रशासनिक नेतृत्व विकासको माध्यमबाट संघीयताको सुदृढीकरण भएको हुने | संघीयताप्रति सकारात्मक सोच भएका राजनितज्ञ तथा प्रशासक | प्रतिशत | | | | | | | | स्वतन्त्र संस्थाका प्रतिवेदन | मुमका | | ७ | १६ | ६ | |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७५/७६ | उपलब्धि | | | | | योजना अवधिका उपलब्धि | पुष्ट्याइँको श्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान | प्रासंसं | दिविलसं | दीविलसं | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | | | | | | | |
| **प्रतिफल ३.१** | स्थानीय तहका जनप्रतिनिधि तथा सम्बद्ध संघ र महासंघको नेतृत्व विकास कार्यक्रम सञ्चालन भएको हुने | स्थानीय तहलाई नेतृत्व विकास कार्यक्रमको सञ्चालन | संख्या | ० | ० | २ | २ | २ | २ | ८ | मुमका प्रतिवेदन | मुमका | | ७ | १६ | ६ | |
| **प्रतिफल ३.२** | सम्बन्धित पदाधिकारी तथा कर्मचारीको लागि क्षमता विकास कार्यक्रम सञ्चालन भएको हुने | कर्मचारीको क्षमता विकास कार्यक्रमको सञ्चालन | संख्या | ११ | ११ | ११ | ११ | ११ | ११ | ५५ | " | " | | ७ | १६ | ६ | |
| **प्रतिफल ३.३** | संघियता कार्यान्वयन सम्बन्धमा अध्ययन | संघीयता कार्यान्वयनबारे अध्ययन अनुसन्धान | संख्या | | | | १ | | १ | २ | प्रनीयोआको प्रतिवेदन | " | | ७ | १६ | ६ | |
| **लगानीः वार्षिक कार्यक्रम तथा बजेट, प्रदेश प्रशासनिक प्रशिक्षण केन्द्र, अध्ययन अनुसन्धान, राजनीतिक पदाधिकारी तथा कर्मचारीको क्षमता विकास, संघीयता कार्यान्वन सम्बन्धी तालिम तथा कार्यशाला** | | | | | | | | | | | | | | | | | |

## ७.६ प्रदेशभित्रको सन्तुलित विकास

### ७.६.१ पृष्ठभूमि

लामो समयदेखि विकास निर्माणमा पछाडि परेका वर्ग, समुदाय र क्षेत्रलाई विकासको मूल धारमा ल्याई समान रुपमा विकासको प्रतिफल उपलब्ध गराउने संघीयताको मूल ध्येय रहेको छ। नेपालको संविधानले यही अन्तरवस्तुलाई आत्मसात गर्दै विकासका दृष्टिले पछाडि परेका क्षेत्र र वर्गलाई प्राथमिकता दिदैं सन्तुलित, वातावरण अनुकूल, गुणस्तरीय तथा दिगो रुपमा पूर्वाधारको विकास गर्ने नीति लिएको छ। संघीय संरचनाको सन्दर्भमा पनि सघं, प्रदेश र स्थानीय तह बीच प्राकृतिक स्रोतसाधन प्रतिको अधिकार र उपलब्ध स्रोत साधनको बाँडफाँड गर्दा विभिन्न प्रदेशहरूको सन्तुलित विकासको अवधारणालाई आत्मसात गरी उपलब्ध स्रोतसाधन र अवसरमा पहुँच सहित समन्यायिक विकास गर्नुपर्ने हुन्छ। यो तथ्यलाई आत्मसात् गर्दै गण्डकी प्रदेश सरकारले प्रदेशभित्र समन्यायिक विकास गर्ने लक्ष्यका साथ अगाडि बढेको छ।

### ७.६.२ प्रमुख समस्या

भौगोलिक विकटताले गर्दा गण्डकी प्रदेशका केही ठाउँ जस्तै मनाङ्गको नारफू गाउँपालिका, मुस्ताङ्गका लोघेकर दामोदरकुण्ड र लोमन्थाङ गाउँपालिका, म्याग्दीका धवलागिरी, रघुगंगा र अन्नपूर्ण गाउँपालिका, बाग्लुङका निसिखोला र तमानखोला गाउँपालिका र गोरखाका चुमनुब्री, अजिरकोट र धार्चे जस्ता विकट गाउँपालिकाहरू विकासको मूल प्रवाहमा समाहित हुन नसक्नु, हालसम्म निर्माण भएका भौतिक पूर्वाधार शहर केन्द्रित हुनु, विगतको लगानी ग्रामीण क्षेत्रमा न्यून हुनु र क्षेत्रीय सन्तुलनको योजना तयार भए पनि ब्यावहारिक रुपमा कार्यान्वयन नहुनु आदि समस्या छन्।

### ७.६.३ चुनौती र अवसर

**चुनौती**

गण्डकी प्रदेशको उत्तरी भागमा भौगोलिक कठिनाई र विकटताको कारण पूर्वाधार निर्माणमा कठिनाई हुनु, विकासका साझेदारहरूको सहयोगलाई विकट ठाउँमा पुऱ्याउनु, दुर्गम तथा पहाडी क्षेत्रमा पूर्वाधार विकासका लागि आवश्यक पर्ने स्रोत साधनको व्यवस्था गर्नु, भूकम्प पश्चात्को पुनर्निर्माण, संघीयता कार्यान्वयन र दीर्घकालीन विकासका नियमित कार्यक्रम र आयोजनाका बीच सामञ्जस्य कायम गरी स्रोतसाधनको सन्तुलित संयोजन कायम गर्नु, स्थानीय तहमा जनसहभागिता, पारदर्शिता र उत्तरदायित्व प्रवर्द्धन गरी सुशासन प्रवर्द्धन गर्नु र लक्षित कार्यलाई प्रभावकारी बनाउनु चुनौतीपूर्ण छ।

**अवसर**

संघीयता सहितको संरचना कार्यान्वयनमा आउनु, पिछडिएको क्षेत्र र वर्गलाई विशेष प्राथमिकता दिने नीतिगत व्यवस्था हुनु, गरिबी निवारण तथा रोजगारीका लागि विशेष कार्यक्रम सहित संस्थागत व्यवस्था हुनु, विकास कार्यक्रमको मागमा अत्यधिक वृद्धि हुनु र जनताको प्रत्यक्ष सहभागितामा स्थानीय योजना तर्जुमा र कार्यान्वयन हुनु, प्रदेशका विकट ठाउँहरूमा यातायातका साधन पुऱ्याउने प्रदेश सरकारको प्राथमिकता हुनु, आदि सन्तुलित विकासका अवसर हुन्।

### ७.६.४ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

**सोच**

विकासमा भौगोलिक सन्तुलन र जीवन स्तरमा समानता।

**लक्ष्य**

प्रदेशभित्रको सन्तुलित विकास गरी जनताको जीवन स्तरमा सुधार गर्ने।

**उद्देश्य**

१. गण्डकी प्रदेशका विकट र पिछडिएका क्षेत्रमा समन्यायिक विकास गर्नु।

### ७.६.५ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १: गण्डकी प्रदेशका विकट र पिछडिएका क्षेत्रमा समन्यायिक विकास गर्नु ।** | |
| १.१ स्थानीय स्तरमा उपलब्ध स्रोत साधनको सम्भाव्यताका आधारमा लगानी वृद्धि गरी सन्तुलित विकास गर्ने । | १.१.१ प्राकृतिक एवम् मानवीय सम्पदाहरूको पहिचान गरी बढी प्रतिफल दिने आयोजना र कार्यक्रमलाई उच्च प्राथमिकता दिने र पिछडिएका क्षेत्रमा कार्यान्वयन गर्ने व्यवस्था गरिनेछ ।<br>१.१.२ कृषि तथा गैरकृषि क्षेत्रको पहिचान गरी त्यस्ता क्षेत्रमा निजी लगानीलाई प्रोत्साहित गरिनेछ ।<br>१.१.३ स्थानीय मौलिक संस्कृति र पर्यटकीय स्थलको प्रचारप्रसार गरी पर्यटन प्रवर्द्धन गरिनेछ ।<br>१.१.४ स्थानीय स्रोत साधनमा आधारित आर्थिक क्रियाकलापद्धारा उद्यमशीलता र रोजगारी सिर्जना गरिनेछ । |
| १.२ स्थानीय तहसँग सहसम्बन्ध कायम गरी आर्थिक तथा सामाजिक गतिविधिलाई अगाडि बढाउने व्यवस्था गर्ने । | १.२.१ प्रदेश र स्थानीय तहबीच प्राकृतिक स्रोत साधन तथा राजश्वको परिचालन गर्दा सन्तुलित विकासको अवधारणालाई आत्मसात गरिनेछ ।<br>१.२.२ प्रदेश र स्थानीय तहबीच वस्तु तथा सेवाको उत्पादन र निर्वाध आवागमनको व्यवस्था गरिनेछ ।<br>१.२.३ प्रदेश र स्थानीय तह जोड्ने सडक पूर्वाधारको विकास गरी प्रदेश र स्थानीय तहका बीच सहसम्बन्ध र सम्भावनाको उच्चतम उपयोग गरिनेछ । |
| १.३ प्रदेशभित्रका जनतालाई दैनिक आवश्यकताका वस्तु तथा सेवाको पहुँच सहज बनाउने । | १.३.१ पछाडि परेका वा पारिएका क्षेत्र वा समुदाय लक्षित विकास कार्यक्रम सञ्चालन गरिनेछ ।<br>१.३.२ पछाडि परेका क्षेत्र, सीमान्तकृत् व्यक्ति, वर्ग र समुदायको उत्थान तथा संरक्षणको लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।<br>१.३.३ उपभोग्य वस्तुको पहुँच सबै क्षेत्र र वर्गका जनतामा पुऱ्याउने व्यवस्था गरिनेछ । |

### ७.६.६ कार्यक्रमका प्राथमिकता

१. सार्वजनिक निजी साझेदारी मार्फत् पिछडिएका क्षेत्र लाभान्वित हुने गरी कार्यक्रम सञ्चालन गर्ने ।

२. आयोजनाहरू छनौट गर्दा पिछडिएको क्षेत्रलाई प्राथमिकता दिने ।

### ७.६.७ विस्तृत कार्यक्रम

| क्र.सं. | उद्देश्य नं. | रणनीति नं. | कार्यनीति नं. | संकेत | कार्यक्रम | इकाई | आधार वर्ष २०७५/७६ | लक्ष्य २०७६/७७ | लक्ष्य २०७७/७८ | लक्ष्य २०७८/७९ | लक्ष्य २०७९/८० | लक्ष्य २०८०/८१ | योजना अवधिको जम्मा लक्ष्य | जिम्मेवार निकायहरू |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | १ | १.१ | १.१.१ | क | बढी प्रतिफल दिने आयोजनाको पहिचान गर्ने (वर्षको एक पटक) | संख्या | | १ | १ | १ | १ | १ | ५ | प्रनियोआ |
| २ | | | | क | आयोजनाहरूको प्राथमिकीकरण गर्ने (वर्षको एक पटक) | संख्या | | १ | १ | १ | १ | १ | ५ | " |
| ३ | | | १.१.२ | ख | स्थानीय तहमा निजी क्षेत्र आकर्षित हुने लाभका क्षेत्रहरूको पहिचान, विकास र प्रवर्द्धन गर्ने (वर्षको एक पटक) | संख्या | | १ | १ | १ | १ | १ | ५ | " |
| ४ | | | | ग | सार्वजनिक-निजी साझेदारीमा विकासका कार्यक्रम कार्यान्वयन गर्न सहजीकरण गर्ने | प्याकेज | | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १ | मुमका |
| ५ | | | १.१.३ | क | स्थानीय मौलिक संस्कृति र पर्यटकीय स्थलको प्रचारप्रसार गर्ने । (वर्षको एक पटक) | संख्या | | १ | १ | १ | १ | १ | ५ | साविम/ उपववमा |
| ६ | | | १.१.४ | ख | प्रदेशका विकास कार्यक्रम मार्फत् रोजगारी र उद्यमशीलता सिर्जना गर्ने | लाख | | १.२ | १.२ | १.२ | १.२ | १.२ | ६ | मन्त्रालयहरू |
| ७ | | १.२. | १.२.१ | ख | स्थानीय तहमा उपलब्ध स्रोतसाधनको प्रोफाइल तयार गर्ने | संख्या | | | १ | | | | १ | उपववम |
| ८ | | | | क | सन्तुलित विकास नीति निर्माण गर्ने | प्याकेज | | | १ | | | | १ | मुमका |
| ९ | | | १.२.२ | ख | प्रदेश र स्थानीय तहबिच वस्तु तथा सेवाको निर्बाध आवगमन हुने नीति निर्माण गरी लागु गर्ने | संख्या | | | | १ | | | १ | " |
| १० | | | १.२.३ | ख | प्रदेश सदरमुकाम पोखरा र पालिका केन्द्र जोड्ने सडक निर्माण तथा स्तरोन्नती गर्ने (पोखरासँग पिच सडकले जोडिएका पालिका संख्या) | संख्या | २३ | १० | १० | १० | १० | २२ | ६२ | भैपूविम |
| ११ | | १.३ | १.३.१ | ग | संघसँगको सहकार्यमा आर्थिक, सामाजिक तथा साँस्कतिक रुपमा पछाडि परेका क्षेत्र पहिचान गरी विशेष कार्यक्रम सञ्चालन गर्ने | प्याकेज | | | १ | १ | १ | १ | १ | मन्त्रालयहरू |
| १२ | | | १.३.३ | ग | दुर्गम क्षेत्र विकासको लागि विशेष अनुदानको व्यवस्था गर्ने । (वर्षको एक पटक) | संख्या | | | १ | १ | १ | १ | ४ | प्रनियोआ |
| १३ | | | | क | प्रदेशको आपूर्ति व्यवस्था सुदृढ गर्ने | पद्धति | | | १ | | | | १ | मुमका |

### ७.६.८ नतिजा

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७५/७६ | उपलब्धि २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | योजना अवधिका उपलब्धि | पुष्ट्याइँको स्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान | प्रससं | दिविसं | दीरासं | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **प्रभाव** | **प्रदेशभित्रको सन्तुलित विकास भई जनताको जीवन स्तरमा सुधार भएको हुने** | **प्रदेशका कुनै पनि जिल्लाको प्रतिव्यक्ति आय प्रदेशको सरदर भन्दा २० प्रतिशत भन्दा फरक नहुने।** | **प्रतिशत** | **१०४३ अमेरिकी डलर** | | | | | | **२० प्रतिशत** | **मानव विकास प्रतिवेदन** | **नीयोआ** | | ७ | १० | १० | |
| **असर १** | गण्डकी प्रदेशका विकट र पिछडिएका क्षेत्रमा समन्यायिक विकास भएको हुने | प्रदेशका कुनै पनि जिल्लाका जनताको जन्मदाको अपेक्षित आयु प्रदेशको सरदर भन्दा ८ वर्ष भन्दा फरक नहुने । | वर्ष | ७१.७ | | | | | | ८ | " | " | | ७ | १० | १० | |
| **प्रतिफल १.१** | बढी प्रतिफल दिने आयोजना र कार्यक्रमलाई उच्च प्राथमिकता दिने र पिछडिएका क्षेत्रमा कार्यान्वयन गर्ने व्यवस्था भएको हुने | बढी प्रतिफल दिने आयोजनाको पहिचान र आयोजनाहरूको प्राथमिकीकरण (वर्षको एक पटक) | संख्या | | १.० | १.० | १.० | १.० | १.० | ५ | प्रनियोआको प्रतिवेदन | " | | ७ | १० | १० | |
| **प्रतिफल १.२** | स्थानीय तहमा कृषि तथा गैरकृषि क्षेत्रको पहिचान भई त्यस्ता क्षेत्रमा निजी लगानी प्रोत्साहित भएको हुने | सार्वजनिक-निजी साझेदारीमा विकासका कार्यक्रमको सञ्चालन | प्याकेज | | १ | | | | | १ | मुमका प्रतिवेदन | मुमका | | ७ | १० | १० | |
| **प्रतिफल १.३** | स्थानीय मौलिक संस्कृति र पर्यटकीय स्थलको प्रचारप्रसार भई पर्यटन प्रवर्द्धन भएको हुने | स्थानीय क्षेत्रमा पर्यटन प्रवर्द्धन (वर्षको एकपटक) | पटक | | १ | १ | १ | १ | १ | ५ | उपववाम प्रतिवेदन | उपववाम | | ७ | १० | १० | |
| **प्रतिफल १.४** | स्थानीय स्रोत साधनमा आधारित आर्थिक क्रियाकलापद्वारा उद्यमशीलता र रोजगारीको सिर्जना भएको हुने | प्रदेशका विकास कार्यक्रम मार्फत् सिर्जित स्वरोजगारको संख्या (लाख) | संख्या | | १.२ | १.२ | १.२ | १.२ | १.२ | ६ | मन्त्रालयका वार्षिक प्रतिवेदन | मन्त्रालयहरू | | ७ | १० | १० | |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७५/७६ | उपलब्धि २०७६/७७ | उपलब्धि २०७७/७८ | उपलब्धि २०७८/७९ | उपलब्धि २०७९/८० | उपलब्धि २०८०/८१ | योजना अवधिका उपलब्धि | पुष्ट्याइँको स्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान | प्रससं | दिविलसं | दीरालसं | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **प्रतिफल १.५** | प्रदेश र स्थानीय तहबीच प्राकृतिक स्रोतसाधन तथा राजश्वको परिचालनमा सन्तुलित विकासको अवधारणाको अवलम्वन भएको हुने | स्थानीय तहमा उपलब्ध स्रोतसाधनको प्रोफाइलको तयारी | संख्या | | | | १ | | ० | १ | उपववाम प्रतिवेदन | उपववाम | स्थानीय तहसँग सहकार्य हुने | ७ | १० | १० | |
| | | सन्तुलित विकास नीतिको निर्माण | संख्या | | | १ | | | | १ | मूमका प्रतिवेदन | मुमका | | ७ | १० | १० | |
| **प्रतिफल १.६** | प्रदेश र स्थानीय तहबीच वस्तु तथा सेवाको उत्पादन र निर्वाध आवागमनको व्यवस्था भएको हुने | नीति निर्माण कार्यान्वयन | संख्या | | | | १ | | | १ | " | " | स्थानीय तहसँग सहकार्य हुने | ७ | १० | १० | |
| **प्रतिफल १.७** | प्रदेश र स्थानीय तह जोड्ने सडक पूर्वाधारको विकास भएको हुने | पोखरासँग पिच सडकले जोडिएका पालिका संख्या | संख्या | २३ | १० | १० | १० | १० | २२ | ६२ | भौपूम प्रतिवेदन | भौपूम | " | ७ | १० | १० | |
| **प्रतिफल १.८** | पछाडि परेका वा पारिएका क्षेत्र, सीमान्तकृत् व्यक्ति, वर्ग र समुदायको उत्थान तथा संरक्षणको लागि विशेष कार्यक्रम सञ्चालन भएको हुने | विशेष कार्यक्रमको सञ्चालन | संख्या | | | १ | १ | १ | १ | | मन्त्रालयका वार्षिक प्रतिवेदन | मन्त्रालयहरू | संघसँग सहकार्य हुने | ७ | १० | १० | |
| | | दुर्गम क्षेत्र विकासको लागि विशेष अनुदानको व्यवस्था गर्ने । | संख्या | | | १ | १ | १ | १ | ४ | प्रनियोआको प्रतिवेदन | प्रनियोआ | | ७ | १० | १० | |
| **प्रतिफल १.९** | उपभोग्य वस्तुको पहुँच सबै क्षेत्र र वर्गका जनतामा पुऱ्याउने व्यवस्था भएको हुने | प्रदेशको आपूर्ति व्यवस्थाको सुदृढीकरण हुने | प्याकेज | | | १ | | | | १ | मुमका प्रतिवेदन | मुमका | | ७ | १० | १० | |
| **लगानीः वार्षिक कार्यक्रम तथा बजेट, विशेष कार्यक्रम, क्षेत्रीय सन्तुलन कार्यक्रम, सन्तुलित विकास सम्बन्धमा हुने तालिम र क्षमता बृद्धि कार्यक्रम** | | | | | | | | | | | | | | | | | |

## ७.७ शासकीय सुधार

### ७.७.१ पृष्ठभूमि

सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाउँदै गण्डकी प्रदेशबाट प्रवाह हुने सेवा सुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित गरी सुशासनको प्रत्याभूति गर्ने लक्ष्य प्रदेशले राखेको छ । भर्खरै स्थापना भएर वामे सर्दै गरेको गण्डकी प्रदेश सरकारले नागरिकका सामाजिक तथा आर्थिक आकांक्षा पूरा गर्न र शासन सञ्चालनका लागि विद्यमान पद्धति र औजारलाई समयसापेक्ष बनाउँदै लैजानु आवश्यक छ ।

### ७.७.२ प्रमुख समस्या

प्रदेश र स्थानीय तहको कार्य जिम्मेवारी बमोजिमको क्षमता अभिवृद्धि नहुनु, सार्वजनिक सेवा प्रवाहको क्षेत्रमा प्रचलित विकास एवम् प्रविधिको समुचित उपयोग गर्न नसक्नु, पारदर्शिता र जवाफदेहिताको प्रणालीमा पूर्ण रुपमा विकास भई नसक्नु, प्रदेश र स्थानीय तहबीच अपेक्षित समन्वय नहुनु, पर्याप्त दक्ष जनशक्ति उपलब्ध नहुनु प्रमुख समस्या रहेका छन् ।

### ७.७.३ चुनौती र अवसर

**चुनौती**

जनताको घर दैलोमा विकासका कार्यक्रम पुऱ्याउनु, सार्वजनिक क्षेत्रमा पारदर्शिता, निष्पक्षता, जवाफदेहिता र प्रभावकारिता कायम गर्नु, विकास प्रशासनको क्षमता अभिवृद्धि गर्नु, सार्वजनिक व्यवस्थापनप्रति नागरिकको विश्वास बढाई जनतामा प्रदेश सरकारप्रति उत्साह पैदा गर्नु, अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई प्रभावकारी बनाउनु, शासन सञ्चालनमा सदाचार र मितव्ययिता कायम गर्नु जस्ता चुनौती रहेका छन् ।

**अवसर**

राज्यका तीनै तहमा निर्वाचन सम्पन्न भई स्थिर सरकार गठन हुनु, साक्षरता दर बढ्नु, नागरिकले आफ्नो घरदैलोमै सरकारी सेवा र सुविधा पाउने अवस्था सिर्जना हुनु, सरकारको काम कारबाहीमा नागरिक स्तरबाट निगरानी गर्न सक्ने वातावरण तयार हुनु, आयोजनाको छनौट, प्राथमिकीकरण र कार्यान्वयनमा जनसहभागिता बढ्ने वातावरण बन्नु, अपेक्षित विकासको लक्ष्यमा पुग्न अनुकूल वातावरण तयार हुनु प्रमुख अवसर हुन् ।

### ७.७.४ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

**सोच**

पारदर्शी, जवाफदेही, नागरिकमैत्री र जनसहभागितामूलक शासन व्यवस्था ।

**लक्ष्य**

प्रविधिमैत्री, जनउत्तरदायी, प्रभावकारी सेवा प्रवाहमार्फत् सुशासनको प्रत्याभूति गर्नु ।

**उद्देश्य**

१. गण्डकी प्रदेश सरकारका काम कारवाहीलाई भ्रष्टाचारमुक्त, पारदर्शी, जनउत्तरदायी, नागरिकमैत्री तथा प्रविधिमैत्री बनाई शासन व्यवस्थामा जनविश्वास अभिवृद्धि गर्नु ।

### ७.७.५ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १: गण्डकी प्रदेश सरकारका काम कारवाहीलाई भ्रष्टाचारमुक्त, पारदर्शी, जनउत्तरदायी, नागरिकमैत्री तथा प्रविधिमैत्री बनाई शासन व्यवस्थामा जनविश्वास अभिवृद्धि गर्नु।** | |
| १.१ कानून तथा व्यवहारमा सुधार गरी सेवा प्रवाहलाई पारदर्शी र प्रभावकारी बनाउने। | १.१.१ छिटो छरितो, गुणस्तरीय र प्रभावकारी सेवा प्रवाह गर्न कानूनी तथा नीतिगत आधार तयार गरिनेछ।<br>१.१.२ सरकारी कार्यालयमा ई गभर्नेन्स लागु गरी आधुनिक प्रविधिमैत्री र सेवाग्राहीमैत्री कार्यस्थलको रुपमा स्थापित गरिनेछ।<br>१.१.३ सरकारी निकायका कामकारबाहीहरूको विवरण वेबसाइटमा नियमित प्रकाशन तथा अद्यावधिक गरिनेछ।<br>१.१.४ सबै सार्वजनिक निकायमा नागरिकवडापत्र र सुझाव पेटिकाको व्यवस्था गरिनेछ। |
| १.२ विकास आयोजनाहरूको अनुगमन गरी कार्यान्वयनमा आइपरेका समस्यालाई तत्काल सम्वोधन गर्ने। | १.२.१ मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा विशेष कक्ष (Action Room) खडा गरी विकास निर्माणका काममा आइपर्ने समस्याको तत्काल समाधान गरिनेछ।<br>१.२.२ वस्तुगत सूचकमा आधारित अनुगमन प्रणाली विकास गरिनेछ तथा अनुगमनको अनुगमन गर्ने प्रणाली विकास गरिनेछ।<br>१.२.३ नागरिकको गुनासो समयमै सम्वोधन गर्न हेलो मुख्यमन्त्री कार्यक्रम र प्रदेश सरकारका गतिविधिहरूलाई जनता समक्ष पुऱ्याउन जनतासँग मुख्यमन्त्री टेलिभिजन कार्यक्रमलाई थप प्रभावकारी बनाइनेछ। |
| १.३ पदाधिकारी तथा कर्मचारीको कार्यसम्पादनलाई मापन योग्य बनाउने। | १.३.१ सार्वजनिक पद धारण गरेका व्यक्तिले सदाचारलाई जीवनशैलीकै रुपमा अनुसरण गर्नुपर्ने व्यवस्था गरिनेछ।<br>१.३.२ मूल्याङ्कन पद्धतिलाई वैज्ञानिक र वस्तुपरक बनाइनेछ। |
| १.४ सरकारी काम कारवाहीप्रति जनविश्वास अभिवृद्धि गर्ने। | १.४.१ सरकारी कामकारवाहीलाई मितव्ययी बनाउन र एउटै काममा एक भन्दा बढी निकायले दोहोरो खर्च गर्न नसक्ने वातावरण सिर्जना गर्न आधुनिक सूचना प्रविधिको प्रयोग गर्ने तथा निश्चित मापदण्डका आधारमा खर्च गर्ने व्यवस्था गरिनेछ।<br>१.४.२ सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, सूचना सम्प्रेषण, खर्चको विवरण सार्वजनिक गरी प्रदेश सरकारबाट गरिएका काम कारवाही पारदर्शी बनाई प्रदेश सरकारप्रति नागरिकको सकारात्मक छवि निर्माण गरिनेछ। |

### ७.७.६ कार्यक्रमका प्राथमिकता

१. शासकीय प्रकृया चुस्त बनाउन हेलो मुख्यमन्त्री कार्यक्रम, मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा स्थापना भएको विशेष कक्ष र जनतासँग मुख्यमन्त्री टेलिभिजन कार्यक्रमलाई सुदृढ गर्ने।

## ७.७.७ विस्तृत कार्यक्रम

| क्र.सं. | उद्देश्य नं. | रणनीति नं. | कार्यनीति नं. | संकेत | कार्यक्रम | इकाई | आधार वर्ष २०७५/७६ | लक्ष्य २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | योजना अवधिको जम्मा लक्ष्य | जिम्मेवार निकायहरू |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | १ | १.१ | १.१.१ | ग | प्रदेश निजामति सेवासम्बन्धी कानून निर्माण गर्ने । | संख्या | | १ | | | | | १ | मुमका |
| २ | | | | क | कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणाली लागु गर्ने (वार्षिक पुरस्कार) | पटक | १ | १ | १ | १ | १ | १ | ५ | " |
| ३ | | | १.१.२ | क | सबै प्रदेश कार्यालय प्रविधिमैत्री बनाउने । | संख्या | | १५६ | १६१ | १६६ | १७१ | १७६ | १७६ | " |
| ४ | | | १.१.३ | क | नियमित वेबसाइट अद्यावधिक गर्ने । (मन्त्रालय र अन्य प्रदेश निकायहरूको संख्या) । | संख्या | १५२ | १५६ | १६१ | १६६ | १७१ | १७६ | १७६ | " |
| ५ | | | १.१.४ | क | सबै प्रदेश कार्यलयहरूमा सुझाव पेटिका र नागरिक वडापत्र राख्ने | संख्या | १५२ | १५६ | १६१ | १६६ | १७१ | १७६ | १७६ | " |
| ६ | | १.२ | १.२.१ | क | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा स्थापना भएको विशेष कक्षको सुदृढीकरण गर्ने । | संख्या | १ | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १ | " |
| ७ | | | १.२.२ | क | ७२० कार्यक्रमको नियमित मूल्याङ्कन गर्ने पद्धती लागु गर्ने । | संख्या | | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १ | प्रनियोआ |
| ८ | | | १.२.३ | क | हेलो मुख्यमन्त्री कार्यक्रमको प्रभावकारिता अभिवृद्धि गर्ने । | संख्या | २ | २ | | | | | २ | मुमका |
| ९ | | १.३ | १.३.१ | क | सदाचार बारे प्रशिक्षण दिने । | संख्या | | ५० | १०० | १०० | १०० | १०० | ४५० | " |
| १० | | | १.३.२ | क | व्यवस्थापन परीक्षण (निर्देशिका अनुसार) वर्षको एकपटक | संख्या | १ | १ | १ | १ | १ | १ | ५ | " |
| ११ | | १.४ | १.४.१ | क | कार्यक्रममा दोहोरोपना घटाउन कम्प्युटर सफ्टेवयर बनाई कार्यान्वन गर्ने । | संख्या | | | १ | | | | १ | आमायोम |
| १२ | | | १.४.२ | क | निर्माण सम्पन्न आयोजनाको सामाजिक परीक्षण गर्ने । | संख्या | | सबै | सबै | सबै | सबै | सबै | सबै | मन्त्रालयहरू |
| १३ | | | | ख | स्थानीय तहको शासकीय सुधारका लागि प्राविधिक सहयोग प्रदान (अभिमुखीकरण कार्यक्रम) गर्ने । | संख्या | ११ | ८ | ८ | ८ | ८ | ८ | ५१ | मुमका |
| | | | | ग | खुला स्थानीय तह र खुला प्रदेशसभा बारे छलफल गर्ने । | संख्या | | | २ | २ | २ | २ | ८ | मुमका |

### ७.७.८ नतिजा

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७५/७६ | उपलब्धि २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | योजना अवधिका उपलब्धि | पुष्ट्याइँको श्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान | गसंसं | दिविलसं | दीरालसं | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **प्रभाव** | **प्रविधिमैत्री, जनउत्तरदायी, प्रभावकारी सेवा प्रवाह मार्फत् सुशासन कायम भएको हुने** | **विद्युतीय माध्यमबाट काम गर्ने प्रदेश कार्यालय** | **प्रतिशत** | | | | | | १०० | १०० | **मुमकाको प्रतिवेदन** | **मुमका** | | ७ | १६ | ८ | |
| **असर १** | प्रदेश सरकारका कामकारवाही भ्रष्टाचारमुक्त, पारदर्शी, जनउत्तरदायी, नागरिकमैत्री तथा प्रविधिमैत्री भई शासन व्यवस्थामा जनविश्वास अभिवृद्धि भएको हुने | आवधिक योजना तर्जुमा गरेका स्थानीय तह | संख्या | १९ | | | | | ६६ | ६६ | नीयोआको प्रतिवेदन | " | | ७ | १६ | ८ | |
| | | मध्यकालीन खर्च संरचना तयार गरेका स्थानीय तह | संख्या | २ | | | | | ८३ | ८३ | " | " | | ७ | १६ | ८ | |
| | | अनलाइन प्रतिवेदन प्रणाली स्थापना भएका स्थानीय तह | संख्या | २९ | | | | | ५६ | ५६ | " | " | | ७ | १६ | ८ | |
| | | प्रदेशको कुल खर्चमा बेरुजुको प्रतिशत | प्रतिशत | ०.१८ | | | | | ०.० | ०.० | महालेखाको प्रतिवेदन | " | | ७ | १६ | ८ | |
| | | स्थानीय तहको कुल खर्चमा बेरुजुको प्रतिशत | प्रतिशत | २.७० | | | | | १.० | १.० | " | " | | ७ | १६ | ८ | |
| | | काम गर्दा राष्ट्र सेवक कर्मचारीहरूले घुस लिदैनन् भनेर विश्वास गर्ने जनता | प्रतिशत | ३५ | ४५ | ५५ | ६५ | ७५ | ८५ | ५० | स्वतन्त्र संस्थाका प्रतिवेदन | " | | ७ | १६ | ८ | |
| **प्रतिफल १.१** | छिटो छरिता, गुणस्तरीय/प्रभावकारी सेवाप्रवाहकालागि कानूनी तथा नीतिगत आधार तयार भएको हुने | प्रदेश निजामति सेवा सम्बन्धी कानूनको निर्माण | संख्या | ० | १ | | | | | १ | मुमकाको प्रतिवेदन | " | | ७ | १६ | ८ | |
| | | कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणाली (पुरस्कार वर्षको एक पटक) | संख्या | १ | १ | १ | १ | १ | १ | ५ | " | " | | ७ | १६ | ८ | |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७५/७६ | उपलब्धि | | | | | योजना अवधिका उपलब्धि | पुष्ट्याईंको श्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान | गासंसं | दिविलसं | दीरालसं | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | | | | | | | |
| **प्रतिफल १.२** | सरकारी कार्यालय आधुनिक र सेवाग्राहीमैत्री कार्यस्थलको रुपमा स्थापित भएको हुने | प्रविधिमैत्री कार्यालय (कार्यालय संख्या) | संख्या | १५४ | १५६ | १६१ | १६६ | १७१ | १७६ | २२ | मुमकाको प्रतिवेदन | मुमका | | ७ | १६ | ८ | |
| **प्रतिफल १.३** | सरकारी निकायका कामकारबाहीहरूको विवरण वेबसाइटमा नियमित प्रकाशन तथा अद्यावधिक भएको हुने | नियमित वेबसाइट अद्यावधिक गर्ने संख्या (कार्यालय संख्या) | संख्या | १५४ | १५६ | १६१ | १६६ | १७१ | १७६ | २२ | मुमकाको प्रतिवेदन | " | | ७ | १६ | ८ | |
| **प्रतिफल १.४** | सबै सार्वजनिक निकायमा नागरिक वडापत्र र सुझाव पेटिकाको व्यवस्था भएको हुने | नागरिक वडापत्र र सुझाव पेटिका हुने (कार्यालय संख्या) | संख्या | १५४ | १५६ | १६१ | १६६ | १७१ | १७६ | २२ | " | " | | ७ | १६ | ८ | |
| **प्रतिफल १.५** | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा विशेष कक्षले (Action Room) विकास समस्याको तत्काल समाधान भएको हुने | विशेष कक्षको सुदृढीकरण | संख्या | १ | १ | | | | | १ | " | " | | ७ | १६ | ८ | |
| **प्रतिफल १.६** | वस्तुगत सूचकमा आधारित अनुगमन प्रणालीको विकास भएको हुने | ७२० कार्यक्रमको नियमित मूल्याङ्कन गर्ने पद्धति लागू गर्ने | पद्धति | | १ | | | | | १ | प्रनीयोआको प्रतिवेदन | प्रनीयोआ | | ७ | १६ | ८ | |
| **प्रतिफल १.७** | हेलो मुख्यमन्त्री कार्यक्रम र जनतासँग मुख्यमन्त्री टेलिभिजन कार्यक्रम थप प्रभावकारी भएका हुने | कार्यक्रमको प्रभावकारिता अभिवृद्धि (कार्यक्रम संख्या) | संख्या | २ | २ | | | | | २ | मुमकाको प्रतिवेदन | मुमका | | ७ | १६ | ८ | |
| **प्रतिफल १.८** | सार्वजनिक पद धारण गरेका व्यक्तिले सदाचारलाई जीवनशैलीकै रुपमा अनुसरण गर्नुपर्ने व्यवस्था भएको हुने | सदाचार बारे प्रशिक्षणको सञ्चालन (सहभागी कर्मचारी) | संख्या | | ५० | १०० | १०० | १०० | १०० | ४५० | " | " | | ७ | १६ | ८ | |
| **प्रतिफल १.९** | मूल्याङ्कन पद्धति वैज्ञानिक र वस्तुपरक भएको हुने | व्यवस्थापन परीक्षण (निर्देशिका अनुसार वर्षको एकपल्ट) | संख्या | १ | १ | १ | १ | १ | १ | ५ | " | " | | ७ | १६ | ८ | |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७५/७६ | उपलब्धि | | | | | योजना अवधिका उपलब्धि | पुष्ट्याईंको श्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान | ग्रासंसं | दिविलसं | दीरालसं | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | | | | | | | |
| प्रतिफल १.१० | सरकारी कामकारवाहीलाई मितव्ययी बनाउन आधुनिक सूचना प्रविधिको प्रयोग गर्ने तथा निश्चित मापदण्डका आधारमा खर्च गर्ने व्यवस्था भएको हुने | कार्यक्रममा दाहोरोपना घटाउन कम्प्युटर सफ्टवेयर बनाई कार्यान्वन गर्ने | संख्या | | | १ | | | | १ | आमयोमको प्रतिवेदन | आमयोम | | ७ | १६ | ८ | |
| प्रतिफल १.११ | सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, सूचना सम्प्रेषण, खर्चको विवरण सार्वजनिक गरी प्रदेश सरकारका काम कारबाही पारदर्शी भई प्रदेश सरकारको सकारात्मक छवि निर्माण भएको हुने | निर्माण सम्पन्न आयोजनाको सामाजिक परीक्षण | संख्या | | सबै | सबै | सबै | सबै | सबै | सबै | मन्त्रालयका प्रतिवेदन | मन्त्रालय हरू | | ७ | १६ | ८ | |
| | | स्थानीय तहको शासकीय सुधारका लागि प्राविधिक सहयोग प्रदान (अभिमुखीकरण कार्यक्रम) | संख्या | ११ | ८ | ८ | ८ | ८ | ८ | ४० | मुमकाको प्रतिवेदन | मुमका | | ७ | १६ | ८ | |
| प्रतिफल १.१२ | खुला स्थानीय तह र खुला प्रदेशसभा बारे नागरिक बहस भएको हुने । | नागरिक बहस | संख्या | | | २ | २ | २ | २ | ८ | मुमकाको प्रतिवेदन | मुमका | | ७ | १६ | ८ | |
| **लगानीः वार्षिक कार्यक्रम तथा बजेट, विद्युतीय सफ्टवेयर, तालिम, कम्प्युटर र अन्य सञ्चार उपकरण, भ्रष्टाचार उन्मूलन गर्ने तालिम प्रवचन** | | | | | | | | | | | | | | | | | |

## ७.८ प्रशासनिक सुशासन

### ७.८.१ पृष्ठभूमि

गण्डकी प्रदेशका नागरिकको समृद्धि तथा सुखी जीवनको सुनिश्चितता गर्नु प्रशासनिक सुशासनको प्रमुख लक्ष्य हो । सुशासन कायम गरी सेवा प्रवाहमा सरलता एवम् सहजता ल्याउनु प्रदेश सरकारका सम्पूर्ण निकायको मूलभूत दायित्व हो । सार्वजनिक प्रशासनलाई स्वच्छ, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाउँदै प्रदेश सरकारवाट प्राप्त हुने सेवा सुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित गरी सुशासनको प्रत्याभूति गर्न आवश्यक भएको छ । सेवा प्रवाहमा आवश्यक पर्ने कानूनहरू तर्जुमाको प्रक्रियामा रहेका छन् । सर्वसाधारण जनताको दैनिक काम पर्ने र प्रत्यक्ष जनसम्पर्क हुने प्रदेश कार्यालयहरूमा नागरिक वडापत्र लागू गरिएको छ । तालिम प्रशिक्षणको माध्यमबाट सम्बद्ध कर्मचारीहरूको दक्षता अभिवृद्धि गर्न गण्डकी प्रशासनिक प्रशिक्षण प्रतिष्ठान गठनको तयारीमा रहेको छ । उक्त संस्थाले त्यस प्रकारका तालिमलाई समसामयिक र व्यावहारिक बनाउने अपेक्षा गरिएको छ । निर्वाचनपश्चात् गठित प्रदेश र स्थानीय सरकारहरूको सञ्चालन, दक्षता र प्रभावकारिता अभिवृद्धि गरी सुशासन कायम गर्ने कार्य पनि प्रदेश सरकारको जिम्मेवारीमा आएको छ । तसर्थ प्रदेशले यस कार्यलाई योजनाबद्ध ढंगले अघि बढाउने कार्य आवश्यक भएको छ ।

### ७.८.२ प्रमुख समस्या

कर्मचारीमा सुशासन कायम गर्न चाहिने सीप र ज्ञानको कमी, सुशासन कायम गर्न राष्ट्रसेवक कर्मचारीलाई दिशानिर्देश गर्ने संयन्त्रको कमी, प्रदेश निजामति सेवा सम्बन्धी कानूनको अभाव, प्रशासनिक क्षेत्रमा बढ्दो राजनीतिक हस्तक्षेप, प्रशासनिक अनुशासनमा ह्रास, न्यून वेतनधारी कर्मचारी, पूर्वानुमानयोग्य वृत्ति विकास प्रणालीको अभाव, प्रोत्साहन र प्रशिक्षणको अभाव आदि प्रमुख समस्या हुन् ।

### ७.८.३ चुनौती र अवसर

**चुनौती**

संविधानले गरेका व्यवस्था अनुरुप प्रभावकारी ढंगले प्रशासनिक पुनर्संरचना गरि प्रशासकीय संक्रमणकालको व्यवस्थापन गर्नु, जनताको घरदैलोमा सहभागितामूलक गुणस्तरीय सेवाप्रवाहको सुनिश्चितता गर्नु, सार्वजनिक सेवामा कार्यरत राष्ट्रसेवकहरूमा राष्ट्रप्रति समर्पण र जनताप्रति सेवाभाव जगाई संघीय व्यवस्थाको मर्म अनुरुप प्रदेश सरकारको उपस्थिति, नियमितता, गतिशीलता र प्रभावकारिता स्थापित गर्नु, प्रदेश निजामति सेवा ऐन तर्जुमा गर्नु, कर्मचारीको क्षमता विकास गर्नु, कर्मचारीमा सदाचार साँस्कृतिको विकास गर्नु, प्रभावकारी प्रदेश तथा स्थानीय सरकारको अनुभूति जनतामा दिलाउनु जस्ता चुनौती रहेका छन् ।

**अवसर**

संघ, प्रदेश र स्थानीय तहमा जननिर्वाचित स्थायी सरकार गठन हुनु, संघ, प्रदेश र स्थानीय तहमा कर्मचारी समायोजन हुनु, संविधानको मर्म र जनताको चाहना अनुरुप सुशासनको व्यवस्थापन गर्न विभिन्न आवश्यक ऐन, नियम तर्जुमा हुनु, सेवा प्रवाहमा सूचना प्रविधिको प्रयोग अभिवृद्धि हुनु, अवसरको रुपमा रहेका छन् ।

### ७.८.४ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

**सोच**

जनमुखी सार्वजनिक प्रशासन ।

**लक्ष्य**

सार्वजनिक प्रशासनलाई जनताप्रति उत्तरदायी, विकासमैत्री, विद्युतीय सुशासनयुक्त र सेवामूलक बनाउने ।

**उद्देश्य**

१. प्रदेशको सार्वजनिक प्रशासनलाई पारदर्शी, परिणाममुखी, जवाफदेही बनाई सार्वजनिक सेवाप्रवाहलाई प्रभावकारी बनाउनु ।

### ७.८.५ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १: प्रदेशको सार्वजनिक प्रशासनलाई पारदर्शी, परिणाममुखी, जवाफदेही बनाई सार्वजनिक सेवाप्रवाहलाई प्रभावकारी बनाउनु ।** | |
| १.१ प्रदेश प्रशासनलाई जनउत्तरदायी बनाउन आवश्यक व्यवस्था गर्ने । | १.१.१ जवाफदेही, नागरिकमैत्री र जनउत्तरदायी सेवा प्रवाह गर्न संगठन तथा व्यवस्थापन सर्भेक्षण (O & M Survey) गरी विद्यमान संगठन संरचनामा परिमार्जन गरिनेछ ।<br>१.१.२ प्रदेशमा कार्यरत कर्मचारीको क्षमता विकासका लागि तालिम सञ्चालन गर्न गण्डकी प्रशिक्षण प्रतिष्ठान स्थापना गरी सञ्चालन गरिनेछ ।<br>१.१.३ प्रदेशको सार्वजनिक प्रशासनलाई चुस्त, दुरुस्त र मितव्ययी बनाउन विद्युतीय सुशासन (E-Governance) अवलम्बन गरिनेछ ।<br>१.१.४ प्रत्येक कर्मचारीको कार्य विवरण बनाई लागु गरिनेछ । |
| १.२ आयोजना कार्यान्वयनमा प्रभावकारिता बृद्धि गर्ने । | १.२.१ आयोजना कार्यान्वयनमा पारदर्शिताको अभिवृद्धि गर्दै जिम्मेवार पदाधिकारीको कार्य जिम्मेवारी र जवाफदेहिता तोकेर कार्य सम्पादन सूचकसहितको कार्यसम्पादन सम्झौता गर्ने कानूनी व्यवस्था गरिनेछ ।<br>१.२.२ प्रदेशभित्र सञ्चालित आयोजनाको प्रगति अनुगमन गरी प्राप्त पृष्ठपोषण अनुरुप कार्यान्वयनमा लगिनेछ ।<br>१.२.३ आयोजना कार्यान्वयनको लागि भरपर्दो सुरक्षा व्यवस्था गरिनेछ । |
| १.३ जनताका गुनासा सम्वोधन गर्न स्थानीय तहको प्रशासनिक क्षमता वृद्धि गर्ने । | १.३.१ स्थानीय स्तरबाटै आधारभूत सेवा उपलब्ध गराउन स्थानीय तहलाई सघाउ पुऱ्याउने गरी सहजीकरण गरिनेछ ।<br>१.३.२ क्षतिपूर्ति सहितको नागरिक वडापत्र लागू गर्ने व्यवस्था विस्तार गर्दै लगिनेछ ।<br>१.३.३ स्थानीय तहका राष्ट्रसेवक कर्मचारीको क्षमता विकास सम्बन्धी तालिम निरन्तर रुपमा सञ्चालन गरिनेछ । |
| १.४ प्रशासनिक सुशासन कायम गर्न राष्ट्रसेवक कर्मचारीको प्रशासनिक क्षमता वृद्धि गर्ने । | १.४.१ कार्य प्रभावकारिताका लागि कर्मचारीलाई सक्षम र प्रतिस्पर्धी बनाउन क्षमता अभिवृद्धिका लागि तालिम लगायतका उत्प्रेरणाका कार्यक्रम सञ्चालन गरिनेछ ।<br>१.४.२ राष्ट्रसेवक कर्मचारी र उनीहरूका आश्रित परिवारको लागि स्वास्थ्य बीमाको प्रबन्ध गरिनेछ ।<br>१.४.३ भ्रष्टाचार विरुद्धको शून्य सहनशीलताको मान्यता अनुरुप भ्रष्टाचार विरुद्धको राष्ट्रिय प्रतिवद्धता अनुरुप प्रदेश प्रशासनमा सदाचारिता अभिवृद्धि गरिनेछ ।<br>१.४.४ प्रदेश भित्रका कार्यक्रममा हुने अनावश्यक औपचारिक कार्यक्रम कटौती गरी कार्यक्रमलाई प्रभावकारी र परिणाममुखी बनाइनेछ । |

### ७.८.६ कार्यक्रमका प्राथमिकता

१. गण्डकी प्रशासनिक प्रशिक्षण केन्द्रको स्थापना र सञ्चालन ।

२. विद्युतीय शासन प्रणालीको सुदृढीकरण गर्ने ।

## ७.८.७ विस्तृत कार्यक्रम

| क्र.सं. | उद्देश्य नं. | रणनीति नं. | कार्यनीति नं. | संकेत | कार्यक्रम | इकाई | आधार वर्ष तथ्याङ्क २०७५/७६ | लक्ष्य २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | योजना अवधिको जम्मा लक्ष्य | जिम्मेवार निकायहरू |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | १ | १.१ | १.१.१ | क | संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्ने | संख्या | | १ | | | | १ | १ | मुमका |
| २ | | | १.१.२ | ग | गण्डकी प्रशासनिक प्रशिक्षण केन्द्रको स्थापना गर्ने | संख्या | | १ | | | | | १ | " |
| ३ | | | १.१.३ | क | विद्युतीय शासन पद्धति लागू गरी सेवा प्रवाह पारदर्शी बनाईने | संख्या | | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १ | " |
| ४ | | | १.१.४ | | प्रत्येक कर्मचारीको कार्य विवरण तयार गर्ने | पटक | | | १ | | | | १ | " |
| ५ | | १.२ | १.२.१ | क | सचिव र मन्त्री तथा सचिव र विभागीय प्रमुखबीच कार्य सम्पादन सम्झौता गर्ने कानूनी व्यवस्था गर्ने | संख्या | | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १ | " |
| ६ | | | १.२.२ | ख | प्रदेशभित्र सञ्चालित आयोजनाको प्रगति समीक्षाबाट प्राप्त पृष्ठपोषणहरूको कार्यन्वयन भए नभएको चौमासिक समीक्षा गर्ने | संख्या | | ३ | ३ | ३ | ३ | ३ | १५ | प्रनियोआ |
| ७ | | | १.२.३ | क | आवश्यकता अनुसार औद्योगिक प्रतिष्ठानलाई सुरक्षा प्रदान गर्ने | प्याकेज | | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १ | मुमका/ आमाकाम |
| ८ | | १.३ | १.३.१ र १.३.३ | ख | स्थानीय तहलाई आधारभूत सेवा प्रवाह गर्न सहजीकरण गर्ने । सेवा प्रदायकलाई तालिम | संख्या | | २०० | ३०० | ३०० | ३०० | ३०० | १४०० | साविम |
| ९ | | | १.३.२ | क | क्षतिपूर्ति सहितको नागरिक वडापत्र लागुगर्ने | प्याकेज | | | १ | निरन्तर | निरन्तर | निरन्तर | १ | मुमका |
| १० | | | | ख | स्थानीय भाषामा मोबाइल एप्सको निर्माण गरी सेवा प्रवाहको प्रचारप्रसार गर्ने | संख्या | | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १ | मन्त्रालयहरू |
| ११ | | १.४ | १.४.१ | | प्रदेश निजामति कर्मचारीको लागि सेवाकालिन तालिम सञ्चालन गर्ने(कर्मचारी संख्या) | संख्या | | १२० | १२० | १२० | १२० | १२० | ६०० | प्रप्रप्रके |
| १२ | | | | क | प्रदेशभित्रका निजामती कर्मचारीको व्यक्तिगत विवरण प्रणाली स्थापना र अद्यावधिक गर्ने | संख्या | | १ | १ | १ | १ | १ | ५ | मुमका |
| १३ | | | १.४.२ | क | कर्मचारी र उनीहरूका आश्रित परिवारको स्वास्थ्य बीमा गर्ने | संख्या | | सबै | | | | | सबै | साविम |
| १४ | | | १.४.३ | क | भ्रष्टाचार बारे कर्मचारी प्रशिक्षण गर्ने (कर्मचारीको संख्या) | संख्या | | १०० | ५०० | २०० | २०० | २०० | १२०० | मुमका |
| १५ | | | १.४.४ | क | कार्यक्रम सञ्चालन कार्यविधि बनाई लागु गर्ने | संख्या | | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १ | " |

### ७.८.८ नतिजा

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७५/७६ | उपलब्धि | | | | | योजना अवधिका उपलब्धि | पुष्ट्याइँको श्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान | प्रससं | दिविलसं | दीरालसं | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | | | | | | | |
| **प्रभाव** | **सार्वजनिक प्रशासन जनताप्रति उत्तरदायी, विकासमैत्री, विद्युतीय सुशासनयुक्त र सेवामूलक बनेको हुने** | **सेवा दिदा सरकारी कर्मचारीले कुनै व्यवधान नगरी सेवा दिन्छन् भनेर विश्वास गर्ने जनता** | **प्रतिशत** | १९ | ३० | ४० | ५० | ६० | ७० | ५१ | **स्वतन्त्र अध्यनका प्रतिवेदन** | **मुमका** | | ७ | १६ | ८ | |
| **असर १** | प्रदेशको सार्वजनिक प्रशासन पारदर्शी, परिणाममुखी, जवाफदेही भई सार्वजनिक सेवाप्रवाह प्रभावकारी भएको हुने | सरकारी कार्यलयमा एकै प्रयासमा सेवा पाएको अनुभव भएका जनता | प्रतिशत | ८१ | ८३ | ८५ | ८७ | ८९ | ९१ | १० | " | " | | ७ | १६ | ८ | |
| **प्रतिफल १.१** | O & M Survey गरी प्रदेशका विद्यमान संगठन संरचनामा परिर्माजन भएका हुने | संगठन तथा व्यवस्थापन सर्वेक्षण | संख्या | | १ | | | | १ | १ | मुमका प्रतिवेदन | " | | ७ | १६ | ८ | |
| **प्रतिफल १.२** | प्रदेशका कर्मचारीको क्षमता विकासका लागि तालिम सञ्चालन गर्न गण्डकी प्रशिक्षण प्रतिष्ठान स्थापना भएको हुने | गण्डकी प्रशासनिक प्रशिक्षण केन्द्रको स्थापना | संख्या | | १ | | | | | १ | " | " | | ७ | १६ | ८ | |
| **प्रतिफल १.३** | प्रदेशमा विद्युतीय सुशासन (e-Governance) अवलम्बन भएको हुने | विद्युतीय शासन पद्धतिको कार्यान्वयन | संख्या | | १ | | | | | १ | " | " | | ७ | १६ | ८ | |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७५/७६ | उपलब्धि | | | | | योजना अवधिका उपलब्धि | पुष्ट्याइँको श्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान | प्रससं | दिविलसं | दीरालसं | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | | | | | | | |
| प्रतिफल १.४ | जिम्मेवारी र जवाफदेहिता तोकेर कार्य सम्पादन सूचकसहितको कार्यसम्पादन सम्झौता गर्ने कानूनी व्यवस्था भएको हुने | सचिव र मन्त्री तथा सचिव र विभागिय प्रमुख बीचको कार्य सम्पादन सम्झौता | संख्या | | | १ | | | | १ | मुमका प्रतिवेदन | मुमका | | ७ | १६ | ८ | |
| | | सबै कर्मचारीको कार्य विवरण तयार हुने । | प्रतिशत | | | १०० | | | | १०० | " | " | | ७ | १६ | ८ | |
| प्रतिफल १.५ | अनुगमन गरी प्राप्त पृष्ठपोषण अनुरुप कार्यान्वयन गरिने व्यवस्था भएको हुने | प्रगति समीक्षा गर्ने पद्धतीको विकास (चौमासिक समीक्षा) | संख्या | ० | ३ | ३ | ३ | ३ | ३ | १५ | " | " | | ७ | १६ | ८ | |
| प्रतिफल १.६ | आयोजना कार्यान्वयनको लागि भरपर्दो सुरक्षा व्यवस्था भएको हुने | सुरक्षा व्यवस्थाको कार्यान्वयन | पद्धति | | १ | | | | | १ | " | " | | ७ | १६ | ८ | |
| प्रतिफल १.७ | स्थानीय स्तरबाटै आधारभूत सेवा उपलब्ध गराउन आवश्यक सहजीकरण भएको हुने | स्थानीय तहलाई आधारभूत सेवा प्रवाह गर्न सेवा प्रदायकलाई तालिम | संख्या | | २०० | ३०० | ३०० | ३०० | ३०० | १४०० | साविमको प्रतिवेदन | साविम | स्थानीय तहसँग सहकार्य हुने | ७ | १६ | ८ | |
| प्रतिफल १.८ | क्षतिपूर्ति सहितको नागरिक वडापत्र लागू भई विस्तार भएको हुने | नागरिक वडापत्रको कार्यान्वयन | प्याकेज | | | १ | | | | १ | मुमका | मुमका | | ७ | १६ | ८ | |
| | | स्थानीय भाषामा मोबाइल एप्सको निर्माण | संख्या | | १ | | | | | १ | मन्त्रालयका प्रतिवेदन | मन्त्रालयहरू | | ७ | १६ | ८ | |
| प्रतिफल १.९ | प्रदेशका कर्मचारीको क्षमता विकास सम्बन्धी तालिम निरन्तर रुपमा सञ्चालन भएको हुने | प्रदेशका निजामति कर्मचारीको सेवाकालिन तालिम | संख्या | | १२० | १२० | १२० | १२० | १२० | ६०० | मुमका प्रतिवेदन | मुमका | | ७ | १६ | ८ | |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७५/७६ | उपलब्धि | | | | | योजना अवधिका उपलब्धि | पुष्ट्याइँको श्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान | प्रससं | दिविलसं | दीरालसं | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | | | | | | | |
| प्रतिफल १.१० | कर्मचारीको विवरण अद्यावधिक भएको हुने | कर्मचारीको विवरण वार्षिक रुपमा अद्यावधिक गर्ने | संख्या | | १ | १ | १ | १ | १ | ५ | मुमका प्रतिवेदन | मुमका | | ७ | १६ | ८ | |
| | | कर्मचारी र आश्रित परिवारको स्वास्थ्य बीमा गर्ने । | संख्या | | सबै | | | | | सबै | " | " | | ७ | १६ | ८ | |
| प्रतिफल १.११ | भ्रष्टाचार विरुद्धको शून्य सहनशीलताको राष्ट्रिय प्रतिवद्धता अनुरुप प्रदेश प्रशासनमा सदाचारिता अभिवृद्धि भएको हुने | भ्रष्टाचारबारे प्रशिक्षण पाउने कर्मचारी | संख्या | | १०० | ५०० | २०० | २०० | २०० | १२०० | " | " | | ७ | १६ | ८ | |
| प्रतिफल १.१२ | प्रदेश भित्रका कार्यक्रममा हुने अनावश्यक औपचारिक कार्यक्रम कटौती भएको हुने | कार्यक्रम सञ्चालन कार्यविधिको तर्जुमा र कार्यान्वयन | संख्या | | १ | | | | | १ | " | " | | ७ | १६ | ८ | |
| **लगानी: वार्षिक कार्यक्रम तथा बजेट, नागरिक वडापत्र, प्रदेश प्रशासनिक प्रशिक्षण केन्द्र, सुशासन सम्बन्धी कर्मचारीलाई तालिम, रेकर्ड अद्यावधिक गर्ने सफ्टवेयर** | | | | | | | | | | | | | | | | | |

### ७.९ वित्तीय सुशासन

### ७.९.१ पृष्ठभूमि

सार्वजनिक स्रोतको मितव्ययी र अधिकतम परिचालन, प्रतिवेदन तथा लेखापरीक्षणमार्फत् वित्तीय व्यवस्थापनमा पारदर्शिता र जवाफदेहिता अभिवृद्धि गरी नागरिकलाई वित्तीय सुशासनको प्रत्याभूति दिनु प्रदेश सरकारको दायित्व हो । सार्वजनिक आयको अद्यावधिक स्थितिको लेखाङ्कन तथा प्रतिवेदन प्रणालीलाई नियमित र एकरुपता कायम गरी प्रभावकारी बनाउँदै लैजानको लागि सूचना प्रविधिमा आधारित वित्तीय व्यवस्थापनको विकासमा जोड दिदै एकल खाताकोष प्रणाली र राजस्व व्यवस्थापन सूचना प्रणालीको विकास गरिएको छ । सार्वजनिक खर्चको पारदर्शिता अभिवृद्धि गर्न सरकारी निकायका कार्यक्रम तथा खर्चलाई सार्वजनिकीकरण गर्ने पद्धतिको समेत विकास भएको छ ।

### ७.९.२ प्रमुख समस्या

चालु खर्चमा भएको बढोत्तरीसँगै वित्तीय सुशासनको स्थिति खस्कदै जानु, वेरुजुको मात्रामा वृद्धि हुदै जानु, आर्थिक उत्तरदायित्व तथा जवाफदेहिताको अवस्था कमजोर हुनु, विकास खर्च अपेक्षित गति र परिमाणमा नहुनु, आदि प्रमुख समस्या हुन् ।

### ७.९.३ चुनौती र अवसर

**चुनौती**

संघीय वित्तीय ढाँचा अनुरुप नेपाल सरकारबाट प्राप्त गर्ने अनुदान समयमै प्राप्त गर्नु, समयमै कार्यक्रम स्वीकृत गरी वार्षिक खरिद योजना तयार गर्नु, समयमा ठेक्का बन्दोबस्त गर्नु, पुँजीगत खर्च वृद्धि गर्नु, आन्तरिक लेखापरीक्षण तथा नियन्त्रण प्रणाली सुदृढीकरण गर्नु, अनुगमन कार्यक्रमलाई यथार्थपरक बनाउनु, खरिद कार्यलाई सार्वजनिक खरिद ऐनको मर्म अनुरुप मितव्ययी र प्रतिस्पर्धी बनाउदै लगी आर्थिक वर्षको अन्त्यमा मात्र अत्यधिक खर्च गर्ने प्रवृत्तिमा रोक लगाउने कार्य गर्नु थप चुनौतीपूर्ण रहेका छन् ।

**अवसर**

प्रदेश सरकारको राजस्व र व्ययको अनुमान प्रत्येक वर्ष आषाढ १ भित्र प्रदेश संसदमा पेश गर्ने व्यवस्था रहेको, प्रदेश सरकारको लेखा प्रणालीलाई सूचना प्रविधिमा आधारित वित्तीय व्यवस्थापन प्रणाली, सार्वजनिक सेवा लेखामान (NEPSAS) तयार गरी सो अनुसार प्रतिवेदन प्रणाली विकास गरिनु, आदि अवसरका रुपमा रहेका छन् ।

### ७.९.४ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

**सोच**

प्रभावकारी विकास खर्च व्यवस्थापनमार्फत् वित्तीय सुशासन ।

**लक्ष्य**

सार्वजनिक आय र व्ययलाई व्यवस्थित,पारदर्शी र अनुमानयोग्य बनाई समग्र विकास प्रक्रियालाई प्रभावकारी बनाउने ।

**उद्देश्य**

१. गण्डकी प्रदेशको सार्वजनिक आय र खर्च प्रणालीको प्रभावकारिता वृद्धि गर्नु ।

### ७.९.५ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १: गण्डकी प्रदेशको सार्वजनिक आय र खर्च प्रणालीको प्रभावकारिता वृद्धि गर्नु।** | |
| १.१ वित्तीय व्यवस्थापन प्रणाली सुदृढीकरण गर्ने। | १.१.१ वित्तीय व्यवस्थापन सम्बन्धी निकायको संस्थागत सुदृढीकरण गरी राजस्व परिचालनको क्षमता वृद्धि गरिनेछ।<br>१.१.२ वित्तीय व्यवस्थापनका सबै क्षेत्रमा सूचना प्रविधिको प्रयोगलाई विस्तार गरिनेछ। |
| १.२ सार्वजनिक आय व्यय र खरिदलाई प्रभावकारी, व्यवस्थित र पारदर्शी बनाउने। | १.२.१ विकास आयोजनाहरूको ठेक्कापट्टा निर्धारित समयभित्रै गर्ने तथा विद्युतीय बोलपत्रको दायरालाई विस्तार गरिनेछ।<br>१.२.२ निर्धारित समय अगावै काम सम्पन्न गर्ने ठेकेदारलाई प्रोत्साहनको व्यवस्था गरिनेछ। |

### ७.९.६ कार्यक्रमका प्राथमिकता

१. सार्वजनिक खर्च कार्यविधि परिमार्जन गरी कार्यान्वयन गर्ने।

२. विद्युतीय आर्थिक कार्य प्रणालीको सुदृढीकरण गर्ने।

### ७.९.७ विस्तृत कार्यक्रम

| क्र.सं. | उद्देश्य नं. | रणनीति नं. | कार्यनीति नं. | संकेत | कार्यक्रम | इकाई | आधार वर्ष २०७५/७६ | लक्ष्य | | | | | योजना अवधिको जम्मा लक्ष्य | जिम्मेवार निकायहरू |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/ ८० | २०८०/८१ | | |
| १ | १ | १.१ | १.१.१ | क | लाभ-लागतका आधारमा योजना तथा कार्यक्रमका लागि वार्षिक बजेट विनियोजन गर्ने पद्धतिको विकास गर्ने | संख्या | १ | १ | १ | १ | १ | १ | ५ | प्रनियोआ |
| २ | | | | क | कर्मचारिलाई राजस्व परिचालन क्षमता वृद्धि तालिम आयोजना गर्ने | संख्या | | ३० | ४० | ४० | ४० | ४० | १९० | आमायोम |
| ३ | | | | क | लेखा प्रणाली सुदृढीकरण तालिम सञ्चालन गर्ने | संख्या | | ३० | ४० | ४० | ४० | ४० | १९० | " |
| ४ | | | १.१.२ | क | बजेट सूचना प्रणालीको विकास गर्ने | संख्या | | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १ | " |
| २ | | १.२ | १.२.१ | क | विद्युतीय आर्थिक कार्यप्रणालीको सुदृढीकरण गर्ने | संख्या | | | १ | निरन्तर | निरन्तर | निरन्तर | १ | " |
| ५ | | | | ग | सार्वजनिक खरिद ऐनमा सुधार गर्ने | संख्या | | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १ | " |
| ६ | | | १.२.२ | क | सार्वजानिक खर्च कार्यविधि बनाई लागु गर्ने | संख्या | १ | १ | १ | १ | १ | १ | ५ | मुमका |
| ७ | | | | क | समयमा काम सम्पन्न गर्ने ठेकेदारलाई प्रोत्साहन गर्ने | संख्या | | ५ | ५ | ५ | ५ | ५ | २५ | " |

### ७.९.१० नतिजा

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७५/७६ | उपलब्धि | | | | | योजना अवधिका उपलब्धि | पुष्ट्याइँको श्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान | प्रससं | दिबिलसं | दिरालसं | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | | | | | | | |
| प्रभाव | सार्वजनिक आय र व्यय व्यवस्थित, पारदर्शी र अनुमानयोग्य भई समग्र विकास प्रक्रिया प्रभावकारी भएको हुने | प्रदेशको मध्यावधि खर्च संरचना (त्रिवर्षीय रोलिङ्ग आर्थिक योजना) वार्षिक रुपमा अद्यावधिक हुने | संख्या | १ | १ | १ | १ | १ | १ | ५ | प्रनीयोआ प्रतिवेदन | प्रनीयोआ | | ७ | १६ | ८ | |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७५/७६ | उपलब्धि | | | | | योजना अवधिका उपलब्धि | पुष्ट्याइँको श्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान | प्रससं | दिविलसं | दिरालसं | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | | | | | | | |
| असर १ | गण्डकी प्रदेशको सार्वजनिक आय र खर्च प्रणालीको प्रभावकारितामा वृद्धि भएको हुने | प्रदेशको आय व्यय वार्षिक रुपमा प्रकाशन गर्ने | संख्या | १ | १ | १ | १ | १ | १ | ५ | आमायोम प्रतिवेदन | आमायोम | | ७ | १६ | ८ | |
| प्रतिफल १.१ | वित्तीय व्यवस्थापन सम्बन्धी निकायको संस्थागत सुदृढीकरण भई राजस्व परिचालनको क्षमतामा वृद्धि भएको हुने | लाभ-लागतका आधारमा योजना तथा कार्यक्रमका लागि वार्षिक बजेट विनियोजन गर्ने पद्धतिको विकास | संख्या | १ | १ | १ | १ | १ | १ | ५ | प्रनीयोआ प्रतिवेदन | प्र नीयोआ | | ७ | १६ | ८ | |
| | | राजस्व परिचालन क्षमता वृद्धि तालिममा सहभागी कर्मचारी | संख्या | | ३० | ४० | ४० | ४० | ४० | १९० | आमायोम प्रतिवेदन | आमायोम | | ७ | १६ | ८ | |
| | | लेखा प्रणाली सुदृढीकरण तालिममा सहभागी कर्मचारी संख्या | संख्या | | ३० | ४० | ४० | ४० | ४० | १९० | " | " | | ७ | १६ | ८ | |
| प्रतिफल १.२ | वित्तीय व्यवस्थापनका सबै क्षेत्रमा विद्युतीय कारोबार विस्तार भएको हुने | विद्युतीय आर्थिक कार्य प्रणालीको सुदृढीकरण | संख्या | | | १ | | | | १ | " | " | कर्मचारी सकारात्मक हुने | ७ | १६ | ८ | |
| | | सार्वजनिक खरिद ऐनमा सुधार | संख्या | | १ | | | | १ | २ | आमायोम प्रतिवेदन | आमायोम | | ७ | १६ | ८ | |
| प्रतिफल १.३ | निर्धारित समय अगावै काम सम्पन्न गर्ने ठेकेदारलाई प्रोत्साहनको व्यवस्था भएको हुने | सार्वजानिक खर्च कार्यविधि वार्षिक रुपमा अद्यावधिक हुने | संख्या | १ | १ | १ | १ | १ | १ | ५ | आमायोम प्रतिवेदन | " | | ७ | १६ | ८ | |
| | | समयमा काम सम्पन्न गर्ने ठेकेदारलाई प्रोत्साहन | संख्या | | ५ | ५ | ५ | ५ | ५ | २५ | मुमका प्रतिवेदन | मुमका | | ७ | १६ | ८ | |

**लगानी: वार्षिक कार्यक्रम तथा बजेट, कर्मचारीलाई राजस्व परिचालन सम्बन्धी तालिम, विद्युतीय लेखा प्रणालि, सार्वजनिक खरिद ऐन, नियमावली, विद्युतीय उपकरण**

## ७.१० भ्रष्टाचार निवारण

### ७.१०.१ पृष्ठभूमि

सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी, जनमुखी, अनुमानयोग्य र कानून सम्मत रुपमा सहज र सरल तरिकाले उपलब्ध गराई सबै तह र स्वरुपका भ्रष्टाचार एवम् अनियमिततालाई नियन्त्रण गरी सदाचारयुक्त समाज बनाउन जरुरी छ । प्रदेश स्तरीय सार्वजनिक निकायमा हुने ढिलासुस्ती, अनियमितता तथा अनिर्णयजस्ता विकृति एवम् भ्रष्टाचारजन्य क्रियाकलापको निराकरण गर्न आवश्यक रहेको छ । प्रदेशमा भ्रष्टाचार विरुद्ध शून्य सहनशीलताको विकास गरी सदाचार र सुशासन प्रवर्द्धन गर्न जरुरी छ ।

### ७.१०.२ प्रमुख समस्या

विश्वमा आएका विभिन्न परिवर्तनसँगै भ्रष्टाचारका आयाम तथा स्वरुपमा पनि परिवर्तन आएकाले त्यसै अनुरुपको अनुसन्धान तथा तहकिकातको व्यवस्था नहुनु, भ्रष्टाचार विरोधी साँस्कृतिको विकास नहुनु, सार्वजनिक निकायहरूमा अपेक्षित उत्तरदायित्व र जवाफदेहिता बहन गर्ने संस्कृति नहुनु, भ्रष्टाचार नियन्त्रण गर्न संघ, प्रदेश र स्थानीय तहका सरकार बीच प्रभावकारी सञ्चार, समन्वय र सहकार्य कायम गर्न नसकिनु प्रमुख समस्या हुन् ।

### ७.१०.३ चुनौती र अवसर

**चुनौती**

प्रभावकारी अनुसन्धान तहकिकात सम्बन्धी क्षमता विकास गर्नु, सूचनादाताको संरक्षण (Whistleblower Protection) गर्नु, साक्षी बस्ने तथा अभियोजन गर्ने कर्मचारीहरूको उचित संरक्षण गर्नु, प्रदेश मातहत भ्रष्टाचार नियन्त्रण सम्बन्धी संस्थागत व्यवस्था गर्नु, राष्ट्रसेवक कर्मचारीको न्यून बेतन हुनु, भ्रष्टाचारीलाई सामाजिक बहिष्कार हुनुपर्नेमा सम्मान प्राप्त हुनु प्रमुख चुनौतीको रुपमा रहेका छन् ।

**अवसर**

नेपाल भ्रष्टाचार विरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धिको पक्ष राष्ट्र हुनु, कानूनी संरचनाको निर्माण हुनु, भ्रष्टाचार विरुद्ध सक्रिय नागरिक समाज तथा सञ्चार जगत हुनु, अन्तर्राष्ट्रिय सहयोग, सहकार्य र समन्वय तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको क्षेत्रीय र सम्पर्क कार्यालयहरूको स्थापना भई भ्रष्टाचार विरुद्धको अभियानलाई प्रभावकारी रुपमा अगाडि बढाउनु अवसरको रुपमा रहेका छन् ।

### ७.१०.४ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

**सोच**

भ्रष्टाचाररहित सदाचारयुक्त प्रदेशको निर्माण ।

**लक्ष्य**

भ्रष्टाचार विरुद्ध शून्य सहनशीलताको नीति अख्तियार गरी सुशासन प्रवर्द्धन गर्ने ।

**उद्देश्य**

१. भ्रष्टाचारजन्य क्रियाकलापको नियन्त्रण गरी सुशासनको प्रत्याभूति गर्नु ।

### ७.१०.५ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १: भ्रष्टाचारजन्य क्रियाकलापको नियन्त्रण गरी सुशासनको प्रत्याभूति गर्नु।** | |
| १.१ भ्रष्टाचार विरुद्ध शून्य सहनशीलताको नीति अवलम्बन गर्ने। | १.१.१ नीतिगत, कानूनी तथा संस्थागत व्यवस्था गरी सार्वजनिक प्रशासनलाई पारदर्शी तथा जवाफदेही बनाइनेछ।<br>१.१.२ शिक्षण संस्थाको पाठ्यक्रममा भ्रष्टाचार विरुद्धको विषयवस्तु समावेश गरिनेछ।<br>१.१.३ निजी क्षेत्रमा हुने भ्रष्टाचार नियन्त्रण गर्न नीतिगत तथा कानूनी व्यवस्था गरिनेछ।<br>१.१.४ भ्रष्टाचारजन्य क्रियाकलाप नियन्त्रणका लागि जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।<br>१.१.५ राष्ट्रसेवक कर्मचारीको आधारभूत आवश्यकता पूरा हुने गरी पारिश्रमिकको व्यवस्था गरिनेछ। |
| १.२ नेपाल सरकारले अनुमोदन गरेका भ्रष्टाचार विरुद्धका अन्तर्राष्ट्रिय सन्धिहरूको कार्यान्वयनमा सहयोगी भूमिका निर्वाह गर्ने। | १.२.१ भ्रष्टाचार नियन्त्रण सम्बन्धी ऐन, कानून र नियमको प्रभावकारी कार्यान्वयनका लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोगसँग सहकार्य गरिनेछ।<br>१.२.२ विद्यमान नीतिगत तथा कानूनी व्यवस्थाका बारेमा सम्बद्ध पक्षहरूको सहकार्यमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।<br>१.२.३ भ्रष्टाचार विरुद्ध क्रियाशील सरकारी तथा गैर सरकारी संस्थालाई निश्चित कार्ययोजनासहित कार्यसम्पादनको मापन गर्ने गरी परिचालन गरिनेछ। |
| १.३ भ्रष्टाचार निवारण सम्बन्धमा प्राविधिक सहायता र सूचना आदान प्रदानसम्बन्धी नेपाल सरकारले गरेको व्यवस्थालाई सहयोग र कार्यान्वयन गर्ने। | १.३.१ भ्रष्टाचारसँग सम्बन्धित फौजदारी विषय, सम्पत्ति फिर्ता सम्बन्धी कानून निर्माण, सपुर्दगी र पारस्परिक कानूनी सहयोगका लागि नेपाल सरकारलाई सहयोग गरिनेछ।<br>१.३.२ अनुसन्धान र छानबिनको क्रममा अन्तरनिकाय समन्वय एवम् सूचना आदानप्रदानलाई सघन र प्रभावकारी बनाइनेछ।<br>१.३.३ प्रदेशका सबै सेवाका राष्ट्रसेवक कर्मचारीहरूलाई आ-आफ्नो व्यावसायिक निष्ठासहित सादा जीवन र सहयोगी व्यवहारसहित सेवा प्रवाह गर्न प्रेरित गरिनेछ। |

### ७.१०.६ कार्यक्रमका प्राथमिकता

१. कार्यपर्णालीमा पारदर्शिता सुदृढ गर्ने।

२. भ्रष्टाचार विरुद्ध शून्य सहनशीलता नीति अख्तियार गर्ने।

### ७.१०.७ विस्तृत कार्यक्रम

| क्र.सं. | उद्देश्य नं. | रणनीति नं. | कार्यनीति नं. | संकेत | कार्यक्रम | इकाई | आधार वर्ष २०७५/७६ | लक्ष्य २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | योजना अवधिको जम्मा लक्ष्य | जिम्मेवार निकायहरू |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | १ | १.१ | १.१.१ | क | भ्रष्टाचार सम्बन्धी अध्ययन अनुसन्धान गर्ने | संख्या | | | १ | १ | १ | १ | ४ | मुमका |
| २ | | | १.१.२ | क | सेवाकालीन तालिमको पाठ्यक्रममा भ्रष्टाचार विरुद्धको विषयवस्तु समावेश गर्ने | प्याकेज | | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १ | " |
| ३ | | | १.१.३ | ग | निजीक्षेत्रको भ्रष्टचार नियन्त्रण गर्ने बारे कानून बनाउने | संख्या | | | | १ | | | १ | " |
| ४ | | | १.१.४ | क | भ्रष्टाचार नियन्त्रण सम्बन्धी जनचेतना कार्यक्रम सञ्चालन गर्ने | संख्या | | १ | १ | १ | १ | १ | ५ | " |
| ५ | | | १.१.५ | ग | राष्ट्र सेबक कर्मचारीको पारिश्रमिक पुनरावलोकन गर्ने | संख्या | | १ | | | १ | | २ | " |
| ६ | | १.२ | १.२.१ | ख | विकास आयोजनाको खर्च निर्माणस्थलमै सार्वजनिकीकरण गर्ने | प्याकेज | | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १ | " |
| ७ | | | १.२.२ | क | भ्रष्टाचार विरुद्ध भएका कानून बारे प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने | संख्या | | | २ | २ | २ | २ | ८ | " |
| ८ | | | १.२.३ | ख | भ्रष्टाचार विरुद्धका कार्यक्रम सञ्चालन गर्न नागरिक समाजसँग सहकार्य कार्यक्रम सञ्चालन गर्ने | प्याकेज | | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १ | " |
| ९ | | १.३ | १.३.१ | क | भ्रष्टाचार विरुद्ध अन्तर निकाय समन्वय सुदृढ गर्ने। भ्रष्टचार निवारण सम्बन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगसँग समन्वय गर्ने | प्याकेज | | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १ | " |
| १० | | | १.३.१ | ग | भ्रष्टाचार निवारण सम्बन्धी आवश्यक कानूनको तर्जुमा र कार्यान्वयन (सुशासन सम्बन्धी कानून) | संख्या | | २ | | | | | २ | " |
| ११ | | | १.३.२ | क | आधुनिक सूचना प्रविधिको प्रयोगबाट संस्थागत क्षमता अभिवृद्धि गर्ने | प्याकेज | | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १ | " |
| १२ | | | १.३.३ | क | निजामति कर्मचारी, प्रहरी, शिक्षक आदीलाई सादा जीवन जिउन प्रशिक्षण गर्ने | प्याकेज | | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १ | " |

### ७.१०.८ नतिजा

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७५/७६ | उपलब्धि २०७६/७७ | उपलब्धि २०७७/७८ | उपलब्धि २०७८/७९ | उपलब्धि २०७९/८० | उपलब्धि २०८०/८१ | योजना अवधिका उपलब्धि | पुष्ट्याइँको श्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान | प्रससं | दिविलसं | दीरालसं | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **प्रभाव** | **भ्रष्टाचार विरुद्ध शून्य सहनशीलताको नीति अख्तियार गरी सुशासन प्रवर्द्धन भएको हुने** | **राष्ट्र सेवक कर्मचारीले घुस लिदैनन् भनेर विश्वास गर्ने जनता** | **प्रतिशत** | ३५ | ४५ | ५५ | ६५ | ७५ | ८५ | ५० | **स्वतन्त्र संस्थाका प्रतिवेदन** | **मुमका** | | ७ | १६ | ८ | |
| | | **न्यायक्षेत्रका राष्ट्रसेवकले घुस लिदैनन् भनेर विश्वास गर्ने जनता** | **प्रतिशत** | २८ | ३८ | ५० | ६२ | ७५ | ८५ | ५७ | " | " | | ७ | १६ | ८ | |
| **असर १** | भ्रष्टाचारजन्य क्रियाकलापको नियन्त्रण भई सुशासनको प्रत्याभूति भएको हुने | सरकारी सेवा दिदा सरकारी कर्मचारीले नियम कानूनको पूर्ण पालना गरेका छन् भनी विश्वास गर्ने जनता | प्रतिशत | १६ | ३० | ४४ | ५८ | ७२ | ८५ | ६९ | " | " | | ७ | १६ | ८ | |
| **प्रतिफल १.१** | नीतिगत, कानूनी तथा संस्थागत व्यवस्था भई सार्वजनिक प्रशासन पारदर्शी तथा जवाफदेही भएको हुने | भ्रष्टाचार सम्बन्धी अध्ययन अनुसन्धान | संख्या | ० | ० | १ | १ | १ | १ | ४ | मुमकाको प्रतिवेदन | " | | ७ | १६ | ८ | |
| **प्रतिफल १.२** | शिक्षण संस्थाको पाठ्यक्रममा भ्रष्टाचार विरुद्धको विषयवस्तु समावेश भएको हुने | प्रशिक्षण पाठ्यक्रमा भ्रष्टाचार विरुद्धको विषयवस्तु समावेश गर्ने | प्याकेज | | १ | | | | | १ | " | " | कर्मचारी सहयोगि हुने | ७ | १६ | ८ | |
| **प्रतिफल १.३** | निजी क्षेत्रमा हुने भ्रष्टाचार नियन्त्रण गर्न नीतिगत तथा कानूनी व्यवस्था भएको हुने | कानून बनाउने | संख्या | ० | | | १ | | | १ | " | " | | ७ | १६ | ८ | |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७५/७६ | उपलब्धि | | | | | योजना अवधिका उपलब्धि | पुष्ट्याइँको श्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान | प्रससं | दिविलसं | दीरालसं | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | | | | | | | |
| प्रतिफल १.४ | भ्रष्टाचारजन्य क्रियाकलाप नियन्त्रणका लागि जनचेतनामूलक कार्यक्रम सञ्चालन भएको हुने | जनचेतना कार्यक्रम सञ्चालन | संख्या | | १ | १ | १ | १ | १ | ५ | मुमकाको प्रतिवेदन | मुमका | | ७ | १६ | ८ | |
| प्रतिफल १.५ | राष्ट्रसेवक कर्मचारीको आधार भूत आवश्यकता पूरा हुने गरी पारिश्रमिकको व्यवस्था भएको हुने | पारिश्रमिकको पुनरावलोकन | पटक | | १ | | | १ | | २ | " | " | नेपाल सरकार सकारात्मक हुने | ७ | १६ | ८ | |
| प्रतिफल १.६ | भ्रष्टाचार नियन्त्रण सम्बन्धी ऐन, कानून र नियमको प्रभावकारी कार्यान्वयनका लागि समन्वय र सहजीकरण भएको हुने | विकास आयोजनाको खर्च निर्माणस्थलमै सार्वजनिकीकरण गर्ने | पद्दति | | १ | | | | | १ | " | " | | ७ | १६ | ८ | |
| | | अख्तियार दुरुपयोग अनुसन्धान आयोगसँग समन्वय हुने | प्याकेज | | १ | | | | | १ | " | " | | ७ | १६ | ८ | |
| प्रतिफल १.७ | भ्रष्टाचार सम्बन्धी विद्यमान नीतिगत तथा कानूनी व्यवस्थाका बारेमा जनचेतनामूलक कार्यक्रम सञ्चालन भएको हुने | प्रशिक्षण कार्यक्रमको सञ्चालन | संख्या | | | २ | २ | २ | २ | ८ | " | " | सरोकरवला सकारात्मक हुने | ७ | १६ | ८ | |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७५/७६ | उपलब्धि | | | | | योजना अवधिका उपलब्धि | पुष्ट्याइँको श्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान | प्रससं | दिविलसं | दीरालसं | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | | | | | | | |
| प्रतिफल १.८ | भ्रष्टाचार विरुद्ध क्रियाशील सरकारी तथा गैरसरकारी संस्थालाई निश्चित कार्ययोजनासहित कार्यसम्पादनको मापन गर्ने गरी परिचालन भएको हुने | नागरिक समाजसँग सहकार्य कार्यक्रम सञ्चालन | संख्या | | १ | | | | | १ | मुमकाको प्रतिवेदन | मुमका | | ७ | १६ | ८ | |
| प्रतिफल १.९ | भ्रष्टाचारसँग सम्बन्धित फौजदारी विषय, सम्पत्ति फिर्ता सम्बन्धी कानून निर्माण, सपुर्दगी र पारस्परिक कानूनी सहयोगका लागि नेपाल सरकारलाई सहयोग पुगेको हुने | आवश्यक कानूनको तर्जुमा र कार्यान्वयन | संख्या | | २ | | | | | २ | " | " | | ७ | १६ | ८ | |
| | | आधुनिक सूचना प्रविधिको प्रयोगबाट संस्थागत क्षमता अभिवृद्धि | प्याकेज | | | १ | | | | १ | " | " | | ७ | १६ | ८ | |
| प्रतिफल १.१० | अनुसन्धान र छानबिनको क्रममा अन्तरनिकाय समन्वय एवम् सूचना आदानप्रदान कार्य सघन र प्रभावकारी भएको हुने | भ्रष्टचार बिरुद्ध अन्तर निकाय समन्वयको सुदृढीकरण | प्याकेज | | | १ | | | | १ | " | " | | ७ | १६ | ८ | |

**लगानीः वार्षिक कार्यक्रम र बजेट, भ्रष्टचार विरोधी कानून, कार्यक्रम, तालिम, श्रब्य दृश्य प्रर्दशनी, जनचेतना कार्यक्रम**

## ७.११ प्रदेश व्यवस्थापिकाको सुदृढीकरण

### ७.११.१ पृष्ठभूमि

संविधान बमोजिम प्रदेश व्यवस्थापिकाको भूमिका निर्वाह गर्न ६० सदस्यीय गण्डकी प्रदेश सभा गठन भई प्रदेश सरकारको निर्माण भइसकेको छ । हालसम्म प्रदेश सभाका तीन वटा अधिवेशन सम्पन्न भई सकेका छन् । प्रदेश सभाको दोस्रो अधिवेशनले प्रदेशको नामाकरण गण्डकी प्रदेश र राजधानी पोखरा घोषणा गरिसकेको छ। प्रदेश सभाले हालसम्म ३२ वटा ऐन जारी गरिसकेको छ।

### ७.११.२ प्रमुख समस्या

प्रदेश सभाको आफ्नै जग्गा तथा भवन नहुनु, धेरै कानून एकै पटक हतारमा निर्माण गर्नु पर्ने अवस्था विद्यमान हुनु, प्रविधि प्रयोगमा कमजोर रहनु, सीमित बजेट तथा नयाँ संरचना भएका कारण पदाधिकारी एवम् कर्मचारीको कार्य अनुभवको कमी हुनु आदि प्रमुख समस्या हुन् ।

### ७.११.३ चुनौती र अवसर

**चुनौती**

प्रदेश सभा सञ्चालनका लागि जग्गाको प्राप्ति र भवन निर्माण गर्नु, संसदको कार्य प्रक्रियालाई सरल र व्यवस्थित पार्न प्रदेश सभामा सदस्यहरू तथा कर्मचारीहरूको क्षमता विकास गर्नु, कानून निर्माण प्रक्रियालाई प्रभावकारी र सहभागितामूलक बनाउनु जस्ता चुनौती विद्यमान छन् ।

**अवसर**

प्रदेश सभाका सदस्यहरूको कानून निर्माणमा अनुभव खारिदै जानु, प्रदेश सभाको क्षमता विकासको लागि प्रदेश सरकारले प्राथमिकता दिनु, संघीय प्रतिनिधि सभासँग प्रदेश सभाको सहकार्य हुनु, प्रदेश सभाका सदस्यहरूको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रसँग सम्बन्ध विकसित हुदै जानु जस्ता अवसरहरू रहेका छन् ।

### ७.११.४ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

**सोच**

गुणस्तरीय कानून निर्माणमा समर्पित आधुनिक साधन र प्रविधि सम्पन्न प्रदेश व्यवस्थापिका ।

**लक्ष्य**

सहभागितामूलक र गुणस्तरीय कानून निर्माण गर्नका लागि प्रदेश सभाको सुदृढीकरण गर्ने ।

**उद्देश्य**

१. प्रदेश सभालाई सबल, सक्षम र सुदृढ पार्न आवश्यक पूर्वाधार निर्माण गर्नु ।

२. संविधानप्रदत्त प्रदेशको अधिकार क्षेत्रभित्रका विषयसँग सम्बन्धित कानून निर्माण कार्यलाई प्रभावकारी बनाउनु ।

### ७.११.५ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १: प्रदेश सभालाई सवल, सक्षम र सुदृढ पार्न आवश्यक पूर्वाधार निर्माण गर्नु।** | |
| १.१ प्रदेश सभालाई साधन सम्पन्न बनाउने। | १.१.१ प्रदेश सभा भवनको लागि जग्गा प्राप्त गरी भवन निर्माण गरिनेछ।<br>१.१.२ प्रदेश सभाका सदस्य र कर्मचारीहरूको कानून निर्माण क्षमता अभिवृद्धि गरिनेछ। |
| **उद्देश्य २: संविधान प्रदत्त प्रदेशको अधिकार क्षेत्रभित्रका विषयसँग सम्बन्धित कानून निर्माण कार्यलाई प्रभावकारी बनाउनु।** | |
| २.१ प्रदेश सभामा कानून निर्माण प्रक्रियालाई सुदृढीकरण गर्ने। | २.१.१ कानून निर्माण कार्यलाई प्रभावकारी बनाउन प्रदेश सभा सदस्यको क्षमता विकासको कार्यक्रम सञ्चालन गरिनेछ।<br>२.१.२ प्रविधिको उपयोग गरी कानून निर्माण कार्यलाई छिटो, छरितो र गुणस्तरीय बनाइनेछ।<br>२.१.३ सहभागितामूलक कानून निर्माणका लागि विधेयकहरूको सार्वजनिकीकरण तथा सरोकारवालाबाट पृष्ठपोषण लिने व्यवस्था मिलाइनेछ।<br>२.१.४ खुला प्रदेशसभा बारे नागरिक बहस सञ्चालन गरिने।<br>२.१.५ प्रदेश सभा र संघीय संसदसँग सहकार्य र समन्वय गरिनेछ। |

### ७.११.६ कार्यक्रमका प्राथमिकता

१. प्रदेश सभा भवनको निर्माण गर्ने।

२. प्रदेश सभा सदस्यको कानून निर्माण क्षमता वृद्धि गर्ने।

### ७.११.७ विस्तृत कार्यक्रम

| क्र.सं. | उद्देश्य नं | रणनीति नं. | कार्यनीति नं | संकेत नं | कार्यक्रम | इकाई | आधार वर्ष २०७५/७६ | लक्ष्य २०७६/७७ | लक्ष्य २०७७/७८ | लक्ष्य २०७८/७९ | लक्ष्य २०७९/८० | लक्ष्य २०८०/८१ | योजना अवधिको जम्मा लक्ष्य | जिम्मेवार निकायहरू |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | १ | १.१ | १.१.१ | ग | प्रदेश सभा, समिति र संसदिय दल सञ्चालन गर्नका लागि भवन निर्माणका लागि जग्गा प्राप्त गर्ने । | रोपनी | | २० | | | | | २० | मुमका |
| २ | | | | ग | प्रदेश सभा, समिति र संसदीय दल सञ्चालन गर्नका लागि भवन निर्माण गर्ने । | संख्या | | | | १ | | | १ | प्रशस |
| ३ | | | | क | प्रदेश सभासद र कर्मचारीको क्षमता वृद्धि कार्यक्रम सञ्चालन गर्ने । | संख्या | | २ | ३ | ३ | २ | २ | १२ | मन्त्रालय |
| ४ | २ | २.१ | २.१.१ | क | अन्तर प्रदेश संसदीय अनुभव आदान प्रदान गर्ने । | संख्या | | | १ | १ | १ | १ | ४ | प्रशस |
| ५ | | | २.१.२ | क | प्रदेश सभा र समितिको कार्यलाई प्रभावकारी बनाउनको लागि प्रदेश सभा जनतासँग प्रत्यक्ष Video Conference व्यवस्था गर्ने । | संख्या | | १ | | | | | १ | " |
| ६ | | | | क | स्थानीय तहमा कानून निर्माण गर्न सहजीकरण गर्ने तालिम सञ्चालन गर्ने । | संख्या | | १ | १ | १ | १ | १ | ५ | मुन्याका |
| ७ | | | २.१.३ | क | कानून निर्माण र सभा सञ्चालन प्रभावकारी बनाउन राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अध्ययन, तालिम, अनुभव आदान प्रदानका लागि भ्रमण आदिको व्यवस्था गर्ने । | संख्या | | | | १ | १ | १ | ३ | प्रशस |
| | | | २.१.४ | क | खुला प्रदेशसभाबारे नागरिक बहस गर्ने । | संख्या | | | २ | २ | २ | २ | ८ | " |
| ८ | | | २.१.५ | क | प्रदेश संसद र संघीय संसदबीच अन्तरक्रिया गर्ने । | संख्या | | | | १ | | १ | २ | " |

## ७.११.८ नतिजा

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७५/७६ | उपलब्धि | | | | | योजना अवधिका उपलब्धि | पुष्ट्याइँको श्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान | प्रससं | दिविलसं | दीरालसं | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | | | | | | | |
| **प्रभाव** | **सहभागितामूलक र गुणस्तरीय कानून निर्माण गर्नका लागि प्रदेश सभा सुदृढ भएको हुने** | **प्रदेश शभाका बिषयगत समितिहरूको क्षमता सुदृढ हुने (समिति संख्या)** | **संख्या** | ४ | | ४ | | | | ४ | **प्रशस प्रतिवेदन** | **प्रशस** | | ७ | १६ | ८ | |
| **असर १** | प्रदेश सभालाई सबल, सक्षम र सुदृढ पार्न आवश्यक पूर्वाधार निर्माण भएको हुने | प्रदेश सभाका विषयगत समितिहरूको कार्यकक्ष निर्माण (कार्यकक्ष संख्या) | संख्या | | | | ४ | | | ४ | " | " | | ७ | १६ | ८ | |
| **प्रतिफल १.१** | प्रदेश सभा भवनको लागि जग्गा प्राप्त भई भवन निर्माण भएको हुने | भवन निर्माणका लागि जग्गा प्राप्ति | रोपनी | | २० | | | | | २० | " | " | नेपाल सरकारको सहयोग हुने | ७ | १६ | ८ | |
| | | भवन निर्माण | संख्या | | | | १ | | | १ | " | " | | ७ | १६ | ८ | |
| **प्रतिफल १.२** | प्रदेश समन्वय परिषदमा संघीयता कार्यान्वयन बारे छलफल भई कार्यान्वयन प्रणाली सुदृढ भएको हुने | प्रदेश समन्वय परिषद्मा छलफल | संख्या | | २ | २ | २ | २ | २ | १० | " | " | | ७ | १६ | ८ | |
| **असर २** | संविधान प्रदत्त प्रदेशको अधिकार क्षेत्रभित्रका विषयसँग सम्बन्धित कानून निर्माण कार्य प्रभावकारी भएको हुने | प्रदेश शभाको विधायन समिति सुदृढ हुने | संख्या | १ | १ | | | | | १ | " | " | | ७ | १६ | ८ | |
| **प्रतिफल २.१** | कानून निर्माण कार्यलाई प्रभावकारी बनाउन प्रदेश सभा सदस्य र कर्मचारीको क्षमता विकास भएको हुने | क्षमता विकासको कार्यक्रम सञ्चालन | संख्या | २ | २ | ३ | ३ | २ | २ | १२ | " | " | | ७ | १६ | ८ | |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७५/७६ | उपलब्धि २०७६/७७ | उपलब्धि २०७७/७८ | उपलब्धि २०७८/७९ | उपलब्धि २०७९/८० | उपलब्धि २०८०/८१ | योजना अवधिका उपलब्धि | पुष्ट्याइँको श्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान | प्रससं | द्विविसं | दीरासं | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **प्रतिफल** २.२ | कानून निर्माण कार्य छिटो, छरितो र गुणस्तरीय भएको हुने | अन्तर प्रदेश संसदीय अनुभवको आदानप्रदान | संख्या | | | १ | १ | १ | १ | ४ | प्रशस प्रतिवेदन | प्रशस | | ७ | १६ | ८ | |
| **प्रतिफल** २.३ | सहभागितामूलक कानून निर्माणका लागि विधेयकहरूको सार्वजनिकीकरण तथा सरोकारवालाबाट पृष्ठपोषण लिने व्यवस्था भएको हुने | जनतासँग प्रत्यक्ष Video Conference को व्यवस्था | संख्या | | १ | | | | | १ | " | " | | ७ | १६ | ८ | |
| | | खुला प्रदेशसभा बारे नागरिक बहस | संख्या | | | २ | २ | २ | २ | ८ | " | " | | ७ | १६ | ८ | |
| **प्रतिफल** २.४ | स्थानीय तह कानून निर्माण गर्न सक्षम भएका हुने | स्थानीय तहका विधायकलाई कानून तर्जुमा तालिम | संख्या | | १ | १ | १ | १ | १ | ५ | " | " | | ७ | १६ | ८ | |
| **प्रतिफल** २.५ | प्रदेशसभाका सदस्य र कर्मचारीले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अध्ययन भ्रमण गरी कानून निर्माणमा ज्ञान आर्जन गरेको हुने । | अध्ययन भ्रमणको संख्या | संख्या | | | | १ | १ | १ | ३ | " | " | | ७ | १६ | ८ | |
| **प्रतिफल** २.६ | प्रदेश सभा र संघीय संसदसँग सहकार्य र समन्वय भएको हुने | संघीय सांसद र प्रदेश सभाका सांसदबिच अन्तरक्रिया | संख्या | | | | १ | | १ | २ | " | " | संघीय संसदको सहयोग हुने | ७ | १६ | ८ | |
| **लगानी: वार्षिक कार्यक्रम तथा बजेट, कानून निर्माण सम्बन्धमा क्षमता बृद्धि कार्यक्रम, सञ्चार उपकरण, तालिम, अन्तरक्रिया आदि** | | | | | | | | | | | | | | | | | |

# परिच्छेद ८
# अन्तरसम्बन्धित विषय

## ८.१ गरिबी निवारण

### ८.१.१ पृष्ठभूमि

गरिबी शब्दले नागरिकको दैनिक जीवनयापन गर्नका लागि आधारभूत आवश्यकताहरूको परिपूर्ति गर्न कठिनाई हुनु, नागरिकहरूको अवसर एवम् मौकाहरूमा पहुँच नहुनु साथै मानवीय मर्यादा कायम नहुनुलाई बुझाउँदछ। नेपालमा सम्वत् २०६८ को जीवन मापन सर्भेक्षणले वार्षिक रु. १९,२६१ नकमाउने व्यक्तिलाई निरपेक्ष गरिब भनी परिभाषित गरेको र यही परिभाषा हालसम्म कायम छ। गण्डकी प्रदेशमा हाल १४.९१ प्रतिशत जनता निरपेक्ष गरिबीको रेखामुनि रहेका छन्। दिगो विकास लक्ष्य १ ले सबै प्रकार र रुपका गरिबीको अन्त्य गर्ने लक्ष्य लिएको र नेपालले त्यसप्रति प्रतिबद्धता जाहेर गरेको छ। प्रदेशको अपेक्षा सबै प्रकारका गरिबीको अन्त्य गरी समृद्ध प्रदेश स्थापित गर्नु हो। त्यसका लागि प्रदेशका प्राकृतिक स्रोत साधनको पहिचान, आँकलन एवम् प्राकृतिक सम्पदाको ह्रास नहुने गरी महत्तम उपभोग गर्दै प्रदेशको आर्थिक स्तर उकास्नु, प्रदेशमा उपलव्ध स्रोत तथा साधनहरूको समन्वायिक पहुँच विस्तार गर्नु आवश्यक देखिएको छ। हरेक परिवारमा पूर्ण रोजगार सिर्जना गर्न भूमि, पुँजी र श्रमसँगको सम्बन्ध स्थापना गर्न आवश्यक देखिएको छ। यस कार्यको लागि तीनै तहका सरकारहरूले कार्यान्वयन गर्ने कार्यक्रमहरूबीच समन्वय र सहकार्य गर्दै सरकारी, सहकारी, सामुदायिक, निजी एवम् गैरसरकारी क्षेत्रहरूबीच आपसमा समन्वयात्मक भूमिका निर्वाह हुनु आवश्यक छ।

### ८.१.२ प्रमुख समस्या

वास्तविक गरिबको पहिचान हुन नसक्नु, राज्यको स्रोत साधनमा गरिबको पहुँच पुग्न नसक्नु, कृषि क्षेत्र निर्वाहमुखी हुनु, कृषियोग्य जमिन खण्डीकृत हुनु, विप्रेषणलाई उत्पादनसँग जोड्न नसक्नु, गरिब लक्षित कार्यक्रम कार्यान्वयनमा समावेशिताको सिद्धान्त आकर्षित हुँदै वास्तविक गरिबसम्म पुग्न नसक्नु, बौद्धिक पलायन रोक्न नसक्नु, श्रमको सम्मान हुने वातावरण सिर्जना हुन नसक्नु, युवाहरू अर्धरोजगार हुनु गरिबी निवारणका प्रमुख समस्याहरू हुन्।

### ८.१.३ चुनौती र अवसर

**चुनौती**

प्रदेशभित्र वास्तविक गरिबहरू पहिचान गरी गरिब लक्षित कार्यक्रमहरू सञ्चालन गर्नु, प्रदेशभित्र प्रचुर सम्भावनाको रुपमा रहेका पर्यटन कृषि, उद्योग र खेलकुद क्षेत्रलाई आधुनिकीकरण र व्यावसायीकरण गर्नु, उत्पादित वस्तु तथा सेवाको गुणस्तर कायम गर्दै प्रदेशको आवश्यकता पूरा गरी निर्यात गर्न सक्षम बन्दै गरिबीको अन्त्य गर्नु चुनौती रहेको छ।

**अवसर**

देश संघीय व्यवस्थामा रुपान्तरण भएसँगै राजनीतिक स्थायित्व, शान्ति सुव्यवस्था कायम हुनु, गरिबी निवारण गर्ने विषय तीनै तहका सरकारको प्राथमिकतामा पर्नु, प्रदेश सरकारले आर्थिक गरिबी निवारणका लागि एक स्थानीय तह एक औद्योगिक ग्राम स्थापनाको सम्भाव्यता अध्ययन अगाडि बढाउनु, परम्परागत ज्ञान, स्थानीय सीप, प्रविधि र कच्चा पदार्थमा आधारित साना तथा लघु उद्योगलाई प्रवर्द्धन गरेमा स्थानीय स्तरमा नै रोजगारीका अवसरहरू सिर्जना हुनु, गण्डकी प्रदेश प्राकृतिक, धार्मिक, साँस्कृतिक विविधताले सजिएको हुँदा पर्यटन क्षेत्रको विकास र विस्तारका कार्यक्रमहरू तर्जुमा गरी आन्तरिक एवम् बाह्य पुँजी भित्र्याउन सकिने प्रशस्त सम्भावना रहनु पनि अवसरका रुपमा लिन सकिन्छ।

### ८.१.४ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

**सोच**

एकीकृत् विकास, गरिबी निवारण र समृद्ध प्रदेशको निर्माण ।

**लक्ष्य**

सबै प्रकारका गरिबी न्यूनीकरण गर्ने ।

**उद्देश्य**

१. गरिबी निवारणलाई सबै विकास कार्यक्रममा एकीकृत् गर्नु ।

२. राज्यका स्रोत साधनहरूलाई गरिब लक्षित बनाई गरिबहरूको पहुँच विस्तार गर्नु ।

### ८.१.५ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १: गरिबी निवारणलाई सबै विकास कार्यक्रममा एकीकृत् गर्नु ।** | |
| १.१ गरिबी निवारणलाई प्रदेशका सबै विकास निर्माणमा एकीकृत् गर्ने । | १.१.१ प्रदेश सरकारवाट लगानी हुने सबै विकास आयोजनाहरूमा गरिबी निवारणलाई प्राथमिकता दिई एकीकृत् गरिनेछ । |
| १.२ प्रदेशमा रहेका वास्तविक गरिबहरूको पहिचानगरी विवरण अद्यावधिक गर्ने। | १.२.१ संघ र स्थानीय तहसँगको समन्वयमा गरिबको वर्ग पहिचान गरी परिचयपत्र प्रदान गरिनेछ ।<br>१.२.२ गरिबहरूको विवरण अद्यावधिक गरिनेछ । |
| १.३ उत्पादनमूलक रोजगारीका अवसरहरूको वृद्धि गर्ने । | १.३.१ गरिबी निवारणका लागि स्थानीय स्तरमा उपलब्ध रैथाने ज्ञान, सीप, पेशा एवम् व्यवसायको पहिचान गरिनेछ ।<br>१.३.२ स्थानीय स्तरमा सञ्चालित पेशा व्यवसायबाट उत्पादित वस्तुहरूलाई राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय बजारमा निर्यात गर्ने व्यवस्था मिलाइनेछ ।<br>१.३.३ प्रदेशमा भित्रिने विप्रेषणलाई रोजगारी सिर्जना र लघु उद्यम सञ्चालन गर्न प्रोत्साहन गरिनेछ ।<br>१.३.४ परिवारको आम्दानीलाई बचत र बचतलाई लगानीमा परिणत गर्न स्थानीय तहमा वित्तीय संस्थाहरू विस्तार गरिनेछ ।<br>१.३.५ उद्यमी बन्न चाहने गरिबहरूलाई सहुलियत दरमा ऋण उपलब्ध गराइनेछ ।<br>१.३.६ ग्रामीण क्षेत्रमा घरबास सञ्चालन अनुदानमा परिचय पत्रको आधारमा गरिब परिवारलाई प्राथमिकता दिइनेछ । |
| **उद्देश्य २: राज्यका स्रोत साधनहरूलाई गरिब लक्षित बनाई गरिबहरूको पहुँच विस्तार गर्नु ।** | |
| २.१ प्रदेश स्तरीय गरिबी निवारण नीति तर्जुमा गरी स्रोत साधनमा गरिबहरूको पहुँच विस्तार गर्ने । | २.१.१ गरिबी निवारण कार्यक्रमलाई व्यवस्थित गर्न गरिबी निवारण नीति तर्जुमा गरिनेछ ।<br>२.१.२ प्रदेश स्तरमा कार्यान्वयन हुने योजना तथा कार्यक्रमहरू तर्जुमा गर्दा गरिबी निवारणलाई उच्च प्राथमिकता प्रदान गरिनेछ ।<br>२.१.३ प्रदेश र स्थानीय तहमा सञ्चालन हुने शिक्षा, स्वास्थ्य, खानेपानी, आवास, सामाजिक न्याय, सूचनाको उपलब्धता जस्ता आधारभूत सेवामा सबैको पहुँच सुनिश्चित गर्न समन्वय एवम् सहकार्य गरिनेछ ।<br>२.१.४ उद्यमशीलता विकास गर्नका लागि समयको माग र बजार अनूकुल हुने सीप विकास कार्यक्रम सञ्चालन गरिनेछ । सीपयुक्त जनशक्तिलाई गरिब परिचयपत्रको आधारमा सहुलियत दरमा ऋण प्रदान गरिनेछ ।<br>२.१.५ परिचयपत्रको आधारमा निःशुल्क स्वास्थ्य सेवा उपलब्ध गराइनेछ ।<br>२.१.६ पोषणको अभावमा कुपोषित बालबालिकाहरूको समस्या समाधान गर्न बहुक्षेत्रीय पोषण कार्यक्रमलाई निरन्तरता दिइनेछ । |

### ८.१.६ कार्यक्रमका प्राथमिकता

१. स्थानीय तहमा गरिब घरपरिवार पहिचान गर्ने ।

२. सार्वजनिक क्षेत्रको सहयोग कार्यक्रममा गरिबहरूलाई प्राथमिकता दिने ।

### ८.१.७ विस्तृत कार्यक्रम

| क्र.सं. | उद्देश्य नं | रणनीति नं | कार्यनीति नं | संकेत नं. | कार्यक्रम | इकाई | आधार वर्ष २०७५/७६ | लक्ष्य २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | योजना अवधिको जम्मा लक्ष्य | जिम्मेवार निकायहरू |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | १ | १.१ | १.१.१ | क | विकास कार्यक्रमहरूमा गरिबहरूको पहुँच वृद्धि गर्ने | प्याकेज | | | १ | निरन्तर | निरन्तर | निरन्तर | १ | सबै मन्त्रालय |
| २ | | १.२ | १.२.१ | ग | गरिब परिचय पत्रको वितरण | प्याकेज | | | तयारी | तयारी | १ | निरन्तर | १ | साविम र नेपाल सरकार |
| ३ | | | १.२.२ | क | गरिब परिवारको GIS सहितको तथ्याङ्क संकलन तथा अद्यावधिक गर्ने (जिल्ला) | संख्या | | | ११ | निरन्तर | निरन्तर | निरन्तर | ११ | नियोआ |
| ४ | | १.३ | १.३.१ | ख | स्थानीय सीपको प्रोफाइल तयार गरी निरन्तरताको लागि सहयोग | संख्या | | | | १ | | | १ | पालिका/प्रनियोआ |
| ५ | | | १.३.२ | ख | स्थानीय उत्पादन शहरी क्षेत्रमा निर्यात गर्ने व्यवस्था गर्ने (पालिका) | संख्या | ३ | ५ | २० | ३० | २५ | २ | ८२ | भूकृसम/स्थानीय तह |
| ६ | | | १.३.३ | क | विप्रेषणलाई उत्पादनमूलक क्षेत्रमा लगानी आकर्षित गर्ने नीति निर्माण र कार्यन्वयन | संख्या | | | | १ | निरन्तर | निरन्तर | १ | मुमका |
| ७ | | | १.३.४ | ग | स्थानीय तहमा वित्तीय संस्थाको पहुँच वृद्धि गर्ने | संख्या | ५७८ | १० | १० | १० | १० | १० | ५० | निजी क्षेत्र |
| ८ | | | १.३.५ | क | उद्यम खोल्ने गरिबहरूलाई सहुलियत दरमा कृषि ऋण उपलब्ध गराउने | प्याकेज | | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १ | भूकृसम |
| ९ | | | १.३.६ | क | नयाँ घरबास सञ्चालन गर्दा गरिब समूहलाई प्राथमिकता दिने | संख्या | ३४२ | ३१ | ३१ | | | | ६२ | उपववम |
| १० | २ | २.१ | २.१.१ | ग | गरिबी निवारण नीति निर्माण गर्ने | संख्या | | | | १ | | | १ | साविम |
| ११ | | | २.१.२ | क | १.१.१को कार्यक्रमले समेट्ने | | | | | | | | | |
| १२ | | | २.१.३ | क | गरिबलाई सामाजिक सेवा ईकाई मार्फत् सहुलियत दरमा स्वास्थ्य सेवा उपलब्ध गराउने | प्याकेज | | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १ | " |
| | | | | क | छात्रवृत्ति वितरण गर्दा गरिबलाई प्राथमिकता दिने | प्याकेज | | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १ | " |
| १३ | | | २.१.४ | | कार्यनीति १.३.५ ले समेट्ने | | | | | | | | | |
| १४ | | | २.१.५ | | कार्यनीति २.१.३ ले समेट्ने | | | | | | | | | |
| | | | २.१.६ | क | कुपोषित बालबालिकाको लागि बहुक्षेत्रीय पोषण कार्यक्रम सञ्चालन (पोषण क्षेत्रमा समावेश) | | | | | | | | | |

## ८.१.८ नतिजा

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७५/७६ | उपलब्धि | | | | | योजना अवधिका उपलब्धि | पुष्ट्याइँको श्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान | प्रसंस संकेत | दीगोल संकेत | दीविल संकेत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | | | | | | | |
| **प्रभाव** | **सबै प्रकारका गरिबी न्यूनीकरण भएको हुने** | **राष्ट्रिय गरिबीको रेखामुनि रहेका जनसंख्याको अनुपात** | **प्रतिशत** | **ज्ञद्ध.ढज्ञ** | | | | | **ठ.द्धज्ञ** | **ठ.छ** | **सर्वेक्षण** | **साविम** | | ६ | ५ | १ | |
| | | **बहुआयामिक गरिबी सूचकाक्त** | **प्रतिशत** | **ज्ञद्ध.द्द** | | | | | **ट.ठ** | **ठ.छ** | " | " | | ६ | ५ | १ | |
| | | **PPP मूल्यमा प्रतिदिन १.९ अमेरिकी डलरभन्दा कम आम्दानी गर्ने रोजगारहरूको अनुपात** | **प्रतिशत** | **ज्ञज्ञ.ड** | | | | | **५** | **६.८** | " | " | | ६ | ५ | १ | |
| **असर १** | गरिबी निवारणलाई सबै विकास कार्यक्रममा एकीकृत् गर्ने व्यवस्था भएको हुने | रोजगारीका अवसर हरूको वृद्धि भएको हुने | प्रतिशत | | | | | | | | अध्ययन प्रतिवेदन | साविम र सम्बन्धित मन्त्रालय | | ६ | ५ | १ | |
| **प्रतिफल १.१** | प्रदेश सरकारवाट लगानी हुने सबै विकास आयोजनाहरूमा गरिबी निवारणले प्राथमिकता पाएको हुने | विकास कार्यक्रमहरूमा गरिबहरूको पहुँच वृद्धि हुने | प्रतिशत | ० | ० | ४० | ५० | ६० | ७० | ७० | " | साविम र सम्बन्धित मन्त्रालय | | ६ | ५ | १ | |
| **प्रतिफल १.२** | गरिबको वर्ग पहिचान भई परिचयपत्र प्रदान भएको हुने | गरिब परिचयपत्रको वितरण | प्रतिशत | ० | ० | तयारी | ५० | ७५ | १०० | १०० | प्रगति प्रतिवेदन | साविम र संमूव्यास | संघ र स्थानीय तहसँग समन्वय हुने | ६ | ५ | १ | |
| **प्रतिफल १.३** | गरिबहरूको विवरण अद्यावधिक भएको हुने | गरिब घरपरिवारको GIS सहितको तथ्याङ्क संकलन तथा अद्यावधिकीकरण भएका जिल्ला | संख्या | ० | ० | ११ | ० | अध्यावधिक गर्ने | अध्यावधिक गर्ने | ११ | " | प्रनियोआ | | ६ | ५ | १ | |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७५/७६ | उपलब्धि | | | | | योजना अवधिका उपलब्धि | पुष्ट्याइँको श्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान | प्रसस संकेत | दीराल संकेत | दीविल संकेत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | | | | | | | |
| **प्रतिफल** १.४ | गरिबी निवारणका लागि स्थानीय स्तरमा उपलब्ध रैथाने ज्ञान, सीप, पेशा एवम् व्यवसायको पहिचान भएको हुने | स्थानीय सीपको प्रोफाइल तयार | संख्या | | | | १ | | | १ | अध्ययन प्रतिवेदन | प्रनियोआ / भुव्यिक्रस्म | | ६ | ५ | १ | |
| **प्रतिफल** १.५ | स्थानीय स्तरमा सञ्चालित पेशा व्यवसायबाट उत्पादित वस्तुहरूलाई राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय बजारमा निर्यात गर्ने व्यवस्था भएको हुने | स्थानीय उत्पादन शहरी क्षेत्रमा निर्यात गर्ने व्यवस्था गर्ने (पालिका) | संख्या | ३ | ५ | २० | ३० | २५ | २ | ८२ | प्रगति प्रतिवेदन | भूव्यकृसम/ साविम | | ६ | ५ | १ | |
| **प्रतिफल** १.६ | प्रदेशमा भित्रिने विप्रेषणलाई रोजगारी सिर्जना र लघु उद्यम सञ्चालन गर्न नीति बनेको हुने | विप्रेषणलाई उत्पादनमूलक क्षेत्रमा लगानी आकर्षित गर्ने नीतिको निर्माण | संख्या | | | १ | | | | १ | ” | भूव्यकृसम, साविम, उपववाम | | ६ | ५ | १ | |
| **प्रतिफल** १.७ | स्थानीय तहमा वित्तीय संस्थाहरूको विस्तार भएको हुने | स्थानीय तहमा वित्तीय संस्थाको विस्तार तथा बचत कार्यक्रम सञ्चालन | संख्या | | १० | १० | १० | १० | १० | ५० | सर्वेक्षण | निजी क्षेत्र | | ६ | ५ | १ | |
| **प्रतिफल** १.८ | उद्यमी बन्न चाहने गरिबहरूलाई सहुलियत दरमा ऋण उपलब्ध भएको हुने | सहुलियत दरमा ऋण प्राप्त गर्ने गरिब उद्यमीको संख्या | संख्या | | | २०० | २०० | ३०० | ३०० | १००० | अध्ययन प्रतिवेदन | भूव्यकृसम/ साविम | | ६ | ५ | १ | |
| **प्रतिफल** १.९ | ग्रामीण क्षेत्रमा घरबास सञ्चालन अनुदानमा परिचय पत्रको आधारमा गरिब परिवारले प्राथमिकता पाएको हुने | नयाँ घरबास सञ्चालनको प्राथमिकतामा परेका गरिब समूह | संख्या | | ५ | ५ | ५ | ५ | ५ | २५ | प्रतिवेदन | उपववाम | | ६ | ५ | १ | |
| **असर** २ | राज्यका स्रोतसाधनहरू गरिब लक्षित भई गरिबहरूको पहुँच विस्तार भएको हुने | श्रोतको बाडफाँड गरिब लक्षित हुने (श्रोतको प्रतिशत) | प्रतिशत | | | | | | | | अध्ययन प्रतिवेदन | ” | | ६ | ५ | १ | |
| **प्रतिफल** २.१ | गरिबी निवारण कार्यक्रमलाई व्यवस्थित गर्न गरिबी निवारण नीति तर्जुमा भएको हुने | गरिबी निवारण नीति तथा कानूनको निर्माण | संख्या | | | १ | | | | १ | प्रगति प्रतिवेदन | साविम | | ६ | ५ | १ | |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७५/७६ | उपलब्धि २०७६/७७ | उपलब्धि २०७७/७८ | उपलब्धि २०७८/७९ | उपलब्धि २०७९/८० | उपलब्धि २०८०/८१ | योजना अवधिका उपलब्धि | पुष्ट्याईंको श्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान | प्रसंग संकेत | दीगल संकेत | दीविल संकेत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **प्रतिफल** २.२ | प्रदेश र स्थानीय तहमा कार्यान्वयन हुने योजना तथा कार्यक्रमहरू तर्जुमा गर्दा एवम् आधारभूत सेवामा गरिबी निवारणले उच्च प्राथमिकता पाएको हुने | छात्रवृत्ति प्राप्त गर्ने गरिब विद्यार्थीको संख्या | संख्या | | | | | | | | प्रगति प्रतिवेदन | साविम | सरोकारवाला हरूसँग समन्वय एवम् सहकार्य हुने | ६ | ५ | १ | |
| | | आवास निर्माणको लागि बिना धितो ऋणमा ब्याज छुट पाउने गरिब परिवार (जिल्ला) | संख्या | | | तयारी | ४ | ४ | ३ | ११ | " | साविम/ भौपूविम | | ६ | ५ | १ | |
| | | सामूहिक खेती प्रणालीमा आवद्ध गरिब परिवार | प्रतिशत | ० | ० | तयारी | १० | ३० | ३० | ७० | " | भूकृसम | | ६ | ५ | १ | |
| **प्रतिफल** २.३ | समयको माग र बजार अनूकुल हुने सीप विकास कार्यक्रमको सञ्चालन भएको हुने र सीपयुक्त जनशक्तिलाई गरिब परिचयपत्रको आधारमा सहुलियत दरमा ऋण प्रदान भएको हुने | सहुलियत दरमा ऋण गरिब उद्यमी (युवा स्वरोजगारसँग जोड्ने) | प्रतिशत | ० | ० | तयारी | १० | ३० | ३० | ७० | " | " | | ६ | ५ | १ | |
| **प्रतिफल** २.४ | परिचयपत्रको आधारमा निःशुल्क स्वास्थ्य सेवा उपलब्ध भएको हुने | सामाजिक सेवा ईकाई मार्फत् सहुलियत दरमा स्वास्थ्य सेवा उपलब्ध गरिब घरपरिवार | प्रतिशत | | | ४० | ६० | ८० | १०० | १०० | प्रगति प्रतिवेदन | साविम/ भौपूविम | | ६ | ५ | १ | |
| **प्रतिफल** २.५ | पोषणको अभावमा कुपोषित बालबालिकाहरूको समस्या समाधान गर्न बहुक्षेत्रीय पोषण कार्यक्रम निरन्तरता चलेको हुने | बहुक्षेत्रीय पोषण कार्यक्रम सञ्चालन भएका जिल्ला | संख्या | १ | १ | | | | | ११ | " | साविम | | ६ | ५ | १ | |
| **लगानीः जनशक्ति, पुँजी, प्रविधि, उत्पादनका सामग्री, क्षमता वृद्धि तालिम, रोजगार, स्वरोजगार** | | | | | | | | | | | | | | | | | |

## ८.२ उद्यमशीलताको विकास

### ८.२.१ पृष्ठभूमि

भूमि, पुँजी र श्रम उत्पादनका मुख्य तत्व हुन् भने उद्यमशीलता उत्पादन प्राप्त गर्ने सीप हो । परनिर्भर अर्थतन्त्रबाट सानो स्तरमा भएपनि आत्मनिर्भर बन्न उद्यमशीलताले मद्दत पुऱ्याउँछ । सिर्जनशिल सोच, उपयुक्त वातावरण र सामूहिकताबाट उद्यमशीलताको विकास गर्न सकिन्छ । उद्यमशीलता सामान्य जस्तो लागे पनि यसले देशको अर्थतन्त्रलाई मजबुत बनाउन सहयोग गर्दछ । खासमा उद्यमशीलता स्वरोजगार हुने एक सोच र कार्य हो ।

### ८.२.२ प्रमुख समस्या

सार्वजनिक क्षेत्रले सञ्चालन गर्ने तालिम कार्यक्रमलाई उद्यमसँग जोड्न नसक्नु, उद्यमीहरूलाई शुरु गरेको उद्यममा टिकाइ राख्ने वातावरण जस्तै सम्मान र प्रोत्साहनको अभाव हुनु, बजारको सहज पहुँच नहुनु, वितीय क्षेत्रबाट गरिने लगानी उद्यम विकास गर्नमा कम हुनु आदि यस क्षेत्रका प्रमुख समस्याहरू हुन् ।

### ८.२.३ चुनौती र अवसर

**चुनौती**

तालिममा सिकेको सीपलाई उद्यमसँग आबद्ध गराउनु, उद्यमीहरूलाई वित्तीय पहुँच बढाउनु, उद्यमीहरूले नयाँ प्रविधिहरूको प्रयोग गर्नु, लगानी बढाउनु, नाफामूलक क्षेत्रको पहिचान गर्नु, उद्यमशील साँस्कृतिको विकास गर्नु उद्यमीले उत्पादन गरेका वस्तुहरू बजारमा प्रतिस्पर्धा गर्न नसक्नु आदि उद्यम विकासका चुनौतीहरू हुन् ।

**अवसर**

बैंक तथा वित्तीय संस्थाका शाखाहरू प्रदेशका सबैजसो स्थानीय तहमा पुग्नु, उद्यमशील संस्कृति क्रमिक रुपमा विकास हुँदै जानु, ब्यक्तिहरू उद्यमशील हुन प्रयत्न गर्नु तथा आकर्षित हुनु, उद्यमीहरूवीचको एकता कायम हुनु, सक्रिय उमेरको जनसंख्याको अनुपात बढी हुँदै जान, अर्थतन्त्र सुदृढीकरणमा साना तथा मझौला उद्योगको योगदान बृद्धि हुँदै जानु उद्यमशीलता विकासका लागि अवसरहरू हुन् ।

### ८.२.४ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

**सोच**

उद्यमशील संस्कृति र प्रदेशको औद्योगिकीकरण ।

**लक्ष्य**

नयाँ सीपको विकास र प्रविधिको प्रयोग गरी उद्यमशीलताको विकास गर्ने ।

**उद्देश्य**

१. नागरिकमा उद्यमशीलताको विकास गरी प्रदेशमा औद्योगिकीकरण गर्नु ।

### ८.२.५ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १: नागरिकमा उद्यमशीलताको विकास गरी प्रदेशमा औद्योगिकरण गर्नु।** | |
| १.१ उद्यमशीलताको विकास गर्न नीतिगत तथा संस्थागत सहजीकरण गर्ने। | १.१.१ विश्वविद्यालयमा उद्यमशीलताको पढाइ शुरु गर्न प्रोत्साहन गरिनेछ।<br>१.१.२ साना व्यवसायहरूमा कर्जा लगानी गर्न बैंक, वित्तीय संस्था र सहकारीहरूलाई प्रोत्साहन गरिनेछ।<br>१.१.३ उद्यमीहरूको जोखिम कम गर्न बीमा कार्यक्रमको विस्तार गरिनेछ।<br>१.१.४ नयाँ ज्ञान, सीप र प्रविधिको प्रयोगमा उद्यमीको पहुँच विकास गरिनेछ। |
| १.२ उद्यम सञ्चालन गर्दा नवीन र वातावरणमैत्री प्रविधिको प्रयोग गर्न प्रोत्साहन गर्ने। | १.२.१ उद्योग सञ्चालनमा युग सुहाँउदो वातावरणमैत्री प्रविधिको प्रयोग गर्न प्रोत्साहन गरिनेछ।<br>१.२.२ परम्परागत सीपको प्रयोग गर्ने उद्यमीलाई संरक्षण र प्रोत्साहन दिइनेछ।<br>१.२.३ प्रतिभामुखी उद्यमीको खोजी तथा सम्मान गरिनेछ।<br>१.२.४ आफ्नै उत्पादन बिक्री गरी धेरै कर तिर्ने उद्यमीलाई पुरस्कृत गरिनेछ। |

### ८.२.६ कार्यक्रमका प्राथमिकता

१. महाविद्यालय र विश्वविद्यालयमा नवप्रवर्तन केन्द्र (Incubation Centre) स्थापना र सञ्चालन गर्ने।

२. युवाहरूलाई शैक्षिक र गैरशैक्षिक उद्यमशील शिक्षाको व्यवस्था गर्ने।

३. युवालक्षित उद्यम स्थापना र सञ्चालन कार्यक्रम कार्यान्वयन गर्ने।

## ८.२.७ विस्तृत कार्यक्रम

| क्र.सं. | उद्देश्य नं. | रणनीति नं. | कार्यनीति नं. | संकेत | कार्यक्रम | इकाई | आधार वर्ष २०७५/७६ | लक्ष्य | | | | | योजना अवधिको जम्मा लक्ष्य | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | |
| १ | २ | १.१ | १.१.१ | ग | उद्यमशीलता विकासको पाठ्यक्रम विकास गरी पढाई सञ्चालन (पोखरा विश्वविद्यालय) | प्याकेज | पाठ्यक्रम विकास | पढाई सञ्चालन | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १ | पोखरा वि.वि |
| | | | १.१.१ | ग | महाविद्यालय र विश्वविद्यालयमा नव प्रवर्तन केन्द्र (Incubation Center) स्थापना र सञ्चालन | संख्या | | | २ | २ | ३ | ३ | १० | साविम, उपववाम मुमका |
| २ | | | १.१.२ | क | साना उद्यमी व्यावसायी कर्जा अनुदान कार्यक्रम सञ्चालन | प्याकेज | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १ | " |
| | | | १.१.३ | ग | उद्यम बीमा कार्यक्रम विस्तार | प्याकेज | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १ | " |
| ३ | | | १.१.४ | क | उद्यममा नयाँ प्रविधि प्रयोगको लागि प्रोत्साहन | प्याकेज | | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १ | " |
| ४ | | १.२ | २.१.१ | ख | वातावरण मैत्री प्रविधि प्रयोगको लागि प्रोत्साहन | प्याकेज | | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १ | " |
| ५ | | | २.१.२ | क | परम्परागत सीपको खोज र प्रयोगका लागि उद्यमी प्रोत्साहन | प्याकेज | | | १ | निरन्तर | निरन्तर | निरन्तर | १ | साविम/मुमका |
| | | | २.१.३ | क | नया प्रविधि खोज र अनुसन्धान गर्ने प्रतिभावान् विज्ञ तथा उद्यमी सम्मान गर्ने | प्याकेज | | | १ | | | | १ | " |
| ६ | | | २.१.४ | क | आफै उत्पादन गर्ने र उच्च मूल्य शृंखलामा सहभागी उद्यमी पुरस्कृत गर्ने | प्याकेज | | | १ | | | | १ | " |

## ८.२.८ नतिजा

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७५/७६ | उपलब्धि २०७६/७७ | उपलब्धि २०७७/७८ | उपलब्धि २०७८/७९ | उपलब्धि २०७९/८० | उपलब्धि २०८०/८१ | योजना अवधिका उपलब्धि | पुष्ट्याइँको श्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान | प्रसं संकेत | दीराल संकेत | दीविल संकेत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **प्रभाव** | **नयाँ सीपको विकास र प्रविधिको प्रयोग गरी उद्यमशीलताको विकास भएको हुने** | **वेरोजगारी कम हुने** | **प्रतिशत** | ९ | | | | | ४ | ५ | **श्रम सर्वेक्षण प्रतिवेदन** | **साविम, उपववाम, मुमका** | | ४ | २ | ९ | |
| | | **बजारको विस्तार हुने (नयाँ बजार केन्द्रको स्थापना)** | **संख्या** | | | | | | | | **प्रभाव मूल्यांकन प्रतिवेदन** | **उपववाम** | | ४ | २ | ९ | |
| | | **कुल ग्राहयस्थ्य उत्पादनमा वृद्धि हुने** | | | | | | | | | " | " | | ४ | २ | ९ | |
| **असर १** | नागरिकमा उद्यमशीलताको विकास भई प्रदेशमा औद्योगिकीकरण भएको हुने | प्रदेशमा साना तथा मझौला उद्योगहरूको स्थापना भएको हुने | संख्या | | | | | | | | अध्ययन प्रतिवेदन | " | | ४ | २ | ९ | |
| | | प्रदेशमा औद्योगिक ग्रामको स्थापना हुने | संख्या | | १३ | | | | ५१ | ५१ | प्रभाव मूल्यांकन प्रतिवेदन | " | | ४ | २ | ९ | |
| **प्रतिफल १.१** | विश्वविद्यालयमा उद्यमशीलताको पढाइ शुरु भएको हुने | उद्यमशीलाता विकासको पाठयक्रम विकास भई पढाई सञ्चालन | संख्या | पाठ्यक्रम विकास | पढाई सञ्चालन | पढाई सञ्चालन | पढाई सञ्चालन | पढाई सञ्चालन | पढाई सञ्चालन | १ | प्रतिवेदन | पोखरा विश्व विद्यालय | | ४ | २ | ९ | |
| | | महाविद्यालय र विश्वविद्यालयमा नव प्रवर्तन केन्द्र (Incubation Center) संख्या | संख्या | | | २ | २ | ३ | ३ | १० | " | उपववाम | | ४ | २ | ९ | |
| **प्रतिफल १.२** | साना व्यावसायहरूमा कर्जा लगानी गर्न बैंक, वित्तीय संस्था र सहकारीहरू ईच्छुक भएको हुने | कर्जा अनुदान कार्यक्रमले समेटेका साना उद्यमी व्यवसायी र कार्यक्रम | संख्या | | | | | | | | राष्ट्र बैंकको प्रगति प्रतिवेदन | " | | ४ | २ | ९ | |
| **प्रतिफल १.३** | उद्यमीहरूको जोखिम कम गर्न बीमा कार्यक्रमको विस्तार भएको हुने | उद्यम बीमामा संलग्न उद्यमिको संख्या | संख्या | | | | | | | | प्रगति प्रतिवेदन | " | | ४ | २ | ९ | |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७५/७६ | उपलब्धि | | | | | योजना अवधिका उपलब्धि | पुष्ट्याईको श्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान | प्रसंग संकेत | दीगोल संकेत | दीविल संकेत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | | | | | | | |
| **प्रतिफल १.४** | नयाँ ज्ञान, सीप र प्रविधिको प्रयोगमा उद्यमीको पहुँच विकास भएको हुने | उद्यममा नयाँ प्रविधि प्रयोगका लागि अनुदान प्राप्त गर्ने उद्यमीको संख्या | संख्या | | | | | | | | उपववामको प्रगति प्रतिवेदन | उपववाम | | ४ | २ | ९ | |
| **प्रतिफल १.५** | उद्योग सञ्चालनमा युग सुहाँउदो वातावरणमैत्री प्रविधिको प्रयोग भएको हुने | प्रयोग भएको वातावरणमैत्री प्रविधि नाम र संख्या | संख्या | | | | | | | | आध्ययन प्रतिवेदन | " | | ४ | २ | ९ | |
| **प्रतिफल १.६** | परम्परागत सीपको प्रयोग गर्ने उद्यमीले संरक्षण र प्रोत्साहन पाएको हुने | परम्परागत सीपको खोज र प्रयोग गरी प्रोत्साहन अनुदान पाउने उद्यमीको संख्या | संख्या | | | | | | | | साविम प्रगति प्रतिवेदन | साविम | | ४ | २ | ९ | |
| **प्रतिफल १.७** | प्रतिभामुखी उद्यमीको खोजी तथा सम्मान भएको हुने | सम्मान पाउने प्रतिभावान् विज्ञ तथा उद्यमीको संख्या | संख्या | | | | | | | | मुमका प्रगति प्रतिवेदन | मुमका | | ४ | २ | ९ | |
| **प्रतिफल १.८** | आफ्नै उत्पादन बिक्री गरी धेरै कर तिर्ने उद्यमी पुरस्कृत भएको हुने | आफै उत्पादन गर्ने र उच्च मूल्य शृंखलामा सहभागी पुरस्कार पाउने उद्यमीको संख्या | संख्या | | | | | | | | " | " | | ४ | २ | ९ | |

**लगानीः पुँजी, जनशक्ति, प्रविधि, उपकरण, उत्पादनका साधन, पाठ्यक्रम, तालिम, विश्व विद्यालय, तालिम केन्द्र, वार्षिक कार्यक्रम र बजेट**

## ८.३ समानता तथा समावेशिता

### ८.३.१ पृष्ठभूमि

गण्डकी प्रदेशमा अझै पनि व्यावहारिक रुपमा महिला, दलित, आदिवासी जनजाति, मधेसी, थारु, मुस्लिम, समुदाय, पिछडावर्ग, सीमान्तकृत्, अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, खुसान श्रमिक, उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिक तथा आर्थिक रुपले विपन्न खस आर्य आदि आर्थिक, सामाजिक, राजनैतिक र प्रशासनिक दृष्टिले पछाडि परेका छन् । नेपालको संविधानले समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यको निकायमा सहभागी हुन पाउने हकलाई मौलिक हकको रुपमा व्यवस्था गरेको छ । संविधान प्रदत्त हकलाई सबै वर्ग र क्षेत्रको समानतामूलक सहभागिता तथा समावेशिताका माध्यमबाट उपयोग गर्नका लागि विभिन्न संरक्षण तथा संवर्द्धनका कार्यक्रमहरू सञ्चालन हुँदै आएको भएता पनि विभिन्न जाति वर्ग एवम् क्षेत्र बीच देखिएको असमानताको अन्त्य आवश्यक भएको छ । साथै प्रदेशको विविधतायुक्त सामाजिक स्वरुपलाई पुँजीको रुपमा स्थापित गरी प्रदेशको समावेशी विकासलाई प्रमुख माध्यमको रुपमा अंगीकार गर्नुपर्ने आवश्यकता रहेको छ ।

### ८.३.२ प्रमुख समस्या

प्रदेशको भूगोल र लामो समयदेखि चल्दै आएको समाजिक आर्थिक संरचनाले गर्दा विभिन्न लक्षित वर्ग र समुदायका बीच समानताका क्षेत्रमा ठूलो भिन्नता कायम रहनु, प्रदेशका हरेक क्षेत्रमा समावेशी विकास हुन नसक्नु, समाजमा धनी र गरिब बीचको असमानता कायम रहनु जस्ता यस क्षेत्रका प्रमुख समस्याहरू रहेका छन् ।

### ८.३.३ चुनौती र अवसर

**चुनौती**

यस प्रदेशमा विपन्न समुदायमा व्याप्त गरिबी तथा असमानता घटाउनु, विभिन्न समुदाय तथा वर्ग बीच रहेको आर्थिक, सामाजिक, शैक्षिक अन्तर कम गर्नु, स्रोत साधन तथा सेवा सुविधामा हरेक वर्गको सहभागिता सुनिश्चित गर्नु, समाजमा व्याप्त विसंगति अन्त्य गरी समावेशी तथा समतामूलक समाज निर्माण गर्नु, सामाजिक न्याय सहितको समावेशी विकास हाँसिल गर्ने विषयहरू प्रमुख चुनौतीको रुपमा रहेका छन् ।

**अवसर**

प्रदेशका नागरिकको समानता तथा समावेशिताको हक संरक्षण र संवर्द्धन गर्न प्रदेश सरकार प्रतिबद्ध रहनु, प्रदेशले समावेशी नीति अंगिकार गर्नु, राज्यका तीनै तहमा विभिन्न लक्षित वर्गको सहभागिता उत्साहजनक रहनु, समाजको मूल्य, मान्यता र व्यवहारमा क्रमशः सकारात्मक परिवर्तन हुँदै आउनु, यस क्षेत्रमा विभिन्न सामाजिक संघसंस्थाहरू क्रियाशील रहनु, नेपाल समानता तथा समावेशीकरणका क्षेत्रमा अन्तर्राष्ट्रिय स्तरका विभिन्न महासन्धिहरूको पक्ष राष्ट्र हुनु यस क्षेत्रका अवसर हुन् ।

### ८.३.४ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

**सोच**

प्रदेशका सबै नागरिकको सहभागिता र अपनत्वमा समावेशी विकास ।

**लक्ष्य**

विपन्न र पछाडि परेका व्यक्ति र समुदायलाई सकारात्मक विभेद गरी समावेशी विकास गर्ने ।

**उद्देश्य**

१. प्रदेशमा उपलब्ध स्रोत साधन तथा सेवा सुविधामा सबै नागरिकको अर्थपूर्ण सहभागिता बढाई समावेशी विकास गर्नु ।

**८.३.५ रणनीति र कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १: प्रदेशमा उपलब्ध स्रोत साधन तथा सेवा सुविधामा सबै नागरिकको अर्थपूर्ण सहभागिता बढाई समावेशी विकास गर्नु ।** | |
| १.१ प्रदेशमा उपलब्ध स्रोत तथा साधनमा सबै नागरिकका पहुँच बृद्धि गर्ने । | १.१.१ प्रदेशमा रहेका लोपोन्मुख तथा सीमान्तकृत् वर्ग लक्षित कार्यक्रमहरू सञ्चालन गरिनेछ ।<br>१.१.२ प्रदेशका स्रोतमा पिछडिएका क्षेत्र र वर्गको (महिला, आदिवासी जनजाति, मधेशी, थारु, मुस्लिम, दलित, अल्पसंख्यक र पिछडा वर्गका नागरिकको पहुँच बृद्धि गरिनेछ । |
| १.२ सबै वर्ग र क्षेत्रका लागि सहभागितामूलक र समावेशी विकास गर्ने । | १.२.१ विकासका हरेक आयामहरूमा सबै वर्ग र क्षेत्रका नागरिकहरूको सहभागिता सुनिश्चितताका लागि विशेष जागरणका कार्यक्रमहरू सञ्चालन गरिनेछ ।<br>१.२.२ आर्थिक, सामाजिक तथा भौगोलिक रूपले पछाडि परेका नागरिकहरूलाई सकारात्मक विभेद र आरक्षणको माध्यमबाट राजनैतिक, सामाजिक र प्रशासनिक क्षेत्रमा सहभागितामूलक समावेशी विकास गरिनेछ । |

**८.३.६ कार्यक्रमका प्राथमकिता**

१. प्रदेशका सीमान्तकृत् र लोपोन्मुख समुदायको पहिचान गर्ने ।

२. प्रदेशका सीमान्तकृत् र लोपोन्मुख समुदायको क्षमता विकास गरी विकासको मूलाधारमा ल्याउने ।

## ८.३.७ विस्तृत कार्यक्रम

| क्र.सं. | उद्देश्य नं | रणनीति नं | कार्यनीति नं | संकेत | कार्यक्रम | इकाई | आधार वर्ष २०७५/७६ | लक्ष्य | | | | | योजना अवधिको जम्मा लक्ष्य | जिम्मेवार निकायहरू |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | |
| १ | १ | १.१ | १.१.१ | ग | प्रदेशका लोपोन्मुख र सीमान्तकृत् वर्ग पहिचान गरी आय आर्जन कार्यक्रम सञ्चालन गर्ने | प्याकेज | | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १ | साविम |
| २ | | | १.१.२ | क | प्रदेशका श्रोतमा पिछडिएका वर्ग र क्षेत्रको पहुँच वृद्धि गर्न कार्यक्रम सञ्चालन गर्ने | संख्या | | ११ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ११ | " |
| ३ | | | १.२.१ | ख | स्थानीय तहका निर्णयहरूमा गरिब र सीमान्तकृत् वर्गको सहभागितामा वृद्धि गर्ने (पालिका) | संख्या | ८५ | ८५ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ८५ | साविम/ स्थानीय निकाय |
| ४ | १ | १.२ | १.२.२ | क | प्रदेशका विपन्न नागरिक (महिला, आदिवासी, जनजाति, मधेशी, थारु, मुस्लिम, दलित, अल्पसंख्यक र पिछडा वर्गका नागरिक) को सहभागिता मा वृद्धि गर्न राजनीतिक, सामाजिक र प्रशासनिक प्रशिक्षण सञ्चालन गर्ने (पालिका) | संख्या | | | २० | ४० | २५ | | ८५ | साविम |

## ८.३.८ नतिजा

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७५/७६ | उपलब्धि | | | | | योजना अवधिका उपलब्धि | पुष्ट्याईंको श्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान | प्रसं संकेत | दीराल संकेत | दीविल संकेत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | | | | | | | |
| **प्रभाव** | **विपन्न र पछाडि परेका व्यक्ति र समुदायलाई सकारात्मक विभेद गरी समावेशी विकास भएको हुने** | **सीमान्तकृत् र लोपोन्मुख समुदायको आय आर्जनमा वृद्धि हुने** | **प्रतिशत** | | | | | | | | **जीवन मापन सर्वेक्षण प्रतिवेदन** | **सम्बन्धित सबै मन्त्रालय** | | ७ | ६ | १० | |
| | | **विकासको मूलधारमा आएका सीमान्तकृत् र लोपोन्मुख समुदायको वृद्धि हुने** | **प्रतिशत** | | | | | | | | " | " | | ७ | ६ | १० | |
| **असर १** | प्रदेशमा उपलब्ध स्रोतसाधन तथा सेवा सुविधामा सबै नागरिकको अर्थपूर्ण सहभागिता बढी समावेशी विकास भएको हुने | सीमान्तकृत् तथा लोपोन्मुख समुदायको आम्दानीमा वृद्धि हुने | प्रतिशत | | | | | | | | " | " | | ७ | ६ | १० | |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७५/७६ | उपलब्धि | | | | | योजना अवधिका उपलब्धि | पुष्ट्याइँको श्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान | प्रसं संकेत | दीराल संकेत | दीविल संकेत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | | | | | | | |
| | | सीमान्तकृत् र लोपोन्मुख समुदायको क्षमता विकास कार्यक्रम | संख्या | | २ | २ | २ | २ | २ | १० | अध्ययन प्रतिवेदन | साविम | | ७ | ६ | १० | |
| प्रतिफल १.१ | प्रदेशमा रहेका लोपोन्मुख तथा सीमान्तकृत् वर्ग लक्षित कार्यक्रम सञ्चालन भएका हुने | पिछडिएका क्षेत्र र वर्गको पहिचान र बेरोजगार, परम्परागत पेशालगायतको तथ्याङ्क संकलन | संख्या | | | १ | | | | १ | अध्ययन प्रतिवेदन | " | | ७ | ६ | १० | |
| | | परम्परागत सीप तथा व्यावसायको प्रवर्द्धन कार्यक्रम लागु भएका पालिका | संख्या | | | २० | ४० | २५ | ० | ८५ | साविम प्रगति प्रतिवेदन | साविम/ स्थानीय तह | | ४ | ६ | १० | |
| | | पिछडिएका वर्गको लागि नयाँ रोजगारी | संख्या | | | | | | | | अध्ययन प्रतिवेदन | साविम/ स्थानीय तह | | ७ | ६ | १० | |
| प्रतिफल १.२ | प्रदेशका स्रोतमा पिछडिएका क्षेत्र र वर्ग (महिला, आदिवासी जनजाति, मधेशी, थारु मुस्लिम, दलित, अल्पंख्यक)को पहुँच बृद्धि भएको हुने | प्रदेशका स्रोतमा पिछडिएका क्षेत्र र वर्गका नागरिकको पहुँच | प्रतिशत | | | ६० | ६५ | ७० | ८० | ८० | स्थानीय तहका प्रतिवेदन | आमाकाम, जिल्ला प्रशासन कार्यालय | | ७ | ६ | १० | |
| प्रतिफल १.३ | विकासका हरेक आयामहरूमा सबै वर्ग र क्षेत्रका नागरिकहरूको सुनिश्चित सहभागिताका लागि विशेष जागरणका कार्यक्रमहरू सञ्चालन भएको हुने | स्थानीय तहका निर्णयहरूमा गरिब र सीमान्तकृत् वर्गको सहभागिता | प्रतिशत | | | | | | | | " | साविम/ स्थानीय तह | | ७ | ६ | १० | |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७५/७६ | उपलब्धि | | | | | योजना अवधिका उपलब्धि | पुष्ट्याइँको श्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान | प्रसंग संकेत | दीराल संकेत | दीविल संकेत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | | | | | | | |
| **प्रतिफल १.४** | आर्थिक, सामाजिक तथा भौगोलिक रूपले पछाडि परेका नागरिकहरूलाई सकारात्मक विभेद र आरक्षणको माध्यमबाट राजनैतिक, सामाजिक र प्रशासनिक क्षेत्रमा सहभागितामूलक समावेशी विकास भएको हुने | प्रदेशका विपन्न नागरिकको क्षमता अभिवृद्धि गर्न राजनीतिक, सामाजिक र प्रशासनिक प्रशिक्षणको सञ्चालन भएका पालिका | संख्या | ० | ० | २० | ४० | २५ | ० | ८५ | प्रतिवेदन | साविम | | ७ | ६ | १० | |
| | | राजनीतिक, सामाजिक र प्रशासनिक प्रशिक्षणको प्राप्त विपन्न नागरिक | संख्या | | | | | | | | " | " | | ७ | ६ | १० | |

**लगानीः पुँजी, जनशक्ति, प्रविधि, उत्पादनका साधन, भूमि, प्रदेश तथा स्थानीय तहको वार्षिक कार्यक्रम र बजेट**

## ८.४ वातावरण संरक्षण

### ८.४.१ पृष्ठभूमि

गण्डकी प्रदेशमा विकास निर्माणका क्रममा वातावरण प्रदूषण जस्ता समस्या टड्कारो रूपमा देखिएका छन् । वायु र जल प्रदूषणले मानिसमा विभिन्न रोगहरू समेत निम्ताएको छ । नेपालको संविधानमा प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हक हुनेछ भनी मौलिक हकको रुपमा उल्लेख गरिएको छ । वातावरणीय प्रदूषण वा ह्रासबाट हुने क्षतिबापत् पीडितलाई प्रदूषकबाट कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ भन्ने कुरा समेत संविधानमा उल्लेख भए तापनि यस सम्वन्धी अन्य नीतिगत व्यवस्थाको कमी तथा भएका ऐन कानूनको प्रभावकारी कार्यान्वयन हुन नसकेको अवस्था छ । वातावरण संरक्षण गर्न आवश्यक संरचनागत र संस्थागत व्यवस्था हुन सकेको छैन । वातावरण संरक्षणका लागि सरकारी स्तरबाट पनि अझ प्रभावकारी नीतिनिर्माण गरी कार्यान्वयन गर्न जरूरी छ । जसका लागि प्राकृतिक स्रोत साधनको अनियन्त्रित प्रयोगलाई नियन्त्रण गर्न, विकासका क्रियाकलाप सञ्चालन गर्दा वातावरणीय प्रभावको पूर्व मूल्याङ्कन गरेर मात्र सञ्चालनको अनुमति दिने, वायु र ध्वनि प्रदुषण गर्ने सवारी साधनहरू र कलकारखानाहरू आदिलाई तिनीहरूबाट हुने प्रदूषणको मात्राका आधारमा मापदण्ड तयार गरी कार्यान्वयन गर्ने जस्ता कार्य सरकारी स्तरबाट हुन आवश्यक छ । वातावरण संरक्षणका लागि स्थानीय समुदायसँग सहकार्य गर्दै मानव अनुकूलको वातावरण निर्माणमा सहयोग जुटाउनुपर्ने आवश्यकता रहेको छ । फोहोर मैला व्यवस्थापन, वृक्षारोपण र संरक्षण, प्राकृतिकस्रोत साधनको समुचित प्रयोग, वातावरण प्रदूषण सम्बन्धी चेतनामूलक कार्यक्रम स्थानीय स्तरबाट सञ्चालन गर्न सकिन्छ ।

### ८.४.२ प्रमुख समस्या

गण्डकी प्रदेशमा बढ्दो जनसंख्या, शहरीकरण, भू-उपयोगमा आयको परिवर्तन, विस्तारित सडक सञ्जाल, बढ्दो सवारी यातायात र डिजेल पेट्रोलको खपत, फोहोरमैला उत्सर्जन, प्लाष्टिकजन्य फोहोर निष्कासन र अव्यवस्थित भौतिक निर्माणका कारण वायु र पानीजन्य प्रदूषण, जलकुम्भी, वनमासा, निलोगन्धे, मरठ्ठी, माइकेनिया जस्ता बाह्य मिचाहा झारको प्रकोप लगायत मुख्य वातावरणीय समस्या रहेका छन् । प्रदूषण नियमन सम्बन्धी मापदण्डको कार्यान्वयन नहुनु, प्रदूषकलाई नियमानुसार तिराउने व्यवस्था नहुनु, विभिन्न सरोकारवाला तथा नियमनकारी निकायसँग समन्वय हुन नसक्नु, नागरिक सचेतना कम हुनु, वन जङ्गलको अतिक्रमण तथा ह्रास हुनु, विषादिको प्रयोग, वातावरण संरक्षण र पूर्वाधार विकास बीच सामन्जस्यता स्थापित हुन नसक्नु प्रमुख समस्या हुन् ।

### ८.४.३ चुनौती र अवसर

**चुनौती**

अव्यवस्थित शहरीकरणले गर्दा ढल निकास तथा फोहरमैला व्यवस्थापन, वातावरणमैत्री विकास संस्थागत हुन नसक्नु, खोला सार्वजनिक स्थलहरूबाट ढुंगा, गिट्टी, वालुवा, माटोको अत्यधिक र अनियन्त्रित प्रयोग, प्राकृतिक स्रोतको अधिक दोहन, शहरी क्षेत्रमा धुलो तथा धुँवाले वायु प्रदूषण, प्रविधि विकास सँगै रेडियोधर्मी वस्तुको उत्पादन, भूक्षय, प्रदेश तथा स्थानीय तहमा वातावरण संरक्षण सम्बन्धी सुपरीवेक्षण गर्ने निकायको संरचना प्रभावकारी गराउनु, नागरिक स्तरमा वातावरण सम्बन्धी दायित्वबोध गराउनु, निश्चित क्षेत्रमा मात्र पर्यटकको अत्याधिक चाप हुनु प्रमुख चुनौती हुन् ।

**अवसर**

प्रदेश भित्रको राष्ट्रिय वन, जल उपयोग तथा वातावरण व्यवस्थापन प्रदेश अधिकारको सूचीमा रहनु, प्रकृतिमा आधारित पर्यापर्यटन सञ्चालन गर्नु, प्रदेशको झण्डै आधा भू-भाग संरक्षित क्षेत्रभित्र रहेको, वातावरण संरक्षण सम्बन्धी संविधानमा उल्लेख हुनु, विकास निर्माणका कार्यमा वातावरणीय मूल्याङ्कनको व्यवस्था हुनु, वातावरण संरक्षण सम्बन्धी अध्ययन,

अनुसन्धान गर्ने निकाय प्रदेशमा रहनु, वातावरण सम्बन्धी अन्तर्राष्ट्रिय सन्धिको नेपाल पक्ष राष्ट्र हुनु र यसबाट प्रत्यक्ष वित्तीय फाईदा लिने अवसर हुनुका साथै मुलुक संघीयता कार्यान्वयनको शुरुवाती अवस्थामा भएकोले प्रदेश स्तरमा नयाँ नीति कानून र संगठनात्मक संरचना निर्माण गरी वातावरण र जलवायुमैत्री, क्षमतावान् र सबल प्रदेश निर्माण गर्न सक्ने अवसर रहेका छन् ।

### ८.४.४ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

**सोच**

नागरिकको स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने अधिकार; समृद्ध प्रदेशको आधार ।

**लक्ष्य**

वातावरणमैत्री विकास मार्फत् सफा, स्वच्छ र हरित वातावरणसहितको समृद्धि हाँसिल गर्ने ।

**उद्देश्य**

१. प्रदेशमा सञ्चालन हुने उत्पादन तथा पूर्वाधार निर्माणका कार्यहरू वातावरण मैत्री बनाउनु ।
२. दिगो विकास लक्ष्यले निर्धारण गरेका वातावरण संरक्षण सम्बन्धी लक्ष्य हाँसिल गर्नु ।
३. जैविक विविधता संरक्षण गरी पर्यावरणीय सन्तुलन कायम गर्नु ।
४. प्रदूषणमुक्त र स्वच्छ वातावरण कायम गर्न जल, वायु, माटो ध्वनि लगायत सबै प्रकारका प्रदूषणको रोकथाम, नियन्त्रण तथा व्यवस्थापन गर्नु ।

### ८.४.५ रणनीती र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १: प्रदेशमा सञ्चालन हुने उत्पादन तथा पूर्वाधार निर्माणका कार्यहरू वातावरणमैत्री बनाउनु ।** | |
| १.१ उत्पादनमूलक उद्योगस्थापना तथा पूर्वाधार निर्माण गर्नुपूर्व वातावरणीय मूल्याँङ्कन गर्ने व्यवस्था (Environmental Assessment) गर्ने । | १.१.१ वातावरणीय मूल्याङ्कन आवश्यक हुने उद्योग तथा पूर्वाधारको नीति तथा मापदण्ड तयार गरिनेछ ।<br>१.१.२ प्रदूषणको मापदण्ड तयार गरी प्रदूषकले व्यहोर्ने (Polluters Pay) संयन्त्र तयार गरी लागू गरिनेछ । |
| १.२ वातावरणमैत्री प्रविधि, अनुसन्धान, विकास तथा विस्तार गर्ने । | १.२.१ वातावरणमैत्री उत्पादनहरूलाई विशेष अनुदान तथा प्रोत्साहन गरिनेछ ।<br>१.२.२ अनुसन्धान निकाय तथा संस्थाको क्षमता विकास गरिनेछ ।<br>१.२.३ योजना तर्जुमा तथा कार्यान्वयनमा अन्तर निकाय समन्वय गरिनेछ ।<br>१.२.४ वातावरण शिक्षा तथा प्रचारप्रसार स्थानीय तहसम्म गरिनेछ । |
| **उद्देश्य २: दिगो विकास लक्ष्यले निर्धारण गरेका वातावरण संरक्षण सम्बन्धी लक्ष्य हाँसिल गर्नु ।** | |
| २.१ नेपाल पक्ष भएका वातावरण सम्बन्धी सन्धि तथा महासन्धिहरूको कार्यान्वयन गर्ने । | २.१.१ वायु प्रदूषणको मात्रा ४० पिपिएम भन्दा कम गरिनेछ ।<br>२.१.२ वनले ढाकेको क्षेत्रफल ४१ % कायम गरिनेछ । |
| २.२ हरित गृह ग्याँस उत्सर्जन कम गर्ने व्यवस्था गर्ने । | २.२.१ वन संरक्षण तथा जलाधार क्षेत्रको व्यवस्थापनबाट कार्वन उत्सर्जन कटौती गरिनेछ । |
| **उद्देश्य ३: जैविक विविधता संरक्षण गरी पर्यावरणीय सन्तुलन कायम गर्नु ।** | |
| ३.१ विभिन्न पारिस्थितिकीय प्रणालीको संरक्षण गर्ने । | ३.१.१ वन, जैविक विविधता तथा जलाधारको संरक्षण एंव सहभागितामूलक व्यवस्थापन गरिनेछ ।<br>३.१.२ पर्वतीय पर्यावरणको एकीकृत् संरक्षण गरिनेछ । |
| **उद्देश्य ४: प्रदूषणमुक्त र स्वच्छ वातावरण कायम गर्न जल, वायु, माटो, ध्वनि लगायत सबै प्रकारका प्रदूषणको रोकथाम, नियन्त्रण तथा व्यवस्थापन गर्नु ।** | |
| ४.१ नदी तथा तालजन्य प्रदूषण नियन्त्रण गर्ने । | ४.१.१ प्रशोधित ढल निकास लगायत आवश्यक पूर्वाधार निर्माण गरिनेछ । |
| ४.२ जमिन, ध्वनि तथा वायु प्रदूषण रोकथाम गर्ने । | ४.२.१ वातावरण प्रदूषण गर्ने वस्तुको उत्पादन कम गर्न पुनः प्रशोधन एवम् पुन:प्रयोग गर्ने (Recycle and Reuse) कार्यक्रम सञ्चालन गरिनेछ । |
| ४.३ शहरी तथा औद्योगिक क्षेत्रको फोहर मैला व्यवस्थापन गर्ने । | ४.३.१ फोहोर मैला व्यवस्थापनका लागि नवीन प्रविधिको प्रयोग गरिनेछ । |

### ८.४.६ कार्यक्रमका प्राथमिकता

१. वातावरण प्रभाव मूल्याङ्कन सम्बन्धी प्रदेश निर्देशिका बनाई लागू गर्ने ।

२. संवेदनशिल जलाधार, सिमसार र जैविक विविधताको संरक्षण गर्ने ।

## ८.४.७ विस्तृत कार्यक्रम

| क्र.सं. | उद्देश्य नं. | रणनीति नं. | कार्यनीति नं. | संकेत | कार्यक्रम | इकाई | आधार वर्ष २०७५/७६ | लक्ष्य | | | | | योजना अवधिको जम्मा लक्ष्य | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | |
| १ | १ | १.१ | १.१.१ | ग | प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धी निर्देशिका तयार | संख्या | | | १ | | | | १ | उपववाम |
| २ | | | १.१.२ | ग | प्रदूषणको मापदण्ड तयार गरी प्रदूषकले व्यहोर्ने संयन्त्र सम्बन्धी नीतिगत व्यवस्था गर्ने | संख्या | | | १ | | | | १ | " |
| ३ | | १.२ | १.२.१ | ग | वातावरणमैत्री उत्पादनलाई हरित सर्टिफिकेटको व्यवस्था | प्याकेज | | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १ | " |
| ४ | | | १.२.१ | क | वातावरणमैत्री प्रविधि प्रयोगमा प्रोत्साहन | प्याकेज | | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १ | " |
| ५ | | | १.२.२ | क | विश्वविद्यालय र अन्य निकायको सहकार्यमा वातावरण क्षेत्रमा शोध, अध्ययन, अनुसन्धान एवम् सरोकारवालाको क्षमता अभिवृद्धि | प्याकेज | | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १ | " |
| ६ | | | १.२.३ | ख,ग | वातावरणमा प्रभाव गर्न सक्ने आयोजना सञ्चालन पूर्व सरोकारवाला निकायसँग छलफल | प्याकेज | | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १ | उपववाम/ सम्बन्धित निकाय |
| ७ | | | १.२.४ | ख | स्थानीय तहका विद्यालयहरूमा वातावरण शिक्षा तथा प्रचारप्रसारका लागि सहजीकरण | प्याकेज | | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १ | उपववाम |
| ८ | २ | २.१ | २.१.१ | ख,ग | इँट्टाभट्टा, उद्योग लगायत वायु प्रदूषकहरूको अनुगमन तथा नियन्त्रण | प्याकेज | | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १ | स्थानीय तह |
| | | | २.१.१ | ग | प्रदूषण मापन गर्ने प्रयोगशाला निर्माण तथा उपकरण जडान | संख्या | | | | १ | | | १ | उपववाम |
| ९ | | | २.१.१ | ग | सुधारिएको चुलो तथा वैकल्पिक उर्जा प्रवर्द्धन कार्यक्रम | प्याकेज | | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १ | भौपूविम उपववाम |
| १० | | | २.१.२ | क | वन तथा झाडीबुट्यान क्षेत्रको संरक्षण एंव व्यवस्थापन गर्ने (जिल्ला) | प्याकेज | | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १ | " |
| ११ | | २.२ | २.२.१ | क | महत्वपूर्ण तथा संवेदनशील क्षेत्रलाई वातावरण संरक्षण क्षेत्र कायम गरी संरक्षण गर्ने | प्याकेज | | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १ | " |
| १२ | ३ | ३.१ | ३.१.१ | क | पर्वतीय क्षेत्रको पर्यावरण, जलाधार, सिमसार, हिमताल, जैविक विविधताको संरक्षण, अध्ययन तथा अनुगमन | प्याकेज | | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १ | " |
| १३ | | | ३.१.२ | ग | नदीको स्वच्छता कायम र हरियाली विस्तार | प्याकेज | | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १ | भौपूविम उपववाम |
| १४ | ४ | ४.१ | ४.१.१ | ग | प्रशोधित ढल निकास लगायत आवश्यक पूर्वाधार निर्माण | प्याकेज | | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १ | " |
| १५ | | ४.२ | ४.२.१ | ग | प्लाष्टिकजन्य वस्तुको प्रयोग सम्बन्धी मापदण्ड निर्माण तथा प्लाष्टिक बाट डिजेल बनाउन निजी क्षेत्रसँग सहकार्य गर्ने | प्याकेज | | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १ | " |

| क्र.सं. | उद्देश्य नं. | रणनीति नं. | कार्यनीति नं. | संकेत | कार्यक्रम | इकाई | आधार वर्ष २०७५/७६ | लक्ष्य | | | | | योजना अवधिको जम्मा लक्ष्य | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | |
| १६ | | | ४.२.१ | ख | घरायसी फोहोर तथा जैविक फोहोरलाई मलमा रुपान्तरण गर्न निजी क्षेत्रलाई प्रोत्साहन | प्याकेज | | | १ | निरन्तर | निरन्तर | निरन्तर | १ | उपवावम |
| १७ | | ४.२ | ४.२.१ | ग | ध्वनि तथा वायु प्रदूषण नियन्त्रणका लागि मापदण्ड निर्धारण गरी लागू गर्ने | प्याकेज | | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १ | उपवावम |
| १८ | | ४.३ | ४.३.१ | ख | फोहर व्यवस्थापन क्षेत्र (Dumping Site) निर्धारण गरी आवश्यक पूर्वाधार निर्माण र प्रदूषण अनुगमन तथा नियन्त्रण | प्याकेज | | १ | १ | १ | निरन्तर | निरन्तर | १ | भौपूविम उपववाम |
| १९ | | | ४.३.१ | ग | रेडियोधर्मी (Radioactive) तथा विकीरणीय वस्तुको व्यवस्थापन गर्न प्रबन्ध | प्याकेज | | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १ | उपववाम |

## ८.४.८ नतिजा

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७५/७६ | उपलब्धि | | | | | योजना अवधिका उपलब्धि | पुष्ट्याइँको श्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान | प्रसारं संकेत | दीराल संकेत | दीविल संकेत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७६/७७ | २०७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | | | | | | | |
| **प्रभाव** | **वातावरणमैत्री विकास मार्फत् सफा, स्वच्छ र हरित वातावरण सहितको समृद्धि हाँसिल भएको हुने** | **वनले ढाकेको क्षेत्र वृद्धि हुने** | **प्रतिशत** | ३७.८ | | | | | ४१ | ४१ | **उपववामको अध्ययन प्रतिवेदन** | **उपववाम** | | ८ | ७ | १५ | |
| | | **संरक्षित क्षेत्रले ढाकेको क्षेत्र** | **प्रतिशत** | ४५.४ | | | | | ४५.४ | ४५.४ | " | **उपववाम** | | ८ | ७ | १५ | |
| | | **वन क्षेत्रले वायुमण्डल बाट शोषण गरेर लिएको** Carbon Sink **बढेको हुने** | **टन हेक्टर** | | | | | | | | " | **उपववाम/ संघीय वन मन्त्रालय** | | ८ | ७ | १५ | |
| **असर १** | प्रदेशमा सञ्चालन हुने उत्पादन तथा पूर्वाधार निर्माणका कार्यहरू वातावरणमैत्री भएको हुने | उत्पादनमूलक ठूला उद्योग स्थापना तथा पूर्वाधार निर्माण गर्नुपूर्व वातावरणीय मूल्याङ्कन गर्ने व्यवस्था (Environmental Assessment) भएको हुने | संख्या | | | | | | | | " | उपववाम | | ८ | ७ | १५ | |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७५/७६ | उपलब्धि | | | | | योजना अवधिका उपलब्धि | पुष्ट्याइँको श्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान | प्रसंस संकेत | दीराल संकेत | दीविल संकेत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७६/७७ | २०७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | | | | | | | |
| **प्रतिफल** १.१ | वातावरणीय मूल्याङ्कन आवश्यक हुने उद्योग तथा पूर्वाधारको नीति तथा मापदण्ड तयार भएको हुने | प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धी क्षेत्रगत निर्देशिकाको तयारी | संख्या | | | १ | | | | १ | प्रगति प्रतिवेदन | उपववाम | | ८ | ७ | १५ | |
| **प्रतिफल** १.२ | प्रदूषणको मापदण्ड तयार गरी प्रदूषकले व्यहोर्ने (Polluters Pay) संयन्त्र तयार गरी लागू भएको हुने | प्रदूषकले व्यहोर्ने (Polluters Pay) संयन्त्र सम्बन्धी नीतिगत व्यवस्था | संख्या | | | १ | | | | १ | अध्ययन प्रतिवेदन | " | सरोकार वालाको सहयोग हुने | ८ | ७ | १५ | |
| **प्रतिफल** १.३ | वातावरणमैत्री उत्पादनहरूलाई विशेष अनुदान तथा प्रोत्साहन उपलब्ध भएको हुने | वातावरण मैत्री उत्पादनलाई हरित सर्टिफिकेट प्राप्त कृषक र उद्यमीको संख्या | संख्या | | | | | | | | प्रगति प्रतिवेदन | " | | ८ | ७ | १५ | |
| | | वातावरणमैत्री प्रविधि प्रयोगमा प्रोत्साहन तथा सहुलियत प्राप्त कृषक र उद्यमीको संख्या | संख्या | | | | | | | | उपववाम प्रगति प्रतिवेदन | " | | ८ | ७ | १५ | |
| **प्रतिफल** १.४ | अनुसन्धान निकाय तथा संस्थाको क्षमता विकास भएको हुने | वातावरण क्षेत्रमा शोध, अध्ययन, अनुसन्धान भएका दस्तावेजको नाम र संख्या | संख्या | | | | | | | | " | " | विश्वविद्यालय र अन्य निकायसँग सहकार्य हुने | ८ | ७ | १५ | |
| | | वातावरण सम्बन्धी क्षमता अभिवृद्धि कार्यक्रमले समेटेका संस्थाहरू | संख्या | | | | | | | | " | " | | ८ | ७ | १५ | |
| **प्रतिफल** १.५ | स्थानीय तहसम्म वातावरण शिक्षा तथा प्रचारप्रसार भएको हुने | वातावरण शिक्षा तथा प्रचारप्रसार भएका स्थानीय तहका विद्यालयहरू | संख्या | | | | | | | ८५ | " | " | | ८ | ७ | १५ | |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७५/७६ | उपलब्धि | | | | | योजना अवधिका उपलब्धि | पुष्ट्याइँको श्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान | प्रसंस संकेत | दीराल संकेत | दीविल संकेत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७६/७७ | २०७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | | | | | | | |
| **असर २** | दिगो विकास लक्ष्यले निर्धारण गरेका वातावरण संरक्षण सम्बन्धी लक्ष्य हाँसिल भएको हुने | वनले ढाकेको क्षेत्र वृद्धि हुने | प्रतिशत | ३७.८ | | | | | ४१ | ४१ | उपववाम प्रगति प्रतिवेदन | उपववाम | | ८ | ७ | १५ | |
| | | समुदायद्वारा व्यवस्थापन गरिएको वनको क्षेत्रफल स्थिर रहने | प्रतिशत | २९ | | | | | २९ | २९ | " | " | | ८ | ७ | १५ | |
| | | संरक्षित क्षेत्रले ओगटेको भू-भाग स्थिर हुने | प्रतिशत | ४५.४ | | | | | ४५.४ | ४५.४ | " | " | | ८ | ७ | १५ | |
| **प्रतिफल २.१** | वायु प्रदूषणको मात्रा ४० पिपिएम भन्दा कम भएको हुने | प्रदूषण मापन गर्ने प्रयोगशालाको स्थापना | संख्या | | | | १ | | | १ | " | स्थानीय तह | | ८ | ७ | १५ | |
| | | सुधारिएको चुलो तथा वैकल्पिक उर्जा प्रवर्द्धन कार्यक्रमको सञ्चालन भएका पालिका र घरपरिवार | संख्या | | | | | | | | " | भौपूविम, उपववाम | | | | | |
| **प्रतिफल २.२** | वनले ढाकेको क्षेत्रफल ४१% कायम भएको हुने | वनले ढाकेको क्षेत्रमा वृद्धि हुने | प्रतिशत | ३७.८ (२०७२) | | | | | ४१ | ४१ | " | उपववाम | | ८ | ७ | १५ | |
| **असर ३** | जैविक विविधता संरक्षण गरी पर्यावरणीय सन्तुलन कायम भएको हुने | संरक्षित क्षेत्रले ओगटेको भू-भाग नघटेको हुने | प्रतिशत | ४५.४ | | | | | ४५.४ | ४५.४ | " | " | | ८ | ७ | १५ | |
| **प्रतिफल ३.१** | वन, जैविक विविधता तथा जलाधारको संरक्षण एंव सहभागितामूलक व्यवस्थापन भएको हुने | वातावरण संरक्षण क्षेत्र कायम गरिएका महत्वपूर्ण तथा संवेदनशील क्षेत्रहरू (नाम/संख्या) | संख्या | | | | | | | | " | " | | ८ | ७ | १५ | |
| **प्रतिफल ३.२** | पर्वतीय पर्यावरणको एकीकृत् संरक्षण भएको हुने | संरक्षण भएका पर्वतीय क्षेत्रको पर्यावरण, जलाधार, हिमतालहरू | संख्या | | | | | | | | अध्ययन प्रतिवेदन | " | | ८ | ७ | १५ | |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७५/७६ | उपलब्धि २०७६/७७ | २०७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | योजना अवधिका उपलब्धि | पुष्ट्याइँको श्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान | प्रसंस संकेत | दीराल संकेत | दीविल संकेत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **असर ४** | प्रदूषणमुक्त र स्वच्छ वातावरण कायम भएको हुने | प्रदूषणको नियन्त्रण हुने | | | | | | | | | अध्ययन प्रतिवेदन | उपववाम | | ८ | ७ | १५ | |
| | | प्लास्टिक र अन्य फोहोरजन्य वस्तुको व्यवस्थापन भएको हुने | प्रतिशत | | | | | | | | ” | ” | | ८ | ७ | १५ | |
| **प्रतिफल ४.१** | प्रशोधित ढल निकास लगायत आवश्यक पूर्वाधार निर्माण भएको हुने | प्रशोधित ढल निकास लगायत आवश्यक पूर्वाधार निर्माण भएका पालिकाहरू | संख्या | | | | | | | | अध्ययन प्रतिवेदन | भौपूविम, उपववाम | | ८ | ७ | १५ | |
| **प्रतिफल ४.२** | वातावरण प्रदूषण गर्ने वस्तुको उत्पादन कम गर्न पुनः प्रशोधन एवम् पुनःप्रयोग गर्ने (Recycle and Reuse) कार्यक्रम सञ्चालन भएको हुने | प्लाष्टिकजन्य वस्तुको प्रयोग सम्बन्धी मापदण्डको निर्माण | संख्या | | १ | | | | | १ | ” | ” | सरोकार वालाको सहयोग हुने | ८ | ७ | १५ | |
| | | प्लाष्टिक जन्य वस्तु तथा फोहरको व्यवस्थापन भएका पालिकाहरू | संख्या | | | | | | | | प्रगति प्रतिवेदन | ” | ” | ८ | ७ | १५ | |
| **प्रतिफल ४.३** | फोहोर मैला व्यवस्थापनका लागि नवीन प्रविधिको प्रयोग भएको हुने | फोहर व्यवस्थापन क्षेत्र (Dumping Site) निर्धारण गरी आवश्यक पूर्वाधार निर्माण भएका पालिका | संख्या | | | | | | | | ” | भौपूविम, उपववाम | ” | ८ | ७ | १५ | |
| | | रेडियोधर्मी (Radioactive) तथा विकीरणीय वस्तुको व्यवस्थापन कार्यक्रम र पालिका | संख्या | | १ | | | | | १ | ” | उपववाम | ” | ८ | ७ | १५ | |

**लगानीः पुँजी, जनशक्ति, प्रविधि, उपकरण, भूमि, नीति, वार्षिक कार्यक्रम तथा बजेट**

## ८.५ जलवायु परिवर्तन

### ८.५.१ पृष्ठभूमि

गण्डकी प्रदेशले हरितगृह ग्याँस उत्सर्जनमा न्यून योगदान गरेको भए तापनि जलवायु परिवर्तनको दृष्टिले उच्च जोखिममा छ । गण्डकी प्रदेशका जनताले पनि अति वर्षा, खडेरी, अति गर्मी र अति चिसोका घटनाहरू वृद्धि भएको महसुस गरेका छन् । जलवायुको अवस्था सरदरभन्दा बढी परिवर्तन भएको पाइन्छ, जसले कृषि, खानेपानी, स्वास्थ्य, वन, जलस्रोत, पर्यटन र अन्य क्षेत्रमा दैनिक जीवन पद्धतिमा समेत् असर गरेको छ । गण्डकी प्रदेशको पहाडी भागमा व्यापक बाढीपहिरो जानुका साथै स–साना खोल्सा, मूलकुवा आदि पानीका स्रोत सुक्दै जान थालेका छन् भने तराइको नवलपुर क्षेत्रमा भूमिगत पानीको सतह घट्न गएको छ । यसैगरी तापक्रमको वृद्धिसँगै झिंगा तथा लामखुट्टेको पनि बृद्धि भई मलेरिया, पहेँलो ज्वरो, डेङ्गु, इन्सेफलाईटिसजस्ता सरुवा रोगको प्रकोप बढ्नाका साथै कृषि तथा पशुपालन क्षेत्रमा पनि नयाँनयाँ झार तथा रोगकीराको आगमनले नकारात्मक असर पारेको छ । तापक्रमका साथै वर्षातको समय, मात्रा र अवधिमा आएको परिवर्तनका कारणले कृषि उत्पादन र खाद्य सुरक्षामा थप नकारात्मक प्रभाव देखिन थालेको छ भने जलवायुको परिवर्तित अवस्था अनुसार खेतीपातीमा सुधार गर्ने सीप र दक्षताको अभावका कारण न्यून आय भएका समुदाय थप मारमा परेका छन् ।

### ८.५.२ प्रमुख समस्या

प्रदेश राजधानी पोखरा र जिल्ला सदरमुकाम आसपास बढ्दो शहरीकरण, सवारी साधनहरूको बढ्दो प्रयोग, भौतिक पूर्वाधारहरूको निर्माणमा भएको वृद्धि, वनजंगलको विनाशका कारण जमिनमाथिको वायुमण्डलको तापक्रम बढ्नु, प्रदेशको समृद्धिको आधारका रुपमा रहेका पर्यटन, कृषि, जैविक विविधता र उर्जा लगायतका क्षेत्रहरू एवम् जीविकोपार्जनमा समेत प्रतिकुल प्रभाव पर्नु, जटिल भौगालिक अवस्था अनुरुपका विभिन्न किसिमका प्रकोपहरू, संवेदनशील तथा जोखिमपूर्ण हिमाली क्षेत्रमा जलवायु परिवर्तनको बढी असर हुने र गण्डकी प्रदेश पनि जोखिमपूर्ण अवस्थामा रहनु, अनुसन्धान तथा तथ्याङ्कको कमी हुनु तथा अन्तरनिकाय समन्वय नहुनु तथा नीति तथा कार्यक्रमहरूमा जलवायुको मुद्दा मूलप्रवाहीकरण तथा आन्तरिकीकरण नहुनु यस क्षेत्रका प्रमुख समस्या हुन् ।

### ८.५.३ चुनौती र अवसर

**चुनौती**

जलवायु परिवर्तनका क्षेत्रमा नेपालले गरेको अन्तर्राष्ट्रिय प्रतिबद्धता पूरा गर्न सहयोग गर्नु, बढ्दो शहरीकरण र विकाससँगै हरित गृह ग्याँसको उत्सर्जन कम गर्नु, विकास आयोजनाले वातावरणमा पारेको असरको अनुगमन गरी नियमन गर्नु तथा जलवायु परिवर्तनका प्रतिकुल प्रभावहरू न्यून गरी अनुकूलन क्षमता बृद्धि गर्नु, आवश्यक पर्ने जनशक्ति, सीप, दक्षताको अभाव तत्काल पुरा गरी प्रभावकारी तुल्याउनु, संवेदनशील र कमजोर भू–बनोट भएका हिमाली र चुरे क्षेत्रको संरक्षण गर्नु चुनौतीपूर्ण रहेको छ ।

**अवसर**

प्रदेशको ४६ प्रतिशत जमिन राष्ट्रिय निकुञ्ज तथा संरक्षण क्षेत्रभित्र पर्नु, करिब चालीस प्रतिशत वन क्षेत्र हुनु, सहभागितामूलक वन संरक्षण तथा व्यवस्थापन अभ्यास भएकोले कार्वन सञ्चिती बढाउन सकिने, साथै जलवायु परिवर्तनका कार्यक्रममार्फत् विपन्न वर्गको आर्थिक स्तरमा सुधार, लैङ्गिक समावेशीकरण, गरिबी निवारण लगायतका विषयमा फाइदा लिन सकिने, जलवायु परिवर्तनका असरहरू न्यूनीकरण र अनुकूलनका कार्यक्रम सञ्चालनबाट दिगो विकास लक्ष्य हाँसिल हुनुका साथै अन्तर्राष्ट्रिय वित्तीय सहयोग प्राप्त गर्न सकिने यसका अवसरहरू रहेका छन् ।

### ८.५.४ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

**सोच**

जलवायु उत्थानशील समाज निर्माण, प्रदेश समृद्धिमा योगदान ।

**लक्ष्य**

जलवायु परिवर्तन न्यूनीकरण तथा अनुकूलन गर्दै जलवायु परिवर्तन उत्थानशील समाज निर्माण गर्ने ।

**उद्देश्य**

१. संकटासन्न जनता तथा प्राकृतिक स्रोतहरूको जलवायु उत्थानशीलता अभिवृद्धि गर्नु ।

२. जलवायु परिवर्तनका सवालहरूलाई प्रदेशका सम्पूर्ण विषयगत नीति तथा कार्यक्रमहरूमा आन्तरिकीकरण गर्दै अनुकूलन तथा न्यूनीकरणका कार्यक्रमहरू सञ्चालन गर्नु ।

३. जलवायु परिवर्तन सम्बन्धी अध्ययन तथा अनुसन्धानमा लगानी गरी जलवायु अनुकूलन तथा न्यूनीकरणका लागि प्राप्त वित्तीय स्रोतको परिचालन गर्नु ।

### ८.५.५ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १: संकटासन्न जनता तथा प्राकृतिक स्रोतहरूको जलवायु उत्थानशीलता अभिवृद्धि गर्नु ।** | |
| १.१ जलवायु परिवर्तनका असरहरूको जोखिममा रहेका प्राकृतिक स्रोत तथा जनताको उत्थानशीलता विकास गर्ने । | १.१.१ वन, जलाधार तथा पारिस्थितिकीय प्रणालीको संरक्षण तथा दिगो व्यवस्थापन गरिनेछ ।<br>१.१.२ प्रदेशमा जलवायु परिवर्तनको जोखिममा रहेका जनताको क्षमता अभिवृद्धि गरिनेछ ।<br>१.१.३ जलवायु उत्पन्न प्रकोप व्यवस्थापन गर्न पूर्वतयारी तथा सचेतना निर्माण गर्ने कार्य गरिनेछ । |
| **उद्देश्य २: जलवायु परिवर्तनका सवालहरूलाई प्रदेशका सम्पूर्ण विषयगत नीति तथा कार्यक्रमहरूमा आन्तरिकीकरण गर्दै अनुकूलन तथा न्यूनीकरणका कार्यक्रमहरू सञ्चालन गर्नु ।** | |
| २.१ सबै स्थानीय तहको अनुकूलन योजना निर्माण गरी कार्यान्वयन गर्न सहजीकरण गर्ने । | २.१.१ स्थानीय तहमा भू-उपयोग योजना तर्जुमा गर्दा जलवायु परिवर्तनका जोखिमहरूको आधारमा वन, कृषि, बस्ती तथा औद्योगिक क्षेत्रहरूको निर्धारण गर्न सहजीकरण गरिनेछ ।<br>२.१.२ स्थानीय तहलाई अनुकूलन योजना बनाई कार्यान्वयन गर्न सहजीकरण गरिनेछ । |
| २.२ कार्वन उत्सर्जन कम गर्ने भू-उपयोग तथा प्रविधि प्रयोग गर्ने । | २.२.१ दिगो वन व्यवस्थापन गर्दै वनको कार्वन संचिती बृद्धि गरिनेछ ।<br>२.२.२ एकीकृत् जलाधार व्यवस्थापन गर्दा जलवायु परिवर्तन अनुकूलन कार्यक्रमहरूलाई मूलप्रवाहीकरण गरिनेछ । |
| **उद्देश्य ३: जलवायु परिवर्तन सम्बन्धी अध्ययन तथा अनुसन्धानमा लगानी गरी जलवायु अनुकूलन तथा न्यूनीकरणका लागि प्राप्त वित्तीय स्रोतको परिचालन गर्नु ।** | |
| ३.१ जलवायु परिवर्तनको प्रभाव जोखिम सम्बन्धी अध्ययन तथा अनुसन्धान विश्वविद्यालय तथा अनुसन्धानमूलक संस्थाहरूको क्षमता अभिवृद्धि गर्ने । | ३.१.१ जलवायु परिवर्तनका कारणले मानव तथा प्राकृतिक स्रोतमा परेको प्रभावको अनुसन्धान गर्ने निकायको क्षमता विकास गरिनेछ । |
| ३.२ जलवायु परिवर्तनको असर र जोखिम सम्बन्धमा जनचेतना अभिवृद्धि गर्दै अनुकूलन र न्यूनीकरणका उपायहरू अवलम्वन गर्न स्थानीय समुदाय लगायत सबै सरोकारवालाहरूको क्षमता विकास गर्ने । | ३.२.१ जलवायु परिवर्तन न्यूनीकरण र स्वच्छ उर्जाका कार्यक्रम विस्तार गर्न निजी क्षेत्रको सहभागिता र लगानीलाई वृद्धि गरिनेछ ।<br>३.२.२ पारिस्थितिकीय प्रणालीमा आधारित अनुकूलन कार्यक्रमबाट प्राप्त वातावरणीय सेवाको भुक्तानी प्रणाली (Payment for Ecosystem Services) को विकास गरिनेछ । |

### ८.५.६ कार्यक्रमका प्राथमिकता

१. जलवायु अनुकूलन कार्ययोजना निर्माण एवम् कार्यन्वयन गर्ने ।

२. जलवायु अनुकूलन  क्षमता विकास गर्ने ।

३. जलवायु अनुकूलन प्रविधि विकास गर्ने ।

### ८.५.७ विस्तृत कार्यक्रम

| क्र.सं. | उद्देश्य नं. | रणनीति नं. | कार्यनीति नं. | संकेत | कार्यक्रम | इकाई | आधार वर्ष २०७५/७६ | लक्ष्य | | | | | योजना अवधिको जम्मा लक्ष्य | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | |
| १ | १ | १.१ | १.१.१ | क | जलवायु परिवर्तनमा मानवीय हस्तक्षेपको प्रभाव मूल्याङ्कन गर्ने | प्याकेज | | | १ | निरन्तर | निरन्तर | निरन्तर | १ | उपववाम |
| | | | | ग | सिमसार क्षेत्रहरूको व्यवस्थापन कार्ययोजना बनाई कार्यान्वयन गर्ने | संख्या | | | | १ | | | १ | " |
| २ | | | | क | जलवायु मैत्री खेती प्रणालीको विकास गर्ने | प्याकेज | | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १ | " |
| ३ | | | १.१.२ | क | जलवायु परिवर्तन अनुकूलन सम्बन्धी तालिम | संख्या | | १ | १ | १ | १ | १ | ५ | " |
| ४ | | | १.१.३ | क | जिल्लाहरूमा प्रकोप व्यवस्थापन रेड (REDD+) कार्यदल गठन र परिचालन | संख्या | | ३ | २ | २ | २ | ३ | १२ | " |
| ५ | | | | क | जलवायु परिवर्तन र मानवीय हस्तक्षेपले निम्त्याउन सक्ने प्रकोप पूर्व तयारी तथा व्यवस्थापन सम्वन्धी तालिम | संख्या | १ | १ | १ | १ | १ | १ | ५ | उपववाम आमाकाम |
| ६ | २ | २.१ | २.१.१ | क | जलवायु परिवर्तनका जोखिम न्यूनीकरण मापदण्ड निर्माण | प्याकेज | | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १ | भूकृसम उपववाम |
| ७ | | | २.१.२ | ख/ग | स्थानीय तहलाई जलवायु परिवर्तन अनुकूलन योजना निर्माणमा सहयोग | संख्या | | १७ | १७ | १७ | १७ | १७ | ८५ | स्थानीय तह |
| ८ | | २.२ | २.२.१ | ग | वन कार्वन मापन प्लटहरू स्थापना र वन कार्वन मापन | संख्या | | २ | २ | २ | २ | २ | १० | उपववाम |
| ९ | | | | क/ग | वनमा लाग्ने रोग तथा कीरा, खडेरी तथा मिचाहा प्रजातिको प्रकोप र डढेलोको व्यवस्थापन | प्याकेज | | | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | " |
| १० | | | | ख | मिचाह प्रजातिका बिरुवा आदिबाट बायोचर बनाउन निजी क्षेत्रलाई प्रोत्साहन गर्ने | संख्या | | अध्ययन | तयारी | १ | २ | १ | ४ | उपववाम, भूकृसम |
| ११ | | | | क | कार्वन संचिति वृद्धि गर्ने | प्याकेज | | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १ | उपववाम |
| १२ | | | २.२.२ | क | जलवायु परिवर्तन अनुकूलन हुने खालका पूर्वाधार विकास उत्प्रेरणा कार्यक्रम सञ्चालन | प्याकेज | | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | " |

| क्र.सं. | उद्देश्य नं. | रणनीति नं. | कार्यनीति नं. | संकेत | कार्यक्रम | इकाई | आधार वर्ष २०७५/७६ | लक्ष्य २०७६/७७ | लक्ष्य २०७७/७८ | लक्ष्य २०७८/७९ | लक्ष्य २०७९/८० | लक्ष्य २०८०/८१ | योजना अवधिको जम्मा लक्ष्य | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १३ | ३ | ३.१ | ३.१.१ | क | जलवायु परिवर्तन सम्बन्धमा अनुसन्धान गर्ने विषयगत जनशक्ति एवम् संस्थाको क्षमता विकास गर्ने | प्याकेज | | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १ | उपववाम |
| १४ | | ३.२ | ३.२.१ | ख ग | बहुपक्षीय लगानीमा जलवायु परिवर्तन न्यूनीकरण गर्न स्वच्छ उर्जा कार्यक्रम विस्तार | प्याकेज | | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १ | भौपुविम उपववाम |
| | | | ३.२.२ | क | जलवायु उत्थानशील Climate Smart Village को कार्ययोजना निर्माण तथा कार्यन्वयन गर्ने | प्याकेज | | | १ | निरन्तर | निरन्तर | निरन्तर | १ | " |
| १५ | | | ३.२.२ | ग | REDD+ तथा स्वच्छ विकास संयन्त्रबाट प्राप्त हुने वित्तीय लाभको संयन्त्र विकास तथा सशक्तीकरण गर्ने | प्याकेज | | | १ | निरन्तर | निरन्तर | निरन्तर | १ | नेपाल सरकार |

## ८.५.८ नतिजा

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७५/७६ | उपलब्धि २०७६/७७ | उपलब्धि २०७७/७८ | उपलब्धि २०७८/७९ | उपलब्धि २०७९/८० | उपलब्धि २०८०/८१ | योजना अवधिका उपलब्धि | पुष्ट्याइँको श्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान | प्रसस संकेत | दीराल संकेत | दीविल संकेत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **प्रभाव** | **जलवायु परिवर्तन न्यूनीकरण तथा अनुकूलन गर्दै जलवायु परिवर्तन उत्थानशील समाज निर्माण भएको हुने** | **उर्जा क्षेत्रबाट हरितगृह ग्यासँको उत्सर्जन कम हुने** ($CO_2$) | Gg | | | | | | | | उपववामको प्रतिवेदन | उपववाम | | ३ | ७ | १३ | |
| | | **औद्योगिक क्षेत्र बाट हरित ग्याँस उत्सर्जन कम हुने** | Gg | | | | | | | | " | " | | ३ | ७ | १३ | |
| | | **विपदको वेला मृत्यु भएका, हराएका र घाइते हुनेको संख्या घट्ने** (प्रति १ लाखमा) | संख्या | ०.०१ | | | | | ०.००१ | ०.००१ | गृह मन्त्रालयको प्रतिवेदन | " | | ३ | ७ | १३ | |
| **असर १** | संकटासन्न जनता तथा प्राकृतिक स्रोतहरूको जलवायु उत्थानशीलता अभिवृद्धि भएको हुने | जलवायु परिवर्तनका असर हरूको जोखिम न्यून गर्न उत्थानशीलताको विकास भएका जनता | प्रतिशत | | | | | | | | उपववामको प्रतिवेदन | " | | ३ | ७ | १३ | |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७५/७६ | उपलब्धि २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | योजना अवधिका उपलब्धि | पुष्ट्याइँको श्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान | प्रसंस संकेत | दीराल संकेत | दीविल संकेत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **प्रतिफल १.१** | वन, जलाधार तथा पारि स्थितिकीय प्रणालीको संरक्षण तथा दिगो व्यवस्थापन भएको हुने | प्रदेशमा जलवायु परिवर्तन र मानवीय हस्तक्षेप सम्बन्धी अभिलेखको निर्माण | संख्या | | | १ | | | | १ | उपववामको प्रतिवेदन | उपववाम | | ३ | ७ | १३ | |
| | | वन, जलाधार तथा पारिस्थितिकीय प्रणाली संरक्षण तथा दिगो व्यवस्थापन कार्यक्रमको सञ्चालन भएका जिल्ला | संख्या | | | अध्ययन | ४ | ४ | ३ | ११ | " | " | | ३ | ७ | १३ | |
| **प्रतिफल १.२** | प्रदेशमा जलवायु परिवर्तनको जोखिममा रहेका जनताको क्षमता अभिवृद्धि भएको हुने | जलवायु परिवर्तन अनुकूलन सम्बन्धी तालिमको सञ्चालन भएका पालिका | पालिका संख्या | | १७ | १७ | १७ | १७ | १७ | ८५ | स्थानीय तहका प्रगति प्रतिवेदन | " | | ३ | ७ | १३ | |
| **प्रतिफल १.३** | जलवायु उत्पन्न प्रकोप व्यवस्थापन गर्न पूर्वतयारी तथा सचेतना निर्माण गर्ने कार्य भएको हुने | जिल्लाहरूमा प्रकोप व्यवस्थापन रेड (REDD+) कार्यदलको गठन र परिचालन | संख्या | | ३ | २ | २ | २ | २ | ८ | उपववामको प्रतिवेदन | उपववाम | | ३ | ७ | १३ | |
| | | जलवायु परिवर्तन र मानवीय हस्तक्षेपले निम्त्याउन सक्ने प्रकोप पूर्व तयारी तथा व्यवस्थापन सम्वन्धी तालिम र सचेतना प्राप्त स्थानीय तह र संस्था | संख्या | | | | | | | ११ | " | उपववाम, आमाकाम | | ३ | ७ | १३ | |
| **असर २** | जलवायु परिवर्तनका सवालहरूलाई प्रदेशका सम्पूर्ण विषयगत नीति तथा कार्यक्रमहरूमा आन्तरिकीकरण गर्दै अनुकूलन तथा न्यूनीकरणका कार्यक्रमहरू सञ्चालन भएको हुने | सबै स्थानीय तहको अनुकूलन योजना निर्माण भई कार्यान्वयन भएको हुने | संख्या | | | | | | | ८५ | " | " | | ३ | ७ | १३ | |
| | | कार्बन उत्सर्जन कम गर्ने भू-उपयोग तथा प्रविधि प्रयोग भएका पालिका | संख्या | | | | | | | | " | | | ३ | ७ | १३ | |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७५/७६ | उपलब्धि | | | | | योजना अवधिका उपलब्धि | पुष्ट्याईंको श्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान | प्रसंस संकेत | दीराल संकेत | दीविल संकेत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | | | | | | | |
| **प्रतिफल** २.१ | स्थानीय तहमा भू-उपयोग योजना तर्जुमा गर्दा जलवायु परिवर्तनका जोखिमहरूको आधारमा वन, कृषि, बस्ती तथा औद्योगिक क्षेत्रहरूको निर्धारण भएको हुने | जलवायु परिवर्तनका जोखिम न्यूनीकरण मापदण्ड निर्माण | संख्या | | १ | | | | | १ | उपववामको प्रतिवेदन | भूव्यकृसम, उपववाम | | ३ | ७ | १३ | |
| **प्रतिफल** २.२ | स्थानीय तहलाई अनुकूलन योजना बनाई कार्यान्वयन गर्न सहजीकरण भएको हुने | स्थानीय तहमा जलवायु परिवर्तन अनुकूलन योजनाको निर्माण | संख्या | | १७ | १७ | १७ | १७ | १७ | ८५ | " | स्थानीय तह | | ३ | ७ | १३ | |
| **प्रतिफल** २.३ | दिगो वन व्यवस्थापन मार्फत् बनको कार्बन संचितिको वृद्धि भएको हुने | वन कार्बन मापन प्लटहरूको स्थापना | संख्या | | २ | २ | २ | २ | २ | १० | उपववामको प्रतिवेदन | उपववाम | | ३ | ७ | १३ | |
| | | वनमा लाग्ने रोग तथा किरा, खडेरी तथा मिचाहा प्रजातिको प्रकोप र डढेलोको व्यवस्थापन | हेकटर | | | | | | | | " | " | | ३ | ७ | १३ | |
| | | कार्वन संचिति वृद्धि गर्ने | Gg | | | | | | | | सर्वे/ अध्ययन प्रतिवेदन | " | | ३ | ७ | १३ | |
| | | मिचाह प्रजाति र जैविक वस्तु वा फोहोर आदिबाट बायोचरको उत्पादन | मे.टन | | | | | | | | " | " | | ३ | ७ | १३ | |
| **प्रतिफल** २.४ | एकीकृत् जलाधार व्यवस्थापन गर्दा जलवायु परिवर्तन अनुकूलन कार्यक्रमहरूको मूलप्रवाहीकरण भएको हुने | जलवायु परिवर्तन अनुकूलनको क्षेत्रमा पूर्वाधार विकास गर्न सञ्चालन भएका कार्यक्रम र स्थानीय तह | संख्या | | | | | | | ८५ | प्रगति प्रतिवेदन | " | | ३ | ७ | १३ | |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७५/७६ | उपलब्धि | | | | | योजना अवधिका उपलब्धि | पुष्ट्याइँको श्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान | प्रसंग संकेत | दीराल संकेत | दीविल संकेत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | | | | | | | |
| **असर ३** | जलवायु परिवर्तन सम्बन्धी अध्ययन तथा अनुसन्धानमा लगानी गरी जलवायु अनुकूलन तथा न्यूनीकरणका लागि प्राप्त वित्तीय स्रोतको परिचालन भएको हुने | जलवायु परिवर्तनको प्रभाव जोखिम सम्बन्धी अध्ययन तथा अनुसन्धानमा गरिएको लगानी | रु. करोड | | | | | | | | अध्ययन प्रतिवेदन | उपववाम | | ३ | ७ | १३ | |
| | | जलवायु अनुकूलन तथा न्यूनीकरणका लागि श्रोतको विनियोजन | रु. करोड | | | | | | | | उपववामको प्रतिवेदन | " | | ३ | ७ | १३ | |
| **प्रतिफल ३.१** | जलवायु परिवर्तनका कारणले मानव तथा प्राकृतिक स्रोतमा परेको प्रभावको अनुसन्धान गर्ने निकायको क्षमता विकास भएको हुने | क्षमता विकास गरिएका विषयगत जनशक्ति एवम् अध्ययन अनुसन्धान गर्ने निकाय र संख्या | संख्या | | | | | | | | " | " | | ३ | ७ | १३ | |
| **प्रतिफल ३.२** | जलवायु परिवर्तन न्यूनीकरण र स्वच्छ उर्जाका कार्यक्रम विस्तार गर्न निजी क्षेत्रको सहभागिता र लगानीमा वृद्धि भएको हुने | जलवायु परिवर्तन न्यूनीकरण र स्वच्छ उर्जाका कार्यक्रमको विस्तार भएका स्थानीय तह | संख्या | | | | | | | ८५ | उपववामको अध्ययन प्रतिवेदन | भौपूविम, उपववाम | बहुपक्षीय लगानी हुने | ३ | ७ | १३ | |
| **प्रतिफल ३.३** | पारिस्थितिकीय प्रणालीमा आधारित अनुकूलन कार्यक्रमबाट प्राप्त वातावरणीय सेवाको भुक्तानी प्रणाली (PES: Payment for Ecosystem Services) को विकास भएको हुने | जलवायु उत्थानशील Climate Smart Village को कार्ययोजना निर्माण तथा कार्यान्वयन भएका पालिका | संख्या | | | | | | | | " | नेपाल सरकार | | ३ | ७ | १३ | |
| | | REDD+ तथा स्वच्छ विकास संयन्त्रबाट प्राप्त हुने वित्तीय लाभको संयन्त्र विकास तथा सशक्तीकरण भएका पालिका | संख्या | | | | | | | | " | " | | ३ | ७ | १३ | |
| **लगानीः पुँजी, भूमि, प्रविधि, उपकरण, तालिम, वार्षिक कार्यक्रम तथा बजेट** | | | | | | | | | | | | | | | | | |

## ८.६ विपद् व्यवस्थापन र जोखिम न्यूनीकरण

### ८.६.१ पृष्ठभूमि

विपद् भन्नाले चट्याङ्ग, असिना, भूकम्प, आगलागि, बाढी पहिरो, अनावृष्टि, अतिवृष्टि, अनिकाल, महामारी, युद्ध, भोकमरी, आदिबाट सिर्जित समाजको अस्तव्यस्त अवस्थालाई बुझिन्छ । गण्डकी प्रदेश जस्तो सानो भौगोलिक अवस्था भएको प्रदेश पनि विभिन्न प्रकृति तथा मानव सिर्जित प्रकोपको जोखिममा रहेको छ । यी अप्रत्यासित विपत्तिहरूको व्यवस्थापनमा पनि पूर्वतयारी गर्नुपर्ने आवश्यकता रहेको छ । प्राकृतिक प्रकोपबाट हुने जोखिम न्यूनीकरण गर्न पूर्व सूचना, तयारी, उद्धार, राहत एवम् पुनर्स्थापना गर्ने तथा जलउत्पन्न प्रकोप नियन्त्रण र नदीको व्यवस्थापन गर्ने सम्बन्धी जस्ता कार्य आवश्यक हुन्छन् । विपद् व्यवस्थापन र जोखिम न्यूनीकरणका लागि नीतिगत, संरचनागत र संस्थागत विकास गरी प्रकोप प्रतिरोध तथा सहनशील क्षमताका माध्यमबाट प्रकोपको सामना गर्न र त्यसको असरबाट पुरानै अवस्थामा पुनर्स्थापित हुन सक्ने समाज र अर्थतन्त्र निर्माण गर्न आवश्यक रहेको छ ।

### ८.६.२ प्रमुख समस्या

गण्डकी प्रदेशमा पूर्व मनसुन र मनसुनको समयमा हिमालयमुनि हुने मेघगर्जन र चट्याङ्ग, मनसुनी वर्षाले नियमित रुपमा सिर्जना गर्ने बाढी, पहिरो, डुवानका अतिरिक्त विकासका लागि भैरहेको डोजरको जथाभावी प्रयोगले भू-क्षय भई ताल, तलैया, खेतीवारी, जलविद्युत्का बाँध पुरिने तथा भौतिक पुर्वाधारमा समेतक्षति पुग्ने समस्या छन् । गुणस्तरीय स्वास्थ्य सेवा नहुनु, सरसफाई तथा खानपानमा सतर्कता सम्बन्धी चेतनाको कमी, शहरी क्षेत्रमा खुला स्थलको कमी, क्षति न्यूनीकरण सम्बन्धी अध्ययन अनुसन्धानमा कमी यस क्षेत्रका प्रमुख समस्या हुन् ।

### ८.६.३ चुनौती र अवसर

**चुनौती**

प्रदेशमा विपद् व्यवस्थापनको महत्वपूर्ण पाटो पूर्वानुमान सूचना प्रणालीको प्रभावकारी व्यवस्था नहुनु, विपद् व्यवस्थापनमा दक्ष जनशक्तिको अभाव हुनु, विपद् व्यवस्थापनको आधुनिकीकरण, प्रविधि तथा उद्धार सामग्रीको अभाव हुनु, उद्धार, राहत र पुनर्स्थापनाको लागि प्रभावकारी संयन्त्रको कमी हुनु, जलवायु परिवर्तन, मनाङ्ग, मुस्ताङ्ग, र उत्तरी गोरखा जस्ता दुर्गम क्षेत्रमा सडक लगायतका पूर्वाधारको कमीले उद्धार कार्यमा चुनौती थपिएका छन् । बढ्दो जनसंख्या, वनजंगल जस्ता प्राकृतिक स्रोतको अत्याधिक दोहन, विकासमा नाममा उचित सर्भेक्षण नै नगरि यत्रतत्र डोजर लगाई सडकको निर्माण, मध्य पहाडी क्षेत्र र चुरेक्षेत्रको आवश्यक संरक्षण हुन नसक्नु आदि चुनौतीको रुपमा रहेका छन् ।

**अवसर**

नदी प्रणाली व्यवस्थित गर्ने, विपद् जोखिम न्यूनीकरणलाई प्रदेश तथा स्थानीय निकायका नँया वन्ने नीति तथा योजनाहरूलाई मूलप्रवाहीकरण गर्ने, नयाँ बन्ने संरचना तथा पूर्वाधारहरू निर्माण गर्दा विपद् व्यवस्थापनलाई ध्यान दिएर निर्माण गर्ने, खुला क्षेत्र संरक्षण गर्ने, विपद् उत्थानशील शहर तथा एकीकृत् बस्ती विकास जस्ता अवसरहरू रहेका छन् ।

### ८.६.४ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

**सोच**

विपद् न्यूनीकरण र व्यवस्थापन गर्न विपद् उत्थानशील समाजको विकास ।

**लक्ष्य**

प्राकृतिक तथा गैरप्राकृतिक विपद् एवम् जोखिम न्यूनीकरण गर्दै विपद् उत्थानशील समाज र अर्थतन्त्र निर्माण गर्ने ।

**उद्देश्य**

१. जोखिम न्यूनीकरणका लागि विपद्का सम्भाव्य जोखिमको लेखाजोखा, पहिचान, अनुगमन र पूर्वचेतावनी प्रणाली सुदृढ गर्नु ।

२. विपद् पश्चात्को पुनर्लाभ, पुनर्स्थापना, पुनर्निर्माण र नवनिर्माणका कार्यलाई सबल र उत्थानशील बनाउनु ।

### ८.६.५ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १ः जोखिम न्यूनीकरणका लागि विपद्का सम्भाव्य जोखिमको लेखाजोखा, पहिचान, अनुगमन र पूर्व-चेतावनी प्रणाली सुदृढ गर्नु ।** | |
| १.१ विपद् रोकथाम मार्फत् क्षति न्यूनीकरण गर्ने । | १.१.१ विपद् पूर्वानुमान (Forecast) तथा पूर्वचेतावनी (Early Warning) प्रणाली विकास तथा सञ्चालन गरिनेछ । प्रदेश, जिल्ला तथा स्थानीय तहमा विपद् व्यवस्थापन समिति गठन गरिने छन् ।<br>१.१.२ क्षति न्यूनीकरणका लागि योजना निर्माण, कार्यान्वयन तथा व्यवस्थापन गरिनेछ ।<br>१.१.३ नदी नियन्त्रण तथा भूव्यवस्थापन कार्य गरिनेछ । |
| १.२ प्रकोप तथा प्रकोपजन्य विपद्को प्रतिकुल असरलाई सीमित तुल्याउने अल्पीकरण (Mitigation) तथा अनुकूलनका कार्यक्रम सञ्चालन गर्ने । | १.२.१ विपद्बाट हुन सक्ने क्षति कम गर्न विपद् जोखिम व्यवस्थापनलाई विकास निर्माणमा मूलप्रवाहीकरण र स्थानीय स्तरको योजना तर्जुमामा विपद् जोखिम व्यवस्थापनलाई आन्तरिकीकरण गरिनेछ ।<br>१.२.२ भू-उपयोग नीति अवलम्बन गरी भूमिको क्षमताको आधारमा भू-उपयोग गर्न प्रोत्साहन गरिनेछ ।<br>१.२.३ खोला किनारमा रहेका बस्तीहरूको भौगर्भिक अध्ययन गरी जोखिममा रहेकाहरूलाई स्थानान्तरण गरिनेछ । |
| १.३ अग्रिम सावधानी तथा पूर्वतयारी (Early Preparedness) व्यवस्था गर्ने । | १.३.१ विपद् जोखिम पूर्वतयारी र जोखिम न्यूनीकरणमा स्थानीय क्षमता अभिवृद्धि गरिनेछ । |
| **उद्देश्य २ः विपद् पश्चात्को पुनर्लाभ, पुनर्स्थापना, पुनर्निर्माण र नवनिर्माणका कार्यलाई सबल र उत्थानशील बनाउनु ।** | |
| २.१ विपद् पश्चात् आधारभूत आवश्यकता परिपूर्ती गर्नसक्ने अवस्था सुनिश्चित गर्ने आपत्कालीन सेवाहरू व्यवस्था सहितको प्रतिकार्य (Response) गर्ने । | २.१.१ प्रभावित समुदायको जीवन रक्षाको लागि तत्कालीन आवश्यकताको पहिचान र प्रतिकार्यको लागि प्रारम्भिक तथ्याङ्कहरू तयार गर्ने र राहत कार्य सञ्चालन गरिनेछ ।<br>२.१.२ प्रारम्भिक विपद् लेखाजोखा गरी थप कार्य गरिनेछ । |
| २.२ विपद्मा परेका व्यक्ति तथा समुदायको पुनर्लाभ तथा उत्थानशीलता विकास गर्ने । | २.२.१ विपद्पश्चात् क्षति तथा आवश्यकताको लेखाजोखा गरिनेछ ।<br>२.२.२ समुदायको प्रकोपको सामना गर्न सक्ने र पुनर्आफ्नो पूर्वावस्थामा फर्कन सक्ने क्षमता विकास गरिनेछ । |

### ८.६.६ कार्यक्रमका प्राथमिकता

१. विपद्को पूर्व चेतावनी पद्धति (Early Warning System) सुदृढ गर्ने ।

२. विपद् व्यवस्थापन क्षमता सुदृढ गर्ने ।

## ८.६.७ विस्तृत कार्यक्रम

| क्र.सं. | उद्देश्य नं | रणनीति नं | कार्यनीति नं | संकेत | कार्यक्रम | इकाई | आधार वर्ष २०७५/७६ | लक्ष्य २०७६/७७ | लक्ष्य २०७७/७८ | लक्ष्य २०७८/७९ | लक्ष्य २०७/८० | लक्ष्य २०८०/८१ | योजना अवधिको जम्मा लक्ष्य | जिम्मेवार निकायहरू |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | १ | १.१ | १.१.१ | क | (Early Warning System) स्थापना गर्न स्थान छनौट । | संख्या | २८ | ४ | ४ | २ | २ | २ | १४ | आमाकामा |
| २ | | | | | मुख्य मन्त्रीको अध्यक्षतामा प्रदेश विपद् व्यवस्थापन परिषद् गठन | संख्या | १ | | | | | | १ | " |
| ३ | | | | | आन्तरिक मामिला तथा कानून मन्त्रीको अध्यक्षतामा प्रदेश विपद् व्यवस्थापन समिति गठन गर्ने | संख्या | १ | " | " | " | " | " | १ | " |
| ४ | | | | | प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा जिल्ला विपद् व्यवस्थापन समिति गठन (जिल्ला) | संख्या | ११ | " | " | " | " | " | ११ | " |
| ५ | | | | ख | स्थानीय तहका प्रमुख वा अध्यक्षको अध्यक्षतामा स्थानीय विपद् व्यवस्थापन समिति गठन (स्थानीय तह) | संख्या | ८५ | " | " | " | " | " | ८५ | " |
| ६ | | | १.१.२ | क | क्षति न्यूनीकरणका लागि विपद् जोखिम व्यवस्थापन योजना निर्माण, कार्यन्वयन तथा व्यवस्थापन | प्याकेज | " | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १ | आमाकामा/सुरक्षा निकायहरू |
| ७ | | | १.१.३ | क | नदी खोला किनारामा चेक ड्याम निर्माण, तटवन्ध लगाउने तथा तारजाली लगाइ नियन्त्रण | संख्या | | १०० | १०० | १०० | १०० | १०० | ५०० | उपववाम |
| ८ | | | | ख | आपत्कालीन आश्रयस्थलको निर्माण | पालिका | ० | ० | २० | २० | २० | ५ | ८५ | भौपूविम आमाकाम |
| ९ | | | | ख | आपत्कालीन सहायताका लागि खाद्यन्न, लत्ता कपडा एवम् आवश्यक सामग्रीको भण्डारण | पालिका | ० | ० | २० | २० | २० | ५ | ८५ | कृभूसम/भौविम |
| १० | | १.२ | १.२.१ | ख | स्थानीय स्तरमा विकास योजनाहरू सञ्चालन गर्दा विपद् जोखिमलाई ख्याल गरी सञ्चालन गर्ने | प्याकेज | | | १ | | | | १ | आमाकामा |
| ११ | | | १.२.२ | ग | जोखिमयुक्त स्थानको अध्ययन तथा विकल्पको अनुसन्धान | प्याकेज | | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १ | " |
| १२ | | | १.२.३ | क | खोला किनारामा रहेका जोखिमयुक्त वस्तीहरूको पहिचान | प्याकेज | | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १ | " |
| १३ | | १.३ | १.३.१ | क | विपद् जोखिममा न्यूनीकरण जनचेतनाको कार्यक्रम सञ्चालन | संख्या | | ५ | ५ | ५ | ५ | ५ | २५ | आमाकामा |
| १४ | २ | २.१ | २.१.१ | क | विपद् पश्चात आवश्यक पर्ने उद्धार उपकरण तथा राहत सामग्रीको तथ्याङ्क संकलन | प्याकेज | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १ | " |
| १५ | | | २.१.२ | ग | विपद् पश्चात्को क्षति तथा आवश्यकताको लेखाजोखा | प्याकेज | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १ | " |
| १६ | | २.२ | २.२.१ | ग | विपद् पश्चात् क्षतिको विवरण अद्यावधिक | प्याकेज | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १ | " |
| १७ | | | २.२.२ | ख | समुदायको प्रकोपको सामना गर्न सक्ने र पुनः आफ्नो पूर्वावस्थामा फर्कने सक्ने क्षमता विकास | प्याकेज | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १ | " |

### ८.६.८ नतिजा

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष २०७५/७६ | उपलब्धि | | | | | योजना अवधिका उपलब्धि | पुष्ट्याइँको श्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान | प्रसस संकेत | दीराल संकेत | दीविल संकेत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | | | | | | | |
| प्रभाव | **प्राकृतिक तथा गैरप्राकृतिक विपद् एवम् जोखिम न्यूनीकरण गर्दै विपद् उत्थानशील समाज र अर्थतन्त्रको निर्माण भएको हुने** | **विपद्का घटनाहरूबाट मृत्यु हुनेको संख्या घटेको हुने** | संख्या | ५० | | | | | २० | २० | आमकामको वार्षिक प्रतिवेदन | आमाकाम | | ८ | ६ | ११ | |
| | | **हराइरहेका र विपद्को कारण प्रभावित भएका व्यक्तिहरूको अनुपात (प्रति १ लाख जनसंख्यामा) घटेको हुने** | | २ | | | | | १ | १ | " | " | | ८ | ६ | ११ | |
| असर १ | जोखिम न्यूनीकरणका लागि विपद्का सम्भाव्य जोखिमको लेखाजोखा, पहिचान, अनुगमन र पूर्व-चेतावनी प्रणाली सुदृढ भएको हुने | विपद्का सम्भाव्य जोखिमको लेखाजोखा र पहिचान हुने | संख्या | | | | | | | | " | " | | ८ | ६ | ११ | |
| | | पूर्व-चेतावनी प्रणालीको स्थापना भएको हुने | संख्या | | | | | | | | " | " | | ८ | ६ | ११ | |
| प्रतिफल १.१ | विपद् पूर्वानुमान (Forecast) तथा पूर्वचेतावनी (Early Warning) प्रणाली विकास तथा सञ्चालन भएको हुने तथा प्रदेश, जिल्ला तथा स्थानीय तहमा विपद् व्यवस्थापन समिति गठन भएको हुने | पूर्वचेतावनी प्रणाली स्थापना गर्न स्थान छनोट | संख्या | २८ | ४ | ४ | २ | २ | २ | १४ | " | " | सरोकार वालाको सहयोग हुने | ८ | ६ | ११ | |
| | | मुख्यमन्त्रीको अध्यक्षतामा प्रदेश विपद् व्यवस्थापन परिषदको गठन | संख्या | १ | | | | | | १ | " | " | | ८ | ६ | ११ | |
| | | आन्तरिक मामिला तथा कानून मन्त्रीको अध्यक्षतामा प्रदेश विपद् व्यवस्थापन समितिको गठन | संख्या | १ | | | | | | १ | " | " | | ८ | ६ | ११ | |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष २०७५/७६ | उपलब्धि २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | योजना अवधिका उपलब्धि | पुष्ट्याइँको श्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान | प्रसंस संकेत | दीराल संकेत | दीविल संकेत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा जिल्ला विपद् व्यवस्थापन समितिको गठन (जिल्ला) | संख्या | ११ | | | | | | ११ | आमकामको वार्षिक प्रतिवेदन | आमाकाम | | ८ | ६ | ११ | |
| | | स्थानीय तहका प्रमुख वा अध्यक्षको अध्यक्षतामा स्थानीय विपद व्यवस्थापन समितिको गठन (स्थानीय तह) | संख्या | ८५ | | | | | | ८५ | " | | | ८ | ६ | ११ | |
| **प्रतिफल** १.२ | क्षति न्यूनीकरणका लागि योजना निर्माण, कार्यान्वयन तथा व्यवस्थापन भएको हुने | विपद् जोखिम व्यवस्थापन योजना निर्माण, कार्यान्वयन तथा व्यवस्थापन | पटकर अवस्था | | १ | | | | | १ | " | आमाकाम/ सुरक्षा निकायहरू | | ८ | ६ | ११ | |
| **प्रतिफल** १.३ | नदी नियन्त्रण तथा भूव्यवस्थापन कार्य भएको हुने | नदी खोला किनारामा चेक ड्याम निर्माण, तटवन्ध तथा तारजाली लगाएका ठाउँहरू (स्थानीय तह तथा संख्या) | संख्या | | | | | | | | " | उपववाम | | ८ | ६ | ११ | |
| **प्रतिफल** १.४ | विपद् जोखिम व्यवस्थापनलाई स्थानीय स्तरको योजना तर्जुमामा आन्तरिकीकरण गर्ने व्यवस्था भएको हुने | विपद् जोखिमलाई ख्याल गरी बनेका विकास योजनाहरू | संख्या | | | | | | | १०० | " | उपववाम/ भौपुविम | | ८ | ६ | ११ | |
| **प्रतिफल** १.५ | भू-उपयोग नीति अवलम्बन गरी भूमिको क्षमताको आधारमा भू-उपयोग भएको हुने | जोखिमयुक्त स्थानको अध्ययन तथा विकल्पको अनुसन्धान | संख्या | | १ | | | | १ | २ | " | आन्तरिक मामिला तथा कानून मन्त्रालय | | ८ | ६ | ११ | |
| **प्रतिफल** १.६ | खोला किनारमा रहेका बस्तीहरूको भौगर्भिक अध्ययन भई जोखिममा रहेकाहरूको स्थानान्तरण भएको हुने | खोला किनारामा रहेका जोखिमयुक्त बस्तीहरूको पहिचान | संख्या | | | | | | | | " | | | ८ | ६ | ११ | |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष २०७५/७६ | उपलब्धि २०७६/७७ | उपलब्धि २०७७/७८ | उपलब्धि २०७८/७९ | उपलब्धि २०७९/८० | उपलब्धि २०८०/८१ | योजना अवधिका उपलब्धि | पुष्ट्याइँको श्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान | प्रसस संकेत | दीराल संकेत | दीविल संकेत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | स्थानान्तरण भएका खोला किनारामा रहेका जोखिमयुक्त बस्तीहरू | संख्या | | | | | | | | आमकामको वार्षिक प्रतिवेदन | | | ८ | ६ | ११ | |
| प्रतिफल १.७ | विपद् जोखिम पूर्वतयारी र जोखिम न्यूनीकरणमा स्थानीय क्षमताको अभिवृद्धि भएको हुने | विपद् जोखिममा न्यूनीकरण जनचेतना कार्यक्रमको सञ्चालन | संख्या | | ५ | ५ | ५ | ५ | ५ | २५ | " | आमाकाम | | ८ | ६ | ११ | |
| | | आपत्कालीन आश्रयस्थलको निर्माण (पालिका) | संख्या | | | २० | २० | २० | ५ | ८५ | " | भौपूविम/ आमाकाम | | ८ | ६ | ११ | |
| | | आपत्कालीन सहायताका लागि खाद्यान्न, लत्ता कपडा एवम् आवश्यक सामग्रीको भण्डारणको व्यवस्था भएका पालिका | संख्या | | | २० | २० | २० | ५ | ८५ | " | भूव्यकूसम / भौपूविम | | ८ | ६ | ११ | |
| असर २ | विपद् पश्चातको पुनर्लाभ, पुनर्स्थापना, पुनर्निर्माण र नवनिर्माणका कार्य सवल र उत्थानशील भएको हुने | उत्थानशील कुल जनसंख्या | प्रतिशत | | | | | | | | " | भौपूविम/ आमाकाम | | ८ | ६ | ११ | |
| प्रतिफल २.१ | प्रभावित समुदायको जीवन रक्षाको लागि तत्कालीन आवश्यकताको पहिचान र प्रतिकार्यको लागि प्रारम्भिक तथ्याङ्कहरू तयार गरि राहत कार्य सञ्चालन भएको हुने | हरेक वर्ष विपद् पश्चात आवश्यक पर्ने उद्धार उपकरण तथा राहत सामग्रीको तथ्याङ्क संकलन भएका पालिका | संख्या | | १ | १ | १ | १ | १ | ५ | " | आमाकाम | | ८ | ६ | ११ | |
| | | राहत कार्य सञ्चालन भएका पालिका | संख्या | | | | | | | | " | आमाकाम | | ८ | ६ | ११ | |
| प्रतिफल २.२ | प्रारम्भिक विपद् लेखाजोखा गरी थप कार्य भएको हुने | प्रारम्भिक विपद् लेखाजोखा राखेका पालिका | संख्या | | | | | | | ८५ | " | आमाकाम | | ८ | ६ | ११ | |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष २०७५/७६ | उपलब्धि | | | | | योजना अवधिका उपलब्धि | पुष्ट्याइँको श्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान | प्रसंग संकेत | दीराल संकेत | दीविल संकेत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | | | | | | | |
| **प्रतिफल २.३** | विपद् पश्चात् क्षति तथा आवश्यकताको लेखाजोखा भएको हुने | विपद् पश्चातको क्षति तथा आवश्यकताको लेखाजोखा राखेका पालिका | संख्या | | | | | | | ८५ | आमकामको वार्षिक प्रतिवेदन | आमाकाम | | ८ | ६ | ११ | |
| | | विपद् पश्चात्को क्षति पालिका र व्यक्तिको संख्या | संख्या | | | | | | | ८५ | " | " | | ८ | ६ | ११ | |
| **प्रतिफल २.४** | समुदायको प्रकोपको सामना गर्न सक्ने र पुनःआफ्नो पूर्वावस्थामा फर्कन सक्ने क्षमताको विकास भएको हुने | समुदायको प्रकोपको सामना गर्न सक्ने र पुनः आफ्नो पूर्वावस्थामा फर्कन सक्ने क्षमता विकास भएका पालिका | संख्या | | | | | | | ८५ | " | " | | ८ | ६ | ११ | |
| | | समुदायको प्रकोपको सामना गर्न सक्ने र पुनःआफ्नो पूर्वावस्थामा फर्कन सक्ने क्षमता विकास भएका व्यक्तिको संख्या | संख्या | | | | | | | | " | " | | ८ | ६ | ११ | |
| **लगानीः पुँजी, निर्माण सामग्री, प्रविधि, उपकरण, तालिम, वार्षिक कार्यक्रम र बजेट** | | | | | | | | | | | | | | | | | |

## ८.७ मानव संसाधनको विकास

### ८.७.१ पृष्ठभूमि

उत्पादनमुखी, आत्मनिर्भर र समृद्ध प्रदेश निर्माणको प्रमुख साधन मानव संसाधन हो । शिक्षालाई सीपसँग, सीपलाई उत्पादनसँग, उत्पादनलाई बजारसँग, बजारलाई रोजगारीका अवसर र आर्थिक विकाससँग जोड्न सक्ने जनशक्ति विकास गर्नु गण्डकी प्रदेशको आवश्यकता हो । युवा जनशक्तिलाई प्रविधियुक्त सीप विकास गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्ने बनाउन जरुरी देखिन्छ । प्रदेशभित्र रोजगारीको अवसर सिर्जना गर्ने तथा स्वरोजगार हुन सक्ने वातावरण निर्माण गर्न आवश्यक देखिन्छ ।

### ८.७.२ प्रमुख समस्या

विकास निर्माण र सामाजिक क्षेत्रको विकासको लागि चाहिने जनशक्तिको प्रक्षेपण गर्ने र सोही अनुसार शैक्षिक संस्थाले जनशक्ति उत्पादन गर्ने प्रणालीको विकास नभएको हुँदा प्रदेशको लागि कुन कुन क्षेत्रका लागि कति मात्रामा जनशक्ति उत्पादन गर्नु पर्ने हो भन्ने तथ्याङ्क उपलब्ध हुन सकेको अवस्था छैन । यस प्रदेशमा पनि उत्पादित जनशक्ति र तिनको बजार व्यवस्थापन हुन सकेको छैन । उत्पादन क्षेत्रमा मागको आधारमा जनशक्ति परिपूर्ति हुन सकेको छैन भने उतिकै मात्रमा अनुत्पादक जनशक्ति उत्पादन भएकोले बेरोजगारको संख्या उल्लेख्य रहेको छ। बजारको माग अनुसारको जनशक्ति उत्पादन हुन नसक्नु, उत्पादित जनशक्तिलाई टिकाई राख्न नसक्नु, विद्यालय तथा विश्वविद्यालयको शिक्षालाई बजारसँग आवद्ध गर्न नसक्नु यस क्षेत्रका प्रमुख समस्याहरू हुन् ।

### ८.७.३ चुनौती र अवसर

**चुनौती**

नागरिकको रोजगारीको हकलाई कार्यान्वयन गर्न नयाँ श्रम क्षेत्रको पहिचान गर्नु, जनशक्ति विकास योजना तयार गरी कार्यान्वयन गर्नु, विद्यालय तथा विश्वविद्यालयका सबै खालका शिक्षालाई श्रम तथा सीपसँग जोड्नु वैदेशिक रोजगारलाई व्यवस्थित बनाई वैदेशिक रोजगारमा जाने व्यक्तिलाई दक्ष बनाउनु तथा विदेशबाट फर्केर आउने व्यक्तिको सीप र दक्षतालाई उपयोग गर्नु, छोटा मध्यम तथा लामो अवधिका सीपमूलक तालिम सञ्चालन गरी रोजगारको क्षेत्रमा पठाउनु प्रमुख चुनौतीहरू हुन् ।

**अवसर**

प्रदेश सरकारको शिक्षालाई बजारसँग जोडने प्राथमिकता रहनु, शिक्षा क्षेत्रमा सीपलाई आबद्ध गर्दै लैजानु, रोजगार तथा सीपमूलक क्षेत्रमा सरकारी तथा निजी क्षेत्रको लगानी बढ्दै जानु, बर्तमान अवस्थामा प्रदेशमा प्राविधिक विश्वविद्यालय र महाविद्यालयको स्थापना सम्बन्धी प्रारम्भिक कार्य हुनु, रोजगारमूलक क्षेत्रको विकास तथा विस्तार हुँदै जानु, वैदेशिक रोजगारबाट फर्केको युवा शक्ति यही नै रही स्वरोजगारको क्षेत्रमा आकर्षित हुनु जनशक्ति विकास क्षेत्रका प्रमुख अवसरहरू हुन् ।

### ८.७.४ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

**सोच**

बजारको मागलाई सम्वोधन गर्न सक्ने उत्पादनशील र सीपयुक्त जनशक्तिको विकास गर्ने ।

**लक्ष्य**

दिगो विकास र समृद्धिका लागि प्रदेशलाई आवश्यक जनशक्तिको उत्पादन र उपयोग गर्ने ।

**उद्देश्य**

१. प्रदेशको समग्र विकासको लागि आवश्यक जनशक्ति प्रक्षेपण र उत्पादन गर्ने व्यवस्था गर्नु ।

२. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्ने सक्षम तथा गुणस्तरीय जनशक्तिको आपूर्ति गर्नु ।

### ८.७.५ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १: प्रदेशको समग्र विकासको लागि आवश्यक जनशक्ति प्रक्षेपण र उत्पादन गर्ने व्यवस्था गर्नु ।** | |
| १.१ प्रदेशको निम्ति आवश्यक पर्ने दक्ष तथा अर्धदक्ष जनशक्तिको प्रक्षेपण गर्ने । | १.१.१ प्रदेश सरकार, स्थानीय तह र निजी क्षेत्रलाई आवश्यक पर्ने जनशक्तिको प्रक्षेपण गरिनेछ ।<br>१.१.२ प्रक्षेपण अनुसार, दक्ष, अदक्ष र उच्च शिक्षा गरी जनशक्ति उत्पादन गर्ने योजना तयार गरी कार्यान्वयन गरिनेछ ।<br>१.१.३ विद्यालय, विश्वविद्यालय र अन्य शैक्षिक संस्थासँग सहकार्यगरी आवश्यक जनशक्ति उत्पादन गर्ने व्यवस्था गरिनेछ । |
| **उद्देश्य २: राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्ने सक्षम तथा गुणस्तरीय जनशक्तिको आपूर्ति गर्नु ।** | |
| २.१ विद्यालय र विश्वविद्यालयको शिक्षालाई बजारको माग र सीपसँग आवद्ध गर्ने । | २.१.१ उत्पादन क्षेत्रलाई चाहिने मध्यम खाले जनशक्ति उत्पादनलाई प्राथमिकता दिइनेछ ।<br>२.१.२ युवाहरूलाई माग तथा आवश्यकताका आधारमा अल्प, मध्यम तथा लामो अवधिको व्यावसायिक तालिम सञ्चालन गरिनेछ ।<br>२.१.३ विदेशबाट फर्केकाले सिकेको सीपको प्रयोग गरी स्वरोजगार हुन तथा रोजगारी सिर्जना गर्न प्रोत्साहन गरिनेछ । |
| २.२ प्रदेश सरकार तथा निजी क्षेत्रवीच साझेदारी गर्ने । | २.२.१ नयाँ रोजगारका क्षेत्र पहिचान गरी कार्यान्वयन गर्न निजी क्षेत्रसँग सहकार्य गरिनेछ ।<br>२.२.२ जनशक्ति विकासमा प्रदेशको लगानीमा बृद्धि गरिनेछ । |
| २.३ जनशक्ति उत्पादन गर्दा प्राविधिक तथा व्यावसायिक सीप विकासमा जोड दिने । | २.३.१ आर्थिक तथा सामाजिक हिसाबले पछि परेका समूहको क्षमता विकासका लागि प्राविधिक तथा व्यावसायिक शिक्षाको अवसरमा छात्रबृत्ति लगायत सुविधाहरू प्रदान गरिनेछ ।<br>२.३.२ प्राविधिक तथा व्यावसायिक सीपलाई समाज तथा बजारको आवश्यकतासँग समायोजन गरिनेछ । |

### ८.७.६ कार्यक्रमका प्राथमिकता

१. प्रदेशलाई आगामी २५ वर्षसम्मलाई आवश्यक पर्ने आधारभूत, मध्यम र उच्चस्तरको जनशक्ति प्रक्षेपण गर्ने ।

२. प्रक्षेपण अनुसार आधारभूत, मध्यम र उच्च स्तरको जनशक्ति उत्पादन गर्न विद्यालय, महाविद्यालय, प्राविधिक प्रतिष्ठान, तालिम केन्द्र र निजी क्षेत्रलाई प्रोत्साहन गर्ने ।

३. बजारमा जनशक्तिको माग र आपूर्ति विच सन्तुलन गर्ने ।

## ८.७.७ विस्तृत कार्यक्रम

| क्र.सं. | उद्देश्य नं | रणनीति नं | कार्यनीति नं | संकेत नं. | कार्यक्रम | इकाई | आधार वर्ष २०७५/७६ | लक्ष्य २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | योजना अवधिको जम्मा लक्ष्य | जिम्मेवार निकायहरू |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | १ | १.१ | १.१.१ | क | प्रदेशलाई आगामी पच्चिस वर्षलाई आवश्यक पर्ने जनशक्ति प्रक्षेपण | संख्या | | १ | | | | | १ | साविम |
| २ | | | १.१.२ | क | प्रक्षेपण अनुसार जनशक्ति उत्पादन कार्ययोजना निर्माण | प्याकेज | | | १ | निरन्तर | निरन्तर | निरन्तर | १ | ” |
| ३ | | | १.१.३ | ख | आवश्यक आधारभूत, मध्यम र उच्चस्तरको जनशक्ति उत्पादन गर्न शैक्षिक संस्थासँग सहकार्य | प्याकेज | | | १ | निरन्तर | निरन्तर | निरन्तर | १ | ” |
| ४ | | २.१ | २.१.१ | क | “मध्यम स्तरीय जनशक्ति उत्पादन कार्यक्रम“ (गण्डकी प्राविधिक विद्यालय, निजी क्षेत्र र अन्य संस्थासँगको सहकार्यमा पर्यटन, कृषि, उद्योग, पूर्वाधार निर्माण आदि क्षेत्र लाई आवश्यक जनशक्ति उत्पादन) | प्याकेज | | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १ | साविम मुमका |
| ५ | | | | क | प्रदेश स्तरीय प्राविधिक तालिम केन्द्र र महाविद्यालय स्थापना | संख्या | | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | २ | साविम |
| ६ | | | २.१.२ | ग | युवाहरूलाई अल्प, मध्यम र लामो अवधिको प्राविधिक तथा व्यवसायिक तालिम सञ्चालन | संख्या | ८००० | ८००० | ८५०० | ९००० | ९५०० | १०००० | ४५००० | ” |
| ७ | | | २.१.३ | क | विदेशमा आर्जित ज्ञान तथा सीपको उपयोग गर्न युवाहरूलाई प्रोत्साहन स्वरुप बिउपुँजीको व्यवस्था | प्याकेज | | | १ | निरन्तर | निरन्तर | निरन्तर | १ | साविम र कृभूसम |
| ८ | २ | २.२ | २.२.१ | ख | निजी क्षेत्रसँगको सहकार्यमा मुख्य सहरी क्षेत्रमा रोजगार सूचना केन्द्र (Job Centre) स्थापना र सञ्चालन | संख्या | | | १ | | | | १ | साविम मुमका |
| ९ | | | २.२.२ | ख | बजारमा माग भएको जनशक्ति उत्पादन गर्न निजी क्षेत्रसँग सहकार्य | प्याकेज | | | १ | निरन्तर | निरन्तर | निरन्तर | १ | ” |
| १० | | २.३ | २.३.१ | क | प्राविधिक तथा व्यावसायिक शिक्षा अध्ययनका लागि लक्षित समूह छात्रवृत्ती कार्यक्रम | जना | | १८ | ५० | ५० | ५० | ५० | २१८ | ” |
| ११ | | | | क | प्रदेशको माग अनुसारको अनुसन्धान गर्न उच्च शिक्षा अध्ययन गर्ने विद्यार्थीको लागि (मास्टर, पिएच. डी) छात्रवृत्ति कार्यक्रम | जना | | ३० | ४० | ४० | ४० | ४० | १६० | ” |
| १२ | | | २.३.२ | ख | जनशक्तिको माग र आपूर्ति व्यवस्थापन गर्न सामाजिक विकास मन्त्रालयमा एक समन्वय समितिको निर्माण | संख्या | | | १ | | | | १ | साविम |

### ८.७.८ नतिजा

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष २०७५/७६ | उपलब्धि २०७६/७७ | उपलब्धि २०७७/७८ | उपलब्धि २०७८/७९ | उपलब्धि २०७९/८० | उपलब्धि २०८०/८१ | योजना अवधिका उपलब्धि | पुष्ट्याइँको श्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान | प्रसरं संकेत | दीराल संकेत | दीविल संकेत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **प्रभाव** | **दिगो विकास र समृद्धिका लागि प्रदेशलाई आवश्यक जनशक्तिको उत्पादन र उपयोग भएको हुने** | **प्राविधिक विषयमा वार्षिक स्नातक गर्ने जनशक्ति** | **संख्या** | | | | | | | | **साविमको प्रभाव मूल्यात्कन प्रतिवेदन** | **साविम** | | ६ | २ | ४ | |
| **असर १** | प्रदेशको समग्र विकासको लागि आवश्यक जनशक्ति प्रक्षेपण र उत्पादन गर्ने व्यवस्था भएको हुने | प्रदेशको निम्ति आवश्यक पर्ने दक्ष र अर्धदक्ष जनशक्तिको प्रक्षेपण भएको हुने | संख्या | | | १ | | | | १ | साविमको वार्षिक प्रतिवेदन | " | | ६ | २ | ४ | |
| **प्रतिफल १.१** | प्रदेश सरकार, स्थानीय तह र निजी क्षेत्रलाई आवश्यक पर्ने जनशक्तिको प्रक्षेपण भएको हुने | जनशक्ति प्रक्षेपण | संख्या | | १ | | | | | १ | " | " | | ६ | २ | ४ | |
| **प्रतिफल १.२** | प्रक्षेपण अनुसार, दक्ष, अदक्ष र उच्च शिक्षा गरी जनशक्ति उत्पादन गर्ने योजना तयार गरी कार्यान्वयन भएको हुने | जनशक्ति वर्गीकरण र उत्पादन कार्ययोजनाको निर्माण | संख्या | | | १ | | | | १ | " | " | | ६ | २ | ४ | |
| **प्रतिफल १.३** | विद्यालय, विश्वविद्यालय र अन्य शैक्षिक संस्थासँग सहकार्य गरी आवश्यक जनशक्ति उत्पादन गर्ने व्यवस्था भएको हुने | उच्चस्तरको जनशक्ति उत्पादन गर्ने सहकार्य भएका शैक्षिक संस्थाको नाम र संख्या | संख्या | | | | | | | | " | " | विश्वविद्यालय सँग सहकार्य हुने | ६ | २ | ४ | |
| | | उत्पादन भएका उच्चस्तरको जनशक्तिको प्रकार र संख्या | संख्या | | | | | | | | " | " | | ६ | २ | ४ | |
| **असर २** | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्ने सक्षम तथा गुणस्तरीय जनशक्तिको आपूर्ति भएको हुने | गुणस्तरीय जनशक्तिको आपूर्ति हुने | संख्या | | | | | | | | साविमको वार्षिक प्रतिवेदन | साविम | | ६ | २ | ४ | |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष २०७५/७६ | उपलब्धि | | | | | योजना अवधिका उपलब्धि | पुष्ट्याईंको श्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान | प्रसंग संकेत | दीराल संकेत | दीविल संकेत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | | | | | | | |
| **प्रतिफल** २.१ | उत्पादन क्षेत्र (पर्यटन, कृषि, उद्योग, पूर्वाधार निर्माण आदि)लाई चाहिने मध्यम खाले जनशक्तिको उत्पादनले प्राथमिकता पाएको हुने | प्रदेश स्तरीय तालिम केन्द्र र महाविद्यालयको स्थापना | संख्या | ० | २ | | | | | २ | साविमको वार्षिक प्रतिवेदन | साविम | | ६ | २ | ४ | |
| | | कृषि, उद्योग, पूर्वाधार निर्माण आदि क्षेत्र लाई आवश्यक जनशक्ति उत्पादन | संख्या | | | | | | | | " | " | गण्डकी प्राविधिक विद्यालय, निजी क्षेत्र र अन्य संस्थासँग सहकार्य हुने | ६ | २ | ४ | |
| **प्रतिफल** २.२ | युवाहरूलाई माग तथा आवश्यकताका आधारमा अल्प, मध्यम तथा लामो अवधिको व्यावसायिक तालिम उपलब्ध भएको हुने | नेतृत्व विकास, युवा लक्षित स्वरोजगार तथा सीपमूलक तालिम प्राप्त युवा संख्या | संख्या | ८००० | ८००० | ८५०० | ९००० | ९५०० | १०००० | ४५००० | " | " | | ६ | २ | ४ | |
| **प्रतिफल** २.३ | विदेशबाट फर्केकाले सिकेको सीपको प्रयोग गरी स्वरोजगार हुन तथा रोजगारी सिर्जना गर्न प्रोत्साहनको वातावरण भएको हुने | इन्कुबेसन केन्द्रको (प्रविधि कोरल्ने केन्द्र) स्थापना | पटक | | | | ३ | | | ३ | " | " | | ६ | २ | ४ | |
| | | विदेशबाट फर्केका युवा उद्यमीलाई बीउ पुंजीको उपलब्धता | प्रतिशत | | | ५० | ६० | ८० | ९० | २८० | " | " | | ६ | २ | ४ | |
| **प्रतिफल** २.४ | नयाँ रोजगारका क्षेत्र पहिचान गरी कार्यान्वयन गर्न निजी क्षेत्रसँग सहकार्य भएको हुने | स्थानीय तहमा जब सेन्टरको स्थापना र सञ्चालन | संख्या | | | २० | २० | २० | २५ | ८५ | साविमको वार्षिक प्रतिवेदन | साविम | निजी क्षेत्र उत्साहित रहने | ६ | २ | ४ | |
| **प्रतिफल** २.५ | जनशक्ति विकासमा प्रदेशको लगानीमा वृद्धि भएको हुने | जब सेन्टरमा माग भएका जनशक्ति उत्पादन गर्न निजी क्षेत्रलाई प्राविधिक सहयोग | प्याकेज | | | १ | १ | १ | १ | १ | " | " | | ६ | २ | ४ | |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष २०७५/७६ | उपलब्धि | | | | | योजना अवधिका उपलब्धि | पुष्ट्याइँको श्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान | प्रसं संकेत | दीराल संकेत | दीविल संकेत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | | | | | | | |
| **असर ३** | जनशक्ति उत्पादन गर्दा प्राविधिक तथा व्यावसायिक सीप विकासमा जोड पुगेको हुने | नयाँ प्राविधिक शिक्षालयको स्थापना | संख्या | | | | | | | | साविमको वार्षिक प्रतिवेदन | साविम | | ६ | २ | ४ | |
| **प्रतिफल ३.१** | आर्थिक तथा सामाजिक हिसाबले पछि परेका समूहको क्षमता विकासका लागि प्राविधिक तथा व्यावसायिक शिक्षाको अवसरमा छात्रवृत्ति लगायत सुविधाहरू प्रदान भएको हुने | लक्षित समूह छात्रवृत्ति कार्यक्रमबाट लाभान्वितको संख्या | जना | | १८ | ५० | ५० | ५० | ५० | २१८ | " | " | | ६ | २ | ४ | |
| | | प्रदेशको माग अनुसार छात्रवृत्ति पाउने मास्टर, पिएचडी अध्ययनरत विद्यार्थी | संख्या | | | २० | ३० | ४० | ५० | १४० | " | " | | ६ | २ | ४ | |
| **प्रतिफल ३.२** | प्रदेश स्तरको जनशक्ति परिपूर्ति सहजीकरण समितिको गठन भएको हुने | प्रदेश स्तरको जनशक्ति परिपूर्ति सहजीकरण समितिको गठन | पटक | | | १ | १ | १ | १ | १ | " | " | सरकार र निजी क्षेत्रसँग सहकार्य हुने | ६ | २ | ४ | |
| **लगानीः पाठ्यक्रम, तालिम, शिक्षक, प्रशिक्षक, वार्षिक कार्यक्रम तथा बजेट** | | | | | | | | | | | | | | | | | |

# परिच्छेद ९
# तथ्याङ्क प्रणाली, योजना तर्जुमा र कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन

## ९.१ तथ्याङ्क प्रणाली

### ९.१.१ पृष्ठभूमि

योजना तर्जुमालाई प्रभावकारी बनाउनका लागि तथ्याङ्क संकलन, प्रशोधन र विश्लेषण गर्न संस्थागत संरचनाको आवश्यक पर्दछ, तथापि प्रदेश स्तरीय संस्थागत संरचना निर्माण भएको छैन । प्रदेश नीति तथा योजना आयोगले Secondary and Primary Data को प्रयोग गरेर "**प्रदेशको स्थिति पत्र, २०७५**" प्रकाशन गरी तथ्याङ्क प्रयोगको एक तहको आधारशीला तयार गरेको छ । विषयगत मन्त्रालयले आन्तरिक प्रयोजनको लागि खण्डित रुपमा तथ्याङ्क संकलन गर्ने कामको शुरुवात गरेका छन्, तर व्यवस्थित भइसकेको छैन । राष्ट्रिय योजना आयोग अन्तरगत रही केन्द्रीय तथ्याङ्क विभागले प्रत्येक दश वर्षमा तथ्याङ्क लिने र प्रकाशन गर्ने कार्य गर्दै आइरहेको छ । प्रदेश सरकारले पनि प्रदेश स्तरीय तथ्याङ्क विभागको स्थापना गरी जिल्ला र स्थानीय तह स्तरीय तथ्याङ्क संकलन, प्रशोधन र प्रकाशन गर्ने व्यवस्था मिलाउने परिकल्पना गरेको सन्दर्भमा यस क्षेत्रमा प्राथमिकताको साथ कार्य गर्नु पर्ने आवश्यकता छ ।

### ९.१.२ प्रमुख समस्या

तथ्याङ्क संकलन र व्यवस्थापन हेर्ने प्रदेशगत संस्थागत संरचना नहुनु, प्रदेशगत संरचना नया हुँदा प्रदेश, जिल्ला र स्थानीय स्तरमा तथ्याङ्क खण्डीकृत गर्न कठिनाईहरू रहनु, तथ्याङ्क संकलन, प्रशोधन र विश्लेषण गर्न आवश्यकता अनुसारको दक्ष जनशक्ति उपलब्ध नहुनु, तथ्याङ्कहरू एकीकृत् नहुँदा प्रयोगमा एकरुपकता कायम गर्न नसक्नु आदि यस क्षेत्रका समस्याहरू हुन् ।

### ९.१.३ चुनौती र अवसर

**चुनौती**

तथ्यगत अध्ययन, अनुसन्धान र विश्लेषण गर्दै विषयगत समस्या, चुनौती र अवसरहरूको पहिचान गर्न सघाउ पुऱ्याउन आवश्यक तथ्याङ्कहरूको संकलन र व्यवस्थापन गर्नु, तथ्याङ्कमा आधारित रहेर योजना तर्जुमा गर्ने र योजनाहरूको प्राथमिकीकरण गर्ने परिपाटीको आधारशीला तय गर्नु, स्थानीय तह, प्रदेश सरकार र केन्द्रीय तथ्याङ्क विभागले लिने तथ्याङ्कहरूको संकलन र प्रशोधन मानकहरूमा एकरुपकता कायम गर्नु, तथ्याङ्कको मूल्य र महत्व बारे सचेतना जगाउनु, तथ्याङ्कको प्रयोग दक्षता वृद्धि गर्नु, तथ्याङ्कको प्रयोगमा एकरुपकता कायम गर्नु आदि यस क्षेत्रका चुनौतीहरू हुन् ।

**अवसर**

जिल्लागत रुपमा खण्डीकृत तथ्याङ्क उपलब्ध हुनु, संविधानले प्रदेशगत तथ्याङ्क संकलन र व्यवस्थापन गर्ने जिम्मा प्रदेश सरकारलाई दिनु, प्रदेश स्तरको तथ्याङ्क संकलन र व्यवस्थापनमा सहजीकरण र सहकार्य गर्न केन्द्रीय तथ्याङ्क विभाग तयार रहनु, छिटो र छरितो रुपमा तथ्याङ्क संकलन, प्रशोधन र वितरण गर्न सघाउ पुऱ्याउन सक्ने नयाँ प्रविधिहरू विकास हुँदै जानु, नीति तथा योजना आयोगद्वारा प्रकाशित गण्डकी प्रदेशको स्थिति पत्र, २०७५ मा सामाजिक आर्थिक विकासका मानक सूचकहरूको स्पष्ट पहिचान हुनु, गुणस्तरीय तथ्याङ्कको प्रयोगका लागि स्थानीय तह, प्रदेश सरकार नेपाल सरकार प्रतिबद्ध रहनु आदि यस क्षेत्रका अवसरहरू हुन् ।

### ९.१.४ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

**सोच**

प्रमाणमा आधारित नीति तथा योजना तर्जुमाको लागि गुणस्तरीय तथ्याङ्क ।

**लक्ष्य**

नीति निर्मातालाई निर्णय गर्न चाहिने विश्वासनीय तथ्याङ्कहरू उपलब्ध गराउने ।

**उद्देश्य**

१. प्रादेशिक तथ्याङ्क प्रणालीको विकास गर्नु ।

२. तथ्याङ्क प्रणालीको आधुनिकीकरण गर्नु ।

३. विश्वसनीय, सही र समयमै तथ्याङ्क उपलब्ध गराउनु ।

### ९.१.५ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १: प्रादेशिक तथ्याङ्क प्रणालीको विकास गर्नु ।** | |
| १.१ दिगो विकासको लागि प्रदेश स्तरीय तथ्याङ्क प्रणालीको विकास गर्ने । | १.१.१ तथ्याङ्क संकलन, प्रशोधन र व्यवस्थापन सम्बन्धी नीति तथा कार्ययोजना तयार गरी कार्यान्वयन गरिनेछ ।<br>१.१.२ प्रदेशगत तथ्याङ्क हेर्ने संस्थागत संरचनाको विकास गरिनेछ । |
| १.२ तथ्याङ्कको संकलन, प्रशोधन, व्यवस्थापन र प्रकाशनलाई व्यवस्थित बनाउने । | १.२.१ प्रदेश र स्थानीय तहको तथ्याङ्क संकलन र प्रशोधन विधिमा एकरुपकता कायम गर्न केन्द्रीय तथ्याङ्क विभागसँग सहकार्य गरी मानक र मापदण्डहरू निर्धारण गरिनेछ ।<br>१.२.२ केन्द्रीय तथ्याङ्क विभाग, विश्वविद्यालय, सरकारी कार्यालय र निजी क्षेत्रसँग समन्वय गरी तथ्याङ्क संकलन, प्रशोधन, व्यवस्थापन र प्रकाशन गरिनेछ ।<br>१.२.३ तथ्याङ्क संकलन, प्रशोधन र विश्लेषणको लागि स्थानीय तहलाई प्राविधिक सहयोग गरिनेछ ।<br>१.२.४ अनुसन्धानको माध्यमबाट आवश्यक तथ्याङ्कहरूको सूची तयार गरी नियमित तथ्याङ्क संकलन गर्ने प्रणालीको विकास गरिनेछ ।<br>१.२.५ आवश्यकता पहिचान गरी विषयगत तथ्याङ्कहरू संकलन गरिनेछ ।<br>१.२.६ प्रदेशगत तथ्याङ्क कार्यालयमा कार्यरत कर्मचारी तथा विज्ञहरूको क्षमता र दक्षता वृद्धि गर्न केन्द्रीय तथ्याङ्क विभाग र विश्वविद्यालयहरूसँग सहकार्य गरिनेछ ।<br>१.२.७ आयोजना सञ्चालन अवधि, मध्यमकालीन अवधि, र अन्तिम अवस्थाको तथ्याङ्क संकलन र विश्लेषण गर्ने कार्यलाई नियमित रुपमा सञ्चालन गरिनेछ । |
| **उद्देश्य २: तथ्याङ्क प्रणालीको आधुनिकीकरण गर्नु ।** | |
| २.१ तथ्याङ्क संकलन, प्रशोधन र वितरण प्रणालीको आधुनिकीकरण गर्ने । | २.१.१ तथ्याङ्क संकलन, प्रशोधन र वितरण लागि उपलब्ध वैज्ञानिक विधि र प्रविधिहरूको उच्चतम प्रयोग गरिनेछ ।<br>२.१.२ प्रादेशिक तथ्याङ्क वेब पोर्टल निर्माण गरी तथ्याङ्कहरूको एकीकृत् रुपमा व्यवस्थापन र वितरण गरिनेछ ।<br>२.१.३ विषयगत मन्त्रालयसँग सम्बन्धित तथ्याङ्कहरूको प्रशोधन गरी GIS नक्सांकन गरिनेछ ।<br>२.१.४ वेब पोर्टल र विभिन्न प्रकाशन मार्फत् तथ्याङ्कको नियमित प्रकाशन गरी प्रयोगकर्ताका आवश्यकता पूर्ति गरिनेछ । |
| **उद्देश्य ३: विश्वसनीय, सही र समयमै तथ्याङ्क उपलब्ध गराउनु ।** | |
| ३.१ प्रदेश तथ्याङ्क कार्यालयले प्रशोधन गरेका सूचना भरपर्दा माध्यम मार्फत् सार्वजनिक गर्ने । | ३.१.१ तथ्याङ्कको प्रशोधन र विश्लेषण गरी वेब पोर्टल र विभिन्न प्रकाशनमार्फत् प्रयोगकर्ता माझ पुऱ्याउने कार्यलाई नियमित रुपमा सञ्चालन गरिनेछ । |

### ९.१.६ कार्यक्रमका प्राथमिकता

१. तथ्याङ्क व्यवस्थापन गर्न प्रदेश नीति तथा योजना आयोग मातहत तथ्याङ्क विभागको स्थापना र सञ्चालन गर्ने ।

२. तथ्याङ्क व्यवस्थापन प्रणालीको विकास र डिजिटलाइजेसन गर्ने ।

३. तथ्याङ्क संकलन र व्यवस्थापनमा स्थानीय तह र नेपाल सरकारसँग समन्वय गर्ने ।

### ९.१.७ विस्तृत कार्यक्रम

| क्र.सं. | उद्देश्य नं. | रणनीति नं. | कार्यनीति नं. | संकेत | कार्यक्रम | इकाई | आधार वर्ष ०७५/७६ | लक्ष्य | | | | | योजना अवधिको जम्मा लक्ष्य | जिम्मेवार निकायहरू |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | |
| १ | १ | १.१ | १.१.१ | क | प्रादेशिक तथ्याङ्क संकलन, प्रशोधन र व्यवस्थापन सम्बन्धी कार्ययोजना निर्माण | संख्या | | १ | | | | | १ | प्रनियोआ |
| २ | | | १.१.२ | क | प्रदेश नीति तथा योजना आयोगको मातहतमा आधुनिक प्रविधि सहितको प्रदेश तथ्याङ्क विभागको स्थापना | संख्या | | | १ | | | | १ | " |
| ३ | | १.२ | १.२.१ | ग | प्रदेश र स्थानीय तहको तथ्याङ्क संकलन र प्रशोधन मानक मापदण्डहरू निर्माण | संख्या | | | १ | | | | १ | प्रनियोआ/ सम्बन्धित मन्त्रालय |
| ४ | | | १.२.२ | क | प्रदेशको स्थिति पत्र प्रकाशन लागि आवश्यक तथ्याङ्क संकलन | संख्या | १ | | | १ | | | १ | " |
| ५ | | | १.२.३ | क | तथ्याङ्क संकलन, प्रशोधन र विश्लेषणको लागि स्थानीय तहको क्षमता र दक्षता वृद्धि तालिम | संख्या | | | १ | १ | १ | १ | ४ | प्रनियोआ |
| ६ | | | १.२.४ | ख | प्रदेश र स्थानीय तहको लागि आवश्यक तथ्याङ्कका सूची तयार | संख्या | | | १ | | | | १ | प्रनियोआ/ सम्बन्धित मन्त्रालय |
| ७ | | | १.२.५ | क | विषयगत मन्त्रालयसँग सहकार्य गरी आवश्यक तथ्याङ्क संकलन | संख्या | | | १ | १ | १ | १ | ४ | " |
| ८ | | | १.२.६ | ग | केन्द्रीय तथ्याङ्क विभाग र विश्वविद्यालयहरूसँगको सहकार्यमा प्रदेशगत तथ्याङ्क कार्यालयमा कार्यरत कर्मचारी तथा विज्ञहरूको क्षमता तथा दक्षता वृद्धि तालिम | संख्या | | | १ | १ | १ | १ | ४ | प्रनियोआ |
| ९ | | | १.२.७ | क | मध्यमकालीन खर्च संरचनाको लागि आवश्यक तथ्याङ्क संकलन | संख्या | १ | १ | १ | १ | १ | १ | ५ | प्रनियोआ/ सम्बन्धित मन्त्रालय |

| क्र.सं. | उद्देश्य नं. | रणनीति नं. | कार्यनीति नं. | संकेत | कार्यक्रम | इकाई | आधार वर्ष ०७५/७६ | लक्ष्य २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | योजना अवधिको जम्मा लक्ष्य | जिम्मेवार निकायहरू |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १० | २ | २.१ | २.१.१ २.१.२ | क | प्रादेशिक तथ्याङ्क वेब पोर्टल निर्माण | संख्या | | १ | | | | | १ | प्रनियोआ |
| ११ | | | २.१.३ | क | विषयगत मन्त्रालयसँग सम्बन्धित तथ्याङ्कहरूको प्रशोधन गरी GIS नक्सांकन | संख्या | | १ | | | | | १ | प्रनियोआ/ सम्बन्धित मन्त्रालय |
| १२ | ३ | ३.१ | ३.१.१ | क | प्रादेशिक तथ्याङ्क वेब पोर्टल मार्फत् तथ्याङ्कहरूको एकीकृत् रुपमा व्यवस्थापन र वितरण | संख्या | | १ | | | | | १ | प्रनियोआ |

## ९.१.८ नतिजा

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष २०७५/७६ | वर्ष अनुसार लक्ष्य २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | योजना अवधिका उपलब्धि | पुष्ट्याइँको श्रोत | जिम्मेवार निकाय | जोखिम अनुमान | प्रसमृसं संकेत | दिविल संकेत | दीराल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **प्रभाव** | **तथ्याङ्कको सही विश्लेषण र प्रयोगले गुणस्तरीय योजना तथा कार्यक्रम विकास गर्न सघाउ पुगेको हुने** | | **प्रतिशत** | | | | | | | | **प्रनियोआको प्रतिवेदन** | **प्रनियोआ** | | ८ | १६ | ८ |
| **असर १** | आधुनिक तथ्याङ्क प्रणालीको विकास भएको हुने | प्रदेश तथ्याङ्क विभागले उत्पादन गर्ने तथ्याङ्क | संख्या | | | | | | | | ” | ” | | ८ | १६ | ८ |
| **प्रतिफल १.१** | तथ्याङ्क संकलन, प्रशोधन र व्यवस्थापन सम्बन्धी नीति तथा कार्ययोजना तयार भई कार्यान्वयन भएको हुने | प्रादेशिक तथ्याङ्क संकलन, प्रशोधन र व्यवस्थापन सम्बन्धी कार्ययोजनाको निर्माण | संख्या | | १ | | | | | १ | ” | ” | | ८ | १६ | ८ |
| **प्रतिफल १.२** | तथ्याङ्क हेर्ने संस्थागत संरचनाको विकास भएको हुने | आधुनिक प्रविधि सहितको प्रदेश तथ्याङ्क विभागको स्थापना | संख्या | | | १ | | | | १ | ” | ” | | ८ | १६ | ८ |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष २०७५/७६ | वर्ष अनुसार लक्ष्य २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | योजना अवधिका उपलब्धि | पुष्ट्याईंको श्रोत | जिम्मेवार निकाय | जोखिम अनुमान | प्रसमसं संकेत | दिविल संकेत | दीगाल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रतिफल १.३ | प्रदेश र स्थानीय तहको तथ्याङ्क संकलन र प्रशोधन विधिमा एकरुपता कायम गर्न मानक र मापदण्डहरू निर्धारण भएको हुने | प्रदेश र स्थानीय तहको तथ्याङ्क संकलन र प्रशोधन मानक मापदण्डहरूको निर्माण | संख्या | | | १ | | | | १ | प्रनियोआको प्रतिवेदन | प्रनियोआ | केतविसँग सहकार्य हुने | ८ | १६ | ८ |
| प्रतिफल १.४ | तथ्याङ्क संकलन, प्रशोधन, व्यवस्थापन र प्रकाशन भएको हुने | प्रदेशको स्थिति पत्र प्रकाशन | संख्या | १ | | | १ | | | १ | " | प्रनियोआ, सम्बन्धित मन्त्रालय | केतवि., विश्वविद्यालय, र निजी क्षेत्रसँग समन्वय हुने | ८ | १६ | ८ |
| प्रतिफल १.५ | तथ्याङ्क संकलन, प्रशोधन र विश्लेषणको लागि स्थानीय तहलाई प्राविधिक सहयोग उपलब्ध भएको हुने | स्थानीय तह लक्षित् क्षमता र दक्षता वृद्धि तालिम | संख्या | | १ | १ | १ | १ | १ | ५ | " | प्रनियोआ | | ८ | १६ | ८ |
| प्रतिफल १.६ | अनुसन्धानको माध्यमबाट आवश्यक तथ्याङ्कहरूको सूची तयार भई नियमित तथ्याङ्क संकलन गर्ने प्रणालीको विकास भएको हुने | प्रादेशिक र स्थानीय तह स्तरमा आवश्यक तथ्याङ्कको सूची तयारी | संख्या | | | १ | | | | १ | " | प्रनियोआ, सम्बन्धित मन्त्रालय | | ८ | १६ | ८ |
| प्रतिफल १.७ | विषयगत र क्षेत्रगत तथ्याङ्कहरू संकलन भएको हुने | आवश्यक तथ्याङ्क संकलन कार्य | संख्या | | | १ | १ | १ | १ | ४ | " | प्रनियोआ, सम्बन्धित मन्त्रालय | मन्त्रालयसँग समन्वय हुने | ८ | १६ | ८ |
| प्रतिफल १.८ | प्रदेशगत तथ्याङ्क कार्यालयमा कार्यरत कर्मचारी तथा विज्ञहरूको क्षमता र दक्षता वृद्धि गर्न के.त.वि. र विश्वविद्यालयहरूसँग सहकार्य भएको हुने | सम्बन्धित कर्मचारी तथा विज्ञहरूको क्षमता तथा दक्षता वृद्धि तालिम | संख्या | | | १ | १ | १ | १ | ४ | " | प्रनियोआ | केतवि/ विश्व विद्यालयहरूको समन्वय हुने | ८ | १६ | ८ |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष २०७५/७६ | वर्ष अनुसार लक्ष्य | | | | | योजना अवधिका उपलब्धि | पुष्ट्याइँको श्रोत | जिम्मेवार निकाय | जोखिम अनुमान | प्रसमूसं संकेत | दिविल संकेत | दीराल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | | | | | | |
| **प्रतिफल १.९** | आयोजना सञ्चालन अवधि, मध्यमकालीन अवधि, र अन्तिम अवस्थाको तथ्याङ्क संकलन र विश्लेषण नियमित रुपमा भएको हुने | मध्यमकालीन खर्च संरचनाको लागि आवश्यक तथ्याङ्क संकलन कार्य | संख्या | १ | १ | १ | १ | १ | १ | ५ | प्रनियोआको प्रतिवेदन | प्रनियोआ | | ८ | १६ | ८ |
| **असर २** | तथ्याङ्क प्रणालीको आधुनिकीकरण भएको हुने | डिजिटल तथ्याङ्क | प्रतिशत | | | | | | | | " | " | | ८ | १६ | ८ |
| **प्रतिफल २.१** | तथ्याङ्क संकलन, प्रशोधन र वितरणको लागि उपलब्ध वैज्ञानिक विधि र प्रविधिहरूको उच्चतम प्रयोग भएको हुने | प्रादेशिक तथ्याङ्क वेब पोर्टल निर्माण भई तथ्याङ्कहरूको एकीकृत् रुपमा व्यवस्थापन र वितरण भएको हुने | संख्या | | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १ | " | " | | ८ | १६ | ८ |
| **प्रतिफल २.२** | विषयगत मन्त्रालयसँग सम्बन्धित तथ्यांङ्कहरूको प्रशोधन गरी GIS नक्सांकन भएको हुने | GIS नक्सांकन | संख्या | | १ | | | | | १ | " | प्रनियोआ, सम्बन्धित मन्त्रालय | मन्त्रालयसँग समन्वय हुने | ८ | १६ | ८ |
| **असर ३** | विश्वसनीय तथ्याङ्क समयमै उपलब्ध भएको हुने | | | | | | | | | | " | प्रनियोआ | | ८ | १६ | ८ |
| **प्रतिफल ३.१** | तथ्याङ्कको प्रशोधन र विश्लेषण भई वेब पोर्टल र विभिन्न प्रकाशन मार्फत् प्रयोगकर्ता माझ नियमित रुपमा पुऱ्याउने कार्य भएको हुने | प्रादेशिक तथ्याङ्क वेब पोर्टल मार्फत् तथ्याङ्कहरूको एकीकृत् रुपमा व्यवस्थापन र वितरण | संख्या | | १ | | | | | १ | " | " | | ८ | १६ | ८ |
| **लगानीः तथ्याङ्क व्यवस्थापनको लगानी, प्रादेशिक तथ्याङ्क प्रणाली विकास, तथ्याङ्क संकलन, कर्मचारीको क्षमता विकास तालिम, वार्षिक कार्यक्रम तथा बजेट** | | | | | | | | | | | | | | | | |

## ९.२ योजना तर्जुमा र कार्यान्वयन

### ९.२.१ पृष्ठभूमि

योजनाबद्ध विकासका लागि तथ्यगत अध्ययन, अनुसन्धान र विश्लेषण गर्दै विषयगत समस्या, चुनौती र अवसरहरूको पहिचान गर्ने र त्यसका आधारमा विषय केन्द्रित रणनीति र व्यावहारिक कार्यनीतिसहितको योजना आवश्यक पर्दछ । पन्ध्रौं योजनाको राष्ट्रिय लक्ष्य हाँसिल गर्न प्रदेश सरकारले "**उच्च उत्पादन, मर्यादित जीवन, समावेशी, सभ्य, न्यायपूर्ण र सुशासनयुक्त आधुनिक समाज भएको समृद्ध प्रदेश**" निर्माण गर्ने लक्ष्यका साथ प्रदेशको प्रथम पञ्चवर्षीय योजना तर्जुमा गरिएको छ । प्रदेशको योजना निर्माणलाई मार्गनिर्देश गर्न नीति तथा योजना आयोगले "गण्डकी प्रदेशको स्थिति पत्र, २०७५" प्रकाशमा ल्याईसकेको छ । स्थितिपत्रले सुझाएका विभिन्न सवालहरू र विभिन्न सरोकारवाला संघसंस्था तथा व्यक्तिहरूको सुझाव समेत समेटी प्रदेश सरकारको पहिलो पञ्चवर्षीय योजनाको आधार-पत्र प्रकाशनमा ल्याएको छ । त्यस्तैगरी, प्रदेश स्तरको योजना तर्जुमा र अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन तर्जुमा गरी कार्यान्वयनमा ल्याईसकेको छ । प्रदेश स्तरीय संरचना नयाँ भएको हुनाले प्रदेश स्तरीय योजना प्रणालीको आधारशीला बनाउने र सँगसँगै उक्त प्रणालीलाई स्थानीय तहसम्म संस्थागत गर्न नीति तथा योजना आयोगले कार्य गरिरहेको छ । योजनाहरूलाई तथ्य र प्रमाणमा आधारित र नतिजामुखी बनाउन हरेक आयोजनाको नतिजा खाका विकास गर्ने र सरकारले कार्यान्वयन गरेको योजनाको नियमित रुपमा मूल्याङ्कन गरी उपलब्धि सार्वजनिक गर्ने व्यवस्थाको विकास गर्न पनि आवश्यक भएको छ ।

### ९.२.२ प्रमुख समस्या

प्रयाप्त जनशक्ति, भौतिक संरचना र बजेटको अभाव रहनु, राष्ट्रिय योजना आयोग र प्रदेश योजना आयोग बीच नियमित रुपमा विषयगत छलफल गरी नीति तथा योजना तर्जुमा गर्ने र कार्यक्रमहरूको वर्गीकरण गर्ने वातावरण बन्न नसक्नु, योजना तर्जुमालाई मार्गनिर्देश गर्न आवश्यक प्रदेश र स्थानीय तहगत खण्डीकृत तथ्याङ्कको उपलब्धता नहुनु, प्रदेश अन्तर्गतका संस्थागत संरचनाहरू व्यवस्थित नहुनु, कर्मचारीहरूको स्थायित्व नहुनु, आदि यस क्षेत्रका समस्याहरू हुन् ।

### ९.२.३ चुनौती र अवसर

**चुनौती**

नियमित रुपमा विषयगत तथ्याङ्क संकलन, प्रशोधन र विश्लेषण गरी योजना छनौट गर्ने प्रणालीको आधारशीला तयार गर्नु, प्रथम पञ्चवर्षीय योजना, वार्षिक विकास कार्यक्रम र मध्यकालीन खर्च संरचना बीचको सामन्जस्य कायम गर्दै योजना कार्यान्वयनलाई प्रभावकारी बनाउनु, योजना निर्माणको लागि आवश्यक विज्ञ जनशक्तिहरू प्रदेश स्तरमा नै उत्पादन गरी प्रादेशिक योजना निर्माणको प्रणालीलाई मजबुत र दिगो बनाउनु, योजना कार्यान्वयन गर्ने निकायको क्षमता र दक्षता अभिवृद्धि गरी योजना कार्यान्वयन गर्नु, स्थानीय तहको योजना निर्माण क्षमता र दक्षता अभिवृद्धि गर्नु आदि यस क्षेत्रका प्रमुख चुनौतीहरू हुन् ।

**अवसर**

प्रादेशिक नीति तथा योजना तर्जुमा गर्नको लागि संस्थागत संरचनाको निर्माण हुनु, राष्ट्रिय योजना आयोगको अनुभव प्रादेशिक योजना निर्माणमा उपयोग गर्न सक्ने संभावनाहरू रहनु, स्थानीय तहले पनि आफ्नो पञ्चवर्षीय योजना निर्माण गरी योजनाबद्ध रुपमा विकास निर्माणका कार्यहरू अगाडि बढाउनु, योजना तर्जुमा प्रति सबै समुदायको जनचासो र सहभागिता बढ्दै जानु, राष्ट्रिय योजना आयोग र प्रदेश नीति तथा योजना आयोग बीच सहकार्य र समन्वय वृद्धि हुदै जाने संभावनाहरू रहनु, प्रादेशिक र स्थानीय तहको योजना तर्जुमाको लागि प्राविधिक सहयोग गर्न विभिन्न विकास साझेदार संघसंस्थाहरू इच्छुक हुनु आदि यस क्षेत्रका प्रमुख अवसरहरू हुन् ।

### ९.२.४ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

**सोच**

परिणाममुखी योजना तर्जुमा र कार्यान्वयन प्रणाली, द्रुत सामाजिक आर्थिक विकासको आधार ।

**लक्ष्य**

योजनाहरूको लक्ष्य र परिणामबीच सामन्जस्य कायम गर्ने ।

**उद्देश्य**

१. तथ्यमा आधारित परिणाममुखी योजना तर्जुमा गर्नु ।

२. योजनाको प्रभावकारी कार्यान्वयन गर्नु ।

३. योजनाहरूको अनुगमन तथा मूल्याङ्कन संरचनाको विकास गर्नु ।

### ९.२.५ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीत |
|---|---|
| **उद्देश्य १: तथ्यमा आधारित परिणाममुखी योजना तर्जुमा गर्नु ।** | |
| १.१ तथ्याङ्कको वैज्ञानिक प्रयोग गर्दै परिणाममुखी नीति तथा योजना निर्माण गर्ने । | १.१.१ योजना निर्माणमा उपयोगी हुने तथ्याङ्कहरूको सूची तयार गरी अधिकतम प्रयोग गरिनेछ र उक्त तथ्याङ्क स्थानीय तह, योजनाकार वा सम्बन्धित निकायहरूलाई पनि उपलब्ध गराइनेछ ।<br>१.१.२ योजना निर्माणलाई परिष्कृत र सहभागितामूलक बनाउन आवश्यकता र विशिष्टताको आधारमा विश्वविद्यालय, आन्तरिक तथा वाह्य विषयगत अध्ययन अनुसन्धान केन्द्र, विभिन्न संघसंस्था तथा बिज्ञ व्यक्तित्वहरू र विकास साझेदारहरूसँग निरन्तर सहकार्य र समन्वय गरिनेछ ।<br>१.१.३ प्रादेशिक योजना निर्माणको लागि राष्ट्रिय योजना आयोग र नेपाल सरकार अन्तर्गतका मन्त्रालय तथा विभागहरूसँग निरन्तर सहकार्य र समन्वय गरिनेछ ।<br>१.१.४ नीति तथा योजना निर्माणलाई सहयोगी हुने विषय तथा मुद्दाहरूमा राष्ट्रिय योजना आयोग, विकास साझेदार संघसंस्था, विश्वविद्यालयहरू र निजी संघसंस्थाहरूसँग सहकार्य गरी खोजमूलक अनुसन्धान गरिनेछ ।<br>१.१.५ प्रादेशिक नीति तथा योजना उत्पादन, उत्पादकत्व र रोजगार वृद्धि गर्नतर्फ अग्रसर भएको हुनेछ । |
| **उद्देश्य २: योजनाको प्रभावकारी कार्यान्वयन गर्नु ।** | |
| २.१ विषयगत मापदण्ड बनाइ तहगत सम्बन्ध तथा अन्तरसरकारी समन्वय कायम गर्ने । | २.१.१ हरेक योजनाको समय तालिका, लागत, अध्ययन, स्थान, सहभागिता, स्रोत, गुणस्तर र परिणामको बारेमा मापदण्ड बनाइ कार्यान्वयन गरिनेछ ।<br>२.१.२ योजना कार्यान्वयन गर्ने निकायको संस्थागत सुधार तथा क्षमता र दक्षता अभिवृद्धि गरिनेछ ।<br>२.१.३ योजनाका हरेक चरणका कमजोरी र परिणामलाई यथार्थ विश्लेषण गरी सबै निकायसँग समन्वय र अन्तरसम्बन्ध स्थापना गरिनेछ ।<br>२.१.४ योजना तर्जुमा तथा कार्यन्वयनको लागि उच्चस्तरीय अन्तरनिकाय बीचमा समन्वय गरी आयोजना कार्यान्वयनमा सहजीकरण गरिनेछ ।<br>२.२.५ प्रदेश र स्थानीय तहको विकासलाई मध्य विन्दुमा राखी भौगोलिक र क्षेत्रगत सन्तुलन कायम हुने गरी आयोजनाको पहिचान, छनौट र कार्यान्वयनको लागि व्यवस्था गरिनेछ । |
| **उद्देश्य ३: योजनाहरूको अनुगमन तथा मूल्याङ्कन संरचनाको विकास गर्नु ।** | |
| ३.१ योजना अनुगमन निर्देशिका र संयन्त्र बनाई नियमित समीक्षा गर्ने साथै तेस्रो र स्वतन्त्र पक्षबाट विशेष आयोजनाहरूको मूल्याङ्कन गर्ने । | ३.१.१ योजना अनुगमन निर्देशिका बनाई सबै मन्त्रालय र निकायमा लागु गरिनेछ ।<br>३.१.२ विशेष आयोजनाहरूको तेस्रो पक्षबाट पनि मूल्याङ्कन गराई सुझावहरूलाई योजना तर्जुमा गर्दा समावेश गरिनेछ ।<br>३.१.३ उपलब्धि मापनको लागि परियोजनाको नतिजा सूचकसहितको प्रत्येक आयोजनाको नतिजा खाका तयार गरी कार्यान्वयन गरिनेछ । |

### ९.२.६ कार्यक्रमका प्राथमिकता

१. प्रमाणमा आधारति योजना तर्जुमा प्रकृया सुदृढ गर्ने ।

२. योजना तर्जुमा गर्न स्थानीय तह र नेपाल सरकारसँग सहकार्य र समन्वय गर्ने ।

### ९.२.७ विस्तृत कार्यक्रम

| क्र.सं. | उद्देश्य नं. | रणनीति नं. | कार्यनीति नं. | संकेत | कार्यक्रम | इकाई | आधार वर्ष ०७५/७६ | लक्ष्य २०७६/७७ | लक्ष्य २०७७/७८ | लक्ष्य २०७८/७९ | लक्ष्य २०७९/८० | लक्ष्य २०८०/८१ | योजना अवधिको जम्मा लक्ष्य | जिम्मेवार निकायहरू |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | १ | १.१ | १.१.१ | क | तथ्याङ्कहरूको सूची तयार गरी स्थानीय तह र सम्बन्धित निकायहरूलाई वितरण | संख्या | ० | १ | १ | १ | १ | १ | ५ | प्रनियोआ |
| २ | | | १.१.२ | क | विश्व विद्यालय र प्राज्ञिक संस्थासँग छलफल र कार्यशाला | संख्या | ० | ३ | ४ | ५ | ५ | ५ | २२ | " |
| ३ | | | १.१.३ | ग | संघीय सरकारका विभिन्न निकायहरू सँग बैठक र छलफल | प्याकेज | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १ | " |
| ४ | | | १.१.४ | क | योजना तर्जुमालाई पृष्ठपोषण गर्ने अध्ययन अनुसन्धान | संख्या | १० | १५ | ५ | ५ | ५ | ५ | ३५ | प्रनियोआ |
| ५ | | | १.१.५ | क | उत्पादन र उत्पादकत्व वृद्धि सम्बन्धी अध्ययन अनुसन्धान | प्याकेज | | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १ | सम्बन्धित मन्त्रालय |
| ६ | २ | २.१ | २.१.१ | क | योजनाको वर्गीकरण गर्न मापदण्ड बनाउने | प्याकेज | | | १ | निरन्तर | निरन्तर | निरन्तर | १ | प्रनियोआ |
| ७ | | | २.१.२ | क | अभिमुखीकरण तालिम (सबै स्थानीय तहलाई) | प्याकेज | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १ | " |
| ८ | | | २.१.३ | क | स्थानीय तह र नेपाल सरकारसँग समन्वय र अन्तर सम्बन्ध कायम गर्ने | प्याकेज | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १ | " |
| ९ | | | २.१.४ र २.१.५ | | योजनाको पहिचान, छनौट र कार्यान्वयन गर्ने उच्च स्तरीय संयन्त्र गठन गर्ने | संख्या | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १ | " |
| १० | ३ | ३.१. | ३.१.१ | क | अनुगमन तथा मूल्याङ्कन निर्देशिका बनाउने | संख्या | | १ | | | | | १ | " |
| ११ | | | ३.१.२ | क | अनुगमन तथा मूल्याङ्कनको पृष्ठपोषणलाई योजना निर्माणमा समावेश गर्ने | प्याकेज | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १ | " |
| १२ | | | ३.१.३ | क | प्रत्येक आयोजनाको नतिजा तयार गर्ने | प्याकेज | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १ | " |

## ९.२.८ नतिजा

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७५/७६ | उपलब्धि २०७६/७७ | उपलब्धि २०७७/७८ | उपलब्धि २०७८/७९ | उपलब्धि २०७९/८० | उपलब्धि २०८०/८१ | योजना अवधिका उपलब्धि | पुष्ट्याइँको स्रोत | जिम्मेवार निकाय | जोखिम अनुमान | प्रसमसं संकेत | दिविल संकेत | दीराल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **प्रभाव** | **योजनाहरूको लक्ष्य र उपलब्धिबीच सामन्जस्य कायम भएको हुने** | **राष्ट्रिय लक्ष्यसँग तुलना गर्न मिल्ने प्रदेशका लक्ष्य** | **संख्या** | | | | | | | | **प्रनियोआको प्रतिवेदन** | **प्रनियोआ, सम्बन्धित मन्त्रालय** | | ८ | १६ | ८ |
| **असर १** | तथ्याङ्कको वैज्ञानिक प्रयोग मार्फत् परिणाममुखी नीति तथा योजनाको निर्माण भएको हुने | तथ्यपरक योजना निर्माण भएको छ भनी विश्वास गर्ने जनता | प्रतिशत | | | | | | | | " | " | | ८ | १६ | ८ |
| **प्रतिफल १.१** | योजना निर्माणमा उपयोगी हुने तथ्याङ्कहरूको सूची तयार भई अधिकतम प्रयोग भएको हुने र उक्त तथ्याङ्क स्थानीय तह, योजनाकार वा सम्बन्धित निकायहरूलाई पनि उपलब्ध भएको हुने | तथ्याङ्कहरूको सूची | संख्या | | १ | १ | १ | १ | १ | ५ | " | " | सरोकार वाला सहयोगी हुने | ८ | १६ | ८ |
| **प्रतिफल १.२** | योजना निर्माणलाई परिस्कृत र सहभागितामूलक बनाउन आवश्यकता र विशिष्टताको आधारमा विश्वविद्यालय, आन्तरिक तथा वाह्य विषयगत अध्ययन अनुसन्धान केन्द्र, विभिन्न संघसंस्था तथा विज्ञ व्यक्तित्वहरू र विकास साझेदारहरूसँग निरन्तर सहकार्य र समन्वय भएको हुने | विश्वविद्यालय र प्राज्ञिक संस्थासँगको छलफल/ कार्यशाला | संख्या | ० | ३ | ४ | ५ | ५ | ५ | २२ | " | " | " | ८ | १६ | ८ |
| **प्रतिफल १.३** | प्रादेशिक योजना निर्माणको लागि राष्ट्रिय योजना आयोग र नेपाल सरकार अन्तर्गतका मन्त्रालय तथा विभागहरूसँग निरन्तर सहकार्य र समन्वय भएको हुने | सरकारका विभिन्न निकायहरूसँगको बैठक र छलफल | संख्या | १० | १० | १० | १० | १० | १० | ५० | " | " | " | ८ | १६ | ८ |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७५/७६ | उपलब्धि | | | | | योजना अवधिका उपलब्धि | पुष्ट्याइँको श्रोत | जिम्मेवार निकाय | जोखिम अनुमान | प्रसमसं संकेत | दिविल संकेत | दीराल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | | | | | | |
| **प्रतिफल** १.४ | नीति तथा योजना निर्माणलाई सहयोगी हुने विषय तथा मुद्दाहरूमा राष्ट्रिय योजना आयोग, विकास साझेदार संघसंस्था, विश्वविद्यालयहरू र निजी संघसंस्थाहरूसँग सहकार्य भई खोजमूलक अनुसन्धान भएको हुने | योजना तर्जुमालाई पृष्ठपोषण गर्ने अध्ययन अनुसन्धान | संख्या | १० | १५ | ५ | ५ | ५ | ५ | ३५ | प्रनियोआको प्रतिवेदन | प्रनियोआ, सम्बन्धित मन्त्रालय | | ८ | १६ | ८ |
| **प्रतिफल** १.५ | प्रादेशिक नीति तथा योजना उत्पादन, उत्पादकत्व र रोजगार वृद्धि गर्ने तर्फ अग्रसर भएको हुने | उत्पादन र उत्पादकत्व वृद्धि सम्बन्धी अध्ययन अनुसन्धान | संख्या | | | ३ | | | | ३ | " | " | | ८ | १६ | ८ |
| **असर** २ | विषयगत मापदण्ड बनी तहगत सम्बन्ध तथा अन्तरसरकारी समन्वय कायम भएको हुने | आयोजना वर्गीकरण वैज्ञानिक रह्यो भनि विश्वास गर्ने स्थानीय तह | प्रतिशत | | | | | | | | " | " | | ८ | १६ | ८ |
| **प्रतिफल** २.१ | हरेक योजनाको समय तालिका, लागत, अध्ययन, स्थान, सहभागिता, स्रोत, गुणस्तर र परिणामको बारेमा मापदण्ड बनी कार्यान्वयन भएको हुने | योजनाको वर्गीकरण गर्न मापदण्ड तयारी | संख्या | | | १ | | | | १ | " | " | | ८ | १६ | ८ |
| **प्रतिफल** २.२ | योजना कार्यान्वयन गर्ने निकायको संस्थागत सुधार तथा क्षमता र दक्षता अभिवृद्धि भएको हुने | अभिमुखीकरण तालिम (सबै स्थानीय तहलाई) | प्याकेज | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १ | " | " | स्थानीय तहको सक्रिय सहभागिता रहने | ८ | १६ | ८ |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७५/७६ | उपलब्धि | | | | | योजना अवधिका उपलब्धि | पुष्ट्याइँको श्रोत | जिम्मेवार निकाय | जोखिम अनुमान | प्रसमसं संकेत | दिविल संकेत | दीराल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | | | | | | |
| **प्रतिफल** २.३ | योजनाका हरेक चरणका कमजोरी र परिणामको यथार्थ विश्लेषण भई सबै निकायसँग समन्वय र अन्तरसम्बन्ध स्थापित भएको हुने | सबै निकायसँग समन्वय र अन्तर सम्बन्ध कायमको अवस्था | प्याकेज | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १ | प्रनियोआको प्रतिवेदन | प्रनियोआ, सम्बन्धित मन्त्रालय | | ८ | १६ | ८ |
| **प्रतिफल** २.४ | योजना तर्जुमा तथा कार्यान्वयनकोलागि उच्चस्तरीय अन्तरनिकाय समन्वय भई आयोजना कार्यान्वयन सहज भएको हुने | उच्च स्तरीय संयन्त्र गठन | संख्या | | १ | | | | | १ | " | " | | ८ | १६ | ८ |
| **प्रतिफल** २.५ | प्रदेश र स्थानीय तहको विकासलाई मध्य विन्दुमा राखी भौगोलिक र क्षेत्रगत सन्तुलन कायम हुने गरी आयोजनाको पहिचान, छनौट र कार्यान्वयनको लागि व्यवस्था भएको हुने | पालिकालाई प्रदेशबाट स्वीकृत सरदर योजना | संख्या | | | | | | | | " | " | | ८ | १६ | ८ |
| **असर ३** | योजनाहरूको अनुगमन तथा मूल्याङ्कन भएको हुने | अनुगमन तथा मूल्याङ्कन गरिएका आयोजना | संख्या | | | | | | | | " | " | | ८ | १६ | ८ |
| **प्रतिफल** ३.१ | योजना अनुगमन निर्देशिका बनी सबै मन्त्रालय र निकायमा लागू भएको हुने | अनुगमन तथा मूल्याङ्कन निर्देशिका | संख्या | | १ | | | | | | " | " | | ८ | १६ | ८ |
| **प्रतिफल** ३.२ | विशेष आयोजनाहरूको तेस्रो पक्षबाट पनि मूल्याङ्कन गराई सुझावहरू योजना तर्जुमा गर्दा समावेश भएको हुने | तेस्रो पक्षबाट मूल्याङ्कन गरिएका आयोजना | संख्या | | | | | | | | " | " | | ८ | १६ | ८ |
| **प्रतिफल** ३.३ | उपलब्धि मापनको लागि परियोजनाको नतिजा सूचकसहित प्रत्येक आयोजनाको नतिजा खाका तयार गरी कार्यान्वयन भएको हुने | नतिजा खाका तयार आयोजना | संख्या | | | | | | | | " | " | | ८ | १६ | ८ |

**लगानीः योजना तर्जुमामा लगानी, सबै नागरिक र सरोकार वालाको सहभागितासँग गरिने छलफल, विज्ञ तथा कर्मचारी क्षमता विकास तालिम, स्थानीय तहको क्षमता विकास तालिम, वार्षिक कार्यक्रम र बजेट**

## ९.३ योजना कार्यान्वयन गर्ने अन्तरसरकार समन्वय

### ९.३.१ पृष्ठभूमि

देशमा संघीयताको अभ्यास प्रारम्भ भए पश्चात् तीन तहमा (संघ, प्रदेश र स्थानीय तह) सरकार गठन भई क्रियाशिल भएका छन् । तीन तहका सरकारले कार्यान्वयन गर्ने एकल अधिकार क्षेत्रका कार्यहरूमा प्रष्टता भए तापनि साझा अधिकारभित्रका कार्यहरू कार्यान्वयन गर्ने कार्यहरूमा प्रष्टता आएको छैन । तसर्थ तीन तहका सरकारले प्रभावकारी काम सम्पादन गर्न आपसी सामन्जस्य, समन्वय र सहकार्य आवश्यक पर्दछ । प्रष्टता नभएका कार्यहरू आपसी सहकार्य र समन्वयमा सम्पादन गरी जनतालाई सरकारको उपस्थिति र अनुभूति गराउन सकिन्छ ।

### ९.३.२ प्रमुख समस्या

नेपालको संविधानको अनुसूची ५ मा नेपाल सरकारले सम्पादन गर्ने एकल अधिकार क्षेत्र भित्रका कार्यहरू, अनुसूची ६ मा प्रदेश सरकारले सम्पादन गर्ने कार्यहरू, अनुसूची ७ मा संघ र प्रदेशले साझा रुपमा सम्पादन गर्ने कार्यहरू, अनुसूची ८ मा स्थानीय तहका एकल अधिकार क्षेत्रभित्रका कार्यहरू र अनुसूची ९ मा तीन तहका सरकारले सम्पादन गर्ने साझा अधिकारका कार्यहरू उल्लेख गरिएको छ । यी कार्यहरू मोटामोटी रुपमा मात्र उल्लेख गरिएको र मसिनाएर नछुट्याइएको हुँदा कार्य सम्पादन गर्न केही अस्पष्टताहरू छन् । कार्य विस्तृतीकरणमा केही व्याख्या गरिएको भए तापनि व्याख्या नभएका कैयौं सवालहरू छन् र कार्यान्वयन चरणमा ती कार्यहरू दोहोरिने, एक अर्काको क्षेत्र अतिक्रमण हुने जस्ता समस्याहरू छन् । तीन तहका सरकारले कार्यन्वयन गर्ने आयोजनाहरूको हालसम्म वर्गीकरण गरिएको छैन र यसले योजना तर्जुमा तथा कार्यान्वयनमा थप समस्या पैदा गरेको छ । यस प्रकारका समस्या समाधान गर्न तीन तहका सरकारबीच आपसी सहकार्य र समन्वय आवश्यक छ ।

### ९.३.३ चुनौती र अवसर

**चुनौति**

तीन तहका सरकारले कार्यान्वयन गर्ने आयोजनाहरूको वर्गीकरण गरी कार्य प्रष्टता गर्नु, तीनै तहका सरकारको प्राथमिकतामा परेका आयोजनाहरू कार्यान्वयनको लागि स्रोत व्यवस्थापन गर्नु, एक अर्कोको कार्यक्षेत्र अतिक्रमण नहुने गरी कार्यसम्पादनमा सहजीकरण गर्नु, आयोजना कार्यान्वनमा प्रभावकरिता ल्याउनु आदि प्रमुख चुनौती हुन् ।

**अवसर**

प्रदेश प्रदेश बीच र संघ तथा प्रदेश बीच यदि कुनै समस्या देखापरे तिनको समाधान गर्न सम्माननीय प्रधानमन्त्रीको अध्यक्षतामा राष्ट्रिय स्तरमा प्रदेश समन्वय परिषद्को व्यवस्था हुनु, प्रदेश र स्थानीय तह बीच तथा स्थानीय तहहरू बीच कुनै समस्या देखा परे तिनको समाधान गर्न माननीय मुख्यमन्त्रीको अध्यक्षतामा प्रदेश स्तरमा समन्वय परिषद्को व्यवस्था हुनु, संघीयता कार्यान्वयनको लागि कार्यतालिका निर्माण हुनु, आयोजनाहरूको वर्गीकरण गरी कार्य प्रष्टता ल्याउन आयोजना वर्गीकरण सम्बन्धी छलफलले नीति निर्माताको ध्यान आकर्षण गर्नु, दुःखको बेला मिलेर काम गर्ने नेपालीको संस्कृति हुनु आदि अवसर हुन् ।

### ९.३.४ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

**सोच**

तीन तहका सरकार बीच उत्कृष्ट समन्वय र सहकार्य भएको प्रदेश ।

**लक्ष्य**

आपसी समन्वय र सहकार्यमा उत्कृष्ट नतिजा हाँसिल गर्ने ।

**उद्देश्य**

१. आपसी सहयोग र समन्वयमा आयोजनाको पहिचान, विकास र कार्यान्वयन गर्नु ।

### ९.३.५ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १: आपसी सहयोग र समन्वयमा आयोजनाको पहिचान, विकास र कार्यान्वयन गर्नु।** | |
| १.१ तीन तहका सरकारको कार्यक्षेत्र र क्षेत्राधिकार प्रष्ट गर्न आयोजनाहरूको वर्गीकरण गर्न नेपाल सरकारसँग बहस पैरबी गर्ने । | १.१.१ रणनीतिक महत्वका ठूला आयोजनाहरू नेपाल सरकार सँगको सहकार्य र समन्वयमा पहिचान, विकास र कार्यान्वयन गरिनेछ ।<br>१.१.२ ठूला र रणनीतिक आयोजनाहरूको लागि आवश्यक स्रोत बहुपक्षीय समन्वय र सहकार्यको माध्यममार्फत् व्यवस्था गरिनेछ ।<br>१.१.३ मध्यम खालका, प्रदेशमा उत्पादन बृद्धिमा सघाउने एवम् आर्थिक गतिविधि बढाउने खाले आयोजनाहरू प्रदेश आफैले पहिचान गरी कार्यान्वयन गर्ने व्यवस्था गरिनेछ ।<br>१.१.४ जनातामा सेवाप्रवाह गर्ने साना आयोजनाहरूको पहिचान, विकास र कार्यान्वयन गर्न स्थानीय तहसँग सहकार्य गरिनेछ । |
| १.२ आपसी सहकार्य र समन्वय गर्ने संयन्त्रहरू सुदृढ गर्ने । | १.२.१ सम्माननीय प्रधानमन्त्रीको अध्यक्षतामा रहेको अन्तर प्रदेश समन्वय परिषद्को बैठक नियमित गर्न अनुरोध गरिनेछ र प्रदेश र संघ बीच आयोजना कार्यान्वनमा देखिएका समस्या समधान गर्ने व्यवस्था गरिनेछ ।<br>१.२.२ माननीय मुख्यमन्त्रीको अध्यक्षतामा रहेको समन्वय समितिको बैठक नियमित गरी प्रदेश र स्थानीय तहबीच रहेका आयोजना कार्यान्वयन सम्बन्धी समस्या समधान गरिनेछ ।<br>१.२.३ प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्षको संयोजकत्वमा रहेको स्थानीय तहमा योजना तर्जुमा सहजीकरण समितिमार्फत् स्थानीय तहको योजना तर्जुमा गर्न प्राविधिक सहयोग प्रदान गरिनेछ ।<br>१.२.४ मुख्य न्यायाधिवक्ताको संयोजकत्वमा रहेको स्थानीय तहमा कानून तर्जुमा सहजीकरण समितिमार्फत् स्थानीय तहमा कानून तर्जुमा गर्न प्राविधिक सहयोग प्रदान गरिनेछ ।<br>१.२.५ प्रदेश प्रशासनिक प्रशिक्षण केन्द्रको स्थापना र सञ्चालन गरी प्रदेश तथा स्थानीय तहमा कार्यरत कर्मचारीहरूको आयोजना कार्यान्वयन गर्ने क्षमता बृद्धि गरिनेछ । |

### ९.३.६ कार्यक्रमका प्राथमिकता

१. योजना कार्यान्वयन गर्न अन्तरमन्त्रालय र अन्तरनिकाय समन्वय सुदृढ गर्ने ।

२. विकास समस्या समाधान गर्ने संयन्त्रहरू सुदृढ गर्ने ।

३. निर्वाचित पदाधिकारी र कर्मचारीको क्षमता विकास गर्ने ।

## ९.३.७ विस्तृत कार्यक्रम

| क्र.सं. | उद्देश्य नं. | रणनीति नं. | कार्यनीति नं. | संकेत | कार्यक्रम | इकाई | आधार वर्ष ०७५/७६ | लक्ष्य २०७६/७७ | लक्ष्य २०७७/७८ | लक्ष्य २०७८/७९ | लक्ष्य २०७/८० | लक्ष्य २०८०/८१ | योजना अवधिको जम्मा लक्ष्य | जिम्मेवार निकायहरू |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | १ | १.१ | १.१.१ | ग | प्रदेशका रणनीतिक आयोजनाको पहिचान र कार्यन्वयन | संख्या | | ६ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ६ | प्रनियोआ/सम्बन्धित मन्त्रालय |
| २ | | | १.१.२ | क | रणनैतिक योजनाहरूको कार्यान्वयन गर्न सम्बन्धित मन्त्रालयसँग सहकार्य र समन्वय | प्रणाली | | | १ | निरन्तर | निरन्तर | निरन्तर | १ | ” |
| ३ | | | १.१.३ | क | पहिचान भएका मध्यम खालका योजनाहरूको कार्यान्वयन गर्न अन्तर मन्त्रालय समन्वयको सुदृढीकरण | प्रणाली | | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १ | ” |
| ४ | | | १.१.४ र १.२.३ | ख | स्थानीय तहमा योजना तर्जुमा सहजीकरण समितिको भूमिका सुदृढीकरण | प्रणाली | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १ | ” |
| ५ | १ | १.२ | १.२.१ | ग | अन्तर प्रदेश समन्वय परिषद्मा प्रदेशको प्रतिनिधित्व गर्ने | संख्या | २ | ३ | ३ | ३ | ३ | ३ | १५ | मुमका |
| ६ | | | | ग | राष्ट्रिय विकास समस्या समाधान समितिमा प्रदेशको प्रतिनिधित्व गर्ने | संख्या | ३ | ३ | ३ | ३ | ३ | ३ | १५ | ” |
| ७ | | | | क | प्रदेश विकास समस्या समधान समिति गठन र बैठक सञ्चालन | संख्या | | २ | ३ | ३ | ३ | ३ | १४ | प्रनियोआ |
| ८ | १ | १.२ | १.२.२ | क | प्रदेश समन्वय सहजीककरण समिति र प्रदेश समन्वय परिषद्को बैठक नियमित गर्ने | संख्या | | २ | २ | २ | २ | २ | १० | मुमका |
| ९ | | | १.२.३ | क | प्रदेश नीति तथा योजना आयोगको संगठन र भौतिक संरचना सुदृढीकरण गर्ने | प्याकेज | | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १ | प्रनियोआ |
| १० | | | १.२.४ | ख | स्थानीय तहको न्यायिक समितिको क्षमता वृद्धि | संख्या | १२ | ७३ | | | | | ७३ | मुन्याका |
| ११ | | | १.२.५ | ग | प्रदेश प्रशासनिक प्रशिक्षण केन्द्रको स्थापना | संख्या | | १ | | | | | १ | मुमका |
| १२ | | | | क | कर्मचारी, निर्वाचित पदाधिकारी, सहकारी र अन्य निकायको क्षमता विकास गर्न पाठ्यक्रम वनाई तालिम सञ्चालन | संख्या | | २०० | ५०० | ५०० | ५०० | ५०० | २२०० | प्रप्रप्रके |

## ९.३.८ नतिजा

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७५/७६ | उपलब्धि २०७६/७७ | उपलब्धि २०७७/७८ | उपलब्धि २०७८/७९ | उपलब्धि २०७९/८० | उपलब्धि २०८०/८१ | योजना अवधिका उपलब्धि | पुष्ट्याइँको श्रोत | जिम्मेवार निकाय | जोखिम अनुमान | प्रसमुसं संकेत | दिविल संकेत | दीराल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रभाव | तीन तहका सरकार बीच आपसी समन्वय र सहकार्यमा उत्कृष्ट नतिजा हाँसिल भएको हुने | प्रदेशको कुल बजेटमा समपूरक र विशेष अनुदानको अंश | प्रतिशत | | | | | | | | आमायोमको प्रतिवेदन | आमायोम | | ८ | १६ | ८ |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७५/७६ | उपलब्धि | | | | | योजना अवधिका उपलब्धि | पुष्ट्याइँको श्रोत | जिम्मेवार निकाय | जोखिम अनुमान | प्रसमुसं संकेत | दिविल संकेत | दीराल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | | | | | | |
| **असर १** | तीन तहका सरकारको कार्यक्षेत्र र क्षेत्राधिकार प्रष्ट गर्न आयोजनाहरूको वर्गीकरण भएको हुने | स्रोत सहित नेपाल सरकारबाट प्रदेशलाई हस्तान्तरण भएका आयोजना | प्रतिशत | | | | | | | | आमायोमको प्रतिवेदन | आमायोम | संघीय सरकारसँग समन्वय भएको हुने | ८ | १६ | ८ |
| **प्रतिफल १.१** | रणनीतिक महत्वका ठूला आयोजनाहरूको पहिचान, विकास र कार्यान्वयन भएको हुने | ठूला आयोजनाहरूको पहिचान, विकास र कार्यान्वयन साझेदारीमा | संख्या | | | | | | | | " | " | " | ८ | १६ | ८ |
| **प्रतिफल १.२** | ठूला र रणनीतिक आयोजनाहरूको लागि आवश्यक स्रोतको व्यवस्था भएको हुने | स्रोतको व्यवस्था भएका ठूला आयोजना | संख्या | | | | | | | | " | " | बहुपक्षीय समन्वय र सहकार्य भएको हुने | ८ | १६ | ८ |
| **प्रतिफल १.३** | मध्यम खालका, प्रदेशमा उत्पादन बृद्धिमा सघाउने एवम् आर्थिक गतिविधि बढाउने खाले आयोजनाहरू प्रदेश आफैले पहिचान गरी कार्यान्वयन गर्ने व्यवस्था भएको हुने | प्रदेशले स्रोतको व्यवस्था गरेका मध्यम खाले आयोजना | संख्या | | | | | | | | " | " | | ८ | १६ | ८ |
| **प्रतिफल १.४** | जनातामा सेवाप्रवाह गर्ने साना आयोजनाहरूको पहिचान, विकास र कार्यान्वयन गर्न स्थानीय तहसँग सहकार्य भएको हुने | स्थानीय तहसँग सहकार्यमा कार्यान्वयन भएका आयोजना | संख्या | | | | | | | | " | " | स्थानीय तहको सहभागिता रहने | ८ | १६ | ८ |
| **प्रतिफल १.५** | सम्माननीय प्रधानमन्त्रीको अध्यक्षतामा रहेको प्रदेश समन्वय परिषदको बैठक नियमित बस्ने र प्रदेश र संघ बीच आयोजना कार्यानन्वनमा देखिएका समस्या समाधान गर्ने व्यवस्था भएको हुने | प्रदेश समन्वय परिषदमा प्रदेशको प्रतिनिधित्व | बैठक संख्या | २ | ३ | ३ | ३ | ३ | ३ | १५ | आमायोमको प्रतिवेदन | आमायोम | | ८ | १६ | ८ |
| | | राष्ट्रिय विकास समस्या समाधान समितिमा प्रदेशको प्रतिनिधित्व | बैठक संख्या | ३ | ३ | ३ | ३ | ३ | ३ | १५ | " | " | | ८ | १६ | ८ |
| | | प्रदेश विकास समस्या समाधान समितिको बैठक | बैठक संख्या | | २ | ३ | ३ | ३ | ३ | १४ | " | " | | ८ | १६ | ८ |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७५/७६ | उपलब्धि २०७६/७७ | उपलब्धि २०७७/७८ | उपलब्धि २०७८/७९ | उपलब्धि २०७९/८० | उपलब्धि २०८०/८१ | योजना अवधिका उपलब्धि | पुष्ट्याइँको श्रोत | जिम्मेवार निकाय | जोखिम अनुमान | प्रसमुसं संकेत | दिविल संकेत | दीराल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रतिफल १.६ | माननीय मुख्यमन्त्रीको अध्यक्षतामा रहेको समन्वय समितिको बैठक नियमित बसी प्रदेश र स्थानीय तहबीच रहेका आयोजना कार्यान्वयन सम्बन्धी समस्या समधान भएको हुने | प्रदेश समन्वय परिषद् सहजीककरण समितिका नियमित बैठक | संख्या | | ३ | ३ | ३ | ३ | ३ | १५ | आमायोमको प्रतिवेदन | आमायोम | स्थानीय तहको सहभागिता हुने | ८ | १६ | ८ |
| प्रतिफल १.७ | प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्षको संयोजकत्वमा रहेको स्थानीय तह योजना तर्जुमा सहजीकरण समितिमार्फत् स्थानीय तहको योजना तर्जुमा गर्न प्राविधिक सहयोग प्रदान भएको हुने | प्रदेश नीति तथा योजना आयोगको संगठन र भौतिक संरचनाको सुदृढीकरण | पटक | | १ | | | | | १ | " | " | | ८ | १६ | ८ |
| प्रतिफल १.८ | मुख्य न्यायाधिवक्ताको संयोजकत्वमा रहेको स्थानीय तह कानून तर्जुमा सहजीकरण समितिमार्फत् स्थानीय तहमा कानून तर्जुमा गर्न प्राविधिक सहयोग प्रदान भएको हुने | न्यायिक समितिको क्षमता वृद्धि भएका स्थानीय तहको संख्या | संख्या | १२ | ७३ | १२ | | | | ८५ | मुन्याकाको प्रतिवेदन | मुन्याका | | ८ | १६ | ८ |
| प्रतिफल १.९ | प्रदेश प्रशासनिक प्रशिक्षण केन्द्रको स्थापना र सञ्चालन भई प्रदेश तथा स्थानीय तहमा कार्यरत कर्मचारीहरूको आयोजना कार्यान्वयन गर्ने क्षमतामा बृद्धि भएको हुने | प्रदेश प्रशासनिक प्रशिक्षण केन्द्रको स्थापना | संख्या | | १ | | | | | १ | मुमकाको प्रतिवेदन | प्रप्रप्रके | | ८ | १६ | ८ |
| | | क्षमता विकास तालिमका सहभागी कर्मचारी, निर्वाचित पदाधिकारी, सहकारी र अन्य निकायका सहभागीहरूको संख्या | व्यक्ति संख्या | | २०० | ५०० | ५०० | ५०० | ५०० | २२०० | मुमकाको प्रतिवेदन | " | | ८ | १६ | ८ |

**लगानीः योजना कार्यान्वयन लगानी, क्षमता विकास तालिम, बैठक, छलफल, वार्षिक कार्यक्रम र बजेट**

## ९.४ अनुगमन तथा मूल्याङ्कन

### ९.४.१ पृष्ठभूमि

अनुगमन एउटा निरन्तर चलिरहने प्रक्रिया हो, जो आयोजना कार्यान्वयनको चरणमा गरिन्छ। यसको मुख्य उद्देश्य चालु परियोजनाको प्रगति र ढिलासुस्तीको बारेमा सरोकारवालाहरूलाई समयमा नै जानकारी गराई परियोजनालाई सही बाटोमा हिंडाउनु हो । प्रदेश स्तरमा पनि अनुगमन प्रणालीको विकास गरी चालु परियोजनाहरूलाई सक्रिय र परिणाममुखी बनाउन जरुरी छ। अनुगमनले विकास कार्यक्रम र आयोजनाहरूको नतिजा खोज्ने र कार्यान्वयन गर्ने पक्षलाई बढी जिम्मेवार बनाउनुको साथै जवाफदेही पनि बनाउँछ। अनुगमन तथा मूल्याङ्कनले कार्यक्रम वा आयोजनाका सवल र दुर्बल पक्ष पत्ता लगाई दुर्बल पक्षलाई न्यूनीकरण गर्ने उपायको खोजी गर्नुका साथै समीक्षा गरी सूचना संकलन गरी प्रमाणमा आधारित सुधार तथा निर्णय गर्न सहयोग पुऱ्याउँछ। त्यसैले हरेक क्षेत्र (सार्वजनिक, निजी तथा गैर सरकारी) ले परियोजनाको कार्यान्वयन चरणमा अनुगमन र परियोजनाको मध्यम तथा अन्तिम चरणमा मूल्याङ्कन गर्न जरुरी हुन्छ। राम्रो योजनाले परिणाममा ध्यान केन्द्रित गर्न मद्दत गर्दछ, जबकि अनुगमन र मूल्याङ्कनले हामीलाई अघिल्लो सफलता र चुनौतीहरूबाट पाठ सिक्न मद्दत गर्दछ र निर्णय गर्नको लागि मद्दत पुऱ्याउँछ। जसले गर्दा वर्तमान र भविष्यका पहलहरू मानिसहरूको जीवन सुधार गर्न र आफ्नो छनौटहरू विस्तार गर्न सक्षम हुन्छन्।

### ९.४.२ प्रमुख समस्या

प्रदेशमा प्रयाप्त जनशक्ति र भौतिक संरचना नहुनु, सीमित बजेट, तथ्याङ्कको कमजोर आधारहरू, प्रदेश अन्तर्गतका संस्थागत संरचनाहरू व्यवस्थित नहुनु, कर्मचारीहरूको स्थायित्व नहुनु, आवश्यक तथ्याङ्क र सूचनाहरू उपलव्ध र व्यवस्थित नहुनु जस्ता समस्याहरू विद्यमान छन्।

### ९.४.३ चुनौती र अवसर

**चुनौती**

स्थानीय तहसम्म अनुगमन तथा मूल्याङ्कन प्रणालीको स्थापना गर्नु, सफलतापूर्वक अनुगमन तथा मूल्याङ्कन पद्धतिको कार्यान्वयन गर्नु, नतिजामूलक तथ्यहरूको पहिचान गरी आयोजनामा समावेश गर्नु यस क्षेत्रका मुख्य चुनौतीको रुपमा रहेका छन्।

**अवसर**

अनुगमन तथा मूल्याङ्कन बारे संस्थागत धारण बन्नु, अनुगमन तथा मूल्याङ्कन कार्यको लागि संगठन संरचना निर्माण गर्दा महत्व दिनु, अनुगमन तथा मूल्याङ्कनका निर्देशिकाहरू तयार हुनु आदि अवसरहरू हुन्।

### ९.४.४ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

**सोच**

आयोजनाको प्रभावकारी कार्यान्वयन र लाभग्राहीको सकारात्मक प्रभाव।

**लक्ष्य**

आयोजनाहरूको नतिजा तथा प्रभावहरूको र प्रभावकारी मापन।

**उद्देश्य**

१. अनुगमन तथा मूल्याङ्कन संरचनाको निर्माण तथा नीतिगत व्यवस्था गर्नु।
२. योजनाहरूको अनुगमन तथा मूल्याङ्कनलाई प्रभावकारी बनाउनु।
३. आयोजनाहरूको प्रतिफल, नतिजा र प्रभावहरूको मापन गर्नु।

## ९.४.५ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १: अनुगमन तथा मूल्याङ्कन संरचनाको निर्माण तथा नीतिगत व्यवस्था गर्नु ।** | |
| १.१ अनुगमन तथा मूल्याङ्कनको लागि स्पस्ट नीति बनाई लागू गर्ने ।<br>१.२ प्रदेश स्तरमा अनुगमन तथा मूल्याङ्कन कार्य प्रभावकारी रुपमा कार्यान्वयन गर्ने । | १.१.१ अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन पुनरावलोकन गरी प्रभावकारी ढंगबाट कार्यान्वयन गरिनेछ ।<br>१.२.१ प्रदेश स्तरीय विकास समाधान समिति, मन्त्रालय स्तरीय विकास समस्या समाधान समिति र मन्त्रालय स्तरीय अनुगमन तथा मूल्याङ्कन महाशाखा तथा शाखालाई प्रभावकारी बनाइने छ । |
| **उद्देश्य २: योजनाहरूको अनुगमन तथा मूल्याङ्कनलाई प्रभावकारी बनाउनु ।** | |
| २.१ अनुगमन तथा मूल्याङ्कन निर्देशिका बनाई तहगत रुपमा अनुगमन संयन्त्र विकास गर्ने ।<br>२.२ जनशक्तिको क्षमता अभिवृद्धि गर्ने ।<br>२.३. आयोजनाहरूको हरेक पक्षलाई आधार मानी अनुगमन तथा मूल्याङ्कनलाई प्रभावकारी बनाउने ।<br>२.४ योजना कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कनलाई यथार्थपरक र परिणामुखी बनाउने । | २.१.१ अनुगमन तथा मूल्याङ्कन दिग्दर्शनको प्रयोगबारे अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।<br>२.१.२ हरेक मन्त्रालयले महिनाको एकपटक र प्रदेश नीति तथा योजना आयोगले चौमासिक रुपमा कार्यक्रम तथा आयोजनाको कार्यान्वयन प्रगति अनुगमन गर्ने व्यवस्था गरिनेछ ।<br>२.२.१ प्रदेश र स्थानीय तहका अनुगमन तथा मूल्याङ्कनको क्षेत्रमा काम गर्ने सबै जनशक्तिलाई बलियो साझेदारीको निर्माण, M&E Matrix, Project Performance Information System (PPIS) Software, M&E data को प्रयोग, अभिलेख व्यवस्थापन सम्बन्धी तालिम प्रदान गरिनेछ ।<br>२.३.१ सार्वजनिक नीति, पञ्चवर्षीय योजना, आर्थिक नीति तथा कार्यक्रम, बजेट तथा आयोजनाको दस्तावेज र अन्तर्राष्ट्रिय प्रतिवद्धताको अनुगमन तथा मूल्याङ्कन गरिनेछ ।<br>२.३.२ हरेक आयोजनाको ठिकठिक समयमा अनुगमन तथा मूल्याङ्कन विश्लेषणको आधारमा योजना तर्जुमा र कार्यान्वयनलाई परिणाममुखी र प्रभावकारी बनाइनेछ ।<br>२.४.१ दिगो विकास लक्ष्यका सूचकहरूको प्रगतिलाई अनुगमन तथा मूल्याङ्कनमा एकीकृत् गरिनेछ । |
| **उद्देश्य ३: आयोजनाहरूको प्रतिफल, नतिजा र प्रभावहरूको मापन गर्नु ।** | |
| ३.१ नीति, कार्यक्रम, योजना र आयोजनाहरूको मूल्याङ्कन गर्दा सान्दर्भिकता, प्रभावकारिता कार्यकुशलता, प्रभाव, दिगोपना, समावेशिता, लैङ्गिक समता र लाभग्राहीको सन्तुष्टि जस्ता मापदण्डको आधारमा गरिने छ । | ३.१.१ सोच तालिका, नतिजा तालिका, सूचना व्यवस्थापन प्रणाली र अनुगमन तथा मूल्याङ्कन योजना तर्जुमा गरी आफैंले वा तेस्रो पक्षबाट मूल्याङ्कन गरिनेछ ।<br>३.१.२ अनुगमन प्रणाली लाई नियमित र प्रभावकारी बनाउन नीति कार्यक्रम, योजना वा आयोजना निर्माण तहमा नै सूचकहरू निर्धारण गरी आयोजना सञ्चालन अगावै पूर्व मूल्याङ्कन, कार्यान्वयनको चरणमा चालु मूल्याङ्कन र आयोजना सम्पन्न भएपछि उपलब्धिहरूको मापन गर्ने प्रणालीको विकास गरिनेछ ।<br>३.१.३ प्रथम पञ्चवर्षीय योजनामा विकास भएको नतिजा खाकालाई प्रत्येक नीति, कार्यक्रम, योजना तथा आयोजना मुल्याङ्कनको आधार मानिनेछ । |

## ९.४.६ कार्यक्रमका प्राथमिकता

१. प्रदेश अनुगमन तथा मूल्याङ्कन प्रणालीको विकास गर्ने ।

२. प्रदेशका प्राथमिकता प्राप्त आयोजनाको नियमित अनुगमन तथा मूल्याङ्कन गर्ने ।

३. प्रदेश र स्थानीय तहको अनुगमन तथा मूल्याङ्कन क्षमता वृद्धि गर्ने ।

## ९.४.७ विस्तृत कार्यक्रम

| क्र.सं. | उद्देश्य | रणनीति | कार्यनीति | संकेत | कार्यक्रम | इकाई | आधार वर्ष ०७५/७६ | लक्ष्य २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | योजना अवधिको जम्मा लक्ष्य | जिम्मेवार निकायहरू |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | १ | १.१ | १.१.१ | क | अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन तयार गरी कार्यान्वयन गर्ने | संख्या | | १ | | | | | १ | प्रनियोआ |
| २ | | १.२ | १.२.१ | क | मन्त्रालय स्तरीय विकास समस्या समधान समिति गठन गर्ने | संख्या | | ६ | | | | | ६ | सम्वन्धित मन्त्रालय |
| ३ | २ | २.१ | २.१.१ | क | अनुगमन तथा मूल्याङ्कन तालिम | व्यक्ति संख्या | ५२ | १०० | २०० | २०० | २०० | २०० | ९०० | प्रनियोआ |
| ४ | | | २.१.२ | क | मन्त्रालय स्तरीय मासिक समीक्षा वैठक | संख्या | | ७२ | ७२ | ७२ | ७२ | ७२ | ३६० | सम्वन्धित मन्त्रालय |
| ५ | | २.२ | २.२.१ | क | अनुगमन तथा मूल्याङ्कनको सफ्टवेयर निर्माण | संख्या | | | १ | | | | १ | |
| ६ | | | | क | अनुगमन तथा मूल्याङ्कनको सफ्टवेयर तालिम | व्यक्ति | | | २०० | ३० | ३० | ३० | २९० | प्रनियोआ |
| ७ | | २.३ | २.३.१ | क | प्रथम पञ्चवर्षीय योजनाको मध्यावधि र अन्तिम मूल्याङ्कन | संख्या | | | | १ | | १ | २ | " |
| ८ | | | २.३.२ | क | प्रदेशका प्राथमिकता प्राप्त आयोजनाको सूचक अनुसार वार्षिक अनुगमन र मूल्याङ्कन गर्ने | संख्या | | १५ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १५ | " |
| ९ | | २.४ | २.४.१ | क | दिगो विकास लक्ष्यको मध्यावधि तथा अन्तिम मूल्याङ्कन | संख्या | | | | १ | | | १ | " |
| १० | ३ | ३.१ | ३.१.१ | क | पञ्चवर्षीय योजनाको तेश्रो पक्षबाट मूल्याङ्कन | संख्या | | | | | | १ | १ | " |
| ११ | | | ३.१.२ | क | छनौट भएका आयोजनाको प्रभाव मूल्याङ्कन | संख्या | | | | | ३ | २ | ५ | " |
| १२ | | | ३.१.३ | क | प्रथम पञ्चवर्षीय योजनाको सिकाई अभिलेख तयार गरी दोश्रो आवधिक योजनालाई पृष्ठपोषण गर्ने | संख्या | | | | १ | | १ | २ | " |

## ९.४.८ नतिजा

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७५/७६ | उपलब्धि २०७६/७७ | उपलब्धि २०७७/७८ | उपलब्धि २०७८/७९ | उपलब्धि २०७९/८० | उपलब्धि २०८०/८१ | योजना अवधिका उपलब्धि | पुष्ट्याइँको श्रोत | जिम्मेवार निकाय | जोखिम अनुमान | प्रसमुसं संकेत | दिविल संकेत | दीराल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **प्रभाव** | **आयोजनाहरूको नतिजा तथा प्रभावहरूको प्रभावकारी मापन भएको हुने** | | | | | | | | | | **प्रनियोआको प्रतिवेदन** | **प्रनियोआ, सम्बन्धित मन्त्रालय** | | ८ | १६ | ८ |
| **असर १** | अनुगमन तथा मूल्याङ्कन संरचनाको निर्माण तथा नीतिगत व्यवस्था भई लागू भएको हुने | अनुगमन तथा मूल्याङ्कन गरिएका आयोजना | संख्या | | | | | | | | " | " | | ८ | १६ | ८ |
| **प्रतिफल १.१** | अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन पुनरावलोकन भई प्रभावकारी ढंगबाट कार्यान्वयन भएको हुने | अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन तयार भई कार्यान्वयन हुने | संख्या | | १ | | | | | १ | " | " | | ८ | १६ | ८ |
| **प्रतिफल १.१** | प्रदेश स्तरीय विकास समाधान समिति, मन्त्रालय स्तरीय विकास समस्या समाधान समिति र मन्त्रालय स्तरीय अनुगमन तथा मूल्याङ्कन महाशाखा तथा शाखा प्रभावकारी बनेका हुने | विभिन्न समितिको गठन | संख्या | | ६ | | | | | ६ | " | " | | ८ | १६ | ८ |
| **असर २** | योजनाहरूको अनुगमन तथा मूल्याङ्कन प्रभावकारी भएको हुने | समस्या समाधान समितिले पहिचान गरेका र समाधान भएका समस्याको अनुपात | प्रतिशत | | | | | | | | " | " | | ८ | १६ | ८ |
| **प्रतिफल २.१** | अनुगमन तथा मूल्याङ्कन दिग्दर्शनको प्रयोगबारे अभिमुखीकरण कार्यक्रम सञ्चालन भएको हुने | अनुगमन तथा मूल्याङ्कन तालिम | सहभागि संख्या | ५२ | १०० | २०० | २०० | २०० | २०० | ९०० | " | " | | ८ | १६ | ८ |
| **प्रतिफल २.२** | हरेक मन्त्रालयले महिनाको एकपटक र प्रनियोआले चौमासिक रुपमा कार्यक्रम तथा आयोजनाको कार्यान्वयन प्रगति अनुगमन गर्ने व्यवस्था भएको हुने | मन्त्रालय स्तरीय मासिक समीक्षा बैठक | संख्या | | ७२ | ७२ | ७२ | ७२ | ७२ | ३६० | " | " | | ८ | १६ | ८ |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७५/७६ | उपलब्धि २०७६/७७ | उपलब्धि २०७७/७८ | उपलब्धि २०७८/७९ | उपलब्धि २०७९/८० | उपलब्धि २०८०/८१ | योजना अवधिका उपलब्धि | पुष्ट्याइँको श्रोत | जिम्मेवार निकाय | जोखिम अनुमान | प्रसमृत संकेत | दिविल संकेत | दीराल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **प्रतिफल २.३** | प्रदेश र स्थानीय तहको अनुगमन तथा मूल्याङ्कनको क्षेत्रमा काम गर्ने सबै जनशक्तिले बलियो साझेदारीको निर्माण, M & E Matrix, PPIS Software, M&E data को प्रयोग, अभिलेख व्यवस्थापन सम्बन्धी तालिम प्राप्त गरेका हुने | अनुगमन तथा मूल्याङ्कन सफ्टवेयरको विकास | संख्या | | | १ | | | | १ | प्रनियोआको प्रतिवेदन | प्रनियोआ, सम्बन्धित मन्त्रालय | | ८ | १६ | ८ |
| | | अनुगमन तथा मूल्याङ्कनको सफ्टवयर तालिम प्राप्त गर्ने कर्मचारी | संख्या | | | २०० | ३० | ३० | ३० | २९० | " | " | | ८ | १६ | ८ |
| **प्रतिफल २.४** | प्रथम पञ्चवर्षीय योजनाको मध्यावधि र अन्तिम मूल्याङ्कन भएको हुने | मूल्याङ्कन प्रतिवेदन | संख्या | | | | १ | | १ | २ | " | " | | ८ | १६ | ८ |
| **प्रतिफल २.५** | दिगो विकास लक्ष्यका सूचकहरूको प्रगति अनुगमन तथा मूल्याङ्कन भएको हुने | दिगो विकास लक्ष्यको मध्यावधि तथा अन्तिम मूल्याङ्कन | संख्या | | | | | १ | १ | २ | " | " | | ८ | १६ | ८ |
| **असर ३** | नीति, कार्यक्रम, योजना र आयोजनाहरूको मूल्याङ्कन सान्दर्भिकता, प्रभावकारिता कार्यकुशलता, प्रभाव, दिगोपना, समावेशिता, लैङ्गिक समता र लाभग्राहीको सन्तुष्टि जस्ता मापदण्डको आधारमा भएको हुने | OECD का मापदण्ड अनुसार मूल्याङ्कन भएका आयोजना | प्रतिशत | | | | २ | २ | २ | ६ | " | " | | ८ | १६ | ८ |
| **प्रतिफल ३.१** | आयोजना मूल्याङ्कन भएको हुने | तेस्रो पक्षबाट मूल्याङ्कन भएका आयोजना | संख्या | | | | १ | १ | १ | ३ | " | " | | ८ | १६ | ८ |
| | | प्रभाव मूल्याङ्कन भएका आयोजना | संख्या | | | | | ३ | २ | ५ | " | " | | ८ | १६ | ८ |

**लगानीः अनुगमन तथा मूल्याङ्कनमा लगानी, विज्ञ तथा कर्मचारीको क्षमता विकास तालिम, स्थानीय तहको क्षमता विकास तालिम सामाग्री, तालिम पाठ्यक्रम, अनुगमन तथा मूल्याङ्कन सम्बन्धी निर्देशिका, वार्षिक कार्यक्रम तथा बजेट**

## ९.५ अनुसन्धान तथा विकास

### ९.५.१ पृष्ठभूमि

अनुसन्धान मानव संस्कृति तथा समाजको ज्ञानको भण्डार बढाउन गरिने रचनात्मक र व्यवस्थित कार्य हो, जसले नयाँ सेवा तथा उत्पादन दक्षता वृद्धि गर्न सघाउ पुऱ्याउँछ । सीमित वित्तीय र प्राकृतिक स्रोत साधनको परिधिभित्र रही विकास निर्माणका गतिविधि सञ्चालन गर्दा कहाँ, के, कति, कहिले र कसरी भन्ने सवालहरू उब्जिने गर्दछन् । अनुसन्धानले उब्जिएका सवालहरूको उत्तरका परिदृश्यहरू विकास गर्न र सन्दर्भ अनुसार सबैभन्दा राम्रो विकल्पहरूको खोजी गर्न सघाउँछ । विकसित राष्ट्रहरूले अनुसन्धानलाई विकासको मेरुदण्डको रुपमा लिन्छन् र उल्लेख्य लगानी पनि गर्दछन् । विकसित देशको तुलनामा नेपालले अनुसन्धान र विकासमा ज्यादै न्यून बजेट खर्च गरेको पाइन्छ। नीतिगत हिसाबले गण्डकी प्रदेश सरकारले अनुसन्धान र विकासलाई प्राथमिकता राखेको छ तथापि अनुसन्धानका गतिविधि सञ्चालन गर्न संस्थागत संरचना बनि सकेको छैन । हाल विषयगत मन्त्रालयहरूमा अनुसन्धानको लागि केही बजेट विनियोजन गरिएको भए पनि संस्थागत र व्यवस्थित रुपमा कार्यहरू सञ्चालन गर्न सकिएको छैन । प्रदेश समृद्धिको लागि नागरिकको आकांक्षा, वित्तीय तथा प्राकृतिक स्रोत साधनको उपलब्धता र पारिस्थितिकीय प्रणाली बीच अधिकतम सन्तुलन कायम गर्दै विकास निर्माणको कार्यलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न अनुसन्धानका गतिविधिलाई परिष्कृत र संस्थागत गर्नु पर्ने आवश्यकता छ ।

### ९.५.२ प्रमुख समस्या

अनुसन्धान र विकासको लागि न्यून बजेट विनियोजन हुनु, अनुसन्धान गर्ने संस्थागत संरचनाको निर्माण गर्न नसक्नु, भएका अनुसन्धानहरूलाई प्रकाशन गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रियकरण गर्न नसक्नु, अनुसन्धान तथा अन्वेषणका लागि आवश्यक विशेषज्ञ ज्ञान, सीप, उपकरणको कमी हुनु, अनुसन्धानमूलक कार्यमा संलग्न हुन चाहनेहरूलाई उपयुक्त प्लेटफार्म दिन नसक्दा युवा वैज्ञानिक पुस्ता विदेश पलायन हुने क्रम बढ्नु, नीति योजना निर्माणकर्ता, कार्यान्वयन गर्ने सरकारी संस्था, निजी क्षेत्र र विश्वविद्यालयहरू बीच आवश्यकता अनुसारको समन्वय र सहकार्य हुन नसक्दा परिणाममुखी अनुसन्धानका गतिविधि सञ्चालन गर्न नसक्नु, आदि यस क्षेत्रका समस्याहरू हुन् ।

### ९.५.३ चुनौती र अवसर

**चुनौती**

तीनै तहका सरकार तीव्र गतिको सामाजिक आर्थिक विकास गर्न प्रतिबद्ध हुनुले विकास निर्माणलाई व्यवस्थित र दिगो बनाउन अनुसन्धानको माग बढ्ने सम्भावनाहरू रहनु, खण्डीकृत रुपमा हुने गरेका तथा संस्थागत भइ नसकेका अनुसन्धानका गतिविधिहरूलाई एकताबद्ध गर्दै व्यवस्थित गर्नु, अनुसन्धानको माग गर्ने नीति तथा योजना र विकास निर्माण तथा ब्यवस्थापनका मुद्दाहरूको सूची तयार गरी योजनाबद्ध रुपमा अनुसन्धान गर्नु, सरकारी कार्यालय, विश्वविद्यालय, निजी संघसंस्था तथा अनुसन्धान गर्ने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्था बीच समन्वय तथा सहकार्य अभिवृद्धि गर्नु, सीमित स्रोत साधनको उच्चतम प्रयोग गरी परिणाममुखी र अन्तर्राष्ट्रिय स्तरको अनुसन्धान गर्नु, दक्ष जनशक्तिको पहिचान गरी अनुसन्धानमा परिचालन गर्नु, युवा वैज्ञानिक तथा अनुसन्धानकर्तालाई हौसला र उत्प्रेरणा मिल्ने वातावरण सिर्जना गर्नु, अनुसन्धानबाट निस्केका परिणामहरूलाई जनमानसले बुझ्ने गरी सूचना प्रवाह गर्नु आदि यस क्षेत्रका चुनौतीहरू हुन् ।

**अवसर**

अनुसन्धानमा आधारित नीति तथा योजना तर्जुमा र कार्यान्वयनलाई प्राथमिकतामा राखिनु, गण्डकी प्रदेश विज्ञान तथा प्रविधि प्रतिष्ठान र गण्डकी प्रदेश विश्वविद्यालय स्थापनाको कार्य अगाडि बढ्नु, उत्पादन र उत्पादकत्व वृद्धि गर्न सघाउने खोजमूलक कार्यलाई प्रवर्द्धन गर्ने नीति हुनु, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रविधि तथा ज्ञान र सीपलाई भित्र्याउन पहल शुरु हुनु, स्वदेश तथा विदेशमा रहेका युवा वैज्ञानिक र विषय विज्ञलाई प्रदेशको अनुसन्धान कार्यमा परिचालन गरी उनीहरूको सीप र ज्ञानको उपभोग गर्ने सम्भावना रहनु आदि यस क्षेत्रका प्रमुख अवसरहरू हुन् ।

### ९.५.४ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

**सोच**

नवीन प्रविधि र नवप्रवर्तनको प्रयोग उच्च उत्पादन र उत्पादकत्व प्राप्त गर्ने आधार ।

**लक्ष्य**

नवीनतम ज्ञानको प्रयोग गरी प्रदेशमा उच्च उत्पादकत्व हाँसिल गर्ने ।

**उद्देश्य**

१. अनुसन्धान र नवप्रवर्तनलाई प्रदेशको नीति तथा योजना तर्जुमा र विकाससँग जोड्नु ।

### ९.५.५ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १: अनुसन्धान र नवप्रवर्तनलाई प्रदेशको नीति तथा योजना तर्जुमा र विकाससँग जोड्नु।** | |
| १.१ अनुसन्धानमा आधारित नीति तथा योजना तर्जुमा र विकास निर्माणको आधारशीला तयार गर्ने । | १.१.१ अनुसन्धान र विकासको लागि नीतिगत व्यवस्था गरिनेछ ।<br>१.१.२ विज्ञान र प्रविधि सम्बन्धी प्रादेशिक प्राज्ञिक संस्थाहरूको निर्माण गरिनेछ ।<br>१.१.३ अनुसन्धान र विकासको लागि आवश्यक स्रोतहरूको विनियोजन गर्ने व्यवस्था गरिनेछ ।<br>१.१.४ राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विश्वविद्यालय, शिक्षालय, विज्ञान तथा प्रविधि सम्बन्धी प्राज्ञिक संस्थाहरू, अनुसन्धान केन्द्र तथा प्रयोगशाला र क्षेत्रसँग सहकार्य गरी आधुनिक प्रविधि र अन्वेषण गरिनेछ ।<br>२.१.५ प्रदेश समृद्धिका लागि उच्च उत्पादन र उत्पादकत्व वृद्धि गर्न सघाउने क्षेत्र तथा विषयमा अनुसन्धानका गतिविधि केन्द्रित गरिनेछ ।<br>२.१.६ प्रदेशका स्थानीय प्राकृतिक सम्पदाहरूको दिगो उपयोग गर्दै जनताको जीवन स्तर उकास्न मद्दत पुऱ्याउने विकल्पहरूको अनुसन्धान मार्फत् खोज गरिनेछ । |
| | २.१.७ युवा वैज्ञानिक र अनुसन्धानमा संलग्न जनशक्तिको क्षमता तथा दक्षता वृद्धि गरिनेछ ।<br>२.१.८ विदेशमा रहेका गैर आवासीय नेपाली वैज्ञानिकहरूलाई प्रदेशमा सञ्चालित अनुसन्धानका गतिविधिमा योगदान गर्न प्रोत्साहन गरिनेछ । |

### ९.५.६ कार्यक्रमका प्राथमिकता

१. अध्ययन अनुसन्धानको लागि वार्षिक वजेट विनियोजन गर्ने ।

२. उच्च उत्पादन र उत्पादकत्व हाँसिल गर्न सघाउने अध्ययन अनुसन्धानलाई प्राथमिकता दिने ।

### ९.५.७ विस्तृत कार्यक्रम

| क्र.सं. | उद्देश्य | रणनीति | कार्यनीति | संकेत | कार्यक्रम | इकाई | आधार वर्ष ०७५/७६ | लक्ष्य २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | योजना अवधिको जम्मा लक्ष्य | जिम्मेवार निकायहरू |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | १ | १.१ | १.१.१ | ग | प्रदेशको अनुसन्धान नीति तयार गर्ने | संख्या | ० | ० | १ | ० | ० | | १ | प्रनियोआ उपववाम |
| २ | | | १.१.२ | क | गण्डकी प्रदेश विज्ञान तथा प्रविधि प्रतिष्ठानको स्थापना | संख्या | ० | १ | | | | | १ | उपववाम |
| ३ | | | | क | प्रदेश जडीबुटी अनुसन्धान र प्रशोधन प्रयोगशालाको स्थापना | संख्या | | १ | | | | | | " |
| ४ | | | | ग | माध्यमिक तहको विज्ञान विषयको पाठ्यक्रममा सुधार | संख्या | | | १ | | | | १ | साविम |
| ५ | | | १.१.३ | क | अनुसन्धानको लागि हरेक आर्थिक वर्ष कुल बजेटको निश्चित अंश विनियोजन गर्ने | प्रतिशत | | ०.५० | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ०.५ | प्रनियोआ साविम उपववाम |
| ६ | | | १.१.४ | ग | आधुनिक प्रविधि प्राप्त गर्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थासँग समभ्कदारी र सहकार्य गर्ने | संख्या | ३ | ५ | ५ | ५ | ५ | ५ | २५ | प्रनियोआ मुमका |
| ७ | | | १.१.५ | क | उच्च उत्पादन र उत्पादकत्वका लागि मुख्य बाली र उद्योग छनौट गर्ने | संख्या | | | ३ | निरन्तर | निरन्तर | निरन्तर | ३ | भूव्यकृसम |
| ८ | | | १.१.६ | क | उच्च मूल्य भएका जडीबुटीको घरेलुकरण र बजारीकरण गर्ने | संख्या | | १ | १ | १ | १ | १ | ५ | उपववाम |
| ९ | | | १.१.७ | क | अनुसन्धानमा संलग्न युवा वैज्ञानिकहरूको क्षमता विकास | संख्या | | २० | २० | २० | २० | २० | १०० | साविम |
| १० | | | १.१.८ | क | गैर आवासीय नेपालीद्वारा गण्डकी प्रदेशको अध्ययन अनुसन्धान | संख्या | | १० | २० | ३० | ४० | ५० | १५० | प्रनियोआ |

### ९.५.८ नतिजा

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७५/७६ | उपलब्धि २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | योजना अवधिका उपलब्धि | पुष्ट्याइँको श्रोत | जिम्मेवार निकाय | जोखिम अनुमान | प्रसमृसं संकेत | दिविल संकेत | दीराल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **प्रभाव** | **नवीनतम ज्ञानको प्रयोग गरी प्रदेशमा उच्च उत्पादकत्व हाँसिल भएको हुने** | **उच्च उत्पादनका लागि अनुसन्धान गरिएका बाली तथा उद्योगहरू** | **संख्या** | | | | | | | | प्रनियोआको प्रतिवेदन | प्रनियोआ, सम्बन्धित मन्त्रालय | | ८ | १६ | ४ |
| **असर १** | अनुसन्धानमा आधारित नीति तथा योजना तर्जुमा र विकास निर्माणको आधारशीला तयार भएको हुने | अनुसन्धान भई कार्यान्वयनमा आएका योजना | संख्या | | | | | | | | " | " | | ८ | १६ | ४ |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७५/७६ | उपलब्धि | | | | | योजना अवधिका उपलब्धि | पुष्ट्याइँको श्रोत | जिम्मेवार निकाय | जोखिम अनुमान | प्रसमुसं संकेत | दिविल संकेत | दीराल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | | | | | | |
| प्रतिफल १.१ | अनुसन्धान र विकासको लागि नीतिगत व्यवस्था भएको हुने | प्रदेशको अनुसन्धान नीति तर्जुमा | संख्या | | | १ | | | | १ | प्रनियोआको प्रतिवेदन | प्रनियोआ, सम्बन्धित मन्त्रालय | | ८ | १६ | ४ |
| प्रतिफल १.२ | विज्ञान र प्रविधि सम्बन्धी प्रादेशिक प्राज्ञिक संस्थाहरूको निर्माण भएको हुने | गण्डकी प्रदेश विज्ञान तथा प्रविधि प्रतिष्ठानको स्थापना र सञ्चालन | संख्या | | १ | | | | | १ | उपववाम प्रतिवेदन | उपववाम | | ८ | १६ | ४ |
| | | प्रदेश जडीबुटी अनुसन्धान प्रयोगशालाको स्थापना र सञ्चालन | संख्या | | १ | | | | | १ | उपववाम प्रतिवेदन | उपववाम | | ८ | १६ | ४ |
| | | माध्यमिक तहको विज्ञान विषयको पाठ्यक्रममा सुधार | संख्या | ४ | | १ | | | | ४ | साविम प्रतिवेदन | साविम | | ८ | १६ | ४ |
| प्रतिफल १.३ | अनुसन्धान र विकासको लागि आवश्यक स्रोतहरूको विनियोजन गर्ने व्यवस्था भएको हुने | अनुसन्धानका लागि हरेक आर्थिक वर्षको कुल बजेटमा विनियोजित अंश | प्रतिशत | | | ०.५० | ०.५० | ०.५० | ०.५० | ०.५ | प्रनियोआको प्रतिवेदन | प्रनियोआ, सम्बन्धित मन्त्रालय | | ८ | १६ | ४ |
| प्रतिफल १.४ | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विश्वविद्यालय, शिक्षालय, विज्ञान तथा प्रविधि सम्बन्धी प्राज्ञिक संस्थाहरू, अनुसन्धान केन्द्र तथा प्रयोगशाला र क्षेत्रसँग सहकार्य गरी आधुनिक प्रविधिको अन्वेषण भएको हुने | आधुनिक प्रविधि प्राप्त गर्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्था सँगको समझदारी र सहकार्य | संख्या | ५ | ५ | ५ | ५ | ५ | | २५ | " | " | | ८ | १६ | ४ |
| प्रतिफल १.५ | प्रदेशको समृद्धिका लागि उच्च उत्पादन र उत्पादकत्व वृद्धि गर्न सघाउने क्षेत्र तथा विषयमा अनुसन्धानका गतिविधि केन्द्रित भएको हुने | उच्च उत्पादन र उत्पादकत्वका वृद्धिका अनुसन्धान | संख्या | | | १ | १ | १ | | ३ | " | " | | ८ | १६ | ४ |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७५/७६ | उपलब्धि | | | | | योजना अवधिका उपलब्धि | पुष्ट्याइँको श्रोत | जिम्मेवार निकाय | जोखिम अनुमान | प्रसमसं संकेत | दिविल संकेत | दीराल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | | | | | | |
| **प्रतिफल** १.६ | प्रदेशका स्थानीय प्राकृतिक सम्पदाहरूको दिगो उपयोग गर्दै जनताको जीवन स्तर उकास्न मद्दत पुऱ्याउने विकल्पहरूको अनुसन्धान मार्फत् खोज भएको हुने | अध्ययन अनुसन्धान | संख्या | | १ | १ | १ | १ | १ | ५ | प्रनियोआको प्रतिवेदन | प्रनियोआ, सम्बन्धित मन्त्रालय | | ८ | १६ | ४ |
| **प्रतिफल** १.७ | युवा वैज्ञानिक र अनुसन्धानमा संलग्न जनशक्तिलाई पुरस्कृत गरी हौसला वढाईएको हुने | पुरस्कृत युवा वैज्ञानिक | संख्या | | २० | २० | २० | २० | २० | १०० | साविम र उपववाम प्रतिवेदन | साविम, उपववाम | | ८ | १६ | ४ |
| **प्रतिफल** १.८ | गैरआवासीय नेपाली वैज्ञानिकहरू प्रदेशमा सञ्चालित अनुसन्धानका गतिविधिमा योगदान गर्न प्रोत्साहित भएको हुने | गण्डकी प्रदेश अन्तर्गतका अध्ययन अनुसन्धानमा संलग्न गैरआवासीय नेपाली वैज्ञानिक | संख्या | | १० | २० | ३० | ४० | ५० | १५० | साविम र उपववाम प्रतिवेदन | साविम, उपववाम | | ८ | १६ | ४ |

**लगानीः अनुसन्धान र विकास क्षेत्रको लगानी, वैज्ञानिकलाई सहयोग तथा प्रोत्सहन, प्रविधि, क्षमता विकास तालिम, अनुसन्धान नीति र निर्देशिका, वार्षिक कार्यक्रम र बजेट**

## ९.६ आयोजना बैंक

### ९.६.१ पृष्ठभूमि

आवश्यकता, लागत र मुनाफा हेरेर आयोजनाको प्राथमिकीकरण गर्नु पर्नेमा राजनीतिक तथा प्रशासनिक पहुँचका आधरमा आयोजना सीफारिस गर्ने वा गर्न लगाउने र सोही अनुसार बजेट विनियोजन गर्दा योजनाको प्रभावकारी कार्यान्वयन हुन नसकिरहेको अवस्था छ । यसर्थ द्रुत र दिगो सामाजिक आर्थिक विकासको लागि लगानी र लाभको विश्लेषण गरी आयोजना बैंक बनाउने र आयोजनाहरूको प्राथमिकीकरण गरी वित्तीय स्रोत साधनको व्यवस्था र योजनाबद्ध कार्यान्वयन गर्नुपर्ने आवश्यकता छ । बजेट विनियोजनलाई सुधार गर्नका लागि आर्थिक मामिला तथा योजना मन्त्रालयले Project Readiness Fliter को समीक्षा गरी आवश्यक बजेट Earmarking गर्न शुरु गरेको छ । नीति तथा योजना आयोगले सम्बन्धित मन्त्रालय, संसदहरू, स्थानीय तह, निजी क्षेत्र, नागरिक समाज, विकास साझेदार र सहकारी संस्थाहरूसँग छलफल गरी सम्भावित आयोजनाहरूको सूची तयार गर्ने गर्दछ । तथापि अध्ययन अनुसन्धानमार्फत् योजनाहरूको मूल्याङ्कन स्क्रीनिंग र प्राथमिकीकरण गरी परिणाममुखी योजनाहरूको सूची तयार गर्न थप बजेट र जनशक्ति परिचालन गर्दै आयोजना छनौट र कार्यान्वयन प्रकृयालाई पारदर्शी र सरलीकरण गर्न, र सरकारी लगानीले मात्र अपुग हुने आयोजनाको लागि निजी, सहकारी तथा वैदेशिक लगानी आकर्षित गर्न आयोजना बैंक बनाउने कार्यलाई उच्च प्राथमिकतामा राखी निरन्तर कार्य गर्नु पर्ने आवश्यकता छ ।

### ९.६.२ प्रमुख समस्या

आवश्यकता, लागत र लाभ विश्लेषण गरी आयोजनाहरूको बैंक बनाउने परिपाटी विकास हुनु पर्नेमा राजनीतिक र प्रशासनिक पहुँच हाबी हुनु, संस्थागत संरचना र प्रयाप्त जनशक्ति नहुँदा आयोजना बैंक बनाउने कार्यहरू अगाडि बढ्न नसक्नु, अध्ययन र अनुसन्धानको आधारमा आयोजनाहरूको लागत र मुनाफाबारे स्पष्ट हुन नसक्दा अन्तरिक लगानी व्यवस्थापन र लगानी आकर्षित गर्नमा कठिनाईहरू हुनु आदि यस क्षेत्रका समस्याहरू हुन् ।

### ९.६.३ चुनौती र अवसर

**चुनौती**

आयोजना बैंक बनाउनको लागि संस्थागत संरचना निर्माण गर्नु, प्रदेश र स्थानीय तहमा आयोजनाहरूको छनौट प्रक्रिया वैज्ञानिक बनाउनु, लागत र मुनाफा हेरी सरकारी आयोजनाहरूको प्राथमिकीकरण गर्ने परिपाटीको विकास गर्न सरकारले कार्यान्वयनमा ल्याउने आयोजनाहरूको आयोजना बैंक बनाउनु, सरकारी स्रोतले मात्र विकास गर्न नसकिने प्रदेश गौरवका आयोजनाहरूको विकासको लागि निजी क्षेत्र तथा वैदेशिक लगानीकर्ता आकर्षित गर्न सहयोगी हुने गरी आयोजना बैंक बनाउनु, नेपाल सरकार र स्थानीय तहसँग समन्वय र सहकार्य गरी प्रदेश स्तरीय आयोजनाहरूको बैंक तयार पार्नु आदि यस क्षेत्रका आयोजना बैंक बनाउने अभियानका चुनौतीहरू हुन् ।

**अवसर**

प्रदेश सरकारले आयोजना बैंक बनाउने कार्यलाई प्राथमिकतामा राख्नु, आयोजना बैंक बनाएर मात्र बजेट विनियोजन योजना तर्जुमालाई भरपर्दो बनाउन आयोजनाको सूची तयार गर्ने अभ्यासहरूको प्रारम्भ हुनु, स्थानीय तहले पनि सम्भाव्यता अध्ययनका आधारमा स्थानीय स्तरको आयोजना बैंक बनाउने अभ्यास प्रारम्भ गर्नु, आयोजना विकास गर्न जनशक्ति क्रमशः विकास हुँदै जानु आदि यस क्षेत्रका अवसरहरू हुन् ।

### ९.६.४ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

**सोच**

विकास आयोजनाको उचित छनौट, बाँडफाँड र स्मार्ट वित्तीय व्यवस्थापनको लागि आयोजना बैंक।

**लक्ष्य**

क्षेत्रगत बजेट विनियोजन पारदर्शी, समतामूलक र वैज्ञानिक बनाउने।

**उद्देश्य**

१. आयोजना बैंक बनाउने आधारशीला निर्माण गर्नु।
२. आयोजना कार्यान्वयन मोडालिटी पहिचान गरी सीफारिस गर्नु।
३. वित्तीय स्रोतको पहिचान गरी प्रभावकारी ढंगबाट परिचालन गर्नु।

### ९.६.५ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १: आयोजना बैंक बनाउने आधारशीला निर्माण गर्नु।** | |
| १.१ आयोजना बैंकलाई प्रदेश तथा स्थानीय तहसम्म विस्तार गर्ने। | १.१.१ आयोजना बैंक निर्माणको लागि आवश्यक संस्थागत संरचनाको निर्माण गरिनेछ।<br>१.१.२ आयोजना बैंक निर्माणको लागि आवश्यक नीति, नियम, निर्देशिका तयार परिनेछ।<br>१.१.३ आयोजना बैंकलाई व्यवस्थित गर्नको लागि आवश्यक सफ्टवेयरको विकास गरी सम्बन्धित निकायसँग आवश्यक समन्वय गरिनेछ।<br>१.१.४ आयोजना बैंकमा भएका आयोजनाहरूलाई पारदर्शी र यथार्थपरक ढंगबाट अभिलेख राख्न र छनौट गर्न विद्युतीय प्रणालीमा आवद्ध गराइने छ।<br>१.१.५ आयोजना बैंक बनाउनको लागि स्थानीय तहको क्षमता र दक्षता वृद्धि गरिनेछ। |
| **उद्देश्य २: आयोजना कार्यान्वयन मोडालिटी पहिचान गरी सीफारिस गर्नु।** | |
| २.१ कार्यान्वयन मोडालिटीको लागि आवश्यक नीति नियम बनाई नियमन गर्ने। | २.१.१ आयोजना कार्यान्वयनको लागि आवश्यक नीति नियम तयार पारी लागु गरिनेछ।<br>२.१.२ Project Readiness Filter (PRF) को विकास गरी आवश्यक बजेट Earmarking गरिनेछ। |
| **उद्देश्य ३: वित्तीय स्रोतको पहिचान गरी प्रभावकारी ढंगबाट परिचालन गर्नु।** | |
| ३.१ नेपाल सरकार र स्थानीय तहसँग समन्वय गरी आवश्यक वित्तीय स्रोत तथा साधनको पहिचान तथा परिचालन गर्ने। | ३.१.१ प्रदेश आयोजना बैंक र स्थानीय स्तरका आयोजना बैंकमा आबद्ध भएका आयोजना सञ्चालन गर्न सार्वजनिक, निजी, सहकारी र सामुदायिक र वैदेशिक लगानीको सम्भावनाहरू पहिचान गरी वित्तीय स्रोतको व्यवस्थापन गरिनेछ।<br>३.१.२ आयोजनाहरूको प्राथमिकताको आधारमा आयोजना छनौट गरी मध्यकालीन खर्च संरचनामा समावेश गरिनेछ। |

### ९.६.६ कार्यक्रमका प्राथमिकता

१. प्रदेश नीति तथा योजना आयोगमा आयोजना वैंकको विकास गर्ने।
२. प्रदेशका प्राथमिकता प्राप्त आयोजनाहरूलाई श्रोत विनियोजन गर्ने प्रणाली विकास गर्ने।
३. स्थानीय तहको समपुरक र विशेष अनुदानका आयोजना विकास गर्न क्षमता वृद्धि गर्ने।

### ९.६.७ विस्तृत कार्यक्रम

| क्र.सं. | उद्देश्य नं. | रणनीति नं. | कार्यनीति नं. | संकेत | कार्यक्रम | इकाई | आधार वर्ष २०७५/७६ | लक्ष्य | | | | | योजना अवधिको जम्मा लक्ष्य | जिम्मेवार निकायहरू |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | |
| १ | १ | १.१ | १.१.१ | क | नीति तथा योजना आयोगमा आयोजना वैङ्क महाशाखा शाखा स्थापना गर्ने | संख्या | | | १ | निरन्तर | निरन्तर | निरन्तर | १ | प्रनियोआ |
| २ | | | १.१.२ | क | आयोजना वैङ्क  निर्देशिका प्रकाशन गर्ने | संख्या | | | १ | | | | १ | " |
| ३ | | | १.१.३ | क | आयोजना वैङ्क सम्वन्धी विद्युतीय सफ्टवेयर निर्माण गर्ने | संख्या | | | १ | | | | १ | " |
| ४ | | | १.१.४ | क | आयोजना वैङ्कमा छनौट भएका योजनालाई Online Entry गर्ने | संख्या | | | १ | निरन्तर | निरन्तर | निरन्तर | १ | " |
| ५ | | | १.१.५ | ख | स्थानीय तहलाई समपूरक र विशेष अनुदानका आयोजना प्रस्ताव तयार गर्न क्षमता वृद्धि गर्ने | प्याकेज | | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १ | " |
| ६ | | | १.१.५ | ख | आयोजना प्रस्ताव वनाउन स्थानीय तहको क्षमता वृद्धि गर्ने | संख्या | | ८५ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ८५ | " |
| ७ | २ | २.१. | २.१.१ | क | आयोजना कार्यन्वयन निर्देशिका तयार गर्ने | संख्या | | १ | | | | | १ | " |
| ८ | | | २.१.२ | क | प्राथमिकता प्राप्त आयोजनामा वजेट विनियोजन | प्रणाली | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १ | प्रनियोआ सबै मन्त्रालय |
| ९ | ३ | ३.१. | ३.१.१ | क | आयोजना वैङ्कमा भएका आयोजनालाई स्रोत व्वस्थापन गर्ने | प्याकेज | | | १ | निरन्तर | निरन्तर | निरन्तर | १ | मुमका प्रनियोआ |
| १० | | | ३.१.२ | क | प्राथमिकता प्राप्त आयोजना मध्यकालीन खर्च संरचनामा समावेश गर्ने | प्रणाली | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १ | सबै मन्त्रालय |

## ९.६.८ नतिजा

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष २०७५/७६ | उपलब्धि | | | | | योजना अवधिका उपलब्धि | पुष्ट्याइँको स्रोत | जिम्मेवार निकाय | जोखिम अनुमान | प्रसमुं संकेत | दिविल संकेत | दीराल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | | | | | | |
| **प्रभाव** | **आयोजना बैंक मार्फत् विकास आयोजनाको उचित छनौट, बाँडफाँड र स्मार्ट वित्तीय व्यवस्थापन हुनुका साथै क्षेत्रगत बजेट विनियोजन पारदर्शी, समतामूलक र वैज्ञानिक भएको हुने** | **आयोजना बैंकमा राखी बजेटनै छुट्याईएका आयोजना र आयोजना बैंकमा राखिएका कुल आयोजनाको अनुपात** | **प्रतिशत** | | | | | | | | प्रनियोआको प्रतिवेदन | प्रनियोआ, सम्बन्धित मन्त्रालय | | ८ | १६ | ४ |
| **असर १** | आयोजना बैंक प्रभावकारी भएको हुने | आयोजना बैंक प्रभावकारी रहयो भनि विश्वास गर्ने कर्मचारी | प्रतिशत | | | | | | | | " | " | | ८ | १६ | ४ |
| | | निजी क्षेत्रको लगानी आकर्षण गरेका आयोजना बैंकका आयोजना | संख्या | | | | | | | | " | " | | ८ | १६ | ४ |
| **प्रतिफल १.१** | संस्थागत संरचना निर्माण भएको हुने | नीति, नियम, निर्देशिका प्रकाशन | संख्य | | | १ | | | | १ | " | " | | ८ | १६ | ४ |
| | | आयोजना बैंक सफ्टवेयर | प्याकेज | | | १ | | | | १ | " | " | | ८ | १६ | ४ |
| | | आयोजना बैंक स्थापना गर्ने स्थानीय तह | संख्या | | | १ | | | ८५ | ८५ | " | " | | ८ | १६ | ४ |
| **असर २** | आयोजना बैंकका आयोजना कार्यान्वयन भएको हुने | निर्माण सम्पन्न गरिएका आयोजना बैंकका आयोजना | संख्या | | | | | | | | " | " | | ८ | १६ | ४ |
| **प्रतिफल २.१** | आयोजना कार्यान्वयनको लागि आवश्यक नीति नियम तयार पारी लागू भएको हुने | लगानी नीति | संख्या | | | १ | | | | | " | " | | ८ | १६ | ४ |
| **असर ३** | नेपाल सरकार र स्थानीय तहसँग समन्वय भई आवश्यक वित्तीय स्रोत तथा साधनको पहिचान तथा परिचालन भएको हुने | वित्तीय स्रोत व्यवस्थापन भएका आयोजना बैंकका आयोजना | संख्या | | | | | | | | " | " | | ८ | १६ | ४ |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष २०७५/७६ | उपलब्धि | | | | | योजना अवधिका उपलब्धि | पुष्ट्याइँको स्रोत | जिम्मेवार निकाय | जोखिम अनुमान | प्रसमुसं संकेत | दिविल संकेत | दीराल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | | | | | | |
| **प्रतिफल** ३.१ | प्रदेश आयोजना बैंक र स्थानीय स्तरका आयोजना बैंक भई वित्तीय स्रोतको व्यवस्थापन भएको हुने | प्रदेशको आयोजना बैंकमा रहेका र वित्तीय स्रोत प्राप्त आयोजना | संख्या | | | | | | | | प्रनियोआको प्रतिवेदन | प्रनियोआ, सम्बन्धित मन्त्रालय | | ८ | १६ | ४ |
| | | स्थानीय तहको आयोजना बैंकमा रहेका र वित्तीय स्रोत प्राप्त आयोजना | संख्या | | | | | | | | " | " | | ८ | १६ | ४ |

**लगानीः आयोजना बैंक प्रणाली विकासमा लगानी, आयोजना बैंकमा राख्ने आयोजनाको अध्ययनका लागि लगानी, परामर्श दाता तथा विज्ञ, क्षमता विकास तालिम, योजना तर्जुमा, नीति, निर्देशिका, वार्षिक कार्यक्रम तथा बजेट ।**

# अध्याय १०
# रुपान्तरणकारी आयोजना

गण्डकी प्रदेश सरकारले पाँच (५) रुपान्तरणकारी आयोजना छनौट गरी स्रोत व्यवस्थापनको लागि राष्ट्रिय योजना आयोगमा पेश गरेको छ। फेवातालको संरक्षण र सौन्दर्यकरण आयोजना, पोखरा-डेडगाउँ-दुम्कीवास-त्रिवेणी सडक आयोजना, उत्तर गंगा जलाशययुक्त जलविद्युत् आयोजना, कास्की र तनहुँको पुडिटारमा प्रदेश औद्योगिक क्षेत्रको स्थापना आयोजना र मुटु, मृगौला तथा क्यान्सर रोगको उपचार गर्ने विशिष्टिकृत अस्पताल स्थापना गर्ने आयोजना प्रमुख छन्। यी आयोजनाको संक्षिप्त विवरण तल उल्लेख गरिएको छ।

| **१०.१ फेवातालको संरक्षण र सौन्दर्यकरण आयोजना** | |
|---|---|
| **१. नाम** | **फेवातालको संरक्षण र सौन्दर्यकरण आयोजना** |
| **२. आयोजनाका प्रमुख विषेशताहरू** | - नमुना संरक्षण र सौन्दर्यकरण भएको तालको विकास हुने।<br>- विदेशी तथा स्वदेशी पर्यटक आकर्षणको केन्द्र बन्ने।<br>- कुल ग्राहस्थ्य उत्पादनमा पर्यटन क्षेत्रको योगदान बढाउन मद्दत गर्ने।<br>- पर्यटक मार्फत् नेपाललाई बिदेसमा चिनाउन योगदान गर्ने। |
| **३. आयोजनाको अवधि** | - आयोजना विकास चरणः सुरु आ.व. ०७६/०७७<br>- आयोजना तयारी चरणः सुरु आ.व. ०७६/०७७ सम्पन्न आ.व. ०७७/०७८<br>- आयोजना कार्यान्वयन चरणः सुरु आ.व. २०७७/०७८ देखि २०८०/०८१ |
| **४. आयोजनाको लक्ष्य** | - फेवातालको संरक्षण र सौन्दर्यकरण गरी पर्यटकको आगमन बढाउने। |
| **५. आयोजनाको उद्देश्य** | - फेवातालमा मिसिने अँधेरीखोला र हर्पनखोलाले बगाई ल्याएको माटो , गिटी, बालुवा बाट वर्षेनि फेवाताल पुरिनेकार्यको रोकथाम गर्ने।<br>- फेवातालको साँध सीमाना छुट्याई तारवार गर्ने र अतिक्रमण हुनबाट जोगाउने।<br>- फेवातालमा उत्तरपूर्ब र उत्तरपश्चिमतर्फका बस्तीबाट मिसिनेढलबाट हुने प्रदूषण नियन्त्रण गर्ने।<br>- फेवातालको सीमाभित्रको क्षेत्रमा फूल तथा फलफूलका बिरुवाहरू रोप्ने, पार्कहरू बनाउने, र अन्य आकर्षक संरचनाहरू निर्माण गर्ने।<br>- फेवातालको सम्पूर्ण जलाधार क्षेत्रलाई सौन्दर्यकरण गर्ने। |
| **६. आयोजनाको प्रतिफल** | - फेवातालको उत्तरमा अँधेरीखोला र हर्पनखोलाले बगाइ ल्याएको माटो, गिटी, बालुवा रोक्ने करिब चार किलोमिटर लामो चेकड्यामको निर्माण भएको हुने।<br>- फेवातालको जलाधार क्षेत्रमा गल्लि नियन्त्रण, माटो क्षयीकरण नियन्त्रण, बृक्षरोपण, पार्कको निर्माण लगायत कार्यले सौन्दर्यकरण भएको हुने।<br>- फेवातालको दायाँ बायाँ तालको सीमा क्षेत्र निर्धारण भइ तारवार भएको हुने।<br>- फेवातालको पूर्व र पश्चिम दुबैतर्फ उत्तरवाट दक्षिणतर्फ बग्ने ढल निर्माण भएको हुने।<br>- ढल वाट आएको फोहोर ट्रिटमेन्ट गर्ने पोखरी निर्माण भइ फोहोर प्रशोधन भइ डिस्चार्ज भएको हुने।<br>- वार्षिक करिब १० लाख विदेशी र १० लाख स्वदेशी गरी २० लाख पर्यटकले अवलोकन गर्ने।<br>- पर्यटकको आवागमनमा उल्लेख्य बृद्धि भएको हुने। |

| | | |
|---|---|---|
| **७. आयोजनाका प्रमुख क्रियाकलापहरू** | - सर्वोच्च अदालतले गरेको फैसला अनुसार तालको सीमाभित्र पर्ने व्यक्तिगत जग्गा अधिकरण गर्ने ।<br>- फेवातालको सीमाना छुट्याएर तारवार गर्ने ।<br>- दुबै किनारमा पार्क निर्माण गर्ने, फूल तथा फलफूलका विरुवा रोप्ने, विश्राम चौतारीको निर्माण गर्ने ।<br>- फेवातालको उत्तरमा अँधेरीखोला र हर्पनखोलाले बगाई ल्याएको माटो, गिटी, बालुवा रोक्ने करिब चार किलोमिटर लामो चेकड्यामको निर्माण गर्ने ।<br>- फेवातालको पूर्व पश्चिम दुबैतर्फ ढल निर्माण गरी फुस्रेखोलाको किनारमा टिटमेन्ट प्लान्ट स्थापना गर्ने र प्रशोधित फोहोर डिस्चार्ज गर्ने ब्यबस्था गर्ने ।<br>- फेवातालको जलाधार क्षेत्रमा माटो क्षयीकरण र पहिरोको रोकथाम गरी ब्यापक रुपमा फलफूलका बिरुवा रोप्ने । | |
| **८. आयोजनाको कुल लागत ।** | **आयोजनाको कार्यान्वयन लागत रु. करोडमा** | |
| | - डिपिआर | रु. ३ करोड |
| | - चेकड्याम निर्माण | रु. ६० करोड |
| | - फेवातालको ६५ मिटर भित्रको २०९ रोपनि जग्गा अधिकरण | रु. २०९ करोड |
| | - फेवातालको दुबैतर्फ पामेदिख फुर्स्रेखोलासम्म करिब २० किलोमिटर लामो ढल निर्माण गर्ने । | रु. ८० करोड |
| | - ढलबाट निक्लेको फोहोर ट्रिटमेन्ट गर्ने पोखरी निर्माण गरी फोहोरको प्रबन्ध गर्ने । | रु. ५० करोड |
| | - फेवातालको सम्पूर्ण जलाधार क्षेत्रमा पार्क निर्माण, फलफूलका विरुवा रोपण, भू-क्षय नियन्त्रण र सौन्दर्यकरण गर्ने । | रु. ९० करोड |
| | **जम्मा** | ४९२ करोड |
| **९. आर्थिक तथा वित्तीय विश्लेषण** | - पर्यटकको संख्यामा उल्लेख्य बृद्धि भई गण्डकी प्रदेश र नेपालको कुल ग्राहस्थ्य उत्पादनमा पर्यटन क्षेत्रको योगदानमा बृद्धि हुने ।<br>- निर्माणको चरणमा करिब ५०० व्यक्तिले रोजगार पाउने ।<br>- फेवातालको संरक्षण र सौन्दर्यकरणले देशी तथा विदेशी पर्यटकको बृद्धि भई यस क्षेत्रमा थप ३००० रोजगारी सिर्जना हुने ।<br>- प्रत्यक्ष तथा अप्रतक्ष्य रुपमा फेवातालको संरक्षण र सौन्दर्यकरणले प्रदेश अर्थतन्त्रमा वार्षिक रु ५० करोडको थप योगदान गर्ने । | |
| **१०. कार्यान्वयन ढाँचा** | - नेपाल सरकार, प्रदेश सरकार तथा पोखरा महानगरपालिकाले संयुक्त रुपमा लगानी गर्ने र टेण्डर प्रकृयामार्फत् कार्यान्वयन गर्ने । | |
| **११. आयोजना कार्यान्वयन हुने क्षेत्र तथा लाभान्वित जनसंख्या** | - गण्डकी प्रदेश पोखरा महानगरपालिका वडा नं ६ बैदाम<br>- गण्डकी प्रदेशका ११ जिल्ला<br>- गण्डकी प्रदेशका १५-४० वर्षका युवाहरू<br>- ५ लाख जनसंख्या लाभन्वित हुने । | |

| | |
|---|---|
| १२. अन्तरसम्बन्धित विषय | **१. नेपालको प्राकृतिक सौन्दर्यताको बजारीकरण ।**<br>- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा नेपाल र गण्डकी प्रदेशको चिनारीमा बृद्धि हुने ।<br>**२. गरीबी निवारण**<br>- पर्यटन क्षेत्रमा उद्यमशीलता विकास भई स्वरोजगार सिर्जना भई जनताको जीवन स्तरमा सुधार भई गरिबी निवारण हुने ।<br>**३. लैङ्गिक समानता र समावेशीकरण**<br>- सबै क्षेत्र, वर्ग, लिङ्ग तथा जातिका व्यक्तिहरूको समानुपातिक सहभागिता हुने ।<br>**४. सिर्जनशीलता तथा नवप्रवर्तन**<br>- सुविधायुक्त होटेलहरूको विकासले युवाहरूमा भएको क्षमता प्रस्फुटन हुने वातावरण निर्माण हुने ।<br>- आफूले सिकेका सीपको तत्कालै प्रयोग गर्न सक्ने ।<br>**५. स्वच्छ वातावरण**<br>- स्वच्छ वातावरण निर्माणमा सघाउने ।<br>- ढलबाट निस्केको फोहोरजन्य पदार्थहरूको उचित व्यवस्थापन हुने । |
| १३. जोखिम तथा अनुमान | - फेवातालको सीमा छुटट्याइ तारवार गर्ने कार्यमा सबैको सहयोग हुने ।<br>- जग्गा अधिकरणमा स्थानीय जनताको सहयोग हुने । |

| १०.२ पोखरा-डेडगाउँ-दुम्कीबास-त्रिवेणी सडक | |
|---|---|
| १. आयोजनाको नामः | पोखरा-डेडगाउँ-दुम्कीबास-त्रिवेणी सडक |
| २. आयोजनाका प्रमुख विशेषताहरूः | - गण्डकी प्रदेशलाई वागमती प्रदेश, प्रदेश ५ र भारतसँग जोड्ने सबैभन्दा छोटो सडक ।<br>- भारत र चीनसँगको यातायात पहुँच सुधार तथा व्यापार विस्तार गर्ने ।<br>- पोखरा र नवलपुर केन्द्रित बसाइँसराइँलाई कम गर्न सघाउने । |
| ३. आयोजना अवधिः | **अ. आयोजना विकास चरणः**<br>सुरू (आ.व.): २०७६/७७ सम्पन्न (आ.व.): २०७७/७८<br>**आ. आयोजना तयारी चरणः**<br>सुरू (आ.व.): २०७७/७८ (सम्पन्न आ.व.): २०७७/७८<br>**इ. आयोजना कार्यान्वयन चरणः**<br>सुरू (आ.व.): २०७७/७८ सम्पन्न (आ.व.): २०८०/८१ |
| ४. आयोजनाको लक्ष्यः | - गण्डकी प्रदेश, बाग्मती प्रदेश र प्रदेश ५, भारत र चीनसँगको यातायात पहुँच सुधार गरी व्यापार विस्तार गर्न सघाउने । |
| ५. आयोजनाको उद्देश्यः | - प्रदेश राजधानी पोखरालाई भारतसँग जोड्ने सबैभन्दा छोटो सडकः पोखरा - डेडगाउँ - दुम्कीबास - त्रिवेणी स्तरोन्नति गर्नु र गण्डकी प्रदेश, बाग्मती प्रदेश, प्रदेश ५, भारत र चीन बीचको यातायात सहज बनाई कृषि, पर्यटन र उद्योग क्षेत्रको विकासमा टेवा पुऱ्याउनु । |
| ६. आयोजनाको प्रतिफलः | - वागमती प्रदेश र प्रदेश ५ सँगको यातायात पहुँच सुधार भएको हुने ।<br>- चीनसँग जोडिएको कोराला नाका देखि भारतसँग जोडिएको त्रिवेणी नाका बीचको यातायात सहज भई अन्तर्राष्ट्रिय रुपमा व्यापारिक र व्यावसायिक गतिविधि वृद्धि भएको हुने ।<br>- पृथ्वी लोकमार्गमा यातायात चाप कम भएको हुने । |

| | |
|---|---|
| **७. आयोजनाका प्रमुख क्रियाकलापहरू:** | - पोखरा-दुम्कीबास खण्डको ८० कि.मि. सडक २ लेनमा स्तरोन्नति । |
| **८. आयोजनाको कुल लागत:** | देहाय बमोजिम अनुमानित लागत प्रस्तुत गर्नुपर्ने ।<br>- आयोजना विकास लागत: रु. २० करोड<br>- आयोजना तयारी लागत: रु. २० करोड<br>- आयोजना कार्यान्वयन लागत: ४ अर्ब गरी जम्मा ४ अर्ब ४० करोड । |
| **९. आर्थिक, वित्तीय तथा वातावरणीय प्रभाव विश्लेषण:** | - व्यापारिक मार्गको रुपमा विकास भइ आर्थिक विकास, पर्यटन प्रवर्द्धनमा टेवा हुने ।<br>- वातावरणीय प्रभाब कम रहेको तर कतिपय क्षेत्रमा वातावरणीय अध्ययन गरी नकारात्मक प्रभाव न्यूनीकरण गर्नुपर्ने । |
| **१०. कार्यान्वयन ढाँचा:** | - प्रदेश सरकारले कार्यन्वयन गर्ने । |
| **११. आयोजना कार्यान्वयन हुने क्षेत्र (प्रदेश, जिल्ला) तथा लाभान्वित जनसंख्या:** | - मुख्य गरी नवलपुर, तनहुँ लगायत समग्र गण्डकी प्रदेशको जनता र बाग्मती प्रदेश, प्रदेश ५ का जनता लाभान्वित हुने । यस आयोजनाबाट करिब २० लाख जनता लाभान्वित हुनेछन् । |
| **१२. अन्तरसम्बन्धित विषय:** | आयोजना कार्यान्वयनबाट देहायका पक्षमा योगदान पुऱ्याउँछ ।<br>**१. प्रादेशिक सन्तुलन**<br>- बाग्मती प्रदेश, प्रदेश ५, भारत, र चीनसँगको यातायात पहुँच वृद्धि भै सन्तुलित विकास गर्न सघाउने<br>**२. गरिबी निवारण**<br>- आय र रोजगारको अवसर वृद्धि हुदा गरिबी निवारण गर्न सहयोगी हुने<br>**३. लैङ्गिक समानता तथा समावेशीकरण तथा महिला सशक्तिकारण**<br>- ब्यापारिक र व्यावसायिक गतिविधि वृद्धि हुने हुँदा महिला तथा पछाडि परेकाहरूको लागि आय आर्जन तथा रोजगारका अवसरहरू सिर्जना हुने<br>**४. आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धन हुने**<br>- कोराला, पोखरा, भिमाद, दुम्कीबास सडक प्रदेशको धेरै जिल्ला लाई छुने हुँदा प्रदेशमा उत्पादित कृषिजन्य उपजहरूको तराई, भारत र चीनमा निर्यात गर्न सहज हुने<br>**५. वैदेशिक लगानी प्रवर्द्धनमा सघाउने**<br>- यस मार्गले प्रदेश केन्द्र पोखरा, कोराला र त्रिवेणी नाका जोड्ने हुदा यो सडक करिडोरमा उद्योग स्थापना र सञ्चालन गर्न विदेशीहरू अकर्षित हुने<br>**६. सिर्जनशीलता तथा नवप्रवर्तनमा सघाउने**<br>- डेडगाउँ दुम्कीबास खण्डमा सुरुङ्ग प्रविधि समेत हुने हुँदा सुरुङ्ग निर्माण गर्न आवश्यक प्रविधिहरू भित्रिने<br>**७. शासकीय सुधार तथा कार्यान्वयन क्षमता अभिवृद्धि**<br>- मुस्ताङ्ग देखि नवलपुर सम्मको यातायात सहज हुन गइ उत्पादकत्व बढाउन सघाउने<br>**८. स्वच्छ वातावरण**<br>**९. विपद् उत्थनशीलता**<br>**१० अन्य क्षेत्र वा आयोजना विकासमा सहयोग गर्ने ।** |

| | |
|---|---|
| **१३. जोखिम तथा अनुमानः** | - राष्ट्रिय श्रोतबाट लगानी गर्न नेपाल सरकार सकारात्मक रहने । |

| **१०.३. उत्तरगंगा जलाशययुक्त जलविद्युत् आयोजना (८२८ मे.वा)** | |
|---|---|
| **१. आयोजनाको नामः** | **उत्तरगंगा जलाशययुक्त जलविद्युत् आयोजना (८२८ मे.वा.)** |
| **२. आयोजनाका प्रमुख विशेषताहरूः** | - थोरै पानी प्रयोग गरि धेरै उर्जा उत्पादन गर्ने सकिने ।<br>- वार्षिक रुपमा करिब १२९९ Gwh Energy राष्ट्रिय प्रसारण लाइनमा जोडिने ।<br>- जलाशययुक्त आयोजनाबाट हिउँदको समयमा समेत विद्युत्को माग पुरा गर्न टेवा पुऱ्याउने र राष्ट्रिय उर्जा सुरक्षामा उल्लेखनीय योगदान पुऱ्याउने ।<br>- प्रतिवर्ष करिब १६.११ अर्ब रुपैयाँ राजस्व संकलन हुने । |
| **३. आयोजना अवधिः** | **अ. आयोजना विकास चरणः**<br>- सुरू (आ.व.): २०७६/७७<br>- सम्पन्न (आ.व.): २०७७/७८<br>**आ. आयोजना तयारी चरणः**<br>- सुरू (आ.व.): २०७७/७८<br>- (सम्पन्न (आ.व.): २०७७/७८<br>**इ. आयोजना कार्यान्वयन चरणः**<br>- सुरू (आ.व.): २०७७/७८ सम्पन्न (आ.व.): २०८२/८३ |
| **४. आयोजनाको लक्ष्यः** | - जलाशययुक्त आयोजना निर्माण गर्ने । |
| **५. आयोजनाको उद्देश्यः** | - राष्ट्रिय उर्जा सुरक्षामा योगदान पुऱ्याउनु ।<br>- विद्युत्को पहुँच बढाउनु ।<br>- प्रदेशको राजस्व वृद्धि गर्नु । |
| **६. आयोजनाको प्रतिफलः** | - जलाशययुक्त आयोजना निर्माण हुने जसले हिउदमा समेत विद्युत्को माग पुरा गर्न टेवा पुऱ्याउने ।<br>- उद्योग सञ्चालन र विद्युतिय चुलो, बसहरू सञ्चालन गर्न आवश्यक उर्जा उपलब्धता वृद्धि हुने । |
| **७. आयोजनाका प्रमुख क्रियाकलापहरूः** | - विस्तृत अध्ययन गर्ने ।<br>- लगानी जुटाउने ।<br>- निर्माण सम्पन्न गर्ने । |
| **८. आयोजनाको कुल लागतः** | - आयोजना विकास लागतः विकास भएको ।<br>- आयोजना तयारी लागतः विस्तृत आयोजना प्रतिवेदन तयार भएको ।<br>- आयोजना कार्यान्वयन लागतः करिब १.३ खर्ब |

| | |
|---|---|
| ९. **आर्थिक, वित्तीय तथा वातावरणीय प्रभाव विश्लेषण:** | - आयोजनाको प्रारम्भिक लागत = १.३ खर्ब रुपैयाँ<br>- आयोजनाको Annual Revenue = १६.११ अर्ब<br>- आयोजनाको IRR = १३.५<br>- हिउँदमा बग्ने न्युनतम पानी छोडेर आयोजना सञ्चालन गरी तल्लो तटीय (सानी भेरी नदी) क्षेत्रमा वातावरणीय प्रभाव कम गर्न सकिने ।<br>- कालीगण्डकी नदी क्षेत्रमा बढ्ने पानीको बहाब तटबन्धन निर्माण गरी कम गर्न सकिने ।<br>- पावर हाउसबाट छोडिएको पानीबाट बुर्तिवाङ्ग वरपर र कालीगण्डकी नदी क्षेत्रमा सञ्चालित जलविद्युत् (कालीगण्डकी ए लगायत) आयोजनाहरूबाट हिउँदमा उत्पादन हुने उर्जा उत्पादन वृद्धि गर्न सकिने । |
| १०. **कार्यान्वयन ढाँचा:** | - नेपाल विद्युत् प्राधिकरण र सार्वजनिक, समुदाय साझेदारी मोडेल |
| ११. **आयोजना कार्यान्वयन हुने क्षेत्र** | - नेपाल, गण्डकी प्रदेश, बागलुङ्ग जिल्ला |
| १२. **अन्तरसम्बन्धित विषय:** | १. **प्रादेशिक सन्तुलन**<br>गण्डकी प्रदेशले उर्जा उत्पादन वृद्धि गर्दा अन्य प्रदेशमा पनि उर्जा उपलब्धता वृद्धि भै उद्योग सञ्चालन, विद्युतीय चुलो, सवारी साधन प्रयोग गर्न सघाउने<br>२. **गरिबी निवारण**<br>उर्जामा पहुँच वृद्धि हुँदा गरिबी न्यूनीकरण गर्न सघाउने<br>३. **लैङ्गिक समानता तथा समावेशीकरण**<br>- स्वच्छ उर्जाको पहुँच वृद्धि हुँदा गरिब तथा पछाडि परेकाहरूको जीवन स्तरमा आमूल परि वर्तन हुने<br>४. **आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धन**<br>- भारतबाट आयातित विद्युत् कम गर्न तथा निर्यात प्रवर्द्धन गर्न सघाउने<br>५. **वैदेशिक लगानी प्रवर्द्धन**<br>- उद्योग सञ्चालनको लागि चाहिने उर्जा उपलब्धता वृद्धि भई वैदेशिक लगानी आकर्षित गर्न सघाउने<br>६. **सिर्जनशीलता तथा नवप्रवर्तन**<br>- जलाशययुक्त आयोजना निर्माणसँग जोडिएका प्रविधि भित्र्याउने अवसर जुराउने<br>७. **स्वच्छ वातावरण**<br>- स्वच्छ उर्जाको उपलब्धता वृद्धि सँगै विद्युतीय चुलो प्रयोग र सवारी साधन सञ्चालनमा वृद्धि हुने । |
| १३. **जोखिम तथा अनुमान:** | - लगानी जुटाउन नेपाल विद्युत् प्राधिकरण, नेपाल सरकार, गण्डकी प्रदेश सरकार, स्थानीय तह र निजी क्षेत्र तयार हुने । |

| १०.४ कास्की र तनहुँकोबीचमा पर्ने तल्लो पुडिटारमा प्रदेश स्तरको औद्योगिक क्षेत्र स्थापना | |
|---|---|
| **१. आयोजनाको नाम:** | - कास्की र तनहुँकोबीचमा पर्ने तल्लो पुडिटारमा प्रदेश स्तरको औद्योगिक क्षेत्र स्थापना तथा सञ्चालन |
| **२. आयोजनाका प्रमुख विशेषताहरू** | - २८,०० रोपनी समथर जग्गा उपलब्ध भएको ।<br>- गण्डकी प्रदेशको राजधानी पोखरा नजिक रहेको ।<br>- सहज पहुँचको व्यवस्था भएको ।<br>- विद्युत्को प्रचुर उपलब्धता भएको ।<br>- पानीको स्रोत प्रशस्त भएको ।<br>- उपयुक्त जलवायु ।<br>- सम्भाव्यता अध्ययन लगायतका प्रारम्भिक कार्यहरू सम्पन्न भइसकेको । |
| **३. आयोजनाको अवधि:** | अ. आयोजना विकास चरण: आ.व. २०७६/७७ देखि २०७७/०७८<br>आ. आयोजना तयारी चरण: आ.व. २०७७/७८<br>इ. आयोजना कार्यान्वयन चरण: आ.व. २०७७/७८ देखि २०८०/८१ |
| **४. आयोजनाको लक्ष्य:** | - प्रदेश तहमा औद्योगिक क्षेत्र स्थापना गरी आय तथा रोजगारी वृद्धि गर्ने । |
| **५. आयोजनाको उद्धेश्य:** | - कृषि प्रशोधन र खनिजजन्य ५०० उद्योगहरूको स्थापना गरी उत्पादन बढाउने र प्रदेशको कुल ग्राहस्थ्य उत्पादन बढाउने ।<br>- उद्योग क्षेत्रमा स्वदेशी तथा विदेशी लगानी वृद्धि गरी रोजगारीका अवसर सिर्जना गर्ने ।<br>- आन्तरिक उत्पादन वृद्धि गरी आयात प्रतिस्थापनमा योगदान पुऱ्याउने । |
| **६. आयोजनाको प्रतिफल:** | - कुल ग्राहस्थ्य उत्पादनमा औद्योगिक क्षेत्रको योगदान बढ्ने ।<br>- स्वदेशी कच्चा पदार्थमा आधारित ५०० कृषि प्रशोधन उद्योगको स्थापना गरी पर्यटन क्षेत्रमा आयात प्रतिस्थापन गर्ने ।<br>- औद्योगिक क्षेत्रमा वैदेशिक लगानी आकर्षित भएको हुने ।<br>- अनुमानित १०००० जनालाई नयाँ रोजगारी सिर्जना हुने ।<br>- औद्योगिक क्षेत्रमा स्थापना हुने उद्योगले वार्षिक रु ३० अरब बराबरका औद्योगिक वस्तु उत्पादन गर्ने । |
| **७. आयोजनाका प्रमुख क्रियाकलाप:** | औद्योगिक क्षेत्र स्थापना गरी विभिन्न किसिमका कृषि प्रशोधन जन्य सामानहरूको उत्पादन गरी पर्यटन क्षेत्रमा बिक्री बितरण गर्ने । |
| **८. आयोजनाको कुल लागत:** | - आयोजना तयारी लागत रु. ४ अर्ब (औद्योगिक क्षेत्र स्थापना गर्न रु ४ अर्ब लगानी हुने ।<br>- निजी क्षेत्रले ५०० उद्योग स्थापना गर्न रु. ६० अर्ब लगानी गर्ने । |
| **९. आर्थिक, वित्तीय तथा वातावरणीय प्रभाव विश्लेषण:** | - आयोजनाको प्रारम्भिक लागत - अनुमानित रु. ४ अर्ब<br>- वार्षिक करिब रु. ३० अर्ब बराबरका औद्योगिक वस्तु उत्पादन हुने ।<br>- लाभ-लागत प्रभावकारिता - १.१०<br>- सामाजिक प्रभाव विश्लेषण - अनुमानित १०००० जनालाइ प्रत्यक्ष रोजगारी |
| **१०. कार्यान्यवन ढाँचा:** | सार्वजनिक-निजी साझेदारी |
| **११. आयोजना कार्यान्वयन हुने क्षेत्र तथा लाभान्वित जनसंख्या:** | स्थान: कास्की र तनहुँ वीचको तल्लो पुडिटार क्षेत्र ।<br>लाभान्वित जनसंख्या - अनुमानित २००,००० जना । |

| | |
|---|---|
| **१२. अन्तरसम्वन्धित विषयः** | - गरिबी निवारण<br>- आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धन<br>- वैदेशिक लगानी प्रवर्द्धन |
| **१३. जोखिम तथा अनुमानः** | - औद्योगिक क्षेत्रको संरक्षण गर्न सेती नदीमा चेकड्याम निर्माण गर्न सहज हुने ।<br>- पूर्जा विहीन सुकुम्बासीहरूको व्यवस्थापन सहज हुने । |

| **१०.५ मुटु, मृगौला तथा क्यान्सरको विशिष्टीकृत अस्पतालको स्थापना तथा सञ्चालन** | |
|---|---|
| **१. आयोजनाको नामः** | - मुटु, मृगौला तथा क्यान्सर विशिष्टीकृत् अस्पतालको स्थापना तथा सञ्चालन |
| **२. आयोजनाका प्रमुख विशेषताहरूः** | - मुटु, मृगौला तथा क्यान्सर रोगको निदान ।<br>- मुटु, मृगौला तथा क्यान्सर रोगको सर्वसुलभ तथा गुणस्तरीय उपचार ।<br>- मुटु, मृगौला तथा क्यान्सर रोगको सम्वन्धमा ब्यापक जनचेतना अभिबृद्धि गर्ने ।<br>- मुटु, मृगौला तथा क्यान्सर रोगको उपचार सेवामा प्रदेशका जनताको पहुँचमा बृद्धि ।<br>- गण्डकी प्रदेशलाई स्वास्थ्य पर्यटनको गन्तब्यको रुपमा विकास गर्न सहयोग । |
| **३. आयोजना अवधिः** | - आ.व. २०७६/०७७ देखि आ. व. २०८०/०८१ |
| **४. आयोजनाको लक्ष्यः** | - मुटु, मृगौला तथा क्यान्सर रोगको बारेमा ब्यापक जनचेतना जगाउने तथा समयमा नै रोग निदान गरी सर्वसुलभ तथा गुणस्तरीय उपचार सेवा उपलब्ध गराएर जनताको स्वास्थ्य स्थितिमा सुधार ल्याई  उत्पादनशील नागरिक तयार गरी समृद्ध प्रदेश बनाउने । |
| **५. आयोजनाको उद्देश्यः** | - मुटु, मृगौला तथा क्यान्सर रोगको संबन्धमा ब्यापक जनचेतना अभिबृद्धि गर्ने ।<br>- मुटु, मृगौला तथा क्यान्सर रोगको समयमा नै निदान गर्ने ।<br>- मुटु, मृगौला तथा क्यान्सर रोग सँग सम्वन्धित विशिष्टिकृत्  स्वास्थ्य सेवा उपलब्ध गराउने ।<br>- नसर्ने रोगको बढ्दो  भार तथा मृत्यु दरमा कमी ल्याउने  ।<br>- मुटु, मृगौला तथा क्यान्सर रोगको उपचार सेवामा प्रदेशका जनताको पहुँचमा बृद्धि गर्ने ।<br>- गण्डकी प्रदेशलाई स्वास्थ्य पर्यटनको गन्तब्यको रुपमा   विकास गर्न सहयोग गर्ने ।<br>- मुटु, मृगौला तथा क्यान्सर रोगको उपचारको लागि वर्षेनि  देश बाहिर जाने ठुलो रकमको मात्रा क्रमशः घटाउँदै  लैजाने । |
| **६. आयोजनाको प्रतिफलः** | - मुटु, मृगौला तथा क्यान्सर रोगको समयमा नै निदान भई गुणस्तरीय उपचार सेवा उपलब्ध हुने ।<br>- सेवा विस्तार तथा सेवामा पहुँचः  गण्डकी प्रदेशमा हालसम्म मुटु, मृगौला तथा क्यान्सर रोगसँग सम्वन्धित विशिष्टिकृत् अस्पताल नभएकाले यस आयोजनाको कार्यान्वयन पश्चात् प्रदेशमा मुटु, मृगौला तथा क्यान्सर रोग सँग सम्वन्धित विशिष्टिकृत् सेवा विस्तार भई मुटु, मृगौला तथा क्यान्सर रोगको सामान्य उपचारको लागि पनि प्रदेश बाहिर जानुपर्ने बाध्यताको अन्त्य भएको हुने ।<br>- गण्डकी प्रदेशलाई स्वास्थ्य पर्यटनको गन्तब्यको रुपमा विकास गर्न सहयोग पुग्ने । |

| | |
|---|---|
| **७. आयोजनाका प्रमुख क्रियाकलापहरू:** | - मुटु, मृगौला तथा क्यान्सर विशिष्टीकृत् अस्पताल निर्माणको लागि जग्गा प्राप्ति ।<br>- DDR निर्माण ।<br>- निर्माण कार्य प्रारम्भ तथा सम्पन्न ।<br>- औजार उपकरण तथा जनशक्ति ब्यवस्थापन ।<br>- मुटु, मृगौला तथा क्यान्सर रोगको निदान, उपचार तथा प्रवर्द्धनात्मक सेवा प्रदान ।<br>- मुटु, मृगौला तथा क्यान्सर रोग सम्बन्धी नीति निर्माणमा सहयोग ।<br>- मुटु, मृगौला तथा क्यान्सर रोग सम्बन्धी बहस तथा पैरवी । |
| **८. आयोजनाको कुल लागत:** | - १,५०,००००००।- (एक अर्व पचास करोड) |
| **९. आर्थिक तथा वित्तीय विश्लेषण:** | - रोजगारी श्रृजना करिब ५०० जना<br>- मुटु, मृगौला तथा क्यान्सर रोगको उपचारको लागि वर्षेनी प्रदेश तथा नेपाल बाहिर जाने करिव ३ अर्ब रुपैया प्रदेश तथा नेपालमा नै रहने ।<br>- व्यक्तिको स्वास्थ्यमा हुने Out of Pocket Expenditure मा कमि ल्याउने । |
| **१०. कार्यान्वयन ढाँचा:** | - निर्माण: सार्वजनिक साझेदारी (तीन तहका सरकार)<br>- सञ्चालन: ट्रस्टी मोडल (Trustee Model) |
| **११. आयोजना कार्यान्वयन हुने क्षेत्र (प्रदेश, जिल्ला) तथा लाभान्वित जनसंख्या:** | - गण्डकी प्रदेश पोखरा महानगरपालिका वडा नं १५ नयाँगाँउ ।<br>- २५ लाख जनसंख्या प्रत्यक्ष लाभान्वित । |
| **१२. अन्तरसम्वन्धित विषय:** | - प्रदेशलाई स्वास्थ्य पर्यटनको प्रमुख गन्तब्य स्थलको रुपमा विकास गरी पर्यटन प्रर्वद्धन भएको हुनेछ ।<br>- उत्पादनशील नागरिक तथा समृद्ध प्रदेश निर्माण: मुटु, मृगौला तथा क्यान्सर रोगको निदान तथा सर्वसुलभ तथा गुणस्तरीय उपचार सेवा उपलब्ध गराएर जनताको स्वास्थ्य स्थितिमा सुधार ल्याई  उत्पादनशील नागरिक तयार गरी समृद्ध प्रदेश बनाउन सहयोग पुगेको हुनेछ । |
| **१३. जोखिम तथा अनुमान:** | - अस्पताल निर्माणको लागि चाहिने लगानी त्रिपक्षीय सहयोग र समन्वयमा उपलब्ध हुने छ । |

# परिच्छेद ११

# गण्डकी प्रदेशमा कोरोना भाईरस रोगको (COVID-19) असर ब्यवस्थापन योजना

## ११.१ परिचय

सन् २०१९ को डिसेम्बर महिनामा चीनको वुहान शहरबाट शुरु भएको कोरोना भाईरस रोगको कारण गत केही महिनादेखि विश्वभरिका देशहरूले अभूतपूर्व स्वास्थ्य आपतकालीन अवस्थाको सामना गरिरहेका छन् । महामारी नियन्त्रणको लागि गरिएको लकडाउनले सम्पूर्ण समाज र देशको अर्थव्यवस्थालाई ठप्प पारेको छ र यो अवस्थावाट सामान्य अवस्थामा कहिले फर्किन सकिन्छ भनी तत्काल आकलन गर्न पनि नसकिने अवस्था छ । कोरोना भाईरस रोगको रोकथाम तथा नियन्त्रणको लागि ११ चैत्र २०७६ देखि गरिएको लक डाउनका कारण देश पूर्णरुपमा बन्द छ । नागरिकलाई घरभित्र बस्न र एक अर्का विच भौतिक दूरी कम गर्न अनुरोध गरिएको छ । विदेशबाट फर्केका नागरिकलाई क्वारेन्टाइनमा राखिएको छ भने कोरना शंकास्पद व्यक्ति अस्पतालका आईसोलेसन वार्डमा र संक्रमित व्यक्तिलाई कोरोना उपचार डिडिकेटेड अस्पतालमा राखेर उपचार गरिएको छ । बन्द समयमा नेपाल सरकारले अत्यावश्यक सेवा भनी पहिचान भएका कार्यालय तथा प्रतिष्ठान बाहेक अन्य उद्योग, कलकारखाना, यातायात, होटेल, रेस्टुँरा र अन्य सेवा प्रदायक संस्थाहरू र उत्पादन इकाईहरू बन्द गरिएका छन् । उत्पादन र विकास निर्माणका कामहरू यस अवधिमा प्रभावित भएका छन् । सामानहरूको आपूर्ती सीमित मात्रामा भयो । शहरी क्षेत्रमा दैनिक ज्यालादारी गरेर जीवन निर्बाह गर्ने श्रमिक वर्ग, ठेला तथा डोकामा तरकारी बेच्ने, फुटपाथमा पसल थाप्ने, साना चियापसल तथा खुद्रा पसल सञ्चालक, गरिब, महिला, अपाङ्ग, बृद्ध तथा गर्भवती तथा सुत्केरी महिला र अनौपचारिक क्षेत्रमा काम गर्ने बढी प्रभावित भएका छन् ।

आर्थिक वर्ष २०७६/०७७ मा कोरोना भाइरस रोगको कारण प्रदेश अप्रवाहा हुने विप्रेषण, कुल ग्राहस्थ्य उत्पादन, आर्थिक बृद्धि दर संकुचित हुने देखिएको छ । उत्पादनका प्राथमिक क्षेत्र जस्तैः कृषि, वन र मत्स्य विकास, द्वितीय क्षेत्र जस्तै उद्योग, खनिज उत्खनन र निर्माण क्षेत्र जस्तै सडक, सिंचाई, नदी नियन्त्रण, ढल निकास, खानेपानी, आवास, जलविद्युत् र सौर्य विद्युत् उत्पादन, सेवामूलक क्षेत्र जस्तै पर्यटन, होटेल, रेस्टुँरा, व्यापार, यातायात क्षेत्र, सडक तथा हवाई यातायात, टुर एण्ड ट्राभल, स्वास्थ्य, शिक्षा आदि प्रभावित भएका छन् । यी प्रमुख क्षेत्रहरूको अतिरिक्त विदेशी लगानी र अनुदान, ऋण पनि प्रभावित भएको छात्यस्तैगरी, यस कोरोना भाइरसको असर नेपाल तथा प्रदेशको राजस्व संकलनमा पनि परेको छ । कल्याणकारी कार्यक्रमको बढ्दो मागले विकास निर्माणका क्षेत्र र प्रदेश गौरवका आयोजनालाई श्रोत ब्यवस्थापनमा दबाव पर्ने देखिन्छ ।

एसियाली विकास बैङ्कले आर्थिक बर्ष २०७६/०७७ मा नेपालको आर्थिक वृद्धि दर गत बर्षको ७.१ प्रतिशतबाट घटेर ४.३ प्रतिशत देखि ५.३ प्रतिशतमा झर्ने प्रक्षेपण गरेको छ । यसरी आर्थिक बृद्धि दर कम हुनाका कारणहरूमा विशेष रूपमा विश्वव्यापी कोरोना भाइरस रोगको प्रकोप, राष्ट्रव्यापी लकडाउन, यस समयमा उद्योग धन्दा तथा सेवा उद्योगहरू बन्द रहनु, रेमिट्यान्समा कमी हुनु, कृषि उत्पादनमा कमी हुनु, औद्योगिक आपूर्तिमा अवरोध हुनु, लकडाउनमा उपभोग्य बस्तुको घरेलु माग कम हुनु र पर्यटकको आगमन कम हुनुलाई लिइएको छ (एसियाली विकास बैङ्क, २०२०) । एसियाली विकास बैङ्कको यस प्रक्षेपण कोरना भाइरस रोगको प्रारम्भिक चरणमा भएकोले यस प्रक्षेपणमा थुप्रै परिबर्तन हुने सम्भावना रहेको छ । विश्व बैंकले समेत चालु आर्थिक वर्षमा नेपालको आर्थिक बृद्धि दर १.५ देखि २.८ प्रतिशत र आगामी आर्थिक वर्षमा १.४ देखि २.९ प्रतिशत सम्म हुने प्रक्षेपण गरेको छ (विश्व बैंङ्क, सन्  २०२०) । विश्व बैङ्कको यो प्रक्षेपण पनि प्रारम्भिक चरणको भएकोले यस प्रक्षेपण पनि कोरोना महामारी मत्थर भएपछिको आंकलनमा फरक पर्ने देखिन्छ । केन्द्रीय तथ्याङ्क विभागले आर्थिक वर्ष २०७५/७६ मा ७.१ प्रतिशत रहेको नेपालको आर्थिक वृद्धि दर आर्थिक वर्ष २०७६/०७७ मा २.२७ प्रतिशतमा खुम्चने प्रारम्भिक प्रक्षेपण गरेको छ भने लकडाउन थप लम्बिदै गयो भने वृद्धि दर थप संकुचित हुने अनुमान गरेको छ (केन्द्रीय तथ्याङ्क बिभाग, सन् २०२०) ।

**११.२ कोरोना भाईरस रोगले प्रभावित गण्डकी प्रदेश समृद्धिका मुख्य संवाहक**

**पर्यटनः** प्रदेश समृद्धिको महत्वपूर्ण संवाहक पर्यटन क्षेत्रले ठुलो क्षति ब्यहोरेको प्रारम्भिक अनुमान छ । कोरोना भाईरस रोगको रोकथाम तथा नियन्त्रण प्रयोजनको लागि लकडाउनको समयमा अन्तर्राष्ट्रिय तथा राष्ट्रिय हवाई उडानहरू बन्द भए । सडक यातायात पनि बन्द भयो । प्रदेशमा लकडाउनभन्दा अगिडी आएका विदेशी पर्यटकलाई पनि सम्बन्धित देशले रेस्क्यु गरी फिर्ता लगे । प्रदेशमा रहेका १७ तारे होटेल, ३५८ पर्यटक स्तरीय होटेल, ७,२०६ रेस्टुराँ, ३४२ होमस्टे, १५३ ट्रेकिङ्ग एजेन्सी, २४४ ट्राभल एजेन्सी प्रभावित भए । लामो समय बन्द रहँदा यी ब्यावसय संचालकहरूले ज्यालादारी मजदुरलाई विदा गरे र नियमित मजदुरलाई घरबिदा दिए । नियमित आम्दानी नहुंदा पर्यटन क्षेत्रका मजदुरहरू दैनिक गुजारा गर्ने समस्यामा परे । त्यस्तैगरि बैंङ्कबाट ऋण लिएका ब्यावसायी ऋणको ब्याज तथा किस्ता तिर्ने समस्यामा परेका छन् । भाडाको घरमा ब्यावसाय चलाउनेलाई भाडा तिर्ने समस्या भएको छ । यस क्षेत्र चलायमान हुन केही समय लाग्ने देखिएकोले वार्षीक कार्यक्रम तथा बजेटमा पर्यटन पुनरुत्थान कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

**उर्जाः** उर्जा गण्डकी प्रदेशको अर्को महत्वपुर्ण संवाहक हो । पर्यटन झैं यो क्षेत्र पनि कोरोना भाइरस रोगले प्रभावित भएको छ । आर्थिक वर्ष २०७७/०७८ सम्ममा गण्डकी प्रदेशका शत प्रतिशत घर परिवारमा उज्यालोको पहुँच पुऱ्याउने कार्यक्रम, ४४ वटा विद्युत विस्तार सम्बन्धी आयोजना, ४ वटा सौर्य उर्जा सम्बन्धी आयोजना, ६५४ मेगावाट विद्युत् उत्पादन गर्न निजी क्षेत्रले निर्माण गरिरहेका २९ विद्युत् आयोजना पनि प्रभावित भएका छन् । चालु आ.व. मा दोर्दी करिडोरमा निर्माणाधीन १०० मेगावाट बराबरका आयोजना सम्पन्न हुने अबस्थामा थिए र यस लकडाउनले गर्दा यिनीहरूको सम्पन्न हुने समय कम्तीमा ६ महिना पर सरेको छ । यी आयोजनामा काम गर्ने मजदुरले दैनिक ज्याला गुमाएका छन् भने उत्पादकहरू आयोजना सम्पन्न हुने समय लम्बिदा बढ्ने प्रति ईकाई उत्पादन लागत मूल्य र बैङ्कलाई बुझाउनु पर्ने साबां तथा ब्याजको समस्यामा छन् । नेपाल सरकारको सहकार्यमा यस क्षेत्रलाई पुन चलयामान बनाईनेछ ।

**कृषिः** कृषि पनि गण्डकी प्रदेशको महत्वपूर्ण आर्थिक क्षेत्र हो । बन्दाबन्दीको समयमा उत्पादन सामाग्री बीउ, मल, आदिको आपूर्ति सहज नभएको, कामदारको अभाव र उत्पादित वस्तु जस्तैः दुध, तरकारी, अन्डा, मासुको आदिको बजार ब्यवस्था हुन नसकेको कारणले ५२,३७८ मे. ट, दुध, २१११६ हजार अण्डा, ३६८१८ मे.ट. तरकारी, ३०९७० मे.ट. मासुको उत्पादनमा ह्रास आउने अनुमान गरिएको छ, त्यसैगरी कृषि ज्यालादारी मजदुरको रोजगार स्थगन भएको छ । पोल्ट्री फार्ममा बिक्रीको लागि तयार भएका कुखुरा, अण्डा र चल्लाले बजार पाएका छैनन् । उत्पादन र आपूर्ति बिचको दूरी बढेको छ ।

**उद्योगः** उद्योग गण्डकी प्रदेशको अर्को महत्वपूर्ण आर्थिक क्षेत्र हो । लकडाउनको समयमा उद्योगहरूले कच्चा पदार्थ आयात गर्न सकेका छैनन् । मजदुरलाई उद्योगभित्रै सुरक्षित बसोबास गर्ने ब्यबवस्था मिलाएका उद्योगहरू पनि पूर्ण क्षमतामा सञ्चालन भएका छैनन् । सीमित मात्रामा उत्पादन भएका वस्तु पनि बजारसम्म पुग्नसकेका छैनन् । यस प्रदेशमा रहेका ३९३ साना तथा मझौला उद्योग र १००, ६६८ प्रतिष्ठानहरू प्रभावित भएका छन् । यसको अतिरिक्त यस प्रदेशमा रहेका होंक्सी सिमेन्ट, एलजी र सूर्य टोबाको जस्ता ठुला कम्पनी पनि प्रभावित भएका छन् । ज्यालादारीमा काम गर्ने मजदुरहरूले श्रम गर्ने बजार गुमाएका छन् । उद्योगपति बैङ्कको साँबा, ब्याज र किस्ता तिर्ने समस्यामा छन्, भाडाका घरमा ब्यवसाय गर्नेहरू घरभाडाको थप समस्यामा परेका छन् । पुँजी र उत्पादनको सम्बन्ध बलियो बनाई उत्पादन र आपूर्तिबीच सन्तुलन मिलाउन नेपाल सरकार, स्थानीय तह र निजि क्षेत्रसँग सहकार्य गरिनेछ ।

**पूर्वाधारः** कोरोना भाइरस रोगको रोकथाम र नियन्त्रण गर्न गरिएको लकडाउनले पूर्वाधार विकासका काम पनि प्रभावित भएका छन् । ठेक्का लगेर निर्माण शुरु भएका एक निर्वाचन क्षेत्र एक सडक कार्यक्रम अन्तर्गतका ३२ वटा कालोपत्रे गर्ने आयोजना, १०० किलोमिटर कालोपत्रे गर्ने विभिन्न सडक आयोजना, १२० किलोमिटर ग्राभेल गर्ने विभिन्न सडक आयोजना, ३० वटा मोटरेवल पुल, ५० झोलेङ्गे पुल, ३३ खानेपानी आयोजना र केही सिंचाई आयोजना प्रभावित भएका छन् । निर्माण आयोजनामा काम बन्द हुँदा निर्माण क्षेत्रका दैनिक ज्यालादारी मजदुरले रोगागार गुमाएका छन् । अधिकांश मजदुर अन्य

प्रदेशका रहेका र अधिकांश घर फर्किएका छन् । वर्षा र खेती पातीको समय आएको हुँदा लकडाउन अवधि सकिए पश्चात् उनीहरूलाई निर्माण स्थलमा जम्मा गरी निर्माण कार्य सुचारु गर्न केही समय लाग्ने देखिन्छ ।

**मानव संसाधनः** यसभित्र श्रम तथा रोजगार, स्वास्थ तथा शिक्षा जस्ता महत्वपूर्ण क्षेत्रहरू पर्दछन् ।

**श्रम तथा रोजगारः** गण्डकी प्रदेशमा अनुमानित १५,००० दैनिक ज्यालादारी कृषि मजदुर, २०,००० औद्योगिक मजदुर, ४०,००० निमार्ण क्षेत्रका मजदुर, १०,००० यातायात क्षेत्रका मजदुर र १५०,०० पर्यटन क्षेत्रका मजदुर गरी करिब १००,००० ज्यालादारी मजदुर यस लकडाउनले प्रतक्ष्य प्रभावित भएका छन् । यिनीहरूको दैनिक गुजारा चलाउने ज्याला नोक्सानी भएको छ । कोभिड-१९ को कारण विदेशको श्रम बजार पनि सांघुरिन जाने हुँदा प्रदेशवाट विदेशमा गई काम गरिरहेका करिब ५ लाख नागरिक मध्ये ५० हजार प्रदेशमा फर्कने सम्भावना बढेको छ ।

**शिक्षाः** गण्डकी प्रदेशको कुल जनसंख्यामा २७.५ प्रतिशत विद्यार्थी छन् । यिनीहरूमध्ये १ देखि ९ कक्षा सम्ममा अध्ययन गर्ने ५,११,९१२ जना, एसईईको तयारी गरिरहेका ४७,५९३ जना, ११ र १२ कक्षाको परीक्षाको तयारी गरिरहेका ९२,५४५ जना, सिटिईभिटी अन्तरगतका संस्थामा अध्ययनरत ५,३१४ जना र महाविद्यालयमा अध्ययनरत द्द्ढ,घडण जना गरी कुल ६,८६,७४४ जना विद्यार्थी यस लकडाउनले प्रभावित भएका छन् । यस कोरोना भाइरस रोगले शिक्षा क्षेत्रले आवश्यक मात्रामा भाईरोलोजिस्ट, ईमुनोलोजिस्ट, मेडिकल डाक्टर, नर्स जस्ता जनशक्ति उत्पादन गर्न, प्रयोगशाला सुदृढ गर्न र अनुसन्धान कार्यलाई बढावा दिन आवश्यक महसुस गराएको छ । साथै शिक्षामा निजी क्षेत्रबाट प्रदान गरिएको रोजगारीमा समस्या आउन सक्ने र अभिभावकको रोजगारी विस्थापनसँगै विद्यार्थीहरू समेत विस्थापित हुन सक्ने जोखिम बढेको छ । यस क्षेत्रका समस्या, आवश्यकता र प्रदेशका शिक्षा सम्बन्धी क्षेत्रअधिकारलाई ख्यालगर्दै शिक्षा क्षेत्रलाई कार्यक्रम तथा बजेटमा प्राथमिकता दिईनेछ ।

**स्वास्थ्यः** लकडाउनको समयमा कोरोना भाईरस रोगको असर स्वास्थ्य क्षेत्रमा पनि देखिएको छ। यस अवधिमा अस्पतालका आकस्मिक बाहेकका अन्य सेवा अवरुद्ध भएका छन् । सामान्य प्रकृतिका बिरामीहरू तथा बीमाबाट सेवा लिने बिरामीहरूले समेत स्वास्थ्य सेवा प्राप्त गर्न सकेका छैनन् । राष्ट्रिय खोप अभियान तथा नियमित खोप सेवा अवरुद्ध भएको छ । प्रसूति सेवा सहज हुन सकेको छैन । बालबालिकाको पोषण सेवा प्रभावित भएको छ। पोषण पुनर्स्थापना केन्द्र सञ्चालनमा समस्या देखिएको छ। क्षयरोग, कुष्ठरोग, एच.आई.भी एड्स र मानसिक रोगका बिरामीहरूले सहज रुपमा औषधी प्राप्त गर्न सकेका छैनन् । यी तत्कालिक समस्याका अतिरिक्त जिल्ला अस्पतालको कमजोर क्षमता, स्वास्थ्य क्षेत्रमा सीमित जनशक्तिको उत्पादन, सबै जनतालाई आधारभूत स्वास्थ्य सेवा पुऱ्याउन तुलनात्मक रुपमा सार्वजानिक सवास्थ सेवा प्रणाली कमजोर रहेको महसुस भएको छ ।

### ११.३ प्राथमिकता

नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तह माथि कोरोना भाइरस रोगबाट प्रभावित जनसमुदायको जीवनरक्षा गर्नु, बचाउनु, टिकाउनु र शिथिल अर्थतन्त्रलाई चलयामान बनाई पुरानो स्थितिभन्दा अझै माथि लैजाने दायित्वहरू छन् । यी सबै समस्यालाई यथोचित सम्वोधन गर्न प्रदेश सरकारले निम्न क्षेत्रमा प्राथमिकता दिई यसको असर व्यवस्थापन गर्नेछ । प्रदेशको अर्थव्यवस्थालाई पुरानो लयमा फर्काउनेः अर्थव्यवस्थालाई पुरानो लयमा फर्काउन प्रभावित क्षेत्रको समस्या पहिचान गर्ने र प्रदेश सरकारको सहयोगी भूमिका सशक्त बनाउने । लकडाउनमा छुट्टिएका उत्पादन क्षेत्रका पुँजी र श्रमलाई पुनःजोडने । अर्थतन्त्रलाई चलायामान बनाउन आर्थिक स्थायित्व र वित्तीय स्थायित्वलाई भन्दा आर्थिक वृद्धि र रोजगारी वृद्धिलाई प्राथमिकता दिने । अर्थतन्त्रका परस्पर क्षेत्र बिच हुने अन्तरसम्बन्ध र गुणात्मक सम्बन्धलाई समयमै पहिचान गरी चलायमान बनाउने । सरकारी खर्चतर्फ साधारण खर्च घटाउने, अनुत्पादक क्षेत्रको खर्चलाई कमगर्ने र अनावश्यक वस्तु र सेवाको आयातलाई नियन्त्रण गर्ने । विप्रेषणमा देखिने अनिश्चितता तथा विश्व अर्थतन्त्रमा आउने मन्दीको असरबाट

प्रदेशको अर्थतन्त्रलाई पुनर्ताजगीकरण गर्न बैंकिङ्ग क्षेत्रवाट घरेलु बचतलाई अधिकतम परिचालन गर्ने। आर्थिक समस्यामा परेका विभिन्न क्षेत्रका लगानीकर्तालाई आर्थिक सहयोग गर्न नेपाल सरकारसँग सहकार्य गर्ने।

**श्रम बजार चलयमान बनाउनेः** तत्कालीन रुपमा आर्थिक संकटमा परेका अनौपचारिक क्षेत्रमा रोजगार गुमाएका ज्यालादारी मजदुर, सीमान्तकृत् लघुउद्योगी, गरीब र विपन्न वर्गलाई वस्तुगत राहत दिने। लामो समय लकडाउनका कारण व्यवसाय सञ्चालन हुन नसकी ज्याला नपाउने अवस्थामा रहेका निजी क्षेत्रका तल्लो तहका कामदार तथा कर्मचारीका लागि औचित्य हेरी ज्याला अनुदान दिने। सीपमूलक तालिमको कोटा वृद्धि गर्ने। सेवा र उत्पादन क्षेत्रमा स्वास्थ्य सुरक्षात्मक उपायहरू अपनाएर रोजगारीको अवसरलाई खुला गर्ने। प्रधानमन्त्री रोजगार कार्यक्रममा रकम बढाएर थप रोजगारीका अवसर सिर्जना गर्न नेपाल सरकारसँग अनुरोध गर्ने। युवा तथा साना व्यवसायी स्वरोजगार कोष खडा गरेर स्वरोजगार सिर्जना गर्ने। यस कार्यक्रम अन्तरगत ठेलागाडामा तरकारी तथा फलफूल बिक्री गर्ने, लघु उद्यम सञ्चालन गर्ने, नगदेबाली लगाउने, कुखुरा पालन, बंगुर पालन, बाखापालन, कृषि प्रशोधन, निर्माणका सामान उत्पादन, फर्निचर उद्योग सञ्चालन, होटेल तथा रेस्टुराँ सञ्चालन गर्ने लगायत सानोतिनो लगानीमै प्रशस्त आम्दानी हुने स्वरोजगारका कार्यक्रम प्रवर्द्धन गर्ने। वैदेशिक रोजगारीबाट फर्किएकाहरूको लागि आर्थिक तथा सामाजिक पुँजी प्रयोग गरी स्वरोजगार तथा स्वउद्यमलाई प्रोत्साहन गर्ने।

**स्वास्थ्य क्षेत्र सुदृढीकरण गर्नेः** आगामी वर्षहरूमा स्वास्थ्य क्षेत्रका सेवामा उल्लेख्य वृद्धि हुने देखिन्छ। सरुवा तथा संक्रमक रोग का साथै अन्य महामारी रोगहरूको रोकथाम र नियन्त्रणका लागि प्रतिकार्य योजना वनाई लागू गर्ने। प्रदेशमा १०० बेडको सरुवा तथा संक्रमक रोग अस्पताल स्थापना गर्ने। सबै जिल्ला अस्पतालहरूमा कम्तीमा पनि भेन्टिलेटर सहितका पाँच आईसीयु बेड बिकास गर्ने। सार्वजनिक क्षेत्रले कोरोना जस्तै अन्य सरुवा तथा संक्रमक रोगको व्यवस्थापन गर्न संगठन संरचनामा पुनरावलोकन गर्ने। प्रदेश प्रयोगशालालाई सबै प्रकारका भाइरसको टेस्ट गर्न सक्षम बनाउने। नेपालमा उत्पादित मृगमदासव र कस्तुरीभूषण अन्य भाइरस संक्रमण (रुघा-खोकी, न्युमोनिया, बोङ्काइटिस लगायत) मा प्रभावकारी देखिएकै छन्। कोरोना बिरुद्व पनि आयुर्वेदिक औषधी प्रभावकारी हुने सम्भावना छ, तसर्थ आयुर्वेदलाई पनि एलोपेथिक औषधीसँगै प्रवर्द्धन गर्ने।

**शिक्षा क्षेत्रलाई महामारी प्रतिरोधी बनाउनेः** सरुवा तथा संक्रमक रोग विरुद्ध विद्यालय तथा महाविद्यालयमा सरसफाई, सेनिटाइजर, सावुनपानीले हात धुने व्यवस्था, मास्क वितरण, अभिभावक सचेतीकरण अभियान सञ्चालन गर्ने। शिक्षकहरूलाई अनलाइन शिक्षणका लागि अभिमुखीकरण तथा क्षमता विकास तालिम सञ्चालन गर्ने। विद्यालय तथा महाविद्यालयमा भर्चुअल कक्षाको स्थापना गर्न स्थानीय तह सँग सहकार्य गर्ने। विश्व विद्यालयमा भाईरोलोजी सम्बन्धी अध्ययन अध्यापन सुरु गर्ने। विश्व विद्यालयका विज्ञान प्रयोगशाला अत्याधुनिक बनाई सरुवा रोग तथा अन्य रोगको अनुसन्धान गर्ने। स्वास्थ जनशक्ति उत्पादन गर्न प्रदेश स्तरको शिक्षण अस्पताल निमार्ण गर्ने।

**कृषि क्षेत्रलाई प्रविधि, किसान, गरीब र युवामैत्री बनाउनेः** कृषि क्षेत्रमा बेरोजगार युवाहरूलाई आकर्षित गर्ने गरी कार्यक्रम तर्जुमा गरिनेछ। यस क्षेत्रलाई आवश्यक पर्ने लगानी विभिन्न स्रोत बाट जुटाइनेछ। खाद्य असुरक्षाको जोखिममा परेका घरपरिवारको पहिचान गरी समूह तथा सहकारीमा आबद्ध गराई चक्लाबन्दी र करार खेती मार्फत् कृषि व्यवसायमा लाग्न प्रोत्साहन गर्ने। बाँझो जग्गालाई उपयोगमा ल्याउन फलफूल तथा नगदे बालीको व्यावसायिक खेतीलाई प्रोत्साहन गर्ने तथा घाँस खेतीलाई जोड दिई पशुपालन कार्यलाई प्राथमिकता दिने। कृषि उत्पादन सामाग्रीहरू बीउ, मल, विषादि, नश्ल, औषधी, कृषि यन्त्र तथा उपकरणको सहज पहुँचमा जोड दिने। कृषि तथा पशुपन्छी क्षेत्रमा प्राविधिक सेवा विस्तार गरी सबै कृषकहरूको पहुँच बृद्धि गर्ने। यस क्षेत्रको लागि आवश्यक पर्ने उन्नत मल, बीउ र प्रविधिको ब्यवस्था गर्ने। यस क्षेत्रको लगानीको जोखिमलाई न्यूनीकरण गर्न कृषि बाली बीमा, पशुपंक्षी बीमा र कृषि उत्पादनमा अनुदान दिने व्यवस्थालाई सुदृढ गर्न कृषि अनुदान कोषको निर्माण गरी सञ्चालन गर्ने। कृषि उपजको न्यूनतम समर्थन मूल्य निर्धारण गर्ने र Buy back guarantee को व्यवस्था मिलाउन प्रयत्न गर्ने। युवा लक्षित कृषि इन्कुवेसन केन्द्रको स्थापना र संचालन गर्न पहल गर्ने।

आधुनिक प्रविधिसहितको मोबाइल एग्रो लर्निङ्ग सेन्टरको स्थापना र संचालन गर्ने । कृषिको आधुनिकीकरण गर्न चक्लाबन्दी र करार कानून बनाई कार्यान्वयन गर्ने ।

**पर्यटनको पुनरुत्थान गर्ने:** पर्यटन क्षेत्र चलयमान बनाउन सरकारी कोषबाट तलब खाने कर्मचारीलाई स्वदेश घुम्नका लागि एक हप्ताको तलबी बिदा दिने । पर्यटन पुनरुत्थान रणनीति बनाई लागुगर्ने । पर्यटन व्यवसायी तथा कामदारहरूलाइ आवश्यक परेको वेलामा प्रयोगमा ल्याउन सकिने गरी तयारी अवस्थामा रहन क्षमता वृद्धिका कार्यक्रम सञ्चालन गर्ने । हाम्रा परम्परागत पर्यटन बजार कोरोनाले थला परेको हुँदा भारत, चीन, मध्य पूर्व तथा पूर्वी एसियाका मुलुकहरूमा नयाँ बजारको खोजी गर्ने र हवाई सेवा सुरु गर्ने । घरबास कार्यक्रमलाई कृषि उत्पादनसँग जोड्ने । कृषि पर्यटनका कार्यक्रमहरू मार्फत् रोजगार सिर्जना गर्ने । आफ्नो पर्यटन व्यवसायलाई कृषिसँग जोड्न चाहने होटेल तथा व्यवसायीहरूलाई प्राथमिकताकासाथ प्रोत्साहन गर्ने । बैंकको ब्याज वा किस्ताहरूलाइ सहुलियत प्रदान गर्न नेपाल सरकारसँग सहकार्य गर्ने ।

**उद्योग क्षेत्र गतिशील बनाउने:** घरेलु तथा लघु, साना र मझौला र ठुला उद्योगको अवस्था हेरी सहुलियत ऋण र अन्य वित्तीय प्रोत्साहन गर्ने र उद्योग व्यवसायलाई गतिशील बनाउने ।

**पूर्वाधार निर्माण:** निर्माणस्थलमा श्रमिक तथा अन्य व्यक्ति तथा समुदायले अपनाउनु पर्ने विशेष सतर्कता, कायम राख्नु पर्ने भौतिक दूरी र निर्माण कार्यको प्रकृति अनुरुप अपनाउनु पर्ने स्वास्थ्य र सुरक्षावारे सचेतना वृद्धि गरि निर्माण कार्य सुचारु गर्ने । निर्माण सम्झौता पुनरावलोकन गर्नुपर्ने आयोजनाहरू पहिचान गरि सम्झौता पुनरावलोकन गरि निर्माणलाई निरन्तरता दिने ।

### ११.४ योजनाका लक्ष्य, उद्देश्य र सूचकको पुनरावलोकन

यस प्रथम पञ्चवर्षीय योजनाको निर्माण विक्रम सम्वत् २०७५/०७६ मा कोरोना भाईरस रोगको बिश्वब्यापी महामारी शुरु हुनुपूर्व भएकोले यसको नेपाल र गण्डकी प्रदेशमा पर्ने असर र त्यसलाई ब्यबस्थापन गर्ने नीति तथा कार्यक्रमबारे यस योजनामा विस्तृत ब्याख्या र विश्लेषण समाबेस गरिएको छैन । यस योजना गण्डकी प्रदेश विकास परिषद्ले ४ चैत्र २०७६ मा स्वीकृतिको लागि प्रदेश सरकारलाई सीफारिस गरेको थियो । प्रदेश विकास परिषद्ले सीफारिस गरे बमोजिम यस योजनालाई गण्डकी प्रदेश सरकारले १६ वैशाख २०७७ मा स्वीकृत गरी कार्यान्वयन गर्ने निर्णय गरेको हो । यस प्रदेशको सामाजिक, आर्थिक र पूर्वाधार विकास क्षेत्रमा कोरोना भाइरस रोगको असरबारे अध्ययन गर्न प्रदेश सरकारले प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्षको संयोजकत्वमा आयोगका सदस्य, मन्त्रालयका सचिव र अर्थशास्त्रीसहितको एक अध्ययन कार्यदल गठन गरेको छ । यस अध्ययन कार्यदलले अध्ययन कार्य प्रारम्भ गरिसकेको छ । यसै अध्ययन कार्यदलको प्रतिवेदनलाई आधार मानी यस प्रथम पञ्चवर्षीय योजनामा समावेश भएका समष्टिगत तथा क्षेत्रगत उद्देश्य, रणनीति, कार्यनीति, कार्यक्रम, सूचक तथा नतिजाहरूमा परिमार्जन गर्नुपर्ने देखिएमा आवश्यकता अनुसार पुनरावलोकन गरी परिमार्जन गरिनेछ ।

### सन्दर्भसूची

एसियाली विकास बैङ्क, सन २०२०, नेपालको समग्र अर्थतन्त्रको अवस्था, सन २०२० अप्रिल, भोलुम ८ नम्बर १, लाजिम्पाट काठमाण्डौं, नेपाल

केन्द्रीय तथ्याङ्क विभाग, सन २०२०, आर्थिक बर्ष २०७६र०७७ को जिडिपि अनुमान

विश्व बैङ्क, दक्षिण एसियाली देशहरूको प्रक्षेपित आर्थिक बृद्धि दर, अप्रिल २०२०, काठमाण्डौ, नेपाल

# अनुसूची १: आधार–पत्र तर्जुमा प्राविधिक समिति


| क्र.सं. | नाम | संस्था | |
|---|---|---|---|
| १ | डा. गिरिधारी शर्मा पौडेल | उपाध्यक्ष, प्रदेश नीति तथा योजना आयोग | संयोजक |
| २ | डा.ई. बिष्णु राज बराल | सदस्य, प्रदेश नीति तथा योजना आयोग | सदस्य |
| ३ | डा. भीमा ढुंगाना | सदस्य, प्रदेश नीति तथा योजना आयोग | आमन्त्रित सदस्य |
| ४ | श्री सीता कुमारी सुन्दास | प्रमुख, जि.स.स.स्याङ्जा | सदस्य |
| ५ | श्री मान बहादुर जि.सी. | मेयर, पोखरा महानगरपालिका | ” |
| ६ | श्री मुक्ति प्रसाद पाण्डे | सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय | ” |
| ७ | श्री मनोहर प्रसाद खनाल | सचिव, आन्तरिक मामिला तथा योजना मन्त्रालय | ” |
| ८ | ई. ईश्वरचन्द्र मरहठ्ठा | सचिव, भौतिक पूर्वाधार विकास मन्त्रालय | ” |
| ९ | श्री दीर्घनारायण पौडेल | सचिव, सामाजिक विकास मन्त्रालय | ” |
| १० | श्री विष्णु प्रसाद भण्डारी | सचिव, उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय | ” |
| ११ | श्री दुर्गा प्रसाद दवाडी | सचिव, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | ” |
| १२ | ई. निर्मल बराल | सहायक प्राध्यापक, इन्जिनियरिङ अध्ययन संस्थान, पश्चिमाञ्चल क्याम्पस, लामाचौर, पोखरा | ” |
| १३ | श्री संजीब बहादुर कोइराला | अध्यक्ष, उद्योग वाणिज्य संघ गण्डकी प्रदेश | ” |
| १४ | श्री अर्जुन गुरुङ | अध्यक्ष, मर्स्याङ्दी गाउँपालिका | ” |
| १५ | श्री अशोक पालिखे | समाजसेवी तथा उद्योग व्यवसायी | ” |
| १६ | श्री बिप्लब पौडेल | केन्द्रीय सदस्य, होटल व्यवसायी संघ | ” |
| १७ | श्री बिना सिलवाल | अध्यक्ष, गैरसहकारी महासंघ गण्डकी प्रदेश | ” |
| १८ | श्री भीम बहादुर गुरुङ | केन्द्रीय सदस्य, सहकारी महासंघ | ” |
| १९ | श्री वद्री विनोद प्रतीक | पत्रकार महासंघ, वरिष्ठ पत्रकार | ” |
| २० | श्री खुमराज शर्मा | अध्यक्ष, राष्ट्रिय अपाङ्ग महासंघ, गण्डकी प्रदेश | ” |
| २१ | श्री मोहन बहादुर थापा | उप सचिव, प्रदेश नीति तथा योजना आयोग | सदस्य सचिव |

# अनुसूची २: प्रदेश गौरवका आयोजनाहरू

| क्रम संख्या | प्रदेश गौरवका आयोजनाहरूको नाम | आयोजनाको उद्देश्य | आयोजना कार्यान्वयन गर्ने मन्त्रालय |
|---|---|---|---|
| **क. प्रदेशको बजेटबाट सार्वजनिक क्षेत्रले निर्माण गर्ने प्रदेश गौरवका आयोजनाहरू** | | | |
| १ | प्रदेश सदरमुकाम पोखरादेखि स्थानीय तहका केन्द्र जोड्ने सडक निर्माण आयोजना । | करिब १,२६० किलोमिटर लामो सडक निर्माण गर्न ट्र्याक नभएको ठाउमा ट्र्याक खोल्ने, मौसमी सडक भएकोलाई ग्राभेल गर्ने र ग्राभेल भएकोलाई कालोपत्रे गर्ने । | भौतिक पूर्वाधार विकास मन्त्रालय । |
| २ | एकीकृत् प्रदेश प्रशासनिक केन्द्रको निर्माण आयोजना । | प्रदेशका सबै मन्त्रालय र अन्य प्रदेश स्तरीय कार्यलय एकै ठाउमा अटाउने नमुना प्रदेश प्रशासनिक केन्द्रको निर्माण गर्ने । | भौतिक पूर्वाधार विकास मन्त्रालय । |
| ३ | मुख्यमन्त्री वातावरणमैत्री नमुना कृषि गाउँ आयोजना । | प्रदेश सभाका प्रत्येक निर्बाचन क्षेत्रका कम्तिमा दुई गाउँमा जलवायु अनुकूलन नमुना कृषि प्रणाली विकास गरी कृषि क्षेत्रको उत्पादकत्व बृद्धि गर्ने । | भूमि ब्यबस्था, कृषि तथा सहकारी मन्त्रालय । |
| ४ | गण्डकी गाई फार्म तथा दुग्ध विकास आयोजना । | चीन सरकारको सहकार्यमा सार्वजानिक–निजी मोडेलमा गण्डकी गाई फार्म र दुग्ध विकास संस्थाको विकास गरी प्रदेशलाई दुग्ध उत्पादनमा आत्मनर्भिर बनाउने । | भूमि ब्यबस्था, कृषि तथा सहकारी मन्त्रालय । |
| ५ | स्याउमा आत्मनिर्भर हुने आयोजना । | मनाङ्ग, मुस्ताङ्ग, गोर्खा, लमजुङ्ग र म्याग्दी जिल्लाको उत्तरी भागमा स्याउ खेतीको विस्तार गरी स्याउमा प्रदेशलाई आत्मनिर्भर बनाउने । | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय । |
| ६ | घरवास (होमस्टे) बिस्तार र सुदृढीकरण आयोजना । | ग्रामीण क्षेत्रमा गरिबी निवारण र पर्यटन क्षेत्रको बिबिधिकरण गर्न घरवास (होमस्टे) को बिस्तार र सुदृढीकरण गर्ने । | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय । |
| ७ | नवलपुरको लोकाहाखोलामा प्रदेश स्तरीय औद्योगिक क्षेत्र निर्माण आयोजना । | औद्योगिक क्षेत्र निर्माण गरी आयात प्रतिस्थापन गर्ने मझौला तथा ठुला उद्योग स्थापना गर्न निजी क्षेत्रलाई आब्हाव्न गर्ने । | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय । |
| ८ | गण्डकी विश्व विद्यालय स्थापना र सञ्चालन आयोजना । | प्रदेशमा उत्पादन र उत्पादकत्व बृद्धि गरी प्रदेशलाई औद्योगीकरणमा लैजान सघाउने उच्चस्तरको दक्ष जनशक्ति उत्पादन गरी शिक्षालाई बजारसँग जोडने । | सामाजिक विकास मन्त्रालय । |
| ९ | गण्डकी प्राविधिक प्रतिष्ठान स्थापना र सञ्चालन आयोजना । | प्रदेशलाई औद्योगीकरणमा लैजान सघाउने मध्यम स्तरको प्राविधिक तथा व्यावसायीक जनशक्ति उत्पादन गरी शिक्षालाई बजारसँग जोडने । | सामाजिक विकास मन्त्रालय । |
| १० | प्रदेश क्रिकेट मैदान निर्माण आयोजना । | पोखरा महानगरपालिकाको पशुपतिघाटमा क्रिकेट मैदानको निर्माण गरी खेल पर्यटनको प्रवर्द्धन गर्ने । | सामाजिक विकास मन्त्रालय । |
| ११ | सूचना प्रविधि पार्क निर्माण आयोजना । | पोखरा महानगरको जामुनबोटमा सूचना प्रविधि निर्माण र सञ्चालन गरी डिजिटल गण्डकी प्रदेश बनाउने र प्रदेशलाइ अन्तर्राष्ट्रिय बजारसँग जोडने । | आन्तरिक मामिला तथा कानून मन्त्रालय । |
| १२ | प्रदेश प्रहरी तालिम केन्द्रको निर्माण आयोजना । | प्रदेश प्रहरी तालिम केन्द्र निर्माण गरी प्रहरी प्रशासन लाई दक्ष बनाउने । | आन्तरिक मामिला तथा कानून मन्त्रालय । |


| क्रम संख्या | प्रदेश गौरवका आयोजनाहरूको नाम | आयोजनाको उद्देश्य | आयोजना कार्यान्वयन गर्ने मन्त्रालय |
|---|---|---|---|
| १३ | ईगभरनेन्स आयोजना । | ईगभरनेन्स लागु गरी पेपरलेस डिजिटल गण्डकी प्रदेश बनाउने । | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय । |
| **ख. नेपाल सरकारसँग स्रोत माग गरिएका रुपान्तरणकारी प्रदेश गौरवका आयोजनाहरू** | | | |
| १४ | पोखरा, डेडगाउं, दुम्किबास, त्रिवेणी सडक निर्माण आयोजना । | मुस्ताङ्गको कोरला देखि नवलपुरको त्रिवेणीसम्म पुरा प्ररदेशलाई जोडने सडक। प्रदेशको दक्षिणि क्षेत्रमा औद्योगीकरण गर्न सघाउने । | भौतिक पूर्बाधार विकास मन्त्रालय । |
| १५ | उत्तरगंगा जलाशयुक्त विद्युत् आयोजना । | बाग्लुङ्ग जिल्लाको ढोरपाटन क्षेत्रमा जलाशययुक्त विद्युत् आयोजना निर्माण गरी प्रदेशको सन्तुलित विकास र औद्योगीकरण गर्ने । | भौतिक पूर्वाधार विकास मन्त्रालय । |
| १६ | फेवातालको संरक्षण र सौन्दर्यकरण आयोजना । | फेवातालको क्षेत्र निर्धारण गर्ने, दायाँबायाँ ढल निर्माण गर्ने, जलाधार क्षेत्र संरक्षण गर्ने र दायाबायां सौन्दर्यकरण गरी पर्यटक आकर्षण गर्ने । | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय । |
| १७ | कास्की र तनहुँको बिचमा पर्ने तल्लो पुडिटार क्षेत्रमा प्रदेश स्तरीय औद्योगिक क्षेत्र निर्माण आयोजना । | कास्की र तनहुँको बिचमा पर्ने तल्लो पुडिटार क्षेत्रको करिब २८०० रोपनी क्षेत्रमा प्रदेश स्तरीय औद्योगिक क्षेत्र निर्माण गरी निजीक्षेत्रलाई उद्योग खोल्न आमन्त्रण गर्ने । | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय । |
| १८ | मुटु, मृगौला र क्यान्सरको एकीकृत् प्रदेश अस्पताल निर्माण आयोजना । | प्रदेशको राजधानी पोखरमा मुटु, मृगौला र क्यान्सरको एकीकृत् प्रदेश अस्पताल निर्माण गरी जनतालाई स्वास्थ सेवा सहज रुपमा उपलब्ध गराउने । | सामाजिक विकास मन्त्रालय । |
| **ग. नेपाल सरकारले कार्यान्वयन गर्ने प्रदेश गौरवका आयोजना** | | | |
| १९ | पृथ्वी लोकमार्गको स्तरबृद्धि आयोजना । | पृथ्वी लोकमार्गको पोखरा मुग्लिङ्ग खण्ड बजार क्षेत्रमा ६ लेनको र अन्य क्षेत्रमा ४ लेनमा स्तर बृद्धि गर्ने । | सडक बिभाग । |
| २० | सिद्धार्थ लोकमार्गको स्तरबृद्धि आयोजना । | सिद्धार्थ लोकमार्गका घुमाउरा घुम्ति सुधार गरी स्तर बृद्धि गर्ने । | सडक बिभाग । |
| **घ. निजी क्षेत्रले निर्माण गर्ने प्रदेश गौरवका आयोजनाहरू** | | | |
| २१ | बिरेठांटी मुक्तिनाथ केबलकार निर्माण आयोजना । | कास्कीको बिरेठांटी देखि मुस्ताङ्गको मुक्तिनाथसम्म ८४ किलोमिटर लामो, दैनिक ३६,००० यात्रु कोक्न सक्ने केबलकारको निर्माण गरी धार्मिक पर्यटक बढाउने । | मुक्तिनाथ केबलकार प्रा.लि । |
| २२ | बुद्ध मण्डला निर्माण आयोजना । | पोखराको काहुँडाँडामा १०,००० व्यक्तिले एकैचोटि प्राथना गर्न सक्ने प्राथना घर र ८५ मिटर अग्लो बुद्धमुर्ति बनाई पर्यटक आकर्षण बढाउने । | पोखराको निजीक्षेत्र । |
| २३ | फुलबारी काहुँडाँडा केबलकार निर्माण आयोजना । | पोखराको फुलबारी देखि काहुँडाँडाको बुद्ध मण्डलासम्म केबलकारको निर्माण गरी प्रदेशमा पर्यटक बढाउने । | पोखराको निजी क्षेत्र । |

## अनुसूची ३: गण्डकी प्रदेशको आर्थिक तथा मानव विकास सूचकहरू





| जिल्ला | मानव विकास सूचकाङ्क |
|---|---|
| कास्की | ०.५७६ |
| मनाङ | ०.५६८ |
| स्याङ्जा | ०.५२७ |
| पर्वत | ०.५१ |
| मुस्ताङ | ०.५०८ |
| लमजुङ | ०.५०७ |
| तनहुँ | ०.५०६ |
| नवलपरासी | ०.४९३ |
| म्याग्दी | ०.४९ |
| गोरखा | ०.४८१ |
| बाग्लुङ | ०.४७८ |

## अनुसूची ४: गण्डकी प्रदेशका विकास बिन्दु र केन्द्रहरू




# अनुसूची ५: दुर्गम र सुगमका आधारमा गण्डकी प्रदेशका स्थानीय तहको वर्गीकरण




# अनुसूची ६: गण्डकी प्रदेशका विकास अक्षहरू




## अनुसूची ७: गण्डकी प्रदेशका संरक्षित क्षेत्रहरू



## अनुसूची ८: गण्डकी प्रदेशका औद्योगिक ग्रामहरू




## अनुसूची ९: गण्डकी प्रदेशका नमुना कृषि फर्महरू





| जिल्ला | मोडेल फर्म संख्या |
|---|---|
| पर्वत | ९ |
| म्याग्दी | ७ |
| कास्की | ३४ |
| तनहुँ | २६ |
| नवलपरासी | २४ |
| गोरखा | २१ |
| स्याङ्जा | २० |
| मुस्ताङ | २ |
| लम्जुङ | १६ |

## अनुसूची १०: गण्डकी प्रदेशका मुख्यमन्त्री वातावरण मैत्री नमुना कृषि गाउँहरू





| जिल्ला | नमुना गाउँ सङ्ख्या |
|---|---|
| स्याङ्जा | ९ |
| नवलपरासी | ९ |
| गोरखा | ९ |
| तनहुँ | ८ |
| बाग्लुङ | ८ |
| पर्वत | ६ |
| कास्की | ६ |
| म्याग्दी | ५ |
| मुस्ताङ | ५ |


अनुसूची ११: गण्डकी प्रदेशमा रहेका होमस्टेहरूको पालिकागत विवरण




# अनुसूची १२: गण्डकी प्रदेशले पहिचान गरेको मुख्य पर्यटकीय गन्तव्यहरूको विवरण




## अनुसूची १३: गण्डकी प्रदेशका सडक सञ्जाल




# अनुसूची १४: गगण्डकी प्रदेशमा केन्द्रिय प्रसारण लाइन मार्फत् गरिएको विद्युतीकरणको स्थिति




## अनुसूची १५: गण्डकी प्रदेशमा रहेका सबस्टेशन र विद्युत् प्रसारण लाइनको सञ्जाल




## अनुसूची १६: गण्डकी प्रदेशको सिंचित जग्गाको जिल्लागत विवरण हेक्टरमा




## अनुसूची १७: गण्डकी प्रदेशको बाँझो जग्गाको जिल्लागत विवरण हेक्टरमा




# अनुसूची १८: गण्डकी प्रदेशमा निर्माण गरिएका जलविद्युत् आयोजनाहरूको पालिकागत विवरण




# अनुसूची १९: गण्डकी प्रदेशका १–८ कक्षासम्मका विद्यालयहरूको विवरण



# अनुसूची २०: गण्डकी प्रदेशका १९–१२ कक्षासम्मका विद्यालयहरूको विवरण



# अनुसूची २१: गण्डकी प्रदेशका सरकारी अस्पतालहरू



# गण्डकी प्रदेश




प्रदेश सरकार

## प्रदेश नीति तथा योजना आयोग

गण्डकी प्रदेश, पोखरा, नेपाल

**फोन:** ०६१-५६४८४१

**ईमेल:** pppcgandaki@gmail.com; info@ppc.gandaki.gov.np

**वेबसाईट:** ppc.gandaki.gov.np